कर्णाली प्रदेश सभा

# छैंठौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

## बैठक संख्या: १० देखि २९ सम्म

कर्णाली प्रदेश सभा

## प्रदेश सभा सचिवालय

वीरेन्द्रनगर, सुर्खेत

२०७८

# छैंठौं अधिवेशन

# कूल बैठक संख्या:२९

# सम्पूर्ण कार्यवाहीको संक्षिप्त विवरण

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| बैठक संख्या १० | • प्रदेश सरकार र प्रदेश सरकारमार्फतसरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयमा आफ्नो धारणा राख्न विशेष समयमा आफ्नो धारणा राख्नेमाननीय सदस्यहरूः<br>1. मा० यज्ञबहादुर बि.सी.<br>2. मा० वीरबहादुर शाही<br>3. मा० झोवा वि.क.<br>4. मा० कुर्मराज शाही<br>5. मा० अमृता शाही<br>6. मा० धर्मराज रेग्मी<br>7. मा० ठम्मरबहादुर विष्ट<br>8. मा० यामलाल कँडेल<br>• प्रदेश लोकसेवा आयोग एन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव परी विधायन तथा प्रदेश मामिला समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभासमक्ष राख्नुहुँदै समितिका अध्यक्ष मा० पदमबहादुर रोकाय ।<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी. ले खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि प्रतिवेदनसहित विषय विधयक माथि छलफल गरियोस भनि सभासमक्ष प्रस्ताव राख्दै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी.।<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी. बाट सभा समक्ष पेश भएको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक,२०७५ माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलमा सहभागी माननीय सदस्यहरू<br>1. मा० अम्मरबहादुर थापा<br>• खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि समितिको प्रतिवेदनको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशाको जवाफ दिनुहुँदै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी. ।<br>• खाद्य उत्पादन, अधिकार तथा सम्प्रभता सुनिश्चित गर्न बनेको विधेयक, 2075 सभाबाट पारित गरियोस् भनि सभासमक्ष प्रस्ताव गर्नुहुँदै भूमि |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी. |
| बैठक संख्या ११ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्ने सहभागी माननीय सदस्यहरू:<br>1. मा० अम्मरहादुर थापा<br>2. मा० हिमबहादुर शाही<br>3. मा० धर्मराज रेग्मी<br>4. मा० शेशिला शाही<br>5. मा० ठम्मरबहादुर विष्ट<br>• यस सभाका अघिल्ला बैठक र आजको विशेष समयमा सार्वजनिक सरोकारका विषयमा माननीय सदस्यले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशाको सन्दर्भमा यस सभालाइ जानकारी गराउँदै कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी. ।<br>• प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, 2075 माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव पेश गर्नुहुँदै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० बिमला के.सी. ।<br>• प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभासमक्ष टेबुल गर्नुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंहहह बुढा ।<br>• कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभासमक्ष टेबुल गर्नुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंहह बुढा।<br>• प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस भनी प्रस्ताव गर्दै कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारी ।<br>• प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा प्रतिवेदनसहित विधेयकमाथिको छलफलमा सहभागी माननीय सदस्यहरुः-<br>1. मा० हिमबहादुर शाही<br>2. मा० धर्मराज रेग्मी<br>• कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीले प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | विधेयकमाथि समितिको प्रतिवेदनमाथिको छलफलका क्रममा उठेका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनुहुँदै ।<br>• कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीले प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक समितिको संशोधन प्रतिवेदन सहित पारित गरियोस् भनी प्रस्ताव गर्दै । |
| बैठक संख्या १२ | • कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्दै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वाला । |
| बैठक संख्या १३ | • कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटको प्रति सभासमक्ष टेबल गर्दै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वाला ।<br>• कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ सभा समक्ष टेबल गर्दै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वाला । |
| बैठक संख्या १४ | • माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफलका लागि प्रस्ताव सभा समक्ष राख्दै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला ।<br>• कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/078 को राजश्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफलमा सहभागी माननीय सदस्यहरूको नामावलीः-<br>१. मा० जीवनबहादुर शाह<br>२. मा० अम्मरबहादुर थापा<br>३. मा० हिमबहादुर शाही<br>४. मा० देवी वली<br>५. मा० कौशिलावती खत्री<br>६. मा० पदमबहादुर रोकाया |
| बैठक संख्या १५ | • कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफलमा सहभागी माननीय सदस्यहरू<br>1. मा० गुलाबजङ्ग शाह<br>2. मा० दीनबन्धु श्रेष्ठ<br>3. मा० सीताकुमारी नेपाली<br>4. मा० यज्ञबहादुर बि.सी |

| बैठक संख्या | संक्षिप्त विवरण |
| --- | --- |
| | 5. मा० बझीक्वारी बोहोरा<br>6. मा० अमृता शाही<br>7. मा० गणेशप्रसाद सिंह  धर्मराज रेग्मी (नियमापत्ति)<br>8. मा० झोवा वि.क.<br>9. मा० शोशिला शाही<br>10. मा० पद्मा खड्का<br>11. मा० कृष्णा शाह (आचार्य)<br>12. मा० राजु नेपाली<br>13. मा० दानसिं परियार<br>14. मा० विरबहादुर शाही<br>15. मा० ठम्मरबहादुर विष्ट |
| बैठक संख्या 16 | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिँदै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसी ।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका शिर्षकहरू माथि को छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिँदै उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोक सेवाआयोग र मुख्यन्यायाधिवक्ताको कार्यालयको शिर्षकहरूमाथीको छलफलमा सहभागी माननीय सहस्यहरूको नामावलीः<br>1. मा० यामलाल कँडेल<br>2. मा० यज्ञबहादुर बि.सी.<br>3. मा० झोवा वि.क.<br>4. मा० अमृता शाही<br>5. मा० सोशिला शाही<br>6. मा० ठम्मरबहादुर विष्ट |
| बैठक संख्या 17 | • कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको (वार्षिक अनुमान) बजेटमाथिको छलफल जारी, छलफलमा भाग लिने माननीय सदस्यहरुः-<br>१. मा. चन्द्रबहादुर शाही |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | २. मा. विन्दमान विष्ट<br>३. मा. कुर्मराज शाही<br>४. मा. गोपाल शर्मा<br>५. मा. मिनासिंह रखाल<br>६. मा. सुशीलकुमार थापा<br>७. मा. रातो कामी<br>८. मा. खड्कबहादुर खत्री<br>९. मा. करविर शाही<br>१०. धर्मराज रेग्मी<br>११. मा. यामलाल कंडेल<br>• कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको (वार्षिक अनुमान) बजेटमाथि सभामा सामान्य छलफल हुँदा माननीय सदस्यहरूबाट उठाईएका प्रश्नहरूको सम्वन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाद्वारा प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ को नियम १२९ को उपनियम ३ बमोजिम सभा समक्ष उत्तर प्रस्तुत ।<br>• कर्णाली प्रदेश सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाबाट कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७ को नियम १३२ को उपनियम ५ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ छलफलका लागि प्रस्ताव सभा समक्ष पेश ।<br>• माननीय जीवनबहादुर शाहीबाट कोरोना भाईरस कोभिड–१९ को विश्वब्यापी महामारीसँगै यसले भयावह स्थिति सिर्जना गर्न सक्ने हुँदा यसको व्यापक परिक्षण गरी प्रदेशलाई सुरक्षित बनाउन आवश्यक भएको भनि मा. दीनवन्धु श्रेष्ठ, मा. हिमबहादुर शाही, मा. यज्ञबहादुर बि.सी.को समर्थन सहित राखुभएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव छलफलका लागि सभामा पेश ।<br>• माननीय जीवनबहादुर शाहीबाट कोरोना भाईरस कोभिड–१९ को विश्वब्यापी महामारीसँगै यसले भयावह स्थिति सिर्जना गर्न सक्ने हुँदा यसको व्यापक परिक्षण गरी प्रदेशलाई सुरक्षित बनाउन आवश्यक भएको भनि मा. दीनवन्धु श्रेष्ठ, मा. हिमबहादुर शाही, मा. यज्ञबहादुर बि.सी.को समर्थन सहित राखुभएको जरुरी सार्वजनिक महत्वको प्रस्तावको छलफलमा भाग लिने माननीय सदस्यहरुः-<br>१. मा. हिमबहादुर शाही<br>२. मा. यज्ञबहादुर बि.सी.<br>• कर्णाली प्रदेश सरकारका तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीबाट उक्त प्रस्तावमाथि छलफलमा उठेका प्रश्नहरूको |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | जवाफ दिनुहुँदै । |
| बैठक संख्या 18 | • सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभा समक्ष राख्दै समितिका अध्यक्ष माननीय अम्मरबहादुर थापा ।<br>• प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्नुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा ।<br>• प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफलमा सहभागी माननीय सदस्यहरू<br>1. मा० सीता कुमारी नेपाली<br>2. मा० दीनबन्धु श्रेष्ठ<br>3. मा० कौशिलावती खत्री<br>4. मा० पद्मा खड्का<br>5. मा० ठम्मरबहादुर विष्ट<br>• प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिँनुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा। |
| बैठक संख्या 19 | • कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभा समक्ष राख्दै समितिका अध्यक्ष माननीय अम्मरबहादुर थापा ।<br>• कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्नुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा ।<br>• कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७माथिको सैद्धान्तिक छलफलमा आफ्नो धारणा राख्ने माननीय सदस्यहरूको नामावली<br>1. मा० राजु नेपाली<br>2. मा० यज्ञबहादुर वि.सी.<br>3. मा० बदमी क्वारी बोहोरा |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | 4. मा० सोशिला शाही<br>5. मा० हिमबहादुर शाही<br>• कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिँनुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा । |
| बैठक संख्या 20 | • सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिप्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस भनि सभा समक्ष प्रस्ताव गर्दै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वाला।<br>• सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्य<br>1. मा० धर्मराज रेग्मी<br>• सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि समितिको प्रतिवेदन माथिको छलफलको क्रममा माननीय सदस्यले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिनुहुँदै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वाला ।<br>• सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ समितिको संशेधन प्रतिवेदनसहित पारित गर्न सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दै कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वाला ।<br>• कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६प्रदेश सभाको विषयगत समितिमा छलफल भइ सभामा प्राप्त भएकोले प्रतिवेदन सहित विधेयक माथि सभामा छलफल गरियोस भनि प्रस्ताव गर्नुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा ।<br>• कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलका लागि सहभागी माननीय सदस्यहरुः<br>1. मा० पद्मा खड्का<br>2. मा० गोपाल शर्मा<br>• कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | विधेयक, २०७६माथि छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिंनुहुँदै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा ।<br>• कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६संशेधन सहित सभाबाट पारित गरियोस भनी प्रस्ताव गर्दै कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा । |
| बैठक संख्या 21 | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शिर्षकहरू माथिको छलफल हुने कार्यतालिका रहेकोमा विपक्षी दलका नेता मा० जीवनबहादुर शाही लगायतले बैठक अबरुद्ध गर्नु भएको। |
| बैठक संख्या 22 | • बजेट अपूर्ण आएकोले पूर्ण बजेट नआएसम्म त्यसमाथिको छलफल अगाडी बढ्न नसक्ने भन्दै बैठक अगाडी न बढाउन माननीय जीवनबहादुर शाहीबाट माननीय सभामुखलाई अनुरोध ।<br>• अघिल्लो दिनको बैठकमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्नहरूको सन्दर्भमा सरकारले आफ्नो धारणा राख्ने भएकोले उक्त धारणा राख्न दिनका लागि पनि बैठक सञ्चालन हुन दिन माननीय सभामुखद्वारा अनुरोध ।<br>• किताव लिएर अपूर्ण बजेटलाई पूर्ण बनाएर ल्याउनुपर्ने र सवै मन्त्रालयका कितावहरू पूँजिगत चालु र वित्तिय ब्यवस्थापन भएको किताव आए मात्रै बैठक आगाडी बढ्न दिने माननीय जीवनबहादुर शाहीको भनाई ।<br>• पहिला सरकारको धारणा सुनेर आफ्नो धारणा राख्दा उपयूक्त हुने माननीय सभामुखको भनाई ।<br>• सरकारको धारणा बिहानैको बैठकमा आईसकेकोले आफुहरूले धारणा मात्रै नभई किताव सहितको पूर्ण बजेट नआएसम्म बैठक चल्न नदिने माननीय जीवनबहादुर शाहीको भनाई । |
| बैठक संख्या 23 | • स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक सभामा टेबुल गर्दै कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री मा० नरेश भण्डारी ।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शिर्षकहरूमाथिको छलफलमा सहभागी माननीय सदस्यको नामावली<br>1. मा०जीवनबहादुर शाही-जीवनबहादुर शाहीको अनुपस्थितिको कारण सम्बन्धमा मा० सोशिला शाहीले बोल्नुभएको। |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | 2. मा० चन्द्रबहादुर शाही<br>3. मा० दीनबन्धु श्रेष्ठ<br>4. मा० अम्मर बहादुर थापा<br>5. मा० ठम्मरबहादुर विष्ट<br>6. मा० सोशिला शाही |
| बैठक संख्या 24 | • प्रदेश सभा सचिवालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको शिर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट जवाफ प्रस्तुत ।<br>• कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शिर्षकहरूमाथिको छलफल प्रारम्भ । छलफलमा भाग लिने माननीय सदस्यहरूः-<br>१. मा. जीवनबहादुर शाही<br>२. मा. चन्द्रबहादुर शाही<br>३. मा. हिमबहादुर शाही<br>४. मा. पदमबहादुर रोकाया<br>५. मा. खड्कबहादुर खत्री<br>६. मा. ठम्मरबहादुर विष्ट<br>७. मा. सोशिला शाही |
| बैठक संख्या 25 | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएका भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शिर्षकहरू माथि को छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिँदै भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसी ।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका शिर्षकहरू माथि को छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिँदै उद्योग,पर्यटन वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढा।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोक सेवाआयोग र मुख्यन्यायाधिवक्ताको कार्यालयको शिर्षकहरूमाथीको छलफलमा सहभागी माननीय सहस्यहरूको नामावलीः<br>1. मा० यामलाल कँडेल<br>2. मा० यज्ञबहादुर बि.सी. |

| बैठक संख्या | संक्षिप्त विवरण |
| --- | --- |
| | 3. मा० झोवा वि.क.<br>4. मा० अमृता शाही<br>5. मा० सोशिला शाही<br>6. मा० ठम्मरबहादुर विष्ट |
| बैठक संख्या 26 | • विनियोजन विधेयक अन्तर्गत वार्षिक कार्यक्रमका विषयमा चलेको छलफलकै क्रममा आफुले प्राप्त गरेको दस्तावेजको आधारमा माननीय यामलाल कंडेलद्धारा माननीय सभामुख मार्पmत सदनको ध्यानाकर्षण ।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको शिर्षकहरूमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरुः-<br>1. मा. चन्द्रबहादुर शाही<br>2. मा. हिमबहादुर शाही<br>3. मा. अम्मरबहादुर थापा<br>4. मा. देवी ओली<br>5. मा. पदमबहादुर रोकाया<br>6. मा. गोपाल शर्मा<br>7. मा. कुर्मराज शाही<br>8. मा. दानसिंहह परियार<br>9. मा. सुशीलकुमार थापा<br>10.मा. खड्कबहादुर खत्री<br>11.मा. ठम्मरबहादुर विष्ट<br>12.मा. वीरबहादुर शाही<br>13.मा. सोशिला शाही<br>14.मा. गणेशप्रसाद सिंह<br>• कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको (वार्षिक अनुमान) बजेटमाथि सभामा सामान्य छलफल हुँदा माननीय सदस्यहरूबाट उठाईएका प्रश्नहरूको सम्वन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाद्धारा प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ को नियम १२९ को उपनियम ३ बमोजिम सभा समक्ष जवाफ प्रस्तुत ।<br>• कर्णाली प्रदेश सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाबाट कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७ को नियम १३२ को उपनियम ५ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ छलफलका लागि प्रस्ताव सभा समक्ष पेश ।<br>• माननीय जीवनबहादुर शाहीबाट कोरोना भाईरस कोभिड–१९ को विश्वब्यापी महामारीसँगै यसले भयावह स्थिति सिर्जना गर्न सक्ने हुँदा यसको व्यापक |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | परिक्षण गरी प्रदेशलाई सुरक्षित बनाउन आवश्यक भएको भनि मा. दीनवन्धु श्रेष्ठ, मा. हिमबहादुर शाही, मा. यज्ञबहादुर बि.सी.को समर्थन सहित राख्नुभएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव छलफलका लागि सभामा पेश ।<br>• माननीय जीवनबहादुर शाहीबाट कोरोना भाईरस कोभिड–१९ को विश्वब्यापी महामारीसँगै यसले भयावह स्थिति सिर्जना गर्न सक्ने हुँदा यसको व्यापक परिक्षण गरी प्रदेशलाई सुरक्षित बनाउन आवश्यक भएको भनि मा. दीनवन्धु श्रेष्ठ, मा. हिमबहादुर शाही, मा. यज्ञबहादुर बि.सी.को समर्थन सहित राख्नुभएको जरुरी सार्वजनिक महत्वको प्रस्तावको छलफलमा भाग लिने माननीय सदस्यहरुः-<br>1. मा. हिमबहादुर शाही<br>2. मा. यज्ञबहादुर बि.सी.<br>• कर्णाली प्रदेश सरकारका तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट उक्त प्रस्तावमाथि छलफलमा उठेका प्रश्नहरूको जवाफ प्रस्तुत । |
| बैठक संख्या 27 | • प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा तथा सुविधालाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव पेश ।<br>• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा तथा सुविधालाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलमा भाग लिने माननीय सदस्यहरुः<br>1. मा. जीवनबहादुर शाही<br>2. मा. सीताकुमारी नेपाली<br>3. मा. यामलाल कंडेल<br>• प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा तथा सुविधालाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाका सम्वन्धमा जवाफ प्रस्तुत । |
| बैठक संख्या 28 | • आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतका बजेट शिर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासामा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाबाट जवाफ प्रस्तुत ।<br>• मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र भौतिक पूर्वाधार विकास |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | मन्त्रालय अन्तर्गतका शिर्षकहरूमाथिको दफावार छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीबाट जवाफ प्रस्तुत ।<br>• कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाबाट कर्णाली प्रदेश विनियोजन विधेयक–२०७७, पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत । उक्त प्रस्ताव माननीय सभामुखद्धारा सभामा निर्णयार्थ प्रस्तुत तथा सर्वसम्मतिले पारित भएको घोषणा ।<br>• कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाबाट कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव सभा समक्ष पेश ।<br>• कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथिको छलफल प्रारम्भ । उक्त छलफलमा भाग लिने माननीय सदस्यहरुः-<br>1. मा. धर्मराज रेग्मी<br>• कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाबाट कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ प्रस्तुत ।<br>• कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ पारित गरियोस् भनि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाबाट सभा समक्ष प्रस्ताव पेश । उक्त प्रस्ताव माननीय सभामुखद्धारा सभामा निर्णयार्थ प्रस्तुत तथा सर्वसम्मतिले पारित भएको घोषणा । |
| बैठक संख्या 29 | • जाजरकोट जिल्लाको क्षेत्र नं. १ बारेकोट गाउँपालिका–४ मा अविरल वर्षापछि गएको बाढी पहिरोले पुर्याएको क्षतिको विषयमा माननीय गणेशप्रसाद सिंहबाट सदनमा जानकारीसंगै सरकारको ध्यानाकर्षण ।<br>• रुकुम पश्चिमको आठबिसकोट नगरपालिका–३, को जिरेखोलामा पहिरोले घर बगाएर भएको क्षतिको विषयमा माननीय रातो कामीबाट सदनमा जानकारीसंगै सरकारको ध्यानाकर्षण ।<br>• कर्णाली प्रदेशमा औद्योगिक व्यवसायका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ का सन्दर्भमा कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय नन्दसिंहह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय दल रावलद्वारा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ वमोजिम प्रस्ताव प्रस्तुत ।<br>• प्रदेश सरकारका तर्फबाट पेश भएको व्यापार व्यवसायको दर्ता तथा सञ्चालनको व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सामाजिक |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | विकास मन्त्री माननीय दल रावलद्वारा सभा समक्ष प्रस्ताव पेश । सो प्रस्ताव माननीय सभामुखद्वारा निर्णयार्थ सभामा प्रस्तुत र सर्वसम्मतिले पारित भएको घोषणा ।<br>• कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्वन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक माथि दफावार छलफलका लागि सभा समक्ष पेश । उक्त छलफलमा भाग लिने माननीय सदस्यहरुः-<br>१. मा. जीवनबहादुर शाही<br>२. मा. धर्मराज रेग्मी<br>३. मा. अम्मरबहादुर थापा<br>• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्वन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक माथि दफावार छलफलका क्रममा माननीय सदस्यहरूले उठाएका विषयहरूमा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट जवाफ प्रस्तुत ।<br>• आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारीबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्वन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयकमाथि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश । उक्त प्रस्ताव माननीय सभामुखद्वारा निर्णयार्थ प्रस्तुत तथा सर्वसम्मतिले पारित भएको घोषणा ।<br>• माननीय सभामुखद्वारा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १९ को नियम १४९ को उपनियम १ मा भएको व्यवस्था अनुसार विभिन्न समितिमा रहेका माननीय सदस्यहरूको नामावली हेरफेर गरिएको प्रस्ताव सभामा पेश । उक्त प्रस्ताव अनुमोदनका लागि प्रस्तुत तथा सर्वसम्मतिले अनुमोदन भएको घोषणा । |

# विषयसूची


| क्र.सं. | बैठक संख्या | पृष्ठ संख्या |
|---|---|---|
| 1. | बैठक संख्या १० | १-१९ |
| 2. | बैठक संख्या ११ | २०-४३ |
| 3. | बैठक संख्या १२ | ४४-७२ |
| 4. | बैठक संख्या १३ | 73-73 |
| 5. | बैठक संख्या १४ | 74-94 |
| 6. | बैठक संख्या १५ | 95-126 |
| 7. | बैठक संख्या १६ | 127-129 |
| 8. | बैठक संख्या १७ | 130-187 |
| 9. | बैठक संख्या १८ | 188-203 |
| 10. | बैठक संख्या १९ | 204-215 |
| 11. | बैठक संख्या २० | 216-229 |
| 12. | बैठक संख्या २१ | 230-238 |
| 13. | बैठक संख्या २२ | 239-241 |
| 14. | बैठक संख्या २३ | 242-253 |
| 15. | बैठक संख्या २४ | 254-280 |
| 16. | बैठक संख्या २५ | 281-298 |
| 17. | बैठक संख्या २६ | 299-337 |
| 18. | बैठक संख्या २७ | 338-350 |
| 19. | बैठक संख्या २८ | 351-367 |
| 20. | बैठक संख्या २९ | 368-384 |

**(वि.सं. २०७७ साल जेठ २८ गते बुधबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको दशौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु। सर्वप्रथम माननीय श्री यज्ञबहादुर बि.सी. समय ५ मिनेट।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सभामुख महोदय, छैटौं अधिवेशनको १०औं बैठकमा सार्वजनिक महत्त्वको विषयमा केही कुराहरू म राख्न गइरहेको छु। सभामुख महोदय, सर्वप्रथम आज बिहान ९:३० बजे कालिकोट जाँदै गरेको भारतबाट आएका र केही नेपालमा रोजगारी गरेर फर्किएका व्यक्तिहरूलाई लिएर जाँदै गरेको ना.८ख. ५१३३ नम्बरको टिप्पर कालिकोटको लालुघाट कर्णाली नदीमा दुर्घटना हुँदा २ जना व्यक्तिको मृत्यु भएको र ६ जना व्यक्ति हराइरहेको र अन्य घायल भएको भन्ने सुन्नमा आएको छ, सभामुख महोदय। मृतकहरूको हार्दिक श्रद्धाञ्जली र जुन बेपत्ता छन्, बेपत्ता भएकाहरूको शीघ्र खोज तलासको कार्य प्रदेश सरकारले गरोस् र घाइतेजनहरूप्रति तत्काल स्वास्थ्य उपचारका लागि सरकारले पहल गरोस् सभामुख महोदय। र सभामुख महोदय, अर्को दोस्रो कुरा के छ भने महामारी कोभिड-१९ बाट हामी चाहिँ आक्रान्तित छौं र हाम्रो कर्णाली प्रदेश पनि अछुतो रहन सकेन। अहिलेको परिस्थितिमा कर्णाली प्रदेश हिजोको डाटामा मात्रै अहिले ६ सय ७१ पुग्यो भन्ने आएको छ र मैले भन्नु पर्दा हुन त यो गरिमामय सदनमा सबै माननीयज्यूहरूबाट बारम्बार उठिरहेको कुरा छ। स्थानीय तह अथवा स्थानीय सरकारलाई जुन व्यवस्थित गर्ने क्वारेन्टाइनको व्यवस्थित गर्ने जुन जिम्मा दियो, प्रदेश सरकारले त्यो जिम्मेवारीको हकमा जे जति आफ्नो आर्थिक हैसियतअनुसार स्थानीय सरकारले गर्न सक्यो त्यो अवस्थामा आज क्षतविक्षत भइरहेको अवस्था छ। त्यति व्यवस्थित हुन सकिरहेको छैन सभामुख महोदय। हामीले स्थानीय तहलाई सोध्यौं, मैले सोधें र यो सरकारले तपाईंहरूले तत्काल आर्थिक व्यवस्थाका निमित्त कर्णाली प्रदेश सरकारलाई घचघच्याउनु पऱ्यो भन्ने बारम्बार आइरहेको हुँदा सभामुख महोदयमार्फत् मैले कर्णाली प्रदेश सरकारलाई तत्काल स्थानीय सरकारलाई आर्थिक अवस्थाको व्यवस्था मिलाउन म हार्दिक अनुरोध गर्न चाहन्छु र सभामुख महोदय जुन अस्तिमात्रै भर्खरै हाम्रो सामाजिक मन्त्रीज्यूले आफ्ना राख्ने कुराहरूमा भन्नुभएको थियो कि स्वास्थ्य, स्थानीय स्वास्थ्य संस्थामा हामीले चाहिँ जहाँ-जहाँ सेन्टर पर्ने ठाउँमा आइसोलेसनका लागि रकम पठाइसकेका छौं भन्ने कुरा आथ्यो हिजोमात्रै हाम्रो सामाजिक विकास समितिको मिटिङ्गमा पनि त्यो कुरा राख्नुभाथ्यो तर स्थानीय तहलाई सोध्दा जुन ठाउँमा जाने हो, त्यहाँ

अहिलेसम्म कुनै केही भएको छैन भन्ने कुनै आइपुगेको छैन भन्ने खबर आएको छ र त्यसकारण यो पनि तत्काल व्यवस्था हुनुपर्छ भन्ने मरो चाहिँ सभामुख महोदयमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। अर्को महत्त्वपूर्ण विषय के छ भनदेखिन यो वर्षायाममा अब हामीले चाहिँ के भने सरकारको नीति तथा कार्यक्रममा दोस्रो प्राथमिकता हामीले खाद्य उत्पादन क्षेत्रलाई र रोजगारी जोडिरहेका छौं सभामुख महोदय तर अहिलेसम्म जहाँ कर्णाली प्रदेश जुन छ ती खेती गर्ने बेला हो अब रोपाइँ गर्ने बेला, धान रोप्ने बेला, मकै **(माननीय सभामुख:** सकौं माननीय सदस्य) छर्ने बेलामा आज कुनै मलको व्यवस्था भएको छैन। हिजोमात्रै हामीले अर्गानिक प्रदेश भन्यौं, रसा-रसायनिक मललाई रोक्यौं त्यसको निमित्त मलका निमित्त तत्काल चाहिँ सरकारले व्यवस्था गरोस् भन्ने आफ्ना कुरा राख्दै म अन्त्य गर्छु, हवस् धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री वीरबहादुर शाही। यसपछि माननीय श्री झोवा वि.क. तयार रहनुहोला।

**माननीय श्री वीरबहादुर शाही:** सम्माननीय सभामुख महोदय, आज भर्खरै कालिकोट जिल्लामा जितेगढाबाट राम्नाकोट जाँदै गरेको टिप्पर कर्णाली नदीमा खसी मृतकहरूमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र त्यहाँ घाइतेहरूलाई सुस्वास्थ्यको कामना गर्न चाहन्छु र कर्णाली प्रदेश सरकारले यसको औषधी उपचारको व्यवस्था गर्नुपर्ने भन्न चाहन्छु र त्यो जो बेपत्ता भएका छन् तिनीहरूको खोजी जारी कर्णाली प्रदेश सरकारले गरोस् र यो डोल्पा जिल्ला पनि कोभिड-१९ ले अछुतो राखेन। भर्खरै डोल्पा जिल्ला जगदुल्ला गाउँपालिका वडा नं.३ मा जो होम क्वारेन्टाइनमा बस्नुभएका सुजु थापा उहाँ मृतकपछि पोजेटिभ निस्क्यो र उहाँ मृतकपछि त्यलाई म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। र त्यहाँ जगदुल्ला गाउँपालिकामा हिजो मात्रै जुम्ला कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उहाँ स्वास्थ्य परीक्षण गर्न गएको थियो। २ सय २२ जनाको त्यहाँ जुम्ला, डोल्पाबाट जुम्ला आएर आज सबैको रिपोर्ट नेगेटिभ नै आएको छ र यो कर्णाली प्रदेश सरकारलाई यलाई शुभ संकेतसहित धन्यवाद दिन चाहन्छु र अहिले डोल्पा जिल्लामा एउटा मात्रै राष्ट्रिय निकुञ्ज से फोक्सुण्डो राष्ट्रिय निकुञ्ज छ। त्यो डोल्पा जिल्लाको त्यही भू-भाग र मुगुको केही भू-भाग जोडिएको छ। सभामुख महोदय, त्यहाँ अहिले ०७५, ०७६/७७ को बजेटहरू कुनै पनि काम उद्योग तथा पर्यटनमन्त्रालय गएका योजनाहरू त्यहाँ रोकिएको छन् र त्यहाँ उपभोक्ता समितिहरूले सम्झौता गरेर केही केही उपभोक्ता समितिहरूले पेश्की लगेर काम सम्पन्न भइसकेको छ र केही काम सुरु हुँदैछ। हिजो मात्रै त्यहाँ जिल्ला समन्वयको संयोजकत्वमा मिटिङ्ग बस्दाखेरि राष्ट्रिय निकञ्जको वार्डेनले चाहिँ मैले काम गर्न दिन्न भनेर त्यहाँबाट ठूलो आलोचना भइरहेको छ। यसको बारेमा कर्णाली प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी यो जति गएको बजेटहरूलाई यो सालको लागि काम गर्ने यसको वातावरण मिलाउनुपर्छ र यदि त्यहाँ काम दिइएन भनेपछि त्यहाँको अलिकत हिजोबाट त्यहाँको डोल्पाली जनताहरू अलि आक्रोसत आएका छन्। यसको लागि प्रदेश सरकारले त्यो राष्ट्रिय निकञ्जभित्र संरचना गर्न त्यहाँको जनतालाई अधिकार

दिने अलि उपभोग गर्न नदिने, हिजोबाट चाहिँ गएर त्यो विकास विरोधी काम भइराखेको छ र अहिले संघीय, संघीय संरचना आउनासाथ तीनटै सरकार भइसके प्रदेश सरकार, स्थानीय सरकार, संघीय सरकार भइसके पनि अझैं पनि त्यहाँको नागरिकहरूले सहज अवस्थामा एउटो आफ्नो झुपडी लाउन पाउँदैन, त्यहाँ विद्यालयका भवन बनाउन पाइँदैन, त्यहाँ हामीले चाहिँ आजसम्म चाहिँ अँ त्यो साविक कर्णालीको त्यो जिल्लावासीहरूले ग्यास र बत्ती कुनै पनि छैन। दाउरा टिपेर खाना पकाउनुपर्छ, त्यो दाउरा टिप्न पाइन्न र एउटो सानो अब बाटो भत्किएको छ बारी भत्किएको छ तटबन्ध लाउन पाइन्न। त्यो भइसकेपछि यो संघीय आयोगको यसको भ्यालु भएन यसको निम्ति यसको निमित्त सरकार एकदमै सोच्नुपर्ने एकदमै गम्भीर रूपमा सोच्नुपर्ने म भन्दै सभामुखमार्फत् यो सदनमार्फत् संघीय सरकारलाई ध्यानाकर्षण गराउँदै मेरो भनाइलाई अन्त्य गर्छु, धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री झोवा वि.क., यसपछि माननीय श्री कुर्मराज शाही तयार रहनुहोला।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, सभामुख महोदय, यो कालिकोटको घटनामा म पनि एकदम दु:खी छु, त्यही मृतकमाथि श्रद्धाञ्जली त्यै घाइते तुरुन्त चाहिँ खोजीनिति गरेर अस्पतालमा ल्याउनुहोला अँ हाम्रो यो त्यो क्वैरिन-19 को हाम्रो माथि जनजाति तिर केही व्यवस्था केही पनि छैन स्कुलमा राखेछ, त्यै स्कूलमा राखेकालाई नेजिकको स्कूल छ त्यै वरिपरि सबै चाहिँ हेलमेल हुन्छन्, त्यहीमा व्यवसाय केही पनि छैन। जैले पनि अब यो योजनामा पनि अनि यो त्यै क्यारे जनजातिलाई हेलाँ, अनि यो त्यै क्यारे बिरामी यो त्यै ओ जेसुकैमा यो त्यै क्यारे हामो जनजातिलाई पछारी किन पार्ने होला ? त्यै सरकारसँग यो पनि सबैलाई बराबरको चाहिँ सबैलाई बराबरको न्याया दिनुपऱ्यो । बराबरको चाहिँ सुविधा पाउनु पर्छन् कसैको काका कसैको पाका किन गर्छन् होला ? यो त्यै बराबरको चाहिँ सरकारी हो। कसैको व्यक्तिको सरकार पनि हैन, पार्टीको हो भनेर काका पाका पनि नगरौं यो म सदनमा चाहिँ म भन्न चाहन्छन्। जहिले पनि त्यै क्यारे जनजातिलाई नामै नआउन्या, दलितलाई घटना परेपछिमा खोजीनीति निया मान्नेले अन्यायालाई कारबाही नहुन्या के कारणले होला ? एक पछारी पारेको दलित भन्या अनि पिछारे पारेको जनजाति भन्या त्यैले न्याय कैबेला पाला ? कर्णाली प्रदेश सरकार चाहिँ अझ चाहिँ पहिलाको चलन जसो मल्ला, ठकुरी अनि शाही मात्र नहेर्नु होला। सबै ठाउँलाई हेर्नुहोला। म त्यै यो सदनमार्फत् म ध्यानाकर्षण गर्छन्। जैले पनि पिछारे पारेको भन्नु बेलाला जो भनेपछिमा यो पछारे पारेको अगारि ल्याउनुहोला भन्छन् अनि पछारि पारेको कैबेला अगारि ल्याएर कैबेलाला अँ त्यैलाई स्थान पाउने होला ? कैबे कैबेला त्यैलाई चान्स पाउने होला ? त्यै यो अरु त्यै क्यारे मल्ल ठकुरी मरेपछिमा त के खोजीनीति धेरै गर्छ होला। त्यै सरकारी पाटीमा एक मान्य न एक मन्य भएपछिमा खोजीनीति किन गर्दैन ? किन गर्दैन ? लाजाले मर्नु नगर्नु त ? तपाइँ त्यै सरकारको मा

बसेकोलाई धेरै लाज भयो। धेरै चाहिँ यो क्या चल्ला मरे हैन, त्यै क्यारे यो किरा मरे हैन, मान्छे मरे हो किन खोजीनीति नगर्ने के होला ? हवस्, धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री कुर्मराज शाही, यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला।

**माननीय श्री कुर्मराज शाही:** माननीय सभामुख महोदय, कालिकोट जिल्लामा आज बिहान साढे नौ बजे एउटा हृदयविदारक घटना घटेको छ। अँ र कालिकोट जिल्लाबाट विशेष गरी रास्कोट नगरपालिका वडा नं. २ बाट एउटै टोलका मान्छेहरू काम गर्नका निम्ति रामेछाप र भारततिर गका थिए र यही कोरोनाकै कारणले गर्दा घर फर्किने क्रममा हिजो मात्रै उहाँहरू भारत र रामेछापबाट आइपुगेर हुल्ममा पुग्नु भो, कालिकोट जिल्ला र दैलेखको सीमाना हो त्यो। र त्यहाँबाट सिधै रासकोट नगरपालिकाको क्वारेन्टिनमा राख्नका निम्ति रासकोट नगरपालिकाले सायद मलाई लाग्छ हाम्रो यो विवशता होला, हाम्रो बाध्यता होला। ना.8ख. 51३३ नम्बरको टिप्परमा लिनुपर्ने अवस्था सिर्जना भएछ। र त्यो टिप्परमा करिब ३९ जनालाई हालिएछ। र त्यो टिप्पर जितेगडाभन्दा अलि अगाडि लाली लालीबाट अल्ली अगाडि आधा किलोमिटर अगाडि जाँदाखेरि त्यो टिप्पर चाहिँ नदीमा खस्यो। नदीमा खसेर २ जनाको तत्काल घटनास्थलमा मृत्यु भो। २३ वर्षे शर्मिला सार्की र २१ वर्षे ठम्म सार्की र १२ जना घाइते भएका छन्। १२ जनामध्ये २ जनालाई तत्काल प्रदेश सरकारले व्यवस्था गरेर हेलिकप्टरबाट प्रदेश हस्पिटलमा ल्याको छ २ जना गम्भीर घाइते छन् र २२ जना टिप्परबाट खसेर पनि सकुशल बाँच्न सफल भका छन् र ३ जना अहिलेसम्म पनि बेपत्ता छन्। र यो २ जना मृत आत्माको चिरशान्तिको कामना गर्न चाहन्छु। १२ जना घाइतेलाई जिल्ला हस्पिटल कालिकोटमा लगिएको छ र उहाँहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र ३ जना अहिले पनि बेपत्ता हुनुहुन्छ। ती बेपत्ताको खोजी कार्य भइरहेको छ। र यले के बताउँछ भन्दाखेरि हाम्रो सडकका दुर्दशालाई बताउँछ यले। आजभन्दा १५ दिनमात्रै अगाडि सामान लिएको कुमाल गाउँमा समान लिइरहँदाखेरि त्याँ गाडी दुर्घटना हुँदाखेरि एक जनाको मृत्यु भको थियो। एक जना अहिले पनि घाइतेले उपचार गरिरहेका छन्। र कालिकोट जिल्लामा हामीले सडकको नाममा ट्र्याक ओपन गरेका छौं। गाडी हिंड्ने अवस्थामा अहिले पनि ती सडकहरू पुगेका छैनन् तर हामी जबरजस्ती ढंगले हिनालिरहेका छौं। यी घटना मात्रै हैनन्, धेरै घटनाहरू दोहोरिने सम्भावना छन्। त्यो भको हुनाले प्रदेश सरकारको ध्यान जाओस्। त्यो त आर्मीले खनेको बाटोमा त लगातार एकवर्षमा चाहिँ तीनचोटि दुर्घटना भइसकेको छ। यो प्रदेश सरकारको ध्यान जाओस्। अरु सडकहरू ट्र्याक ओपन भका छन्। जबरजस्ती ढंगले गाडी लिइरहेका छौं धेरै घटनाहरू हुने सम्भावना खतराहरू छन्, त्यो भको हुनाले प्रदेश सरकारमा को यसको यसमा ध्यान जाओस् गाडी लिन मिल्ने वा नमिल्ने सडकको कुनै मूल्याङ्कन नगरीकन हामीले गाडी आफ्नो मनोमानी हिसाबले लिइरहेको स्थिति चाहिँ छ। व्यापारिक दृष्टिले गाडी लिने क्रम जारी छ। यले धेरै घटना हुने भको हुनाले समयमै प्रदेश सरकारले सोचोस् र यो घाइतेको तत्काल खोजी कार्यका निम्ति

कुनै पनि सरकारले कसुर बाँकी नराखोस् र जिल्ला हस्पिटलमा भएका घाइतेहरू त्यहाँ उपचार गर्न सकिदैन भने प्रदेश हस्पिटल ल्याउने व्यवस्था मिलाओस् या त प्राविधिक शिक्षालय जुम्लामा लिने व्यवस्था सरकारले मिलाओस् भन्ने यही कुरा राख्दै प्रदेश सरकारको ध्यानआकृष्ट गर्दै म विदा हुन्छु, धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री अमृता शाही, यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनु होला।

**माननीय श्री अमृता शाही:** सभामुख, सभामुख महोदय, आज बिहानै अघि बोल्ने माननीयज्यूहरूले पनि भन्नु भो। बिहानै आज टिप्परमा गएर मान्छेहरू भारतबाट नेपालको काठमाडौंदेखि उता काभ्रेतिर कताबाट आएर आफ्नो घरतर्फ जाँदै गर्दा दु:खद् घटना भो एकदमै किनकि यो कर्णाली राजमार्ग मृत्युको राजमार्ग भन्छन्। साँच्चै जहिले नि घटना हुने मान्छे मर्ने बेपत्ता हुने भइरखेको छ। यसको लागि प्रदेश सरकारको ध्यान जानुपर्छ सभामुख महोदय किनकि त्यस्तो बाटोमा फेरि टिप्परमा मान्छेहरू ओसार्नु पनि त्यो अलिकतै कमीकमजोरी हो किनकि त्यो बाटोमा टिप्पर, हुन त टिप्पर र ट्र्याक्टरहरू हिंड्थे होला। त्यत्रो मान्छेहरूलाई ट्र्याक्टरमा केरे टिप्परमा हालेर त्यो कसरी लगियो ? त्यो त्यस्तरी अलिकत लापरबाही जस्तो लाग्यो मलाई सभामुख महोदय।

अर्को कुरा अब असार लाग्नै लाग्यो बजेट पनि अब आउँछ होला, एकदुई दिनमै। अब कृषकहरूको एकदमै मानु खाएर मुरी उब्जाउने बेला हो। अहिले मलको एकदमै हाहाकार छ किनकि रासायनिक मल पनि छैन अर्को अर्गानिक मल भन्छौं हामी त्यो मल पनि भएन। अहिल कृषकहरू मल पनि नहालेर बालीनाली हुने कुरो पनि भएन, र हाम्रो किसान हाम्रो अन्नदाता भन्ने नारा छ। त्यो नारा सीमित मात्रै हुने भो किनभने मल छैन भने बालीनाली पनि हुँदैन। मैले कताकता भन सुनेको छु र अँ नजिकैको मान्छेहरूलाई एकदमै पोहोरको बजेट अहिलेसम्मरी बाँड्दै हिंड्दै गर्ने, आफ्ना आफ्ना मान्छेहरूलाई त्यो बजेट कता केही लापरबाही भनौं अब त्यस्तै भइराखेको छ भन्ने सुनेको छु किनकि त्यो बजेट त्यस्तो अरिन अँ लापरबाही अथवा त्यस्तो अरिन बाँडिन्छ भनेपछि कि अँ सम्बन्धी त्यो गरिब किसानहरूले कसरी पाउँछन् ? आफ्ना आफ्नो मान्छेहरूलाई मात्र पोस्याउने भएपछि त्यो, त्यो कृषिको बजेट केही काम भएन सभामुख महोदय। यसमा सम्बन्धी निकायको ध्यान जाओस् र हाम्रा किसानहरूले बेलैमथि बल मल बीउको व्यवस्था हवस् र हाम्रो प्रदेशमा कृषि, कृषि मन्त्री अथवा हाम्रो सरकार छ, हामीलाई सहयोग गर्छ भने किसानहरूले एकदमै अँ आफ्नो अँ सरकारबाट पाउने सुविधा पाओस् र आफ्नो आफ्नालाई नपोस्याइयोस् भन्न मैले स-सभामुखमार्फत् भन्न चाहें र कोरोनाले मान्छेहरू सरकारले भन्ने हिजो हामी केरे सामाजिक मन्त्रालयमा गयौं, कागजमा सबै ठाउँमा राम्रो व्यवस्था गरेको देखियो। सबै ठाउँमा मान्छेहरू सन्तोकै भा जस्तो देखियो। २०-२५ हजार मान्छेहरू आका छन् अँ ४-५ हजारको ६-७ हजारका तिनी अँ उ मात्रै जाँचिएको छ। अरु उ अरु मान्छेहरूलाई कहिले जाँच्ने ? तिनी

मान्छेहरू त्यतिकै घर गएर अरु जाहनहरू परिवारहरूलाई पनि सल्केर तिनीहरूको पनि क्वारेन्टाइनमा बास हुनेबेला भइसक्यो। स्थानीय तह चाहिँ एकदमै अँ आत्तिएको छ किनकि प्रदेश सरकारले पैंसा पनि नपठाउने र कीटहरू पनि नपठाएपछि अँ स्थानीय सरकारले मात्रै कसरी यत्ति धेरै मान्छेहरूलाई व्यवस्था गरोस्। सभामुख महोदय यो चाहिँ अँ सम्बन्धित निकायमा अथवा स्वास्थ्यकर्मी, डाक्टरहरूलाई पठाउनु पऱ्यो त्यहाँ कोरोना जाँच्ने सामग्री पठाउनुपऱ्यो। अनि स्थानीय सरकारलाई पैसा पठाउनुपऱ्यो र त्यहाँ खानपिनको अथवा क्वारेन्टाइनको व्यवस्था गर गरोस् भन्न चाहें र अब किनकि दिनप्रतिदिन हाम्रो कर्णालीमा मान्छे थपिदैछन् र मर्नेको संख्या पनि बढी हुँदैछ र मर्ने पट्टि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्छु, बिरामीको स्वास्थ्य लाभको कामना गर्दै मेरो भनाइ यहिँ अन्त गर्छु, हवस त, धन्यवाद। जय नेपाल।

**माननीय सभामुख:** माननीय श्री धर्मराज रेग्मी, त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार रहनुहोला।

**माननीय श्री धर्मराज रेग्मी:** सभामुख महोदय, पछिल्लो समय यो क्वारेन्टिन व्यवस्थापन लगायतका विषयहरूमा स्थानीय तहका प्रतिनिधिहरूले खासगरी कोरोनाविरुद्धको प्रतिकार्यमा चाहिँ स्थानीय तहका प्रतिनिधिहरूले अत्यन्तै जोडतोडमा मैले यो सभामा यसभन्दा पहिले पनि त्यो शब्द प्रयोग गरेको छु सभामुख महोदय। अहिले म फेरि त्यो दोहोऱ्याएर त्यो शब्द प्रयोग गर्छु छातीको भरमा भनेको चाहिँ अत्यन्तै कम स्रोत र साधनहरूको बीचमा स्थानीय तहका पदाधिकारीहरूले जनताको नजिकको सरकारको कारणले गर्दा उहाँहरूले चाहिँ कोरोनाविरुद्धको प्रतिकार्यमा बडो निर्ममतापूर्वक लागिराख्नु भाछ सभामुख महोदय। यो सभाले उहाँहरूको त्यो कार्यलाई धन्यवाद दिनुपर्छ सभामुख महोदय। मैले पहिले बोल्दा पनि यो कुरा राख्याछु। खासगरी अँ केही छिटफुट घटनाहरूले अँ जो क्वारेन्टिनको व्यवस्थापन गरिराछन् दिनरात दिनरात खटिराछन्, त्यस्ता जनप्रतिनिधिमाथि कुटपिट भएको अथवा चाहिँ कर्मचारी उपर कुटपिट भएको जस्ता घटनाहरू पनि भएका छन्। यी घटनाहरूले के संकेत दिन्छन् भने सभामुख महोदय। हामीले व्यवस्थापनका कुराहरूमा ध्यान दिन सकेनौं भने स्थिति चाहिँ के छ भन्दाखेरि चाहिँ हाम्रो काबुभन्दा बाहिर जान सक्छ। स्थिति चाहिँ के छ भने अरु प्रतिनिधिहरू कुटिन सक्छन्। स्थानीय सरकार त कस्तो छ भन्दाखेरि सभामुख महोदय, त्यहाँ झन-झण्डा छ डण्डा छैन, सुरक्षा सुरक्षार्थ केही पनि छैन, सभामुख महोदय। सत्ता छ सरकार छ हुन त हाम्रो स्थिति पनि त्यस्तै त्यस्तै छ अस्ति कता मन्त्रीजीले चाहिँ यो कमा सेना विनाको कमाण्डर भन्नुभको स्टेटमेन्ट आथ्यो। त्यसो हुँदाखेरिले एउटा वडा अध्यक्ष एउटा पालिका अध्यक्ष अथवा उपाध्यक्ष सदस्यहरूलाई उहाँहरूसँग सुरक्षा अरु विषयहरू त केही पनि छैन। एउटा गाउँपालिकामा ५-६ जना प्रहरीहरूले चाहिँ गाउँपालिकाभरिको सुरक्षा गर्नुपर्ने स्थिति छ, त्यो हुँदाखेरि मेरो गम्भीरतापूर्वक यहाँ अँ के कुरा राख्न चाहन्छु भने यी केही संकेतहरूले व्यवस्थालाई हामीले समयमै चाहिँ त्यलाई उचित व्यवस्थापन गर्न सकेनौं भने त्यो कुरा चाहिँ दुर्घटनातिर जान्छ भन्ने म सबभन्दा पहिले यो ध्यानाकर्षण गराउन

चाहन्छु, सभामुख महोदय। र प्रदेशको भूमिकाका बारेमा केही प्रश्नहरू उठेका छन् सभामुख महोदय, हाम्रा बारेमा अचेल हाम्रो हलभन्दा बाहिर छलफल हुन्छ सभामुख महोदय। मान्छेहरूले सुरुदेखि के भनिरहेका छन् भने नेपालको संघीयताको बारेमा र खास गरी प्रदेश प्रणालीको बारेमा मान्छेहरूले औंला उठाइरहेका छन्। हामी सौभाग्यले यो प्रदेश प्रणालीको प्रतिनिधित्व गर्ने ठाउँमा हामी आइपुग्या छौं। मान्छेहरूले हाम्रा कामहरूको आधारमा दृष्टिकोण बनाउँछन् सभामुख महोदय। हामीले सुरुमा के भन्यौं, संघीयतामा हामी यसकारणले प्रवेश गऱ्यौं कि एउटा निश्चित वर्ग, क्षेत्र, समुदाय राज्यको मूलधारबाट बाहिर पऱ्यो, हामी हाम्रो विकास हाम्रो योजना हाम्रो बजेट आफै निर्माण गर्छौं भन्यौं र त्योमध्ये कर्णालीले पनि जबरजस्त आवाज उठायो सभामुख महोदय, तर हामीले गरिरहेका कामकारबाहीहरूले यो तीनवर्षको दौरानमा यी कुराहरू पुष्टि गर्छन् कि भनेर भन्यो भने सभामुख महोदय, हामी पुष्टि गर्न सक्ने अवस्थामा छैनौं सभामुख महोदय। त्यसो हो भने बाहिरका मान्छेहरू जले हाम्राबारेमा आलोचना गर्छन् उनीहरूको भनाइ बलियो हुन्छ सभामुख महोदय, हाम्रा कामहरू निर्ममतापूर्वक प्रदेशहरूले काम गर्न सके कि सकेनन् ? वित्तीय अनुशासन प्रदेशहरू राम्रा भए कि भएनन् हिजो संघीय सरकारले केन्द्रीय संरचनाबाट काठमाडौबाट गर्ने कर्णालीको विकासको दर र आज कर्णालीमै सरकार बनाएर यतै गर्ने विकासको दरमा फरक पऱ्यो कि परेन ? हिजो कर्णालीको बजेट काठमाडौंले बनाउदा कार्यान्वयन नहुने स्थिति जे थियो, आज कर्णालीमा हामीले बजेट निर्माण गर्दा पनि कार्यान्वयन नहुने स्थिति त्यही रह्यो भने सभामुख महोदय, हाम्रा बारेमा प्रश्नहरू उठ्छन्। मान्छेहरूले भनेजस्तो यो महँगो व्यवस्था भयो, चलाउन सकिदैन भन्ने स्वर ठूलो हुन सक्छ सभामुख महोदय। त्यो स्वरलाई हामीले समयमै हाम्रा कामहरूद्वारा त्यसको चाहिँ औचित्य प्रदेश प्रणालीको औचित्य पुष्टि गर्नुपर्छ। जति हाम्रो कार्यकाल अन्त्य अन्त्यतिर जाँदै जान्छ हामी सबै माथि एउटा नैतिक प्रश्न र यो हाउसमाथि एउटा नैतिक प्रश्न हुन्छ सभामुख महोदय। हामीले हाम्रा काम-कारबाहीका बारेमा सभामुख महोदय औचित्यपूर्ण बनाउन सक्यौं कि सकेनौं ? अहिले हामीसँग समय छ, अहिले हामीसँग धेरै समय छैन तर थोरै समय छ हामीले चाहिँ निर्ममतापूर्वक काम गर्नुपर्छ। म सरकारको त्यो ध्यानाकर्षण गराउन चाहे सभामुख महोदय।

उटा मलको विषय अत्यन्तै जटिल छ सभामुख महोदय। हामीले सुरुदेखि अर्गानिक प्रदेश भनेर घोषणा गऱ्यौं हामीले अर्गानिक प्रदेशको जाइने व्यानर लगाउने सहकारीहरूलाई हामीले चाहिँ पैसा वितरण गर्ने र चाहिँ संघीय सरकारले व्यापक अनुदानमा दिएको मलहरू पनि प्रदेशमा आउन नदिने स्थिति हो भने पछि सभामुख महोदय, कि चाहिँ हामीले अर्गानिक उत्पादनका लागि मलहरू प्रदेशमा उत्पादन गर्नु पऱ्यो, अन्यथा संघीय सरकारले छुट्याएको बजेटको चाहिँ सदुपयोग यो प्रदेशका जनताले गर्न पाउनुपऱ्यो। यो त जनतामाथिको अन्याय हुन्छ सभामुख महोदय। हामीले चाहिँ अर्ग्यानिकका पूर्वाधारहरू कम्पिलिट नगर्ने, अर्ग्यानिकमा त हामी प्रवेश गऱ्या होला नि सभामुख महोदय। अब सरकारले ल्याएका कार्यक्रमहरू, नीतिहरू र बजेटहरूको आधारमा हामी अर्ग्यानिकतिर पूर्वाधार बनाएर जाने होला। यो कुरा

एकैपटक चाहिँ अर्गानिक साइनबोर्ड हर्रेमा लगाएर जनतालाई मल नदिने कुराले चाहिँ न्यायपूर्ण पनि हुँदैन सभामुख महोदय। त्यसो हुँदा संघीय सरकारले मलमा छुट्याएको बजेट यो प्रदेशका जनताको नाममा पनि त्यो बजेट छ, त्यसो हुँदाखेरि मैले त्यो ब्यानरलाई चाहिँ उहाँहरूको प्राथमिकताको आधारमा सरकारले अर्गानिकका कामहरू गरोस्, यसमा मेरो टिप्पणी छैन सभामुख महोदय तर अर्ग्यानिकको आधार तयार पार्दा पार्दै यो प्रदेशका जनताको ट्याक्सबाट आएको जुन संघीय बजेट छ, त्यसमा पर्याप्त मलमा अनुदान छ, त्यो यो प्रदेशका जनताले पाउनुपर्छ र त्यसबाट विमुख हुनुहुँदैन। अन्यथा हामीले त्यसको विकल्पमा अर्ग्यानिकको आधारमा चाहिँ हामीले कम्पोष्ट मलहरू दिन सक्नुपर्छ हाम्रो त्यो अवस्था छैन भने हामीले चाहिँ पूर्वाधार बनाउनेतिर जाने हो र अन्तिममा मैले पहेंलो बत्ती बलिसकेपछि अन्तिममा मैले के कुरा चाहिँ अँ बडो जिम्मेवारीपूर्वक यो सभामा राख्नुपर्छ भने प्रदेश प्रणाली संघीयताको यो यूनिक प्रणाली यो यदि यो चाहिँ बाहिरबाट यसमाथि भइरहेका आक्रमणहरूलाई हामीले चाहिँ समयमै निश्तेज पार्न हाम्रा मितव्ययी सरकार सञ्चालन गरेनौं र द्रुत विकास गरेनौं भने हामीमाथिको प्रश्न चाहिँ बलियो हुँदै जानेछ। यो कुरा मैले अँ यस सम्मानित सभामा बडो जिम्मेवारीपूर्वक आफ्ना कुराहरू मैले राख्न चाहन्छु सभामुख महोदय, धेरै धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर विष्ट, यसपछि माननीय श्री यामलाल कँडेल तयार रहनुहोला।

**माननीय श्री ठम्मरबहादुर विष्टः** माननीय सभामुखज्यू, विशेषगरी हामी विशेष समयमा एकदुई वटा कुराहरू मैले सभामुखमार्फत यहाँ सरकारको ध्यानाकर्षण गर्न गइरहेको छु। अब यो धेरै चोटि कुरा उठेको बीचमा लामो पिरियड भको कोरोना विविध कारणले फेरि पनि उठाउनै पर्ने भाहुनाले मैले फेरि नवीकरण गरैं त्यो विषयलाई यो जो हाम्रो समितिको चाहिँ अब सभापति केरे यो सभापति अथवा अध्यक्ष भन्ने त टुङ्गिया छैन केरे जेहोस यो समितिको अध्यक्ष चुन्ने कुरा यो कहाँ पुग्यो ? हाम्रो संवैधानिक समितिका चाहिँ जो जेष्ठताका कुराहरू उठे, अथवा योग्यताका कुरा उठे, त्यहाँ गर्ने माननीयजीहरूलाई पनि एउटा खालको ह्युमिलेशन कि त त्यसैमा निर्णय गर्दिएपछि पनि सायद कसैको आपत्ति-विपत्ति हुनुपर्ने स्थिति देखिदैन। तीन वर्ष त त्यसै पनि गुजारिसक्यौं हामीले यही कर्णालीमा। त्यसकारण अब यो खोलो त तऱ्यो लौरो बिर्स्यो जस्तो गरेर यो त के हो भने यो सरकार हो। भोलि संघर्ष होला आन्दोलन हुन्छ, युद्ध हुन्छ, कोरोना आउँछ, अरु अझ ठूलो महामारी आउला यो त एउटा फङ्सनेबल एउटा सिस्टमेटिकल एउटा फङ्सनेबल चाहिँ तपाईंको गर्ने एउटा अंग भाहुनाले यसरी हामीले फेरि एउटा चिज आयो अर्को बिर्सिने गयौं भने वास्तवमा यो इतिहासले हामीलाई अन्याय गरेको छ, सम्झिन्छ। यसलाई मैले अँ तुरुन्तै अब हुन त स्प्रीटमा त्यहाँ सरकारबाट विभिन्न अब सरकारका महानुभावहरूले यी कुरा पनि राख्नु भो यति दिनमा आउँछ अब हामी घोषणा गर्छौं पनि भन्नुभो फेरि त्यो कहाँ गयो? अनि यति जटिल हुनुपर्ने कारण के हो? हाम्रो यो संवैधानिक प्रणालीमाथि नै एउटा प्रश्न उठ्न गइरहेको छ। थुप्रै चाहिँ मिडियाहरूमा थुप्रै ठाउँमा कुराहरू

उठेका छन्। त्यसकारण यो कुरालाई गर्दाखेरि नै हाम्रो साख जोगिन्छ भन्ने कुरा सभामुखमार्फत् ध्यानाकर्षण गराएँ।

दोस्रो कुरा, भनेको विषय चाहिँ भूकम्पको केन्द्रविन्दू ज्वालामुखी भनेको अहिले कोरोना नै भको छ। अब यो विषयमा आज राति मात्रै एक जना सिरियस बिरामी चाहिँ मेरै निर्वाचन क्षेत्रबाट यो प्रदेश हस्पिटलमा उहाँले विभिन्न अप्सटेकल छिचोल्दै आउनुभो बिरामी लास्टै स्थिति हुनुहुन्थ्यो। र राति उहाँले २ बजे फोन गर्नु भो, मैले सबैतिर घण्टी रिङाएँ, मैले सामाजिक मन्त्रीजीलाई पनि मैले रिङाएको थिएँ उहाँको स्वीच अफ थियो। कृपया यलाई २४ घण्टे हटलाइनमा राख्नु पऱ्यो। अब माननीय मरेपछि हजुरको श्रद्धाञ्जली गर्न २ दिन लाग्ने भो भने त भ्याइयो, हैन। त्यसकारणले गर्दा त्यसो नहोस् यद्यपि यो अलछिन कुरा बोल्या हैन तर तयारीको कुरा गरेको। त्यसकारण अब त्यहाँ लास्ट डक्टरहरूकहाँ पनि फोन रिङाइयो अब को को अपडेट हुनुहुन्छ भन्नेमा त्यहाँ पनि थाहा भो जे होस् अब मुस्किलले एक जना चाहिँ डक्टरसँग मेरो त्यहाँ कुरा भयो र त्यो पनि अब रातभरिमा व्यवस्था भएन र मैले अरु चाहिँ तपाईँको स्वास्थ्यकर्मीहरूलाई फोन हान्दा कोहीले सिद्धार्थमा छौं भन्नु भो क्वारेन्टाइनमा कोहीले अरु कोही छन् भन्नु भो म आफै सरप्राइजमा परें। हैन तपाईँहरू त हिजो हस्पिटलमा हुनुहुन्थ्यो कसरी सिद्धार्थमा पुग्नु भो क्वारेन्टाइनमा ? भएछ के भने स्थानीय पालिकाबाट एक जना सर्पले टोकेको बिरामी आउनुभएछ उहाँले क्वारेन्टाइनमा बसे नभएको रिपोर्ट राख्नुभएन छ सिधै चाहिँ उपचार भएर उहाँको डेथ भइसकेपछि जाँच गर्दा कोरोना भाइरस त्यहाँ पिसिआरबाट प्रमाणित भएपछि अब उहाँहरूको भागाभाग भो र त्यो हस्पिटल सिल गर्ने स्थिति भो। मैले यहाँ ध्यानाकर्षण के गर्न खोजेको छु भने मैले अस्ति पनि विभिन्न त्यहाँ फोरममा कुरा राखेको छु। हामीले दिने पैसाको के के गर्ने स्थानीय पालिकाले ? त्यहाँको स्वास्थ्य क्षेत्रले के के गर्ने हो ? कमसेकम एउटा चिरकटो लेखेर त कुन बिमार हो ? रोग कुन लागेको भनेर ल्याउने सिस्टम त हामीले बनाउनुपऱ्यो। अब त्यत्रो प्रदेश अस्पताल सिल भयो। भोलि टोटल तपाईँको सिल हुँदाखेरि अरु बिरामी छुटै मर्ने कोरोनाको लागि कहाँ के गर्ने ? यस्तो तरिका हाम्रो यति फितलो यस्तो खालको स्थिति देखा पऱ्यो। यो अत्यन्तै संवेदनशील कुरा हो। अब कोरोना भाइरससँगै बिरामीहरूलाई कसरी राख्ने ? अरुलाई कहाँ के गर्ने ? एउटा गम्भीर प्रश्न त्यहाँ खडा भको छ। यो विषयमा सरकारले अब कमसेकम संघ त हाम्रो लागि टाढा छ। स्थानीय एउटा हाम्रो एउटा चाहिँ तपाईँको सरकार आफ्नो तहमा छ। त्यसकारण हामीले त्यहाँ पनि एउटा चाहिँ तपाईँको डिरेक्सन दिने गरेर मन्त्रीजीलाई मैले विशेष यो कुरा सभामुखज्यूमार्फत ध्यानाकर्षण गराएँ। यसको व्यवस्थापन राम्रोसँग हवस्। दोस्रो कुरा भनेको अब बजेटहरू पनि हेरियो। जस्तो - कृषिको, सामाजिकको हेरिम हामीले हिजोसम्म त्यो बजेट पर्याप्त छैन। बजेट घटेर अझ आको छ तर हामीले के राख्न चाहेको हो भन्दाखेरि सबैभन्दा मान्छेको अब जीवन नै हो हैन, त्यसो भाहुनाले यसमा स्वास्थ्यलाई नै मुख्य चाहिँ ख्याल गरेर यो अरु कुनै मन्त्रालयतिर कम गर्ने भन्दा पनि स्वास्थ्यकैतर्फ अझै जे छ त्यले पनि लास्ट तपाईँको असारतिर अथवा जेठतिर गएर

बजेट विनियोजन गर्ने होइन, समयमै गर्ने गरीकन एउटा कामकाजी एउटा चाहिँ हामीले फङ्सनेबल एउटा चाहिँ तपाईंको बोर्ड गठन गर्न पऱ्यो त्यसमार्फत् भकाभक तिनको स्वास्थ्यको काम गर्ने कम्तीमा चाहिँ भवनहरू त्यहाँ बनाउने, कम्तीमा उपकरणहरू सेटअप गर्ने, अब हामीकहाँ एउटा गम्भीर स्थिति देखा पऱ्यो। सामान्य हामी चाहिँ एउटा अ अब भिडियो एक्सरे सामान्य गर्दा रुपैडियाँ या काठमाडौं जानुपर्ने स्थिति छ। अब कोरोनाको त यहाँ बिजोकै छ। त्यसकारण अब ठाउँ ठाउँमा तपाईंको ६०-७० जना एकै ठाउँमा बसेको, एउटै ट्वाइलेटमा बसेको, अब अहिले त केन्द्र सरकारले पनि खै अर्को खाल निर्णय अब १४ दिन बसेपछि त्यत्तिकै पठाउने भन्ने खालको पनि भो भन्ने सुनिदैछ। यो पनि के खालको हो ? मैले त बुझ्या छैन। जेसुकै होला तर कमसेकम हामीले पिसिआरबाट किनकि विश्व सास्थ्य संगठनले अहिले एउटा प्रश्न उठेको छ कि पिसिआरबाट नै तपाईंहरू गर्नुस् है। सर्वोच्चले पनि आदेश गरेको छ। त्यसको कारण के रहेछ भने तपाईंको ३ चोटि गर्दाखेरी पनि एउटा आरडिटी भएको मान्छे चौंथो चोटि गर्दा पिसिआरमा पोजेटिभ निस्किएको छ। यस गर्दा एउटैले सयौं मान्छे सार्न सक्छ, एउटा नेटवर्किङ्ग बिजनेश जस्तो एउटा एक दिनमा हजार मान्छे सार्दिन्छ। त्यसकारण यो किसिमले अलिकति चाहिँ पैसाको पनि व्यवस्था कमसेकम स्वास्थ्यमा त्यहाँ विशेष व्यवस्था गरियोस् (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) र तपाईंको कृषि रोजगारमा व्यवस्था गरियोस् र यो ढंगले सभामुख महोदय, यी कुरालाई अलिकति व्यवस्थित ढंगले सरकारको मैले ध्यानाकर्षण गर्न चाहैं धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री यामलाल कँडेल।

**माननीय श्री यामलाल कँडेल:** माननीय सभामुख महोदय, कालिकोटको दु:खद् घटनाप्रति दुख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली, घाइतेप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु र राहत र उद्धारको काममा सरकार प्रभावकारी ढंगले अगाडि बढोस् भन्ने माग राख्न चाहन्छु। सभामुख महोदयमार्फत् विषयमात्र प्रवेश गराउन चाहन्छु मेरो तर्फबाट सुझाव स्वरूप। खासगरी जुन महामारी कोरोना भाइरस छ, यसैसँग हामी अभ्यस्त भएर अगाडि बढ्नु पर्ने अवस्था म त्यस्तो देख्छु। संक्रमितको संख्या बढिराछ सडकमा संख्या बढ्दो अवस्था छ भने यसैलाई सामान्य जीवनमा अगाडि बढ्ने हो भने सबैले आफआफ्नो पहलकदमी बढाऔं। सक्रियता बढाऔं तर म जिम्मेवार निकायका साथीहरूलाई अनुरोध गर्न चाहन्छु, आफ्नो औकात र क्षमता अनुसार जनमत बनाउने कुरामा ध्यान दिइएन भने कुनै पनि बेला कुनै पनि ठाउँमा दुर्घटना हुन सक्छ। जनदबाबका अगाडि गर्नै नसकिने कुरा चिर लेखेर जाने कुराले दल जनदबाब सिर्जना गर्ने कुरामा महत्त्वपूर्ण भूमिका खेल्दछ। त्यसकारणले सबै कुराको पहल कदमी गरौं, सक्रियता बढाऔं। कोरोनासँग सामान्य हुने गरी जनजीवन अगाडि बढाउनु पर्ने अवस्था म त्यस्तो देख्छु। त्यसकारणले औकात क्षमता अनुसारको जनमत बनाउनका निम्ति हामी सबै जिम्मेवारहरू लागिएन भने म त्यस्तो एउटा देख्छु, सभामुख महोदय। दोस्रो कुरा हाम्रो यो संसद्मा जनताका सार्वजनिक सरोकार सरोकारका विषय माननीय सांसदले उठाउँदा सम्मा माननीय सभामुखज्यूले सरकारको ध्यानाकर्षण गर्दा सरकारले समय समयमा जवाफ दिने कुरा

त गरिराछ्र यो सकारात्मक कुरा हो। तर म एउटा सुझाव सभामुखमार्फत् राख्न चाहन्छु। यो यस्तो थलो हो जहाँ निर्णित निर्णयहरू सार्वजनिक गर्ने धेरै ठाउँहरूमध्ये जनताले चुनेको सर्वोच्च निकाय प्रदेश तहको यो संसद् सभा हो सभामुख महोदय। हामीलाई जानकारी छ, यसलाई कुरा मिलाउने थलोमा परिणत नगरियोस्। निर्णित निर्णयलाई जानकारी गराउने र पुष्टि गर्ने कुरामा प्रयोग गर्न सकियो भने यो कार्यक्रमको सार्थकता होला। सरकार भनेको खाली माननीय मन्त्रीज्यू मात्र हैन पत्राचार गर्ने विभिन्न निकायका जो तहका साथीहरू हुनुहुन्छ उहाँहरूले गरेको पनि त त्यो सरकारी कागज हो, सरकारी निर्णय हो। त्यसकारणले लिखित एकातिर कुरा मिलाउने थलोमा रुपान्तरित गरियो भने हामीले जे उद्देश्यका साथ यो रोष्टमलाई प्रयोग गर्न खोजिरहेका छौं त्यसमा तलवितल हुन सक्छ, यतापट्टि हामी सबैको ध्यान जान जाओस् भन्न चाहन्छु। आर्को सभामुख महोदय, सदनमा जो कोहीले पनि विषय प्रवेश गराइसकेपछि त्यो सबैको विषय हुन्छ नै। सभामुख महोदय, मेरो पनि धेरै विषयहरू उठेका छन्। त्यसमध्ये पनि एउटा विषय केही दिन अगाडि यहाँ उठेको छ। त्यतापट्टि पनि मेरो ध्यान गएको हुनाले केही कुरा राख्न चाहन्छु यद्यपि त्यो प्रस्तोताले त्यो विषय उठाउनेहरूले उहाँको कुरा हो तर पनि यो सदन समक्ष भइसकेपछि मैले पनि त्यसप्रति आफ्नो, त्यलाई मैले सकारात्मक ठान्दै मैले अन्यथा होइन। त्यलाई मैले सकारात्मक ठान्दै के का निम्ति उठाउनु भो ? कतिका निम्ति उठाउनु भो ? म त्यो प्रश्न गर्न चाहन्न। उहाँले नै व्यक्त गर्दा मैले बुझेको हो। कर्णालीको जे हालत अवस्था छ, त्यो हालत अवस्थालाई चित्रित गर्दै केही कुरा यहाँ प्रस्तुत भए। केही कुरा यहाँ घोषणा भए, सभामुख महोदय। ती सकारात्मक छन्, उहाँले त बोल्दा तत् तत् ठाउँमा यी यी व्यवस्था गरियो भने झन राम्रो हुन्छ समेत भन्ने स्थिति रहँदा म अनुरोध र आग्रह गर्न चाहन्छु। यो दलीय व्यवस्था छ सकारात्मक कुराको सबैले संरक्षण गर्नुपर्ने हुन्छ। दलीय व्यवस्था हुँदा उहाँ सामान्य माननीय सदस्य मात्र नभएर एउटा दलको नेता पनि हुनुहुन्छ। हाम्रो संसद्को एउटा प्रमुख अंगका रूपमा रहेको एउटा स्थिति हुँदा त्यले स्वभाविक रूपले उहाँको दललाई प्रभावित पार्छ उहाँको दललाई प्रभाव पार्दा त्यो निर्णयले त्यो बाटोबाट अघि बढियो भने सरकारलाई प्रभाव पार्छ। सरकारलाई प्रभाव पार्दा उहाँले कर्णालीको हालत अवस्थाका आधारबाट जे घोषणा गर्नुभएको छ, त्यस अनुसारको सुधार र मितव्ययी सरकार सञ्चालनका निम्ति उहाँको अभियान सार्थक रूपमा परिणत हुनु सक्छ, यही विश्वासका साथ भन्नुभाहोला भन्ने आधारबाट मैले पनि त्यता त्यो दृष्टिकोणप्रति सकारात्मक दृष्टिकोण राखेको हुँ। यद्यपि संसद्मा धेरै विषय उठ्छन्, केही दिनका निम्ति बनाइयो भने त्यसले कस्तो असर पर्छ, म त्यसका बारेमा धेरै चर्चा गर्न चाहन्न। त्यसकारणले म अनुरोध गर्न चाहन्छु कि त्यो केही दिनका लागि होइन। उहाँले बोल्न म उहाँले बोल्दा र मैले बुझेका आधारबाट कर्णालीको जे हालत अवस्था छ, त्यस आधारबाट हाम्रो जे दिनचर्या छ, जे जीवन शैली छ, त्यलाई परिवर्तन गर्नका निम्ति उहाँले जे घोषणा गर्नुभएको छ, म अनुरोध गर्न चाहन्छु यदि उहाँले साँच्चिकै त्यसका निम्ति हो भने उहाँ दलीय व्यवस्था हो यो दलको आधारबाट प्रतिनिधित्व गरेका छौं। संख्याका हिसाबले धेरै

वा थोरै हौंला सबैभन्दा पहिला जहाँ त्यो कुराले प्रभाव पार्न सक्छ, व्यवहारत प्रभावित हुने गरी अगाडि बढ्न सकियो भने नचाहेकाले पनि त्यो बाटोमा हिँड्न पर्ने परिस्थिति निर्माण हुन्छ, त्यतापट्टि मेरोतर्फबाट पनि ध्यानाकर्षण गर्न चाहन्छु र अन्तमा म एउटा कुरा राख्न चाहन्छु। माननीय सभामुख महोदय, पूर्ववक्ता माननीयले पनि केही कुरा राख्नुभएको छ। यो नयाँ संरचना हो। संघीय सरकार र स्थानीय तहको सरकार तलै थियो बी-नयाँ व्यवस्था अनुसार संघीय सरकारको नयाँ ढाँचा अनुसार हामी जुन नयाँ संरचनाका सदस्य भएर यो सभा समक्ष उपस्थित भएका छौं, परीक्षण हाम्रो भइरहेको छ। प्रश्न हाम्रो उठिरहेको छ, त्यसकारणले यो परीक्षामा हामी सबै मिलेर उत्तीर्ण हुने गरी अगाडि बढ्ने कुरा सबैको उत्तिकै दायित्व हुँदाहुँदै पनि जिम्मेवारी ठाउँमा रहनुभएको जो सा माननीय सदस्यहरू वा जिम्मेवार तहमा रहनुभएकोहरूले ध्यान दिनुभएकै होला। राम्रो भूमिका खेलेकै हुनुहोला तर फेरि पनि म स्मरण गराउन चाहन्छु, यो आफ्नो भूमिकालाई प्रभावकारी बनाउने कुरामा ध्यान दिन जरुरी र आवश्यकता छ किनकि परीक्षाको घडीमा सामेल भएका पात्र तपाइँ हामी नै हौं। यसकारणले फेल नहुने गरी बाँकी समयमा उत्तीर्ण हुने गरी आफ्नो भूमिकालाई प्रभावकारी बनाउने कुरामा हामी सबैले फेरि स्मरण गरौं, मेरो तर्फबाट सभामुख महोदयमार्फत् अनुरोध गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरू, यसभन्दा पहिलेका र आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनुभएका सार्वजनिक सरोकारका विषयहरूमा आफ्नो जवाफ वा धारणा राख्न प्रदेश सरकारका सम्बन्धित विभागीय मन्त्रीलाई रुलिङ्ग गर्दछु। माननीय सदस्यहरू, अब म प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि संशोधन प्रस्ताव परी विधायन तथा प्रदेश मामिला समितिमा छलफल भएपश्चात्का निर्णय र प्रतिवेदन सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री पदमबहादुर रोकायालाई समय दिन्छु।

**माननीय श्री पदमबहादुर रोकाया:** माननीय सभामुख महोदय, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा सचिवालयमा मिति २०७६ फागुन २ गते दर्ता भई मिति २०७६ फागुन १८ गते सभामा छलफल भएको लागि टेबुल भएको थियो। मिति २०७६ फागुन १९ गते प्रदेश सभामा सैद्धान्तिक छलफलपश्चात मिति २०७६ फागुन २७ गते सभाबाट सो विधेयक विधायन तथा प्रदेश मामिला समितिमा प्राप्त भएको थियो। मिति २०७६ फागुन २१ गते बसेको प्रदेश सभाको बैठकको निर्णय अनुसार लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक २०७६ माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिलाई प्राप्त भएकोमा संशोधनकर्ता माननीय कौशिलावती खत्री, माननीय देवी ओली, माननीय बद्मी क्वाँरी बोहोरा, माननीय ठम्मरबहादुर विस्ट, माननीय धर्मराज रेग्मी, माननीय खड्कबहादुर खत्री र माननीय करवीर शाही समेतको सहभागितामा

विधेयकमाथि दफावार छलफलन गर्न, गर्नको लागि मिति २०७७ जेठ १५ गते जेठ १७ गते र जेठ २२ गते गरी जम्मा तीन पटक बैठक बसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो। प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक २०७६ माथि दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्नुभएका माननीय मन्त्रीज्यू संशोधनको सूचना दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू लगायतका कानूनविज्ञहरूसँग छलफल गरिएको थियो। उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुभएका माननीय मन्त्रीज्यू संशोधनकर्ता माननीय सदस्यज्यूहरू, विषय विज्ञज्यूहरू लगायत सक्रिय भूमिका निभाउनुभएका सम्बन्धित मन्त्रालयका कर्मचारीहरू र सचिवालयका कर्मचारीहरूप्रति आभार प्रकट गर्न चाहन्छौं। समितिको, सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित संशोधन विधेयकको आवश्यकता महत्त्व र औचित्यको आधारमा संशोधन गरी अन्तिम रूप दिन सोही व्यहोरका, व्यहोराको प्रतिवेदन माननीय सभामुख महोदय समक्ष पेश गर्ने समितिको सर्वसम्मत निर्णय भएबमोजिम उक्त संशोधनको व्यहोराको प्रति यसै साथ संलग्न गरी सभासमक्ष पेश गर्दछु धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई खाद्य उत्पाद अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड ख बमोजिम प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:** माननीय सभामुख महोदय, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र सामाजिक विकास समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयक माथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.ले सभामा पेश गर्नुभएको खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि प्रतिवेदन सहित विधेयक माथिको छलफलका लागि समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय श्री अम्मरबहादुर थापा, समय ७ मिनेट।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, कृषि तथा भूमि तथा सहकारी मन्त्रीजीले पेश गर्नुभएको खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको

विधेयक, २०७५ माथि छलफलमा सहभागी भएको छु र छलफलमा रहँदा यसका ४८ वटा धारा र ७ वटा परिच्छेद रहेका, रहेको प्रतिवेदन पेश भएको छ र यसमा वास्तवमा भन्ने हो भने नेपालको संविधानले खाद्य सम्प्रभूताको अधिकार नेपाली नागरिकहरूलाई हुनेछ भन्ने यस संविधानले व्यवस्था गरेको छ त्यसमा खाद्यविना खाद्य नपाएर मान्छे मऱ्यो भने खान नपाएर मान्छे मर्नु हुँदैन भन्ने यसको मूल ध्येय छ। किन, किन भन्दा कुनै पनि देशको नागरिक र रोग र भोगबाट मर्नु हुँदैन र त्यसको जवाफदेहिता सरकारले लिनुपर्छ, त्यसको संरक्षण सरकारले लिनुपर्छ भन्ने यसको जुन मौलिक हकको कुरा छ, त्यो हकले यही कुराको सुनिश्चितता गर्छ। यो ऐन यो जाइने खाद्य सम्प्रभुता सम्बन्धी बनेको ऐन, ऐनले वास्तवमै कर्णाली प्रदेश यो संविधानले पनि प्रदेशले ऐन कानून बनाएर अगाडि बढाउन सक्छ भन्ने छ तर मलाई एउटा कुरा के लागिराछ भने संघीय ऐनले के बोल्छ, त्यससँग बाझन हुँदैन। तर संघीय ऐनलाई कुनै पनि ऐन हामीले यहाँ ऐन निर्माण गर्दा जरिवाना हामी तोक्न सक्दैनौं अथवा अ दण्ड जरिवाना हामी गर्न सक्दैनौं तर यी प्रदेशमा बनेका ऐनहरूले संघीय ऐनले संघीय ऐनबमोजिम हुनेछ भन्ने हाम्रोमा पनि राख्न सकेको भए सबैभन्दा उत्तम हुने थियो। किनभन्दा त्यसलाई त्यो त त्यसले त बाझेन, संघीय कानूनले जे दण्ड भनेको छ, जे कैद जरिवाना भनेको छ, त्यो अनुसार हुनेछ है यसो गरेमा भनेको भए सहज हुने थियो। अब त्यो कुरा मैले विधेयक माथि धेरै म समितिमा पनि छलफल गर्दा यो दण्ड जरिवानाका त कुरै उठाउन पाइँदैन भन्ने छ किनभने संघीय त्यो सबै अधिकार संघले भन्ने छ तर वास्तविकता हो संघले तोकिसक्यो भने हामीले फेरि ५ वर्ष कैद भन्याछ हामीले ७ वर्ष तोक्न सक्दैनौं। हामीले ५ वर्ष भन्याछ ३ वर्ष ल्याउन सक्दैनौं। तर त्यही बमोजिम हुनेछ भन्ने कुरा त हामीले राख्न जरुरी छ। किनभने हाम्रो सपोर्ट त्यो हो, भन्ने कुरा बुझ्नुपर्छ भन्ने मलाई लाग्छ। त्यसकारणले खाद्य सम्प्रभूता भनेको मैले अघि भने कुनै पनि देशको नागरिक खान नपाएर मर्नु हुँदैन। यदि खान नपाएर मऱ्यो भने खानै नपाएर मऱ्यो भने राज्यले क्षतिपूर्ति व्यवस्था गर्नुपर्छ। राज्यले त्यसको अँ त्यो क्षतिपूर्तिको व्यवस्था गर्न जरुरी छ र गर्नुपर्छ। त्यसकारणले किन क्षतिपूर्ति ? ऊ त मरिसक्यो, अब क्षतिपूर्ति त उसका परिवारलाई होला भन्ने हुन सक्छ। किन भन्दा त्यो जब क्षतिपूर्ति तोकिन्छ जब राज्यले पनि त्यो गलत भयो भन्ने महसुस गर्छ, फेरिका दिनमा कानून भनेका फेरिका दिनमा सुधारका लागि हो, काहिँनेर कुनै दिनमा दुर्घटना भयो भने त्यो गर्नु काहिँ लापरबाही भयो भने त्यो लापरबाही गर्नु हुँदैन भन्ने मान्यता नै कानूनले बताउँछ। कानून कैद हाल्ने मात्रै हैन, कानून जरिवाना गर्ने मात्रै हैन, कानूनले प्रत्येक नागरिकलाई गलत गर्न हुन्न भन्ने सिकाउने चिज हो। हामीले अनुशासित र मर्यादित भएर अगाडि बढ्नुपर्छ भन्ने कानूनले बताउँछ। त्यसकारणले कर्णाली प्रदेशका नागरिकहरू खान नपाएर मर्नु हुँदैन र यो ऐनमा धेरै कुरा हेरेँ, सबै कुरा ठीक छन्। मैले यसको धेरै खण्डन-मण्डन गर्नुपर्ने अवस्था छैन। त्यसकारणले यसले जुन किसिमको ४८ वटा दफा राखेको छ। त्यो ४८ वटा दफामा मैले धेरै खण्डन गर्नपर्ने अवस्था छैन। जे मैले भने त्यो कुरालाई मात्रै अलि नपुक छ कि भन्ने मेरो भनाइ हो। त्यसैले कुनै पनि किसानलाई

वर्गीकरण गर्ने भन्याछ, पोषणयुक्त खाना दिने भन्याछ। त्यो राम्रो काम हो। त्यसकारणले खाना दिँदा र त्यो किसिमको व्यवस्था गर्दा यसले किसानका निमित्त जो गरिब किसान छन्, तिनको केरे पहिचान गर्ने, तिनको जाइने रासन कार्डको व्यवस्था गर्ने, कृषिमा बीमा गर्ने, सबै कुरा बडा महत्त्वपूर्णा कुरा राख्याछ तर त्यो गरिने कुरा ऐनमा लेखेर भएन, प्रयोगमा आउनुपर्छ। मैले अहिले विकासमा पनि कुरा गर्‍या थिएँ, कहाँ हो हामीले अहिलेको कोरोना भाइरसले संक्रमण गर्‍याछ, राहत दिने कहाँ हो ? राहत दिँदा सोलोडोलोमै राहत जान्छ। सोलोडोलोमा गएर जुन समस्या परेका नागरिकहरू सोलोडोलोमा राहत पाउने काम गर्नुहुँदैन, त्यसको पहिचान हुनुपर्‍यो, प्रोफाइल हुनुपर्‍यो। मन्त्रालयलाई हामीले पहिलैदेखि भनेका छौं, प्रत्येक नागरिकहरूको प्रोफाइल तयार हुनुपर्‍यो। कुन ठाउँमा खाना कति महिना पुग्न सक्ने किसानहरू छन् र तिनलाई कसरी उत्पादनमा लाउन सकिन्छ ? भन्ने कुराको पहिचान गर्न जरुरी छ। यो ऐनले भन्याछ तर यसको कार्यान्वयन गर्न महत्त्वपूर्ण कुरा छ। यो ऐनले भने जस्तै हामीले यसले पोषणयुक्त खाने उत्पादनको उत्पादनमा लगाउने ल लाग्ने एकदमै गुणस्तर हिसाबले प्रोत्साहित गर्ने भनियो, वास्तविकता साँचो कुरा चाहिँ किताबमा लेख्ने कुरा ऐनमा लेख्ने कुरा राम्रा राम्रा छन् तर यसको प्रयोग गर्दा आजै पनि योसँग कोरोना भाइरस लागिरहेको छ। कोरोना भाइरसमा हामीले राहत वितरण गर्नपर्ने ठाउँ कहाँ हो ? त्यो ठाउँ खोज्नु पर्ने अवस्था छ किनभने हामीसँग त्यो डाटा छैन। हामीले कुनै दिन बस नचढ्ने मान्छेलाई बसमा हामीले काठमाडौंबाट उद्दार गर्‍यौं। जो मान्छे खान पुगेको छैन, त्यो मान्छे बसमा पनि आउन पाछैन। किन भन्दा हामीसँग त्यो प्रोफाइल हुन्थ्यो भने हामीसँग त्यो किसिमको व्यवस्था हुन्थ्यो भने को मान्छे आफै हिन्न सक्छ ? त्यसलाई व्यवस्था मात्रै गर्दिए पुग्छ। सा राज्यको काम छैन लकडाउन आज गाडी त पाउँदैनौं तर त्यसलाई व्यवस्थापन मात्रै गर्दिए पुग्छ। को मान्छेलाई हामीले केरे भाडा नतिरेसम्म त्यो मान्छे यहाँ पुग्न सक्दैन भन्ने मान्छेको पहिचान हुन्थ्यो। त्यसकारणले मैले सरकारलाई कानून राम्रा राम्रै छन्। अक्षरमा सबै कुरा ठीक छन्, व्यवहारमा ल्याउनका लागि एउटा काम सरकारले के गर्न पर्‍यो भने प्रोफाइल तयार गर्न पर्‍यो। अनि वर्गीकरण हुन्छ, कुन मान्छे के हो ? कुन अवस्थाको छ ? भन्ने वर्गीकरण गर्ने काम प्रोफाइलले तयार गर्छ। त्यसो भाको हुनाले यो वर्गीकरण गर्नतिर सरकार, स्थानीय तह र सरकारको सह संयुक्त आधा, संयुक्त रूपबाट यो वर्गीकरण गर्ने कर्णाली प्रदेशका ७९ वटै पालिकाका नागरिकहरूको वर्गीकरण गर्ने कति महिना कति खान पुग्छ ? अब जस्तै हामीले कुनै राहतका कार्यक्रम कुनै अनुदानका कार्यक्रम दिन्छौं। अनुदानका कार्यक्रम दियो भने पनि त्यो वर्गीकरण छैन, त्यो उले जे किसिमले दिन्छन् त्यही हिसाबले हामीले बाँड्न पर्छ। त्यसो भाहुनाले त्यसलाई लक्षित वर्ग भनिसकेपछि हामी लक्षित वर्गको पहिचान गर्दैनौं। त्यसो भाको हुनाले हाम्रा आयोजनाहरू, हाम्रा लक्षित वर्गको जीवनस्तर उठाउने कुराहरू, यो अगाडि बढ्न सक्दैन। त्यसो भाको हुनाले मैले सरकारलाई पहिलो ध्यान कानून बनाउनभन्दा पनि पहिला हाम्रा जनताको वर्गीकरण गरौं, जनताको हित रक्षा गर्ने आयोजना बनाऔं, यी जनतालाई संरक्षण गरेर जब

५१ प्रतिशतलाई हामीले त्यो लक्ष्यमा पूरा गर्न सक्यौं भने हाम्रो सुखारी कर्णाली तब मात्र हुन सक्छ। सुखी कर्णालीवासी सुखारी कर्णालीवासी बनाउनलाई हामी यहाँ मञ्चबाट कराएर मात्र भएन। हामीले ती जनताको लक्षित वर्गहरूको वर्गीकरण गर्न जबसम्म सक्दैनौं तबसम्म हानथाप हुन्छ, तानातान हुन्छ, कसैले जाइने शक्तिको आडमा व्यवस्थापन हुन्छ। त्यसकारण मैले यही आग्रह गर्न चाहन्छु। यो ऐनमा जे व्यवस्थापन गरिएको छ। वास्तविक राम्रै छ तर यसमा जाइने ऐन कानून बनाउदा विशेषज्ञहरू जे अँ विशेषज्ञहरूका राय लिनुभाछ, जनताका राय लिनुभाछ, त्यो सबै कुराले यो प्रतिवेदन आएको छ र यसले कर्णाली प्रदेशका नागरिकहरूको संरक्षण गर्न खाद्यबाट विचलन नभएर पौष्टिकयुक्त खाने भन्याछ, त्यो पौष्टिकयुक्त खाना दिन सफल हुने र व्यवहारमा लागु गर्ने काम अगाडि बढोस्, यही शुभकामना दिन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चत गर्न बनेको विधेयक २०७५ माथि समितिको प्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:** माननीय सभामुख महोदय, खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि हामी अन्तिम छलफल चलाइरहेका छौं र यो छलफलका क्रममा यो विधेयकलाई परिमार्जित गर्न विधेयकलाई चुस्त गराउन, विधेयकलाई कर्णाली अनुकूल गराउन, यो विधेयकमाथि संशोधन हालेर संशोधनकर्ताको भूमिकामा जसरी माननीयज्यूहरूले महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ - माननीय चन्द्रबहादुर शाही, माननीय विन्दमान विष्ट, माननीय गोपाल शर्मा र माननीय देवी ओली चार जना माननीय सदस्यहरूले संशोधन प्रस्ताव हाल्नुभएको थियो र धेरैभन्दा धेरै छलफल समितिमा चलेको थियो र समितिले छलफल चलाएर यलाई चुस्तदुरुस्त गराउने जुन खालको वातावरण बनायो यसले यो समितिले यति मात्रै गरेन। समितिले जनता लेबलमा पुगेर सल्लाह सुझाव लिएर यलाई यो महत्त्वपूर्ण विधेयक हो खाद्य सम्प्रभूताको विधेयक त्यसैले यलाई अलि अझ परिमार्जित गर्न पर्छ भनेर जसरी सरोकार राख्यो, चासो राख्यो, र यो विधेयकलाई परिमार्जन गर्न जुन खालको भूमिका खेल्यो, विअ समितिका अध्यक्ष र समितिका सदस्यहरू र संशोधनकर्ता माननीयज्यूहरूलाई म विशेष आभार व्यक्त गर्न चाहन्छु र यहाँ धेरै कुराहरू समितिको प्रतिवेदनमा धेरै कुराहरू आएका छन्, यलाई परिमार्जन गर्नका निम्ति, यलाई परिस्कृत गर्नका निम्ति अँ ती कुराहरूसहित हामी आज पास गर्ने प्रक्रियामा छौं। समय सन्दर्भका हिसाबले यो निकै महत्त्वपूर्ण सन्दर्भमा यो खाद्य सम्प्रभूता सम्बन्धीको विधेयक पास गर्ने चरणमा छौं। देशमा मात्रै हैन विश्वमै खाद्य संकटको जुन अवस्था सिर्जित भइरहेको छ। यो स्थितिमा खाद्य सम्प्रभूता सम्बन्धी कानून यो सभाबाट पास हुने कुरा यो सन्दर्भका हिसाबले मात्रै हैन, साँच्चिकै यो वस्तुगत हिसाबले पनि अति आवश्यक र जरूरी यो विधेयक आज हामीले यहाँ पास गर्दैछौं, त्यसो हुँदा यसले अब पास गरिसकेपछि

के गर्न सक्छ ? भन्ने अनुमान पनि हामी लाउँछौं। यो विधेयकमा राम्रोसँग छलफल चलाएका छौं। खासगरी संघीय सरकारले बनाएको कानून बमोजिम कानूनको स्प्रीडमा अझ विशेष गरी संवैधानिक अधिकार २०७२ को नयाँ संविधानले मौलिक अधिकारको रूपमा धारा ३६ मा खाद्य सम्बन्धीको हकको जसरी व्यवस्था गरिएको छ, त्यलाई खाद्य अधिकारको कुरा मात्रै नभएर खाद्य सम्प्रभूताको कुरा पनि संवैधानिक रूपमा मौलिक अधिकारमा उल्लेख गरिसकेपछि संघीय सरकारले यसलाई कानुनी प्रावधानमा जसरी ढाल्यो त्यो कानूनको मूल स्प्रीडमा हामीले प्रदेशको आवश्यकता अनुसार हामीले जसरी यलाई ड्राफ्ट गऱ्यौं मन्त्रालयबाट र यो यहाँसम्म आइपुग्दाखेरि जुन खालको आकार दिइरहेको छ यो का आकारलाई मैले सरसर्ती प्रतिवेदन र हामीले प्रस्ताव गरेको विधेयकलाई तुलना गरेर हेर्दाखेरि निश्चय पनि एकदमै यले हाम्रो कर्णाली प्रदेशको आवश्यकतामा महत्त्वपूर्ण विषयहरूलाई सम्बोधन गरेको छ। अगाडि माननीयजीले भने जस्तै माननीय अम्मर थापाजीले भने जस्तै यसमा किसानको वर्गीकरण गर्ने कुरा किस भूमि केरे बाँझो जमिनको उपयोग गर्ने कुरा, बाँझोविना केरे विना कारण मनासय कारण विना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने सहयोग सुविधा र अनुदानमा कटौति गर्ने कुराहरू अहिलेको सन्दर्भमा निकै महत्त्वपूर्ण कुराहरू छन्। हामीले खाद्य उत्पादन वृद्धि नगरी खाद्य सुरक्षाको कुरा हुन सक्दैन। त्यसैले खाद्य उत्पादन वृद्धि गर्ने कुरा निकै चुनौतीपूर्ण कुरा छ। हामी हाम्रा अगाडि यस्ता दिन आउँदैछन्, हामीले किनेर हामीसँग पैंसो हुँदाखेरि पनि किनेर खान नपाउने अवस्था पनि आउन सक्छ। यो विश्वव्यापी महामारीका कारणले एउटा देशमा सिर्जित नभएको समस्या भएको कारणले त्यो समस्या आउने भएको कारणले हामीले जुन उद्देश्यका साथ मन्त्रालय र सरकार जसरी अगाडि बढ्न खोजिरहेको छ, त्यो उद्देश्यलाई आज पूरा गर्नका निम्ति यो कानूनले अझ मद्दत गर्नेछ, यो कानून पास भइसकेपछि कानूनले दिएका प्राबधानहरूलाई टेकेर अझ बजेटमा यस्ता कार्यक्रम ल्याउनका निम्ति अँ सरकारले पहल गर्नेछ। त्यो प्रतिबद्धता मैले यहाँ जाहेर गर्न चाहन्छु, त्यो कोसिस हामीले गर्नेछौं। किसानहरूको वर्गीकरण नगरीकन किसानलाई दिने राहतले किसानलाई दिने अनुदान वैज्ञानिक हुँदैन भन्ने कुराको गहिरो गरी अनुभूति भएको छ। त्यसैले अब यो कुरालाई हामी किसानको वर्गीकरणविना किसान, किसानको क्षेत्र मतलव कृषि क्षेत्रमा जाने कार्यक्रमलाई प्रभावकारी बनाउन सकिदैन। यो कुरालाई हामी सुरुवात गर्नेछौं, यो वर्षदेखि नै सुरुवात गर्ने मैले प्रतिबद्धता पनि जाहेर गर्न चाहें र अन्तिममा यो खाद्य सुरक्षासँगै जोडिएको कुरा महत्त्वपूर्ण ढंगले विशेष समयमा माननीयज्यूहरूले कुरा राख्नुभएको छ। यलाई अझ धेरै विस्तृत र प्राविधिक हिसाबले हामीले हाम्रो समयमा राख्ने छौं कुरा राखौंला तर मैले यो सँग खाद्य सुरक्षासँग जोडिएको अहिले तत्काल मल बीउको कुरा जसरी उठेको छ, त्यो मल बीउको कुरा पनि यो सँगै यो विषयसँग पनि मिल्ने भएको कारणले मैले प्रारम्भिक जानकारी के दिन चाहें भने हामीले कर्णाली प्रदेशमा अर्गानिक कर्णाली प्रदेश बनाउने भन्ने कुरा उद्घोषण गरिसकेपछि रासायनिक मल सम्बन्धी कुनै पनि विषय मन्त्रालयमा नआइपुगेको अवस्था थियो यो भन्दा अगाडि। अहिले हामीलाई खाद्य संकटको

अवस्था पर्ने भैसकेपछि हामीले पनि सरोकार राख्नुपर्ने अवस्था बन्यो र किसानहरूले पनि हामलाई रासायनिक मल पनि उपलब्ध गराइदिनु पर्‍यो भन्ने खालको स्वतस्पूर्त मन्त्रालयमा मतलव सम्बन्धित कार्यालयहरूमा त्यस्ता खालका मागहरू आइरहेका छन् र यही मागलाई सम्बोधन गर्नका निम्ति हामीले यसको सहजीकरण गरिरहेका छौं। सहजीकरण गर्नुको विकल्प पनि छैन। मल हामले रसायनिक मल अहिले किन्न नसकौंला त्यसमा अनुदान दिन नसकौंला तर मलको उपलब्धताको निम्ति सहजीकरण गर्न संघीय सरकारसँग र अरु प्रदेशका सरकारसँग सहजीकरण गर्ने काम गरिरहेका छौं। अस्ति एउटा भर्च्यौल मिटिङ्गमा संघीय मन्त्रीसँग कुरा गर्दा अँ मैले हाम्रो कर्णाली प्रदेशमा यति यति रसायनिक मलको आवश्यकता परेको छ मन्त्रीज्यू भन्दा उहाँ हाँस्नु भो। हो त्योभन्दा पहिला हामीले कहिल्यै पनि रसायनिक मलको कुरा गरिरहेका थिएनौं तर बाध्यताले हामी रसायनिक मलको आवश्यकताको कुरा पनि उठाउनुपर्ने ठाउँमा पुग्यौं भनेर मैले त्यो बाध्यता राखेको थिएँ। हामीले औपचारिक रूपमा प्रचार गरेर रसायनिक मलको कुरा त गर्दैनौं तर यलाई सहजीकरण गर्नका निम्ति लागेनौं भने खाद्य संकटको समस्या झन चरम रूपमा आउने भएको कारणले जहाँ जहाँ रसायनिक मल प्रयोग भएको छ त्यो ठाउँका निम्ति मात्रै हामीले सहजीकरण गर्ने छौं भने जहाँ रसायनिक मल प्रयोग भएको छैन, त्यस्ता ठाउँहरूमा हामले रसायनिक मल प्रयोग नगरी प्राङ्गारिक मल उत्पादन केरे उत्पादन मात्रै हैन अहिले केरे वितरणका निम्ति पनि अँ बजेट उपलब्ध गराउने र त्यलाई सहजीकरण गर्ने काम गर्नेछौं। यो कुरा खाद्य उत्पादनसँग र खाद्य सम्प्रभूतासँग, खाद्य सुरक्षासँग जोडिएको कारणले हामी यो कुरालाई अँ लिइरहेका छौं। अ यो यो सन्दर्भमा विस्तृत कुरा हामी अरू सन्दर्भमा र अरु बैठकका सन्दर्भमा राख्नेछौं। मैले यो कुरालाई एकदमै महत्त्वपूर्ण कुरालाई मन माननीयज्यूहरूले उठाएको कुरालाई मैले आत्मसाथ गरेको छु, मन्त्रालयको तर्फबाट र अँ कृषिसँग सम्बन्धित जुन खालको जिम्मेवारी छ, जुन खालको खाद्यसँग जोडिएको स-सुरक्षासँग जोडिएको र सम्प्रभूतासँग जोडिएको जुन जिम्मेवारी छ त्यो जिम्मेवारीलाई हामीले एक्लै हैन, सरकारले एक्लै हैन, मन्त्रालयले एक्लै हैन, हामी सबै मिलेर सबै लागेर पूरा गर्नेछौं। र त्यो खालको सहयोग प्राप्त भइरहेको छ र सहयोग प्राप्त हुने अपेक्षासहित मैले माननीयज्यूले यो छलफलका सन्दर्भमा राखेका विषयहरूलाई मैले यहाँ बिट मार्दै जाँदाजाँदै एउटा सजायसम्बन्धीको कुरा जसरी उठाउनुभएको थियो। यो सजायमा धारा दफा, दफा अँ केरे दफा ४२ मा सजायसम्बन्धी व्यवस्था छ। त्यसमा प्रष्टै लेखेका छौं, यस ऐनको बर्खिलाप काम गर्ने/गराउनेलाई प्रचलित कानूनबमोजिम दण्ड र सजाय गरिने छ भनेपछि हामी आफैले प्रदेश सरकारले दण्ड सजाय गर्न नसकिने भएको कारणले प्रचलित कानून बमोजिम भनेर प्रष्टै राखिएको छ। यो व्यहोरा अन अवगत गराउँदै निवेदन गर्दै मेरा भनाइहरू अन्त्य गर्छु। हवस् त धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.ले सभामा पेश गर्नुभएको खाद्य उत्पादन अधिकार

तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि समितिको प्रतिवेदनसहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चत गर्न बनेको विधेयक २०७५ समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष्य प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी.:** माननीय सभामुख महोदय, खाद्य उत्पादन तथा सम्प्रभूता सुनिश्चत गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभामा छलफल भइसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम एक् १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भन्ने प्रस्ताव गर्दछु। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.ले प्रस्तुत गर्नुभएको खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ लाई समितिको संशोधन प्रतिवेदनसहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। हुन्छ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चत गर्न बनेको विधेयक २०७५ सामिमाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ ३० गते शुक्रबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ।

□□□

**(वि.सं. २०७७ साल जेठ ३० गते शुक्रबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको एघारौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु। सर्वप्रथम माननीय श्री अम्मरबहादुर थापा, समय ५ मिनेट। यसपछि माननीय श्री हिमबहादुर शाही तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, अहिले जुन किसिमको कालिकोट र कालिकोटमा दुर्घटना भो त्यो दुर्घटना भएका दुर्घटनामा परी मृत्यु हुने साथीहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु र अहिले वास्तवमै जाइने कोभिड-१९ का कारणले गर्दाखेरी गाउँमा एकदमै आक्रान्त छ र एकदमै समस्या छ। त्यो समस्याको समाधान आज डाक्टर जान्छ भोलि जान्छ भन्ने मात्रै छ डाक्टरहरू जाँदैनन्। र पहिला अँ केरे कीट नगएर जाइने समस्या खडा भो अहिले डाक्टर नभएर समस्या खडा भाको छ। अब यस्तो दोधारे कुरा कहिले केन्द्रले भन्छ १४ दिन पछि घर जाऊ, प्रदेशले भन्छ १४ दिन त्यो पिसिआर नगरेर घर जान पाइन्न भन्ने यस्ता कुराहरूले गर्दाखेरि तल आन्दोलन भइराछन्, बबाल भइराछ, सरकारले ध्यान पुऱ्याउनुपर्ने अवस्था छ। र अर्को कुरा अहिले जुन किसिमको जाइने भारतबाट आउने संख्या वृद्धि भो र त्यो वृद्धि भइसकेपछि आर्थिकको संकट तल परेको छ। पहिला हामीले वास्तवमा कर्णाली प्रदेशले केही गरेन, केही भएन भन्ने थिए, भन्ने थियो तर त्यो समयमा हामीले कर्णाली प्रदेशले वास्तवमा भन्ने हो भने अरु प्रदेशभन्दा १५ लाख रुपैयाँ पालिकालाई गाउँपालिकालाई र २० लाख नगरपालिकालाई दिएर बजेटको व्यवस्था कर्णाली प्रदेशले गरेको छ तर त्यो हामी समयमा कुन समयमा गर्न पर्थ्यो कि भन्ने कुरा त्यो अंशवण्डाको रूपमा ७९ वटा पालिकालाई हामीले त्यो हिसाबले अँ वितरण गऱ्यौं। आज जुन किसिमको जहाँ संक्रमण भएको छ, जहाँ संकट भएको छ। २ हजार ३ हजार मान्छे क्वारेन्टाइनमा बस्नुपर्ने जुन जिल्ला, जुन पालिका छन्, ती पालिकाहरूले आर्थिक रूपले ठूलो संकट आएको छ। जहाँ क्वारेन्टाइनमै मान्छे छैनन् भने त्यहाँ अथवा १० जना २० जना भएको ठाउँमा त्यो समस्या त्यस्तो देखिदैन। २५ सय - ३ हजार मान्छे क्वारेन्टाइनमा छन् तिनलाई खाने-बस्ने सारा व्यवस्थापन गर्नुपर्ने स्थानीय तहले भाको हुनाले आर्थिक व्यय भार अँ स्थानीय तहको तहमा समस्या भएको छ। त्यसकारणले सरकारले तत्काल जहाँ संक्रमण बढी छ, जहाँ संकट बढी छ, त्यहाँ स्वास्थ्यसँग सम्बन्धित कुराहरू र चाइने खाद्यान्न व्यवस्थापनका कुराहरूदेखि लिएर स्थानीय तहलाई के सहयोग गर्न सकिन्छ। यो सरकार, सरकारले कर्णाली प्रदेश सरकारको ध्यान

त्यता आकर्षित हुन पर्ने थियो, अहिले त्यो भएको छैन, भएको छैन र बाहिरबाट भन्ने कुराहरूको जाइने स्तर पोषणका कुराहरू, व्याख्या पत्रपत्रिकामा, त्यो क्वारेन्टाइनै भएन, अर्को जाइने आइसोलेशनै भएन भन्ने कमेन्ट चाहिँ आउछन् तर तलको कस्तो हालत छ ? स्थानीय सरकारहरूको कस्तो हालत छ भन्ने कुरा जानकार नभएर हामीले जे पनि भन्न सक्ने अवस्था छ। त्यसो भाको हुनाले कर्णाली प्रदेशको सरकारले अहिले जहाँ जहाँ संक्रमण बढेको छ, जहाँ समस्या छ, त्यहाँलाई व्यवस्थापन र आर्थिक रूपले के व्यवस्थापन गर्न सकिन्छ सरकारले गरोस् भन्ने म सभामुखमार्फत सरकारलाई सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

दोस्रो कुरा, अहिले पिसिआर मेसिनको जाइने ठूलो फेशन भाको छ, सबै ठाउँ चाहिने भन्ने कुरा आइरा छ र कर्णाली प्रदेश सरकारले कमसेकम यो प्रदेशभित्र एउटा पिसिआर मेसिन कमसेकम दिनको हजार पाँच सय मान्छेहरूलाई अँ त्यो जाँच गर्न मिल्ने मेसिन अहिलेसम्म राख्न सकेको छैन। र अहिले १४ दिन भइसक्यो पिसिआर मेसिनको रिपोर्ट आउँदैन। त्यसैले यो कामको विषयमा किन सरकार चिन्तित हुँदैन ? र आज जब जाइने पिसिआर मेसिनको बाट जाँच भएको छ, जाँच भएर १४ दिनसम्म यहाँ लाइनमा राखेको भने त्यो केरे भाइरसले जाइने नदेखिन पनि सक्छ। त्यो निष्क्रिय भएर जान पनि सक्छ, त्यसो भाको हुनाले अब म डाक्टर त होइन, विशेषज्ञ त होइन तर मैले सुनेकै कुरामा कमसेकम त्यो ७ दिनभित्र त्यो निष्क्रिय हुन्छ भन्ने मैले सुन्याछु, त्यो के हदसम्म हो त्यो मैले यसको प्रुफ त म गर्न सक्दिन। किनभन्दा म त्यसको विशेषज्ञ होइन। त्यसो भाहुनाले यसलाई तदारुकताका साथ कहाँ पठाएर हुन्छ, कसरी गराएर हुन्छ ? त्यो तत्काल रिपोर्ट आउनुपर्ने थियो तर अहिले भएको के छ भन्दा पिसिआरको चेक भाको छ, त्यो क्वारेन्टाइनमा मान्छे छन् । अब जो नेगेटिभ निश्केका मान्छे पनि ती पोजेटिभवालासँग साथै छन्, अहिले त्यो परिस्थितिले गर्दाखेरि यो व्यवस्थापनका कमजोरीका कारणले गर्दा त्यो संकट भएको छ, त्यतातिर पनि यो सरकारको ध्यान आकर्षित होस् र त्यसले कसरी हुन्छ चेकजाँच गर्ने प्रवृत्तिबाट अगाडि सरकार बढोस् भन्ने सरकार सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री हिमबहादुर शाही, यसपछि माननीय श्री धर्मराज रेग्मी तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाही:** सभामुख महोदय, अब कोरोना भाइरस कोभिड-१९ त अहिले विश्वकै मानव जीवनको चण्डी-पाठ भइसक्यो । अब यो भन्दा अर्को अहिले अरु कुरा आउँदैन। यसै सम्बन्धमा हिजोको हिजो साँझसम्मको रिपोर्टमा कर्णाली प्रदेशमा ७ सय ४३ जना संक्रमित छन् । त्यसमध्ये दैलेखमा ४ सय ४१ जना संक्रमित छन्, ३ जनाको मृत्यु भइसकेको छ । जहाँसम्म मलाई लाग्छ सबभन्दा पहिलो संक्रमित पनि कर्णाली प्रदेशमा दैलख हो र पहिलो मृत्यु पनि दैलेख नै हो । र अहिले आएर दैलेख नै एउटा अत्यन्तै गम्भीर र अत्यन्तै महामारीको विपद् अवस्थामा पुगेको कुरा कसैबाट लुकेको छैन । कर्णाली

प्रदेशको ध्यानाकर्षण गर्न चाहन्छु, कर्णाली प्रदेश सरकार यहाँ भन्दैछ, हामीले उद्दार गरिरहेका छौं, उद्दार समिति गरिरहेका छौं, उद्दार समिति बनाएका छौं, पैसा दिएका छौं, उद्दार समिति को हो नेपाली कंग्रेस प्रतिपक्ष संसदीय दल नेपाली कंग्रेसको कर्णाली प्रदेशले चिन्दैन । उद्दार समिति को हो ? उद्दार समितिले के गर्छ ? उद्दार समितिले कस्तो काम गरिरहेको छ ? यस बारेमा कुनै पनि जानकारी छैन । यसको उत्तर कले दिने ? यसको जिम्मा कले लिने ? स्पष्ट भाषामा भन्ने हो भने म साँच्चै भन्दाखेरि कर्णाली प्रदेशको सरकार सुतेको छ । कोरोना भाइरसलाई नियन्त्रण गर्ने प्रक्रियामा कर्णाली प्रदेशको सरकार चुकेको छ । यो कर्णाली प्रदेशको अकर्मण्यता हो, पैसा दिएँ भन्ने अनि डक्टरहरू पठाएँ, परीक्षणहरू गराएँ भन्ने आरडीटि परीक्षण आज डब्लूएचओले नै विश्वसनियता नदेखाएको नेपालको सर्वोच्च न्यायलयले नै विश्वसनियता नदेखाएको आरडिटी परीक्षण गऱ्यो भनेर जनताको आँखामा छारो हालेर झारा टार्ने मात्र काम भएको छ । यस सम्बन्धमा म के भन्न चाहन्छु भने कर्णाली प्रदेशकै स्वास्थ्य राज्यमन्त्री हुनुहुन्छ । कर्णाली प्रदेशवासीहरूको सौभाग्य हो, हामी त्यलाई खुसी व्यक्त गर्दछौं तर एक जन यस्तो महामारी कर्णाली प्रदेशका १७ जना १७ लाख जनता विपद्को महामारीमा गुज्रिरहेको बेला एक जना डाक्टर अथवा एक जना दुई चार जना जनशक्ति पनि उपलब्ध गराउन नसक्नु, कर्णाली प्रदेशका चाहे प्रदेशका हुन् चाहे संघका हुन् स्वास्थ्य मन्त्रीहरूको कुर्सीमा बसिरहन औचित्य हो कि होइन ? त्यसको न्याय फैसला जनताले गर्दछन् । म त स्पष्ट भन्न चाहन्छु अवश्य पनि गणितमा दुईतिहाइ ल्याएर डिभिजन प्राप्त गरेको सरकार स्वास्थ्यमा फेल भइसक्यो, गणितमा डिभिजन ल्याएको सरकार आज स्वास्थ्यमा फेल भइसक्यो । अब स्वास्थ्य नियन्त्रण सरकारबाट हुन सक्दैन । स्वास्थ्यको उपचारको लागि आफ्नो विकल्प आफै खोज भनेर जनताको माझमा जान आज नेपाली कांग्रेसलाई बाध्यता बनाइदैछ । यसबारेमा सरकारलाई सचेत रहन आ-आग्रह गर्दछु । म लामो केही कुरा गर्दैन अवश्य पनि दैलेखको ४ सय ४१ जना जो संक्रमित छन् । दुई सय ढाइसय भन्दा बढी त्यहाँ आइसोलेसन छैन ।दुई ढाइसय भन्दा बढी छैन, अब भैंसीको गोठमा छाप्रोमा राखेर उपचार गर्छौं भनेर कर्णाली प्रदेशको अकर्मण्यतालाई नेपाली कंग्रेस मुखदर्शक भएर बस्न सक्दैन । यसको बा यसको बारेमा अवश्य पनि कर्णाली प्रदेशका जनतालाई आफ्नो स्वास्थ्य उपचारको लागि आफ्नो विकल्प आफै खोज, आफै बाँच, आफै आफ्नो बन्धुबान्धवलाई बचाऊ भनेर हामीले चाहिने अवश्य पनि अपिल गर्नुपर्ने आज आवश्यक देखिएको छ । मैले यति भन्दै विदा हुन्छु, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख:** माननीय श्री धर्मराज रेग्मी, यसपछि माननीय श्री सोशिला शाही तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मी:** माननीय सभामुख महोदय, बजेट निर्माण प्रक्रियाहरू खासगरी चाहिँ यो नयाँ आर्थिक वर्ष सुरु हुने बेला बजेट निर्माण प्रक्रिया र जनप्रतिनिधिहरूको भूमिकाका बारेमा म थोरै विषय आजको कोभिडभन्दा बाहिर म संक्षिप्तमा आफ्नो टिप्पणी राख्न उभिएको छु ।

सभामुख महोदय, हामी एउटा जटिल खालको निर्वाचन प्रणालीबाट यो हाउसमा प्रतिनिधित्व गर्छौं । दुईटा चाहिँ मिक्स निर्वाचन प्रणाली छ । अँ दलीय घोषणापत्रको आधारमा हामी व्यक्तिगत उम्मेदवार भएर निर्वाचन प्रणालीबाट हामी चाहिँ यो हलमा छौं सभामुख महोदय । समानुपातिक प्रणालीको तर्फबाट चाहिँ पार्टीले त्यसको चाहिँ जिम्मेदारी लिन्छ सदस्यहरूको र हामीचाहिँ केही पार्टीले उम्मेदवारी दिने र व्यक्तिगत तवरले चाहिँ निर्वाचन लडेर आएनुपर्ने अझ यलाई प्रष्ट रूपमा हलमा भन्दा सभामुख महोदय, व्यक्तिगत रूपमा खर्चपर्चको व्यवस्था चाहिँ सम्बन्धित व्यक्तिले आफै निर्वाचनमा गर्नुपर्ने र पार्टीले चाहिँ टिकट र घोषणापत्र दिएर पठाउने र सम्बन्धित व्यक्तिले निर्वाचन क्षेत्रमा चाहिँ पुल बनाउने बाटो बनाउने, स्कूल बनाउने, अस्पताल बनाउने, सुरुङ्ग बनाउने, केबलकार बनाउने आदि विषयहरूको चाहिँ जिम्मेदारी राखेर प्रतिबद्धता व्यक्त गरेर आउनुपर्छ । निर्वाचित भएको ४ महिना ६ महिना एक वर्षपछि फलानो सांसद पास भो कि फेल भो भन्ने बारेमा टिकाटिप्पणी हुन्छ, सञ्चार माध्यमले लेख्छ, स्थानीय मतदाताहरूले प्रश्न गर्छन्। सांसद पास हुन्छ कि फेल हुन्छ भन्छन् सभामुख महोदय, यस्तो प्रणालीबाट हामी चाहिँ दलबाट व्यक्तिगत उम्मेदवार भएर छानिएर आउछौं र यो रेसमा हामी आफै पास हुने वा फेल हुने कुरा यो अत्यन्तै चुनौतीपूर्ण छ सभामुख महोदय । त्यसकारणले कहिलेकाहिँ राष्ट्रिय सभाको बैठकमा, कहिलेकाहिँ प्रतिनिधि सभाको बैठकमा एउटा छलफल चल्छ सभामुख महोदय, सांसदहरूले विकास गर्ने हो कि कानून बनाउने हो ? भन्ने प्रश्न चल्छ । म आफै, म आफै कानूनको विद्यार्थी हुँ, धेरेथोर मैले पार्लियामेन्ट्री प्रोसेसको बारेमा केही धेरथोर जानकारी मैले अध्ययन केही गरिराछु । मेरो आफ्नो बुझाइ यो सांसदले विकास गर्ने हो कि कानून बनाउने हो ? भन्ने बारेमा म आफू पनि चाहिँ अध्ययन गरिराछु तर मैले के बुझिराख्याछु भने अँ नेपालको सन्दर्भमा हो भने सांसदले दुइटै काम गर्ने हो अहिलेको व्यवस्थामा मौजुदा व्यवस्थामा कानून पनि बनाउने हो, विकास पनि गर्ने हो । यदि विकासका सरकारी संरचनाहरू सक्षम छन्, यदि विकास गर्ने सरकारका छुट्टै संरचनाहरू छन्, तिनीहरूले आफै नियमित काम गर्छन् भने डेफिनेटली सांसदको काम कानून बनाउने मात्रै हो । बेलायतमा भन्यो भने सांसदको काम कानून बनाउने मात्रै हो । अमेरिकी कंग्रेसमा भन्यो भने पार्लियामेन्ट्रीको काम कानून बनाउने मात्रै हो तर अघि मैले सुरुमै यो विषय के राखे भने सभामुख महोदय, जटिल निर्वाचन प्रणाली । मैले जटिल यसको हिसाबकिताबका आधारमा हामीले चाहिँ निर्वाचन गर्नुपर्ने प्रचारका आधारमा र एउटा प्रतिनिधिले गर्नुपर्ने बाचाको आधारमा जटिल भनिराख्याछु सभामुख महोदय । यस्तो जटिल प्रति प्रणालीमार्फत हामी हाउसमा आइसकेपछि बजेट निर्माण प्रक्रियाहरूमा माननीयहरूको भूमिका के हुन्छ ? बजेट निर्माण प्रक्रियाहरूमा माननीयहरूको भूमिका कहाँनेर हुन्छ ? कार्यालयका प्रमुखहरूलाई बजेट निर्माण प्रक्रियामा मात्रै सामेल गर्दाखेरि जनताको जनप्रतिनिधिहरूलाई बजेट निर्माण प्रक्रियामा सामेल गरिएन भने कुन चाहिँ व्यवस्थामा हुन्छ सभामुख महोदय ? म यो हाउसमा यो प्रश्न राख्न चाहन्छु कि कुन चाहिँ व्यवस्थामा जनप्रतिनिधिलाई बायस गरेर जनप्रतिनिधिलाई बाहेक गरेर बजेट बनाइन्छ ? म चाहिँ एउटा

मात्रै उदाहरण चाहिँ म सरकारलाई पेश गर्न चाहिँ म अनुरोध गर्छु । त्यसो हुँदाखेरि एउटा नयाँ बहसको जरुरी छ सभामुख महोदय । हाम्रा सन्दर्भमा कि यहि मोडालिटीको निर्वाचन प्रणाली चाहिँ हामी धान्न सक्दैनौं कि चाहिँ सांसदलाई हामीले चाहिँ विकास र कानूनको दुइटै जिम्मेदारी दिने कुरा चाहिँ उसका लागि पनि जोखिम छ सभामुख महोदय ।

अब एउटा चाहिँ मेरो अर्को टिप्पणी यसमा के छ भन्दाखेरि हामीले सरकारी संरचनाहरू खासगरी राष्ट्रिय योजना आयोग प्रदेश योजना आयोगहरू यिनीहरू हामीले चाहिँ बजेटिङ्ग गर्नका लागि प्लानिङ्ग गर्नका लागि यस्ता आयोगहरू गठन गऱ्यौं । यी आयोगका पदाधिकारीहरूले काम नपाइरहेको अवस्था छ, त्यो राष्ट्रिय योजना आयोगमा पनि त्यो छ, प्रदेश योजना आयोगहरूमा पनि त्यो छ । बढी चाहिँ योजना आयोगका सदस्यहरूको केही योजना आफ्नो क्षेत्रमा माग्ने कुराबाहेक उनीहरूले राष्ट्रिय योजनाको बारेमा र प्रदेशको योजनाका बारेमा चिन्तन गर्न सक्ने, प्लानिङ गर्न सक्ने छैन । योजनाहरू कसबाट चलिरहेको छ भनेर भन्दाखेरि योजनाहरू गएर मन्त्रीबाट र मन्त्रीका पीएहरूबाट चलिरहेको छ । मन्त्रीका पीएहरूबाट प्रदेशभरिमा अथवा चाहिँ क्षेत्रभरिमा योजना बनाउने प्रणाली बनायौं भने सभामुख महोदय, हामी कहाँ पुग्दैछौं ? हामी जान खोजेको कहाँ हो ? संविधानले मौजुदा कानूनले र यो सभाले हामीले जनप्रतिनिधिहरूलाई अधिकार विहिन बनाउने, जनप्रतिनिधिहरूलाई कमजोर बनाउने र आर्थिक वर्षको अन्तिममा यति ठूलो स्केलमा चाहिँ रकमान्तरहरू हुन्छ, आर्थिक अनुशासनको उल्लङ्घन गर्ने गरी यति ठूलो स्केलमा क्रमागत योजनाहरू तोकिन्छन् यति ठूलो स्केलमा बहुवर्षीय योजनाहरू तोकिन्छन्, यति ठूलो स्केलमा । यो के कारणले हुन्छ सभामुख महोदय ? मैले अघि सुरुमा भनेको जटिल निर्वाचन प्रणाली आफ्नो क्षेत्रको चुनाव जित्ने । आफ्नो क्षेत्रको वडामा विकास गर्नुपर्ने, मुख्यमन्त्रीले गर्नुपर्ने, प्रधानमन्त्रीले गर्नुपर्ने, सांसदले गर्नुपर्ने र फेसबुकमा फलानोले चाहिँ यति विकास हाल्यो भन्नुपर्ने र २ वर्ष ३ वर्षपछि त्यहि निर्वाचनमा चाहिँ हामीले भाग लिनुपर्नेछ भन्ने त्रासले गर्दाखेरि यो जटिल निर्वाचन प्रणालीका कारणले आफ्ना पीएहरूमार्फत चाहिँ आफूमार्फत चाहिँ कहाँ चाहिँ जान्छ भन्दाखेरि कार्यकर्ताहरूमार्फत् कुनै एउटा क्षेत्रविशेष मात्रै हुन्छ । त्यसकारण मैले यो सभामा गम्भीरतापूर्वक यो विषय प्रवेश गराएर के ध्यानाकर्षण गर्न चाहे भने केन्द्रीय संरचनामा हिँजो चाहिँ हाम्रा कर्णालीहरू जस्तोले बजेटै पाउँथेन सभामुख महोदय, किनभने जसको पावर हुन्थ्यो त्यहाँ मात्रै बजेट जान्थ्यो । प्रदेश संरचनाको अभ्यास गरिसकेपछि हामीले के गरेर राख्याछौं भने जसको पावर हुन्छ, त्यहाँ मात्रै बजेट जान्छ । मैले यो हाउसमा यो हाउसको बडो सम्मान गर्दै मैले के भन्न पर्छ भने अहिले पनि तीनवटा चारवटा र बढीमा पाँचवटा क्षेत्रमा बजेटको साठी प्रतिशत बजेट जाने हो । यो कुरा सत्य हो । त्यसो हो भने यो विषयमा छलफल गर्न चाहिँ जनप्रतिनिधिको नाताले भोलि यो व्यवस्थामाथि प्रश्नहरू उठाउँछन् । मलाई मत दिने मेरा मतदाताहरूले प्रश्न गर्छन् उनीहरूले बजेटका बारेमा टिप्पणी गर्छन् । त्यो गरेर मेरा मतदाताहरूको जुलुश आयो भने म जनप्रतिनिधिको रूपमा यो सभाले मलाई त्यो जुलुशको नेतृत्व गर्ने अनुमति दिनुपर्छ सभामुख

महोदय । यदि त्यसो हो भने जनताले चाहिँ हाम्रा जनप्रतिनिधिमार्फत चाहिँ उनीहरूले आफ्ना कामहरू गर्न नपाउने अवस्था हो भने पछि सभामुख महोदय, त्यसो हो भने के हाम्रो काम सरकार बनाउँदा मत दिने र विश्वासको मत दिने मात्रै हो । त्यसो हो भने सरकारले आफ्ना जिल्लाका कार्यालय प्रमुखहरूबाट विश्वासको मत लिँदा के फरक पर्छ ? त्यसो हो भने हामी कस्तो प्रणाली बनाउन चाहिराछौं ? सभामुख महोदय । त्यसो हुँदा मैले आज यो गम्भीर विषय चाहिँ यहाँ प्रवेश गराएँ सभामुख महोदय । म यो विषयमा जनताको जनप्रतिनिधिको नाताले नेपालमा सांसदहरूको भूमिका कानून मात्रै बनाउने हो वा बजेट बनाउने हो ? वा यही निर्वाचन प्रणालीबाट हामी यो व्यवस्थालाई धान्न सक्छौं कि सक्दैनौं ? यसरी चाहिँ जनप्रतिनिधिको भूमिका मुखरित कसरी गराउन सकिन्छ ? भन्ने बारेमा म पछिल्ला दिनहरूमा पनि यो बहसमा भाग लिनेछु । त्यसकारणले म यो अवसरको लागि हार्दिक हार्दिक आभार व्यक्त गर्दछु । धेरै धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री सोशिला शाही, यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार रहनुहोला ।

**माननीय श्री सोशिला शाही:** सभामुख महोदय, सर्वप्रथम दुई, २०७७ र ७८ २०७७, २८ गते कालिकोट जिल्लाको कर्णाली करिडोर अन्तर्गत लालीगाड रेगिन खण्डमा टिप्पर दुर्घटना भएको छ । भारतबाट आफ्नो घर रासकोट जान रासकोट नगरपालिका टिप्पर पठाएका र सो टिप्पर दुर्घटना हुँदा हालसम्म ३ जनाको मृत्यु भइसकेको छ । एक जना गम्भीर घाइते, दुई जना वेपत्ता ११ जना कालिकोट जिल्ला अस्पतालबाट उपचारपश्चात् डिस्चार्ज भइसकेको र बाँकी २२ जना सकुशल उद्दार गरी रासकोट नगरपालिका क्वारेन्टाइनमा गइसकेको अवस्था छ । यो दुर्घटनामा आफ्ना आफ्नो ज्यान गुमाउनु भएका मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । हराइरहेका व्यक्तिहरूको खोजी तथा उद्दार कार्य होस भन्ने माग गर्दछु । घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो घटना के कसरी भएको हो ? अविलम्ब त्यसको छानविन गरोस् गरियोस् र दोषीमाथि कारबाही होस् साथै मृतक परिवारप्रति गहिरो समवेदना प्रकट गर्न चाहन्छु । अव्यवस्थित यातायातलाई नियन्त्रण र नियमन गर्न सम्बन्धित पक्षको ध्यान पुगोस् । यसप्रकार दुर्घटना हुन नदिन समयमै ज्यान जनता सजक अपनाउनु सम्बद्ध पक्ष ध्यान जाओस् साथै लकडाउनको बेलामा विभिन्न बहानामा पास लिएर यातायात सञ्चालन गर्ने काम पनि भएको भन्ने सुनिएको छ। यसलाई पनि व्यवस्थित र नियन्त्रण गरियोस् । सभामुख महोदय, आज हामी कर्णाली प्रदेशको छैटौं अधिवेशनको छलफलमा छौं । अधिवेशन प्रारम्भ भएको मितिदेखि आजसम्म धेरै विषयहरूमा आफ्ना धारणा राखिरहेका छौं । संसद्मा उठेका विचारहरू त्यसमाथि आएका सुझावहरूलाई आगामी बजेटमा समावेश गरेर सरकारले आफ्नो कार्यशैलीलाई चुस्त-दुरुस्त बनाउने क्षमता छिटो छरितो सेवा प्रवाह गर्ने, जनताले सरकारको को अनुभूति गर्न पाओस् विगतका वर्षहरूमा जस्तो नभएर भिन्न कार्यशैलीबाट अगाडि बढ्नेछ भन्ने हामीले अपेक्षा गरेका छौं । संसद्ले त

सरकारलाई बाटो देखाउने हो । काम गर्न त सरकारले नै हो । तसर्थ म फेरि पनि दोहोऱ्याउन चाहन्छु । यस, यसपालि सरकारले गल्ती गर्ने छैन, सरकार चुक्ने छैन, चाकडी र चाप्लुस गरेर सरकारलाई आफ्नो अनुकूल हिँडाउन खोज्ने तत्व र बिचौलियाबाट सरकार टाढा, टाढा रहोस् रहनेछ । आफ्नो कार्य दक्षतालाई प्रवाह गर्ने छ, गल्ती जो जोसुकैबाट हुन सक्छ तर त्यसलाई सच्याएर अघि बढ्न सक्ने क्षमता जसले राख्दछ ऊ महान हुन्छ । गल्तीबाट पनि अँ पाठ सिक्न नसक नसक्नेलाई त कसैले पनि क्षमा दिन सक्दैन । सभामुख महोदय, विगतदेखि नै सञ्चालन भइरहेको निर्वाचन क्षेत्र विशेष कार्यक्रम ठीक ढंगले सञ्चालन गर्नु पर्दछ यसमा समानुपातिक सांसदको भूमिकालाई गौण, गौण बनाइएको छ । अझ खासगरी भन्ने हो भने अहिलेसम्म मैले सिफारिस गरेको एउटा योजना पनि कार्यान्वयन भएको छैन । गत वर्षमा सिफारिस गरिएका योजना पनि तिनको नाम बिगारिदिने र हालसम्म अझैं कार्यान्वयन नभएको अवस्था छ । यहि हो यदि यो कार्यक्रम राम्रोसँग कार्यान्वयन हुने हो र हामीसँग सल्लाह परामर्श पनि लिएर निर्णय प्रक्रियामा सामेल गराएर ठीक ढंगले कार्यान्वयन गर्नुपर्दछ । होइन भने यो कार्यक्रमलाई खारेज गरी कोरोना जाँचको लागि चाहिने पिपिआर खरिद पिपिआर खरिदमा बजेट विनियोजन गरिनुपर्छ । धन्यवाद । जय राष्ट्रवाद ।

**माननीय सभामुख:** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्ट:** माननीय सभामुख महोदय, मैले खास गरी यो केही दिन अगाडि मिडियामा पनि विषय उठेको र हाम्रो रोष्टमबाट बोल्दै गर्दा प्रतिपक्ष दलको नेताले केहि दिन अगाडि यो खासगरी संसद् सचिवालयसँग जोडिएको विषय उठाउनुभएको थियो । हिजो मात्रै यो नेपाल पत्रकार महासंघ केन्द्र जिल्ला र प्रदेशले एउटा चाहिँ प्रेस विज्ञप्ति निकालेको रैछ। त्यसप्रति मेरो अगाडि मैले धेरै यो विषयमा अध्ययन गरेको थिइन । हिजो यो कुरा आइसकेपछि मलाई अलि गम्भीर बनायो र यसको एक दुई हरफमा के लेखिएको रैछ भने पत्रिकाको अनलाइनमार्फत् सभामुखको लागि नियम विपरीतको गाडी खरिदसँग सम्बन्धित समाचारको विषयलाई लिएर कर्णाली प्रदेशका सभामुख राजबहादुर शाहीको निर्देशनमा व्यक्तिगत चरित्र हत्या हुने गरी समाचार प्रकाशित भएका छन्, जनप्रतिनिधिमूलक संस्थाको प्रमुख जस्तो पदमा बसेको पदाधिकारीबाट यस्तो हुनु विडम्बना हो । यसबाट आगामी दिनमा स्वतन्त्र रूपमा समाचार प्रकाशन प्रसारण गर्न पत्रकार र सञ्चार माध्यमलाई हतोत्साही गर्ने निश्चित छ। महासंघ प्रेस स्वतन्त्रता र पत्रकारिताको मूल्य, मान्यताप्रति प्रतिबद्ध हुन सम्बन्धित पक्षलाई सचेत गराउन चाहन्छ भनेर यहाँ भनिएको रहेछ । यसैसँग मेरो एउटा टिपोट के छ भने सभामुख महोदय । सभामुखसँग जोडिएर स्थानीय र राष्ट्रिय मिडियामा आएका विषयवस्तुको बारेमा हिजो जेठ २९ गते नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, काठमाडौं, नेपाल रमेश विष्ट महासचिव, नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश महासचिव दिपेन्द्र शर्मा, नेपाल पत्रकार महासंघ सुर्खेत शाखा सचिव सुदिप पुरी योभन्दा अगाडि स्थानीय रूपमा प्रकाशित कर्णाली पत्र, राष्ट्रिय मिडियामा नयाँ पत्रिका दैनिकमा प्रकाशित लगायत थुरै अनलाइनमा प्रकाशित भइसकेको विषय हो । विशेष संसद्

सचिवालयले खरिद गरेको गाडीसँग सम्बन्धित छ, जुन प्रत्यक्षत: सभामुखलाई जोडिएको छ । सञ्चार माध्यमका अनुसार यो विषय अहिले अख्तियार र सार्वजनिक लेखासमितिको छानविनको प्रक्रियामा छ तर विषयलाई विषयान्तर हुने गरी संसद्को संघसंस्था प्रमुख नै त्यसमा मुछिने गरी सार्वजनिक रूपमा विषय उठ्नु कत्तिको जायज हो ? वा मिडियामा आयजस्तै कुरो हो भने यो गम्भीर विषय हो । यसले संसद्को गरिमाप्रति धक्का पुऱ्याउँछ कि पुऱ्याउँदैन ? प्रेस विज्ञप्तिको रूपमा आउनुभन्दा अगाडि नै प्रतिपक्ष दलको नेताले रोष्टमबाट बोल्दा आफ्नो सादगी जीवनको उदाहरण पेश गर्ने क्रममा सेवासुविधा अन्तर्गत गाडी छोड्छु भन्ने कुरा सह्रानीय पक्ष भए पनि फेरि घुमाइफिराइकन उहाँको व्याख्याले संसद् सचिवालय र सभामुखलाई यो प्रकरणमा नजानिदो ढंगले जोडिएको कुरा उहाँको भनाइबाट नै प्रष्ट हुन्छ । उहाँले प्रष्टकित पार्नु सही या गलत थियो एउटा संवैधानिक संस्थालाई । म त्यतापट्टि पनि धेरै गिजोल्याइरहन चाहन्न, गिजोल्याइरहन चाहन्न । प्रेस स्वतन्त्रताप्रति सार्वभौम संस्थाको भूमिकाप्रति नेपाली पत्रकारहरूको छाता संगठन नेपाली पत्रकारको छाता संगठन झण्डे १६ हजार छाता संठनहरूको प्रतिनिधिमूलक संस्था हो । नेपाल पत्रकार महासंघ केन्द्र प्रदेश र जिल्लाको प्रेस विज्ञप्ति प्रकाशित भएको छ । प्रश्न यति मात्र होइन, संसद्को नेतृत्व नै सरकारी साधनको दुरूपयोग गरेर अनाधिकृत काममा लागेको संस्थाको टिप्पणी छ। संस्थागत रूपमा आएको त्यस्तो धारणाले सांसद सदस्यको हैसियतले मलाई लज्जाबोध भएको छ र हाम्रो संस्थामाथि नै यत्रो राष्ट्रिय-अन्तर्राष्ट्रियरूपमा प्रश्न उठ्नु कुनै व्यक्तिगत सभामुखको मात्र विषय नभई समग्र संस्थाप्रति नै गम्भीर प्रश्न उठ्नु हाम्रा लागि दु:खद् र चिन्ताको विषय हो । मिडियामा आएजस्तै खास कुरो भुसको आगो जस्तै बाहिर सल्किने राख्ने तर सार्वभौम संस्था वास्तविक सूचनाको हकबाट बञ्चित हुने कुरा सही हुन सक्तैन । यसको सत्यतथ्य कुरा के हो संसद्मा जवाफको लागि सभामुखमार्फत् सम्बन्धित पक्षको म ध्यानाकर्षण गर्न चाहन्छु । खासगरी यो प्रकरणमा संसद्को सचिवालय र सरकारसँग जोडिएको कुरा मिडियामा आए जस्तै वास्तविकता के हो ? प्रष्ट पार्न पनि म विशेष अनुरोध गर्दछु ।

महान् विद्वान् भोल्टिएरले भनेका छन्- तपाईँको कुरासँग म असहमत छु, तर सर, तर म तपाईँको भन्न पाउने अधिकारलाई मृत्युदेखि बचाउनेछु । जन निर्वाचित प्रधानमन्त्री वीपी कोइरालाले जनता प्रतिपक्ष र सरकारका कमीकमजोरी औंल्याउन मिडियलाई आह्वान गरेका थिए । त्यसकारण मिडियामा आएजस्तै के यसको आदर्श र भावना विपरीत हाम्रो सार्वभौम संसद्मै मिडियाको घाँटी निमोठ्न लागेको हो । यो विषयमा एकातिर एउटा संघसंस्थालाई नै जोडेर आएको अनियमितताको विषय र अर्को समग्र सञ्चार माध्यमप्रति संसद् र हाम्रो प्रणाली पूर्वाग्रही र आक्रामक रूपमा लागेको भन्ने विषय गम्भीर रूपमा सार्वजनिक भैसकेकोले यी समग्र विषयमा प्रष्ट पार्न म सभामुखमार्फत् सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम ह समाप्त भएको जानकारी गराउछु ।

माननीय सदस्यहरू, यस सभाको अघिल्ला बैठक र आजको विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाका सन्दर्भमा आफू सम्बद्ध विषयहरूमा यस सभालाई जानकारी गराउन कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:** माननीय सभामुख महोदय, आज म हाम्रो मन्त्रालय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित अति आवश्यकीय सार्वजनिक सरोकार राख्ने विषयहरू, जुन विषयहरू माननीयज्यूहरूले यसभन्दा अगाडिका बैठकहरूमा उठाउनुभएको छ, ती महत्त्वपूर्ण विषयहरूमा केही प्रष्टीकरण गर्नका निम्ति म उपस्थित भएको छु । यो अवसर दिनुहुने माननीय सभामुखज्यू र माननीयज्यूहरूलाई सभामुखमार्फत हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, सर्वप्रथम विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ का कारण कर्णालीमा हिजोसम्म संक्रमित हुने ७ सय ४३ संख्या सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु र मृत्यु हुने ३ जनाको ३ जनाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र देशभरिकै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। सञ्चो भई घर फर्कने सफल २९ जनालाई हार्दिक बधाई दिन चाहन्छु र उहाँहरूबाट हामी सबैले सिकेर उच्च मनोबलका साथ कोरोनालाई पराजय गर्न दृढ इच्छाशक्ति हामी सबैमा पैदा होस् भन्ने शुभकामना पनि दिन चाहन्छु । यो बीचमा केही यस कोरोनाको बीचमा निकै दु:खद् घटनाहरू घटे एकदमै दु:खद् हाम्रो इतिहासमै कर्णालीको इतिहासमै नेपालको इतिहासमा हामीलाई निकै लज्जित गर्ने खालका र धेरै दु:खदायी घटना घटे । रुकुमको सोतीको घटना निकै दु:खदायी छ, त्यो घटनाप्रति म दु:ख व्यक्त गर्न चाहन्छु । हिजो अस्ति मात्रै कालीकोटको लालीघाटमा घटेको घटना र त्यहाँ मृत्यु हुनेहरूप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यस्तै सिम्ता, डोल्पाका बच्चाहरू र अझ यो बीचमा बलात्कृत बन्न पुगेका बालिकाहरूप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यी सबै घटनाहरूका दोषीमाथि कडाभन्दा कडा कारबाही गर्नका निम्ति र निर्दोषहरूलाई क्षतिपूर्ति दिनका निम्ति संस्थागत र व्यक्तिगत दुवै हिसाबले निरन्तर लागिरहने प्रतिबद्धता पनि जाहेर गर्न चाहन्छु ।

सभामुख महोदय, बैठकका क्रममा महत्त्वपूर्ण विषयहरूमा उठेका खासगरी कृषिसँग कृषिको क्षेत्रलाई अझ प्रभावकारी बनाऔं र अहिलेको आवश्यकता कोभिडले कोभिड महामारीले ल्याएको संकटलाई निवारण गर्ने खालको अवस्था कृषिबाट हुन सकेन । भोकमारी रोक्न सक्ने अवस्था कृषिबाट हुन सकेन भने ठूलो अझ समस्या हुन सक्छ भन्ने चिन्ताका साथ धेरै महत्त्वपूर्ण सुझावहरू आएका छन् ती सबै सुझावहरू मैले एक एक गरेर भन्न पर्छ जस्तो मलाई लाग्दैन । ती सबै महत्त्वपूर्ण सुझावहरूलाई मन्त्रालयले ग्रहण गरेको

छ । मन्त्रालयले आफ्नो आफ्नो गाइडलाइनको विषय बनाएर अगाडि बढ्ने गरी कामको सुरुवात पनि गरिसकेको छ। कतिपय महत्त्वपूर्ण कुराहरू सुरुका मिटिङ्ग यो बैठक सुरु भएदेखि नै कतिपय कार्यालयबाट हुने वितरणको सिस्टममा वितरण नहुने कुराले कार्यकर्ताहरूलाई भरणपोषण भयो कि भन्ने कुराहरू पनि आए । ती सबै कुराहरूमा हामीले तत्काल कार्यालयहरूलाई लिखित जवाफको निम्ति स्पष्टीकरण माग गरेर चिठी पठाइसकेका छौं र त्यसको हामीले आफ्नो तर्फबाट पनि मन्त्रालयले पनि बुझिरहेका छौं र जहाँ हामीले कार्यविधि र प्रक्रियाभन्दा बाहिर गएर कसैलाई वितरण गर्ने गरी त्यस्ता कार्यक्रम भएमा हामीले कार्यविधिभन्दा बाहिर गएर गरेका कार्यक्रमहरू र प्रति कर्मचारीहरूलाई निर्ममतापूर्वक हामीले विभागीय हिसाबले कार्बाही गर्ने र त्यसलाई सिफारिस गर्ने, गलत देखिएमा सिफारिस गर्ने कुराहरूको पनि पहल अगाडि बढाउ बढाउदैछौं र मैले त्यही हिसाबले यहाँ कुरा उठ्ने बित्तिकै सचिवज्यूलाई निर्देशन गरिसकेको छु र प्रोसेसमा छन् । यी कुराहरू सामान्य हेर्दा सामान्य जस्तो परम्परा जस्तो एकदम प्रथा जस्तो देखिन्छ तर यो सामान्य लाग्दैन । कर्णाली मात्रै हैन देशको विकासको बाधक भनेको भ्रष्टाचार हो र यो बजेटको सदुपयोग नगर्ने कुरा र कर्णालीमा यो चुनौती छ भन्ने कुरा राम्रोसँग अनुभूति यो ढाइ वर्षको मन्त्रीको कार्यकालमा अझ राम्रोसँग गहिरो गरी अनुभूति गरिएको छ । त्यसैले त्यो कुरालाई जानी-जानी हामीले कुनै पनि हालतमा संस्थागत हिसाबले प्रश्रय दिने कुरै हुँदैन र प्रश्रय दिन पनि सकिदैन । त्यसो हो भने त्यलाई खोतल्ने र समस्या कहाँ हो ? समाधान गर्ने बाटोमा हामी लाग्ने कि नलाग्ने भन्दा लाग्ने हाम्रो जिम्मेवारी हो । मन्त्रालय लाग्नुपर्छ र त्यो सँगसँगै सबै सरोकारवालाहरू र जनप्रतिनिधि अझ विशेष गरी जनप्रतिनिधिहरूले त्यो खालको सहयोग गरिरहनु भएको छ र अझ गर्नुहुन्छ र सबैको साझा पहलमा मात्रै हामीले यी समस्याहरूको कारण खोज्नेछौं र कारण हल गर्ने गरी लाग्नुपर्छ र केही नगरीकन कर्णाली म यसै बनाउछु भनेर भाषण गरेर मात्रै हुने जस्तो मलाई लाग्दैन । त्यसैले अब केही कुराहरूका निम्ति प्रमाण खोजेर बाहिर कुरा गरेर हैन, प्रमाण खोजेर लाग्नेतिर अँ लाग्नु मतलव अगाडि बढ्नुपर्छ, कारबाहीका प्रोसेसहरूलाई अगाडि बढाउनुपर्छ भन्ने कुराको फिलिङ्ग गहिरो गरी भएको छ र हामी त्यतातर्फ लागिरहेका छौं । मैले मलको सन्दर्भमा अलि महत्त्वपूर्ण कुरा उठेको थियो । अस्तिको बैठकमा सवाल धेरै माननीयज्यूहरूले कर्णाली प्रदेश सरकारले न त अर्गानिक कर्णाली प्रदेश घोषणा गरेर प्राङ्गारिक मल या अर्गानिक मलको उपलब्धता गरायो, त्यो खालको उद्योगहरू बनायो । न त उत्पादन गर्‍यो न त संघीय सरकारले दिएको रसायनिक मलको अनुदानलाई नै सदुपयोग गर्‍यो भन्ने एकदमै महत्त्वपूर्ण प्रश्न उठेको छ । म सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु वास्तवमा सही कुरा हो र यलाई हामीले महसुस गरेका छौं र मैले अस्ति पनि म अरुको सन्दर्भमा केही कुरा राखें । पहिलो कुरा त कर्णाली प्रदेशले लिएको नीति प्राङ्गारिक प्रदेश या अर्गानिक कर्णाली प्रदेश बनाउने नै हो, त्यसमा हामी कहीँकतै विचलित छैनौं, विचलित हुनु पनि हुँदैन । अहिलेको रेकर्ड हेर्दाखेरि पाँचवटा जिल्लामा कुनै पनि रासायनिक मल पुगेको देखिएन । पाँचवटा कर्णालीका साविक पाँचवटा

जिल्लामा रसायनिक मल पुगेकै छैन तसर्थ पाँचवटा कर्णालीका साविक जिल्लाहरू त यसै पनि अर्गानिक छन् । त्यलाई हामीले विस्तार गरेर तलका जिल्लाहरूलाई पनि क्रमश: अर्गानिक बनाउने दिशातिर जाने र यलाई आधार बनाउने भनेका हौं । कतिपय सन्दर्भमा यस्तो पनि हल्ला भयो- कर्णाली प्रदेश सरकारले अर्गानिक प्रदेश भनेर घोषणा गरिसक्यो किन रसायनिक मल बन्द गरेको छैन ? भन्ने कोइशन पनि उठे तर हामीले त्यो कहिल्यै पनि भनेनौं । पूर्णरूपमा अर्गानिक प्रदेश हो भनेर भनेकै छैनौं । आधार बनाउने दिशामा जाने भनेर कर्णाली प्रदेश सरकारको पहिलो बैठकले निर्णय गरेको थियो । त्यही आधार बनाउने क्रममा हामी जाँदै गर्दाखेरि हामीले एउटा सुर्खेतमा एउटा उद्योग बनाउन त भन्ने कोसिस गऱ्यौं बजेट पनि छुट्यायौं । पहिलो वर्ष २ करोड छुट्याइयो । त्यो त्यस्तो उद्योग बनाई खाने खालका मान्छे र त्यो खालको आइडिया भएका मान्छे आएनन् । एकदम विभिन्न खालका घेराबन्दी मल किनाउने घेराबन्दी आइपुगे । त्यो मल किन्नेतिर नलागेर उद्योग बनाउनेतिर लागियो तर उद्योग पनि खास बनाउन सकिएन । त्यो त्यत्तिकै हामीले कार्यक्रम राम्रोसँग सफल गराउन सकेनौं । बजेट त्यस्तै फ्रिज रह्यो । अहिले यो वर्ष, यो वर्ष अब यो मल उद्यो, यसो विज्ञहरूको कुरा सुनियो, यो मल उद्योग बनाएर कर्णालीका बाँकीका जिल्लामा तपाईँहरूले मल पुऱ्याएर हामी विकास गर्छु भन्ने ठान्नु भो भने त्यो गलत हो । हरेक मल, हरेक गोठलाई प्राङ्गारिक स्रोत बनाउनुपर्छ भन्ने धेरैतिर सुझाव पनि आयो । ती सुझावहरूको बाबजुद हाम्रो संस्लेशण के थियो भने एउटा सुर्खेतमा उद्योग बनाउनै पर्छ, साझेदारी मोडलमा जाने कि सरकार आफैले बनाउने ? सरकार आफैले बनाउने पनि फेरि नपुग्ने कताकता । साझेदारी मोडेलमा जाऔं र साझेदारी मोडेलका निम्ति साझेदारी कानून पनि फेरि छलफलमा । यस्तै यस्तै बीचका कारणले हामी ठ्याक्कै उद्योग स्थापना गर्न सकेनौं । अहिले पनि उद्योगको कार्यक्रम प्रस्तावित गरिएको छ । यता एउटा सुर्खेतमा मध्यम खालको उद्योग स्थापना गर्ने प्राङ्गारिक मलको अरु सबै जिल्लाहरूतिर आवश्यकता अनुसार व्यवसायी उत्पादनका निम्ति मल उपलब्ध गराउने यहीँबाट आफ्नै प्रदेशको मल उपलब्ध गराउने बाहिरबाट हामीले उपलब्ध नगराउने । हामीले आफैले आफ्नो प्रदेशमा किन्ने मल हामी आफैले बनाउने र बाँकी ठाउँहरूका लागि हरेक गोठलाई प्राङ्गारिक मलको स्रोत गराउने गरी हामीले त्यो न नीति लियौं । र अहिले यो कार्यक्रम अर्गानिक मिशनमार्फत प्राङ्गारिक मलका स्रोतहरू हरेक गोठ बनाउने कोसिस गरिएको छ र त्यो अगाडि बढेकै छ । यसो गरिरहँदाखेरि अहिले यो जुन खालको कोभिडका कारणले जुन महामारी आयो । महामारी आइसकेपछि अहिले पहिले कस-कसैले पनि हाम्रो मन्त्रालयमा रसायनिक मल चाहियो र यसको सहजीकरण गर्नुस् भनेर कसैले हामीलाई भन्न सकेनन् किनभने कर्णाली प्रदेशको नीति नै थिएन । र अहिले यो संकटमा सबैतिरबाट फोन आइरहको छ । यहाँ हामीलाई मल पुगेन, यो मल चाहियो पनि भनिरहेको अवस्था छ र कतिपय हामीले सहजीकरण गरेर भैरहवामा कुरा गरेर मल पुऱ्यायौं तर अझ पनि कर्णाली प्रदेशलाई चाहिने मल पुगेको छैन । मैले डाटा पेश गर्न चाहें । यो मलको विषय कुरा गर्दैगर्दाखेरि कर्णाली प्रदेशले फेरि

अर्गानिक नीति छोडेर अर्कोतिर लाग्यो कि भन्ने भ्रम पर्न सक्छ । बिल्कुल त्यो हैन, हामीले खाद्य संभावित खाद्य संकट न्यूनीकरणका लागि जोखिम न्यूनीकरणका लागि अहिले रसायनिक मल संघीय सरकारले दिने रसायनिक मललाई हामी प्रदेश सरकारले केही नगरीकन सहजीकरण गरेर उपलब्ध सहज ढंगले उपलब्ध गराउने मात्रै हामीले नीति लिएका छौं । त्यो खालको नीति या सहजीकरण गर्ने नीतिका सन्दर्भमा हामीले केही प्रयास गर्‍यौं । खासगरी अहिले डाटा हामीले लिँदाखेरि अहिले कर्णाली प्रदेशमा कृषि सामग्री कम्पनी लिमिटेड सुर्खेत र दाङ छ । सुर्खेत सुर्खेतमा छ यसको दाङ पनि छ कार्यालय । कर्णाली प्रदेशमा सुर्खेत मात्रै छ तर दाङले पनि सप्लाई गर्दो रहेछ हाम्रो कर्णाली प्रदेशको सलेन र रुकुमलाई । र नेपालगञ्जको शाखाले जाजरकोट गर्दो रैछ । सुर्खेतको यो कृषि सामग्री केरे कम्पनीले दैलेख, कालिकोट र सुर्खेतमा गर्दो रैछ । र अहिले त्यो सँगसँगै साल्ट ट्रेडिङ्ग कर्पोरेशनले सुर्खेत यसको सुर्खेत र एउटा सुर्खेत र दाङमार्फत् रासायनिक मलको आपूर्ति गरेको यो दुईटाले सबैतिर आपूर्ति गरेको देखियो । माथि कर्णाली प्रदेशमा गएको मतलव कर्णाली, साविकको कर्णालीमा गएको देखिदैन । कर्णाली प्रदेशमा कृषि सामग्री कम्पनी लिमिटेड सुर्खेतले, सुर्खेतले सुर्खेत, दैलेख र कालिकोट जिल्ला, दाङ शाखाले सलेन र रुकुम पश्चिम, नेपालगञ्ज शाखाले जाजरकोट र साल्ट ट्रेडिङ्ग कर्पोरेशनले सुर्खेत शाखाले सुर्खेत, दैलेख र कालिकोट, दाङ शाखाले सलेन र रुकुम पश्चिम जिल्लाहरूमा रासायनिक मल आपूर्ति गर्ने गरेको देखियो । हालसम्म २०७७/०२/२८ गते सम्म अस्ति २८ गतेसम्मको यसको मलको अवस्था बुझ्दाखेरी - सुर्खेतमा युरिया १६ सय ४७.४५ मेट्रिक टन यूरिया सुर्खेतमा देखियो, यो २८ गतेसम्मको रेकर्डमा । डिएपी ८ सय ८३.८५ देखियो । पोटास ३२.८५ गरी २५ सय ६४.१५ प्रतिशत मतलव १५ मेट्रिक टन हामीले सुर्खेतमा मलको अवस्था देखियो । त्यति गर्दा पनि ३० प्रतिशत मान्छेमा अहिले पनि मल आपूर्ति गर्न सकिएको छैन । दैलेखमा १ सय ७३.7 मेट्रीक टन यूरिया, १ सय ३९ डीएपी, १ सय ३९ मेट्रिक टन, त्यस्तै पोटास ५.65 मेट्रिक टन पोटास जम्मा ३ सय १८.४५ अँ दैलेखमा देखियो, यो सुर्खेतको तुलनामा निकै कम छ । यहाँ पनि त्यही खालको अभावको अँ मतलव कुरा आइरहेको छ । जाजरकोटमा ४० मेट्रिक टन यूरिया मात्रै छ, सलेनमा ७ सय १६.१५ मेट्रिक टन यूरिया, ३ सय १२.55 मेट्रिक टन डिएपी पो-पोटास २0.35 मेट्रिक टन सलेनमा देखिन्छ । त्यसो गर्दा हजार ४९ मेट्रिक टन सलेनमा मल उपलब्ध हुने अवस्था छ, आजको मितिमा । रुकुम पश्चिममा १ सय ४३.25 यू मेट्रिक टन यूरिया, 22.75 अँ ७५ अँ डीएपी पोटास छैन त्यसरी १ सय ६६ मेट्रिक टन मलको अवस्था छ । यी तीनवटै फेरि यूरिया डीपी र डीएपी र पोटासलाई एकैठाउँमा समानुपातिक र सन्तुलित ढंगले नगराउँदाखेरि फेरि युरियाको मात्रा बढी हुँदाखेरि माटो बिग्रिने कुरा पनि भयो र यस सँगसँगै लिनुपर्ने अवस्था हुँदो रैछ । त्यसो गर्दा अहिले संघीय सरकारसँग हाम्रो कोअर्डिनेशन भइरहेको छ र संघीय सरकारले यसपालि ४ लाख ५० हजार मेट्रिक टन यस वर्षका लागि मल मगायो । त्यो मल केरे कलकत्तामा आउने क्रममा यो लकडाउनका कारणले सहज

रूपमा आइपुगेको छैन । केही अहिले ल-लकडाउन खुकुलो भएपछि ५० हजार मेट्रिक टन मल आउँदैछ र अरु बाँकी मल क्रमश: ल्याउने प्रक्रियामा छ । त्यसकारण असारको अन्तिमसम्म दोस्रो हप्तासम्म जसरी पनि ल्याउने व्यवस्था गर्छौं भन्ने कुरा संघीय मन्त्रालयले हामीलाई जानकारी गराएको छ । त्यसो गर्दा हामीले के भनेका छौं भने यो वर्ष अर्गानिक मलका कुरा पछि गरौंला अहिले यही रसायनिक मलको कुरा भए पनि आपूर्ति सहज रूपमा गराइदिन पऱ्यो कर्णाली प्रदेशले पाउने कोटा कहीं पनि कमी गर्नुभएन भनेर मन्त्रीसँग धेरै अगाडि नै २ महिना अगाडि नै यो कुरा राखिसकेको छ र अहिले हाम्रो प्रदेशमा आउने मलको तुलना हेर्दाखेरि गत आर्थिक वर्षमा जम्मा २९ सय ६४.850 मेट्रिक टन यो प्रदेशमा आको रैछ २९ सय ६४ अहिले यो, यो वर्षको २८ सम्म हेर्दाखेरि ४१ सय ३७ जम्मा ४१ सय ३७.650 मेट्रिक टन रासायनिक मल आपूर्ति भइसकेको छ । पोहोरको तुलनामा अहिले बढि हुँदाखेरि पनि अझ अभाव छ, भनेपछि मान्छेहरू उत्पादनमा अब कस्सिए भन्ने प्रमाण पनि हो । उत्पादन गर्नुपर्छ भनेर मान्छेहरू लागिराछन् । त्यसै पनि मान्छे बेरोजगार छन्, केही न केही गरेर बस्नुपर्छ भन्ने एउटा मतलव भावना छ । यो तथ्याङ्कले पनि त्यो खालको अनुमान गर्न सकिन्छ । त्यसैले मान्छे बेरोजगार छ केही न केही गरेर बस्न चाह छ । अहिले त जो कसैले पनि केही गरौं भन्ने भावना छ । यो अहिलेको बीचको लकडाउनको पिरियडमा सुरुमा हामी तरकारी बन्द गर्दाखेरि मतलव कर्णाली प्रदेशले आफ्ना नाकाहरू बन्द सील गर्दाखेरि तरकारी केही पनि ल्याउन कृषिजन्य चिज न ल्याउन नदिँदाखेरि केही दिन हप्ता सुर्खेतमा यस्तो अभाव जस्तो देखियो । अप्ठ्यारो जस्तो व्यापारीहरूले साह्रै अप्ठ्यारोको मानेको तर पछि क्रमश: सहजीकरण बन्दै गयो र सुर्खेतको तरकारी बाहिर बिक्री गर्नुपर्ने । म यस्तो आनन्द, कतिपय दिन त यस्तो राम्रो खालको आफूलाई निद्रा लाग्ने जस्तो । सुर्खेतबाट, सलेनबाट, दैलेखबाट, तरकारी ट्रकमा राखेर जुम्लामा पठाउने अवस्था, मुगुमा पठाउने अवस्था बन्यो । सकिँदो त रैछ, सहज रूपमा यलाई क्रमश: पुऱ्याउन सकिदो रहेछ, कर्णाली प्रदेश तरकारीमा आत्मनिर्भर बन्न पनि त सक्दो रैछ भन्ने हामी आफैलाई पनि त्यो खालको आत्मविश्वास पैदा भो । अब लकडाउनमा आत्मविश्वास केरे आत्मनिर्भर हुने कर्णाली प्रदेशलाई अब सामान्य अवस्थामा पनि आत्मनिर्भर कसरी बनाउने भन्ने चुनौती हाम्रो अगाडि छ र हामी त्यतातिर लाग्नै पर्छ । लाग्नुको विकल्पै छैन, हामी त्यलाई क्रमश: निर्यातलाई केरे आयातलाई निरुत्साहित गर्ने दिशातिर विभिन्न ढंगले विभिन्न विधिबाट खुल्ला विधिमा यसरी सिधै सरकारले गर्दैनौं भन्न त नमिल्ला तर विभिन्न खालका यसका विधि प्रयोग गरेर किसानहरूलाई उत्पादनमा प्रोत्साहित गर्ने एउटा अवसर पनि हामीले अवसरको रूपमा पनि यो लकडाउनलाई र यो कोभिडलाई लिएका छौं । त्यसो गर्दा यो बीचमा हामीले गरेको अहिले पनि अँ संघीय मन्त्रालयलाई अँ भनेर ३ सय मेट्रिक टन यूरिया र ३ सय मेट्रिक टन डीएपी आपूर्तिका लागि अनुरोध गरेका छौं र त्यो तुरुन्तै केही दिनमा आइपुग्ने कुराको जानकारी आएको छ । रुकुमको चौरजहारीले अँ २ सय मेट्रिक टन हामीलाई चाहिएको छ । यस्तै आइरहेका त तिनलाई हामीले त्यही सम्बन्धित ठाउँहरूमा समन्वय गरेर

मन्त्रालयमार्फत् समन्वय गरेर भैरहवाबाट ल्याएर आउने स्थिति पनि बनाएका छौं । अरु जिल्लाहरूमा त्यो जहाँ जहाँबाट समस्या आको छ, त्यो त्यो ठाउँमा सम्बन्धित ठाउँमा समन्वय गर्ने काम पनि हामीले गरी नै रहेका छौं । र यो बीचमा फौजीकिरा, अमेरिकन फौजीकिराले हामीलाई सतायो । ४-५ वटा जिल्ला यही ५ वटा जिल्ला जहाँ हामीले रसायन प्रयोग गरिरहेका छौं, यही रसायन प्रयोग गरेका जिल्लाहरूमै ५-५ वटा जिल्लाहरूलाई तल्ला जिल्लाहरूमा फौजीकिरा- अमेरिकन फौजीकिराले मकै ध्वस्त बनाएको अवस्था आयो । त्यो रिपोर्ट आइसकेपछि हामीले तुरुन्तै मन्त्रालयले ५ लाख रुपैयाँभित्रबाट हामीले औषधी किनेर ५ वटै जिल्लामा सं केरे प्रयोगशालामार्फत् उपलाउने उपलब्ध गराउने काम पनि गऱ्यौं । माननीयज्यूहरूले त्यो कुरा पनि उठाउनुभएको थियो । अहिले हामीले त्यो काम अगाडि बढाइसकेका छौं र कन्ट्रोल भएको कुरा पनि आइरहेको छ, पानीले पनि आपसेआप केही कन्ट्रोल गर्दोरैछ त्यो पनि, पानी पनि पऱ्यो । त्यसपछि अँ यो बीचमा खासगरी लकडाउनको सन्दर्भमा कर्णाली प्रदेशको कृषि तथा यो भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले अँ कोभिडसँगसँगै कृषक क्षेत्रमा कृषि क्षेत्रमा पर्न गएको असरलाई प्राथमिकता दिएर केही काम गऱ्यो । अरु प्रदेशहरूले राहतको व्यवस्था गरे, २ नं. ले ३६ करोड ५ नं. ले कोभिड विशेष कार्यक्रम भनेर ५२ करोड पा १ नं. ले त्यस्तै ५१ करोड यस्तै कार्यक्रमहरू प सुदुरपश्चिमले पनि राहतसँग जोडेर ती कार्यक्रमहरू लिएको अवस्था छ । हामीले राहतै दिनपर्ने अवस्था कर्णालीमा भएन । एउटा कारण उत्पादन धेरै ठूलो मात्रामा भएन । दोस्रो कुरा हामीले बाहिरको तरकारीदेखि लिएर कृषिजन्य सबै बन्द गर्दाखेरि कर्णालीमा एकअर्को जिल्लामा सहज रूपमा आपूर्ति गर्ने जहाँ छ त्यहाँबाट लिने कुरा नभएको ठाउँमा पुऱ्याउने कुराले पनि हामीलाई सजिलो गरायो र हामीले राहतै दिन पर्ने अवस्था बनेन तर उत्पादन वृद्धिका लागि यो वर्ष केही अभियान लिएनौं, सञ्चालन गर्न सकेनौं भने पछि सिजनपछि हामीले दिएर काम हुँदैन भन्ने भइसकेपछि हामीले के गऱ्यौं भन्नुहोला भने उत्पादन विशेष अभियानका रूपमा हामले सम्भावित खाद्य जोखिम न्यूनीकरण गर्नका निम्ति उत्पाद विशेष कार्यक्रम भनेर एउटा कार्यक्रम क्याविनेटबाट पास गऱ्यौं- १४ करोड ४ लाख बराबरको कार्यक्रम हामले थियो, त्यो कार्यक्रम पास गरेर सबै स्थानीय तहसँग सल्लाह गरेर भर्चुअल मिटिङ्ग सबैसँग गरेर बाँझो जमिनको सदुपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा व्यापक छलफल चलेपछि हामीले स्थानीय तहमार्फत खर्च गर्ने गरी १४ करोड ४ लाखलाई १७ लाख अँ यस्तै कति हजारको हिसाब १७ लाख पाँच केरे २५ हजार ५ सयका हिसाबले हामले सबै पालिकाहरूमा पठाइसकेको अवस्था छ । यो कार्यक्रमबाट हामीले के अपेक्षा गरेका छौं भने हामीले सुरु पनि गरिसकेका छौं । बाँझो जमिन सदुपयोग गरेर उत्पादन वृद्धि गर्ने अभियानमा अहिले युवाहरूलाई नलगाउने भने न त उत्पादन वृद्धि हुन सक्छ न त स्वरोजगार नै सिर्जना हुन सक्छ भन्ने हामीले त्यो कुरालाई टार्जेट गरेर सबै जिल्लाहरूमा जेठ १ गते प्रदेशव्यापी रूपमा बाँझो जमिन सदुपयोग गरी उत्पादन वृद्धि गर्ने अभियान पनि हामीले एकैचोटि १० जिल्लामा उद्घाटन गऱ्यौं । दैलेखमा एकदमै नमुनायोग्य काम भएका छन् । दैलेखमा केरे बेसार

अदुवा सामुहिक रूपमा त्यहाँका किसानहरूले बाँझो जमिन प्रयोग गरेर लगाएको एकदमै राम्रो मतलव रिपोर्ट हामीलाई आइपुगेको छ । त्यस्तै माननीयज्यहरू जहाँ जहाँ हुनुहुन्थ्यो उहाँहरूले त्यो अभियानको उद्घाटन पनि गर्नु भो । कहीँ बदाम लगाउनु भो, कहीँ केही लगाउनु भो । बाँझो जमिनको सदुपयोग गरेर सबै जिल्लाहरूमा यो कार्यक्रम गर्दा एउटा खालको उत्साह, अब बाँझो जमिनको सदुपयोग गर्नुपर्छ । अहिले बर्षे सिजनमा जे पनि हुन्छ भन्ने खालको एउटा माहोल चाहिँ बनेको छ । यो कार्यक्रम हामीले अगाडि बढाएका छौँ र बीचमा अँ लकडाउनकै बीचमा हामीलाई केही समस्या परे । किसानहरूको काम केरे बजारीकरणको सहजीकरण गर्न निकै चुनौती भो र हामीले एउटा कार्यदल बनायौं । कार्यदल ५ सदस्यीय एउटा कार्यदल बनायौं र कार्यदलको बैठक बसेर हामीले केही निर्णयहरू गऱ्यौं । कृषि विकास निर्देशनालयबाट कृषिसँग सम्बन्धित तरकारी बीउबीजनसँग सम्बन्धित कुराहरूको सहजीकरण कृषि विकास निर्देशनालयबाट, पशु पशुपंक्षीसँग सम्बन्धित कार्यक्रमहरूका सम्बन्धमा समस्याहरू समाधान गर्नको लागि पशुपंक्षी निर्देशनालयको अँ नेतृत्वमा हामीले दुई वटा टीम बनायौं । त्यहाँ फोकल पर्सनहरू बनायौं । त्यसपछि आकस्मिक ढुवानी सेवा भनेर २ वटा बोलेरो त्यहाँ उपलब्ध गरायौं र सबै जिल्ला कार्यालयहरूमा पनि हामीले निर्देशन गऱ्यौं र सबै जिल्ला कार्यालयहरूले त्यहाँ आउने किसानहरूको बजारीकरणका सन्दर्भमा उत्पादन गरेको बिक्री गर्ने सन्दर्भमा आएका अप्ठ्याराहरू म बीउ बीउका सन्दर्भमा आउने अप्ठ्याराहरू र अँ पशुपंक्षीजन्य कुराहरूको बिक्रीवितरणका सन्दर्भमा आउने समस्याहरू सहज गर्नका निम्ति म कार्यालयहरूलाई निर्देशन गऱ्यौं र निकै महत्त्वपूर्ण र उत्साहजनक ढंगले कतिपय धेरै कार्यालयले यति राम्रो हामी आफैलाई पनि सन्तुष्ट हुने खालका कामहरू गर्नुभो, त्यो खालको अंअँ मतलव सहजीकरणा गर्नु भो र किसानहरूलाई हामीले यस्तो अप्ठ्यारो पऱ्यो है । हामी अप्ठ्यारामा पऱ्यौं भन्ने अवस्था चाहिँ हामीले बन्न दिएनौं । यो, यो बीचमा हामीले गरेको यो महत्त्वपूर्ण जस्तो नभए पनि हामीले जेहोस हाम्रो सापेक्षतामा किसानहरूलाई समस्या आउन नदिनु भने पनि राम्रो कुरा हो भन्ने मलाई लाग्दछ । यी कुराहरू पनि हामीले बिचमा गऱ्यौं र यही सन्दर्भमा बाँझो जमिनको सदुपयोग गर्ने सन्दर्भमा केही कुराहरू केही टिका-टिप्पणीहरू अलि अलि बजारमा आए । हामीले त्यलाई अन्यथा ठानेनौं, हामीले सिकाइका रूपमा बुझ्यौं र हामीले समन्वय गर्ने कुरालाई पनि हामीले छोडेका थिएनौं । पहिलो कुरा सशस्त्रको त्यो त एउटा सिम्बोलिक उद्घाटन थियो, मुख्यमन्त्रीबाट भएको उद्घाटन सिम्बोलिक उद्घाटन थियो त्यो पनि सशस्त्रको स्वामित्वमा छ जमिन भन्ने थाहा पाएपछि सशस्त्रलाई बो डिआइजीलाई फोन गरेँ म आफैले उहाँले के भन्नु भो जनपदकोमा छ होला मन्त्रीज्यू भन्नु भो । जनपदको डिआइजीलाई कार्यकक्षमै बोलाएर त्यो त तपाईँहरूकोमा छ होला तपाईँहरूले नै हामी अहिले उपलब्ध केरे का उपलब्ध गराइदिन्छौं खन्ने जोत्ने सबै काम हामी गराइदिन्छौं। त्यसको व्यवस्थापन तपाईँहरूले गर्नुपर्छ त्योबाट आउने आय-आर्जनलाई हामी निश्चित गरिब-लक्षित वर्गमा पुऱ्याउने गरी सोचन पर्छ भनेर भन्दाखेरि यो हाम्रोमा छैन मुख्यमन्त्री कार्यालयको यो डीपीआर

भइसकेको छ मन्त्रालय बनाउने मन्त्रीज्यू, त्यसो हुँदाखेरि हामीलाई केही सोध्न परेन भन्ने भएपछि प्रमुख सचिवलाई कुरा गरियो । प्रमुख सचिवले यो मन्त्रालयको मन्त्रलाय भवन बनाउने डिपीआर गरिएको हो त्यसैले गर्दाखेरि हामीले केही समस्या हुँदैन गरौं भन्ने भयो । त हामी श्रम दिवसको अवसर पारेर प्रदेशव्यापी अभियानको उद्घाटन गर्दा त्यो ठिकै हुन्छ, एक चौमासिक महिनामा उत्पादन हुने कुरा अप्ठ्यारो हुँदैन भन्ने कुरा बुझ्यौं र अझ हामीले स्थानीय तहसँग समन्वय गरेन भन्ने कुरा पनि अलि-अलि उठ्यो । हामीले अघिल्लो नै ३० गते स्थानीय तहसँग सुर्खेतकै स्थानीय तहसँग भर्चुअल मिटिङ्ग गरेर हामी भोलि यो ठाउँमा यो कार्यक्रम गर्दैछौं त्यो उद्घाटन कार्यक्रममा आउनका निम्ति अनुरोध गऱ्यौं । यो कार्यक्रम हामीले फेरि यसरी बाँझो जमिन उपयोगको अभियानलाई यसरी सञ्चालन गरौं । तपाईंहरू के गर्न सक्नुहुन्छ हामीलाई लिष्ट दिन सक्नुहुन्छ कि हुन्न यो व्यापक छलफल चलेको थियो । त्यसकारणले हामीले समन्वयको पार्ट पनि पुऱ्यायौं जस्तो हामीलाई लागेको थियो । जेहोस् यसका समीक्षाहरू गर्दै जाऔंला तर हाम्रो उद्देश्य पवित्र थियो र अहिले पनि संघीय सरकारको ९२ र १०५ नं. बुँदामा नीतिको बुँदामा बाँझो जमिन उपयोग गर्ने कुराकै महत्त्वपूर्ण ढंगले उल्लेख गरेको छ र सार्वजनिक जमिन या सरकारी जमिनको पनि प्रयोग नभएका जग्गाहरूलाई पनि हामीले कृषिमा प्रयोग गरेर अहिले उत्पादन वृद्धि गर्ने अहिलेको आवश्यकता हो भन्ने कुरा त्यहाँ बोध गरेरै त्यहाँ नीति ल्याएको छ र अहिले हामीले यलाई दायाँ-वायाँ केही पनि नसोचिकन त्यलाई राम्रो गरौं भन्ने भावनाले प्रदेश सरकारले गरेको कुरालाई अन्यथा हामीले लिन हुँदैन भन्ने पनि मलाई लाग्दछ र लिएको अवस्था पनि होइन र यी यीबाट पनि सिकाइ केही सिकाइहरू त सिक्दै जानेछौं । यो सिकाइलाई हामी अन्यथा ठान्न पनि ठान्दैनौं । जे होस् मेरो एउटा कुरा के छ भन्नुहोला भने अस्ति माननीयज्यूहरूले उठाजस्तै एउटा अहिले महामारी ३ वटा पक्ष छ अहिले महत्त्वपूर्ण एउटा महामारी, भोकमारी र रोजगारी यो तीनवटा चिजलाई सँगसँगै लिन सकिएन भने निकै ठूलो समस्यामा हामी जान सक्छौं । त्यसैले यो महामारी धेरै ठूलो लडाइँ हो भन्छु म त केरै केरे केरे भोकमारीको कुरा । महामारीसँग लड्न जति सजिलो छ, भोकमरीसँग लड्न निकै गाह्रो छ। भोको पेटले महामारीसँग लड्न सक्दैन । त्यसकारणले भोकमारीसँग लड्नका निम्ति उत्पादन वृद्धि कसरी गर्ने होला ? उत्पादन वृद्धिका निम्ति हाम्रो १८ प्रतिशत खेतीयोग्य जमिन कर्णाली प्रदेशमा बाँझो छ । यो जमिनलाई कसरी सदुपयोग गर्ने होला ? सबै मिलेर, सबै मिलेर सोचौं । सबै मिलेर त्यो खालको उत्साह ल्यायौं र उत्पादनमा कर्णाली प्रदेशलाई पहिलेकै प्रदेशको रूपमा आत्मनिर्भर कर्णाली प्रदेश एकताका थियो, हाम्रो बाजेहरूको पालामा । बेच्थ्यो कर्णाली प्रदेशले अब बेच्न नसकौंला, कम्तीमा आत्मनिर्भर कसरी गराउन सकिन्छ ? त्यतातिर लागियो भने कर्णाली प्रदेशलाई हामी एउटा संकल्पका साथ आत्मनिर्भर बनाउने दिशातिर लिन सक्छौं भन्ने विश्वास हामीलाई पैदा भएको छ, मन्त्रालयलाई पैदा भएको छ । यसका निम्ति धेरै सहयोग गर्ने उत्साह दिने यो मा यो बजेटका सन्दर्भमा, छलफलका सन्दर्भमा कृषिको प्राथमिकताको कुरालाई निकै महत्त्वपूर्ण रूपले उठाएर महत्त्वपूर्ण सुझाव दिने

माननीयज्यूहरूप्रति म फेरि पनि आभार सभामुखमार्फत् आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु र कृषिका सन्दर्भमा उठेका यी विषयहरूलाई म अझ पनि गहिराइपूर्वक अध्ययन गरेर हामीले यो कृषिका नीतिमा पाँचवटा विषयलाई लिन खोज्यौं तैपनि लागू हुन सकेन । लक्षित वर्गलाई विशेष अनुदान निम्न मध्यम, निम्न र निम्न मध्यम वर्गलाई सफ्टलोन अझ सहुलियत कर्जा, अलि मध्यम र ठूला किसानका निम्ति ब्याज अनुदान, सहकारी र निजी क्षेत्रसँग साझेदारी मोडेलमा कार्य गर्ने, टोटालिटीमा व्यावसायिक व्यावसायीकरणका निम्ति प्रोत्सान अँ केरे प्रोत्साहन अनुदान, कामको आधारमा अनुदान दिने यो मोडालिटी पोहोरसाल नै केरे चालु वर्षदेखि नै तय गरेका थियौं । तैपनि सफ्टलोनको कार्यक्रम र ब्याज अनुदानको कार्यक्रम यसपालि लागु गर्न सकिएन । अगाडि बढ्न सकिएन, त्यसो गरेको भए धेरै राम्रो हुन्थ्यो । हामी नसकेको प्रति दु:खी छौं । यो सब विविध कारणले कानून लिएर मात्रै सफ्ट लोन लिनुपर्छ भनेपछि कानून ड्राफ्ट गरेर पठाएका छौं अर्थमा, अर्थबाट नै अगाडि बढ्नेछ र यो हिसाबले गर्दा हामी दुईवटा कुरामा जान नसके पनि अहिले साझेदारी मोडलमा पनि जानका निम्ति फेरि साझेदारी कानून पनि जरुरी छ । साझेदारी कानून पनि समयमा पास हुनेछ भन्ने मैले विश्वास लिएको छु । त्यसो गर्दा हामीले यो मान्छे हेरेर टाउका हेरेर अनुदान दिने र यो त्यो कसैले गरेको प्रेसरका आधारमा कसैले म्यासेज गरेको भरमा कार्यक्रम हाल्ने संस्कार जबसम्म हामीले तोड्न सक्दैनौं, तब केही गर्न सकिन्न भन्ने मेरो आफ्नो पनि ठहर हो । मेरो बुझाइ हो, गहिरो बुझाइ हो । त्यसैले गर्दा अब किसानहरू गर्नेहरूले मात्रै अनुदान पाउनुपर्छ, नगर्नेले पाउनु हुन्न । यहाँ त नगर्नेहरूले प्रपोजल लेख्न जान्छन्, गर्नेहरूले प्रपोजल लेख्न जान्दैनन् । यो कुरालाई तोड्ने बेस सिधै जनतामा पुग्ने कार्यक्रम प्रदेश सरकार सिधै जनतामा पुग्ने कार्यक्रमको मोड्यालिटी बनाउन हामले खोजेका छौं, त्यो विकास गर्न खोजेका छौं । त्यसमा यहाँहरूको साथसहित हामी अघि बढ्ने प्रतिबद्धतासहित मेरा भनाइहरू अन्त्य गर्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिं बुढालाई प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिं बुढा:** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ५१ घ ६ मा तुलना लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रबर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने व्यवस्था रहेको संविधानको अनुसूची-६ को क्रमसंख्या २० मा कृषि तथा पशु विकास कलकारखाना, औद्योगिकरण, व्यापार व्यवसाय, यातायात सम्बन्धी विषय रहेको र संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेशको औद्योगिक वातावरणलाई लगानीमैत्री बनाई उत्पादक

तत्वको र रोजगारीका अवसरमा प्रविधि गर्ने प्रदेशमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको सन्तुलित तथा अधिकतम उपयोग गरी उद्यमशीलता तथा लगानी प्रबर्धन एवम् दीगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशील र प्रतिस्पर्धी र दिगो अर्थतन्त्र निर्माणका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७, प्रदेश प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबल गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली २०७४ के नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिं बुढालाई कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभा समक्ष टेबल गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिं बुढा:** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ५१ घ ४ मा आर्थिक क्षेत्रका सबै गतिविधिहरूमा स्वच्छता तथा जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने व्यवस्था रहेको, संविधानको अनुसूची-६ को क्रमसंख्या ११ मा प्रदेशभित्रको व्यापार सम्बन्धी विषय उल्लेख भएको र संविधानको धारा ५७ को उपधारा-२ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेशभित्र सञ्चालन हुने व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्थालाई सहज सरल तथा पहुँचयोग्य बनाई व्यापार र व्यवसायबाट हुने कारोबारको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबल गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भई सभामा प्राप्त भएकोले

कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले पेश गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि प्रतिवेदन सहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको लोक सेवा आयोगको विधेयकको छलफलका क्रममा म यहाँ उभिएको छु । लोक सेवा आयोगको विधेयक लामो समयमा व्यापक छलफल, व्यापक यसको लागि विज्ञहरू माननीयज्यूहरू, सल्लाहकारहरू धेरै प्राज्ञबाट धेरै सुझावहरू आएका छन् । जहाँसम्म मलाई लाग्छ यो सकारात्मक पक्षबाट धेरै कुराहरू यलाई संशोधन र परिमार्जन भएको छ । तर लोक सेवा आयोगको यो पहिलो संशोधन गर्न बनेको विधेयक २०७६ को प्रतिवेदनलाई समर्थन गर्नु मात्र ठूलो कुरा सम्झेको छैन, सभामुख महोदय । यो लोक सेवा आयोगको ऐन, २०७५ लाई पहिलो संशोधन गर्न कुनै किसिमको एउटा प्रारम्भिक चरण नै सुरु नभएर संशोधन गर्न आवश्यक किन पर्‍यो? केको लागि पर्‍यो? यो सरकारलाई म प्रश्न गर्न चाहन्छु । सरकारलाई सोध्न चाहन्छु । यदि आज कर्णाली प्रदेशका १७ लाख जनताको हित र कल्याणको लागि उनीहरूलाई न्यायको लागि उनीहरूलाई सुख र समृद्धिको लागि नारामा आउँछ कागजमा आउँछ- सुखी कर्णालीवासी सुखारी कर्णालीवासी तर हामी काम गर्दाखेरि वास्तविक प्रयोजनलाई विर्सनु विर्सिदिएर आज कुनै किसिमको हेक्का नराखेर त्यो ऐन एक्कासी फास्ट, फास्ट ट्र्याकको नाममा कर्णाली प्रदेश सरकारले कसरी प्रदेश सभामा प्रवेश गरायो र कसरी प्रदेश सभाले निर्णय गरेर प्रमाणीकरण गरायो ? के यो सरकारको उन्माद हो ? कुनै पनि विधेयक ल्याउनु सरकारको उन्माद हो ? कुनै पनि विधेयक प्रमाणीकरण भइसकेपछि कानुनी प्रक्रियामा लैजान नसक्नु के अपरिपक्वता हो ? के हो सरकारको यो? कर्णाली प्रदेश सरकारको के हो ? हामी गाउँमा केटाकेटी हुँदाखेरि खेल्दाखेरि भन्थ्यौं के आपस आपसमा हेर्दाखेरि कसैले हान्यो भने कसैले बोल्यो भने बाँदरको मुख हेर्दा रिसाउनु, बानी हेर्दा टिठाउनु भन्थ्यो । यो सरकारको कार्यशैली त यस्तै देखिन्छ यहाँ । सरकारको कार्यशैली आज कर्णाली प्रदेश सरकारको कार्यशैली पनि यसरी कसरी आउन सक्छ ? यसकारण यो विधेयकमाथि जुन यो विधेयकलाई पहिलो संशोधन गर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरेर यहाँ ल्याएको छ यो कर्णाली प्रदेशको ऐतिहासिक भूल हो । यो ऐतिहासिक भूललाई कर्णाली प्रदेशको सरकारले स्वीकार गर्नुपर्दछ । यहाँ मेरै हाम्रो सहयात्री, सत्ता पक्षकै प्रमुख सचेतक हुनुहुन्छ । मैले यसभन्दा धेरै दिन पहिले कर्णाली प्रदेश सरकार कोल्टे परेको छ भनेर यही मञ्चबाट भनेको थिएँ । प्रमुख सचेतकज्यू हजुर भन्दै हुनुहुन्थ्यो कोल्टे सरकार पक्ष हैन,

हेर्नुहोस् कोल्टे परेको प्रमाण हो यो । प्रमुख सचेतकज्यू कर्णाली प्रदेशको सरकार कोल्टे परेको प्रमाण हो यो । यो ऐतिहासिक भूल हो, यो अपरिपक्वता हो । यो सरकारको उन्माद हो । यसैले आइन्दामा यस्ता कुरा नदोहोरिऊन् । यस्ता ऐतिहासिक भूल भएर विधेयकहरू नआउन् यस्तरी केबल एउटा मनोग्रन्थी उन्मादबाट विधेयकहरू अगाडि नआऊन् भनेर सरकारलाई सचेत रहन आग्रह गर्दै आज यो लोक सेवा आयोग ऐन, २०७५ पहिलो संशोधन गर्न बनेको विधेयक २०७६ को प्रतिवेदन जो विधायन समितिबाट विभिन्न बुँदाहरूमा संशोधन र परिमार्जन भएर आएको छ । यलाई अवश्य पनि परिपक्कता दिएको छ भन्ने कुरा विश्वास राख्दै अहिले विदा हुन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनमाथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । अब माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मी:** सभामुख महोदय, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को पहिलो संशोधन समितिबाट प्रतिवेदनसहित फर्किसकेपछि छलफलको लागि म उभिएको छु । सभामुख महोदय, यसमा ८ वटा दफामा संशोधनको व्यवस्था थियो । यसमा केही प्राविधिक विषयहरू छन्, केही कानुनी विषयहरू छन् । प्राविधिक कारणहरूले मूलत: यो विधेयक चाहिँ संशोधन प्राविधिक कारणले आ हो सभामुख महोदय । प्राविधिक कारणहरूले संशोधन नआउँदो हो त पनि यसमा केही ऐनहरूमा हेरफेर भाछ, त्यसकारणले पनि संशोधन ल्याएर आउनुपर्ने अवस्था नै हुन्थ्यो सभामुख महोदय । पहिलो संशोधन चाहिँ स्वभाविक थियो जस्तो चाहिँ फौजदारी संहिता सम्बन्धी नयाँ कानूनहरू बनिसकेको सन्दर्भमा यसको संशोधन गर्नुपर्ने स्वभाविक जस्तो हुन जान्थ्यो । यसमा केही यो विधेयक पास भइसकेपछि केही प्रविधिक त्रुटीहरू थिए अवश्य पनि त्यो प्राविधिक त्रुटीहरू करेक्शन गर्न पनि यो चाहिँ संशोधन आउनुपर्थ्यो तर कुरा त यो त्यति मात्रै थिएन कि फोजदारी संहिता सम्बन्धी कानून पास भएपछि यो एउटा सन्दर्भमा हामीले चाहिँ सरकारी मुद्दासम्बन्धी ऐनको सन्दर्भमा यसमा थियो, त्यो विषय संशोधन गर्दाखेरि पनि स्वभाविक रूपमा ल्याउनुपर्थ्यो । ८ वटा विषयहरूमा छ र केही प्राविधिक विषयमा मैले अघि भने जस्तो खासगरी यसको चाहिँ दफा ३ को विषयमा चाहिँ हामीले अलि बढी छलपल पनि गऱ्याछौं । यसको सुखद संयोग के छ भने म सुरुदेखि यो विधेयकमा चाहिँ जोडिन पाछु पहिले बिल हुँदाखेरि र अहिले संशोधनको बेला पनि हाम्रो समितिमा यसको ब्यापक छलफल भाथ्यो र यो मध्ये अहिले पछिल्लो संशोधनमध्ये एउटा संशोधनकर्ता म आफै पनि हो सभामुख महोदय, त्यसकारणले यसको अँ स्टाटसको बारेमा हामीले व्यापक छलफल, समितिको प्रतिवेदनसहित अँ यो हामी नै भाको समितिमा थियो । त्यसो हुँदा यसमा तीनटा कुराहरूमा चाहिँ हामीले अँ ऐनमा विधायिकी मूल्यको कुरा हुन्छ सभामुख महोदय । विधायिकी मूल्य त्यो बेला ऐनमा व्यक्त हुन्छ जसबेला विधायिकामा

अथवा चाहिँ समितिहरूमा यसको चाहिँ व्यापक छलफल हुन्छ । यो एउटा त्यस्तो बिल हो जसमा चाहिँ यो पछिल्लो समय संशोधनमाथि व्यापक छलफल भो र त्यसमा हामील तीनटा कुराहरू खास गरी यसको दफा ३ मा हामीले चाहिँ यसको एउटा मापदण्ड चाहिँ पहिले नै संघीय मापदण्ड छ सभामुख महोदय । यो संघीय मापदण्डका आधारमा चाहिँ प्रदेशमा लोक सेवा आयोगको चाहिँ सुरुमा ऐन आ हो । त्यो मापदण्डको आधारमा चाहिँ खासगरी दफा ३ मा चाहिँ यसको सदस्यको योग्यताको विषय छ । यसमा हामीले समितिमा धेरै छलफल गरिसकेपछि यसमा तीनटा विषयहरू मूलत: त्यो मापदण्द छ, हामीले त्यो मापदण्डलाई छोड्न मिल्दैन । एउटा चाहिँ सेवा र श्रेणी हामीले चाहिँ त्यसमा क्लियर गऱ्यौं । सरकारले चाहिँ यसमा अँ निजामती, निजामती र सरकारी सेवाका विषयमा हामीले अलि बढी समितिमा चाहिँ छलफल पनि भाथ्यो, अँ श्रेणी र सेवामाथि चाहिँ हेरफेर गर्ने विषय चाहिँ हाम्रो संशोधनै पनि थियो । यले गर्दा एउटा सेवा र श्रेणी त्यसपछि फस्टक्लास राख्ने व्यवस्था भनेको त्यो राजपत्रांकित प्रथम श्रेणी खासगरी चाहिँ अँ सदस्यको हकमा त्यो पनि सेवा अवधिको हकमा २० वर्ष र चाहिँ निवृत्त हुँदाका बखत चाहिँ फस्टक्लास हुने व्यवस्था दफा ३ को व्यवस्थामा हामीले चाहिँ यो गऱ्याछौं । त्यले यले चाहिँ अँ केबल यो कोल्टे मात्रै परेको नभएर यो चाहिँ सुल्टो भाछ अहिलेको व्यवस्थाले यो चाहिँ सुल्टो भाछ यले चाहिँ खासगरी दफा ३ मा चाहिँ कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट भन्ने शब्दहरूको ठाउँमा कुनै सरकारी सेवामा रही कम्तीमा २० वर्ष चाहिँ राजपत्रांकित प्रथम श्रेणी वा एघारौं तहबाट निवृत्त भएका व्यक्तिहरूमध्येबाट भन्ने शब्द चाहिँ यसको मूल चाहिँ यो हो संशोधन हामीले गरेको, समितिले गरेको अथवा संशोधनकर्ताहरूको यसमा चाहिँ छलफलमा । अर्को विषय यसमा के छ भन्दाखेरि अँ यसको दफा ७ मा चाहिँ हामीले सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसूची १ अनु १ चाहिँ त्यो मुद्दासम्बन्धी ऐन चाहिँ खारिज भएपछि सरकारी मुद्दासम्बन्धी ऐनको ठाउँमा हामीले चाहिँ मुलुकी फौजदारी संहिताको कार्यविधिको विषयहरू यसमा उल्लेख गऱ्याछौं र संक्रमणकालीन अवस्था पनि नरहेको सन्दर्भमा खासगरी त्यो करारको विषय लोक सेवा आयोगकै बिलमा करारको विषय नै चाहिँ राख्नुपर्ने विषय होइन । लोक सेवा आयोगले चाहिँ त्यसकारणले त्यो करारको विषयहरूलाई यले चाहिँ करेक्सन गऱ्याछ । त्यसो हुँदाखेरि यले योग्यता किटान गर्ने सन्दर्भमा यसको एउटा क अ वेल कन्सेप्ट छ सभामुख महोदय । वेल कन्सेप्ट के छ भन्दाखेरि फेरि त्यस्तो सदस्यहरू अँ लोक सेवा आयोगको मर्यादा त्यसको डिगनिटी कायम गर्ने सदस्यहरू आउनुपर्छ त्यसको लागि एउटा समिति छ, यसमा सिफारिस समिति, त्यो चाहिँ मुख्यमन्त्रीजीको अध्यक्षतामा छ । विधायिकाको त्यसमा प्रतिनिधित्व छ र विधायिका र अपोजिसनको खासगरी प्रतिपक्षको पनि त्यसमा चाहिँ प्रतिनिधित्व छ त्यो माथिको चाहिँ संवैधानिक अँ जुन आयोग छ त्यो खालको व्यवस्था छ प्रदेशमा । त्यसको नेतृत्व चाहिँ मुख्यमन्त्रीले गर्नुहुन्छ अध्यक्षता त्यसको । र तीनटा सदस्य हुने व्यवस्था खासगरी चाहिँ यो सभाको पनि त्यसमा प्रतिनिधित्व छ र अपोजिसनको पनि यो हाउसको प्रतिनिधित्व भा्हुनाले अँ यो हाउसका लागि त यो अर्को सुखद् विषय हो सभामुख महोदय । यो हाउसबाट चाहिँ

सभामुख र अपोजिसनको समेत चाहिँ यो सिफारिस समितिमा प्रतिनिधित्व छ । त्यसकारणले यसपछि आउने सदस्यहरू अवश्य पनि त्यसमा पनि विधायिकी मूल्य यो बनाउँदा चाहिँ विधायिकी इन्टेन्सन के थियो भन्ने कुरा चाहिँ समितिले पनि त्यो सिफारिस गर्दा चाहिँ ध्यान पुऱ्याउनेछ भन्ने कुरा चाहिँ मैले विनम्रतापूर्वक आग्रह गर्दै । र यो केही प्राविधिक कुरा, केही कानुनी कुरा र केही विषयवस्तु मिलान गर्नुपर्ने भाहुनाले अहिले यो संशोधन चाहिँ यो चाहिँ संशोधन छ । यो समितिले पनि वेल रिकमेन्डेसन गऱ्याछ र म सभामा पनि संशोधन अँ को पक्षमा उभिएर यति टिप्पणी गर्दै सभामुख महोदय । धेरै धन्यवाद, मेरो कुरा यहीँ टुङ्ग्याएँ ।

**माननीय सभामुख:** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश अँ प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू, यो युगान्तकारी परिवर्तनको प्रतिफल स्वरूप प्राप्त महत्त्वपूर्ण उपलब्धिहरूमध्ये प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा ऐन विना प्रदेश लोक सेवा आयोग गठन हुँदैन, हुँदैनथ्यो । आयोगले कर्मचारी संयन्त्र निर्माणको बाटो खोलिदिन्छ । स्थायी सरकार मानिने कर्मचारी संयन्त्रको मार्गदर्शक प्रदेश लोक सेवा आयोग भएकाले यसलाई सक्षम निष्पक्ष र पारदर्शी बनाउन जरुरी थियो, छ । कर्मचारी संगठन राजनीतिक व्यवस्था र नेतृत्वको सफलताको आधार हो । यो राजनीतिक नेतृत्वको सोच कार्यान्वयन गर्ने संयन्त्र भएकाले यसको सक्षमताले मुलुक र प्रदेशको भविष्य सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ कर्मचारी संरचना कस्तो हुने ? आयोगको संरचना कस्तो हुने ? र यसको क्षेत्राधिकार कति हुने र कस्ता व्यक्तिलाई आयोगले नियुक्ती गर्ने र आयोगको काम, कर्तव्य र अधिकार कति र कस्ता हुने ? जस्ता विषयहरूमा माननीय सदस्यज्यूहरूले पर्याप्त समय लिएर व्यापक छलफल गर्नुभएको छ । शिशु प्रदेश सभाका माननीयज्यूहरूले छलफलका क्रममा परिपक्वता र सक्षमता व्यक्त गर्नुभएको अनुभूत पटक-पटक गरेको छु, जुन गर्वको विषय हो । जनप्रतिनिधिमूलक संस्था सक्षम र परिपक्क हुनुले हुनुको सम्बन्ध व्यवस्थाको औचित्य पुष्टि हुनुसँग हुन्छ । व्यवस्था परिवर्तनसँगै प्रतिकूल संरचना परिमार्जित र परिस्कृत हुन्छन् । व्यवस्थाले आफ्नो सोच अनुरूप अनुकूलको न्याय संरचना जन्माउँछ, पुराना संरचना विघटन हुन पुग्दछन् । प्रजातन्त्रको प्रार्दुभाव पश्चात स्थापित २००८ साल असार १ गते निजामती सेवाका पदमा उपयुक्त उम्मेदवारको छनौट गर्ने प्रयोजनका लागि स्थापित लोकसेवा आयोग एउटा त्यस्तो संस्था हो जसलाई आफ्नो स्थापनाको औचित्यलाई पुष्टिमात्र गरेको छैन गर्व गर्न लायक सीमित संस्थामा आफूलाई दर्ज गरेको छ । थुप्रै जेहेन्दार निर्धन र पहुँचहीन

विद्यार्थीहरूको विश्वास र आस्थाको केन्द्र बन्न सफल भएको छ । रोलमोडल संस्थामा आफूलाई उभ्याएको छ । कर्णाली प्रदेश लोक सेवा आयोगले त्यही रूपमा आफूलाई उभ्याउन सक्छ या सक्दैन बैठकका क्रममा माननीयज्यूहरूबाट चिन्तन व्यक्त भएका छन् । र त्यो चिन्तन अहिले अभिव्यक्त भएको छ । प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सेवा सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रबर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम सुदृढ र सेवामुखी बनाउन तथा प्रदेश लोक सेवा आयोगको गठन गरी काम, कर्तव्य र अधिकारको व्यवस्था गर्ने प्रयोजनका लागि बनेको यो लोक सेवा, प्रदेश लोक सेवा ऐनलाई व्यवहारिक, परिपक्व र कार्यान्वयन योग्य बनाउनका लागि यस प्रदेश सभाका माननीय सदस्यज्यूहरूले दफा, उपदफा, क्रम आनुसाङ्ख्यिक र मापदण्ड निर्धारण र करार नियुक्तीको सवाल प्रावधानमा देखिएका कानुनी र प्राविधिक त्रुटी उपर सच्याउनको लागि गर्नुभएको योगदानप्रति आभार प्रकट गर्न चाहन्छु विधान तथा प्रदेश मामिला समितिले विशेष अभिरुचीपूर्वक मेहेनतका साथ सम्मानित सदनमा यो प्रतिवेदन पेश गरेको छ । समिति र माननीय सदस्यज्यूहरूप्रति सरकार आभार प्रकट गर्दछ । उहाँहरूको भावनाको सदैव सम्मान गर्दछ । विधायन तथा प्रदेश मामिला समितिका अध्यक्ष माननीय पदमबहादुर रोकायाले पेश गरेको प्रतिवेदनमा समाविष्ट संशोधनहरूलाई सरकार स्वीकार गर्दछ र यो छलफलका क्रममा माननीय हिमबहादुर शाही र माननीय धर्मराज रेग्मीले प्रस्तुत गर्नुभएका सुझावहरू आफ्ना रायहरू र छलफलका क्रममा उहाँहरूले अनुभूत गर्नुभएका उहाँको विषयवस्तुहरूलाई त्यो अनुभूतिहरूलाई उहाँहरूले यहाँ व्यक्त गर्नुभको छ । र माननीय हिमबहादुर शाहीलाई शाहीले शाहीज्यूले एउटा यसलाई उहाँले चाहिँ आफ्ना टिप्पणीहरू एउटा भूलका रूपमा उहाँले अँ यहाँनिर व्यक्त गर्नुभएको छ । उलाई यसलाई यो सम्मानित प्रदेश सभाले यो अक्षम्य अपराधको रूपमा नभएर एउटा मानवीय त्रुटीका रूपमा अँ यो यो छिटो शीघ्र लोक सेवा आयोग गठन गर्ने हुटहुटी प्रकट भइरहँदा देखा परेका केही समस्याका रूपमा यहाँले ग्रहण गरिदिनु हुनेछ । यहाँहरूले यो विधेयकलाई यहाँले परिपक्क व्यवहारिक समय सापेक्ष र यो प्रदेशको सरकारी सेवालाई साँच्चिकै यो प्रदेशको वासीहरूलाई सुखी र खुसी यो कर्णालीवासी बनाउनका निम्ति योगदान गर्न सक्ने योग्य लोक सेवा आयोग र त्यसको स्रोत यो ऐन बनाउनका निम्ति यहाँहरूको योगदानप्रति म सरकारका तर्फबाट म कदर गर्दछु र यो ऐन परिमार्जनका सिलसिलामा योगदान गर्नुहुने समस्त महानुभावहरूप्रति पुन: म कृतज्ञता चाहिँ जाहेर गर्दछु । यो समाविष्ट संशोधनहरू प्रतिवेदनमा समाविष्ट संशोधनहरूलाई अँ सरकार स्वीकार गर्दछ । हार्दिकतापूर्वक स्वीकार गर्दछ । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा पेश गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन, २०७५

लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित छलफल समाप्त भएको जानकारी गराउँछु ।

मानानीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोक सेवा ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन पहिलो संशोधन गर्न बनेको विधेयकमाथि प्रदेश सभामा छलफल भइसकेकोले विधान तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख गरिएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकलाई समितिको संशोधन प्रतिवेदनसहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।- हुन्छ ... ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । ....

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार १ गते सोमबार दिनको ११ बजेसम्मका लागि स्थगित गर्दछु ।

□□□

a}7s ;¥of-!@

**(वि.सं. २०७७ साल असार १ गते सोमबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको बाह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, नेपालको संविधानको भाग १६ प्रदेश आर्थिक कार्य कार्य प्रणालीअन्तर्गत धारा २०७ र प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ नियम १२८ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई अनुमति दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट स्थापित कर्णाली प्रदेशका नागरिकको प्रतिनिधिमूलक गरिमामय प्रदेश सभाको यस बैठकमा कोभिड-19 महामारीको विषम परिस्थितिमा आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले उपस्थित भएको छु।

नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधीनता र मुलुकको स्वाभिमान रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, जनआन्दोलन, जनयुद्ध र कर्णाली प्रदेश स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने महान सहिदको स्मरण गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। मुलुकको राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणका लागि स्वाभिमानी पूर्वक अनवरत क्रियाशील अग्रज व्यक्तित्व तथा परिवर्तनका लागि भएका संघर्षमा होमिएका घाइते, अपाङ्ग योद्धा तथा सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु।

अतिक्रमित भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नेपाल सरकारबाट जारी राजनीतिक र प्रशासनिक नक्सा मुलुकको निशाना छापमा अङ्कित गर्ने गरी संघीय संसद्‌बाट नेपालको संविधान संशोधन प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको सुखद घडीमा स्वाभिमानी नेपाली दिदीवहिनी दाजुभाइलाई हृदयदेखि वधाई ज्ञापन गर्दै संघीय संसद् र नेपाल सरकारप्रति उच्च सम्मानसहित हार्दिक आभार व्यक्त गर्दछु।

कोभिड-१९ को विश्वव्यापी महामारीबाट सम्पूर्ण मानव जाति नै मानवीय र आर्थिक सङ्कटमा सङ्कटग्रस्त बनेको यस परिवेशमा मानव विकास सूचकाङ्क, भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अवसर, पँहुच र स्रोतबाट पछि परेको कर्णाली प्रदेशमा यसको प्रभाव अन्य क्षेत्रभन्दा अझ गहिरो, दूरगामी र नकारात्मक रहने निश्चित छ।

हामी यतिबेला इतिहासमै अत्यन्त ठूलो चुनौतीको सामना गर्न बाध्य छौं। सीमित स्रोतबाट असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ। विकटता, विपन्नता र

वेरोजगारीसँग जुधिरहेको कर्णाली प्रदेश हालको कोभिड-१९ र बन्दाबन्दी (लकडाउन) को कारणले मानवीय र आर्थिक सङ्कटको सामना गरिरहेको छ। हाम्रा सबै सवाललाई योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन। यस कठिन घडीमा कर्णालीवासी नागरिकको जीवनरक्षा नै हाम्रो प्रमुख दायित्व रहेको छ। सम्मानित सभा समक्ष विनम्रतापूर्वक अनुरोध गर्दछु, महामारी, भोकमरी र रोजगारी हाम्रो बजेटका मुख्य प्राथमिकता हुन्। महामारी र भोकमरीबाट जनताको जीवन बचाउने र रोजगारीमार्फत् उत्पादन बृद्धि गर्दै प्रदेशलाई आत्मनिर्भरतातर्फ अघि बढाउनु बजेटको केन्द्रविन्दु रहेको छ।

यस विषम परिस्थिति गरिमामय प्रदेश सभा समक्ष बजेट प्रस्तुत गर्दा मलाई थप गम्भीरता र जिम्मेवारीबोध भएको छ। सबै पक्षको सहयोग र समन्वयमा शुरूवात देखिनै कोभिड-19 को रोकथाम, नियन्त्रण र उपचारका लागि प्रदेश सरकारले लिएको रणनीति र सक्रियताबाट प्रारम्भमा यसको प्रभावबाट प्रदेशलाई सुरक्षित राख्न सकिएको थियो। प्रदेश र मुलुकबाहिर रहेका कर्णालीवासी दिदीवहिनी दाजुभाइ घर फर्कने क्रमको बृद्धिले महामारीको जोखिम बढेको छ।

विगतका युगान्तकारी राजनीतिक परिवर्तनबाट प्राप्त भएका उपलब्धिलाई संस्थागत गरी विकास र सेवाको रूपमा त्यसको लाभ नागरिकको घरदैलोसम्म पुऱ्याउन र कर्णालीका जनताको हँसिलो मुहार हेर्न हामीले धेरै कार्य गर्नुपर्ने सामूहिक जिम्मेवारी रहेको छ। संघीयताको सफल कार्यान्वयन, सुशासन, विकास, गरिबी निवारणको माध्यमबाट समावेशीता र सामाजिक न्याय तथा समाजवाद उन्मुख आर्थिक-सामाजिक संरचनाको विकास गर्दै हालको परिस्थितिमा उपचार, उत्पादन र आपूर्तिमा परिलक्षित भई आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानूनहरू, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको प्रदेश सभाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकतामा माननीय सदस्यज्यूहरूबाट प्राप्त महत्पूर्ण सुझाव, मार्गदर्शन र कोभिड-19 बाट सिर्जित परिस्थितिलाई समेत प्रमुख आधार बनाएको छु।

माननीय सभामुख महोदय,

अब प्रदेशको चालु आर्थिक वर्ष २०७६/०७७ को विद्यमान अवस्था प्रस्तुत गर्दछु-

बहुआयामिक गरिबी तथा स्रोत, अवसर र पँहुचमा कमजोर रहेको कर्णाली प्रदेशको विकास र नागरिकको जीवनस्तर सुधारमा सरकारको महत्त्वपूर्ण भूमिका आवश्यक छ।

संघीयताको नवीन अभ्यासलाई सफल बनाउन संस्थागत क्षमताको विकास, तत्कालीन आवश्यकताको परिपूर्ति र रणनीतिक महत्त्वका विकास कार्यमा प्रदेश सरकार केन्द्रित

भइरहेको अवस्थामा सिर्जित महामारी र बन्दाबन्दी (लकडाउन) को कारणबाट चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावित भएको कुरा सर्वविदितै छ।

मुलुकको करिब २१ प्रतिशत भूगोल र ६ प्रतिशत जनसङ्ख्या रहेको कर्णाली प्रदेश मानव विकास सूचकाङ्क, प्रतिव्यक्ति आय, औषत आयु, साक्षरता र पूर्वाधार विकासमा राष्ट्रिय औषतभन्दा न्यून रहेको छ। अर्कोतिर बहुआयामिक गरिबी, मातृ मृत्युदर र बाल मृत्युदर राष्ट्रिय औषतभन्दा माथि रहेको छ। कोभिड-१९ को महामारीबाट विश्व अर्थतन्त्रमा गम्भीर असर परिरहेको परिप्रेक्ष्यमा विगत केही वर्षदेखि उच्च आर्थिक बृद्धि हासिल गरिरहेको नेपालको समग्र आर्थिक बृद्धि समेत चालु आर्थिक वर्षमा 2.3 प्रतिशत मात्र हुने पूर्वानुमान रहेको छ। मुलुकको कूल गार्हस्थ उत्पादनमा कर्णाली प्रदेशको योगदान करिब ४.3 प्रतिशतको छ। यस प्रदेशको चालु आर्थिक वर्षको आर्थिक बृद्धिदर 3.6 प्रतिशतले हुने प्रेक्षेपण गरिएको छ।

कर्णाली प्रदेश सरकार जनताको जीवन रक्षाका लागि विश्व महामारीको रूपमा देखा परेको कोभिड-१९ विरुद्ध सुरूवातदेखि नै यसको नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारका लागि योजना, योजनाबद्ध रूपमा क्रियाशील रहेको छ।

यसका लागि सर्वप्रथम प्रदेश सरकारले रु. ५० करोडको विपद् व्यवस्थापन कोष स्थापना गरेको छ। सरकारले प्रत्येक जिल्लामा विपद् व्यवस्थापन समितिमार्फत् रु. ५० लाखका दरले रु. ५ करोड उपलब्ध गराएको छ। राहत, क्वारेन्टिन र आइसोलेसन व्यवस्थापनका लागि स्थानीय तहहरूलाई रु. १८ करोड २० लाख उपलब्ध गराइएको छ। प्रदेश अस्पताल, सबै जिल्ला अस्पतालहरू, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी सामुदायिक अस्पतालमा अस्थायी भौतिक पूर्वाधार, उपकरण, औषधी, स्वास्थ्य सामग्रीको व्यवस्था र आधारभूत स्वास्थ्य उपचार गर्न रु. १६ करोड २५ लाख उपलब्ध गराइएको छ। प्रदेशमा हुन सक्ने खाद्य सङ्कटलाई मध्यनजर गरी ४० हजार क्विन्टल खाद्यान्न खरिदको प्रबन्ध गरिएको छ।

हालसम्म कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि स्थापित विपद् व्यवस्थापन कोषमा प्रदेश सरकारको तर्फबाट रु. ५० करोडसहित विभिन्न बैंक एवं वित्तीय संस्था, सहकारी, उद्योगी, व्यापारी र अन्य दाताबाट प्राप्त सहयोग रु. २ करोड २४ लाख ३५ हजार ५ सय ६९ जम्मा भएको छ र उक्त कोषबाट कोभिड नियन्त्रण, रोकथाम र उपचारका लागि हालसम्म रु. २५ करोड ६७ लाख ८३ हजार ४ सय २८ खर्च भएको जानकारी यस सम्मानित सभालाई गराउँदछु। यस सङ्कटको व्यस्थापनका लागि नगद र जिन्सी सहयोग गर्ने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु।

कोभिड-१९ नियन्त्रण, प्रतिकार्य र उपचारमा आफ्नो जीवनको प्रवाह नगरी अग्रपंक्तिमा रहेर अहोरात्र क्रियाशील चिकित्सक लगायत सम्पूर्ण स्वास्थ्यकर्मीलाई उहाँहरूको सेवाप्रति कदरसहित हार्दिक आभार प्रकट गर्दै अझैं उच्च मनोवलका साथ आफ्नो कर्तव्य पूरा गर्न

विनम्रताकासाथ अनुरोध गर्दछु। हामी तपाइँहरूको सेवा र समर्पणको सम्मान गर्नेछौं। त्यसरी नै आफ्नो जिम्मेवारीमा निरन्तर खटिरहनु भएका सुरक्षाकर्मी, सवारी चालक एवं सफाईकर्मीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस महामारीको नियन्त्रणमा आवश्यक सहयोग र समन्वय गर्नुहुने माननीय सदस्यहरू, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा आदरणीय जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि सबैसँग हार्दिक अपिल गर्दछु।

कोभिड-19 को कारणले मुलुक र प्रदेश बाहिर रोजगारीका लागि गएका हजारौं नागरिक घर फिर्ता भएका छन्। विगतदेखि नै खाद्य सङ्कट भोगिरहेको प्रदेशले हाल थप समस्या सामना गर्नुपर्ने अवस्था आउन सक्छ। प्रदेशभित्र बेरोजगारी समस्या बढेको यस अवस्थामा घर फर्किएका व्यक्तिहरूलाई श्रम र उत्पादनसँग जोडेर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने अवसर समेत प्राप्त भएको मेरो बुझाई छ। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र जीवनस्तर सुधारका कार्यक्रममा संघीयताको मर्म अनुरूप स्थानीय तहसँग नियमित सहकार्य गरिएको छ।

चालु आर्थिक वर्षमा कोभिड-19 को कारणले पूँजीगत खर्च र राजस्व संकलन दुवै प्रभावित भएका छन्। यस आर्थिक वर्षको बजेटको तुलनामा संशोधित विनियोजन ४६.४० प्रतिशत अर्थात रु. १५ अर्ब ९३ करोड ६७ लाख १९ हजार हुने अनुमान छ। संशोधित विनियोजनमा चालु खर्च ५१ प्रतिशत र पूँजीगत खर्च ४९ प्रतिशत रहने अनुमान छ।

आर्थिक वर्ष 2076/077 मा प्रदेशको आन्तरिक राजस्व संकलन बार्षिक लक्ष्यको ८५.३० प्रतिशत अर्थात रु. २९ करोड हुने अनुमान रहेको छ।

माननीय सभामुख महोदय,

अब म आर्थिक वर्ष २०७७/०७८ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु:

- कोभिड-१९ को महामारीबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सुरक्षित र सहज बनाउने,
- खाद्यान्न सङ्कट हुन नदिन आधारभूत आवश्यकताका दैनिक उपभोग्य वस्तुको भण्डारण र सहज आपूर्तिको सुनिश्चितता गरी जनतालाई भोकमरीबाट बचाउने,
- नागरिकको मौलिक हकको रूपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको थप विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने,
- अर्थतन्त्रका प्रमुख क्षेत्रको पुनरूत्थान गरी उत्पादन एवं उत्पादकत्व बृद्धि गर्दै समावेशी एवं समन्यायिक विकासको माध्यमबाट रोजगारीका अवसर सिर्जना गर्ने,
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको दीगो विकास गर्ने,

- सार्वजनिक स्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने।

बजेटका उल्लिखित उद्देश्यहरू प्राप्त गर्न मैले देहायअनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु:

- कोभिड-१९ को महामारीबाट कर्णालीवासीलाई सुरक्षित राख्ने क्वारेन्टिन एवं आइसोले आइसोलेसन व्यवस्थापन, अत्यावश्यक औषधि, स्वास्थ्य सामग्री एवं उपकरणको उपलब्धता, परीक्षणको दायरा विस्तार र उपचारको व्यवस्था,
- अत्यावश्यक खाद्यान्नको भण्डारण, खाद्य सुरक्षा र भरपर्दो आपूर्ति व्यवस्था,
- रोजगारमूलक विकास र उद्यमशिलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार,
- कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको विकास गरी उत्पादन एवं उत्पादकत्व बृद्धि,
- स्वास्थ्य र शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, दक्ष जनशक्ति, नवीन प्रविधि र संस्थागत क्षमता विकास,
- सडक, ऊर्जा, खानेपानी, सिँचाइ लगायतका भौतिक पूर्वाधार विकास,
- शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्द्धन।

माननीय सभामुख महोदय,

आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गर्दा कोभिड-१९ बाट सिर्जित महामारी र सम्भावित भोकमरीबाट जनतालाई जोगाउँदै समृद्ध नेपाल : सुखी नेपालीको राष्ट्रिय आकांक्षा अनुरूप समृद्ध कर्णाली : सुखारी कर्णालीवासीको प्रदेशको दीर्घकालीन सोच साकार पार्न आर्थिक, सामाजिक रुपान्तरण र सांस्कृतिक सुधारसहितको समावेशी विकासका लागि स्वास्थ्य, शिक्षा, उत्पादन र आपूर्ति: रोजगारी, आजीविकी, पूर्वाधार र समृद्धिको मूल ध्येयका साथ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष 2077/०७८ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

चालु आयोजनाको कार्यान्वयन सुनिश्चितता गर्ने, नागरिकका लागि आधारभूत सेवा प्रवाहमा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अघि बढाउने कार्यक्रम तथा आयोजनामा मैले विशेष जोड दिएको छु।

माननीय सभामुख महोदय,

अब म यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु:

**कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचार तथा स्वास्थ्य क्षेत्रको सुदृढीकरण :**

विश्व महामारी कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी कार्यक्रम संघीय सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

कोभिड-१९ को महामारीका बीच भारत लगायत विदेश र देशका विभिन्न स्थानबाट प्रदेश वाहिरबाट कठिनाईपूर्वक प्रदेश सीमासम्म आएका कर्णालीवासीलाई गन्तव्यसम्म पुऱ्याउनु सरकारको प्राथमिक कर्तव्य हो। त्यसैले उहाँहरूलाई आफ्नो घरसम्म पुऱ्याउने कार्य भइरहेको छ। यस महामारीबाट घर फर्किने र प्रदेशभित्र रहेका संक्रमणको आशंका भएका जनतालाई सुरक्षित राख्नमा क्वारेन्टिनको उचित व्यवस्थापन गरिनेछ। साथै, परीक्षणबाट संक्रमित देखिएका व्यक्तिलाई उपचारको व्यवस्था गर्नको लागि प्रदेश र जिल्ला अस्पताल तथा स्थानीय तहमा आवश्यकता अनुसार आइसोलेसनको व्यवस्था गरिनेछ। स्थानीय तहमार्फत् क्वारेन्टिन र आइसोलेसनमा भौतिक सामग्री र खाद्यान्न लगायतका आवश्यक सेवा सुविधाको व्यवस्था मिलाइनेछ।

कोभिड-१९ को नियन्त्रणका लागि आर.डि.टि./पि.सि.आर. परीक्षणको दायरा बढाइनेछ। त्यसका लागि थप पि.सि.आर. मेसिन सहितका उपकरण, परीक्षण किट र स्वास्थ्य सामग्री खरिद एवम् प्रयोगशाला सुदृढीकरण र जनशक्ति परिचालनमा जोड दिइनेछ।

कोभिड-१९ को संक्रमण देखिएका व्यक्तिलाई उचित उपचारको व्यवस्था मिलाइनेछ। स्वास्थ्य जाँचबाट संक्रमण पहिचान भएका व्यक्तिलाई सम्बन्धित स्थानीय तह र जिल्ला सदरमुकामका आइसोलेसनमा बस्ने व्यवस्था मिलाइनेछ। संक्रमण एवं लक्षण समेत देखिएका विरामीलाई जिल्ला अस्पतालमा उपचारको व्यवस्था गरिनेछ। जिल्ला अस्पतालमा उपचार हुन नसकेका गम्भीर बिरामीलाई एम्बुलेन्स वा हवाई उद्धारको माध्यमबाट प्रदेश अस्पताल वा तोकिएका अन्य स्वास्थ्य संस्थामा ल्याई सघन उपचार गर्ने व्यवस्था मिलाइनेछ। कोभिड १९ रोगबाट मृत्यु हुने व्यक्तिका परिवारलाई रु. १ लाख राहत उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

प्रदेश अस्पतालमा 200 आइसोलेसन बेड, 40 सघन उपचार कक्ष (आई.सि.यु.) र 20 भेन्टिलेटरसहितका विशेष सघन उपचार कक्ष बनाइनेछ। हरेक जिल्ला अस्पतालमा कम्तीमा पचास आइसोलेसन बेड, कम्तीमा दश सघन उपचार कक्ष (आई.सि.यु.) र कम्तीमा पाँच भेण्टिलेटरसहितको सघन उपचार कक्ष तयार गरिनेछ। आइसोलेसन बेड, आई.सी.यू. र भेन्टिलेटरका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी सामुदायिक अस्पताललाई आवश्यक सहयोग गरिनेछ। हालको महामारी नियन्त्रण र स्वास्थ्य सेवाको सहज पँहुचका लागि आवश्यक एम्बुलेन्स एवं घुम्ती अस्पतालको व्यवस्था गरिनेछ।

स्थानीय स्तरमा कोभिड-19 सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने कार्यमा स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरिनेछ। स्वास्थ्य स्वयंसेविकाको लागि उपलब्ध गराइएको प्रोत्साहनलाई निरन्तरता दिएको छु। यसका लागि रु. ४ करोड विनियोजन गरेको छु।

कोभिड-19 को महामारीबाट प्रदेशभित्रका कृषि, वन, उद्योग, निर्माण एवं रोजगारी लगायतका आर्थिक गतिविधिमा आएको शिथिलता र विदेश तथा प्रदेश बाहिर रहेका नागरिक घर फिर्ता भएकोले हुन सक्ने खाद्य सङ्कट नियन्त्रणका लागि आधारभूत खाद्यान्न खरिद र ढुवानीका लागि रु. ५० करोड विनियोजन गरेको छु।

कोभिड-19 को कारणले अध्ययन, अध्यापन र सिकाईमा परेको प्रभावलाई न्यूनीकरण गर्न दुर्गम पहाडी क्षेत्रसहित प्रदेशका सबै जिल्लामा पठनपाठन क्रमशः सुचारु गरिनेछ। यसका लागि एफ.एम. रेडियो, टेलिभिजन र इन्टरनेट समेतको माध्यमबाट दूर शिक्षा प्रदान गर्न भर्चुअल रिसोर्स सेन्टर (स्रोत केन्द्र) सहित आवश्यक पूर्वाधार विकासका लागि रु. ११ करोड विनियोजन गरेको छु।

कोभिड-१९ को विश्वव्यापी महामारीलाई परास्त गर्न जिम्मेवारीपूर्वक अहोरात्र खटिएका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सवारी चालक र सफाइकर्मीलाई उच्च मनोवल कायम गर्न उचित प्रोत्साहन गरिनेछ। यसका लागि अग्रपंक्तिमा रहेका चिकित्सक एवं स्वास्थ्यकर्मीलाई सुरु तलबको एक सय प्रतिशत र सुरक्षाकर्मी, सवारी चालक एवं सफाइकर्मीलाई सुरु तलबको पचास प्रतिशत मासिक प्रोत्साहन उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु।

कोभिड-19 महामारीबाट प्रभावित सबै गतिविधिलाई सहज बनाउन समुदायस्तरमा समेत नमूना जाँच गरी जोखिम नदेखिएका स्थानमा क्रमशः आर्थिक, शैक्षिक र विकासका गतिविधि अघि बढाइनेछ।

कोभिड-19 केन्द्रित स्वास्थ्य, खाद्यान्न र शिक्षाका उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि जम्मा रु. १ अर्ब 50 करोड 5८ लाखको कोष परिचालन गरिनेछ।

माननीय सभामुख महोदय,

कर्णालीवासीलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। अ स्वास्थ्य क्षेत्रको दिर्घकालीन क्षमता विकासका लागि भौतिक पूर्वाधार, उपकरण एवं दक्ष जनशक्ति विकास गरिनेछ। संक्रामक रोग लगायत स्वास्थ्य उपचारका लागि औषधि, उपकरण र स्वास्थ्य सामग्रीको उपलब्धता र सहज आपूर्तिको व्यवस्था मिलाइनेछ।

स्वास्थ्य संस्थाहरूको संरचनागत तथा संस्थागत सुदृढीकरण गरिनेछ। अँ प्रदेशवासीलाई विशेषज्ञ चिकित्सकीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि सुर्खेत स्थित प्रदेश अस्पताललाई ३०० शैयाको शिक्षण अस्पतालको रूपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार र स्वास्थ्य उपकरणका लागि रु. १३ करोड 45 लाख विनियोजन गरेको छु।

सबै जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रूपमा स्तरोन्नति गरिनेछ। डोल्पा जिल्ला अस्पतालको भवन निर्माणको लागि रु. १० करोड सहित अन्य जिल्ला अस्पतालहरूको पूर्वाधार विकासका लागि रु. २२ करोड विनियोजन गरेको छु।

कर्णाली राजमार्गमा सडक दुर्घटनामा पर्ने जनतालाई लक्षित गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा राकम कर्णालीमा ट्रमा अस्पतालको स्थापना गर्न रु. १ करोड 40 लाख विनियोजन गरेको छु।

रोग पहिचान र उचित उपचारका लागि नेपाल सरकारसँगको सहकार्यमा अत्याधुनिक जनस्वास्थ्य प्रयोगशालाको स्थापना र सञ्चालन गरिनेछ। जिल्लास्थित प्रयोगशालाको स्तरोन्नति, नमुना घुम्ती प्रयोगशाला निर्माण र जनशक्ति विकास गरिनेछ।

कर्णालीवासीको स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने कार्यको शुरूवात गरिनेछ। जनसंख्या र भूगोलका आधारमा स्थानीय तहसँगको साझेदारीमा अँ घुम्ती स्वास्थ्य र दूर स्वास्थ्य (टेलिमेडिसन) सेवा सञ्चालन गरिनेछ।

नेपाल सरकारद्वारा घोषणा गरेको सुर्खेतस्थित पचास शैयाको सरुवा रोग नियन्त्रण अस्पताल शीघ्र स्थापनामा आवश्यक समन्वय र सहकार्य गरिनेछ।

सुर्खेतमा शिक्षण अस्पताल सञ्चालन नभएसम्म कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश अस्पतालको सहकार्यमा चिकित्साशास्त्रमा स्नातकोत्तर (एम.डि./एम.एस) तहको अध्यापन कार्य सुरु गरिनेछ। चिकित्सा शिक्षा आयोग लगायत सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी न्यूनतम् दुई वर्षदेखि कर्णालीमा सेवा गर्दै आएका चिकित्सकलाई उक्त कार्यक्रममा अध्ययनका लागि प्राथमिकता दिने व्यवस्था मिलाइनेछ।

स्वस्थ नागरिक तयार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रदेशका सबै जिल्लामा विस्तार गरिनेछ। किशोरी, गर्भवती र सुत्केरी सम्बन्धी सचेतना र पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। मातृ शिशु स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षाको लागि हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ।

आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोपेथिक लगायत बैकल्पिक एवं घरेलु उपचार पद्दतिको विकास गरिनेछ। कोभिड-१९ को महामारीबाट आम जनसमुदायमा सिर्जना भएको मनोवैज्ञानिक असरलाई न्यूनीकरण गर्न सचेतना तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

तत्कालीन रूपमा कोभिड-१९ नियन्त्रण र दीर्घकालीन रूपमा स्वास्थ्य क्षेत्रको सुदृढीकरण गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि यस क्षेत्रको बजेटमा उल्लेखनीय बृद्धि गरी जम्मा रु. 2 अर्ब 77 करोड विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,

<u>खाद्यान्न सुरक्षा र सहज आपूर्ति व्यवस्था</u>

अब कोभिड-१९ को महामारीबाट सिर्जना हुन सक्ने सम्भावित भोकमरीबाट जनतालाई बचाउन सञ्चालन गरिने खाद्य सुरक्षा र आपूर्ति व्यवस्था सम्बन्धी कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

- कोभिड-१९ को कारणले हुन सक्ने भोकमरीबाट जनताको जीवन बचाउनु सरकारको प्रमुख कर्तव्य हो। आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति गर्न संघ र स्थानीय तहसँग सहकार्य र समन्वय गरी खाद्यान्न लगायतका आधारभूत आवश्यकताका वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ।
- नेपाल सरकारसँगको समन्वयमा कर्णाली प्रदेशमा रहेको खाद्यान्नको भण्डारण बृद्धि गरी वितरण क्षमता बढाइनेछ। निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यमा खाद्यान्न भण्डारण र उपलब्धताको सहज व्यवस्था गरिनेछ। कृत्रिम अभाव र कालोबजारीलाई नियन्त्रण गरी उपभोक्ता हित प्रवर्द्धन गरिनेछ।
- खाद्य भण्डारण र आपूर्तिका लागि स्थानीय तहसँगको साझेदारीमा नमूनाको रूपमा एक स्थानीय तह एक अन्न भकारी कार्यक्रम सञ्चालन गरिनेछ।
- आधारभूत खाद्य सुरक्षाको लागि अत्यावश्यक खाद्य वस्तु खरिद, ढुवानी र भण्डारण समेतका प्रस्तुत कार्यक्रमका लागि रु. ५५ करोड विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,

<u>श्रम, रोजगारी र राहत</u>

- विकास, अवसर र आर्थिक स्रोतमा पछाडि परेको कर्णाली प्रदेशलाई महामारी र भोकमरीबाट बचाउन आधारभूत आर्थिक पक्षमा सवलताको अभिबृद्धि गर्न आफ्नो गाउँ : आत्मनिर्भर बनऔं अभियानका साथ उत्पादन र उद्यमशिलताको विकासका लागि यस आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई मैले रोजगारीमा केन्द्रित गरेको छु। अब म श्रम, रोजगारी र राहत सम्बन्धी कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु।
- कोभिडको महमरीबट स्वदेश र विदेशम रोजगरी गुमएक त १९-था बेरोजगार युवालाई श्रममूलक रोजगारीको माध्यमबाट विकास क्रियाकलापसँगै रोजगारी सिर्जना गरिनेछ। यस महामारीबाट जोखिममा परेका बालबालिका, बृद्ध, अशक्त, दीर्घरोगी र अपाङ्गता भएका व्यक्तिलाई उचित राहत उपलब्ध गराइनेछ।
- मुख्यमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट कृषि र उद्योग क्षेत्रमा युवा उद्यमीको विकास गरी स्वरोजगार सिर्जना गरिनेछ। उपभोक्ता समूह, श्रम सहकारी, श्रम कार्यदल र आम जनताको सहभागितामा खाद्यान्नका लागि श्रम सहितको रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ।

- युवालाई लक्षित गरी कृषि तथा उद्यममा मौलिक सीप र नवीन प्रविधिको प्रयोग गर्दै स्वरोजगारी विकास गर्न सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।
- प्रदेशभित्रको विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न र विकासमा जनप्रतिनिधिको जिम्मेवारी र स्वामित्व अभिबृद्धि गर्नका लागि रोजगामूलक पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गरिनेछ, यसका लागि रु. २० अर्ब १ करोड विनियोजन गरेको छु।
- अशक्त, जोखिममा परेका, सीमान्तकृत क्षेत्र, बर्ग र समुदायका नागरिकको जीविकोपार्जन तथा उद्यमशिलताका लागि मुख्यमन्त्री सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरी खाना, नाना र छाना कार्यक्रम सञ्चालन गरिनेछ, यसका लागि रु.२० करोड विनियोजन गरेको छु।
- पूर्वाधार विकासलाई थप जनमैत्री र रोजगारमूलक बनाउन रु. १ करोडसम्मका आयोजनाको कार्यान्वयन गर्दा मेसिन उपकरणको प्रयोग नगरी मानव श्रमको/माध्यमबाट आयआर्जन अभिबृद्धि गरी जनताको जीवनस्तरमा सुधार गरिनेछ।
- स्थानीय तहसँगको साझेदारीमा बेरोजगारका लागि सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। कोरोना प्रभावित परिवारलाई रोजगारीका अवसरमा प्राथमिता दिइनेछ।
- शहिद, लोकतान्त्रिक आन्दोलनका घाइते तथा द्वन्द्व पीडित परिवारका कम्तीमा एक सदस्यलाई सीप र तालिम प्रदान गरी स्वरोजगार बनाइनेछ।
- कर्णाली प्रदेशमा दलित समुदायको ठूलो जनसंख्या रहेको तर आर्थिक सामाजिक स्तर कमजोर रहेकोले भूमिहिन र बेरोजगार दलितलाई परम्परागत सीपमा आधारित रोजगारी विकास गर्न उचित सहयोग गरिनेछ।
- निजी, सहकारी, गैरसरकारी क्षेत्र, विकास साझेदार र समुदायस्तरबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रमलाई सहजीकरण तथा मूलप्रवाहीकरण गरिनेछ।
- नेपाल सरकारसँगको समन्वयमा कोभिड-19 को कारणले गम्भिर असर परेका उद्योग, होटल, रेष्टुरेन्ट लगायतका व्यवसायको पुनर्सञ्चालनको लागि उचित सहुलियत दिइनेछ।
- रोजगारीका अवसर वृद्धि र विकासलाई सँगै अघि बढाउन उल्लिखित कार्यक्रम सञ्चालनका लागि मैले रु. 6 अर्ब 54 करोड विनियोजन गरेको छु। उक्त रकममध्ये भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट रु. 81 करोड 88 लाख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रु. 43 करोड 73 लाख र सामाजिक विकास मन्त्रालयबाट रु. 7 करोड 90 लाखका रोजगारमूलक कार्यक्रम निर्धारित मापदण्ड र कार्यविधिबाट सञ्चालन हुने व्यवस्था मिलाएको छु।

माननीय सभामुख महोदय,

अब कृषि, उद्योग, वन, पर्यटन र वाणिज्य लगायतका उत्पादन क्षेत्रका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु।

कृषि र भूमि व्यवस्था

- कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गरिनेछ। आधारभूत खाद्य उपजमा आत्मनिर्भरता विकास गर्ने, रैथाने बालीको प्रवर्द्धन गरी कर्णालीको मौलिक पहिचान कायम राख्ने र उच्च मूल्यका, उच्च मूल्यका निर्यातमूलक कृषि उपजको विकास गरिनेछ।
- हिमाली क्षेत्रमा स्याउ, ओखर, मार्सी धान लगायतका रैथाने बाली, मौरीपालन र पशुपालनमा जोड दिइनेछ। पहाडी क्षेत्रमा खाद्यान्न, सुन्तला, कागती जस्ता फलफूल, तरकारी, पशुपन्छी पालन, अदुवा, टिमुर र बेसार जस्ता मसलाजन्य उत्पादनलाई प्रोत्साहन गरिनेछ। उपत्यका, बेसी र टारमा खाद्यान्न, बेमौसमी तरकारी, आँप, लिची जस्ता फलफूल, दुग्ध उत्पादन र माछापालन व्यवसायलाई प्रोत्साहित प्रोत्साहन दिइनेछ।
- आगामी आर्थिक वर्षमा प्रदेशभित्र उन्नत जातका फलफूल र पशु नश्ल सुधार कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ। उन्नत जातका स्याउ, ओखर, किवी, सुन्तला र कागती जस्ता फलफूलका विरूवा खरिद र वितरण एवं उन्नत जातका पशुपंक्षी खरिद गरी पशु नश्ल सुधार गर्न रु. 27 करोड विनियोजन गरेको छु।
- कृषि उत्पादन बृद्धिका लागि संघीय र स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह एक उत्पादन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।यसका लागि रु. 27 करोड 65 लाख विनियोजन गरेको छु।
- मेरो किसान मेरो अन्नदाता कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषकलाई प्रोत्साहन, कृषिमा श्रम परिचालन र आधुनिकीकरणको माध्यमबाट यस क्षेत्रलाई व्यावसायिक बनाउदै लगिनेछ। उल्लेखित कार्यक्रमका लागि रु. 8 करोड विनियोजन गरेको छु।
- कृषकलाई ब्याज अनुदान र सहुलियत कर्जा, कृषि सामग्री, विउ/बेर्ना, कृषि विमा र न्यूनतम् समर्थन मूल्यको व्यवस्था गरिनेछ। यस क्षेत्रको विकासका लागि सहकारी, सामुदायिक र निजी फार्मलाई प्रोत्साहन गरिनेछ।
- कृषि क्षेत्रको विकासका लागि अर्गानिक उत्पादन प्रोत्साहन, स्रोत केन्द्रको विकास, पकेट क्षेत्र प्रवर्द्धन र सामुदायिक बीऊ बैंक कार्यक्रम सञ्चालन गरिनेछ। नमूनाको रूपमा केही वस्तुहरूको उत्पादन परिमाणमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। यस कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरेको छु।

- बीऊ बिजन, खाद्यान्न, पशुपंक्षी, फलफूल, तरकारी लगायतका नमूना उत्पादन गर्न र त्यसको प्रदर्शन प्रभाव समेत पार्ने गरी संघ र स्थानीय तहसँगको समन्वयमा ठूला कृषि फार्म स्थापना र सञ्चालन सम्बन्धी अध्ययन गरिनेछ।
- कृषिमा उत्पादकत्व बढाउनका लागि नियमित सिँचाइ सुविधा उपलब्ध गराउन रोजगारमूलक साज साना सिँचाइ कार्यक्रम सञ्चालनका लागि रु. ३५ करोड विनियोजन गरेको छु।
- निजी तथा सहकारी क्षेत्रबाट उत्पादन हुने दाना, ह्याचरी, अर्गानिक मल र जैविक विषादीमा सहयोग गरिनेछ। कृषि सहकारीलाई चिस्यान केन्द्र, कृषि औजार निर्माण, कृषि उपजको प्रशोधन र बजारीकरणमा लागत साझेदारी गरी प्रोत्साहन गरिनेछ।
- प्रदेशको भू-उपयोग सम्बन्धी नीति, कानून र गुरूयोजना तर्जुमा गरिनेछ। खेतीयोग्य बाँझो जमिनको उत्पादनमूलक प्रयोग, चक्लाबन्दी, सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ। भूमिको वैज्ञानिक व्यवस्थापनका लागि भूमि बैंक सम्बन्धी कानुनी आधार तयार गरिनेछ।
- गुठी एवं ऐलानी जग्गा, सुकुम्बासी, अव्यवस्थित बसोबास र द्वन्द्वकालमा भएको जमिनको किनबेचको समस्या समाधानका लागि संघ र स्थानीय तहसँग समन्वय गरिनेछ। भूमि सम्बन्धी वैज्ञानिक अभिलेख व्यवस्थापनका लागि उचित सहयोग गरिनेछ।
- भूमि तथा कृषि विकास लगायतका उपरोक्त कार्यक्रम सञ्चालनका लागि मैले रु. 2 अर्ब 70 करोड विनियोजन गरेको छु।

<u>उद्योग तथा वाणिज्य</u>

- कोभिड-१९ महामारीको कारणबाट हाल बन्द रहेका उद्योगलाई आवश्यक स्वास्थ्य मापदण्ड अवलम्बन गरी सञ्चालनमा ल्याइनेछ। प्रदेशको पहिचान झल्किने उच्च मूल्यका मौलिक उत्पादनलाई प्रोत्साहन गरिनेछ।
- घरेलु र साना उद्यमलाई उचित सहयोग गरिनेछ। मझौला र ठूला उद्योगको स्थापनालाई आकर्षित गर्दै त्यस्ता उद्योगलाई आवश्यक पर्ने पँहुच मार्ग र विद्युत सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार विकास गरिनेछ।
- प्रदेशभित्र औद्योगिक विकासको उचित वातावरण तयार गर्न स्थानीय तहको प्राथमिकता र आवश्यकताको आधारमा लागत साझेदारी गरी उद्योग ग्राम स्थापना गर्न रु. 7 करोड 50 लाख विनियोजन गरेको छु। नेपाल सरकारसँगको समन्वयमा प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि पहल गरिनेछ।
- कर्णाली प्रदेशलाई अर्गानिक प्रदेशको रूपमा विकास गर्न जैविक मल र जैविक विकासी विषादी कारखाना स्थापनाको लागि रु. 2 करोड विनियोजन गरेको छु।

- उद्योग क्षेत्रको प्रवर्द्धन र उद्यमशिलता विकास गर्न घरेलु तथा साना उद्योगको विकासका लागि सीप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्न रु. 5 करोड विनियोजन गरेको छु।
- स्थानीय उत्पादनमा आम नागरिकको रुची, वस्तुको गुणस्तर, बजार पँहुच बृद्धि गर्न वीरेन्द्रनगरमा कर्णाली कोशेली घर निर्माण गर्न रु. 1 करोड विनियोजन गरेको छु।
- लक्षित समूहलाई आवश्यक मेसिन उपकरण र भौतिक पूर्वाधार विकास सहायताको माध्यमबाट लघु उद्यम विकास गरी स्वरोजगारका अवसर बृद्धि गरिनेछ। प्रदेशभित्रका सम्भावित स्थानमा कपास खेती एवम् ऊन उत्पादन र प्रशोधन कार्यलाई प्रोत्साहन गरिनेछ।
- परम्परागत घरेलु प्रविधिको प्रवर्द्धन गर्ने र मेशन, प्लम्बिङ्ग, हेयर कटिङ्ग, वायरिङ्ग, सिलाई कटाई, हस्पिटालिटी र कुक जस्ता रोजगारमूलक तालिम सञ्चालन गरिनेछ। उल्लिखित कार्यक्रमको लागि रु. 6 करोड 15 लाख विनियोजन गरेको छु।
- प्रदेशभित्र उत्पादन तथा बिक्रीवितरण हुने प्रमुख पहिचानजन्य उत्पादनको बजारीकरणका लागि कर्णाली ब्राण्डको प्रवर्द्धन गरिनेछ।
- संघीय सरकारसँगको समन्वयमा प्रदेशभित्र पेट्रोलियम पदार्थको भण्डारणको लागि आवश्यक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- उद्योग तथा वाणिज्य क्षेत्रका कार्यक्रमका लागि मैले जम्मा रु. 47 करोड विनियोजन गरेको छु।

<u>वन, भूसंरक्षण र वातावरण</u>

- वन स्रोतको संरक्षण र वैज्ञानिक व्यवस्थापन गरी यसको माध्यमबाट आय आर्जनका अवसर बृद्धि गरिनेछ। वनस्पति, वन्यजन्तु र जैविक विविधताको दीगो संरक्षण गरी काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादन र आपूर्ति वृद्धि गरिनेछ।
- स्थानीय तह, सामुदायिक वन, सहकारी वा समुदायलाई परिचालन गरी वनजन्य उत्पादनबाट आम नागरिकको आय आर्जन र रोजगारी वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रदेशमा रहेको जडीबूटीको अपार संभावनाको खोज, पहिचान र दीगो प्रवर्द्धन गरिनेछ। जडीबूटीको संकलन र कम्तीमा एक प्रारम्भिक प्रशोधन गरी नागरिकको आय आर्जन वृद्धि गर्ने कार्यक्रममा रु. 6 करोड विनियोजन गरेको छु।
- बहुमूल्य जडीबुटी, फलफूल र सुगन्धित वनस्पतिका बिरुवा उत्पादनका लागि शुरू गरिएका हाइटेक नर्सरीको काम सम्पन्न गरी थप आवश्यक भएका स्थान पहिचान समेतका लागि रु. 2 करोड 10 लाख विनियोजन गरिएको छ।

- कर्णाली प्रदेशमा उपलब्ध रहेका र थप सम्भाव्यताका उच्च मूल्यका वनस्पति र जडीबुटी खेतीको विकास र विस्तार समेतका लागि वनस्पति तथा जडीबुटीको पहिचान, प्रमाणीकरण तथा ब्राण्डिङ्गका लागि पूर्वाधार तथा प्रयोगशाला स्थापनाको सुरुवात गरिनेछ।
- कर्णाली प्रदेशका बहुमूल्य वनस्पति र जडीबुटीको पहिचान, खेती, प्रमाणीकरण, विकास र रोजगारमूलक क्रियाकलापका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- भू-क्षय नियन्त्रण र संवेदनशील जलाधार क्षेत्रको संरक्षण गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा नमूनाको रूपमा एक वडा एक पोखरी कार्यक्रमलाई अघि बढाइनेछ। उपरोक्त कार्यक्रमका लागि रु. 11 करोड विनियोजन गरेको छु।
- हिमाल, महाभारत र चुरे संरक्षणलाई प्राथमिकता दिंदै जलवायू परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका कार्य अघि बढाइनेछ। विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरण संरक्षणको पक्षलाई ध्यान दिइनेछ।
- स्थानीय तहसँगको समन्वय र साझेदारीमा निर्माण सामग्रीको आपूर्तिमा रहेका समस्या समाधान, आवश्यक सामग्रीको दीगो आपूर्ति र प्रतिस्पर्धाबाट बिक्री गर्ने व्यवस्थित प्रणालीको विकास गरिनेछ।
- वन, भू-संरक्षण र वातावरण क्षेत्रका उल्लिखित कार्यक्रमका लागि मैले रु. 81 करोड विनियोजन गरेको छु।

<u>हवाई सेवा र पर्यटन</u>

- प्रदेश सरकारको पहलमा सुर्खेतबाट संघीय राजधानीसँगको सिधा हवाई सेवा नियमित रूपमा सञ्चालन भएको छ। यसको दीगोपना र सुलभ हवाई सेवाका लागि सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नतिका लागि जग्गा व्यवस्थापनमा नेपाल सरकारसँग साझेदारी गर्ने गरी वित्तीय व्यवस्थातर्फ रु. ५० करोड विनियोजन गरेको छु।
- प्रदेश पर्यटन गुरुयोजना अनुसार पर्यटकीय पूर्वाधारको क्रमिक विकास गरिनेछ। पर्यटन गतिविधिबाट ग्रामीण जनताको आयआर्जन र रोजगारी बृद्धिका लागि सामुदायिक घरबास (होमस्टे) को पूर्वाधार विकासमा सहयोग गरिनेछ।
- प्रदेश राजधानी वीरेन्द्रनगरमा रहेका पर्यटकीय महत्त्वका स्थानहरूमा आवश्यक पूर्वाधार विकास गरिनेछ। यस सहर वरिपरिका पहाडमा प्रस्तरकला (स्टोन कार्भिङ्ग) र आसपासका खोँचमा जलाशय निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।
- सबै जिल्लामा प्रमुख पर्यटकीय गन्तव्य विकासका लागि पूर्वाधार निर्माण गरिनेछ। रारा, शे-फोक्सुण्डो, काँक्रिविहार, बुलबुले, पचाल झरना, कुपिण्डे, लिमी, सिञ्जा, पञ्चकोशी, स्यार्पु, कुशे पाटन लगायत पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका लागि रु. 10 करोड विनियोजन गरेको छु।

- हिमाली तथा उच्च पहाडी क्षेत्रमा सम्भाव्यताको आधारमा नमुना पदयात्रा मार्ग निर्माणको कार्य शुरूवात गरिनेछ। पदयात्रा मार्ग निर्माण गर्दा परम्परागत स्थानीय निर्माण सामग्रीको मात्र प्रयोग गरिनेछ।
- मुलुकको एक प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेको मनमोहक रारा क्षेत्रमा आवश्यक पूर्वाधार विकासका लागि सरकार नागरिक साझेदारीमा घरबास (होमस्टे) पर्यटनको प्रवर्द्धन गर्न आवाससहितको नमुना मुर्मा गाउँ विकास गरिनेछ। ताल्चा विमानस्थलदेखि मिलिचौरसम्म पर्यटन पँहुच मार्ग निर्माण गरिनेछ।
- हवाई सेवा र पर्यटन क्षेत्रका उल्लिखित कार्यक्रमका लागि मैले रु. 73 करोड विनियोजन गरेको छु।

निजी तथा सहकारी क्षेत्र

- विकासमा निजी क्षेत्रको योगदानलाई उच्च महत्त्व दिँदै पूर्वाधार लगायत प्रदेश प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गरिनेछ। निजी क्षेत्रको आर्थिक गतिविधिलाई आवश्यक पर्ने लगानीको वातावरण, सुरक्षा र पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ।
- प्रदेशको आर्थिक सामाजिक विकासका लागि सहकारी क्षेत्रलाई परिचालन गरिनेछ। सहकारीको माध्यमबाट कृषि, लघुउद्यम, प्रविधिको विकास र बचत प्रोत्साहन गरी पूँजी परिचालन गरिनेछ। स्वबृद्धि प्रारूप समेतको माध्यमबाट सहकारीमार्फत् रोजगारी र आयआर्जन बृद्धि गरिनेछ। सहकारीको माध्यमबाट कृषि उपजको सहज बजार पँहुचलाई प्रोत्साहन गरिनेछ।
- एक सहकारी एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। सहकारीको माध्यमबाट उत्पादन, संकलन, भण्डारण र वितरणलाई प्रोत्साहन गरिनेछ।
- कृषि तथा श्रम सहकारीलाई विशेष महत्त्व दिँदै सहकारी नियमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

माननीय सभामुख महोदय

अब शिक्षा तथा सामाजिक क्षेत्रका कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु।

शिक्षा

- दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरी आधुनिक समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई मैले उच्च प्राथमिकता दिएको छु। नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा आगामी आर्थिक वर्षभित्र कर्णालीलाई पूर्ण साक्षर प्रदेश वनाइनेछ।

- प्रदेश शिक्षा नीति र कानून तर्जुमा गरी नव सिर्जनशील वैज्ञानिक र मानव मूल्यमा आधारित शिक्षा विकास गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा समयानुकुल पाठ्यक्रम तयार गरिनेछ।
- शैक्षिक पूर्वाधार, शिक्षण सामग्री र नवीन प्रविधिको प्रयोग गरी जीवनोपयोगी प्राविधिक शिक्षाको विकासका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।
- शिक्षाको गुणस्तर विकास र अनुसन्धानका लागि मध्यपश्चिम विश्वविद्यालयमा भाइरोलोजी ल्याब स्थापना र आवश्यक भौतिक पूर्वाधार विकासका लागि रु. १० करोड विनियोजन गरेको छु। गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरिएको छ।
- हिमाली र विकट पहाडी क्षेत्रमा आवासीय विद्यालय निर्माण गरिनेछ। भूगोल एवम् विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन गर्न प्रोत्साहन गरिनेछ। सामुदायिक क्याम्पस, एक निर्वाचन क्षेत्र एक प्राविधिक शिक्षालय र प्रदेश राजधानीमा अपाङ्गता भएका विद्यार्थीका लागि विशेष विद्यालय र दलित छात्रबास निर्माण गरिनेछ। उल्लिखित पूर्वाधार कार्यमा रु. २८ करोड १0 लाख विनियोजन गरेको छु।
- दुर्गम पहाडी र हिमाली जिल्लामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटी) को सम्बन्धनमा सञ्चालित गैह्रनाफामूलक प्राविधिक शिक्षालयसँग प्राविधिक शिक्षा विकासका लागि संस्थागत साझेदारी गरिनेछ। ज्ञान र सीपसँगै स्वआर्जन अवधारणामा सञ्चालन हुने विद्यालयको पूर्वाधार विकासमा सहयोग गरिनेछ। उल्लिखित कार्यक्रमका लागि रु. 4 करोड विनियोजन गरेको छु।
- दक्ष प्राविधिक जनशक्ति विकास गर्न चिकित्सा, इन्जिनियरिङ्ग, कृषि, भेटेरिनरी र सूचना प्रविधिमा उच्च शिक्षा अध्ययन गर्न चाहने आर्थिक रूपमा कमजोर जेहेन्दार विद्यार्थीलाई स्थानीय तहसँगको साझेदारीमा अध्ययनपछि तीन वर्ष सम्बन्धित स्थानीय तहमा अनिवार्य काम गर्ने गरी मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न रु. 2 करोड विनियोजन गरेको छु।
- शिक्षा क्षेत्रका उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि जम्मा रु. 89 करोड विनियोजन गरेको छु।

<u>सामाजिक सशक्तीकरण, संरक्षण र सुरक्षा, महिला बालबालिका, दलित तथा ज्येष्ठ नागरिक</u>

- समाजमा रहेका आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा व्याप्त विभेद अन्त्य गर्न, पछि परेका वर्ग, जाति, समुदायको संरक्षण, सुरक्षा र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ। अवसर, पहुँच र स्रोत साधनबाट बञ्चितीकरणमा परेका जनताको आयआर्जन

वृद्धिका लागि स्थानीय तहसँगको समन्वयमा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

- महिला वर्गको उत्थान, सशक्तीकरण र विकासमा विशेष जोड दिइनेछ। शिक्षा, रोजगारी र नेतृत्व विकासमा महिलाको सहभागिता बृद्धि गर्न छोरीबुहारी मूलप्रवाहीकरण कार्यक्रम सञ्चालन गरिनेछ। छोरीमाथि हुने विभेदको अन्त्य गर्न, छोरीको पढाईलाई अवरुद्ध हुन नदिन र बालविवाहको अन्त्य गर्न बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रमलाई निरन्तरता दिएको छु।
- एक्काइसौं शताब्दीको कलंकको रूपमा रहेको छुवाछुत र छाउपडी लगायतका सामाजिक विभेदको अन्त्य गरिनेछ।
- दलित समुदायको परम्परागत ज्ञान र सीपको संरक्षण गरी आर्थिक उपार्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा दलित महिला आय आर्जन कार्यक्रम सञ्चालन गर्न रु. 20 करोड विनियोजन गरेको छु।
- एकल महिला, अपाङ्गता भएका नागरिक र आर्थिक, सामाजिक रूपले पछाडि परेका समुदायको हक हितको संरक्षण र सुरक्षा गर्नेगरी सामाजिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।
- राउटे, बादी, राजी लगायत अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख समुदायको उचित जीविकोपार्जन र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।
- विपन्न, भूमिहिन, सुकुम्बासी लगायत विकासको दृष्टिले पछि परेका समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेकोछु।
- कर्णालीको भावी तस्वीरका रूपमा रहेका हाम्रा बालबालिकाको सुनिश्चित भविष्यका लागि शारीरिक, मानसिक र शैक्षिक क्षमता बृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। जोखिममा परेका अभिभावकविहीन तथा सडक बालबालिकाको सुरक्षा र विकासका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।
- बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता/सहजकर्तालाई उपलब्ध गराइएको प्रोत्साहन सहायतालाई निरन्तरता दिएको छु।
- ज्येष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि मनोसामाजिक अवस्था र सहज दैनिक जीवनयापनका लागि स्थानीय तह तथा सामुदायिक संस्थाबाट सञ्चालन हुने बृद्ध-आश्रम, मिलनकेन्द्र जस्ता सामुदायिक संस्थालाई उचित सहयोग गरिनेछ।
- सहिद परिवार, वेपत्ता परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति, असहाय, सडक मानव र तिनका आश्रित परिवारको उचित व्यवस्थापन, राहत, उपचार र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्सरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रमलाई थप पारदर्शी र जवाफदेही वनाइनेछ। प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थाबाट दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइनेछ।
- सामाजिक संरक्षण, सुरक्षा र सशक्तीकरणमा उल्लिखित कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु।

संस्कृति, युवा तथा खेलकुद

- नेपाली भाषाको उद्गमस्थल कर्णाली क्षेत्रको लामो इतिहास, संस्कृति र पुरातत्वको संरक्षण एवं प्रवर्द्धन गरिनेछ। विभिन्न वर्ग, जाति, क्षेत्र र समुदायको भाषा, संस्कृति, साहित्य र कलाको खोज र संरक्षण गरिनेछ। खस भाषाको शब्दकोष तयार गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- सिंजा क्षेत्रको पुरातत्व, दुल्लुस्थित नेपाली भाषाको सर्वप्राचीन अभिलेख, कीर्तिखम्ब लगायतका प्रदेशमा रहेका ऐतिहासिक गढी, किल्ला र देवलको संरक्षण गरिनेछ।
- प्रदेश संग्रहालयको स्तरोन्नति गर्दै स्थानीय तहसँगको सहकार्यमा सिंजा र दुल्लुमा सांस्कृतिक सङ्ग्रहालय निर्माण र पूर्वाधार विकासमा साझेदारी गरिनेछ।
- युवा जनशक्तिलाई लक्षित गरी रोजगारी र विकासका क्रियाकलाप सञ्चालन गरिनेछ। युवामा स्वयंसेवी भावनाको विकास गर्ने सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको तयारी एवं खेलाडीहरूको प्रशिक्षणका लागि वीरेन्द्रनगरमा नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रादेशिक रङ्गशाला निर्माण कार्य अघि बढाइनेछ। साथै, सबै जिल्लामा रङ्गशाला, कभर्ड हल र खेलमैदानका कार्यक्रमहरू अघि बढाउँदै खेलकुद क्षेत्रको स्तरोन्नति र खेलाडीको वृत्ति विकास लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। युवा परिचालन र खेलकुद विकासका लागि रु. 15 करोड 60 लाख विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,

अब भौतिक पूर्वाधार क्षेत्रका कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु।

खानेपानी तथा सरसफाइ

- आधारभूत खानेपानी सेवामा नागरिकको सहज पँहुच सुनिश्चित गर्न र गुणस्तर बृद्धि गर्न निर्माणाधिन आयोजनाहरू सम्पन्न गरिनेछ। कर्णाली, भेरी, बबई लगायतका नदी किनाराका बस्तीमा नवीन प्रविधिको उपयोग गरी स्वच्छ खानेपानी आपूर्तिको लागि सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिनेछ।
- संघीय र स्थानीय तहसँगको सहकार्यमा खानेपानीको समस्या भएका जिल्ला सदरमुकाम र स्थानीय तहमा स्वच्छ खानेपानीको उपलब्धताको लागि अध्ययन गरी निर्माण कार्य

अघि बढाइनेछ। घुम्ती भ्यान पानी परीक्षण प्रयोगशाला तयार गरी सञ्चालनमा ल्याइनेछ।

- आधारभूत सरसफाइको दीगो व्यवस्थापनका लागि स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक शौचालय निर्माण र ढल व्यवस्थापन गरिनेछ। जैविक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन र प्रशोधनको अध्ययन गरी कार्य अघि बढाइनेछ।
- खानेपानी तथा सरसफाइसम्बन्धी कार्यक्रममा रु. 1 अर्ब 60 करोड विनियोजन गरेको छु।

सडक पूर्वाधार र यातायात सेवा

- कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि एकीकृत गुरुयोजना तयार गरिनेछ। स्वदेशी तथा विदेशी पुँजी परिचालन गरी रणनीतिक महत्त्वको सुर्खेत-हिल्सा द्रूतमार्ग तथा उत्तर दक्षिण करिडोरहरूका साथै रणनीतिक महत्त्वका सडकहरू निर्माण कार्य अघि बढाउन नेपाल सरकारसँग थप समन्वय र सहकार्य गरिनेछ।
- प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने रणनीतिक मार्गको स्तरोन्नति र अन्तर प्रदेश सडक निर्माणलाई प्राथमिकता दिइनेछ। वीरेन्द्रनगर चक्रपथ निर्माण कार्यमा शीघ्रता ल्याइनेछ। निजी, सहकारी वा सामुदायिक क्षेत्रसँग स्थानीय तहले साझेदारी गरी यातायात सेवा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।
- प्रदेश सरकारबाट सञ्चालित लोकप्रीय जनता सडक कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस कार्यक्रम अन्तर्गतका निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्न रु. १ अर्ब ४२ करोड बजेट विनियोजन गरिएको छ ।
- स्थानीय तहको केन्द्रदेखि जिल्ला सदरमुकामसम्म सडक पँहुच नभएका स्थानमा सडक निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न रु. 15 करोड विनियोजन गरेको छु।
- जनताको आवत-जावतलाई सहज बनाउन मोटर पुल र झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- प्रदेशभित्र लामो दूरीमा सवारी सञ्चालन हुने राजमार्गमा सवारी दूर्घटना न्यूनीकरण गर्न सचेतना, सडक सुरक्षा, परीक्षण र सवारी जाँच नियमित गराइनेछ।
- सडक र यातायातको विकास कार्यक्रमका लागि रु. 5 अर्ब 79 करोड विनियोजन गरेको छु।

सिँचाइ तथा नदी नियन्त्रण

- कर्णाली र भेरी बेसिन लगायतका नदी किनाराका खेतियोग्य उब्जाउ जमिनमा नवीन प्रविधिको माध्यमबाट सिँचाइ सुविधा विस्तार गरिनेछ। बर्षातको पानी संकलन, डिप बोरिङ्ग र लिफ्ट आयोजनालाई प्राथमिकता दिइनेछ।

- साना मझौला र ठूला सिँचाइ आयोजनाको पहिचान र विकास गरिनेछ। जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।
- सिँचाइ विकास तथा नदी नियन्त्रण कार्यका लागि रु. १ अर्ब ७३ करोड विनियोजन गरेको छु।

ऊर्जा विकास

- कर्णालीको पानी: जनताको लगानी भन्ने ध्येयका साथ जलस्रोतमा नागरिकको लगानीलाई प्रोत्साहन गरी निजी तथा सहकारी क्षेत्रसमेतको सहभागितामा ऊर्जाको विकासको लागि प्रदेश गुरुयोजना तयार गरिनेछ।
- नेपाल सरकारसँगको सहकार्यमा भेरी बबई बहुउद्देश्यीय आयोजना र जगदुल्ला जलविद्युत आयोजनामा लगानी गरिनेछ। दैलेखको रामगाड, रुकुमको स्यार्पु र जाजरकोटको ताक्सुगाड आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ।
- नेपाल सरकारसँगको सहकार्यमा भेरी बबई बहुउद्देश्यीय आयोजनाको बाँधलाई प्रयोग गरी प्रदेश सरकारको पूर्ण स्वामित्व हुने गरी जलविद्युत आयोजना निर्माण कार्य अघि बढाइनेछ।
- विद्युत सेवा नपुगेका स्थानहरूमा ग्रामीण विद्युतीकरण तथा सौर्य, वायु, वायोग्यास जस्ता बैकल्पिक ऊर्जा र लघु जलविद्युत आयोजनाको माध्यमबाट विद्युत सेवा उपलब्ध गराउन कर्णाली उज्यालो कार्यक्रम सञ्चालनका लागि रु. २५ करोड विनियोजन गरेको छु।
- ऊर्जा विकास एवं ग्रामीण विद्युतीकरण कार्यक्रमका लागि रु. 50 करोड विनियोजन गरेको छु।

सहरी पूर्वाधार र बस्ती विकास

- आधारभूत पूर्वाधार र सुविधासहितको व्यवस्थित सहरी विकासलाई प्राथमिकता दिइनेछ। साना नयाँ सहर र बस्ती विकासको लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- सुरक्षित, व्यवस्थित र वातावरणमैत्री सार्वजनिक एवं निजी संरचना निर्माण सम्बन्धी कानून तथा मापदण्ड तर्जुमा गरिनेछ।
- प्रदेश राजधानी सहरको व्यवस्थित विकासका लागि सडक, खानेपानी, विद्युत, ढल, हरियालीसहित राजधानी वीरेन्द्रनगर सहर एकीकृत विकास परियोजना सञ्चालन गरिनेछ। नेपाल सरकारसँगको सहकार्यमा वीरेन्द्रनगर खानेपानी आयोजना अघि बढाइनेछ। प्रदेश राजधानीको एकीकृत विकासका लागि रु. ५१ करोड विनियोजन गरेको छु।

- विपन्न, दलित, विपद् पीडित जनता र छरिएको एवं जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत बस्ती विकास तथा सामाजिक रूपान्तरण कार्यक्रम सञ्चालनका लागि रु. २५ करोड विनियोजन गरेको छु।
- दलित, विपन्न र सीमान्तीकृत अल्पसंख्यक समुदायको आवास निर्माणमा रुपा आवास निर्माणमा सहयोग गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

<u>प्रादेशिक सुरक्षा तथा कानून</u>

- मानव अधिकारको सर्वमान्य सिद्धान्त र मौलिक हकको संरक्षणका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरिनेछ।
- प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानून तर्जुमा गरिनेछ।
- प्रादेशिक सुरक्षा व्यवस्थाका लागि प्रदेश प्रहरी सम्बन्धी कानून तर्जुमा गरी प्रदेश प्रहरीको गठन गरिनेछ। प्रदेश प्रहरीलाई थप दक्ष, जनमैत्री र व्यावसायिक बनाउन प्रहरी तालिम केन्द्र लगायत आवश्यक संरचना र पूर्वाधार विकास गरिनेछ।
- नागरिकको न्यायमा सहज पहुँच कायम गराई कानूनी राज्यको प्रत्याभूति दिन कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ।
- कारागारलाई सुधार गृहको रूपमा विकास गर्दै कैदीबन्दीलाई संघीय सरकारको समन्वय र सहकार्यमा खुला उत्पादन कारागारको माध्यमबाट उत्पादनमूलक क्रियाकलापमा सहभागी बनाइनेछ।
- अधिकार प्राप्तिका आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहिदको सम्झना र सम्मानका लागि यस सम्बन्धी प्रमाण, वस्तु र दस्तावेजको संग्रहसहितको शान्ति पार्क निर्माणको कार्य अघि बढाइनेछ।

<u>सञ्चार तथा सूचना प्रविधि</u>

- नागरिकको सुसूचित हुने संवैधानिक हकको संरक्षण र प्रवर्द्धनका लागि आम सञ्चार जगतलाई थप व्यावसायिक र मर्यादित बनाउनका लागि पत्रकार स्वास्थ्य वीमा र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु।
- जनतासँग प्रदेश सरकार कार्यक्रम तथा लोक कल्याणकारी सूचना र विज्ञापन रेडियो तथा अन्य सञ्चार माध्यममार्फत् प्रदेशभरि प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।
- सूचना प्रविधिको क्षेत्रमा देखिएका नवीन आयामलाई सम्वोधन गर्ने गरी डिजिटल कर्णाली गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। सरकारी कार्य सञ्चालनलाई क्रमशः प्रविधिमैत्री बनाइनेछ।

- सभ्य कर्णाली समाज निर्माणका लागि कुसंस्कार र लागु औषध दुर्व्यसनीजस्ता विसंगतिलाई निवारण गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ। कुलतमा लागेका व्यक्तिको सुधार र पुनःस्थापनाका विविध कार्यक्रम सञ्चालन गरिनेछ।

विपद व्यवस्थापन तथा पुनर्स्थापना

- नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। विपद् पूर्व सूचना प्रणालीको विकास गरिनेछ। यसको पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयार गरी स्थानीयस्तरमा कार्यान्वयन गरिनेछ। स्ववृद्धि प्रणालीमा आधारित विपद् कोष स्थापना र सञ्चालनमा स्थानीय तहलाई सहयोग गरिनेछ। विपद् जोखिम न्यूनीकरणका लागि सामुहिक दुर्घटना वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सडक दुर्घटनालाई न्यूनीकरण गर्न सडक सुशासन अभियान सञ्चालन गरिनेछ। गम्भीर सडक दूर्घटनामा परेका परेकालाई जीवन रक्षाका लागि स्थल तथा हवाई माध्यमबाट शीघ्र उद्धार गरी उपचार व्यवस्था गर्न रु. 2 करोड विनियोजन गरेको छु।
- बाढी, पहिरो, आगलागी लगायतका प्रकोपबाट पीडित परिवारलाई राहत उपलब्ध गराइनेछ। विपद् उद्धारमा स्वयंसेवी रूपमा सहभागी हुन नागरिकलाई उत्प्रेरित गराउनुका साथै प्रशिक्षण र आवश्यक सामग्री उपलब्ध गराइनेछ।
- सुर्खेत लगायतका जिल्लाका वि.स. 2071 सालको बाढी पीडितको आवास निर्माण कार्य सम्पन्न गर्न रु. 5 करोड विनियोजन गरेको छु।
- कर्णाली आकस्मिक कोषमा रु. २ करोड जम्मा गर्ने व्यवस्था मिलाएको छु। राहत सहयोग सम्बन्धी कार्यलाई एकद्वारबाट सञ्चालन गर्न नागरिक राहत कोष स्थापना र सञ्चालनका लागि रु. १ करोड विनियोजन गरेको छु।
- उल्लिखित विपद् व्यवस्थापन र पुनर्स्थापनाका कार्यक्रमका लागि कूल रु. १२ करोड २० लाख विनियोजन गरेको छु।

सुशासन र सार्वजनिक सेवा प्रवाह

- प्रदेश निजामती सेवा सम्बन्धी कानून तर्जुमा गरी सार्वजनिक सेवा प्रवाहलाई अनुमानयोग्य, पारदर्शी र विश्वसनीय बनाई कर्णालीवासीको जनअपेक्षा सम्बोधन गर्न सक्षम, पारदर्शी, प्रविधिमैत्री र जनउत्तरदायी प्रशासनको विकास गरिनेछ।
- सरकारका काम कारबाहीमा नागरिकको पँहुच र पृष्ठपोषणको माध्यमबाट प्रभावकारी विकास र सेवा प्रवाहका लागि जनतासँग कर्णाली सरकार कार्यक्रम सञ्चालन गरिनेछ। हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

- प्रशासनमा नवप्रवर्तन विकास गर्न प्रदेश र स्थानीय तहवीच अभ्यास, अनुभव र सिकाई आदानप्रदान तथा अनुशरण गर्न प्रोत्साहन गरिनेछ। स्थानीय तहसँग प्रदेश सरकारको प्रभावकारी सम्पर्क माध्यमका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थानीय तह सम्पर्क इकाइ सञ्चालन गरिनेछ।
- विकास क्रियाकलापमा जनचाहना, जनहित, जनजागरुकता, जनसहभागिता र जनस्वामित्वलाई प्राथमिकता दिइनेछ। यसका लागि सार्वजनिक सुनुवाई, जनलेखा परीक्षण र सूचनाको हकको प्रवर्द्धन गरिनेछ।
- सरकारको कार्यसम्पादनलाई नतिजामुखी एवं समयबद्ध बनाउन मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र कार्यालय प्रमुख एवं आयोजना प्रमुखसँग साउन मसान्तभित्र कार्यसम्पादन करार गरिनेछ।
- राष्ट्रसेवकको मनोवल वृद्धि गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई कर्णाली सेवा पुरस्कार प्रदान गरिनेछ।
- श्रमको सम्मान गर्ने संस्कारको विकास गर्न प्रदेश सरकारबाट सञ्चालन हुँदै आएको श्रम दिवस अभियानलाई थप प्रभावकारी बनाइनेछ।

माननीय सभामुख महोदय,

अब योजना तथा सार्वजनिक वित्त व्यवस्थापन र बजेट कार्यान्वयन सम्बन्धी विनियोजन प्रस्तुत गर्दछु:

<u>सार्वजनिक खर्चमा मितव्ययिता</u>

- प्रदेशको न्यून आन्तरिक स्रोत, अन्तरसरकारी वित्त हस्तान्तरणबाट प्राप्त स्रोतमा हुने संकुचन र कोभिड-19 महामारीको कारणले उत्पन्न परिस्थितिलाई ख्याल गर्दै आगामी आर्थिक वर्षमा उत्पादनमूलक र प्राथमिकतापूर्ण कार्यमा मात्र बजेट विनियोजन गरेको छु।
- नागरिकको अधिकतम् हितका लागि पूँजीगत खर्च क्षमता बढाउने, चालु खर्च घटाउने र प्रशासनिक खर्च कटाउने नीति कार्यान्वयनका लागि आवश्यक कानुनी, संरचनागत सुधार एवं जनशक्तिको विकास गरिनेछ। मितव्ययी, परिणाममुखी, प्रतिफलयुक्त र रोजगारमूलक विकास परियोजना कार्यान्वयनमा विशेष जोड दिइनेछ।
- अत्यावश्यक वाहेक थप आर्थिक व्ययभार पर्ने गरी नयाँ संगठन संरचना स्थापन स्थापना गरिनेछैन। चालु खर्चको सीमा घटाइएको छ। प्रशासनिक खर्चलाई उल्लेखनीय रूपमा कटाइएको छ। आगामी आर्थिक वर्षमा एम्बुलेन्स लगायत अत्यावश्यक वाहेक कुनै पनि सवारी साधन खरिद गरिनेछैन।
- स्रोतको संकुचनलाई मध्यनजर गरी आगामी आर्थिक वर्षमा कार्यालय सञ्चालन, मर्मत, इन्धन, विविध खर्च, भ्रमण खर्च, फर्निचर, अत्यावश्यक वाहेकका गोष्ठी सेमीनार लगायतका

शिरोभार खर्चमा उल्लेखनीय कटौति गरिएको छ। मन्त्री, राजनीतिक पदाधिकारी तथा कर्मचारीको अतिथि सत्कार, सञ्चार तथा बैठक भत्ता, खाजा खर्च र जोखिम भत्ता लगायतका शीर्षकमा बजेट विनियोजन गरिएको छैन।

- प्रदेश सरकारका आधारभूत सेवा प्रदान गर्ने निकायबाहेक अन्य कुनैपनि संघ, संस्था वा निकायलाई सञ्चालन अनुदान दिइनेछैन। संघ र स्थानीय तहबाट अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्थालाई दोहोरो पर्नेगरी प्रदेश सरकार अन्तर्गतका निकायबाट अनुदान दिइने छैन। भ्रमण, सवारी साधन र ईन्धन लगायतका खर्चको मापदण्ड र मार्गदर्शन तयार गरी शीघ्र लागू गरिनेछ।
- सार्वजनिक स्रोतको सदुपयोग, प्रभावकारी खरिद व्यवस्थापन, मितव्ययिता र वित्तीय अनुशासनमा विशेष प्राथमिकता दिइनेछ।

<u>अन्तर सरकारी वित्त हस्तान्तरण</u>

अब म संघबाट प्राप्त हुने स्रोत एवं विनियोजन र स्थानीय तहलाई प्रदान गरिने अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्दछु:

- संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रु. 9 अर्ब 63 करोड 29 लाख, सशर्त अनुदान वापत रु. 4 अर्ब 49 करोड 11 लाख, संघ र प्रदेशको सहलगानीमा सञ्चालन हुने आयोजनाको लागि समपूरक अनुदान वापत रु. २५ करोड 25 लाख तथा विशेष अनुदान कार्यक्रममा रु. ४६ करोड बजेट प्राप्त सीमा प्राप्त भएको छ।
- आन्तरिक स्रोतको साँघुरो दायरा र संघमार्फत् प्राप्त हुने आर्थिक स्रोतमा संकुचन भएतापनि संघीयता, सन्तुलन, सहकार्य, समन्वय र साझेदारीको मर्मलाई उच्च महत्त्व दिंदै मैले स्थानीय तहमा प्रदेश सरकारबाट हुने वित्त हस्तान्तरणमा बृद्धि गरेको छु।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई अन्तरसरकारी वित्त हस्तान्तरणको माध्यमबाट वित्तीय समानीकरण अनुदान तर्फ रु. 80 करोड हस्तान्तरण गरिनेछ। आयोगबाट तोकिएको मापदण्डको आधारमा राजस्व बाँडफाँट गरी स्थानीय तहमा उपलब्ध हुने व्यवस्था मिलाएको छु।
- स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमका लागि सशर्त अनुदानतर्फ रु. ६६ करोड हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।
- प्रदेश सरकारबाट स्थानीय तहको सिफारिशमा छनौट गरिएका तथा दुवै तहको सहलगानीमा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रममा समपूरक अनुदानतर्फ रु. 1 अर्ब 5 करोड 80 लाख हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

- सामाजिक र आर्थिक परिसूचकमा पछाडि परेका क्षेत्रको उत्थान गर्न स्वास्थ्य, शिक्षा, खानेपानी सरसफाइ, खाद्य सुरक्षा र उद्यमशिलताका कार्यक्रममा विशेष अनुदान अन्तर्गत रु. 35 करोड 25 लाख स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था गरेको छु।
- प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्यमा विकास गतिविधि सञ्चालन गर्न र यसको लाभ नागरिकसम्म पुर्‍याउन आगामी आर्थिक वर्षमा उल्लिखित शिर्षकमा वित्तीय हस्तान्तरणमार्फत् स्थानीय तहलाई जम्मा रु. 2 अर्व 9९ करोड 65 लाख उपलब्ध गराइनेछ।

<u>स्रोत परिचालन</u>

- दीर्घकालीन विकासको अवधारणा अनुरूप प्रदेश महत्त्वका उच्च प्रतिफल दिने र रोजगारमूलक आयोजनामा लगानी गरिनेछ।
- सुर्खेत विमानस्थलको स्तरोन्नति र प्रदेशको समृद्धिमा टेवा पुर्‍याउने उच्च प्रतिफल हुने जलविद्युत आयोजनामा लगानीका लागि वित्तीय व्यवस्थातर्फ रु. ७५ करोड विनियोजन गरेको छु।

<u>विकास सहायता र लगानी परिचालन</u>

- प्रदेश सरकारको प्राथमिकता प्राप्त कार्यक्रम र आयोजनामा मात्र संघीय सरकारको समन्वयमा वैदेशिक सहायता परिचालन गरिनेछ।
- प्रदेशको विकास र उन्नतिको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्रलाई आकर्षण गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरी लगानीमैत्री वातावरण तयार गरिनेछ।
- सार्वजनिक, निजी, सहकारी वा सामुदायिक क्षेत्रबाट सञ्चालन हुने प्रदेश महत्त्वका आयोजनास्थलसम्मको सडक, विद्युत लगायतका पूर्वाधार, विभिन्न निकायबीच समन्वय र शान्ति सुरक्षाको प्रत्याभूति हुने व्यवस्था मिलाएको छु।
- आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी छिटो प्रतिफल प्राप्त हुने रोजगारमूलक र स्थानीय कच्चा सामग्री प्रयोगहुने आयोजनालाई प्रोत्साहन गरिनेछ।
- स्वदेशी एवं विदेशी गैरसरकारी संस्थालाई शिक्षा, स्वास्थ्य, जीविकोपार्जन र स्थानीय उत्पादन बृद्धिका क्रियाकलापमा परिचालन गरिनेछ।

<u>आर्थिक योजना र तथ्याङ्क</u>

- प्रदेशको दीर्घकालीन विकासका लागि प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र तथा परिवर्तित परिस्थिति अनुसार प्राथमिकता तय गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ। चालु आर्थिक वर्षमा सञ्चालित आयोजनाको कार्यान्वयनमा निरन्तरता दिइनेछ।

- आवधिक योजनाको प्राथमिकतामा आधारित परियोजना बैंक तयार गरिनेछ। प्रदेशमा विकासको सन्तुलन र मध्यमकालीन खर्च संरचनामा आधारित भई बजेटको विनियोजन गरिनेछ। क्षेत्रगत प्राथमिकतामा आधारित सम्बन्धित मन्त्रालयले तयार गरेको आयोजनाहरूको सूचीका आधारमा सम्भाव्यता अध्ययन गरी आवश्यकता र प्राथमिकताका आधारमा मापदण्ड बनाई कार्यान्वयन गर्दै लगिनेछ।
- प्रदेश महत्त्वका आयोजना पहिचान गरी सडक, खानेपानी, सिँचाइ र जलविद्युत लगायतका ठूला पूर्वाधार विकासको सम्भाव्यता अध्ययन गरिनेछ। प्रदेशको प्राथमिकता प्राप्त र सम्भाव्यता अध्ययन भएका आयोजनालाई आयोजना बैंकमा आवद्ध गरिनेछ।
- कर्णाली प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतका संरचनाहरूलाई थप सक्रीय बनाउँदै संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसँगको समन्वय र सहकार्यमा योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणालीको विकास गरिनेछ। प्रदेश समन्वय परिषद्मा गरिएका प्रतिवद्धता कार्यान्वयन गरिनेछ।
- संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नहुने गरी सन्तुलित रूपमा बजेट विनियोजन गरेको छु।

<u>बजेट कार्यान्वयन र अनुगमन मूल्याङ्कन</u>

- सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदनको स्वचालित प्रणाली विकास गरिनेछ।
- संघीय कानूनसँग सामाञ्जस्य कायम हुने गरी सार्वजनिक खरीद प्रकृयालाई थप सरल, समयसापेक्ष र परिणाममुखी बनाउन यस सम्बन्धी आवश्यक कानून, संरचना र पद्दतिको विकास गरिनेछ।
- प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम र आयोजनामा जनप्रतिनिधि र निजका परिवारजन उपभोक्ता समितिका पदाधिकारी र सदस्य हुन नपाउने गरी कानुनी व्यवस्था गरिनेछ।
- बजेट कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको चौमासिक विभाजनका आधारमा कार्यक्रम सञ्चालन र बजेट खर्चगर्न विनियोजन ऐनबाटै अख्तियारी प्राप्त हुने व्यवस्था मिलाएको छु।
- प्रतिफलयुक्त एवं प्राथमिकतापूर्ण विशेष परियोजनाहरू पहिचान गरी कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने स्वचालित पद्दतिको विकास गरिनेछ।
- प्रदेशका नीति तथा कार्यक्रम तर्जुमा, बजेट निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा जनप्रतिनिधिको भूमिका र स्वामित्व बृद्धि गरिनेछ। विकास आयोजनाको अनुगमनका लागि जिल्ला समन्वय समितिलाई क्रियाशिल बनाउन आवश्यक कानुनी व्यवस्था र बजेटको प्रबन्ध गरिनेछ।

- बहुवर्षीय बाहेकका आयोजनाको प्रथम चौमासिकभित्र ठेक्का/टेण्डर सूचना गरिसक्ने व्यवस्था मिलाइनेछ। अनुदान तथा साझेदारीमा हुने सहयोगका लागि दोश्रो चौमासिकभित्र सम्झौता गरिसक्नुपर्ने र बैशाख मसान्तभित्र अनुदान वा साझेदारी सहयोग उपलब्ध गराइसक्ने व्यवस्था मिलाइनेछ।
- कर्णाली प्रदेश योजना आयोगलाई आयोजना मूल्याङ्कनमा प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु। प्रदेश सरकारबाट सञ्चालित आयोजनाको सहजीकरण एवं अनुगमन गर्न प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा उच्चस्तरीय संयन्त्र गठन गरिनेछ।

माननीय सभामुख महोदय

अब माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

- आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न रु. 3३ अर्ब 7४ करोड १३ लाख ५३ हजार विनियोजन गरेको छु। कूल विनियोजनमध्ये पुँजीगत खर्च रु. 19 अर्ब ६ करोड ९१ लाख २१ हजार अर्थात ५७ प्रतिशत, चालु खर्च रु. 1१ अर्ब 6७ करोड ५७ लाख 3२ हजार अर्थात 3४ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ रु. 2 अर्ब 9९ करोड 65 लाख अर्थात ९ प्रतिशत विनियोजन गरेको छु।

  उल्लिखित चालु खर्च अन्तर्गत, चालु खर्च अन्तर्गत कोभिड नियन्त्रण, रोकथाम र उपचारका लागि रु. 87 करोड ४१ लाख, रोजगार तर्फका कार्यक्रममा रु २ अर्ब ५८ करोड २६ लाख र अन्य कार्यक्रम तथा प्रशासनिक खर्च रु. ८ अर्ब ५१ करोड ९० लाख ३२ हजार अर्थात कुल विनियोजनको करिब २५ प्रतिशत रहेको तथ्य सम्मानित सभा समक्ष जानकारी गराउछु।
- आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु. ३० करोड ६ लाख ५३ हजार, चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु. ११ अर्ब १९ करोड ९ लाख ८५ हजार, संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु.7 अर्ब 39 करोड 56 लाख, वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. 9 अर्ब 63 करोड 29 लाख र सशर्त अनुदानबाट रु. 4 अर्ब 49 करोड 11 लाख परिचालन गरिनेछ। त्यसैगरी नेपाल सरकारबाट प्राप्त हुने समपूरक अनुदान वापत रु. 25 करोड 25 लाख र विशेष अनुदान वापत रु. ४६ करोड प्राप्त हुने अनुमान गरिएको छ। साथै वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रममा रु. १ करोड ७६ लाख १५ हजार स्रोत परिचालन हुनेछ।

- आर्थिक वर्ष 2075/76 को यथार्थ खर्च, आर्थिक वर्ष 2076/77 को संशोधित अनुमान र आर्थिक वर्ष 2077/78 को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। विषयगत मन्त्रालयहरूको चालु आर्थिक वर्षको प्रगति विवरण आजै प्रस्तुत गरेको छु।

माननीय सभामुख महोदय,

अब आर्थिक वर्ष २०७७/७८ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु:

- आयआर्जनका गतिविधि लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलनको दायरा बृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिइनेछ। राजस्वका स्रोतहरूको पहिचान गरी राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ।
- कोभिड-19 बाट प्रभावित आर्थिक क्रियालापमा लाग्ने करका दर समायोजन, छुट र सहुलियत प्रदान गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।
- आम नागरिकको अपेक्षा र करदाताको सुविधालाई ध्यान दिदै आधुनिक र प्रविधिमैत्री कर प्रशासनको विकास गरी राजस्व संकलन बृद्धि गर्ने गरी आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छु:
  - ÷ करयोग्य कारोबारलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,
  - ÷ आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रबर्द्धन गर्ने,
  - ÷ करको संरचना र करका दरहरूमा समयसापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,
  - ÷ कर कानूनको पालनामा जोड दिँदै कर छली तथा चुहावट नियन्त्रण गर्ने,
  - ÷ गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने।
- प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रदेश कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचना मार्फत् कर तथा गैरकर असुली तथा संकलन कार्य प्रभावकारी र करदातामैत्री बनाइनेछ।
- कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाइनेछ। प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचना मार्फत् समन्वयात्मक रूपले कर असुली गरिनेछ।
- आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनमा उल्लेख गरेको छु।

- कर्णाली प्रदेशमा स्रोतको सम्भावना, प्रदेशको राजस्व अधिकार र अर्थतन्त्रमा यस प्रदेशबाट पुग्न सक्ने योगदानको अध्ययन अनुसन्धान गरिनेछ। कर तथा गैरकर राजस्वको दायरा विस्तारको सम्भाव्यताका आधारमा दर समायोजन गर्दै जाने नीति लिइनेछ।

माननीय सभामुख महोदय

- हालको विषम परिस्थिति सामान्य हुनासाथ बजेट कार्यान्वयनबाट चालु एवं निर्माणाधिन आयोजनाहरूको कार्यान्वयनमा तीव्रता आउने, रणनीतिक भौतिक पूर्वाधारको निर्माण कार्य अघि बढ्ने र नागरिकको सहज जीवनयापनको वातावरण तयार हुनेछ। यस बजेटको कार्यान्वयनबाट आगामी आर्थिक वर्षमा प्रदेशमा थप आर्थिक गतिविधिहरू नियमित भई करीब 6 प्रतिशत आर्थिक बृद्धि हासिल हुने अपेक्षा गरेको छु।
- बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार, मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख तथा माननीय उपसभामुख, माननीय प्रमुख प्रतिपक्ष दलका नेताप्रति हृदयदेखि आभारी छु। बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी महत्त्वपूर्ण सुझाव र मार्गदर्शन प्रदान गर्नु हुने सभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। यस क्रममा विभिन्न माध्यमबाट सुझाव प्रदान गर्नु हुने राजनीतिक दल, प्रदेश सभाका समितिहरू, कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश विज्ञ समूह, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक, निजीक्षेत्र, उद्योगी, व्यापारी, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत लगायत सबैलाई धन्यबाद ज्ञापन गर्दछु। बजेट तर्जुमाका क्रममा सबैबाट सबैबाट, प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत निरन्तर रहने मेरो अपेक्षा छ।

अन्तमा, प्रस्तुत आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटको प्रभावकारी कार्यान्वयनबाट कोभिड-१९ को महामारी र सम्भावित खाद्य सङ्कटबाट कर्णालीवासीको जीवनरक्षा, श्रममूलक रोजगारीका अवसर सिर्जना, उत्पादन तथा उत्पादकत्वमा बृद्धि, जीवनोपयोगी शिक्षाको उत्थान, दीगो पूर्वाधार विकास, शान्ति, सुरक्षा, सुशासन र सेवाप्रवाहमा सुधार भई शिथिल बनेको आर्थिक गतिविधि र सुस्त बनेको विकासमा पुनर्जीवन र गतिशीलता प्राप्त हुने गरी नागरिकको अधिकतम् हित कायम हुने विश्वास लिएको छु। धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाको लागि स्थगित हुन्छ।

□□□

a}7s ;¥of-!#

## (वि.सं. २०७७ साल असार १ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको तेह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ नियम १२८ (२) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/078 को राजस्व र व्ययको वार्षिक अनुमान बजेटको प्रति टेबल गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई अनुमति दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ नियम १२८ को उपनियम (२) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको अनुमान बजेटको प्रति सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ नियम १२९ (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/078 को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको सामान्य छलफलका लागि यही असार ३ र ४ गतेका दिनहरू तोकेको छु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले उक्त दिनको बैठक बस्ने अगावै आफ्नो नाम सचिवालयमा टिपाउनुहोला ।

माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १६ निमय १३९ बमोजिम कर्णाली प्रदेश आर्थिक विधेयक २०७७ र कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ एक एक प्रति सभा समक्ष टेबल गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७ निमय १३९ बमोजिम कर्णाली प्रदेश आर्थिक विधेयक २०७७ को अतिरिक्त कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ को एक एक प्रति सभासमक्ष टेबल गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार ३ गते बुधबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

**(वि.सं. २०७७ साल असार ३ गते बुधबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको चौधौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफलका लागि प्रदेश सभा नियमावली २०७४ को नियम १२९ (३) बमोजिम वक्तव्य सहितको प्रस्ताव सभा समक्ष राख्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुखज्यू, प्रदेश सभाको छैटौं अधिवेशनको बाह्रौं बैठकमा प्रस्तुत भई तेह्रौं बैठकमा सभा समक्ष टेबुल भको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/078 को राजस्व र व्ययको वार्षिक अनुमान बजेट माथि छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२९ (३) बमोजिम सभा समक्ष प्रस्ताव, प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलको लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/078 को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७७/७८ को बजेट वक्तव्य आएको छ र भर्खरै माननीय आर्थिक मामिला मन्त्रीज्यूले टेबुल पनि गरिसक्नुभएको छ, छलफलका लागि। अब यो बजेट यस्तो घडीमा आएको छ, जहाँकी हामीले यो प्रदेशको मुहार परिवर्तन गर्ने हाम्रो चाहना हो, सरकारको चाहना हो, यहाँको प्रदेश सभाको चाहना हो । यद्यपि त्यति हुँदाहुँदै पनि अहिलेको यो कोभिड १९ ले गर्दाखेरि हामीलाई ठूलो मर्का परेको छ । बजेट हेर्दाखेरि चिन्ता भएको बजेट छ, बजेटमा ठूलो चिन्ता छ तर अलि चिन्तनको कमी भएको देख्छु र हाम्रो नारा हो - महामरी, भोकमरी र रोजगारी । बजेट मैले यसो हेर्दाखेरि अलिकति महामारीको पनि ठीकै जस्तो जस्तो पनि देखिन्छ, भोकमरीको लागि पनि ठीकै ठीकै जस्तो देखिन्छ, रोजगारीको हकमा चाहिँ अलि शब्द परिवर्तन भएको जस्तो लाग्यो । यो राहतकारी भएर आएको जस्तो लाग्छ । अब शब्द त मिलेकै छ - महामारी, भोकमरी, राहतकारी । बजेट चाहिँ आको छ । अब मैले यो बजेट ठीक छैन भन्न पनि नसक्ने अवस्थामा के मानेमा पुगे भने बाटोमा आउँदा-आउँदै सुन्दै थिएँ । सलेन जिल्लाका उद्योग वाणिज्य संघ, शिक्ष शिक्षक के विज्ञ को ले त थुप्रैले इतिहासमै सबैभन्दा राम्रो बजेट आयो, यति राम्रो बजेट कसैले पनि विरोध नगरेपछि मलाई

पनि अब विरोध त के गरिरौं र सिंगो जिल्लाले गरिसकेपछि केही न केही समर्थन त मैले पनि गर्नै पर्छ भन्ने मलाई पनि त्यस्तै त्यस्तै लागेकै छ । केही कुरा जुन हामीले सदनमा उठाएका कुराहरू आका छन् -कोभिडको विशेष गरेर कोभिडको सम्बन्धमा तर अब यो अलि-अलि शब्दहरू कति मल्छन कति मिल्दैनन् थाहा छैन । घुमाइफिराइ गरेको छ तर मैले यसो हेर्दाखेरि यो २ अरब ७७ करोड तत्कालीन रूपमा कोभिड-१९ नियन्त्रणको लागि भनिसकेपछि अँ यो साँच्चै नै प्रसं प्रसंशनीय हो भन्ने मलाई लाग्छ । यो तर अब यो कता कता जोडेर त्यो राखेको हो कि त्यो चाहिँ मैले अलिकति ठम्याउन सकिन किनकि अगाडि पनि भनिएको छ, १ अरब ५० करोड भनेर राखिएको छ । अब त्यसमा यो जुन दीर्घकालीन स्वास्थ्यको लागि र उसको लागि भनेर चाहिँ २ अरब ५० करोडसम्म त राख्नै पर्छ भन्ने कुरा सदनबाट धेरैजस्तो माननीयज्यूले उठाउनु भएको थियो । २ अरब ५० को ठाउँमा चाहिँ २ अरब ७७ करोड नै राखेको हुनाले यो स्वागतयोग्य छ र यलाई धन्यवाद दिनैपर्छ, दिन्छु पनि तर आर्थिक वृद्धिदरमा ३.6 प्रतिशत हुन्छ भनेर चाहिँ भनेको छ यो प्रदेशले । जबकि आईएमएफले आईएमईले चाहिँ मुलुककै 3.2 को कुरा आइरहेको छ भने हाम्रो प्रदेशले चाहिँ त्यस्तो वृद्धि गर्ने चाहिँ उपाय कहाँबाट हो ? अब कुनै कुनै प्रदेशले त 7.6 का कुरा पनि गरेका छन् । लेख्नकै लागि हुने हो भने अगाडि एक थपिदिए भने १३.६ भने पछि के नै बिग्रिन्छ र ? लेख्नको लागि त्यो बिग्रिने होइन । यसमा यस्ता कुराहरूमा चाहिँ ख्याल गर्नुपर्छ भन्ने मलाई लाग्छ । यी कुराहरूमा हामीले सोच्नुपर्‍यो र बजेट आउँदाखेरि अगाडिका सबै प्रत्येक पाइला पाइलामा रोजगारी भनेर राखिएको छ । पाइला अगाडि प्रहरीमा हुन्छ- गोडा फट भने पनि रोजगारी, शतर्क भने पनि रोजगारी, अगाडि हिंड भने पनि रोजगारी, पछाडि फर्के भने पनि रोजगारी भने जस्ता शब्दहरू राखेका छन् । अ रोजगारीका नाममा हामीले चाहिँ त्यसरी नै राख्नु होला भन्ने यो सदनको मनासय हो भन्ने मलाई लाग्दैन। सदनले के भनेको हो भने अब विदेशबाट विशेष गरेर भारतबाट र बाहिरबाट आउने सीपमूलक मानिसहरू आउँछन् हाम्रा, अर्ध अर्धदक्ष होइन, दक्ष मानिसहरू आउँछन् तिनका लागि रोजगारी र यहाँ भएकालाई पनि रोजगारी गुमाएकाहरूको लागि त्यो पार्टिकुलरली यी यी रोजगारीहरूमा हुन सक्छ, पशुपालनको कुरा होला । हुन सक्छ चाहिँ केरे यो ह्याचरीको कुराहरू होला । अरुको कुराहरू होला । यो खालको आउनुपर्थ्यो अनि साना सिचाई ३० करोड ३३ करोड राखिएको छ रोजगारी। रोजगार त सबै कुरामा प्राप्त हुन्छ । कुनै पनि बजेट आएपछि त्यसमा रोजगारी हुन्छ । कसै न कसैको रोजगारी होला रोजगारी नहुने कुरो होइन । अब यो सामाजिक सुरक्षाको कुराहरू पनि आएको छ मुख्यमन्त्री सामाजिक सुरक्षा तथा यो यसको जीविकोपार्जन कार्यक्रमको लागि खाना नाना र छाना । अब यति कुरा भइसकेपछि त रोजगारी पनि किन चाहियो होला ? खाना पनि पाएकै छ, नाना पनि पाएकै छ, छाना पनि पाएकै छ । पैसा पनि २० करोड पाएको छ । पोहोर साल पनि आयो, कोले त्यो छाना पायो ? कोले त्यो नाना पायो ? त्यो कसले त्यो खाना पायो? अथवा चाहिँ त्यो त्यत्तिकै अल्झियो ? के भएको हो ? यो कुरालाई पनि अलिकति ध्यान दिनुपर्छ भन्ने चाहिँ

मैले राख्न चाहें । अनि यो निजी, सहकारी, गैरसरकारी क्षेत्र विकास साझेदार र समुदायहरूबाट हुने रोजगारमूलक मूल प्रवाहीकरणमा गरिन्छ भनेर भनिएको छ । ठीक हो ल्याउनुपर्ने, यो समुदाय स्तरबाट भनेको के हो फेरि ? एकातिर निजी पनि भनेकै छ सहकारी पनि भनेकै छ । गैरसरकारी त भइहाल्यो अनि त्यसमा फेरि समुदाय ? त्यो कस्तो समुदाय हो ? त्यो चाहिँ प्रष्ट्याउन सकेको खण्डमा चाहिँ अब बजेटको सोभा चाहिँ अलि बढ्छ नै भन्ने लाग्छ । अनि यो नेपाल सरकारको समन्वयमा कोभिड-१९ ले गर्दा गम्भीर असर परेका उद्योग, होटल र रेष्टुरेण्ट लगायतका व्यवसायको पुनर्संचालनको लागि उचित सहुलियत दिइनेछ भन्यो । यसमा अलिकति के देखिन्छ भने बजेट आयो हुन त यो परम्परागत कुरा त्यस्तै नै होला । नीति नै फेरि आएको हो कि भन्ने जस्तो देखिन्छ, धेरै कुराहरूमा नीति नै। अब गर्न सहुलियत दिइनेछ भन्यो के दिइने छ ? कति दिइनेछ त ? यहाँ त कमसेकम त्यसको लागि पनि केही बजेटको व्यवस्थापन गरेको छु । अब समन्वय कसको लागि गर्ने उसँग, यो उद्योग, उद्यमी हामी उद्यमीहरू चाहिँ हामीभन्दा बढी समन्वय गर्न जानेकै छन् नि। माथि कुद्या कुदैछन् । हामीले के समन्वय गर्दिनुपर्ने छ र ? हामीले त के हो भने हाम्रो प्रदेशमा भएका अस्ति पनि हामीले कुरा राखेका थियौं । यो प्रदेशमा भएका उद्यमिहरू जसले चाहिँ फेरि सञ्चालन गर्न सक्ने अवस्थामा छैनन् । विशेष गरेर चाहिँ यातायात व्यवसायीहरू भयो र उद्योग धन्दा चाहिँ व्यावसायिकहरूमा पनि दुईटा कुराहरू छन् - उद्योगधन्दा गर्नेहरूचाहिँ लाई हामीले गर्नुपर्ने होला । यहाँकै लोकल उद्योग सञ्चालन गर्ने अब त बाहिरबाट ल्याएर चाउचाउको व्यापार गर्नेलाई पनि उद्योगी भन्ने त मेरो, मेरो आत्माले चाहिँ मान्दैन । यी यी कुराहरूमा हामीले यति व्यवस्था गरेका छौं भनेको भए त्यो अति उत्तम हुन्थ्यो । अनि अर्को चाहिँ अ धेरै महत्त्वपूर्ण कुरा छ- रोजगारीका अवसर वृद्धि र विकासलाई सँगै अगाडि बढाउन उल्लेखित कार्यक्रम सञ्चालनका लागि रु. ६ अर्ब ५४ करोड विनियोजित गरिएको छ भन्ने आएको छ । असाध्यै राम्रो, अब यो रोजगार त गर्नैछ अब एकमुष्टमा छ । अनि त्यसपछि भूमि व्यवस्था, कृषि, सहकारीले मागेछ उले ८१ करोड ८८ लाख रुपैयाँ माग्यो, त्यसमा जाने भयो । उद्योग, पर्यटन, वन तथा वातावरणले चाहिँ ४३ करोड ७३ लाख मागेछ, त्यहाँ जाने भयो । सामाजिक विकासले ७ करोड १० लाख मागेछ, त्यसमा त्यो जाने भो । अब यो टोटल जोड्दाखेरि १ अरब ३३ करोड ५१ लाख हुन्छ । अनि यो ५ करोड २०, ५ अरब २० करोड ४९ लाख चाहिँ त्यो कहाँ जाने हो ? किनकि माथि भनियो- रोजगारीका अवसर वृद्धि गर्न विकासलाई सँगै अगाडि बढाउन भनिसकेपछि कि त यसरी नै अरु अरु मन्त्रालयमा पनि यसरी छुट्याइएको, यो बजेट चाहिँ बाँकी बजेट चाहिँ त्यो एउटा कोषको रूपमा रहनेछ भन्नु पर्थ्यो । बाँकी अब भनेपछि त यो पाँच कअ अरब २० करोड ४९ अघि हामीलाई दिएको साँचोमा भित्र राख्ने हो कि कता राख्ने हो ? यो कुरालाई चाहिँ अलिकति अ गहिरोपन ढंगले राख्नुपर्छ भन्ने मलाई लाग्छ । अब एकातिर यी शब्दहरू हुन त यो यी शब्दहरू चाहिँ एकदम सभामुख महोदय यो साहित्यकार मन्त्रीज्यूहरूबाटै आएको होला । अब आजकल त मन्त्री भन्न आफूलाई माननीय भन्न पनि अलि लाज लाग्ने

भएको छ । मन्त्री भन्यो माथिका सांसदभन्दा पनि पोर्टफोलियो तल छ । हामी माननीयको भन्नेहरूको चाहिँ पोर्टफोलियो हेऱ्यो भने गाउँपालिकाको सदस्य सरह पनि छैन । अब मन्त्रीहरू पनि एउटा चाहिँ यसो पछाडि गाड देखेपछि माथिको युवराज मै हुँ माथिको भानुभक्त मै हुँ मानेको माथिको बादल मै हुँ भन्ने त्यता छ । हामी पनि माननीय भन्ने मुन्टो ढल्काएर हिंड्याछ हैसियत त्यो छ, भन्नु छैन । तर शब्दहरू मैले देखें के १७९ मा लेख्याछ, विकास कार्यक्रमहरूलाई अगाडि बढाउन जनचाहना, जनहित, जनजागरुकता, जनसहभागिता र जनस्वामित्वलाई प्राथमिकता दिइनेछ । यसका लागि सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गरिनेछ भन्या रैछ के । यो सार्वजनिक सुनुवाई भन्ने पनि कहाँबाट जनसुनुवाई भन्ने राखेको भए त झन काइदा हुन्थ्यो । जनसुनुवाई राखौं, जन लेखापरीक्षण हैन हामीले सुन्ने गरेको त सार्वजनिक लेखापरीक्षण नै हो । जन भनेको हिजोको त्यो जस्तै भाटे कारबाही अँ यो जनलेखा हो कि त्यो भाटेकारबाही गरिदिने जनलेखा भनेर जनसत्ता भनेर। त्यसैले यी कुराहरूमा पनि यी कविता भन्ने चाहिँ हैन के, बजेट कविता हैन । बजेट एक किसिमले इकोनोमिक्स, इकोनोमिक्स भने पनि कता कता साइन्स पनि हो । यी कुराहरूलाई चाहिँ हामीले ख्याल गऱ्यौं भने त्यो राम्रो होला भन्ने लाग्छ । अब मान्छेको जनजिब्रोमा जस्तै क कसैले चाहुन या नचाहुन् हिजो कंग्रेसको पालामा एउटा कार्यक्रम ल्याएका थिए पहिला महेश आचार्य अर्थमन्त्री हुँदा - स्वाबलम्बन कार्यक्रम भन्ने अब हाम्रै जिब्रोले पनि स्वाबलम्बन भन्न जान्दैन । अब गाउँका मान्छेले कहाँबाट स्वाबलम्बन भन्ने ? पछि भरत मोहनको पालामा एकदम क्याची आयो - आफ्नो गाउँ आफै बनाऔं, हैन । आफ्नो गाउँ आफै बनाऔं। हैन, राम्रो कुरालाई हामीले अवश्य पनि सार्वजनिक लेखापरीक्षण गरिनेछ, सार्वजनिक रूपले गरिनेछ भने त्यलाई चाहिँ काँट जनलेखा गरिनेछ भन्यो अनि यो कुरा बुझ्न पश्चिममा गयो भने जनलेखा नगर भनेको जनगर्नु भनेपछि नगर्नु भनेको हुन्छ। कतै त्यस्ता अर्थ पनि नलागोस् । यो उपभोक्ता समितिमा बस्न नपाउने भनेर एउटा आएको छ, त्यो मलाई असाध्यै राम्रो लागेको छ । जनप्रतिनिधि र निजका परिवारजनहरू बस्न नपाउने भनेको त्यो धन्यवादको कुरो छ। जुन माननीयज्यूहरूले पनि त्यो उठाउनुभए जस्तो लाग्छ । त्यसमा यो बजेटको कार्यक्रम पनि आयो । अब त्यो भन्नेवित्तिकै जनप्रतिनिधि र उनका परिवार त बस्न नपाउने भए । अब नेता त बस्न पाउने भए नि त । जनप्रतिनिधि र नेतामा त फरक छ, हामी जनताबाट निर्वाचित भएका एउटा होला । अब त्यो त्यसकारणले मैले भन्न खोजेको के हो भने यसमा कुनै पनि ठूला पार्टीहरूका कार्यसमितिका, कार्यसमितिका जिल्ला कार्यसमितिका गाउँ कार्यसमितिकाहरू बस्नु हुँदैन त्यो पनि थप्नु पऱ्यो । अनि त्यो थपिसके हाम्रो संस्कार हो, जनप्रतिनिधिहरूलाई नबस भन्या छ, नेताहरूलाई नबस भन्या छ, कर्मचारीलाई नबस भन्या कहाँ छ र ? भन्ने कुरा पनि आउला । त्यसकारणले संस्थागत प्लस सरकारी कर्मचारी पनि रहनु हुने छैन भनी लेख्नु पऱ्यो किनकि त्यहाँ हामीले देखेका छौं, कालीकोटको त मैले रिपोर्टै बुझाएको हो त । सभामुख महोदय, मान केरे मन्त्रीज्यूले भन्नु भो म त कारबाही गरें भन्नु भो त्यो कारबाही कहाँनिर भयो थाहा भएन । त्यसैले यी

कुराहरू पनि राख्नु उपयुक्त हुन्छ भन्ने चाहिँ मैले सुझाव दिन चाहन्छु, सभामुख महोदय । अनि यो कहि कतै कतै कुराहरू गज्याङ्गमज्याङ्ग जस्ता के, कस्तो भने सुर्खेत विमानस्थलको स्तरोन्नति र उच्च प्रतिफल हुने जलविद्युतका लागि वित्तीय व्यवस्थापन तर्फ रु.७५ करोड छुट-छुट्याइने छ भन्यो अब यो एकदम उच्च प्रतिफल कस्तो बिजुलीले दिने हो ? मलाई त त्यो थाहा भएन, हैन । जलविद्युतका लागि भनेको हैन, उच्च प्रतिफल दिने फल देला त्यले। फेरि यो १९७ को, ९८ मा के भने भने सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नतिका लागि जग्गा व्यवस्थापनमा ५० करोड विनियोजन गरेको छ । अब यो दुईटै गरेर एक करोड एक अरब २५ करोड गरेको छ भने पनि त केही बिगर्ने अब कतै सांसदहरूले आँखा ठूलठूलो पो हेर्छन् त एक अरब २५ करोड भएछ भन्ने सोचाइले यलाई उ गरेको हो कि । अब दुइटै कुरा त उही देख्छु, हैन । अब जग्गामा यो कुरो राम्रो हो यो कुरो पोहोरसाल पनि उठेकै हो।

विशेष गरेर चाहिँ यहाँको माननीयज्यूले हाम्रो सबभन्दा सिनियर सुर्खेतको माननीयज्यू यामलाल कँडेलले त्यो कुरा निकाल्नुभएको थियो र पोहोर साल नै यो जग्गा खरिद हुन्छ भन्ने विश्वास पनि थियो । त्यो भएको भए अहिलेसम्म ३ सय मिटर अगाडि बढिसक्थ्यो र हामीले 80R72 अहिलेसम्म ल्याण्ड हुन्थ्यो यहाँ । त्यो हुनविત્તिकै भाडादर घट्थ्यो अब जे होस् कर्मचारीको लागि सुविधाभोगीको लागि आइएनजिओका लागि अरुहरूका लागि भएको छ तर आम जनताको लागि त तिर्न सक्ने अवस्था छैन । हामीले चाहिँ नेपालगञ्ज जानुपर्ने यी कुराहरूका लागि पनि अलिकति के हो ? मिलाइदिनका लागि म चाहिँ अनुरोध गर्न चाहन्छु।

अनि अर्को चाहिँ यो सामुदायिक घरबास भनेर भनेको छ ब्राकेटमा होमस्टे भनेको छ। त्यसको पूर्वाधारमा विकासमा सहयोग गर्ने भनेर भनिएको छ । असाध्यै राम्रो कुरा हो तर होमस्टेको अर्थ के हो भने होटल व्यवसायीहरूले होटल व्यवसाय गर्ने भए अनि गाउँलेहरूमा सामुदायिक रूपले यो होमस्टे यिनीहरूका भएका घरहरूलाई कसरी सञ्चालन गर्ने सरसफाइ कसरी गर्ने भन्ने कुरामा हो । मैले सम्माननीय सभामुख महोदयमार्फत् भन्न चाहन्छु पोहोर साल भयो हाम्रा मन्त्रीहरूले पैसा दिनुभयो होमस्टेको लागि होमस्टे बनेन् होम निर्माण भए, आफ्ना घर बने । त्यसैलाई होमस्टेको पैंसा । यले भने लज्जास्पद कुराहरू हुन्, आफ्ना आफ्ना घर बनाउने त्यसको लागि होमस्टे भनेको होइन उनलाई ट्रेनिङ्ग दिने, सबै कुराहरू सिकाउने, बेड कसरी मिलाउने अरु कसरी जाने ? ट्रेनिङ्गको प्याकेजहरू चाहिँ हो होमस्टेको कुरा । अब पूर्वाधार भनेपछि त मन लागेका साथीभाइहरूको घर बनाइदिने भए । त्यसको लागि यहाँहरूलाई प्रमाण चाहिन्छ भने मैले दिन सक्छु । मेरो घर भो मेरो होमस्टे भो । सरकारले बनाइदियो मलाई आनन्दै छ त। त्यस्तो खालको कुरामा पनि ख्याल गर्नका लागि भन्छु । र अर्को कुरा सभामुख महोदय, यो सम्बन्धित मन्त्रालयको होला मैले त देखेन । वनकै होला के हो ? भू-क्षय नियन्त्रण र संवेदनशील जलाधार क्षेत्रको संरक्षण गर्ने भनेर भनिएको छ । त्यसैको मूनि के भनिएको छ भने नमूनाको रूपमा एक वडा एक पोखरी बनाउने । अब भू-संरक्षण पनि गर्ने भन्यो, जलाधारको पनि संरक्षण गर्ने भन्यो त्यो पोखरीले

जलाधारको संरक्षण हुने हो कि भू-संरक्षण हुने हो । फेरि एक वटा एउटा भन्याछ, अब वडाको अस्ति पनि मैले बोलेको थिएँ, अहिलेको वडा भनेको हिजोको गाउँ विकास समिति हो । धेरै गाउँहरू छन्, कमसेकम एक गाउँ भनौं कि त अब मे मेरै गाउँको म त अब मान्छे पनि ठाडै छु बस्ने गाउँ पनि साह्रै भीर छ के, त्यहाँ त कहाँको पोखरी बन्ने छ त त्यो गाउँमा, वडामा ? यी खालको किसिमले अलिकति सोचौं, अब भन्ने एउटा गर्ने अर्को कुराले चाहिँ त्यति राम्रो नदेखाउला जस्तो लाग्छ । अनि अर्कोतिर हामी भनिरहेका छौं कि हामीलाई अहिलेको भोकमरीले साह्रै सताउने भयो अर्को अवस्था आउँछ । फेरि के भन्छौं भने अर्कोतिर कर्णाली कोसेले घर बनाउनुपऱ्यो भनेर पैसा छुट्याइराछौं यहाँ अहिले । के को कोसेली दिने हो ? खानै नपाउने अवस्थामा छौं अहिले भने होला भोलि हाम्रो चाहिँ पर्याप्त मात्रामा उत्पादनहरू भसकेपछि कहाँ बेच्ने र कहाँ बेच्ने भएपछि कोसेली घर बनाउला नि । अहिले त्यो एक करोड चाहिँ कोसेली घरको ठाउँमा चाहिँ अस्ति माननीयज्यूहरूले भन्नुभाछ अझ त्यलाई, त्यलाई पनि स्वास्थ्यमै थपौं, त्यलाई बर्थिङ्ग सेन्टरमा लगानी गरौं । स्वास्थ्यका बिल्डिङ्गहरू बनाऔं । त्यो राम्रो होला त । अनि अर्को कुरा चाहिँ यो द्वन्द्वकालमा भएको जमिनको समस्या समाधानका लागि, अस्ति नीति तथा कार्यक्रम पनि आयो । अब बजेटमा पनि फेरि त्यही आछ कि त्यसको लागि बजेट कति छुट्याइएको छ भने भन्नु पऱ्यो । होइन भने यो हिजो संघमा नै नमिलेको कुराहरूको लागि हामीले समन्वय गर्ने छौं भनेर एक एकलाईन किन थप्नु ? मसीको मात्र खेर दु:खको मात्रै उ । मान्छेलाई चित्तै बुझाउनलाई यो लेखिदियाछ भन्या हो भने त मैले भन्नु केही पनि छैन । होइन भने यस्ता देशमै जटिल अवस्था आएका कुराहरूलाई हाम्रो बजेटमा नआउँदाखेरि राम्रो हुन्छ भन्ने चाहिँ हो सभामुख महोदय । ५३ मा एउटा मलाई चाहिँ असाध्यै अप्ठ्यारो अनइजी लागेको कुराहरू कति भन्यौं, संवैधानिक व्यवस्था संविधानले ल्याएका कुराहरूलाई संविधानको पालना गर्नुपर्छ हामीले, यदि संविधानको पालना नगर्ने हो भने हामीले जस्ता नक्सा बनाए पनि भयो जे लेखे पनि भयो आफ्नो मनले गर्ने कुरा हुँदैन । ५३ मा के भन्छ भने मुख्यमन्त्री रोजगार कार्यक्रम उपभोक्ता समूह अहिलेसम्म छ, ठिकै छ त्यले गर्ला । श्रम सहकारी, श्रम कार्यदल र आम जनताको सहभागितामा खाद्यान्नका लागि श्रमसहितको रोजगारी । अब उपभोक्ता समूह को हुन्छ त ? त्यही जनता हुने होला । अनि यो श्रम सहकारी भनेको कहाँ हो ? कुन दफाले दियो ? कुन ऐनमा लेखेको छ ? सहकारी भन्ने त हामीले देखेका छौं । यो बारम्बार भनेका अनि हुँदा हुँदा श्रम कार्यदल भन्यो के त्यो लट्ठीसट्ठी लगेर अस्ति अँ रुकुम र जाजरकोटी लड्या जस्तै लड्ने दल हो कि के हो यो? यो श्रम दल भने त त्यस्तै जस्तो लाग्यो । यस्ता यस्ता खालका कुरा ल्याएर अब रोजगारी दिने भनेर चाहिँ सबै कुरामा त्यसरी देखिएको छ । यी शब्दहरूप्रति हाम्रो एकदम आपत्ति छ । संविधानत: नभएका कुराहरू यसरी राख्न पाइन्न । नीति तथा कार्यक्रममा आयो ठीकै छ भन्यौं हामीले आफ्नो चाहिँ संशोधन राख्ने राख्यौं अब बजेटमा पनि आएको छ, न बजेट त्यसको छुट्याइएको छ ।

अनि अर्को कुरा चाहिँ एउटा आएको छ । रु. १ करोडसम्मको आयोजना कार्यान्वयन मेसिन र उपकरणले प्रयोग गरी गर्न नपाइने असाध्यै राम्रो कुरा हो । तर कस्तो कार्यक्रम त छुट्याउनुपऱ्यो नि । सडक बनाउने कुरामा हो भने अब बाउसैले खनेर सडक त बन्दैन त । १ करोड तपाईँहरूले दिनुभयो भने के हामीले के भन्नु पऱ्यो भने नेपाल चाहिँ गरिब मुलुक हो हामी कुनै पनि मेसिनरी चीज गर्दैनौं । अस्ति एकजना माननीयजीले भन्नुहुन्थ्यो - दाइ तपाईँ किन यो कुरा गरिरहनु भएछ ? यो गाडी साडी मोटरसाइकलको कुरा छोडदिनुस् न हामी घोडा युगमा जानुपर्छ । सभामुख महोदय, सबैले चाहिँ घोडामा झण्डा हाल्नुपर्ने केरे पदाधिकारीले चाहिँ घोडाको बीचमा ट्याक्क झण्डा राख्ने घोडा चड्ने झण्डा फटफटफट हल्लिदै जान्छ । अरुले कोही नसक्नेले घोडाको पुच्छर समाउने अब कि त त्यो युगमा जानुपऱ्यो नि । हुन सक्ला सिचाइजस्ता कुराहरू हैन, पँधेरा कुलाहरू ल्याउने यस्ता कुरामा गरौं भन्यौं । हैन १ करोड भनेको पैसा चाहिँ थोरै पैसा हो भन्ने लाग्दैन । १ करोडले चाहिँ अँ सुर्खेततिर हो भने त मोटरले केरे मेसिनले खन्ने हो भने त १ किलोमिटर बाटो खन्ला त, हैन। त्यसकारणले यी कुरा पनि डिफाइन गरौं भनेको, गरेको कुरामा तपाईँहरूले खराब गर्नुभो भन्या हैन । अब सबै कुरा बाटो पनि छैन, बाउसोले खन भनेपछि त्यो बाटो कहिल्यै पनि बन्दैन । उहाँ अघि नै भनिसके रोजगारमूलक साना सिचाइमा भनेर गरेछ सबै रोजगार । अनि अर्को कुरा चाहिँ राम्रो लागेको छ, यो १२७ मा सहिद परिवार, वेपत्ता परिवार, घाइते, अपाङ्ग, असहाय यिनीहरूलाई के गर्ने त हामीले उनीहरूको व्यवस्थापन गर्ने सरकारलाई हेर्ने भन्यो, त्यसैसँग के जोडिएको छ भने सडक मानव पनि भन्याछ । अब सडक बालबालिका भनेर ती दिनभरि खेल्ने के के खानेलाई सडक बालबालिका भन्या त थाह थियो । हिउँमा बस्नेलाई हिम-मानव भन्या पनि सुनैकै थिएँ, वनमा बस्नेलाई वन-मानव भन्या पनि सुने । यो चाहिँ सडक मानव भन्या के हो ? भन्ने भयो के मलाई चाहिँ । सडक मानवहरूको पनि व्यवस्थापन उनीहरूसँग आश्रय हुने, कि सडकमा एउटा छुट्टै राउटे जाति जस्तो मानव छ कि त्याँ ? कि घरबार नभएका भने भने सुकुम्बासी हुन्, हैन कि यहाँकै पनि केही गरेर यी सबैलाई चाहिँ सडक मानव बनाउने प्रयासमा छौं, त्यही मानव भन्या हो कि ? त्यो कुरा चाहिँ मैले बुझ्न सकिन । अनि साह्रै अर्को राम्रो लेख्नुभएको छ लोकप्रिय जनता सडक । साँच्चै हो वास्तवमा कर्णालीको चाहिँ आफ्नो पिपुलारिटी भन्छ नि । हाम्रो आफ्नो भनेको लोकप्रिय जनता सडक यो बनायो भने त्यलाई चाहिँ समयमै सम्पन्न गर्नको लागि १ अर्ब ४२ करोड छुट्याइएको छ । ती लोकप्रिय जनता सडक कुन कुन हुन् ? ती लोकप्रिय जनता सडकको कति किलोमीटर छ ? यति किलोमिटर यति पैसाले सिद्धिन्छ भनेर गर्नुपर्थ्यो के नत्र त यो चाहिँ मैले सधैं भन्ने गरेजस्तै पहिलाको जस्तै सरकारको यो क्रमागत भन्यो ३० करोड, ३० लाखको बजेट छुट्याउने वर्षमा ५०/५० हजार दिने जस्तो त भएन । यो कम्पिलिट गर्नको लागि यो बजेट असाध्यै न्यून हो । यो भनेको पक्कै पनि नयाँ बाटोहरू जोड्नुभएको होइन होला । पुरानो त्यलाई चाहिँ गर्नको लागि पनि म आग्रह गर्न चाहन्छु । अनि अलिकति कुरा अघि पनि मैले भने भन्न त । कार्यक्रम एकातिर कार्यान्वयन गर्ने

अर्कोतिर । अब त यो बजेट आएपछि अँ अर्कै आइसकेपछि मलाई के लाग्छ भने अँ सत्तापक्षका पनि सभामुख महोदय, एक दुई जना माननीयज्यूले बोलिसकेपछि अब हामीले बोल्नुको कुनै अर्थ छैन किनकि यो सबै हुन्छ कार्यविधिबाट हुन्छ । सबै चाहिँ बजेट चाहिँ य-यतिले दिएको अधिकार प्रयोग गर्दै कार्यविधि कार्यविधि कार्यविधि निर्देशिका कार्यविधि निर्देशिका यतिसम्म छन् कि कुनै मन्त्रालयको त ४८ सम्म कार्यविधिहरू छन्, ४८ वटासम्म। अनि यहाँहरू जस्तो भने भ ऐनले के भन्छ कार्यविधिको पहिलाको ऐनले पनि के भन्छ उसको दफा ८ ले चाहिँ, छ अधिकार छ । कार्यविधि बनाउने अधिकार दिएको छ, तर के भनेको छ भने प्रदेश सरकारले भनेको छ । बुझ्नुपऱ्यो प्रदेश सरकार भन्या के हो ? मन्त्री भन्या के हो ? त्यो बुझ्नुपऱ्यो क्या । प्रदेश सकारले बनाउन सक्नेछ र प्रदेश सरकारले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्छ, त्यसमा पनि कार्यविधि ल्याउनुपर्छ । त्यो कार्यविधि बनाएर यी-यी कुराहरू चाहिँ तपाईंको जिम्मा लगाइएको छ । अनि मन्त्रीले पनि फेरि त्यो गरेर सचिव स्तरीय पनि हुन्छ । यी कुरा नहुने भन्ने कुरा हैन तर विधि त मिलाउनुपऱ्यो नि । विधि नमिलाएर फटाफट दियो भने त अब किन य-यत्रो चाहिँ कुरो हामीले गर्नुपर्ने कुराहरू केही पनि छैन । अनि अर्का चाहिँ कति राम्रो छ - पूँजीगत बढाउने, चालु घटाउने, प्रशासनिक कटाउने, संसद् सबलाई लडाउने, क्या गजवको छ । यो कुरा चाहिँ के के हुन त ? साँच्चि कटाउने कुरामा जाऔं । कटाउने कुरामा हामी गएनौं सभामुख महोदय । हामीले के भन्यौं भने गुमाएर किन लाज मान्नु पर्ने कुरा के छ सभामुख महोदय, लाज मानिएको छ यहाँ । बेरोजगारमूलक पूर्वाधार वि-विशेष कार्यक्रम १ अरब क्षे विशेष क्षेत्र विकास कार्यक्रम । क्षेत्र विकास विशेष कार्यक्रम भनेर ल्याउनुपर्थ्यो नि ल्याउने हो भने। मही माग्ने ढुङ्ग्रो लुकाउने । दुनियाँलाई देखाउदाखेरि यी त चाहिँ रोजगारको यो गलत हो । यो अहिलेको लागि यो वर्षको लागि यो कार्यक्रम ल्याउनु हुँदैन, यो पनि कोभिड नियन्त्रणको लागि र खाद्यान्नको लागि र रोजगारीको लागि नै यो पैसा राखौं । सम्माननीय सभामुख महोदय, मेरो एकदम ठूलो चाहिँ अनुरोध छ, अ पहिला पहिलो साल हामीले राख्यौं कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम भनेर राख्यौं । ठूलो चाहिँ यहाँ चाहिँ भयो त्यो बेला ठीक थियो सबै प्रदेशले राखे। यी प्रदेशले गरौं न त हामीले यो गर्नु के यसो भनेपछि त सरकार त्यस्तै थियो, हामी माननीय पनि यस्तै भयौं । यदि त्यो हो भने हामी माननीयलाई पनि मुखमा चुक लगाएर ड्याङ्गल्याङ्गै ढालेको हो भने सम्माननीय सभामुख महोदय, म सम्माननीय सभामुख महोदयमार्फत चाहिँ म अनुरोध गर्न चाहन्छु माननीयज्यूहरूलाई पनि, यो बेलामा यहाँको सांसद, यहाँको सभासद, यहाँको सभा, साँच्चै नै सरकारलाई पनि साथ दिन चाहन्छ र यस्तो बेलामा चाहिँ हामी अब यो रोजगारी भने यो शब्दले त के हुन्छ भने हामीले प्राप्त गरेको पैसा सबलाई रोजगार दिनुपर्ने हुन्छ । के रोजगार ? घाँस काट्ने रोजगार, बाटो बडार्ने रोजगार, युवाको त्यही भाको हो नि त । प्रधानमन्त्री रोजगारको के भयो ? पोहोरसाल फोटो आएकै हुन् त । मुख्यमन्त्री रोजगारको त्यही हुनेवाला छ । होइन विभेद नगर्ने हो भने, विभेद नगर्ने हो भने यदि तपाईंले यति छुट्याइसक्नु भो । अब ती १६ जना

माननीयलाई पनि किन छुट्याउने त ? ४०/60 गर्नुस् । निर्वाचित भएर आकाले निकै दु:ख गरेका छन् मेहेनत गरेका छन् यो प्रदेशका क्षेत्रका भनेका छन् गाली गरेका छन् हो, ल उनलाई पाँचै भो ४०/६० को हिसाब भने यो केरे समानुपातिक माननीयज्यूलाई २ करोड राखिदिऔं, सक्नुहुन्छ ३ करोड राख्नुस् । नसक सक्नुहुन्न भने २ करोड राख्नुस्, १६ दुनी ३२ करोड त हुन्छ नि । एकातिर हामी यहाँ के भन्छौ भने विभेद गर्नु हुन्न है भन्छौं अब अर्को कुरा विभेदको कुरा छ यहाँ । सभामुख महोदय, छुवाछुत गर्नु हुन्न, छाउपडीलाई गर्नु हुन्न, यो यो विभेद हो भन्छौं अनि दलितका छुट्टै छात्रावास बनाउने, अनि दलिका छुट्टै कार्यक्रम बनाउने, हैं छाउपडीका भोलि गोठ बनाउने कुरा आउला त्यो, उनीहरूलाई अलिकति स्ट्याण्डर याटयाच ट्वाइलेट सहितको कोठा बनाइदिने भन्ने कुरा आउला । हामीले के भनेका यो मुलुक छुवाछुत विहिन हो । छात्राबास बनाउनुस् राम्रो कुरो हो त्यो, त्यसमा सबै कुरा विपन्नहरू राखौं न । बाहुन त्याँ होस्, क्षेत्री त्याँ होस्, अहिले भन्ने गरे मलाई त दलित भन्ने शब्द मलाई भन्नै मन लाग्दैन, जुन सामाजिक दृष्टकोणले चाहिँ हेपिएका चाहिँ उनीहरूलाई सबभन्दा बढी राख्नुस् अनि पो त्यो मिक्सअप हुने भए त । यो दलित छात्रबास, भोलिबाट आउनेछ यो उपाध्य बाहुन छात्राबास, त्यहाँबाट आउनेछ ठा ठकुरी छात्र । यो भनेको के हो यो ? यो कुनै मानिसहरूले आफ्ना कुनैलाई छ नि त, हामीले शील्पकार भन्ने शील्पकार वर्ग भनौं न । त्यसैले म जुन स्कुलमा पढेको थिएँ सभामुख महोदय त्यो स्कुलमा पछाडि जात लेखिदैन । मेरो चाहिँ ३६४ नं. हो। जीवन-364 भन्थे, जात भन्दैनथे। म जुन स्कुलमा पढें 364, 365 किनकि जातीय विभेद हटाउनको लागि हाम्रो यो प्रयास हो नि । आज हामीले छुट्टै एउटा छात्रबास बनाउने हो भने जातीय विभेद घट्यो कि बढ्यो ? यो कुरालाई चाहिँ हामी भन्न चाहन्छौं सभामुख महोदय ।

अब यो अर्को एउटा कुरो चाहिँ मैले अन्तमा, यो ३३ मा लेख्नको यो हिल्सा-सिमकोट सडक । स्वदेशी-विदेशी स्रोतलाई परिचालन गरी भनेर राख्नु भारैछ सभामुख महोदय । त्यो रकम कुन ढुकुटीमा छ र ? परिचालन गरिने हो । हामीले जानेको कुरा त के हो सभामुख महोदय, भएको रिसोर्स छ यति, हामीले परिचालन गर्छौं । त्यसकारणले कि त त्यसको नाम नदिऔं, नाम दिने हो भने प्रदेशले पैसा छुट्याऔ, यति पैसाचाहिँ यसको लागि राखेको छ भनेर छुट्याउनु पर्‍यो । अ त्यो नछुट्टयाउने समन्वय गरिन्छ, परिचालन गरिनेछ भनेर यस्तो खालको नीतिगत कुरा आयो । र सभामुख महोदयलाई म चाहिँ एकदम धन्यवाद दिन पनि चाहन्छु र आज एउटा कुरा म गत सालको कुरालाई म स्मरण गराउन चाहन्छु सभामुख महोदय । यो नेपाल अधिराज्यमा हाम्रो मात्र प्रदेश हो, जसले बजेटको छलफल भइसकेपछि बजेटलाई परिवर्तन गर्‍यो, यदि बजेटलाई परिवर्तन नगर्ने हो भने छलफलको त कुनै छैन, गरिसक्यो हुन्छ भन, हुन्न भन भनेर जानुपर्ने हो । त्यो अवस्था यहाँ आयो र गरियो । अहिले कुरामा पनि सबै माननीयज्यूहरूले बोल्नु होला, किनभने अब यहाँ त नियुक्त गरिएका सिइयोहरू चाहिँ काठमाडौंमा छन् अनि सियो पठाउँछन् यहाँ धागोले सिलाउँछन् । अ त्यो खालको अवस्था चाहिँ नहोस् । त्यसकारणले यहाँ परिवर्तन हुने कुराहरूमा चाहिँ परिवर्तन

गर्न सकिने परम्परा गरौं, जो बेलायतलाई संसदीय व्यवस्थाको जननी भन्छ, त्यहाँ पनि परिवर्तन गर्छन् । अमेरिकाको सिनेटले पनि परिवर्तन गर्छन् । यहाँ पनि आएका माननीयज्यूको कुराहरूलाई ल्याएको कुराहरूलाई गरौं अझै पनि । मेरो आफ्नो त अझैं धारणा भन्ने हो भने यो छरपष्ट कहीं नदेखिएको छ कि अब एकातिर चाहिँ अगाडि भन्दाखेरि एकदम राम्रो कुरा काहिँ भएन तर लुकिचोरी खाने बाटोहरू चाहिँ धेरै देखिएको छ, त्यो चाहिँ नहोस् भन्ने कुरा राख्दै र राम्रो गरेको कुरालाई चाहिँ धन्यवाद दिदै र यो, यो चाहिँ १ अरब २० करोड त्यो पनि अहिले हाम्रा लागि दुनियाँले चाहिँ थुक्क-थुक्क गर्नेछन् । जसरी सुदुरपश्चिममा अहिले आइरहेको छ, यही बेलामा चाहिँ पैसा नचाहिएको कलाई होला ? सभामुख महोदय । त्यहाँ के गरियो भने सबैका चाहिँ तलब बढाइयो, सारा गरियो । यस्ता कुरा नहोस् र अर्को कुरा म अहिले यसैमा भन्न चाहन्छु किनकि हाम्रोमा पनि स्थानीय तहहरूको सेवा सुविधा आउँदै छ, सभामुख महोदय, यो कतै बागमती जस्तो र यता ५ नम्बर जस्तो हिजो त्यो थियो अब घट्यो भने डबल गर्ने काम पनि नहोस् । उनीहरूले पाउने सेवा सुविधा जुन छ त्यो पनि पाओस् । त्यो कुराहरूलाई राख्दै अँ जुन अहिले चाहिँ प्रशासनिक खर्चहरू घटाउने कुराहरू आका छन् त्यो साँच्चै घटाइयोस् । र यहाँ भन्ने उता चाहिँ हाम्रो हातमा चाहिँ डाडु पुन्यु छ अगाडि जान्छ भन्ने कुरा नहोस् । यही कुराहरू चाहिँ मैले यहाँ राख्दै आफ्नो भनाइ टुङ्ग्याएँ त्यसको लागि मलाई बोल्ने समय दिनुभएकोमा सभामुखलाई धन्यवाद दिँदै विदा हुन्छु धन्यवाद, जय नेपाल ।।

**माननीय सभामुख:** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको वायाँ तर्फ रहेका सचिवालयका कर्मचारीहरूमा नाम टिपाउनुहोला । अब माननीय श्री अम्मरबहादुर थापा, समय ७ मिनेट । यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७७/७८ को बजेटमा सैद्धान्तिक छलफलको सुरुवात भएको छ । र अहिले यो छलफलको क्रममा अस्ति मा अर्थमन्त्रीजीले पेश गरेको ३३ अरब ७४ करोड १३ लाख ५३ हजारको बजेट संसद्मा पेश गर्नुभाको छ । र यसले यो बजेटले वास्तवमा भन्ने हो भने आज म यहाँ आएर के बोलौं के बोलौं पनि भाछ । बजेट प्रष्ट देखिएको छैन यो किताबमा यसले ढोका चाहिँ खोल्या छैन बोल्ने । अब अर्को किताब आउने हो कि भन्ने आशा गरेर अर्को किताबमा छ कि अब यो किताबमा छैन अर्को किताबमा छ कि अहिले बोल्ने हो भने त्यहाँ भोलि फजुल भइने हो कि भन्ने पनि लाग्याछ । यो अन्यौल तरिकाको यो अँ एकदमै त्यो अवस्थाको जाइने आको छ, त्यसैले प्रष्ट पार्ने अर्को किताब आउँछ कि भन्ने आशा मात्रै गरिएको छ । आशा त गर्नै पर्‍यो किनभन्दा यो बजेट भाषणमै सबै कुरा त नहोलान् तर यहाँ राम्रै राम्रै फूलबुट्टाहरू भरिएकै छन् । र हामी नेपाली म त बारबार भन्ने गर्‍याछु जाइने किताब लेख्नमा सिपालु छौं,

कार्यान्वयन गर्नेमा कति दक्षता प्राप्त गर्न सक्छौं यो कुरालाई हामीले ध्यान पुऱ्याउनुपर्नेछ । त्यसो भाहुनाले मलाई एउटा कुरा मैले अस्ति यो भन्दा अगाडि पनि भन्या थिएँ । करिब यो हामीसँग आउने बजेट १६ अरब ९७ करोड ८५ लाख संघबाट प्राप्त भको छ । ३० करोड रुपैयाँ हाम्रो राजस्व होला करिब करिब १७ अरब रुपैयाँ ठोस रकम हामीले आयोजना वितरण गर्न पाउने यो वर्षको बजेट हो । र अर्को सशर्त अनुदान भन्याछ, हैन । विशेष अनुदान भन्याछ, त्यो आउने सशर्त अनुदानका योजना सहित माथिबाट आछन् हामीले त्यसलाई कार्यान्विनय गर्ने मात्रै होला यहाँ । हामीले छुट्टै योजना बनाउन पर पाइन्छ भन्ने जस्तो लाग्दैन र बाँकी हामीसँगको अहिलेको बजेट करिब-करिब १७ अरबको बजेट हामीसँग छ र गत वर्षको पनि यस्तै तरिकाले गत वर्ष पनि थियो । त्यसकारणले होला अहिले त्यो जाइने केरे यो वर्षतिर खापियो ११ अरब भन्ने छ । यसले ३३ अरब पुग्या होला तर यो दायित्व गत वर्षको दायित्वको बजेटलाई छुट्याउनै पर्छ । गत वर्षका आयोजनालाई कति दायित्व त्यले लिने हो । त्यो दायित्वको बजेट जाइने यहाँ राखेको भए एउटा शब्द त्यो प्रयोग गऱ्या भए, यो बजेटले १७ अरबलाई कहाँ कता खर्च गर्ने ? अब नयाँ कसरी कोभिडलाई कसरी खर्च गर्ने ? अथवा रोजगारीका अवसरलाई कसरी खर्च गर्ने ? बाँकी ठूला आयोजनाहरू कसरी खर्च गर्न सकिन्छ भनेर छलफल गर्नुपर्ने हो कि भन्ने मलाई लाग्छ अब त्यो हुँदाहुँदै पनि भ मैले अघि पनि भनिसके किताबमा बडा असल तरिकाको शब्द छ कि जनता सडक । बडा लोकप्रिय सडक सुरुदेखि माननीयहरूले उठाएर हामीले उठायौं, त्यो जाइने पाँच करोडदेखि १० करोड पुग्यो । आज जिरो पइन्टमा छ, जिरोमा छ । १० करोड पुगेको लोकप्रिय योजना गत वर्षको दायित्व १ अर्ब ४२ करोड भनिएको छ त्यो त गत वर्षको लोकप्रियतामा गइ गइसक्यो । यो वर्ष त्यो जनता सडक साँच्चिकै लोकप्रिय हुन् भने अझैं यो एक अहिलेको परिस्थितिले सकिन्थेन २ अरब ४० करोड दिन सकिन्थेन होला। हामीले गत वर्ष छुट्टयाएको त २ अरब ४० करोड हो । त्यसमध्येमा खर्च र टेण्डरमा भएको बजेट मात्रै १ अर्ब ४२ करोड आएको छ ।बाँकी त बच्यो २ अर्बबाट । त्यही बचेकै बजेट जाइने पुन: यति जाइने थप गरिएको छ भन्या भए पनि त्यलाई कमसेकम कन्टिन्यूटी त भयो नि । लोकप्रिय कार्यक्रम भन्न हुन्थ्यो । १० सकिन्थेन ७ बनाउन सकिन्थ्यो होला, जसको नाम किताबमा लोकप्रिय भन्ने पैसामा जिरो बनाएर पठाएपछि त्यो लोकप्रिय हुन्छ कि हुँदैन ? यसकारणले यो भाषा र लेखन बडा सुन्दर छ । यसमा मैले कुनै कमेन्ट गर्ने ठाउँ छैन । र भाषामा शब्द शब्दमा सफा एकदम सुन्दर कुरा छ साँच्चै कर्णाली बन्छ भन्ने छ । गत वर्ष गरिएका योजनाहरू गौरवका योजनाहरू आज टेण्डरसम्म भाका छैनन् किन ? किन भएनन् भन्दा मन्त्रीज्यूहरूसँग सोध्दाखेरि यो भूमि संघीय सरकारको रहेछ, यो भूमिमा हामीले काम गर्न पाएनौं । हाम्रो बजेट कहाँ खर्च गरेका छौं अहिलेसम्म ? मलाई यो सरकारसँग यो जवाफ माग्ने रहर लाग्याछ । हामी कर्णाली प्रदेशको यो भूमि सबै भूमि जाइने संघीय सरकारको छ । यो मोटरबाटो बनाउने जनता लोकप्रिय सडक बनाउने पनि त्यो संघीय सरकारकै भूमिमा बनाउनु पऱ्याछ । यहाँ कवड हल बनाउनलाई के संघीय सरकारकै

अनुमति चाहिने ? यहाँ कुनै रष्टिक अथवा जाइने स्टोर बनाउदाखेरि संघीय सरकारले बनाउनुपर्ने ? अनुमति लिन पर्ने ? त्यसकारणले मैले बारबार भन्याछु कि कर्णाली प्रदेशको जुन एरिया छ त्यो हामीलाई तोकिसक्यो यहाँदेखि पूर्व, यहाँदेखि पश्चिम यो कर्णाली प्रदेश हो भन्ने कुरा तोकिसकेपछि यहाँभित्र गर्ने काममा संघीय सरकारले दिएन भनेर यो झाडा टार्ने कुरा हो भन्ने मलाई लाग्छ किनभने यो देशको विकास गर्नका लागि संघले गरोस्, प्रदेशले गरोस्, स्थानीय तहले गरोस् । यहाँका जनताको जीवनस्तरमाथि वृद्धि गर्न यहाँका जनताको लागि आवश्यक पर्ने योजना बनाउने हो । त्यसकारणले यस्ता कुरा गर्नु हुँदैन भन्ने मलाई लाग्छ । यदि त्यसो गर्नै पर्ने हो, यो भूमिमा हामीले काम गर्न पाइने हैन भने यो बजेट ३३ अर्बको बजेट पनि खर्च गर्न पाइँदैन । त्यसैले त्यो स्थितिलाई पनि ख्याल गर्न पर्नेछ भन्ने मलाई लागिराछ ।

दोस्रो कुरा, यो रोजगारका रोजगार कार्यक्रम लगाएर डल्लो पारियाछ । मैले अस्ति पनि तपाईँहरूलाई यही मञ्चबाट भन्दाखेरि यो त बजेट भाषण त गर्नपर्ने जाइने अर्थमन्त्रीले हो यो जाइने माननीय अमरबहादुर बजेट भाषण गर्न लाग्यो भन्ने पनि भयो । १ अर्ब ६२ करोड रुपैयाँ हुने हो भने ७ सय १८ वटा वडामा रोजगारका के कार्यक्रम दिने हो त्यो दिन सकिन्छ । त्यलाई यो हो भनेर तोक्नुपऱ्यो नि एकमुष्ट राख्ने त्यो त जाइने ट्याक्कै आफ्नो तजविज गर्ने प्रवृत्तिको बजेट यो संसद्बाट पास गराउने कुरा राम्रो हैन । कतिपय विशेष कोषका रूपमा विशेष कोष राख्न सकिन्छ । अहिले कोभिड-19 मा खर्च गर्न पऱ्यो विशेष कोष चाहियो त्यो ५० करोड खर्च किन गर्नु भो ? भन्ने प्रश्न उठेको छैन यहाँ तर खर्च गर्दाखेरि आवश्यकताका मात्र गर्दिनु भएन, भनाइ मात्र दु:ख हो । त्यसैले यो विषयमा जुन अरुले भन्या सुन्दिनु पऱ्यो हामी सांसदहरूले यो सरकारको बजेट त अब पास गर्नु कि जाइने अब अप्ठ्यारै पास नगरुँ भने पनि ग नगरौं नगरौं हात खडा त गर्नुपर्ला तर तपाईँहरूले प्रतिपक्षले धेरै कुरा बोलिसक्नु भो (समय समयलाई ध्यान दिऊँ माननीय सदस्य) प्रतिपक्षलाई बोल्ने अवसर दिने प्रवृत्तिबाट सबै पक्षलाई सत्ता पक्ष र प्रतिपक्षलाई साचेकै बजेट हो भन्ने वातावरण सिर्जना गर्नुपऱ्यो कसैले कहिँनेर चित्त नबुझ्या हुन सक्छ । त्यसकारणले मैले भनैं कि कमसेकम रोजगारको कार्यक्रम हो भने पनि ७ सय १८ वटै वडामा बेरोजगार मान्छेलाई कुन तरिकाले अगाडि बढाउने त्यो कुरा गर्न पऱ्यो । दोस्रो कृषिमा उत्पादनमुखी रोजगारको कार्यक्रम (समयलाई ध्यान दिऊँ माननीय सदस्य) ल्याउनु पऱ्यो भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख:** अब माननीय श्री हिमबहादुर शाही । यसपछि माननीय श्री देवी ओली तयार रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाही:** सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकार कर्णाली प्रदेश सभा आर्थिक वर्ष २०७७/078 को कर्णालीवासी १७ लाख कर्णालीवासीहरूको जीवनरक्षा र जीवन प्रकृतिका बारेमा ठूलो छलफलमा भाग लिएका छौं । मलाई लाग्छ,

आज विश्व नै कोरोना भाइरसको विपत्तिबाट थला परिसकेको छ । त्यसको सन्दर्भमा कर्णाली प्रदेश पनि अछुतो रहन सकेन, कर्णाली प्रदेश पनि आज त्यसकै ठूलो मारमा र ठूलो पीडामा धकेलिरहेको छ, त्यसको साथै आज कोरोना भाइरसको नाममा विभिन्न व्यथिति र विसंगतिहरू पनि कम भएको छन् कम झांगिएको छन् छैनन् भन्न सक्ने अवस्था छैन । यो कुरा कसैबाट लुकेको छैन । यसैको सन्दर्भमा म यसैको छलफलको क्रममा सर्वप्रथम कर्णाली प्रदेशको सरकार, कर्णाली प्रदेश सभा चाहे सत्ता पक्ष होस् चाहे प्रतिपक्ष होस् । आज प्रदेश अथवा प्रदेशका १७ लाख जनता आज प्रदेश कुन दिशातिर किन र कसरी प्रवाहित भएको छ ? त्यसको पहिचानको खोजी र त्यसको निरूपण, त्यसको समाधानको बाटोतिर सबै एकीकृत भएर सबै एक बाहुबल भएर अगाडि जाने प्रश्न हो तर आज हामी नेपाली कंग्रेस अथवा कर्णाली प्रदेशको प्रतिपक्षले लाई यो प्रश्नले यति बिझाएको छ कि हामीलाई बाध्यता भएर पनि केही कुरा भन्न परिरहेको छ यहाँ केही कुरा गर्नु परिरहेको छ । जुन कुरा पनि आज सत्ता स्वयम् सत्ता पक्षलाई थाह छ । सत्तापक्षले कानमा तेल हालेर नि बसिरहेको छ । कानमा तेल हालेर सत्ता पक्ष बसिरहेको छ, जुन हामीले प्रतिपक्षले गरिरहेको छ चाहे प्रतिपक्ष नेताले गरिरहेका छन् त्यो नेपाली कांग्रेसको यी यी प्रश्नको बाध्यता हो । यी यी प्रश्नले बिझाएको यो प्रसङ्ग हो । यो कुनै आपत्ति हैन । तर बाहिर गफ गरिन्छ, तपाईँहरूलाई आग्रह गर्छु, नेपाली कंग्रेस जोड-घटाउको पार्टी होइन । हाम्रा बाध्यता, हाम्रा प्रश्नहरू, हामीले उठाएको आवाजहरू केवल माली फेर्न पनि हैन । कर्णाली प्रदेशको सरकार मन्त्रीहरूलाई फेर्न पनि हैन । हामीले चाहेको कर्णाली प्रदेशको १७ लाख जनता जो तपाईँहरूकै नारा छ - सुखी कर्णाली सुखारी कर्णाली त्यो तपाईँहरूको नारा कस्तो नारा हो ? सुखी कर्णाली सुखारी कर्णाली भन्ने नारा कागजमा यसमा स्पष्ट आएका छन् । कामले के देखाएको छ त? त्यसकारणले आज हामी बाध्यता भएर यी कुराहरू उठाउँदैछौं । म अर्को कुरा प्रदेश सभाका सम्पूर्ण साथीहरूलाई आग्रह गर्न चाहन्छु । प्रदेश सभामा सत्ता पक्ष होस् चाहे प्रतिपक्ष होस् गणितको संख्या जे होस् तर कर्णालीवासीको हित र कल्याण, कर्णालीवासीलाई सुख, कर्णालीवासीलाई आज यथोचित विकासका आवश्यकताहरू दिन सक्ने सरकारका कामकारबाहीहरूलाई प्रसंशा अथाव समर्थन गर्ने या प्रदेश सरकारको मनोगत स्वैच्छाताकारी आकांक्षालाई प्रदेश सभा पक्ष र प्रतिपक्षको नाममा बैधता मात्र दिने जिम्मेवारी र दायित्व हो ? आज यस सन्दर्भमा अति गम्भीर भएर सोच्न म सम्पूर्ण साथीहरूलाई आग्रह गर्दछु । प्रदेशका मौलिक विशेषता र आवश्यकता के हुन् ? आज प्रदेश, प्रदेशमा विशेषता आवश्यकता के हुन् ? के ले त्यलाई ओझेलमा पारिरहेको छ भन्ने को खोजी र पहिचान गरेर सरकारले यो आर्थिक वर्ष ०७७/७८ को बजेट प्रस्तुत गर्नुपर्थ्यो तर सरकारले गरेको बजेट यथेष्ट रूपमा कर्णालीवासीको आवश्यकता र आकांक्षालाई विशिष्ट रूपमा समेट्न सकेको छ भन्ने पक्षमा म छैन । यसमा धेरै कुराहरू लुकेका छन् । मलाई लाग्छ यहाँ जे-जति कुरा आएका छन्, यस्तो लुकेको छ कि एउटा कार्यविधि भन्ने छ, त्यो कार्यविधिभित्र सरकारको यत्रो मुटु लुकेको छ । मोटो मुटु लुकेको छ कार्यविधिभित्र । यी कार्यविधिले ती कुराहरू

उजागर गर्नेवाला छन् यसमा उजागर गर्नेवालो छैन। अघि हाम्रो प्रतिपक्षको नेताजीले भनिसक्नु भो बजेटको ५५औं क्रमसंख्या ५५, १ अरब २० करोड क्षेत्र विकास कोष भनेर राखिएको छ, म त्यसैलाई समर्थन गर्छु, पहिलो कुरा अहिले कोभिड-19 लाई अथवा यो चाहिँ उलाई केरे अँ यो अहिलेको कोरोना भाइरसलाई नियन्त्रण गर्न अथवा प्रदेश सरकारको प्रदेश सरकारले यलाई चाहिने एकदम निष्पक्ष र नियन्त्रण गरेर जनतालाई मोक्ष दिलाउनको निमित्त सबभन्दा यलाई बदर गर्न १ अरब २० करोड रुपैयाँ त्यहाँ राखियोस् म माग गर्दछु । होइन भने माननीयहरूलाई दान र दक्षिणा दिएको हो विना संकल्पको दान र दक्षिणा र आफ्नो चाइने अभिमत मात्र प्राप्त गर्न गरिएको हो २४ जना माननीयलाई क वर्गका माननीय र १६ जना माननीयहरूलाई ख वर्गका माननीय भनेर स्पष्ट आओस् । स्पष्ट चाइने यो प्रदेश सरकारले व्यवस्था गरोस् । ख वर्गका माननीय भनेर १६ जनालाई ख वर्गको माननीय भनी राखोस् र जाइने २४ जनालाई क वर्गका माननीय भनेर राखोस् । म यो कुरा स्पष्ट गर्न चाहन्छु । त्यस्तै क्रमसंख्या ६३ मा ६ अरब ५४ करोडको रोजगार भनेर राखिएको छ । यो विना मियाँको दाइँ हुन्छ नि विना मियाँको दाइँ जस्तो कार्यक्रम आएको छ । पहेंलो बत्ति बलिसक्यो क्रमसंख्या ६८ मा ८ करोड, ८ अरब छ । ९१ मा २ अरब १० छ हाइटेक नर्सरी भनेर यी सबै विना मियोको दाइँ भनेजस्तो हो । अन्तमा पहेंलो बत्ती बलिसकेको हुनाले मेरो भनाइ के छ भने बजेटमाथि पूरक रुपमा भन्नुपर्दा साँच्चै पूरक रुपमा भन्नुपर्दा नखाऊँ भने दिनभरिको शिकार खाऊँ भने बाबुको अनुहार भन्ने एउटा उखान छ, त्यस्तो किसिमको बजेटको स्पष्टता आएको छ । अन्तमा आग्रह गर्दछु सरकारलाई सभामुखमार्फत् आग्रह गर्दछु प्रदेश सभाका सदस्यहरूले उठाएका उचित कुराहरूलाई उचित चाइने भ्वाइसहरूलाई कदर गर्दै बजेटलाई संशोधन र परिमार्जन गरेर अघि बढाउनु हुनेछ भन्ने विश्वास राख्दै अहिले विदा हुन्छु हवस् जयनेपाल ।

**माननीय सभामुख:** अब माननीय श्री देवी ओली, यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री देवी ओली:** सभामुख महोदय, प्रदेश सरकार आर्थिक वर्ष २०७७/०७८ को बजेटमा छलफल भइरहँदाखेरि आज कर्णालीवासी १७ लाख जनताले यो बजेटभित्र आफ्नो जीवनलाई कहाँनेर भेटाउँछन् । हेरिरहेकै छन् । मनमनमा प्रश्नहरू पनि सोधिरहेकैछन् । आफूले आफैलाई सर्वप्रथम प्रदेश सरकारको यो बजेट वक्तव्यमा कलात्मक ढंगले अर्थमन्त्रीज्यूले लिपिबद्ध गर्नुभएको छ । छात्रवृत्ति छोरी बैंक खाता, स्वयंसेविकाको प्रोत्साहन कार्यक्रम, बाल विकास सहजकर्ताको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइएको छ । प्रशासनिक खर्च, चालु खर्च घटाउनको निम्ति प्रस्ताव गरिएको छ । यसका लागि म विशेष धन्यवाद दिन चाहन्छु । र जुन हैसियतबाट म बोलिरहेको छु त्यो हैसियतमा त्यो ठाउँमा पुग्दाखेरि बजेटको समर्थन पनि गर्नुपर्ने अवस्था स्थिति आउला तर सभामुख महोदय, २०६८ सालको जनगणना अनुसार हेर्ने हो भने कर्णालीका ८ लाख महिलाहरूले प्रश्न गरिरहेका छन्

सभामुख महोदय । आज यो बजेट आइरहँदाखेरि हामी ०७४/७५ को बजेटमा छलफल गर्नेबेलादेखि यो कुरा उठाइरहेका छौं निरन्तर रुपमा कि यो प्रदेशमा आउने राजस्व बाँडफाँड र समानीकरण अनुदान अन्तर्गतको बजेटबाट कति प्रतिशत महिला सशक्तीकरणमा लगाइने हो बजेट ? यो प्रश्नको उत्तर आजसम्म हामीले भेटाउन सकेका छैनौं सभामुख महोदय । त्यसकारण आज १७ लाखको कुरा गर्दा नेपाली कर्णालीमा ९ लाख महिलाहरूको संख्या छ। यो बजेटबाट कति प्रति १ प्रतिशत हो कि २ प्रतिशत आज यसको उत्तर पूर्वाधारमा महिलालाई जोडेर हेर दिइनु हुँदैन । सडकमा महिला हिंड्छन्, खानेपानी महिलाले खान्छन्, त्यसपछि सिंचाई महिलाले पाइरहेका छन् । यो उत्तर कुनै यो संविधानको भावना र मर्मअनुसार हुने छैन । त्यसकारण यसका निम्ति अर्थमन्त्रीज्यूलाई मैले फेरि पनि प्रश्न गर्न चाहन्छु, यति मात्रै समानीकरण र राजस्व बाँडफाँडलाई मात्रै यहाँको आन्तरिक बजेटको हिसाब मैले यहाँ गरेको छैन । यतिलाई मात्रै उहाँले हिसाब गरेर सरकारले कति प्रतिशतबाट महिलाहरूको सशक्तीकरण गर्न सक्छ भन्ने कुरा सोचेको भए । ५ प्रतिशतमात्रै बजेट छुट्याइएको भए पनि यहाँ ५० करोड बजेट महिलाको क्षेत्रमा लगानी गरिनुपर्ने हो । जस जुनको भागवण्डा हामीले जो अहिले सरकार चरित्र अनुसार दामासाहीमा गरिराखिएको छ, त्यो अनुसार गर्दा पनि जिल्लालाई एउटा ८ लाखसम्म ८ करोडसम्म भाग पर्थ्यो । त्यसो आज महिलाहरू नालापानीको किल्लादेखि विभिन्न जनआन्दोलन र सशस्त्र संघर्षमा लामबद्ध हुने मात्रै हो कि शक्ति, स्रोत र सत्ताको हिस्सेदार पनि हुने हो ? यो प्रश्न आज जब्बर रुपमा उठिरहेको छ । सभामुख महोदय, यो मेरो मात्र आवाज हैन आज यो बजेट आइसकेपछि कर्णालीवासी महिलाहरू यहाँ यो प्रदेशमा भएका अन्तरपार्टी संजालमा संगठित महिलाहरूको प्रश्न हो । हामीहरूले यसको उत्तर दिन सकिरहेका छैनौं सत्तापक्षको सांसदको हैसियतबाट । त्यसकारण यो जोडदार माग गर्न चाहन्छु यो बजेटमा पुन:र्विचार गरियोस् कि कति प्रतिशत महिलाहरूको क्षेत्रमा लगानी गरिने हो ? यो प्रश्नको उत्तर खोजिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु सभामुख महोदय ।

अर्को यहाँ मैले फेरि पनि भन्न चाहन्छु बजेटको कुरा जनता सडकको कुरा हेर्दाखेरि केही बुझ्न सकिएन अहिलेको बजेट हो कि गत चालु वर्षको बजेट हो कि लोकप्रिय बजेट भन्दाभन्दै यमा अलिकति कन्जुस्याइँ गरेको जस्तो देखिएको छ । मैले त्यति राम्रोसँग छुट्याउन पनि सकेन, यो अहिलेको बजेट राखियो जिरो छ कि यो शीर्षकमा यो पनि प्रष्ट हुनुपर्छ र निर्वाचन क्षेत्र पूर्वाधारको कुरा गर्दाखेरि गत वर्ष त्यत्रो बहस चल्दाचल्दै यहाँ प्रदेश सभामा जुन समान हैसियत बोकेर आइसकेका सांसदहरूको बीचमा विभेद भयो भन्दाभन्दै अहिले फेरि त्यो भाषालाई घुमाउरो गरेर त्यो बजेटलाई मनोमानी अथवा तजबिजीको हिसाबले चलाउन सक्नेगरी आएको बजेट यो मान्य छैन र सबै ४०सै जना सांसदहरूको हैसियत बराबर, कोभिड-19 को अवस्था स्थितिलाई मध्यनजर राख्ने हो भने कि त त्यो हामीले कटाउनुपर्छ कि त्यसको मात्रा घटाउनुपर्छ तर सबैलाई समान हुने ढंगले राखिनुपर्छ भन्ने कुरा अँ राख्न चाहन्छु अँ त्यसको सँगसँगै यो अँ कोरोना भाइरसको महामारी नियन्त्रण गर्न त्यसको

प्रतिकार्यको निम्ति हामीले बजेट धेरै राखौंराखौं भन्दाभन्दै आएको छ तर त्यसको दीर्घकालीन संरचना, जनशक्ति व्यवस्थापन त्यसपछि त्यस्ता खालका प्रविधिहरूको मूल्याङ्कन गर्ने हो भने सोचेको जस्तो बजेट आउन सकेको छैन । यले गर्दा हामीले अँ प्रत्येक सकेपछि हिजोको साविक वडा-टोलसम्म नभए अहिलेको वडामा एउटा बर्थिङ्ग सेन्टर हुने गरी यसको सोचिनुपर्छ भन्ने कुरा हुँदाखेरि यो अलिकति यसको अँ भार कम भएको मैले अनुभूति गरेको छु । यसलाई पनि हामीले पुनर्विचार गर्नुपर्छ भन्ने मलाई लागेको छ । त्यसको सँगसँगै यो अनुसूची-४ मा हेर्दाखेरि मैले के बुझे भने यहाँ अब बजेटको शीर्ष यो एमाउण्ट तजविजिमा बढी बजेट जानेजस्तो मैले देखेको छु । यो अहिलेसम्म हामीले बजेटको सिद्धान्त, प्राथमिकता जो निर्धारण गरेका छौं त्यो अनुसार व्यवहारमा खर्च गर्दाखेरि कानुनी रुपमा र अरु व्यवहारिक रुपमा सोचेजस्तो तालमेल खा`को छैन भनिरहँदाखेरि अहिले पनि यहाँ हेर्दाखेरि कतिपय विकासे मन्त्रालयहरूको भन्दा अहिले भौतिक पूर्वाधार मन्त्रालय पनि मुख्यमन्त्रीज्यूसँगै भएको हुनाले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रतिशतमा राख्नुभाछ अनुसूची-४ मा १८.33 प्रतिशत छ । अरु मन्त्रालयको हेर्दाखेरि २.23 अथवा ४. बढी हुनेको त यहाँ सामाजिक मन्त्रालयमा अलि बढी देखें मैले १५.५६ छ । त्यसकारण भौतिक मन्त्रालयको ३३.५११ र माथि मुख्य मन्त्रा मख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको १८.33 गर्दाखेरि यो बजेट कहाँ गएर डल्लो पऱ्यो ?

सभामुख महोदय, म अन्तिममा अनुरोध गर्न चाहन्छु, अन्यथा भयो र नियमावली विपरीत भयो भने रेकर्डबाट पनि हटाउनुहोला तर मैले यो बजेट हेर्दाखेरि र आजसम्मका गतिविधि हेर्दाखेरि यो कर्णालीवासीको स्वास्थ्य अवस्था र महिलाहरूको अवस्था हेर्दाखेरि कत्ति पनि सरकार त्यसपछि हामी अँ सभा अलिकति सिरियस नभएको मैले फिल गरेको छु । के यो तीन वर्षको बजेट हामीले हेरिरहँदाखेरि सभामुख महोदय शाही, प्रतिपक्ष दलको नेता शाही, सरकारको प्रमुख पनि शाही, के यो शाही शासन हो ? व्यवहारमा हामीले यही अनुभूति गर्ने हो ? यही कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री कौशिलावती खत्री, यसपछि माननीय श्री पदमबहादुर रोकाया तयार रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्री:** माननीय सभामुख महोदय, सर्वप्रथम त म हिजो मात्रै जाजरकोटमा बोलेरो गाडी दुर्घटनामा परेका घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्छु। उहाँहरू थलहबाट जाजरकोट जिल्ला छेडागाड नगरपालिका थलहबाट जुनीचाँदे गाउँपालिकातिर चामल बोकेर जाँदै गरेको गाडीमा दुर्घटना हुनुभएको थियो । पाँचजना घाइते हुनुभएको थियो । उहाँहरूबाट दुईजना गम्भीर घाइते हुनुहुन्छ उहाँहरूलाई नेपालगञ्ज मेडिकल कलेजमा उपचारको लागि लगिएको छ । गम्भीर घाइतेहरूलाई नि:शुल्क उपचारको लागि सभामुखमार्फत म सरकारको विभागीय मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।

उहाँहरूको लागि निःशुल्क स्वास्थ्य उपचारको लागि विशेष पहल गरिदिनको लागि विनम्र अनुरोध गर्दछु ।

सभामुख महोदय, कोरोना भाइरसको संक्रमणबाट फैलिएको महामारीबाट सिर्जित प्रतिकूल परिस्थितिमा यो बजेट आएकोले हाम्रा प्राथमिकताहरू अवश्य पनि बदलिएका छन् । यसलाई कसैले पनि नकार्न सक्दैन । यसमा विशेषगरी सरकारले महामारी, भोकमारी र रोजगारीलाई प्राथमकितामा राखेर यो बजेट वक्तव्य ल्याएको छ । यसलाई म समर्थन गर्न चाहन्छु र यसमा केही बुँदामा र केही बजेटमा आएका कुराहरूलाई म मेरोतर्फबाट टिप्पणी गर्न चाहन्छु र यसमा असहमति राख्न पनि चाहन्छु । अवश्य पनि म सत्तापक्षको सांसद हो। म केही मेरा दायरा छन् सभामुख महोदय, दलीय व्यवस्थामा यस्ता दायराहरू हुने गर्दारहेछन्, हुन्छन् पनि तर पनि जनताको प्रतिनिधि हुँ । म जुन वर्गबाट आएँ, जुन क्षेत्रबाट आएँ, त्यो बिर्सन हुँदैन । रामायण कथामा सीतालाई रावणले हर्दा जटायोले भनेको थियो - मैले रावणलाई लडाइँमा पराजित गर्न त सक्दिन तर पनि मैले यसै दि द द दर्शक भएर हेरराख्यो भने मेरो सन्तानले कायर भनी सराप्ने छ र म आफै पश्चातापले मर्नेछु भनेर भनेको यस्तै हो। मैले पनि आफ्नो वर्गलाई बिर्सनु हुँदैन र आफूले देखेका कुराहरूलाई सत्तापक्षकै भए पनि लुकाएर राख्नु हुँदैन । भोलि म आएको मैले प्रतिनिधित्व गरेको वर्गले र त्यहाँ कर्णालीवासी जनताले सराप्नेछन् मलाई । सभामुख महोदय, भोकमारी, रोजगारी /भोकमारी, रोजगारी र महामारी भनेर बजेट अत्यन्तै साहित्य शैलीमा आयो तर यसका प्रमुख प्राथमिकता कहाँ हुन् ? त्यो प्रष्टसँग नआएको मलाई अनुभूति भएको छ किनभने महामारी, महामारी नियन्त्रण गर्नको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन व्यवस्था के हो ? र कसरी कुन-कुन शीर्षकमा बजेट छुट्याइनु पर्थ्यो ? यी यी तीनटा शीर्षकमा कसरी बजेट छुट्याइनु पर्थ्यो ? त्यो छुट्याएको र त्यलाई प्राथमिकताका साथ राखिनुपर्थ्यो त्यो नराखेको अनुभूति भएको छ । रोजगारी, रोजगारी, रोजगारी भन्ने मात्रै छ, रोजगारीको नाममा हामीले प्रधानमन्त्री रोजगारीमा आएका केही सबै त त्यस्तो हैनन् केही गत सालमा पनि हामीले नकारात्मक टिप्पणीहरू देखेका छौं ती यथार्थै पनि होलान् । त्यसैगरी रोजगारीको विषयमा बजेट खर्च हुने त होइन ? हामीले सरकारसँग रोजगारी स्थापना रोजगारी दिँदाखेरि प्रष्ट रुपमा डाटा हुनुपर्छ । बेरोजगार विदेशबाट आएका कति हुन् ? ती दक्ष कति हुन् ? अर्धक्ष/अर्धदक्ष कति हुन् ? र यहाँ बसेका हाम्रा युवाहरू र हाम्रो जनशक्ति कति हो ? प्रष्ट डाटा, डाटा हुनुपर्छ र यसलाई दीर्घकालीन, दीर्घकालीन आय आयमूलक रोजगारीमा लाउनुपर्छ र जनसांख्यिक लाभ दिन सक्नुपर्छ । र यसलाई जस्तै उद्योग, कृषिजन्य उद्योग, वनजन्य उद्योगमा लगाएर सरकारले आफ्नो राजस्वको दायरा पनि आफ्नो प्रदेशमा बढाउन सक्नुपर्छ । हामीले अर्कैकोबाट दिएको बजेटमा आर्शित भएर कर्णाली प्रदेशको भाग्य र भविष्य निर्माण हुन सक्दैन ।

सभामुख महोदय, हामीले स्वास्थ्यमा प्राथमकिता त भन्यौं अ हस्पीटल बनाउने, मानवीय जनशक्ति स्थापना गर्ने भन्यौं तर स्वास्थ्य प्रतिकूल हुनबाट बचाउनको लागि केही

यस्ता संरचना पनि हामीले कर्णाली प्रदेशको सापेक्षमा खडा गर्नुपर्छ । जस्तै : सामान्य कुराबाट सुरु गरेपनि धेरै कर्णाली प्रदेशका जनताको र स अझ नजिकबाट भन्ना भन्दा कर्णाली प्रदेशमा भान्सा गर्ने दिदीबहिनीको स्वास्थ्यमा सुधार आउन सक्छ । सुधारिएको चुल्हो, इको शौचालयहरू निर्माण गरिदियो भने पनि उहाँहरूको स्वास्थ्यमा सुधार आउन सक्छ । मलाई यो बजेट वक्तव्यमा महिलामैत्री र जो अनाथ बालबालिका छन्, त्यो मैत्री नभएको अनुभूति भइरहेको छ किनभने ५१ प्रतिशत प्रतिशत महिला जो हामी प्रत्यक्ष रुपमा जनसंख्यामा छौं तर पनि अहिलेसम्म ३ वटा बजेट वक्तव्य आए, यहाँ महिलाहरूलाई नसमेटेकै अनुभूति भइराछ के महिलाहरू कोरोना प्रभावित हुँदैनन् ? के उहाँहरूको उहाँहरूको रोजगा उहाँहरूलाई रोजगारी दिनुपर्दैन ? यसै रोजगारीसँगै ल्याएर पनि महिलाहरूलाई रोजगारमा लाउन सकिन्थ्यो तर पनि सरकारले जहिलेसुकै उपेक्षामा राख्ने जहिलेसुकै महिलाहरूलाई रोजगारसँग ल्या लिनको लागि पनि सामान्य भौतिक पूर्वाधारसँग जोड्ने कुरामा म विमति राख्न चाहन्छु । अहिले पनि प्रष्ट रुपमा उहाँहरूलाई रोजगारको नाउँमा केही उद्योगका नाउँमा कृषिजन्य उद्योग व वनजन्य उद्योगमा महिलाहरूको लागि बजेट छुट्टिनुपर्छ। वास्तवमा कृषि क्षे कृषिमा हामीले प्राथमिकता दिने, कृषि उत्पादनमा प्राथमिकता दिने भन्यौं तर बजेटमा हेर्दा कृषिमा कहाँ कहाँ प्राथमिकता हो ? त्यो देखिएन । जस्तै: कृषिमा उत्पादन बढाउनको लागि दुई वटा शीर्षकमा प्राथमिकता राख्न सकिन्थ्यो - एउटा तत्कालको लागि खाद्यान्न उत्पादनमा के के गर्नुपर्छ मल बीउ औजार दिनको लागि र उत्पादनमा त्यो बजेट छुट्याउन सकिन्थ्यो त्यो शीर्षकमा भने अर्को शीर्षकमा कृषि उद्योगहरूको लागि पनि बजेट छुट्याइनुपर्थ्यो । उद्योग र उत्पादनमा बजेट छुट्टाछुट्टै शीर्षकमा छुट्टाएको भए सजिलो हुन्थ्यो। ज अर्को गत वर्ष, गत वर्षको सडकमा, सिंचाईमा लगायत अन्य योजनामा सम्पन्न नभएका योजनाहरूमा क्रमागत-क्रमागत मात्र भनियो । गत वर्षको दायित्व कति हो ? त्यो छुट्याई नयाँ दिनुपर्ने रकम कति हो ? त्यो छुट्टै भइदिएको भए प्रष्ट हुन्थ्यो । त्यो पनि गोलमटोल रुपमा देखियो र यसमा प्रष्ट हुन सकिएको छैन ।

सभामुख महोदय, म एक मिनेट समयको लागि विनम्र अनुरोध गर्दछु, आज नभ कहिलै पनि समय चापिएन आज समय अलिकति लिएन भने पछि म जटायो जस्तै पछुताले आफै उकुसमुकुस भए हुने स्थिति आउनेछ । सभामुख महोदय, काम हामीले बजेट वक्तव्यमा असाध्यै सुन्दर शैलीमा बजेट वक्तव्य ल्याउँछौं र यसमा सारा, सारा कर्णालीवासीका भाग्यभविष्य कोरिएका जस्तो अस सुन्नमा असाध्यै कर्णप्रिय जस्ता शब्दहरू आउँछन् तर पनि कार्यान्वयन हुने स्थिति जिरो छ । सरकारले कार्यान्वयन हुने क्रममा आफ्नै बाटोमा आफैले बन्चरो हानेको छ । कहिले कार्यविधिका नाउँमा कहिल्यै आफ्ना संरचनाहरूलाई बलिया नभएर आफ्ना संरचना भए जनशक्ति स्थापना नगरेर अन्य संरचनाबाट आफ्ना बजेट तल कार्यान्वयन गर्न खोज्छ । यसैले पनि कार्यान्वयनमा ढिलासुस्ती भएको छ । आफ्नो घरमा आगो लगाएर खरानीको चन्दन लाउने अनि महात्मा बन्न सकिदैन । सभामुख महोदय, म सभामुख महोदयमार्फत विनम्र अनुरोध गर्न चाहन्छु जस्तै- प्रदेश आफैमा सा शासन प्रणालीको

नयाँ संरचना भएकोले यो संरचनालाई बलियो बनाएर (**माननीय सभामुख:**अब सकौं माननीय सदस्य) संरचना बना बलियो बनाएर लैजानुपर्छ र यसैबाट योजना कार्यान्वयन गर्नुपर्छ र आफ्नो संरचनालाई वास्ता नगर्ने अन्य संरचनाबाट र आफ्नै मनगणन्ते रुपबाट कार्यविधि बनाएर योजनाहरू कार्यान्वयन गरियो भनेपछि कहिल्यै पनि सफल भइदैन भन्ने मेरो मान्यता छ । अन्त्यमा (**माननीय सभामुख:**सकौं सकौं माननीय सदस्य) माननीय सभामुखमार्फत यो बजेट चुस्त दुरुस्त शीघ-शीघ्र र जन सर्वसाधारण जनताको पहुँचमा पुग्ने गरी कार्यान्वयन होस् मेरो शुभकामना धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकाया:** माननीय सभामुख महोदय, हामी आज आर्थिक वर्ष २०७७/078 को बजेटमा सैद्धान्तिक छलफलमा भाग लिइरहेका छौं । र यो भाग लिन म अनुमति चाहन्छु । यो ०७७/७८ को किताब ४८ पेजमा २५८ बुँदामा आएको छ । किताब ठीक राम्रै छ, यो किताब बनाउने हाम्रो आर्थिक मामिला मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । अहिले विरोध गर्न चाहँदैन, विरोध पछि गरौंला किनभने किताब संविधान राम्रै हुन्छ, कानून राम्रै हुन्छ, नियम राम्रै हुन्छ, ऐन राम्रै हुन्छ तर ती किताब, नियम, कानून, ऐनको उल्लङ्घन गर्ने मान्छे पनि केही हुन्छन् केही तत्त्वहरू हुन्छ । त्यस्तै कर्णाली प्रदेश सरकारले पनि यो किताबको उल्लङ्घन गरेको यो विगतका अनुभव पनि देखिराकाछौं हामीले। विगत ०७४/७५, ०७५/७६, ०७६/७७ को बजेट आयो । बजेट आउने बजेट नीति तथा कार्यक्रमा आएको बजेटमा नआउने, बजेटमा नआएको रातो किताबमा नआउने, रातो किताबमा आएका पछि योजना काटिने, अंक घट्ने पनि हामी देखिराछौं, विगतका अनुभव । त्यसैकारणले अहिले राम्रै छ, मन्त्रीज्यूलाई धन्यवाद छ । पछि के कसो हुने हो थाह छैन । हामीले गत वर्षको बजेटमा ०७५/७६ को बजेटमा मन्दिरहरू आएका थिए, रातो किताबमा आएका थिए, हामी पास गरेका थियौं सदनले पास गरेको थियो ती काटिए । गत वर्षको बजेटमा पदमार्गहरू पर्यटन सडकहरू आएका थिए, ती पनि रे रातो किताबमा आएका थिए गरिमामय सदनले पास गरेको थियो ती पनि काटियो । अनि बजेटको अंखमा ४० लाखका योजनाहरू ३५ लाखमा आए, ३५ लाखका योजना ३० लाखमा । त्यो पैसा त्यसरी कसरी घट्यो ? पैसा त बजेटको डिभाइड गरेर बजेट बाँडिएको होला । पछि पछाडि कसरी घट्यो ? त्यही घटेको अनुमानले अहिले अन्तिम अन्तिममा सालतमाम हुने बेला लक्षित वर्ग दलित, अपाङ्ग भनेर अनुदान बाँडियो, त्यही रकम हो कि घटेको पैसा । त्यसैकारणले यो नहोस्, हामी तपाइँहरूलाई अनुरोध र आग्रह गर्न चाहन्छौं । अब यहाँ आएको छ अहिलेको बजेट, मैले बुझेको अनुसार जाँदाखेरिमा अहिले योजनाहरू पुराना योजना क्रमागतमा ल्याउने नयाँ योजनाहरू रेडबुकमा नआउने भन्ने कुरो सुनेको छु मैले । अहिले मात्रै म भौतिक म, भौतिक मन्त्रालयमा गएको थिए म, त्यहाँको योजना टीमले अधिकृतलाई सोध्दाखेरिमा रेडबुकमा नयाँ योजना आउँदैनन् भन्ने कुरा सुने मैले। अनि पुराना योजनाहरू त पुरानो रकम होला नि त्यो । त्यो रकम कहाँ गयो? जस्तै खानेपानीमा एक ठाउँ ४० लाख रुपैयाँ गएको

छ २० लाखको खानेपानी बन्यो, २० लाख भुक्तानी हुने भ, २० लाखको त फर्केर आउने होला । त्यो संघमा जाने हैन होला, आउने त यहिँ होला । त्यो २० लाख त त्यही रकमा जाने होला पुरानो योजनामा क्रमागत भने अहिलेको नयाँ बजेट कहाँ जाने ? नयाँ बजेट नयाँ योजनामा आउँदैन भने अनि पुरानो रकम त्यो पुरानो जाने होला । र नयाँ पुराना त के छ भने खानेपानीका मेरो क्षेत्रका कुरा गर्छु मेरो जिल्लाको कुरा ४-५ वटा खानेपानी योजना छन् । १५-२० लाखले सम्पन्न हुने योजना छन् । ४-५ वटा सिंचाईका छन् । त्यस्तै सडकका छन्, केही भइसके, केही हुनेवाला छन्, कम रकमले हुनेवाला छन् भनेपछि अहिलेको सबै रकम त्यही गयो भने १० लाखमा सम्पन्न हुने खानेपानी छ भने छुट्याइएको छ ४० लाख । नयाँ योजनामा त अहिले सुरु हुने योजना ४० -५० एक करोडसम्म लाग्न सक्छ । यो नयाँ योजना रेडबुकमा आउने हैन भने त्यो रकम अहिले कहाँ जान्छ । त्यो ३३ अरब ७४ करोड रकम कहाँ जान्छ यो ? कि त अहिले यो कोभिड-१९ छ, हामी कोभिड-१९ सबै हाम्रा न्या कर्णाली प्रदेश दाजुभाइहरू कोही संक्रमित हुने हैनन्, कोही मर्ने होइनम् सबै त्यहीं हालौं । अघि हाम्रा माननीयज्यूहरूले भन्नुभयो एक अरब २० करोड रुपैयाँ त्यही हालम भने म त यो १ अरब २० करोड भन्दैन सबै त्यही हालौं । सन्चो हुने हुन भने पैसाले मात्रै सन्चो हुने भैदियाले विकसित राष्ट्रहरू कति पैसा लगानी गर्दा होलान् ? कति पैसा उनीहरूसँग छ र मर्ने त मर्ने भए, बाँच्ने त चाहियो होला । विकास पनि चाहियो, खान पनि चाहियो, लाइन पनि चाहियो, बाटो पनि चाहियो, सिंचाइ पनि चाहियो, सडक हिंड्ने पनि चाहियो । त्यसैकारणले लाउने हो यो महामारी, भोकमारी, रोजगारी सबभन्दा प्राथमिकता यहिँ दिऔं । क्वारेन्टाइनमा बसेका हाम्रा दाजुभाइ छन् तिनलाई भोको नराखौं, पेटभरि खान दिऔं । ओढ्ने लुगा दिऔं, सुर्खेतको अहिलेको यस्तो सुर्खेत जस्तो गर्मी ठाउँमा मच्छडले खाएका छन्, एक एक झुलहरू दिऔं उनलाई । संक्रमितहरूलाई व्यवस्था गरौं उनलाई । उनलाई सुई लाएर निको हुने त औषधी त देखिया छैन । उनलाई ट्याबलेट खाएर निको हुने औषधी देखिया छैन अहिले । त्यो पैसा खर्च अरि महँगो औषधि पनि जस त्यस्तो देखिया छैन अहिले भने यसमा हामीले गर्ने हो । सबै अहिले संसार विश्व अहिले हल्लिरहेको छ यो कोरोना भाइरसको विषयमा हामी पनि कतिखेर के हुन्छ भन्ने हामीलाई पनि शंका छ । त्यसैकारणले सभामुख महोदय म अनुरोध गर्न चाहन्छु कर्णाली प्रदेश सरकारलाई जुन बजेटमा आउँछ त्यो कार्यान्वयनमा आओस् कार्यान्वयन लागू हुनुपर्‍यो । बजेट आउने, भोलि त्यो बजेट हावा, चैत बैशाखको हावाहुरीले जस्तै कहाँ लिने हो कहाँ अत्तोपत्तो हुँदैन त्यो नहोस् भन्न चाहन्छु, आग्रह गर्न चाहन्छु । त्यसैकारणले अब स्थानीय निकायको अघि कुरा उठिसकेछि स्थानीय निकायमा पनि उनले सेवा सुविधा पाऊन् । त्यो उनीहरू पनि तल पहिला खाइपाई आएका मान्छे अहिले साह्रै निराश छन् उनीहरू । उनीबाट कहाँबाट जाने हो ? के गर्ने हो ? उनलाई पनि उनले पनि पाउनुपर्छ । अर्को कुरा के छ भने हामी अहिले संघीयतामा आइसकेका छौं। त्यही संघीयताको उपलब्धि हो यहीं आएर हामीले माननीयले आफ्नो कुर्चीमा बसेका छौं माननीयहरू यसको बदल्न पाएका छौं । संघीयता नआएको भए संघमा

कोही माननीय जानुहुँदो होला सबै हामी जानेवाला थिएनौं । यही संघीताको उपलब्धि यही हो । हैन भने अझ पनि डल्लो रकम राखेर डल्लो बजेट राखेर उही राजाको शासन निरङ्कुशतावाद, अधिनायकवाद लाद्ने हो भने अनि संघीयताको मर्म र भावना के त ? राजाको शासन र अहिलेको शासन के त, के फरक छ ? केही फरक हुँदैन । डल्लो भनेको त त्यही अधिनायकवाद लाद्ने होला, त्यही निरङ्कुशतावाद लाद्ने होला । मन्त्रीले जहाँ मनलाग्यो उही दिने हुनन्, मन्त्रीहरूले आफ्ना आउशेवाउसे, आसेपासे, नातागोता, छान्ने होलान् । त्यही त होला डल्लो बजेटको अर्थ भने यो कुरा कुनै हालतले हुनु हुँदैन । यस्तो भयो भने मन्त्रीज्यू कर्णाली प्रदेश सरकार हामी आग्रह अनुरोध गर्न चाहन्छौं हामी बजेट पास गर्नेवाला छैनौं, प्रष्ट कुरा हो । सत्तापक्ष सरकार भन्दै बार जे मन लाग्यो गर्न पाइन्छ त ? जथाभावी गर्न पाइन्छ त ? (**माननीय सभामुख:** सक्नतिर लागौं माननीय सदस्य) त्यसैकारणले मैले अब कुरा राख्नु पर्ने धेरै हुन थियो । राख्ने समय हुँदैन, सात मिनेटको समय पाइन्छ । अब कर्णाली प्रदेश सरकारलाई मन्त्रीज्यूहरूलाई अनुरोध आग्रह गर्न चाहन्छु जुन बजेटमा आएको छ, सिचाइँमा जुन कति पाउने एक क्षेत्रले ? एक जिल्लाले कति पाउँछ सिचाईमा छुट्टियोस् खानेपानीले पानीमा छुट्टियोस् । सडकमा छुट्टै प्रष्ट रकम यो गोलमटोल (**माननीय सभामुख:** सकौं माननीय सकौं) हुँदैन । त्यसैकारणले हामी यही र आग्रह अनुरोध गर्दै सभामुख महोदयमार्फत विदा हुने अनुमति चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १२९ (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान, बजेटमाथिको छलफल २०७७ असार ४ गते पनि जारी रहनेछ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार ४ गते बिहीबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

(२०७७ साल असार 4 गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको छैटौं अधिवेशनको पन्ध्रौ बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि प्रश्ताव गर्नु भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष 2077/078 को राजश्व र व्ययको वार्षिक अनुमान बजेट माथिको छलफलको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री गुलावजँग शाह, समय सात मिनेट । त्यसपछि माननीय श्री दीनवन्धु श्रेष्ठ तयार रहनु होला ।

**माननीय श्री गुलावजंग शाहः-** माननीय महोदय, आर्थिक वर्ष 077/078 को बजेट वक्तव्यमाथि सुझाव राख्न उभिएको छु । माननीय सभामुख महोदय, अहिले संघीयता शुरू भै सकेपछि सम्भवतः चौथो वर्षमा बजेट प्रदेश सरकारले प्रस्तुत गरेको छ । बजेटको किताब हेर्दा अत्यन्त मेहनतका साथ आफ्नो प्रस्तुती माननीय आर्थिक मामिला मन्त्रीज्यूले पेश गर्नु भएको छ । मैले यो बजेट माथिको टिप्पणी गर्दा यो भन्दा पहिला प्रस्तुत भएका बजेटहरू कति हदसम्म तल गएर जन-जनमा कार्यान्वयनको बाटोमा सफलता प्राप्त गरे एकपटक फर्केर समिक्षा गरौं कि भन्ने कुरा पहिलो राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, गत वर्षको बजेट भन्दा यो वर्षको बजेट करिब करिब 61 हजार कमी छ, तर यो विश्व महामारीले गर्दा सबैको हाम्रो ध्यान कोभिड-19 मा केन्द्रित छ। सम्भवतः हाम्रो सरकारले पनि महामारी, भोकमारी, रोजगारीलाई केन्द्र भागमा राखेर, यो नारालाई केन्द्र भागमा राखेर बजेट तर्जुमा गरेको देखिन्छ । यसरी हेर्दा महामारी, भोकमारी र रोजगारी । बजेटको भोलुम हेर्दा 60-61 हजार गतवर्षको बजेट भन्दा कम प्रस्तुत भएको देखिन्छ तर थुप्रै त्यस्ता गतवर्ष ल्याएका सरकारले कति कार्यान्वयन भए त्यो आफ्नो ठाउँमा छ । तर गतवर्ष ल्याएका सरकारले भनेको र अहिले पनि यहाँ लेखेको अत्यन्त महत्वपूर्ण कुरा, प्रदेश सरकारले भनेको र ल्याएको कुरा कुरा जनता सडक थियो । यो साल कोभिड-19 कै नाममा सायद जनता सडक पनि सहिद हुन पुगेको छ । अत्यन्त लोकप्रिय सडक भनेर सबैले रूचाइएको, जनप्रतिनिधिले रूचाइएको, आम जनताले रूचाएको जनता सडक यसपटक हटाइएको छ । मलाई लाग्छ, 61 करोड मात्रै कमी भएको बजेटमा जनता सडक शिर्षक नहटाएको भए राम्रो हुन्थ्यो । बाध्यता वश कोभिड-19 का कारण पनि त्यो बजेट, त्यो शिर्षकमा हटाइएको छ । माननीय मन्त्रीज्यूले 2071 सालमा सुर्खेतमा ठूलो बाढी पहिरो गयो, त्यहाँ अहिले पनि मान्छेहरू पालमुनी बसेका छन् । त्यहाँ त्यो 2071 सालमा गएको बाढी पीडितमा 5 करोड रूपैयाँ बजेट विनियोजन त गर्नु भएको छ तर मलाई लाग्छ त्यो अत्यन्त न्युन हो, अनुरोध गर्न चाहन्छु,त्यसमा केहि रकम थपेर पालमुनी बसेका ती

व्यक्तिहरूलाई राहतको रूपमा केहि रकम थपेर वास्तवमा केहि ती मान्छेहरूको सानै झुप्रो भए पनि यो साल बनाउन पाए हुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु ।

माननीय सभामुखज्यू, हामीले गतवर्षको बजेटमा शिक्षामा त्यस्ता तमाम विद्यालयहरू, प्रत्येक उनासी स्थानीय तहमा निर्माण भएका थिए । यो साल सायद निर्माणको क्षेत्रमा ती विद्यालयहरू हटाइएका छन् । अहिले पनि हामीले हेर्यौं भने बन्दाबन्दीमा विद्यार्थी भाइबहिनीहरू घरमै बस्नु पर्ने अवस्था छ । हामीले कोभिड-19 कै नाममा,हामीले पूर्वाधारका क्षेत्रमा पनि हामीले गतवर्ष भएको रकमलाई हामीले यो साल हटायौं भने अर्को साल फेरि पनि ती भाइबहिनीहरूलाई पढ्नु पर्दा ती भवनमा पनि केहि रकम छुट्याइ दिएको भए राम्रो हुन्थ्यो । यो साल एउटा पनि विद्यालय नबन्दा, एउटा पनि प्रस्तुती केन्द्र, सुधार गृह नबन्दा वास्तवमा जनतामा प्रत्यक्ष रूपमा कर्णाली प्रदेश सरकारले कस्तो खालको बजेट ल्यायो, त्यो खालको असरबाट हामी अछुरो रहन नपर्ने भयो । अहिले पनि हामी हेर्ने हो भने पछि यो भन्दा तीन वटा पहिलाका बजेट र अहिलेको चौथो बजेट अब हामीले समिक्षा गर्यौं भने पछि अब हामीले यस भन्दा पछाडि दुई वटा बजेट त पेश गरौंला,यदि रेगुलर प्रोसेस रह्यो भने, अहिलेको जस्तो नर्मल प्रकिया रह्यो भने 2079 सालको बैशाखमा स्थानीय तहको निर्वाचन हुनेछ । 2079 मंसिर महिनामा प्रदेश या प्रतिनिधि सभएको निर्वाचनमा जानु पर्नेछ । त्यसबेला आचारसंहिताका कारण 2079 साल असारमा ल्याउने बजेट, बजेट मात्रै पेश हुनेछ। त्यो भन्दा पहिला स्थानीय निर्वाचन बैशाखमा हुनेछ र बैशाख भन्दा 6 महिना पहिला हामीले बजेट कार्यान्वयन गर्न सक्ने अवस्थामा छैनौ । यो बजेट नै त्यति महत्वपूर्ण बजेट हो,यो बजेट नै त्यति प्रभावकारी बजेट हो । यो बजेटले वास्तवमा जनतामा पार्ने असर र प्रभाव यो बजेटले छोड्नु पर्थ्यो, यो बजेटले त्यो कुरा झल्काउनु पर्थ्यो, त्यो कुरा देखाउनु पर्थ्यो । हामीले गतवर्षका जस्तै परम्परागत ढङ्गले यो बजेटलाई निरन्तरता दियौं भने पछि अब जनताका बीचमा हामी कसरी जाने होला, यो वास्तवमा सरकार गम्भिर ढङ्गले सोच्नु पर्थ्यो, सभामुखमार्फत भन्न चाहन्छु । सरकारले अँझै पनि गतवर्ष हामीले सुधार गरेर ल्याएको कुरा, सदनलाई सर्वविदितै छ । गम्भिर भएर सरकारले यस बारेमा सोचोस्, सुझावको रूपमा राख्न चाहन्छु,माननीय सभामुखज्यू, हामीले गम्भिरता पूर्वक कुरा उठाउनु पर्छ । अहिले कोभिड-19 मा स्थानीय तहले जुनखालको ढङ्गले क्वारेनटाइन निर्माण गर्ने सवालमा होस् या सयौं हजारौ मान्छेलाई व्यवस्थित गरेर राख्ने सवालमा होस् जुन खालको भूमिका स्थानीय तहको सरकारले खेलेको छ । हामीले अहिले पनि त्यो एउटा सामान्य गाँठ फुकाउने कुरा कानून निर्माण नगर्दैकै कारण स्थानीय तहका जनप्रतिनिधिहरू आज मारमा हुनुहुन्छ । हामीले तलब भत्ता बुझेकै छौं, हामीले आफुलाई परेको मर्का कहाँ गएर बताउने होला, स्थानीय तहको जनप्रतिनिधिलाई परेको मर्का वहाँहरूले कहाँ गएर बताउने होला । हामीले सरासर ढङ्गले आफ्नो तलब भत्ता, रासन भत्ता बुझेकै छौं तर स्थानीय तहलाई गाँठो फुकाउने कुरा किन रोकिएको होला । वास्तवमा अहिले असार 10 गते स्थानीय तहको बजेट पनि आउँदैछ। हामीले अहिले यो असारमा स्थानीय तहका जनप्रतिनिधिहरूलाई परेको मर्का यो

सदनबाट फुकाइदिएनौ भने त्यो मर्काको जिम्मा कसले लिने होला । त्यसैले कि यहि सदन भित्र, यहि प्रकिया भित्र त्यो खालको कानून निर्माण गर्ने गरि सभामुखज्यू मार्फत भन्न चाहन्छु, कि वास्तवमा बिल पेश गरोस्,हैन भने हामीले बुझ्ने तलब भत्ताको बारेमा पनि सोच्ने बेला भयो अब । माननीय सभामुखज्यू, यो बजेट माथि छलफल गर्दैगर्दा भन्नै पर्ने कुरा, पहेंलो बत्ति बलिसकेको छ, स्थानीय तहमा कम्तिमा पनि बर्थिङ्ग सेन्टर एउटा एउटा बनाउन पाइयो भने जनतालाई थोह्रै मात्र पनि राहत भएको महसुस हुनेछ र सरकारले त्यसबारेमा ध्यान देओस् यहि भन्न चाहन्छु, हवस् त धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री दीनवन्धु श्रेष्ठ । यसपछि माननीय श्री सीताकुमारी नेपाली तयार रहनुहोला ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-**माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष 2077/078 को बजेट बक्तव्य माथि सैद्धान्तिक छलफल गर्दैछौं र यो बजेट किताब हामीले सरसर्ती पढ्यौं,सबै चिजहरू आएका छन्, राम्रो छ, सुन्दर छ तर एउटै पक्ष के हो भने यो कति कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने मात्रै हो । किनकि विगतमा पनि हामीले तेस्रो वर्षको बजेट हो, शंका गर्नु पर्ने, यसमा धेरै आधारहरू छन् । कर्णाली प्रदेशका आम जनताहरूले पनि कर्णाली प्रदेशको सरकारले अहिले यस्तो यो एउटा भयावह स्थिति, महामारीको स्थितिमा कस्तो किसिमको बजेट ल्याउँछ, सम्बन्धित व्यक्तिहरूलाई कस्तो किसिमले यो बजेटले सम्बोधन गर्छ भन्ने किसिमले सबैले चनाखो भएर हेरेका छन् । त्यसैले यसमा सरकार गम्भिर हुन जरूरी छ,ताकि यो बजेटले अलिकति प्रभावकारी ढङ्गले अगाडि बढ्ने किसिमले जान जरूरी छ, ताकि बजेट ल्यायौं, बजेटमा सिमित हुंदा त्यसको औचित्य त्यति रहँदैन जस्तो लाग्दछ । सभामुख महोदय, म यहाँ, अहिलेको यो बजेट हेर्दा, 30 अर्ब 74 करोड 13 लाख 53 हजारको बजेट आएको छ । आफैमा पनि बजेट कति अर्बको आयो, के आयो भन्ने होइन तर हामीले विगतका वर्षहरू हेर्दा कति कार्यान्वयन गर्न सक्यौं भन्ने कुरा पनि महत्वपूर्ण छ, त्यसमा सरकार गम्भिर देखिएको हामीले पाएनौ र देखाउनु पर्थ्यो । अब म यहाँ के भन्न चाहन्छु भने, बजेटले सबै कुरालाई समेटेको छ, राम्रो छ, यतिले मात्रै पुग्दैन तर यसमा अलिकति हामीले, सरकारले ठोस हिसाबले यो यो कुरामा भनेर प्राथमिकताको आधारमा, यो आर्थिक वर्षको विनियोजन बजेटमा गर्दा ठोस र प्राथमिकताको आधारमा ध्यान दिनु पर्थ्यो त्यसो भएको देखिएन । खास गरि केन्द्रित हुनु पर्ने कोभिड-19 को महामारी,त्यसले उत्पन्न गर्ने भोकमारी र रोजगारीसँग जोडिनु पर्थ्यो । जोडिएको त छ, यसमा हेर्दा बजेटमा तर मलाई लाग्छ, धेरै कुरा जोडिएका छन्, तर अहिलेको परिस्थितिमा कसलाई बढि महत्वदिनु पर्थ्यो भन्ने पनि हो र कसलाई तत्कालै हामीले कार्यान्वयन गरिनु पर्छ भन्ने महत्वका साथ यो बजेट भिन्न परिस्थितिमा आएको छ । विगतको जस्तो सामान्य परिस्थितिको बजेट होइन जस्तो मलाई लाग्दछ । यो बजेट चुनौतीपूर्ण छ, विशेष परिस्थितिमा आएको छ तर अहिले कोभिडका कुरा गर्दा कर्णाली प्रदेशमा 1104 जना संक्रमित भइ सकेका छन्, करिब करिब मृत्यु पनि 4 जनाको भएको छ । अब हामी दोस्रो चरणमा प्रवेश

गरिसक्यौं, समुदायमा प्रवेश गरिसक्यो कोभिड-19 । अब सरकारले विशेष गरेर यसमा गम्भिर भएन भने भोलि हाम्रो कन्ट्रोल भन्दा बाहिर जान्छ । तेस्रो हामी चरणमा गयौं भने हाम्रो परिस्थिति के हुन्छ, यसमा सरकारले बेलैमा सोचेर यो बजेटमा अँझ के के कहाँ कहाँ थप्नु पर्छ,बजेटमा त धेरै कुराहरू त आएको छ कोभिड-19, को सबै पढेर साध्य छैन, सात मिनेटको समयमा एक एक कुराहरूको व्याख्या गर्ने छैन, त्यसैले केहि कुराहरू बुँदागत रूपमा राख्न चाहेको छु । अब सरकारले यो बजेटलाई अलिकति विश्वास गर्ने किसिमको एउटा वातावरण बनाएर अगाडि बढ्न जरूरी छ र हामीले कर्णाली प्रदेश सरकारले जहिले पनि भनेको छ समृद्ध कर्णाली र सुखारी कर्णाली यत्तिमा चित्त बुझाउने हो कि, अगाडि बढ्नलाई पनि केहि दृढ संकल्प गरेर अगाडि जानु पर्छ । यो नारा र यो लोकप्रिय धेरै पटक हामीले बजेटमा र अन्य कार्यक्रममा पनि ल्यायौं,तर यतिले मात्रै पुग्दैन होला जस्तो लाग्छ । यसमा जसरी नारा ल्यायौं त्यसरी कार्यान्वयन पक्षमा सरकार अँझै गम्भिर हौं, सरकारले मुख्यमन्त्री सामाजिक सुरक्षा तथा जिविकोपार्जन कार्यक्रममा खाना, नाना र छानामा 20 करोड ल्याएको छ र आफ्नो गाउँ आत्मनिर्भर बनाउँ, एक स्थानीय तह एक अन्न भकारी जस्ता कार्यक्रमहरू आएका छन्, अत्ति लोकप्रिय कार्यक्रमहरू हुन् । तर त्यहाँ नेर हेर्दा श्रम रोजगारी र राहतका नाममा वितरणमुखी बजेटहरू थुप्रै आएका छन् । हो,आय आर्जनका लागि रोजगारीको वातावरण बनाउनु पर्ने भयो, कृषिलाई पनि हामीले उत्पादनका कुराहरू ल्याएका छौं, विशेष गरि सरकारले त्यता तिर ध्यान दिएको छ,तर यसको एउटा ठूलो भोलुम वितरणमुखी, उत्पादनमुखी र आत्मनिर्भरमुखी भन्दा पनि वितरणमुखीमा बढि केन्द्रित छ । यसमा सरकारले परिवर्तन गर्न जरूरी छ । यो वितरणमुखीमा गर्ने बेला यो होइन, यसमा हामीले बढि भन्दा बढि कार्यान्वयनमा ल्याउने हो र आत्मनिर्भर कसरी हुन सक्छन्, परनिर्भरको अन्त्य, रोजगारीमुलक कार्यक्रम र अहिले चाँहि कोभिड-19 लाई सम्बोधन गर्ने किसिमले हामीले यसलाई अगाडि लैजाने किसिमको बजेट हुनु पर्छ । यसलाई परिवर्तन गर्न जरूरी म ठान्दछु । कोभिड-19 को शिर्षकमा 2 अर्ब 87 करोड छ र अर्को शिर्षकमा 1 अर्ब 50 करोड 58 लाख छ । मलाई लाग्छ, त्यो विभिन्न उसमा होला, पूर्वाधारको कुरा होला, पूर्वाधारको कुरामा पनि अल्पकालिन, दीर्घकालिन रमध्यमकालिन, अब यो कोभिड-19 कै सिलसिलामा एउटा हामीलाई ठूलै अवसर पनि छ, स्वास्थ्य क्षेत्रमा हामीले अलिकति राम्रो किसिमको पूर्वाधारको तयारी गर्न तर्फ जानु पर्दछ । यहाँ नेर आइरहेको छ, अब हामी दोस्रो चरणमा गइ सक्यौं, अब यहाँ तपाईंको यतिले मात्रै पुग्दैन, अब हामीले आइसोलेशनका विषयमा सरकारसँग भएकोले पुग्ने हो कि होइन, भेन्टिलेटरहरू आएका छन् त्यतिले मात्र पुग्छ कि पुग्दैन, क्वारेन्टाइनको व्यवस्थापन पनि हामीले अरू गर्ने हो कि होइन,पिसिआरको परिक्षणको दायरा अरू बढाउनु पर्ने होकि होइन, अन्य स्वास्थ्य सामाग्री र जनशक्ति तिर सरकारले जसरी ल्याएको छ त्यतिले मात्र पुग्छ कि पुग्दैन, यसमा विशेष गरि ध्यान पुर्याउन जरूरी छ । र अर्को कुरो सरकारले विविध खर्च गोष्ठी, भ्रमण, सेमिनार र भत्ता कटाएको छ, यो राम्रो पक्ष पनि छ, तर हामीले घटायौं कति घटायौं, अब हामी कता खर्च गर्दैछौं त्यता

खर्च गर्ने तर्फ पनि ध्यान दिन जरूरी छ । एकातिर घटायौं भन्छौ, उता तिर त्यो भन्दा कति गुणा खर्च बढ्यो त्यसले महत्व राख्दैन । पूँजिगत विनियोजन बजेटमा बढाइएको छ,चालुमा घटाइएको छ, यो पनि राम्रो पक्ष हो । रोजगारमुलक पूर्वाधार विशेष कार्यक्रमको रू 1 अर्ब 20 करोड म यहाँ आग्रह गर्न चाहन्छु, अहिलेको कोभिड-19 मा हामी यो बजेटहरू हालौंसाँसद कोष । बरू अर्को सालमा हामीले डबल राख्ने भए राखौं । तर अहिलेको आवश्यक भनेको कोभिड-19 लाई रोकथाम र नियन्त्रण हो । यो कोभिड-19 का कारणले कर्णाली प्रदेशका आम नागरिकहरूले ज्यान गुमाउने परिस्थिति नआओस् । स्वास्थ्य सामाग्री र उपकरणहरूका अभावमा यहाँ भयावह र महामारीको स्थितिले अरू ठूलो रूप नलियोस् भन्ने यता तिर यसलाई हटाएर यता तिर लिन मैले जरूरी ठानेको छु ।

अर्को कुरो, संसदहरूलाई हेर्ने दृष्टिकोण, भन्नै पर्ने हुन्छ,बजेट विनियोजन होकि, सरकारले या अन्य कार्यक्रमहरूमा विभेदकारी छ । संसदमा प्रतिनिधित्व गरिरहेका हामीहरू, प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक प्रणाली दुवै निर्वाचित हुन, त्यो प्रणाली फरक छ । तर संसदहरूलाई भेदभाव गरेर जसरी बजेट विनियोजन देखि लिएर अन्य कार्यक्रमहरू ल्याउँछन, त्यसले राम्रो मेसेज जाँदैन । त्यसैले म यहाँ के भन्न चाहन्छु भने बजेट वितरण हुँदा, समानुपातिक र समावेशी ढङ्गले हुन जरूरी छ । अर्को कुरो सरकारले आफ्नो कुन हिसाबले बजेट नियम कानून भन्दा बाहिर गएर, उसले कार्यविधि बनाउँदै, एक पछि अर्को खर्च गरिरहेको छ । राहत वितरणका कुराहरू पनि अगाडि बढिरहेका छन्, कार्यविधिबाट गर्न मिल्ने किन नमिल्ने, त्यो वित्तिय अनुशासन भित्र पर्छ कि पर्दैन । यदि नियम, कानून, नियमावली अर्को तिर हामीलाई आफ्ना अनुकूलका कार्यविधिहरू बनाउँदै कर्णाली प्रदेशमा खर्च गर्दै जाने हो भने यसको भोलि आउने परिणाम के हुन्छ र त्यसमा पनि सरकारले विशेष ध्यान दिएर सरकारले हामीले जे कार्यविधि बनाएर पनि अगाडि बढ्न सक्छौं भन्ने मानसिकता त्यहाँगेर कानून सम्मत गर्न मिल्ने कि नमिल्ने त्यता समयमै ध्यान दिन जरूरी छ र अन्त्यमा कोभिड-19 होस्, सरकारका हर राम्रा क्रियाकलापका लागि प्रतिपक्ष नेपाली कहाँ ग्रेस हरदम सहयोग गर्न तयार छ । अहिले कोभिड-19 मा पनि हामीले के के गर्न सक्छौं, तर यसको कमजोरी प्रतिपक्षको कमजोरी नठानियोस्, म आग्रह गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री सीताकुमारी नेपाली । यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनुहोला ।

**माननीय श्री सीताकुमारी नेपालीः-**माननीय सभामुख महोदय,आर्थिक वर्ष 2077/078 को बजेट माथि हामी छलफल गरिरहेका छौं र यो विषम परिस्थिति छ, यो विषम वरिस्थितिमा हाम्रा अगाडि चुनौतीहरू धेरै छन् र त्यो चुनौतीसँग भाग्ने अवस्था छैन । त्यो चुनौतीलाई सामाना गर्दै सँगसँगै सुनौला अवसर पनि छन् हाम्रा लागि । ति सुनौला अवसरहरूलाई पनि हामीले लिदैं अगाडि बढ्नु पर्ने अहिलेको परिस्थिति छ । यो परिस्थितिमा कर्णाली प्रदेश सरकारले बजेट ल्याएको छ र कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई म सभामुखज्यूमार्फत धन्यवाद पनि दिन चाहन्छु । हामीले नीति तथा

कार्यक्रमभन्दा अगाडि बजेटको प्राथमिकता, शिद्धान्त र उद्देश्यहरूमा पनि छलफल गर्यौं । नीति तथा कार्यक्रममा पनि छलफल गर्यौं र आज वार्षिक विकास कार्यक्रम अन्तर्गत मन्त्रालयगत छलफल कार्यक्रम पपनि गर्ने छौं र त्यो छलफल गर्दैगर्दा प्राथमिकता अनुसार नीति कार्यक्रम आयो कि आएन । नीति कार्यक्रम अनुसार बजेट आयो कि आएन र बजेटसँगसँगै वार्षीकि विकास कार्यक्रम आउँछ कि आउँदैन । मेरो मनमा त्यो प्रश्न उठि राखेको छ । विगतमा पनि हामीले यसलाई तितो यथार्थ भन्नु पर्छ । प्राथमिकता अनुरूप बजेट विनियोजन हुने बेलासम्म र त्यो कार्यान्वयन हुने बेलासम्म आउँदा खेरि धेरै आङ्गको तान गर्ने स्थिति हामीले भोग्यौं । त्यसले गर्दा यति खेर पनि यो खालको अवस्था आएकोछ। विश्वास छ फेरि पनि यो भोकमारी र रोजगारीलाई केन्द्रित गर्दै बजेट ल्याएको छ । महामारी अन्तर्गत स्वास्थ्य क्षेत्रमा कोभिड-19 लाई मध्येनजर गर्दै पूर्वाधारहरू निर्माण गर्ने औजारहरू खरिद गर्ने देखि लिएर स्वास्थ्यको जनशक्तिलाई पनि पूर्ति गर्ने नै छ । यहि सँगै म एउटा सुझाव पनि राख्न चाहन्छु । स्वास्थ्यकोकुरा गर्दा कोरोना मात्रै नभएर साधारण अन्य स्वास्थ्य पूर्वाधारहरू निर्माण गर्नुपर्ने अहिले त्यो अवसर पनि छ । त्यो अवसरलाई कर्णाली प्रदेश सरकारले लिने नै छ । सँगसँगै भोकमारीको कुराले गर्दा खेरि भोकमारीलाई अन्त्य गर्नका निम्ति हामीले जुन प्राथमिकतामा कृषिलाई राखेका छौं र त्यो कृषिलाई राख्दै गर्दा कृषि अन्तर्गत भोकमारी अन्त्य गर्ने कार्यक्रम आउँछ कि आउँदैन र रोजगारीको विषय पनि गर्दा खेरि रोजगारी सृजना गर्नको निम्ति बजेट त प्रयाप्त नै देखिएको छ तर त्यो रोजगारी कस्तो खालको रोजगारी हो । अल्पकालिन, मध्यकालिन, दीर्घकालिनका हिसाबले त्यो रोजगारीलाई अगाडि बढाउनका निम्ति विभिन्न प्रोजेक्टहरू देखिएका छन् । त्यो बजेट विनियोजन हुनु पर्थ्यो, त्यो हुन सकिरहेको मैले देखेको छु र सरकारले ल्याइ रहेको छ । सभामुख महोदय, पूजीगत खर्च बढाउने, चालु खर्च घटाउने र प्रशासनिक खर्च कटाउने भनेर जुन नारा ल्याइएको छ, यो नारा असाध्यै राम्रो छ र त्यो अनुसारै सरकारले कार्यक्रम अगाडि बढाउने छ भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु । जसरी बजेट आउने गर्छ र कार्यान्वयन नहुने स्थिति सृजना हुन्छ, त्यस्ले गर्दा कार्यान्वयन हुने गरि यो बजेट अगाडि बढोस् भन्ने म सुभेक्षा पनि व्यक्त गर्न चाहन्छु । साँच्चिकै हामी संघीय संरचनामा आइसकेपछि प्रदेशको महत्वलाई कति आत्मसाथ गरिरहेका छौं भन्ने कुरालाई पनि ध्यान दिन जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु र यहाँ बजेटमा थुप्रै विषयहरू आएका छन् । बजेटमा कतिपय विगतका कार्यक्रमहरूलाई पनि निरन्तरता दिइएका छन् । तर मलाई के लाग्छ भने हामीले जसरी स्लोगनका रूपमा महामारी, भोकमारी र रोजगारीको अन्त्य कसरी होला, पछि परेका समुदाय, दलित, महिला, जनजाति, उत्पीडित एउटा क्षेत्र वर्गको समस्याहरू जुन छन्, ती समस्या समाधान कहिले होलान् । बजेट आएको छ, बजेटको किताब छ, तर बजेटको व्यवस्था भएको छैन । सभामुख महोदय, म यहाँ राख्न चाहन्छु, धेरै शीर्षकहरूमा, यहाँ शीर्षकवाइज जाँदा, दफा, दफामा जाँदा, समयको अभाव पनि हुन्छ तर बजेटमा प्रोत्साहन दिने कुरा, प्रयाप्त बजेटको व्यवस्था गर्ने कुरा, उचित सहयोग गर्ने कुराहरूमा रकम विनियोजन गरेको छ,

आवश्यक रकम विनियोजन गरेको छु भनिएको छ, तर त्यो आवश्यक रकम अंक चाँहि छैन। यो कि गर्न खोजिएको छ, यस्तै कुराले अलि बढि आशंका पैदा गर्छ । त्यो आशंका पैदा हुने कुरा नआओस् भन्ने कुरा म यहाँ राख्न चाहन्छु । फेरि पनि वार्षिक विकास कार्यक्रमको बुक त रातो किताब आउँदैछ । त्यसमा हामीले हेर्ने नै छौं र म यहाँ 2071 सालका सुर्खेतको बाढी पीडितको समस्या समाधान गर्नका निम्ति नीति कार्यक्रममा त बोलियो तर बजेट प्रयाप्त भएन । यो बजेटले त्यो समस्या समाधान गर्न सक्दैन सभामुख महोदय । त्यस्तै गरि अर्को दफामा पनि यहाँ राखिएको छ, विषय चैं उठाइएको छ तर विषय उठाउने मात्रै ठूलो कुरा भएन, त्यो विषय अनुसारको बजेट प्रयाप्त छैन, त्यस्ले गर्दा खेरि विषय अनुसारको बजेट केन्द्रित गर्नका निम्ती पनि म अनुरोध गर्न चाहन्छु । कृषि क्षेत्रका सबसिटीका कुरा आवश्यक छ तर के केमा सबसिटी दिने, मल, बिउ, ढुवानी, औजार केमा हो त सबसिटी दिने भन्ने कुराहरू ठोस बजेट यहाँ आउन सकि रहेको छैन । चिस्यान केन्द्रको आवश्यकता हुन्छ, त्यो चिस्यान केन्द्रका निम्ति खास्सै बोलेको जस्तो मलाई लागेको छैन । स्वास्थ्यको कुरा गर्दा अहिले सुत्केरी महिलाहरू दिन प्रतिदिन मरिरहेको अवस्था छ। बर्थिङ्ग सेन्टरको आवश्यकता छ, सुधार गृहहरू, हिंशा पीडित महिलाहरू निम्ति सुधार गृहहरूको आवश्यकता छ । वृद्धसँग केन्द्र छैन,वृद्ध डे, दिवा सेवा केन्द्रहरू स्थापना गरिनु पर्छ, सँगसँगै शिशु स्याहार केन्द्रहरू पनि आवश्यक छ। यदि साँच्चिकै उत्पादनमा आधा हिस्सा ओगटेको महिला समुदायलाई जोड्ने हो भने त्यो आवश्यक छ । त्यो आवश्यक सँगै यि विषयहरूलाई पनि जोड्नको निम्ति म अनुरोध गर्दै अन्त्यमा शक्ति, स्रोत र सत्ताको पहुँचमा नभएका महिला, दलित, पहिचान त छ, अलिअलि प्रतिनिधित्व पनि छ तर...(**माननीय सभामुखः-** सकौं, माननीय सदस्य) सभामुख महोदय म सक्दै छु । अलिअलि प्रतिनिधित्व पनि छ तर त्यो प्रतिनिधित्व अनुसार बजेटले समेटन् नसकेको हुँदा पनि मलाई त कस्तो लाग्यो भने यस ससंशोधनको निर्थक बहस जस्तो, काग कराउँदै जान्छ, पिना सुक्दै जान्छ, भन्ने एउटा उखान छ त्यो जस्तो नहोस् र हामीले जुन प्रकारका सुझावहरू दिएका छौं ति सुझाव अनुसार अब यो वक्तव्यमा त आउने छैन । आगामी आउने वार्षिक विकास कार्यक्रममा समेटिने छ भन्ने कुराको विश्वास व्यक्त गर्दै आफ्ना भनाईहरू यहि अन्त्य गर्छु, हवस् त धन्यवाद ।

**माननीय सभामुखः-**माननीय श्री यज्ञबहादुर बि.सी., यसपछि माननीय श्री बदमीक्वाँरी बोहरा तयार रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर बि.सी.:-** माननीय सभामुख महोदय, आ.व. 2077/078 को वार्षिक बजेटमा छलफलका लागि म भाग लिन उपस्थित भएको छु । सभामुख महोदय, यो बजेटमा प्रशासनिक खर्च कटाउ, चालुखर्च घटाउ भन्ने अभिप्राय साथ गत 2076/077 को संशोधित अनुमानित बजेट प्रस्तुत गरिएको छ । चालु आवमा 51 प्रतिशत र पूजीगत 49 प्रतिशत र यसैलाई मध्यनजर गरेर कर्णाली प्रदेश सरकारले जुन 2077/07 को बजेटमा पूजीगत 57 प्रतिशत, चालु 34 प्रतिशत र वित्तिय संस्था हस्तान्तरण 9 प्रतिशत कायम गर्ने अनुमानित

बजेट यहाँ प्रस्तुत गरिएको छ । सभामुख महोदय, यसो हेर्दा यो राम्रो पक्ष हो तर सरकारको कार्यशैली कुन ढङ्गबाट अगाडि बढ्छ त्यो हेर्न बाँकी छ । सभामुख महोदय, जुन यो बजेट आयो कोभिड-19बाट पर्न जाने असरहरूलाई नियन्त्रण र रोकथामका लागि सरकारले प्राथमिकताका साथ अगाडि बढाएको मैले बुझेको छु र स्वास्थ्य, कृषि, रोजगार, शिक्षा र पूर्वाधार विकासका कुराहरू सुशासनका कुराहरू र सामाजिक सुरक्षाका कुराहरू यहाँ उल्लेख गरिएका छन् र सभामुख महोदय, सर्वप्रथम बुँदा 29 मा व्यवस्था जुन गरिएको छ कि कोभिड-19 बाट मृत्यु भएका परिवारलाई एकलाख, जति मरे पनि एक लाख नै हो यसमा प्रष्ट हुनुपर्छ । सभामुख महोदय, बुँदा नं. 55 मा रोजगारका कुराहरूमा यहाँ व्यवस्था गरिएकोछ, पूर्वाधार विशेष कार्यक्रम गतसालको त्यसलाई अहिले रोजगार मूलक पूर्वाधार विशेष कार्यक्रम भनेर जुन एक अरब बिस करोड जुन व्यवस्था गरिएकोछ, यसलाई अहिलेको यो परिवेशमा कोभिड-19 बाट सृजित समस्यालाई समाधान हुने गरि यो चाहिँ जुन संसद विकास खर्च हो यसलाई कोभिड स्वास्थ्य क्षेत्रमै प्रदेश सरकारले लगानी गरोस् र अहिलेको यो परिवेशमा बेग्लै खाले क्षेत्र, विशेष विकासका सन्तुलन गर्ने जुन प्रक्रिया यहाँ व्यवस्था गरिएकोछ र स्वास्थ्य क्षेत्रलाई जुन एउटा अवसर पनि छ । हाम्रो जुन कर्णाली प्रदेशको स्वास्थ्य सुधारका निमित्त यो एउटा अवसर पनि हो । जस्तो अघि नै कुरा यहाँ आइसकेका छन्, बर्थिङ्ग सेन्टर छैन । स्थानीय स्वास्थ्य संस्थाहरूका भवनहरू छैनन,उपकरणहरू छैनन्, त्यसकारण अब यो बजेटलाई पनि संसद विकासको अहिलेको यो सालमा त्यो हिसाबमा नराखीकन यो कोभिड-19 लाई नियन्त्रण र भोकमारी समस्याबाट प्रदेश सरकारलाई प्रदेशका जनताहरूलाई बचाउनका लागि यो खर्च चैं कटौती गरेर स्वास्थ्यमा चाहिँ व्यवस्था गरियोस् र सभामुख महोदय यहाँ जुन बजेट मलाई लाग्छ, रोजगार मुलक अहिलेको कोभिड-19 को कारणले जुन विदेशमा रोजगारका लागि गएका दाजुभाईहरू यस प्रदेशका सबै यो प्रदेशमा आएका छन् र त्यो रोजगारीको अवसरलाई प्रदान गरेर रोजगारी सृजना गर्ने सवालमा थुप्रै कुराहरू, यतातिर मुख्यमन्त्री रोजगार कार्यक्रम देखि यावत सबै सामाजिक विकास मन्त्रालय, कृषि मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सबैमा यिनि जुन रोजगारका अवसरहरू प्रदान गर्ने जुन सृजना गरिएको छ । म सभामुख महोदयमार्फत् यदि त्यो चाहिँ मलाई के लाग्छ भने यो चाहिँ छरिएर आएको जुन बजेट छ यसलाई एकमुष्ट रोजगारका कामहरू सृजना गर्ने अवसर प्दान गर्नका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम मात्रै एक किसिमले त्यहि हिसाबले मात्रै हामी अगाडि बढ्यो भने सबै क्षेत्रलाई एकद्वार प्रणालीको हिसाबले अगाडि बढ्ने कुरा पनि म सभामुख महोदयमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, म एक मिनेट समय माग्न चाहन्छु । जस्तो सुशासनका कुराहरू छ, हामीले सुशासन सम्बन्धी चाहे सरकार होस्, चाहे सदनका हामी माननीयहरू हौं । हामीले आफ्नो कर्तव्य पालन कत्तिको गरिरहेका छौं, यहँ सदनमा नैतिकताको कुरा नउठेको हैन, सभामुख महोदय तर हामी नैतिकताका कुराहरू गर्छौं तर विधिवत ढङ्गबाट कानूनबाट अगाडि बढिरहेको छौं कि छैनौ । आज गएर भन्नु पर्दा नेपालको संविधान, 2072 ले व्यवस्था

गरेको जुन प्रावधान छ, त्यो अनुसार हाम्रो प्रदेश, संसद सचिवालय, प्रदेशसभा, जुन नियमावली, 2074 मा व्यवस्था गरिएको, परिच्छेद 19 मा व्यवस्था गरिएको संसदीय समिति खोइ, आज तीन वर्ष हुँदा पनि हामी त्यो नियमावली अनुसार कसरी अगाडि बढ्न सकिरहेका छौं कि छैनौं, सभामुख महोदय । त्यो जिम्मेवारी, यो सम्पूर्ण सदनको पनि हो  र सकारको पनि दायित्व हो । त्यसमा हामी अगाडि बढिरहेको अवस्था त छैन सभामुख महोदय । जुन आज यो बजेट यहाँ चाहिँ बजेट माथि छलफल गरिरहेका छौं र गतसालको जुन बजेटहरूमा जे जति चाहिँ एकदम चाहिँ प्रष्ट किसिमले जुन शब्दावली रङ्गिएर आउँथे, हामीलाई लाग्थ्यो, कि यो सरकार निश्चित रूपमा कर्णाली प्रदेशका जनतालाई समृद्ध बनाउँछ भनेर तर कार्यशैली हेर्दै जाँदा नियमावलीलाई एकातिर थन्काएर अनि कार्यविधि अनुसार सरकार सदिक्षाचारी आफ्नो अनुकुल बढ्ने चाहिँ जुन गरिरहेको छ । यो गरिमामय सदनलाई अबको यो बजेट बाट नै अब आउने विकासका पूर्वाधारमा निश्चित रूपमा पनि सरकारले सदनलाई विश्वास दिलाउने छ भन्दै मेरो भनाई यहि अन्त्य गर्दछु, हवस् त धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री बदमीक्वारी बोहोरा, समय ७ मिनेट । त्यसपछि माननीय श्री अमृता शाही ।

**माननीय श्री बदमीक्वारी बोहोराः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष 2077/078 को बजेट वक्तव्यमा हामी छलफलमा छौं । माननीय सभामुख महोदय, मलाई एउटा गीतको याद आयो, मलाई पनि महिले कहाँ ही हाम्रो माननीय सदस्यज्यूहरू यहाँ गीत गाउनु हुन्छ, गाउन मिल्दो रहेछ, लयमा हालेर यसो भन्न मात्रै, नेपथ्य ब्यान्डको गीत याद आयो, आकासैबाट के उडि आयो, भेडाको उन जस्तो, भेडाको उन जस्तो, भन्ने एउटा गीत छ । हामी यो बजेट सहित तीन वटा बजेटमा टेक्यौं । अहिले यो तेस्रो बजेटमा हामी छलफल गर्दैछौं । पहिलो बजेट जुन 2075 बैशाख 13 गते हामीले जुन बजेटको किताबहरू हेर्यौं । तिनी किताबहरू हामीसँग सुरक्षित छन् । दोस्रो बजेट 2076 असार 1 गते आयो । अर्को बजेट अहिले 2077 असार 1 गते आयो । धेरै कुराहरू, धेरै आफ्नो विवेकले धान्छ, त्यति हेर्यौं । अहिलेसम्मको सरकारको बजेटमा तेस्रो बजेटमा आइपुग्दा पनि एउटा महिला लक्षित बजेट, लैङ्गिक बजेट, प्रदेश सरकारले कति ल्यायो र आजसम्म हाङ्गीले महिलाका लागि कति काम गर्यौं भन्ने कुरा त हामीले आफुले पनि मुल्याङ्कन गरेका छौं र कुल बजेटको कति प्रतिशत महिला, दलित, विपन्न वर्ग, पिछडिएको क्षेत्रको लागि कति बजेट लगानी भयो । आज म प्रतिनिधित्व गर्दा खेरि मैले डोल्पा जिल्लाबाट ख नं. क्षेत्रबाट गरे पनि म दशै जिल्लाको मतले आज माननीय भएर यो प्रदेश सरकारको सदस्यको हैसियतले म यहाँ आज रोष्टममा उभिएर बोल्न पाउने अवसर दिलाउनु भएको छ । जुन मतदाताले आज मलाई एउटा आशा गरेर जिल्लाबाट अहिले पनि धेरै कुराहरूमा गुनासो गर्नुहुन्छ खै हामीले आज सम्म महिला लक्षित वर्गको बजेट आजसम्म एउटा अङ्क पनि हामीले फलानो ठाउँको जिल्लाको ल डोल्पा जिल्लाको फलानो ठाउँमा महिला लक्षित बजेटले हामीले यो काम गर्यौं भनेर शिर उठाउने ठाउँ पनि प्रदेश सरकारले हामीलाई प्रदान गरेको छैन । त्यसमा म

दावाका साथ भन्छु नारामा मात्रै सिमित भएर हुँदैन, किताबमा मात्रै सिमित भएर हुँदैन । बजेट लक्षित वर्गसम्म पुग्नु पर्यो । खोक्रो लेखाइले मात्रै हुँदैन । भासनले मात्रै पेट भरिदैन भन्या जस्तै काम गर्नुपर्यो । सरकारले आज हामीलाई कुन ठाउँ हामी समानुपातिक महिला भएपनि हामीले आफ्नो पार्टीले आफ्नो सरकारले गरेको काममा ल महिलाका यति अधिकारका काम हामीले गर्यौं । महिला उत्थानका कार्यक्रमहरू ल्यायौं । जिल्लामा महिलालाई रोजगार दियौं । पिछडिएका महिलालाई हिँजो एउटा सामान्य गाउँपालिका, अहिले गाउँपालिका भएको छ । हिँजो गाविस हुन्थ्यो । गाविसमा कुल बजेट हुने, बजेटको कति 20/25 प्रतिशत महिला लक्षित वर्गलाई छुट्याउथ्यौं । एकल महिला, दलित महिला, टुहुरा बालबालिकालाई शिक्षाको लागि एउटा सामान्य महिलाला एउटा सामुहिक हिसाबले एउटा समुह बनाएर एउटा हात धुन सिकाउने एउटा घर परिवार चलाउन सिकाउथ्यो । हिँजोको गाउँपालिकाले, गाविसले आज प्रदेश सरकारको हैसियतले हेर्दा खेरि हिँजोको गाविस भन्दा पनि तल अहिलेसम्म हामीले तीन-तीन वर्ष भै सक्यो माननीय भएको अहिलेसम्म केहि पनि महिला लक्षित पीडित, महिला दलित, एकल महिलाहरूको लागि हामीले केहि पनि काम गर्न पाएका छैनौं जिल्लामा । त्यसैले अब आउने बजेट त आइसक्यो । नीति कार्यक्रम तथा अस्ति पनि हामीले प्राथमिकतामा सबै कुरा हेर्यौं तर भन्दा मात्रै यो किताबमा सुन्दर अक्षरले कोरिएर मात्रै नहुँदो रहेछ । सरकारको लेख्ने शैली धेरै राम्रो छ । मन्त्रीज्यूहरूलाई पनि कोहि साहित्यकार हुनुहुन्छ, कोहि गजलकार हुनुहुन्छ, कोहि गीतकार पनि हुनुहुन्छ होला । अहिलेसम्म बाहिर आउनु भएको छैन तर पनि अहिलेको यो बजेट अब छलफल हुँदा खेरि हामीले राम्रोसँग हामी यहाँ धेरै कुराहरू छन्, रोजगारका कुरा छन् । महिला रोजगार मुख्यमन्त्री रोजगार कार्यक्रमका कुराहरू छन् । उद्यमशिल विकासका कुराहरू छन् । हिँजो पनि धेरै राम्रा राम्रा कुराहरू थिए, घरघरमा गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी भन्ने नारा छ । धेरै छन् यहाँ, यो दिगो विकासका लक्ष्य भित्र पर्ने कुराहरू धेरै कुरा सबै कुरा छ, सरकारले ल्याएको छ तर नारामा मात्रै सिमित भएर जनाले चैं खुशी मान्ने कुरा छैन । किताबमा मात्रै हेरेर हामीले यहाँ भाषण गरेर किताबमा मात्रै फररर महिलाको बजेट यति छ, दलितको यति, पिछडिएको क्षेत्रको यति बजेट छ भनेर चैं जनता अघाउने वाला छैनन् ।

अर्को एउटा कुरा छ, यहाँ सरकारले समानुपातिक र प्रत्यक्ष प्रणालीलाई विभेद गर्यो भनेर कराउँछन् भनेर होला घुमाउरो पाराले रोजगारका कुरामा घुमाउरो पाराले सरकार धेरै बाठो, सरकार धेरै पढेका मन्त्रीज्यूहरू, रोजगार मूलक पूर्वाधार विशेष कार्यक्रममा ओखोखोखोखो घुमाएर एक अर्ब बिस करोड छुट्याइ हाल्नु भएछ । यसमा अहिले प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । घुमाउरो पाराले, घुमाउरो पाराले प्रत्यक्ष माननीयज्यूहरूले चाहिँ हामीलाई संसद विकास कोष चाहियो भन्नु भएको छ । बाहिर यहाँ रोस्टममा विरोध गरिराख्नु भएकै छ । सरकारले रोजगार मुलक पूर्वाधार विशेष कार्यक्रम मन्त्रीज्यूहरू विशेष घुमाउरो पाराले कार्यक्रम ल्याउनु भएको छ। यसमा पनि बधाई छ । प्रदेशसरकारले अब आउने बजेटमा यस्तै धेरै कुरामा विभेद गर्यो । हामी रातो किताब हेर्छौं, हामीले भन्या जस्तो चित्त

नबुझ्ने जस्तो किताब ल्यायो भने मैले हिँजो पनि युगआह्वानमा दिएको थिए, मैले कति जनाले हेर्नु भयो, हामीले महिला लक्षित र स्वास्थ्य र अहिले जुन खाना, नाना, छाना अनि त्यसपछि गएर यहाँ पहिले हजुरको 2075 सालको बजेट जुन पहिलो वर्ष हामीले प्रधानमन्त्री, संघीय सरकारको प्रधानमन्त्री हाम्रो रारामा जुन उद्घाटन भयो, त्यो देखिको अहिलेसम्मको नारा हेर्ने हो भने यति सुन्दर नारा छन् तर नारामा मात्रै सिमित छ । त्यसैले यो बजेट, नारामा मात्रै सिमित बजेटलाई यो कसरी तल्लो लक्षित वर्ग सम्म लैजाने हो । त्यो कुरा सरकारले ध्यान देओस् । सहकारीका कुरा आए 074/075 को बजेटमा सहकारीका ठूला ठूला भाषण आए, यहाँ सहकारीका कुरा आए । एउटा बजेट हेर्दा खेरि डोल्पा जिल्लामा पाँच लाख, खर्को मन्त्रीज्यूको क्षेत्रमा 18/19/20 करोड, 40/80 कति एक अरब बजेट गयो । त्यसरी अहिले पनि नारामा सिमित भएर यो बजेट आयो भने हामी कुनै हालतले यहाँ हामी सरकार पक्षका सत्तापक्षका भनेर हुँदैन । हामी ताली बजाउने वाला छैनौ । समय मै होस् पुर्याउँ सरकार, हवस् त नमस्कार ।

**माननीय सभामुखः-** माननीय श्री अमृता शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज 2077/078 को बजेटमा हामीले भाग लिँदै गर्दा 48 पाना 228 बुँदाको किताब एकदमै एउटा नछुटाएर सब कर्णालीको भाग्य, भविष्य कर्णाली जनताको एकदमै कर्म पनि यसैमा कोरिएर आएको छ । एकदमै कर्णाली सुखी कर्णाली र सुखी र सुखारी कर्णाली एकदमै यहि किताबैमा छ । हामीले, मैले यो किताबको पाना पल्टाउँदै गर्दा मैले एकल महिलालाई, एकल महिला राउटे, पछाडि पारिएका जनजातिको देखे तर त्यसमा एउटा पनि देखिएन, अरू अरूमा यति करोड उति करोड छट्याएको छ, त्यसमा केहि पनि छुट्याएको छैन । ठिक छ, नछुट्याउनुहोस्, काम चाहिँ गर्नुहोस् । कर्णालीका महिला दिदिबहिनी चाहिँ एकदम यो सरकारको केरे यो बजेट लगेर आफ्नो चरम सिप अथवा आफुले सक्ने काम अथवा सरकारले त्यो केरे यहाँहरूलाई केहि पनि गर्नु पर्दैन । एकदम पूजीपति हुनुहुन्छ, कर्णालीका महिला दिदिबहिनीहरू गृहणी हुनुहुन्छ। वहाँहरूलाई सरकारले केहि पनि दिनु पर्दैन । हिजो पनि हाम्रो अन्तरपार्टी महिला संजालको अध्यक्षले भन्नु भयो । अहिले पनि भर्खरै एकजना माननीयले पनि कुरा गरेर जानु भयो । यो ठिक छ, जे गर्नु भएको छ, महिलाहरूको लागि चाहिँ हामी अब महिला माननीय पनि अब महिला कानूनमा सायद नभइ दिएको भए पर्थिन होला । पार्टीले चाहिँ राख्यो र यो सरकारले चाहिँ हामी महिला माननीयलाई माननीय चाहिँ अहिलेसम्म भन्या जस्तो लागेन । यसमा सहकारीको बारेमा श्रम सहकारी लेखिएको छ । यो किताबमा हेर्दा खेरि चाहिँ कर्णालीको जनताको भाग्य र भविष्य आउछ । नाना, छाना, खाना यति यो नारा आए पछि त अरू हामीले पढ्नु पनि पर्दैन, हेर्नु पनि पर्दैन । सब यसैमा आइ हाल्छ र यो सरकारले चाहिँ अब यो छिटो भन्दा छिटो कर्णालीको जनतालाई छाना, नाना, खानाबाट जोगाओस् । किन, के छ भने यो कर्णालीमा हामीलाई अहिले कोरोनाको दौड छ । कोरोना चाहिँ खरायो जसरी

दौडिएको छ । कर्णालीको सरकार चाहिँ कछुवा जसरी हिडिरहेको छ हेर्नुहोस् । किनकी सभामुख महोदय, यो सरकारले यस्तै कछुवाको गति लग्यो भने पछि कर्णालीमा एकदमै विपत्ति आउँछ । यसको ठाउँमा यो बजेट जति छुट्याउनु भएको छ, यो कोरोना उसमा लगाउनु पर्छ किनकी हाम्रो प्रत्येक गाउँपालिका, नगरपालिकाको उसमा कोरोना सम्बन्धी किटहरू लगेरजानु पर्ने, अहिले पनि एकजना महिलालाई कोरोना जाँचेर घर पठाएको उनिलाई अहिले आत्महत्यहाँ गरेर मर्दा खेरि उनलाई फेरि कोरोना निस्कियो । यो कस्तो लापरबाही हो । कमसेकम त्यो ठाउँमा राम्रो अस्पताल, राम्रो डाक्टर भैदिएको भए कमसेकम त्यो महिलाले त्यो कोरोना पहिल्यै थाँहा हुन्थ्यो होला, उनी अस्पतालमा गएर बस्थिन होला, आइसियुमा गएर बस्थिन होला, उनि बाँच्थिन होला, सायद मर्नु पर्थेन होला, उनलाई त्यो मर्नुपर्ने भो ।

सभामुख महोदय, अर्को कुरा यो सरकारले छुवाछुत नमान्ने अब, जातभात नभन्ने भनेर हामी सबैले भन्छौं । एउटा उ लेख्या छ यो दलित छात्राबास भनेर लेख्या छ । यो चाहिँ मैले विरोध गर्न खोजेको हैन किनभने यो दलित भन्ने अर्को जात भन्ने अर्को जात भन्ने अर्को जात भनेपछि अनि फेरि त्यहि जातभातको कुरा आउने यो यसमा चाहिँ यो राम्रो भएन, किनकि लक्षित वर्गहरूको लागि छात्राबास बनाउनु पर्छ । त्यसमा सबैले बस्न पाउनु पर्छ, एउटै वर्ग अथवा त्यो दलित भनेर अहिलेदेखि अब यो बिस्तारै हटाउदै जानु पर्छ किनकि सबै घुलमिल भएर बसेपछि यो त्यो जातभात एउटै हुने भयो । अब छुट्टाछुट्टै छात्राबास बनाएपछि चाहिँ त्यो कसरी फेरि भेदभाव त भै हाल्यो नि त्यसमा यो चाहिँ राम्रो कुरा भएन र अर्को कुरा यो मत संसद कोष भन्छ, अरूले पूर्वाधार कोष भन्या छन् । संसद कोषको पैंसा चाहिँ यो कोरोनामा लगाइयोस्, किनकि हाम्रो कर्णालीमा उहिले देखिको भोकमारी सुरू हुँदै छ । अहिले गाउँको बाली पनि भएन र इन्डियाबाट आउने मान्छेको एकदम भिड छ । सरकारले खरिद न त अनाज खरिदेको छ, चालिस-चालिस हजार क्विन्टल भन्न सुने तर त्यो चालिस हजार क्विन्टलले यहाँ पुग्दैन । यो संसद विकास कोषबाट आएको पैसा पनि त्यसैमा लगाएर कोरोना अथवा यो भोकमारीबाट जनतालाई बचाओस् भन्न चाहन्छु, सभामुख महोदय । अर्को कुरा अघि बोल्ने माननीयज्यूले पनि भन्नु भयो यो कर्णालीको बाढी पहिरो विपद यसमा सरकारले के गर्न सक्यो, कार्यक्रम गर्यो, बाजा बजायो, दुनियाँ कार्यक्रम भयो, सबैलाई बोलाए । यहाँबाट भन्न चाहिँ हामी पनि त्यो कार्यक्रममा गयौं, त्यसपछि चाहिँ त्यो कार्यक्रम त्यतिमा सिमित भयो । ति मान्छेहरू जहाँ पालमा छन्, ति पालका पालैमा छन् । यो सरकारले अहिले ल्याएको छ, पाँच करोड रूपैयाँ, त्यो पाँच करोड रूपैयाँले उनिहरूलाई अँह एउटा त्रिपाल पनि आउँछ आउँदैन । त्यो एकलाख रूपैयाँ जति पर्छ, एउटा परिवारलाई, अनि त्यो एक लाख रूपैयाँले यो जमानामा घर हुन्छ, सरकारको कस्तो लापरबाही हो, सभामुख महोदय, यो चाहिँ, यो बाढी पीडितलाई जसरी हुन्छ यो पालबाट छानामा लैजानु पर्छ भनेर भन्न चाहें । सभामुख महोदय, यो रोजगारको बारेमा भनेको छ, यो यति धेरै नलेखेर कस्तो खालको रोजगारी दिने हो त, हाम्रो युवा वर्गलाई अथवा रोजगार नभएको मान्छेहरूलाई कस्तो खालको

रोजगार यसमा नआए पनि अर्को उसमा आओस्, रेड बुकमा र यो छ नि यो जहाँ पनि रोजगार, रोजगार, रोजगार भन्या छ, त्यो रोजगार चैं सीमित आएर, सिमित जस्तै त्यो कुन रोजगार हो भनेर यहाँ प्रष्ट देखियोस्, अनि बल्ल रोजगार आएछ भने हामीले पनि पत्याउँला । अनि रोजगार गर्ने मान्छेले पनि पत्याउँछन् भन्दै मेरो यो भनाई सक्नु भन्दा अलिकति अगाडि यो कर्णाली बासीले यो किताबमा जतिपनि आएको छ, भेदभाव कसैको नहोस् । कर्णाली बासीले आफुलाई भेदभावगरेको महशुस नहोस्, कर्णाली बासी सुखी छन्, स्वस्थ्य रहुन, धन्यवाद, जय नेपाल ।

**माननीय उपसभामुखः-** माननीय श्री गणेशप्रसाद सिंह, समय सात मिनेट । के भयो माननीय ज्यू, के भयो,

**माननीय श्री धर्मराज रेग्मीः-** (नियमापत्ती) सभामुखज्यू, हामी बजेट भाषणमा छलफल गरिरहेका छौं । कसलाई सुनाइ रहेका छौं, मन्त्रीज्यू देखिरा छैन मैले । सरकारको त उपस्थिति छैन, बजेट जस्तो विषयमा चैं संसदमा छलफल भइ रहेको छ । एकजना मन्त्री बस्नु पर्दैन, सभामुख महोदय । यो हामी मन लाग्दी चैं कस्लाई सुनाइ रहेका छौं । संसदमा बढो गम्भिरतापूर्वक छलफल,म माननीय अमृता जी बोल्ने अवधि भरी कोइ देख्दिन म सभामुख महोदय । यो माथिबाट देखिदैन....

**माननीय उपसभामुखः-** माननीयज्यू, अँ हाँ एकछिन बाथरूमको लागि जानुभएको होला भन्ने लाग्छ । भरखरै यहि बसी राख्नु भएको थियो ।

**माननीय श्री धर्मराज रेग्मीः-** हैन सभामुख महोदय, सरकारसँग अरू धेरै पनि मन्त्री हुनुहुन्छ क्यार । मलाई त यो मैले चैं कुरा ....

**माननीय उपसभामुखः-**म मर्यादापालकमार्फत् माननीय मन्त्रीलाई सूचना गर्न जानकारी गर्दछु ।

**माननीय श्री धर्मराज रेग्मीः-** यो त डरलाग्दो कुरा हो सभामुख महोदय । कोहि पनि छैन कस्लाई सुनाउन यो चाहिँ । माननीय अमृता जी बोलिरहनु भयो । यो अवधि भरि कोहि पनि थिएन । यो कुरा कस्ले लिन्छ, यतापट्टि सचिवहरूको लाइनमा पनि कोहि हुँदैन यो त खैर ठीक छ तर कोहि न कोहि बस्नुपर्ने होला हाम्रो मात्रै छलफल भयो भने त हामी आरामले गर्न सक्छौं, सभामुख महोदय ।

**माननीय उपसभामुखः-** माननीय बस्नुहोस्, बस्नुहोस्, माननीयज्यू, आउनुहुन्छ, मन्त्रीज्यूहरू आउनु हुन्छ, बस्नुहोस् ।

मन्त्री आइसक्नु भएको छ, शुरू गर्नुहोस् माननीयज्यू आफ्नो कुरा राख्नुहोस् ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुखज्यू, आर्थिक वर्ष 077/078 को बजेट वक्तव्यमाथि यहाँ आफ्नो धारणा राख्ने क्रममा म उपस्थित भएको छु । र मैले केहि बजेटमा संक्षिप्तमा केहि कुरा राख्न बुँदागत रूपमा चाहन्छु, आ.व. 077/078 को बजेट वक्तव्यमा कुल बजेट 33 अरब 74 करोड 13 लाख 53 हजार विनियोजन भएको छ र यो पूजीगत 57 प्रसेन्ट र चालु 34, वित्तिय हस्तान्तरण 9 प्रसेन्ट गरी हन्ड्रेड प्रसेन्ट यस आ.व. 077/078 को बजेटमा अर्थमन्त्रीज्यूले असाध्यै मेहनत गरेर कोभिडको विशेष र विशिष्ट यो

विषम परिस्थितिमा इतिहासकै चुनौतीपूर्ण मोडमा यो बजेट ल्याउनु भएको छ । यहाँलाई म सभामुखमार्फत धन्यवाद दिन चाहन्छु । यो बजेटले विशेष गरी महामारी, भोकमारी र रोजगारीलाई टार्गेट बनाएर आएको छ । साथै स्वास्थ्य, शिक्षा, उत्पादन, आपूर्ति, रोजगारी, पूर्वाधार र सम्वृद्धि तिर उन्मुख छ । बजेटले उद्देश्य र प्राथमिकतालाई पछ्याउन खोजेको छ र अब यो मुख्यमन्त्री कोषमा मैले केहिकुराहरू अब यो बजेट सकारात्मक छ र यो बजेटले अहिले विषम परिस्थितिलाई र एउटा विशिष्ठ एउटा खाकाको रूपमा यो आएको छ र यो बजेट विशेष गरेर अलिकति मुख्यमन्त्रीको कोषमा डल्लोको रूपमा देखा पर्छ र अब यो अलि केन्द्रित हुन खोजेको छ र सम्भवत भएजति स्वास्थ्य, शिक्षा, भोकमारी, रोजगारी लगायतका बजेटमा रातो किताबमा ठोस गरेर यसलाई किटान गरेर ल्याउँदा राम्रो होला । भोलि कार्यान्वयनको हिसाबले पनि सहज हुनसक्छ जस्तो मैले भन्न खोजेको के भन्दा खेरि अब कोभिडलाई टार्गेट गरेर आएको हो भने एक गाउँपालिका एक स्थानीय तह, एक अस्पताल एक वर्थिङ्ग सेन्टरको बजेटको व्यवस्था गरेर किटान गरिनु पर्यो । शिक्षामा चैं एक स्थानीय तह, उक चाहिँ अब भर्च्योल अथवा चैं अनलाइन सेन्टर अब एक गाउँपालिका एक स्थानीय तह एक, अँ केरे अन्न भकारी आएकै छ । त्योसँगै फेरि अर्को अँझ रोजगारी एउटा चाहिँ सुलभ केन्द्र अथवा चाहिँ रोजगार सम्पर्क केन्द्र आइ दिए झन राम्रो होला । यो अँझ व्यवस्थित होला र त्यसो भयो भने राम्रो होला । त्योसँग सँगै अब यसलाई चाहिने अब यो एउटा 55 नम्बरको बुँदामा रोजगारमुलक भन्ने शब्दलाई पछाडि राखेर यो निर्वाचन क्षेत्र विकास पूर्वाधार विशेष कार्यक्रम संचालन गरिने घ र रोजगार मुलक कार्यक्रमको लागि एक अरब बिस करोड विनियोजन गरेको छु भन्दा राम्रो होला किनकी अझ एउटा तरिकाले निर्वाचन क्षेत्र कोष निर्वाचन क्षेत्रलाई हटाउन खोजेको जस्तो फिलिङ्ग भयो है । हैन स्वरोजगार प्रोगाम भो र निर्वाचन क्षेत्र भनेको स्टाटिजिक एउटा चाहिने त्यो नाम हो र त्यसकारणले स्वरोजगारमुलक कार्यक्रमको लागि विनियोजन गर्याछु भन्दा ठीक होला । 57 नम्बर बुँदामा आवश्यकता अनुसार मेसिन औजार सहित विस्फोटक पनि प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ भन्ने राख्दा राम्रो होला । किनकि मेरो निर्वाचन क्षेत्रमा अधिकांश 24 वटा निर्वाचन क्षेत्रमा विष्फोटक प्रयोग गर्नुपर्ने छ । ठूला टेन्डरहरूमा जहाँ जनता सडकहरूमा, जस्तो मेरो आफ्नै निर्वाचन क्षेत्रमा पनि ब्याउली सठडक र अब ध्यारगाउँ, रावतगाउँ सडक र अब अहिलेको वहुवर्षिय चाहिनेको मतलब फुलचाउली कैयाल्दा पाखामा अँ मतलब विष्फोटन गर्नुपर्ने स्थिति इन्जिनियरको रिपोर्ट छ । त्यो लगायत अन्य ठाउँमा पनि होला । यसलाई सच्याइयोस् । समपुरक ससस्त्र विशेष अनुदान सहित साझा लगानी केन्द्र, प्रदेश, स्थानीय तहसँग सहकार्य बाहेक प्रदेश सरकारको बजेट प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरूमार्फत् कार्यान्वयन गर्ने व्यवस्थ यो बजेटबाट मिलाइयोस् र अर्को नम्बरमा चालु आर्थिक वर्ष 076/077 को बजेट कोभिड 19 को लकडाउनका कारणले अधिकांस योजनाहरूका कामहरू प्रभावित भएका छन् । न्युनतम 3 देखि 6 महिना समय थप्नुपर्छ साथै कृषि सडक सिंचाइ अधुरा छन् । यसको अब कृषि मन्त्रालयकृषक नबनाउने भनेपछि

यसको स्वामित्व अब कुन मन्त्रालयले लिनुपर्ने हो, त्यसको सुनिश्चित गरियोस् । यिनि अपुर्ण, अधुरा छन्, यसको पनि जिम्मेवारी लिइयोस् । भौतिक पूर्वाधारका ठेक्का टेन्डर हुने र केन्द्रिय खरिद ऐनको संशोधन कहिले हो र कति बेला हुने हो ती योजनाहरू 2/3/4 वर्षसम्म रून्न र लिङ्गरिन भै रहने स्थितिको अन्त्य समाधानको लागि सकरारले विशेष ध्यान देओस् र त्यो बजेटमा यसको चाहिने मतलब एउटा सुनिश्चत गर्ने एउटा चाहिने मतलब आधार तयार गरियोस् । स्थानीय तहका जनतप्रतिनिधिहरूको सेवा सुविधा अब काटिएकै कारणले अहिले चाहिने मतलब उहाँहरूको मतलब खाइ खर्चिया समस्या भएको छ । यसमा विशेष भत्ताको व्यवस्था गरिनु पर्छ । किनकि यो कोभिड व्यवस्थापनमा निकै मतलब अब भूमिका निभाउनु भएको छ । त्यसको व्यवस्थापन पनि उहाँहरूको विशेषक भत्ताको व्यवस्था गरिनुपर्छ यहि बजेटमा र यो बजेट एकदम सकारात्मक छ । किनकि अब कोभिड 19 महामारी रोजगारी लगायत अब यहाँ दलित मैत्री, बाल मैत्री, अब थुप्रै कृषि मैत्री लगायत नाना खाना छानाको व्यवस्था समेत गरिएको हुँदा यो विशेषखालको व्यवस्था छ  र विशेष खालको बजेट हो र यो बजेटलाई म अन्त्यमा के सुझाव दिन चाहन्छु भने रातो किताबमा विभेद नहोस् । अब हामी रातो किताबमा हेर्छौं र अर्को कुरा कार्यान्वयनमा समस्या नआओस् । त्यो कर्मचारीको कारणले, कार्यविधिका कारणले अब कतै चाहिने सरकारले यो प्रकारले लिएर रोक्ने अथवा कटौती गर्ने काम नहोस् । अहिलेसम्मको 3 वर्षको बजेटको अनुभूति लिएर हामी चाहिँ रातो किताबलाई लिएर कार्यान्वयन गर्छौं, हेर्छौं । व्यवसहारमा अर्को कुरा यो बजेटलाई मतलब विशिष्ठ अवस्थामा आएको बजेट हो र यसलाई अर्धवार्षिक समिक्षा गर्ने र विशेष अधिवेशन बोलाएर यो चाहिने कोभिडको प्रतिकुलता र अनुकुलतालाई हेरेर यो बजेटलाई चाहिने व्यवहारिकतामा लागु गर्नका निमित्त जनताको कर्णाली बासीको साँच्चिकै व्यवहारमा यो बल्ल विनियोजन गरिएको बजेटलाई कार्यान्वयन गर्नका निमित्त छ महिना पछि यसको व्यवस्था नयाँ ढङ्गबाट गरियोस भन्ने सुझाव म राख्दै विदा हुन्छु हस्त धन्यवाद ।

**माननीय उपसभामुखः-** माननीय श्री झोवा वि.क., समय ७ मिनेट । त्यसपछि माननीय श्री सोशिला शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री झोवा वि.कः-** सभामुख महोदय, यो आर्थिक वर्ष 2077/078 को बजेटमा हामी उभिएको छौं। अब किताबमा राम्रो असाध्यै राम्रो मेहनत गरेर आएको छ । राम्रो मानेछ, आउने बेला नै एकदम राम्रो नै आउँछन् । अब फुल जस्तो रङ्गिचङ्गी बनाएर ल्याउँछन् । पछि कार्यान्वयन गर्ने बेला फेरि पछाडि पारेको पायैं । अगाडि लिएको लियै हुन्छन् । अब यो धेरै चैं दलित, महिला, पिछडिएका, जनजाति सबै समेटेर आउँछन् । अनि पछि फेरि रोजगार भनेर अघि चैं अगाडि पछाडि को दायाँ बायाँ लिएर जान्छन् । हामी पछाडि पर्या पर्यै हुन्छौ । अनि पोहोर पनि अँ यो त्यो क्यारे हामीले दशलाख दिएर अनि पछि चाहिँ कर्णाली प्रदेशलाई क्यारे खर्च गर्न सकेन भनेर कसरी नराम्रो मेसेज पायो । म त ठिक्क भयो भन्छु, जै लाग्यो त्यतिबेला, दिने बेलामा अई दशलाख दिएपा ऐले चैं पचास लाख दिए पछिमा ऐले हुन्छ त । त्यहि थोरै दियो पछि खर्च ग र्न सकेन कर्णाली प्रदेशले खर्च गर्न

सकेन सबै फ्रिजमा गयो भनेर कसरी मेसिन राम्रो गर्यो त्यहि त्यसोभन्छन । अनि यो साल पनि तीन साल भयो क्या यो बत्तिको फेरि यो साल पनि, अर्को साल पनि त्यसो गर्दै तीन सालमा बत्ती कहिले हामी बत्ती कहिले हामी बत्तीलाई चैं पैसा नचाहेर बत्तीमा चरि फुटेर बाल्ने हो कि के हो कि बत्तीको पैंसा छुटाउनु पर्दैन भन्ने होला । बत्तीलाई केहि पैंसा छुटाया त नाइ, अनि कार्यान्वयन पनि गर्दैनन् । त्यतिकै बत्ती मात्रै भन्या छ । अनि यो कस्ले अन्य को त्यहि रोकथामलाई यो क्या यो पाँच करोड राखेको, त्यहिमा हाले त हुनी हो । अनि यो बाचा पछि मन्त्री एक्लै पनि हामी पनि के नै नराम्रो बन्या । पाँच पछियाँ सबैत खुशी हुन्या, जसो छ त। अब सबै खुशी हुन्या अब एक्ली माया पछि मा त्यहि क्या जमनि कैले भन्या यो त्यहि सबैले माया भन्ने क्रान्ति हो भन्या जसो नगर्नु होला । यो चैं सबै यो रोक, भोकलाई हालेर ठिक्क हुन्छ । अर्को साल चाहिँ हामी दश राखे पछिमा त्यहि क्यारे दश करोड राख्या पछिमा हुन्छ यो साल दे सबै चैं सबैको मुखमा झुण्डेको रोग भोक अनि तयो केरे यो स्कुलको कुरा सबैले त्यहि कुरा गरिसकेपछिमा त्यहिमा हालेर हुन्छ, अझ किन छुटाउनु पर्यो। अनि यो किताबमा चैं असाध्यै राम्रो आयो अनि पछि चाहिँ हामी समानुपातिकहरूलाई केहि पनि फेरि समेटेन, दलितहरूलाई केहि पनि समेटेन, यो त्यहि जनजातिहरूलाई केहि समेटेन, यो त्यहि अपाङ्गहरूलाई केहि पनि समेटेन, फेरि चैं उहि जो हुन्या खान्या छ, जो अगाडि पछाडि लाग्ने छ, जो धनि छ, त्यहिले चैं बढी योजना पाउँछ । हामीलाई केहि पनि पाउँदैन । यसलाई चैं, सबै चाहिँ मन्त्रीहरू पनि अहिले चैं होसियार गरेर हाल्नु पर्ने, आज त अँझ यति ने सुनसान छ । यसले यसले चैं पछि आउँछ कि भनेर मन ढुक्क छ । अहिले त खुशी नै छ, पछि फेरि रातो किताबमा आउने बेलामा मारौकि मारौकि अनि फेरि चैं रुवाउँ कि हसाउँ कि बेला त्यहि रातो किताबमा हुन्छन् । यसले त केहि छैन, अँझ मेहनत गरेर ल्याएर यति बेला मेहनत गरेर ल्याए भने हामीहरू त खुशी नै छौं । अँझ हामी त धन्यवाद, दुई तीन चोटी धन्यवाद दिन्छौ । सभामुख महोदय, यो कहिले पनि हाम्रो त्यहि क्यारे प्रदेशमा समानुपातिकहरू पनि जति यसरी साठि चालिस गरेपछिमा योजना जहाँ लिएपछिमा साठि चालिस गरेपछिमा हुन्छ । जहाँ समानुपातिकहरू पर योजना माग्न जान्छौ, बाँड्न देउ, तिनिहरू के असता पर समानुपातिक न भैगो भनेर हामीलाई कम देउ भन्या । त्यसो नहोस्, यो त्यहि यसो पिनि राम्रोहुँदैन अब त्यहि ही पनि समानुपातिक, उहि ठाउँबाट तपाईं प्रत्यक्षबाट आएपछिमा हामी सामनुपातिकबाट लडेर आया त हो त । हामीले पनि कार्यकर्ता त छ त । हामीलाई पनि इज्जत छ त, हामीले पनि यो माननीय गरेर आयात हो त । फेरि चैं हामीलाई कार्यकर्ता चैन हामीलाई पनि भोलि चैं हाम्रो क्षेत्र तिर फर्केर गएपछिमा तिमिले क्या गर्न सक्यौ तिमिले क्या ल्यायौ र यो फलानो यति ल्यायो, फलानोले यत्ति ल्याएछ भन्छ। म त हामी विपक्षी भन्न सजिलो छ, इ ल्यायो होला, यिनिहरूको सरकार छ, यिनिहरूको सरकार नाइ भन्छ । अब तपाईंहरूको महिलालाई पनि कति पिर छ त कति पिर भएको छ त, हामी अझ सजिलो छ । हामीले दिदैन के हुन्छ त । यिनिहरूको सरकारले हामी सरकार

आफैको सरकार छ, हामीले दिदैन भन्छौ तपाईंहरूको महिलालाई पनि कति पिर छ । अझ तपाईंहरूको महिलाको पिर देखेपछि चैं अहिले ढुक्क छु । हस् धन्यवाद, जयनेपाल ।

**माननीय उपसभामुख:-** माननीय श्री सोशीला शाही, समय सात मिनेट । त्यसपछि माननीय श्री पद्मा खड्का तयारी अवस्थामा रहनु होला।

**माननीय श्री सोशीला शाही:-**सभामुख महोदय, कर्णाली प्रदेशको पन्ध्रौं अधिवेशनको छैटौं बैठकमा हामी सहभागी भएका छौं । प्रदेशसभाले आर्थिक वर्ष०७७/०७८ को बजेट पेस गरेको छ। हामीले नीति तथा कार्यक्रम माथि सुझाव दिने क्रममा अहिलेको समयमा कोरोना भाइरस कोभिड १९ नियन्त्रण गर्ने कुरामा नै केन्द्रित हुनु पर्छ भन्ने जोड दिएका थियौं। बजेटले त्यसलाई प्राथमिकता दिएको जस्तो देखिन्छन् । तर कतिपय बुँदाहरू अस्पष्ट देखिन्छन्। तिनलाई प्रष्टसँग खुलाएर राख्नु उपयुक्त हुन्छ । बजेट परिणाममुखी हुने कुरामा बजेट सचेत रहनुपर्छ। भाषा भाषिक कुरा त अत्यन्त सुन्दर तरिकाले तयार गरिएको छ। मिठा मिठा शब्द राखेर नै तयार गरिएको छ। मुलतः यसको कार्यान्वयन कसरी हुन्छ ? यो महत्वपूर्ण कुरा हो। कार्यान्वयन पक्ष ठिक भयो भने मात्र यसले ठिक परिमाण दिन्छ। रोगबाट जनता लाई बचाउन सकिनौ भने हामी असफल साबित हुने छौं । आजको अवस्था भनेको असामान्य अवस्था हो। असामान्य अवस्थामा महामारीको अवस्थामा विपदको बेलामा हाम्रा योजना कार्यक्रम बजेट र कार्यान्वयन पनि त्यस प्रकारको हुनुपर्छ । यस्तो बेलामा हामी सबै मिलेर रोगसँग,महामारीसँग लड्नु पर्छ। यस्तो बेलामा त सरकारमा रहने दलले पनि हामी सत्तारूढ दल हौं भन्ने अहमबाट मुक्त हुनुपर्छ भन्ने, प्रतिपक्ष दलहरूले पनि हामी त प्रतिपक्ष हौं सरकारलाई असहयोग गर्नुपर्छ भन्ने भावनाबाट मुक्त हुनु पर्छ। हामी सबै केही समयका लागि मिलेर नै सामना गर्ने समय हो यो कुरा हामी सबैले नै बुझ्नु पर्छ कोहि कसैले पनि भ्रम पाल्नु हुँदैन। सभामुख महोदय, सरकारले शुरूमा त पहल गर्न खोजे जस्तो त देखिएको थियो तर त्यो बीचैमा हरायो। सर्वदलीय सर्वपक्षीय संयन्त्र बनाएर यो लडाइ साझा लडाई हो भनेर सबै मिलेर सामुहिक रुपमा नै संयन्त्रबाट तल्लो तहसम्म काम गराउने र स्थानीयनिकायसम्म नै संयन्त्र बनाउने कुरा आजको तट्कारो आवश्यकता हो। के कति कारणले हो त्यो अघि बढ्न सकेन। यस्ले समय स्वयंम सरकारले नै सहयोग हुन्थ्यो सबैको सहयोग प्राप्त पनि हुन्थ्यो। बजेटमा फेरि पनि भौतिक पूर्वाधार कार्यक्रमका लागि भनेर एक अरब बीस करोड बजेट विनियोजन गरिएको छ। के हो त्यो प्रत्यक्ष निर्वाचन संसदले मात्र आफ्नो अनुकूलमा कार्यकर्ता भएको ठाउँमा विनियोजन, योजना बाढ्ने भनेको हो कि समानुपातिक सांसदको पनि हक हुन्छ त्यो कुरा स्पष्ट हुनु पर्छ। म यो एउटा कुरा जोड्दार रुपमा यो सदन समक्ष राख्न चाहन्छु। समानुपातिक संसदलाई हाम्रो प्रदेशमा उपेक्षा गरिएको छ। प्रत्यक्ष निर्वाचन मात्र सांसद हुन समानुपातिक संसद भनेका ति सहयोगी मात्र हुन् भन्ने जस्तो व्यवहार गरिएको छ, सभामुख महोदय । मैले यो कुरा आफ्नो विषयमा मात्र भनिरहेको हैन, समग्र सबै सांसदको भावना यहाँ बोलिरहेको छु । तसर्थ, सबै सांसदहरूलाई एकै प्रकारको व्यवहार गर्न म माग गर्दछु। म प्रश्न गर्न चाहन्छु सरकारलाई विश्वासको मत

लिनु पर्दा प्रत्यक्ष निर्वाचन सांसदको धेरै भोट समानुपातिक सांसदको एक भोट भनेर लेखिएको छ ? सबै सांसदको एक भोट हो, मन्त्रीहरूको पनि एउटै भोट हो, हैन भन्ने हैन, यो व्यवहार पटक-पटक किन भैरहेको छ। यसपाली सरकारले सच्याओस् भनेर माग गर्न चाहन्छु। सरकारले समानुपातिक सांसदलाई हेप्ने काम नगरोस् । यो कुरा स्पष्टसँग नै उल्लेख गरिनु पर्छ। योजनाहरू छनोट गर्दा सांसद भन्दा मन्त्री आसेपासे बढि हाबी हुने र उनिहरूले नै योजना छनोट गर्ने तोडमोड गर्नेकाम पनि यहाँ भएको छ। सांसदले सिफारिस गरेका योजना कुनै तोडमोड नगरी जस्ताको त्यस्तै समाबेश गरिनु पर्दछ। धन्यवाद, जय राष्ट्रवाद।

**माननीय उपसभामुख:-** माननीय श्री पद्मा खड्का। समय सात मिनेट। त्यसपछि माननीय श्री कृष्ण शाह आचार्य तयारी अवस्थामा रहनु होला।

**माननीय श्री पद्मा खड्का:-** सभामुख महोदय छैटौं अधिवेशनको यो पन्ध्रौं बैठकमा प्रदेश सरकारको आर्थिक वर्ष०७७/७८ को बार्षिक बजेट माथि सैधान्तिक छलफलमा म ह्याँ भाग लिरहेको छु। यो बजेटले यो बार्षिक बजेट ३३ अरब ३४ करोड १३ लाख ५३ हजारको बजेट वक्तव्य ७३ पेज र २२८ बुँदामा कोरिएर यहाँ ल्याइएको छ। यसका लागि प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीलाई म धन्यवाद दिन चाहन्छु। यो बजेटले कर्णालीका सुगम देखि दुर्गमसम्म ती सबै १७ लाख नागरिकको मर्म र भावनालाई र आजको आवश्यकतालाई गहिरो ढङ्गबाट छुन सकेको छ कि छैन भन्ने प्रश्न सबै नागरिकमा मनमा उब्जिरहेको छ। यी भावना र यथार्थलाई टेकेर अहिलेको प्राथमिकता महामारी भोकमारी र रोजगारीलाई केन्द्रित हुँदै ठोस योर बजेट के आयो भन्ने सबैमा एउटा कौतुहलताको विषय बनेको छ । सभामुख महोदय, यसै गरि विश्व एउटा महामारीको रोगले आतंकित बनिरहेको बेला कर्णाली प्रदेश सरकारले पनि स्वास्थ्य क्षेत्रलाई केन्द्रित गरेर २ अरब ७७ करोड कोभिड केन्द्रित बजेट ल्याएको छ, यो स्वागत योग्य कुरा छ। यो बजेटले कार्यान्वयनमा जाँदा र कार्यान्वयनको प्रकृयालाई हेर्दा हामी महामारी सँगै हाम्रा कर्णालीका स्वास्थ्यका विभिन्न संरचनाहरू भौतिक संरचनाहरूइकुपमेन्टहरू र यहाँ कर्णालीमा चाहिने कति स्वास्थ्यकर्मी जनशक्ति हो त्यतातिर यो बजेट केन्द्रित बनोस् मेरो शुभकामना छ। र यसै गरि बजेटले चालू खर्चलाई घटाउने प्रशासनिक खर्चलाई कटाउने पूँजीगत खर्चलाई बढाउने एउटा अभियानकै रुपमा लिएको छ। यो विषय पनि जसरी यहाँ बजेट वक्तव्यमा ल्याइएको छ कार्यान्वयनको लागि म शुभकामना दिन चाहन्छु। जबसम्म कार्यान्वयनमा गएको हेर्न पाउँछौं र आम कर्णालीका नागरिकले सुन्न पाउँछन् त्यति खेरै यो बजेटले धन्यवाद पाउनेछ भन्ने मैले विश्वास लिएको छु। सभामुख महोदय यस्तै गरि गत वर्षका पनि राम्रा कार्यक्रमलाई यस्ले निरन्तरता दिएको छ। छोरी बुहारी छात्रवृत्ति कार्यक्रम, बैंक खाता छोरीको, जीवन सुरक्षा भरीको, यसैगरी स्वयंसेविकालाई प्रोत्साहन कार्यक्रम, बाल विकास केन्द्रका शिक्षिकाहरूलाई प्रोत्साहन कार्यक्रम, यसै गरि जनता सडक र विभिन्न खालमा कर्णाली उज्यालो कार्यक्रम जस्ता कार्यक्रमले निरन्तरता पाएका छन् । निरन्तरताका नाममा निरन्तरता मात्र नभई कार्यान्वयनको प्रक्रियामा उचित कार्यान्वयन हुने गरि म शुभकामना दिन चाहन्छु। सभामुख

महोदय, यसैगरी यस बजेट वक्तव्यले प्रदेशको राजधानी वीरेन्द्रनगरशहरलाई एकीकृत विकास परियोजनाको रुपमा बजेट व्यवस्थापन गरेर यो कार्यक्रम ल्याइएको छ। यो स्वागतयोग्य कुरा छ र यसै गरि एकीकृत बस्तीविकास कार्यक्रमलाई पनि एल्ले सबै जिल्लाहरूमा कार्यान्वयन गर्ने गरि ल्याएको छ यो पनि राम्रो विषय आएको छ र एक स्थानीय तह एक उत्पादन कर्णालीको प्रमुख उत्पादनमा कर्णालीको ब्रान्ड बनाउने कुरा ल्याइएको छ। यो पनि एउटा महत्वपूर्ण कार्यक्रम आएको छ। कार्यक्रम मात्रै महत्वपूर्ण नभएर कार्यान्वयन कुन दिशामा जान्छ भन्ने कुरा आम कर्णाली बासीले हेरीरहेका छन्। त्यसका लागि पनि हामीले यो बजेटलाई बजेटसँग नीति कार्यक्रमलाई बजेटसँग कति तालमेल हुन्छ भन्ने कुरा हामीले पनि हेर्ने जुन अबसर तीन ओटा बजेटमा हामीले हेरी रहेका छौं । त्यस्कोको उपलब्धीहामीले हेरीरहेका छौं र अहिलेको वर्षमा त्यसो नभैकन यस्ले पक्कै पनि केही प्रभाव छोड्ने छ भन्ने आशा पनि लिएका छौंल। सभामुख महोदय, यसै गरि मैले यो बजेटमा आफुलाई लागेको तर्फबाट र आफुले सरकारलाई अझ यो बजेटले केही त्यस्तो ठाउँ छुन सकेको भए अझ राम्रो हुने थियो भन्ने आफ्नो तर्फबाट मैले एउटा जनप्रतिनिधिको हिसाबले मैले सरकारलाई केही सुझाव राख्न चाहन्छु। जसै गरि हामीले यो कर्णाली प्रदेशमा तीन वटा बजेट ल्याईरहदा कर्णाली प्रदेशको कति किलोमिटर बाटो आजसम्म हामीले खन्यौ त। तीन वटा बजेट ल्याउदा कति किलोमिटर बाटो हामीले खनिसक्यौ, अब हामीले खन्न पर्ने कति किलोमिटर बाटो हो। त्यस्को लागि बजेट कति हो ? प्रष्ट रुपमा किन आउन सक्दैन ? किन ठोस रुपमा आउन सक्दैन ? कति खन्न बाँकी छ अब हामीले कति सडक संजाल जोडिनु पर्ने हो ? कति किलोमिटर, ५०० हो कि १००० हो कि १५०० हो कि २००० हो कि खै हाम्रो त्यो लक्ष्य र उद्धेश्य मेल खाको ? किन खाईरहेको छैन अहिलेसम्म ? किन हाम्रो प्राथमिकतामा हामी त्यसरी पुग्न सकेका छैनौ ? यो कुरा अलि सरकारले बजेटमा मिलाउनु पर्छ भन्ने मेरो एउटा सुझाव छ र यसैगरी हामीले अहिलेको यो बजेटले भनिरहेका छौं, महामारी, भोकमारी, रोजगारी भनिरहेका छौं। तर हामीले रोजगारीका नारा गत वर्ष पनि लगाईरहेका थियौं र आइरहेको थियो कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम भनेर आएको छ। तर मुख्यमन्त्री रोजगार कार्यक्रम असारमा आएर कार्यान्वयनमा जाँदा अहिले हामीले सामाजिक संजालमा देखिरहेका छौं, प्रदेश सरकारका पदाधिकारीहरूले पनि देख्नुभएको छ। त्यो कति प्रभावकारिता कार्यान्वयन भयो। हाम्रो बजेट कसरी कार्यान्वयनमा पुग्यो ? त्यो उपलब्धी के हो ? त्यसले खासै प्राथमिकता दिएको देखिदैन। त्यसकारणले हाम्रा बजेट कार्यान्वयनको एउटा पाटो के हो ? के हो त्यस्तो चुस्तदुस्त कार्यान्वयन ? यो बजेटले बोल्नु पर्छ जस्तो लाग्छ मलाई। र अहिले रोजगारीका नाममा कति दिन दिने हो, हामी कर्णाली बासीका, कर्णालीका नागरिकलाई जो बेरोजगार छन्, जो श्रम गर्न योग्य नागरीक छन्, उस्ले काम गरेर, श्रम गरेर या कर्णालीका बाटा बनाउछन्, कर्णालीका कुला बनाउछन्, कर्णाली विभिन्न खानेपानी बनाउछन्, विभिन्न कामहरू गर्न सक्ने श्रम योग्य जनशक्ति छ। त्यस्ता युवाहरूलाई हामीले कति प्रतिशत रोजगारी दिने हो अहिलेसम्म हामीले कति दियौं र अब कति दिनु पर्छ, त्यो कुरा

यथार्थमा आउनुपर्छ भन्ने म सुझाव राख्न चाहन्छु। त्यसैगरी हामीले कृषि उत्पादन जोडिरहेका छौं। सभामुख महोदय, कृषि उत्पादन भनिरहेका छौं तर कति उत्पादन गर्यो ? धानमा हाम्रो कति वृद्धि भयो ? तरकारीमा हाम्रो कति वृद्धि भयो ? फलफूलमा हाम्रो कति वृद्धि भयो ? प्रत्येक वर्ष कार्यक्रम ल्याउछौं। त्यस्को उपलब्धी खै ? व्ययको मात्र हामीले विवरण गर्छौं। आयको विवरण खै ? खै कर्णाली प्रदेशले अहिलेसम्म त्यहाँ कहाँ पुग्न सक्यो भन्ने कुरा प्रष्ट रुपमा आउनु पर्थ्यो भन्ने मलाई सुझाव दिन चाहन्छु। सभामुख महोदय, मैले केही समय थप एक मिनेट पनि मैले समय माग्न चाहन्छु।

यो महामारी केन्द्रितसँग कर्णालीको स्वास्थ्यको कुरा जसरी बजेट आएको छ यो अझै थोरै छ। कर्णालीमा विभिन्न दुर्गम समुदायका महिला दिदी बहिनिहरूआज सुत्केरी हुन नपाएर स्वास्थ्य केन्द्रमा जान नपाएर ज्यान गुमाई रहनुभएको छ। अब यो बजेट त्यो वडासँग केन्द्रित हुनु पर्यो। त्यो वडामा त्यस्तो सुविधा सम्पन्न बर्थिङ सेन्टर गराउनु पर्यो । सुविधा सम्पन्न प्राथमिक उपचार पाउने नागरिकले यो यो बजेट केन्द्रित हुनु पर्यो भन्ने मैले सुझाव राख्न चाहन्छु। र यस्तै गरि यो कर्णाली प्रदेशका ५१% महिलाहरूलाई आज महिलासँग लक्षित वर्गसँग केन्द्रित भएर बजेट देखिएको छैन। कहिँ कतै घुमाउरो पाराले आएको छ तर त्यो पनि भोलि फेरि कार्यान्वयनमा केही समस्या आउँछ कि भन्ने हामीलाईआशंका हो। यधपी यो कार्यक्रमले महिला लक्षित कार्यक्रम पनि समेट्नु पर्छ। यस्तै गरि युवा लक्षित कार्यक्रमहरू पनि समेट्नु पर्छ।बालबालिका लक्षित कार्यक्रमहरू पनि समेट्नु पर्छ भन्ने कुरा मयहाँ राख्न चाहन्छु। अन्त्यमा मैले बालविकासका शिक्षिकाहरू किन राख्न खोजेको हो भने २७०० महिलाहरू आज त्यो बालविकास पेशामा कार्यरत छन् तर आज हामी श्रमको शोषण गरिरहेका छौं। आज श्रमको शोषण भैरहेको छ। ती महिलाहरूलाई पेटभरी खान सक्ने हामीले दिन सकिरहेका छैनौं। प्रदेशले गर्न सक्थ्यो होला। यो गर्दिएको भए २७०० महिलामा मुहारमा हसिलोपना आउथ्यो भन्ने म शुझाव राख्न चाहन्छु। यसैगरी विद्यालय कर्मचारीको अवस्था पनि त्यस्तै छ। यो कुरालाई पनि मैले यहाँ जोडदार रुपमा सुझावका राख्न चाहन्छु। र अन्त्यमा निर्वाचन पूर्वाधार कोष भनेर गत वर्ष ल्याईयो । अहिले विशेष पूर्वाधार कोष भनेर ल्याइएको छ, कुनै ४० जना सांसदहरूलाई कहिँ कतै विभेद नगरीकन सरकारले उच्च प्राथमिकतामा राखेर ध्यान पुऱ्याओस् । उच्च प्राथमिकतामा राखेर कहि कतै बिभेदको झझल्को नझल्किने गरि यो बजेटले सम्भोदन गरोस भन्ने म विश्वास राख्न चाहन्छु। अन्तमा मैले प्रदेशमा बिकाश साझेदारी संस्थाहरू कति छन् यो प्रदेशमा विकासका साझेदारी संस्थाहरू कति छन्। यो कर्णाली प्रदेशको प्राथमिकतामा पर्छन कि पर्दैनन् । यो कर्णाली प्रदेशको महामारी भोगमारी र रोजगारी सँग ती विकासका साझेदारी संस्थाहरूले सम्मोन्वयन गर्छन कि गर्दैनन् यो कुरा पनि बजेटमा बोल्नुपर्छ भन्ने मैले सुझाव राख्न चाहन्छु। धन्यवाद!

**माननीय उपसभामुख:-** माननीय श्री कृष्ण शाह,समय सात मिनेट। त्यसपछि माननीय श्री राजु नेपाली तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री कृष्ण शाहः-** माननीय सभामुख महोदय आज हामी छैटौं अधिवेशनको पन्ध्रौं बैठकमा उपस्थित भैराखेका छौं। यो गरिमामय बैठकमा हामीले आर्थिक वर्ष०७७/०७८ को बजेट वक्तव्य माथिगम्भिरढङ्गले छलफल गरिराखेका छौं। बजेट वक्तव्य हेर्दाखेरि शैली र भाषाका हिसाबले निकै सुन्दर ढङ्गले आएको छ, व्यवस्थित ढङ्गले आएको छ। र शुद्धाशुद्धीलाई पनि एकदमै ध्यान दिएको छर सबै क्षेत्र समेटिएको छ। धेरै पुराना योजनाहरूले निरन्तरता पाएका छन। केही नयाँ योजनाहरू पनि आएका छन् तर निकै मेहनत गरेर ल्याउनुभएको छ। यसको लागि म माननीय मन्त्रीज्युलाई धेरै धन्यवाद दिन चाहन्छु। सभामुख महोदय, मेरो एउटै प्रश्न छ, हाम्रो बजेटमा अपनाइने तौर तरिका शैली आजसम्मका बजेटका निर्माण गर्ने स्टाईल हेर्दाखेरि सायद यहि तौर तरिकाले हामीले संविधानत भन्दै आइरहेको समाजवादको बाटो हामी तय गर्न सकौला ? मलाई त्यो प्रश्न उब्जिराखेको छ र यो जिज्ञाशाको विषय पनि बनिराखेको छ। हामीलाई थाहा छ सभामुख महोदय,व्यवस्था बदलिएको छ, परिस्थिति नयाँ छ र हाम्रा प्राथमिकताहरू पनि बदलिएका छन् र हाम्रा नीति कार्यक्रमहरू, बजेट वक्तव्यहरू पुरानै परम्परालाई बोकेर आइरहेका छन्। हाम्रा योजना निर्माण र वितरणका तौर तरिकाहरू पुरानै कर्मकाण्डी भैराखेका छन् र आज सोच्नै पर्ने बेला भएको छ र यहि तरिकाले हामी समाजवादको बाटो हिड्न सकौला ? गम्भिरविषय बनिराखेको छ। सभामुख महोदय, म बजेटको बुँदा तिर जान चाहान्न र अंक तिर पनि म जान चाहान्न। केवल मैले सामान्य छलफलमा भाग लिइ राखेकि छु र त्यसैले मैले सामान्य विषयउठाइराखेको छु। हामीले तीनवटा बजेट पार गरिसकेका छौं। यो चौथो बजेटमाथि छलफल गर्दै छौं। यहाँसम्म आइपुग्दाखेरि कर्णाली प्रदेश सरकारको आजसम्मका बजेटले कर्णाली प्रदेशको बहुआयामिक गरिबीलाई कति प्रसेन्ट घटायो ? र कुपोषण बाल मृत्युदर, मातृ मृत्युदर कति प्रसेन्ट घटायो ? र शिक्षा र स्वास्थ्यको क्षेत्रमा के कति सुधार आयो ? दलित महिला, भुईतहमा मान्छेको जीवनमा कति परिवर्तन आयो ? हामीले यसको हिसाब किताब गरेका छैनौं र हामीले कति किलोमिटर बाटो स्तरउन्नति गर्यौं र हामीले आज सम्मका बजेट निर्माण गर्दै गर्दाखेरि कति किलोमिटर बाटो ट्र्याक ओपन गर्यौं ? र समग्र त कर्णाली प्रदेशको विकासमा हामीले कति फड्को मार्यौं ? यो कुनै हिसाबकिताब नगरेर कुनै समीक्षा नगरेर हामी आजसम्म सोलोडोलो ढङ्गले हामीले बजेट निर्माण गरिराखेका छौं। त्यहिढङ्गले हामीले हाम्रो कार्यकाल धकेली राखेका छौं। हामीले वर्ष गुजारीराखेका छौं। यो दुखद पुर्ण स्थिति हो। यो हामी यसलाई गम्भिर ढङ्गले लिनुपर्छ भन्ने मेरो मत म यहाँ राख्न चाहन्छु। सभामुख महोदय,कम्यूनिष्ट पार्टीको नीति विधि विधान अनुसार हाम्रा घोषणापत्रहरू आज कुन कुनामा थन्किराखेका छन् र जनताका अगाडि हामीले गरेका बाचा बन्धनहरू, हामीले गरेका साझा प्रतिवद्वताहरू, कुन डायरीमा थन्किराखेका छन्। आज जनताले प्रश्न गरीराखेका छन्। आज कम्यूनिष्ट पार्टीका नारा संसारका मजदुर एक हौं भन्ने हामी लगाउछौं । हाम्रो नारा संसारका मजदुर एक हौं भन्ने छ तर हाम्रो कार्यशैली सरकारको बजेट नीति निर्माणको तौर तरिका हामी जनप्रतिनिधिको व्यवहार हेर्दाखेरि संसारका दलालहरू, घुसखोरहरू, भ्रष्टाचारहरू,

कमिसनखोरहरू एक हौं भन्ने इङ्गित गरिराखेको छ र त्यसैगरी सभामुख महोदय, मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ भनेर हामीले गीत गाउने गरीराखेका छौं। हामीले गीत गाउनेहरू आज सत्ताधारी भैसकेपछि साघुरीदै आफ्नै क्षेत्र आफै भित्र क्षेत्र भित्रको पनि आफ्नै गाउँ आफ्नै टोल आफ्नै घरपरिवार आफन्त तिर हामी केन्द्रित भैराखेका छौं। हो आफ्नो जात भनेपछि आज हामी हुरुक्क हुन्छौ र हामीले अर्को कुनै जात देख्दैनौ। आफ्नो क्षेत्र भन्दाखेरि अर्को कुनै क्षेत्र देख्दैनौ। आफ्नो जिल्ला देख्दैनौ र हामीले वर्गलाई भुलिसकेका छौं। हामीलाई यो तहसम्म पुर्याउने भुईतहका निर्धाहरू टुलुटुलु हेरेर बसिरहेका छन्। तिनिहरूतिर आज हामीलाई एक नजर फर्केर हेर्ने पनि फुर्सद छैन र त्यसैले सभामुख महोदय, हाम्रो आज चुरीफुरी बढिराखेको छ र म के भन्न चाहन्छु भने बजेट निर्माण र बितरणको दिशाले यी सबै कुराकाे अन्त्य गर्नु पर्छ र बजेटले आम जनताको अवस्था बदल्ने तिर जानू पर्छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु। सभामुख महोदय मैले यति भन्दै गर्दा खेरि हाम्रा बजेट निर्माणका कहिले सम्म हामीले बजेट निर्माण गर्दैगर्दाखेरि हामीले आजसम्मका बजेटहरू पार गर्दै गर्दाखेरि कार्यान्वयन गर्दैगर्दाखेरि के कसैको पनि कुनै ठाउँ कुनै क्षेत्र कसैको पनि जीवनमा उन्नति प्रगति सम्वृद्धि भएको छैन त ? निश्चित पनि यो हैन। प्रगति भएको छ उन्नति भएको छ। सम्वृद्धि भएको छ। सानो घेरामा भएको छ। निश्चित क्षेत्रमा भएको छ। हामीलाई थाहा छ, हामी केही जनप्रतिनिधि भन्नेहरूका घर घडेरीमा प्रगति भएको छ। हाम्रा आफन्तहरूले रोजगारी पाएका छन् र हाम्रा बिल मिलाउने कर्मचारीको जीवनमा उन्नति भएको छ र हाम्रा दलाली गर्ने बिचौलियाहरू जस्ले कागजपत्र मिलाउनमा माहिर छ उनिहरूको जीवनमा परिवर्तन आएको छ । र परिवर्तन त आकै छ, खास जनताका जीवनमा परिवर्तन गर्नेखालका बजेटहरू आएनन् र मेरो कमेन्ट, मेरो प्रश्न पनि यहि हो,हामीले यदि बजेट निर्माण गर्ने हो, यदि यो कम्यूनिष्ट पार्टीको दुईतिहाईको सरकार हो भने हामीले आम जनताको, कर्णाली बासीका जनताहरूको वास्तविक भुईतहमा रहेका जनताहरूको जीवन परिवर्तन गर्ने खालको बजेट ल्याउनु पर्छ । त्यो दिशामा हाम्रो बजेट अगाडि बढ्नुपर्छ ।हैन भने हामीले एकातिर भन्दै गरेको समाजवाद र हाम्रो हिड्दै गरेको त्यसको अपोजिट तिर हामीले पूँजीवाद भन्ने अर्थात के भन्ने त्यतातिर हिड्दै गरेको बाटो बीचको अन्तर विरोध मैले देखिराखेकी छु। ह्याँ स्पष्ट हुन हामी सबैले प्रयत्न गर्नु पर्दछ। यो एउटा अर्थमन्त्रीको मेहनतले मात्र सम्भब छैन। यो सम्भब छ त हामी सबै जनप्रतिनिधिहरू सरकारमा रहेका मन्त्रीज्यूहरू र हाम्रो अर्थमन्त्रीज्युको सामुहिक प्रयत्नले मात्रै हामी यी सबै समस्याहरूको हल गर्न सक्छौं र साँच्चिकै कर्णाली प्रदेशको सम्वृद्धिलाई हामी अगाडि बढ्न बढाउन सक्छौं। सभामुख महोदय, पहेँलो बत्ती बलिसकेसकेको छ र यस्ता धेरै कुराहरू छन्, जस्तो शिक्षामा शिक्षाको कुरा गर्दाखेरि आज हाम्रो के छ कर्णाली प्रदेश सरकारको शिक्षामा दायित्व एउटा निर्वाचन क्षेत्र एउटा प्राबिधिक कलेज शिक्षालय बनाउने हो त। यति नै हो ? यो पनि प्रश्न उठेको छ। हामीले शिक्षामा किन बजेट छुट्याउन सकेनौ ? शिक्षामा हामीले किन बजेट लगानी गर्न कन्जुस्याइँ गर्यौं ? त्यसैगरी अगाडि पनि कुरा उठ्यो। हाम्रा दिदी बहिनीहरू ग्रामीण क्षेत्रमा

जहाँ स्वास्थ्य क्षेत्रको पहुँच .....(**माननीय उपसभामुख:-** सक्नुहोस् माननीय सक्नुहोस्) पहुँच नभएको क्षेत्रमा आज मातृ मृत्युदर बढिराखेको छ। यो स्थितिलाई घटाउनको लागि प्रत्येक वडामा हामीले व्यवस्थित बर्थिङ सेन्टर बनाउने कुरामा मैले बारम्बार उठाइरहेको छु। यो कुरा किन नजरअन्दाज गरिएको छ ? सभामुख महोदय, मैले के भन्न चाहन्छु भने यी त केही कुरा मात्रै हुन्। तर मुख्य गरि २/४ कुरा घट्ने र थप्ने कुरा भन्दा पनि मुख्य कुरा हाम्रो बजेटको तौरतरिका बनाउने स्टाइल र दिशा जबसम्म हामीले बदल्दैनौ तबसम्म हामीले सहि ढङ्गले अगाडि बढ्न सक्दैनौं । मैले सरकार सामु यहि सुझाव राखे। मन्त्री सामु यहि सुझाव राखे । विदा हुन्छु, धन्यवाद!

**माननीय उपसभामुख:-** माननीय श्री राजु नेपाली, समय सात मिनेट। त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अवस्था रहनु होला।

**माननीय श्री राजु नेपाली:-** सभामुख महोदय, छैटौं अधिवेशनको पन्ध्रौं बैठकको आर्थिक वर्ष ०७७/०७८ को बजेटमा छलफलमा भाग लिईरहदा आफुलाई गौरव महसुस गरेकि छु। किनभने सायद छुटेको जस्तो भित्र कहिँ कतै केही देखिदैन।अत्यन्तै सुन्दर तरिकाले आएको छ। हुनत यो महामारी कोभिड-१९ को एकदमै चुनौतीको बाबजुद यो बजेट आएको छ। मेहनत अत्यन्तै गरेरै आएकै हो, धन्यवाद दिनै पनि पर्यो। यहाँ धेरै माननीयज्युहरूले उठाइसक्नु भएको छ कुरा, हामी सधै भरी कुरा,उठाइरहने हो कि, कुरा मात्रै उठाउने काम तिर नगएर, काम तिर लाग्न पाएको भए सायद यो प्रदेशको मुहार फेरिन्थ्यो होला। पहिलो वर्ष हाम्रो त्यतिकै गयो समय, नतिजा देखिने बेला अब भएको छ। दोस्रो र तेस्रोमा नतिजा देखिनु पर्ने हैन र ? आज कहि कतै नतिजा देखिने जस्तो त ह्याँ देखिदैन त! हामीले सोचेजस्तो, हामी हिजो जनताका घर दैलो गर्दा बोले जस्तो र ती बोलेका कुराहरू हामीले कहिँ कतै फेरिका दिनमा ती कुराहरूले हामीलाई समस्या नआउला भन्न सकिदैन र हामी कतिवटा कार्यक्रम यहाँ धेरै कुराहरूमा स्थानीय तहसम्म साझेदारी, साझेदारी-साझेदारी। यो प्रदेशको संरचना झल्काउने भनेको यो प्रदेश हैन र ? कहि कतै हामी साझेदारी गर्दा पनि हाम्रा दुईजना कर्मचारी राखेर हाम्रो आफ्नो कार्यक्रम अपनत्व हो भन्ने झल्काउन सकिदैन र ? त्यतातिर ध्यान जानू पर्छ कि जस्तो लाग्छ मलाई। हेर्यौं त हामीले अहिले। यो महामारी कै अवस्थामा हामीले हेरेनौ र ? प्रदेश सरकारले स्थानीय सरकारलाई जे जति सहयोग दिनुपर्ने थियो दियो, तर हामी माननीयहरू र टुलुटुलु हेरेर घरभित्र बसेर हेरेको हैन र ? कमसेकम त्येहाँ पनि माननीयहरू छन् भनेर अलिकति पनि त्यो कार्यविधि सायद कार्यविधिमा हामी नपरेकै कारणले होला। कार्यविधिमा त त्येहाँ सम्म गएको भए कर्णाली सरकारको अनुभुती गर्ने थिए ती जनताहरूले । त्योभन्दा गर्न, त्यो चाहिँ अनुभुती गर्न पाएनन् र हामी यो कतिपटक भन्ने होला। तीनवटा कार्यक्रम यो भन्दा पहिला पनि केरे अब राम्रोसँग बोल्न त आउदैन त्यो हाम्मा केरे हाम्मा अँ मन्त्री हाम्मा के कुडा, के हाम्मा मुख्यमन्त्री हाम्मा कुडा भन्ने कार्यक्रम चलेको कति भयो ? सबैले बुझ्नुहुन्छ होला। चलेको त धेरै भयो होला। यस्ले नतिजा कति दियो ? कसैले हेक्का राखु भयो कि भएन सरकारले।हेक्का राख्यो कि राखेन ? र

अझ फेरि गएर ह्याँ रिगाई घुमाइ रुम्झाटार भनेजस्तै यो दुई वटा कार्यक्रम अझै छ तर पैसा एकैठाउँमा जोडिएको छ। समग्रलाई समेटिएको जस्तो छ। रोजगारका कार्यक्रम मैएक करोड, एक अरब बीस करोडको कुरा रह्यो। यसो नगरौं न। भ्याईनभ्याई नगरौं के, सकिदैन। बजेट खर्च गर्ने बाटो कसरी हुन्छ,कहाँ हुन्छ, त्यतातिर लगाउ। अहिलेको बजेट यति मात्रै यो मुख्यमन्त्री स्वरोजगार कार्यक्रम तीनवटा हुन्छ। तीन वटा नगरौं, एउटैलाई राम्रो पहिला प्राथमिकता दिउँ एउटैलाई चलाउँ। अनि यसको नतिजा राम्रो भयो भने अर्को साल बरु पाँचवटा बनाम्ला। पाँचवटै कार्यक्रम के रोजगार, के रोजगार भनेर राख्दा पनि हुन्छ। यसलाई पनि अलि संशोधन नै गर्नुपर्छ जस्तो लाग्छ। यो प्रदेशमा सत्र लाख दलितहरू छन्। सत्र लाख जनता, हाम्रा भनम जनताहरू छन्। त्यस मध्य पनि पाँच लाख त झण्डै दलितहरूको बाहुल्यता छ। हामी ह्याँ माननीयज्युहरू पाँचजना छौं। एक एक लाखको दरले पनि हाम्रा भागमा पाँच लाख दलित एक एक लाखको दरले भाग पर्छ तर खै आज बजेटमा बजेटमा शुन्य देखिन्छ। नाम चाहिँ लेखिएको छ यहाँ धेरै ठाउँमा लेखिएको छ। दलित महिला जनजाति सबै समग्रमा लेखिएको छ। कति हो त ? त्यसलाई पनि अलिकती जनसंख्यालाई पनि अलिकति मध्यनजर गरेर कार्यक्रम ल्याए, त्यो त राम्रै हुन्थ्यो होला। र ह्याँ महिलाहरू आधाहिस्सा ओगटेका भन्ने, हिजो भोट हाल्ने महिला मात्रै हुन्। ती निमुखा गरिबहरू हुन्। कहिँकतै बाहिर नगएर यहीँ देशमा, यहीँ प्रदेशमा धुलो माटोमा खेलेर, यहिँ देशमा भारी बोकेर उकाली ओराली गर्ने महिला र दलित निमुखाले हालेको भोटले हामी यहाँ आएका छौं। अब अहिले सम्बोधन नगरेको कहिले गर्ने ? अब समय घर्किदै गईसकेको छ। हामीले नसोच्ने हो भने जुन नाराले पनि कुनै केहि नाराले मात्रै केही हुँदोरहेन्छ भन्ने कुरा प्रमाणित भैसकेको छ सभामुख महोदय! यो किताब ल्याउनु ठूलो कुरो हैन, यहाँ आएको, यो किताब भित्र लेखिएको कुराहरूले मात्रै र यो किताबले मात्रै पनि यहाँ हुने र यो प्रदेशको कायापलट हुने केही छैन। समस्या हैन तर कार्यान्वियनमा समस्या देखियो। सभामुख महोदय मार्फत कर्णाली प्रदेश सरकारलाई भन्न चाहन्छु म यो कहिँ कतै ल्याएका कुराहरूलाई तोड्मोड नगरीकन लागू गरियोस् र कार्यविधि बनाउने बेलामा यसको अब रातो किताब आउने बेलामा आउने छ भन्ने कुरा राख्दै पहिला वर्षको जनता सडकको कुरा निरन्तरनै छ तर अहिले चाहिँ कटाइएछ। त्यो जनता सडकलाई जस्ताको त्यस्तै गरेर अहिले पनि राखिनु पर्छ। त्यसलाई कहिँ कतै तोडमोड गरिनु हुँदैन। हामीलाई देखे र बुझ्ने तरिकाले गएको बजेट हो। त्यहित्यहि बजेटले मात्रै हामी माननीय हौं भनेर चिनिएका हौं। त्यसलाई चाहिँ अब आउने रातो किताबमा लेखिनु पर्छ भन्दै मैले आफ्ना भनाइहरू यहीँ अन्त्य गरे, हस्त धन्यवाद!

**माननीय सभामुख:-** माननीय श्री दानसिंह परियार। यसपछि माननीय श्री वीरबहादुर शाही तयार रहनु होला।

**माननीय श्री दानसिंह परियार:-**सभामुख महोदय आर्थिक वर्ष०७७/०७८ को बार्षिक बजेटमा चाहिँ आफ्नो धारणा राख्नका निमित्त म यहाँ उपस्थित भएको छु। स्वास्थ्य शिक्षा उत्पादनमा

आपूर्ति, रोजगारी आजिविका पूर्वाधार र सम्वृद्धि भन्ने मुल नाराका साथ यो बजेट सदनमा प्रस्तुत भैराखेको छ र धेरै जसो हामीले तीनवटा चाहिँ आर्थिक वर्षमा धेरै धारण पनि राख्यौं हामीले। हरेक वर्षको नीति कार्यक्रम बजेट बार्षिक बजेटमा हामीले कार्यक्रम राख्यौ, धारणा राख्यौं र हामीले वास्तवमा बजेटलाई कसरी चाहिँ हामीले अगाडि लग्यौं भन्ने सन्दर्भमा चाहिँ केही कुराहरू राख्न चाहन्छु। आज पहिलो कुरा म यहाँ राख्न चाहन्छु कि, यो बजेटमा मेरा केही प्रश्नहरू छन् र केही सुझावहरू पनि छन्। मैले आज हामीले एउटा जनप्रतिनिधिको नाताले संसदमा बोलिरहदा कर्णालीका आमजनताले हेरिराख्या छन् कि संसदमा चाहिँ, बार्षिक बजेटमा चाहिँ जनताका जनप्रतिनिधिहरूले के बोलिराखेका छन्। कर्णालीका आम जनताले चाहिँ यसको चाहिँ उत्तर खोजिराख्या स्थिति हो। त्यसो भएकोले म यहाँ के कुरा राख्न चाहन्छु कि केहि प्रश्नहरू छन् मेरो।पहिलो प्रश्न के छ भने के यो बजेट साँच्चिकै जनमुखी छ ? यो मेरो पहिलो प्रश्न हो। दोस्रो मेरो प्रश्न छ यो बजेट बनाउदा हामीले चाहिँ कुन कुन सुचकलाई चाहिँ आधार मानेर बजेट बनायौं ? के मागेर मात्र बजेट पाउने हो ह्याँ ? अनि बजेट बनाउदा कुन कुन ईन्डिकेटरमा टेकेर हामीले प्लानिङ गर्यौं ? मैले यो प्रत्येकवर्षको चाहिँ नीति कार्यक्रममा यो बोलिराखेको छु र यो वर्षको बजेटमा पनि कुनै सुचकलाई टेकिएको छैन यहाँ तपाईंले। सुचक बिनाको चाहिँ बजेट बनाइएको छ गोलमोडल बाट चाहिँ यो बनाइएको छ यो कसरी भयो ? र अर्को कुरा हामीले बारम्बार भनेराख्या छौं पछाडि परेको वर्ग समुदायलाई मुलप्रभावीकरण गर्नको निमित्त हामीले सकारात्मक विवेकको नीति चाहिँ अबलम्वन गर्यौं कि गरेनौ ? यो बजेटको कुन शिर्षकमा चाहिँ हामीले सकारात्मक विवेकको नीति चाहिँ अबलम्वन गरीराख्या छौं। यो प्रश्न छ मेरो तपाईंलाई र यो बजेटले साँच्चै सामाजिक न्याय गरीराख्या छ त ? यो पनि मेरो प्रश्न छ। र अर्को प्रश्न तपाईंको यो बजेट बाट साँच्ची गरिबहरूले पाउछन् त तपाईंको चाहिँ के प्राप्ति गर्छन् गरिबहरूले ? मैले यसो हिसाब गरे यो ३३ अर्बको बजेट कर्णालीभरिका प्रत्येक घरधुरीलाई दिने हो भने करिब एक घरलाई दशलाख भन्दा बढि पर्दोरहेछ। तर साँच्चिकै गरिबले एक रुप्या पनि पाउदैन। यो त के देखियो भने तपाईंको चाहिँ संसदीय व्यवस्थामा चाहिँ नवबुर्जुवाहरू फेरि चाहिँ सत्ता र शक्तिमा यो र त्यो घुमाइ फिराई फेरि चाहिँ यो सबैबजेट आफुले नै प्रयोग गर्ने चाहिँ एउटा संयन्त्र जस्तो देखियो। यो हामीले प्रत्येक घरमा बाँडे दस लाख पाउदो रहेछ मान्छेले। दस लाख रुपैया कुनै बैंकमा राखिदिए मासिक दस हजार बीस हजार त उस्ले ब्याज पाउदो रहेछ त। तर यो बुर्जुवा टाईपको बजेट छ। त्यसो भएको हुनाले धेरै कुरा राखिन मैले। यहाँ धेरै कुरा उठिराख्या छ तपाईंको चाहिँ। गत वर्षका चाहिँ के कार्यक्रमलाई क्रमागत गरिएको छ। तर महत्वपूर्ण कार्यक्रम चाहिँ छुटाइएको छ। जनता सडक हामीले सबै भन्दा गौरव चाहिँ आयोजनाको रूपमा लग्या छौं, यो वर्ष जनता सडकलाई भ्रमित बनाइया छ। यो कसरी भयो त भन्या। त्यसपछि आएर तपाईंको चाहिँ रोजगार-रोजगार-रोजगार भनिएको छ। प्रत्येक मन्त्रालयवाईज रोजगार छ फेरि हामीलाई त यो वर्ष अतिखुशी लागेको छ अब कर्णालीमा कोहि पनि बेरोजगार बस्नु पर्दैन। सायद अरु प्रदेशका मान्छे पनि कर्णालीमै

रोजगार खोज्न आउछन् कि भन्ने पनि मैले सोचिराख्या छु। प्रत्येक मन्त्रालयमा चाहिँ तपाईंको रोजगार। ठोस रुपमा हामीले कुन विधि र प्रक्रियाबाट ठोस गर्ने हो त र कुन चिजबाट चाहिँ कर्णालीका चाहिँ आम जनतालाई रोजगार दिन खोज्या हौं भन्ने कुरा त निजीमा प्रश्न छैन फेरि यो। कार्यक्रम बजेटमा पनि यो प्रश्न छैन। यो रोजगारीको बारेमा त्यो कुरा राख्न चाहन्छु र अर्को कुरा जहिले पनि हामीले भन्यौं अहिले महामारी रोजगारी र भोकमारी यो तीन वटै कुरा नारा अत्यन्तै राम्रो छ फेरि। तर साँच्चिकै हेर्ने हो भने यो तीनवटै कुरालाई यो बजेटले सम्बोधन गर्दैन फेरि। रोजगारीलाई पनि सम्बोधन गर्दैन यस्ले फेरि। कहिँ बाटो झार्नेहरूले केही खालान। तर आमूल चाहिँ मान्छेको जीवनस्तर चाहिँ परिवर्तन, रोजगारी, योबाट सृजना गर्न सक्दैनौं हामी फेरि किन भने हामीसँग कुनै गौरवका आयोजना छैनन्। हामीले तय गरेको समाजवाद उन्मुखको अर्थव्यवस्थाको आधार निर्माण गरि र त्यसका निमित्त चाहिँ प्रदेश पूँजीको विकास गर्ने र अधिकतम चाहिँ प्रदेश पूँजीको विकासमार्फत चाहिँ गरिब निमुखाहरूको चाहिँ आधारभूत संरचनामा चाहिँ परिवर्तन गर्ने हाम्रो ध्येय हो। तर हामीले देख्यौ करको अवस्था हेर्दा सबै भन्दा कमजोर करको अवस्थाकहाँ छ, कर्णालीमा छ। सबै भन्दा चाहिँ आन्तरिक स्रोतको चाहिँ कम्जोर अवस्था कहाँ छ, कर्णालीमा छ। सबै भन्दा चाहिँ ५२ प्रतिशत चाहिँ बहुआयामिक गरिबी चाहिँ कहाँ छ, कर्णालीमा छ। त्यसो भएकोले हामीले भन्यौं कम्यूनिष्टहरू कमसेकम सत्तामा हुँदा हिजो भन्दा हामीले फरक के अभ्यास के कार्यक्रम केही त्यो साँच्चिकै गरिबहरूलाई, मैले त देखिराख्या छु ह्याँ त। कोहिकोहि त कस्तो पनि देखिराख्या छ भने ह्याँ त दलितहरूका नाम देखे निन्द्रा नलाग्ने मान्छेहरू पनि छन् यहाँ। मैले त धन्दै सुने एउटा छात्राबास सै छ तपाईंको चाहिँ। हामीले भन्यौं दलितहरूको नाम सुन्न नचाहने हो भने कर्णाली प्रदेशबाट सबै जात व्यवस्था हटाउन हामी त्यो संकल्प गरौं न। वर्गियता गरौं त। इन्डियामा गरि राख्या छ त। धेरै विकसित देशमा गर्या छन् त। रेड कार्ड दिउँ, ग्रिन कार्ड दिउँ, एलो कार्ड दिउँ। अनि एकातिर चाहिँ शासकिय व्यवस्थालाई चाहिँ कन्टिन्यु दिने अनि अर्को तिर चाहिँ त्यो नाम सुने पनि निन्द्रा नलाग्ने मान्छेहरू पनि छौं हामी। अनि मत दिनको लागि त्यो आधार नभाएका मान्छेहरू कहाँ गएर चुनावमा सबै भन्दा बढि दलितका नारा तिनै गर्छन्। के साँच्चिकै कर्णालीमा ५२ प्रतिशत गरिबको एउटा कारण साँच्चिकै महिलालाई माथि नल्याएर हुन सक्छ ? दलितहरूलाई माथि नल्याएर हुन सक्छ ? अपाङ्गहरूलाई माथि नल्याएर हुन सक्छ ? यी बेरोजगार युवालाई रोजगारी नदिई हुन सक्छ ? कर्णालीको चाहिँ बहुआयामिक चाहिँ गरिबीको ठोस हामीले चाहिँ एजेन्डा तय नगरेर हुन सक्छ ? हाम्रो गन्तव्य के हो ? कर्णाली प्रदेशमा चाहिँ हामीले खोजेको सम्वृद्विको क्षेत्र कहाँ हो ? मैले बारम्बार संसदमा यो कुरा उठाइराखेको छु कुन क्षेत्रबाट हो हामीले ? हाईड्रोबाट हो कि ? यो पनि हामी ठोस गरौं। पर्यटनबाट हो भने त्यतै लगानी गरौं। शिक्षाबाट हो भने सबैभन्दा बढि त्यहाँ लगानी गरौं । हेर्दा तपाईंको चाहिँ धेरै परिवर्तनगामी जस्तो, तर यसको कुनै यो बजेटको कुनै डेस्टिनेसन छैन। कुनै गन्तव्य छैन। यो बजेटले हामी जान खोजेको क्षेत्र कहाँ हो ? हामी पुग्ने गरेको क्षेत्र ठोस गरिराख्या छैन। त्यसो

भएकोले एकातिर हामीले देखिराख्या छौं, नयाँ परिवर्तनको कुरा, समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्ने, हाम्रौ पालामा हाम्रै चाहिँ अवस्थामा, अर्कोतिर चाहिँ हाम्रा निजी कार्यक्रम बजेट चाँहि तय गर्दा नितान्त चाहिँ बुर्जुवा शैलीमा हामी गर्छौं। अनि भनसुनको आधार, अनि सत्ता शक्तिको आधारमा, अनि कुनै दृष्टिकोण विहिन, यो हामीले बजेट तय गरिराखेका छौं। त्यसो भएकोले साँच्चिकै हामीसँग अब दुई वर्ष मात्र बाँकी छ। के कर्णालीमा हामीले चाहेको काम गर्न सक्यौं त हामी सत्ता र शक्तिमा हुँदा ? आम कर्णालीका जनताका कुन कुन मुद्दालाई हामीले सम्बोधन गर्यौं ? के साँच्चिकै बेरोजगारीको समस्या समाधान गर्यौं हामीले ? के साँच्चिकै भूमिहिनहरूको समस्या समाधान गर्यौं हामीले ? के साँच्चिकै आवासविहिनहरूलाई चाहिँ मुल प्रवाहिकरण गर्ने कार्यक्रम ल्याउन सक्यौं ? साँच्चिकै कर्णालीका महिलाहरूलाई माथि ल्याउने हामीले ठोस कार्यक्रम तय गर्न सक्यौं ? केही पनि त छैन हामी सँग,त्यसो भएकोले तीन वर्षको कार्यकाल तीनवटा आर्थिक वर्षको बजेट हेर्दा न हामी कार्यान्वयनमा गयौं। अहिले त झन के गरीएको छ भने तपाईंको चाहिँ वहुवर्षिय आयोजनाका नाममा गतवर्षका केही आयोजनाहरूलाई निरन्तरता गर्ने र पहिलो वर्षमा चाहिँ बजेट नपरेका जिल्लाहरूमा फेरि चाहिँ बजेट असन्तुलन चाहिँ यो वर्ष सन्तुलन गर्न सकेनौ। के साँच्चिकै बजेट सन्तुलन हामी गर्न सक्छौं त ? त्यसोभएकोले अन्यमा म के भन्न चाहन्छु भने बजेटको प्लानिङ्ग गर्दा सुचकहरूलाई तय गरियोस्। बजेट ठोस रुपमा चाहिँ सकारात्मक रुपमा बजेटको प्लानिङ्ग होस् र अन्तिममा म के कुरा राख्न चाहन्छु भने अबको चाहिँ प्रत्येक मन्त्रालय वाईजको चाहिँ बार्षिक विकास कार्यक्रम हामी ल्याउदैछौं । त्यो बार्षिक विकास कार्यक्रममा चाहिँ सबै जिल्ला, सबै निर्वाचन क्षेत्रमा चाहिँ न्यायोचित तरिकाले चाहिँ बजेट वितरण होस् । यदि त्यो तरिकाले चाहिँ बार्षिक विकास बजेट आएन भने हामी त्यो ढङ्गले संसदमा प्रस्तुत हुन्छौं भन्ने भनाई राख्दै मेरो भनाई यहिँ टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय सभामुख:-** माननीय श्री वीरबहादुर शाही। यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनु होला।

**माननीय श्री वीरबहादुर शाही:-**सम्माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/०७८ को बजेट माथि छलफल गर्दै गर्दा अहिले हामीले यो चौथो बजेटमा छलफल गर्न गईरहेका छौं। र यो चौथो बजेटमा किताब हेर्दै गर्दा उहीँ ०७६/०७७ को बजेटमा दोहोरिएको देखिन्छ।नयाँ त रोगले ल्याएको कोभिड-19 त्यो मात्र नयाँ देखिन्छ। अरु सबै पुरानै ढाँचामा आएको देखिन्छ र तेस्रो बजेट भित्र हामीले कर्णाली प्रदेशमा कतिवटा हामीले, कति किलोमिटर सडक खन्यौ ? कति सिचाइबनायौं ? कति वटा हामीले खानेपानी दियौं ? त्यो समस्या सरकार सामु गर्नु पर्छ। र ह्याँ अत्यन्तै राम्रा कुराहरू पनि आएको छन्। अब यो किताबले १७ लाख कर्णाली प्रदेशलाई मुटुमा छुने किताबमा लेखिएको छ र यो बडोमेहनतका साथमा चाहिँ किताब आएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु। ह्याँ शिक्षा क्षेत्रमा हेर्ने हो भने लेखिएको छ जबकि यो कोभिड-19 कै कारणले हिमाली जिल्लाका अहिलेसम्म मङसिर बाट छुट्टि हुन्छ, पाँच/छ महिनासम्म पढाइ

भएको छैन। ह्याँ आएको छ,रेडियो एफ.एम बाट चाहिँ सुधार गराउने, टेलिभिजनबाट गराउने, ईन्टरनेट सेवा शुरू गराउने,हामीले कर्णाली प्रदेशमा कतिवटा ठाउँमा चाहिँ दुरसचार, हामीले बत्ती बालेका छौं ? कति ठाउँ चाहिँ एफ.एमका अफिस राख्या छौं ? त्यसमा ध्यान जानू पर्ने हो कि हैन ? पहिलो पार्टीमा त हामीले कर्णाली प्रदेशमा कुन-कुन ठाउँमा अहिलेसम्म चाहिँ संजाल आयाछैन, फोन सम्म भको छैन। बत्ती छैन, अहिलेसम्म क्यारे रुखको चाहिँ काठ काटेर बालिराख्या छन्। अनि कार्यक्रम लियो चाहिँ अब अन्तर्राष्ट्रिय चाहिँ भाषा प्रयोग गरिएको छ। यो कर्णाली प्रदेशमा लागू हुने हो कि हैन ? यसमा सरकारले ध्यान दिनु पर्ने हो कि हैन ? अब एउटा लोकप्रिय जनता सडक आएको थियो । जनता सडक पनि गोलमेल पार्दै घुमाइएको छ। यो माननीय संसद हो भने खल्तीमा लिएर घरमा गएर बाड्ने त होइन नि त, जनताको विकासको निमित्त ल्याएको बजेट हो। त्यो ल्याएको कार्यक्रम हो। त्यसको पनि नीति, विधि गएको छ। त्यो पनि अहिले चाहिने गोलमोल हिसाब लिएको छ। यहाँ लेखिएको छ एउटा, संघीय सरकारलाई प्राथमिक गर्ने हुम्ला, सुर्खेतबाट हुम्लासम्म चाहिँ सडक छ एउटा। के त्यो भेरी करिडोर पनि, क्या कर्णाली प्रदेश भित्र पर्दैन ? त्यो पनि सेवा गर्नसकिने थिएन ? अब अहिलेसम्म चाहिँ जाजरकोटबाट चाहिँ डोल्पासम्म पुग्नलाई कुनै पुल ल्याए छैन, बाटो बनेको छैन। त्यो पनि संघीय सरकारलाई सिफारिस गर्न सकिन्थ्यो त। यो किताबमा हाल्न सकिन्थ्यो। ह्याँ त पहुँचको आधारमा निर्णय, किताब आएको छ। आवश्यकता अनुसार जानू पर्यो। हुन सक्छ हामीले त्यो हुम्लाको लागिविरोध गरेका होइनतर त्यो केन्द्रीय सरकारलाई सिफारिस गर्दा, त्यो भेरी कोरिडोर गरेपनी फरक त पर्थेन होला। ह्याँ आएको छ, गत साल पनि आएको थियो, संग्रहालय हामीले कतिवटा बनायौं ? अहिले पनि आएको छ फेरी, अब अहिले यो महामारीका लागि जो बजेट आएको छ बजेटलाई चाहिँ त्यो स्वास्थ्य क्षेत्रमा दुई अरब सत्र लाख आएको छ,एकदमै चाहिँ सर्हानीय छ। यसलाई चाहिँ हामीले सरकारलाई धन्यवाद दिनु पर्छ। र स्यानाछाना फेरि आएछ त, होमस्टे। हामीले गतसालको होमस्टे कति बनाएका छौं, अब कति बनाउनु पर्ने हो फेरि। फेरि चाहिँ छोरुवा तालमा चाहिँ गएर, आर यो हामी यौटा चाहिँ क्यार आँखामा छारो हाले जस्तै बनाइएको छ्यो। अब निर्वाचन पूर्वाधारविकास कोष भने गतसाल आएको थियो निर्वाचन पूर्वाधार, अहिले फेरि त्यसलाई फेरि घुमाइएको छ। प्रत्येक बुँदाबुँदामा हेर्दाखेरमा कोभिड-19, रोजगारी, कोभिड-19 त विश्व भरी आएको छ, यो नयाँ रोग हो यो नयाँ चाहिँ यसलाई चाहिँ व्यवस्थापन त होला, त रोजगारी चाहिँ क्यार अब कर्णाली प्रदेशै नपुगेर बाहिरबाट ल्याउनु पर्छ जस्तो लाग्या छ, मलाई क्यार, प्रत्येक बुँदाबुँदामा रोजगारी छ। यो कार्यक्रम ल्याउनु राम्रो हो, अब कानुनी पक्ष कसरी जानू पर्छ त्यो चाहिँ सरकारले यो गम्भिरपुर्वक सोच्नु पर्छ र यो भन्दा अगाडिका हामीले योजना पनि हामीले कतिसम्म ध्यान दियौं त सरकारले। किताब मै सीमित भएर, हामीले हिजो जुन अवस्थामा आएको छौं, माननीयहरू त्यही अवस्थामा फर्किने अवस्था भैसक्यो। अब त हामी त अन्तिम चरणमा त पुगि सक्यौं। अब हामीसँग दुई वटा बजेट छन्। दुई वटा बजेट पछि फेरि चुनाव प्रक्रियामा जाने होला। र त्यो काम प्रति अगाडि बढ्ने होला। यसमा सरकारले

बजेट किताबमा लेख्दै मात्रै यो राम्रो प्रक्रिया हुँदैन र कानुनी प्रक्रियामा जसै गरिकन अगाडि, यो भन्दा अगाडि वर्षको चाहिँ बजेटमा गोलमेल हिसाबले काम भैरहेको छ त्यस्तो नहोस्। अहिलेसम्म चाहिँ भौतिक पूर्वाधारका योजनामा टेण्डर खोल्दै छन्, क्यान्सिल हुँदैछन्। त्यसलाई चाहिँ सुधार गरि लिनु पर्यो। अर्को आएको छ, ह्याँ मेसिनद्वारा एक करोड मुनीको बाटो, सडकहरू मेसिन नलाउने भन्ने कुरा आएको छ। यो त दुई वर्ष पहिले माननीय सांसदहरूले कुरा निकालिसकेका थिए, एक करोड भन्दामाथि तलको योजना उपभोक्ता समितिबाट शुरू गराउने, मेसिन नलगाउने, यो जनप्रिय हुन्छ। जनतासम्म पुग्छ भन्ने कुरा त आवाज उठिराख्या थियो । अब लास्ट स्टेजमा आएको छ। त्यसलाई मेसिन भन्दा पनि उपभोक्ता समिति बाटै प्रक्रिया अगाडि गयो भनेसी केही जनप्रभाव काम होला र फेरि पनि मेसिन त लाउने टेन्डरमा गयो, मेसिन नलाउने टेन्डरमा गयो भनेसी हिमाली जिल्लामा त्यो मान्छेले खनेको सडक त कहिले पुग्दैन, मेसिन लाउनु पर्छ। यो फेरि यो गुम्रामा हाल्ने काम आयोजक होस्, यसको चाहिँ एकदमै अब सच्याएर जानूपर्छ। कृषि क्षेत्रमा चाहिँ दुई अरब सत्र करोड नै आएको रहेछ। यसमा चाहिँ अब बजेट हेर्दा कता कता राम्रै छ। यो सरकारले धन्यवाद दिदै मेरो यो आर्थिक वर्ष २०७७/०७८ को बजेटलाई सम्बोधन गर्दै धन्यवाद दिदै, मेरो भनाइ यति गर्छु, धन्यवाद!

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर बिष्ट।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** माननीय सभामुख महोदय, म यो खासगरी ०७७/०७८ को बजेट जो आर्थिक मामिला मन्त्रीज्युले पेश गर्नु भएछ। त्यस उपर उहाँलाई धन्यवाद दिदै यो बजेटमा रहेका अपुराहरूका विषयमा म केही सुझावहरू राख्न गैरहेको छु। पहिलो कुरा यो छ नम्बर बुँदामा यो जसरी यो जनतालाई दोष लगाइएको छ । यो इन्डियाबाट फर्केका मान्छेले जोखिम बढ्यो, यो गलत छ, हन्ड्रेड प्रसेन्ट। बबईमा सरकारले क्वारेन्टाइनबाट असफल भएपछि त्यसपछि लिएर यो बढेको हो। यस्लाई सच्याउन पर्यो। बिचरा जनतालाई इतिहासको कलङ्क नलगाउन। बरु यो संसद सरकार कतिले लिने हो,हामीले लियौं । दोस्रो आठ नम्बरमा यो अरु यो योगदान भनेर लेखिएको छ, जनअनुमोदित कम्यूनिष्ट पार्टीको घोषणापत्र भनेर समेत लेख्नु पर्यो त्यसमा किन कि त्यस्कै उबाट टेकेर अहिले देश अगाडि बढिरहेको छ। अर्को कुरा अब ह्याँ चाहिँ अब माननीय अर्थमन्त्रीज्युले यो जस्तो उद्धेश्यमा एकदम राम्रो गर्नुभएको छ, प्राथमिकता पनि एकदम राम्रो गर्नु भएको छ। तर मलाई, ह्वाँलाई प्रश्न गर्न चाहन्छु, अर्थशास्त्रको सामान्य नियम के हुन्छ भने आधार र उपरी संरचना भन्ने हुन्छ। त्यस कारण देश र एउटा चाहिँ सुपर स्टक्चरको कुराहरू गर्दा खेरिहामीले यसमा चाहिँ बिना यो बजेट बिनाको तपाईंको परिकल्पनाहरू निकै नै फुस्रो कुराहरू र निकै व्याख्यात्मक छ। धेरै बुँदा जहाँसम्म लाग्छ मैले यो सबै भनौ भने ह्याँ समय छैन। यो झण्डैझण्डै फिफ्टि प्रसेन्ट बुँदाहरूत्यसरी आएका छन्। एकदमै तपाईंको कलात्मक ढङ्गले एकदमै चाहिँ निद्रा लाग्ने ढङ्गले साँझ सुत्ने बेला पढ्यो भने। यसलाई चाहिँ तपाईंको हटाउँ। यो बजेट हो, ठोस रुपमा सान्सानो बनाऔं, यो ठूलै चाहिँ तपाईंको उपन्यासै लेख्नु पर्दैन मेरो

विचारमा है सकारात्मक रुपले यहाँ राख्दा खेरि अब अरु कुरा यो सप्पै तपाईंको बुँदाहरू दोहोरिएर रिपिट भएर आएको छ। यो ३६ र ४७ ले एउटै बोल्छ, रिपिट भएर आएको छ। ३६ तपाईं ३२/४९/५० ले एउटै बोल्छ तपाईंको चाहिँ रिपिट भएर आएको छ, ३६/५१ ले एउटै बोल्छ, रिपिट भएर आएको छ। यस्ता रिपिट भएर जस्तै ५३ र ५६ उस्तै छ रिपिट भएर आएको छ। यस्ता थुप्रै चाहिँ तपाईंको चाहिँ कार्यक्रमहरू,बुँदाहरू,यसलाई हटाउँ हैन यो बोझ हुन्छ। त्यस्तै म यहाँ प्रश्न गर्न चाहन्छु, यो समग्र सरकारलाई ह्याँ चाहिँ यो चानचुन चाहिँ तपाईंको साढे एक अरब पैसा चाहिँ तीनवटा मन्त्रालयमा, बाँकी साढे पाँच अरब जति पैसा चाहिँ तपाईंहरूले सरकारमा राख्नु भएको छ। यो के को आधारमा राख्न खोज्नु भएको छ। म प्रश्न गर्छु एक त मुख्यमन्त्रीलाई त्यसै लोड छ। अब ह्वाँ चाहिँ भौतिक पूर्वाधार मन्त्री हुनुहुन्छ फेरि, श्रम रोजगार मन्त्री बनाएर के ह्वाँलाई जेल हाल्न खोज्या हो। कतिवटा मन्त्रालय, सप्पै बुझाएर लास्टा हिड्नेविचार हो कि के हो ? त्यस कारण यो कुरा गलत छ। यसलाई टुक्र्याउनु पर्यो। यो कार्यक्रम के हो प्रत्येकमा ल्याउनु पर्यो। यसरी चाहिँ तपाईंको सरकारको बजेट यो चाहिँ यो कुटिरो चाहिँ तपाईंको एउटा भारी बोकेर कुटिरो थन्क्या जस्तो गरेर यो ल्याउनु भएन। अब यो चाहिँ मैले भनि हाले यो गोलमटोल हो। तपाईंको यो बीचमा मैले पढिन किनकी गोलमोटल र बुँदा दोहोरी आएका छन्। यो विषयमा त्यस्तै तपाईंको यो वीरेन्द्रनगरको चाहिँ एरपोर्टको कुरा यो पहिलो साल अलि आयो, दोस्रो साल अलि आयो। अहिले त पचास करोडमा तपाईंको हामीले साझेदारी गर्ने। यो गम्भिर आपत्ति छ। हैन सुर्खेत र वीरेन्द्रनगरसँग तपाईंको आपत्ति हो भने अरु जिल्ला बनाउन न प्रदेशको लागि हामीलाई के छ र। के हो यस्को जाँगर नलागेर यसरी लेखेको। त्यस कारण यो विषयमा ठोस रुपमा आउनु पर्यो। यो समग्र चाहिँ हामीले जो ढाड सेकि राख्या छ ह्याँको एरपोर्टबाट मान्छे चाहिँ त्यसरी हुन सक्दैन । त्यस्तै तपाईंको म दायित्वमा प्रश्न गर्न चाहन्छु। यो दायित्वमा तपाईंहरूले एक लाख बयालिस करोड भन्नुभएको छ, पाँच करोड चाहिँ एकानब्बे लाख पर्छ एउटा निर्वाचन क्षेत्रमा चौबिस वटा क्षेत्रलाई बाँड्दा कसरी चाहिँ तपाईंको चाहिँ यो जनता सडक चाहिँ भो । पाँच करोड र तपाईंको चाहिँ एकानब्बे लाखले त्यो त गत वर्षमै पुरा हुँदैन, यो के बजेट ल्याएको हो। यो त एकदमै रङ, हन्ड्रेड प्रसेन्ट रङ छ। यसलाई चाहिँ सच्याएर ल्याउनुको विकल्प छ जस्तो लाग्दैन, हामी सुध्रिने र केही गर्ने हो भने। अब दोस्रो कुरा भनेको अब यहाँ यो सब्बैबुँदाहरू जत्ति पढे एक दुई वटा बाहेक पुरै चाहिँ तपाईंको यो गोलमटोलमा दोहोरिएर जहाँ अर्थ पनि छैन, जहाँ कार्यान्वयन पनि छैन। जहाँ संयन्त्र छैन। त्यसरी आएको करिब २२७ नम्बर सम्म। हो यो माननीय मन्त्रीज्युलाई अनुरोध गरे। अब यसमा मैले अलि जो दिएर भन्ने कुरा के छ भने यो दुर्व्यसनीको कुरा यसमा छुटेको छ। हाम्रो कोभिड जस्तै तपाईंको यो प्रदेशमै, खासगरी यो वीरेन्द्रनगर सुर्खेत भरी नै यो दुर्व्यसनीले चाहिँ युवायुवतीलाई खाइरहेको छ। कोभिड कै रुपमा, त्यसकारण यसको रुपमा आउनु पर्यो। यो अलि ठोस भएको छैन।सुकुम्बासी आयोगको कुरा खै ? कमसेकम चाहिँ तपाईंको केन्द्रले चाहिँ छुट्याए पनि हामीले यति भनेर छुट्याउनु पर्दैन ? यो

कुरा चाहिँ तपाईंको राख्नु पर्यो। त्यस्तै गरेर मैले तपाईंको यहाँ यो जो आएको छ नि जस्तो भोकमारी अथवा चाहिँ यो जो स्वास्थ्य रोजगार के-के के-के भनेर आएको छ यसलाई मैले तीनवटा कुरामा संश्लेसन गरौं भन्ने मैले निवेदन गर्न चाहन्छु। पहिले स्वास्थ्यमा गरौं। स्वास्थ्यमा के रहेछ भने, हामीले तीनवटा मेन्टेनमा एउटा आर.एन. एक्सटेन्सन भन्ने मेसिन हुँदोरहेछ। तीन वटा मेसिन, एउटा ल दैलेख मै गरौं या रुकुम राखौं या वीरेन्द्रनगरराखौं। त्यसो गर्दा दिनमा तीन हजार जाँदोरहेछ। अनि तपाईंलाई त्यो ल्याउन के ले छेक्यो ? कता कता आर.डि.टि कता-कता कहाँ यो लफाङ्गिएर चाहिँ यो आएको छ, तपाईंको चाहिँ यो बुँदा। त्यस्तै रोजगारीको कुरा गर्दा खेरि अहिलेसम्म हामीले यो स्विकारौ, के ओपनमा कर्णालीमा भ्रष्टाचार भएकै छ। मन्त्रीले खायो भन्ने कुरा न होला संसदले खायो कस्ले भन्ने कुरा न होलातर हाम्रो कार्यविधिका कार्यशैलीमा या चाहिँ नियतमा कहिँ न कहिँ त भ्रष्टाचार त भयो नि भन्ने यो फेरि बीउ गेडागुडी बाँड्ने, फेरि तपाईंको चाहिँ काका, मामा, सैना, मीत, सबैलाई बाँड्ने गरी किन ल्याउनु पर्यो? त्यसकारणले यसमा के राखौं भने रोजगारीका लागि पूर्वाधार भन्ने राखौं न। स्कुल बनाउ, कृषिका भवनहरू बनाउ,ठुलठूला तपाईंको चाहिँ उद्योगहरू बनाउ। स्थानीय यहाँ, वहाँ यो संघ भनेर किन राख्नु हुन्छ। प्रदेशको त आफ्नो मौलिकता छ नि। त्यसलाई हटाउन। त्यसपछि तपाईको पूर्वाधार बाट जनता परिचालन गरौं त! सपै कुरा संरचना पनि हुन्छ पैसा पनि आउँछ नि। त्यस कारण यो गरौं। दोस्रो कुरा यो सँगसगै तपाईंको स्वास्थ्य कै कुरा गर्दा खेरि अर्को के रहेछ भने माईक्रोबाईलोजिस्टमा प्रदेश भरिमा एकजना रहेछ हाम्रो चाहिँ तपाईंको। ह्याँले लिड गरिराख्नु भाछ। खै यसको लागि करार भनेको। खै तपाईहरूले पि.सि.आर यति गर्ने, भेन्टिलेटर यति गर्ने, मात्रोलोजिस्ट यति गर्ने भनेर खै त बजेटमा आएको ? यसरी गोलमटोल तरिकाले चाहिँ जनताको जीवन स्वास्थ्यमा चाहिँ खेलवाड गर्न पाईन्छ ? सरकारलाई मैले चाहिँ अनुरोध गर्न चाहन्छु सभामुखज्यु मार्फत। त्यस्तै तपाईंको चाहिँ अब अर्को कुरा तेस्रो प्वाईन्टमा राखे हो भने हामीले प्रविधिको कुरा राखौं त। डिजिटल अहिले कहाँ  खानु भो ? डिजिटलमा अहिले शिक्षा हुन्छ, स्वास्थ्य हुन्छ, मिल्ट्रि हुन्छ, प्रहरी हुन्छ। सबै डिजिटलाईज हुन्छ नि। प्रविधिको विकास सबैमा गरौंन। अनि त्यसो गर्दाखेरि अहिले अनलाइनको कुरा आएको छ। विद्यार्थीहरू थला परेका छन्। खै यो कार्यक्रम छोएको ? त्यस कारण यो कुरालाई चाहिँ छोएर यसरी चाहिँ आउन पर्यो, मैले यो निवेदन गर्न चाहन्छु। त्येस्तै तपाईंको अर्को मैले यहाँ दुखेसो अथवा बिडम्बना ह्याँ मैले पेश गर्न चाहन्छु, आजसम्म मैले संसद चलेदेखि कति खर्च भो कति के भो कुनै पनि सांसदलाई त्यहाँ जानकारी दिएन। हामी चालिसै जना सांसदहरू त्यहाँजाँदा वडा सदस्य, अध्यक्ष या अरु को-कोले जानकारी पाउने, हामीले नपाउने यसरी गुम्राहमा सुचनाको हक बाट गरेकोले मैले चाहिँ सभामुख र सम्मानित यो संसद मार्फत यो यसको के हो ? निरापन गर्नकोलाई सभामुख मार्फत अनुरोध गर्न चाहन्छु। दोस्रो कुरा भनेको तपाईंको यो रोजगार भने रोजगार रोजगार ह्वाट ईज इम्पोलाइमेन्ट ? कति रोजगार हुन्छ तपाईंको, दक्ष, अदक्ष, सामान्य हुन्छ होला नि ? ईन्जिनियरको रोजगार हुन्छ होला, ओभरसियरको छुट्टै हुन्छ

होला, इन्डियाबाट आएको कोरिया या अमेरिकाबाट आएको पनि त्यसको स्तरीकरण नगरेर सबैले भोटा लगाएर दगुर्ने हो ? त्यस कारण यो कुरामा मेरो आपति छ यसमा, अब जनता आवासको पैसा आएको छैन, यसमा छुट्याइ दिनु पर्यो। त्यस्तै तपाईंको यो अहिले यो सारमा भन्दा बजेट चाहिँ पि.पि.ई., माक्स र सेनिटाईजर लाएर आएको छ। अर्थमन्त्रीज्यूले अलि खुलेर आउनु पर्यो। अलि छुने गरि आउनु पर्यो, अलि देखिने गरि आउनु पर्यो। कुनै कार्यान्वयनको यसमा चाहिँ दम छैन। कुनै संयन्त्र छैन। खाली उ गरिएको छ। करार भन्नू भएको छ। पहिलो चौमासिकमा खर्च भएन भने तपाईहरूले करार गर्ने हैन। संसदसँग गर्नुहोस् । नभए आजै कबुलियत गरौं, तपाईंको नैतिकताका आधारमा कति महिनामा राजिनामा दिने ? होइन भने तपाईंले पहिलो चौमासिकलाई घुमाउदै फेरि चाहिँ जेठमा असारमा लगेर फेरि भ्रष्टाचार फेरि अनिमियतता फेरि रकमान्तर ? कल्ले बुझ्या छैन ? भएको त यहि छ नि। त्यस कारण यो कुरालाई चाहिँ गरौं। त्यस्तै तपाईंको यो जनताको ज्यान बचाउँ। मैले अन्तिममा के निबेदन गर्न चाहन्छु भने बजेटमा बृहत रुपमा विन्यास गरौं। जनताको ज्यान जोगाउँ । अब यो पास फेल त लास्ट पा.............स भन्नै पर्छ यहाँ। हैन पुरै चाहिँ मुटु माथि ढुङ्गा राखेर। पास फेलको कुरा हैन। पास होला, सरकारले पास गर्ला तर संसद फेल हुन्छ, सरकार फेल हुन्छ, जनता फेल हुन्छ। एक त सत्र लाख छ। ईटली र अमेरिकाको पनि अरु प्रदेशबाट जनता ल्याएर बसाल्नु पर्ने हुन्छ। यसको लागि हामी ज्युँदै भए त मृत्यु दण्डले पनि हामीलाई पुग्दैन, मरेपछि पनि तपाईंको हड्डि ल्याएर झुन्ड्याउनु पर्छ। यस्को लागि के प्रावधान गर्ने हो के सपथ खाने हो तयार रहौं। धन्यवाद! अभिवादन ।

**माननीय सभामुख:-** माननीय सदस्यहरू प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२९ (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको बार्षिक अनुमान बजेट माथिको छलफल २०७७ असार ५ गते पनि पनि जारी रहने जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार ५ गते शुक्रबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ।

□□□

(मिति २०७७ साल असार ५ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको सोह्रौ बैठकको कारबाही प्रारम्भ हुन्छ ।के होला माननीय सदस्यहरु,

**माननीय श्री हिमबहादुर शाहीः-** कर्णाली प्रदेश सभा नियमावली, 2074 को नियमको धारा 71 बमोजिम हामीले सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका थियौं । सार्वजनिक महत्वको प्रस्तावलाई, नियमावलीको वैधानिकतालाई प्रतिकार गरेर, स्वेच्छाचारीबाट चाइने कार्यपरामर्श समितिको बहमुतबाट अघि नबढाउने निर्णय गरिएकोले त्यसमा हाम्रो घोर आपत्ती छ । जहाँसम्म यस बारेमा स्पष्ट निराकरण हुँदैन, त्यहाँसम्म प्रदेशसभाको कारबाही अगाडि चल्न सक्दैन धन्यवाद ।

**माननीय सभामुखः–** अगाडि नबढाउने भन्ने निर्णय होइन, माननीय सदस्य । केही प्राविधिकहरूमा पुनर्लेखन गर्नुपर्ने स्थिति छ । त्यो पुनर्लेखन गरेर मात्रै अगाडि बढाउने भन्ने मनसाय हो, कार्य व्यवस्था परामर्श समितिको । बसेर सहयोग गरौं माननीय सदस्य।

**माननीय श्री हिमबहादुर शाहीः-** सभामुख महोदय, पुनर्लेखन गर्ने भन्ने कुरा कुनै पनि प्रदेशसभा नियमावलीमा उल्लेख छैन । त्यो प्रदेशसभामा स्पष्टरूपमा पारित गर्नुपर्ने व्यवस्था पनि छैन। त्यो केवल सिङ्गो आज कर्णाली प्रदेशका जनताको हितको लागि रोगबाट ग्रस्त रहेको अवस्थामा आज प्रदेश कोरोना भाइरसबाट थिलोथिलो भएको अवस्थामा हामीले सरकारको ध्यानआकर्षण मात्र गराएका थियौं । सरकारको ध्यानाकर्षण गराउनु के हाम्रो अपराध गरेका हौं, के हामीले सरकारलाई अन्तरघात गरेका हौं । तर हामीले आज चाहिँ एउटा प्रदेशको जनताको हित र कल्याणको लागि सार्वजनिक महत्वको प्रस्ताव ल्याउँदा पनि आज दुई तिहाइको सरकारको मातले, उन्मातले त्यसलाई पराकाष्ट सम्झेर, त्यसलाई हटाइन्छ भने जहाँसम्म हाम्रो प्रदेशसभाको बैठक अगाडि चल्न सक्दैन सभामुख महोदय ।

**माननीय सभामुखः–** माननीय सदस्यहरूले जसको, जुन मन्त्रालयको ध्यानाकर्षण गराउन खोज्नु भएको हो । त्यससँग सरोकार नराख्ने विषयवस्तुहरू पनि त्यहाँ भएको हुनाले त्यसलाई पुनर्विचार गर्नुपर्ने अवस्था छ । माननीय सदस्यहरू बसेर सहयोग गरौं ।

**माननीय श्री हिमबहादुर शाहीः-** सभामुख महोदय, हामीले स्पष्टरूपमा ध्यानाकर्षण प्रस्तावमा १७ वटा बुँदामा लिखित दिएका छौं । जसमा कोभिड-19 अथवा कोरोना भाइरसको आज यहाँ उर्लदो बलिरहेको राँकोलाई सकेसम्म न्यूनीकरण गर्ने भनेर दिएका छौं । के कोरोना भाइरस रोग हैन ? के कोरोना भाइरस कुनै आँधीबेहरी, कुनै पहिरो गएको हो । हामी रोगलाई कसरी न्यूनीकरण गराउन सकिन्छ भनेर सरकारलाई ध्यानाकर्षण गराएका हौं । सरकारको ध्यानाकर्षण गराउने पनि प्रतिपक्षको मौलिक अधिकार प्रदेशसभा नियमावली अथवा संविधान छैन भने त्यसको स्पष्ट उत्तर पाउँ सभामुख महोदय, धन्यवाद ।

**माननीय सभामुखः–** प्रस्तावक माननीय सदस्यहरूको प्रस्तावप्रति ध्यानाकर्षण भएको छ । समयमा सुनुवाइ हुने नै छ । त्यसैले बसेर सहयोग गरौं माननीय सदस्यहरू ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, यो अजीवको शासन प्रणाली, हिजो एकजना माननीयले भन्नु भयो, साह्रै घतलाग्दो कुरा थियो । यो विचौलियाहरूलाई बीचमा ल्याएर, विचौलियाहरूको काँधमा चाहिँ बन्दुक राखेर चल्ने सरकारले आज हामीलाई के कमी कमजोरी गयौँ, हिँजो संकल्प प्रस्ताव ल्यायौँ, विधेयक ल्यायौँ, त्यो ल्याउँदा खेरि त्यलाई पनि अगाडि बढाइएन । हामीले के भनेका थियौँ, अहिलेको अवस्थामा, यो मुलुकको अर्थतन्त्र तलतल गिरिरहेको बेलामा आज केन्द्रका अर्थमन्त्रीले भन्ने गर्नुहुन्छ सभामुख महोदय कि हामीसँग पैसा छैन, कर्मचारीलाई तलब खुवाउने पैसा छैन, अर्को पैसा छैन त्यसकारणले चाहिँ तिमीहरूले कर तिर्नुपर्छ भनेर चाहिँ वहाँहरूले त्यो कुराहरू गर्दाखेरि आज सर्वोच्च अदालतले भनेको छ कि लकडाउन नखुल्दासम्म यो दिनु पर्दैन भन्ने कुरा आएको छ । त्यसैगरि हामीले पनि यो प्रदेशमा भनेका थियौँ, संकल्प प्रस्तावमा के भनेका थियौँ भने हामीले यो फजुल ढङ्गको खर्चहरू गरिरहेका छौँ, हामीले एउटै मन्त्रीले तीन/तीन वटा गाडी राख्ने गरेका छौँ, कर्मचारीहरूले त्यस्तै गरेका छौँ, हामीले त्यस्तै गरेका छौँ । यो कोभिड-19 चाहिँ, उसमा नआउदाँसम्म, नियन्त्रणमा नआउँदा सम्म गरौँ, **(माननीय सभामुखः-** विषयमा प्रवेश गरौँ माननीय सदस्य, के विषय हो) यो विषय नै हो सभामुख महोदय । त्यसैसँग जोडिएको विषय हो र त्यसैको परिप्रेक्ष्यमा यो ल्याइएको हुनाले मैले त्यो विषयलाई जोडेको छु सभामुख महोदय ।**(माननीय सभामुखः-** संक्षिप्तमा आजको प्रसंगमा कुरा गरौँ माननीय सदस्य) आजको प्रसंग पनि यहि विषयबाट शुरू भएको हो सभामुख महोदय । संकल्प प्रस्तावबाट शुरू भएको हो, सभामुख महोदय । त्यो बेला पनि बलजबरजस्ती शक्तिको भरमा गरियो । आज सार्वजनिक लेखाको ठीक छ मन्त्रीले के भन्यो गरे, आफ्नो विषयमा कुन चाहिँ छैन, वहाँहरू PCCMC को सदस्य पनि हुनुहुन्छ । केन्द्रका कुराहरू पनि हेरौँ न, नभए 14 वटा बुँदाहरू, अहिलेको कोभिड नियन्त्रणको कुरामा हामीले सामाजिक तहको वहाँहरूको शिक्षाका कुराहरू गरेका छैनौं । कि त वहाँहरूको जसले जे गरे पनि हुने अवस्था छ नि, यो हिजैबाट षडयन्त्र गरिएको थियो सभामुख महोदय । आज हामीले ल्याएर त्यसमा आउने तर मलाई यहाँचाहीँ विश्वास के छ भने यहाँ ठूलो खालको भ्रष्टाचार भएको छ, यहाँ ठूलो खालको पैंसाहरू गएको छ, त्यो नाङ्गिनु पर्ने अवस्थाले गर्दाखेरि नत्र यो सार्वजनिक महत्वको विषयलाई अगाडि ल्याएर छलफलमा ल्याउँदा अहिले यो स्थिति आउने थिएन नी सभामुख महोदय । त्यसले बिगारेको के छ, त्यहाँका दफाहरू हेरौँ, त्यहाँका पोइन्टहरू हेरौँ, कोभिडसँग नै सबै कुराहरू सम्बन्धित हौँ, वहाँहरूका मन्त्रालयमा कोले के-के गर्यो भन्ने हामी थाहा छैन सभामुख महोदय । त्यहाँ त हामीलाई के कुरा थाहा छ भने, यो चाहिँ कोभिडको लागि हेर्ने अहिले सामाजिक मन्त्रालय हो । कोभिडको लागि कुनै पनि केन्द्रले गर्दाखेरि कि मुख्यमन्त्रीलाई बोलाउँछ कि सामाजिक मन्त्रीलाई बोलाउँछ अरू मन्त्रीलाई त बोलाउँदैन नी । ती विषयमा हामीले छलफल गरौँ, यसलाई अगाडि कसरी जानसक्छ, यो सम्मानित सदनको चाहिँ महत्वको कुरा हो, हामीले एउटा निर्देशन दियौँ, अहिले एउटा उपायहरू दियौँ, अहिलेको भन्दाखेरि चाहिँ बलजबरजस्तीले अगाडि बढ्ने कुरालाई चाहिँ हामीलाई सह्य भएन, सभामुख महोदय । त्यसकारणले हामीले कानूनले पाएको, संविधानले पाएको, ऐनले पाएको, नियमावलीले पाएको अधिकार चैं हामीलाई प्रयोग गर्न दिइयोस् । यसरी चाहिँ गैर प्रजातान्त्रिक बनेर चाहिँ सदनलाई अगाडि बढाउने

प्रयास नगरियोस् भनेर हामी समाननीय सभामुख महोदयलाई विनम्र अनुरोध गर्न चाहन्छु ।
**(माननीय सभामुखः-** माननीय सदस्यहरूले उठाउनु भएका कुराहरूमा ध्यानाकर्षण भएको छ । यो छलफलमै नल्याउने, ल्याउन नचाहेको होइन । प्राविधिक रूपले पुनर्लेखन गराउनु पर्ने अवस्था छ माननीय सदस्य । यो कुरालाई मनन गरेर माननीय सदस्यले उपर्युक्त समयमा अगाडि बढ्ने विश्वासका साथ आजको बैठकलाई अगाडि बढाउन सहयोग गरौं माननीय सदस्य) त्यो प्राविधिक विषय कहाँबाट आयो सम्माननीय सभामुख महोदय । कहाँ, कुन प्राविधिकमा छ, हामी सबै ती बुँदाहरू पढेर सुनाउन सक्छौं । त्यो मन्त्रालयअन्तरगत पर्दैन भने क्वारेन्टाइन बनाउने विषयहरू चाहिँ स्वास्थ्यमा पर्छ कि पर्दैन सभामुख महोदय । विदेशबाट ल्याउने मान्छे, वहाँहरूले कसरी भागबण्डा गराउनु भयो त्यो हामीलाई थाहा छैन, हिजो मात्रै एउटा न्यूज आएको छ, पहुँचवालाहरूलाई नि:शुल्क नहुनेहरूलाई भाडा भनेर पनि त आएको छ । हामीले यि कुराहरू ल्याउँदाखेरि वहाँहरूको गर्ने कुरा हो । एउटालाई राखिसकेपछि, सिङ्गो सरकारको दायित्व हो, जसले जवाफ दिन मन लाग्छ उसले दिन सक्छ नि सभामुख महोदय र हामीले गरेको कुराहरूमा वहाँलाई चैं मेरो क्षेत्रभित्र परेन र मैले जवाफ दिन सक्दिन भनेपछि दिनैपर्छ भनेर त हामीले बोल्नेवाला त थिएनौं नि सभामुख महोदय । यो प्रावधिक त्रुटि कसरी भयो भन्ने कुरामा त्यहाँ देखाउनु, त्यहाँ आउँदाखेरि यि-यि विषय मेरो अन्तरगतमा परेको हुनाले मसँग सम्बन्धित जस्तै हस्पिटलमा गएका पैंसाहरूको सम्बन्धमा त्यहिँ होला, RDT ल्याउने कुराहरू त्यहिँ होला, हिँजो काठमाडौंबाट ल्याउँदाखेरि कसरी आएको त्यो पनि त्यहिँ होला । यि अनेक कुराहरू त्यहिँ हुँदाहुँदै ठीक छ, दुई चार वटा विषय उहाँहरूसँग परेन तर सरकारसँग त परेको छ नि, सभामुख महोदय । त्यसैले यसलाई प्राविधिक, यसलाई गल्ती भनेर जसलाई जसरी यसलाई अगाडि नलिने, यसलाई अल्झाउने भनेर सरकारले षड्यन्त्र गरेको थियो, हामीलाई सुन्नमा आएको थियो, दुई दिनमा यो बन्द गर्न चाहान्छ, किनकी सदनमा सरकारसँग हिम्मत छैन सभामुख महोदय, कि यहाँका सांसदको कुराहरू हिम्मत नभएको हुनाले ती षड्यन्त्रकारी भूमिका आएको हुनाले प्राविधिक गल्ती छँदैछैन । जो जो वहाँहरूलाई जवाफ दिने इच्छा छ, त्यहि त्यहि दिए हुन्छ त्यो मान्नमा हामी तयार छौं सभामुख महोदय ।

**माननीय सभामुखः-** बसेर सहयोग गरौं माननीय सदस्य ।

आसन ग्रहण गरेर बैठक अगाडि बढाउनलाई सहयोग गरौं माननीय सदस्यहरू ।

माननीय सदस्यहरू, यो बैठक भोलि मिति २०7७ साल आषाढ 6 गते दिनको 3 बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

(२०७७ साल असार ६ गते शनिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको सत्रौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलको लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको (वार्षिक अनुमान) बजेटमाथिको छलफल आज पनि जारी रहन्छ । आफ्नो धारणा राख्न बाँकी सदस्यहरूलाई क्रमश समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय श्री चन्द्रबहादुर शाही र यसपछि माननीय श्री विन्दमान बिष्ट ।

**माननीय श्री चन्द्रबहादुर शाही:** माननीय सभामुखज्यू, आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाज्यूले आ.व. २०७७/२०७८ को बजेट छलफलको लागि सम्मानित सदनमा पेश गर्नुभएको छ र यो बजेट असाध्यै नीति र कार्यक्रम सुन्दर आएको छ र यो शब्दमा शब्दजालमा र यो बजेटको बुकमा असाध्यै सुन्दर आएको छ । यसले महामारी, भोकमारी र रोजगारीलाई सम्बोधन गरेको छ र यो बजेट वक्तव्य हेर्दा खेरि साह्रै सुन्दर भएर आएको छ त हामीलाई के लागिरहेको छ भने यो भन्दा अगाडिका आ.व.हरूका बजेटहरू पनि हामीले छलफल गर्यौं । हामीले बहस गर्यौं छलफल र बहस पछि सरकार र सरकारमा रहेका मन्त्रीज्यूहरूको नियत विलकुलै बेठिक रह्यो । यो छलफल गर्नको कुनै अर्थ रहँदैन, अहिले पनि हामीलाई त्यो शंका लागिरहेको छ । अहिले पनि हाम्रो मनमा यो छलफलले कुनै अर्थ राख्दैन कि छलफल एउटा बाटोमा जान्छ तर मन्त्रीज्यूहरूको नियत अर्को बाटोमा जान्छ, छलफल गरिसकेपछि हामी भिन्दै दुईवटा बाटा लिएर हामी अगाडि बढ्छौं । सभामुख महोदय, गत आ.व. मा हामीले यहीं सम्मानित सदनमा त्यो बजेटले एकरूपता सकेन, त्यो बजेट विभेदकारी भयो, त्यो बजेट पक्षपाति भयो, त्यो बजेट मन्त्रीमूखी भयो भनेर थुप्रै संसदज्यूहरूले सम्मानित सदनमा कुरा राख्नु भएको थियो । हामीले संसदीय दलमा पनि यो कुराहरू उठायौं तर कतैबाट पनि सम्बोधन हुन सकेन, त्यो विभेदकारी नै रह्यो, पक्षपाति नै रह्यो, त्यसो भएकोले यो छलफल गत आ.व.जस्तै हुनेहो भने यो छलफलको कुनै अर्थ राख्दैन सभामुख महोदय, हामीले भन्दै आएका छौं लोकतन्त्र भनेको कानूनी संस्कार हो । प्रजातन्त्र भनेको कानूनी संस्कार हो । कानून बिना हामी एक सेकेण्ड पनि बाहिर जान सक्दैनौं । कानून बिना अर्को पनि बाटोबाट पनि जान सक्दैनौं । नीति आउँछ, बजेट आउँछ नीति र बजेटमा सम्बोधन गरिएका कुरा न त त्यो क्याविनेटबाट न कुनै कानून बनाइन्छ, निर्णय गरिन्छ न कुनै ऐनमा सम्बोधन गरेर हाउसमा ल्याइन्छ । एउटा कार्यविधिको हिसाबले त्यो बजेट खर्च गर्ने परिपाटी बसेको छ । त्यसो भएकोले अहिले पनि हामी सांसदहरूलाई शंका लागिरहेको छ कि यो बजेटको न शिर छ, न पुच्छर छ, अझै पनि डल्लो छ । त्यो डल्लो गर्दा फेरिपनि त्यसरी नै कार्यविधि बनेर त्यो कार्यविधिमार्फत् आफ्नो निर्वाचन क्षेत्र, विचौलिया,

आफन्तको कहाँ-कहाँ छन्, त्यसरी जाने भन्ने हामीलाई शंका लागिरहेको छ । त्यसो भएकोले यस्तो नहोस् भन्न हामी चाहन्छौं । मुलुक कोभिड-१९ ले थला परेको छ । कोभिड-१९ मा बजेट छुट्याउनुपर्छ भनेर हामीले हाउस देखि हामीले सम्पूर्ण तहमा हामीले आवाज उठाएका छौं तर त्यो बजेट खर्च गराइको तरिका हेर्दा खेरि फेरि पनि आफ्नो निर्वाचन क्षेत्रमा आफ्ना मान्छेहरूलाई मात्रै खर्च गरिने हो भने कोभिड-१९ को नारा लिएर सीमित एउटा निर्वाचन क्षेत्रमा मात्रै एउटा निर्वाचन क्षेत्रको मान्छेलाई मात्रै खर्च हुने कुरा हुन्छ भने यो कुरा बेठिक हुनसक्छ । किनभने हिजो आजकै कुरा मन्त्रीज्यू निर्वाचन क्षेत्रका मान्छेहरूलाई काठमाण्डौं होइन पिसिआर यो कर्णालीको पिसिआर काठमाण्डौंमा लिएर पनि आफ्नो निर्वाचन क्षेत्रका मान्छेलाई पिसिआर गराएर पठाइने कुरा भयो । अरु संसदज्यूहरूका निर्वाचन क्षेत्रका मान्छेहरू आफूले पैसा तिरेर पनि घर जाने अवस्था छैन । कोभिड-१९ को कोषमा बजेट छुट्ट्याएर पनि त्यस्तै हुने हो भने अवश्य पनि त्यो जनमूखी हुन सक्दैन कर्णालीमूखी हुनसक्दैन त्यसैले हामीलाई शंका लागिरहेको छ । अर्को कुरा यो अलि बजेट अझै पनि कृषिमा जोड दिने भनेका छौं तर खासै किसानले अहिले पनि बजेटको महत्व बुझ्न सकिरहेको छैन । खास किसानले बजेट आउँछ जान्छ तर त्यसबाट लाभ लिन सकिरहेको छैन । त्यसैले किसानमूखी बजेट हुनपर्छ तर किसानमूखी भइराखेको छैन । ***(माननीय सभामुखः सकम माननीय सदस्य)*** उदाहरणका लागि अहिले बजारमा सहुलियतमा युरिया मल आएको छ ।***(माननीय सभामुखः सकम माननीय सदस्य)*** आएको त्यो युरिया मल जनताले नपाएर व्यापारीहरूको भण्डारमा, भण्डारमा भैसकेपछि त्यहीं किसानले मंहगो पैसा हालेर लिनपर्ने अवस्था छ । अर्को अन्तिममा सभामुख महोदय, यो बजेट अझै पनि विभेदकारी छ । आज हुम्ला, जुम्ला र अझ अरु सुगम ठाउँका जिल्लाहरूमा संघीयता भनेको पछाडि परेको वर्ग, समुदाय, क्षेत्रलाई अगाडि ल्याउनको लागि यो संघीयता हो तर आज यहाँ पछाडि परेको ठाउँलाई पनि उही बीस लाख ***(माननीय सभामुखः सकम माननीय सदस्य)*** सम्पन्नशाली जिल्लामा पनि उही बीस लाख गरेर आज एउटा सिमेन्टको बोराको हुम्ला, जुम्लामा कति पर्छ आठ हजार पर्न आउँछ भने यहाँ एक हजारले पाउँछ, त्यसरी पछाडि परेको समुदाय क्षेत्रलाई अगाडि ल्याउने यो विभेदकारी भएको यस कुरामा सम्बोधन गरिनुपर्छ भन्ने सुझाव राख्दै मेरो भनाइ अन्त गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७७/२०७८ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफल आजै समाप्त हुने भएकाले बोल्न चाहने माननीय सदस्यहरूले रोस्टमका बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । अब माननीय श्री विन्दमान बिष्ट, त्यसपछि कुर्मराज शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/२०७८ को बजेटमाथि हामी नियमित छलफलको प्रक्रियामा छौं । हामी एउटा विशेष परिस्थितिमा छौं, बजेट निर्माणको प्रमाणिक प्रक्रिया देखि नै यो सदनमा बजेटका हाम्रा उद्देश्यहरू यी-यी हुनुपर्छ भनेर छलफल पनि भैराखेको छ । त्यो छलफललाई आधार बनाएर बजेट प्रस्तुत गरिएको

छ । बजेटलाई मैले सरसर्ति हेर्दा खेरि हाम्रा प्राथमिकताहरू खास गरी महामारी, भोकमरी र रोजगारीलाई केन्द्रित गरेर बजेट प्रस्तुत भएको कुरा मैले अनुभूति गरिराखेको छु । खास गरी महामारीको पाटोलाई नियन्त्रण गर्ने र त्यसैलाई आधार बनाएर दीर्घकालीन रूपमा प्रयोग गर्ने गरी स्वाथ्य संस्थाहरू, स्वाथ्यसँग सम्बन्धित हाम्रो अहिले जे अवस्था छ त्यसलाई सुदृढिकरण गर्ने विषयमा जो छलफललाई केन्द्रित गरेका छौं त्यो हिसाबले हेर्दा खेरि प्रदेश अस्पताल, जिल्ला अस्पतालहरूमा आई.सि.यु. कक्षहरू निर्माण गर्ने देखि लिएर भेन्टिलेटर राख्ने देखि लिएर अरु स्वास्थ्य पूर्वाधार निर्माण गर्ने देखि लिएर जनशक्ति उत्पादन गर्नको निम्ति यसको अध्ययन अध्यापनको विषयलाई अगाडि बढाउने विषय देखि लिएर अन्य स्वास्थ्य सामग्रीहरू, उपकरणहरूलाई व्यवस्थित गरेर कर्णालीका जनताको स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गर्ने प्रक्रियामा बजेट मुलभूत रूपमा केन्द्रित रहेको छ । यस अर्थमा हेर्दा खेरि यो बजेटको सकारात्मक पाटो छ म यो विषयमा जोड दिन चाहन्छु । त्यसपछि भोकमरीको कुरा छ । उत्पादनलाई बिक्री गर्ने त्यो सँगसँगै अहिले तत्काल हुने भोकमारी सम्भावित हुने भोकमारी जो छ त्यो भोकमारीलाई टार्नको निम्ति प्रदेश सरकारको तर्फबाट केही भण्डारणका कामहरू निम्ति भनेर केही बजेट विनियोजन गरिएको छ । यो बजेटको सकारात्मक पाटो हो । त्यसपछि गएर रोजगारीको कुरा छ । हाम्रो प्रदेशको समग्र स्थितिलाई हेर्दा विविध खालको रोजगारीहरू सिर्जना गर्नुपर्ने आवश्यकता छ । त्यसपछि ठुलो हिस्सा भनेको हाम्रो अनौपचारिक क्षेत्र रोजगारी गुमाएको अवस्था जो छ, त्यो कुरालाई हामीलाई अहिले सम्बोधन गरेर जानुपर्ने पहिलो प्राथमिकता नै हुन्छ । त्योसँग जोडिएर अन्य तमाम रोजगारीहरू पनि सम्बोधन गर्नुपर्ने आवश्यकता होला तर आधारभूत कुरा हाम्रो के होत भन्दा खेरि श्रम सहितको रोजगारीलाई नै हाम्रो प्रदेशको पहिलो प्राथमिकता राखेर अगाडि बढ्नुपर्ने हो । त्यसलाई सम्बोधन गर्नको निम्ति मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरूमार्फत् सम्बोधन गर्ने जो पर्यत्न गरेको छ, यद्यपी यसका कार्यविधिहरू, यसको कार्यान्वयन गर्ने प्रक्रियाहरू यसको कार्यान्वयन संरचनाहरू कतिपय अनुत्तरित प्रश्नहरू छन् । यो अनुत्तरित प्रश्नहरूलाई सम्बोधन गरेर यसलाई अगाडि बढाउन सकियो भनेपछि अहिलेको जे समस्या हामीले निकट भविष्यमा भोग्दैछौं र अहिले पनि भोगिराखेका छौं र आगामी दिन पनि यो समस्या झन् जटिल रूपमा प्रस्तुत हुँदैछ । यी कुराहरूलाई हामी सम्बोधन गरेर जाने ठाँउमा पुग्न सक्छौं । यसकारणले गर्दा खेरि महामारी, भोकमारी र रोजगारीको प्रश्नलाई जसरी सम्बोधन गर्ने पर्यत्न गरेको छ सकारात्मक छ, मैले फेरि जोड दिएर भन्न चाहन्छु, यसका कार्यान्वयनका कतिपय कार्यविधिका कुराहरू कतिपय संरचनात्मक प्रश्नहरू अनुत्तरित छन् । यो कुराहरूलाई बजेटको पछि प्रदेश सरकारले छिटोभन्दा छिटो सम्बोधन गरे अगाडि बढेर जाने अवस्थामा छौं । यो कुरामा जोड दिन विशेष आग्रह गर्न चाहन्छु । दोस्रो कुरा, शिक्षाको प्रश्न छ, हामी यो महामारीबाट शैक्षिक प्रश्नलाई कसरी हल गर्ने भन्ने सम्बोधन गर्ने पर्यत्न गरेको छ । Virtual Resource Center निर्माण गरेर अगाडि बढ्नको निमित्त त्यसमा केही बजेटको व्यवस्था गरेको छ, केही पूर्वाधार निर्माण गर्नको निमित्त र त्यो Resource

Center निर्माण गर्नको निमित बजेटको व्यवस्था गरिएको छ । त्यो बजेटको व्यवस्थालाई हामीले यसलाई कसरी कार्यान्वयन गर्न सक्छौँ । हाम्रो जस्तो प्रदेश जहाँ विद्युतको उपलब्धता छैन, जहाँ नेटवर्कको उपलब्धता छैन, जहाँ श्रव्यदृश्य सामग्रीहरूको उपलब्धता छैन । यी जस्तो हाम्रो जस्तो प्रदेशमा यो शिक्षा यसरी दिने भनेर हामीले सोच बनाउन खोजिरहेका छौं । यो महामारीलाई अल्ली परसम्म गई पुग्दा खेरि जे हामीले संकट भोगिराखेका छौं, यो संकट लम्बिदै जाँदा खेरि यो प्रश्नलाई कसरी हल गर्ने भन्ने कुरा गम्भीरतापूर्वक सोच्नुपर्छ । यद्यपी बजेटमा सम्बोधन गर्ने पर्यत्न गरिएको छ तर कार्यान्वयनको पाटो, यसका पूर्वाधारहरू यसका हामीले संरचनाहरू, यसको जनशक्ति धेरै कुराहरू अनुत्तरित छन् । यो कुरालाई हामीले छिटोभन्दा छिटो सम्बोधन गरेर अगाडि बढ्नुपर्ने आवश्यता छ । यस अर्थमा शैक्षिक प्रश्नलाई पनि अलिकति यसले सम्बोधन गर्ने पर्यत्न गरेको छ । यसका विविध पाटा पक्षहरूलाई यसले व्यवस्थित गरेर जाने सम्बन्धमा हामीले ध्यान दिन सकेनौं भनेपछि प्रदेश सरकारले ध्यान दिन सकेन भनेपछि फेरि पनि यो बजेटको रूपमा, वक्तव्यकै रूपमा भाषणकै रूपमा किताबकै रूपमा सीमित हुन सक्छ । यतातिर छिटोभन्दा छिटो प्रक्रिया अगाडि बढाएर जानुपर्ने आवश्कता छ भन्ने कुरातिर प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । त्यसपछि तेस्रो प्रश्न भनेको कतिपय कुराहरू छन्, सामाजिक कुरा,सामाजिक क्षेत्रको विकास यसको सम्बन्धित कुराहरू छन्, त्यसपछि गएर तमाम् कुराहरूलाई यसले सम्बोधन गर्न खोजेको छ, यसकारणले गर्दा खेरि मैले यसभित्र देखेका सकारात्मक यो बजेटका सकरात्मक पाटा पक्षहरू यिनी छन् । यो कुरालाई हामीले कतिपय प्रश्न हल गर्नपर्ने छ यो प्रश्नहरू हल गरेर कार्यान्वयन प्रक्रियामा लैजान जरुरी छ म यतातिर ध्यानाकर्षण गराउन चाहन्छु । अब यो यसका केही मैले सुझाव दिनुपर्ने छन् जस्तो लाग्छ । यो सुझाव दिने विषयहरू प्रारम्भ गर्दा म कहाँबाट सुरु गर्न चाहन्छु भन्दा खेरि प्रदेश सरकार कम्तीमा पनि आफ्नो यो बजेट वक्तव्यलाई सरसर्ति पढ्दा खेरि प्रदेश सरकार कम्तीमा पनि आफ्नो रियालिटि अथवा आफ्नो वास्तविक धरातल उभिन खोजेको जस्तो मलाई अनुभूति हुन्छ । विगतका वर्षहरूमा हामीले जे प्रकारका परियोजना, जे प्रकारका कार्यक्रमहरू परिकल्पना गरे बजेट वक्तव्यमा लाईन लगाएर हामीले कार्यक्रमहरू प्रस्तुत गर्यौं त्यो प्रकारका कार्यक्रमहरू अहिले कम्तीमा पनि छैन । बजेटको एउटा के हुन्छ त खेरि सानातिना कार्यक्रमहरू सालबसाली कार्यक्रमहरू हुन्छन् तर हाम्रो प्रदेशमा के हुने गर्यो भन्दा खेरि विगतमा ठुला-ठुला कार्यक्रम सालबसाली हुन थाले कार्यान्वयन गरेर सालबसाली होइन जस्तो । कर्णाली एयरओएज भन्यौं गत वर्ष हामीले अहिले छैन । अर्को त्यस्तै ठुलो प्रकृतिको कार्यक्रम भन्यौं हामीले । यो वर्ष छैन । अघिल्लो वर्ष त्यो भन्दा अघिल्लो वर्ष ठुला-ठुला कार्यक्रमका परिकल्पना गर्यौं अर्को वर्ष हुँदैन । त्यसकारणले गर्दा खेरि यो प्रकृतिको कार्यक्रमहरू हामीले हिजो परिकल्पना गर्यौं जसको कारणले गर्दा खेरि आज आइपुग्दा खेरि ती कार्यक्रमहरू विस्तारै ती कार्यक्रमहरू हाम्रो बजेटबाट, कार्यक्रमबाट हराउँदै गइराखेका छन् । आज हामीले जे कार्यक्रम प्रस्तुत गरिराखेका छौं, आजको

रियालिटिमा अगाडि बढेका छन् भन्ने कुरा यो छ । यसकारणले हामी वास्तविक धरातलमा उभिँदै अगाडि बढ्नुपर्छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । अब त्योसँगै दोस्रो कुरा हामीले हाम्रो बजेट प्रस्तुत हुने बेलामा हामीले गम्भीरतापूर्वक छलफल गर्नुपर्ने निरन्तर रूपले घच्घचाईं राख्नपर्ने प्रश्न के हो भन्दा खेरि हाम्रो आन्तरिक स्रोतलाई कसरी व्यवस्थित गर्ने, कसरी सुदृढीकरण गर्ने, कसरी बढाउने भन्ने प्रश्न अहिलेसम्म हामीले हल गर्न सकेनौं । आर्थिक मामिला तथा योजना मन्त्रालयले वर्षभरी त्यो विषयमा सोच्नुपर्ने हो तर त्यो विषयमा सोचेको हामीले पाइराखेका छैनौं, मैले पाइराखेको छैन । त्यसकारणले गर्दा खेरि हामी अहिले तेत्तिस अर्बको बजेट प्रस्तुत गरेका छौं । गत वर्ष चौतिस अर्बको थियो अहिले तर थोरै अहिले कम छ तर यो गत वर्षको भन्दा थोरै हो जस्तो लाग्दैन किन भन्दा खेरि एक अर्ब घाटा बजेटमा थियौं । गत वर्ष अहिले घाटा बजेटमा छैनौं जस्तो लाग्छ । हेर्दा खेरि हामी उही ठाउँमा छौं तर ११ अर्बको गत वर्षको खर्च नभएको बजेट आउँदाखेरि ३३ अर्बमा छौं तर ११ अर्ब त्यो छोड्ने हो भने हाम्रो बजेट पूरै वर्षमा कार्यान्वयन नहुने हो भने अर्को वर्ष २० अर्बमा झर्छौं । २० अर्बमा सार पठाएको छ, त्यहि रेसियोमा अर्को वर्षमा हुँदाखेरि हामी सोह्र अर्बमा आउँछौं, सोह्र अर्बमा आउँदा खेरि प्रशासनिक खर्च देखि लिएर चालु खर्च अति आवश्यक चालु खर्च गर्दा खेरि कम्तीमा आठ अर्ब खर्च हुँदाखेरि हाम्रो विकास बजेट आठ अर्बको हुन्छ । त्यो आठ अर्बले हाम्रो कर्णाली प्रदेश, जो हामी विकासमा हामी पछाडि परिराखेका छौं, त्यसलाई कसरी सम्बोधन गर्ने होला ? यो प्रश्न हामीलाई अत्यन्तै खट्किराखेको अनुत्तरित प्रश्न बन्न थाल्यो । म विशेष आग्रह गर्न चाहन्छु आजको यो बजेटमाथि छलफल गर्ने क्रममा म विशेष आग्रह गर्न चाहन्छु कि आगामी वर्ष हाम्रो यो अहिले जो ३० करोड अनुमानित गरेका जो छौं । आन्तरिक स्रोतलाई कसरी बढाउने होला? अब यो बजेट पास भैसकेपछि अब अख्तियारी दिने र त्यसपछि गएर रकमान्तर गर्ने र त्यसपछि गएर अब भुक्तानी दिने कुरामात्र आर्थिक मामिला तथा योजना मन्त्रालयको नहोस्। आन्तरिक स्रोतलाई कसरी बढाउने होला के कार्यक्रम राख्दाखेरि आन्तरिक स्रोत बढ्छ, यतातिर गम्भीरतापूर्वक ध्यान जाओस्, म यो विशेष ढङ्गले आग्रह गर्न चाहन्छु र मैले आफ्ना भनाइ अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री कुर्मराज शाही, त्यसपछि गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री कुर्मराज शाही:** माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले आर्थिक वर्ष २०७७/२०७८ को राजस्व र व्ययको विवरण सहितको बजेट पेश गर्नुभएको छ । त्यो पेश भएको बजेटमाथि हामी छलफल गर्न गैराखेका छौं, सायद मलाई लाग्छ हाम्रो छलफल तार्किक निष्कर्षमा पुग्नेछ र त्यसलाई ग्रहण गर्नुहुनेछ र त्यो प्रकारले आफ्नो मनोविज्ञान र मानसिकता निर्माण गरेर अगाडि बढ्नु छ भन्ने शुभेच्छा पनि व्यक्त गर्न चाहन्छु । मेरो यहाँ चाहिँ हामीले अहिलेसम्म बोलिरहँदा खेरि, छलफल गरिरहँदा खेरि केवल तीनवटा R जोड गरिराखेका छौं । यो बजेटले पनि तीनवटा R लाई मात्र जोड गरेको छ प्राथमिकतामा मेरो प्राथमिकतामा तीन वटा R होइन चारवटा R बनाउन पर्छ ।

हामीले भन्दै आयौं रोजगारी, महामारी र Sorry, महामारी, भोकमारी र रोजगारी भन्यौं हामीले मैले चारवटा R मा के जोडेको छु भन्दा खेरि महामारी पनि हो अहिले महामारीले निम्ताएको रोजगारी हो । यो भन्दा पहिलाको आर्थिक वर्षमा पहिलो प्रायोरिटीमा रहेको पूर्वाधारलाई कहाँ छोड्यौं हामीले ? त्यो भएर मैले महामारी भन्नुस्, यो त्यसपछि गएर भोकमार,पूर्वाधार र रोजगार चारवटा R यी प्राथमिकतामा राख्नुहोस् मेरो सुझाव र यसरी मैले सरसर्ती अध्ययन गरे तीन, चार दिन मैले लगाए बेसरी अध्ययन गरे, अध्ययन गरे । अध्ययन गर्दा खेरि मैले चाहिँ निष्कर्षमा पुग्न सकिन यसका नकारात्मक पक्षहरू, यसका सकारात्मक पक्षहरूलाई मैले यहाँ प्रस्तुत गर्न चाहन्छु । हाम्रो अर्थमन्त्री प्राज्ञिक मान्छे नै हो । यसको लेखनशैली, भाषाशैली र कार्यक्रमलाई सूत्रबद्ध गर्ने सन्दर्भमा असाधै समृद्ध छ यो । कोभिड-१९ मा बजेट केन्द्रित भएको छ । अहिले हाम्रो प्राथमिकताको विषय पनि त्यहीं हो । सिद्धान्त र उद्देश्य प्रष्टताका साथ एकदम व्यवस्थित ढङ्गले ल्याउनु भएको छ । म उहाँप्रति आभार प्रकट गर्न चाहन्छु र यसका नकरात्मक पक्षमा यो कार्यक्रमले नरम विषयमा बढी केन्द्रित गरेको छ । यसले हाड विषयमा अत्यन्तै कमजोर छ यो बजेट । रोजगारको नाममा समूह सहकारीमा बढी केन्द्रित गरेको छ, फेरि समूह सहकारी हाम्रो बद्नाम गरेको छ हामीले थाहा पाएका छौं । मिडियाहरूमा आइसकेको छ । बजेटलाई विकेन्द्रिकृत भन्दा पनि यसले केन्द्रिकृत गरेको छ । यसले डल्लो सिद्धान्तलाई प्रतिपादन गरेको छ । यो डल्लोको सिद्धान्त कहाँबाट चाहिँ प्रतिपादन भयो मैले धेरै अध्ययन गरे यसको विषयमा अमेरिकाबाट भयो, जापानबाट भयो, सिंगापुरबाट भयो कहाँबाट भयो ? यो डल्लोको सिद्धान्तले बढी ठाउँ लिएको छ, यो बजेटमा अनि यो जनता सडकलाई अलमल पारेको छ, यसले यसलाई प्रष्ट पार्नुपर्यो हामीले जनतालाई भनिसकेका छौं बालिसकेका छौं । अहिले पनि १० करोड आउँछ है भनेर भनेका छौं । किनभने योभन्दा अघिल्लो आर्थिक वर्षमा यो नभइदिएको भए हामीले भन्दैन थियौं । यसलाई प्रष्ट बनाउन पर्यो पार्न पर्यो । अहिले पनि १० करोड चाहियो हामीलाई हाम्रो माग त्यहीं हो। एकदम अर्गानिक भाषा मैले भने दस करोड चाहियो अनि यो निर्माण क्षेत्रको पूर्वाधारलाई यो के भनेको छ, अगाडि पछाडि राखिया छ, यसलाई हटाएर सिधै निर्माण क्षेत्र निर्माण क्षेत्र भनिन पर्यो अनि यसैगरी मलाई लाग्छ । यो क्रमागत योजना जो छन्, सम्पन्न भएको छैन । यो क्रमागत योजनालाई सम्पन्न गर्ने गरी बजेटको व्यवस्थापन गर्नु पर्यो अनि यसैगरी यो स्थानीय सरकारसँगको जो समन्वय छ बढी केन्द्रित गरिएको छ हामीलाई बिर्सिएको छ । प्रदेश सरकारको संघीयतालाई अलिकति स्थानीय सरकारलाई मात्रै जोड गरिरहँदाखेरि संघीयतामाथि के प्रश्न उठ्छ कि ? अनि यसैगरी बहुवर्षीय योजना यहाँ कुनै ठाउँमा उल्लेख भएको देखेन र मेरो सुझाव कार्यक्रम पूर्वाधारसँग सम्बन्धित हुन पर्यो किनभने पूर्वाधार अहिले पनि सडक पुगेका छैन्, खानेपानी पुगेको छैन, सिँचाइ पुगेको छैन, पूर्वाधारलाई जोड गरिएन भने रोजगार कसरी सिर्जना गर्न सक्छौं र हामी ? सबै कार्यक्रमहरू मलाई लाग्छ नरम कार्यक्रमहरू भन्दा पनि सट कार्यक्रमहरू भन्दा पनि हाड कार्यक्रमहरू जोड गरियो भने रोजगार सिर्जना हुन्छ भन्ने विश्वाश लिएको छु । अनि यसैगरी चाहिँ यो योजना छनौट

प्रक्रियामा मैले बाहिर सुनेको कुरा साँचो हो या झुटा हो, वडामा एक करोड दिने गरे । त्यहीँ बसेर छान्ने भन्नुभाछ अब यसले गर्दा खेरि मलाई लाग्छ प्रदेश सरकारका सदस्यहरूको भूमिका कहाँ रहन्छ ? यो प्रदेश सरकार हो । तीनतहका सरकार छन् । संघीय सरकार छ, प्रदेश सरकार छ, स्थानीय सरकार छ । हामीले स्थानीय सरकारलाई राखेर चाहिँ योजना छान्न थालियो भने प्रदेश सरकारको अस्तित्व कहाँ रहन्छ । म यो अर्थमा आग्रह गर्न चाहन्छु। अब यो यसैगरी स्थानीय तहमा भर पर्ने भन्दा पनि हाम्रा कार्यालयलाई व्यवस्थित बनाउन सक्छौं सक्दैनौं हामीहरू । हामीले कार्यालय स्थापना गरिसकेका छौं । कन्सलटेन्सीबाट कर्मचारी राख्न पाउछौं सेवा करारमा राखे हुन्छ । कन्सलटेन्सीबाट हामी कर्मचारी राख्न सक्छौं र प्राविधिहरू नियुक्ती गर्न सक्छौं र हाम्रो कार्यक्रमलाई कार्यान्वयन गर्न सक्छौं । अनि यो अनुगमन अहिले अलपत्र छन् हाम्रा । मैले अर्थमन्त्रीको ध्यान, मैले ध्यान यहाँनिर ताने । कोले अनुगमन गर्ने भन्दै छन् । स्थानीय निकायलाई उपल्लो अधिकार दिएको हुन्छ, हाम्रो योजना हेर्न त हैरान छ । प्रदेश योजना कहाँबाट हेर्ने भनेर अलपत्र छन्, योजनाहरू कसैले पनि हेरेको छैन हाम्रो भूमि कै छैन । समन्वय समितिलाई बलियो बनाउने भनेको छ । यो बजेटमा तर समन्वय समिति मलाई लाग्छ, बजेट नदिएपछि समन्वय समिति चल्ने वाला छदैंछैन बजेट नै छैन भनेर त्यतिकै निरिह भएर बसेको अवस्था छ । उसले हाम्रो बजेट अनुगमन गर्ने पक्षमा छैन । यो अनुगमनको पाटो प्रक्रियालाई बलियो बनाउनको निम्ति यतातर्फ लाग्नुपर्यो र यसैगरी यो भ्रष्टाचार र अनियमितताको ढिलासुस्ता छन् । अब यसलाई कसरी रोक्न सक्छौं । हामीले यसको अनियमितता छ, ढिलासुस्ती छ अहिले अन्तिममा आएर केन्द्र भएका छन् । अहिले ११ अर्ब बचेको कुरा अहिले थाहा भैगो । यो वर्षमा यो चालु आर्थिक वर्षमा खर्च हुनुपर्ने हो। बजेट खर्च गर्न सकेनौं, त्यसैगरी अर्को चोटी हामीले सक्दैनौं । सबभन्दा त्यो भएर ढिलासुस्तीलाई चाहिँ कर्मचारीलाई एकदम चाहिँ मलाई लाग्छ छुरा बनाउनका निम्ति कस्तो खालको पोलिसी बनाउन सक्छौं । यसका निम्ति हामीले सोध्नुपर्यो र अर्को कुरा थोरै अन्तिममा म धेरै बोलिन् । मुख्यगरी चाहिँ तपाईंको यो घुसखोरीमाथि कसरी रोक लगाउन सक्छौं ? सबभन्दा अहिले कोभिड-१९ सँगसँगै जोडिएको विषय भनेको घुसखोरी हो । मैले अरस्तुको सानो उदाहरण भन्न गए । शासकले जहिले पनि यो कुरामा ध्यान दिनुपर्छ । हाम्रा मन्त्रीज्यूहरूले कर्णाली धेरै छ यो ती उसका अधिकृतहरू अनुचित लाभ वा घुसखेरिमा लिप्त नहुन् । यदि पदाधिकारीहरू भ्रष्टाचारमा संलग्न भए भने यसले जनतालाई दुख दिन्छ । यो अरस्तुको विचारलाई हामीले ध्यान दिनपर्यो । त्यो भएको हुनाले म थोरै अन्तिममा राजस्वको बारेमा कुरा गरौं म एउटा कौटिल्यको उदाहरण दिन चाहें। यहाँनिर कोष बनाउने कुरामा राजस्व सोहौ वा थोरै पैचालिस करोड मात्र छ भनेर भनेका छौं । हामीले अनुमान गरेका छौं । यो कोष बनाउनका निम्ति कौटिल्यको सिद्धान्तलाई अवलोकन गर्नुपर्छ, उनको दर्शनलाई अवलोकन गर्नुपर्यो । प्रजाको सम्पन्नता, राज्य कोषको वृद्धि हो । प्रजाको समृद्धि, उच्च चरित्र कर्मचारीको कर्तव्य परायणता, कर्तव्यनिष्ठ छैन कर्मचारीहरू हामीहरूले बुझिसकेका छौं र अन्नको वृद्धि गर्नुहोस् त्यो पनि

ठिकै छ जोडिएको छ । *(माननीय सभामुखः अब सकौं माननीयज्यू)* उक्त राज्य कोषको वृद्धि नै मलाई लाग्छ यो कोषको बनाउने अनि मात्र कोष बलियो हुन्छ, योतिर ध्यान दिऊँ भन्ने कुरा म राख्दैं अन्तिममा यो डल्लो कुरा जो छ यो डल्लो व्यक्तिवादलाई प्रश्रय गर्छ, संस्थालाई प्रसय गर्दैन । व्यक्तिवादलाई प्रसय भन्ने कुरा के लाग्दछ भन्दा खेरि यो व्यक्तिलाई बढी मान्यता दिन्छ । राज्यलाई के मात्र ठान्छ भन्दा खेरि यो नाइटको पाले मात्र भन्ने ढङ्गले बुझेको हुन्छ, यो चाहिँ नाइटको पाले चाहिँ राज्यलाई नबनाऊँ । *(माननीय सभामुखः अब सकौं माननीयज्यू)* यहीं सुझाव राख्दै मेरा भनाइ अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** यसपछि माननीय श्री गोपाल शर्मा । माननीय श्री गोपाल शर्मा पछि माननीय श्री मिनासिंह रखाल तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, हामी २०७७/२०७८ को बजेट वक्तव्यमाथि छलफलको क्रममा छौं । यो बजेट वक्तव्यलाई सामान्यतया केन्द्रीय बजेटले संकुचित बनाएको छ । त्यो मलाई अनुभूति भएको छ र केन्द्रीय बजेटले प्रदेशभरी सिङ्गो प्रदेश तहमा ४ प्रतिशत बजेटको व्यवस्था गरेको छ । त्यसको प्रभावमा हाम्रो प्रदेशमा बजेट प्रभावित हुनु स्वभाविक ठान्छु म । यो बजेट वक्तव्यले सामान्यतया नीति, कार्यक्रम, प्रि-बजेट छलफलका क्रममा व्यक्त भएका सुझावहरूलाई पछ्याउने पर्यत्न गरेको देखेको छु र हाम्रा जोडहरू थिए पहिलो स्वास्थ्य खासगरी महामारी नियन्त्रण गर्ने, दोस्रो भोकमरी नियन्त्रण गर्ने र तेस्रो रोजगारी सिर्जना गर्ने यो कुरामा प्राथमिकता थियो र त्यो प्राथमिकतालाई जोड गर्दै यो बजेटले केही कुराहरू राखेको छ । जस्तो सभामुख महोदय, यो बजेटले ४ प्रतिशत कोभिड कोषमा कोभिड नियन्त्रण कोषमा मात्रै कोभिड-१९ नियन्त्रण कोषमा मात्रै ४.५ प्रतिशत बजेट व्यवस्था गरेको छ र सिङ्गो स्वास्थ्य क्षेत्रको लागि ८ प्रतिशत व्यवस्था गरेको छ । रोजगारी सिर्जना मात्रै १९.३८ प्रतिशत रोजगारी सिर्जनामा केन्द्रित गरेको छ, यसले उत्पादनको दायरा बढाउने र रोजगारी सिर्जना गर्ने स्रोत देखिन्छ । यो पर्यत्न छ र सरकारले आर्थिक अनुशासन र मितव्ययितामा जोड गरेको पनि देखिन्छ । यसले चालु खर्च घटाउने प्रशासनिक खर्च बढाउने देखिन्छ पूँजीगत खर्च केरे चालु खर्च घटाउने प्रशासनिक खर्च कटाउने र पूँजीगत खर्च बढाउने यो नीति अख्तियार गरेको छ र सिङ्गो गत वर्षको चालु खर्चमा ४ प्रतिशत कटौती गरेको छ ४ प्रतिशत कटौती गरेको छ र २५ प्रतिशतमा प्रशासनिक खर्च सीमित गरेको छ । यस अर्थमा यसले आर्थिक अनुशासनको पाटोबाट, मितव्ययिताको पाटोबाट आफूलाई अलिकति जोड गर्ने पर्यत्न गरेको छ । यसले विकास निर्माणको नीतिमा पाँच "ज" को नीति अख्तियार गरेको छ । जनचाहना, जनहित, जनजागरुकता, जनसहभागिता र जनस्वामित्वको विषयमा यले प्राथमिकता दिएको छ । त्यसकारण समग्रमा मैले बजेटको वक्तव्य सामान्य तया सकारात्मक रूपमा लिएको छु । सभामुख महोदय, यसको विषय केही टिप्पणी गर्ने लायक छ, सभामुख महोदय, यो बजेट वक्तव्यले ६ प्रतिशत आर्थिक वृद्धिदर अनुमान गरेको छ । गत वर्ष मात्रै हामीले ५.७ प्रतिशत आर्थिक वृद्धिदर हुने अपेक्षा गरेका थियौं । यो बजेट गत वर्षको बजेट अपेक्षा गरेको

थियो र अहिले ३.६ प्रतिशतमा सीमित हुने प्रक्ष्येपण गरेको छ, हामी गत वर्ष धेरै सहज अवस्थामा थियौं र हामीले ५.७ प्रतिशत अपेक्षा गरेका थियौं । अहिले यस्तो विषम् परिस्थितिमा छौं सरकारले अथवा अर्थमन्त्रीज्यूले कसरी ६ प्रतिशत आर्थिक वृद्धिदर हुने अपेक्षा गर्नुभयो । जबकी हाम्रो प्रदेश कृषिमा मात्र निर्भर छ, यहाँ औद्योगिक क्षेत्रहरू अरु क्षेत्रहरू हामीसँग सीमित छैन, कृषिमा पूराको पुरा कोसिस गर्यौं भने पनि हामी कुनै हालतमा हामी ६ प्रतिशतमा आर्थिक वृद्धिमा जाँदैनौं । त्यसकारणले यो बजेट अलिकति आर्थिक वृद्धिको आँकलनबाट हवाईसोयर कल्पनामा छ कि भन्ने ठान्छु सभामुख महोदय म । त्यसकारण यो अलिकति यो अलिकति त्यस्तो खालको मनोगत टाइपको कल्पना यसमा व्यक्त हुन्छ । सभामुख महोदय, गत वर्षका केही नाराहरू यो वर्ष पनि दोहोरिएका छन् । कतिपय कार्यान्वयनमा नआउने नाराको रूपमा मैले यसलाई बुझेको छु । गुरुयोजना तयार गर्ने भन्ने कुरा लगातारका कुराहरू हुन्, हामी कहिले हामी गुरुयोजना बनाउँदैनौं । सम्भाव्यता अध्ययन गर्ने निरन्तरका नाराहरू हुन् हामी कहिल्यै सम्भाव्यता अध्ययन गर्दैनौं । परियोजना बैंक निर्माण गर्ने भन्छौं हामी कहिल्यै परियोजना बैंक बनाउँदैनौं ? यो खालको स्थितिले हामी अलिकति यस्ता विषयहरू कहिले पूर्णता पाउँछन् परियोजना बैंक निर्माण गर्ने र त्यसबाट योजना छनौट गर्ने कुरा हामीले व्यवस्थित कहिले गर्छौं ? डि.पी.आर. अथवा सम्भाव्यता अध्ययनका कुरा कहिले व्यवस्थित गर्छौं ? यस्ता विषयहरू जहिले पनि दोहोरिएर आउने कहिले पूरा नहुने खालका स्थितिहरू छन् । जनताले बुझ्ने भाषा पनि कहिले काँही बजेट वक्तव्यमा ख्याल गर्दैन, यसतर्फ ध्यान दिउँ । म एउटा पढ्न चाहन्छु सभामुख महोदय, स्वास्थ्य, शिक्षा, उत्पादन, आपूर्ति, रोजगारी, आजीविका, पूर्वाधार र समृद्धि । आजीविका भनेको केहो सभामुख महोदय, को ले बुझ्छ ? यो भाषा यद्यपी जीविकोपार्जनसँग जोडिएको होला । यो नगरेर सिधै सरकारले रोजगारी, पूर्वाधार र समृद्धि मात्रै राखिदिए मात्र हुन्थ्यो । रोजगारीबाटै आजीविकाको विषय भैहाल्थ्यो यो हिन्दी भाषाको शब्द यहाँ सापटिको रूपमा आएको छ । मैले कतिपए भाषाहरू सरल र जनमूखी हुन जरुरी ठान्छु । सभामुख महोदय, जोड गर्नुपर्ने अझै विषय कृषिमा हो हाम्रो कृषि क्षेत्रको विषय खासगरी उत्पादनमा वृद्धि गर्ने हो भने हामीले कृषि क्षेत्रमै जोड गर्न जरुरी छ । शिक्षा क्षेत्रको पूर्वाधारको जिम्मा संघ र प्रदेशले लिनेहो भने शिक्षा क्षेत्रको तलको सुधार गर्ने जिम्मेवारी स्थानीय तहले लिन सक्छ । स्थानीय तहले व्यवस्थित गर्न सक्छन् भन्ने म ठान्छु । अहिले पनि विद्यालयका पूर्वाधारका विषयहरूमा हाम्रो जोड पुग्न सकेको छैन । सदरमुकाम देखि राजधानी जोड्ने सडकका विषयहरू हामी कुरा गर्छौं । अहिले पनि मलाई अनुभूति छ रूकुमबाट राजधानी पुग्ने सहज व्यवस्थापन यो सरकारले कहिले गर्छ वर्षा लाग्यो कि रूकुम जाने नसक्ने अवस्था रूकुमको सदरमुकामसँग नजोडिने अवस्था किन बनिराख्या छ यसतर्फ अहिले पनि औपचारिक रूपमा सीमित नहोस् धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री मिनासिंह रखाल । त्यसपछि माननीय सुशिलकुमार थापा तयार रहनु होला ।

**माननीय श्री मिनासिंह रखालः** सभामुख महोदय, यो सदनमा यस सभएको मानमर्यादालाई आत्मसाथ गर्दै समयको पालना गर्ने कोसिस गर्ने छु । सभामुख महोदय, अर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रस्तुत भएको विषयमा छलफल गरिरहँदा यहाँ चाहिँ २२८ बुँदामा समेटिएको आएका यी नीति तथा कार्यक्रमलाई नै बजेटको रूपमा आएको छ र केही अहिलेका खासै त्यस्ता केही नयाँ त केही छैन तर यसले प्राथमिकतामा कोभिड-१९ लाई नै प्राथमिकता दिएको छ । यो परिस्थितिमा यो जटिलताको अवस्थामा यो स्वागत योग्य छ । यो परिस्थितिमा यो जटिलताको अवस्थामा आज कोभिड-१९ को कुरा गर्दा खेरि दैलेख, सुर्खेत र सल्यान असाध्यै भयभित अवस्था छ । त्यसमा पनि दैलेख अहिले ग्रामिण भेगमा पनि धेरै-धेरै भन्दा पनि संक्रमित भएका छन् र ती संक्रमितबाट बच्न बचाउनको लागि प्रदेश सरकारको कत्तिको महत्व रहनेछ । यहाँ लेख्न त लेखिएको छ प्राथमिकता त छ तर हामी यसलाई कार्यान्वयन गर्न सक्छौं कि सक्दैनौं यो प्रश्नवाचक चिन्ह खडा भएको छ । समयले कोल्टो फेर्दा परिस्थिति जटिल हुन्छ र सोचेका कुराहरू व्यवहारमा लागु गर्न नसक्दा आफूले पराजितको महसुस पनि गर्नुपर्दछ । प्रदेश सरकारले अथवा हामीले ७४,७५,७६,७७ र आज आएर ७७/७८ को बजेट वक्तव्य हेर्दा खेरि नयाँ हामीले केही पनि देखेका छैनौं र यी पुराना बजेटलाई पनि हामीले कार्यान्वयन नगरेको अवस्था छ । यद्यपी हामीले दलीय व्यवस्था हो । हामीले यसलाई स्वीकार्नु पर्छ । कार्यान्वयनको लागि सबैको साझा धारणा हुनुपर्छ । सबैको सहयोग र सल्लाह पनि हनुपर्छ भन्ने मेरो मान्यता छ । यो आर्थिक वर्ष ७८ बजेटमाथि छलफल कुल बजेट ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार चालुगतमा ११ अर्ब ६७ करोड ५७ लाख ३२ हजार पूँजीगतमा १९ अर्ब ६ करोड ९१ लाख २१ हजार वित्तीय व्यवस्थामा २ अर्ब ९९ करोड ६५ लाख तीन ठाउँमा वितरण भएर भएको यहाँ देखिन्छ तर यो बजेटले केही वर्ग केही क्षेत्र केही समुदायलाई न नीति र कार्यक्रमले छोयो न यो बजेट छोयो । कर्णाली प्रदेशको अवस्था भुगोल हेर्दा खेरि आज हामी त्यो सेतो कुर्चिमा बसिरहेको माननीयलाई पनि प्रश्न छ र आज मन्त्रालयमा मन्त्रीको पदमा बसिरहनु भएको उहाँहरूलाई पनि प्रश्न छ । के छ भनेपछि हामी आज ती समुदायको भोटबाट यो कुर्चिमा बस्न योग्य भएका छौं । हाम्रो संविधान २०७२ मौलिक हक र कर्तव्यमा सामाजिक न्याय हक भन्ने एउटा बुँदा छ । त्यसमा लेखिएको छ । समाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, अल्पसख्यक, अपाङ्ग र सिमान्तकृत मुस्लिम पिछडिएका वर्ग लैगिंक तथा यौनिक अल्पसंख्यक युवा, किसान, श्रमिक, पिडित, विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका अधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भनेर संविधानमा उल्लेख गरेको छ तर हामीले न नीति र कर्यक्रममा ती समुदायलाई सम्बोधन गरेको दख्यौं न बजेट नै आज आदिवासी छुटेका छन् । आदिवासी जनजाति छुटेका छन् । यौनिक अल्पसंख्यक छुटेका छन् । मुस्लिम छुटेका छन् । अनि हाम्रो कर्णाली क्षेत्रको पिछडिएको छन । के आज अपाङ्ग पनि ३/४ वर्गमा छन् । क वर्ग ख वर्ग ग वर्ग आज अपाङ्गहरू कोहीलाई डोरी बानेर राखिएको अवस्था

छ । दैलेख जिल्लाको वडा नं ५ मा ती आज ३५ वर्ष भैसक्यो ती अपाङ्गलाई डोरी बानेर राखिएकै छ । यी तातापानी वडा नं ३ मा पनि एक जना महिला उनलाई पनि डोरी बानेर राखिएको अवस्था छ र ती अपाङ्गको लागि हामीले के सोचेका छौं र हामीले तिनलाई कस्तो किसिमले सम्बोधन गएका छौं । आज ती मुस्लिमहरू यहीं पनि त्यो काँक्रिबिहार त्यो पिपिरातिर जाने हो भने मुस्लिम समुदाय छन् । दैलेखमा पनि मुस्लिम समुदाय छन् । हामीले के सम्बोधन गर्यौं त अनि हामीसँग यिनी अल्पसंख्यक ती बाटोमा हिडिरहेको अवस्था छ । तिनिहरूको लागि हामीले के व्यवस्था गरिम त्यहाँ खै सम्बोधन । आज मलाई भन्नुपर्दा महिलाको कुरा महिलाले उठाउनु पर्ने दलितको कुरा दलितले उठाउनु पर्ने हो भने हामीले ती जनतासँग प्राप्त गरेको भोटको मूल्य र मान्यतालाई स्वीकार गरेका छैनौं । एउटा रोचक प्रश्न म यहाँनिर भन्न के चाहन्छु भने २०७० सालको चुनावमा मेरै वडामा दुई/तीन थरिका अपाङ्गहरू जस्तै मुख नबोल्नेहरू हुनुहुन्छ मुख नबोले पनि काम गर्नुहुन्छ । उहाँ भोट हाल्न तयार हुनुहुन्छ मैले आफैले भोगको ती तीन जनाले भोट हाल्न जाँदाखेरि एकजना नबोल्नेले सूर्यमा भोट हाल्न खोज्नु भारहेछ । अर्को जना नबोल्नेले रुखमा हाल्न खोज्नु भारहेछ अर्को एक जना नबोल्ने बहिनी जो तिनी छिन् उनले पनि सूर्यमा हाल्न खोजिराको तर के गरियो भने मतदान अधिकृतले उहाँहरूको अभिभावकले यहाँ आएर भोट हाल्न लगाउनु पर्यो भनिसके पछि उहाँहरूले भोट हाल्न लैजानु भयो तर उहाँहरूको चाहाना के रहेछ आफूले चाहना गरेको भोटमा मतदान गर्नुपर्छ भन्ने रहेछ तर अभिभावकले जो ले सूर्यमा हाल्न खोजिराथ्यो उसले रुखमा हाल्दियो जसले रुखमा हाल्न खोज्या थियो उसले सूर्यमा हाल्दियो । जसले सूर्यमा हाल्न खोज्या थिन उनको आसीं, हतौडामा हाल्दिय त्यसपछि उहाँहरूलाई चित्त बुझेन किनभने उहाँहरूलाई त सँगसँगै लगिएको थियो नि नियम अर्धेर सँगसँगै लगिएको थियो । उहाँहरूले हेर्नुभयो तर अभिभावकले चाहिँ फरक ठाउँमा भोट हाल्दिए तर उहाँले चित्त नबुझे पछि आफ्ना कुराहरू आफ्नो इसाराबाट हामीलाई भन्नु भयो । त्यस्तो परिस्थितिमा उहाँहरूले आफूले चाहना गरेको व्यक्तिलाई चाहना गरेको पार्टीलाई भोट हालेर पठाइसकेपछि आज हाम्रा बजेटले हाम्रा नीति तथा कार्यक्रमले ती व्यक्तिलाई कहीं पनि नसमेटिएको देख्दा खेरि सदनमा मैले आज बजेट भन्दापनि उहाँहरूको विषयमा बोल्नुपर्ने आवश्यकता देखेर मैले बाँकी कुराहरू यी राखे र समय छन् म विदा हुन्छु र मैले आशा त गर्दिन फेरी समेन्टिन्छ भनेर किनभने हामीले ७५/७६ को बजेट आउँदा खेरि अहिले सम्म महिलाको लागि कति काम गरिम् अपाङ्गको लागि कति गरिम् । ***(माननीय सभामुखः सकम माननीय सदस्य)*** त्यो पिछडिएको वर्गको लागि कति काम गरिम् भन्ने रेकर्ड नभएको हुनाले आशा त गर्दिन मेरो तर्फबाट सरकारलाई सुझाव दिँदै र यो नीति तथा यो बजेट वक्तव्यलाई धन्यवाद दिँदै विदा हुन्छु, हवस्त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री सुशीलकुमार थापा । यसपछी रातो कामी तयार अवस्थामा रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापाः** माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्यमा मैले आफ्नो क्षेत्रबाट अर्थात् मेरो क्षेत्रका जनताका तर्फबाट यो बजेट वक्तव्यमा आफ्नो धारणा राख्न उपस्थित भैराखेको छु । सभामुख महोदय, यो भन्दा अगाडि नीति कार्यक्रममा मैले एउटा कुराराखेको थिए कि नीति कार्यक्रम जसरी समावेशी, समानुपातिक ढङ्गले सिङ्गो कर्णाली प्रदेशका सम्रग दृष्टिकोणलाई मध्येनजर गर्दै जसरी नीति कार्यक्रम आएको छ त्यसकै आधारमा बजेट निर्माण हुनेछ र त्यो बजेट रेडबुकमा परिणत हुँदा सबै मन्त्रालयको आउँदा सरकार र सदन बीचको सम्बन्ध गाढा भएर अगाडि बढ्नेछ । त्यति बेला सम्म यो नीति तथा कार्यक्रमका आधारमा यो बजेट निर्माण भएर सरकार र सदनको एउटै भावना भएर अगाडि बढ्नेछ भन्ने दृष्टिकोणका साथ मैले नीति कार्यक्रममा हाम्रो सम्बन्ध यो नीति कार्यक्रम जस्तै बजेट सम्म रहोस् भनेर मैले त्यति बेलापनि मैले भनेको थिए । यसो हेर्दा यो बजेट वक्तव्य ७७/७८ को बजेट वक्तव्य हेर्ने हो भने हिजो ७६/७७ को बजेट र अहिलेको बजेट हेर्ने हो भने मात्र ५०/६० करोडको ६१ करोडको बजेट कम छ तर अहिले ७७/७८ को बजेट हेर्ने हो भने ७६/७७ को बजेटभन्दा पनि तल जनताको ठाउँमा अर्थात निर्वाचन क्षेत्र जिल्ला बजेट केन्द्रित गर्ने सवालमा यो काहीँ न काहीँ चुकेको देखिन्छ र यो बजेट वक्तव्यले तल निर्वाचन क्षेत्र जनताको सामु बजेट लैजानेभन्दा पनि केन्द्रिकृत मानसिकताका आधारमा यसलाई सेन्टरमा कलेक्शन गरेर राख्ने जुन पर्यत्न भयो यसले आज सिङ्गो सदनलाई सिङ्गो कर्णालीबासी सबैलाई शंकाको दृष्टिकोण हेर्ने वातावरण सिर्जना गरेको छ । सभामुख महोदय, यो एउटा महाविपती महासंकट कोभिड-१९ को भयावह आइरहेको अवस्थामा मलाई के विश्वास थियो भने बजेट अंकमा प्रस्टै ढंगले भोलि कहींकतै यसलाई हामीले करेक्सन गर्न नपर्ने गरी अंकमा किटानी सहित सबै क्षेत्रका क्षेत्रलाई समावेश गरेर अंक सहितको बजेट आउने छ र हामीले तत्कालै हप्ता दिनभित्र कार्यान्वयन गरेर बजेट जनताका सामु लैजाने र फास्ट ट्र्याकबाट कार्यान्वयन गरेर सातवटै प्रदेश र सिङ्गो नेपालमै सबैभन्दा अग्रगामी रूपमा कर्णाली प्रदेशले कार्यान्वयन गरेको कार्यान्वयन गरेको दिशाबाट अगाडि बढाउने त्यो बजेट निर्माण हुनेछ भन्ने अपेक्षा गर्या थियौं त्यतातिर सोचिराथियौं । यसो हेर्दा कोभिड-१९ कै सन्दर्भमा पनि त्यो हेर्दा डल्लकै रूपमा छ । खास ठोस कार्ययोजना आउन सकेन त्यो सहितको आउन पर्थ्यो कोभिड-१९ का नाममा अल्ली राजनीति भए जस्तो लागिराछ किनभने कोभिड-१९ लाई हेर्दा बजेट जम्मा ७८ करोड देखिन्छ त्यसको नाम वा त्यो वा यो नाममा मन्त्रालय केन्द्रित बजेटलाई डल्लो रूपमा राख्ने जुन पर्यत्न गरिएको छ त्यो कोभिड-१९ लाई देखाएर राजनीति गर्ने एउटा वातावरण सिर्जना गरियो जस्तो मलाई लाग्छ । किनभने हामीले के अपेक्षा गरेका थियौं सरकारबाट भने यति बेला बजेट डल्लोमा होइन सर्वसाधारण जनताले बुझ्ने गरी मेरो सरकारले मेरो लागि बजेट ल्यायो हामी नागरिकका लागि यो-यो कुराहरू सम्बोधन भयो भनेर रेडबुक सिरानिमा राखेर सुत्न सक्ने त्यो बजेट निर्माण हुनेछ भन्ने हामीले अपेक्षा गर्या थियौं तर त्यसो यो बजेट हेर्दा आज सबै नागरिकहरू आज हामी सबै अन्यौलमा भएको हेर्दा बजेट गत साल भन्दा कम खासै छैन तर नागरिकका

सामु जाने बजेट निर्माण भयो कि भनेर हेर्दा त्यसो पनि देखिन्न त्यसकारण सरकारलाई के आग्रह गर्न चाहन्छु भने माननीय सभामुखमार्फत् बजेट अझै पनि जनतामूखी कसरी बनाउन सकिन्छ । जनताले अपनत्व गर्ने खालको बजेट कसरी निर्माण गर्न सकिन्छ । अझैपनि यसलाई करेक्सन गरेर व्यवस्थित बजेट ल्याउनको लागि आग्रह गर्न चाहन्छु । सभामुख महोदय, हामीले यो बजेटले भोकमारी महामारी, भोकमारी र रोजगारी भनेर त नारा त ल्यायो तर ती आज धन्न ३० हजार कर्णालीभन्दा बहिरबाट र अन्य मूलुकबाट आउने ती नागरिकका बारेमा ठोस कार्ययोजना के आयो त ती नागरिकलाई अब हामी तपाईंको जन्मभूमि अर्थात् आफ्नै घर दैलो बसेर कर्णाली प्रदेश सरकारले आत्मनिर्भर भएर तपाईंहरूलाई उत्पादनमा जोडेर सरकारले रोजगारीमार्फत् तपाईंहरूलाई उत्पादनमा जोडने यो-यो कार्यक्रमहरू के-के ल्यायो त त्यसलागि कति बजेट ठोस रूपमा कति छुट्ट्यायो त भनेर भन्दा त्यसो त्यो तरिकाले आउँछ भन्ने हामीलाई महसुस थियो तर यसो हेर्दा त्यसो चाहिँ देखिएन आउन पर्ने अहिलेको अपेक्षाकृत बजेट त्यतातिर केन्द्रित भएर आउन पर्थ्यो जस्तो मलाई लाग्छ । यसो हेर्दा ६१ करोड कम भएपनि अहिलेको बजेटले जस्तो विभिन्न खर्चहरू कटौती गरेर ल्याएको छ जस्तो पूँजीगत खर्च क्षमता बढाउने भनेको छ चालु खर्च घटाउने प्रशासनिक खर्च कटाउने नीति कार्यान्वयन नीति कार्यान्वयनका लागि आवश्यक कानून संरचना गरेर यसलाई तत्काल कार्यान्वयन गर्ने भनिएको छ । अर्कोतिर गोष्ठी, सेमिनार लगायतका खर्चहरूमा उल्लिखित उल्लेखनीय कटौती गरिएको भनिएको छ । मन्त्री राजनीतिक पदाधिकारी तथा कर्मचारी, अथिति सत्कार, सञ्चार तथा बैठक भत्ता, खाजा खर्च र जोखिम भत्ता लगायतका शीर्षकमा बजेट विनियोजन गरिएको छैन भनिया छ । यो सबै हेर्दा ६१ करोड पूर्ति हुन्छ होला जस्तो लाग्छ । त्यसो हो भने लोकप्रिय भनिएको बजेटमा लोकप्रिय कार्यक्रम गत सालकै लोकप्रिय कार्यक्रम अहिले त नयाँ कोभिड-१९ बाहेक अरु आए जस्तो त देखिएन त्यस्तो लोकप्रिय कार्यक्रमहरू जनतासँग क्षेत्रपूर्वाधार कार्यक्रमहरू लगायतका थुप्रै कृषिका खानेपानीका तट बन्धनका, शिक्षा स्वास्थ्य जस्ता थुप्रै लोकप्रिय कार्यक्रमहरू हटाएर लोकप्रिय नारा दिएर अलोकप्रिय बजेट ल्याउने तिर हामीले यो बजेटले त्यतातिर केन्द्रित गरे जस्तो मलाई महसुस भैराखेको छ । पक्कै पनि गत सालका लोकप्रिय कार्यक्रमहरूलाई यसमा समावेश गर्दै अझै थप लोकप्रिय जनतासँग जाने लोकप्रिय कार्यक्रमहरू ल्याउनको लागि सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री रातो कामी । त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू, आज हामीले कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाज्यूबाट प्रस्तुत गरेको बजेट वक्तव्य उपर छलफल गरिरहेका छौं । यस सन्दर्भमा खास गरिकन २०७७/७८ को बजेट वक्तव्यलाई सरसर्ति अध्ययन गर्दा बजेटले हामीले सदनमा अथवा छलफलमा उठाएका ३ वटा कुरालाई विशेष

जोड गरेर जो सांसदहरूबाट उठेका थिए । महामारी, भोकमारी र रोजगारीको शिलशिलामा उठेका विषयहरूलाई बजेटले जोड दिएको छ र सँगसँगै हामीले कर्णाली प्रदेश सरकारले यो भन्दा ७४/७५,७५/७६,७६/७७ मा कतिपय विषयहरू योजनाहरू सुरु भएका र ती कार्यान्वयनको फेजमा अगाडि बढीरहेका योजनालाई पनि हामीले जोड गर्नुपर्छ भनेर अगाडि सारेका थियौं त्यसलाई बहुवर्षीय र सालबसालि योजनाको रूपमा पनि कतिपय देखिएका छन् । लाग्दछ हामीले यो बजेटले अधुरा योजनाहरूलाई सम्पन्न गर्ने र अहिलेको तत्कालिन अवस्थामा खट्किएका समस्याहरूलाई यसले सम्बोधन गर्‍यो भने निश्चित रूपमा कर्णाली प्रदेशले अगाडि ल्याएको यो बजेटले बजेट वक्तव्यले सार्थकता पाउने छ भन्ने कुरा राख्न चाहन्छु । खासगरीकन मोटामोटी रूपमा बजेटले अहिलेको सापेक्षतामा आफ्ना मतलव चाहिँ गतिविधिहरू अगाडि बढाउन खोजिरहेको छ । यसको लागि म धन्यवाद दिन चाहन्छु र सँगसँगै बजेटका हामीले जहिले पनि मानव समाजमा हामीले बजेट वक्तव्य गर्दा अथवा हामीले छलफल गर्दा भौतिक विकासलाई मात्रै हामीले प्राथमिकता दिने गरेका चाहिँ छौं । आज त्यो भौतिक विकास मात्रै विकास हो कि होइन अथवा भौतिक विकाससँगै समाजमा अरु तमाम खालका विकासहरू चाहिन्छन् कि चाहिदैन । समाजिक विकास, साँस्कृतिक विकास र समाजमा रहेका विपन्न समस्याहरू जो अहिले हामीले झेल्नुपरिरहेको छ । यसका बारेमा पनि बजेटले आफ्ना चाहिँ गतिविधिहरू बजेटमार्फत् सरकारले गतिविधिहरू अगाडि बढाउनुपर्छ भन्ने लाग्छ र आज हामीले छलफल गरिरहेका विषयहरूमा जे जति पनि बजेटले सम्बोधन गरेको छ केही सम्बोधन गर्ने कुराहरूलाई अगाडि बढाइरहेको छ । यस सन्दर्भमा हामीले केही हामीले यो सदन सुरु भए देखि आज सम्मलाई आउँदा यो चारवटा बजेट भइसक्यो र यो बजेटसम्म आउँदा यो संगोलको रूपमा रहने एउटा डल्लो बजेटको बारेमा बढीभन्दा बढी हामीले छलफल गर्ने गरेका चाहिँ छौं । यो संगोलमा रहेको अथवा यो डल्लोको रूपमा रहेको बजेट यो सदियौ बजेट जो छ यसका बारेमा कार्यविधि र सबैको अपनत्व हुनेगरी सबै निर्वाचन क्षेत्रको सबै माननीय सदस्यहरूको अथवा सबै सबैको जनताको पनि एउटा चाहिँ अपनत्व हुने र त्यहाँको विकास क्रमलाई पनि एउटा गति दिने गरिकन बनाउनुपर्छ । यानिकी हामीले यस्ता किसिमका बजेटहरू राखेर भोलिका दिनहरूमा अलिकति चाहिँ सन्तुलन भयो यसले चाहिँ सबै क्षेत्रलाई समेट्न सकेन अथवा जुन ध्येयका साथ यो बजेट राखिन्छ त्योभन्दा विपरित भयो भने यो बजेटको सार्थकता हुँदैन र यसले वैमनष्यता पैदा गर्न सक्छ भन्ने कुरा राख्न म चाहन्छु र यो सँगसँगै यहाँ यो बजेट थुप्रै प्रवक्ता माननीयज्यूहरूले राखिसक्नु भएको छ । त्यसमा मेरो पनि समर्थन छ र सँगसँगै कतिपय सन्दर्भमा यहाँ बजेट किताबमा यहाँ भनिएको छ । यो एउटा अँ यो बजेटको बुँदा नं. ११३ मा हिमाली र विकट पहाडि क्षेत्रका आवासिय विद्यालयहरू निर्माण गरिने छ भुगोल एवम् विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन गर्न प्रोत्साहन गरिने छ र सामूहिक क्याम्पस सामुदायिक क्याम्पस एवम् निर्वाचन क्षेत्र एक प्राविधि शिक्षालय प्रदेश राजधानी अपाङ्ग भएका विद्यार्थीका लागि विशेष विद्यालय र दलित छात्रवास निर्माण गरिनेछ र उल्लिखित पूर्वाधार क्रममा २८

करोड १० लाख विनियोजन गरिएको छ भनेर यहाँ आइपुगेको छ । हिमाली क्षेत्रका विद्यालयहरूको सन्दर्भमा अपाङ्ग, असक्तहरूको सन्दर्भमा त्यो पनि असाध्यै सहानीय कुरा हो र योसँगसँगै यो दलितहरूको छात्रवासको जो सन्दर्भ छ । यो सरकारले ढिलै भएपनि यो चाहिँ सुरुवात गर्न जो खोजेको छ यसका लागि म धन्यवाद दिन चाहन्छु । यस मानेमा धन्यवाद दिन चाहन्छु कि दलित भनेको एउटा असाध्यै एउटा सामुदायिक हिसाबले पनि पछाडि परेको र सबै क्षेत्रका चाहिँ पहुँचबाट पछाडि परेको मतलव चाहिँ यो समुदाय हो । आज पनि विभिन्न कारणले घरपायक नभएका कारणले विभिन्न किसिमका रोजगारीका सिलसिलामा आमा बाबुहरूले इन्डिया जाने घर आउने आदि इत्यादि विभिन्न ठाउँमा एउटा चरण/चरणमा ठाउँ-ठाउँमा बस्ने यस्तो अवस्थाको हिसाबले पनि र बालबालिकाको पठन-पाठन आज पनि दलित समुदाय अथवा विपन्न गरिब समुदायमा १० प्रतिशत जति बालबालिकाहरू स्कुलको पहुँचमा छैन् र त्योमा फेरी खसगरी दलितका विद्यार्थीहरूको टोटल चाहिँ यो ९० प्रतिशत जाने गरेको छन् भने टोटल ९० प्रतिशत पनि निमावि स्तरमा ५० प्रतिशत झर्छन् र मावि स्तरमा आइसकेपछि २० प्रतिशतमा झर्छन् र त्यसपछि चाहिँ उच्च शिक्षा पढ्दा खेरि ८ प्रतिशतमा आइपुग्छन् र यो चाहिँ जति कक्षामाथि बढ्दै गयो त्यति चाहिँ यसका मूल कारणहरू के छ भने आफ्नो घर पायक भन्दा बाहिर गएर पढ्नु पर्ने स्थितिमा विभिन्न डेरा धन्दाको, डेरा आवासको सबै-सबै समस्याहरू राख्ने गरेको छन् । खुकुरीको पिर अचानोलाई हुन्छ भन्या जस्तै । हामीले जुन समुदायबाट हामीले जुन समुदायबाट हामीले चाहिँ आफूले समाजको आफ्नो चाहिँ अँ विद्यार्थीहरूको आफ्नो समुदायको हामीले अध्ययन गरेका छौं हामीलाई त्यो थाहा छ र रिपोर्टिङ हामीसँग हुन्छ र त्यसैले गर्दा यो ८ प्रतिशतमा पनि पछि गएर जागिरको दौरानमा हजार जनामा पाचँ जना मात्र निस्किनु पर्ने यो स्थिति छ । यो राज्यले चाहिँ खास गरिकन यस्ता बालबालिका र यस्ता चाहिने स्कुले विद्यार्थीको लागि आवासको चाहिँ मद्दत मात्रै गर्दियो भनेपनि यसको संख्या यति घट्दो होइन कि यसले चाहिँ एक ढंगले स्कुलमा टिकेर पढ्न प्रकारको वातावरण बन्दछ र यसको बारेमा बढीभन्दा बढी जोड दिनुपर्दछ । यहाँ कतिपय सामूहिक र सभ्य बन्ने निहुँमा हामीले दलितहरूको छुट्टै बनाउनु पर्ने भन्ने त होला तर पनि के होइन भने नबनाउने निहुँमा यो चाहिँ निल हुने खतरा पनि छ । यसलाई शहरिया क्षेत्रमा चाहिँ यो अल्ली बढी छ काठमाण्डौं, चितवन, दाङ, नेपालगञ्ज अथवा सुर्खेत कै पनि भ्यालिमा कयौं डेराभाडामा नपाएर विद्यार्थीहरू त्यहीँबाट कालापहाड अथवा अन्य-अन्य ठाउँमा जाने गरेको पाइन्छ । यसप्रति प्रदेश सरकार र प्रदेश सरकारको चाहिँ यो खासगरी आर्थिक योजना मन्त्रालयले यो ल्याएको छ र कार्यक्रमलाई असाध्यै जोडदार रूपमा लिए भने ***(माननीय सभामुखः माननीयज्यू सक्नुस्)*** यो प्रभावकारी हुन्छ भन्ने कुरा म राख्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री खड्कबहादुर खत्री । समय ७ मिनेट । त्यसपछि करविर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्रीः** माननीय सभामुख महोदय, २०७७/०७८ को आन्तरिक मामिला तथा योजना मन्त्रालयको आन्तरिक मामिला मन्त्रीले बजेट पेश गर्नु भएको छ । यो बजेट अध्ययन गर्दा र पूर्व माननीयज्यूहरूले धेरै कुरा राखिसक्नु भएको छ । पेश गरेकोमा धन्यवाद र यो बजेटभित्र लेखेको कुरामा मेरो सर्मथन छैन किन छैन त भन्दा यो बजेट फेरी गत वर्ष ५ वटा शीर्षकमा छलफल चलाएर पास गरेर संशोधन आएको बजेट कार्यान्वयन भयो त्यो बजेट डल्लाका रूपमा जस्ताको त्यस्तै फेरी पुन आयो । मलाई लाग्छ गत वर्षको दायित्व कति रू. अहिले वर्षको दायित्व कति रू. प्रष्टसँग बजेट आएको भए राम्रो हुन्थ्यो र जनताले बुझ्ने मौका पाउँथे । मन्त्रीहरूले काम गर्न सजिलो हुन्थ्यो, कर्मचारीहरूलाई कार्यान्वयन गर्न सजिलो हुन्थ्यो माननीय सांसदहरूलाई पनि बुझ्न सजिलो हुन्थ्यो । मलाई लाग्छ यो लटपटाउने काम यो कति वर्ष गर्ने चारवटा बजेट आइसक्यो अब यो झगडा गर्दा पनि नहुने भयो कोही पनि ठाडै कुरा गर्दा पनि नहुने भयो मैले अहिले पनि भन्ने गरेको छु । मुख्यमन्त्री एउटा लडाकु पनि हो, कमाण्डर पनि हो त्यस्तो बुझेको उहाँले कुरा गर्नुहुन्छ । म केही समय अठार महिना सम्म यो मज्जा लिने कुरा छैन तल जहाज हेरिहाल्नु हुन्छ दुई वर्ष बाँकी छ । हामी जनताले निर्वाचित गर्दिएर माननीय भाछौं कोही मन्त्री भाछौं सभापति भाछौं आ-आफ्नो ठाउँमा छौं । दुई वर्ष जाने त्यहीँ सडकमै त्यहीँ ठाउमा हो । हामी जाने त्यतातिरका अवस्था बुझियो भनेपछि हुन्छ । मुख्यमन्त्रीप्रति मेरो व्यक्तिगत टिप्पणी भन्दा पनि उहाँको कुरासारै राम्रो मिटिङमा पनि कुरा गर्नुहुन्छ । भन्नु पनि हुन्छ मलाई लाग्छ नटेरेको अवस्था लाग्छ । मैले कति टेरे टेरिन आफ्नो ठाउँमा छ । मलाई लाग्छ एउटा मिटिङ गर्दा यहीँ मञ्चबाट मैले ३० दिन पछि राजिनामा दिन्छु भनेको थिए त्यो के प्रसङ्ग थियो त भन्दा एउटा विधि प्रक्रिया संविधान भित्र ऐन छ त्यसपछि नियम छ । त्यो भित्र रहेर हामी विभिन्न कुनै खरिद बिक्री प्रक्रिया हुन सार्वजनिक खरिद हुन जे सुकै काम हुन काम गर्ने विधान एकातिर छ । ऐन अर्कोतिर छ । कर्मचारीप्रति हामी टिकाटिप्पणी गर्छौं र म मुख्यमन्त्रीज्यूलाई के आग्रह गर्न चाहन्छु भन्दा सरकार अप्ठ्यारो मान्नु हुन्न माथि जस्तै ओलि सरकार यहाँ शाही सरकार हो पूर्व माननीयज्यूले भनिसक्नु भएको छ । यसलाई अन्यथा मान्नैहुन्न किभने यो प्रणाली कस्तो रहेछ भन्दा मलाई लाग्छ प्रणाली सुधार्न जरुरी छ। केन्द्रतिर के छ थाहा छैन पहिलो चोटी माननीय भइयो प्रदेश सरकार गठन भयो त्यसपछि मन्त्री भइयो हाम्रो कस्तो रह्यो भने अहिले रङरोगन लागाउने काम आछ । मन्त्रालयमा अनि सोफासेट कस्तो बनाउने मन्त्री कस्तो बस्ने कार्पेट ओछ्याउने कति खर्च गर्ने वाल पेन्टिङ कस्तो लगाउने त्यस्तो किसिमका हाम्रा सुरुवात भयो जनताका समस्यालाई बुझ्ने भन्दा पनि जनताका चाहिँ पिडा बुझ्ने जनतालाई हिजोका विकृति विसँगति हिजो बनाएका ऐन कानूनहरू जनताका पक्षमा छैन पञ्चायत काल देखि राणा काल देखि ऐन कानून जस्ताका त्यस्तै छन् । तिनीले हामीलाई अप्ठ्यारो पारेको छ । अनि हामी के भन्छौं त भन्दा कर्मचारीलाई देखाउछौं । कर्मचारीलाई के अप्ठेरो भयो भन्दा भोटको मैले भने दुईवटा कुरा अस्ति पनि भोट र नोट अहिले हामी भोटमा भन्दा नोटमा बढी हामी म प्रष्ट भन्न चाहन्छु

अहिले मन्त्रालय समाल्नु भएको छ । मुख्यज्यूलाई पूर्वाधार सम्बन्धी मलाई कहिले काहीँ मैले यहाँ त नभन्ने कुरा हो । मन्त्रीज्यू किन काम भएन केमा काम गर्दा कति गाह्रो छ । अहिले त कार्यान्वयन पक्षमा हामी पुगेकै छैनौं अझ मुख्यमन्त्री विभागियज्यू हुन्छ अहिले केही कर्मचारीहरू त हजुरको पालामा केही आए तैपनि काम हुन सकिराछैन तर म के आग्रह गर्न चाहन्छु भन्दा खेरि कार्यान्वयन गर्ने पक्षले राम्रोसँग काम गर्दिन्न पैसामा लटपटिन्छ त्यसले गर्दा मन्त्री दोषी हुन्छ । अहिले जनप्रतिनिधिहरू मलाई लाग्छ कर्मचारी बीचमा दरार छ किन दरार छ त भन्दा हजुर नमस्कार हामीसँग क्षमता कति छ । हाम्रो मेरो अक्षमताले मलाई लाग्छ माननीयज्यूहरू त भैरै सक्षम हुनुहुन्छ । मेरो असक्षमता कारणले कर्मचारी भ्रष्ट छन् । म हिजोका दिनमा मैले घुस लिइन मैले धेरै दीगो छ भन्ने चाहन्छु । आज पूर्वाधार कार्यालयमा ७० उसमा प्रतिशत घुसमा १० प्रतिशत १५ प्रतिशत कृषि चलिराछ । तपाईं अहिले हामी उपभोक्ता समितिमा माननीयज्यूहरू थपडि बजाउछौं हाम्रा किनभने मतदाता छन्। हाम्रा भोटवाला छन् । अनि हाम्रो भोट बिग्रिन्छ कि कार्यकर्ता रिसाउँछ कि त्यो काम हेरौं न परिणाम त्यहाँ हाम्रो जस्तै पत्रकार मित्रहरूलाई आग्रह गर्न चाहन्छु । उहाँहरू सरकारको रक्षा गर्नुहुन्छ सरकार होइन ती बनेका योजनाहरूका अनुदान परे गत वर्ष गरेको भैसी आज मःम मा बिक्री भैराछ कि दुध दिन्छ आज माछा पाल्ने ठाउँको पोखरी त्यहाँ फिल्ड छ कि पोखरी छ । त्यस्तै हिजो पर्यटकीय बनेको बाटो आज के हुँदैछ त्यहाँ गाईं भैसी हिड्छ कि खालि हिड्छ कि त्यसैले यहाँ गर्दा एउटा मन्त्री चाहिँ गएको आक्रोस अथवा माननीयबाट अदालत परेको केस आज विक्रम पाण्डेलाई केस परेको छ । नारायण गजुरेललाई पनि केस परेको छ । राजनीतिमा सबैको अधिकार छ । पेशा व्यवसाय गर्नेको हक अधिकार छ । उद्योगधन्दा गर्नेको मान्छेको अधिकार छ । ती पनि नेपाली नागरिक हुन् । पेशा गर्न पर्छ चारेर खानु हुँदैन ठगेर खानु हुँदैन राष्ट्रपतिको, प्रधानमन्त्रीको, मुख्यमन्त्रीको फोटा झुन्डाउने चियरमाथि भित्रबाट पैसाको हिसाब किताब विचौलियामार्फत् काम चलिराछ । म आग्रह गर्न भ्रष्टचारी मन्त्री र सचिव चाहिँ सजग बन्यो भने भ्रष्टचार हुनै सक्दैन म दाबाका साथ भन्न चाहन्छु मैले १८ महिना सम्हाले मलाई चाहिँ भनौ डिपिआरमा जोडिएको छ । मलाई लाग्छ लेखा समिति छ । लेखा समिति गत वर्ष एकदम तातिएको थियो अहिले किन सुतेको छ मलाईं थाहा छैन । त्यसै लेखा समितिले छानविन गरोस् मन्त्रालयमा शीर्षक वाईमा कुनै केही चिजमा कै गडवड गर्छ भने म जतिखेर पनि सामना गर्न तयार छु । म जतिखेर पनि जेल जान तयार छु । त्यसैले म के आग्रह गर्न चाहन्छु त भन्दा यो जुन परिपाटि छ हाम्रो यो बजेट यहाँ यति छुटाउन पर्ने कुरै छैन । म आग्रह गर्न चाहन्छु मुख्यमन्त्रीज्यूले ध्यान दिनपर्छ । मन्त्रीज्यूले अरु मन्त्रीज्यूहरूले मुख्यमन्त्रीलाई लटपट्याएको अवस्था हो । म विशेष गरी आर्थिक मामिला मन्त्रीलाई भन्न चाहन्छु व्यक्तिगत मेरो दुष्मनि छैन । कुनै गुट, उपगुटको पनि कुरा छैन यहाँ व्यक्तिगत टकराव पनि छैन यहाँ यो बजेट १८ दिनमा २२/२३ करोड पैसा पदमार्गमा ठाउँ-ठाउँ लिएर चाहिँ त्यस्तो किसिमले रकमान्तर भएर काम भएका छन् । मलाई लाग्छ जति योजना छन् लेखा समिति होस् चाहे अख्तियार होस्

प्रत्येक ठाउँ छानविन हुन जरुरी छ । प्रत्येक ठाउँ चाहिँ भनौं अनुगमन हुन जरुरी छ र यसबाट संसदीय समितिबाट गठन गरेर प्रत्येक योजनामा अनुगमन गरेर पदमार्ग हुन कुनै चाहिँ त्यो माननीय जोडिएका हुन सभापति जोडिएका हुन कोही मन्त्री जोडिएका छन् नातागोता जोडिएका छन् त्यो एउटा संसदीय समिति गठन गरियोस् म आग्रह गर्न चाहन्छु र यो बजेट डल्लो बजेट गत वर्ष देखि एउटा परिपाटि बसिसकेको छ । त्यसैले जनता सडक एउटा सुरुवात गरेको बजेट हो । हिजो बनेको बजेट एउटा क्रममागत एउटा सिस्टमले चलेको छ त्यो आजै हुन सक्ने कुरापनि छैन । मलाई लाग्छ हिजो देखि हामी वञ्चित छौं त्यसैले त्यस्ता योजनाहरूमा ठिक भएको मन्त्रीलाई पनि स्याबासी दिऊँ राम्रा कामलाई प्रचार-प्रसार पनि गरौं गलत कामलाई पनि समयमै सच्याउँ र मलाई लाग्छ सोझै अख्तियारै जानु पर्छ भन्ने छैन । हामी एउटा भन्यो भने एउटा नेताले होस् कोही कुनै माननीयले कुरा गर्यो भने एउटा टिकाटिप्पणी व्यक्तिगत दुष्मनि रूपले हेर्ने जुन एउटा सुरुवात छ यसलाई हामी रोक्नपर्छ हामी सुरुवात गर्दैछौं बामे सर्दैछौं सुरु इट्टा हो त्यसैले हामी परिणाममूखी हुनुपर्छ । पहिलो संसदीय समितिबाट विभिन्न समिति सक्रिय हुन जरुरी छ । हामी गाडि चढ्न आएका हैनौं हामी विचौलियासँग जो-जो एउटा व्यापारी उद्योगधन्दाकारीसँग सम्बन्ध भन्दा माननीयसँग सम्बन्ध र जनतासँग सम्बन्ध बढाउन जरुरी छ । मन्त्रीज्यूहरूको अथवा माननीयहरूको अथवा त्यो योजना दिने मानिसहरूको ***(माननीय सभामुखः सक्नुस् माननीयज्यू सक्नुस्)*** जो किसिमको सम्बन्ध बढेको छ त्यसले लिन दिन विशेष गरी भ्रष्टचार गर्ने को हो त मलाई लाग्छ मुख्यमन्त्री पहिला सजक बन्नुपर्यो त्यसपछि मन्त्री हुनपर्यो त्यसपछि सचिव भयो भने भ्रष्टचारी एउटा पनि हुनेवाला छैन अहिले यहाँको कर्णाली प्रदेशको अख्तियार चुप बसेस् लागिराछ जस्तै राराको कुरा आयो हामीमाथि छानबिन गर्यौं भने तपाईंहरूले कि भ्रष्टचार गरेन भनेर त्यसले एउटा केही ल्याइदिन पर्थ्यो त्यो कुरा अगाडि बढेन भने अख्तियार चुप बसेको छ । त्यसैले अब यो संसदीय समितिबाट एउटा गठन गरेर राम्रा कामलाई राम्रा नत्र कसैलाई चार्ज लागेको छ कोही मन्त्रीलाई बदनाम गरिएको छ । राम्रो काम पनि भएको होला त्यसैले ***(माननीय सभामुखः सक्नुस् माननीयज्यू सक्नुस्)*** यी कामप्रतिको कुरामा सुरुवात गर्नुपर्छ भन्दै मेरा भनाइ यहीँ राख्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री करविर शाही, समय सात मिनेट । त्यसपछि माननीय श्री धर्मराज रेग्मी हुनुहुन्छ ।

**माननीय श्री करविर शाहीः** माननीय सभामुख महोदय, अलि बुझ्यो अलि कठिन झन् बुझ्यो झन् कठिन झन-झन बुझ्यो झन-झन कठिन । हामी झन-झन कठिनको अवस्थामा आइपुगेको छौं। कर्णाली प्रदेशको सरकारले आ.व. ७७/७८ का लागि राजस्व र व्ययको अनुमान लामै सुन्दर शब्दहरू धेरै बुँदाहरूलाई सुसचित गरेर यहाँ प्रस्तुत गर्या छ । यो प्रस्तुत गर्ने सरकारको तर्फबाट आर्थिक मामिला तया योजना मन्त्रीलाई धन्यवाद दिन चाहन्छु । मैले अघि उद्रण गरेका शब्द जस्तै कठोर काल खण्डमा आइपुगेकाछौं जति-जतिबेला हामी अंक निर्धारण गर्ने बेला हुन्छ । अंक निर्धारण र हाम्रो भुगोललाई जतिबेला हामीले विनास गर्ने

बेलामा भुगोललाई हेर्ने बेलामा हामी जहाँ पुग्छौं त्यो बेला हामीलाई कठिन प्रसव समस्या आइलाग्छ । आज हामी त्यहीँ पुगेका छौं गत वर्षको बजेट यो वर्षको बजेटको सन्दर्भमा पूर्ववक्ता माननीय सांसदज्यूहरूले भनिसक्नु भयो त्यसको जम्मा जम्मी अंकमा थोरै मात्र फरक छ । म त्यतातिर जान चाहन्न म मात्रै के भन्न चाहन्छु भने पोहोर सालको बजेट खर्च नभएको बजेटको औकात म खालि म यसलाई विवेचना मात्र गर्न चाहन्छु । पोहोर साल अघिल्लो वर्षको बजेट १० अर्ब बच्यो । १० अर्बमा हामीले १० करोड प्रत्येक निर्वाचन क्षेत्रमा पर्ने गरेर हामीले जनता सडकलाई हामीले विभाजन गरिम् । यो वर्ष करिब एघार पौने बाह्र करोड पैसा अर्ब पैसा बच्यो तर जनता सडकलाई आजको कोभिड-१९ को हिसाबले हेर्ने हो भने त्यसलाई भेन्टिलेटर वा आइसोलेशन केमा राखिएको छ त्यो विश्लेशन चाहिँ सरकारले गरोस् । यसलाई लोकप्रिय भनिएको छ । शब्दमा चाहिँ यसलाई अलोकप्रिय "अ" थपेर अलोकप्रिय शब्द राख्दा राम्रो होला किन लोकप्रिय राख्ने । सरकारले खुबै मिहेनतका साथ जनता सडकलाई १ अर्ब ४२ करोड पैसा छुट्ट्यायो तर त्यो त ठेक्का लागिसकेको कसैको आठ महिना कसैको छ महिना कसैको दुई महिना कसैको यो वर्षको अन्तिममा पनि टुङ्गयाउनु पर्ने होला त्यो त ठेक्का लागिसकेको कर्मचारीले विभाजन गरिसकेको पैसालाई हामीले बजेटमा हामीले यहाँ ल्यायौं यो पैसा के राख्नुपर्थ्यो भन्दा खेरि गत वर्षको दायित्व भनेर राख्दाखेरि जनता सडककोमा छ तर अर्को वर्ष बिउँझिने सम्भावना छ भेन्टिलेटरले सहयोग गर्यो भने राख्दाखेरि राम्रो हुन्थ्यो । १२ अर्ब पैसा बच्छ तर हामी जनता सडकलाई हामी १ अर्ब ४२ करोड पैसा विनियोजन गर्छौं । हामी कताबाट लोकप्रिय हुन्छौं हामी कसरी लोकप्रिय भयौं र त्यसलाई लोकप्रिय सडकका रूपमा विभाजन गर्यौं र यहाँ लेख्यौं त्यसकारणले सरकारको औकात त्यहीँ भएर मैले भनेको हो प्रमुख नीति र सिद्धान्तहरूमा राम्रो भयो त्यसपछि अलि-अलि बिग्रियो नीति तथा कार्यक्रममा त्यहाँ अलि-अलि केही-केही शब्दहरू घुसे अलि–अलि बिग्रियो अहिले आएर त्यसको आलोकमा वास्तवमा दुईवटा नीति तथा कार्यक्रममा र प्रमुख सिद्धान्त र त्यसका बजेटका नीतिहरूको आलोकमा बजेट आउनपर्ने र त्यसका चाहिने यो चाहि अंकहरू निर्धारित गर्नपर्ने ठाउँमा कुराको कनफेरी धेरै भयो तर व्ययभारमा पनि मलाई लाग्छ यो बेला हामी कठिनकालमा छौं चारवटै दिवार बन्द भयो भने कतैबाट पनि निस्कन अवस्था नभए जस्तो यसले कुनैपनि कर्णाली प्रदेशको विकासको बाटोलाई पहिल्याएको यो गन्तव्यबाट जाऊँ भनेर हिडेको र यहाँ पुगेर हाम्रो गन्तव्य अन्त्य हुन्छ र हाम्रा जनताले भनेको जस्तो सुविधा पाउँछन् र अर्को वर्ष रोग, भोक र चाहिने गरिबीबाट अन्त्य हुन्छ भन्ने कहीँपनि यसले सिर्जना गरेको यसले देख्दिन । किनभन्दा खेरि १२ अर्ब पैसा हुँदा मैले हेर्छु १२ अर्ब यसपालिको पौने १२ अर्ब कम भयो । गत वर्षको बजेट र यो वर्षको करेन्ट बजेट हेर्ने हो भने र संघसँग तुलना गर्ने हो भने १४ खर्बको बजेट आउँदा संघमा प्रधानमन्त्री लागायतका प्रधानमन्त्रीसँग जोडिएका कार्यक्रमहरूले जम्मा ११ अर्ब पैसा पाउँछन् त्यो पनि प्रधानमन्त्रीको कार्यलयमा रहँदैन प्रधानमन्त्रीसँग जोडिएका नामहरूका विषयहरू कृषि आधुनिकीकरण, प्रधानमन्त्री मुख्य रोजगार यस्ता विषयहरू होलान्

तर १७ अर्बको बजेटमा कुनै माननीयज्यूले भन्दै हुनुन्थ्यो १८ प्रतिशत त्यो ३३ अर्ब जोड्न जरुरी छैन हाम्रो करेन्ट बजेट १७ अर्ब हो । बचेको बजेट त अलग राखौं बचेको त अलग ठाउँमा छदैंछ । १७ अर्बमा हामीले करिब ७ अर्बको सेरोफेरोमा कर्णाली प्रदेश सरकारको प्रमुखले एउटा ठाउँमा त्यसको निकास छैन त्यसको कुनै निर्देशन छैन ठाउँ छैन कुनै भेन्डिडे गर्ने कुनै औकात छैन त्यो बिना एकै ठाउँमा राखिन्छ भने प्रतिशत कति हुन्छ तपाईंहरूले हिसाब गर्नुहोस् मैले दुख किन गरिन भन्दा यो विन्यास नहुने कामका लागि कलम र मसी खर्च गरेर बेकारको प्रतिशत निकाल्नु राम्रो हुँदैन भनेर मैले निकालिन् । आज हामी चारैतिरबाट यसो हेर्यो भने घेराबन्दीको तहमा छौं प्रदेश सरकार भनेको हामी सुरुवातको चरणमा छौं तर चारैतर्फबाट हामीलाई आक्रमण भइराखेको छ । दईवटा तहहरू दुईवटा सरकारहरू हिजो पनि थिए चलिराखेकै छन् । अझैपनि भनिराखेकै छन् भुगोल हाम्रो हो एउटाले भनिराखेको छ हामीले राजस्व हामीले दिन्छौं र पैसा हामीले दिन्छौं अनुदान दिने हामी भुगोल अर्काको हुँदाखेरि हामी कहाँ टिक्ने कहाँ तैरिने यो भनिरहेको बेला यो संरचनालाई जोगाउनको लागि हाम्रा यी गतिविधिहरूले बजेटका नीति तथा कार्यक्रमहरूले यसलाई अग्रसर गर्छन् कि यसलाई विघटनको दिशातिर धकेल्न पर्यत्न गर्दछन् ख्याल गर्यौं यो कुनै यो कुनै हास्यात्मक विषय होइन ठट्टाको विषय होइन यहाँ आएर सांसदहरूले कराउने सरकारले मसिनो तवरले जवाफ दिने जवाफ दिएर लटपटिएर जाने यति मात्र कुरा होइन यो त कुनै सरकार हो सरकार संविधानअनुसार चल्नुपर्यो । संविधानले निर्देशित गरेको हामी प्रदेश बनेको हो । हामी आफैले आन्दोलन गरेर यहाँ भेला भएका हौं हौइनौं त्यसकारणले यसलाई म जबरजस्त म के भन्न चाहन्छु भन्दा खेरि यो कुनै क्यान्टुनमेन्ट होइन । कसैले दिएर कसैले थाप्ने कोही दिने र लिनेका बीच यहाँ चाहिने सहमति र सहकर्य हुने कुरा होइन त्यसकारणले कुनै एन.जि.ओ. को यो भन्दा त एन.जि.ओ. ले बजेट राम्रो ल्याउँछ होला । एन.जि.ओ. को बजेट राम्रो हुन्छ होला । सरकारले हो सरकारले पग्रडियो सांसदहरूले बोले रोक, भोक, रोजगारी यति भन्दा खेरि सरकारले कहाँ राख्नुपर्थ्यो भन्दा खेरि सरकारका निकायहरू पैसाको हिसाब हेर्यो भने म अर्कोपनि महत्वपूर्ण भन्न चाहन्छु पोहोर साल यत्रा कर्मचारी पाल्ने निर्णय गरियौं यसपालि हामीले के भन्छौं बारम्बार ठुलो स्वरले के भन्दैछौं भन्दा खेरि प्रशासनिक खर्च कटाउने पानी खान नपाए कर्मचारी कहाँ बस्ने गत वर्षको हिसाब हेर्ने हो भने कतिपय कर्मचारी कर्तव्य पालनको शिलशिलामा आफ्नो ठाउँमा बसेका छन् आफ्नो भूमिका बसेका छन् । के पुगेन भनेर खोज्ने हो की प्रशासनिक खर्च तला कटाउने हो । केहीलाई २०० प्रतिशत भत्ता दिने केहीलाई ५० प्रतिशत भत्ता दिने र अरु कार्यस्थलमा खट्नेहरूको लागि कोभिड-१९ को नाममा कसैलाई शहिद बनाउने हो भने त्यो काम सम्पन हुन्छ कि हुँदैन हामीले यत्रो सिर्जना गरेका बजेटका नर्म्सहरू पालना गर्छन कि गर्दैन् त्यो कुरातर्फ ख्याल गर्नुपर्ने थियो । वास्तवमा सरकारले ख्याल गरेको पाईन सबै हिसाबले यो बजेट वक्तव्य अंक के हुन्छ वार्षिक विकास कार्यक्रममा स्रोत यसैले प्रष्टिसकेको छ यसको आलोकमा प्रकाशमा आउने हो भने सबै अंकहरू कतिपय माननीयज्यूले भन्नु भयो

अंक क्लियर भएर आएन क्लियर छ यहाँ अंक भाषालाई घुमाइएको छ म आर्थिक मामिला मन्त्रीज्यूलाई के भन्न चाहन्छु भन्दा बजेटको नर्मल सिद्धान्तअनुसार प्रतिशतको हिसाबले त्यो कुनै मुख्यमन्त्रीको कार्यालय त्यो प्रशासनिक अड हो त्यो ओभरसाईड गर्ने चाहिँ त्यो प्रमुख कार्यालय हो त्यसले बजेटको थुप्रो राखेर असारको महिना सम्म न यो न त्यो विलक बन्धकमा बसिरहने यसपालि हेर्यौं दुईवटा वर्ष अघिका हेर्यौं कर्णाली उज्यालो हालत हेर्यौं मुख्यमन्त्री रोजगारको गत वर्ष यहीँ वर्षको चलिरहेको हेर्यौं कहाँ पुग्या छौं त्यसले कस्ता कोइसन सिर्जना गरेको छ । ***(माननीय सभामुखः सक्नुस् माननीयज्यू सक्नुस्)*** हामी सुन्छौं कि सुन्दैनौं कि बहिरा छौं कि त्यसकारणले त्योतर्फ कम्तीमा सरकारले ध्यान दियोस् ध्यान त कति दिन्छ दिँदैन थाहा छैन तर गल्ती के छ भन्दा हामी विघटनकै दिशातर्फ हामीलाई अलोकप्रियताको दिशातर्फ हामी अघि बढीरहेको देख्दछु त्यसकारणले सरकार म डल्लो भन्न चाहन्न र वास्तवमा यो जे दखिएको यसलाई प्रष्टयाउनको लागि गत वर्ष जस्तो अँ वातावरण सिर्जना हुन्छ हुँदैन आफ्नो ठाउँमा छ यो नर्मल भएको अवस्था हो कि होइन त्यतातर्फ पनि सरकारलाई ध्यान दिन अनुरोध गरेर विदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री धर्मराज रेग्मी समय ७ मिनेट । त्यसपछि माननीय श्री यामलाल कंडेल हुनुहुन्छ ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमाथि संशोधित टिप्पणी गर्न उभिएको छु, यो अबसरका लागि म माननीय सभामुखज्यूप्रति आभारी छु, अँ बजेट त हामी जटिल परिस्थितिमा बजेट निर्माण गरिराखेका छौं। बजेट निर्माणको सन्दर्भ कोभिडका कारणले हामी महामारीमा छौं, त्यसैपनि कर्णाली प्रदेश रेडजोनमा छौं । एउटा जोखिमपूर्ण अवस्थामा हाउस सञ्चालन गर्ने विषय नै चुनौतीपूर्ण बनिरहेको बेला हामी बजेटमाथि छलफल गरिरहेका छौं त्यस कारणले बजेट आउने सन्दर्भ बारेमा सरकार अथवा अर्थमन्त्रीज्यूको बारेमा चाहिँ जानकार हुनुहुन्छ, सचेत हुनुहुन्छ भन्ने मलाई लाग्छ । बजेटमा यति छलफल भइसकेपछि लामो टिप्पणी गर्नुपर्ने छैन तर २/३ वटा विषयहरू सभामुख महोदय मैले यहाँ हुनेहरू २/३ वटा विषयहरूमाथि टिप्पणी गर्नुपर्छ, सैद्धान्तिक आयाम बजेटको के हो ? हामीले चाहिँ बजेट बनाउँदा यसको एप्रोच हुन्छ, जस्तो अर्थमन्त्रीज्यूले लगातार यिनी तीनवटा बजेट पहिले पेश गर्नुभयो र यो चौथो बजेट हो । अर्थमन्त्रीज्यूले पेश गर्नु भएका अघिल्ला बजेटहरू ७४/७५/७६/७७ का बजेटहरूको बजेट वक्तव्यलाई र यो बजेट वक्तव्यलाई टयाली गरेर यो बजेट वक्तव्य बनाउँदा अघिल्लो बजेट वक्तव्यहरूलाई हेरेर अर्थमन्त्रीज्यू त्यसबाट कतै प्रभावित हुने त्यसबाट केही लेसन लिने कुरा चाहिँ कतै व्यक्त भयो कि भएन ? मेरो विचारमा यो बजेटहरू सुरु वर्ष हामीले चाहिँ केबलकारहरू आदी इत्यादीमै हामीले हाल्यौं, त्यस वर्ष हामीले पछिल्लो वर्ष सुरुङहरू डिपिआरहरूमा थियौं यस्तो स्थितिहरूमा चाहिँ थियौं अहिले हाम्रा अगाडि कोभिड छ जसको चुनौती सामना गर्नुछ, सामना गर्न हामीले केही प्रयासहरू गरेका छौं । म ती प्रयासहरूको प्रसंशा गर्छु तर कोभिडको नाममा त हामीले करिब-करिब कोभिड नियन्त्रण, उपचार, रोकथामा

आदी इत्यादीमा चाहिँ ८७ करोड ४१ लाख रूपैंया विनियोजन गरेका छौं बाँकी रोजगारीको नाममा म सरकारसँग प्रश्न गर्न चाहन्छु, रोजगारीका बारेमा हाम्रो दृष्टिकोण के हो ? हामीले यसमा रोजगारी भन्यौं महामारी, भोकमारी र रोजगारी भनेर भन्यौं नारा यो अत्यन्त मिठो छ। यसको म सहमत गर्न चाहन्छु, यो रोष्टममा उभिएर तर रोजगारीको बारेमा क्याटागोरीकल्ली डकुमेन्टमा हामीले के बोल्यौ भने, यो वर्ष या प्रदेशभर कति रोजगार चाहिँ सिर्जना भएका छन्? त्यो भनेको हामीले एकलाख मान्छेलाई रोजगार दिने हो कि त्यो भनेको पाँच लाख मान्छेलाई रोजगार दिने हो कि हामीले ३० दिनको रोजागारी दिने हो कि ? एक लाख मान्छेलाई हामीले ९० दिनको रोजगार दिने हो कि ? न्यूनतम कतिको रोजगारी दिने हो ? हाम्रा मन्त्रालयहरूले त्यो ग्यारेन्टी गर्न के गर्न सक्छन् त्यसको लागि बजेटमा हामीले मेकानिजम् के बनायौं कुन संयन्त्रले त्यो काम गर्दछ । त्यसकारणले जति रोजगारीको नाराहरू अत्यन्त आकर्षक छ जरुरी छ । एक लाख मान्छेहरू करिब आउने प्रक्ष्येपण गर्यौं पहिले हाम्रो डेटा नै मैले भने हामीसँग तथ्याङ्क नै छैन तर अहिले ती मान्छेहरूलाई न्युनतम कतिको रोजगारी ग्यारेन्टी गर्ने हो र त्यस्तो रोजगारी ग्यारेन्टी गर्न मन्त्रालयसँग बजेटमा के प्लानिङ छ भन्यो भने सभामुख महोदय, बजेटमा चाहिँ योजना छैन रोजगारी मात्रै गोश्वारा रूपमा उहाँले रोजगारी भन्नुभाछ अर्थमन्त्रीज्यूले गोश्वारा रूपमा त्यसो हुँदाखेरि बजेटबाट जटिल परिस्थतिमा आयो सभामुख महोदय, संघीय अर्थमन्त्रीज्यूले भन्नु भयो बजेट पेश गरेको १५ दिन पछि संघीय अर्थमन्त्रीज्यूले भन्नु भयो देश चरम् आर्थिक संकट तर्फ जाँदै छ । बजेट पेश गरेको १५ दिन पछि भन्नु भयो नीति कार्यक्रम र पूर्व बजेट माथि छलफल गरेको र बजेट पेश गरेको स्थिति र आजका बीचमा अर्थतन्त्रमा देखिएको तात्विक अन्तरको बारेमा अर्थमन्त्री जानकार हुनुहुन्छ अर्थमन्त्री जानकारी हुनुहुन्छ जस्तो मलाई लाग्छ । त्यसो हो भने करिब सरकारको मासिक खर्च ४० अर्ब छ र आम्दानी चाहिँ १५ अर्ब छ अर्थशास्त्रीहरूले भनिराखेका छन् कि यो अवस्थाले हामी ७/८ महिना भन्दा चलाउन सक्दैनौं भनेर अर्थशास्त्रीहरूले भनिराखेका छन् । हाम्रा बारेमा प्रश्नहरू उठिराखेका छन् के उठिराख्या छ भने सरकारको संरचनाका कारणले हामी महंगो भयौं भारी भयो भन्ने यो कुरा पटक-पटक उठिराख्या छ बाहिर आवाज हाम्रो बजेटको तरिकाले चाहिँ त्यो कुरालाई चाहिँ बल पुगिराछ। त्यसो हुँदा प्रकान्तरले सरकारको मनसाय राम्रो होला मेरो कुरा मनसायमा प्रश्न छैन । सरकारको मनसाय राम्रो होला हामीले बनाइरहेको डकुमेन्टले हामीले गरिरहेको योजनाले प्रकान्तरले जो मान्छे बाहिर बसेर प्रदेश प्रणालीका बारेमा प्रश्न उठाइराछन् उनीहरूलाई मद्दत पुग्दैन । हामीले गोश्वारा किसिमले बनाइरहेको बजेट प्रदेश सरकारको अर्थ राजनीति डकुमेन्ट हो । म अर्थशास्त्रको विद्यार्थी होइन म पोलिटिकल इकोनोमिको केही सामान्य धेरै-थोरै जानकारी राख्छु । अर्थमन्त्री चाहिँ यसको विज्ञ हुन्छ लामो अनुभव छ । परिपक्व हुन्छ यसको विषयमा के विश्वभरी परिरहेको आर्थिकमन्दी संघीय सरकारलाई परिरहेको आर्थिकमन्दी त्यसको वाच्छिटा कर्णालीमा पर्छन् कि पर्दैनन् ६ प्रतिशत आर्थिक वृद्धि कसरी गर्न सकिन्छ। म यो रोस्टमबाट भन्न चाहन्छु, प्रश्न गर्न चाहन्छु यो लक्ष्यले तोकेको भन्दा नेपाल राष्ट्र बैंकको

अवस्था के छ भन्दा खेरि १ सय ३५ अर्ब आन्तरिक ऋण यो वर्ष छ राष्ट्र बैंकले अहिले बढीमा चाहिँ ७,८ महिना चल्ने अर्थशास्त्रीहरूले चाहिँ मुलुक आन्तरिक श्रोतले बताइराखेका छन् । खर्च र आम्दानीमा करिब १ खर्ब ८२ अर्बको अन्तर छ । यो बेला ६ प्रतिशतको दिशामा हामी कसरी जाने हो सभामुख महोदय, अर्थमन्त्रीज्यूले जवाफ दिनुहोला मलाई जनताको जनप्रतिनिधिको रूपमा यो रोष्टममा पार्लियमेन्ट यसै पनि यो डेमोक्रेसीमा यो चाहिँ प्रजातन्त्र यो मन्दिर हो आफू कम्युनिष्ट फिलोसोफी मान्य मान्छे हुँ । यद्यपी संविधानको सपथ खाछु योप्रति मेरो आस्था छ । म यहाँनिर उभिए भने म ढाट्न सक्दिन म जनताको प्रतिनिधिको रूपमा भन्न पर्छ ६ प्रतिशत आर्थिक वृद्धि हामीले यो वर्षमा सक्दैन । हाम्रो जस्तो प्रदेश जोसँग २९ करोड हाम्रो चाहिँ आन्तरिक श्रोत छ अहिले अनुमान यो वर्ष चालु वर्षमा हामीले त्यसो हुँदाखेरि यो देशमा बढीरहेको अर्थतन्त्रको जुन चाहिँ चपेटा अर्थतन्त्रको जुन चाहिँ संकट चरम संकटको अवस्था प्रदेश सरकारले चाहिँ त्यो अवस्थालाई ट्याकल गर्न लागि कार्यक्रमहरूमा के चाहिँ परिर्वतन गर्न सकिन्छ । अहिले पनि ढिलो भएको छैन संसदीय व्यवस्थामा कतिपय स्क्यानडेभियन कन्ट्रीहरू अथवा युरोपको इटाली अथवा साउथ कोरिया धेरै देशहरूले पार्लियमेन्टमा बजेट डिस्कस गरेर बजेट संशोधन गर्दछन् । यहीँ सभामा हामीले अघिल्लो वर्ष ५ वटा बुँदाहरूमा बजेट यमन गर्यौं मान्छेहरूलाई पुरानो पार्लियमेन्ट सिस्टममा सभामुख महोदय, म थोरै अगाडि बढे थोरै म यो बत्तीको सम्मान गर्दै पार्लियमेन्ट सिस्टममा चाहिँ मान्छेहरूले भने जस्तो लेखहरूले भने जस्तो बजेट चाहिँ तलमाथि हुनेबित्तिकै सरकार जान्छ भन्ने स्थिति पनि रहेन । स्थिति यस्तो देखि राछौं व्यवस्था जाने हो कि भनेर स्थिति देखिराछौं सरकारको चिन्ता चाहिँ हामी नमानौं । हाम्रा गतिविधि राम्रा गर्यौं भने व्यवस्था बचाउछौं व्यवस्था बचाए जो सरकारमा बसे पनि हुन्छ केही छैन तर देखिरहेको स्थिति त के हो भने मान्छे व्यवस्थाका बारेमा प्रश्न उठाइराछन् व्यवस्थाको बारेमा प्रश्न उठिरहँदा सरकारको बारेमा के कुरा भयो र यो केही विषय भएन सरकारको बारेमा त्यसकारणले मैले अन्तिममा यस्तो गम्भीर आर्थिक संकटतिर गइराबेला कतिपय राम्रा कार्यक्रमहरू छन् द्वन्द्वपीडितका लागि सदन द्वन्द्व चलेको क्षेत्र हो यो द्वन्द्वपीडितहरूका लागि अहिले पनि चाहिँ शहिद परिवार बेपत्ता परिवार उनीहरूले चाहिँ राज्य व्यवस्था परिवर्तनमा महत्वपूर्ण योगदान पुर्याएको परिवारहरूलाई सदस्यहरूलाई कम्तीमा एक सदस्यलाई तालिम लगायतका विषयहरू कृषिमा हामीले गर्न खोजेका विषयहरू मैले निष्कर्षमा के भने भन्दा खेरि १५ देखि २० वर्ष अगाडिको जुन ग्रामिण अर्थतन्त्र चाहिँ थियो हाम्रो त्यो ग्रामिण अर्थतन्त्रलाई रिभाईज गर्ने गरी अर्थ व्यवस्थाको तल चाहिँ रुटमा बजेटले केहीँ सिञ्चित गर्छ कि जरामा भन्यो पछि मैले बुझेको यो बजेट त्यो दिशातर्फ छैन । अर्थमन्त्रीज्यूलाई सरकारलाई करेक्सन गर्ने समय छ । खर्च कटौतीको खर्च मितव्ययिताको प्रश्न व्यापक उठ्याछ खर्च त्यो भएर खर्च कटौती निर्ममतापूर्वक गरौं नारामा गरौं त्यो सुरुवात चाहिँ सरकारबाटै सुरुवात गरौं त्यसले भयो भने संसदमा पनि प्रभाव पर्छ संसदमा पनि दवाब पर्छ निर्ममतापूर्वक खर्च कटौती गरौं तर अहिले देखिरहेको सिन त के हो भन्दा खेरि चाहिँ अहिले पनि असार मसान्तमा त

लकडाउनको बेला पनि स्टेशनरी पसलेहरूलाई झोला पसलेहरूलाई अरू पसलेहरूलाई बिल मिलाउनै समस्या त छ त प्रदेशमा । प्रशासनिक खर्च कटौतीको विषय खरिद खर्च कटौतीको विषय तेलका बिलहरूको विषय कहाँ छ त यो-यो बारेमा सरकार प्रमुखले हेर्नु भयो होला मुख्यमन्त्रीज्यूले अवश्य ध्यान पुराउनु होला मैले आशा गरेको छु । अब म निष्कर्षमा अन्तिममा मैले के भने भने निर्मम प्रकारको आर्थिक अनुशासन कायम गर्न मुख्यमन्त्रीज्यूले यसको नेतृत्व गर्नुपर्छ र हाम्रो दृष्टिकोण चाहिँ अर्थमन्त्रीज्यूले कि यो राख्दिन पर्थ्यो कि धेरै मन्त्रालयहरू काम गर्न नसक्ने स्थिति भए दुई/तिनवटा मन्त्रालयबाट चलाउँछौं अर्थमन्त्रीज्यूले बजेटमै त्यो व्यवस्था गरेर मन्त्रालय कटौती गरेको भए अहिले धेरै राम्रो म्यासेज जान्थ्यो । मन्त्रालय कटौती नगर्ने तर मन्त्रालयहरूलाई बजेट नदिएर निश्चित मन्त्रालयमा थुपार्दा खेरि त तपाईंले मन्त्रालय त प्यारालाईज बनाउनु भयो भोलि अहिले भोलि मन्त्रीले काम नपाउने स्थिति हुन्छ । एउटा अड्डामा चाहिँ एउटा मन्त्रालयमा चाहिँ कार्यव्यस्तता हुनसक्छ कर्मचारी अभाव हुनसक्छ र संरचनाको समस्या हुनसक्छ । त्यसले गर्दा माननीय मुख्यमन्त्रीज्यूको मन्त्रालयमा पनि समस्या आउने देख्याछु । यहीं संरचनामा अहिलेकै अवस्थामा कार्यक्रम चलाउन मुख्यमन्त्रीज्यूले समग्रमा प्रक्रियाको नेतृत्व गर्दा त्यसो हुँदा के अर्थमन्त्रीज्यूले हिम्मत गरेर सरकार अरु मन्त्रालय कटौती गरेको भए नि हुन्थ्यो ***(माननीय सभामुखः सक्नुस् माननीयज्यू सक्नुस्)*** मैले यति कुरा राखेर बजेटमा भएका कृषिका खासगरी स्वास्थ्यका कोरोनाकै सन्दर्भमा भएको पनि बजेट कम हो कृषिका, स्वास्थ्यका, रोजगारीका कार्यक्रमहरू क्याटागोरीकल्ली पछिल्ला पुस्तकमा आए भने त्यो राम्रो होला यति मैले सुझाव दिएर मैले आफ्नो भनाइ यहाँ टुङ्गाए धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री यामलाल कंडेल समय ७ मिनेट ।

**माननीय श्री यामलाल कंडेलः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेटमा म आफ्ना केही भनाइहरू राख्न गइरहेको छु । २/३ वटा बजेटको कार्यान्वयन गरेको अनुभव सरकारका आवश्यक संरचना पछिको बजेट हो यो बजेट । विगतको भन्दा आज कोभिड-१९ का नामले चिनिएको कोरोना भाइरसले सबै क्षेत्र प्रभावित गरे जस्तै बजेट निर्माणमा पनि प्रभावित गर्ने कुरा स्वभाविक छ । अनुभव सहितको बजेटका आधारबाट टिप्पणी गर्ने कुरा सजिलो पनि छ तर मलाई अलि गम्भीर बनाएको हुनाले के आधारबाट टिप्पणी गर्ने कुरा पनि सोचिराछु, प्रस्तुती सुन्दर छ, त्यसका निम्ति त धन्यवाद नदिने कुनै माननीय हनुहुन्छ जस्तो लाग्दैन तर यसलाई विगतसँग तुलना गर्ने हो भने अवस्था बजेट निराशानक दस्तावेज रूपमा प्रकट हुन्छ । त्यसकारणले मैले धेरै चर्चा गर्न पनि मैले जरुरी ठानिन तर पनि एउटा जनप्रतिनिधिको हिसाबले यसप्रति आफ्नो अभिमत यो सम्मानित सभामार्फत् जनताका अगाडि प्रकट गर्नु मैले आफ्नो दायित्व र कर्तव्यकै रूपमा भएर म यहाँ उपस्थित भएको छु । अझैपनि समय छ । म स्मरण गराउन चाहन्छु, बजेटका नीति, सिद्धान्त र प्राथमिकतालाई नीति तथा कार्यक्रमलाई र विगतलाई सम्झिएर अझै पनि सुधार गर्ने बाटोमा छ भने त्यो बाटोमा लाग्नु जरुरी र आवश्यकता देख्छु । होइन यसैलाई नै

जस्टिफाइ गर्ने कुराका आधारबाट अगाडि बढ्नु भयो भने अरुले के गर्नु हुन्छ अरु माननीय सदस्यज्यूहरूको कुरा हो तर मेरोतर्फबाट हेर्दा जनताका बीचमा त्यसलाई पुष्टि गर्न गाह्रो पर्छ। म यति मात्रै विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु, नारा महामारी, भोकमरी, रोजगारी राम्रो छ तर यो तीनवटा नारालाई सार्थक पुर्याउने आफ्नै औकात र संरचनाको कुनै मूल्याङ्कन नगरिकन, पुनर्विचार नगरिकन नीति ल्याउनु भयो नीति कार्यक्रमहरू व्यवहारिक विषयहरू हुन्छन् जस्तो लाग्छ । अहिले पनि तपाईंहरूले अथक पर्यत्न गरिरहनु भएको छ तर जे काम गर्नु पर्थ्यो कोभिड-१९ मा पनि नगरको कुरा बाहिर आइरहेको छ । जे गरिरहनु भएको छ त्यो पनि तपाईंले पुष्टि गर्न सक्नुभएको छैन । यद्यपी हाम्रो नेपाली समाजमा जे गरेपनि आलोचना हुन्छ । चाहे त्यो मान्छे यता र उता लैजाने कुरामा तपाईंले गर्नुभएको त्यो कुरालाई जस्टिफाई गर्न सकिदैंन । कोभिड-१९ का नाममा हामीले थोरै मात्र पाएको औषधी उपचारको वितरण पनि अभिलेख सम्म छैन भन्ने सुन्दै छु । अरु त परको कुरा हो । अभिलेख नै मिल्दैन भन्ने छ त्यस्तो अवस्था झेलिरहेको एउटा अवस्था छ । त्यसकारणले कोभिड-१९ का नाममा स्वास्थ्यका स्थायी संरचना बनाउने कुरामा हाम्रो बढी ध्यान केन्द्रित गर्ने गरी अघि बढौं त्यस्तो किताबमा आउँला त्यसमध्ये पनि महत्वपूर्ण हाम्रो प्रयोगशाला यो भन्यो भने सबै ठाउँमा पुऱ्याउने कुरापनि हाम्रो देखिन्छ चित्त बुझाउने कुराका निम्ति सामान सुविधा नपाए पनि कागज पुर्याउने हाम्रो प्रवृत्ति छ मलाई लाग्छ प्रदेशमा पहिला थियो हाम्रो ओएले सर्भे गर्दा त्यो संरचना हट्यो मलाई लाग्छ एउटा राम्रो प्रयोशाला हाम्रा निम्ति सधैभरी चाहिने एउटा चिज जो त्यतापट्टी तपाईंहरूको ध्यान जाओस् भन्ने कुराराख्न चाहन्छु । यद्यपी अरु जहाँ छ त्यतातिर गएको छैन जे पर्यत्न गर्नु भएकोछ त्यसले पनि त्यस आधारबाट अगाडि बड्नुपर्छ जस्तो लाग्छ । अब जहाँसम्म बजेटको कुरा छ नीति धेरै छ, बजेटमा कार्यक्रम र बजेट धेरै हुनुपर्ने हो त्यो थोरै छ, त्यसका निम्ति हाम्रो अब मैले धेरै के चर्चा गर्नु निबन्ध जस्तै छ, त्यो पनि अब बजेट बाँडफाँटको कुरापनि सबै सार्वजनिक यथार्थ पुरक ढंगले सबै स्वतन्त्रतापूर्वक अर्थमन्त्रीज्यूले हेर्नु भएको छैन । किनभने तयो छलफलमा उठेको प्रश्न हो । सुझाव दिइएको कुरापनि हो । त्यो ल्याइदिएको भए उहाँलाई केही अप्ठ्यारो पर्दैनथ्यो किनभने अहिलेको अवस्था जे छ त्यहीं अवस्थालाई सबैले स्वीकार गर्थे तर त्यसलाई ढाकछोप गर्दा ढाकछोप गर्दै जाँदा चाहिँ त्यो के हुन्छ त भन्दा अरु नयाँ कुरा छ कि भन्दै खोज्दै जाँदा सरकार र संसद एकै ठाउँमा नपुग्ने ठाउँमा पुग्ने हो कि भन्ने परिस्थिति निर्माण हुन्छ । त्यसकारणले बाँडफाँट पनि प्रष्ट गर्ने कुरा अलि ध्यान दिनु पर्थ्यो । यद्यपी कोभिड-१९ चैत देखि नै आएको हो तर म फेरीपनि म विनम्रतापूर्वक भन्न चाहन्छु, सरकारलाई यो कुनै तयारी बिनाको बजेट हो जस्तो लागेन । तयारी भएपछि त योजना हुन्छन्, बजेट हुन्छन्, सूचना हुन्छन् त्यसमा आधारित हो जस्तो लागेन त्यस्तो पनि मैले देखिन त्यो कुरालाई अझै जुन समय छ जुन अरु बाँकी किताबहरू आउने कुरा छन् त्यसमा तयारी सहित आयो भने मलाई लाग्छ सरकारले संसदमा छलफल चलेको कुरालाई सम्बोधन गर्यो भन्ने कुराको पुष्टि हुन्छ । त्यस्तै कों यो बजेट हेर्दा हाम्रो प्रतिपक्ष साथीहरूले भन्नु हुन्छ दुईतिहाइको दम्भ

देखाएर बेला बखतमा यस्तो गर्ने भन्ने त सुनिराछौं हामीले त्यसको सबै थोक ख्याल गर्दा त दुईतिहाइले ल्याएको जस्तै देखिएन । यो पटके सरकारले ल्याएको जस्तो देखियो । दुईतिहाई हुनुको मतलव संख्या मात्रै दुईतिहाई होइन नीति स्थिरता हुनुपर्यो, योजना स्थिरता हुनुपर्यो यो त पटके सरकारले ल्याएको जस्तो भयो त तीनवटा किताब पढ्यो भने अलग-अलग योजना अलग-अलग कुरा अघि साथीहरूले पनि भन्नुभयो किताबमा छ त्यसकारणले तपाईंहरूको सोच जुन अस्थिर सोच छ । पटके सोचले हामी गन्तव्यका पुग्न सक्दैनौं । त्यसलाई त अब हामीले बदल्नुपर्ने अवस्था मैले त्यस्तो देख्छु । त्यसमा प्राथमिकता दिनुको मतलव सबै नयाँ ल्याउने कुरा त होइन होला आज हामी चौंथो बजेटमा छलफल गर्दैछौं चौंथो बजेटसम्म ल्याइरहँदा पुरै एउटा जिल्लामा यो योजना निरन्तर १४ वर्ष देखि चलिराछ भनेर भन्न सक्ने कुनै योजनाको चर्चा हुने अवस्थामा यो सरकार पुग्नु पर्थ्यो । त्यसकारणले त्यतापट्टी ध्यान दिनुपर्ने मलाई लाग्छ । मूल चुनौती भनेको बजेटको कार्यान्वयन हो । सचेतनापूर्वक अर्थमन्त्रीज्यूले विगतको समिक्षा गर्दा कोभिडको मात्रै चर्चा गर्नुभयो तर विगतको चैतभन्दा अगाडिको त्यो ९ महिनाको पर्फर्मेन्सको बारेमा खोई लेखिदिएको भए राम्रो हुन्थ्यो त त्यो के भने त्यो नकारात्मक छ । आज म पनि के देख्छु भन्दा मन्त्रीज्यूहरूको एकदम हुटहुटी नै छ । सभा सम्मेलनमा समितिका बैठकहरूमा त्यो थाहा पाइन्छ तर राजनीतिक हुटुहुटीले मात्रै सरकार सञ्चालित हुँदैन त्यसको साथमा मैले नीति तथा कार्यक्रममा पनि भनेको थिएँ त्यसको साथमा स्थायी संरचनाको रूपमा रहेको ब्युरोक्रेसीलाई अगाडि सार्न आत्मसाथ गर्न सकिएन भने हाम्रो मात्रै हुटहुटीले परिणाम ल्याउन सकिदैंन । त्यसकारणले बजेटको कार्यान्वयन प्रमुख समस्याका रूपमा पैसा हाम्रा लागि थोरै हो तर जति छ त्यो फालाफाल छ । फालाफाल हुनाले त अहिले हिसाब किताब समाल्नै गाह्रो भएको छ त । छताछुल्ल छ त हिसाब किताब त । अझै खोज्दै जाने हो भने त कहाँकहाँ भेटिने हो त ? त्यसकारणले मलाईं लाग्छ कार्यान्वयनको बाटो अगाडि बढाउने हो त्यो गरौं । अब अर्थमन्त्रीज्यूले आर्थिक सुशासनको कुरा आर्थिक अनुशासनको कुरा गर्नुभएको छ । छापामा आएको कुरा संसदीय समितिमा सरकारले दिएको जवाफ सुन्दा सरकारको साथीहरूलाई त राम्रै होला त्यो सत्ताधारी बहुदलीय व्यवस्था भएको हुनाले त्यो कुरा सुन्दा र देख्दा मलाई चाहिँ अरुलाई के थाहा छ छैन मलाई चाहिँ लज्जाबोध भइरहेको छ । यस्तो लज्जाबोध हुने गरी काम गर्ने कुराको के कारणले कमजोर भयो सरकारको प्रमुख र अर्थमन्त्रीज्यू । यो दलीय व्यवस्था हो । यो कुरामा संसदभित्र नै गम्भीर कुरा उठाउनु भएकोहोला उहाँले पुष्टि गर्ने गरी जो कोहीले भने लाग्छ मलाई । त्यसकारण भन्न चाहन्छु अनुरोध गर्न चाहन्छु । यो बजेट यसपछिका किताब कसरी आउँछन् । यस्तै गरी नै किताब आयो भने विगतको बजेटको झमेला त सरकारले व्यहोरी सकेकोछ त म एउटा जनप्रतिनिधिको हिसाबले के रहेछ भनेर एउटा, दुईवटा बीचमा कुनै नयाँ योजना हुन्न हजुर भनेको छन् नयाँ योजना हुन्न भनेको छन् नयाँ योजना हुन्न भनेको छन् भनेर म किन जाने भनेर म कै गएको छैन । अब आउँदा सबै योजना आएछन् भने त के रहेछ भनेर थाहा पाउँला जब कुनै योजना आउन्न आउँछ के

त । त्यसलाई गएकै बजेट अधिवेशनमा संसदले अस्वीकार गरिसकेको छ कि त्यस्ता बजेटलाई स्वीकार गर्न नसक्ने गरी बाटो हिडिसकेको छ त तर पनि म देख्दैंछु एकमुस्ट शीर्षक राख्ने गरी परिकल्पना गरेका योजनाहरू ल्याउनु भएकोछ । अहिले मैले त्यहाँ यो किन राख्नु भयो म भन्दिन त्यो काम गर्ने समर्थनले नै राखेर ल्याउनु भएको होला तर प्रोजेक्ट बिनाका योजना बिनाका कुरा ल्यानु भयो भने अब अहिलेको संसदले कोभिडको नाममा ठिकै छ नि त यहीं बाटो जाऊँ भनेर माफिमिना दिए त केही छैन् तर विगतको बाटो यदि हेर्ने हो भने त यो संसदले त अस्वीकार गरेको बाटो हो । अस्वीकार गरेको बाटो फेरी जबरजस्ती सरकार किन हिड्न खोजिरहेको छ त । मैले बुझ्न सकिरहेको छैन त्यसकारणले तपाईंहरूले मलाई लाग्छ रोजगारका नाममा अब यो रासन पानी बाढ्ने कुरा जस्तो देख्छु बजेट भाषण हेर्दा अघि एकजना पूर्ववक्ता माननीयज्यूले भनुभयो म पनि त्यसमा सहमत छु रोजगार सिर्जनाको साथ साथै हामीले यहीं पैसाले केही गर्नेगरी अगाडि बढ्न सक्यो भने हाम्रा प्रदेश अल्ली अगाडि बढ्न सक्छ । त्यसकारणले म अन्तिममा के अनुरोध गर्न चाहन्छु भने बजेट विनियोजनको जुन तरिका छ योजना छनौटको जुन तरिका छ अब आउने मन्त्रालयगत शीर्षकमा तपाईंले ध्यान पुर्याउनु भएन, हेक्का राख्नुभएन संसदको अनुभवलाई ग्रहण गर्नुभएन र यहीं बजेट पुस्तिकामा ल्याएको जस्तै ल्याउने कोसिस यदि सरकारले गर्यो भने मलाई लाग्छ संसद र सरकारका बीचमा गम्भीर देखिने गरी पोजिसन प्रकट हुन्छ जस्तो लाग्छ । किनभने एकचोटी त देखाइसक्यो विगतमा फेरी त्यो बाटो नहिड्नु पर्थ्यो अब आजको आजै तपाईंले परियोजना परिकल्पना गरेर ल्याउन सक्ने अवस्था पनि छैन होला जस्तो लाग्छ यद्यपी अस्ति नै आइसक्थ्यो भन्ने भएको हुनाले छापिसकेको हुनसक्ला फेरी पनि म विनम्रपूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु बजेटको बाँडफाँट बुझिने गरी ल्याउनु पर्यो । जे ल्याउनु हुन्छ बुझिने गरी ल्याउनुहोस् न जहाँ–जहाँ लानुपर्नेछ । किनभने यो बजेट सन्तुलित बन्ने वाला त छैन् हामीले टेकेको बजेट तीन वर्षसम्म अर्थमन्त्रीले असुन्तलित त बनाई सक्नुभएको छ । हामीले टेक्ने धरातल असन्तुलित भैसकेपछि के यो बजेट आज सन्तुलित हुन्न किनभने टेक्ने धरातल हामीले असन्तुलित बनाई सक्याछौं त तर जे छ त्यो पनि जस्ताको त्यस्तै ल्याउने कोसिस गरौं त्यसो गर्दा हिजोका लोकप्रिय कार्यक्रम जो सरकारले पनि भनेको छ । त्यो छोड्न पर्ने परिस्थिति हो भन्ने मलाई लाग्दैन । यदि हामीले कोभिडमा लाग्दा पैसा कहीं पुगेन भने जुन कुनै शीर्षक काट्ने कुरामा हामी तयार हुनुपर्छ त्यो राम्रो हुन्छ तर त्यसलाई कोभिडमा लगेर थुपार्ने यता लोकप्रिय कार्यक्रम कटौती गर्ने कुरा न्यायसँगत हुन्छ मलाईं लाग्दैन तर फेरी पनि अनुरोध गर्न चाहन्छु कोभिडको नाममा जे कामकारबाही अगाडि बढाइराख्नु भएको छ मिहेनत गर्नुभएको छ तर मिहेनत गरेको काम बाहिर आउँदा सर्मथक नभेट्ने अवस्था छ । एउटा मात्रै भनौं केही समय केही दिन अगाडि यातायातको व्यवस्थापनको एउटा बिल तीनवटा पेजको बिल बाहिर आयो त्यसलाई हेरेर जानेले बाहेक बाँकीले सर्मथन गर्ने अवस्था रहेन सरकार त्यस्तो विभेदकारी र पक्षपाति हुनुहुन्न है ढङ्ग नपुग्दा हुने एउटा कुरा हो तर सचेतनापूर्वक सरकार त्यहीं जिल्लाको भएपनि त्यहीं जिल्लाको

अरु मान्छेसँग विभेदकारी गर्नेगरी जाने कुरा राम्रो हुन्न जस्तो लाग्छ । यति कुरा राखे र फेरी पनि भन्न चाहन्छु । यसको कार्यान्वयनको पाटो कुरा प्रमुख हो । कार्यान्वयन गर्नका निम्ति यही बजेट हामीलाई ५० लाख खर्च गर्न सुर्खेतमा तीन वर्ष लाग्दाखेरिनि ५० लाखका योजना चलिराछन् हाम्रो त्यस्तो औकात छ । त्यसपछि सरकारमै भएको साथीहरू जे पनि गरे हुन्छ भन्ने कुरा जो अहिले देखियो जे कुरा तपाईंहरूले संसदीय समितिमा गएर हात खडा गरेर बकपत्र गरिरहनु भएको छ त्यो देख्दा एउटा सरकारसँग जोडिएको पार्टीको नाताले त्यसको सभासदको नाताले अरुलाई के छ थाहा छैन । यो सम्मानित सभामार्फत् मलाई मत दिनुहुने वा सुन्नुहुने जनताका अगाडि आफू लज्जित अनुभूति गरेको छु । यस्तोगरी सरकार चल्ने कुरा राम्रो हुन्छ मलाई त्यस्तो लाग्दैन । परिस्थिति जटिल छ यो परिस्थितिका बीचमा फेरीपनि म अनुरोध गर्न चाहन्छु बजेट वक्तव्य प्रस्तुति सुन्दर छ तर त्यो निराशाजनक छ निबन्ध छ । कार्यक्रम छैन बजेट छैन जहाँ बजेट छ त्यहाँ बजेट त्यहाँ कार्यक्रम भनेर देखाउन नसक्ने अवस्थाको जुन अवस्था छ यसलाई बाँकी समयमा हामी सबैको मिहेनतबाट समृद्ध गर्ने कुरा गर्नुभयो भने मेरो सहयोग र सर्मथन रहने कुरा राख्दै विदा हुन्छु, धन्यवाद ।
**माननीय सभामुख**: माननीय सदस्यहरू, अब यो बैठक १५ मिनेटका लागि स्थगित हुन्छ।

a}7s ;¥of-!& -lgoldt_

**माननीय सभामुखः** माननीय सदस्यहरू, स्थगित बैठक पुनः सुचारु हुन्छ ।
माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथि सभामा सामान्य छलफल हुँदा माननीय सदस्यहरूबाट उठाइएका प्रश्नहरूका सम्बन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालालाई प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ को नियम १२९ को उपनियम (३) बमोजिम सभा समक्ष उत्तर दिन समय दिन्छु ।
**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमको सामान्य छलफलमा माननीय सदस्यज्यूहरूले आफ्नो भनाइहरू यो सभा समक्ष राखिसक्नु भएको छ । आफ्नो भनाइहरू राख्ने क्रममा अथवा छलफलका क्रममा उठेका केही महत्वपूर्ण विषयहरूलाई प्रष्ट पार्ने हिसाबले जवाफ दिनका निम्ति माननीय सभामुखज्यूको अनुमतिले यो रोष्टममा म उभिएको छु। सबैभन्दा पहिले सबै माननीय सदस्यहरूलाई म हृदय देखि नै धन्यवाद दिन चाहन्छु । आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमका सम्बन्धमा यहाँहरूले अलि मसिनो गरी अध्ययन गर्नु भएको छ र त्यो अध्ययनका आधारमा आफ्ना धारणाहरू यहाँ व्यक्त गर्नुभएको छ । बजेटका सन्दर्भमा कतिपय सवालहरूमा समर्थन गर्नु भएको छ, प्रशंसा गर्नुभएको छ त्यसका निम्ति म यहाँहरूलाई धन्यवाद पनि दिन चाहन्छु । केही कुराहरू स्पष्ट पार्नु पर्नेछ । म स्पष्ट पार्नका निम्ति यहाँ उपस्थित भएको छु र मैले माननीयज्यूहरूका जिज्ञासाहरू सकेसम्म प्रष्ट पार्ने जिज्ञासाहरूको जवाफ दिने प्रयास गर्नेछु । हामीसँग असीमित आवश्यकताहरू छन् र हाम्रा माग र आवश्यकताहरू अत्यन्त धेरै छन् तर हामीसँग स्रोत

चाहिँ अत्यन्त कम छ । त्यो सीमित स्रोतलाई असीमित आवश्यकतासँग चाहिँ मिलाउनु पर्नेछ, सीमित स्रोतले असीमित आवश्यकताहरूलाई प्राथामिकीकरण गरेर बजेट विनियोजन गर्नुपर्ने बाध्यता हामीसँग थियो । हामीले यस बजेटमा बजेटका सिद्धान्त तथा प्राथमिकतामा छलफल गर्ने क्रममा पनि धेरै छलफल गरेका छौं र महत्वपूर्ण सुझावहरू यहाँहरूले दिनुभएको थियो र म स्मरण गराउन चाहन्छु । माननीय सदस्यहरूले दिएको सुझावहरूबाट सरकार डिरेल भएको छैन र माननीयहरूले दिएका सुझावमा आधारित भएर हामीले बजेट तथा कार्यक्रम तय गरेका छौं । दोस्रो कुरा सरकारले नीति तथा कार्यक्रम यो सम्मानित सदनमा प्रस्तुत गर्‍यो र त्यो नीति तथा कार्यक्रमलाई एक किसिमले व्यवस्थित रूपमा यो बजेटमा प्रस्तुत गरिएको छ । हामी यस सदनमा प्रस्तुत भएको बजेटका सिद्धान्त र प्राथमिकता र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रमको मूल बाटोबाट बजेट बाहिर गएको छैन । त्यसमै केन्द्रित भएर आधारित भएर यो बजेट आएको छ । हरेक बुँदाहरू यहाँहरूले चाहिँ अध्ययन गर्नुभएको छ । त्यसबाट पनि यहाँहरू प्रष्ट हुनुहुन्छ कि हामी सिद्धान्त, प्राथमिकता, नीति र कार्यक्रममा आधारित भएर यो बजेट ल्याएका छौं । अब कतिपय कुराहरू अब यो बजेट मात्रै बजेट वक्तव्यमा आउँदैन । बजेट वक्तव्यमा केही नीतिगत पक्षहरू सहित कार्यक्रम र बजेट आउँछ । त्यसैले यो बजेट वक्तव्य भएको हो । नत्र भने बजेट वक्तव्यको आवश्यकता हुँदैन्थ्यो होला । वार्षिक कार्यक्रमको पुस्तकले मात्रै काम चल्थ्यो होला । त्यसैले केही कुरा प्रष्ट्याउनका निम्ति पनि थोरै मात्रै नीतिगत पाटो र कार्यक्रम र बजेटमै केन्द्रित भएर हामीले शीर्षकगत रूपमै अब कतिपय प्रत्येक शीर्षक शीर्षकको लाईन आइटमको चाहिँ बजेट बजेट वक्तव्यमा आउँदैन मैले भन्न पर्दैन । त्यो कुरा चाहिँ हाम्रो यो वार्षिक कार्यक्रम पुस्तिकामा आउनेछ । त्यो पुस्तिका पनि आजै यहाँहरूको हातमा पुग्नेछ । हामीले वितरण गर्नेछौं । त्यसपछि प्रत्येक मन्त्रालयको फरक-फरक शीर्षकमा मन्त्रालयगत रूपमा जुन चाहिँ हाम्रो वार्षिक कार्यक्रम हामीले प्रस्तुत गरेका छौं त्यसमा छलफल हुनेछ त्यसपछि डिटेलमा व्यवस्थित रूपमा अझै छलफल होला ।

माननीयज्यूहरूलाई म स्मरण गराउन चाहन्छु बजेटका सिद्धान्त र प्राथमिकताको बारेमा प्रस्तुत गर्दा खेरि यतिबेलाको विषम् परिस्थिति, अहिलेको विशेष अवस्था, कोभिड-१९ ले कर्णाली प्रदेशलाई जुन ढंगले प्रभावित गरेको छ कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचारलाई केन्द्रविन्दु बनाएर त्यसमा केन्द्रित भएर बजेट ल्याउनुपर्छ भनेर यहाँहरूले हामीलाई सुझाव दिनुभएको थियो, सरकारलाई सुझाव दिनुभएको थियो । त्यसैले हाम्रो बजेटको केन्द्रविन्दु भनेको बजेटको भोलुम चाहिँ मैले बताई रहन पर्दैन । हामी कोभिड केन्द्रित बजेट यसपटक ल्याएका छौं । विशेष अवस्थालाई अहिलेको असाधारण अवस्थालाई सम्बोधन गर्ने गरी हामीले बजेट यो सभा समक्ष प्रस्तुत गरेका छौं । हामीले किटानीका साथ हामीले यो बजेटमा अब प्रत्येक मैले फेरिपनि दोहोर्‍याउँछु, प्रत्येक लाईन आईटमको चाहिँ बजेट बजेट वक्तव्यमा आउँदैन । यहाँहरूले कार्यक्रममा हेर्नुहुनेछ तर हामीले के भन्यौं भने क्वारेन्टीन बनाउने देखि लिएर आइसोलेशन व्यवस्थित गर्ने देखि स्वास्थ्य सामग्रीहरूको

व्यवस्था गर्ने, औषधीको व्यवस्था गर्ने, अनि अस्पतालहरूमा चाहे कर्णाली प्रदेश अस्पताल अथवा जिल्ला अस्पतालहरू अरु विशिष्ट अस्पतालहरूमा त्यहाँ चाहिँ आईसियू उपचार गर्नुपर्ने अवस्थामा आईसियू र भेन्टिलेटरको व्यवस्था गर्ने । कतिवटा चाहिँ आईसियू बनाउने, कतिवटा भेन्टिलेटर बनाउनेसम्म हामीले किटानी गरेर यो बजेटमा ल्याएका छौं । त्यसैले यो बजेट व्यवहारिक बजेट पनि हो, कार्यान्वयनयोग्य बजेट पनि हो र त्यसको हिसाब गरेर हामीले बजेट ल्याएका छौं । कुन कामका निम्ति कति खर्च लाग्छ त्यसको चाहिँ एउटा सामान्य हिसाब किताब गरेर समेत हामीले बजेट ल्याएका छौं । त्यसैले यो महामारी नियन्त्रण, रोकथाम र उपचारमा हामी बढी केन्द्रित छौं र म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु हामीले विनियोजन गरेको बजेटले नपुग्ने अवस्था आयो, यो महामारी अझै सेफ भएर भएर गयो, अझै भयावह भएर गयो भने हामीले अन्य शीर्षकका बजेट पनि यो शीर्षकमा ल्याउनु पर्ने हुनसक्छ । आवश्यक पर्दाखेरि सदनको पनि सहयोग हामी त्यतिबेला लिनेछौं । त्यो चाहिँ सबैले सदनले माननीयज्यूहरूले त्यसलाई महसुस गर्नुहुनेछ । अहिले सामान्य शीर्षकमा छुट्याईएको बजेट पनि हामीले यता ट्रान्सफर गर्नुपर्ने हुन सक्छ र अर्कोतिर चाहिँ अर्थ विविधमा यो चालु आर्थिक वर्ष भन्दा घटाएका त छौं तर अर्थ विविधको बजेट पनि हामीले चाहिँ यहीं महामारी नियन्त्रणमा अथवा उपचारका निम्ति हामी त्यतातिर चाहिँ विनियोजन गर्न सक्छौं, छुट्याउन सक्छौं अथवा त्यता चाहिँ ट्रान्सफर गर्न सक्छौं त्यो अर्को अप्सन पनि हामीसँग छ र हामीले चारवटा शीर्षकलाई चाहिँ चलायमान शीर्षकको रूपमा जस्तो कोभिड कोषको बजेट त्यो कोभिड कोषमा रहेको बजेट चाहिँ हामीले खर्च गरेर अपुग भयो भने अन्य शीर्षकबाट लिएर त्यहाँ पूर्ति गर्न सक्छौं र भोलि खर्च भएन भने त्यो कोषको बजेट चाहिँ अन्य शीर्षकमा पनि लैजान सकिने गरी यसलाई चाहिँ हामीले फ्लेग्जीबल रूपमा चाहिँ राखेका छौं अथवा अन्यत्र चाहिँ यो रकमान्तर गर्न सकिने गरी।

त्यस्तैगरी, अर्को अर्थ विविधको बजेट सामान्य रूपमा सधैं नै त्यसरी नै आउँछ । अर्थ विविध र वित्त व्यवस्थापन । वित्त व्यवस्थापनमा हाम्रो बजेट धेरै छैन । हामीले पचास करोड रूपैंया चाहिँ वित्त व्यवस्थापनको यहाँ पनि यो एउटा कोइशन पनि उठ्याथ्यो । हामीले वित्त व्यवस्थापनबाट यो सुर्खेतको प्रादेशिक एयरपोर्टलाई स्तरोन्नती गर्नका निम्ति त्यो बजेट लगाउने छौं र अन्य हाईड्रो प्रोजेक्ट लगायतका क्षेत्रमा लगानी गर्ने गरी हामीले त्यो बजेट छुट्याएका छौं । त्यसैले त्यो बजेट पनि हामीले यताउता सार्न सक्छौं । यसरी हामीले केही बजेट जो भोलिको चाहिँ अवस्थाअनुसार चाहिँ सजिलो होस् भन्ने हिसाबले त्यसलाई चाहिँ रकमान्तर गर्ने शिर्षकान्तर गर्ने गरी हामी जान सक्छौं यो कुरा म चाहिँ अनुरोध गर्न चाहन्छु। त्यसैले हाम्रो बजेट मूलतः महामारी नियन्त्रण गर्ने र उपचार गर्ने कुरामै केन्द्रित छ । त्यस्तैगरी भोकमरीको सन्दर्भमा म फेरी देहोऱ्याउन चाहन्छु यहीं आर्थिक वर्षको पनि केही बजेट हामीले खाद्यान्न खरिदको निम्ति छुट्याइसकेका छौं । त्यो प्रक्रिया पनि अगाडि बढेको छ । आगामी आर्थिक वर्षको निम्ति हामीले ५५ करोड रूपैंया यो पनि वास्तवमा चाहिँ कोभिड-१९ सँगै सम्बन्धित छ । त्यसैले हामीले मोटो शीर्षकमा राख्दाखेरि एउटै शीर्षकमा

हामीले शिक्षाको ११ करोड, अनि ५५ करोड, र यता चाहिँ कोभिडको स्वास्थ्यसँग सम्बन्धित शीर्षकलाई एकै ठाउँमा राखेर कोभिड विशेष बजेटको रूपमा हामीले यहाँ प्रस्तुत गरेका छौं। यो कुरा म यहाँहरूलाई अनुरोध गर्न चाहन्छु ।

त्यस्तैगरी, माननीयज्यूहरूलाई स्मरण छ यो बजेटका सिद्धान्त र प्राथमिकताहरू छलफल गर्दा या बजेटको नीति कार्यक्रमले हामीलाई चाहिँ रोजगारीमा यसपटक बजेट केन्द्रित गर्नुपर्छ भनेर मार्गदर्शन गऱ्याछ । बेरोजगारीको समस्या सामान्य रूपमा कर्णालीमा छँदै थियो । त्यसमध्ये यसपटक अथवा चाहिँ यो चाहिँ कोभिड-१९ को कारणले यो महामारीको कारणले भारतमा विशेषगरी भारतमा ठुलो संख्यामा र नेपालकै विभिन्न ठाउँमा र तेस्रो मुलुकबाट पनि अझै आउने सम्भावना छँदैछ । करिब एक लाख जति चाहिँ हाम्रो कर्णाली प्रदेशका जनता जो बाहिर गएका छन् उनीहरूले रोजगारीमा लागेका थिए । त्यहाँ रोजगारी गुमाएर फर्किने छन् । यहाँ बसेकाहरू बेरोजगार त केही छँदैछन् । तर बाहिर गएको भनेको शुद्ध रोजगारीका निम्ति गएको हो । रोजगारीकै उद्देश्यले गएको छ । त्यहाँ घुम्न गएको टुरिष्ट होइनन् उनीहरू । उनीहरू कामका निम्ति गएका छन् र अहिले काम खोसिएर काम गुमाएर प्रदेशमा फर्किएका छन् । त्यसैले रोजगारीमा केन्द्रित गर्नु एउटा अनिवार्य थियो बजेटलाई । त्यसमा हामी अलि बढी बजेट छुट्याएका छौं । यसमा चाहिँ अलि एकमुष्ट अलि डल्लो अलि धेरै देखियो कि भन्ने कुरामा पनि त्यति धेरै आशंका गर्नुपर्दैन। हामीले मुख्यमन्त्री रोजगार कार्यक्रममा चाहिँ एउटा निश्चित बजेट छुट्याएका छौं । त्यो बजेट हामीले महिला, दलित, त्यसपछि यूवा केन्द्रित गरेर हामीले भोलि त्यसको कार्यविधि बनाउनेछौं । हामीले भनेकै छौं प्रष्ट रूपमा यो श्रममूलक रोजगार कार्यक्रममा हामी केन्द्रित हुनेछौं । हामीले भनेकै छौं विकास निर्माणका कार्यक्रमसँग रोजागारीलाई जोड्ने छौं । शुद्ध रोजगारी पैसा बाड्ने होइन यो कन्फ्युजन हुँदै नहोस् । हामी चाहिँ त्यो खाद्यान्न चाहिँ बाड्दै हिँड्ने पनि होइन । कामका निम्ति खाद्यान्न कार्यक्रम होला, काम गरे वापत खाद्यान्न पाउँछ, काम गरे वापत पैसा पाउने, विकास निर्माणको काम पनि हुने रोजगारीको काम पनि हुने । हामी कार्यविधि अहिले नै कार्यविधि बनाउन त सकिने कुरा भएन । मोटामोटी खाका रोजगारीको हामीले प्रस्तुत गरेकै छौं, नीति कार्यक्रमले पनि एउटा डिरेक्सन दिएकै छ, बजेटले पनि एक खालको मोडालिटी दिएकै छ, अब हामी त्यसको चाहिँ व्यवस्थित कार्यविधि हामी तयार गर्छौं, त्यो चाहिँ माननीय सदस्यहरूको सहयोगमा तपाँईहरूसँग चाहिँ छलफल गरेर माननीय सदस्यहरूलाई पनि कुनै न कुनै रूपमा चाहिँ त्यो अभियानमा चाहिँ संलग्न हुनेगरी सहभागी हुनेगरी त्यो कार्यविधि बन्छ । धेरै आशंका पनि गरिरहन परेन । त्यसैले म तपाईंहरूसँग के अनुरोध गर्न चाहन्छु भने त्यो बजेट चाहिँ ठुलो देखिएको छ, ठुलो मध्ये पनि केही बजेट त हाम्रा मन्त्रालयका बजेट छन् । जस्तो यो करिब-करिब ८४ करोड जति बजेट ८२ करोड जति भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको सिलिङको त्यसमा रोजगारमूलक कार्यक्रम छन् भनेर हामीले एउटा चाहिँ यहाँ एक किसिमले प्रष्ट पार्न खोजेको हो । गोलमोटल होइन कि अझै प्रष्ट पार्न खोजेको हो । कृषि भूमि व्यवस्था कृषि तथा

सहकारी मन्त्रालयका कार्यक्रम मध्येको ८२ करोड बराबरको बजेट चाहिँ रोजगारीसँग सम्बन्धित छ, स्वरोजगारसँग सम्बन्धित छ । त्यस्तैगरी ४३ करोड बराबरको उद्योग, वन, पर्यटन मन्त्रालय अन्तर्गत रहेको बजेट पनि रोजगारीसँग सम्बन्धित छ । अनि ८ करोड बराबरको बजेट सामाजिक विकास मन्त्रालयको जो रोजगारीसँग सम्बन्धित छ, त्यसैले यी रोजगारमूलक कार्यक्रम मन्त्रालयभित्र छन् र सँगसँगै १ अर्ब २० करोडको चाहिँ रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रम छ त्यो कार्यक्रमलाई पनि रोजगारीसँग जोड्छौं । हामीले भोलि सडक बनाउँला, हामीले कुलो बनाउँला, हामीले विद्यालय भवन बनाउँला ती पनि रोजगारीमूलक श्रमसँग जोडेर हामीले कार्यान्वयन गर्छौं भन्ने कमिटमेन्ट यसपटक गरिएको हो। त्यस्तैगरी अलिकति यहाँहरूले उठाउनु पनि भयो अलि महिला त्यति सम्बोधन हुन सकेन कि त्यस्तै गरी चाहिँ अल्पसंख्यक सिमान्तकृत, या चाहिँ अपाङ्गता भएका व्यक्तिहरू सम्बोधन हुन सकेनन् कि भन्ने कुरामा पनि उहाँहरूलाई सम्बोधन गर्नेगरी हामीले मुख्यमन्त्री जिविकोपार्जन कार्यक्रम ल्याएका छौं । त्यो कार्यक्रम पनि रोजगारमूलक कार्यक्रम हो, सिपमूलक कार्यक्रम हो, उत्पादनमूलक कार्यक्रम नै हो । यी सबै जोड्दाखेरि बजेट चाहिँ ६ अर्ब ५४ करोड पुगेको हो तर चाहिँ शुद्ध रूपमा ३ अर्ब ८० करोड रुपैयाँ चाहिँ मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एउटा फन्टमा एउटा कोषमा छ, त्यो कार्यक्रम चाहिँ हामीले निश्चित कार्यविधि बनाएर वडा तहसम्म चाहिँ रोजगारीका कार्यक्रम लैजाने गरी विकास निर्माणसँग रोजगारीलाई जोड्ने गरी, यूवा परिचालन गर्नेगरी, महिला, दलित, सम्पूर्ण समुदायलाई चाहिँ मोभिलाईज गर्नेगरी र श्रमसँग चाहिँ रोजगारीलाई विकाससँग रोजगारीलाई जोड्ने गरी हामी अगाडि बढाउँछौं । यो कुरा म यहाँहरूको बीचमा प्रष्ट पार्न चाहन्छु । माननीय सदस्यले बजेटका महत्वपूर्ण पक्षलाई समर्थन पनि गर्नुभएको छ, प्रशंसा पनि गर्नुभएको छ, हामीले कोभिड केन्द्रित कार्यक्रम अगाडि सारि रहँदाखेरि कोभिडबाट मृत्यु भएका व्यक्तिका परिवारलाई १ लाख रूपैंया यो सहयोग उपलब्ध गराउने र कोभिड प्रभावित परिवारलाई चाहिँ रोजगारीसँग अलि अनिवार्य रूपमा जोड्ने गरी पनि हामीले बजेटमा व्यवस्था गरेका छौं । त्यस्तैगरी यो कतिपय कुराहरू जस्तो स्वास्थ्य क्षेत्रलाई हामीले २ भागमा बाँडेर चाहिँ यसपटक बजेट व्यवस्था गरेका छौं । एउटा कोभिड केन्द्रित स्वास्थ्य सेवा अर्को चाहिँ नियमित स्वास्थ्य सेवा । नियमित स्वास्थ्य सेवाको निम्ति माननीयज्यूहरूले भनेजस्तै हामीले स्वास्थ्य पूर्वाधार जस्तो प्रदेश अस्पताललाई अझै हामी स्तरोन्नती गर्छौं, ३ सय शैय्याको यो जुन हस्पिटल हो विशेषज्ञ सेवा सहितको त्यसलाई कम्प्लिट गर्ने कुरा र त्यस्तैगरी जिल्ला अस्पतालहरूलाई चाहिँ पूर्वाधार र उपकरणयूक्त बनाउने कुरा, त्यस्तैगरी अन्य विभिन्न अस्पतालहरूलाई सहयोग गर्ने कुरा, ट्रमा सेन्टर स्थापना गर्ने लगायतका कुराहरू हाम्रा नियमित स्वास्थ्य सेवालाई पनि अलि प्रबर्द्धन गरौं, सुदृढिकरण गरौं भन्ने हिसाबले बजेट ल्याइएको छ । प्रयोगशालाको व्यवस्था अब प्रयोगशाला अहिले कोभिडमा जोडिएला भोलि भविष्यसम्म पनि त्यसलाई चाहिँ व्यवस्थित गर्ने कुरामा पनि हामीले बजेटलाई केन्द्रित गरेका छौं । त्यस्तैगरी यो वर्थिङ सेन्टरको कुरा धेरै आएको छ । वर्थिङ सेन्टरको बजेट चाहिँ

अँ..यो शसक्त शीर्षकमै एउटा खालको बजेट संघीय सरकारबाट प्राप्त भएको छ । त्यो सँग केही बजेट हामीले जोडेर हामीले वर्थिङ सेन्टर स्थापना गर्ने कुरा, वर्थिङ सेन्टरलाई चाहिँ सुदृढ गर्ने कुरा, र वर्थिङ सेन्टरमा सुविधा उपलब्ध गराउने कुरामा हामीले कार्यक्रम राखेका छौं यसमा चाहिँ कन्फ्यूजनमा पर्नु पर्दैन माननीयज्यूहरूलाई म अनुरोध गर्न चाहन्छु । अर्को यो बजेटको महत्वपूर्ण पक्ष म चाहिँ यो दावी त नगरौं तर चाहिँ तुलनात्मक रूपमा कुनैपनि प्रदेशभन्दा बढी हामीले प्रशासनिक खर्च कटाउने गरी बजेट ल्याएका छौं । यहाँहरूले यसको चाहिँ प्रशंसा पनि गर्नु भएको छ । त्यसैले हामीले पूँजीगत यो चाहिँ धेरै शीर्षकमा चालु धेरै बजेट चालु शीर्षकमा राख्नुपर्ने अवस्थामा पनि चालु खर्च घटाएर घटाउन सकिने चालु खर्च अनिवार्य रूपमा चाहिँ घटाउन नसकिनेलाई त घटाउन सकिँदैनथ्यो । जस्तो हामीले यो कोभिड कोषको बजेट चालु शीर्षकमा राख्नु पर्छ । रोजगारीको चाहिँ हामीले रोजगारीका कार्यक्रमलाई केही चालु शीर्षकमा केही पूँजीगत शीर्षकमा राखेका छौं । चालु शीर्षकमा बजेट बढ्ने नै भयो, त्यसैले त्यति गर्दागर्दै पनि हामीले ३४ प्रतिशतमा चालु खर्चलाई झारेका छौं र त्यसमध्ये पनि यो कोभिड र रोजगारीलाई चाहिँ निकाल्ने हो भने त्यसलाई अलग गर्ने हो भने २५ प्रतिशत मात्रै चाहिँ चालु खर्च हुन्छ । त्यसभित्र पनि कार्यक्रम छन्, जस्तो छोरी सुरक्षा कार्यक्रमको कुरा गरौं, अथवा चाहिँ यो सामूहिक बीमाको कार्यक्रमको कुरा गरौं यस्ता विभिन्न खालका कार्यक्रम पनि चालु शीर्षक भित्र पर्छन् । त्यो समेत हटाउँदाखेरि चाहिँ १४/१५ प्रतिशत मात्रै प्रशासनिक खर्च हुन्छ त । यथार्थता त यो हो, त्यहाँ लिएर हामीले प्रशासनिक खर्चलाई साँघुर्याउने निकै धेरै चाहिँ घटाउने चाहिँ प्रयास गरेका छौं हामीले । त्यो चाहिँ बजेट कार्यक्रम पुस्तिका माननीयज्यूहरूका हातमा पर्यो भने यहाँहरूले त्यो कुरा पनि प्रष्ट रूपमा हेर्नुहुनेछ र अब कतिपय शीर्षक अनिवार्य छन् । यो शीर्षक त राखिएछ नि भन्ने पनि प्रश्न उठ्न सक्छ भोलि । शीर्षक कतिपय कम्पलसरी कुनै शीर्षक त शीर्षक हटाउन नमिल्ने बजेट जिरो राख्नुपर्ने कुनै शीर्षकमा केही न केही खर्च हुने भएकोले हिजो चाहिँ ४० लाख रूपैंया थियो भने आज हामीले त्यसलाई १० लाखमा घटाएका छौं, तुलनात्मक रूपमा पनि यहाँहरूले हेरिदिनुहोला । अनिवार्य खालका चाहिँ दायित्वहरूका सन्दर्भमा घटाउने काम गरेका छौं । कतिपय हटाउने कुरा भएको छ, कतिपय घटाउने कुरा भएको छ यो प्रशासनिक खर्चका सन्दर्भमा । जे होस् यसपटक हामीले ६० प्रतिशत टेन्टेटिभ चाहिँ हामीले क्याल्कुलेशन गरेर ६० प्रतिशत जति हामीले प्रशासनिक खर्च चालु आर्थिक वर्षको भन्दा घटाएका छौं र कतिपय चाहिँ शीर्षक पनि कतिपय शीर्षकमा बजेट नै नराख्ने गरी पनि हामीले व्यवस्था गरेका छौं । माननीयज्यूहरूले भन्नु भो यो चाहिँ अब मन्त्रीहरूबाटै शुरु गर्नुपर्छ, सुविधा कटाउने कुरा । हामीले सुरु गर्यौं त बजेटमा पनि बोल्यौं, हामीले प्रतिबद्धता पनि जनाउँदै आएका छौं । अतिथि सत्कार खर्च हामी लिदैंनौ, हामीले सञ्चार खर्च चाहिँ हामी लिदैंनौ । यस्ता केही खर्चहरू हामीले हाम्रो सुविधाबाट घटाएर यो कोभिड कोषमा राख्ने गरेपनि यहाँहरूसँग म प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । त्यस्तैगरी चाहिँ अब राजनीतिक नियूक्ती पाएका व्यक्तिहरू र कर्मचारीहरूले पाउने विभिन्न भत्ता मन्त्रीहरूले राजनीतिक

नियूक्ती पाएका व्यक्तिहरू र कर्मचारीले जो चाहिँ पाउने भत्ता छ त्यो भत्ता पनि हामीले चाहिँ कटौती गरेका छौं । हामीले विभिन्न चाहिँ गोष्ठी सेमिनारहरू पनि कम गर्ने अनिवार्य रूपमा मात्रै गर्ने, सकेसम्म त्यहाँ खर्च हुन नदिने पनि हामीले गरेका छौं । पहिले नै यहाँ माननीय मुख्यमन्त्रीज्यूले पटक-पटक त्यो चाहिँ ध्यानाकर्षण पनि गराउनु भएको छ । हाम्रा कार्यक्रम यहीं आर्थिक वर्षमा पनि हामीले सकेसम्म यो खर्च कटौती गर्ने प्रयास गरेका छौं । जस्तो मन्त्रीहरूले भत्ता नलिने कुरा त्यस्तैगरी चाहिँ सरकारले आयोजना गरेका कार्यक्रममा सरकारले भत्ता पनि नदिने र सरकारकातर्फबाट मन्त्रीहरू सहभागी हुँदा भत्ता नलिने कुरा गर्यौं। त्यस्तैगरी सरकारी कार्यक्रमहरू होटलमा नगर्ने, दुईवटा कार्यक्रम अब बाध्यताले हामीले चाहिँ होटलमा गर्नुपर्ने भयो जस्तो चाहिँ प्रदेश समन्वय परिषद्को बैठक र कर्णाली प्रदेश विकास परिषद्को बैठक त्यो ठुलो संख्या भएकोले अरु ठाउँमा हामीले सम्भव भएन । त्यस बाहेकका कार्यक्रम हिजोका दिनहरूमा अलि पहिले भएका बाहेक पछिल्लो समयमा हामीले होटलमा चाहिँ सरकारी कार्यक्रम गरेका छैनौं, अब हामी झन गर्दै गर्दैनौं । ती कार्यक्रम चाहिँ हामीले खर्च बचाएर मन्त्रालयकै हलमा हामीले गर्नेगरी पनि त्यो कार्यान्वयन नै अगाडि बढाइसकेको कुरापनि म यहाँहरूलाई अनुरोध गर्न चाहन्छु । यसरी हामीले विभिन्न शीर्षकमा खर्च कटौती गर्नेगरी यो बजेट ल्याएको कुरा यहाँहरूलाई अनुरोध गर्न चाहन्छु । अब अलिकति यो अलि दुईवटा विषयमा माननीयज्यूहरूको बढी कन्सर्न सरोकार रहेको छ । यो खासगरी अलि महिलामैत्री बजेट आएन कि ? लैङ्गिकमैत्री बजेट आएन कि ? अब यो चाहिँ सिस्टमले नै देखाएको के छ भने यो हाम्रो चाहिँ बजेट वक्तव्यको अनुसूचीमा पनि यहाँहरूले हेर्न सक्नुहुन्छ । यो साठी पेजमा । त्यसमा चाहिँ लैङ्गिक उत्तरदायी बजेट कति प्रतिशत भन्ने कुरामा ३७ प्रतिशत प्रत्यक्ष ४१ प्रतिशत अप्रत्यक्ष र २२ प्रतिशत मात्रै तटस्थ रहने गरी डेटाले नै बोल्छ । त्यसैले अब लैङ्गिकमैत्री बजेटको दुईवटा पक्ष छ । एउटा चाहिँ नियमित बजेटमा पनि त्यो जोडिन्छ, अर्को कुरा विशेष खालको बजेटमा । त्यसैले हामीले रोजगारमूलक कार्यक्रममा, जिविकोपार्जनसँग सम्बन्धित कार्यक्रममा, सिपमूलक कार्यक्रममा र अलिकति सामाजिक सुरक्षाका कार्यक्रममा महिला केन्द्रित हुनेगरी बजेट ल्याएका छौं । अलि प्रष्ट भएन भन्ने कुरामा म पनि सहमत छु म रियलाइज गर्छु । त्यसलाई अलि प्रष्ट पार्नु पर्थ्यो । वार्षिक कार्यक्रममा त्यो प्रष्ट रूपमा आउने नै छ ।

त्यस्तैगरी भोलि चाहिँ हामी यो जुन चाहिँ रोजगारमूलक कार्यक्रमको कार्यविधि बनाउँछौं, त्यतिबेला चाहिँ महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, त्यस्तैगरी अल्पसंख्यक, चाहे मुस्लिम समुदायहरू होला, सिमान्तकृत वर्गका समुदायलाई हामीले सेन्टरमा राखेर अलि केन्द्रविन्दुमा राखेर त्यो कार्यविधि बनाउने कुरामा हाम्रो ध्यान जानेछ । त्यसैले यो बजेट आफैमा लैङ्गिक उत्तरदायी बजेट हो, सामाजिक उत्तरदायी बजेट हो, सँगसँगै चाहिँ हामी अब बनाउने ऐन कानून कार्यविधिमा पनि त्यो कुरालाई चाहिँ मुख्य रूपमा चाहिँ प्राथमिकता राखेर अगाडि बढ्छौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । त्यस्तैगरी अब जनता सडक कार्यक्रम अँ माननीयज्यूहरूले उठाउनु पनि भएको छ, हामीले यसपटक नयाँ कार्यक्रममा धेरै बजेट

छुट्याउन सकेनौं, नयाँ कार्यक्रम अगाडि बढाउन पनि सकेनौं । त्यो भनेको के हो भने अब अघि चालु आर्थिक वर्षको भन्दा बजेटको सिङ्गो बजेटकै भोलुम घटेको छ, यो कुरा त भनिरहन नै परेन । त्यसभित्र रहँदाखेरि चाहिँ हामीले कोभिडमा एक्स्ट्रा बजेट केन्द्रित गर्नु पर्यो । यो त चालु वर्षमा अथवा विगतका वर्षहरूमा त यो बजेट चाहिँ छुट्याउनु पर्दैनथ्यो । हामीले खाद्य सुरक्षाको निम्ति खाद्यान्न संकलनलाई खाद्यान्न खरिद गर्नका निम्ति छुट्टै बजेट छुट्याउनु पर्यो, रोजगारका निम्ति हामीले विशेष बजेट छुट्याउनु पर्यो । त्यसले गर्दा खेरि हामीले नयाँ कार्यक्रममा धेरै जान सकेनौं । यो हाम्रो बाध्यता हो यो विवशता हो । तपाईंहरूकै मार्गदर्शनमा हामीले कोभिडमा बजेट केन्द्रित गर्यौं, खाद्यान्नमा बजेट केन्द्रित गर्यौं र त्यसपछि आएर चाहिँ रोजगारीमा बजेट केन्द्रित गर्यौं । अब भोलि स्थिति सामान्य भयो भने हामीले कोभिडमा खर्च नभएको बजेट या खाद्यान्नमा खर्च नभएको बजेट या अन्य शीर्षकमा चाहिँ खर्च नभएको बजेट हामीले चाहिँ अरु रेगुलर कार्यक्रममा चाहिँ रकमान्तर गर्न पनि सक्छौं, आवश्यक पर्दाखेरि चाहिँ भोलि हामी छलफल गरेर पुरक बजेट पनि ल्याउन सक्छौं। अब यो चाहिँ महामारी एकदम भयावह भयो अरु बजेट पनि काटेर त्यता हाल्नु पर्यो, त्यतिबेला पनि पुरक बजेटको आवश्यकता पर्नसक्छ । अब महामारी चाहिँ नियन्त्रणमा आयो अब यो समस्या हामीसँग रहेन भनेपछि महामारी केन्द्रित बजेटलाई अन्य रेगुलर कार्यक्रममा राख्नका निम्ति पनि पुरक बजेट चाहिन पनि सक्छ । त्यस्तैगरी कहींकतै तलमाथि परेको छ, मिलाउनु पर्नेछ भने माननीयज्यूहरूले चाहिँ त्यो कार्यक्रम हेरेर हामीलाई सुझाव दिनुभयो भने पहिलो चौमासिकमा हामीले रकमान्तर गर्न अथवा चाहिँ यो केरे जो एकमुष्ट बजेट छ त्यसलाई विनियोजन गर्नेगरी विनियोजन ऐनमा हामीले व्यवस्था गरेका छौं । अँ पहिलो चौमासिकभित्र कुनैपनि शीर्षकमा रहेको एकमुष्ट बजेट ब्रेकडाउन गर्नै पर्छ । हामीले त्यसपछि चाहिँ त्यो सुविधा पाउँदैनौं । ऐनमै त्यो व्यवस्था भएपछि हामीले पहिलो चौमासिकमै सम्पूर्ण कुरा चाहिँ बाँडफाँट गरिसक्नुपर्छ । अहिले केही नयाँ योजनाका निम्ति भनेर थोरै बजेट मन्त्रालयहरूमा एकमुष्ट राखिएको छ । त्यो चाहिँ छिट्टै चाहिँ त्यसलाई ब्रेकडाउन गर्छौं, अर्को एकमुष्ट रहेको रोजगारीको हो कार्यविधि बनाएर हामी ब्रेकडाउन गरिनै हाल्छौं । त्यसमा धेरै यो शंका र चिन्ता गर्नुपर्छ जस्तो मलाई लाग्दैन । अँ अब जनता सडक कार्यक्रमको सन्दर्भमा ठिक छ यो लोकप्रिय पनि छ, जनताले पनि बझ्ने, यो भाषा पनि बुझ्ने र कार्यक्रमले पनि जनतालाई सम्बोधन गरेको छ । हामीले के गरेको हो त भन्दा खेरि माननीयज्यूहरूका पनि सुझाव यस्तै आएका हुन् र जनता सडक कार्यक्रम निरन्तर छ, यो अन्त्य भएको छैन पहिलो कुरा । दोस्रो कुरा यो कार्यक्रममा यो चालु आर्थिक वर्षमा छुट्याइएको बजेट धेरैजसो कार्यान्वयन भएको छैन । थोरै मात्रै कार्यान्वयन भएको होला । विभिन्न कारणले कार्यान्वयन हुन सकेन । त्यसैले त्यो कार्यक्रमलाई पनि निरन्तरता दिने र त्यसमा चाहिँ जो टेण्डर भैसकेका योजनाहरू हुन् त्यसलाई पनि निरन्तरता दिने टेण्डर नभएका कार्यक्रमलाई पनि टेण्डर गर्ने र यो बजेटलाई चाहिँ कायम राख्ने गरी हामीले चाहिँ यो जनता सडक कार्यक्रमको बजेट हामीले निर्धारण गरेका हौं र भोलि यो शीर्षक छँदैछ, कार्यक्रम निरन्तर छ, भोलि स्थिति

सामान्य भयो सबैको बीचमा सहमति भयो भने हामीसँग रहने बजेट हामीले त्यो बजेट लुकाएर राख्नु पनि पर्दैन त्यो बजेट चाहिँ साँचेर राख्नु पनि पर्दैन जनता सडक लगायतका अत्यन्त महत्वपूर्ण कार्यक्रममा हामीले चाहिँ थप्न सक्छौं, यो कुरापनि म यहाँहरूको बीचमा प्रष्ट पार्न चाहन्छु ।

अब अर्को कुरा, माननीयज्यूहरूले उठाएको अत्यन्त एकदम महत्वपूर्ण कुरा कार्यान्वयनको कुरा छ कार्यान्वयन पेचिलो छ हामी अत्यन्त धेरै चाहिँ पर्यत्न गर्दा गर्दैपनि धेरै हुटहुटी हुँदाहुँदै पनि दौडधुप गर्दागर्दै पनि निकै धेरै मिहेनत परिश्रम गर्दागर्दै पनि विभिन्न कारणले बजेट कार्यान्वयन नभएको कुरालाई हामीले स्वीकार गर्नै पर्छ । अब यो आर्थिक वर्षको पहिलो चौमासिकमा हामीले जुन चाहिँ संगठन र संगठन संरचना र व्यवस्थापनको काममा हामी अलि बढी लाग्यौं । एउटा काम चाहिँ त्यो सकियो । त्यसले पुरानो संरचनाअनुसार चाहिँ हामीले बजेट ल्यायौं, नयाँ संरचना बनाउँदाखेरि त्यो बजेट नै ट्रान्सफर गर्न पनि समय लाग्यो, सिस्टमले पनि धेरै काम गर्न सकेन, त्यसले गर्दा पहिलो चौमासिकमा हामीले बजेट खर्च गर्न धेरै सकेनौं । दोस्रो चौमासिक भनेको हाम्रो प्रदेशको निम्ति अलि प्रतिकुल समय पनि हो । हिमाली, पहाडी जिल्लाहरू बढी भएकोले कार्यान्वयन गर्न चाहिँ कठिन पनि भयो तर पनि केही कार्यान्वयन अगाडि बढेको थियो र त्यो कार्यान्वयन चाहिँ तेस्रो चौमासिक सुरु हुँदासम्म तीव्रतामा गइरहेको बेलामा यो कोभिडको प्रभावले गर्दा खेरि हामी रोकिनु पर्यो, सबै कुरा अवरुद्ध भए संघीय सरकारको बजेट पनि कार्यान्वयनको अवस्था निराशाजनक छ । अरु प्रदेशहरूको पनि निराशाजनक छ, हाम्रो पनि त्यस्तै छ । अब अरुलाई देखाएर हामी चाहिँ जोगिन खोजेको पनि होइन, यो परिस्थिति अवस्थाले हामीलाई त्यहाँ पुर्यायो र आगामी आर्थिक वर्षमा हामीले बजेट कार्यान्वयनका निम्ति केही निश्चित आधारहरू हामीले तयार पारेका छौं । जस्तो कानूनी आधारहरू तयार भएका छन्, हामीले कतिपय कार्यविधिहरू निर्माण गरेका छौं, त्यस्तैगरी संरचनाहरू जिल्ला-जिल्लामा विकास सम्बन्धी मन्त्रालयका दुई-दुईवटा कार्यालय विषयगत कार्यालयहरू स्थापना भएका छन्, लोकसेवा आयोग सम्बन्धी ऐनले पूर्णता पाएको छ । अब लोकसेवा आयोग गठन हुन्छ । हामीले केही मन्त्रालयहरूमा प्राविधिक जनशक्ति पनि आपूर्ति गर्यौं र भोलि आवश्यक पर्दा प्राविधिक जनशक्ति थप्न पनि सकिन्छ र त्यस्तैगरी लोकसेवा आयोग गठन भैसकेपछि हाम्रो स्थायी पदपूर्ति पनि हुन्छ किनभने अहिले त २५ सय ५५ मा १३ सय जति मात्रै जनशक्ति छ, कर्मचारी छन् । त्यसले गर्दा पनि हामीले कार्यान्वयनमा कठिनाई भएको हो । हामी त्यो जनशक्ति पनि बढाउने यो चाहिँ संरचनाहरूलाई पनि चुस्त र व्यवस्थित गर्ने गरी बजेट कार्यान्वयनको एउटा आधार तयार भएको छ र माननीयज्यूहरूलाई एउटा प्रष्ट के पार्न चाहन्छु भने गत आर्थिक वर्षमा भनौं चालु आर्थिक वर्षमा पूर्वाधार विशेष कार्यक्रम लगायतका कार्यक्रमहरू मुख्यमन्त्री रोजगार कार्यक्रम हामीले आफूले कार्यान्वयन गर्न सकेनौं । स्थानीय तहलाई चाहिँ कार्यान्वयन गर्नका निम्ति हामीले त्यो बजेट उपलब्ध गरायौं । त्यसले केही समस्याहरू पनि उत्पन्न गरे । यस्ता प्रदेश सरकारका शुद्ध कार्यक्रमहरू अब जुन अनुदानको

रूपमा स्थानीय तहमा हस्तान्तरण भएर जाने बजेट र कार्यक्रम त स्थानीय तहले नै कार्यान्वयन गर्ने भयो र समानिकरण अनुदान र राजस्व बाँडफाँट त स्थानीय तहको सञ्चित कोषमा जान्छ । त्यो उहाँहरूले नै आफूले आफ्नो हिसाबले बाँडफाँट गर्नुहुन्छ, त्यस्तैगरी समपूरक, विशेष र सशर्तका चाहिँ कार्यक्रम पनि स्थानीय तहले नै कार्यान्वयन गर्ने हो हाम्रो चाहिँ कानून र कार्यविधिअनुसार र त्यस बाहेक प्रदेश सरकारका आफ्ना कार्यक्रमहरू कार्यान्वयन प्रदेशकै कार्यालयहरूले गर्नेछन् । त्यसमा चाहिँ जनशक्ति थप्ने कुरा अन्य व्यवस्थापन गर्ने कुरा हामी गर्छौं, अब चाहिँ प्रदेश सरकारले गर्न सक्ने प्रदेश सरकारका कार्यालयहरूले गर्न सक्ने कार्यान्वयन प्रदेश सरकारले नै गर्ने छ भन्ने कुरापनि म यहाँहरूसँग अनुरोध गर्न चाहन्छु । त्यस्तैगरी अब यो मन्त्रीका क्षेत्रमा मन्त्रीका निर्वाचन क्षेत्रमा बजेट केन्द्रित भयो कि ? यो बजेट वक्तव्यमा पनि त्यस्तो कहीँ आयो कि ? त्यसोभए अलि प्रष्ट पार्नका निम्ति म अनुरोध गर्न चाहन्छु । भोलि वार्षिक कार्यक्रम पनि यहाँहरूले हेर्नु हुनेछ, त्यसमा पनि हेरेर यहाँहरूले त्यस्तो कमजोरी भएको भए त्यसको बारेमा प्रष्ट पनि पार्नुहोला । यो चाहिँ यो तथ्य सहित यहाँहरूले कुरा राख्दाखेरि सच्याउनु पर्ने ठाउँमा हामीले सच्याउँला। नत्र भने मन्त्रीका चाहिँ निर्वाचन क्षेत्रमा बजेट केन्द्रित गर्नेगरी यसपटकको बजेट आएको छैन यसपटकको कार्यक्रममा त्यसरी आउँदैन भन्ने कुरापनि म यहाँहरूलाई प्रष्ट पार्न चाहन्छु र दुर्गम र पछाडि परेको क्षेत्र, वर्ग, समुदायलाई प्राथमिकता दिने कुरामा पनि हामीले सकेसम्म त्यो प्रयास गरेका छौं । आन्तरिक स्रोत बढाउने जो चाहिँ सुझाव आएको छ, बजेटमा पनि केही बोलेका छौं हामी भोलिका दिनहरूमा पनि यहाँहरूको सहयोग लिएर हामीले आन्तरिक स्रोत पहिचान गर्ने राजस्वका स्रोतहरू खोज्ने कुरा हामी गर्ने छौं । हाम्रो स्रोत सीमितताले गर्दा खेरि हाम्रो स्रोत कम छ, त्यसलाई बढाउँदै जान पर्नेछ । र अर्को यो ६ प्रतिशतको आर्थिक वृद्धिदरको जुन कुरा ल्याउनु भएको छ, यसमा कण्डिशन सहित हामीले बोलेका छौं। हामीले के भनेका छौं भने हालको विषम् परिस्थिति सामान्य हुनासाथ सामान्य भैसकेपछिको अवस्थामा बजेट कार्यान्वयनबाट चालु एवम् निर्माणाधिन आयोजनाहरूको कार्यान्वयनमा तीव्रता आउने, रणनीतिक भौतिक पूर्वाधारको निर्माण कार्य अघि बढ्ने र नागरिकको सहज जीवनयापनको वातावरण तयार हुनेछ । यस बजेटको कारणबाट अनि हामीले त्यो सामान्य स्थिति बन्दाखेरि ६ प्रतिशत सम्म आर्थिक वृद्धि हुनसक्ने अपेक्षा गरेका छौं । यो अपेक्षा गर्नु चाहिँ नाजायज होइन हामीले त्यो महत्वकांक्षी पनि होइन अब असामान्य भयो एकदम चाहिँ भयावह स्थिति भयो भने अहिलेको अवस्था पनि बिग्रिन सक्छ । यो कुरा पनि म यहाँहरूलाई चाहिँ प्रष्ट पार्न चाहन्छु । अँ त्यस्तैगरी, मैले चाहिँ माननीयज्यूहरूसँग अब अन्तिममा एक/दुईवटा कुरा मात्रै राख्न चाहन्छु, यो अधुरा योजनाहरूको सन्दर्भमा यहाँहरूले शंका गर्न पर्दैन । अधुरा योजनाहरूमा हामीले कुनैपनि अधुरा योजना कुनैपनि क्रमागत योजना अहिले सम्पन्न नभएका योजनालाई प्राथमिकता दिएका छौं । त्यसले गर्दापनि नयाँ योजनाहरूमा बजेट हामीले धेरै छुट्याउन न सकेका हौं । कति सम्भव भयो हाम्रो स्रोतले कति थेग्न सक्यो तर चाहिँ हामी अधुरा योजनालाई सम्पन्न गर्ने गरी निरन्तरता दिने क्रमागत रूपमा

चाहिँ अगाडि बढाउने कुरा बजेटमा आएको छ । यो वार्षिक कार्यक्रममा त्यो अझै प्रष्ट रूपमा आउनेछ । त्यस्तैगरी अब हामीले अलिकति छलफल गर्नुपर्ने भनेको योजना छनौट प्रक्रियामा कसरी सुधार गर्ने होला ? यो असाध्यै धेरै असजिलो पनि भएको छ । त्यसैले हामी सबैको चाहिँ छलफलबाट समितिहरूले पनि यसमा सहयोग गर्नुहुनेछ म अनुरोध गर्न चाहन्छु। योजना छनौटको प्रक्रिया के बनाउने होला ? कस्तो बनाउने होला ? हामी अहिलेसम्म अन्योल पनि रह्यौं । यसमा चाहिँ कुनै अफ्टयारो पनि चाहिँ मान्नु पर्दैन । यसको विधिको बारेमा प्रक्रियाको बारेमा हामी छलफल गरौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अब यसपटकको त हामीले बजेट ल्याई सक्यौं, केही अब एकमुष्ट बजेटका बारेमा पनि छलफल गरौं, त्यसको चाहिँ यो ब्रेकडाउन कसरी गर्ने भन्ने कुरामा र आगामी आर्थिक वर्षको निम्ति एउटा ठोस् एउटा निष्कर्षमा हामी पुग्नैपर्छ । त्यस्तैगरी उपभोक्ता समितिमा जनप्रतिनिधि न रहने कुरालाई यहाँहरूले प्रशंसा गर्नुभएको छ । अब राजनीतिक व्यक्तिहरू पनि न रहने राजनीतिक पदाधिकारी पनि न रहने खालकोमा जाने हो भने हामी यो कार्यविधि बनाउने बेलामा छलफल गरौं, यहाँहरूको त्यहीँ खालको सुझाव हुन्छ भने राजनीतिक पदाधिकारी र जनप्रतिनिधिहरू उपभोक्ता समितिमा न रहने व्यवस्था किटानीका साथ कानूनी रूपमा गरौं भन्ने कुरामा हामी प्रष्टै छौं । त्यस्तैगरी एक करोडसम्मको चाहिँ कार्यक्रमहरूमा मेशिन उपकरण प्रयोग नगर्ने कुरा यो डोजर आतंकले धेरै समस्या उत्पन्न गरेको छ । त्यसले यसलाई कम गरौं भन्ने हिसाबले नै यो प्रस्ताव आएको हो एक । अर्को कुरा चाहिँ मान्छेलाई चाहिँ रोजगारीसँग जोड्ने श्रमसँग जोड्ने श्रमसँग जोडिदाखेरि रोजगारी पनि सिर्जना हुन्छ भन्ने हिसाबले यो चाहिँ प्रस्ताव आएको हो र यसमा कतिपय अब हामीले यसको पनि कार्यविधि बनाउनु पर्छ । कार्यविधि बनाउँदाखेरि छलफल गरौं, त्यसमा अब कतिपय हार्ड कटिङको कुरा होला, सडक बनाउनु पर्नेछ पहरो छ त्यहाँ चाहिँ मान्छेले अब खनेर चाहिँ सम्भव छैन भने त्यस्तो एउटा केही अप्सन, केही विकल्प त खोज्नै पर्ला तर आम रूपमा साना योजनाहरूमा एक करोड भन्दा तलका योजनाहरू जो उपभोक्ता समितिहरूले गर्न सक्छन् त्यस्ता योजनाहरूमा श्रमको प्रयोग गरौं भन्ने उद्देश्यले हामीले यो प्रस्ताव ल्याएका हौं । म माननीयज्यूहरूसँग यसका निम्ति पनि सहयोग गर्न म अनुरोध गर्दछु ।

त्यस्तैगरी अब यो हामीले राष्ट्रियस्तरका धेरै सडकहरू, धेरै आयोजनाहरू बजेटमा चाहिँ अँ राख्ने काम गरेनौं । व्यवहारिक रूपमा चाहिँ हामीले कार्यान्वयन गर्ने गरी कार्यान्वयन गर्नुपर्ने कुरा मात्रै राखेका छौं । जस्तो सुर्खेत-हिल्सा सडक एउटा सिम्बोलिक रूपमा बोलेका हौं । त्यो चाहिँ संघीय सरकारसँग हामीले लविङ गरिरहेकै छौं, यहाँ चाहिँ सरकारको तर्फबाट माननीय मुख्यमन्त्रीज्यू हामी सबै लागेका छौं । संघीय उसमा चाहिँ माननीयज्यूहरू लाग्नु भएको छ । प्रदेश सभाका माननीयज्यूहरू हामी सबै लागिरहेकै छौं । उत्तर-दक्षिण कोरिडर अन्य महत्वपूर्ण सडकहरूका सन्दर्भमा पनि हामी प्रयास गरिरहेकै छौं । त्यसमा संघीय सरकारसँग हामीले अझै बढी जोड गरौं भनेर यो बजेटमा चाहिँ सांकेतिक रूपमा सम्बोधन गरिएको हो । त्यस्तैगरी कतिपय चाहिँ कार्यक्रमहरू जस्तो यो अँ केही चाहिँ कार्यक्रम संघीय

सरकारसँग मिलेर गर्नुपर्ने कार्यक्रमहरू छन् । त्यस्ता कार्यक्रमहरूको सम्बन्धमा हामीले संघीय सरकारसँग समन्वय र सहकार्यमा कार्यान्वयन गर्छौं भनेर हामीले यहाँ उल्लेख गरेका छौं । त्यस्तैगरी यो जस्तो चाहिँ अँ प्रोजेक्ट बैंकको कुरा छ प्रोजेक्ट बैंक त धेरै हदसम्म तयारी अवस्थामा पनि छ । यसपटक हामी एमटिएफ यो मध्यमकालिन खर्च योजना पनि माननीयज्यूको हातमा पुर्याउने छौं । त्यस आधारमा यो परियोजना बैंक योजना आयोगले चाहिँ तयार गरिरहेको छ । यसलाई हामी कम्प्लिट गर्छौं, त्यहीँ भएर बजेटमा बोलेका पनि हौं । कृषि क्षेत्रमा बजेट कम भयो कि ? भन्ने कुरामा आवश्यक बजेट छुट्टिएको छ हाम्रो चाहिँ हैसियतअनुसार त्यसमा चाहिँ अब कृषि क्षेत्रमा खासगरी मल, बिउ, बेर्ना, औजार, कृषि औजार, ढुवानी लगायतका क्षेत्रमा बजेट केन्द्रित पनि गरेका छौं । अँ र बाढीपीडितहरूलाई बजेट कम भयो भन्ने सन्दर्भमा चाहिँ माननीयज्यूहरूले यो एउटा सरोकार देखाउनु भएको छ। बाढीपीडितहरूको आवास निर्माण गर्ने कार्यक्रम यसपटक पनि यो कन्टिनिउ छ, चालु आर्थिक वर्षमा कति खर्च हुन्छ अब अन्तिमसम्म केही खर्च यसपटक पनि हुन्छ, आगामी आर्थिक वर्षमा हामीले यसलाई सम्पन्न गर्छौं । त्यसका निम्ति हिसाब गरेर यतिसम्म बजेट पाँच करोडले पुग्न सक्छ भन्ने आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा हामीले यो बजेट छुट्याएका हौं । अपुग भयो भने बाढीपीडितका निम्ति नपुग्ने बजेट हामीले अन्य स्रोतबाट व्यवस्था गर्छौं । यो समस्या चाहिँ हामीले यसपटक चाहिँ सम्पन्न गर्छौं भन्ने कुरा चाहिँ म यहाँहरूसँग विशेष रूपमा अनुरोध गर्न चाहन्छु । त्यस्तैगरी अब यो बजेट छलफलकै क्रममा एउटा स्थानीय तहका जनप्रतिनिधिहरूको सेवा सुविधाको विषय पनि आएको छ यस सवालमा हामीले छलफल गरेर उहाँहरूको पनि सुझाव लिएर अँ अब हिउँदे अधिवेशनमै यसलाई हामी संशोधन गर्ने तयारीमा थियौं, अकस्मात यो कोभिड-१९ को कारणले लकडाउनको कारणले हाम्रो प्रदेश सभएको अधिवेशन बीचमा सूचनाबाट टुङ्ग्याउनु पर्यो । त्यसैले यो ढिलो भएको थियो । यसपटक सायद दर्ता भैसकेको छ । हामीले यसै अधिवेशनबाट स्थानीय तहका जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धी ऐन संशोधन गरेर उहाँहरूलाई सेवा सुविधा उपलब्ध गराउने गरी यो काम सम्पन्न गर्छौं । माननीय सदस्यज्यूहरू, माननीय सभामुखज्यू, मैले चाहिँ यहाँ उठेका केही विषयहरू प्रष्ट पार्ने कोसिस गरेको छु । माननीयज्यूहरूले दिएका अत्यन्त महत्वपूर्ण सुझावहरू भोलिका दिनहरूमा कार्यान्वयन गर्ने प्रतिबद्धता पनि यहाँहरूको बीचमा राख्न चाहन्छु । घनिभूत रूपमा यहाँहरूले छलफल गरेर एकदम महत्वपूर्ण एउटा मार्गदर्शन दिनुभएको छ । भोलि मन्त्रालयगत छलफलहरूमा पनि यहाँहरूले यस्तै किसिमका रचनात्मक सुझावहरू दिनुहुनेछ र सरकारलाई चाहिँ कतिपय कमजोरी भएका कुरामा सच्याउने र अगाडि बढ्नका निम्ति एउटा उर्जा, उत्साह यहाँहरूले जुन उपलब्ध गराउनु भएको छ, उर्जा उत्साह थप्नु भएको छ, थप यहाँहरूको सहयोगको थप सुझाव र मार्गदर्शनको अपेक्षा सहित आफ्नो भनाइ यहीं टुङ्ग्याउछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको सामान्य छलफल समाप्त भएको छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (५) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ को विभिन्न शीर्षकहरूमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१७ को नियम १३२ को उपनियम (५) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ छलफलका लागि प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (६) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ माथि छलफलको लागि असार १० गते देखि १७ गतेसम्म निम्नानुसारको कार्यतालिका निर्धारण गरेको छु ।

-असार १० र ११ गते कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सभा सचिवालय, सामाजिक विकास मन्त्रालय ।

- असार १२ र १३ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ।
- असार १४ र १५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोग ।
- असार १६ र १७ गते भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका शीर्षकहरूमा दफावार छलफलका लागि दिन निर्धारण गरेको छु।

माननीय सदस्यहरू, प्रत्येक मन्त्रालयगत र निकायगत छलफल सकिए लगत्तै सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ७१ बमोजिम जरुरी सार्वजनिक महत्वको प्रस्तावका प्रस्तावक माननीय श्री जीवनबहादुर शाहीलाई कोरोना भाइरस कोभिड-१९ को विश्वव्यापी महामारीसँगै कर्णाली प्रदेशमा पनि यसको असर देखिरहेको र यसले भयावह स्थिति सिर्जना गर्न सक्ने हुँदा यसको व्यापक परीक्षण गरी प्रदेशलाई सुरक्षित बनाउन आवश्यक भएको भनि माननीय श्री दिनबन्धु श्रेष्ठ, माननीय श्री हिमबहादुर शाही र माननीय श्री यज्ञबहादुर वि.सी.को समर्थन सहित राख्नुभएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव संक्षिप्त वक्तव्य सहित सभामा छलफलका लागि पेश गर्न अनुमति दिन्छु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्न भन्दा अगाडि थोरै आजको विषयमा मैले केही भन्न चाहे सभामुख महोदय । हामी कहाँ यहाँ यो सदनमा निकै सम्मनित व्यक्तित्वहरू पनि हुनुहुन्छ । हिजो संघमा मन्त्री

भइसकेको व्यक्तित्वहरू हुनुहुन्छ र दलको नेता पनि भइसकेको व्यक्तित्वहरू हुनुहुन्छ । मैले आज यसो हेरे नर्मल्ली के हुन्छ भने अहिलेको पोर्टफोलीयोमा हेर्ने हो भने र प्रोटोकलमा हेर्ने हो भनेपनि संघका मन्त्री भइसकेका मान्छेको हैसियत प्रदेशका मन्त्री भएको भन्दा माथि हुन्छ र जुन समय मैले त के भन्छु भने एउटा दलको नेतालाई बोल्न दिने कुराहरूमा समयको पावन्दी लगाउने माथि पनि गरेको छैन प्रधानमन्त्री भएका मान्छेहरूलाई त्यसरी लगाइन्न, अब यहाँ त्यो गरिएको छ भनेपनि ठिकै हो राम्रै होला तर अरु सो सरह माननीयज्यू सो सरह भन्दापनि बढी समय दिनुपर्ने होला । अब त्यो पनि दिइन्न र बराबरी दिने हो भने यदी यो रातो बत्ती केरे हरियो बत्ती किन बाल्नु ? बालिसकेपछि त्यो बत्ती बालिसकेपछि सात मिनेटको ठाउँमा ८ मिनेट ९ मिनेट होला, पहेलो बत्ती पनि त बाल्नु पर्यो नि । बत्ती बाल्ने आँट चाहिँ नहुने अब यसलाई मलाई के लाग्यो भने सरकारले भन्ने कुरो र संसद पनि उस्तै-उस्तै हो कि ? भन्ने हो । त्यसकारण यसमा कुनै हाम्रो विपक्षी दलको कुनै उ छैन । एउटा चाहिँ सम्मानित गर्ने कुरामा दिँदा हुन्छ नि । अथवा बढी टाईम दिँदा हुन्छ । मैले अघि हेरे हैन नेताले १५ मिनेट बोल्नु भयो आफै लाज मानेर चाहिँ पहेलो बत्ती त बल्दै बल्दैन आँखा पहेलो बत्तीमा गएको गयै छ । यो कुरामा सुधार गरौं मैले भन्न चाहेको हो सभामुख महोदय र आज हामीले यो जरुरी सार्वजनिक महत्वको प्रस्तावमा म आएको छु । यो भन्दा अगाडि हामीले संकल्प प्रस्ताव पनि पेश गरेका थियौं । अब त्यसमा सायद अब हामीले गरेको कुरा खर्च कटौती गर्नुपर्ने कुराहरू यसलाई चाहिँ मितव्ययीता अपनाउनु पर्ने कुराहरू जुन राखिएको थियो जुन अहिले जुन विषयमा धेरै खर्चहरू हुन्छ त्यहाँ कटौती गरौं भन्ने कुराहरूमा राखिएको थियो, त्यो सायद अब सरकारलाई पाच्य नहुन सक्छ, अब खर्च कटाउने नाममा त के हो भने यो तालिम भत्ता सत्ता भन्ने कुरो न गर्ने हो अर्को हातमा त लिन पाइहालिन्छ । यो भनेको डाईरेक्ट देखिने कुरा हो, भन्ने कुरोले होला यो त हाम्रो चाहिँ अगाडि बढेन र यी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पनि हिजो हामीले चाहिँ यो हलमा चाहिँ उठ्नु पर्ने भयो अवरोध गर्नुपर्ने भयो । हामीले परिकल्पना गरेका थियौं सम्माननीय सभामुख महोदय, कि पहिला यो प्रदेशमा आइसकेपछि यो प्रदेश एक हो । हामी न पक्ष छौं न प्रतिपक्ष छौं । हाम्रो प्रतिपक्ष भनेको रोग हो, भोक हो भन्ने कुरा उहिले नै भनेका थियौं । हाम्रो प्रतिपक्ष केन्द्रीय सरकार हुन सक्छ भनेर भनेका थियौं सभामुख महोदय तर बिस्तारै हेर्दै आउँदाखेरि त देखियो, आखिरी एउटा भनाइ छ सम्माननीय सभामुख महोदय, कि सर्पलाई जति दुध पिलाए पनि विषै ओकल्छ भन्ने एउटा उखान छ । त्यस्तै भएको आज मलाई अनुभूति भएको छ । म उदाहरण दिन चाहन्छु सम्माननीय सभामुख महोदय, त्यो बेला यो प्रदेशको नामाकरण गर्दा खेरि त्यो बेला यो प्रदेशको राजधानी तोक्दाखेरि प्रतिपक्षकोले एउटामा प्रस्ताव गर्ने सत्तापक्षकोले अर्कोमा गर्ने कुराहरू हामीले गयौं । यसले हाम्रो एकताको बाटो देखाएको थियो र सबैले भन्ने गरेका थिए कि सभामुख महोदय कर्णाली प्रदेशले साँच्चै नमूना देखाएको छ र यो नमूनाबमोजिम अगाडि बढ्दै गएको छ भन्ने कुराहरू देखाएको थियो । आजका दिनमा पनि बजेटका विषयमा हुन् या अरु विषयमा हुन् त्यसमा पनि हामीले कसरी हुनसक्छ

राम्ररी जाने भन्ने नै हाम्रो मनसाय थियो । अब त्यो चाहिँ देखिएन । यहाँ चाहिँ अलिकति चाहिँ पेलेरै लानुपर्छ र विधि र विधानले दिएका कुराहरू पनि संविधानले दिएको संवैधानिक अधिकारहरूलाई पनि हामीले प्रयोग गर्न पाएनौं र यस्तै व्यवस्थालाई सायद यो फासिष्ट व्यवस्था भन्ने तानाशाही व्यवस्था भन्ने कारण यसैले पनि भएको होला भन्ने मलाई लाग्छ सभामुख महोदय । आज हामीले भन्न खोजेको के हो भने यो कोभिडलाई हामीले कसरी नियन्त्रण गर्न सक्छौं महामारी भैसक्यो । मैले जुन दिन यसलाई देखेको थिएँ यसलाई ११ सय जना मान्छेको पोजेटिभ भएको थियो । आज अहिले म बोल्दै गर्दा पनि सभामुख महोदय मैले भर्खर हेर्दै थिएँ, १२ सय ४५ जना चाहिँ पुगिसक्नु भएको छ हाम्रो यो प्रदेशमा । त्यसकारण यी विषयमा पनि अब उप्रान्त आगामी दिनहरूमा यसरी जोड जबरजस्ती हुन त भन्ने गरियो, यो सरकारको कुरा त होइन सरकार त पटके पो हो कि ? भन्या हुनाले पटके सरकारको बलले हो या हामीले भन्ने गरेकै सत्तारुढकै दुईतिहाई भन्दा त हाम्रो यहाँ त तीनतिहाईको नै छ त्यो दम्भ हो या त्यसले अगाडि बढ्न सकेन यति कुरा मैले राख्दै मैले जुन कुराहरू यहाँ लेखेको छु, त्यो चाहिँ म वाचन गरेर चाहिँ यहाँ सुनाउन चाहन्छु सभामुख महोदय ।

माननीय सभामुखज्यू,
प्रदेश सभा

जरुरी सार्वजनिक महत्वको प्रस्ताव ।

महोदय,

प्रदेश सभा नियमावली, २०७४ को नियम ७१ बमोजिम देहायको जरुरी सार्वजनिक महत्वको विषयमा प्रदेश सरकारको ध्यान आकर्षण गर्न अनुमति चाहन्छौं । यतिबेला कोरोना भाइरसको महामारीबाट विश्व समुदाय नै आक्रान्त बनेको छ । हाम्रो देश नेपाल र यो प्रदेश पनि कोरोना महामारीको प्रकोपबाट अछुतो रहन सकेन । हाम्रो देशमा देखिएको संक्रमणको तथ्याङ्कलाई हेर्दा यो संकट यसको नकारात्मक प्रभाव कहिलेसम्म रहन्छ ? कुन स्वरूपमा रहन्छ भन्न सकिने अवस्था छैन । २०७६ चैत ९ गते नेपालमा दोस्रो संक्रमित पहिचान भएपश्चात नेपाल सरकारबाट चैत ११ गते बन्दाबन्दी सुरु गरेको थियो । बन्दाबन्दीको लामो समयसम्म नेपालका अन्य जिल्ला तथा प्रदेशमा कोरोना बिरामीको उच्च केसहरू देखिँदा सम्म यो प्रदेश ग्रीन जोनमा रहेको थियो । ग्रीन मात्र होइन सभामुख महोदय डबल ग्रीन जोनमा रहेको थियो । यो प्रदेशको दैलेख जिल्लामा मिति २०७७ जेठ पहिलो हप्ता एक जनालाई मात्र देखिएको थियो । आजको दिनसम्म आइपुग्दा करिब ३० दिनको अवधि भित्र करिब ११ सय जना जतिमा कोरोना पोजेटिभ देखिसकेको छ भने ३ जनाले कोरोनाको कारण ज्यान गुमाइसकेका छन् । मैले यो जुन दर्ता गर्दा सम्मको कुरा हो सभामुख महोदय, आजसम्म ४ जनाको मृत्यु भैसकेको छ र १२ सय ४५ जना चाहिँ यसबाट संक्रमित भैसक्नु भएको छ । त्यस्तै रुकुम पश्चिम बाहेक अन्य ९ जिल्लाका बासिन्दाहरूमा कोरोनाको पोजेटिभ केसहरू पहिचान भैसकेका छन् । दैलेख, सुर्खेत, सल्यान, कालिकोट जिल्ला सबैभन्दा उच्च जोखिममा

रहेका छन् । यो प्रदेश अब दोस्रो चरणमा प्रवेश गरिसकेको छ । सुर्खेत जिल्लामा समुदायमा पनि सरिसकेको छ । जनस्वास्थ्य विज्ञहरूका अनुसार आउने दिनहरूमा संक्रमणको दर अझै बढ्दै जाने देखिन्छ । अहिलेसम्म तुलनात्मक रूपमा कम संख्यामा संक्रमित हुँदा त नागरिकको ज्यानको उचित सुरक्षा दिन नसक्ने सरकारले हाम्रो स्वास्थ्य प्रणालीको सघन उपचार क्षमताले धान्न नसक्ने गरी संक्रमितको संख्या बढ्दै जाँदा त्यसको व्यवस्थापन कसरी गर्न सक्छ ? यो अत्यन्त गम्भीर विषय हो सभामुख महोदय । हाम्रो प्रदेशमा एक महिना भित्र अर्थात जेष्ठ महिनाबाट सुरु भएको प्रकोपको संख्यालाई अध्ययन गर्दा सरकारलाई कोरोना नियन्त्रणका लागि प्रतिकार्य योजना बनाउन र प्रदेशलाई कोरोनामुक्त प्रदेश बनाउन पर्याप्त समय थियो तर सरकारको कोरोना नियन्त्रण प्रतिकार्यमा आफ्नो क्षमता ल्यागत र तागत प्रदर्शन गर्न कताकता चुक्यो सभामुख महोदय । जिम्मेवार प्रतिपक्ष दलको हैसियतमा नेपाली कांग्रेस प्रदेश सभा संसदीय दलबाट यस अवधिभित्र पटक-पटक कोरोना नियन्त्रणमा भएका कमीकमजोरी, ढिलासुस्ती आदी बारे प्रदेश सरकारलाई सचेत मात्र गराएको थिएन । गहन अध्ययन र वैज्ञानिकताका आधारमा सुझाव प्रदान गर्दै आएको थियो । प्रदेश सभा बैठकमा समेत विशेष समयमा भाग लिई कोरोना प्रकोप नियन्त्रणमा भएको सुस्ततामा ध्यानाकर्षण गर्दै उक्त कार्यमा प्रभावकारीता ल्याउन सरकारलाई झकझक्याउँदै आएको थियो सभामुख महोदय । प्रारम्भिक चरणदेखि कोरोना प्रकोपको जोखिम यसबाट उत्पन्न हुने तत्कालिन र दीर्घकालीन नकारात्मक प्रभाव यस विपद्बाट उत्पन्न हुने सक्ने समस्यालाई न्यूनीकरण गरी सिंगो प्रदेशलाई जोगाउने, सुरक्षित राख्ने उपाए बारे सुक्ष्म विश्लेषण अध्ययन गरी सरकारलाई रचनात्मक सहयोग र सुझाव दिँदै आएको थियो र कोभिड-१९ का विरुद्ध एकताबद्ध भई लड्ने प्रतिबद्धता जाहेर गर्दै आएको थियो । सरकारले तत्काल गर्नुपर्ने काम तयारीका विषयहरूमा तथ्य तथ्यांक सहित विस्तृत सुझाव नै प्रस्तुत गरिएको थियो र सरकारलाई ध्यानाकर्षण गराइएको थियो । सरकारलाई संसदले समय समयमा गराएको ध्यानाकर्षण र निर्देशनका बाबजुद जुन ढंगले जुन संवेदनशिलताका साथ सरकारले कोभिड-१९ को रोकथाम, नियन्त्रणका लागि आवश्यक तयारी र व्यवस्थापन गर्नुपर्ने थियो, त्यो गर्न सकेको छैन । यस सन्दर्भमा सम्मानित सदनको चासो रहनुपर्छ भन्ने हाम्रो मान्यता हो सभामुख महोदय । विभिन्न समयमा नेपाली कांग्रेस सभा संसदीय दलले सरकारलाई गराएको ध्यानाकर्षणमा कोरोना संक्रमणको जोखिम न्यूनीकरण र व्यवस्थापनका सन्दर्भमा परीक्षणको दायरा विधि बढाउन, क्वारेन्टीनको उपयुक्त व्यवस्थापन गर्न, अस्पताल केन्द्रित तयारी गर्न, स्वास्थ्यकर्मीका लागि आवश्यक सुरक्षा सामग्री र स्वास्थ्य सामग्रीहरूको आपुर्ति तथा व्यवस्थापन गर्न, कोरोना नियन्त्रणमा पहिलो लाईनमा खट्नुहुने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको व्यक्तिगत सुरक्षा गर्न, परीक्षण प्रयोगशाला निर्माण गर्न, कोभिड-१९ को परीक्षण दायरा बढाउन, अन्यत्र जिल्ला तथा देश बाहिर रही कोरोना महामारीका कारण आफ्नो जन्मभूमी फिर्ता हुने विशेष गरी छिमेकी मुलुक भारतबाट आउनेहरूको विवरण संकलन गरी सिमानामा अनिवार्य स्वास्थ्य परीक्षण र क्वारेन्टीनमा बस्ने व्यवस्था गरी तथ्याङ्क अद्यावधिक गर्न,

बन्दाबन्दीका कारण प्रत्यक्ष रोजगारी गुमाएका दैनिक मजदुरी गरी जीवन निर्वाह गर्ने मजदुर वर्ग, अपाङ्ग, विद्यार्थी, महिला लगायतलाई विशेष राहत प्याकेज उपलब्ध गराउन, विभिन्न स्थानमा अलपत्र अवस्थामा रहेका बासिन्दाहरूलाई सुरक्षित तरिकाले उद्धार गर्न, अस्पतालको क्षमता वृद्धी गर्न, आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन गर्न, सामाजिक दुरी कायम प्रभावकारीता ल्याउन, विश्व स्वास्थ्य संगठनले दिएको सुझावअनुसार न्यूनतम सुविधा सहितका क्वारेन्टीन र आइसोलेशन वार्ड तयार गर्ने जस्ता महत्वपूर्ण सुझावहरू दिइरहेको थियो । सभामुख महोदय, तर सरकार हामीले दिँदै आएका उचित सुझावहरूलाई ग्रहण गरी कार्यान्वयन गर्नुको साटो कर्णाली प्रदेश ग्रीन जोनमा छ भनि जनताहरूका माझमा भिषण किसिमले भाषण गर्नमा व्यस्त रह्यो । बाहिरबाट आएकालाई क्वारेन्टीनमा अनिवार्य बसाल्नु भन्दा गाउँ-गाउँ पठाउन तिर उद्धत भयो । जिम्मेवार पदाधिकारीबाट बन्दाबन्दीको नियम उल्लंघन भयो, अनि जनताले पनि बन्दाबन्दी नियमलाई उल्लंघन गर्ने हिम्मत गरे । स्थानीय तहलाई सही समयमा आवश्यक मात्रामा स्रोत साधन उपलब्ध गराउने तथा प्राविधिकको सहयोग र समन्वय गर्ने लगायतका विषयहरूमा संसद विज्ञहरूका साथै राजनीतिक तथा नागरिकको तहबाट दिइएका सुझाव र ध्यानाकर्षणहरूलाई सरकारले मनन गरेर कार्यान्वयन गरेको भए आज जुन भयावह अवस्था आएको छ, त्यो हुने थिएन भन्ने हाम्रो निष्कर्ष हो सभामुख महोदय । यसरी यस्तो विपद्को अवस्थामा गर्नुपर्ने काम नगर्ने तर सरकारी कोषको दुरूपयोग गर्ने, विचौलियालाई प्रसय हुने र अनियमितताका कार्यहरू एकपछि अर्को गर्दै गयो । फलस्वरूप अहिले महामारीबाट भयावह अवस्थामा आईपुग्दा बजेट अभाव हुन पुगेको छ सभामुख महोदय । सरकारले जनताको स्वास्थ्य माथिको खेलवाड र अर्कोतर्फ राज्य स्रोतको दुरूपयोग गर्यो । सरकारका पदाधिकारीहरूको लगाव प्रत्येक नागरिकको जीवन रक्षाको हुनु पर्नेमा उनीहरूबाट विभेदकारी गतिविधिहरू हुन गए सभामुख महोदय । सरकारी कोषलाई आफ्नो व्यक्तिगत आम्दानीबाट खर्च गरे जस्तैगरी को व्यक्ति हावी हुने भन्ने प्रतिष्पर्धामा उत्री लज्जाजनक कार्य गर्नमा उदृत रह्यो सरकार । सरकारका पदाधिकारीहरूको कोरोना नियन्त्रणमा भन्दापनि व्यक्ति हावी हुने प्रतिष्पर्धामा गतिशिलता बढायो र सरकारमा टिम वर्क हुन सकेन फलस्वरूप प्रदेशमा कोरोनाको मिटरले भयावह अवस्था लियो सभामुख महोदय । त्यस्तो महामारीको समयमा जोखिममा परेका नागरिकको उद्दार र व्यवस्थापन कोभिड बाहेकका विरामीको नियमित औषधी उपचार तथा अस्पताल केन्द्रित तयारीका लागि आवश्यक उपकरण, जनशक्तिको पर्याप्त व्यवस्थापन लगायतका विषयमा सरकारले के गरिरहेको छ ? कस्तो तयारी गरेको छ ? यस बारेमा सरकारबाट जानकारी लिन सरकारलाई जवाफदेही बनाउन, सरकारका गलत निर्णयहरूलाई रोक्न र जनस्वास्थ्यसँग जोडिएका संवेदनशिल विषयमा सरकारलाई सही दिशा निर्देशन गर्न जनप्रतिनिधिमूलक संस्था संसदको महत्वपूर्ण भूमिका हुन्छ सभामुख महोदय । हाल स्वास्थ्य क्षेत्र बाहेक कृषि, शिक्षा, उद्योग, यातायात, व्यापार व्यावसाय लगायतका क्षेत्रको अवस्था पनि विजोग छ । राहत दिनुपर्ने श्रमिक, बेरोजगार, विद्यार्थी, अपाङ्गता भएका नागरिक, अति विपन्न र एकल महिला लगायत जोखिममा

रहेकालाई न्यूनतम जीवनयापनको लागि आवश्यक खाद्य सामग्री अत्यावश्यक औषधी लगायतका राहतका सामग्री उपलब्ध हुन सकेको छैन । कृषक र कृषि क्षेत्रलाई तत्काल सहयोग पुर्याउने सम्बन्धमा सरकार अलमलिएको छ । देशका साना ठुला उद्योग, व्यापार, व्यावसाय औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू तथा सानोतिनो स्व-व्यावसाय गरी जिविकोपार्जन गर्ने उद्यमी र श्रमिकहरूको संरक्षणका लागि ठोस आर्थिक उत्प्रेरणाको प्याकेज आउन सकेका छैनन् सभामुख महोदय ।

कोभिड-१९ को संक्रमणको कारण विद्यालयहरू बन्द भएपश्चात सरकारले घोषणा गरेको वैकल्पिक सिकाइ व्यवस्थापन गर्न विद्यालयको पूर्वाधार र उत्प्रेरणाको व्यवस्था तथा सामाजिक सामुदाय विद्यालयमा अध्ययनरत अति विपन्न विद्यार्थी, अपाङ्गता भएका विद्यार्थीलाई त्यस्तो वैकल्पिक सिकाईमा समावेश हुन सक्ने वातावरण कसरी गर्ने भन्ने सम्बन्धमा सरकारको ध्यान जान सकेको देखिँदैन । लकडाउनको अवधिमा बढ्दो सामाजिक समस्या व्यवस्थापन र महिलामाथि हिंसाका घटना नियन्त्रण गर्न सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । यी लगायतका विषयमा असार २ गते माननीय मुख्यमन्त्रीमार्फत् सम्माननीय प्रधानमन्त्रीलाई र माननीय मुख्यमन्त्रीज्यूलाई समेत ध्यानाकर्षण गरिसकिएको छ । हाल कोभिड-१९ रोकथाम तथा नियन्त्रणका सन्दर्भमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित देहायका विषयहरूमा प्रदेश सरकारको तर्फबाट र अन्य कामहरूमा अन्य काम के-कस्तो भएको छ भन्ने त्यसका तयारीका सम्बन्धमा सदनलाई स्पष्ट पार्न र जनस्वास्थ्यमा थप संकट आउन नदिन तत्कालले सदनलाई मार्गनिर्देशन गर्न अपरिहार्य भएकोले यो सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका छौं सभामुख महोदय । यो किनभने यो सम्मानित संसद भनेको मुखले मात्र भन्ने थलो होइन, सभामुख महोदय यो थलोले नै दिएको निर्णयलाई यसले दिएको निर्देशनलाई सरकारले पालना गर्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ सम्माननीय सभामुख महोदय । अब यी महत्वका विषयहरू के के हुन् त ? भन्दा एकमा हाम्रो प्रदेशमा कोरोना प्रकोप संक्रमण दोस्रो चरणमा प्रवेश गरिसकेको अवस्थामा स्थानीय तहसँगको समन्वयमा सयौं कन्ट्याक्ट ट्रेसरको परिचालन गरी छोटो समयमा ठुलो संख्यामा कन्ट्याक्ट ट्रेसिङ गर्न सक्ने चुस्त प्रणालीको विकास गर्ने सम्बन्धमा सरकारले अहिले के गरेको छ ? किनकी हिजो देखियो सभामुख महोदय यही हस्पिटल पनि अहिले सिल भएको छ । ४२ जना डाक्टर देखि स्वीपर सम्मका मान्छेहरूलाई क्वारेन्टीनमा राखिएको छ । अब त्यहाँको अस्पतालको अवस्था कस्तो भएको छ ? त्यो सम्बन्धमा चाहिँ के गरेको छ ? यहाँ संसदले यो जान्न चाहन्छ भन्ने हो सभामुख महोदय । दुईमा हाल आरडिटी विधिबाट गरिएको परीक्षणको विश्वसनीयता गुणस्तर र औचित्यता नदेखिएको विश्व स्वास्थ्य संगठनले प्रमाणित गरेको आरडिटीबाट मात्रै परीक्षण गराउने व्यवस्था सम्बन्धमा । यहाँ आरडिटी हामीले गरिरहेका छौं तर अहिलेको आरडिटी चाहिँ विश्वसनीय छैन भनिसकेपछि डब्लुएचओले प्रमाणित गरेका आरडिटी रहेछ त्यहीँअनुसार चाहिँ गर्नु गराउनु पर्छ र यो सम्मानित संसदले चाहिँ निर्देशन दिनुपर्छ भन्ने चाहिँ हाम्रो भनाइ हो सभामुख महोदय ।

तीनमा, आरटीपिसिआर विधिबाट हुने परीक्षणको गतिमा तीव्रता र दायरा फराकिलो बनाउने सम्बन्धमा र क्वारेन्टीनमा राखिएका सबैलाई आरटीपिसिआर र विश्व स्थास्थ्य संगठनले प्रमाणित गरेको आरडिटी विधिबाट परीक्षण गरेपश्चात मात्र घर पठाउने व्यवस्था गर्ने सम्बन्धमा छ सभामुख महोदय । भन्ने गरिन्छ, यो केन्द्रीय सरकारको जिम्मेवारी हो, यो केन्द्रीय सरकारले गर्ने कुराहरू हुन् त्यसकारणले हामीलाई त माथिको निर्देशन चाहिन्छ भन्ने कुरापनि न आएको होइन सभामुख महोदय तर हामी भन्न चाहन्छौं हिजो सरकारले भन्ने गरेको थियो माथिका कुरा जे सुकै आएता पनि हामी यो प्रदेशका जनताहरूलाई हामी आरटिपिसिआर मात्र गरेर हामी पठाउँछौं भन्ने कुराहरू गरेको हो । आफैले बोलेको कुरामा अहिले चाहिँ जिम्मेवारी माथि केन्द्रको हो भनेर पन्छिन सक्ने अवस्था छैन सभामुख महोदय र हिजो यहाँ सामाजिक मन्त्रीले चाहिँ यो जवाफ दिने क्रममा चाहिँ हामीले सबैका हात खुट्टा जोडेर पिसिआर मेशिन ल्याएका छौं भनि अब त हातखुट्टा जोड्नु पर्ने अवस्था छैन भन्ने कुरामा मलाई लाग्छ सभामुख महोदय, थुप्रो चाहिँ कतिवटा चाहिँ पिसिआर मेशिन राख्नुपर्ने हो ? त्यो हाम्रो रकमले गर्न सकिन्छ त्यो कुरालाई चाहिँ किन अगाडि बढाइएन ? भन्ने कुरा चाहिँ हामीले राखेका छौं सभामुख महोदय ।

4. आरटिपिसिआरको दायरा विस्तारसँगै यसको क्षमता र अभिवृद्धिका लागि किट, उपकरण, जनशक्ति र अन्य लजिष्टिक आवश्यकताको अविलम्ब व्यवस्था गर्ने सम्बन्धमा चाहिँ हामीले अर्को कुरा राखेका छौं सभामुख महोदय । खोई आज यतिका दिनसम्म भैसक्यो हामीले सुन्ने गरेका थियौं, दैलेखमा पनि एउटा चाहिँ इन्स्टल हुँदैछ ३ दिनमै चाहिँ हुँदैछ भन्ने कुरा सुनेका थियौं, आज कति दिन भयो ? महिना बित्न थाल्यो त्यहाँ भएको पनि हामीले देखेनौं र यसरी चाहिँ यो कुरा अहिले हामीले समयमै नगर्ने हो भने हामी अगाडि बढ्न सक्दैनौं सभामुख महोदय । पिसिआर टेष्टको लागि मुलुकभरीमा २५ हजार स्वाबहरू चाहिँ अहिले आएर प्रयोगशालामा थन्किएर बसेका छन् । ती २५ हजारको टेष्ट कहिले हुने हो ? त्यसकारणले कमसेकम हाम्रो यसमा भनिएका हामीले मिठा कुरा सुनेका छौं, यहाँ आउने दिनमा ३ हजार सम्म गर्न सकिने त्यो मेशिन ल्याउँदैछौं कि हामी यहाँका मानिसहरूको सबैको जीवन गुमिसकेपछि त्यो मेशिन आउने हो ? सभामुख महोदय । यो कुरामा चाहिँ हामी सरकारको चाहिँ ध्यान पुर्याउनको लागि यो सार्वजनिक महत्वको विषय चाहिँ हामीले उठान गरेका छौं ।

5.पाँचमा, कोरोना भाइरस सम्बन्धी क्वारेन्टीन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्डको कार्यान्वयन र क्वारेन्टीनलाई प्रभावकारी रूपमा व्यवस्था गर्ने सम्बन्धमा हुनत हाम्रो सरकारले भन्ने गरेको छ यो स्थानीय सरकारको जिम्मेवारी हो । त हाम्रो टेरिटोरी के हो त ? अघि नै माननीयज्यूहरूले भनिरहनु भएको छ के साँच्ची हामी हावामा नै अड्केका हौं त ? हाम्रो दायित्व होइन ? टेरिटोरी संविधानले के भन्छ भने दशवटा जिल्ला प्रदेशको टेरिटोरी भित्र पर्छ । दशवटा सिंगो जिल्ला नै हाम्रो टेरिटोरी हो र तिनलाई चाहिँ क्वारेन्टीन बनाउने विषयमा डाक्टरको चाहिँ विज्ञहरूको, डब्लुएचओको भनाइअनुसार हामीले गर्नुपर्ने हो कि होइन सभामुख महोदय ? यसरी हामीले स्थानीय तहलाई मात्रै दिएर माथि ल्याउने कुरा

चाहिँ संघको तल गर्ने कुरा चाहिँ स्थानीयको हामी चाहिँ बीचको रमिता हेर्न भन्ने तालले गर्न चाहिँ मिल्छ कि मिल्दैन सभामुख महोदय ?

6. क्वारेन्टीन निर्माण र व्यवस्थापनका लागि स्थानीय तहलाई न्यूनतम रू. एक करोडदेखि जनसंख्या र प्रकोपको अवस्थालाई हेरी रू. ३ करोडसम्म अनुदान उपलब्ध गराउने र प्राविधिक स्रोत व्यवस्थापन गर्ने गराउने सम्बन्धमा सरकारको धारणा यसमा के छ ? हुनत सरकारले भन्ने गरेको छ यो स्थानीय तहको कुरा हो, केन्द्रको कुरा हो भने हाम्रो कुरा के हो त ? हुनत म सरकारलाई धन्यवाद दिन पनि चाहन्छु । १५ लाख देखि ३० लाख रूपैँयासम्म दिएको छ । त्यो त अहिले चट्नीको रूपमा पनि गएको छैन सभामुख महोदय । यहीँ नै अघि आइसक्यो त यहाँ कतिवटा कति किसिमका बिलहरू निस्क्यो भन्ने कुरा आयो । पहिला क्वारेन्टीन बनिसकेपछि दिनको १६ सय रूपैँयाले चाहिँ खाना खुवाउने भन्ने कुरा पनि आयो । आज त्यो एकैचोटी घटेर १६ सयबाट १ सय ७५ मा आइरहेको छ । त्यसका व्यवस्थापन कसरी भएका थिए ? त्यसकारणले हाम्रो भनेको समन्वय मात्र गर्ने भनेको त्यसकारणले अहिले जिल्ला विकास पहिला जिल्ला विकास समिति भनिन्थ्यो सभामुख महोदय अहिले चाहिँ जिल्ला समन्वय समिति भनिन्छ । त्यो समन्वय समितिको कुनैपनि काम हुन सक्दैन । त्यसकारण के हामी यो संसद के हाम्रो सरकार साँच्चै त्यो समन्वय मात्र गर्ने र त्यो बेकम्मा भएको हो त ? यो कुरामा चाहिँ सरकारको धारणा के छ ? हामी बुझ्न चाहन्छौं सभामुख महोदय ।

7. कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारका लागि सरकारबाट हालसम्म २५ करोड ६७ लाख ८३ हजार ४ सय २८ खर्च भएको तथ्याङ्क सार्वजनिक भएको छ । यसको यथार्थ खर्च विवरण सार्वजनिक गर्ने सम्बन्धमा अब यो कुरा सरकारले गर्नु पर्छ कि पर्दैन ? यत्रा दिन भयो यत्रो पैसा चाहिँ हामीले खर्च गरिसकेका छौं, कुन-कुन क्षेत्रमा कति-कति पैसा गयो ? किनकी हामीले यस मानेमा यो जनताको पनि हक र हितको कुराहरू हो, यो सार्वजनिक कुराहरूलाई चाहिँ हामीले सार्वजनिकिकरण गर्नु पर्थ्यो तर आजसम्म जुन एकमुष्ट आयो त्यो कुराको चाहिँ यस सदनले थाहा पाउनुपर्छ कि पर्दैन ? सभामुख महोदय । यति खर्च गरिदियौं भनेदेखि २५ करोड मात्र किन भन्ने ? पचासैं करोड भन्दिए भैगो नि र भोलिको दिनमा आएर गर्छ भन्ने होइन, यो त बेलाबेलामा चाहिँ सदनले थाहा पाउनुपर्छ सभामुख महोदय ।

8. लामो अवधिसम्म भएको बन्दाबन्दीका कारण जोखिममा परेका विपन्न वर्ग, दैनिक मजदुरी गरी जीवन निर्वाह गर्ने मजदुर, एकल महिला, अपाङ्ग, वृद्ध, विद्यार्थीहरूको जीवन निर्वाहमा सजगताका लागि राहत प्याकेज घोषणा गर्ने सम्बन्धमा । यो चाहिँ आज आइरहेको छ एकमुष्ट रकमहरू राखिएका छन् । यसमा अहिले हाम्रो बजेटमा यो-यो किसिमको राहत प्याकेज हामीले ल्याएका छौं भन्नु पर्छ कि पर्दैन सरकारले सभामुख महोदय । म सभामुख महोदयमार्फत् सरकारलाई अनुरोध गर्न चाहन्छु, यो नै पनि बजेटमा आउनु पर्छ यी-यी राहतका प्याकेजहरू हुन्, महिलाका प्याकेजहरू यी हुन्, अपाङ्गका यी हुन्, विद्यार्थीका यी हुन्, दलितका यी हुन्, जनजातिका यी हुन्, अल्पसंख्यकका यी हुन्, राउटेका यी हुन् भनेर आउन

पर्थ्यो कि पर्दैनथ्यो हैं ? दिनेछौं भनेको वितरणमूखी नभएर के हो त ? त्यसकारण यसको पनि हाम्रो प्रदेशले गर्नुपर्ने किनभने यो प्रदेश सरकार भनेको यो प्रदेशको लागि अभिभावक हो सभामुख महोदय ।

9 मा, कोरोना संक्रमणको उपचारका लागि डेडिकेटेड अस्पताललाई आवश्यक उपकरण, सामग्री, औषधी, स्वास्थ्यकर्मीको सुरक्षा सामग्री, आइसोलेशन बेड र जनशक्तिको पर्याप्तता तथा आवश्यक अक्सिजन प्लान्ट दुर्गम ठाउँमा समेत सघन उपचारको सहज बनाउन क्रिटिकल केयर तालिम लगायतको व्यवस्था गर्ने सम्बन्धमा । अब यो कुरामा डेडिकेटेड अस्पताल ३ वटा बनेका छन् सभामुख महोदय । अनि चौरजहारीको अस्पताललाई सामुदायिक अस्पताललाई पनि डेडिकेड भनिएको छ । दुई/तीनचोटी पत्रिकामा आइसक्यो, हुनत सदनबाट कुरो भएको छ त्यो ठाउँ फुलफिल भएको कारणले गर्दा खेरि अरु विरामी नलगिएको भन्ने पनि आएको छ । यो केही हदैसम्म पनि साँचो रहेछ कि भन्ने मैले लाग्यो सभामुख महोदय । पछि गएर त्यो क्षेत्रका सल्यानका मान्छेहरूलाई, जाजरकोटका मान्छेहरूलाई बुझ्दाखेरि चाहिँ के भन्ने जवाफ आएछ भने यो त रुकुम जिल्लाको लागि मात्रै हो, त्यसकारण तपाईंहरू सुर्खेत जानुस्, यदि त्यो रुकुम जिल्लाको लागि हो भने ठिक छ सभामुख महोदय, किनभयो भन्न चाहन्न र सल्यान र जाजरकोटका लागि कुन ठाउँ हो त ? होइन भने हामीले बुझेको कुरा के हो भने, दैलेख र यो सुर्खेत कालिकोटसम्म पनि छैन, अनि यो कसलाई हुनसक्छ भने सुर्खेत चाहिँ हुम्ला र डोल्पाको लागि । हुम्ला र डोल्पाको लागि जुम्ला धेरै कष्टमै पर्छ त्यो हेलिकप्टरबाट मात्रै ल्याउनु पर्ने होला ? एउटा चाहिँ त्यति गर्दागर्दै पनि कर्णाली विज्ञान प्रतिष्ठानले हुम्लाबाट पनि स्वाब ल्याएको छ, डोल्पाबाट पनि ल्याएको छ तर पनि ती दुईवटा जिल्लाको लागि डेडिकेटेड यहीँ हुनुपर्छ भन्ने लाग्छ । हुम्लाबाट त जुम्ला मोटर बाटो त छैन । डोल्पाबाट त छैन अरु जिल्लाको लागि कालिकोट, मुगु र जुम्लाको लागि जुम्ला हुनसक्छ । त्यसको लागि यहाँ हुनुपर्ने हो । अब त्यहाँ त्यस्तो हो भने त्यो एउटा सामुदायिक हस्पिटललाई डेडिकेटेड बनाएर डेडिकेटेड हस्पिटल बनाएर त्यसलाई चाहिँ हामीले पैसा दिने तर त्यसले सेवा केरे सेवा नदिने हो भने त्यसलाई बनाउनु पर्नेको औचित्य के हो ? यसमा कि यहाँहरूका विज्ञको निर्देशनबाट हो ? या कसैको त्यसमा चाहिँ स्वार्थ गाँसिएको छ ? धेरैचोटी पत्रपत्रिकामा आयो त्यसले गरेन भनेर । त्यहाँका जनताहरू रोइरहेका छन् । त्यसैले ती ठाउँमा हामीहरूले गर्नुपर्छ तर सेवा र सुविधा दिनुपर्छ। मलाई लाग्थ्यो, त्यहीँ रुकुममा पनि सरकारी अस्पताल छ होला सभामुख महोदय । त्यसलाई चाहिँ एउटा डेडिकेटेड बनाउन सकिन्थ्यो होला तर मलाई त गर्व लाग्छ सभामुख महोदय, रुकुमका जनताहरू त यति फरवार्ड छन् भन्ने कुरा त अहिले यो कोभिडले पनि देखाइसकेको छ । अरु सबै जिल्लामा छुँदापनि आज रुकुम पश्चिमलाई छुन सकेको छैन । यो के हो भने त्यहाँका जनता चेतनशिल छन्, त्यहाँको जनताहरू फरवार्ड छन् भनेपछि अब त्यहाँ हस्पिटल बनाउनलाई पनि हामीले बीचमा सुनेका थियौं सभामुख महोदय, १२ दिनमा एउटा ठुलै हस्पिटल बन्यो भन्ने कुरो त आइरहेको छ त । यसको लागि पैसा दिउँ अर्को

१२ दिनमा अर्को ठुलै हस्पिटल बन्छ । त्यसलाई सरकारी हस्पिटल बनाऔं, त्यसलाई किन नगर्ने सभामुख महोदय ?

10 मा कोभिड बाहेकका अन्य रोगका विरामीले सहज उपचार पाउने वातावरण, खोप, पोषण जस्ता नियमित कार्यक्रम गर्भवति महिला, जेष्ठ नागरिक, बालबालिका र जोखिममा रहेका समुदायहरूको विशेष हेरचाह र नियमित स्वास्थ्या जाँच गर्न पाउने व्यवस्था, एम्बुलेन्स सेवा, नियमित औषधी खानुपर्ने विरामीहरूलाई औषधी उपलब्धताको लागि सुनिश्चतता सम्बन्धमा । अब यो विषयमा के छ भने हामीले कोरोना कोरोना त भन्यौं, अब मर्ने कुराहरूमा चाहिँ किड्नी फेल भएर मर्न थाले, मुटु रोगी भएर मर्न थाले अनि सरकारी हस्पिटल मैले फेरीपनि आजपनि दोहोर्याएर भन्न चाहन्छु सभामुख महोदय, हामी हस्पिटलमा गएको बेला तिनी कोरोनाका विषयमा लडेर मरिराख मेरो फलानो मान्छे मर्न लागेको छ तिमी उपचार गर्देऊँ त्यसकारणले यसलाई चाहिने पैसा कति हो ? इमिडियट हामीले चाहिँ सम्बन्धित मन्त्रालयमा पठाउन पर्छ कि पर्दैन ? आज यस्तो बेलामा औषधी किनेर खानै नसक्ने अवस्थामा औषधी पनि अवस्थामा हामीले अस्पतालमा त्यो औषधीहरूको व्यवस्था गर्नुपर्छ कि पर्दैन ? हो यसको लागि भनौं न यसको लागि यहाँ चाहिँ एउटा सिंगो बजेट चाहिँ डल्लै बास्केटभित्र हालेर चाहिँ त्यो बास्केटले गर्नेवाला छैन । अब यो चालिस/चालिस जना यो क्वारेन्टीनमा बसेको बेलामा अरु हामीले डाक्टरहरू ल्याउने पर्ने हो कि होइन ? त्यसकारण अहिले अब हामीले गरिरहेको जुन अस्पतालहरूमा गरेको सेवाहरूमा पनि आलाकाँचा केटाकेटीहरू गएका छन् । कमसेकम १ दिन २ दिन भएपनि तिनीहरूलाई जुम मिटिङबाट हुने हो अथवा के बाट हुने हो ट्रेनिङ दिन पर्छ कि पर्दैन ? हामीले तिनलाई ट्रेनिङ दिएर मात्रै अहिले त स्वाब संकलन गर्ने कुराहरूमा चाहिँ त यस्तो अवस्था आइसकेको छ कि त्यसले नै बिगार्ला भन्ने अवस्था आयो। त्यसको लागि त्यो पैसाहरू इमिडियट सम्बन्धित मन्त्रालयमा गएर चाहिँ यति-यति हामीले सेवा पुर्याएका छौं भन्ने कुरामा चाहिँ यो सम्बन्धमा त सुनिश्चितता हुनुपर्दछ भन्ने चाहिँ हामीले कुरा राखेका छौं सभामुख महोदय । दैलेख जिल्लामा कोरोनाको संक्रमण उच्च जोखिममा रहेकोले यथाशक्य २ सय बेडको आइसोलेशन अस्पताल बनाउने सम्बन्धमा पनि हामीले कुरा राखेका छौं । आजका दिनमा दैलेखमा ८ सय जना भन्दा बढी चाहिँ संक्रमित भैसके । अब त्यो जिल्लाबाट सबै यहाँ ल्याउने हो ? या हामीले एउटा चाहिँ यो डेडिकेटेड सकिन्छ जस्तो एउटा सुन्नमा आइरहेको छ, दुल्लुको अस्पताल त्यो चाहिँ अहिले चाहिँ केन्द्रीय सरकारको अस्पताल हो रे । त्यसैलाई बनाउन सकिएला । त्यसकारण जहाँ बढी भएको छ अहिले सबभन्दा बढी भएको चाहिँ दैलेखमा छ । त्यसपछि सुर्खेतमा छ, सुर्खेतको लागि त आइसोलेशन बेडको त्यस्तो समस्या छैन होला । त्यसपछि सल्यान छ । यी ठाउँहरूमा हामीले बनाउनु पर्यो कि परेन ? यसलाई हामी बजेट आउँदासम्म बजेट पास हुँदासम्म बसिरहने हो या यसलाई तुरुन्त हामीले त्यस्तो बेलामा त्यसलाई खर्च गर्ने हो ? किनकी बजेट त हाम्रो चाहिँ पुरानै बजेट बाँकी छ त सभामुख महोदय । नयाँ बजेट विनियोजन गर्नुपर्ने छैन। यी कुराहरू इमिडियट सरकारले गर्नुपर्छ कि पर्दैन ? यो गर्यो भने कम्ती होला ।

अहिले के देखियो भने यो प्रदेशमा ***(माननीय सभामुखः लिखितमा केन्द्रित हुनुपर्यो माननीय सदस्य)*** हैन यहीं विषयमै केन्द्रित भएको छु सभामुख महोदय, यसलाई चाहिँ मैले व्याख्या गरेको हो । ***(माननीय सभामुखः व्याख्या परेन)*** त्यसैले सभामुख महोदय, यो कुरामा के हो भने मैले मेरो घर बनाउने कुरा गर्या छैन सभामुख महोदय । मैले बेड बनाउने कुरा गर्या छु, विषयमा चाहिँ यो छ । त्यसकारणले यो कुराहरू बनाउनको लागि त पैसा दिनु पर्यो नि सभामुख महोदय । अहिले आइसकेपछि भारतबाट आउने भारतबाट आउने सबभन्दा बढी दैलेखका रहेछन् ४५ हजार यो कुरामा चाहिँ अगाडि बढाउनका लागि हामीले लिएर आएका छौं सभामुख महोदय । कोभिड-१९ को रोकथाम, नियन्त्रण, जोखिम न्यूनीकरणका लागि आवश्यकीय उपकरण, स्वास्थ्य सुरक्षा सामग्री लगायतका स्वास्थ्य सामग्रीको समयमै आपूर्ति, भण्डारण र नियमित रूपमा पर्याप्त उपलब्ध गराउने त्यसको गुणस्तरका सम्बन्धमा सरकारको धारणा के हो ? मैले किनभने यहाँ राखेका छौं यसमा प्रदेश सरकारले भनेको छ यो हाम्रो अन्तर्गत छैन भनेपछि सरकारको धारणा के हो त ? कहिले सरकारले के भन्छ भने हामीले किन्छौं पनि भन्छ, स्थानीय तहका सरकारले पनि हामीले भिटिएम किन्यौं भन्छ भने प्रदेश सरकारले यहाँ आरडिटीहरू किन्न सक्दैन ? हामीले त्यो जोगाउन सक्दैनौं ? त्यो कुरामा सरकारको धारणा के हो ? ती पनि हामी चाहिँ पाउँ भन्ने चाहिँ कुरा छ सभामुख महोदय । लकडाउनको अवधिमा सयौं मानिसहरूले आत्महत्या गरेका छन्, यसले नागरिकको राज्यप्रति चरम निराशा देखाउँछ । यस किसिमको मानसिक समस्यालाई ध्यान दिँदै त्यसको समाधानका लागि स्थानीय तहसम्म नै मनोसामाजिक परामर्शको व्यवस्था गर्ने सम्बन्धमा बजेटमा आएको छ, नीति कार्यक्रममा आएको छ, त्यो कहिले हुने हो ? हामीले त के चाहन्छौं भने सभामुख महोदय, त्यो कुरा तुरुन्तै लागु हुनुपर्यो । तुरुन्तै लागु हुनुपर्यो भोलि देखि नै लागु हुनुपर्यो ।

14. यस अवधिमा घरेलु हिंसा, चोरी, डकैती, गुण्डागर्दी, बलात्कार जस्ता अपराधजन्य घटनाहरू वृद्धि भएका छन् । यसको न्यूनीकरण गर्ने सम्बन्धमा प्रदेश सरकारको संघीय सरकारसँग समन्वयको अवस्था कस्तो छ ? किनकी सभामुख महोदय, यहीं सदनमा भएका छन् बालबालिकाहरू चाहिँ बलात्कृत भएको, गुण्डागर्दी भएको, चोरी भएको, त्यसको खोई ? सुरक्षा पाउन सकेको छैन । त्यसको अवस्था के छ हामी जान्न चाहन्छौं ।

पन्ध्र सडक पुगेका प्रत्येक प्रति जिल्ला कम्तीमा दुईटा कोरोनाका लागि एम्बुलेन्स र दुर्गम हिमाली जिल्लामा हेलिकोप्टर स्टेण्ड बाई गर्ने भन्ने सम्बन्धमा चाहिँ । यो पोहोर साल देखि नै एम्बुलेन्स दिने भन्ने कुरा आएको हो । अहिलेसम्म पनि अस्ति पनि यहाँ कुरा आयो । हामी स्टेण्ड बाई कहिले स्टेण्ड बाई हुने हो ? हामी सबैको ज्यान गइसकेपछी स्टेण्ड बाई हुने हो ? त्यो कुरा चाहिँ यथासक्य गरियोस् भन्न हामी चाहन्छौं सभामुख महोदय, त्यसको हामी जवाफ चाहन्छौं ।

सोह्र विश्व स्वास्थ्य संगठनको सिफारिसमा गरेका न्यूनतम मापदण्डलाई ध्यान दिई कम्तीमा १५ बेड बराबर एकओटा शौचालय दुई मिटरको दुरीमा एक-एक बेड पोषिलो खाना र

स्वास्थ्यकर्मीलाई पिपिई व्यवस्था गर्ने सम्बन्धमा संघीय सरकार, प्रदेश सरकारसँगको समन्यवको अवस्था कस्तो छ ? र एउटा कुरो के आएको छ भने सभामुख महोदय जो रेगुलर मेडिकल अफिसरहरू छन् प्रदेश सरकारले पचास प्रतिशत नै प्रोत्साहन भत्ता दिने भनेर निर्णय गरेको छ । त्यो आजसम्म नदिएको हुनाले चाहिँ अब एउटा च्यालेञ्ज के आउँदै छ भने हामी हस्पिटल बन्द गर्छौं भन्ने कुराहरू आइरहेका छन् । यो अवस्थामा चाहिँ सरकारले के कारणले रोकेको हो ? किन नदिएको हो ? दिनुपर्ने कुरा किन नदिएको ? त्यो अवस्था हामीले चाहिँ बेलैमा चाहिँ सजग गराएका छौं सभामुख महोदय । कोरोना परीक्षण, प्रयोगशाला अत्यन्त न्यून भएका कारण संकलित स्वाब लामो समयसम्म राखी ढिलो परीक्षण गर्दा विश्वसनीय नतिजा नआउने खतरा बढी छ, त्यसैले प्रयोगशालाको क्षमता र संख्या वृद्धि गर्न प्रदेश सरकारले हालसम्मको प्रयासका सम्बन्धमा के प्रयास भएको छ त ? यो चाहिँ मैले अस्ति पनि भनेको थिएँ सभामुख महोदय कि हाम्रो परीक्षण कहाँ हुन्छ पशुपंक्षीमा हुन्छ अन्वेषण केन्द्रको । हाम्रो भएको केन्द्र चाहिँ हामीले हटायौं, हो यस्तोबेला भन्नु नि ? मानव अन्वेषण प्रयोगशाला केन्द्र के भन्नु पर्ने त्यस्ता कुरा राख्ने यसलाई छिटो गरियोस् । यी कुराहरूको लागि जे जस्तो होस् । हिजो चाहिँ सरकारले हामीलाई घोक्रेठ्याक लाउन खोजे पनि, संविधानको बर्खिलाप गरे तापनि तर आज चाहिँ यो सहमतिमा आएकाले र हामी जहिले पनि सहमतिमा जान चाहन्छौं अगाडि बढ्न चाहन्छौं । यसका व्यवस्थापन यो भनेको के हो भने सिंगो सायद सदनले कसरी सोच्छ मैले जान्दिन सभामुख महोदय । सिंगो सदनले यो निर्देशन दिएर यी कामहरूलाई यथासिघ्र अब सरकार यतिमा मात्रै चासो छ कि हामी काम गर्दैछौं छिटो सदन चाहिँ टुङ्ग्याइदेउ किनकी यहाँ सदनमा संसदहरूको कुरा सुन्न चाहँदैन । त्यसकारणले यो भएको हुनाले यी कुराहरूका लागि यी व्यवस्थापन कसरी भएका छन् ? यिनका खर्च कसरी भएका छन् ? अहिले नै सदनमा कुरो उठेको छ पक्षपात भयो, खर्च बढी भयो ती कुरापनि आउनेछन् भन्ने कुरा मैले राख्दै मलाई बोल्ने समय दिनुभएकोमा र यो सार्वजनिक महत्वको विषयलाई चाहिँ अगाडि बढाउन चाहिँ योगदान पुर्याउनु भएकोमा सरकारका प्रमूख र यो पूर्ण अधिकार प्राप्त सभामुखज्यूलाई चाहिँ हार्दिक हार्दिक धन्यवाद ज्ञापन गर्दै म यहाँबाट विदा हुन्छु धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलका लागि २ घण्टाको समय तोकेको छु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा टिपाउनु होला । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ५ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुख महोदय, नेपाली कांग्रेस संसदीय दलका आदरणीय नेता माननीय जीवनबहादुर शाहीले प्रस्तुत गर्नुभएको जरुरी सार्वजनिक महत्वको प्रस्तावको म समर्थक पनि हुँ । मलाई यस्तो अफ्ठ्यारो परिहाल्यो म छलफलमा भाग लिऊँ कि टिप्पणीमा भाग लिऊँ ? आफैं निर्णय गर्नुपर्ने भयो यस्तो अफ्ठ्यारो परिस्थिति यहाँ

देखिएको छ तर मलाई लाग्यो यो जुन ८ सय ५३ नम्बरमा दर्ता भएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव छ, यो प्रस्तावको सम्पूर्ण विषयवस्तुहरू, यो प्रस्तावको आवश्यकता, यो प्रस्तावको अपरिहार्यता किन थियो ? के को लागि थियो ? भन्ने कुरा त यस गरिमामय सदनलाई प्रस्तुत प्रस्तावक आदरणीय नेता जीवनबहादुर शाहीले तपाईंहरूलाई दिइसक्नु भएको छ । नेपाली कांग्रेस हुनत यो सबै माननीय आदरणीय माननीय नेता अथवा साथीहरूको जिम्मेवारी र दायित्वको कुराहरू हो तर नेपाली कांग्रेसको संसदीय दलको बैठकले गहन छलफल गर्यो, गहन विचार विमर्श गर्यो र यस अवस्थामा कसरी अगाडि जानु पर्दछ, सरकार कसरी अगाडि जानु पर्दछ, प्रतिपक्ष कसरी अगाडि जानु पर्दछ, जनप्रतिनिधि कसरी अगाडि बढेमा अहिलेको यस चुनौतीपूर्ण घडिबाट कर्णालीबासी पार पाउन सक्छन् ? भन्ने दृष्टीकोण राखेर श्रद्धेय नेता जीवनबहादुर शाहीजीले यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्ने हामीले यात्रा सुरु गरेका हौं । यो हाम्रो रहर होइन सभामुख महोदय यो हाम्रो बाध्यता हो । हामीले हेरिरहेका छौं आज विश्व नै, अथवा विश्व मानव नै, हाम्रो राष्ट्र नै, त्यसमा पनि कर्णाली प्रदेश आज अत्यन्तै ग्रस्त, अत्यन्तै पीडा, अत्यन्तै गहमा आँशु भरेर आज पीडा भोगिरहेको कुरा कसैबाट लुकेको छैन । हामीलाई लागेको थियो, यस कर्णालीबासीको पीडालाई अन्त्य गर्नको निमित्त यो कर्णालीबासीको चुनौतीलाई, कर्णालीबासीको यो थिलोथिलो भएको यो मानव जीवनलाई अत्यन्तै त्यहाँबाट मुक्त गर्नको निमित्त कर्णाली प्रदेशको सरकार सवभन्दा पहिले कर्णालीबासी बाँचौ बचाऔं भन्ने नारा ल्याउँछ भन्ने हामीले आशा गरेका थियौं । तर बाँचौ बचाऔं भन्ने नारा होइन, कसैलाई मर्न दिने छैनौं भन्ने नारा र दृढता र संकल्प होइन, सिंगो एउटा सुखी कर्णाली सुखारी कर्णाली भनेर सरकारले आफ्नो दृढता ल्यायो, आफ्नो संकल्प ल्यायो । नेपाली कांग्रेस कर्णाली प्रदेशको प्रतिपक्षी दलले आशा गरेको थियो, अवश्य पनि कर्णालीबासीको नाउँमा बाँचौ र बचाऔं कसैले पनि मर्नु पर्ने छैन भन्ने संकल्प र दृढता लिएर सरकार अगाडि आउँछ हाम्रो अवश्य पनि हाम्रो कर्णाली प्रदेशको सरकार न्याय देवता हो, दुरदर्शी हो, दिव्य कृतिमान देखाउन सक्ने दक्ष र क्षमता भएको सरकार हो भन्ने हामीले विश्वास गरेका थियौं । तर जव कर्णाली प्रदेशमा कोरोना भाइरसको चुनौती आयो, कोरोना भाइरसले जव हाम्रो अवश्य पनि हाम्रो भूमिलाई हिल्लायो त्यस टाईममा सरकार कोरोना भाइरसको नाउँमा आस्ते आस्ते आस्ते गरेर भाग्दै गएको आभास भयो हामीलाई, पन्छिदैं गएको आभास भयो । एकातिर सरकार कोरोना भाइरस नियन्त्रण गर्न र कोरोना भाइरसबाट कर्णालीबासी जनतालाई मुक्त गर्नको निमित्त दृढताका साथ अगाडि बढ्नु पर्नेमा सरकार क्रमिक रूपले भाग्दै र पन्छिदै कोरोना भाइरसको नाउँमा कर्णाली प्रदेशमा त म त स्पष्ट भन्न भन्न चाहन्छु । राजनैतिक भाइरस, आर्थिक भाइरस, सामाजिक भाइरस भित्र्याउन अग्रसर रह्यो । यसैको बाध्यताले रहरले होइन बाध्यताले कर्णाली प्रदेश अवश्य पनि रूपान्तर भएर कर्णाली प्रदेशका जनताको मुक्तिको लागि अगाडि बढोस् भन्ने दृष्टिकोण राखेर यो सार्वजनिक महत्वको प्रस्ताव हो । यदी सरकारले चाहेमा हुन नसक्ने कुरो छैन । रत्नाकर भनेका डाँकु हुन् । पछि बाल्मिकी ऋषि बन्न पुगे । जो कि रूपान्तर हुँदाखेरिमा बाल्मिकी ऋषि पुगेर

विश्वलाई नै मन्त्र दिने पुजनीय ऋषि बन्न पुगे भने कर्णाली प्रदेशको सरकार किन पुग्न नसक्ने ? त्यसैले कर्णाली प्रदेशको ***(माननीय सभामुखः सकौं माननीय सदस्य)*** सरकार अवश्य पनि रूपान्तर भएर कर्णाली प्रदेशको जनतालाई उन्मूक्ति दिन कर्णाली प्रदेशको जनतालाई स्वस्थ राख्न र कोरोना भाइरसको नाउँमा भित्रिएको भित्र्याइएको राजनैतिक भाइरस, आर्थिक भाइरस र सामाजिक भाइरसबाट अवश्य पनि मुक्ति केरे उन्मुक्त दिनको निमित्त अगाडि बढोस् सरकार भनेर यो सार्वजनिक भाइरस केरे यो सार्वजनिक महत्वको प्रस्ताव आएको हो, यसैलाई म आग्रह गर्न चाहन्छु सम्पूर्ण यो प्रदेश सभा अवश्य पनि प्रदेश सभाका सम्पूर्ण माननीयज्यूहरू आजबाट अत्यन्तै छातिमा हात राखेर चिन्तन मनन गरेर गम्भीरताका साथ ईश्वरलाई प्रार्थना गरेर कर्णालीबासी जनताहरू अवश्य पनि मुक्त हुन सरकार अगाडि बढोस् भन्ने दृढताले अगाडि जाऊँ भन्दै आफ्नो भनाइ यहीँ राख्दछु धन्यवाद जय नेपाल ।

**माननीय सभामुखः** माननीय श्री यज्ञबहादुर वि.सी. ।

**माननीय श्री यज्ञबहादुर वि.सीः** सभामुख महोदय, आज जरुरी सार्वजनिक महत्वको प्रस्तावमा आफ्ना कुराहरू राख्न यहाँ उपस्थित भएको छु । सभामुख महोदय जब हाम्रो मुलुकमा संघीय शासन प्रणाली सुरुवात भैसकेपछि कर्णाली प्रदेश सरकार गठन भएपश्चात हामीले चाहिँ त्यो बेलामा सदनमा यो कर्णाली प्रदेशमा अरु कोही यहाँ विरोधी छैन । विरोधी भनेको विपक्ष भनेको र कर्णाली प्रदेश रोग र भोक अशिक्षा र गरिबी हो । हाम्रो झगडी भनेको, हाम्रो शत्रु भनेको विपक्षी भनेको रोग र भोक अशिक्षा र गरिबी हो भनेर हामी प्रतिपक्षको रूप न देखाएर नै सरकारका काम कारवाहीमा सहयोग गरेर आइरहेका थियौं । सभामुख महोदय, भर्खरै तत्काल हामीले अब यो महामारी कोरोनालाई कोभिड-१९ बाट यस कर्णाली प्रदेशका १७ लाख जनताको जीवन रक्षाका निमित्त खर्च कटौती र मितव्ययीताका निमित्त संकल्प प्रस्ताव संसद सचिवालयमा दर्ता गरेका थियौं सभामुख महोदय । त्यसपश्चात यो चाहिँ सरकारले हामीले चाहिँ दर्ता गराएको संकल्प प्रस्ताव टेबुल न गराएपछि आफ्नो दुईतिहाईको सरकारको दम्भ देखायो, हामीलाई नितान्त प्रतिपक्षको रूपमा हेर्‍यो । सभामुख महोदय, हामीले जब हाम्रो संकल्प प्रस्ताव दर्ता न गरिसकेपछि हामीले तत्काल कोरोना अठारलाई अब यो कर्णालीबासीका जनताका जीवन रक्षाका लागि सार्वजनिक महत्वको विषयको प्रस्ताव दर्ता गराउनुपर्छ र अहिलेसम्म सरकारले गरिरहेका कोभिड नियन्त्रण र रोकथामका लागि के-कति कहाँ-कहाँ के काम गर्‍यो ? भविष्यमा आउने दिनहरूमा भविष्यमा आउने दिनहरूमा कोभिडलाई नियन्त्रण र रोकथाम गर्नका लागि सरकारको रणनीति के छ ? यो गरिमामय सदनले जानकारी पाउनुपर्छ र १७ लाख कर्णालीबासीले सार्वजनिक रूपमा थाहा पाउनुपर्छ भन्ने अभिप्रायले हामीले यो सार्वजनिक प्रस्ताव यो सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएका थियौं र दर्ता गराएका सम्बन्धमा फेरी यो दुईतिहाई सरकारले जुन एकलौटी ढंगबाट जुन यो सदनमा टेबुल नगरेर फेरी यो प्रस्तावलाई लत्याउने सुरुवात गर्‍यो हिजो मात्रै हामीले यो सदनलाई अवरोध गयौं र हामीले सोचेका थियौं, अब चाहिँ विधिवत ढंगबाट, संवैधानिक तरिकाले जुन प्रदेश नियमावलीमा व्यवस्था भएअनुसार यो सरकार अगाडि बढ्दैन र प्रतिपक्षको

हिसाबले बोल्नै नपाउने जुन यो एक किसिमले लोकतान्त्रिक पद्धतीमा लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसाथ नगरेर यो सरकार अगाडि बढ्छ भने अब हामीले पनि आफ्ना कदम अगाडि चाहिँ यो चाहिँ धैर्यताको बाँध टुटाउनु पर्छ भन्ने खालको नीति हामीले पनि अवलम्बन गर्ने विचार गरिरहेका थियौं । हिजोको दिनमा सभामुख महोदय त्यहीं अवस्थाले गर्दा आज जुन हामीले हाम्रो चाहिँ यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव यहाँ टेबुल गरेर जुन हाम्रा प्रस्तावक संसदीय दलका नेपाली कांग्रेस संसदीय दलका नेताज्यूले जुन प्रस्तुत गर्नुभयो १७ बुँदामा प्रस्तुत गर्नुभएको छ, यो चाहिँ प्रस्तावकलाई म चाहिँ समर्थक पनि हुँ र त्यो यथासक्य यो सरकारले म सभामुख महोदयमार्फत् यो सरकारलाई ध्यानाकर्षण के गराउन चाहन्छु भने यो तत्काल लागु हुनुपर्छ र बेलैमा कर्णालीबासीहरूको जुन जीवन रक्षाका लागि कोभिड-१९ लाई नियन्त्रण र रोकथाम गर्नका लागि पछि पर्ने होइन तत्काल चाहिँ यसको कारवाही सुरुवात गर्नुपर्छ यो मानेमा यो होइन कि जब आगो लागिसकेपछि इनार खनाउने जुन सरकारको प्रचलन छ त्यो प्रचलनलाई प्रचलनको अन्त्य गर्नुपर्छ सभामुख महोदय । सभामुख महोदय, अब जुन आज यो चाहिँ जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई टेबुल गरेर प्रस्तोता हाम्रा नेपाली कांग्रेसका प्रस्तावक संसदीय दलका नेता आदरणीय जीवनबहादुर शाहीज्यूले प्रस्तुत गर्नु भएको जुन प्रस्तावलाई तत्काल चाहिँ लागु हुनेगरी यो सरकार अगाडि बढोस् र प्रस्ताव टेबुल गर्नुभएकोमा म यो सरकारलाई सरकार प्रमूख र एवं हाम्रो आदरणीय माननीय सभामुखज्यूलाई धन्यवाद ज्ञापन गर्दै मेरो भनाई यहीं अन्त्य गर्दछु । हवस्त धन्यवाद जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, सरकारका तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले म माननीय जीवनबहादुर शाहीको प्रस्ताव, माननीय दिनबन्धु श्रेष्ठ, माननीय हिमबहादुर शाही र माननीय यज्ञबहादुर वि.सी.को समर्थनमा प्रदेश सभा नियमावली, २०७४ को नियम ७१ बमोजिम दर्ता भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावप्रति सरकार सकारात्मक भएको व्यहोरा सूचित गर्न चाहन्छु माननीय सभामुख महोदयमार्फत् । यस्ता सवालहरूमा सरकार सदैव जिम्मेवार गम्भीर र सम्वेदनशिल छ र रहनेछ । जीवाणु आतंकको यो लडाईं एकल होइन सामूहिक हो । प्रस्तावमा समाविष्ट सवालहरू ३ वटै सरकारसँग अन्तर सम्बन्धित छन् । संघीयताको नेपाल मोडल समन्वय सहकार्य र सहअस्तित्वको मर्मलाई हृदयंगम गर्दै सवालहरूको कार्यान्वयन गर्नेमा सरकार प्रतिबद्ध छ । दायित्व सम्पादन खातिर यो प्रस्तावले उत्प्रेरकको भूमिका निर्वाह गर्ने विश्वास समेत दिलाउन चाहन्छु । सीमित साधन स्रोत, स्वास्थ्य सामग्री र उपकरणको विश्वव्यापी अभाव, प्रदेशको संकुचित अधिकार, न्यून जनशक्ति र कमजोर स्वास्थ्य पूर्वाधारबाट महामारीका विरुद्ध प्रदेश सरकार जुधिरहेको तथ्य माननीयज्यूहरूलाई अवगत नै छ । कोभिड-१९ विरुद्ध

थालिएको युद्धको अग्र मोर्चामा खटिने स्वास्थ्यकर्मी र सुरक्षाकर्मी नै हुन् । उनीहरूको सक्रियतामा नतिजा निर्धारण हुन्छ । म यो गरिमामय सदनमा तितोसत्य उजागर गर्न बाध्य छु कि कर्णाली प्रदेश सरकारको तर्फबाट कोभिड-१९ विरुद्धको लडाईंको अग्र मोर्चामा खटिएको प्रहरी प्रसाशन प्रदेश सरकारको मातहतमा छैन । शान्ति सुरक्षाको जिम्मेवारी प्रदेश सरकारको संवैधानिक अधिकार भएपनि सुरक्षा निकायलाई निर्देशन गर्न सक्ने अवस्थामा प्रदेश सरकार देखिदैंन । सैन्य विज्ञानले निर्देशनलाई प्रधान ठान्छ, समन्वयलाई होइन । चेन अफ कमाण्डमा सुरक्षा संयन्त्र परिचालित हुन्छ । प्रदेश सरकार अहिले प्रशासन र सुरक्षा निकायसँग केवल समन्वय गर्ने अवस्थामा छ । यद्यपी पिसिसीएमसीबाट केही अधिकार पिसिसिएमसीमार्फत् सिसिएमसीले केही अधिकार त दिएको छ त्यो पर्याप्त छैन । हाम्रो मातहतमा न एक जना प्रहरी छ, न हतियार नै । प्रदेश सरकारले प्रहरी भएर पनि नहुनुको पीडा भोगिरहेको भए तापनि महामारीबाट जनतालाई सुरक्षा गर्ने दायित्व कार्यान्वयनार्थ अविचलित डटिरहेको छ । कोरोना रोकथाम नियन्त्रण उपचार र उद्दारमा सरकार गम्भीर संवेदनशिल र जिम्मेवार थियो, छ र रहनेछ । यो तथ्यांकमा म हालको अवस्था माननीय सभामुखमार्फत् यो सम्मानित सदनमा म सूचित गर्न चाहन्छु । भारतबाट आएका कर्णालीबासीको कुल संख्या हालसम्म ४४ हजार ६६ छ । क्वारेन्टीन संख्या हजार चौविस, क्वारेन्टीन बेड संख्या ४४ हजार ८ सय ७३ क्वारेन्टीनमा रहेको व्यक्तिको संख्या २१ हजार १ सय सात, आइसोलेशन बेड संख्या १३ सय ६५, आइसोलेशनमा रहेको व्यक्तिको संख्या ७ सय १४, नेगेटिभ भएर घर फर्केका व्यक्तिको संख्या ५ सय १७, आईसियू संख्या ४०, भेन्टिलेटर संख्या १७, हेल्थ डेक्स संख्या १ सय १७, आरडिटी टेष्ट संख्या ३६ हजार ७ सय ३१, आरडिटी टेष्ट पोजेटिभ संख्या ११ सय २, पिसिआर टेष्ट भएको संख्या २३ हजार २ सय ९०, पिसिआर पोजेटिभ संख्या १२ सय ४५ र मृतकको संख्या ४ । जरुरी सार्वजनिक महत्वका विषय वस्तुहरूमा म प्रदेश सरकारका तर्फबाट जवाफ दिन गइरहेको छु । केस इन्भेस्टिगेशन एण्ड कन्ट्याक्ट ट्रेसिङ सिआईसिटी बारे स्थानीय तहलाई परिपत्र भैसकेको साथै सोका लागि प्रदेशस्तरमा मानव संसाधन विकास केन्द्रका निमित्त निर्देशकको संयोजकत्वमा प्रादेशिक स्वास्थ्य आपतकालिन केन्द्र, स्वास्थ्य सेवा निर्देशनालय, सामाजिक विकास मन्त्रालय तथा मानव संसाधन विकास केन्द्रको सहभागितामा प्राविधिक सहयोग तथा सहजिकरण गरिरहेको अवस्था छ । हाल प्रदेशमा राष्ट्रिय जनसंख्या जनस्वास्थ्य प्रयोगशालाद्वारा प्रमाणित गरिएका आरडिटी किटहरू प्रयोग गरिएको छ । क्वारेन्टीनमा १४ दिन पश्चात आरडिटी परीक्षण गर्ने गरिएको र आरडिटी परीक्षण गर्दा पोजेटिभ देखिएका नागरिकहरूलाई पिसिआर गर्ने गरिएको छ । प्रदेश अस्पतालमा थप आरटीपिसिआर मेशिनको खरिदको लागि टेण्डर आह्वान भैसकेको छ । दैलेख अस्पतालमा आरटीपिसिआर मेशिन स्थापनाका लागि प्राविधिक सहयोग उपलब्ध गरिएको छ र आरटीपिसिआर मेशिन दैलेख पुगिसकेको अवस्था छ । आरटीपिसिआर परीक्षणको क्षमता विस्तारका लागि प्रदेश अस्पतालमा आरएनएन एक्स्ट्र्याक्शन मेशिन खरिदका लागि बजेट उपलब्ध गराइएको छ । उक्त मेशिन खरिद

पश्चात पिसिआर परीक्षणको दायरा फराकिलो हुने विश्वास दिलाउन चाहन्छु । क्वारेन्टीन सञ्चालन र व्यवस्थापनका लागि स्थानीय तहहरूसँग आवश्यक समन्वय र सहजिकरण भैरहेको अवस्था छ । क्वारेन्टीन निर्माण व्यवस्थापन लगायतको कार्यका लागि प्रति गा.पा. १५ लाख, प्रति न.पा. २० लाख र वीरेन्द्रनगर नगरपालिकालाई ३० लाख उपलब्ध गराइएको छ। औचित्य र आवश्यकताका आधारमा थप रकम उपलब्ध गराउने विषयमा सरकारले गृहकार्य गरिरहेको छ र संघीय सरकारले क्वारेन्टीन व्यवस्थापनका लागि रकम उपलब्ध गराउने निर्णय पनि गरेको छ स्थानीय तहहरूलाई।

कोभिड-१९ रोकथाम नियन्त्रण र उपचार प्रयोजनार्थ हालसम्म कुल रू. २५ करोड ६७ लाख ८३ हजार ४ सय २८ खर्च भएको छ । रूपैंया खर्च भएको छ । जसमध्ये सम्पूर्ण जिल्ला विपद् व्यवस्थापन समितिलाई ५०/५० लाखका दरले रू. ५ करोड उपलब्ध गराइसकिएको छ । नेपाली सेना उत्तर पश्चिम पृतनालाई क्वारेन्टीन व्यवस्थापन तथा स्वास्थ्य सामग्री खरिद गर्ने प्रयोजनका लागि रू. २ करोड ५ लाख उपलब्ध गराइएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई खाजा, खाना व्यवस्थापनार्थ रू. ६० लाख उपलब्ध गराइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयलाई यातायात व्यवस्थापनार्थ रू. १० लाख उपलब्ध गराएको छ, गराइएको छ । सामाजिक विकास मन्त्रालयलाई रू.४ करोड २५ लाख यो कोषबाट उपलब्ध गराइएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयलाई स्वास्थ्य सामग्री खरिद प्रयोजनार्थ १० लाख रूपैंया उपलब्ध गराइएको छ । शसस्त्र प्रहरी बल महेश्वरी बाहिनीलाई स्वास्थ्य सामग्री खरिद प्रयोजनार्थ रू. ५ लाख उपलब्ध गराइएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई यातायात व्यवस्थापन प्रयोजनार्थ रू. ३२ लाख ८३ हजार ४ सय २८ रूपैंया चाहिँ उपलब्ध गराइएको स्थिति छ ।

बन्दाबन्दीका कारण जोखिममा परेका नागरिकहरूको जीवन निर्वाहका लागि यस पूर्व स्थानीय तहबाट राहत कार्यक्रम सञ्चालन भएका छन् र थप राहतका लागि स्थानीय सरकार र नेपाल सरकारसँग आवश्यक समन्वय भइरहेको छ । कोभिड-१९ संक्रमितको उपचारका लागि डेडिकेटेड अस्पतालहरूलाई आवश्यक उपकरण, स्वास्थ्य सामग्री, आइसोलेशन बेड, भेन्टिलेटर तथा अक्सिजन प्लान्टको लागि, प्लान्टको व्यवस्थापन गर्नको लागि रकम उपलब्ध गराइएको छ र खाद्यान्नको खरिदका लागि २५ करोड रकम प्रदेश सरकारले उपलब्ध गराउने निर्णय पनि गरिसकेको अवस्था छ । स्वास्थ्य संस्थाहरूमा आधारभूत तथा आकर्षण स्वास्थ्य सेवा कोभिड-१९ को रोकथामका लागि विभिन्न उपाएहरू, विभिन्न रणनीतिहरू अवलम्वन गरिरहेको स्थिति छ । नियमित सेवन गर्नुपर्ने निशुल्क औषधीको उपलब्धता सबै जिल्लामा रहेको अवस्था छ । प्रदेश अस्पताल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, चौरजहारी तथा सबै जिल्ला अस्पतालमा गरी जम्मा १३ सय ५६ आइसोलेशन बेड तयार भएका थप तयारीका लागि २४ वटा स्थानीय तहका रणनीतिक स्थानहरूमा १२ सय ५० बेड बनाउने गरी निर्णय भई बजेट पठाइएको र निर्माण कार्य जारी रहेको अवस्था छ ।

दैलेख जिल्लामा मात्रै २ सयभन्दा बढी आइसोलेशन बेड संख्या रहेको म यहाँ सूचित गर्न चाहन्छु । कोभिड-१९ को रोकथाम, नियन्त्रण र जोखिम न्यूनीकरणका लागि आवश्यक किट, उपकरण, सुरक्षा सामग्री लगायत अन्य सामग्रीहरूको आपूर्ति, भण्डारण र नियमित रूपमा व्यवस्थित वितरण गर्ने गरिएको छ । मानसिक स्वास्थ्य प्रबर्द्धनका लागि मनोसामाजिक परामर्श लगायतका क्रियाकलापहरू विभिन्न सरोकारवालाहरूसँगको सहकार्यमा प्रारम्भ भइरहेको छ । यस्ता क्रियाकलापहरू आइसोलेशन, क्वारेन्टीन लगायत समुदाय स्तरसम्म पुर्याउनका लागि कार्य भइरहेको छ । नेपाल सरकारसँगको समन्वयमा शान्ति सु-व्यवस्थाका लागि आवश्यक समन्वय भइरहेको छ । चोरी, डकैती, गुण्डागर्दी विगत भन्दा घटेको अवस्था छ । बलात्कार र घरेलु हिंसा जस्ता अपराधिक घटनाहरूप्रति सरकार संवेदनशिल र सचेत रहेको छ । नियन्त्रणका लागि आवश्यक समन्वय संघीय सरकारसँग भइरहेको अवस्था छ। कोभिड-१९ संक्रमितको लागि जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एम्बुलेन्स सञ्चालक समिति रहेको र सो समितिको निर्देशनअनुसार सडक सञ्जाल भएका जिल्लाहरूमा २ भन्दा बढी एम्बुलेन्सहरू सञ्चालन भइरहेको अवस्था छ । दुर्गम हिमाली पहाडी जिल्लाबाट आपतकालिन अवस्थामा राहत उद्धार गर्ने गरिएको छ । र शववाहन प्रत्येक जिल्लामा उपलब्ध गराउने निर्णय पनि भएको छ । स्वास्थ्यकर्मी र स्वास्थ्य सुरक्षाकर्मीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने गराउनका लागि भएको निर्णय कार्यान्वयनका लागि आवश्यक तयारी भइरहेको अवस्था छ ।

विश्व स्वास्थ्य संगठनको मापदण्डलाई ध्यान दिई आवश्यक व्यवस्थापन गर्ने गर्न सम्पूर्ण अस्पतालहरूलाई आवश्यक निर्देशन जारी गरिएको अवस्था छ । कोरोना रोकथाम, नियन्त्रण तथा उपचारका लागि आगामी आव ७७/७८ मा १ अर्ब ५० करोड ५८ लाख रकम चाहिँ विनियोजन गरिएको छ । विनियोजन गरिएको रकम अपुग भएमा आवश्यक रकम अन्य स्रोतबाट अन्य शीर्षकबाट रकमान्तर गरिनेछ । डाक्टरहरूलाई ५० देखि १०० प्रतिशत थप प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय क्याविनेटले गरिसकेको छ जिल्लाको अवस्था हेरेर ।

अन्तमा विश्व मानव जातिलाई त्रसित तुल्याउने जिवाणु आतंकका विरुद्ध जुध्न प्रदेश सरकारलाई सघाउने सम्मानित सदनका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय सदस्यज्यू लगायतका समस्त व्यक्तित्वहरूप्रति प्रदेश सरकार आभारी छ । यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध छ । पुनः म यो डेमोक्र्याटिक कल्चरलाई यो संस्कारलाई संस्थागत विकास गर्नको लागि कर्णाली प्रदेश सरकार हरदम तयार छ । यो यस्ता प्रस्तावहरूले कर्णाली प्रदेश सरकारको कार्य सम्पादनमा अभिभारा सम्पादनमा उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ । कर्णाली प्रदेशमा यो महामारी विरुद्धको लडाईं जो हामीले थालेका छौं, यो कोभिड जिवाणु आतंकको विरुद्धको जो एक प्रकारले हामीले मानव जातिले जेहाद छेडेको छ, त्यो जेहादलाई विजयको मन्जीलमा पुर्याउनको लागि प्रतिपक्षको पनि उल्लेख्य योगदानको अपेक्षा गरेका छौं । प्रतिपक्षले यो

कर्णाली प्रदेश सरकारमा कर्णाली प्रदेशमा रोग, भोक, अभाव र गरिबी नै प्रतिपक्ष हो भनेर पटक-पटक यस सम्मानित सदनमा यो रोष्टमबाट उहाँहरूले संकल्प जाहेर गरिरहनु भएको छ यसका लागि प्रदेश सरकार र कर्णालीबासी आभारी छन् र उहाँहरूकै प्रतिबद्धताको कार्यान्वयनको हामीले अपेक्षा पनि गरेका छौं । उहाँहरूले कार्यान्वयन पनि गर्दै आइरहनु भएको छ र जताहरूले वास्तवमा कर्णाली प्रदेश सरकारबाट पनि यतिबेला संकटको घडीमा यो महामारीका विरुद्ध जुध्नका निम्ति निकै ठुलो अपेक्षा गरेको छ । प्रतिपक्षहरू जो हामी प्रतिपक्षको टेबुलमा वसिरहनु भएका यो दीर्घामा बसिरहनु भएका माननीय सांसदज्यूहरूबाट पनि यो प्रदेशले निकै ठुलो अपेक्षा गरेको छ । सत्तापक्ष र प्रतिपक्षको विभाजन रेखा कोरेर रेखांकन गरेर यो महामारी विरुद्धको लडाईं यो जेहादमा सफलता हासिल हुन सक्दैन भन्दै पुनः यो सार्वजनिक यो महत्वको यो जरुरी महत्वको यो प्रस्तावको कार्यान्वयनका लागि सरकार र यहाँहरू समस्तको खासगरी यो सम्मानित सदनका माननीय सदनमा प्रतिनिधित्व गर्ने सहभागी हुनुभएका समस्त माननीय सदस्यज्यूहरूको सहयोगको अपेक्षा पनि म सरकारको तर्फबाट गर्दछु भन्दै म आफ्नो यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव उपरको धारणा यहीँ बिट मार्ने अनुमति चाहन्छु, हवस धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, उक्त प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार ७ गते आइतबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

**(वि.सं. २०७७ साल असार ७ गते आइतबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको अठारौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चात्का निर्णय र प्रतिवेदन सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापालाई समय दिन्छु ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ कोप्रतिवेदन पेश गर्न अनुमति चाहन्छु । अँ माननीय सभामुख महोदय सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभा सचिवालयमा मिति २०७५ चैत्र १० गते दर्ता भई मिति २०७५ चैत्र १५ गते सभामा छलफलका लागि टेबुल भएको थियो । मिति २०७५ चैत्र १९ गते प्रदेश सभामा भएको सैद्धान्तिक छलफल पश्चात मिति २०७५ चैत्र २४ गते सभाबाट थप छलफलका लागि सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएको थियो । मिति २०७५ चैत्र २१ मा बसेकोप्रतिवेदनप्रति प्रदेश सभाको बैठकको निर्णयानुसार सार्वजनिक र निजी क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्राप्त भएकोमा सो विधेयक माथि दफावार छलफल गर्नका लागि मिति २०७६ भाद्र २३ गते पहिलो बैठक सुरू गरेका थियौं। हामीले भाद्र २९ गते, पौष ८ गते, पौष १२ गते, माघ २६ गते, फागुन २१ गते, ७७ जेठ ६ गते र ७७ अषाढ ७ गते समितिको बैठक बसेको थियो । यस विधेयक माथि छलफल गर्न २०७६ फागुन २१ गते प्रदेश सभा सदस्यमा माननीय सिता नेपालीज्यूको संयोजकत्वमा विधेयकलाई परिष्कृत गरी पेश गर्न कार्यदिश दिई एक उपसमिति गठन गरिएको थियो यस विधेयकउपर आवश्यक छलफल गर्न उपसमितिको बैठक संख्या ५ गरी जम्मा १३ पटक बैठक बसी संशोधन प्रस्ताव परी व्यापक छलफल गरिएको थियो । सार्वजनिक र निजी साझेदारीसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि यस समितिमा भएको दफावार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनु भएको सुझावपश्चात यो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू समितिका माननीय सदस्यज्यूहरू संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू र सम्बन्धित मन्त्रालयका सचिव यस समितिका सभा हलमा सुर्खेत जिल्लाको सहकारी क्षेत्र, उद्योग वाणीज्य संघ, कानून व्यवसायी संघ, संसद सहयोग परियोजना, कर्णाली फाउण्डेशनलगायतका विषयमा विज्ञहरूसँग छलफल गरिएको थियो यस

विधेयकउपर जनताको राय सुझाव संकलन गर्ने क्रममा जुम्ला जिल्लामा विभिन्न कार्यालयका कर्मचारी तथा प्रमुख स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा सहकारी क्षेत्रसँग सम्बन्धित पदाधिकारी, उद्योग वाणिज्य संघ क्षेत्रसँग सम्बन्धित पदाधिकारीसमेतको अन्तरक्रिया कार्यक्रममार्फत् बृहत छलफल गरिएको थियो । यस विधयेकलाई परिष्कृत रूपमा यस सभा समक्ष पेश गर्न यस समितिमा विभिन्न मितिमा भएका छलफलको क्रममा सक्रिय रूपमा सहभागी हुनु भएका माननीय मन्त्रीज्यू संशोधनकर्ता माननीय सदस्यज्यूहरू विषयविज्ञ रलगायत अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी राय सुझाव प्रदान गर्नु भएकोमा उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै विधेयकउपरप्रतिवेदन तयार गरी महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समितिका सचिवालयका कर्मचारी तथा सम्बन्धित मन्त्रालयका कर्मचारीप्रति धन्यवाद दिन्छु । यसैगरी समितिका काम कार्यवाहीको सन्दर्भमा मार्गदर्शन आवश्यक निर्देशन समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुख, उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । माननीय सभामुख महोदय समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बन्ध सम्बद्ध विषयवस्तुहरूमा विधेयकको आवश्यकता र महत्व र औचित्यको आधारमा दफाबमोजिमका क्रमसंख्या र एक देखि ५९सम्मको संशोधन प्रस्तावसहितकोप्रतिवेदन सम्मानित सभामा पेश गर्ने समितिको सर्वसम्मत् निर्णय भएबमोजिम संशोधन प्रस्तावसहितकोप्रतिवेदन सम्मानित सभामा पेश गर्न चाहन्छु धन्यवाद । यसमा हामी समितिका नौं जना सदस्यहरू हुनुहुन्छ । माननीय अम्मरबहादुर थापा- अध्यक्ष, अमृता शाही-सदस्य, कुर्मराज शाही- सदस्य, दानसिंह परियार- सदस्य, यामलाल कँडेल- सदस्य, वीरबहादुर शाही- सदस्य, शोशिला शाही- सदस्य, र हिमबहादुर शाही-सदस्य भएको योप्रतिवेदन म उहाँहरूले पनि निकै दुख मिहिनेत समितिको तर्फबाट पनि धेरै हामीले दुख गरेर यसलाई अहिले धेरै लामो समय पछि भएपनि यो विधेयकको आकार प्रकृतिनै परिर्वतन गर्नुपर्ने साझेदारी विधेयक भएको एकातिर यो सरकारको स्वामित्वमा भएको हुनाले यसलाई व्यापक छलफल गरेर हामीले यो विधेयकलाई अब प्रदेश सरकारलाई लगानी भित्र्याउनलाई सहज हुने तरिकाले यो विधेयकमा हामीले संशोधन गरेर पेश गरेका छौं । यो विधेयक म यहीं अँ पेश भयो जानकारी गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई प्रदेश औद्योगिक व्यवस्थाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ५१ (घ)(६) मा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रबर्द्धन गर्दै वस्तु तथा सेवाको बजारी विधिकरण र

विस्तार गर्न व्यवस्था रहेको संविधानको अनुसूची-६ को क्रमसंख्या २० मा कृषि तथा पशु विकास कलकारखाना औद्योगिकीकरण व्यापार व्यवसाय यातायातसम्बन्धी विषय रहेको र संविधानको उपधारा ५७ को उपधारा (२) मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेशको औद्योगिक वातावरणलाई लगानीमैत्री  बनाई उत्पादक तत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न प्रदेशमा उपलब्ध प्राकृतिक भौतिक तथा मानवीय स्रोतको सन्तुलित तथा अधिकतम उपयोग गरी उद्यमशिलता तथा लगानी प्रबर्द्धन एवम् दीगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशिल रप्रतिस्पर्धि र दीगो अर्थतन्त्र निमार्णका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय सिताकुमारी नेपाली समय ७ मिनेट यसपछि माननीय दीनबन्धु श्रेष्ठ तयार रहनु होला ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख, महोदय प्रदेश औद्योगिक व्यवस्थापन व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि हामी सैद्धान्तिक छलफल गरिरहेका छौं । यो विधेयक कर्णाली प्रदेशमा पहिलो पटक पेश भएको छ । सातवटा परिच्छेदमा दफा ५७ अनुसूची-८ वटा बनाएर यो विधेयक पेश गर्नु भएको छ । कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूलाई माननीय सभामुखज्यू मार्फत\ धन्यवाद दिन चाहन्छु । प्रदेश औद्योगिक व्यवस्थापन सम्बन्धित विधेयक माथि हामी जसरी छलफल गरिरहेका छौं अवश्य पनि उद्योगको विकास नगरिकन कर्णाली प्रदेश विकास पनि हुन सक्दैन र यो विधेयकमा उद्योग व्यवसाय दर्ता सञ्चालनको प्रक्रियागत कुराहरू आएको छ तर यतिले मात्र त कानून पूर्ण हुँदैन होला उद्योग व्यवसाय प्रबर्द्धन गर्न उद्योग व्यवसायलाई प्रोत्साहन गर्नका लागि व्यवस्थापनको विषय पनि आउनुपर्छ । व्यवस्थापनको विषय भएन भने उद्योग दर्ता र सञ्चालनले मात्रै हुन सक्दैन कर्णाली प्रदेशमा कर्णाली ब्रान्डका उद्योगहरूको आवश्यकता छ । जडिबुटी वन पैदावार कृषिजन्य निमार्ण सामग्री ठुला मझौला साना घरेलु कुटिर उद्योगहरूलगायत यातायात व्यापार व्यवसायका क्षेत्रमा उद्योगहरूको अति आवश्यक छ र दीगो र दीगो अर्थतन्त्रको लागि मात्रै होइन आत्मनिर्भर अर्थतन्त्रको लागि पनि यो विकास गर्नुपर्ने आवश्यकता छ आत्मनिर्भरताका लागि उद्योगधन्दा कलकारखाना नभईकन हुँदैन र त्यसका निम्ति अझ विशेष गरेर कच्चा पदार्थमा आधारित उद्योगहरू अत्यन्त जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु । सभामुख महोदय, नेपालमा जुन राष्ट्रिय उद्योगहरू थिए ती राष्ट्रिय उद्योगहरूको निजीकरणसँगै नेपालको अर्थतन्त्रमा गम्भीर असर

पारेको कुरा छ त्यसैले अर्थतन्त्रमा अर्थतन्त्रलाई दीगो बनाउनका निम्ति पनि उद्योगधन्दा कलकारखानाहरू अति आवश्यक छ र कर्णाली प्रदेशले कर्णाली प्रदेशको आवश्यकतालाई मध्येनजर गर्दै यो विधेयक ल्याएको छ र यो विधेयकले अवश्य पनि त्यसको बाटो खोलेको छ । सभामुख महोदय,उद्योग दर्ता भएर पनि पुग्दैन भन्ने कुरा मैले अघि पनि भनेको छु । उद्योगको व्यवस्थापन गर्न उद्योगको स्थायित्व र निरन्तरताका लागि पनि सरकारले ग्यारेन्टि गर्नुपर्ने हुन्छ । उद्योग भन्ने बित्तिकै उद्योगको क्षेत्र जोखिमको क्षेत्र पनि हो । यो जोखिमको क्षेत्रमा लगानी गर्ने कुरामा अलि समस्या पनि हामीले देखिरहेका छौं । जहाँ जोखिम कम हुन्छ त्यहाँ लगानी गर्ने गरिन्छ जोखिमको क्षेत्रमा लगानी अलि नगर्ने पनि हामीले देखेका छौं जस्तो अब यो जोखिमको क्षेत्रमा सरकारले कति सहयोग गर्न सक्छ त जस्तो संघीय सरकारले उद्योगको क्षेत्रमा विद्युत महशुलहरू छुट गर्न सक्छ । त्यो अधिकार छ संघीय सरकारलाई भन्सार छुट गर्न सक्छ तर प्रदेशलाई त्यो अधिकार भए जस्तो मलाई लाग्दैन त्यसैले उद्योगको स्थायित्व र निरन्तरताका निम्ति पनि प्रदेश सरकारले भन्सारमा लाग्ने जुन कर छ त्यसलाई कुन तरिकाले छुट गर्नुपर्ने त्यसमा कसरी सहयोग गर्न पर्ने त्यो छुट गर्नका निम्ति रकम व्यवस्थापन गरेर गर्न सकिन्छ कि कसरी गर्न सकिन्छ भन्ने कुरामा पनि अलिकति कर्णाली प्रदेश सरकारले यसलाई ध्यान दिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । त्यस्तै यो चुनौतीपूर्ण क्षेत्र पनि हामीले भनेका छौं र चुनौतीपूर्ण क्षेत्रमा जोखिमपूर्ण क्षेत्रमा सरकारले कति सब्सिडि दिन्छ त सरकारले सब्सिडिको व्यवस्था गर्न सक्छ कि सक्दैन सरकारले सब्सिडि दिने व्यवस्था गरे भने अवश्य पनि उद्योगधन्दा कलकारखानाहरू खुल्नेछन् र त्यो निरन्तर रूपमा सञ्चालन हुनेछन् । उद्योगधन्दा कलकारखाना दर्ता गरेर मात्रै हुँदैन त्यसको निरन्तर सञ्चालनका निम्ति पनि त्यो आवश्यक छ हामीले देखेका छौं इस्टक परिचालन केरे पूँजी परिचालन गर्ने गरी उद्योगधन्दाहरूमा लगानी हुनुपर्छ तर हामी देखिरहेका छौं पूँजी इस्टक हुने गरी जस्तो घर घडेरीमा जसरी पूँजी परिचालन भइरहेको छ । त्यो पूँजी इस्टक भइरहेको छ त्यो घर-घरेडीमा लगानी गर्दाखेरि निश्चित मान्छेहरू त सम्पन्न होलान् तर कलकारखाना उद्योगधन्दामा पूँजी लगानी गरियो भने थुप्रै रोजगारीहरू सिर्जना हुन्छन् थुप्रै रोजगारहरू स्वरोजगारहरू स्वरोजगार बन्न सक्छन् र आम मानिसको जीवनस्तर पनि बदल्न सकिन्छ त्यसैले पूँजी इस्टक हुने ठाउँमा होइन पूँजी परिचालन हुने गरी रोजगारी सिर्जना हुने गरी उद्योगसम्बन्धी कानून जो हामी यो विधेयकको रूपमा यहाँ आइरहेको छ यो विधेयक त्यो रूपमा अगाडि बढने छ र सँगैसँगै नीति नियमहरू पनि प्रष्ट हुन जरूरी छ उद्योगधन्दा कलकारखानासँग सम्बन्धित राज्यको कानूनहरू प्रष्ट नहुँदा नीति नियमहरू प्रष्ट नहुँदाखेरि त्यो क्षेत्रमा लगानी एकदम कम भइरहेको अहिलेको वस्तुगत यथार्थता हो । त्यसले गर्दाखेरि नीति, नियम र कानून प्रष्ट हुन जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु । सभामुख महोदय, यो विधेयक आएको छ र यो विधेयकसँगै कर्णाली ब्रान्डका सामाग्रीहरू वस्तुहरू निमार्ण सामाग्रीहरू औजारहरू चाहिँ उत्पादन गर्न कुरामा उद्योगको प्रबर्द्धन प्रोत्साहन र व्यवस्थापनमा थप ग्यारेन्टि गर्ने गरी सब्सिडिसहितका प्रष्ट व्यवस्था सब्सिडिसम्बन्धी व्यवस्था गरी कानून

बन्ने छ । कानून आत्मनिर्भर र निर्यात गर्ने गरी कर्णालीको आम्दानीको स्रोत सिर्जना हुने गरी कार्यान्वयन कानून कार्यान्वयन हुने गरी बनोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । साथै, यो विधेयकको दफावार छलफलमा हामी संशोधन पछिनै दफावार छलफलबाट यलाई संशोधित गरेर कर्णालीको आवश्यकताको विधेयक त्यो कानून निमार्ण गर्ने छौं भन्ने कुराको विश्वास व्यक्त गर्दै आफ्नो भनाइ यहीँ अन्त्य गर्छु, हवस्त धन्यवाद अभिवादन ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अब माननीय श्री दीनबन्धु श्रेष्ठ, यसपछि माननीय श्री कौशिलावती खत्री तयारी अवस्थामामा रहनु होला ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज हामी प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल गर्दैछौं । मुलतः विधेयक र कानून भन्ने कुराले एउटा धेरै ठुलो महत्व राख्छ र यले दीर्घकालीन महत्व पनि राख्छ हामी कानून बनाउँदै छौं यो कानून बनाउँदाखेरि विशेष गरेर हामीले भोलि आईपर्ने कुराहरूलाई अलि ध्यान दिन जरूरी छ हचुवाको भरमा हामीले अब विधेयकहरू कानूनहरू बनाउँदै गयौं भने भोलि त्यले दिने परिमार्ण कस्तो आउँछ त्यतातिर पनि विशेष गरेर सोच्न पर्ने जरूरी छ तर यो विधेयक धेरै ठुलो पनि छ र सरसरी हेर्न पनि त्यति भ्याईएन म धेरै व्याख्यामा पनि जान्न विधेयकले मैले अघि भने यले दीर्घकालीन कर्णाली प्रदेशलाई कता लैजाने हो उद्योगसम्बन्धी छ विकास निमार्णका लागि यले कस्तो किसिमको मार्गनिर्देशन गर्ने हो त्यले पनि महत्वपूर्ण पाटो हो एउटा यो विधेयक कर्णाली प्रदेशको आन्तरिक औद्योगिक तथा रोजगारका अवस्थालाई अध्ययन नगरी ल्याएको जस्तो मैले अनुभव गरेको छु जति अध्ययन गर्नुपर्थ्यो यलाई छलफल गरेर आउनुपर्थ्यो त्यसरी आएको जस्तो मलाई लागेन यसलाई अझ ध्यान दिनुपर्छ जस्तो मलाई लाग्दछ । अब म यहाँ संक्षिप्तमा केही नीतिगत सुझाव यो सैद्धान्तिक छलफलमा राख्न चाहन्छु । यलाई व्याख्या गरेर समय पनि पुग्दैन म यसमा औद्योगिक तथा उद्यमसम्बन्धी पूर्वाधारको विकासमा ध्यान दिनुपर्ने कुराहरू जस्तै हामीले के-के कुरालाई ध्यान दिनुपर्छ यातायात गोदाम कच्चा पदार्थ आयात तथा उत्पादक उर्जा र मानव संशाधनको विकास जस्तै तालिम व्यवस्थापकीय कौशलता प्रविधिक शिक्षा उद्यमशिलता वित्तीय पहुँच बैंक कर्जा र बीमा यी कुराहरूलाई पनि हामीले ध्यान दिनुपर्दछ र अर्को औद्योगिक प्रशासन र व्यवस्थापन नीति र व्यवस्थापन गर्ने कुरामा पनि हामीले विशेष ध्यान दिनुपर्छ त्यसको लागि त्यस क्षेत्रमा हामीले जस्तै सरकारको क्षमता र सरकार इच्छुक पनि हुनुपर्‍यो त्यसको लागि र अर्को कुरो प्रशासकीय ढाँचाहरू कस्तो हुने उद्यम वर्गीकरण कस्तो हुने बजार सञ्जाल निमार्ण कस्तो हुने कर तथा शुल्कमा सहुलियतमा ध्यान दिन जरूरी छ । यी कुराहरू आवश्यक पर्छ उद्योगधन्दा कुनैपनि हामीले कार्यक्रम पर्यटनको क्षेत्रमा

होस् अन्य क्षेत्रमा यी कुराले यदि ध्यान दिएन भने यो प्रभावकारी हुन सक्दैन अगाडि जान सक्दैन । अब यहाँनिर अर्को कुरा जोड्न चाहन्छु । लघु, साना तथा मध्यम उद्यमको प्रबर्द्धन र संरक्षण एवम् सञ्चालनमैत्री नीति हुनु पर्दछ यतापनि ध्यान दिन जरूरी छ, स्थानीय तह र प्रदेशमा कुन-कुन क्षेत्रलाई कुन-कुन उद्यमलाई हामीले प्राथमिकता दिने हो औद्योगिक उद्यममैत्री वातावरणको सिर्जना र आकर्षणको व्यवस्था गर्न पनि जरूरी छ । यसमा स्रोत परिचालनमा क्षेत्रमा वृद्धि स्थानीय तहमा स्रोत र बजारमा पनि ध्यान दिनुपर्ने हुन्छ । हामीले विशेष गरेर उद्योगधन्दाका लागि स्थानीय स्रोतमा के छ र त्यसको बजार व्यवस्थापन हामी के गर्न सक्छौं यलाई पनि ध्यान दिन जरूरी छ । र अर्को यलाई हामीले के जोड्नु पर्छ भने उद्योगधन्दाको सँगसँगै हाम्रो उद्देश्य केहो भने गरिबि न्यूनीकरण गर्ने रोजगारीमा वृद्धि गर्ने यलाई प्रभावकारी गराएर अगाडि बढाउन सक्ने किसमको उद्योगधन्दालाई विशेष प्रथामिकता दिनुपर्छ जस्तो लाग्छ र अन्तरप्रदेशमा पनि समन्वय गर्न जरूरी छ । एक प्रदेशबाट अर्को प्रदेशमा पनि उद्योगधन्दा हामीले स्थापना गर्दा त्यसमा उत्पादन हुने कुराहरू धेरै कुराहरू आउलान् बजार व्यवस्थापनका कुराहरू आउलान् अन्य कुराहरू पनि आउलान् यलाई पनि अलिकति ध्यान दिन जरूरी छ र वातावरणीय प्रभावमा पनि धेरै महत्व लाग्छ हामी उद्योगधन्दा स्थापना गर्छौं यलाई वातावरणमा ल्याउने यसमा पनि ध्यान दिन जरूरी छ। अब जलवायू अनुकुल र दीगो प्रकृतिक स्रोत व्यवस्थापनमा विशेष ध्यान दिन जरूरी छ । यदि यलाई ध्यान दिएनौं भने कयौं उद्योगधन्दाहरू हेऱ्याछौं हामीले वातावरणको कारणले पनि विभिन्न कारणले पनि उद्योगधन्दा सञ्चालनमा बाधा र उद्योगधन्दाले त्यहाँको समुदाय क्षेत्रलाई नै नकारात्मक असर परेको छ । यतातिर पनि यो विधेयकमा ध्यान दिनपर्छ जस्तो मलाई लाग्दछ औद्योगिक व्यावसायिक कृषि र नीति बीचमा सन्तुलन हुनपऱ्यो हामीले औद्योगिक व्यवसाय नै कृषिमा पनि सन्तुलन भएन भने हामीलाई काम गर्न गाह्रो हुन्छ । त्यो किसिमले पनि यलाई समेट्न पर्छ जस्तो लाग्छ मलाई पूर्वाधार विकासमा ठुला उद्यम र अन्यमा लघु साना र मध्यम उद्यमलाई प्राथमिकता जरूरी छ । र अब यो हामी उद्योगधन्दा सञ्चालन गर्दा पनि यो हामीले विशेष ध्यान दिनुपर्ने के हो भने आर्थिक वृद्धिदर र रोजगारलाई सबै क्षेत्रमा सन्तुलित किसिमले हेरेका छौं कि छैनौं ? कर्णाली प्रदेशभरिका हामी सबै क्षेत्रलाई सन्तुलित हिसाबले हेर्न जरूरी छ ताकि भोलि हामीले यलाई यो नीजि क्षेत्रलाई पनि हामीले उद्योगधन्दामा एउटा विशेष ध्यान दिनु पर्ने के हो भने लगानीमैत्री गरेर निजी क्षेत्रलाई आर्कषण गरेर हामीले बढी भन्दा बढी लगानी गरेर एउटा प्रोत्साहन दिएर कर्णाली प्रदेशमा ल्याउने वातावरण पनि बनाउनु पर्दछ । र यो विधेयक बनाउँदाखेरि विशेष ध्यान दिनुपर्ने कर्णाली प्रदेशको हाम्रो वातावरण कस्तो छ कर्णाली प्रदेशले चाहेका विकास निर्माण के हुन् । कर्णाली प्रदेशमा हामीले स्थापना गर्दा उद्योगधन्दा कति सार्थक र प्रभावकारी हुन्छ त्यसले भोलि कर्णाली प्रदेशको एउटा आर्थिक समृद्धि र विकास निमार्णमा कति ख्याल गर्छ । त्यलाई पनि हेर्न जरूरी छ । यो एउटा विधेयक कानून हो यलाई एउटा हामीले हचुवाको भरमा अगाडि ल्यायौं भने त्यो प्रभाकारी हुँदैन त्यसले गर्दा यसमा विशेष गरेर ध्यान दिन म

आग्रह गर्छु । मेरो सुझावहरू अहिलेलाई यो अर्को अन्त्यमा के भन्छु भने भोलि दफावार छलफलमा पनि हामी कुराहरू राखौंला । यसमा कतिपय कुराहरू किताब धेरै ठुलो छ तर यलाई अलि छिटोछरितो र प्रभावकारी ढङ्गले ल्याउनु पऱ्यो हामीले विभिन्न कुराहरू समेटेर मात्रै त्यो प्रभावकारी हुँदैन त्यो कार्यान्वयन हुँदैन विधेयक कानून बनाउँदा हामीले संविधानलाई पनि ध्यान त दिनुपऱ्यो तर त्यो छिटोछरितो गरेर हामीले त्यो भोलि गएर काम गर्न सहज वातावरण कसरी बन्छ त्यतातिर पनि ध्यान दिन जरूरी छ त्यसो भयो भने उद्योगधन्दाले आफ्नो किसिमको लक्ष्य प्राप्त गर्न सफल हुन्छ भन्ने विश्वास राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुखः-**माननीय श्री कौशिलावती खत्री । यसपछि माननीय श्री पद्मा खड्का तयार रहनु होला ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलको क्रममा छौं । यसको लागि असाध्यै मिहिनेत गरेर कर्णाली प्रदेश सरकारको यो विधेयक ल्याउने विभागीय मन्त्रीलाई म धन्यवाद दिन चाहन्छु । अवश्य पनि कानून समाज अनुशासित समाज निमार्ण गर्नको लागि एउटा लिखित दस्तावेज हो यो यसलाई सबलसँग कार्यान्वयन गर्न सकियो भने अनुशासित र सभ्य समाज निमार्ण गर्न सकिन्छ भन्ने मेरो ठम्माई छ । यो विधेयकले हामीले साथ चाहिँ कर्णालीको सापेक्ष्यमा कर्णालीको भेषमा यो विधेयकलाई ल्याएर कर्णालीका जनताले बुझ्ने गरी कर्णालीका जनताले बुझ्ने गरी अपनत्व कायम हुने गरी यो विधेयक ल्याएर साँच्चै कार्यान्वयन गर्न सक्यौं भने र उद्योग व्यवसायमार्फत् कर्णाली प्रदेशले आफ्नो आन्तरिक सडक बढाउन सक्नेछ र केही मात्रामा भएपनि हाम्रो आन्तरिक स्रोत यो हो भनेर गर्व गर्न सक्ने छ भन्ने मेरो विश्वास पनि छ । सभामुख महोदय तर पनि कानून निमार्ण गर्दा सरकार यति किन स्वेच्छाचारी भएको छ यो मेरा प्रश्न हो । किनभने यहाँ समिति संसदीय समितिमा सुझाव दिने क्रम जारी छ यहाँ प्रत्येक विधेयकमा माननीयज्यूहरूले सुझाव दिने क्रम जारी छ तैपनि सरकार घरि-घरि त्यहीँ कार्य दोहोऱ्याएर ल्याउँछ जो विधेयकमा ल्याउन हुँदैन थियो प्रत्यायोजित व्यवस्था प्रत्येक बुँदामा प्रत्यायोजनको व्यवस्थाको व्यवस्था हुनेगरी यो विधेयक ल्याएको छ । यो विधेयकले साँच्चै कर्णाली प्रदेशका जनतालाई छुन सक्छ संघीयता भनेको जनताले प्रत्यक्ष अनुभव गर्ने शासन प्रणाली हो । केन्द्रिकृत मानसिकतामा पनि आएको विधेयकले के कर्णाली प्रदेशका जनतालाई छोएर यो विधेयक लागु हुनसक्छ । साँच्चै कर्णाली प्रदेशमा सञ्चालन भइरहेको यहीँ विधेयकअनुसार कर्णाली प्रदेशमा सञ्चालन गर्ने उद्योग र व्यवसाय यहीँ विधेयकमार्फत् हामीले लागु गर्यौं भने हामीले के साँच्चै कर्णालीको मुहार फेरिएला जनताले लाभ गर्न सक्लान् त । सभामुख महोदय यो विधेयक सरसर्ति हेर्दा यहाँ यो विधेयकमा व्यवसाय सञ्चालन गर्न र तिनले व्यवसाय सञ्चालन गरेमार्फत् विगारेमार्फत् धेरै ठाउँमा दण्ड जरिवानाको परिकल्पना गरिएको छ र दण्ड जरिवानाको व्यवस्था गरिएको छ

तर व्यवसायलाई उद्योग सञ्चालन गर्नेहरूलाई प्रोत्साहन केहो सरकारले कहाँ दिन सब्सिडिवा त ढुवानीमा हो वा त बजारीकरणमा हो र सरकार छ है भनेर उत्साहजनक उद्योग सञ्चालन गरेर एउटा सरकारलाई र व्यवसायलाई फाइदा हुने र आफ्नो प्रदेशको उत्पादन यो र आत्मनिर्भर प्रदेश बनाउने उत्सुकता जाग्नको लागि सरकारले कुनैपनि यहाँ व्यवस्था नगरेको तोकिएर व्यवस्था नगरेको छ जस्तो देखिन्छ र सरकारले निजी उद्योगहरूलाई मात्रै लक्षित गरेर यो विधेयक बनाएको जस्तो लाग्छ । आफ्नो उद्योग सरकारी उद्योगको पनि परिकल्पना गरेर यसलाई नियमन गर्नुपर्ने हुन्थ्यो किनभने सरकारी उद्योग सरकारको आफ्नो उद्योग हो आफ्नो केही पूँजी लगानी गरेर यहाँ साझेदारी निजीसँग साझेदारी गरेर पनि उद्योग सञ्चालन गरेको भए सरकारको आफ्नै आय स्रोतको बाटो हुन्थ्यो । यसको लागि पनि विधेयकमा सरकारी उद्योगका लागि गरिने नियमनको लागि पनि व्यवस्था हुनुपर्छ भन्ने मेरो ठम्माई छ । सभामुख महोदय अवश्य पनि उद्योग त्यसै चल्दैन उद्योग चल्नको लागि त्यहाँ श्रमिक मजदुरहरू पनि हुन्छन् असाध्यै वर्ग पक्ष दर्ताको कुरा गर्छौं वर्ग पक्ष दर्ताका कम्युनिष्ट सरकार हो पनि भन्छौं तर यहाँ खई त्यहाँ सामान्य उद्योगमा काम गर्न ती श्रमिकहरूको ज्यालालगायत बीमाको ग्यारेन्टि गरेको जहाँ उनिहरूले आफ्नो जीवनभरी कामा गर्छन्फर्कदाखेरि खालि हात फर्कन्छन् र बुढौंलीमा उनलाई जीवन धान्न गाह्रो हुन्छ । यो व्यवस्था पनि विधेयकमै स्पष्ट रूपमा गरिनुपर्छ भन्ने मलाई लागेको छ । सभामुख महोदय, व्यवसाय त्यसै हुँदैन यसै त कर्णालीमा लगानी गर्न मान्छे डराएको छ । कर्णालीमा हामीले सरकारले मात्रै लगानी गरेर यस्ता उद्योगहरू साना मझौलामा साना उद्योग सञ्चालन गर्न नसकुला मझौला उद्योग र ठुला उद्योगहरू हामी आफ्नै लागतले सञ्चालन गर्न अलि असम्भव छ अहिले झन विश्व कोरोनाले आक्रान्तित भएको बेला झन गाह्रो छ त्यसैले परिकल्पना साझेदारीको र निजी क्षेत्रको पनि गर्नुपर्छ र उहाँहरूलाई प्रोत्साहन कसरी गर्न अनुदान दिएर हुन्छ कि वा त हामीले जुन उद्योग सञ्चालन गर्नको लागि आफ्नै जग्गा वा जग्गा व्यवस्थापन गर्नको लागि एकदमै कठिन छ भूमि आफ्नो कर्णाली प्रदेश सरकारको मातहतमा छैन यो कसरी सुल्झाउन सकिन्छ व्यवस्था आफ्नै जग्गामा व्यवसाय गर्नको लागि यो सुल्झाउनको लागि पनि विशेष पहल गर्नु पर्ने हुन्छ । यसरी यो विधेयकलाई धेरै परिमार्जित दफावार छलफलमा जो हामी भाग लिन्छौं त्यसलाई मनन् गरेर एकदम परिष्कृत गरेर सुधारिएर यो विधेयक ल्याए भने यसले अवश्य पनि कर्णाली प्रदेशले तुरुन्त तुरुन्तै त नभनौं केही समयमा कर्णालीको आफ्नै राजश्व हुनेछ । हामीलाई आफ्नो आयस्रोत छ भन्ने गौरव गर्न लायक पनि हुने छ । अर्को कुरा म त अचम्म लाग्छ कहिले सरकारले यात नगनेको यात नसुनेको यस्ता सुझाव दिदाँ दिदैं पनि कहिलै पनि विधेयकहरू परिमार्जन भएर आएनन् जहिले पनि भएन भनेर जान पर्ने जहिले पनि आफ्ना मतहरूमा अलि कोल्टो भएर बोल्नुपर्ने स्थिति आउँछ । अबदेखि यसरी विभिन्न विधेयक खालि-खालि आफ्नो मनोवाद् रूपमा प्रत्यायोजित रूपमा निखार हुने कुरा गरी सरकारले नल्याओस् भन्थे बुढापाकाले मलाई अहिले त्यो पनि मलाई पनि लाग्न थाल्यो सत्ता र पत्ताका नसा लागेकाहरूले नजिक र टाढाँ केही देख्दैनन् हो रहेछ जस्तो

मलाई लाग्न लाग्यो किनभने आफू त न सत्ताको अनुभव गर्न पाइयाछ नत पत्ताको अनुभव गर्‍यो अहिले हो जस्तो लाग्यो किनभने सरकारले ल्याउने विधेयक र बजेटमा पनि यस्तो कुरा देखिएको हुनाले मलाई यो अनुभुति भएको छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का । यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार रहनु होला ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय आज छैठौं अधिवेशनको १८ औं यो बैठकमा प्रदेशको औद्योगिक व्यवसायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकबनेको विधेयक माथि सैद्धान्तिक छलफलमा म उभिरहेको छु । सैद्धान्तिक छलफलमा उभिरहँदा यो विधेयकले हिड्न खोजेको बाटो यो विधेयकले ल्याइरहेको पन्छाइरहेको उद्योग र विभिन्न किसिमका औद्योगिक क्षेत्रहरू र कलकारखानाहरू यो सबैलाई नियमन दर्ता र खारेजी विभिन्न खालका प्रक्रियाहरूमा ल्याइरहेका जुन बुँदालाई मैले सुझावको रूपमा यहाँ आफ्ना केही भनाईंहरू राख्न चाहन्छु । सभामुख महोदय, प्राप्त सम्भावना र अवसरको उपलब्धता भएको यो कर्णाली प्रदेश र यसैमा पनि धेरैभन्दा धेरै सम्भावना भएका त्यस्ता भागहरू स्थानहरूलाई विभिन्न मापदण्ड बनाई उद्योग गराऔं औद्योगिक क्रसर औद्योगिक क्षेत्र विशेष क्षेत्र औद्योगिक करिडोर र विभिन्न लघु तथा साना मझौला उद्योगहरूलाई यसले एउटा यो विधेयकले समेट्न सक्नेछ भन्ने एउटा आधार निमार्ण गरेको छ र यसमा मलाई के लाग्छ भने अहिलेसम्म हेर्दा कर्णाली प्रदेशको प्रदेशभरिको लघु तथा विभिन्न उद्योगहरूको दर्ता हेर्दाखेरि १९ हजार ५ सय ५० अहिलेसम्म यहाँ दर्ता भइरहेको अवस्थामा छ भने सुर्खेतको मात्रै हेर्दा ६ हजार ३ सय ४३ उद्योगका विभिन्न सेक्टरहरू दर्ता भएका छन् तर आज हामीले यो विधेयक बनाउने जुन अहिलेसम्म पनि यो २ वर्षको अन्तरालमा हामीले यो समयलाई अलि ढिलो पनि गर्यौं कि भन्ने मलाई लागिरहेको छ । यी दर्ता भइरहेका जुन उद्योगहरूलाई नियमन गर्नुपर्ने स्थानान्तरण गर्नुपर्ने र विभिन्न उद्योगहरूका आफ्ना व्यवसायहरूका मूल्य वृद्धि जस्ता विभिन्न शीर्षकहरू यो उद्योगले समेटेको छ तर केही बुँदाहरूलाई यले कसरी समटेको छ भन्दा धेरै भन्दा धेरै अँ दण्ड सजाय र जरिवानाका कुरालाई यसले चाहिँ बोलेको छ र विभिन्न शीर्षकहरू बोलेको छ तर त्यो शीर्षकहरू धेरै राख्न त्यति उत्तम हो जस्तो मलाई लाग्दैन किनभने एउटा शीर्षकले धेरै उद्योगहरू धेरै कलकारखानाहरूलाई यसले समेटेको छ । त्यो धेरै दोहोर्‍याएर राख्नुपर्छ जस्तो मलाई लाग्दैन र यसैगरी यस विधेयकले घरेलु उद्योगको विभिन्न प्रकृति घरेलु उद्योगमा १५ प्रकृतिका घरेलु उद्योगहरू यस विधेयकले बोलिरहेको छ र उर्जामूलक उद्योगलाई ६वटा उर्जामूलक हाम्रो प्रदेशमा हुन सक्छन् भन्ने एउटा परिकल्पना गरेको छ । त्यसै कृषि तथा वन पैदावारमा आधारित उद्योग २६ वटा छन् हाम्रो यस कर्णाली प्रदेशमा र हामीले यिनलाई दर्ता र नियमन गर्न सक्छौं भन्ने कुराको परिकल्पना गरिरहेको छ त्यस्तै पूर्वाधारसम्बन्धी २० वटा खालका पूर्वाधारसम्बन्धीका उद्योगहरू हामीले दर्ता र नियमन गर्न सक्छौं भन्ने कुरा परिकल्पना गरिरहेको छ । त्यस्तै पर्यटनसम्बन्धी १० वटा उद्योगहरू यसले परिकल्पना

गरेको छ त्यसैगरी सूचना सञ्चारसम्बन्धी २५ वटा उद्योगहरू हामीले खोल्न र बन्द गर्न विभिन्न प्रक्रिया हामीले अगाडि बढाउन सक्छौं भनेर परिकल्पना गरेको छ । त्यस्तै सेवामूलकमा विभिन्न उद्योग व्यवसायहरू पर्छन् त्यसको अलि ठुलो संख्यामा ६४ वटा संख्यामा यले चाहिँ परिकल्पना गरेको छ । यो परिकल्पना गरेको उद्योग व्यवसायहरूको संख्या हेर्दा कर्णाली प्रदेशमा जसरी हामीले अहिले यसरी विधेयकमा ल्याइरहेका छौं । यो संख्यामा हेर्दा धेरै भएतापनि तर हामीले विशेष गरि कर्णाली प्रदेशको यो औद्योगिक व्यवसायलाई व्यवस्थापन गर्न बनेको विधेयकले कृषि तथा वा पैदावारलाई आधारित रहेर यसलाई नै प्राथामिकता दिएर कम्तीमा पनि कर्णाली प्रदेशले आफ्नो स्वामित्वमा रहने गरी त्यस्ता खालका उद्योग र वन कृषि तथा वन पैदावार र यसमा आधारित उद्योगलाई यले प्रथामिकता दिएर आफूले आफ्नो मातहतमा केही त्यस्ता उद्योगहरू सञ्चालन गर्न सके भने पक्कै पनि हाम्रो कर्णालीको आयस्रोत एउटा स्रोत बन्ने छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, यसैगरी यस विधेयकले प्रदेश एउटा औद्योगिक क्षेत्रको प्रबर्द्धन गर्नको लागि प्रदेश प्रबर्द्धन बोर्डको परिकल्पना गरेको छ । त्यसको लागि १५ सदस्यीय चाहिँ परिकल्पना गरिएको रहेछ यो अलि ठुलो हुन्छ कि भन्ने मैले सुझाव राख्न चाहन्छु । यसमा पनि समावेशीको कुरालाई अलिकति प्राथमिकता दिएको छैन यो अलि घटाउनु पर्छ संख्याको हिसाबले भन्ने मैले सुझाव दिन चाहन्छु । यस्तैगरी जिल्ला-जिल्लाको पनि परिकल्पना गरिएको छ तर जिल्लाको लागि त्यो संख्या धेरै ठुलो हुन्छ यसले व्यवस्थापन खर्चको कुरा पनि यहाँ जोडिन सक्छ यले धान्न सक्दैन यति ठुलो संख्यामा हामीले औद्योगिक परिवर्तन व्यवस्थापन गर्न बनेको बोर्ड हामीले गठन गर्न थाल्यौं भने यले धेरै ठुलो संख्यामा चाहिँ हाम्रो व्यवस्थापनको खर्चलाई चाहिँ धान्न सक्दैन भन्ने मैले चाहिँ सुझाव राख्न चाहन्छु र अन्त्यमा मैले यो विधेयकले अहिलेसम्म हामीले जसले पूँजीलाई वृद्धि गर्ने चाहिरहेको छ जसले एउटा औद्योगिक क्षेत्रमा आफ्नो चाहिँ व्यवसायलाई सञ्चालन गर्न र पूँजी वृद्धि गर्न चाहिरहेको छ त्यस्ता लगानीकर्तालाई हामीले हाम्रो कर्णाली प्रदेश सरकारले हौसला दिने प्रोत्साहन दिने जसले पूँजी वृद्धि गरेको छ तर पूँजी वृद्धि गरेको रकमलाई औद्योगिक क्षेत्रमा खुलाउँदैन दर्ता र नवीकरणमा खुलाउँदैन त्यस्ता आन्तरिक कुरालाई पनि यस यो विधेयकले चाहिँ मसिनो गरेरभित्रबाट बोल्न पर्छ । राजश्वको कुरा पनि त्यहाँभित्र लुकेको हुन्छ यो कुरालाई पनि यो विधेयकले पक्कै पनि खोल्न सक्यो र मसिनोसँग हेर्ने सक्यो भने पक्कै पनि हाम्रो यो कर्णाली प्रदेशको आयस्रोतलाई बढाउने यो विधेयक मक्सत् भन्ने कुरा राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** सभामुख महोदय, हामी यो खास गरी प्रदेश औद्योगिक व्यवसायिक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकउपरमा छलफलमा छौं अँ यो जसरी आएको छ स्वागतयोग्य छ र यसलाई परिष्कृत बनाऊँ अझ केही मिहिनेत गर्नुपर्ने देखिन्छ ।

त्यसको आधारमा मैले केही अँ यसमा सुझावहरू पेश गर्न चाहन्छु । पहिलो कुरा अब हामी क्लिएर छौं कि कुनै पनि देशको अब दीर्घकालीन विकासको लागि उद्योगधन्दाको भूमिका हुन्छ । जसबाट हामी चुक्दै आएका छौं धेरै हामी पछाडि परेका छौं । औद्योगिक करणको विकासको कुरा अथवा सम्बर्द्धनको कुरा र त्यसलाई निरन्तर विकास गरेर जाने कुराको हामीसँग विभिन्न अभाव रहेको कुरा डाटाले चाहिँ देखाउँछ । खास गरी अब हामीसँग १९ सय ३६तिर जब यो विराटनगर जुट मिलको स्थापना भइसके पछि अँ अलिकति अर्गनाइज्ड ढङ्गले संस्थागत ढङ्गले विकासको औद्योगिक विकासको चाहिँ उदय भएको पाइन्छ अब यो औद्योगिक विकासको स्थिति हेर्दा हामी कहाँ कहिले धेरै माथि जाने कहिले धेरै तल आउने यस्तो खालको एउटा अपडाउनको स्थिति छ र हामी अहिलेसम्म आउँदाखेरि यसको सारमा भन्दाखेरि हामी धेरै अगाडि बढ्न सकिरहेको अवस्थामा छैन । त्यो यहाँ धेरै मैले यहाँ भनेर साध्य छैन त्यो समग्र रूपबाट हाम्रो देखिन्छ । त्यसकारण यसमा अब करिब-करिब अहिले तथ्याङ्कमा हेर्‍यो भने हाम्रो एउटा स्वदेशी लगानीबाट हामीले कसरी सञ्चालन गर्न विदेशी लगानीलाई पनि हामीले कसरी आर्कषण गर्ने यी सबै कुराहरू पनि पर्ने सक्छन् जो अर्को कुरा यसमा अलि त्यसको चाहिँ मूलभुत कुराहरू यसमा समेट्न जरूरी छ । एकातिर विदेशी लगानीभन्दा खेरि अब स्वदेशी लगानी उद्योगपतिहरूले त्यसमा चाहिँ प्रबर्द्धन नपाउने सब्सिडि नपाउने उनिहरूको चाहिँ पूँजीको रक्षा नहुनेर धेरै ठुलो पूँजीले तल चाहिँ सानो पूँजीलाई खिच्ने यो समस्या आइराखेको छ । अर्कोतिर योसँगसँगै विदेशी पूँजीहरू अथवा भोलि हामीले अमेरिकासँग, चाइनासँग,इन्डियासँग, केन्द्रिय सरकारको समन्वय हामीले चाहिँ सम्झौता गर्न सकौंला त्यसको लागि पनि हामीसँग चाहिँ तपाईंको राम्रो खालको कानून छैन त्यसमा वा त परिकल्पना गरिएको छैन विदेशीहरू नभित्र्याईकन विदेशी पूँजी नभित्र्याईकन हामी चाहिँ देशलाई अगाडि बढाउन सक्दैनौंअहिले पनि झन्डै विदेशी लगानीबाट आठ हजार उद्योगहरू नेपालमा दर्ता भएको देखिन्छ । त्यसमध्ये चाहिँ अब एक्सेसरूपमा भएका धेरै कम छन् र धेरै अस्तव्यस्तको रूपमा सरकारको विभिन्न कारणले गर्दाखरी ती अस्तव्यस्त रहको देखिन्छ। त्यसकारण मैले सारमा भन्न खोजेको यो सबै कुराहरूमा अलिकति हामीले नीतिगत सुधार र लगानीको चाहिँ पूर्वाधार र त्यसको चाहिँ कानूनी प्रावधानलाई हामीले विकास गर्न जरूरी छ। अब सँगसँगै अब यो दर्ताको स्तर हेर्‍यो भनेपनि चाहे प्रदेशमा होस् चाहे यहाँ होस् बढेकै छ। प्रत्येक वर्ष बढ्याछ तर फेरी त्यसको चाहिँ तपाईंको आउटपुट हेर्‍यो र त्यो उद्योगको चाहिँ सञ्चालनको प्रक्रियाहो भने घट्ने क्रममा छ यो त सरकारको कारणले नै हो त्यसकारण प्रदेशले यो कुराबाट सिक्न जरूरी छ र चानचुन नेपालको सापक्षेतामा अहिले प्रदेशको कुरा गर्दा ३ नम्बर प्रदेशमा ८१प्रतिशत विदेशी लगानीबाट उद्योगधन्दाहरू सञ्चालन भएको छन् । जहाँ सुदुरपश्चिममा कर्णालीसम्म आईपुग्दाखेरि हामी १प्रतिशत हाराहारीकोमा छौं । यो कुरा पनि सिक्न जरूरीछ कि अब त्यसको विकास कसरी गरे उनिहरूले अथवा त्यहाँबाट हामीले के सिकिम त्यो नभईकन खाली यो चाहिँ तपाईंको हामीले नीति नियममा एउटा हाम्रो परिधिभित्र चुलाचौकाभित्र बनाएर हुँदैन अहिलेको गोल्वलाईजलाई हामीले समेट्न सक्छौं कि

सक्दैनौं भन्ने मूल प्रश्न हो यसमा त्यसकारण यो कुरालाई यहाँ समेट्न जरूरी छ । अब औद्योगिक कारणको खास अब यसमा अरू समस्याहरू पनि जस्तो पूर्वाधार र लगानीको समस्याहरू हामी कहाँ छ जो कुरा समेटन जरूरी छ । अब उर्जाको समस्या हामीसँग एउटा चाहिँ तपाईंको बहुआयामिक चाहिँ औद्योगिकमैत्री पूर्ण चाहिँ वातावरण चाहिँ हुन जरूरी छ । उद्योगमा मात्रै सम्झेर हुँदैन उद्योगभन्दा खेरि त्यसमा कृषि पनि आउँछ त्यसमा उद्योगधन्दा कलकारखाना आउँछ त्यसमा तपाईंको चाहिँ सडक सञ्जाल आउँछ त्यसमा रेल आउँछ त्यसमा चाहिँ तपाईंको हवाई आउँछ सबै चिजहरू आउँछ । सबै चिजको परिकल्पना यहाँ गरिएको छैन त्यसरी समेटन खोजिएको छैन त्यलाई अलि बोलावट लिङ्कमा हामी जाऊँ हैन त्यो कुरा मैले अनुरोध गर्न चाहन्छु । त्यसकारण यसको चाहिँ अब विद्युत हामी कहाँ लोड सेडिङ्गअन्त्य त भयो तर साँच्ची हामीले चाहिँ दुई चार वटा ठुला उद्योगहरू चलाउने हो भने यहाँ सबै चाहिँ लोड सेडिङ्गहुने स्थिति छ । त्यसको विकास पनि हामीले कसरी गर्ने त्यलाई पनि उद्योग कै एउटा आयामभित्र हालेर हामीले लैजान पर्‍यो जुन कुराको यहाँ परिकल्पना गरिएको छैन । अब अर्को कुरा अब यिनी-यिनी कुराहरू छन् अर्को आर्थिक प्रणालीमा हामीले सुधार गर्नुपर्ने विषयहरूजस्तो हामी कहाँ रेमिन्टेन्स आउँछ । डिप्रिशियसनहरू आउँछ या चाहिँ विदेशी लगानीहरू आउँछ या विदेशी साधन स्रोत आउँछ तर त्यो एउटा चाहिँ तपाईंको पाइप ओय भन्छ त्यो जुन पाइप ओयबाट आउँछ त्यहि पाइपबाट शहर हुँदै फेरि दिल्लीको चाहिँ तपाईंको मार्केटिङ्गमा फेरि तपाईंको न्युयोर्कमा चाहिँ फेरि बेइजिङ्गमा त्यो पैसा जान्छ साझ चाहिँ क्लोजिङ्गहुँदा आईपुग्दा खेरि त्यसकारण हामी पाईपबाट तलाउको विकास कसरी गर्न त्यो रेमिटान्स सानो सानो मझौला साना उद्योग ठुला उद्योग विस्तृत गर्न त्यलाई चाहिँ कसरी जोड्ने भन्ने कुराको यहाँ छैन त्यो कुरा पनि यसमा आउन पर्‍यो । त्यो कुरा नआई फेरी यो हामीले होलसेलमा यहाँ त्यसको चाहिँ कुनै अर्थ छ जस्तो मलाई लाग्दैन अँ त्यसकारण खास गरी यसमा अब पूर्वाधार निमार्ण लगानी उद्यमशिलता उत्पादन रोजगार र सिर्जना यी कुराहरूलाई समटेर अलि यलाई बहुआयामिक बनाउनु पर्‍यो अर्को कुरा अब यसको अब व्यक्तिगत आयकर र सामाजिक सुरक्षाको कुरा यसमा लेखिएको छैन जस्तो एउटा उद्योगपति रिटायर हुन्छ विभिन्न क्षेत्रबाट रिटायर हुन्छ । जस्तो अहिले भनै न वृद्धहरूलाई हामीले चाहिँ भत्ता दिएका छौं त्यो राम्रो कार्यक्रम हो त्यो उत्पादनशिल कार्यक्रम होइन यो एउटा पपुलर कार्यक्रम मात्रै हो तर यसको लागि हामीले चाहिँ तपाईंको कलकारखाना उद्योगहरूमा उनिहरूको अफ्टर रिटायर लाईफ उद्योगपतिहरूले के पाउन त्यसपछि उनिहरूले सामाजिक जीवनमा के पाउने उनिहरूको चाहिँ तपाईंको भविष्यमा गइसके पछि उनिहरूको तपाईंको सरकारले कसरी चाहिँ ग्यारेन्टि भन्ने कुरा यहाँ बोलेको छ त्यो कुरा लेख्न जरूरी हुन्छ । अझ समाजवादि हामीले कर्णाली भनेका छौं यो कुरा त आउनै जरूरी हुन्छ यो कुराले यहाँ समटेको छैन । अब अर्को कुरा के छ भने बैङ्किक प्रणालीको कुरा पनि यहाँ समटेको छैन बैङ्किक प्रणालीमा आज भ्रष्टचार छ अनियमितता छ र ती बैङ्क प्रणाली भनेका सारा तपाईंको चाहिँ देशभरिका ठुल-ठुला आठ दश वटामा बाडेको पैसा छ

चलाउने र गरिब जनतालाई सोच्ने त्यो कामहरू भएको छ त्यसकारण त्यसको लागि सुधारको कुराहरू पनि यहाँ ल्याउन पर्‍यो अनि मात्रै उद्योग चाहिँ तपाईंको बहुआयाम ढङ्गले विकास हुन्छ । त्यसकारण चाहिँ यी कुराहरू छन् मब मैले खास गरी यो कुराहरू गर्दा खेरि अब सडक सञ्जालको कुराहरू अघि नै मैले राखे यसमा सारमा भन्न खोजेको के हो भने जस्तो समाजवादि केरे यसमा मन्त्रीज्यूलाई मैले चाहिँ ध्यानाकर्षण गर्न चाहेको विषय के हो भने यसमा २/३ टा कुरा छुटेको छ एउटा चाहिँ समाजवादको आधार यले पकडेको छैन अर्को फेड्रालिजम् संघीयताको आधार यले पकडेको छैन अर्को पुरानै चाहिँ तपाईंको रबैयामा आएको छ हैन त्यसकारण यो कुरा आउन पर्‍यो अब यो कुरा सोसियलिजम्वीथ पर्फेक्ट डेमोक्रेसि भन्छौं हामीले त्यो कुरा आएको छैन यसको सारमा के हुन्छ भने ठुलठुला चाहिँ तपाईंको जस्तो भनौं न मिलिट्रिहरू ठुलठुला विषादिहरू औषधिहरू स्वास्थ्यहरू शिक्षाहरू त्यो पनि एउटा औद्योगिक हुन्छ नि त्यो राज्यको स्वामित्वमा हुनु पर्‍यो के त्यो ढङ्गले परिकल्पना गरिएको छैन खालि उहि बनाउने कारवाहि गर्ने फेरि त्यहीं समितिमार्फत् मुभ गर्न मात्रै आएको छ त्यो कुरा यहाँ आउनु पर्‍यो अर्कोकुरा फेड्रालिजम् ईज द सिस्टम भन्ने त्यसको सुन्ने आफै चाहिँ मेन मर्म हो भनेको जति हामी सापेक्षतामा के हुन्छ सात प्रदेशको जस्तो कर्णालीको के हुन्छ जे कुरा न्युयोर्कमा छ त्यो चाहिँ तपाईंको फिलोडियमा छैन जुनकुरा चाहिँ तपाईंको इस्कटल्याण्ड मा छ त्यो चाहिँ तपाईंको अर्को कुनै प्रदेशमा छैन त्यसकारण यो हाम्रो लागि केहो भन्ने कुरा सापेक्षता देखिदैंन यो कुरा अब मन्त्रीज्यूले मिहिनेत गर्नु भयो तर हामी कहाँ बिडम्बना के छ भने त्यो मन्त्रीलाई पनि थाहा हुँदैन खास त्यहाँ मिहिनेत गर्नेलाई थाहा हुँदैन त्यो यति वटा राज्यलाई मेसिनरी तयार पारेको हुन्छ क्लिन सिलिक बनाएर यसो फोटो कपि बनाएर ल्याउने हुन्छ बिडम्बना यहीं छ तितो सत्य छ त्यसकारण यलाई अलिकति अध्ययन गरौं हामीले छलफल पनि गरौं अब यो दफावार छलफल अलि परिष्कृत बनाऊँ अझै चाहिँ यो संस्थागत हिसाबले मन्त्रालयले मिहिनेत गर्न जरूरी छ धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावगरण मन्त्री श्री नन्दसिंह बुढालाई प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासा सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, प्रदेश औद्योगिक व्यवसाय सञ्चालन व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई म धन्यवाद दिन चाहन्छु र जुन माननीय सदस्यहरूले सैद्धान्तिक छलफलमा जुनकुरा राख्नु भएको छ यो कुरा एकदमै गहन र तपाईंको कुराहरू राख्नु भएको छ र जुन यसमा मुख्य गरेर माननीय सीता नेपालीज्यूले जुन राख्नुभएको छ र यो औद्योगिक व्यवसाय ऐनमा यसको उद्योग उत्पादन मात्रै उद्योग सञ्चालनमा मात्रै गरेर भएन यसको प्रबर्द्धन र दीगो व्यवस्थापन कसरी गर्न सकिन्छ यसमा ठुला उद्योग जडिबुटी

तपाईंको विभिन्न ठुला तपाईंको आत्मनिर्भर कसरी बनाउन सकिन्छ यसको जुन कर्णाली प्रदेशको कच्चा पदार्थमा आधारित उद्योगहरूको कसरी स्थापना गर्न सकिन्छलगायत तपाईंको यसको जुन धेरै जसो त तपाईं उद्योग यो स्थापना हुने त्यसको पछि तपाईंको दीर्घकालीन रूपमा सञ्चालन नभएर त्यो पछि जोखिम अथवा तपाईंको बन्द रहने अवस्थामा छ र अर्को कुरा लगानीमैत्रीपूर्ण कसरी गर्न सकिन्छ रोजगारी सिर्जना कसरी गर्न सकिन्छ यी सबै कुराहरू उहाँले एकदमै राख्नु भएको छ र यसमा मैले उहाँले राख्नु भएको कुरालाई एकदमै तपाईंको सहमत जनाउन चाहन्छु । यसमा मुख्य गरेर जुन कुराहरू छ यो र यो तपाईंको कर्णाली प्रदेशको मुख्य गरेर यसले तपाईंको आर्थिक समृद्धि र दीगो तपाईंको अर्थतन्त्र स्थापना गर्न सक्छ र यसले मुख्य गरेर कर्णाली प्रदेशमा आज हामीले विभिन्न रोजगारीका तपाईंको कुराहरू गरिरहेका छौं अवश्य पनि यो औद्योगिक व्यवसाय ऐनले र यो कर्णाली प्रदेशमा तपाईंको उद्योगहरू स्थापना गराएर यसमा ठुलो एउटा रोजगारी सिर्जना गर्न सक्छ र कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाएर हामीले तपाईंको बाहिर निर्यात तपाईंको उत्पादन वृद्धि गरेर निर्यात पनि यसले तपाईंको सहज पुऱ्याउन सक्छभन्ने कुराहरू उहाँले राख्नु भएको छ । त्यस्तै दीनबन्धु श्रेष्ठले पनि उहाँले यो विभिन्न कुराहरू राख्नु भएको आन्तरिक औद्योगिक अध्ययन तपाईंको नगरी ल्याइएको यातायात तपाईंको गोदाम घर जसरी कुराहरू छ यी कुराहरू सबै कुराहरू यसमा ऐनमा आउने भन्दा पनि भोलि यो ऐनसँग सम्बन्धित रहेर तपाईंको सरकारका नीति कार्यक्रममा पनि यी कुराहरू आउने हुन सक्छन् र यसमा मुख्य गरेर प्रदेशमा औद्योगिक क्षेत्र हुन आवश्यक छ र यसले मुख्य गरेर यो समन्वयन गर्नुपर्ने वातावरणीय कारणले गर्दाखेरि अब समुदायमा असर परिरहेको छ यी कुराहरू पनि एक आपसमा तपाईंको अर्को कुनै पनि तपाईंको यो वातावरण ऐनसँग सम्बन्धित हुन सक्छ र कुनै पनि उद्योग सञ्चालन गर्दाखेरि यसले मुख्य गरेर तपाईंको वातावरण अध्ययन तपाईंको आईरहेकाप्रतिवेदनहरू सञ्चालन गरेर मात्रै उद्योग स्थापना गर्न कुराहरूको पनि यो तपाईंको ऐनमा रहेको छ । त्यस्तै तपाईंको अन्य कौशिला माननीयज्यूले पनि त्यस्तै कुरा राख्नु भएको छ यसमा तपाईंको दण्ड जरिवानाका कुराहरू र सरकारले कुन यो सहुलियत दिने कुराहरू राख्नु भएको छ र निजी उद्योगहरू सरकारी उद्योगहरू नभएर निजी तपाईंको उद्योगहरूको कुरा राख्नु भएको छ । अब मुख्य गरेर यो उद्योग औद्योगिक भनेकै तपाईंको निजीहरूबाटै तपाईंको उत्पादनले स्थापना गर्न उद्योगहरू हो र यसमा केही ठुला उद्योगहरूमा सरकारले पनि उद्योगहरू स्थापना गर्नसक्छ । त्यो कुरा पनि यसहामीले तपाईंको विधेयकमा समेटेका छौं । अँ त्यस्तै अन्य माननीय पद्मा खड्काले पनि त्यस्तै कुराहरू राख्नु भएको छ कलकारखानाहरूले तपाईंको रोजगारी सुझाव दिनु भएको छ प्राप्त सम्भावना स्रोतहरू यो हाम्रो प्रदेशमा ठुलो छ र अर्को कुरा यसमा मुख्य गरेर अहिले हामीले औद्योगिक ग्रामका कुराहरू गरेका छौं औद्योगिक क्षेत्र तपाईंको कुराहरू पनि माननीयज्यूले राख्नु भएको छ र अँ त्यस्तै अहिले यो प्रदेशमा तपाईंको उद्योगहरूको संख्या जुन दर्ताको प्रक्रिया पनि अगाडि बढीरहेको छ यसमा उल्लेखनीय वृद्धि भइरहेको छ तर यसको दीर्घकालीन रूपमा पनि व्यवस्थापन

नभएको कुराहरू पनि हुनेछ र यो सम्पूर्ण कुरा पनि हिजो संघीय सरकारसँग हामीले तपाईंको एउटा उद्योग स्थापना गर्दाखेरि पनि हिजोसँग काठमाडौं गएर हामीले उद्योग दर्ता गर्नुपर्ने कारणले गर्दा पनि यी उद्योगहरू सञ्चालन गर्न अप्ठ्यारो परिरहेको कारणले गर्दाखेरि नि यो भएको छ भने अर्को माननीयज्यू तपाईंको ठम्मर विष्टज्यूले राख्नु भएको छ यसमा विदेशीहरूको तपाईंको विकास लगानी उद्योगधन्दा महत्वपूर्ण छ र तपाईंको यो जुट मिलको कुराहरू छ यसमा हिजो पूर्ण सञ्चालन भएका आज तपाईंको विदेशी लगानी अथवा बहुआयामिक उद्योगहरू विद्युत तपाईंको समस्या ठुला उद्योग सञ्चालनमा समस्या र आर्थिक रूपमा तपाईंको देखिएको भने यी विभिन्न कुराहरू माननीयहरूले उठाउनु भएको छ र यसमा समग्र रूपमा मैले यो विधेयक तपाईंको मुख्य सारांशमा के भन्न चाहन्छु भने यसमा हामीले यो विधेयक तपाईंको यहाँ ल्याउनुको मुख्य उद्देश्य भनेकै प्रदेश औद्योगिक वातावरणलाई लगानीमैत्री बनाई उत्पादन तत्त्व र रोजगारीका अवसरमा अहिले विधिकरण नै प्रदेशमा उपलब्ध प्राकृतिक भौतिकरूपमै स्रोतको सन्तुलित तथा अधिकतम प्रयोग गरी उद्यमशिलता र लगानी प्रवर्द्धन एवम् दीगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशिल प्रविधि र दीगो अर्थतन्त्र निर्यातका लागि कानून व्यवस्था गर्न र यसको संवैधानिक र अन्य व्यवस्थाका आधारमा यो विधेयक सम्मानित सदनमा हामीले तपाईंहरूको पेश गरेका छौं र यसमा तपाईंको मुख्य गरेर तपाईंको संविधानले हामीलाई एकल अधिकाररूपमा तपाईंको औद्योगिक व्यवसायलाई तपाईंको संविधानको अनुसूची-६ मा ६को २० मा हामीले एकल अधिकारको प्रदेशको एकल अधिकारको रूपमा यसलाई दिइएको छ । यसले पनि गर्दाखेरि पनि यो औद्योगिक व्यवसाय ऐन अति महत्वपूर्ण छ यो प्रदेशको हामी तपाईंले विभिन्न राजश्वको कुरा गरिरहेका छौं हामी अहिले पनि संघीय सरकारबाट आउने तपाईंको विभिन्न अनुदानबाट हाम्रो यो सरकार चलिरहेको कुरा उठाएको छु अवश्य पनि यो औद्योगिक व्यवसाय ऐनले यो तपाईंको प्रदेशको तपाईंको आत्मनिर्भर तपाईंको बनाएर हामीले तपाईंको अर्थतन्त्र प्रदेशकै तपाईंको राजश्वबाट केही अर्थतन्त्रमा सुढृत हुन सक्छ भन्ने कुरा राखेको छ र यसमा मुख्य कुरा गरेर प्रदेशमा कार्यविभाजनकोबमोजिम प्रदेशमा कलकारखाना औद्योगिकसम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन तथा उद्योग दर्ता अनुमति र नवीकरण एवम् खारेजी औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमनसम्बन्धी कार्यक्षेत्र तोकेरै यो औद्योगिक व्यवसाय ऐन तपाईंको हामीले कानूनको तर्जूमा गरेका छौं यसमा तपाईंको संघीय औद्योगिक व्यवसायसम्बन्धी कानूनमा प्रदेशभित्रका औद्योगिक व्यवसायको दर्ता नियमनलगायतका प्रक्रिया प्रदेशका कानूनले निर्धारण गरेबमोजिम हुने उल्लेख भएकोमा हालसम्म प्रदेश कानून निमार्ण नभएको र प्रदेशभित्रका उद्योग प्रशासनसम्बन्धी काम कार्यवाहीले नियमित गर्न र उद्योग व्यवसायको आवश्यक नियमन र व्यवस्थालाई प्रभावकारी बनाउन प्रस्ताविक विधेयक तपाईंको अति आवश्यक तपाईंको रहेको छ यसको जुन मुख्य तपाईंको प्रस्ताविक विधेयकमा समावेश गरिएका मुख्य क्रियाकलापमा प्रदेश उद्योग स्थापना तथा सञ्चालन गर्न दर्ता गर्नुपर्ने विषयहरू रहेको छ उद्योग दर्ताको प्रक्रिया निर्धारणसम्बन्धी

विषय राखिएको छ उद्योग दर्ताको प्रमाण तथा उद्योगको कानूनी मान्यतासम्बन्धी विषय राखिएको छ उद्योग सञ्चालन गर्दा अध्ययन गर्नुपर्ने विषय राखिएको छ उद्योग सञ्चालन गर्न काम कार्यवाहीसम्बन्धी उद्योगले जानकारी दिनुपर्ने विषय राखिएको छ उद्योग अनुगमन निरीक्षणसम्बन्धी विषय राखिएको छ उद्योगहरूको वर्गीकरण गरिएको छ उद्योग दर्ता खारेजी प्रक्रिया र अभिलेख व्यवस्थापनसम्बन्धी विषय राखिएको छ उद्योगको स्तर पूँजीसम्बन्धी विषय राखिएको छ प्रदेश प्राथमिकता प्राप्त उद्योगहरूको निर्धारण गरिएको छ प्रदेश औद्योगिक प्रबर्द्धन बोर्डसम्बन्धी व्यवस्था राखिएको छ प्रदेश आर्थिक क्षेत्रसम्बन्धी व्यवस्था राखिएको छ प्रोत्समहन र सहुलियत तथा छुटसम्बन्धी प्राबधान राखिएका छौं औद्योगिक जनशक्तिका कुराहरू राखेका छौं र व्यवसायिक सामाजिक जिम्मेवारीसम्बन्धी व्यवस्था र अन्य उद्योग प्रशासनसम्बन्धी प्रक्रिया उद्योग सञ्चालन तथा औद्योगिकीकरणका लागि आवश्यक प्राबधान समावेश गरिकन यो हामीले तपाईंको यो औद्योगिक व्यवसाय ऐन सम्मानित प्रदेश सभामा हामीले पेश गरेका छौं र यसमा सहभागी हुने माननीय सदस्यहरूले धेरै सुझावहरू राख्नुभएको छ यो सुझावलाई सरकारको तर्फबाट यो मन्त्रालयले हामीलाई गहन जिम्मेवारी मनन् गर्नेछौं र यो विधेयकमा तपाईंको एकदमै तपाईंको प्रभावकारी रहोस् भन्ने कुरा म यहाँहरूलाई राख्दै जुन सहभागी हुने सम्पूर्ण माननीय सदस्यहरूलाई धन्यवाद दिँदै मेरो सैद्धान्तिक छलफलमा उठेका कुरालाई म यहीँ अन्त्य गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वा तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा प्रस्तुत गर्नु भएको प्रदेश ओद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम (१) अनुसार प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार ८ गते सोमबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको १९ औं बैठकको कार्यवाहि प्ररम्भ हुन्छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशको वातावरण संरक्षरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभा समक्ष राख्न अर्थ तथा प्राकृतिक स्रोत समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापालाई समय दिन्छु ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय महोदय, कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु । माननीय सभामुख महोदय, नेपालको वर्तमान संविधानले व्यवस्था गरेको स्वच्छ र स्वस्थ वातावरण बाँच्न पाउने नागरिकहरूको मौलिक हकको संरक्षण गर्न वातावरण र विकास बीचको सन्तुलन कायम गरी वातावरणीय प्रदुषणबाट जनस्वास्थ्यमा पर्न सक्ने असर न्यूनीकरण गरी त्यस्ता असरबाट हुने क्षतिको क्षतिपूर्तिको पाउने हक स्थापित गर्न सम्बन्धमा कानूनी व्यवस्था गर्नका लागि कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा सचिवालयमा मिति २०७६ माग १९ गते दर्ता भई मिति २०७६ फागुन ३ गते सभामा छलफलका लागि टेबुल भएको थियो । मिति २०७६ फागुन १८ गते प्रदेश सभामा भएको सैद्धान्तिक छलफल पश्चात मिति २०७६ फागुन २० गते मा संशोधन परी थप छलफलका लागि मिति २०७६ फागुन २७ गते पाँचौं अधिवेशनको सातौं बैठकको निर्णयबाट सो विधेयक, अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएपश्चात उक्त विधेयकमिति २०७६ फागुन २८ गते यस समितिमा प्राप्त भएको थियो । माननीय सभामुख महोदय विधेयकमाथि दफावार छलफल गर्नका लागि समिति ७७ जेठ ९ गते, जेठ १४ गते, जेठ २१ गते समितिको बैठक बसेको थियो । यस विधेयकमाथि थप छलफल गर्न २०७७ जेठ २१ गते प्रदेश सभा सदस्य माननीय कुर्मराज शाहिज्यूको संयोजकत्वमा माननीय दानसिंह परियार सदस्य रहने गरी विधेयकलाई परिष्कृत गरी पेश गर्न कार्यदिश दिई एक उपसमिति गठन गरिएको थियो । मिति ७७ अषार ६ गते उपसमितिबाट समितिको विधेयकपेश भएपश्चात सोप्रतिवेदन उपर मिति २०७७ असार ६ र ७ गते समितिमा छलफल गरिएको थियो र यस विधेयकउपर आवश्यक छलफल गर्न उपसमितिको बैठक संख्या २ गरी जम्मा ७ पटक बैठक बसी संशोधन प्रस्ताव माथि व्यापक छलफल गरिएको थियो । कर्णाली प्रदेश वातावरण तथा संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि यस समितिमा भएका दफावार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनु भएको सुझाव पश्चात यो विधेयकटेबुल गर्नु भएका माननीय मन्त्रीसमेत माननीय सदस्यज्यूहरू संशोधनको सूची दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू सम्बन्धित मन्त्रालयका सचिव यस समितिका सभाहलमा संसद सहयोग परियोजनामार्फत् कर्णाली फाउन्डेसनबाट उपलब्ध

विज्ञलगायतका विषय विज्ञहरूसँग छलफल गरिएको थियो । यस विधेयकलाई परिष्कृत रूपमा यस सभा समक्ष पेश गर्न यस समितिको विभिन्न समितिको मितिमा भएका छलफलको क्रममा सक्रिय रूपमा सहभागी हुनु भएका माननीय सदस्यज्यूहरू र संशोधनकर्ता माननीय सदस्यज्यूहरू र समितिका माननीय सदस्यज्यूहरू संसद सहयोग परियोजनामार्फत् कर्णाली फाउन्डेसनबाट उपलब्ध विषय विज्ञहरूलगायत र अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी राय सुझाव प्रदान गर्नु भएकोमा उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै विधेयकउपर प्रतिवेदन तयार गरी महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समिति सचिवालयका कर्मचारीहरू तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरूप्रति धन्यवाद दिन चाहन्छु । यसैगरी समितिको कामकार्यवाहीको सन्दर्भमा मार्गदर्शन आवश्यक निर्देशन र समन्वय गरेर सद्भाव प्रकट गर्नु हुने माननीय सभामुख र उपसभामुखप्रति हाद्धिक कृतज्ञता ग्यापन गर्दछु । माननीय सभामुख महोदय समितिको बैठकले प्रस्ताविक संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित विधेयकको आवश्यकता महत्व र औचित्यका आधारमा देहायबमोजिमको क्रमसंख्या १ देखि २५सम्म संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्न समितिको सर्वसम्मत् निर्णय भएबमोजिम संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्दछु धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिहं बुढालाई कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू नेपालको संविधानको धारा ५१ (घ)(४) मा आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता जवाफदेहि रप्रतिष्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गिण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्न व्यवस्था रहेको संविधानको अनुसूची-६ को क्रमसंख्या-११ मा प्रदेशभित्रको व्यापारसम्बन्धी विषय र उल्लेख भएको र संविधानको धारा ५७ को उपधारा (२) मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेशभित्र सञ्चालन हुने व्यापार व्यवसायको दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्थालाई सरल सजक र पहुँचयोग्य बनाई व्यापार व्यवसाय र त्यसबाट हुने कारोबारको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, हवस्त धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छ । सर्वप्रथम माननीय श्री राजु नेपाली समय ७ मिनेट । यसपछि माननीय श्री यज्ञबहादुर वि.सी. तयार रहनु होला ।

**माननीय श्री राजु नेपालीः-** सभामुख महोदय, कर्णाली प्रदेश व्यापार व्यवसाय दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि आफ्ना धारणा राख्नका लागि उपस्थिति भएको छु । व्यापार व्यवसाय संघमा हामीले हेरिरहँदा मिहिनेत निकै नै मिहिनेत गरेर आएको छ । यो विधेयक आईरहदा सायद व्यापार व्यवसाय संघ सित पनि समन्वय गरी घनिभुत ढङ्गले छलफल गरेर यो विधेयक सायद आएको होला । विधेयकआउँदा यहाँ कर्णाली प्रदेशका व्यापार व्यवसायहरूको भाग्य र भविष्य कोर्ने कुरा अत्यन्तै महत्वपूर्ण छ र यस्ता कुराहरू अझै छिटो आउनु पर्ने थियो ढिलै भएपनि सरकारले ल्याएको छ सरकारलाई धन्यवाद दिन चाहन्छु र हामीले अहिले हुन त सामान्य कुराबाट भोलि ठुलो पनि हुन जान सक्छ । सभामुख महोदय सबैभन्दा पहिला मलाई यहाँ राख्ने मन लाग्यो छाप हुँदो रहेछ सभामुख महोदय छाप ठ्याक्कै उल्टो लागेको छ सुरूमै यसलाई पनि अलिकति मध्येनजर गर्नु पर्छ कि सभामुख महोदय सरकारलाई भन्न चाहन्छु हामीले हेर्दा ठिकै-ठिकै होला यो विधेयकसबैले हेर्ने पनि होला यलाई सामान्य रूपमा लिनु हुँदैन कि यो सर्वमान्य थलोमा आइपुगेको छ यसलाई पनि अलिकति ध्यान दिनुपर्छ जस्तो लाग्छ मलाई हामी यहाँ उपस्थिति भइरहँदा व्यापार व्यवसाय संघमा हामीले धेरै कुराहरू ल्याएका छौं राम्रो छ हामी यो विधेयकमा जाँदै गर्दा विगतलाई पनि यसो सम्झिनुपर्छ कि विगतका दिनहरूमा व्यापार व्यवसाय गर्ने कस्ता-कस्ता प्रविधिका थिए कस्ता-कस्ता मान्छेहरूले कस्ता-कस्ता व्यापार गरेका थिए । अलिकति पनि हामीले जानकारी लिनु पर्छ कि जस्तो मलाई लाग्छ अब हामी कानून बनाउन जाँदै छौं प्रदेशको त्यस कुरामा सभामुखमार्फत् सरकारको मैले ध्यानाकर्षण गराए र हामीले यहाँ छोडेका कहि कतै छैनौं सबैलाई समटेका छौं सबैलाई समटेर जाँदै गर्दा परिच्छेद-१ को मलाई (घ) मा अलिकति यो धेरै तोकिए तोकिए भन्दा एउटा हरफ मात्रै छ एउटा लाईन एउटा लाईनमा ३ वटा तीन ठाउँमा तोकिएबमोजिम तोकिएबमोजिम तोकिएबमोजिम भन्दा त्यो लाईन सायद सकिएको छ । यसलाई पनि अलिकति ध्यान दिनुपर्छ कि जस्तो मलाई लागेको छ । यहाँ दलित जनजाती अपाङ्गमहिला भनेको पनि छ यहाँ सबैलाई समटेको छ सभामख महोदय यहाँ ५०प्रतिशत दर्ता गर्नहरूलाई छुट पनि गर्ने भनेको छ अँ धन्यवाद पनि दिन चाहन्छु किन छुट कुरो पनि ल्याएको छ ५०प्रतिशत भनेको पनि छ फेरि पनि त्यो हुँदाहुँदै पनि त्योभित्र पनि वर्ग पनि हेर्नु पर्छ कि जस्तो मलाई लाग्छ किन भने कतिपयले आफूले अहिलेसम्मको रेकर्डमा हामीले ती दलित ती महिला ती पिछडिएका वर्ग ती अपाङ्गहरूका व्यापार व्यवसाय कहीँकतै त्यति देखेका छैनौं यो जति व्यापार व्यवसायहरू छन् हुने खानेहरूको मात्रै देखिन्छ त्यति मात्रै नभएर ५०प्रतिशतमा पनि अझै कम गर्न कोहि त शुल्कै नलाउनु पर्ने पनि जस्ता देखिन्छन् त्यस्तालाई पनि प्रोत्साहन

स्वरूप हामीले गर्नै पर्छ हौसला दिनुपर्छ अँ त्यो ५० नभन्दा पनि सायद हुन्थ्यो बरु वितरणमा जादा त्यति उ देखिएन कर्णाली प्रदेशमा हामीले पटक-पटक बनाउने कानून होइन होला एक पटक बनाउन पनि कानूनहरूमा अलिकति हामीले कर्णाली प्रदेशका जनताहरूको भावनालाई पनि बुझ्ने र उहाँहरूको मर्म अनुसार काम गरिनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । यस्तै गरेर हामीले यो परिच्छेद-३ को १५ मा मैले केही बुँदागत राख्न चाहेसंगठित संस्था साझेदार हुने नहुने दफा १८ मा भन्ने कुरामा १८ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनैसंगठित संस्था साझेदारले फर्म साझेदार हुन सक्ने छैन भनेको छ । यो यहाँ अगाडि फेरि ३ मा लेख्यो फेरि परिच्छेद-३ मा के लेख्यो भने साझेदारले सामूहिक रूपमा व्यापार व्यवसाय सञ्चालन गर्दा साझेदारी फर्मको नामबाट गर्नुपर्ने छ र त्यस्तो भएको फारम त्यस्तो फर्म दर्ता १७बमोजिम दर्ता गर्नुपर्ने छ र भनेर भन्यो १८ मा फेरि हुन सक्ने छैन भन्यो सायद मैले नबुझेको पनि हुन सक्छु यदि नबुझेको भए स्पष्ट पनि आउने छ होला र यसैलाई यिनैलाई राम्रोसँग मध्येनजर राख्दै सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहे । हवस्त, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्थामा गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । अब माननीय श्री यज्ञबहादुर वि. सी. यसपछि माननीय श्री बद्री क्वारी बोहोरा तयार रहनु होला ।

**माननीय श्री यज्ञबहादुर वि.सी.:-** सभामुख महोदय, कर्णाली प्रदेश व्यापार व्यवसाय व्यापार व्यवसाय दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिन यहाँ उपस्थित भएको छुर सभामुख महोदय अझै वास्तविक यो हाम्रो कर्णाली प्रदेश गरिबिको रेखामुनि रहेको प्रदेशमा अझै यो विधेयकअगाडि नै आउनु पर्थ्यो यलाई व्यवस्थित गर्नका लागि व्यापार व्यवसायलाई व्यवस्थित गर्न र राजश्वलाई वृद्धि गर्ने प्रक्रियाले अगाडि अलि अगाडि आउनु पर्थ्यो ढिलै आए पनि जुन यो विधेयकउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जुन मन्त्रीज्यूले पेश गर्नु भयो त्यसका निम्ति ढिलै भएपनि म धन्यवाद ज्ञापन गर्न चाहन्छु । सभामुख महोदय यसमा एक देखि आठसम्म परिच्छेदको व्यवस्था गरिएको छ । संक्षिप्त नाम विस्तार र प्रारम्भ देखि अन्तिम बचाउसम्म १८ पेजमा यसको व्यवस्था गरिएको छ र निजी फर्म दर्ता गर्ने प्रक्रिया र सञ्चालन गर्ने प्रक्रियासम्बन्धी र साझेदारी व्यापार व्यवसायलाई दर्ता गर्ने प्रक्रिया र सञ्चालन गर्ने प्रक्रियाको जुन व्यवस्था गरिएको छ यस विधेयकले जस्तो दर्ताका कुराहरू कार्यान्वयन गर्ने पक्षका कुराहरू खारेजीका कुराहरू अब यसमा कसुर तथा सजायका कुराहरू पनि यस विधेयकमा व्यवस्था गरिएको छ । १० हजार देखि ५० हजारसम्म दण्ड जरिवाना गर्ने व्यवस्था गरिएको छ सभामुख महोदय र यसैमा जसले यो विधेयकको पालनालाई उल्लङ्घन गरेर यदि कायम गर्‍यो व्यवसाय सञ्चालन गर्‍यो भने उसलाई दण्ड जरविनासहित ५ वर्षसम्म उसको दर्ता प्रमाण पत्र खारेज गर्ने कुराको पनि यस विधेयकले चाहिँ व्यवस्था गरिएको छ सभामुख महोदय र सभामुख महोदय

अब यसमा मैले भन्नु पर्दा जस्तो सब्सिडिका कुराहरू पनि छन् सुविधाका कुराहरू पनि छन् दलित दफा २० मा व्यवस्था गरिएको छ । दलित महिला पिछडिएको वर्ग अपाङ्गता भएका व्यक्तिहरूलाई जुन साझेदारी चाहिँ व्यापार व्यवसायमा लाग्नेहरूका निम्ति साझेदारी व्यवसाय गर्ने अरू व्यक्तिहरूको भन्दा त्यो वर्गमा परेका व्यक्तिहरूलाई ५०प्रतिशत चाहे त्यो दर्ता प्रक्रिया र नवीकरण गर्ने प्रक्रियामा ५०प्रतिशत जुन छुट दिने जुन व्यवस्था गरेको छ यसमा म के भन्न चाहन्छु भने यदि सुविधाका कुराहरूमा यदि दिने हो भने मेरो कुरा यहाँ म राख्न चाहन्छु सभामुख महोदय हामीले त्यो पिछडिएका वर्ग दलित, महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई यदि हाम्रो कानूनले सुविधा दिने हो भने मेरो सुझाव के छ भने दर्ता प्रक्रियामा बिल्कुलै पनि शूल्कको व्यवस्था गर्नु हुँदैन ५०प्रतिशत पनि लानु हुँदैन किन लानु हुँदैन भने भर्खरै व्यापार व्यवसाय दर्ता गरेर त्यो चाहिँ वर्ग लागिरहेको हुन्छ र अर्को कुरा के भने नवीकरण गर्ने सवालमा भने ५०प्रतिशत लाउँदा स्वभाविकै हुन्छ भन्ने मलाई लाग्छ र दर्ता प्रक्रियामा शूल्क नलगाउँदा त्यो नीति चाहिँ एक किसिमले त्यो वर्गलाई एउटा सुविधा पनि हुने र यो कानून चाहिँ ऐन जुन विधेयक छ यो प्रभावकारी हुने कुरा पनि सभामख महोदयमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय हाम्रो यो जुन व्यापार प्रदेशले चाहिँ व्यापार व्यवसाय गर्ने जो एउटा नीति निमार्ण गर्न प्रक्रिया जुन गरिरहेको छ भोलिका आउने दिनहरूमा जुन यो कर्णाली प्रदेशका व्यापार व्यवसायहरूबाट यो प्रदेशलाई त्यो चाहिँ एउटा के भनेदेखिन प्रदेशलाई आउने राजश्व र त्यसको साथै व्यापार एकदम सहज किसिमले अगाडि बढ्ने र चाहिँ व्यवस्थित ढङ्गले यो चाहिँ जुन प्रदेशको व्यापार व्यवसाय अगाडि बढाउने कुराहरू पनि म यहाँ राख्न चाहन्छु र साथै यो एकदम छिटोछरितो कार्यान्वयन पक्षमा यो पास भईसकेपछि छिटोछरितो कार्यान्वयन पक्षमा जानुपर्छ भन्ने आफ्ना कुराहरू राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्दछु, हवस्त धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः-** अब माननीय श्री बदमी क्वारी बोहोरा । यसपछि माननीय श्री सोशिला शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री बदमीक्वारी बोहोराः-** माननीय सभामुखज्यू, प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कर्णाली प्रदेश सभामा कर्णाली प्रदेश सभा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश भएको छ र यसमा हामी छलफलमा छौं सर्वप्रथम माननीय सभामुखज्यूमार्फत् कर्णाली प्रदेश सरकारका विभागीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । यो हाम्रो प्रदेश सरकारले यो धेरै वर्ष अझै १/२ वर्ष अगाडि नै गर्नुपर्ने ल्याउनु पर्ने यो विधेयक हो ढिलै भएपनि ल्याउनु भयो यसको लागि धन्यवाद दिन चाहन्छु र यसमा थुप्रै कुराहरू छन् म आफ्नो राय चाहिँ सुझाव राय दिन चाहन्छु । प्रदेश सरकारलाई माननीय सभामुखज्यू कर्णाली प्रदेश भौगोलिक हिसाबले पनि एकदमै विकट प्रदेश त्यसैमा विभिन्न समस्याका बाबजुद पनि जीविकोपार्जन गर्नुपर्ने प्रदेश हाम्रो प्रदेश आज राजधानी सुर्खेत भएतापनि विभिन्न कठिनाइका बाबजुद जनताले यो आफ्नो जीविकोपार्जन गरेको यो प्रदेश भौगोलिक हिसाबले विकटता विभिन्न किसिमका कुराहरूमा

असुविधा हुँदाहुँदै पनि आज प्रदेश सरकारले एउटा ओाए लिएको छ यसमा म धन्यवाद दिन चाहन्छु र कर्णाली प्रदेश अन्तर्गतका यो व्यापार व्यवसाय तथा सञ्चालन गर्ने सम्बन्धमा बनेको यो प्रदेश सरकारले बनाएको विधेयक माथि मेरो आफ्नो राय राख्न चाहन्छु सभामुख महोदय सरकारले गर्ने खोजेको काम राम्रो छ तर अहिले हाम्रो प्रदेशको मात्रै हिसाब हेर्दाखेरि हाम्रो हिजोको कर्णाली प्रदेश भारतसँग पनि नाका जोडिएको थियो अहिले हाम्रो यस संघीयताले गर्दा हाम्रो जुन रुपैडियाको सिमाना अहिले अर्को ५ नम्बर प्रदेशमा परेको छ र हाम्रो डोल्पा,हुम्ला चिनसँगजोडियका सिमानाहरू छन् हाम्रो यो दुर्गम कर्णाली प्रदेशभित्र थुप्रै स-सना उद्योग कलकारखाना साना घरेलु उद्योगहरू छन् विभिन्न वर्गले महिलाहरू दलितहरूले साना-साना आफ्नो घरायसी आफ्नो जीविकोपार्जनको लागि उद्योगहरू गरेका छन् । संघीयता आइसकेपछि पालिकाहरूले जनतालाई सहकारी समूहमा जनतालाई चाहिँ अग्रसर गराउनु पर्छ राज्यको करमा चाहिँ जनतालाई अगुवाई बनाउनु पर्छ र "एक घर-एक व्यवसाय" भनेर जुन कुनै-कुनै पालिकाले कार्यक्रमहरू दियो त्यो दर्ता गर्दाखेरि सम्बन्धित मान्छे प्रदेशमा आउनै पर्ने प्रक्रियाले गर्दाखेरि कतिपय महिलाहरू बच्चा बोकेर सुर्खेतमा झरे थुप्रै समस्याहरू भयो हामीले कति सहयोग गर्यौं यस्तो प्रक्रिया यो सरकारको झन्झटिलो प्रक्रियाले गर्दा एकातिर जनतालाई सुख दिन व्यापार व्यवसायमा सहभागी गराउन खोजेको जस्तो त देखिन्छ तर पनि अर्कोतिर के देखिन्छ भने यो झन्झटिलो दर्ता प्रक्रियाले गर्दा खेरि व्यवसाय दर्ता प्रक्रियाले गर्दाखेरि धेरै मान्छेले दुख पाउनु भएछ सामान्य एउटा चाउचाउ विस्कुट पसल राख्दाखेरि व्यवसाय दर्ताखेरि प्रदेशमा आएर सुर्खेतमा आएर व्यवसाय दर्ता गराउनु पर्ने प्रमाणपत्र लगेर लग्नुपर्ने कारण गर्दाखेरि मान्छेले धेरै दुख पाइरहेका छन् जनताले धेरै दुख पाएका छन् र जिल्लामा आन्तरिक राजश्व कार्यालयमार्फत् कोष लेखा नियन्त्रण जिल्लामा छ र अहिले प्रदेश सरकारले यो विधेयकमा जति कुराले खाता पनि अबको आउने वर्षमा जनतालाई कर प्रणालीमा ल्याउन पर्छ राज्यको कर प्रणालीमा जनतालाई व्यवसायिक बनाउन पर्छ यसमा राम्रो कुरा हो तर पनि कर लिने यो प्रक्रिया एकदमै झन्झटिलो भएको हुँदा राज्यले भन्दा पनि प्रदेश सरकारले ध्यान दिनुपर्ने कुरा जिल्लामै हाम्रा कोष तथा लेखा नियन्त्रण कार्यालयमै अथवा जिल्लाका घरेलु कार्यालय सम्बन्धित मन्त्रालयका कार्यालयहरू छन् त्यसैबाट राजश्व लिने र त्यसैबाट करचुक्ता प्रमाण पत्र दिने एउटा व्यवस्था गरोस् भनेर म सुझाव राख्न चाहन्छु । अर्को कुरा साना-साना उद्योगमा जोडिएका महिला दलित लक्षित वर्गहरू छन् यहाँ यो उसमा चाहिँ समेटिएको छ तर पनि केछ भने सामान्य व्यवसाय गर्ने मान्छेलाई कर धेरै लागेको हुँदा मान्छेलले वर्ष भरी व्यापार व्यवसाय गर्न नपाएर एकै चोटि चार सय तिर्ने ठाउँमा आठ सय तिर्ने पर्ने भयो भने जनतालाई बोझिलो लागेर मान्छे कति मान्छेहरू कर नतिरेर उद्योग खारेज नगरेर मान्छेहरू व्याक भएर बसेका छन् यस्तो प्रक्रियालाई पनि सरकारले के गरोस् भने अहिलेसम्म गरेका जुन काममा उनिहरूलाई छुट दिएर अब पनि कर प्रणालीमा चाहिँ जनतालाई सहुलियत हैन कि छुट दिएर अब आउने योजनाहरूमा चाहिँ सहुलियत दिएर हुन्छ कि सब लोन दिएर हुन्छकि व्यवसाय सञ्चालन गर्ने एउटा व्यवस्था

गरोस् सरकारले यो एकदमै यसमा लेखिएको छ सम्बन्धित व्यवसाय गर्ने व्यक्तिले ठाउँसारी गर्दाखेरि गर्न पाउनु पर्‍यो भने अथवा सम्बन्धित प्रदेशका कार्यालयमा जानकारी दिएर वा जिल्लाको कार्यालय भनेर भनिएको छ यसमा म के भन्न चाहन्छु भने सामान्य सानो उद्योग व्यवसाय जस्तै एउटा उसको लागि उदाहरणको लागि सामान्य एउटा मैले केही जुस पसल केही गर्न चाहे भने मेरो डोल्पामा आफ्नो उद्योग छ भने मैले यहाँ ठाउँ सारी गर्दा मेरो नाममा जग्गा चाहिनु पर्ने मेरा नाममा अरू केही चाहिनु पर्ने त्यस्तो प्रक्रिया चाहिँ यो झन्झटिलो प्रक्रिया छ । अर्को छ समस्या यसैमा कर्णाली प्रदेश दुर्गम छ बाहिरबाट आयात गर्नुपर्ने सामानहरू बाहिरबाट ल्याउनु पर्ने त्यसपछि यो विद्युतको कारणले बत्तीहरू नभएर धेरै ठाउँमा जलविद्युत छैन जता डोल्पा कै कुराहरू विद्युत त्यहाँ चाहिँ जति चाहिनु पर्ने कुराहरू नभएर जनताले अप्ठ्यारोमा बस्नु पर्ने अवस्थामा छ यसमा सरकारले यो व्यापार व्यवसाय गर्न यो सञ्चालन गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक त पेश त गरियो तर पनि योभित्र अझै यो हरेक कुरा किन झन्झटिलो प्रक्रिया जस्तो लाग्छ मलाई हेर्दा खेरि संविधानमा माथि बुँदा बुँदामा लेखेका कुरा हुन्छन् । माथि जेसुकै लेखिए पनि यता भए पनि लेखिएको भएतापनि तल फलानो बुँदाले चाहिँ यो/यो गर्ने छ भनेर भन्छन् । त्यस्तै प्रक्रिया यो संविधानकोजस्तै प्रक्रिया देखिन्छन् यसमा हाम्रो सरकारले सामान्य एउटा हाते झोला भन्ने हुन्छ एउटा कोट भन्ने हुन्छ हाम्रो डोल्पा कै कुरा गर्दा माथिल्लो डोल्पामा चौरीबाट बन्छन् गलैचाहरू बन्छन् अब राडि पाखिहरू बन्छन् त्यस्ता उद्योग व्यवसाय गर्न मान्छेलाई सरकारले सहुलियत एउटा ऋण उपलब्ध गराउने महिलाहरूलाई मात्रै लक्षित वर्गहरूलाई मात्रै नभएर पनि जोले गर्न चाहन्छन् युवा होस् कोही पुरुष होस् त्यस्तो सबैलाई यो लोन उपलब्ध गराउने वातावरण बनाउनु पर्छ र मेरो विचारमा मैले आफ्नो दिनुपर्ने सल्लाह सुझाव सरकारलाई यति नै हो अँ यहाँ थुप्रै कुराहरू छन् तर पनि यहाँ बत्ती बलिसक्यो एउटा समय छ त्यसैले गर्दाखेरि यो हरेक कुराहरू सञ्चालन गर्ने कुराहरूमा मान्छे सबै व्यवसायिक बन्न चाहान्छ तर यहाँभित्र थुप्रै झन्झटिलो प्रक्रिया बाहिर सबै माननीय सदस्य बाहिरबाट ल्याउनु पर्ने मेसिन औजारहरू हाम्रो नेपालमा उपलब्ध नहुने चिजहरू बाहिरबाट ल्याउनु पर्ने धेरै कुरा लामो प्रक्रियामा जानुपर्ने प्रक्रियाले गर्दा धेरै व्यवसायी गर्ने मान्छेहरू पछाडि परेका छन् यसमा ध्यान जाओस् सरकारको धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री सोशिला शाही, यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनु होला ।

**माननीय श्री सोशिला शाहीः-** सभामुख महोदय, आज हामी छैठौं अधिवेशनको १९ औं बैठकमा उपस्थित भइरँहदा कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफलमा भाग लिइरहेका छौं १९ वटा परिच्छेद र ७८ वटा दफामा तयार पारी ल्याएकोमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलगायत त्यससँग सरोकार राख्ने सरोकारवाला निकायलाई धन्यवाद दिन चाहन्छु । यो विधेयक सरसर्ति हेर्दा ठिकै लागे पनि केही कुराहरू प्रष्ट रूपमा खुलाईएको देखिदैन

यसैगरी दफा ५ मा मुख्य स्थान बाहेक शाखाबाटसमेत व्यापार व्यवसाय हुन सक्ने गरी दर्ता गर्न सकिने भने तापनि तर कुन हो जिल्ला स्थान स्थानीय तह वडा के हो प्रष्ट रूपमा खुलाउनु पर्छ यसैगरी परिच्छेद ९ को दफा ६७ मा स्थानीय तहले स्थानीय तहले कुन तीन लाख रुपैंयासम्मको पूँजी सीमाभित्र रहि निजी वा साझेदारी फर्मको दर्ता गर्न सक्नेछ भनिएको छ भने संघीयताको प्रत्याभूति हुने तवरले स्थानीय तहले कम्तिमा ५ लाख र बढीमा १० लाखसम्मको पूँजी सीमाभित्र रही निजी र साझेदारी फर्म दर्ता गर्न सक्ने व्यवस्था गर्नुपर्छ । यसै गरी दफा ६ मा महिला दलित पिछडिएको वर्ग तथा अपाङ्गभएका व्यक्तिलाई फर्म दर्ता वा नवीकरणमा ५०प्रतिशत छुटको व्यवस्था गरिएकोमा यो अत्यन्तै राम्रो छ तर पिछडिएको वर्ग भनेर कुन र कहाँ मापन गरिएको छ छुट्टाउने आधार केहो ? सभामुख महोदय कि प्रदेश सरकारले मापन गर्नुपर्‍यो नत्रभने यसले कार्यान्वयनतिर जाँदा अन्योल सिर्जना गर्न सक्छ यस्ता विविध कारणले कर्णाली प्रदेशमा काम कार्यवाहिमा बाधा व्यवधान आउने गरेका छन् हामी कामकाज रूपमा ऐन नियम कानूनमा मात्रै बनाउन लाग्यौं भने व्यवहारिक रूपमा कार्यान्वयनको पाटो के कस्तो भइरहेको छ त्यस्तातिर हाम्रो ध्यान गएको देखिंदैन यस्ता विविध विषयहरूमा बडो महत्वका साथ छलफल गरी सार्थकता परिणाम निकाल्ने तवरले कार्यान्वयन गर्नु भन्दै विदा हुन्छु धन्यवाद जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** सभामुख महोदय, म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई आग्रह गर्दछु कर्णाली प्रदेश सरकारले तीन वर्षको अवधिमा विभिन्न नीतिहरू कार्यक्रमहरू बजेटहरू विभिन्न कार्यविधिहरू ल्यायो यसको लागि सरकारलाई धन्यवाद दिन चाहन्छु । एउटा काम अत्यन्तै अपरिहार्य आवश्यकता काम रच्यो प्रदेश सभामा स्पष्ट रूपमा पेश गर्न प्रदेश सरकार कर्णाली प्रदेश सभामा आएर एक दिन दिउसौं तारा लागेको थियो आकाश भरी दिउसौं आकाशमा तारा छन् भनेर पारित गरियोस् अत्यन्तै म हर्षित हुनेछु । केहो म सरकार ध्यानाकर्षण गराउन चाहन्छु । यो कर्णाली प्रदेश व्यापार व्यवसायको दर्ता तथा सञ्चालन दर्ता गर्नुको विधेयकमा परिच्छेद ९ ६ केरे १९ पेज छ एकमा उल्टै छाप लगाएर उल्टो छाप लगाएर कर्णाली प्रदेशका सदस्यहरूलाई वितरण गर्नु यसको औचित्य केहो सरकारले स्पष्ट जवाफ दिनुपर्छ । एउटै मात्रै होइन पेज नम्बर ३,४,५,६,७,८,९ मा उल्टो छाप छ । नौंसम्म उल्टो छाप छ कुनैपनि यसमा छैन हेर्नुस् तपाईंहरू सबै हेर्नुस् माननीयज्यूहरू त्यसपछि पेज नम्बर लेख्दाखेरि १ देखि ९सम्म पेज नम्बरको अंक राखेको छ १० देखि १३सम्मको कुनै अंकको नराखेर फेरी फेक नम्बर १४ बाट राखिएको छ । यो सरकारले के गर्न खोजेको हो सरकारको उद्देश्य के हो ? जब उसको यो विधेयकको छाप नै उल्टो छ भने यसभित्रको राप कस्तो होला र हामी छलफलमा भाग लिउ यसभित्रको राप त कस्तो

होला जब छाप नै उल्टो भएको विधेयकको राप कस्तो होला यसैले म अर्को यसपछिम धेरै भन्न चाहदैंन यो वितरण गरिएको कर्णाली प्रदेशको व्यापार व्यवसायको दर्तासम्बन्धीको विधेयक तुरुन्त फिर्ता लिएर कर्णाली प्रदेश सरकार कर्णाली प्रदेशका सम्पूर्ण माननीयहरूलाई सुधार गरेर यसलाई सहज रूपमा चाहिने सुधार गरेर वितरण गर्नुस् किनभने कर्णाली प्रदेश सरकारलाई केही आपत्ति छैन विधेयक लिएर हामीले कोठामा राख्यौं कोही विज्ञहरू आए कोहि राजनीतिज्ञ आए कुनै पार्टिका साथीभाईहरू आएर उल्टो छाप देखे भने तपाईंहरूको लागि बलिहुन प्रदेश सभाका सदस्य सक्दैनन् । तपाईंहरूका कर्णाली प्रदेश सरकारका सरकारको त्यहीँ फालहालेर हुन यो कर्णाली प्रदेश सरकारका केरे प्रदेश सरकारका माननीय सक्दैनन् म तपाईंहरू आग्रह गर्छु या त यो पनि तपाईंले हाम्रो दुईतिहाई कै सरकारको दम हो हाम्रो उल्टो स्थापना हुनेछ भनेर मन्त्रीज्यूले यहाँ आएर भन्नु पऱ्यो हाम्रो दुईतिहाईको दम छ हामी उल्टो छाप पनि लाउन सक्छौं भनेर यहाँ आएर कर्णाली प्रदेश सरकारको उद्योग पर्यटन मन्त्रीज्यूले भन्नु पऱ्यो होइन भने तुरुन्तै भन्दा पनि तुरुन्तै आधा घण्टाभित्रै यसलाई सम्पूर्ण फिर्ता सुल्टो छाप लगाएर स्पष्ट रूपमा प्रदेश सभामा पेश गरियोस् र तत्पश्चात लामो कुरा लिन चाहदैंन यसमै मैले भनि हाले छाप त उल्टो छाप्ने राप कस्तो होला रापको खोजिनीति गरेर रापलाई मसिनो रूपमा हेरेर यलाई संशोधन र परिमार्जन गर्न यो सम्बन्धित समितिमा पठाइयोस् भन्ने अनुरोध गर्दै विदा हुन्छु जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश व्यापार व्यवसाय दर्ता तथा सञ्चालनसम्बन्धीको विधेयकको सैद्धान्तिक छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय विभागीय मन्त्रीको तर्फबाट यहाँहरूलाई धन्यवाद दिन चाहन्छु र जुन कर्णाली प्रदेशको व्यापार व्यवसाय र दर्ता र सञ्चालनसम्बन्धीको यो विधेयक अति महत्वपूर्ण छ र धेरैजसो माननीयज्यूले यो अलि अगाडिनै आउनुपर्ने थियो भन्ने कुरा जुन राखु भएको छ र यो विभिन्न कारणले ढिलै भए पनि यो आज प्रदेश सभामा सैद्धान्तिक छलफलमा तपाईंको भाग लिइरहेको छ र यसमा मुख्य गरेर यो तपाईंको व्यापार व्यवसाय दर्ता तथा

सञ्चालनसम्बन्धीको विधेयकको महत्वपूर्ण बारे म यहाँ प्रस्तुत गर्न चाहन्छु । प्रदेशको आर्थिक समृद्धिको लागि वाणिज्य क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । उपलब्ध स्रोत साधनको परिचालन आर्थिक विकास र गरिबी निवारणमा बजार उन्मुख अर्थतन्त्रकोसमेत अहम् भूमिका हुने हुँदा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न एकल तथा साझेदारी रूपमा व्यापार व्यवसाय सञ्चालन गर्नका लागि लगानीकर्ताहरूलाई व्यापारमैत्री कानून तर्जूमा गरी प्रदेशमा व्यापार व्यवसायको प्रबर्द्धनबाट रोजगारी गरिबि निवारण र आर्थिक समृद्धि हासिल गर्न सकिन्छ र प्रदेश व्यापारिक फर्मको दर्ता नवीकरणलगायत कार्यहरूलाई व्यवस्थित गरी बजार अर्थतन्त्रलाई बडावा दिने र प्रदेशिक राजश्वको आकार वृद्धि गर्न र लगानीकर्ताहरूलाई फर्म दर्तासम्बन्धी सेवा प्रवाह गर्न र सहज वातावरण तयार गर्न व्यापार व्यवसाय दर्ता तथा सञ्चालनसम्बन्धी कानून तर्जूमा गर्नुपर्ने अवस्थामा छ । उद्योग तथा व्यवसाय गर्ने व्यक्ति तथा व्यक्तिहरूले उक्त कार्य विभित विगत रूपमा सरकारी निकायमा दर्ता गरी उल्लेखित दर्ताको अध्ययनमा रही व्यापार व्यवसाय गर्न र वातावरण तयार गर्न अवाञ्छनीय र व्यापारिक क्रियाकलापबाट नागरिकले सुरक्षा गर्न कानूनसम्मत् व्यवसाय क्रियाकलापहरूलाई प्रबर्द्धन गर्न अवाञ्छित पारित भई ऐनमा रूपान्तरण भएमा प्रदेशभित्रको बजार व्यवस्थापन र व्यवसायिकरण र नियमका लागि र आवश्यक व्यवस्था गरी व्यक्ति तथा साझेदारहरूलाई व्यवस्था दर्ता नियमन सहजिकरण तत्सम्बन्धी अन्य कार्य गर्न कानूनी वातावरण तयार भएमा प्रदेश अर्थतन्त्रको आकार वृद्धि वस्तु तथा सेवा कोष सहज बजारीकरण र व्यवसाय वातावरण प्रबर्द्धन हुने देखिन्छ । प्रदेशभित्र व्यापार उद्योग व्यवसाय गर्न निजी फर्म तथा साझेदारी फर्महरूको दर्ता नियमन सहजिकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी प्रदेशको आर्थिक समृद्धि र आमजनताको हित प्रबर्द्धन गर्न यो विधि आवश्यक रहेकोले देहाएको संवैधानिक तथा अन्य व्यवस्थाका आधारमा यो विधेयक सम्मानित सदनसमक्ष पेश गरियोस् सैद्धान्तिक छलफल भइरहेको छ । नेपालको संविधान भाग ५ धारा ५७ प्रदेश अधिकारबमोजिम दुईमा उल्लिखित छ र अनुसूची उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकार प्रयोग यो संविधान र प्रदेश कानूनबमोजिम हुनेछ भन्ने उल्लेख गरेको छ । नेपालको संविधानको अनुसूची-६ को क्रमसंख्या प्रदेशभित्र व्यापारिक ११ क्रमसंख्या २० मा कृषि तथा पशु विकास कलकारखाना व्यापार व्यवसाय र यातायात प्रदेशको एकल अधिकार सूचीमा रहेको छ र कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली ७४बमोजिम व्यापार व्यवसाय वाणिज्य

बजारप्रतिस्पर्धासम्बन्धी प्रदेशिक नीति कानून मापदण्ड र तथा योजनाको तर्जूमा कार्यान्वयन एवम् नियमन र सिन्डिकेड तथा एकाधिकार नियन्त्रण व्यापारिक फमहरूको दर्ता नवीकरण खारेजी र नियमनलगायतका कार्यक्षेत्र तोकिएकोले तत्सम्बन्धी व्यवस्था गर्न प्रदेश वाणीज्यसम्बन्धी कानून तर्जूमा गर्नुपर्ने र हाल प्रदेश कानून निमार्ण नभएकोले प्रदेशभित्रका वाणिज्य प्रशासनसम्बन्धी काम कार्यवाही नियमित गर्न र व्यापार व्यवसायको आवश्यक नियमन व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रस्तावित विधेयक अति आवश्यक रहेको छ । प्रस्ताविक विधेयकको उद्देश्य र प्रदेशभित्र सञ्चालन हुने व्यापार व्यवसायको दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्थालाई सरल सजक र पहुँचयोग्य बनाई व्यापार व्यवसाय र त्यसबाट हुने कारोबारको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न रहेको छ । विधेयक पारित भइसकेपछि पारित भई ऐन पछि प्राप्त हुने उपलब्धिहरू प्रदेशभित्र सञ्चालन हुने व्यवसायहरू दर्ता हुने प्रदेशको राजश्वको आकार वृद्धि हुने निजी फर्म र साझेदारी फमहरू दर्ता नवीकरण र नियमनका कार्यहरू भई आयात नियात र सहजिकरण र बजारमा वस्तु तथा सेवाको आपूर्ति व्यवस्था सहज हुने । प्रस्ताविक विधेयकमा व्यापार व्यवसाय सम्बन्धमा मुख्य त दर्ता नियमनसम्बन्धी प्रक्रियाहरू नै परिच्छेद ७८ वटा दफामा विमत गरी समग्र वाणिज्यसम्बन्धी प्रदेश सरकारको नीति तथा कार्यक्रम वाणीज्य सम्बन्धमा नेपाल सरकारको नीतिलाईसमेत दृष्टिकोण गरी विधेयक तयार गरिएको छ । प्रस्ताविक विधेयकले मुख्य त देहायकासमेतका व्यवस्थालाई समेटेको छ ।

१.निजी फर्म तथा निजी फर्म दर्ता तथा सञ्चालनसम्बन्धी प्रक्रियागत विषयहरू साझेदारी फर्मको दर्ता तथा सञ्चालनसम्बन्धी प्रक्रियागत विषयहरू साझेदारी व्यवस्था सञ्चालनका सम्बन्धमा साझेदारको अर्को पनि सम्बन्धलाई घोषित गर्न साझेदारहरूको दायित्वसम्बन्धी व्यवस्था राखिएको छ । साझेदारी फर्मको हकमा साझेदारीहरूको तर्फबाटप्रतिनिधित्व दायित्व जवाफदेहितासम्बन्धी व्यवस्था गरिएको छ साझेदारीहरूको र विघठन आकार प्रक्रियासम्बन्धी विषयहरू समावेश गरिएको छ । एजेन्टको रूपमा कार्य गर्नका लागि एजेन्सिसम्बन्धी विषय समाववेश गरिएको छ । पशु निर्धारण गरी जरीवानासम्बन्धी व्यवस्था गरिएको छ र यस विधेयकको मुलतः रूपमा प्रदेश व्यवसाय सञ्चालनका लागि कानूनी मान्यता प्राप्त गर्न दर्ता गर्नुपर्ने र त्यसरी दर्ता गर्नका लागि विधि र प्रक्रिया र दर्ता भई सञ्चालन भएका व्यापार व्यवसायहरूको नियमन सम्बन्धित प्रक्रिया निर्धारण गरी व्यापार व्यवसाय लगानी विधि गराईं प्रतिष्पर्धात्मक अर्थतन्त्र स्थापित गराईं प्रदेशको राजश्व सङ्कलन आकारसमेत तय गर्न प्रस्तावित विधेयक सम्मानित सदन समक्षे छलफल भइरहेको छ र यसमा मुख्य गरेर जुन

माननीयज्यूहरूले केही कुराहरू राख्नु भएको छ र यसमा पनि मेरो विभागीय मन्त्रीको हिसाबले मैले ध्यानाकर्षण भएको छ र जुन कुरालाई हामी तत्काल यसलाई सच्चाएर तपाईंको यसलाई फेरी तपाईंको वितरण गर्न मैलेप्रतिबद्धता यहाँ आएर गर्न चाहन्छु र जुन तपाईंको यो कुराहरूमा दलित अपाङ्ग महिलाहरूलाई तपाईंको ५०प्रतिशत छुटको व्यवस्था गरेका छौं र यो भन्दा अगाडि विभिन्न कारणले तपाईंको व्यापार व्यवसाय दर्ता फर्महरू नवीकरण नभएको अवस्था छ र हामीले यो ऐन प्रारम्भ भएपछि एक वर्षसम्म तपाईंको नवीकरण तपाईंको गर्न व्यवस्था पनि हामीले राखेका छौं र जुन स्थानीय तहलाई पनि हामीले स्थानीय यो संघीयताको मर्म भावनाअनुरूप स्थानीय तहमा तीन लाखसम्म तपाईंको पूँजी भएको त तपाईंको उद्योग व्यापार व्यवसायलाई दर्ता गर्न र हामीले यहाँ तपाईंको विधेयकमा हामीले पेश गरेका छौं र यी कुराहरूलाई जुन माननीयज्यूहरूले यो विधेयक व्यापार व्यवसायसम्बन्धीको विधेयक माथि जुन आफ्नो कुरा भनाइ राख्नु भएको छ यो कुरालाई सरकारको र विभागीय मन्त्रीको हिसाबले यसलाई मैले मनन् गर्दै जुन कुराहरू माननीय सदस्यहरूले राख्नु भएको छ सम्पूर्ण माननीय सदस्यहरूलाई सभामुखमार्फत् उहाँहरूलाई धन्यवाद दिँदै मेरो यो यहीं अन्त्य गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम (१) अनुसार कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

□□□

(२०७७ साल असार ८ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको २० औं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयकमाथि सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा पेश गर्नु भएको सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्रतिवेदन सहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु, सर्वप्रथम माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धी विधेयक समितिबाट हाउसमा चाहिँ फर्केको र छलफलको लागि म उपस्थित भएको छु । संविधानको अर्थ नीतिका सन्द्रर्भमा संविधानको मान्यता छ, त्यो भनेको चाहिँ तीन खम्बे अर्थ नीति हामीले चाहिँ संविधान स्वीकार गरेका छौं । संविधानको व्यवस्था गरेका छौं, सरकारी निजी र सहकारी तीन खम्बे अर्थ नीतिचाहिँ हाम्रो संविधानको स्पष्ट अवस्था हो तर संविधानमा हामीले समाजवाद लेखेका छौं, सभामुख महोदय । समाजवादको मोडल कस्तो हुने भन्ने बारेमा हामी चाहिँ संविधान निमार्ण पछि केहि बहसहरू संञ्चालनमा आएको छन् तर हामीले संविधान निमार्ण पछि ल्याएका आर्थिक प्याकेजहरू हामीले ल्याएका बजेटहरू र हामीले बनाएका विधेयकहरूले हाम्रो समाजवादको मोडल यहि हो भनेर हामीले चाहिँ भन्न सक्ने अवस्थामा अहिले छैनौ सभामुख महोदय, यो एउटा विधेयक प्रदेशका सन्दर्भमै यो महत्वपूर्ण विधेयक हो यले चाहिँ मूलत: प्राइभेट सेक्टर र सरकारका बीचमा खास गरि चाहिँ सहकारी मैले अघि संविधानले भनेको चाहिँ तिन खम्बे अर्थ नीतिलाई प्रदेशमै साझेदारीमा

व्यवसायिक कसरी संञ्चालन गर्न सकिन्छ भन्ने बारेमा केहि संरचना केहि कानूनी व्यवस्थाहरू यसले चाहिँ बनाको छ, सभामुख महोदय तर हाम्रो जस्तो प्रदेशको लागि लगानीचाहिँ सहजै भित्रिने कुरा चुनौतीपूर्ण छ । एउटा त मुलुकै लागि चाहिँ लगानी भित्रिने कुरा चुनौतीपूर्ण छ । किनभने हाम्रो एफडिआई सम्बन्धी कानूनहरूमा चाहिँ धेरै समस्या छ । अरु देशको सन्दर्भमा र हाम्रो चाहिँ हामीले भोगी आईरहेका छौं। अझ हाम्रो जस्तो प्रदेश जहाँ चाहिँ विकासका धेरै पूर्वाधारहरू नभएको लगानी चाहिँ सीमित लगानी भएको निजी क्षेत्र सुदृढ नभएको जस्तो प्रदेशमा लगानी र साझेदारी भित्राउने कुरा चुनौतीपूर्ण छ । सभामुख महोदय, विधेयक सन्दर्भमा संसदमा समितिमा त्यो विषयमा छलफल भएको छ र सरकारी स्तरमा पनि विधेयक ल्याउँदा यसमा प्रयाप्त छलफल भएको होला भन्ने मैले चाहिँ अनुमान गर्न सक्छु । खास गरि चाहिँ हाम्रोमा हामी विश्व व्यापार संगठनको सदस्य छौं, विश्व व्यापार संगठनको सदस्य भएको नाताले हामीले पनि दुनियाँभरि व्यापार गर्न पाउछौं र दुनियाँको कुनै पनि नागरिकले हाम्रो देशमा व्यापार गर्न पाउँछन्, हाम्रो सार्क यद्यपी अहिले सार्क चाहिँ कोमामा जस्तो छ तर चाहिँ हाम्रो सार्कको एउटा साप्टा यग्रिमेन्ट छ । २००४ को चाहिँ त्यसले यो क्षेत्रको चाहिँ खास गरि साउथ यसियन रिजनमा चाहिँ फ्रि टेड यरियाको रूपमा चाहिँ साप्टाले चाहिँ हाम्रो व्यापार व्यवसाय गर्न कुरालाई चाहिँ सुनिश्चित गरेको छ । अब हाम्रो जस्तो ठाउँमा यो विधेयक पछि चाहिँ लगानीहरू कसरी आउछन् र साझेदारीको व्यवसायहरू कसरी गर्न सकिन्छ भन्ने बारेमा यसको केहि इस्टक्चर छ । खास गरि यो योजना आयोगको नेतृत्वमा हुने व्यवस्था र त्यो व्यवस्थाले केन्द्रमा लगानी बोर्डले संघमा चाहिँ लगानी बोडले गरेको जस्तो चाहिँ प्रोजेक्ट छनोट लगायतका विषयहरू त्यसले हेर्दै छ, समितिमा, संसदमा छलफल हुँदा खेरि यसको चाहिँ विधेयकको चाहिँ मनसाय विधेयकमार्फत् सरकारको मनसाय भनेको व्यवसायलाई साझेदारीमा लैजाने भन्ने मनसाय नै हो तर यसका केहि रिक्सहरू छन् । हाम्रो जस्तो ठाउँमा निजी क्षेत्र सुदृढ छैन । यो प्रदेश भन्दा बाहिरको निजी क्षेत्रलाई आकर्षण गर्ने त्यस्तो सुविधाहरू दिन हामीले सक्दैनौ । अघिल्लो वर्ष हाम्रो सरकारले चाहिँ यो दश वर्षको लागि चाहिँ कर छुटको सन्दर्भमा हामीले केहि सिफारिस गर्यौं । हाम्रो अधिकार सिफारिस गर्नसम्म मात्रै अधिकार छ, प्रदेशको यो चाहिँ संघले केहि कर छुट केहि गर्नुपर्छ भने संघले गर्छ, त्यो हुँदा मैले देखेको कुरा यो विधेयकबाट कम्तिमा यहि प्रदेश भित्र चाहिँ, यहिँ भएको निजी क्षेत्रसँग साना-साना प्रोजेक्टहरूमा चाहिँ सहकार्य गरेर,समझदारीमा केहि कामहरू गर्न सकिन्छ तर यदि अनुदानको मोडालिटीमा जाने हो भने समझदारीबाट निजी क्षेत्रको पनि समस्या केछ भने जग्गामा समस्या छ । केहि प्रोजेक्ट गर्न हो भने जग्गा निजी क्षेत्रले व्यवस्था गर्छ जग्गाको भ्यालु महङ्गो छ । हाम्रो अर्थतन्त्र व्यवस्था के बनाएका छौंभने जग्गाको मुल्याङ्कन चाहिँसरकारी मुल्याङ्कन एउटा हुन्छ तर हाम्रो व्यवस्थाले के हुन्छ भने सरकारी मुल्याङ्कनले पुगेन भने अरु पञ्चकृति मुल्याङ्कन गरेर त्यसको मुल्याङ्कन बढि बनाउने निजी क्षेत्रको जग्गाको मुल्याङ्कन धेरै बनाउने सरकारले गरेको लगानी हिस्सा कम हुने । अब जस्तो सुर्खेत मै केहि उद्योग व्यवसाय गर्दा खेरि सुर्खेत जस्तो महङ्गो ठाउँमा

मिटरमा चाहिँ घडेरी किन्नु पर्ने ठाउँमा निजी क्षेत्रले एउटा जग्गा चाहिँ दिने हो भने त्यो जग्गाको मुल्य बराबर हामीले पैसा राख्दा चाहिँ उपसले जग्गामा मात्रै बनाउन सक्ने अथवा हाम्रो जस्तो प्रदेश सरकारले जग्गाको व्यवस्था गर्न सकिने त्यो हुँदा खेरि यसका केहि रिस फ्याक्टरहरू छ तर निजी क्षेत्रलाई सुदृढ गर्न सन्दर्भमा सरकारका केहि प्रोजेक्टहरू जसमा अझै हाम्रो लगानीले नपुगोस् सरकारसँग प्रोजेक्टहरू हुनु पर्‍यो विधेयकको कार्यान्वयनको लागि हाम्रो लगानीले नपुगोस् मेरो मनसाय यो सभामा मेरो केहो भन्दा खेरी यो विधेयक पछि चाहिँ हामीले जो साझेदारीका व्यवसायहरू गर्नुपर्ने हो भने पछि केहि मोडल व्यवसायहरूचाहिँशुरू गर्न सकिन्छ सरकारले चाहिँ यो विधेयकको कार्यान्वयनमा त्यसलाई चाहिँ केहि ओइल प्लानिङ्गगर्नुपर्यो र निजी क्षेत्र सुदृढ नहुँदासम्म यहिको निजी क्षेत्रले सानो स्केलमा माइक्रो लेबलमा केहि प्रोजेक्टहरू गरेर जाने हो भने त्यो मोडल माथि २/४ ओटा पाइलेटीगरेर जाने हो भने त्यस पछि यो ऐनको पूर्णकार्यान्वयन तिर जान सक्ला पछि कार्यान्वयनको अनुभवले यसका चाहिँ केहि इस्टकचरहरूमा परिर्वतन केहि गर्नुपर्ने भो भने एकातिर हामीले योजना आयोगलाई महत्वपूर्ण जिम्मा दिएका छौं। यसको यो विधेयकको चाहिँ त्यो एउटा कमिटी छ त्यस योजना आयोगको उपाध्यक्षज्यू उसमा छ । अर्को तिर योजना आयोग आफैले चाहिँ कोमामा जस्तो देख्याछु। मैले अघि सार्क कोमामा छ भन्थे, त्यस्तै योजना आयोगको सक्रियता काँही कतै केहिमा पनि देखिदैन । त्यसो हुँदा खेरि त्यो संरचनालाई हामीले प्रभावकारी बनाउने बारेमा सरकारको चाहिँ ध्यानआकर्षण गराउने विषयत होइन तर यो विधेयकको कार्यान्वयन नहुँदा त्यो संरचना सक्रिय होला भन्ने मैले आशा गरे अति कुराहरूमा मैले राखेर हामी विश्व व्यापार संगठनको सदस्य छौं र यो बन्नु भनेको जोसँग पैसा छ,त्यसले संसारका सबै क्षेत्रमा पैसा बोकेर लिएर व्यापार गर्ने हो । हाम्रै पनि अरबपतिहरू बाहिर गएर लगानी गरिरहेका छन् तर एउटा चिन्ताको विषय के छ भने सभामुख महोदय, हाम्रो देशबाट हुने बिलिनियरहरू पनि ठूला जति चाहिँ विकासहरू छन्, उनीहरूको लगानी नेपालमा भन्दा पछिल्लो समय बाहिर लगानी गइरहेको छ, सभामुख महोदय, काठमाण्डौमा हामी जे देखि रहेका छौं ।ठूला व्यापारीहरूको नेपालमा लगानी गर्दैनन् ।उनीहरू बाहिर इभन चाहिँ इण्डियामा मिडिलइस्टमा अफ्रिकामा, साउथ अफ्रिकामा जस्तो ठाउँमा पनि र खाडी क्षेत्रमा जहाँ चाहिँ सत्ताहरूमा अस्थिरता छ, मिडिलइस्टमा मध्यपूर्वमा जहाँ चाहिँ द्वन्द्व छ, इभन नेपालका बिलिनियरहरूले इराक पनि चाहिँ अमेरिकी सेनासँगका प्रोजेक्टहरूमा पनि उनीहरूले लगानी गर्छन् । तर नेपालमा किन लगानी गर्दैनन् भनेर चाहिँ सरकारले यो बारेमा संघीय सरकार प्रदेश सरकारले हामीले सोच्ने छलफल गर्ने बनाएको छैनौ । यसको के होला भन्दा खेरि नेपालमा लगानीको शुनिश्चितता गर्ने हामीले वातावरण दिन सक्या छैनौ हाम्रा कानूनहरूले एफडिआई सम्बन्धी खासगरी फ्रेण्ड इनभेस्टमेन्ट सम्बन्धी हाम्रा कानून सहज छैन । हामीले एउटा प्रोजेक्ट ल्याएर पैसा बोकेर आएको मान्छेलाई चाहिँ हामीले उद्योग विभागमा कम्पनी रजिष्टार कार्यालयमा विभिन्न निकायमा धाउन लाउछौं र त्यो पैसा बोकेर लगानी गरेर प्रतिफल लिने मान्छेले चाहिँ उसले तहसनहस भएर चाहिँ नेपालमा

प्रोजेक्ट गर्दिन भनेर भाग्नु पर्ने हुन्छ । केन्द्रका केहि ठूला प्रोजेक्टहरू यहाँ छन् ति प्रोजेक्टहरूयतिकै बसिराख्याछन् त्यसो हुँदा खेरि विधेयक महत्वपूर्ण छ आजको दिन त सभामुख महोदय, यो हाउसको समग्र चिन्ता चाहिँ यो कार्यसूची हेर्दा खेरि चाहिँविकाससँगसम्बन्धित छ । वातावरण विधेयक व्यवसायसम्बन्धी विधेयक र चाहिँसाझेदारीसँगसम्बन्धित सिङ्गो हाउसले चाहिँ यहि विकास सम्बन्धित छ, त्यसो हुँदा मैले यति विषयहरू यो विधेयकको कार्यान्वयनमा सरकारले चाहिँ ओयल प्लानिङ्ग गर्यो र विधेयकमा प्रपोज गरेको संरचनाहरूलाई चाहिँ सुस्त राख्यो र माइक्रो लेबलमा केहि काम गर्यो भने हाम्रो यात्रा पोजेटिभ हुन सक्छ मैले यति सुझाव चाहिँ यहाँ छलफलको क्रममा राखे र यो अवसरका लागि म धेरै धन्यवाद, आफ्नो भनाई यहि अन्त्य गर्दछु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि समितिको प्रतिवेदन माथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, हामीले सार्वजनिक निजीसाझेदारीसम्बन्धी विधेयकको यो अन्तिम छलफलमा आज हामी सहभागी छौं यो समितिले अर्थ तथा प्राकृतिक स्रोत समितिमा लामो छलफल पछि यो विधेयक आज फुलहाउसमा यो सदनमा प्रतिवेदन सहित प्रस्तुत भई हामी छलफलमा गरिरहेका छौं । हामीले सरकारको तर्फबाट सार्वजनिक निजीसाझेदारीसम्बन्धी विधेयक अलि मेहेनत गरेरै ड्राफ्ट गर्यौं, मस्यौदागर्यौं र त्यसलाई चाहिँ संसदको प्रोपटीको रूपमा संसद सचिवालयमा दर्ता गरि सकेपछि छलफल अगाडि बढ्यो । लामो समय पनि भयो, यो छलफलको लामो समय बेथिती भए पनि हामीले अलि व्यापक रूपमै छलफल गरेर यसलाई एउटा निश्कर्षमा पुर्याउदैछौं । यो सदनमा पनि छलफल भयो सैदान्तिक छलफल भयो । त्यसपछि संशोधनहरू पनि प्रशस्त परे र समितिमा एकदम व्यापकरूपमा दफावार रूपमा छलफल भयो र समितिले विज्ञहरू, विशेषज्ञहरू सरोकारवालाहरू समेतसँगचाहिँ निकै लामो समय सुझाव पनि लियो र समिति र सरकारको बीचमा मन्त्रालयको बीचमा पनि व्यापक रूपमा छलफल भयो र हामी एउटा निष्कर्षमा सरकार र सदन अर्थात समिति एउटा साझा नीतिनिष्कर्षमा पुग्यौं। यो विधेयकलाई हामीले जस्तो प्रस्तुत गरेका थियौं, त्यो भन्दा अझै उन्नत बनाउने गरि हामीले छलफल गर्यौं र एउटा निष्कर्षमा पुग्यौं र आज यस रूपमा यो सर्वसम्मतिका साथ समितिबाट यो सदनमा विधेयक आईपुगेको छ । समितिका सभापतिज्यूले, अध्यक्षज्यूले यो सर्वसम्मतिका साथ पारित भएको प्रतिवेदन यो विधेयक सम्बन्धी प्रतिवेदन पनि सभामा पेश गरि सक्नुभएको छ । आज हामी विधेयक सम्बन्धी प्रतिवेदन सहित छलफल गरेर निष्कर्षमा पुग्दैछौं । म यो विधेयकमा छलफलमा भागलिने माननीय सदस्यज्यूलाई धन्यवाद पनि दिन चाहन्छु । धेरै महत्वपूर्ण सुझाव राख्नु भएको छ, यो गहन सुझावका निम्ति म आभार व्यक्त गर्न चाहन्छु ।

हाम्रो संविधानले निश्चित रूपमा पनि तीन खम्बे अर्थ नीतिको परिकल्पना गरेको छ, हामीले सार्वजनिक निजी र सहकारी यो अर्थतन्त्रका तीन मुलखम्बा अबलम्बन गर्दै सम्वृद्ध नेपालको परिकल्पना गरेका छौं र यति बेला हामी कर्णाली प्रदेशमा पनि विदेशी र स्वदेशीलगानीआकर्षित गर्न चाहान्छौ । अथवा लगानीकर्ताहरूलाई हामी कानुनी रूपमै यो प्रदेशमा आमन्त्रण गर्न चाहान्छौ । हामीले अपिल त धेरै पटक गर्यौं बजेटमा पनि हामीले बोल्यौंनीति कार्यक्रममा पनि हामीले बोल्यौं तर काननी रूपमा चाहिँ एउटा बाटो नदिएसम्म, मुलकुरा त कानून नैहो हामीले अपिल गरेको कुरालाई कानुनी रूपमा व्यवस्था गर्नु जरुरी थियो । ढिलै भए पनि, यो ठाउँसम्म आई पुगेका छौं, सदन त्यहाँसम्म पुगेको छ । सरकार र सदनको बीचमा यस विषयमा चाहिँ एउटा सहमति भएको छ । अब माननीयज्यूले भने जस्तै नेपालमै, सिंगो नेपालमै हाम्रो देशमा र अझ कर्णाली प्रदेश विकटता पनि छ, अन्य विभिन्न खालका चुनौतीहरू पनि छन्लगानी कति सुरक्षित हुन्छ भन्ने सुमस्याहरू पनि छन् । त्यसकारणले लगानी धेरै बढि आकर्षित हुन सकेको छैन । मलाई सम्झना छ, म संघीय, त्यति बेलाको चाहिँ प्रतिनिधिसभाको अर्थसमितिको सभापति हुँदा पनि यो विषयमा विदेशीलगानी आकर्षित गर्ने कुरामा,निजी क्षेत्रलाई लगानी आकर्षित गर्ने कुरामा धेरै बहस गर्यौं, तर पनि उत्साहजनक रूपमा लगानी आकर्षित हुन सकेको स्थिति होइन । त्यसमध्ये पनि यो चुनौतीपूर्ण प्रदेशमा अझ कठिनाई छ । त्यसका बाबजुद पनि यो कर्णाली प्रदेश धेरै सम्भावनाहरूबाट भरिपूर्ण प्रदेश पनि हो, स्रोतको हिसाबले, साधनको हिसाबले, सम्पदाको हिसाबले । त्यसकारण हामीले कानुनी एउटा बाटो खोल्यौं सरकारका तर्फबाट,कानून अनुसारको चाहिँ समन्वय भएर सहजीकरण गर्यौं भने लगानी आकर्षित हुन सक्ने विश्वास सरकारलाई छ । हामीले बजेटमा पनि बोलेका छौं कि हामी कर्णाली प्रदेशमा लगानीमैत्री वातावरण बनाउछौं । त्यसका निम्ति हामीले पूर्वाधार निमार्णमा सरकारले सहयोग गर्छ । त्यसका निम्ति समन्वय गर्न कुरामा अन्तरमन्त्रालय होला या चाहिँ विभिन्न निकायहरूको बीचको समन्वयको कुरा होला, या सरकार र यो लगानीकर्ताको बीचको समन्वयलाई पनि हामी सहज बनाउछौं। त्यस्तै गरि जग्गा प्रति लगायतका चाहिँ सवालहरू छन्, माननीयज्यूले भन्या जस्तै एकदम जटिल विषय हो । त्यसका निम्ति पनि हामी वातावरण निमार्ण गर्छौं । अब अर्कोतिर वातावरणीय पक्ष पनि छ । संघीयकानून बनिसके पछि प्रदेशको वातावरण सम्बन्धीकानून पनि हामी टुङ्ग्याउदैछौं, त्यसैले वातावरण सम्बन्धी पनि हामीले एउटा कानुनी निकास निकाली सकेपछि त्यसका निम्ति पनि एउटा सहज अवस्था बन्न सक्छ र लगानीको सुरक्षामा पनि सरकारले ध्यान दिने लगानीको सुरक्षाको निम्ति सब भन्दा बढिचाहिँइन्सुरेन्स, के कुरामा गर्नु पर्यो भन्दा खेरि सरकारले पनि केहि न केहि लगानी गरोस् । लगानीकर्तालाई चाहिँ एक किसिमले चाहिँ स्वस्थ बनाउनका निम्ति सरकारको लगानी पनि त्यसमा चाहिँ हामीले गर्न सक्यौं भने लगानीकर्ता चाहिँ स्वस्थ हुन्छ । सरकारले चाहिँ कानुनी, समन्वयात्मक पूर्वाधार लगायतका कुरामा सहयोग गर्छ र लगानी भित्रिन्छ । लगानीआकर्षित हुन्छ, हामीले चाहिँनिजी क्षेत्रलाई पनि आकर्षित गर्न सक्छौ भन्ने विश्वासका साथ यो

चाहिँकानून बनाइएको हो । एक दोस्रो कुरा सार्वजनिक र निजी क्षेत्रमा मात्रै हैन सहकारी क्षेत्रलाई पनि हामीले यसमा इन्भल्व गर्छौं । सरकार भन्ने बित्तिकै सरकार, प्रदेश सरकार र स्थानीय सरकार समेत त्यसमा जोडिन्छ । प्रदेश सरकार र स्थानीय सरकार,निजी क्षेत्र,शुद्ध निजी क्षेत्र,उद्योगी, व्यापारी, व्यवसायहरू र अर्कोतिर सहकारीहरू समेत हामीले अलि ज्वाईन्टमा एक किसिमले चाहिँ सहकार्य गरेर लगानी बढाउ,लगानी गरौं र केहि नमुना कामहरूगरौं भन्ने उद्देश्यले यो काम गरिएको, यो चाहिँ कानून ल्याइएको हो । त्यसका निम्ति अब एउटा चाहिँ एफडिआई आकर्षित गर्ने कुरा पनि छ । त्यसका निम्ति अन्य कानूनहरूको पनि जरुरी हुन्छ । हाम्रो मात्रै कानूनले त्यति सजिलो नहुन सक्छ । त्यस सम्बन्धी कानून निर्माणको प्रक्रियामा संघीय सरकार लागि परिरहेको छ । त्यस्तै गरि देश भित्रको लगानी हामीले कसरी आकर्षित गर्न सक्छौं, त्यसका चाहिँ हामीले लामो छलफल गरेर लगानी आकर्षित गर्ने गरि यो लगानीमैत्री विधेयक, लगानीमैत्री कानून निमार्ण गर्न गईरहेका छौं । म विश्वासका साथ यहाँहरूसँग अनुरोध गर्न चाहन्छु, हामीले निर्माण गरेको कानून लगानीमैत्री कानून हो र यसले लगानीमैत्री वातावरण बनाउनलाई सबभन्दा, मुख्य रूपमा भूमिका खेल्ने छ । र यसमा हामीले केहि एउटा महत्वपूर्ण छलफलबाट निश्कर्ष निकाल्यौं जस्तो प्रस्ताव गर्दाखेरि यो चाहिँ संचालक समितिको नेतृत्व सरकारले गर्ने अथवा सरकारका तर्फबाट सचिवले गर्ने कुरालाई हामीले परिर्वतन गर्यौं र जसको लगानी धेरै हुन्छ, उसको नेतृत्व हुन्छ, लगानी धेरै हुनेको नेतृत्व भयो भने लगानीकर्ताहरू अलि बढि आकर्षित हुन्छन् भन्ने हाम्रो विश्वास हो । समितिको र सरकारको पनि हामीले त्यस ढङ्गबाट मोडलमा गर्यौं र जसको लगानी बढि छ, उसको नेतृत्वमा चाहिँ संचालक समिति बन्छ । त्यसको चाहिँ सदस्य सचिवमा त्यसको कार्यकारी प्रमुख रहने किनकी समिति र कार्यकारी प्रमुखलाई हामीले जोडनु पर्ने थियो । त्यस्तै गरि योजना छनोट अनुगमण र नियन्त्रणका कामहरू गर्नका निम्ति कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्षको नेतृत्वमा अर्को एउटा समिति, अब यो केन्द्रमा जो चाहिँलगानी बोर्ड छ । अब हामीले लगानी बोर्ड अलग्गै बनाउदा पनि असजिलो हुने, त्यसकारण लगानी बोर्डको मोडलमा चाहिँ एउटा छुट्टै समिति अलिकति अधिकार सम्पन्न समिति पनि यो विधेयकमा चाहिँ व्यवस्था गरिएको छ । यस हिसाबले हामीले यो विधेयकलाई एकदम म्याचियोर गरेर अलि पर पक्की बनाएर अगाडि बढाएकाछौं ।समितिलाई यसका निम्ति धेरै-धेरै धन्यवाद दिन चाहन्छु । अब हामीले कार्यान्वयन, जुन पाटो उठाउनु भएको छ, मुख्य कार्यान्वयन के हो, निश्चित रूपमा पनि हामीले धेरै बढि महत्वकांक्षी हुनु भन्दा पनि केहि एउटा पाइलेटिङ्गको रूपमा, केहि साना प्रोजेक्टहरू, पहिले प्रक्टिस गर्नुपर्छ नै, त्यसो भयो भने त्यसको नतिजा अनुसार अरु लगानीकर्ताहरू पनि आकर्षित हुँदै जान्छन् । अझ सुरू-सुरूमा सरकारले नै बढि लगानी गर्ने अवस्था पनि हुन सक्छ किनकि लगानी कति सुरक्षित हुन्छ भन्ने कुरा लगानीकर्ताले निजी क्षेत्रका लगानीकर्ताहरूले त्यो चाहिँ ओइट पनि गर्न सक्छन् । त्यो चाहिँ नतिजा हेरेर लगानी गर्ने स्थिति पनि हुन सक्छ, त्यसैले त्यो पाटोमा हामी प्राक्टिकली कसरी जाने भन्ने कुरामा यसको कार्यान्वयनका सम्बन्धमा पनि

माननीयज्यूहरूको एकदम महत्वपूर्णसुझाव सहित हामी सहकार्य गरेरै जानेछौं र हामीले अब यो चालु आर्थिक वर्षकै बजेटमा पनि लगानी सम्मेलनको कुरा गरेका थियौं । तर हामीसँग चाहिँ प्रोजेक्ट बैंक बन्न नसेकेको कारणले, परियोजना बैङ्कबन्न नसकेको कारणले लगानी सम्मेलन हुन सकेन, त्यसैले प्रोजेक्ट बैङ्कछिटो भन्दा छिटो निमार्ण गरेर लगानी सम्मेलन गर्ने र हामी चाहिँ लगानी सम्मेलनमा लगानीकर्ताहरूसँग हामी कानून सहित, प्रोजेक्ट सहित, उपस्थित हुन सक्यौं। हामीसँग कानून पनि थिएन, हामीसँग प्रोजेक्ट पनि थिएन । तयारी प्रोजेक्ट, त्यसैले कानून र प्रोजेक्ट सहित लगानीकर्ताहरूलाई हामीले आकर्षित गर्नेगरि उहाँहरूसँग चाहिँ छलफल गरेर एउटा निश्कर्षमा पुग्ने गरि सरकार अगाडि बढनेछ । म यो कुरा यहाँहरूसँगचाहिँ अनुरोध गर्न चाहन्छु र कार्यान्वयनका निम्ति नै कानून निमार्ण गर्ने हो,कानूनको कार्यान्वयन र कानून अनुसार चाहिँ हामीले जो उद्देश्य राखेका छौं। त्यसको कार्यान्वयनका निम्ति अगाडि बढने कुरा राख्दै फेरी पनि यो महत्वपूर्ण यो भनाई राख्ने माननीयज्यूलाई र अर्थ तथा प्राकृतिक स्रोत समिति, जसले निकै लामो समय छलफल गरेर मेहेनत गरेर यो प्रतिवेदन सहित यो सदनमा पेश गरेको छ । उप-समिति जसले धेरै मेहेनत गरेको छ, म समिति, उप-समिति, माननीय सभामुखज्यू, सिङ्गो सदनलाई हार्दिक धन्यवाद दिन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा पेश गर्नु भएको सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि समितिको प्रतिवेदन सहित विधेयक माथिको छलफल समाप्त भएको जानकारी गराउछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू, सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्रदेशसभामा छलफल भईसकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अङ्ग हुने गरि समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले प्रस्तुत गर्नु भएको सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई समितिको संशोधन प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।
हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्गहुने गरि समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश गरियोको कर्णाली प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिका समितिमा छलफल भई, सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन विधेयक माथि सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-**माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा पेश गर्नु भएको कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रतिवेदन सहित विधेयक माथिको छलफलका लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री पद्मा खड्का, समय ७ मिनेट । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनु होला ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, आज यो प्रदेश सभाको छैठौं अधिवेशनको २० औं बैठकमा वातावरण विधेयक जसरी अर्थ तथा प्राकृतिक स्रोत साधन समितिबाट धेरै छलफल गरि संशोधनकर्ता माननीयज्यूहरूले संशोधन गरि र व्यापक छलफल गरि र प्रतिवेदनको रूपमा आज यहाँ प्रस्तुत भई, आज पारित हुने क्रम चाहिँ छ । र यो विधेयकले नेपालको संविधानले व्यवस्था गरेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको संरक्षण गर्न वातावरण र विकासलाई वातावरण र विकास बीचको सन्तुलन कायम गर्ने जुन यो विधेयकले एउटा विधेयकको मुल मक्सत छ र यसले वन, वातावरण

जैविक विविधतामैत्री विकासका पूर्वाधारहरूलाई यसले निमार्ण गर्ने कुरामा यो विधेयकले बोलेको छ । र यसै गरि इआइ हुन नसकी अधुरा भई, बसेका सडक, पुल तथा पर्यटन सडक पदमार्ग निमार्णमा यसले यो विधेयक पास भए पछि यसले सहजता ल्याउने छ र यसै गरि दिगो विकासको अवधारणा अनुसार वातावरणीय मैत्री विकासहरूमा सहजीकरण यस विधेयकले गर्ने छ । र यसै गरि यस विधेयकले अहिलेसम्म जुन संघीय संरचनामा मुलुक जानु भन्दा अगाडि, जुन व्यवस्था, जुन यहाँका नागरिकले सामान्य एउटा विकास निमार्णको काम गर्दा पनि हामीले संघीय, उसमा धाउनु पर्ने जुन बाध्यात्मक परिस्थिति थियो । त्यो परिस्थितिलाई अब एउटा संघीयता आएसँगै र नजिकैको नागरिकको घर दैलोमा सरकार आयो भन्ने एउटा महशुस गराउनका लागि त्यो खालको एउटा प्रावधानलाई, त्यो खालको एउटा विधिलाई एउटा कानूनमार्फत यसलेबोलेको छ र सहज रूपमा नागरिकले र आफ्नो घर नजिकैबाट त्यो एउटा कानूनको एउटा सर्वसुलभरूपमा अनिहरूले सेवा लिन सक्नेछन् भन्ने कुरा यो विधेयकले बोलिरहेको छ र यो कार्यान्वयनमा पनि जाने छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र यसै गरि विकास निमार्णमा वातावरणसँग विकास सँगै जोडिएको छ । यो विकास निमार्णमा हुने वातावरण हामीले जोगाउनका लागि विकास निमार्ण हुँदा जुन क्षति हुन्छ, त्यो क्षति हुँदा पनि यसले क्षतिको कुरालाई पनि यो विधेयकले नियमन गर्न कुराहरू पनि यो विधेयकको एउटा मुल मक्सतका साथ बोलिएको छ र यसले कार्यान्वयनमा सहजता ल्याउनेछ र हामीले यो विधेयक माथि छलफल गरि रहदा अहिले हामी जलवायू परिर्वतनको कुरा चाहिँ हेर्दा यो विधेयकले पनि यो एउटा जलवायूपरिर्वतनलाई कसरी हामीले,चाहिने न्यूनिकरण गर्न सक्छौं, बढदै गईरहेको जलवायू परिर्वतनलाई कसरी हामीले न्यूनिकरण गर्ने हो र हामीले बनाउने संरचना विकास निमार्णका संरचनाहरूलाई कसरी हामीले चाहिँ त्यहाँ जोडने र हामी यो कानून सम्बद्धरूपमा चाहिँकार्यान्वयन गर्ने कुरामा हामी कसरी गर्न सक्छौं भन्ने कुरा यो विधेयकले बोलेको छ । पक्कै पनि कार्यान्वयनमा आउने छ र यसले सहजता ल्याउनेछ । आम नागरिकले सहजता पाउने छन् र विभिन्न हामीले गरिरहेका अहिले भर्खरै मात्रै पनि यो कोभिड-१९ ले पनि जसरी आयो,तीन महिनाको अवसरमा हामीले हेरिरहेका छौं, लकडाउनको अवस्थामा हेर्दा यातायात व्यवसायी, उद्योगधन्दा, कलकारखाना सबै ठप्प हुँदा अहिले यो एउटा यो प्राकृतिक रूपमा एउटा सुन्दरता, प्राकृतिक सुन्दरता देखि लिएर हाम्रा भईरहेका नदि तालहरू सुन्दर रूपले, हामीले चाहिँ एउटा प्रकृतिको सुन्दरता हामीले जसरी देखिरहेका छौं र हामी मानव जातिले र त्यो प्रकृतिसँग हामीले कति असर पारिरहेका रहेछौं भन्ने कुरा एउटा जलवायू ज्वलन्त, हामीले एउटा यो माहामारीसँगै यो एउटा हामीले देख्ने एउटा अवसर पनि मिलेको छ । र यो अवसरको बेला या विधेयक, आज यो गरिमामय सदनमा पारित हुँदैछ । यसको निकै महत्व छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । र अन्त्यमा मैले यो विधेयकले पक्कै पनि यो विधेयकको मुल मक्सत भनेकै एउटा हामी स्वस्थ भएर स्वच्छ र स्वस्थ भएर बाँच्न पाउने जुन संविधानले हामीलाई व्यवस्था गरेकोमौलिक हक छ, त्यो मौलिक हकसँगै र यो हामी कर्णाली प्रदेशले बनाईरहेको यो विधेयकले

कर्णालीबासीका आफ्ना नागरिकहरूले स्वच्छरूपले बाँच्न पाउने स्वस्थ्यका रूपले स्वच्छ र स्वस्थ्यकारूपले बाँच्न पाउने अधिकार यसले सुनिश्चित गरेको छ र त्यो अधिकार सँगसँगै हामी मानव जातिले अधिकार सँगसँगै हामीले कति असर पारिरहेका छौं र यो प्रकृतिमा हामी मानव जातिले गर्ने विभिन्न क्रियाकलापहरू उद्योगधन्दा कलकारखानासँगसँगै विभिन्न हामीले, विभिन्न गर्ने, हामीले गर्ने क्रियाकलापबाट कति असर परिरहेको छ भन्ने कुरा यसले विभिन्न शिर्षकहरूमा यहाँ ल्याईरहेको छ । यो कानूनले पक्कै पनि यो प्रदेशको विभिन्न क्षेत्रमा यसले चाहिँ समेटने छ, सहज हुने छ, सहजता ल्याउने छ । हाम्रा विकासका गतिलाई अगाडि बढाउने छ, जसरी अहिले सम्म रोकिरहेका २ वर्षको अन्तरालमा हामीले बुझिरहेका छौं । धेरै हाम्रा विकास कर्णाली प्रदेश सरकारले दिगो रूपमा ल्याइरहेका विकास गतिविधिहरूलाई यो विधेयक नहुँदा पनि रोकिएको छ, यो विधेयक पास भए लगतै ति विकासका कामहरूलाई यसले तिव्रताका साथ अगाडि बढाउने छ र तिव्र गतिमा यो कानूनका कुराहरूकार्यान्वयन हुनेछ भन्ने कुरा यहाँ राख्दै आफ्ना भनाई यहि अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन सहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यले रोस्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अब माननीय श्री गोपाल शर्मा।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयकको विषयमा यहाँ छलफल भाग लिन गइ राखेको छु । सभामुख महोदय, यो विधेयकले खास गरि चार ओटा कुरालाई अलि बढि फोकस गरेको छ । पहिलो कुरा संविधानले मौलिक हकको रूपमा स्थापित गर्न खोजेको स्वास्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई सुरक्षित गर्न खोजेको छ विकास र वातावरण बीच सन्तुलन कायम गर्न खोजेको छ । वातावरणीय प्रभाव प्रतिकुल वातावरणबाट मानव स्वास्थ्य जोगाउने र त्यसबाट प्रभावित हुनेलाई क्षतिपूर्तिको दिने व्यवस्था यहाँ यसले गर्न खोजेको छ । सभामुख महोदय, यो एकदमै राम्रो कानूनले यस्तो खालको स्वच्छ, वातावरण बनाउने र त्यस वातावरणमा बाँच्न पाउनेहकको सुनिश्चितत गर्ने धेरै महत्वपूर्ण कुरा छ तर आज हामी विकासको निम्तीगम्भिररूपले हाम्रो प्रदेशलाई कसरी विकसित, छिटो भन्दा छिटो विकासको अवस्थामा अगाडि बढाउने भन्ने कुरामा गम्भिरतापूर्वक लागि राखेका छौं । यो वातावरण विधेयक, मलाई यस्तो लाग्छ कि हाम्रो आवश्यकतामा भन्दा विकसित राष्ट्रको आवश्यकतामा यो बनिराखेको अवस्था छ,विकसित राष्ट्रहरू जसले शुरूमा प्राकृतिक स्रोत साधनहरूको अत्यधिक दोहन गरेर विश्वलाई कार्बनले, कार्बन ग्याँसबाट उत्सर्जन गरेर विश्वव्यापीरूपले एकदम वातावरणमा प्रतिकुल असर पार्ने योगदान गरिराखेका छन् वा त्यो खालको प्रतिकुल कार्य गरिराखेका छन्। उनले आज आफुलाई चाहिएको विकास गरिसके पछि विकासशिल राष्ट्रहरूमा जबरजस्ती फेरि वातावरणलाई जोगाउने सन्दर्भबाट विकासका कयौं अफ्ठेराहरू अवरोध सिर्जना गर्न खोजिराख्याको भान हुन्छ । यो कतिपय सन्दर्भमा आज हामी प्रयोग गरेर

राखेका छौं। यो सन्दर्भ, यो ऐन कार्यान्वयनको प्रकृयामा जानेबित्तिकै मलाई अनुभुत कस्तो भएको छ, यद्यपी यसको विपक्षमा होइन, सभामुख महोदय, मैले वातावरणको संरक्षण गर्न, हामी जब कानून अगाडि बढाई राखेका छौं । यसको अगाडि सँगसँगै गम्भिर चुनौती हाम्रो अगाडि छन् । हामीले अहिले वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदन हामीले स्वीकृति नगरेर वा वातावरण संक्षिप्त वातावरण अध्ययन नगरेर, त्यसको प्रतिवेदनलाई स्वीकार नगरेर, हामी कुनै पनि काम अगाडि बडाउन सक्दैनौ। अब यो प्रकृयामा जाँदा खेरि हामी हरेक फट्कोमा, आज त अझ एउटा यो विधेयकमा थप एउटा बुँदा समाबेश भएको छ । विधेयकको दफा २ को खण्ड च पछि नयाँ खण्ड थप गरि खनिजजन्य पदार्थ भन्नाले नदि, खोला, खोल्सा, खहरे, बाढी, पहिरोले बगाई, बाढी पहिरोले बगाई, ल्याई नदि, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र सार्वजनिक जग्गा वा नदि निकास क्षेत्रमा थुप्रिएको, थिग्रिएको ढुङ्गा, ग्रावेल, बालुवा, गिटि, भस्कट मिस्कट गेग्राम माटो सम्झनु पर्छ । गेगरमा माटो सम्झनु पर्छ भने अब कुनैपनि खुट्टा राख्ने ठाउँमा काँही न काँही गेग्राम पनि भेटिन्छ, मिस्कट पनि भेटिन्छ अरु चिजहरू पनि भेटिन्छ । त्यसकारण कुटो खन्नलाई पनि अब हामीले वातावरणीय मुल्याङ्कन हामी कहाँ आउनै पर्छ । त्यसकारण आर्थिक वर्षको यो बजेट कार्यान्वनयको प्रकृया बजेट सम्बन्धी छलफलमा हामी भाग लिईराखेका छौं। मलाई लाग्छ, यो बजेटको कार्यान्वयन गर्न अब पहिले हामीले इआइय वा आइइ गर्नुपर्छ । त्यो नगरेर हामीले एक पाइला पनि हिड्न नसक्ने अवस्था सिर्जना नहुन सक्छ । त्यसको निम्ति मलाई के लाग्छ भने, यो ऐन कार्यान्वयनको प्रकृयामा सरकारले शुरूमै डिपिआर तयार गर्ने एउटा छुट्टै संरचना अब जरुरी छ । हामी यो गर्न सकेनौं भने हामी फेरि अरु स्थिति तिर अगाडि बढन सक्छौ । त्यसकारण विकसित राष्ट्रको लागि आज एउटा बाध्यताउनीहरूको निम्ति, निम्तिरहेको छ तर अब हामी बल्ल एउटा प्रकृयामा विकाशिल राष्ट्रको रूपमा अगाडि बढिराख्याको छौं। हामीलाई छिटो भन्दा छिटो विकास चाहिएको छ, मलाई लाग्दैन कि सभामुख महोदय, कुनै वातावरण प्रभाव मुल्याङ्ककन गरेर कुनै हामीले गरिराखेको काम रोकिएको छैन तर ढिलोमा मात्रै भईराखेको छ । हामीले छिटो भन्दा छिटो सडक बनाउन चाहान्छौ, पुल बनाउन चाहान्छौ, कुनै उद्योग स्थापना गराउन चाहान्छौ । तर हामीलाई सब भन्दा पहिले यस्ता प्रतिवेदनहरू यो कामलाई ढिलो बनाउन स्थिति वा यस्ता ऐनहरूले ढिलो बनाउने काम नगरून । हामी यसतर्फ सचेत हुन जरुरी छ, सरकारले त्यो अनुकुल आफ्नो नियमहरू वा कार्यविधिहरू बनाउन जरुरी ठान्छु, म यो ऐन विकासको बाधक होइन कि यसको सार्थक हुनुपर्छ भन्ने अर्थमा म यसलाई त्यो अर्थबाट हामीले लिन जरुरी छ । अब समग्रमा यो ऐनले वातावरण हाम्रो राष्ट्रलाई र हाम्रो प्रदेशलाई वातावरण अनुकुल बनाउदै विकासमा छिटो दौड्ने स्थिति सिर्जना गर्ने छ भन्ने अपेक्षा राख्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशको वातावराण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन माथिको

छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारको वातावरण संरक्षण गर्न बनेको विधेयक माथि यो प्रदेशसभामा पेश भएको थियो र यो प्रदेशसभाबाट यसको सैद्धान्तिक छलफल भएर, यसको केहि थप, यसलाई परिमार्जित गर्नलाई अर्थ तथा प्राकृतिक समितिमा यसलाई पठाइएको थियो र अर्थ तथा प्राकृतिक समितिमा यसको व्यापाक रूपमा यसको छलफल भएको छ र यसमा उपसमितिहरू मार्फत छलफल भएको छ र जुन अर्थ तथा प्राकृतिक स्रोत समितिका माननीय अधक्ष्यज्यू, सदस्यज्यूहरू र यसमा संशोधनकर्ता माननीय सदस्यहरू र यस समितिले तपाईँको विभिन्न विषय विज्ञहरूसँग र मन्त्रालयले यसका विषयवस्तुसँग हामीले व्यापकरूपमा छलफल गरेर यो वातावरण विधेयक आज यो सम्मानित सदनमा अर्थ तथा प्राकृतिक समितिका माननीय अध्यक्ष्यज्यूले पेश गर्नु भएको छ । यसमा मुख्य गरेर कर्णाली प्रदेशको विकास निमार्णमा अहिले पछिल्लो चरणमा वातावरण ऐनले गर्दा आज विभिन्न विकासमा बाधक भईरहेको छ र संघीयकानून अनुसार, प्रदेशको कानून अन्तरगत यसले जानुपर्ने जुन व्यवस्था अनुसार हामीले यो प्रदेश भित्र भएका भौतिक पूर्वाधार निमार्ण, विकासमा यो कर्णाली प्रदेशको हाम्रो यो वातावरण विधेयक जब ऐनमा रुपान्तर भईसकेपछि यसले अवश्य पनि सहज गर्ने छ । रयसमा मुख्य गरेर यसका मौलिक हक जुन स्वच्छसँगबाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्दै यसले मुख्य गरेर अहिले पहिलाको जुन हामीले तपाईँको इआइए गर्दा खेरि हिजो संघीय उसमा तपाईँको धाउनु पर्नेलाई यो अहिले वातावरण ऐनको जुन साझा सूचिमा परेको अन्तरगत आज प्रदेश सरकारले हामी अगाडि परिरहेका छौं र यसमा व्यवस्था भए अनुसार अहिले यसको तीन खालको व्यवस्था गरिएको छ । एउटा संक्षिप्त वातावरण अध्ययन, जुन यसको अहिले हाम्रो यो व्यवस्था अनुसार हामीले सात दिन भित्र यसको स्वीकृति यो प्रतिवेदन स्वीकृति गरेर जाने गरि ऐनमा व्यवस्था गरेका छौं भने अर्को तिर हामी वातावरण पर्ने छन् र यसको लागि पनि हामीले सिरिप १५ दिन भित्र सम्बन्धित निकायमा पेश भईसकेपछि, यसलाई स्वीकृति गरेर जाने खालको हामीले व्यवस्था गरेका छौं भने अर्को वातावरणीय प्रभाव मुल्याङ्कन यसको लागि सिरिप ३० दिनको समय भित्र हामीले यो तपाईँको सम्बन्धित आयोजना, परियोजनाले पेश गरिसके पछि, यसलाई स्वीकृति गर्ने गरि हामीले यो व्यवस्था गरेका छौं र यसमा मुख्य गरेर यो ऐन एकदमै तपाईँको आवश्यकता छ । यसले तपाईँको जनजीवन र मान्छेको स्वच्छ वातावरणसँगबाँच्न पाउने अधिकार यसले सुनिश्चित गर्न सक्छ र यसमा जुन अहिले यो विकासलाई, जुन अहिले हाम्रो जस्तो प्रदेश, भौगोलिक विकटता छ र विभिन्न कारणले हामीले पछि परिरहेका छौं र अहिले हामीलाई मुख्य भौतिक पूर्वाधारको तपाईँको महत्वपूर्णभूमिका रहन सक्छ र यसलाई अहिले यो वातावरण ऐनले तपाईँको ठूलो असर पारिरहेको छ । वातावरण ऐनले कानूनले गर्दा आज विकासहरू, तपाईंको नभइ रहेको कुरा हामी सबैलाई विदितै छ र यसले अवश्य पनि यो ऐन तपाईँको पास भईसकेपछि यसले

अब छिटो भन्दा छिटो यसलाई कार्यान्वयन गराएर, यसमा तपाइँको दिगो विकासको लक्ष्यलाई प्राप्ति गर्दै, यसलाई सन्तुलनको विकासलाई, सन्तुलन कायम गर्दै, यसमा हामी अगाडि बढाउने छौं र यसमा मुख्य गरेर यो तपाइँको विधेयकमा जुन माननीयज्यूहरूले आज पनि महत्वपूर्ण सुझावहरू राख्नु भएको छ र यो तपाइँको विधेयक, यो प्रदेशसभामा छलफल भई सकेपछि, विभिन्न माननीयज्यूहरूको विभिन्न समयमा, विभिन्न छलफलका विषयहरू राख्नु भएको छ र यो मात्रै नभएर विभिन्न समिति अर्थ समितिका माननीय सदस्यज्यूहरूलाई, यसमा तपाइँको उपसमिति र विभिन्न तपाइँको संशोधनकर्ताहरूलाई माननीयज्यूहरूले भाग लिएर, यसको थप तपाइँको विधेयकलाई,तपाइँको एउटा महत्वपूर्ण,तपाइँको यो भूमिका निर्वाह गरेर, यसमा अझ यो विधान,तपाइँको ठूलो, यसको भूमिका रहन सक्छ । यसलाई तपाइँको केहि तपाइँको कुराहरू यसलाई अझ पूर्णता, यसले विधानले पाएको छ । त्यसकारण आज यो प्रदेशसभाका माननीय सभामुखमार्फत, म सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु र हाम्रो मन्त्रालयबाट यो पहिलो एउटा विधेयक आज यो प्रदेशसभा, सम्मानित प्रदेशसभाबाट आज पास अब तपाइँको विधेयक, तपाइँको हुने भएको छ र यसमा भाग लिनुहुने सम्पूर्ण माननीयज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु । त्यसकारण यो अति महत्वपूर्ण कारणले गर्दा यो सबैको चासो र विषय भएको कारणले यसलाई पहिलो प्राथमिकताका साथ प्रदेशसभाका माननीय सभामुखज्यू लगायत तपाइँको यसका समितिका सभापतिज्यूले पनि यसलाई अगाडि बढाउन ठूलो एउटा भूमिकानिर्वाह गर्नु भएको र त्यसकारण म सम्पूर्ण माननीय सदस्यज्यूहरू र माननीय सभामुखमार्फत धन्यवाद दिदै यो विधेयकले कार्यान्वयन पछि, कर्णाली प्रदेशको दिगो आर्थिक, दिगो तपाइँको विकासमा,तपाइँको यसले ठूलोभूमिकानिर्वाह गर्न सक्छ भन्ने कुरा म राख्दै विदा हुन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा पेश गर्नु भएको कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन सहित विधेयक माथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रदेशसभामा छलफल भइ सकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अङ्ग हुने गरि समग्र विधेयकको कर्णाली

प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई समितिको संशोधनको प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस्भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरि समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार १० गते बुधवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

(मिति २०७७ साल असार १० गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरु, कर्णाली प्रदेश सभाको छैंठौं अधिवेशनको एक्काइसौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरुमाथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, के हो माननीय सदस्य ?

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय, सर्वप्रथम यो वार्षिक विकास कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्रालयले निकालेको छ सभामुख महोदय । हामीकहाँ कर्णाली योजना आयोग छ । यो किताब निकाल्ने भनेको कर्णाली योजना आयोगले निकाल्नुपर्छ । कि त कर्णाली योजना आयोगलाई खारेज गरी पाउँ सभामुख महोदय । होइन भने यो अधिकार अब उलाई छैन । हिजो पहिला अधिकार कलाई हुन्थ्यो भन्दाखेरी आर्थिक मामिलालाई थियो, त्यो बेला योजना आयोग थिएन । त्यसैले यो वार्षिक विकास कार्यक्रम भनिसकेपछि उले निकाल्नुपर्ने थियो सर्वप्रथम कुरा त्यो हो । अहिले जुन सम्माननीय सभामुख महोदयले जुन दफा इंगित गर्नुभयो । प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद–१६ दफा १३१ अनुसार हामी छलफलमा अगाडि बढ्नको लागि चाहीँ सम्माननीय सभामुखज्यूबाट रुलिङ्ग भएको छ । यसमा के भन्छ भने सभामुख महोदय, उपदफा १ मा प्रत्येक मन्त्रालयको निमित्त प्रस्ताव गरिएको खर्चको रकम सामान्यतया छुट्टाछुट्टै शीर्षकअन्तर्गत राख्नुपर्नेछ । आर्थिक मामिला तथा योजना मन्त्रीले दुई वा सोभन्दा बढी मन्त्रालयहरू र विभागहरूको निमित्त प्रस्ताव गरिएको खर्चको रकम एउटै शीर्षकमा समावेश गर्न वा खास मन्त्रालयहरू अन्तर्गत सहज रूपमा वर्गीकरण गर्न नसकिने खर्चको रकमहरू एउटै शीर्षक अन्तर्गत राख्न सक्नेछ । उपदफा २ मा प्रत्येक शीर्षकमा पहिले सबै प्रस्तावित खर्च रकमको विवरण र त्यसपछि उपशीर्षकहरूमा विभाजित प्रत्येक खर्च रकमको विस्तृत विवरण उल्लेख गरेको हुनु पर्नेछ । त्यस्तो विवरणमाथि बैठकमा छलफल गर्न सकिनेछ । भन्ने व्यवस्था छ सभामुख महोदय । त्यो व्यवस्था भएर यो आएन । सरकारले वार्षिक कार्यक्रम किताब ल्याउँदा विनियोजन विधेयकको भावना र मर्मविपरित निम्न त्रुटीहरु गरी अपूर्ण कार्यक्रम ल्याएको हुँदा यो चाहीँ दफावार छलफलमा अगाडि बढ्न सक्दैन भन्ने नै हो सभामुख महोदय। वार्षिक विकास कार्यक्रम कसरी ल्याएको छ भने सभामुख महोदय ।

आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रम हो भने कर्णाली प्रदेश आयोगले निकाल्नुपर्ने हो कि आर्थिक मामिलाले । यदि त्यो निकालिसकेपछि वार्षिक विकास कार्यक्रम भनिसकेपछि साधारण खर्च पनि हुनुपर्छ, पुँजीगत खर्च पनि यसमा हुनुपर्छ । न पुँजीगत खर्च भनेर पुँजीगत खर्च छ । न साधारण खर्च भनेर साधारण खर्च छ । यहाँ केही साधारण खर्चमा घरभाडा भनेर राख्यो । अरु केही पनि राख्दैन । यी त कुनै पनि मलाई विश्वास छ सम्मानीय सभामुख महोदय, कुनै पनि माननीयज्यूले कति पैसा आयो भन्ने कुरा चाहीँ देखाउन सक्ने अवस्थामा यो नभएकोले यसमाथि कसरी छलफल अगाडि बढ्न सक्छ भन्ने हो सभामुख महोदय । अर्को कुरो आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रममा प्रदेश सरकारको दीर्घकालीन सोच २१ सयको २०२१ भनेर उहाँहरुले भन्नुभएको थियो । लक्ष्य, उद्देश्य र रणनीति । आर्थिक वर्ष ७७/०७८ को आर्थिक बृद्धिदरको लक्ष्य उल्लेखचाहीँ हुनुपर्छ । त्यो पनि यो वार्षिक कार्यक्रममा छैन सभामुख महोदय । अनि विकास कार्यक्रम, बजेटको बाँडफाँड र प्रतिशत निम्नानुसार सुस्पष्ट हुनुपर्नेमा उल्लेख पनि भएको छैन । मैले अघि पनि भनें सभामुख महोदय । साधारणको राख्नुपर्छ । विकास कार्यक्रम राख्नुपर्छ । र हाम्रा हकमा चाहीँ स्थानीय तहलाई दिने सशर्तको अनुदान राख्नुपर्छ । त्यो उहाँहरुले राख्नुभएको छ । लाष्टमा राख्नुभएको छ । त्यो भन्दा अगाडि त्यो बढेको छैन सभामुख महोदय । खर्चको आधारमा विकास कार्यक्रमको विनियोजन बजेट र प्रतिशत उल्लेख हुनुपर्नेमा नगरिएको चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था भनेर यो वार्षिक किताबमा राखिएको हुनुपर्छ सभामुख महोदय । एकमुष्ठ होला । तर त्यो राखिएको छैन । अर्को कुरा रणनीतिक स्तम्भ प्राथमिकता दीगो विकास लक्ष्य संकेत लैङ्गिक संकेत जलवायु संकेत, क्षेत्रगत उपक्षेत्रका आधारमा कति विकास कार्यक्रम विनियोजन बजेटको उल्लेख गर्नुपर्नेमा यसमा गरिएको छैन । उहाँले चाहीँ यो आय–व्ययमा चाहीँ गर्नुभएको छ । तर यसले गरेको कुरामा मानिदैन । सभामुख महोदय, यो किताबमा गरेर चाहीँ एकमुष्ठ आउनु पर्ने हुन्छ । यस्तै सभामुख महोदय, रुपान्तरणकारी योजना कति छन्, कुनै उल्लेख भएको छैन । के–के रुपान्तरण भए । गेम चेन्जिङ्ग भनेर भनिन्छ नि । त्यो सरकारले ल्याउनुपर्छ । यो किताबमा वार्षिक कार्यक्रम त्यो आएको छैन सभामुख महोदय । क्षेत्रगत नतिजा सूचकमा नतिजा सूचक आ.व. २०७५/०७६ को प्रगति, २०७६/०७७ को अनुमानित प्रगति र ७७/०७८ को लक्ष्य उल्लेख भएको हुनुपर्ने र सूचकका आधारमा ब.उ.सि.नं. त्यो बजेट उपशीर्षक नम्बर कार्यक्रममा क्षेत्रगत स्तम्भ, प्रमुख प्रतिफल, हालसम्मको प्रगति, प्रस्तावित आ.व.मा सञ्चालन हुने क्रियाकलापहरु समावेश गरी वार्षिक कार्यक्रम तयार गरिएको हुनुपर्छ । पोहोर साल उहाँहरुले चाहीँ गत वर्षकै अनुमानित छोडेर आउनु भयो । अब के भयो त ? हाम्रो कति प्रगति भयो ? अब के गर्नुपर्छ र कस्तो हुन्छ भन्ने यो वार्षिक किताबमा आउनु पर्छ । त्यो पनि आएन सभामुख महोदय । अब मैले भन्न खोजेको यदि मन्त्रालयले पोहोर सालको जस्तै दुई भाग नआउने हो भने यहाँ आउँछ भनेपछि मेरा कुरा केही कुरासम्म नमिल्न सक्छ । यदि नआउने हो भने वार्षिक विकास कार्यक्रममा पुँजीगत र चालु

प्रशासनिक सहितको शीर्षकमा बजेट विनियोजन भई आउनुपर्ने नआएको र मन्त्रालय, कार्यालयगत चालु र पुँजीगत शीर्षक थाहा नहुने गरी गोलमोटेलमा वार्षिक विकास कार्यक्रम ल्याइएको छ सभामुख महोदय । दुई नम्बरमा मैले पोहोर सालको मैले एउटा उदाहरण दिन चाहन्छु सभामुख महोदय । वार्षिक विकास कार्यक्रम यो कृषिले ल्याएको थियो, त्यसमा सबै कुराहरु लेखिएको थियो । भलै उहाँहरुले चाहीँ पछि पैसा खर्च गर्ने कुरामा मनपरी गर्नुभयो, त्यो अर्को कुरा हो । तर त्यसरी आउनुपर्थ्यो । यो पनि गोलमोटलमा ल्याएर कुनै पनि माननीयलाई थाहा नहुने गरेर यो कुरा ल्याइएको छ सभामुख महोदय । यदि यो मन्त्रालयगत वार्षिक विकास कार्यक्रम भाग २ को हो भने मैले अघि पनि भनिसके सभामुख महोदय, २०७७ मा त्यो ल्याउने कुरामा यले ल्याएको छैन । त्यसरी नै सबै मन्त्रालय र कार्यालयहरुमा घरभाडा, केही मात्रामा कार्यालय सामग्रीहरु जस्तै फर्निचरहरु, सोफा, टेबुल, कुर्सी, दराज, पर्दा, कार्पेट, फोटोकपी मेसिन, प्रिन्टर, ल्यापटप आदिको खरिद गर्न बजेट विनियोजन भएको हुँदा यो किताब विकास क्रियाकलापहरुको मात्र संगालो हो भन्न नसकिने भएकाले अनि अन्य शीर्षकमा धेरै अंकमा हुने खर्चहरु उल्लेख नगरी गुप्त राखिएकोले अब यो कि त यो पनि पुँजीगत भन्नुपर्यो सभामुख महोदय । यस्तोसम्म भनिएको छ, कार्यालय मर्मत पुँजीगत भनेर पनि राखिएको छ सभामुख महोदय ।

**माननीय सभामुख:** यी विषय छलफलमा उठाउनु पर्यो माननीय सदस्य। यी विषयहरु बजेटमाथिको छलफलमा उठाउनु पर्यो ।

**माननीय श्री जीवनबहादुर शाही:** होइन, सभामुख महोदय यी-यी कारणले यो अगाडि चल्न सक्दैन भनेर मैले चाहीँ प्रष्ट्याउन खोजेको हो सभामुख महोदय, त्यसको लागि म अनुमति पाउँ । यो छलफल हुन सक्दैन भन्ने कुरामा यो चाहीँ तर्क दिएको हो सभामुख महोदय । अरु–अरु पनि मुलभूत कुराहरु छन् । बजेटको मूलभूत सिद्धान्तको प्रतिकूलता हुने गरी पुँजीगत शीर्षकअन्तर्गत सार्वजनिक निर्माण कार्य शीर्षकहरुमा एकमुष्ठ भन्ने नयाँ शीर्षक सिर्जना गरी सबै जिल्लाका कार्यक्रमहरुमा १ अर्ब ७२ करोड ९६ लाख भनेर एकमुष्ठमा राखियो सभामुख महोदय, त्यसैले मैले चाहीँ अघि नै भनें उपशीर्षक नराखीकन एकमुष्ठमा रकम राख्न पाइन्न । त्यसका उदाहरणको लागि मैले दिन चाहन्छु सभामुख महोदय । भौतिक पूर्वाधार विकास मन्त्रालय पुल, सडक, खानेपानी, सिंचाई, नदी नियन्त्रणमा १ अर्ब १५ करोड ५६ लाख भनेर एकमुष्ठ भनेर राखे । त्यसरी राख्न पाइन्न सभामुख महोदय । कृषि मन्त्रालयले साना सिंचाईमा रु. २७ करोड ७० लाख विनियोजन गरेको छ । सभामुख महोदय, म यो सम्मानित हाउसलाई भन्न चाहन्छु कि बजेट वक्तव्यको किताबको बुँदा नं. ७२ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत रोजगारमूलक साना सिंचाईको लागि रु. ३५ करोड विनियोजित गरेको छु भने तापनि जम्मा कति आयो त अहिले ? जम्मा २७ करोड ७० लाख आयो सभामुख महोदय । बजेटमा भएको कुरालाई वार्षिक कार्यक्रममा कसरी हटाउन मिल्छ सभामुख महोदय ? यसकारणले पनि यो छलफल अगाडि बढ्न सक्दैन भन्ने कुरो हो ।

बजेट वक्तव्य किताबको बुँदा नम्बर १५३ मा ग्रामीण विद्युतीकरण र ऊर्जा विकासका लागि रु. ५० करोड विनियोजित गरेको छु भनिए तापनि उक्त शीर्षकमा जम्मा ३४ करोड ३५ लाख मात्र विनियोजित भएको छ सभामुख महोदय । त्यस्तै बजेट किताबको बुदा नम्बर ५१ मा आधारभुत खाध्य सुरक्षाका लागि अति आबश्यक खाध्य बस्तु ढुवानि र बितरण का लागि रु ५५ करोड विनियोजन गरेको छु । भनियता पनि यो विनियोजित कहिँ पनि देखिदैन यो एउटा यो सम्मानित सभा संसदलाइ भन्न चाहाँन्छु । ५० करोडको खाद्यान्न भण्डार कतै त्यो कोइसन आउन सक्छ । ४५ करोडको चाहिँ खरिद गर्ने ५ करोडको ढुवानी भनेपछि यो कोभिड-१९ को लागि भनेर भनेको हो ।

सभामुख महोदय, त्यस्तै बजेट वक्तव्य किताबको बुँदानम्बर १५६ मा वीरेन्द्रनगर सहर एकीकृत विकास परियोजना सञ्चालन गरी नेपाल सरकारको समन्वयमा राजधानिमा वीरेन्द्र नगरको एकीकृतरुपमा भनेको आएको छ । त्यसमा चाहिँ ५१ करोड विनियोजन भएको छ । त्यो काहिँ देखिदैन सभामुख महोदय, बजेट वक्तव्यकिताबको बुँदा नम्बर १५७ मा सुर्खेत विमानस्थलको स्तर उन्नति र प्रदेशको समृद्धिमा टेवा पुर्याउने उच्च प्रतिफल हुने रणनीति र आयोजनामा लगानीका लागि वित्तीय व्यवस्थापनतर्फ रु. ७५ करोड विनियोजित गरेको छु भनिए तापनि यो सबैको किताबमा छ सभामुख महोदय, शीर्षक नतोकि आर्थिक मामिला मन्त्रालयको भैपरि आउने विविधपुँजीगतशीर्षकमा रु. २५ करोड र रु. ५० करोड भनेर एकमुष्ठ राखिएको छ । शीर्षक एउटा लेख्ने बजेटमा एउटा लेख्ने फेरि आएर गर्न पाइदैन । यो चाहिँ यो विनियोजन बिधेयकको बर्खिलापमा हुन्छ ।

सभामुख महोदय, बजेट वक्तव्य किताबको नम्बर ५५ मा रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रमका लागि रु. १ अर्ब २० करोड विनियोजित गरिएको छ । तर सभामुख महोदय यो पैसा कहाँ लानु पर्यो त्यो पैसा भौतिक मन्त्रालयमा रहनु पर्थ्यो । गत वर्षको यही पैसाको कुराले सभामुख महोदय, हामी यो हाउस अवरुद्ध भएको देखेर अहिले फेरि मुख्यमन्त्रीको कार्यालयमा राखिएको छ । यो गलत होकि होइन सभामुख महोदय, यसकारणले पनि भन्ने कुरा छन् सभामुख महोदय, आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्यमा सार्वजनिक खर्चमा मितव्ययिता शीर्षकअन्तर्गत १८३ देखि १८८ नम्बर बुँदामा उल्लेखित प्रतिबद्धता विपरित निम्न बजेटहरु चाहिँ विनियोजित भएको छन् । सभामुख महोदय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय खर्च शीर्षक नम्बर ११७ को २ मा भवन मर्मत सम्भार पुँजीगतमा रु ५ करोड विनियोजन भएकोले र उक्त शीर्षक व्यय अनुमानको विवरण खर्च शीर्षकगत स्रोतहरुमा कहिँपनि उल्लेख भएको छैन सभामुख महोदय, काहिँ देखाइएको छैन । एकैचोटि यो ५ करोड आएको छ । सभामुख महोदय, महान्यायाधिवक्ताको कार्यालय, कृषि मन्त्रालयलगायत अन्य मन्त्रालय र मातहतका कार्यालय अन्तर्गत कार्यक्रममा परामर्श तथा करार सेवा शीर्षकहरुमा बजेट विनियोजित भएकाले मुख्यमन्त्री त्यो पनि भएको छ । अब यहाँ हामी अब अर्को राख्दैनौ करार राख्दैनौ ।

महान्याधिवक्ताकोमा करार राख्नुपर्ने आवश्यकता छैन । सभामुख महोदय, त्यसरी नै हामीले भनेका छौं । कुनै नयाँ संरचना बनाउने छैनौं । प्रदेश समन्वय इकाइमा चाहिँ नयाँ संरचना उहाँहरुले तयार गर्नुभएको छ । प्रदेश समन्वय इकाइ स्थापनाका लागि बजेट व्यवस्था गरिएको छ ।

हुनलाई बजेट कम छ । सभामुख महोदय, त्यसमा चाहिँ ५ लाख छ । तर यो नीतिको कुरा हो । म अर्को भन्न चाहान्छु सभामुख महोदय, बजेटमा एक पैसा पनि तलमाथि पर्नु हुँदैन सभामुख महोदय, तर उहाँहरुले म यहिँ आज हाम्रो छलफल हुने विषय जुन हाम्रो संसदकै छ । त्यसको लागि व्यय अनुसारको विवरण रहेको बजेट चाहिँ प्रदेश सभाको सचिवालयमा सभामुख महोदय, १० करोड ९ लाख १३ हजार छ । तर वार्षिककार्यक्रममा उल्लेख भएको रकम चाहिँ १ करोड ८ लाख ४० हजार मात्रै छ । सभामुख महोदय, उल्लेख नभएको रकम भनेको ९ करोड ७३ हजार हो । तर यो प्रश्न आउन सक्ला योत संसदहरुको तलब भत्ता प्रशासनिक खर्च हो भनेर भन्ने कुरा नआउला भन्न म सक्दिन आउँछ होला त्यस्तो हो भने यसमा घरभाडा किन राखिएन ? घरभाडापनि उतै राख्नु पर्थ्यो । अरु-अरु खर्च जस्तै तालिम भत्ता तालिमका कुरा आउनु पर्थ्यो त्यो नभएपछि त्यो पैसा नै छैन सभामुख महोदय ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोमा ६ अर्ब १८ करोड ४६ लाख ६८ हजार चाहिँ छुट्याइएको छ । तर यो किताबमा गर्दाखेरि मैले २ दिन लगाएर पढेको छु सभामुख महोदय, यसमा जम्मा चाहिँ कति आएको छ भने ६ अर्ब ८ करोड ६३ लाख ४१ हजार आएको छ । यसको अन्तर भनेको ९करोड ८३ लाख २७ हजार रहेको छ ।

यस्तो किसिमको बजेटले अनि हामीकसरी छलफल गर्न सक्छौं सभामुख महोदय, यसकारणले मैले किनकीविपक्षी के भनेर उठ्यो ? के गर्यो ? भनेर भन्ने कारणले यि सबै तर्कहरु यि सबै भएका कमी कमजोरीहरु यि सबै गलत भएका कुराहरुलाई हामीले देखाइसकेपछि यसमा चाहिँ यो छलफल अगाढि नजाओस् र यो अनुसारको चाहिँ भावीको यो किताब पनि कर्णाली प्रदेश आयोगले लिएर आओस् ।

**माननीय सभामुख:** माननीय सदस्यले जुन तर्क गरेर सदन चल्न सक्दैन भन्नु भएको छ । त्यो जुन धारा उल्लेख गर्नुभाको छ । नियमावली ७४ को नियम १३१ बमोजिम भनेर हामीले आज छलफल गर्दै गरेको नियम १३२ को उपनियम ७ बमोजिम हो । त्यस अनुसार हामीले छलफल गरिराख्या छौ । जहाँसम्म यो संविधानको धारा चाहिँ २०७ मा राजस्व र व्ययको अनुमानको त्यसको अनुमान संचयकोषमाथि व्ययभार हुने आवश्यक रकमहरु प्रदेश विनियोजनऐन बमोजिम व्यय हुने आवश्यक रकमहरुको चाहिँने प्रस्तुती आर्थिक मामिला मन्त्रालयले गर्ने भन्ने छ संविधानको । त्यसैले अरु विषय माननीय सदस्यले

उठाउनु भएको छ । त्यो बजेटको छलफलकै क्रममा उठाउन सकिने भएको हुनाले माननीय सदस्यहरुले बसेर सहयोग गर्नु पर्यो ।

**माननीय श्री जीवन बहादुर शाही:** होइन सभामुख महोदय, हजुरले भनेको कुरा होला १३२ मा छलफल भयो भन्दैमा १३१ लाई वाइपास गर्न मिल्छ । यो किसिमले चाहिँ हामीले वार्षिकविकास कार्यक्रमको किताब ल्याउनु भयो १३२ को हो भने मन्त्रालयवाइज आउनु परेन । किताब मन्त्रालयवाइज उहाँले नाम मात्र लेखेर मन्त्रालयवाइज हुन सक्दैन, सभामुख महोदय ।यो विषयगतहुन यो वार्षिकविकास कार्यक्रम संविधानको धारामा त्यो पनि पछि आएर योजना आयोग बनाइसकेपछि अब योजना आयोगको काम के हो ? सभामुख महोदय त्यो एउटा कुरा अनि अर्को कुरा १३१ मा उपशीर्षकमा नल्याएको हुनाले अर्को कुरा यो जुन चाहिँ मन्त्रालयवाइज भनेर यो एउटा वार्षिक कार्यक्रम एउटा किताबलाई यहाँ चाहिँ चालु खर्चको कुनै नदेखिएको हुनाले कसरी अगाडि छलफल गर्न सकिन्छ सभामुख महोदय।

**माननीय सभामुख:** ती विषयहरु छलफलकै समयमा उठाउन सकिन्छ माननीय सदस्य।

**माननीय श्री जीवनबहादुर शाही:** छलफलको विषयमा होइन यो गलत भएको कुरामा छलफल हुन सक्दैन भन्ने हाम्रो मान्यता हो सभामुख महोदय ।

**माननीय सभामुख:** छलफलमा प्रवेशै नगरी कसरी प्रश्न उठाउन सकिन्छ माननीय सदस्य?

**माननीय श्री जीवनबहादुर शाही:** छलफलमा प्रवेश गर्ने वातावरण नै बनाएन त । किताब त हामीलाई दिएको छ नि त सभामुख महोदय, हामीले हेरेका छौं । पढेरै आएका छौं । यो छलफलमा लायक नभएर त्यसकारणले आज मैले बिहान एउटा स्टाटस हालेको थिए सभामुख महोदय ।फ्लाइङ्ग भनेर भनेको थिए । यो फ्लाइङ्ग भनेर त कसरी आउन सक्छ सभामुख महोदय, यो फ्लाइङ्ग भयो यो फ्लाइङ्ग भएको हुनाले हाम्रो चाहिँ छलफल हुन सक्दैन । त्यसकारणले उहाँले यहीँ अनुसारको उपशीर्षकका बजेटहरु साधारण र पुँजीगत मिलाएर उहाँहरुले बजेटमा लेखेका कुराहरु चाहिँ जुनकुरा उहाँले प्रतिबद्धता जाहेर गर्नुभयो, त्यो प्रतिबद्धता जाहेर नभएको हुनाले त्यसलाई हटाएर अनि बजेटहरुचाहिँ प्रत्येक मन्त्रालयको शीर्षकवाइज मैले अघि पनि भन्दै थिए सभामुख महोदय, पोहोर साल कसको आएको थियो । यो कृषिको एकदम शीर्षकवाइज हामीले भनेका थियौं भलै आजका दिनमा चाहिँ सबै त्यो बेतुक भयो । जथाभावी भयो त्यो अर्को कुरा छ । यो नआउँदासम्मत कसरी हुन्छ ?कसरी छलफल हुन्छ सभामुख महोदय ?यो गोलमोटल त कसरी छलफल हुन सक्छ ? कुनचाहिँ माननीयले यहाँको प्रशासनिक खर्च कति छ भनेर यो किताबबाट कुनचाहिँ यदि कुनै माननीयज्यूहरुले प्रशासनिक खर्च पनि यो विकासमा हामीले देखेका छौंभन्नु भयो भने पछि हामी पुनर्विचार गर्न सक्छौं सभामुख महोदय ।

**माननीय सभामुख:**बसेर सहयोग गरौं माननीय सदस्य बसेर । आसन ग्रहण गरेर सहयोग गरौं माननीय सदस्य । छलफलको क्रममा प्रश्नहरु उठाउ ।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय, हामीले छलफलको उसमा नगर्ने भनेकै होइन । एउटा रितहुन्छ सभामुख महोदय, अदालतमा कुनै मुद्दा दायर गर्नुपर्यो भने फिरादपत्र चढाउनु पर्यो भने सभामुख महोदय रित नपुगेकोलाई चाहिँ अगाडि बढ्दैन । त्यो दर्ता हुँदैन सभामुख महोदय ।यो रित नपुगेको चिजलाई छलफल गरायौं भनेत रित पुगेको छ भन्ने मान्यता हुन्छ । त्यसकारणले रित नपुगेका डकुमेन्टमाथि छलफल नगरी सम्मानित सभामुखलाईहामी के आग्रह गर्न चाहान्छौ भने के-कस्तो भएको हो रुलिङ्ग गर्नुपर्ने रित पुर्याएर ल्याउ भन्नु पर्यो सभामुख महोदय ।कि त यी कुराहरु चाहिँ होइनन् भन्नु पर्योबजेटमा । वक्तव्यमा आएका कुराहरु र वार्षिक कार्यक्रममा भएका कुरा सबै ठीक छन् भन्नु पर्यो सभामुख महोदय। रितै नपुगेको विषयमाथि छलफल हुन नसक्ने भएको हुनाले हामीले विनम्र आग्रह गर्यौं कि सम्माननीय सभामुख महोदयलाई की यो चाहिँ स्थगित गरी यो-यो अनुसारका हामीले भने अनुसारको चाहीँ बजेट चाहीँ तयार भएर आओस् भन्ने हामीविनम्र आग्रह गर्न चाहान्छु सभामुख महोदय ।

**माननीय सभामुख:** जो नियमावलीको धारा उल्लेख गर्नुभएको छ त्यो धारा अन्तर्गत हामी छलफल गर्न गै राखेका छैनौं माननीय सदस्य । हामी अर्को धारा अन्तर्गत छलफल गर्न गै राखेका छौं । जहाँसम्म पुस्तक को ले निकाल्नुपर्छ भन्ने कुरा छ, त्यो यले निकाल्नु पर्छ भन्ने छैन । संविधानले नै आर्थिकमामिला मन्त्रालयलाई त्यो निकाल्ने प्रस्तुत गर्ने भनेर भनेको छ । त्यो विषयमा रित पुगेन भन्न सकिएन माननीय सदस्य । त्यसैले बसेर सहयोग गरौं छलफलकै क्रममा अरु कुराहरु जो माननीय सदस्यले गतवर्षको खर्च अहिलेको नगर्नुपर्ने चालु पुजिँगत भन्ने प्रश्नहरु छन् । ती प्रश्नहरु छलफलकै क्रममा उठाउन सकिन्छ ।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय, सभामुख महोदयले भनेको १३२ अनुसार भन्ने १३२ अनुसार हो भने त्यो अनुसारको पनिकिताब आएन त सभामुख महोदय ।१३२ को आधारमा हामी छलफल गर्दैछौं भने त्यहाँ चाहिँ साधारण खर्च र पुँजीगत खर्च दुइटै आउनु पर्छ कि पर्दैन सभामुख महोदय ।म आग्रह गर्न चाहान्छु सभामुख महोदययलाई यो पुँजीगत खर्च र चालु खर्च सबै त्यो १३२ को नियमावलीको अनुसार चाहिँ धाराअनुसार आएको छ भने हामी मान्छौं । त्यो अनुसार पनि त आएको छैन सभामुख महोदय ।

**माननीय सभामुख**: १३२ को ७ अनुसार हामीले समूह विभाजन गरेर छुट्टाछुट्टै शीर्षकमा छलफल गर्दैछौं माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाही:** हो बल्ल कुरा आयो सभामुख महोदय, मैले भन्न खोजेको पनि त्यही हो । शीर्षक गरिएको छ । आजको शीर्षकमा के छ भने यो हाम्रो चाहिँ सभाको, आन्तरिकमामिलाको र सामाजिकको छ । यीनकै शीर्षकमा रकमहरु मिलेको छैन ।

नमिलेको भएर त्यसमा छलफल कसरी हुन सक्छ ?त्यसकारणले पहिला मिलाएर ल्याउनुपर्यो भन्ने मेरो माग हो सभामुख महोदय । यही कुरा मिलेन यही कुरा मिलेको छैन । बजेटमा तलमाथि छ । अनि चालु खर्च यहाँ देखाइएको छैन । चालु खर्चमा एउटा घर भाडा देखाइएको छ । अरु देखाइएको छैन । त्यो घरभाडा पनि किन देखाइयो सभामुख महोदय, यो नमिलेको पुस्तकमाथि छलफल गर्न मिल्दैन भन्ने हाम्रो आग्रह हो सम्माननीय सभामुखलाई।

**माननीय सभामुख:**प्रक्रिया नमिलेको विषयमा प्रश्न उठाउन सकियो माननीय सदस्य । अरु विषयवस्तुको हिसाबले छलफलमा नगइकन त्यो प्रश्न उठाउन त्यति सान्दर्भिक नहोला त्यसैले बसेर सहयोग गरौं माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाही:** जब प्रक्रिया मिल्दैन भने यहाँ हाम्रो मर्यादापालक बस्नुभाछ सभामुख महोदय, उहाँहरुकोमा के यो भन्दा अगाडि बढ भने पाइला मिलाउनु पर्छ दाहिने खुट्टा अगाडि भने दाहिने खुट्टा अगाडी हिँड्नु पर्छ । बायाँ खुट्टा अगाडी गरेर हिँड्न पाइन्छ ।यही किसिमले प्रक्रिया नमिलेकोमा छलफल हुन सक्दैन भन्ने चाहिँ हाम्रो विनम्र आग्रह हो सभामुख महोदय ।

**माननीय सभामुख:**विभिन्न मन्त्रालयका शीर्षकहरु अन्तर्गतको जो कुरा छ, जो प्रश्नहरु छ । ति प्रश्नहरु प्रक्रियागत होइनन् माननीय सदस्य । त्यसैले प्रक्रियागत प्रश्न त्यसका सम्बन्धमा उठाउनु त्यति सान्दर्भिक हुँदैन । जो हामी छलफल गर्न गै रहेका छौं । त्यसमा हामीले समूह विभाजन गरेर विभिन्न मन्त्रालयका फरक-फरक शीर्षकहरुमाथि छलफल गर्ने भनीहामी त्यही गर्दैछौं आज ।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय मैले सोचे म साँच्चै लाटै रहेछु । म बुझ्दैन रहेछु । केही फरक-फरक शीर्षकमाथि नै डिफरेन्ट आयो, त्यस्तो डिफरेन्ट आएको बजेट कसरी छलफल गर्ने ? हिसाब-किताब अगाडि बढ्न सक्छ त सभामुख महोदय, कोलेनिकाले उले चाहिँ लेखापरीक्षण गर्दाखेरि नमिलेका कागज फर्काउँछ । अब हामीलाई यी किताब आइसकेपछि पत्ता लगायौं की यी हिसाब त मिलेको छैन । प्रक्रिया मिलेको छैन । राख्नुपर्ने हिसाब राखेको छैन । त्यसकारण भएको हुनाले मिलाएर ल्याउनको लागि सभामुख महोदयले रुलिङ्ग गर्नको लागि हामीविनम्र अनुरोध गरिराछौं त । पैसा फरक पर्यो अनि हामी गएर त्यहाँ छलफल गर्न मिल्दैन सभामुख महोदय । संविधानमा चाहिँ एकमुष्ठ बजेट ल्याउनु भनेर ल्याउनु त भनेको छैन होला नी सभामुख महोदय । एकमुष्ठ लेख्नु केरे अबण्डा केरे गरेर राख्नुस भनेर संविधानमा लेख्या छैन नि यले के भन्छ भने अबण्डा गर्न पाइन्न । भन्छ सभामुख महोदय, जुन शीर्षकबाट आएको बजेट हो त्यहि शीर्षकमा राख्नुपर्छ भन्छ सभामुख महोदय, अर्को ठाउँमा कुम्ल्याएर राख्न पाइदैन भन्छ । त्यसो गर्न पाइन्छ त सभामुख महोदय।

**माननीय सभामुख:** आसन ग्रहण गरौं, सभामुख महोदय, मैले बैठक अगाडि बढाउनु पर्ने हुन्छ ।

आसन गरौं सभामुख महोदय आफैलाइ किन दु:ख दिनुहुन्छ ।

आसन गरौं माननीय सदस्य ।

आसन गरौं माननीय सदस्य बैठक अगाडी बढाउनु पर्यो ।

माननीय सदस्यहरु, अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

□□□

(२०७७ साल असार ११ गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरु कर्णाली प्रदेश सभाको छैंठौं अधिवेशनको बाइसौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, के हो माननीय सदस्य ?

**माननीय श्री जीवनबहादुर शाही :** सम्माननीय सभामुख महोदय, जुन कारणले यो सदन हिजो स्थगित भएको छ । त्यसको परिपूर्ति नभएर ति किताबहरु नआएर यो चाहीँ अगाडि बढ्न सक्दैन । त्यसकारणले हामीले चाहीँ सम्माननीय सभामुखसमक्ष के कुरा गरिराखेका छौं भने हिजो हामीले जुन जुन कुराहरु गयौं त्यो कुराहरु कुनै पनि नआएर चाहीँ अब यो कसरी अगाडी बढ्न सक्छ, ति किताबहरु आउनु पर्छ । अपूर्ण बजेट आएकोले पूर्ण बजेट आइसकेपछि मात्रै यो छलफल अगाडी बढोस् सभामुख महोदय ।

**माननीय सभामुख:** हिजो माननीय सदस्यहरुले जुन प्रश्न उठाउनु भो त्यस सन्दर्भमा आज सरकारले आफ्ना धारणाहरु राख्दैछ त्यसै भएको हुनाले माननीय सदस्यहरु बसौं, बैठक अगाडी बढाऔं । सरकारको धारणा सुनिसकेपछि माननीय सदस्यहरुले त्यसपछि के गर्ने भन्ने कुरा गर्नुहोला ।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय, धारणा बिहानको बैठकमा सुनिसकिएको छ। हामीले त किताब लिएर यो अपूर्ण बजेटलाई पूर्ण बनाएर ल्याउनुस् भनेका छौं । हामीले अरु केही पनि भनेका छैनौं । यी सबै मन्त्रालयका किताबहरु पूँजीगत, चालु र वित्तीय व्यवस्थापन भएको किताब आयो भने त अगाडि बढ्छ । अहिले सरकारले कुनै धारणा दिनुपर्ने कुनै हामीले जवाफ मागेको होइन हामीले । सभामुख महोदय हामीले त किताब मागेको हो किताब आउनुपर्यो ।

**माननीय सभामुखः** माननीय सदस्यहरुले उठाएका प्रश्नहरुका सम्बन्धमा सरकारको धारणा त सुन्नपर्यो नि माननीय सदस्य । सरकारको धारणा नसुनिकन...

**माननीय श्री जीवनबहादुर शाही:** यो मैले नबुझेको सभामुख महोदय, सम्माननीय सभामुख महोदय धारणा त बिहान सुनिसक्यौं । बिहान कुरो भइसक्यो । हामी यसै विषयमा छलफलका लागि आएका थियौ । सरकारको धारणा त मैले जे किताबमा लेखेको छु, त्यही कुरा ठीक हो, त्यही सर्वसत्य हो । अरु अरु किताब किन चाहियो ? तिमीहरुलाई चाहीँ प्रशासनिक कुरा चाहिन्छ भने बिहेको किताबमा हेरन भन्ने धारणा आइसकेपछि अब नयाँ कुरो आउने कुरो छैन । यो अपूर्ण बजेटमाथि नै सरकारको धारणा कुरा सुन्नुपर्ने कुराहरु केही पनि छैनन् सभामुख महोदय । फेरि दोहोर्याएर भन्न चाहैं, अबण्डा भन्ने, एकमुष्ठ बजेट भन्ने

कहाँ, कुन नीतिले, कुन विधिले दिएको छ । त्यो नदिएको, नभएको कुराहरु राखेको बजेटचाहीँ छलफल हुन सक्दैन । त्यसकारणले उहाँहरुको धारणा भनेको किताब बनाएर ल्याउने हो । त्यही नै उहाँहरुको धारणा हो । विना किताबको धारणा चाहीँ हुन सक्दैन सभामुख महोदय। त्यसकारण हामी आग्रह गर्न चाहन्छौं हाम्रा माग पूरा गरियोस् अनि सदन अगाडि चलोस्।

**माननीय सभामुख:** माननीय सदस्यहरुले यो सभाको २१ औं बैठकमा प्रश्नहरू केही उठाउनु भो । बजेटको सन्दर्भमा, सरकारको सन्दर्भमा प्रश्न उठाउनु भो । अनि सरकारले प्रदेशसभाको २२ औं बैठकमा आफ्ना धारणा राख्दै छ । त्यसो भएको हुनाले सभामै माननीय सदस्यहरुले प्रश्न उठाउनु भयो, सभामा नै सुन्दा उपयुक्त होला भन्ने लाग्छ माननीय सदस्यहरु ।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुखज्यूले भनेको कुरा जायज होला तर हामीले धारणा के राख्यौं सभामुख महोदय । किताब नै गलत भयो । जुन हामी १३२ नियम अनुसार गइरहेका छौं । १३१ ले नै यो नहुने काम अवरोध गरिसकेपछि पहिलो प्रस्तावना नलेखिकन तल विषय वा प्रसङ्गले अर्को अर्थ नलाग्यो भन्ने लेख्ने कुरा हुँदैन । मैले उदाहरण के दिएँ भने सभामुख महोदय, प्रस्तावना नै गल्ती भइसकेपछि अरु सबै कुराहरु अगाडि बढ्न सक्दैनन् । यो धारणाको लागि सम्माननीय सभामुखको क्ष्लष्तष्तबतष्यल मा यहाँको अग्रसरतामा बिहानै ८ बजे हामीलाई बोलाइएको थियो । बोलाएको समयमा पनि सभामुख महोदय, आधा आधा घण्टासम्म पनि सरकारलाई कुरेर बस्यौं । आधा घण्टापछि सरकारको सवारी राजकीय साथ विस्तारै हल्लिदै हल्लिदै आइपुग्यो सभामुख महोदय । त्यसमा हामीले छलफल गर्यौं । यी विषयहरु अगाडि बढ्न सक्दैनन् । यी यी कुराहरु धेरै गल्ती भएका छन् र यो यसरी आउनु पर्छ भन्ने कुरा गर्दाखेरी सभामुख महोदय, तपाईले भनेजस्ता लिएर आउने कुराहरु ति मेनुयलमा लेखिन्छन्, त्यो वार्षिक विकास कार्यक्रममा लेख्ने कुरा होइन भनिसकेपछि हामीले मेनुयल चाहेका होइनौं, हामिले वार्षिक विकास कार्यक्रम जुन सरकारको रुपमा म भन्न चाहन्छु सभामुख महोदय, सरकार भनेको नेपालमा वास्तवमा नेपालमा दुई वटा सरकार छन् । संघको सरकार र प्रदेश सरकार हुन् । यी सरकारको भूमिकामा छन् । स्थानीय तहलाई हामीले नै हिजो जिल्ला विकास समितिमा हुँदाखेरी यिनलाई सरकारको रुपमा दिनुपर्छ भन्दाभन्दै पनि तिनीहरु अहिले स्थानीय तहकै रुपमा छन् र विकासे कार्यक्रमका रुपमा छन् । उनीहरुको संसदीय अधिकार, व्यवस्थापकीय अधिकार र सरकारको अधिकार एउटै व्यक्तिमा हुन्छ सभामुख महोदय, यहाँ त त्यस्तो हुन सक्दैन । त्यसकारणले यी कुराहरुलाई सच्चाएर ल्याउनुस् भनिसकेपछि अब हामीलाई उहाँहरुको धारणा सुनिरहनुपर्ने कुराहरु छैन सभामुख महोदय । उहाँहरुले गत सालजस्तै नै जसरी यो एकमुष्ठ रुपमा ल्याउनु भएको छ, उहाँहरुले एकमुष्ठै ल्याउनुस् यो भन्दा बाक्लो बनाएर ल्याउनुस् केही आपत्ती छैन सभामुख महोदय । तर प्रष्ट संसदले बुझ्ने गरी यो सम्मानित सदनले बुझ्नेगरी र आम नेपाली जनताले बुझ्ने गरी किताब ल्याउनु पर्यो । उहाँहरुको तर्क छ कि प्रशासनिक खर्च त हामीले त्यो व्ययको

किताबमा राखेका छौं नि त्यो पनि हेर्नुस् । तर यहाँ पनि कैयौं प्रशासनिक खर्च राखिएका छन् सभामुख महोदय, पदाधिकारीका घरभाडा के हुन्, त्यो प्रशासनिक हो कि होइन ?त्यो पूँजीगत हो कि प्रशासनिक हो । त्यसमा अर्को कुरा के छ भने सभामुख महोदय, यही किताबमा ल पूँजीगत नै राखिएको थियो भने त्यसको टोटल बजेट यो मन्त्रालयको यति हो भनेर माथि राख्नुपर्छ कि पर्दैन । यो गाउँमा हामीले तमसुक गर्नेहरुले, तमसुकेहरुले हुक्का खाएर लेख्ने परम्पराले लेख्ने कुरालाई लेखिएको कुरालाई चाहीँ यो बजेट हो र वार्षिक विकास कार्यक्रम हो भन्ने अवस्था नभएको हुनाले सभामुख महोदय, हामी फेरि पनि यो सभाको सम्मानित व्यक्तित्व हुनुहुन्छ, हामी आग्रह गर्न चाहन्छौं कि यो किताबहरु नआइकन प्रष्टरुपको बजेटको विनियोजन भएको विन्दास गर्ने भन्ने जुन कुराहरु छन्, त्यो नआइकन यो अगाडि बढ्न सक्दैन । यो उहाँको कुनै पनि अहिले जवाफ दिने हाम्रो question/answerको कुरा होइन सभामुख महोदय, यहाँ question दिने कुनै कुराहरु छँदै छैन । हामीले त किताब नै गलत छ पूर्ण गरेर ल्याउनुस् भनेका छौं । उहाँले चाहीँ बिहान भनिसक्नु भयो, यो जे हामीले यो किताबमा लेखेका छौं, त्यही नै सत्य हो भनिसकेपछि यो सत्य हो भनेर हामीले पत्याउन सकेनौं । हामीले राष्ट्रिय योजना आयोगमा सोध्यौं सभामुख महोदय, हामीले अर्थ मन्त्रालयमा सोध्यौं सभामुख महोदय, हामीले एकदम विद्वान भन्ने उहाँहरुकै नजिकका मान्छेहरुलाई पनि सोध्यौं । के गरेछन् त यस्तो गल्ती त गर्नु नपर्ने भन्ने कुरा पनि हामीले जवाफ पाइसकेको हुनाले यो त्रुटी गरेको कुरामा उहाँहरुको हिजोका दिनजस्तो त्यो मञ्चमा उभिएर आत्मालोचना गर्छौं, त्रुटी त भएकै छ, फेरि सुधारौंला । भविष्यमा सुधारौंला भन्ने कुरालाई हामीले जवाफ मागेको होइन सभामुख महोदय । लिखित रुपमा हामीले चाहेका छौं र लिखित रुपमा किताबहरु आउनु पर्छ ।

**माननीय सभामुख:** बैठक सञ्चालन गर्न सहयोग गरौं माननीय सदस्य । आ-आफ्नो सिटमा आसन ग्रहण गरेर सहयोग गरौं माननीय सदस्यहरु । सरकारले सभामा आफ्नो धारणा राख्नु भनेपछि आफ्नो धारणा राख्न पाउनु पनि एउटा लोकतान्त्रिक संस्कार हो । त्यसो भएको हुनाले त्यसलाई पनि सम्मान गरौं माननीय सदस्यहरु, सहयोग गरौं । बसौं माननीय सदस्यहरु । बसेर सहयोग गरौं माननीय सदस्यहरु । फेरि मैले आग्रह गरें, बसौं माननीय सदस्यहरु ।

माननीय सदस्यहरु, यो बैठक २०७७ साल असार १२ गते शुक्रबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

(मिति २०७७ साल असार २० गते शनिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरु, कर्णाली प्रदेशसभाको छैठौं अधिवेशनको तेइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सभामा टेबुल गर्न समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २२७मा गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगरसभाका सदस्यहरुले पाउने सुविधा प्रदेश कानून बमोजिम हुने व्यवस्था रहेकोमा सोही बमोजिम कर्णाली प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धी ऐन, २०७५ लाई नेपालको संविधान अनुकूल बनाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरु,कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधयेक, २०७७ माथि छलफलको लागि पूर्व निर्वाचन निर्धारित कार्यतालिका परिवर्तन गरी २० गतेदेखि २३गतेसम्म निम्नानुसारको कार्यतालिका निर्धारण गरेको छु ।

असार २०गते कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको प्रदेशसभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय । असार २१गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, रउद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय, असार २२गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश योजना आयोग, असार २३ गतेभौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका शीर्षकहरुमाथि दफावार छलफलका लागि दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरु, प्रत्येक मन्त्रालयगत र निकायगत छलफल सकेपछि सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु हुने व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरु, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७

बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरुमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही, माननीय श्री जीवनबहादुर शाही, माननीय श्री जीवनबहादुर शाही । अब यसपछि माननीय श्री चन्द्रबहादुर शाही ।के हो माननीय सदस्य?

**माननीय श्री सोशीला शाही:** म केही कुरा राख्न चाहन्छु सभामुख महोदय प्रमुख प्रतिपक्ष यहाँ नआएको के कारण हो सभामुख महोदय, यो अलिकत यो क्यारे सभालाई पनि जानकार भइदिएको भए अझ राम्रो हुन्थ्यो भन्ने यहाँ अलिकति हामीमाथि त्यस्तो जिज्ञासा छ सभामुख महोदय ।

**माननीय सभामुख:** केही जानकारी छ माननीय सदस्यलाई ? नआउनुको कारण केही जानकारी छ माननीय सदस्य ?

**माननीय श्री सोशीला शाही:**जानकारी भए त यहाँ सभालाई सोध्नुपर्ने पनि त थिएन ? किन नआउनु भएको त्यसकारण सोधिराको सभामुख महोदय ?

**माननीय सभामुख:** केही जानकारी नदिएको हुनाले यसै भन्न सकिएन । के छ माननीय सदस्यको केही सुझाव छ यस विषयमा ?

**माननीय श्री सोशीला शाही:**सकभर सबै प्रमुख प्रतिपक्ष सबै हुनुपर्छ । यस्तो छलफलको विषयमा हाम्ले सबैले भाग लिनुपर्छ । आधा हुनु र आधा नहुनुमा त्यति राम्रो हुँदैन सभामुख महोदय ?

**माननीय सभामुख:** ठीक छ माननीय सदस्य आसन ग्रहण गरौं ।

**माननीय श्री सोशीला शाही:** धन्यवाद सभामुख महोदय, जानकारी नपाउँदै बस्नुपर्ने भन्ने ठीकै छ नि त धन्यवाद ।

**माननीय सभामुख:** अगाडि बढौं माननीय सदस्य ।

**माननीय श्री चन्द्रबहादुर शाही:** सभामुख महोदय, विभिन्न उतारचढावका बाबजुद हामी विनियोजन विधेयक छलफलका लागि सम्मानित सदनमा उपस्थित भएका छौं । आज सामाजिक विकास, आन्तरिक मामिला तथा कानून, प्रदेश सभा सचिवालयको विधेयकमाथि छलफलमा हामी जुटिरहेका छौं । विधेयक असाध्यै मेहनतका साथ घनीभूतका साथ सम्मानित सदनमा आएको छ । र म यो विधेयकको सराहना गर्दछु ।

सभामुख महोदय, थुप्रै राम्रा पक्षहरु विधेयकमाथि छन् । महामारी, भोकमारी र रोगमारी र रोजगारीसँग जुटेर आएको विधेयकमाथि हामी छलफल गरिरहेका छौं र यसमा मैले केही सुझाव यहाँ राख्न चाहेको छु । सामाजिक विकास मन्त्रालयअन्तर्गत हामीले हिजोदेखि भन्दै आएको जुन शीर्षक हो, त्यो शीर्षकमा बजेट नदेखिंदा खेरी अलि चित्त दुखेको छ हामी सबै सांसदको । अैले विद्यालय भवनमा क्वारेन्टाइन बनाएर राखिएको छ, अहिले

सञ्चालित विद्यालय भवनहरु म यो सालको बजेट यहाँ छुट्याइएको छ, न अधुरा भवनहरुलाई पूरा गर्ने भनेर यो विधेयकमाथि आएको छ । अब अधुरा भवन विद्यालय भवनलाई क्यारेन्टाइन बनाइसकेपछि काम गर्ने मान्छे त्यो नजिक पनि जान सकेन र बाहिरी वातावरणले गर्दाखेरी पनि काम समयमा सम्पन्न हुन सकेन । त्यसो भकोले यसको लागि अधुरा भवन गत आ.व.को त्यो बजेट, कहाँ जाने, कहाँ राख्ने त्यो अहिलेसम्म पनि केही प्रष्ट भएको छैन सभामुख महोदय । अर्को जहाँ जनता, त्यहीँ कर्णाली सरकार । जहाँ जनता उपस्थित हुन्छ, त्यहाँ कर्णाली सरकार उपस्थित भएर सेवा गर्छ भन्ने एउटा स्लोगन यहाँ राखिएको छ । र असाध्यै राम्रो जनतासँग कर्णाली सरकार जोडिनु धेरै राम्रो हो । हामी त्यो ठाउँमा उपस्थित भएर जहाँ पर्यटन अब हुन्छन् । जहाँ यार्सागुम्बा संकलनको फाँटाहरु छन्, त्यहाँ उपस्थित भएर हामीले शिविर चलाउने भनेर यहाँ उल्लेख गरिएको छ । त त्यो ठाउँमा पर्यटन अर्थात् यार्सागुम्बा संकलन गर्ने फाँटाहरुमा भन्दा पनि बढी एकै ठाउँमा बस्ने गाई,भैंसी गोठालाहरु, भेडी गोठालाहरु, चौंरी गोठालाहरु तीन महिना÷चार महिना लगाएर एक ठाउँमा केन्द्रित हुन्छन् । तर यार्सागुम्बा संकलन गर्ने मान्छेहरु आज यो फाँटमा हुन्छन्, भोलि त्यो फाँटमा हुन्छन् । पर्यटकहरु आज यो ठाउँमा हुन्छन्, पर्सी त्यो ठाउँमा हुन्छन् । त्यो अलिकता शीर्षक मिलेन । यदि त्यो मिल्छ भने त्यो गाई गोठाला र भैंसी गोठाला, चौरी गोठालाका फाँटाहरुमा पनि हामीले शिविर सञ्चालन गर्ने भनेर राख्दा उपयुक्त हुन्छ भनेर मैले सुझाव राख्न चाहें । अर्को अनि सामाजिक विकास मन्त्रालयअन्तर्गत यो जनजाति, महिलाहरुको लागि परम्परागत सीप विकासको लागि तालिम दिने, अनि सीप सिकाउने भनेको रैछ । यस्ता यी कार्यक्रम सम्बन्धित मन्त्रालय यो उद्योग मन्त्रालयअन्तर्गत पर्ने भएकोले यस्ता तालिमहरु, उद्योगसँग जोडिएका कुराहरु उद्योग मन्त्रालयबाट राखिदिएको भए राम्रो हुन्थ्यो भन्ने मैले सुझाव दिन चाहें । अर्को सामाजिक विकास मन्त्रालयकै यो एक लाखका दुई लाखका तीन लाखका ५० हजारका पनि धेरै अब यहाँ साना-साना कार्यक्रमहरु आका छन् । हामीले हिजो मिटिङमा बजेट वक्तव्यमा हामीले यस्ता तालिम, गोष्ठीहरु अनि नगर्ने हामीले चालु बजेटलाई घटाएर पूँजीगत बजेटमा बढाउने भनेर हामीले यहाँ भन्यौं । तर अहिले पनि यस्ता स-साना कार्यक्रम चालुमै देखिएका छन् । जसले गर्दा अफिसको कार्यक्रम देखिन्छ । तर प्रतिफल त्यो जिरो हुन्छ । कार्यक्रम सम्पन्न हुन्छ साल मसान्त लाग्दाखेरी तर प्रतिफल जिरो हुने भएकोले यो स-साना कार्यक्रम भन्दा पनि देखिने खालका कार्यक्रम राख्दाखेरी राम्रो हुन सक्छ भन्ने मलाई लागेको छ । अर्को अनि त्यसपछि जो अहिले हामीले कर्णालीका विभिन्न दूरदराजमा रहेका महिलाहरुलाई डेलिभरी हुन नसकेर हामीले हेलिकप्टर उद्धार गरेर ल्याइरहेका छौं।

तर हेलिकप्टर उद्धार गरेर ल्याउँदाखेरी जनतालाई सुविधा भएको छ । तर यो कति दिनसम्म हामीले थेग्न सक्छौं ?कति दिनसम्म हामीले यो जिम्मेवारी लिन सक्छौं ?यसको लागि अहिलेको बजेटमा बर्थिङ सेन्टरलाई व्यवस्थित गर्ने ? बर्थिङ सेन्टरहरु नयाँ सञ्चालन

गर्ने भनेर बजेट मौन देखिन्छ । विनियोजन बजेटमा कतै पनि बर्थिङ सेन्टरहरुको कुराहरु उल्लेख भएको पाइदैन, विनियोजन गरेको पाइदैन । त त्यो भएकोले भएका बर्थिङ सेन्टरहरु व्यवस्थित गर्ने अनि नयाँ बर्थिङ सेन्टरहरु सञ्चालन गर्ने कुरा हामीले गर्यौं भने हामीले हेलिकप्टरको महंगो भाडाबाट हामी बच्न सक्छौं । कर्णाली सरकार बच्न सक्छ । सँगसँगै अहिले हामीले लोकप्रिय भएको यो स्वास्थ्य इकाइ, हामीले त्यो स्वास्थ्य इकाइलाई अलिकता व्यवस्थित गर्यौं, अलिकता क्रियाशील गरायौं, त्यलाई अलि गुणस्तरीय बनायौं भने त्यो दूराजमा मात्र होइनन्, हामीले अहिले शिविरका कुरा गरिरहेका छौं, त्यो भोलि भेडी या गाइगोठी या पर्यटन क्षेत्र होस् कुनै पनि ठाउँमा हामीले सम्बन्धित ठाउँको स्वास्थ्य इकाइलाई त्यो ठाउँको जिम्मेवारी दिएर स्वास्थ्यको सेवा सुविधाहरु हामी अगाडि बढाउन सक्छौं । त्यसो भएको हुनाले अहिले स्वास्थ्य इकाइ र यो बर्थिङ सेन्टरमा एकदमै बजेट न्यून मात्र होइन कि त्यो कतै पनि देखिदैन । यतातिर गएको भए राम्रो हुन्थ्यो अझै पनि । अझै पनि हामीले बर्थिङ सेन्टर र स्वास्थ्य इकाइमा ध्यान दियौं भने प्रत्यक्ष जनताले रोजगारी पाउन सक्छ भन्दै मेरो भनाइ अन्त गर्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजन, २०७७ अन्तर्गतको प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरुमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले रोष्ट्रमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरुलाई नाम टिपाउनु होला । अब माननीय श्री दीनबन्धु श्रेष्ठ। माननीय श्री दीनबन्धु श्रेष्ठ । माननीय श्री दीनबन्धु श्रेष्ठ । अब माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, आज विनियोजन विधेयक विनियोजन बजेटको विषयमा छलफलमा सहभागी भएको छु र सर्वप्रथम म यो बजेट आज सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश सचिवालयको बजेटमा छलफलमा सहभागी भाको छु । र यो बजेट वास्तवमै सामाजिक विकास मन्त्रालयले जुन किसिमको बजेटलाई प्रस्तुत गरेको छर धेरै चालु खर्चहरु घटायो भन्ने छ ।पुँजीगत बढायो भन्ने छ ।मलाई लाग्छ पुँजीगत घटेको छ चालु बढेको छ । पुँजीगतमध्ये पनि वास्तवमै सामाजिक विकास मन्त्रालयले देखिने काम स्कुलहरुमा कमसेकम एउटा निर्वाचन क्षेत्रमा तीन/चार वटा विद्यालय बनाउँदा अलि प्रगति भएको देखिन्थ्यो । अब यो आर्थिक वर्षमा त त्यो प्रगति पनि देखिने स्थिति भएन । दुईटा विद्यालय पहिला जस्तै क्याम्पस र चाहिने प्राविधिक शिक्षालय थियो अहिले त्यस्तो अवस्था छैन । र त्यसमध्ये पनि अझ दैलेखमा त यो सरकारको हेर्ने दृष्टिकोण अरु सो सरहकै छ । भन्न त सामाजिक विकास मन्त्रीजी ले भन्नु भाछ भुलवश भयो, म त्यसलाई सच्याउँछु भन्नु भाको छ, दैलेखमा ४ वटा निर्वाचन क्षेत्र छन् भन्ने कुराको हेक्का यो सरकालाई छैन । कर्णाली प्रदेशभित्र सुर्खेत

जिल्ला र दैलेख जिल्लामा ४ वटा निर्वाचन क्षेत्र त्यत्तिकै भाको जस्तो महशुस र त्यसको महशुस नै भाको जस्तो मलाई लाग्या छैन । मैले हरेक बजेटका शीर्षकमा हेरेँ कालिकोटको जो अवस्था हो, दैलेखको अवस्था त्यही हो । जुम्लाको अवस्था त्यो हो, त्यो जुम्ला भन्दा पनि अझ दैलेख कमजोर छ बजेट विनियोजनमा । एकमुष्ट रकम भनिन्छ करिब डेढ/दुई करोड रुपैंया अरु जिल्लामा हालिन्छ त्यहाँ चाइनी डेढ करोड हालिन्छ । शिक्षामा पनि ५०/५० लाखका प्रत्येक निर्वाचन क्षेत्रमा एकुन्टा भनियो तर दैलेखमा दुईटा मात्रै एक करोड मात्रै छ त्यहाँ २ करोड हुनेमा १ करोड छ । मैले अघि भनेँ मन्त्रीजीले व्यवस्था गर्छु भन्नुभाछ त्यो कहाँबाट ब्यवस्था गर्नुहुन्छ ?मलाई थाहा छैन । त्यसकारणले यसको गणितीय हिसाबले पनि सरकारले बुझ्नुपर्ने कुरा हो कति क्षेत्र पर्छन् कति जिल्ला छ ?जिल्ला र कति क्षेत्र हुन् निर्वाचन क्षेत्र ?त्यसको विकास सबै ठाउँको अवस्था एउटै छ ।त्यो सन्तुलित विकासका आधारमा अगाडी बढ्नुपर्छ भन्ने मान्यता राख्नुपर्छ । त्यसोभाको हुनाले गत वर्ष त जनता सडक पर्दा ४ वटा क्षेत्रको हिसाबले गयो, अलि-अलि बढी परेको थियो । अहिले ती कुराहरु नजाने हो भने अहिले ५० हजार जनसंख्या भएको जिल्ला र ३ लाख जनसंख्या भएको जिल्लामा त्यो के सन्तुलन होला ?होला, भूगोललाई पनि हामीले ध्यान पुर्याउनु पर्छ, त्यहाँको भूगोललाई पनि आधार मान्नु पर्छ, र जनसंख्यालाई पनि आधार मान्नु पर्छ भन्दा यहाँ त त्यो वित्तीय सन्तुलन गर्नका निमित्त त्यसो गर्नुपर्ने थियो, त्यो जवाफ पनि आएन । त्यसकारणले यो बजेट विनियोजनमा सन्तुलित रुपले अगाडी बढ्नु पर्ने कुरामा अव केही असन्तुलनहरु छन् । त्यसकारणले सरकारले यतातिर सचेत हुन र दैलेख जिल्लाप्रति हेर्ने दृष्टिकोण परिवर्तन गर्न म आग्रह गर्न चाहन्छु । दैलेख जिल्लाको ४ वटा निर्वाचन क्षेत्र र जनसंख्याको आधारमा ३ लाख जनसंख्या छ भन्ने कुराको आधार बनाउन म सरकारलाई अनुरोध गर्न चाहन्छु । र त्यसलाई बिर्सिएर अन्यत्र सम्झना गर्ने काम राम्रो होईन भन्ने कुरापनि सुझाव दिन चाहन्छु ।

अब अर्को कुरा स्वास्थ्य क्षेत्रतिर जाँदाखेरी अहिले एउटा निर्वाचन क्षेत्र एउटा वर्थिङ सेन्टर अघि पूर्व माननीयजीले भन्याजस्तै वास्तवमै वर्थिङ सेन्टर अझै हाम्रो तल-तल भन्दा माथि-माथिलाई ब्यवस्था गरेको भए त्यो हेलिकोप्टर उडाउन नपर्ने हुन्थ्यो कि ?त्यसलाई त्यो व्यवस्था गर्न सकिन्थ्यो कि ?जहाँ दुर्गम छ, त्यो दुर्गमलाई प्राथमिकता दिएर त्यस्ता त्यस्ता कुराहरुलाई अगाडी बढाएको भए हुन्थ्यो कि ?त्यसैले त्यो बर्थिङ सेन्टर अहिले सबै निर्वाचन क्षेत्र २४ वटा छुट्याउनु भाछ यसलाई अलिकति संख्यात्मक रुपले धेरै बनाउन पाएको भए कमसेकम त्यो वातावरणबाट जनताले दुःख पीडा भोग्नबाट मुक्त ति महिला दिदीबहिनीहरुलाई त्यो पीडाबाट मुक्त हुन सक्थ्यो र अर्को स्वास्थ्यमा अव अहिले त्यति बढी कुरा गर्नु छैन मैले त । ३ करोड हाल्याछु भन्नुभाछ, ३ करोड देखिएकै छ, दैलेख जिल्ला अस्पताललाई ३ करोडको टेण्डर गर्ने हो भन्नु भाथ्यो यसपटक । पोहोर साल गर्ने भन्दा पोहोर सालको रकम फ्रिज नै भो कता कोरोनातिर लगाएँ भन्नुभाछ । आउँदो वर्ष अर्कै केही अर्को रानातिर केही

लाउने हो कि ?तर त्यसलाई समयमै त्यो ५० शैयाको हस्पिटल निर्माणतिर ध्यान स्वास्थ्य मन्त्रालयको जाओस् । र स्वास्थ्यसम्बन्धी मैले हेरेँ ।कोभिड-१९भनेर भन्या भन्यै छौँ त्यो कोभिड-१९ को बजेट कता-कता छुट्टिएको छ त्यो मैले याद गर्न सकिन, कहीँ पत्ता लगाउन सकिन । करिब ८४ करोड रुपैँयाको कता कहाँ थियो २ लाख, ३ लाख, १ लाख कता-कता हो त्यो चाईनी ४ पन्ना भरिएको त्यसै पो हो कि ?कि कोभिड नाईन्टिनका नाममा छुट्याईएको बजेट यो हो भनेर त्यसलाई छुट्टै व्यवस्थापन गर्नुपर्ने थियो कि ?त्यो मैले अब काहीँ अब छोटो समयमा मैले हेर्न सकिन कि ?८४ करोड बजेट त्यो कहाँ छ ?र कोभिड नाईन्टिनकै लागि मात्रै भनिएको छ, त्यो अन्यत्र खर्च गर्नलाई कोभिड नाईन्टिनको अवस्था जे होस् सहज भैसक्यो । कोभिड नाईन्टिनबाट लडाँईबाट हामी जितिसक्यौँ भने त्यो अन्यत्र रकमान्तर होला ।अन्यथा त्यो बजेट त्यही शीर्षकमा र त्यही ठाउँमा राखेर त्यसको विशेष महामारीलाई कसरी ध्यान पुर्याउन सकिन्छ त्यो ध्यान पुर्याउनु पर्छ । नाम कोभिड नाईन्टिन भन्ने खर्च चाईनी केरे अँ.. कुर्सी किन्ने कि ?फर्निचर किन्ने कि ?अथवा चाईनी कुनै अँ....टिडिए खाने कि ?अब त्यतातिर राखेर भएन । कोभिड नाईन्टिनका नाममा हुने काममा कहाँ टिडिए खान पर्ला, कहाँ चाईनी सुविधा भत्ता दिन पर्ला, कहाँ औषधी गर्न पर्ला, कहाँ आईसोलेशन बनाउन पर्ला, कहाँ हस्पिटलको स्तरउन्नती गर्न पर्ला, त्यो कुरा प्रष्ट रुपले खुल्नु पर्छ भन्ने मैले आग्रह गर्न चाहन्छु ।

अब आन्तरिक मामिलामा त अब आन्तरिकमै व्यवस्था छ । पोहोर परार सालका भवनको पैसा हो क्या ७ करोड छुट्याउनुभाछ । अहिले तालिम केन्द्र, के-के भनेर हाल्नुभाछ अब त्यहाँ जनताकहाँ जाने बजेटै छैन । खै एउटा चाईनी केरे डिजिटल भनेर १ करोडले कति गर्नुहुन्छ थाहा छैन । तर मन्त्रालय तीनटा छन् कानून मन्त्रालय छ, सञ्चार मन्त्रालय छर अब आन्तरिक भन्या त्यो चाईनी केरे त्यो पुलिस चलाउने मन्त्रालय हो कि गृह ?हैन त्यो मन्त्रालय छ । त्यो पुलिस हाम्रो हातमा आएको छैन । अब आउने **(माननीय सभामुख: अब सक्नेतिर लागौँ माननीय सदस्य)** वातावरण भाको छैन त्यसकारणले आन्तरिक मन्त्रालयले त्यतातिर अझैब्यवस्थित गर्न, सु-शासन कायम गर्नर कसरी कर्णाली प्रदेशको सुरक्षा र सु-शासन कायम गर्न सकिन्छ त्यतातिर ध्यान आकर्षित होस् भन्ने सुझाव राख्न चाहन्छु, धन्यवाद।

**माननीय सभामुख:** अब माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्ट:** सभामुख महोदय, हामी अब यो समग्र बजेट पछिको मन्त्रालयवाईज विन्यास भएको बजेटमा छलफल गर्दैछौँ । यसमा अब हामीकहाँ आज छलफल गर्नुपर्ने विषयहरु जो ३ वटा पुस्तकहरु हामीले पाएका छौँ मन्त्रालयगत हिसाबले । अब यसमा सर्वप्रथम त यो सुरुवात गर्दाखेरी जस्तो यो सामाजिक विकास मन्त्रालयको विषयमा यहाँ बजेटको विषयलाई टोटलमा हेर्दा एउटा त यसमा के छ भने हामीले अगाडी

पनि विशेषगरी यो धेरै कुराहरु यहाँबाट उठायौं यो बजेट कै सन्दर्भमा । नीतिगत कुराहरुमा अथवा अरु बजेटको चाहीं जो एकमुष्ट भोल्युम हामीकहाँ आयो त्यसको विषयमा पनि हामीले धेरै कुराहरु यहाँ राख्यौं । अब यसमा अझै पनि चाहीं यो जसरी किताबमा खण्डिकरण भएर आएको छ, यसमा २÷३ वटा कुराहरु हामीले राखेका विषयमा यो केन्द्रित भएको देखिदैंन ।

खासगरी, यसमा अहिले जसरी हामीले महामारी, भोकमारी र रोजगारी भनेका छौं, महामारीको कुरालाई हामीले प्राथमिकतामा राखेका छौं भने मैले यही रोष्ट्रमबाट पनि बारम्बार यहाँ मैले सभामुख मार्फत् यहाँ संसदमा सम्मानित संसदमा निवेदन गरेको छु धेरै चोटी कि यसलाई अब यी कुराको हाम्रो भेट नहुने भो सरकार र हाम्रो । किनकी मैले पैला पनि विगतमा जोड दिएर भनेको के हो भने अलिकति यसलाई चाहीं मूर्तिकृत गरेर ल्याउँ, पैसा कति के भन्ने आफ्नो ठाउँमा छ, जति छ त्यसलाई अलि मूर्तिकृत गरेर ल्याउँ भन्ने मुख्य चाहीं जोड हो । अब अहिले एकमुष्ठमा राखिएको छ, त्यसको पनि तपाईँहामीले कमसेकम यही बजेटलाई अलिकति मूर्तिकृत गराएर हामी ल्याउन सक्थ्यौं । जस्तो, हामीले भ्यान्टिलेटर कति किन्ने ?अथवा अरु चाहीं हामीले आईसियूहरु कति किन्ने ?अथवा हामीले करारमा चाहीं यो अरु कर्मचारीहरु हामीले कति राख्ने ?जस्तो अहिलेसम्म एउटा मात्रै हामीकहाँ मेसिन हेण्डिलिङ गर्ने छ त्यो पनि बिग्रियो भन्ने कहिले के भो भन्ने हामीसँग प्राविधिकहरु छैन । यो प्रदेशभरीमा एक जनाले अपरेट गरिराख्याछ माईक्रोवाईजोलिष्ट भनिन्छ जसलाई । त्यो विषयमा चाहीं कति हामीले गर्ने ?कतिदिनभित्र हामीले गर्ने ?यी सबै कुराहरु तपाईँको यहाँ अन्धाधुन्धा केहीपनि छैन । यहाँ सम्म कि अरु त कुरा परै छोड्नुस् आज १७ लाख जनसंख्या हाम्रो मान्ने हो भने चानचुन मेरो विचारमा त्यसको २५ प्रसेण्टसँग मास्क छ होला, बढिमा चाहीं ५ लाखसँग चाहीं तपाईँको मास्क छ होला बाँकीसँग मास्क पनि छैन । सुरुमा त हामीले १७ लाख मान्छेहरुलाई घर-घरमा मास्क पुर्याउने तरिका के हो ?त्यसकारण हामीले मूल चाहीं सङ्लो न बनाईकन जो हामीले गर्न खोजी राख्याछौं अव यो कालिदासको जस्तो खिस्सा हाम्रो हुन्छ । बुटाको टुप्पामा जाने अनि फर्केर यतातिर चाहीं गिँड्न थाल्यौं भने हामी सबै बुटो पनि खत्तम हामी पनि खत्तम हुने स्थिति हुन्छ । यो यस्तै भै राख्याछ । त्यसकारण गाडा अगाडी गोरु पछाडी जस्तो हाम्रो भै राख्याछ । अब यो कुरालाई चाहीं तपाईँको ठोस रुपमा अझैपनि आउन पर्यो । नभए यो .. यो कार्ययोजनाबाट हामी उँभो लाग्दैनौं मेरो ब्रम्हले मैले त्यस्तो देख्छु । त्यसकारण मन्त्रीजीलाई मैले सभामुखमार्फत् मैले ध्यानाकर्षण गर्न चाहन्छु यो कुरा अलिकति मिहेनत गरेर हामीले ल्याउँ । नभए पैसाले कुनै अर्थ राख्दैन । किनकी इटलीमा तपाईँको चाहीं एटिएमहरु पैसाहरु बाहिर फाले, चाईनामा त्यस्तै स्थिति भो । श्रीमान् एउटा कोठामा छ श्रीमती एउटा कोठामा छ, उनीहरु चाहीं तपाईँको त्यहीं मर्ने स्थिति भो भेट पनि भएन त उनीहरुसँग करोडौं रुपैंया अरबौं रुपैंयाको बैंक ब्यालेन्सहरु थियो, त्यो कुनै काम लागेन । त्यसकारण सरकारको पैसा पनि त्यो कुनै काम लाग्दैन । यो कुनै योजना विनाको पैसा अलि ठोस गरेर ल्याउँ । यसो हुँदाहुँदै पनि

मैले यही रोष्ट्रमबाट भनेको थिएँ, यो अझ यो सबैबिरामीहरुलाई भत्ता दिने सरकारले भनेको छ यो त अझै चाहीँ हाँस्यास्पद छ । त्यसकारण कमसेकम मरेका मरिसकेका चाहीँ जो मृतकहरु छन् उनको परिवारलाई दिउँ त्यसो गर्दा राहत हुन्छ भनेर मैले अरु माननीयज्यूहरुले पनि सायद भन्नु भाथ्यो होला मैले अलि विशेष जोड गरेर भन्याथैं ।यो कुरा सरकारले हटलाईनबाटै सम्वोधन गरेर पछि ल्यायो, यसको लागि धन्यवाद पनि दिन चाहन्छु।

अब यस्तो खालको चाहीँ तपाईँको जुन जनतालाई लाग्ने र ठोस रुपमा चाहीँ तपाईँको भिज्ने खालको कार्यक्रमहरु हामीसँग यहाँ भएन । त्यसकारण यो तयारीका साथ हामीकहाँ आउन पर्यो । अब दोस्रो सँगसँगै यो कुरा के हो भने जसरी हामीले चाहीँ महामारीलाई १ नम्वर भनेर सबैहामीले मन्त्रालय सातैवटा मन्त्रालयले हामीले केन्द्रित गर्न खोज्दैछौं जसरी हामीले त्यसलाई नाराको रुपमा ल्याएका छौं त्यो खालको पैसा पनि हामीसँग छैन ।एउटा कुरा हामीसँग भएको पैसाको तयारी छैन । अर्को कुरा तपाइँको त्यसको पैसाको पनि भोल्यूम हामीसँग उचित छैन । अहिले पनि विभिन्न नाममा तपाइँको चाहीँ त्यहाँ अब डल्लो बजेट केन्द्रित भएको छ । मैले यही पनि अब यहाँ सरसर्ती यहाँभित्र गएर साध्य छैन, मैले हेरेँ यहाँ २/३ वटा कुराहरु फेरि उस्तै किसिमले आएको छ । आखिर तपाइँको चाहीँ यो कोभिड नाईन्टिनमा त पैसा नै छैन । कति अरब बाँकी रहने हो त्योबाट केन्द्रित गरेर हामीले जानुपर्ने बाँकी त्यसलाई रोजगारको चाहीँ तपाइँकोमा हामी जानुपर्ने हो । खासगरी रोजगार र महामारी दुईटा मात्रै कुरा हो । त्यसकारण यो कुरामा खास चाहीँ तपाइँको उचित हिसाबले हामीले यदि कार्यान्वयन गर्ने हो कि ?गर्ने हो भनेपनि हामीसँग उचित चाहीँ पैसा छैन, उपयुक्त हामीसँग चाहीँ पैसाको भोल्यूम छैन । त्यसकारण यसको लागि पनि अलिकति हामीले चाहीँ सोच्नुपर्ने जरुरी हुन्छ । पुनर्मार्जित गर्न जरुरी हुन्छ यसको लागि । त मैले बारम्वार भन्याछु हामीकहाँ निरन्तर जो अहिले सायद हामीले यो ३ वटा बजेट यो सहित हामी पारित गर्दै छौंफुल बजेट । र जे जति कुराहरु यहाँ फेरि चाहीँ तपाइँको दोहोरिएका छन् उहि कुरा दोहोरिएका छन् । मैले सरर हेरेँ मैले त धेरै हेर्ने कुरा भएन । म त अब सायद पीडितमध्ये अरुपनि हुनुहुन्छ म यो २४ वटै क्षेत्रको आर्थिक हिसावले हिजो गतसालदेखि अहिलेसम्मको बजेट सन्तुलनको हिसावले अत्यन्तै चाहीँ तपाइँको मर्का पारिएको क्षेत्र भनेर राखिएको कुरा। जहाँ आजपनि तपाइँको चाहीँ मन्त्रीहरुकोमा मैले सामान्य हिसाव गर्दा पनि ३ गुणा बढी छ सिँचाई केरे त्यो यो शिक्षाको कुरामा गर्दाखेरी पनि । त्यसकारणले यो किसिमले तपाइँको कुनै पनि यसमा सन्तुलित देखिदैन । यो कुरा हल नभैकन फेरि हामी अगाडी बढ्न सक्दैनौं। त्यसकारण डल्लोको रुपमा आउँदाखेरी पनि जसरी सामाजिक विकास मन्त्रालयमा केन्द्रित भएर आउँथ्यो, त्यो कुरापनि यसमा देखिदैंन । त्यसो भएर अब फुटाउन त फुट्ने भो जस्तो एउटा ढुंगो चाहीँ तपाइँको बेस्सरी फुटेन बादे ढुंगो भनेपछि त्यसलाई चाहीँ अब आगोसागो तताउने फुट्ने त हुन्छ त्यसको अलिअलि झुर्का पनि निस्किएन । त्यसलाई टोटल चाहीँ फुटाएर हामी त सडक बनाउने अथवा त्यसलाई चाहीँ भोली उपभोग्य जमिन बनाउने

हुन्थ्यो होला । वेस्सरी हल्ला खल्ला भो चिच्याकल्लो सारा भो आगो पनि बालियो विभिन्न भो घनसन हानियो तर झुर्को पनि खसेन । अलिअलि यसो चाहीँ तपाइँको झुर्का मात्र खस्यो ल खस्यो भन्ने भो यो टाईपको यहाँ आएको छ । त्यसकारण यो ढङ्गले अलिकति चाहीँ तपाइँको हामीले व्यक्तिगत ढङ्गले कुनै हाम्रो माग छैन । तर अलिकति राज्यको चाहीँ तपाइँको साधन स्रोतलाई यसरी केन्द्रित गरौं न जनताको पक्षमा, अलि सन्तुलित विकासमा हामीले जोड दिउँ न भन्ने कुरा हो ।

अर्को यो सँगसँगै यहाँ संघीयता, गणतन्त्र सबै कुरा परिवर्तनलाई आत्मसाथ नगरेर यो बजेट आएको छ । जस्तो सामाजिक मन्त्रालयकै कुरा गर्दाखेरि सामाजिक विकास मन्त्रालयकै कुरा गर्दाखेरी हामीले भनेको के हो भने प्रदेश नम्बर १ मा जो खालको शिक्षा अथवा अहिले अनलाईन शिक्षा या जे जे हामीले भनिरहेका छौं, त्यो शिक्षाको स्थिति र यहाँको फरक हुन सक्छ । त्यो त अहिले देखिहालियो नि, अब यो कति वर्षसम्म जाने लकडाउन थाहा छैन, एक लकडाउन खुलेपनि त आज तपाइँको यूरोप अमेरिकामा कयौं देशहरुमा कोरियामा जो हामीले चाहीँ उच्च शिक्षा एकदम राम्रो भएको प्रगतिशील भएको देशहरु भन्छौं, उनीहरु कलेज यूनिभर्सिटी नदेखेरै उनीहरुले पिएचडी उनीहरुले डक्टरमा इञ्जिनियरमा उनीहरुले गर्छ अरु त चाहीँ एकेडेमीक विषयहरु त हामीले छोडिदिउँ । अब त्यतातिर हामी जानुपर्ने स्थितिमा अब फेरि हाम्रो उही अब त्यो खालको पुरानो चाहीँ पुरातनवादी खालको चाहीँ शिक्षामा हामीले यहाँ जोड दिई राख्याछौं । न यसमा अनलाईन शिक्षाको कुरा छ, न प्राविधिक शिक्षाको कुरा छ हुँदाहुँदा न त अझ त्यस अन्तर्गतको पनि गरिव वर्गसँग त न मोवाईल छ, न टिभी छ, न कुनै कुरा छ त्यो कुरालाई जोडेर जाने कुरा छ । सानो भएपनि एउटा स्माल इज ब्यूटिफुल भन्ने एउटा म्यासेज दिने कुरा त हामीले गर्न सक्थ्यौं, त्यो पनि केहीपनि छैन । अनि के को चाहीँ तपाइँको रोजगार हुन्छ त ?हामीले राम्रो शिक्षा दिक्षा र उनलाई चाहीँ तपाइँको एउटा राज्यको मेन स्टिपमा जोड्न सकेनौं यूवाहरुलाई जनशक्तिलाई भने कसरी चाहीँ तपाइँको रोजगार हुन्छ । सवै चाहीँ हामीले त मागि खाने, चोरी खाने, लुटी खाने खालको सबै हामी जसरी चाहीँ तपाइँको भयौं त्यस्तै उत्पादन गर्ने कुराहरु भयो अनि फेरि त्यही चाहीँ तपाइँको चाहीँ अरवमा खाडिमा फेरि लाईन लाएर फेरि दिनमा चाहीँ १०÷२० वटा लाश फेरि चाहीँ विमानस्थलमा भित्री राख्ने ?फेरि यो रुवाकल्ली भईराख्ने ?फेरि सरकारले समवेदना जारी गरराख्ने ?अव यो प्रदेशमा त हामीले यसलाई चाहीँ ऋस गर्न सक्थ्यौं नि त्यो कुरापनि यहाँ चाहीँ आएको छैन । भने त्यसकारण यी कुरालाई यो जतिपनि मैले यहाँ सारमा भन्न खोज्या कुराहरु छ, यो कुरालाई अलिकति यहाँ जोड दिएर आउनु पर्यो।

अब अर्को कुरा के छ भने यसमा अब चालु भनिएको छ एउटा कुरा पुँजीगतमै मैले यहाँ यसको राखिसकें यसको चाहीँ सिन के छ भन्ने कुरा । अब दोस्रो कुरा चालुको कुरा गर्दैगर्दाखेरी पनि चालु भनेको के हो ?जस्तो यहाँ हिसाब गर्नु पर्यो, अहिले हामीसँग कति चाहीँ

राजनीतिक नियुक्तीहरु भएको छ ?कति हाम्रो सचिवालय छ ?ब्यक्तिगत हिसावले भन्नुहुन्छ भने जनताको लागिहामीले ठीक छ सचिव नीजि सचिव राख्यौं, आज एकमुष्ठ निर्णय गरौं न जतिपनि तपाईँको सल्लाहाकारदेखि लिएर सचिवालय जति छ ल सवै हटाउँ । मन्त्रीले नै काम गर्ने माननीयले नै काम गर्ने । गर्नै पर्ने हो भने त्यसको एक तिहाई राखौं न । अनि यो पनि उही डल्लो बजेट छुट्याए जस्तो छ । खास चाहीँ तपाईँको घटेकै छैन उही यताको उता उताको यता पारेर अलिकति हामीले घटायौं भोली गर्नेछैनौं । भोली किन नगर्ने ?गर्मी लायो, भवितब्य पर्यो तपाईँको चाहीँ अब दिनमा २० लिटर पानी खान पर्यो भने त मर्नुस् भन्ने कुरा त भएन तपाईँको ४० सै लिटर पनि खान्थ्यो त एउटा मान्छेले । अहिले एक लिटर नलेखेपनि । त्यो त विभिन्न चाहीँ तपाईँको आकस्मिक प्रावधानहरुबाट चाहीँ सरकारले गर्न सक्ने कुराहरु हो । यहाँ कार्यविधिबाट चाहीँ तपाईँको बाट त कति के के निर्णय कहाँ पुगीसक्यो भने यस्तो कुराहरु राखेर यो चाहीँ जग हँसाउने काम हुन्छ । त्यसकारण त्यो हटाउँ ल । ब्यक्तिगत हिसावले मैले मसँग नीजि सचिव छ ल त्यो एउटा चाहीँ कमिटमेण्ट गरौं ल त्यो छोडौं । ल सवै ४० जनाले छोडौं । ल मन्त्रीहरुकहाँ हामीले हिसाव गर्याछौं नि त्यो सयौं मान्छे किन राख्न पर्यो ?दर्जनौं ड्राईभर किन राख्न पर्यो ?१२ जना तपाईँका ३ जनाले चलाउन, सल्लाहाकार यो राजनीतिक नियुक्ती दुनिया यो वोर्ड सोर्ड सारा सवै यो किन गर्नुपर्यो ?त्यो सबै हटाउँ । अनि मात्र पो त्यो चालु खर्च तपाईँको घट्छ । नभए हामीले खास ठाउँमा हामीले कहींपनि झुर्का न निकाल्ने, अनि सवै चाहीँ नारामा चाहीँ यसरी चाहीँ घट्ने भनेर एउटा राम्रो किताब बनाएर अब यो टट्याउने बाहेक अरु काम के हुन्छ ?त्यसकारण मैले सारमा यहाँ भन्न खोजेको कुरा के हो भन्दाखेरी यो बजेट जसरी यो सामाजिक विकास मन्त्रालय अथवा आन्तरिक मन्त्रालय अथवा तपाईँको प्रदेशसँग कुरा गर्दाखेरि जसरी बजेट केन्द्रित भएर आउनु पर्थ्यो त्यो आएन जसरी चालु बजेट यहाँ चाहीँ तपाईँको एउटा चाहीँ फ्रेममा आउनु पर्थ्यो अलि विश्वस्त हुने गरी त्यो पनि छैन । त्यसकारण यसमा कुनै यहाँ ईगो पाल्न जरुरी छैन सरकारले । हैन हामीले थुप्रै कुराहरु उठाएका छौं, दलमा पनि उठाएका छौं, विगत ३ वर्षदेखि यही कुरा चाहीँ चिच्याउँदा चिच्याउँदा हामी चाहीँ हाम्रो आवाज (**माननीय सभामुख:** अव सकौं माननीय सदस्य) सुकिसक्यो । धन्यवाद सभामुख ज्यू । त्यसकारण मैले अन्तिममा मैले फेरिपनि यहाँ सभामुख मार्फत विनम्र एउटा अनुरोध गर्न चाहन्छु कि सम्मानित सदनलाई कि यो कुरामा अलिकति सरकारले अब हामी करिब-करिब अब फाइनलतिर गयौं अब ढाई/तीन वर्ष भनेपछि अब हाम्रो चाहीँ उत्तरार्द्ध सुरु भयो। त्यसकारण यसलाई कुनै इगो बनाउने भन्दापनि मैले देखिराछु प्रतिपक्षी छैन उसको आफ्नो स्टयाण्ड होला, सरकारको आफ्नो स्टयाण्ड होला, अब हामी सत्तापक्ष भनिएतापनि अब हाम्रो आफ्नो ब्यथा पिर मर्काका साथ हामी यहाँ उभिएका छौं तपाईँले बुझ्नुभाछ यी सबै कुराहरु। अब यो अहिले चाहीँ कहने हो भने तपाईँको घण्टौं लाग्ने स्थिति छ त्यसकारण यो कुरामा सरकारले आफ्नो इगो नगरेर अलिकति चाहीँ टोटल ड्रास्टिकल चेन्ज भन्छ नि त्यो ढङ्गले

अलि आमूल परिवर्तन कसरी गर्ने भन्ने ढङ्गले तपाईंलाई हिम्मत गरेर आउनुस् जनताको पक्षमा, प्रदेशको पक्षमा निर्णय गर्ने ढङ्गले अगाडी बढौं, धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री सोशीला शाही ।

**माननीय श्री सोशीला शाही:** सभामुख महोदय, आज हामी छैठौं अधिवेशनको २२औं बैठकबाट अवरुद्ध भएको प्रदेशसभाको बैठक आज हामी पुनः सहभागी हुँदैछौं । सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश सभा सचिवालय अन्तर्गतको विनियोजन बजेटमाथि छलफल गरिरहेका छौं । एकमुष्ट वा नीति नियम विपरित आयो भनेर अवरुद्ध भएको बैठक आज छुट्टा-छुट्टै चालु र पुँजीगत मन्त्रालयगत हरेक कार्यक्रममा सबै सबैले बुझ्ने गरि आएकोमा उहाँहरुलाई बिशेष धन्यवाद दिन चाहन्छु । यसैगरी विषयगत छलफल गरिरहँदा सामाजिक विकास मन्त्रालय बडो मेहनतका साथचाँडै नै छुट्टै वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा सबैले बुझ्ने गरी कार्यक्रम ल्याएकोमा धन्यवाद । साथै हाल विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारणले बजेटको ठूलो अंश त्यसमा केन्द्रित भएकोले विकास बजेटमा केही कमी भएको जस्तो लागेको छ । त्यसका बाबजुद पनि विनियोजित बजेटलाई दुरुपयोग हुन नदिई कर्णालीको मुहार फेर्नेगरी विशेषगरी सरकार र हामी सबैको दायित्व हुन आउँछ । यसैगरी बिगतका वर्षदेखि आन्तरिक मामिला तथा कानून मन्त्रालयले डिजिटल विद्यालयको रुपमा छुट्याएको शीर्षक केही कतै नदेखिएकाले यसलाई सामाजिक विकास मन्त्रालय वा आन्तरिक मामिला तथा कानून मन्त्रालयले कतै सम्बोधन गर्नुपर्ने सुझाव दिन चाहन्छु । यसैगरी प्रदेश सभा सचिवालयले कार्यालयमा आवश्यक व्यवस्थापन साथै प्रदेश सभा हलको प्राविधिक कुराको विशेष ध्यान दिन आवश्यक देखिन्छ। हरेक कार्यालय वा मन्त्रालयबाट हुने कार्यक्रममा सत्ता, शक्ति र पहुँचको आधारमा भन्दा पनि एकद्वार प्रणालीबाट कार्यक्रम जानुपर्छ भन्ने मेरो सुझाव रहेको छ । यस प्रदेशमा विशेषगरी आवश्यकतामा आधारित भन्दा पनि दुरुपयोग गर्ने मनसायलेकार्यक्रम जाने हुँदा तेस्लाई मेरो वा तेरो नभनी तत्काल रोक रोक्नका लागि मेरो कर्णाली प्रदेश सरकारलाई सुझाव दिन चाहन्छु । विगतका वर्षहरूमा विकासका लागि धेरै बजेट गएपनि दुरुपयोग भै परिणाम नआएको हामीले सबै जानकार नै छौं । विगतको तितो अनुभवलाई अनुकरण गरी आगामी अगाडि बढ्न सरकारलाई मेरो सुझाव रहेको छ । हरेक सरकार सकारात्मक, रचनात्मक कामका लागि म र मेरो दलको सहयोग, समर्थन रहनेछतर गुण र दोषको आधारमा हामीले निर्णय लिनेछौं र लिइरहेका छौं । सभामुख महोदय मैले फेरि पनि भन्न चाहे प्रमुख प्रतिपक्ष त अगाडी देखिएन प्रतिपक्ष चाहीँ म हो । त्यसकारणले योसदन अगाडि बढेको होला भन्ने मैले अनुभव चाहिँ लगे । किनभने प्रमुख प्रतिपक्ष पनि हुनुपर्थ्यो । यस्तो महत्वपूर्ण छलफलमा भाग लिनुपर्थ्यो तर जानकारी नभएको कारणले मैले एकछिन उहाँहरुलाई सदनलाई पनि एकछिन त्यो सोध्न खोजेको हो । त्यसो भएको हुनाले हाम्ले जुनसुकै काम राम्रो कामको लागि सबैको साथ, सहयोगले नै अगाडि बढ्नुपर्छ । कर्णाली प्रदेशमा जम्मा तीनटा अहिले हालको लागि तीनटा दल हो । सबै दलले राम्रोसित अगाडि बढ्दिएको भए

कर्णालीमा अझै विकास राम्रो हुन्छ कि जनताको घरदैलोसम्म विकास राम्रोसँग पुग्छ कि भन्ने जो सबैको सोच र सबै माननीयज्यूहरुको सोच, मन्त्रीज्यूहरुको सोच र हाम्रो सभामुखज्यू र उपसभामुखज्यूहरुको सम्पूर्णको सोच छ र अगाडि बढ्नुपर्छ । कसैलाई अपहेलित गर्नुहुँदैन भन्ने मैले यो सदनमा कुरा राखें । किनभने भोलि एकतर्फी गएको कारणले उहाँहरुलाई पनि भोलि त्यही स्टेजले हामी अगाडि बढ्न सक्छौं कि सक्दैनौं । हैन । आज एउटा रुष्ट भएर जान सक्छ, भोलि अर्को रुष्ट भएर जाला । त्यस्तै गर्दागर्दै हामीले जनतालाई के जवाफ दिने सभामुख महोदय । यसमा विशेष गरेर ध्यान जाओस् भन्न चाहन्छु । सकभर कुर्सी पनि अब तीन जनाको भको कारणले काला काला नाई ४ जना भको कारणले काले कुर्सी राखेको हो कि भन्ने त्यसमा पनि ध्यान जाओस् भन्न चाहन्छु सभामुख महोदय । तर कुर्सीको लागि मैले राम्रो हुनुपर्छ भनेको होइन तर मर्यादाको क्रमले के–कति राख्नुपर्छ हजुरहरुले नै सोच्नुहुनेछ भन्ने आशा राखेको छु । किनभने आधालाई राम्रो आधालाई राम्रो नभएको जस्तो महशुस गरेको छु । सम्पूर्ण माननीयज्यूहरुलाई कसैलाई पनि तलमाथि नगरेर बजेटहरु पनि एकदम मिल्दोजुल्दो आउनेछ र आएको पनि छ भन्ने आशा राख्दै आफ्नो दुई शब्द पनि यहीँ राख्न चाहन्छु । जय राष्ट्रवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजन विधेयक,२०७७अन्तर्गत विनियोजनभएका प्रदेशसभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरुमाथिकोछलफलको क्रममा माननीय सदस्यले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २१गतेको बैठकको सुरुमा समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरु, भोलि असार २१ गतेको सभाको बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरुमाथि छलफल हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल असार २१ गते आइतबार दिनको १बजे सम्मको लागि स्थगित हुन्छ ।

□□□

(२०७७ साल असार २१ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:**माननीय सदस्यहरु, कर्णाली प्रदेशसभाको छैठौं अधिवेशनको २४औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजनविधेयक,२०७७अन्तर्गत विनियोजन भएका प्रदेशसभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली,२०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु।

सर्वप्रथम, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/०७८ को विनियोजन शीर्षकउपर छलफल गर्ने क्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभाका प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रमलाई परिपक्व, व्यवहारिक समय र परिस्थिति सापेक्ष बनाउन जनप्रतिनिधिबाट औपचारिक तथा अनौपचारिकरुपमा प्राप्त मूल्यवान सुझाव, सल्लाहप्रति मन्त्रालय आभारी छ ।

सार्वभौम जनताको प्रतिनिधित्व गर्ने तपाई माननीयज्यूहरुबाट व्यक्त भावनाको उच्च कदर गर्नुपर्ने वास्तविकताप्रति मन्त्रालय गम्भीर संवेदनशील छ । यो हामीले अवलम्बन गरिरहेको व्यवस्थाको सौन्दर्य हो। कर्णालीवासीको समृद्धिको आकांक्षालाई हृदयंगम गर्दै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा सूचित गर्न चाहन्छु । सम्मानित सदनमा माननीयज्यूहरुले प्रस्तुत गर्नुभएका सवालहरुबारे प्रष्टीकरण का लागि यो रोष्टममा उभिएको छु। आर्थिक वर्ष २०७७/०७८ को मन्त्रालयको विनियोजन विनियोजित कुल बजेट ४१ करोड ७६ लाख ५३ हजार मात्र रहेको छ । जसमध्ये पुजिगत पुँजीगत बजेट रु २९करोड ५लाख ५० हजार मात्र र चालु बजेट रु १२करोड ७१ लाख ३हजार मात्र रहेको छ । कूल पुँजीगत प्रतिशत ६९.५७ र कूल चालु ३०.४३ रहेको छ । माननीय सदस्यले डिजिटल स्कुल कार्यक्रमको निरन्तरताका विषयमा जिज्ञासा राखुभएको छ ।आन्तरिक मामिला तथा कानून मन्त्रालयले कार्यान्वयन गर्दै आइरहेको डिजिटल स्कुल कार्यक्रम सामाजिक विकास मन्त्रालयमार्फत् कार्यान्वयन गर्नेछ । प्रदेश प्रहरी गठन गरेर शान्तिसुरक्षा सुव्यवस्था कायम गर्ने प्रदेश सरकारको संवैधानिक अधिकार कुण्ठित भइरहेको सन्दर्भमा प्रहरी संरचना निर्माणको कार्यले गति लिन सकेको छैन । यसबाट जनचाहना मुताबिक सुशासनको प्रत्याभूति दिलाउनेमा अभावहरु रहन गएका छन् । आगामी दिनमा लिपिबद्ध संवैधानिक

अधिकारहरूको अभ्यास गर्ने अवसर मिल्नेछ र जसबाट जनअपेक्षित सुशासन प्रवर्द्धन हुनेछ । प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू,माननीय सदस्यज्यूलगायत समस्त महानुभावहरुबाट मन्त्रालय रचनात्मक सहयोगको अपेक्षा गर्दछ धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरु, सामाजिक विकास मन्त्रालयको शीर्षकहरुमाथिको छलफलमा माननी सदस्यले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावल:** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूमार्फत् योगरिमामय सदन माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय सदस्यज्यूहरुलाई जुन सामाजिक विकास मन्त्रालयको विनियोजन शीर्षक बजेटका शीर्षकहरुमाथि जुन सुझाव, सल्लाह दिनुभयो । बजेट निर्माणकै क्रममा पनि बजेटको सैद्धान्तिक छलफलका बेला पनि अत्यन्तै महत्वपूर्ण Valueable सुझाव दिएर लोकतन्त्रको सौन्दर्यतालाई अझ मजबूद बनाउने, लोकतन्त्रलाई अझ फराकिलो अझ मजबुत अझ कर्णालीको दीगो समृद्धि र विकासका निमित्त सघाउ पुग्ने गरी जुन सुझाव दिनुभयो, यसका लागि माननीय सभामुखज्यूमार्फत् सिंगो सदन र माननीय सदस्यज्यूहरुलाई म हार्दिक आभार प्रकट गर्न चाहन्छु । हाम्रो मन्त्रालयलाई अझ बढी प्रभावकारी ढंगले सञ्चालन गर्नको निमित्त आउँदो आर्थिक वर्ष ७७/०७८ को बजेटलाई प्रभावकारी कार्यान्वयन गर्नको निमित्त अझ थप बल पुगेको छ भन्ने मैले महसुस गर्या छु । खासै अब हिजो माननीय सदस्यज्यूहरुले सुझावमूलक कुराहरु नै राख्नुभएको छ ।निकै राम्रा, अत्यन्त व्यवहारिक बजेट कार्यान्वयनलाई सफल पार्नको निम्ति पनि clearity गर्दिनुभएको छ, त्यसको लागि पनि म माननीय सदस्यज्यूहरुलाईआभार प्रकट गर्न चाहन्छु । चालु आर्थिक वर्षको अहिले भइरहेका निर्माणाधीन विद्यालयहरु कसरी अर्को वर्ष कार्यान्वयनहुन्छन् भन्ने कुरा राख्नुभएको थियो । अहिले एक त अबसंसारलाई नै समस्या पार्यो त्यसपछि हाम्रो देश त प्रदेश झन् बढी प्रभावित, त्यसमध्ये पनि शिक्षा क्षेत्र अझ बढी प्रभावित भयो । हाम्रा विद्यालयहरु करिब ६००वटा विद्यालयहरु क्वारेन्टिनको रुपमा चाहीँ प्रयोग भएका छन्कर्णालीमा । आइसोलेसनको रुपमा पनि केही विद्यालयहरु हामीले प्रयोग गर्न बाध्य भयौं । विशेषगरी दैलेख जिल्लामा,सुर्खेत जिल्लामा र सल्यान जिल्लामा भनेपछि विद्यालयहरु बनाउने जुन गति लिएको थियो भौतिक निर्माणको गति यो कोभिडका कारण अवरुद्ध भको छ । यसप्रति मन्त्रालय र सरकार अत्यन्तै संवेदनशील भएर छलफलमा हामी छौं । यसको उचित निकास हामी दिन्छौं र माननीय सदस्यज्यूहरुलाई यस्काबारेमा म विश्वस्त तुल्याउन चाहन्छु । त्यसैगरी चालु घटाउँछु भनेको सरकारले चालू बढेकै देखियो भन्ने पनि माननीय सदस्यज्यूहरुको राय देखिएको थियो। माननीय सदस्यज्यूहरुलाई म आग्रह गर्न चाहन्छु । स्वास्थ्य मन्त्रालय अलिकति बढी चालुनै शीर्षक बढी हुने नै रैछ । तर पनि हामीले चालुको प्रशासनिकतर्फको बजेटअत्यन्तै र मनग्यरुपमा हामीले कटौती गरेका छौं । कार्यालय सञ्चालनका लागि

आवश्यक बाहेकका हामीले चाहीँ budgeting गर्या छैनौं र अहिले जुन कोभिडका लागि राखिएको १ अरब ५८ लाख बजेट जुन थियो डल्लो त्यो उसमै छ । त्यो मध्येको ८८ करोड चालुमै छ । त्यले पनि केही चालु बढाको जस्तो भयो । त्यसैगरी संघीय सरकारबाट प्राप्त भएको सशर्त अनुदान छ, १ अरब २९ करोड त्यसमा पनि त्यसबाट आएको पनि १ अरब ९ करोड चालु नै छ । भनेपछि करिब-करिब २ अरब एउटा कोभिडको कोषको र अर्को चाहीँ संघीय सरकारबाट प्राप्त भएको बजेट पनि चालुमा बढी भको हुनाले टोटलमा चालु बढी देखिए तापनि प्रदेश सरकारबाट विनियोजित बजेटको चालु शीर्षकलाई हामीले एकदमै कटौतीगरेर अझ प्रशासनिक तिरको बजेटलाई हामीले निकै कटौती गरेर अब हामीले पूँजीगत विकासका अन्य कार्यक्रमिक खर्चलाई नै बढावा दिएका छौं। म यो पनि माननीय सदस्यज्यूहरुलाई चाहीँ माननीय सभामुखज्यूमार्फत् जानकारी गराउन चाहन्छु ।

त्यसैगरी सीपमूलक तालिम सामाजिक विकास मन्त्रालयमा राख्नुहुन्थेन, उद्योग मन्त्रालयले गर्नुपर्थ्यो भन्ने जुन थियो, सामाजिक विकास मन्त्रालय मानव पूँजीको विकास गर्ने मन्त्रालय नै हो । र CTEVTसिंगो CTEVT का सीपमूलक तालिमहरु हाम्रो मन्त्रालयअन्तर्गत नै चल्छन् । सीप विकास तालिम केन्द्र पहिलो जुम्लामा थियो अहिले यही हाम्रो मानव स्रोत विकास केन्द्रभित्र छ । त्यसो काम पनि सीप विकास तालिम नै गर्ने, मानव पुँजी जस्तो अब technical होस् Non-technical होस्, मानव पूँजीको विकास चाहीँ यो मन्त्रालयले गर्ने TOR भको । त्योबाट उत्पादित जनशक्ति चाहीँ अन्य अन्य क्षेत्रमा काम गर्ने भको नाताले यो चाहीँ technical training को जिम्मा चाहीँ सामाजिक विकास मन्त्रालयको नै भकोम माननीय सदस्यज्यूहरुलाई चाहिँ अनुरोध गर्न चाहन्छु ।त्यसैगरी कोभिड बजेटको सन्दर्भमा पनि अत्यन्त राम्रो छलफल, बहस पहिला सैद्धान्तिक छलफल देखिनैमाननीयज्यूहरुले दिनुभको छ। हामीले breakdown पनि break down नै गरेर चाहीँ अर्थमा पठाएका थियौं । प्रत्येक जिल्ला हस्पिटललाई ५ वटा आइसोलेसन र दुई वटा भेन्टिलेटर अनिवार्य गर्ने अनि हाम्रोचाहीँ प्रदेश अस्पतालहरु केही क्षमताहरु विकास गर्ने, त्यसपछि यति बराबरको किट किन्ने, यति बराबरको मेनपावर परिचालन गर्नेदेखि लिएर एकदमै ब्रेकडाउन छ । अरुभन्दा बिरामीको आइसोलेसनमा खाना खुवाउने बजेट यति हुन्छ भनेर पनि हामीले बजेट ब्रेकडाउन गरेर अर्थ मन्त्रालयमा पठाएका छौं । तर पछि सैद्धान्तिक छलफल हुँदा माननीय सदस्यज्यूहरुको भावना हामीले एकदम अभिव्यक्त भएका भावनाको उच्च सम्मान के गयौं भने कोभिडको पैसालाई एउटै कोषमा राख्दा राम्रो हुन्छ । भोलि मानीलिउँ कुनै जिल्लामा बढी प्रभाव होला, कुनै जिल्लामा हुँदै नहोला । अहिले जिल्लामा पठाउँदा पनि त्यति व्यावहारिक नहुने । जुन जिल्लामा बढी प्रभावित भयो, त्यहाँ चाहीँ हामीले उपचारमा खर्च गर्नुपर्ने र एकातिर भने अर्कोतिर By the way चाहीँ कोभिड चाहीँ अलि बढी प्रभाव भएन । कोभिड उन्मूलन गर्न सकियो यो प्रदेशबाट, संसारबाट भनेपछि त्यो खर्च भएन भने अन्य विकासका काममा पनि लगाउन सकिने । यी धेरै अप्सनहरु माननीयज्यूहरुले दिइसकेपछि यसलाई एउटा शीर्षकको डल्लोमै राख्दा राम्रो हुन्छ भनिसकेपछि जम्मा जिल्ला अस्पताललाई ४० लाखको अक्सिजन

प्लाण्ट बाहेक ५/५ लाखका किट तत्काल किन्नुपर्यो भने जिल्ला अस्पतालले किनोस् भनेर बाहेक अरु सबै चाहीँ हामीले १ अरब ५८ लाख बजेट जति हो । त्यो सबै डल्लोमै प्राय: डल्लोमै राखियाछ । त्यो माननीयज्यूहरुकै सैद्धान्तिक छलफलको बेला उठेको सुझावको आधारमा हामीले त्यसरी गरेका हौं । यो breakdown नै छ वास्तवमा चाहीँ । यो अर्थ मन्त्रालय पठाउँदाखेरी breakdown गरी पठाएका छौं । म चाहीँ माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनका सदस्यज्यूहरुलाई म यो पनि अवगत गराउन चाहें । त्यसैगरी सामुदायिक स्वास्थ्य इकाई र बर्थिङ सेन्टरहरु अत्यन्त प्रभावकारी छन् । यलाई अझै बढाउनुपर्छ भन्नेचाहीँ माननीय सदस्यज्यूहरुको सुझाव छ । हामीले गत वर्षका लाई त continue गरेकै छौं सामुदायिक स्वास्थ्य इकाइ अलि बढी दुर्गम जहाँभूगोल छ, दुर्गम ठाउँ छन् जहाँ स्वास्थ्य सेवा छैन, त्यस्तामा हामीले प्राथमिकता दिएर चलाएका छौं । यो वर्ष अझै पनि आवश्यकता र महशुस भयो भने हामीले अलिकति expansion गर्न सकिन्छ त्यो बजेट हामीले व्यवस्था गरेका छौं । त्यसैगरी बर्थिङ्ग सेन्टरको पनि गत वर्षदेखि सुरु भको हो । यो वर्ष पनि एउटा निर्वाचन क्षेत्रमा कमसेकम एउटा बर्थिङ्ग सेन्टर चाहीँ बनाउनु पर्छ भन्ने प्लान छ, बजेट छ । यसमा पनि राम्ररी प्रभावकारी ढङ्गले हामीले अगाडी लिन सक्यौं भने त्यति भए पनि अब पालिकातिर जानुपर्थ्यो भन्ने माननीयज्यूहरुको भावना थियो । जान नसके पनि हामी निर्वाचन क्षेत्र वेशमा गएका छौं । म यो पनि चाहीँ अनुरोध गर्न चाहन्छु ।त्यसैगरी जिल्ला अस्पताल टेण्डर भएनन्, हुँदैनन् कि भन्ने चिन्ता थियो माननीयज्यूहरुको ।म चाहीँ आग्रह गर्न चाहन्छु, ५ वटा जिल्ला अस्पताल जो संघबाट टेण्डर नभएका, नबनिसकेका जिल्ला अस्पतालहरु छन्, ति सबै जिल्ला अस्पतालहरुलाई बजेट व्यवस्था गरियाछ । डिपिआर सबै सम्पन्न भइसक्या छ । हामीले संघीय भवन डिभिजनको उलाई चाहीँ पनि एक खालको TOR गरेर उहाँहरुले टेक्निकल सहयोग assistantगरिदिने गरीकन हामीले टेण्डर गर्ने एकदम प्रक्रियामा लास्ट प्रक्रियामा थियो, आर्थिक वर्षको लास्टमा नगरौं साउनपछि हामी गरौंमा भनेर तयारीमा छौं । त्यो टेण्डर हुने चाहीँ म चाहीँ माननीयज्यूहरुलाई जानकारी गराउन चाहन्छु । त्यसैगरी अब यो हामीले गरेको बजेटिङ्गमा विद्यालयहरु, क्याम्पसका थोरै चाहीँ बजेटिङ्ग छ त्यहाँ । त्यसको माथि शीर्षकमा हुन सक्छ काहीँ क्याम्पस आवश्यक नपर्न सक्छ । कुनै निर्वाचन क्षेत्रमा क्याम्पस नहुन सक्छ । यसो गर्दा राम्रो होला भन्ने माननीयज्यूहरुको सुझाव प्राप्त भएको छ। त्यसैगरी प्राविधिक स्कुल पनि काहीँ प्राविधिक बाष्बितष्यल नलिएको स्कुल पनि हुन सक्छ । त्यसैगरी अप्राविधिक स्कुलमा लगानी गर्दा पनि राम्रो हुन्छ, स्कुल त स्कुलै हुन् भन्ने पनि सुझाव प्राप्त भएको हुनाले हामीले यो बजेट पास हुँदाबित्तिकै सुरुमै यसलाई चाहीँ एकदमै माननीज्यूहरुलाई जानकारी गराउन चाहन्छु । हामी त्यो शीर्षक मात्रै त्यो माथि स्ल्यास गरेर हामी व्यवस्थित गर्छौं । म जानकारी दिन चाहन्छु र यति कुराहरु मात्रै उठेको थियो हिजो र यि जति कुरा उठे । यहाँहरु नबोलेर पनि भावनाबाट जुन खालको सहयोग अभिव्यक्त गर्नुभयो यसका लागि म फेरि पनि आभार प्रकट गर्न चाहन्छु । यो चाहीँ अत्यन्त आधारभूत मन्त्रालय पनि भयो, शिक्षा र स्वास्थ्यसँग जोडिएको मन्त्रालय । र अहिलेचाहीँ स्वास्थ्यको

अत्यन्तै अब यो कोभिडका कारणले अन्य हैजा महमारीका कारणले पनि स्वास्थ्य क्षेत्र प्रभावित हुने नै देखिन्छ । यसले माननीयज्यूहरुका सुझावले पनि अबको आगामी बजेट कार्यान्वयनको निम्ति निकै प्रभावकारी भूमिका खेलेको छ । यसका लागि फेरि पनि म चाहीँ अन्तिममा पनि माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय सदस्यज्यूहरु, आदरणीय नेताहरु सबै सबैलाई एकदमै म हृदयदेखि आभार प्रकट गर्दछु, धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरुमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरु, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरुमाथिको छलफल प्रारम्भ हुन्छ ।सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्माननीय सभामुख महोदय, सम्माननीय सभामुख महोदयको अनुमतिले यो सम्मानित सभामा म केही मेरा कुराहरु राख्न चाहन्छु । म खाली हात आएको छु, म सँगकिताबहरु छैनन् । केही किताबहरु विहान हिलोमा लडिबुडी गर्दै आउँदै थिए, केही हिजो आएका थिए । तर, सभामुख महोदय म यसरी यहाँ उभिईरहँदा आज यत्रो दिनसम्म सदन बन्द भयो, के कारणले भयो, कसरी भयो भन्ने कुराहरुको पनि हामी कसैमा हेक्का भएन जस्तो लाग्छ । तर, म अहिले यहाँ उभिईरहँदाखेरी मलाई कता-कता यो रातो कार्पेटले मलाई थिचिरहेको छ ।कता-कता यताका कुर्चीहरुले मलाई घोचिरहेको छ किनकी यो यस्तो सरकार हो, यो यस्तो हाम्रो सदन हो, जसले काम गरेका कुल्लीहरुलाई, काम गरेका ठेकेदारहरुलाई उनीहरुको पैसा दिन हामी सक्दैनौं । यो ऋणमा हामी डुबिरहेको छौं, हाम्रो सरकार हामी यो सम्मानित सदन र हामी यसका माननीयहरुको अवस्था यस्तो छ ।

मैले जहिले पनि भन्ने गर्थें, सम्माननीय सभामुखज्यू भनेर मैले नजानेर न बुझेर भनेको होईन । सम्मानित सदनको अध्यक्षता गर्ने सम्माननीय हुन्छन् । कानून हुन्छन्, ऐन हुन्छन्, संविधान हुन्छन् म कानूनको विद्यार्थी त होईन तरपनि कयौं रितिरिवाजका कानूनहरु हुन्छन् । रितिरिवाज पनि त्यो कानूनमा हुन्छ । मैले जहिले पनि हाम्रो यो सदनलाई, सरकारलाई सम्वृद्ध बनाउन खोजें, मैले त्यति भनें हाम्रो यहाँ सदनमा पनि के हुन्छ भने उतातिर २ जना मान्छे हुनुपर्छ, यतातिर १ जना हुन्छ यसको पनि महत्व छ । २ जनाको इकोभ्यालेण्ट १ जना भन्ने हुन्छ ।महासचिव, सचिव हुन्छ त्यसकारणले हाम्रो सम्मानित कुर्चीमा बस्नेको सम्मान बढ्छ भन्ने कुरामा हामीलाई के लागेको छ भने कुनै ब्यक्ति विशेष बस्नेलाई हामीले सोचेका छौं । र यो यस्तो ठाउँ हो, जहाँ मलाई देखेको छु त्यो ठाउँमा वस्ने मान्छे कुनै पार्टीको प्रतिनिधि हुन सक्दैन । उ आँखा चिम्म गरेको हुन्छ, उसको हातमा तराजु हुन्छ, त्यो तराजुले आँखा चिम्म गरेर पट्टी किन बाँधिएको हुन्छ भने मैले सवैलाई समान देख्छु, मैले

सबैलाई समान न्याय दिन्छु त्यसकारणले मेरो आँखामा पट्टी बाँधिएको छ भनेर भनिन्छ । तर, हिजो मलाई लागिरहेको थियो तराजु समाउँदाखेरी बराबर हुन्थ्यो तर तराजु एक ठाउँमा ढल्की सक्यो एक ठाउँमा खाली रह्यो के भयो भनेर चाहीँ सम्मानित ठाउँबाट पनि केही कुरो उठ्न सकेन । सदन सरकार, प्रतिपक्ष र सत्तापक्षको हुन्छ । यहाँ प्रतिपक्ष प्रमुख प्रतिपक्ष नहुनुको कुनै अर्थ छैन भन्ने कुरा जिरोमा झारियो, शुन्यतामा झारियो । शुन्यतामा झारिसकेपछि कसैलाई हेक्का भएन बजेटको किताब आउँदाखेरी त हजारको अंकमा पनि शुन्ना हुन्छ, लाखकोमा पनि शुन्ना हुन्छ, शुन्ना विना लाख बन्दैन, शुन्ना विना करोड बन्दैन, शुन्ना विना अरव बन्दैन भन्ने पनि मैले सोचेँ कि यहाँ धेरै विद्धान साथीहरु हुनुहुन्छ जुन कि ब्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कुराहरुमा यसरी जान्छ भनेर । कता-कता एक जना माननीयज्यूलाई चाहीँ अलिकति सोच आएछ यो त अलि भएन कि भन्नेसम्म र यति मै हुँ भन्ने दुनिया हुँदाखेरी पनि यसले के असर पार्ने दिर्घकालिन असर के पार्न सक्छ भन्ने पनि हामी कसैलाई सोच हुन सकेन । हरेक कुरामा हुन सक्ला । सरकार चल्न सक्ला दुई तिहाई, तीन तिहाईदेखि त रहेको छ त ? म आज हिजो जुन किताबहरु आएका थिए हाम्रो माग थियो एउटा प्रष्टरुपमा आज कुनैपनि एउटा साधारण मान्छेले किताब हेर्दा पनि पढ्न सक्छ उसले पढ्ने किसिमले आएका थिए । आज हामीले सहभागी बन्यौं, जुन खालको एकमुष्ठ भनेका होला उहाँका भित्रका कुराहरु थुप्रै छन् कसलाई के गर्नुभएको छ म जान्दिनँ तर नीतिगत ढङ्गले आज केही नभएपनि छुट्टिएर आएका छन् । हामीले यहाँलाई नीति बसाउन चाहेका थियौं । ब्यक्तिगत ढङ्गले कसैलाई यति योजना हाल्यो कि हालेन भन्ने कुरो छैन । हामी त प्रतिपक्ष भयौं हाम्रो त लाग्ने के छ र ? तर पनि नीतिगत ढङ्गले यसरी जानुपर्छ वार्षिक कार्यक्रम यसरी आईसकेपछि यसरी आयो भनेर जानुपर्छ भन्ने नै थियो। आएको छ म त्यसको लागि सरकारलाई धन्यवाद दिन चाहन्छु ।

तर, कस्तो सरकार ? कान त सरकारले सुन्दैनथ्यो, कानमा समस्या थियो तर अहिले आएर आँखामा पनि समस्या भएको छ । अव कानमा पनि समस्या र आँखामा पनि समस्या भयो भनेपछि त यो समस्या त डरालाग्दो समस्या हो नि । कयौं कुराहरु संविधानमा कहाँ लेखेको छ भन्नेहरुको कमि पनि छैन, ऐनमा कहाँ लेखेको छ भन्नेहरुको कमि पनि छैन । यहाँहरु सम्माननीय सभामुख महोदय, हामीभन्दा धेरै विद्धान हुनुहुन्छ, हामीभन्दा धेरै अनुभवी हुनुहुन्छ बेलायतको संविधान कहाँ लिखित संविधान छ ? प्रचलन चलिरहेको हुन्छ, संस्था त्यसरी अगाडी बढ्छ । यदि नयाँले गर्न सक्ने भएको भए सभामुख महोदय...सम्माननीय सभामुख महोदय आज हामीलाई पनि यहाँ सभामुख, उपसभामुख यो एउटा न्यायिक संस्था पनि हो, न्यायिक थलो पनि हो । यो यस्तो थलो हो जसले ऐन बनाईसकेपछि सरकारले कार्यान्वयन गर्छ त्यसको व्याख्या मात्र को ले गर्छ ? अदालतले गर्छ । त्यसको रुल यो हो, जरा यो हो । हामी यहाँ आएर बसेर हरेक कुराहरु म हेर्दै जान्छु आजसम्म पनि सरकारको बुद्धि आउन सकेन, पलाउन सकेन । हाम्रो वडाजस्तै नै हामीले चलायौं । अनि हामीले

आफूलाई सम्झ्यौं हामी त माननीय हौं, हामीले त्यो हैसियत राख्यौं कि राखेनौं ? हामी त मन्त्री हौं, हामीले त्यो हैसियत राख्यौं कि राखेनौं ? यो खालले प्रदेशको भावना कसरी अगाडी बढ्न सक्छ ? मैले एकजना मन्त्रीलाई भनें, सम्झाएँ, सचिवालयको मान्छेलाई सम्झाएँ यो स्थानीय तहको ऊ आईरहेको छ सेवा सुविधा । त्यसले पछि अप्ठ्यारो हुन सक्छ । तपाईँहरुले चाहीँ छिटो चाहीँ यसलाई पास गर्ने भनिरहनु भएको छ । तर यो एउटा गल्ती भेटिएको छ बेलैमा यसलाई सुधार्नुस् है । बेलैमा यसलाई सुधारेर ल्याउनुस् अनि मात्र त्यहाँ टेबुल गर्दाखेरी राम्रो हुन्छ भन्दाखेरी त्यो सरकारले न कान सुन्यो, न आँखा देख्यो । अब भोली आउँदैछ सैद्धान्तिक छलफल भैसकेपछि त्यो के मा जान्छ त त्यो चाहीँ ७२ घण्टे लाग्छ किनकी त्यहाँ सुधार गर्नुपर्नेछ । बेलैमा गर भन्दाखेरी नसुन्ने सरकारलाई म के भनौं ? सरकारका प्रमुखलाई साह्रै अप्ठ्यारो परेको हुनसक्छ । मलाई कताकता कहिले हत्तेरिका भन्ने पनि लाग्छ किनकी अहिले संघको व्यवस्थापन त्यस्तो भैरहेको छ, अरु-अरु प्रदेशका सरकार प्रमुखहरु आफू नजिकका नेतालाई सल्लाह दिन जान पाइरहेका छन् । हाम्रो सरकारको प्रमुखले चाहीँ आफू नजिकका नेतालाई सल्लाह दिन पनि पाइएको छैन । त्यसले गर्दाखेरि त भित्र मुटुमा त हुटहुटी भएको होला, यो प्रतिपक्ष भन्ने जन्तु नै मरिदिएको भए त हामीले त पाईन्छ भन्ने पनि होला । तर कालान्तरमा हुनेछ, यो प्रतिपक्ष जसलाई वाचडगको रुपमा भनिन्छ । संसार नत्र भएको भए एकदलीय ब्यवस्था हुन्थ्यो, न कोरिया हुन्थ्यो होला प्रतिपक्षले झक्झक्याउने काम गर्छ अनि सोच्छ कि हामीले यो गल्ती गर्नु हुन्न । त्यो बाटाका लागिहामीहरुले यो कुराहरु गरेका थियौं।

यहाँ सम्माननीय सभामुख, महोदय सरकार त मलाई लाग्छ एक त मलाई हाँसो लाग्छ आज सरकारको प्रमुख यहाँ बसिरहेको अवस्था छ, सरकारका मन्त्रीहरु यहाँ बसिरहेको अवस्था छ, बजेटमाथि छलफल भैरहेको छ । उहाँका सचिवहरु कोठामा बसिरहेका छन् । राज्यको मर्यादाको कुरो हुन्छ, जब सिंगो बजेट प्रचलन भएर हामीले देखेका हौं धेरै माननीयज्यूहरु हुनुहुन्छ, यस्तो बेलामा सचिव र त्यो मन्त्रालयको एक जना मान्छे आउँछ, बीचमा जान सक्छ । त्यसले के देखाउँछ भने यी भनेका त केही होइनन् । हिजो हाम्रो जिल्ला विकास समितिमा हुन्थ्यो, जिल्ला विकास समितिमा सभापति गएको ठाउँमा एलडिओ जानुपर्छ भन्ने कुरा हुँदैनथ्यो । त्यहीरुपमा चाहीँ अहिले गइरहेको छ । त्यो सरकारले कहिल्यै ख्याल गरेको मलाई लाग्दैन । यतिसम्म लज्जास्पद कुराहरु आउँछन्, कृषिका आयो। यति-यति पैसा दिएपछि हामी यति हाल्दिन्छौं भनेर आउँछन् । यस्तो हुनसक्छ यो कुरालाई गरौं भन्दा त्यसले कान सुन्दैन । पर्यटन त यस्तो छ, यस्तो गज्जब छ, रातो किताबलाई उसले पल्टाइदिन्छ, उसले अर्को ठाउँमा सारिदिन्छ सरकार यति लाचार छ, उसले यो गल्ती भो कानूनसम्मत भएन भनेर कारबाही गर्न सक्दैन, यसलाई हामीले सरकार भनेर कसरी मान्न सकिन्छ ? यो सदन हो हामी सदनका मान्छे हौं भने हामी आफैलाई पनि आफैमाथि पनि क्वेशन सोध्ने बेला चाहीँ आएका छन् सभामुख महोदय । आज धेरै होला हामीले सुझाव दियौं, पहिलो भाग भनौं या दोस्रो भाग भनौं या तेस्रो भाग । मलाई त्योसँग

सरोकारको विषय होईन, जब प्लानिङ कमिसन बनिसकेपछि त्यसले ल्याउने किताब समग्रमा आउँछ होला । भए ठीक छ उसले आफूले ल्यायो त ल्याईसकेपछि यो खुला ढङ्गले आउनुपर्छ तीन वटा हाम्रा मागहरु थिए । एउटा किताब क्लियरसँग आउनु पर्यो, पुँजीगत, चालु या साधारण जे भन्नुहुन्छ त्यो त्यसपछि चाहीँ वित्तीय ब्यवस्थापन गरेर त्यो ल्याउनुस् । त्यसपछि विनियोजन बजेट भनेकै विधेयक भनेको नै अवण्डामा राख्न सकिदैन । अवण्डामा हामीले राख्यौं भने त्यो हुँदैन एकमुष्ठ त्यसलाई टुक्र्याएर ल्याउनुस् । त्यसपछि हामीले के भन्यौं भने भौतिकमा जो छ यो रोजगारी भन्ने वित्तिकै सबैमा जोड्ने होईन । त्यो भौतिकमा मात्र हाम्रो त्यही मात्र थिए त अरु त केही थिएन ? तर त्यो सरकारलाई केही गर्न पनि के भैदियो एउटा कर्मचारीले भन्दियो कि हजुर एलएमविआईएसको त हामीले चेन्ज गर्न सक्दैनौं। यहाँ अब अगाडी पि थपिएको हुन्छ । पिएलएमविआईएस सक्दैन । यति पनि सरकारले हेक्का गर्न सक्दैन ? कि एलएमविआईएसको त यो आर्थिक मामिला मन्त्रालयमा हुन्छ त त्यसको चाहीँ पासवर्ड सासवर्ड भन्नुस् न । हामीले बनाएको बजेट हामीले परिवर्तन गर्न सक्दैनौं? तर एउटा कर्मचारीले भन्दिन्छ, अनि विद्वान मन्त्रीज्यू हो त नि त्यही त रैछनी भनेर भन्नुहुन्छ । सचिव र मन्त्रीहरुको बीचमा हामी त छोडेर जान्छौं उसले घुर्की लाउँछ, किन घुर्की लाउँछ ? मन्त्रीको ब्यवहार बुझेको छ । यसले कहाँ-कहाँबाट के-के गर्छ भन्ने बुझेको छ । यदि आफू राम्रो हुने हो भने कसैले हल्लाउन सक्दैन । यी कुराको सुधार गर्नको लागिहामीले यो सदनमा भनेका थियौं ।

हामीले यो सदनमा मलाई त अचम्म लाग्यो शुन्यतामा पनि हामी बढ्न सक्छौं भने । सत्तापक्षका साथीहरु पनि परस्तवादीहरु, सम्झौतावादीहरु यी सम्झौतावादीहरुले भनेर चाहीँ मेरो अनुपस्थितिमा यहाँ कुरा नभएका होइनन् । मैले पाएको गाडीमाथि पनि यहाँ चाहीँ क्वेशन उठाईएको थियो, मैले कानूनले पाएको घरभाडा माथि पनि यहाँ क्वेशन उठाइएको थियो । ति मित्रहरुलाई हिजो जवाफ आउन सकेनछ, आज त एउटा यस्तो क्वेशन उठिरहेको बेला छ सदन कसरी चल्न सक्छ भन्ने पनि आएन भने हामी त प्रष्टै बुझ्यौं नि त के रैछ त ? सत्तापक्ष, प्रतिपक्ष या सरकार भनेको बन्दुक र गोली जस्तो हो । बन्दुकभित्र गोली हाल्यो त्यो पड्किन्छ त्यसले मान्छेको ज्यान लिन्छ त्यो तर्साउने हुन्छ । तर गोली झिकेर एकातिर राख्यो भने त्यो मट्याङग्रा हुन्छ त्यो गोलीको काम हुँदैन । बन्दुकसँग चाहीँ गोली छैन भने त्यो लठ्ठी हुन्छ त्यो बन्दुक बन्न सक्दैन । यो किसिमले हामीले सोच्नु पर्थ्यो कि पर्दैनथ्यो ? हिजो त बन्दुक त्यो तपाईँहरुको बन्दुक कहाँनेर पड्क्यो ? बन्दुक त त्यो लठ्ठी भयो त्यो पनि हामी भन्छौं अव यो हाम्मा कुडा हाम्मा मुख्यमन्त्रीसँग भन्ने पर्यो कसैले बुझ्ने भंगालटाका लौडा भए । बन्दुक पड्किएन भंगालटाका लौडा भए । राज्य प्रणाली कसरी चल्न सक्छ ? राज्यलाई कसरी लिनुपर्छ ? कर्णाली प्रदेशलाई कसरी अगाडी बढाउनु पर्छ ? कसैको पनि चासो छैन देखियो । कि नीति नियम भन्दा मेरो योजना पर्यो कि परेन ? मेरो योजना पर्यो भने म खुसी भैहाल्ने, मेरो योजना पर्यो भने अर्को खुसी भैहाल्ने, देखिएको छ ।

हाम्रो भनाई हुन्थ्यो गाउँतिर खानु त खाइस् भालु छेर्दा थाहा पाउलास् । बैदार हुनु सजिलो थियो बहि बुझाउन गाह्रो भनेर भन्ने गरिन्छ । आज हामी हेरौंला, हेर्दै जानेछौं, सरकारले गरेका क्रियाकलापहरुमा, सरकारले गरेर भनेका कुराहरुमा पनि धेरै सजिलो हुन सक्ला, हामी माननीयले गरेका पनि धेरै सजिला कुरा हुन सक्लान्, आज हामी त्यो अध्ययन गर्दैछौं । के साँच्चै हामी माननीय गतिलै रैछौं त ? के हाम्रा हातमा परेका पैसाहरुको हामीले सही सदुपयोग गरेका रैछौं त ? कतै हामीले हाम्रा छोरा-बुहारी, नाती-नातिना यिनलाई त उपभोक्ता समितिका अध्यक्ष बनाएका छैनौं ? एउटा गन्ने माननीयले गएर चाहीँ जनताको सेवा गरेका छौं कि छैनौं ? कोभिडका नाममा भात खुवाउने ठाउँमा हामीले आफन्तसम्मलाई पनि खुवाएका छौं कि छैनौं ? यो त जनताले भोली सोध्ने छन् जनताले यसलाई हेर्ने छन् मूल्यांकन गर्नेछन् । त्यसैले हामी कोही कसैले पनि यति हौं भनेर पनि उफ्रिनु पर्ने अवस्था छैन । थोरै भएकाले निराश हुनुपर्ने र धेरै भएकाले उन्माद हुनुपर्ने छैन । मेरो संख्या मैले हेर्दै जाँदा त ६ जना रैछौं, ६ जना भनेको त ५ पाण्डव जस्तै रैछ । एक द्रोपदी,५ पाण्डव ६ नै थियो संख्या । सय भाई कौरवको उद्देश्यहरुमाथि सय भाई कौरवले गर्ने उद्देश्यहरुमाथि पनि त देखियो त ? सत्य त सत्य नै हुन्छ, त्यसकारण यहाँहरुले हेर्नुभएको छ महाभारतको कुरापनि हेर्नुभएको छ । चातुर्य यहाँहरु हुनुहुन्छ, तर मलाई हिजोबाट लाग्यो १५ भालुको खस्याङखुसुङ भन्छन् चिनिगो त मितज्यूहरुलाई त । संस्था के हो ? सदन के हो ? प्रतिपक्ष नराखे हुन्छ किनकी हाम्रो त कुनै भ्यालु छैन । तर कसैको पनि विवेक फुरेनछके। इन्टेलिजेण्टमेन डिलिजन मेक मेन इन्टेलिजेण्टमेन हुन्छ । पढ्ने मान्छे विद्धान हुनसक्छ । तर विवेक भनेको फरक हुनसक्छ । यस्तो किसिमको आईसकेपछि सरकारले गर्नुपर्ने, सदनले गर्नुपर्ने, छलफलका क्रममा आउनु पर्ने सबैले आफूले चाहीँ हाम्रो शक्ति कोही कोही त भन्न थालिसक्नु भएको छ कि के हामीले यस्तो गरेका छौं हामीले जे चाहेपनि हुन्छ । कहिल्यै पनि हुन सक्दैन । भगवान कृष्ण एक्लै थिए, जेलभित्रै उनलाई मार्न खोजिएको थियो, तर कृष्णले आखिरी त्यो कुराहरु त गरेकै थिए त । त्यसकारणले हाम्रो भनाइ म जहिले पनि भन्न चाहन्छु सुरुबाट भनेका थियौं हामीले यसलाई हाम्रो भोक, हाम्रो रोग भनेको हाम्रो शत्रु भनेको त्यो हो । यहाँ अबत यहाँ आउने हाम्रो एकजना माननीयज्यूले भन्नुहुन्छ रे सबै गर्यो फुई खा जा भनेपछि त्यति भने सबैको चित्त बुझ्ने भैसक्यो । यहाँ आयो फुई खा जा भन्यो, घर गएर सुती राख्यो । यसले त हाम्रो यो संस्था त राम्रो हुँदैन । आज सबैले हामीलाई के भनिरहेका छन्, कर्णाली जसको आफ्नो आन्तरिक राजश्व छैन,हामीले चाहीँ पैसा बढाउनेका नाममा ल्याउँदैछौं खुवाउनु पर्नेछ ६४ करोड, हाम्रो १० करोड पनि हाम्रो आन्तरिक ऊ चाहीँ छैन, मस्तराम छन् । सभामुख महोदय, मैले भन्न हुन्थ्यो कि हुन्नथ्यो मैले भन्छु हाम्रो आन्तरिक मामिलालाई चाहीँ त्यो पुलिस कुन दिन मेरो अन्तर आउँछ र मेरा अनिमात्रै यो चाहीँ शान्ति सु-व्यवस्था । यो अर्को देश होईन नेपाल हो नेपालका प्रहरीहरु छन् उनले शान्ति सुरक्षा दिएका हुन्छन् त । हाम्रो विकास गर्ने कुराहरु त गरौं न । आज मैले हेर्दै थिएँ चक्लाबन्दी गर्नको लागि पैसा दिने, चक्लाबन्दी गर्नको लागि प्रोत्साहन दिने । कतिवटा

चक्लाबन्दी भए हिजो ? चक्लाबन्दीको अर्थ के हो ? कि कतै मन्त्रालयले नै चक्लाबन्दी नबुझेको हो कि भन्ने पनि मलाई लाग्न थाल्यो । प्रोत्साहन गर्ने, पैसाहरु प्रोत्साहनमा दिने ? चौँरी केन्द्र भनेर जान्छन्, त्यहाँको कार्यालय प्रमुखले चौँरी केन्द्र बनाउन सक्दैन, मन्त्रीले त्यसलाई कारबाही गर्न सक्नुहुन्न । च्याङ्ग्रा केन्द्र भनेर जान्छन् त्यहाँको कार्यालय प्रमुखले बनाउन सक्दैन मन्त्रीले कारबाही गर्न सक्दैनन् । वनमा गयो भनेपनि साराका पैसा उठाएको हुन्छन् कारबाही गर्न सक्दैन भनेपछि यो सरकार हो यो ? यी हामी सदनका सांसदहरु हौं ? हामी सबैले बुझ्नु पर्ने र लज्जास्पदबोध भएको हुनाले हामीले त जहिले पनि सरकारलाई अगाडी बढोस् हामीले कहिल्यैपनि सरकारले हामीलाई के हेर्यो त दुस्मनका रुपले हेर्यो । सरकारले हामीलाई के गर्यो प्रतिपक्षको काम त कराउने हो, यसले विरोध गर्ने हो । मलाई उदाहरण दिनु पर्यो सम्माननीय सभामुख महोदय, सरकारका गतिला कामका लागिहामीले कहिले चाहीँ विरोध गरेका छौं ? सायद म नै पहिलो व्यक्ति होला तपाईँहरुले त यसरी ल्याउनु भयो त्यसको लागि त धन्यवाद दिन्छु पनि मैले अघि नै भनिसकें । आज यही सदनमा यो संसद भवन यो पार्लिया केरे यो सचिवालयलाई एउटा गाडी चाहिएको थियो । किन रोकियो ? पूर्व स्वीकृति नलिएको हुनाले आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति नलिएर हंगामा भयो सबैले लेखे र सरररर भयो खररररररररर भयो हैं । आजसम्म मान्छेहरुले यो अवैधानिक हो भने । रातो किताबमा लेखेको चिज त्यसरी चाहीँ विना सूचना गर्दाखेरी हुन्छ कि हुँदैन ? सरकारले आँखा देख्छ कि देख्दैन ? कान सुन्छ कि सुन्दैन ? नजिर छ सभामुख महोदय, नजिर छ यहाँ । सायद हुन सक्थ्यो होला हिजो मुसाको चालमा प्रतिपक्षले यति चाहीँ घच्घच्याएन भने सत्तापक्ष घच्घच्चिँदैन भन्ने कुरा हामीले बुझ्नुपर्छ कि पर्दैन ? सायद हामीपनि सधैं प्रतिपक्ष मात्रै नहौंला, हामीपनि सत्तापक्षमा गएपछि सत्तापक्षले प्रतिपक्षलाई कसरी हेर्नुपर्छ भन्ने त्यो दृष्टिकोण अहिलेदेखिहामीले बनाउन सकेनौं भने हुने चाल त उही नै हो नि ? हामी कतिले मन्त्रीहरुलाई गाली गरिरहेका हुन्छौं, हामी कयौं माननीयज्यूहरुलाई हामीले गाली गरेका हुन्छौं । भोली मेरो पालो आयो भने मैले कसरी गर्छुहोला भन्ने अहिलेदेखिहामीले चाहीँ सोच्न पर्छ कि पर्दैन ? तर, हामी त के भयौं भने आफ्नो जस्तो भएपनि गतिछाडा गरेर अगाडी बढ्ने भयौं सभामुख महोदय ।

यस ढङ्गले हामी कसरी अगाडी बढ्न चाहन्छौं ? आज हामी मुलुकका कम्युनिष्ट, कांग्रेस हौंला, त्यो अर्को कुरा हो, तर आज विदेशीहरुको हस्तक्षेप हुँदाखेरीविदेशीहरुले हस्तक्षेप गर्दाखेरी हामी उत्तरतिरका र दक्षिणतिरका भनेर हामी फुट्नेहरु के हामी नेपाली हुन सक्छौं ? नेपाली आमाको छातिमाथि लात्त हान्नेलाई हामी चाहीँ गएर चाहीँ मिटिङ गर्नेहरु हामी नेपाली हुन सक्छौं ? हाम्रा लागि कोहीपनि दुस्मन छैनन्, कोहीपनि मित्र छैनन्, न उत्तर छ न दक्षिण छ, आज कोही उत्तरी खेमामा दौडिने हामी,कोही दक्षिणी खेमामा हिँड्ने सायद सबैले हेर्नुभएको होला आज नेपालमा के हुँदैछ ? नेपालमा जसले दक्षिणको विरोध गर्छ त्यो कोहीपनि मान्छे टिक्न सक्दैन भनेर मिडियाले दिईरहेको छ, यसैमा हामी रमाईरहेका छौं । त्यस्तै

भोली उत्तरले भन्ला कसैको पनि हस्तक्षेपकारी नगर्ने हो भने घर घर पुगिरहेका छन् त्यहाँका राजदुतहरु । त्यो हामीले कहिल्यै आवाज उठाउन सक्यौं ? सकेनौं, किनकी हामीमा नेपाली आमाको दूध खाएका छैनौं, नेपाली आमाले गरेको त्यो हाम्रो छातिमाथी रगतका ढिकाहरु हामीलाई छैनन् । यो कुरा तपाई हामीले बुझ्नु पर्ने हो कि होईन ? त्यस कामको लागि यो सदन हो ।सदनमा कस्ता-कस्ता कुरा हुन्छन् हाँसो हुन्छन्, ठट्टा हुन्छन्, ब्यङ्ग्य हुन्छन् किनकी त्यो मुलुक बनाउनको लागि भएको हुन्छ । तर, मुलुक बनाउन सकेनौं ।जसले हिजो त्यत्रो क्रान्ति गरेर आउनुभयो, जसले यत्रो चाहीँ यहाँको देशको १७ हजार मान्छेहरु मारिए । सरकार पक्ष र चाहीँ विद्रोही पक्षबाट । के आज यही योजना हाल्न ३ लाख देउ भन्नको लागि थियो ? हिजो सामन्तीहरुको घाँटी गिँडिएका थिए, के यही थियो ? आज चाहीँ एकाएक चाहीँ नवसामन्ती बन्नका लागि थियो ? आज एकाएक सुकिलामुकिला हुनेहरुलाई लखेटिनेछ भन्ने आफू मात्रै सुकिलामुकिला हुनलाई थियो ? एक-एक कुराहरु छन् । त्यसकारणले समाजवाद भनेको के हो ? मुखले समाजवाद भनेर हुन्छ ? पूँजीवादी देशमा पनि समाजवादी ब्यवस्था छ । फिनल्याण्डमा हेर्नुस्, नर्वेमा हेर्नुस् शिक्षा नि:शुल्क छ, स्वास्थ्य नि:शुल्क छ, अनि समाजवादी तिनी भए । मुखले,किताबमा लेख्ने वित्तिकै समाजवादी हुने भैदिएको भए आफ्नो नाम त के राखिन्थ्यो के राखिन्थ्यो । यी कुरालाई तपाइँहामीले सोच्नु पर्थ्यो कि पर्दैनथ्यो ? यी कुरालाई हामीले सुधारेर लानुपर्थ्यो कि पर्दैनथ्यो ? यसका लागिहामीले सरकारलाई त हामीले के हो भने चेतनशील बनाएका थियौं, चेत दिएका थियौं । कसरी जान सकिन्छ ? लाज पचाउने कुरालाई पनि भ्वाङ पार्ने कुरापनि के हुन्छ भने रफु भर्दासम्मलाई भ्वाङ पार्न चाहीँ केरे रफु भर्न सकिन्छ, भ्वाङ नै परेपछि रफु भर्न सक्दैन । नीति बनाउने ठाउँका हाम्रो ताल यो छ सभामुख महोदय, सम्माननीय सभामुख महोदय ।

त्यसकारण हामी चाहन्छौं सरकारले राम्रो गरोस्, हामी चाहन्छौं सदनको इज्जत राम्रो होस् ।एकजना जीवन शाही यहाँको सदस्यले नराम्रो काम गर्यो भने साथीहरुलाई हुनसक्छ जीवन न हो त्यो एकजना जीवन भयो तर मैले के बुझ्छु भने सिंगो सदनको बेइज्जत हुनेछ। कर्णाली प्रदेशको माननीय जीवन शाही भनेको खराब मान्छे हो भनेपछि तपाईं पनि त्यो खरावमा दर्जिनुहुनेछ । यदी एकजना माननीय राम्रो हुनुभयो भने कर्णाली प्रदेशको माननीय भनेपछि साराको इज्जत रहनेछ । यो कुरा तँपाई हामीले सोच्नु पर्थ्यो कि पर्दैनथ्यो ? यहाँ त राज्य संयन्त्र चल्नको लागि हिजो चाहीँ घाँटी न्याकेको जस्तो बोल्न नदिएको जस्तो हुँदैन । आवाजहरु निस्किरहेका हुन्छन् । हामी त के हो भने यो सदन र सरकार भनेको हामी त के हो भने देउडा खेलाडी जस्तो हो । देउडा खेलाडी एक जनाले हुन्छ ? एकजनाले गाउनेलाई ठाडीभाका भनिन्छ । एक्लै त्यो बैरागका गीतहरु गाएको हुन्छ । कसैले सुन्ला या नसुन्ला त्यसको अर्थ हुँदैन । देउडामा के हुन्छ सवाल र जवाफ हुन्छ, सवाल र जवाफ दिइन्छ, अनि सच्याउँछन् कैयौं दिन खेलेका हुन्छन् । राज्य संचालन भनेको पनि त्यही नै हो त्यस गतिमा अगाडी बढ्नुस् ।

आज भ्रष्टाचार भयो भनेर आइरहेको छ, त्यसको नियन्त्रण गर्नपनि हामीसँग समिति छ । तर, त्यो हामी केही गर्न सक्दैनौं । अनि त्यहाँ पनि हामी गएर चाहीँ हामी सत्तापक्ष र प्रतिपक्षको कुरा आउँछ । समितिहरु सत्तापक्ष र प्रतिपक्ष हुन सक्छ ? सक्दैन, सही कुरोको लागि सबै एक ठाउँमा बस्नुपर्छ । आजसम्म कुन चाहीँ बाहिर आयो त ? एउटा राराको बाहेक अरु आएको छ ? डिपिआरका डिपिआर कुराहरु आईरहेका छन्, हरेकमा डिपिआर ? पाँच लाखमा डिपिआर ? यो शब्दलाई पनि सम्माननीय सभामुख महोदय हामीले परिवर्तन गर्नुपर्ने भएको छ । कसकसका सिमेण्टका कुरा गरौं डिपिआर बनाउनलाई कस्ता-कस्ता रोडको डिपिआर कस्तो हुन्छ ? विल्डिङको डिपिआर कस्तो हुन्छ ? डिटेल प्रोजेक्ट रिपोर्ट भनेको के हो ? अहिले त हाम्रा मन्त्रीज्यूहरुलाई भन्नु छ डिपिआर बनाएर ल्याउ । ६०/४० जिन्दावाद । यो ढङ्गले कर्णालीका जनतालाई परिवर्तन गर्न सक्दैनौं । कुनैदिन एउटा माननीयज्यूले भन्नुभएको थियो म फेरि पनि यहाँ दोहोर्याउन चाहन्छु र पहिला पनि भनेको थिएँ उहाँले भन्नुभयो जीवन त परिवर्तन भयो, तिनको परिवर्तन भयो जसले प्रपोजल लेख्न सके, जीवन त तिनको परिवर्तन भयो जो पोष्टमा बस्न सके, तिनको परिवर्तन भयो । आज ति रोएर वस्ने जनताहरु भोका पेट र नाङ्गा छाती भएका जनताको चाहीँ हामीले परिवर्तन गर्न सकेनौं, लाज लाग्नुपर्ने होईन ? सभामुख महोदय, कम्युनिष्टहरुको सरकार छ, समाजवादीहरुको सरकार छ भनेर हामीले लाज मान्नुपर्ने हो कि होईन ? यी कुराहरुमा पनि हामीले सजग बनायौं । तर रैछ ठेलेर रहनुपर्छ, पेलेर रहनुपर्छ भन्ने । ठेलेर र पेलेर संसद चल्न सक्दैन । त्यो दिन मात्र ठेलेर र पेलेर यो संसद चल्नेछ, जुनदिन अधिनायकवादी एउटा शासन सत्ता आउनेछ, जुनमा चाहीँ जनताले भोट हाल्ने छैनन् ।माथिवाट लिष्ट दिइनेछ र यसैमा मात्र भोट हाल भनेर ति दिन मात्र चल्ला । होईन भने एक जनाले पनि सही आवाज निकाल्न सक्छ, सही बाटोमा हिँड्न सक्छ त्यो सरकारलाई सही बाटोमा हिँडाउनको लागि हाम्रो यो प्रयास हो । हामीले चाहीँ यहाँको गलत बाटोमा हिँडाउनको लागिहामीले यो गरेका छैनौं ।

यी-यी कुराहरु मैले चाहीँ राख्दै र मैले भने आज सदन चलेको छ भोली आजसम्मका कुराहरु आएका छन् । जुन मेन किताब आउने कहिले हो भोली हो कि पर्सी हो ? यदि पर्सी फेरिहामीले भनेको माग पूरा भएन भने सम्माननीय सभामुख महोदय म अग्रीम जानकारी दिएर जान चाहन्छु यदी ति दिनमा चाहीँ हामीले जुन डिमाण्ड अनुसारको आएन भने यो सदन अवरुद्ध हुनेछ, त्यो हामी चाहीँ राख्ने छौं कि हामी अब चाहीँ यो कान नसुन्ने, आँखा नदेख्ने, विवेक नपुर्याउने सरकारलाई अब हो-हो हजुर अगाडी बढ्नुस् किन भन्ने ? सुझाव दिँदासम्म दियौं सुझाव कहिल्यै पनि कार्यान्वयन भएन । हामीले भन्ने गरेका छौं हामी पार्टीभन्दा म एउटा पार्टीको जरुर हुँ सभामुख महोदय तर म सांसद भएर आइसकेपछि जुन जनताले मलाई चुनाए त्यो सबैको हुँ । आज म दलको नेता हुँ,हामीले हेयौं दलका नेता जसरी चाहीँ सरकार र मन्त्रीहरु हुन्छन्, मन्त्रीहरुले सबै१० वटा जिल्लामा चाहीँ आफ्नो भावना व्यक्त गर्न सक्छन्, एउटा दलको नेताले पनि त्यो गर्न सक्छ । तर, हामीलाई के गरिएको छ भने

सभामुख महोदय, एउटा यो सांसद हो र एउटा त्यसको क्षेत्र यो हो भनेर चाहीँ त्यो संकुचित गरिएको छ । त्यो कुरा त भोलि इतिहासले बताउँदै जानेछ । यी कुराहरुको लागि मैले यी कुराहरु राखें । अबका बजेटहरुमा पनि आज आएर अब साउनमा होइन, अब केरे पहिलो चौमासिक कार्तिकसम्म छ भनेर सरकार पक्कैपनि सुत्दैन होला ? हामी चाहन्छौं साउनको १ गतेदेखि अख्तियारी जानेछ र काम सुरु हुनेछन् । कम्तिमा पनि यो वर्ष कोभिडले गर्दाखेरि पनि ८० प्रतिशत हाम्रो काम भयो भने पक्कै पनि लाज त फेरि यो सदनको हुनेछैन । हामी त गीत लेखिदिने हौं, गीत गाउने त सरकार नै हो, नाम त उसकै हुनेछ । तपाईँहरुले देखुभएको छ कस्ता-कस्ता शब्दहरु छन् ? कति राम्रा-राम्रा गीतका शब्दहरु छन् लेख्ने मान्छेको नाम कसैले सुनेको हुँदैन । गाउनेको अहा । कति छ भने यो चाहीँ सरकारलाई सफल गराउनु, सरकारलाई अगाडी राम्रो बढाउनु, यो सांसद सम्मानित संसदको इज्जत राख्न लगाउनु के प्रतिपक्षले गरेको त्यही नै अन्याय र अत्याचार थियो ? त्यही नै गलत थियो ? यी कुराहरुलाई चाहीँ अबका दिनमा चाहीँ ध्यान पुगोस् र भोली पनि यी काम भारी हुने गरिकन यो कार्पेटले न च्यापोस् । सभामुख महोदय यी कुर्चीहरु चाहीँ यिनले हामीलाई नघोचोस्, त्यो भोलीका दिनमा आउँदाखेरिहामीले चाहीँ घोचेको छैन र च्यापेको छैन भन्ने सुन्न पाउँ भन्ने कुराहरु राख्दै म अहिलेबाट विदा हुन्छु । धन्यवाद, जयनेपाल ।

**माननीय सभामुख:**माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरुमाथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले रोष्ट्रमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरुलाई नाम टिपाउनु होला । अब माननीय श्री चन्द्रबहादुर शाही। यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला । समय: ७ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाही:** सभामुख महोदय, प्रतिपक्ष दलका कुण्ठापछि सत्तापक्षका केही कुरा यहाँ सम्मानित सदनमा म राख्न चाहन्छु । कांक्रा चोरी आफूले खाने, बियाँ अर्काका गालामा टाँस्ने कुरा नगरौं । यो थलो भनेको सबैको साझा र कर्णाली प्रदेशका जनताको अभिमत जाहेर गर्ने ठाउँ हो । यो कुनै पार्टी बस् गफ गर्नको लागि हामी सबैले आ–आफ्ना थलाहरु फरक छन् । अब त्यहीँ गफ गर्ने गरौं भन्ने मैले सुझाव राख्न चाहें । सभामुख महोदय, आज हामी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पर्यटन, तथा वन वातावरण मन्त्रालयको विनियोजन विधेयकमाथि हामी दफावार छलफल गर्न यहाँ सम्मानित सदनमा उपस्थित भएका छौं । सभामुख महोदय, यो बजेट मन्त्रीज्यूहरुले धेरै मेहनतका साथ, धेरै सोचका साथ ल्याउनु भएको छ । म उहाँहरुको मेहनत, उहाँहरुको क्रियाशीलतालाई म सम्मान गर्छु, कदर गर्छु । तर हामीले हिजोदेखि भन्दै आएका थियौं ल है नीति, कार्यक्रम राम्रो आउँछ । बजेट वक्तव्य पनि राम्रो आउँछ । तर अन्तिम विनियोजन गर्दाखेरी विभेदकारी हुन्छ । विनियोजन गर्दाखेरी यो मन्त्रीमुखी हुन्छ, विनियोजन गर्दाखेरी आफ्नो क्षेत्रमुखी हुन्छ भनेर हामीले आवाज उठाउँदै आएका थियौं । अहिले पनि हाम्रो यो भनाई

सरकार भनेको दशै जिल्लाको सबै क्षेत्रको सरकार हो । तर मन्त्रीको क्षेत्रको मात्रै सरकारमा रहेका मान्छेको मात्रै यो सरकार हुनु हुँदैन भन्ने कुरा हामीले बारम्बार राख्दै आएका छौं । मैले अरु समय समय अपुग छ । म धेरै कुरा यहाँ राख्न चाहन्न । हिजोदेखि भनेका छौं कि नियतमा खोट छ, नियतमा खोट छ । तर आज त्यो नियत फेरि पनि यत्राको अब हाउस अवरुद्ध गर्दाखेरी सत्तापक्षका सांसदहरुले हाउसमा आएर बोल्दाखेरी अझै पनि विभेदकारी नीति देखा पर्दाखेरी हामीले हाम्रो निर्वाचन क्षेत्रको जनता, हामीलाई ति भोट दिने जनताहरुले के हेरेर बसेका छौं, के गरेर बसिरहेका छौं भनेर घोचिरहेका हुन्छन् तर आफ्नो सरकार, आफ्नो मन्त्री हुँदाहुँदै पनि हामीले यो रोष्टममा आएर हामीले सरकारको मन्त्रीको विरुद्धमा बोल्नुपर्ने कुरा यो नगरौं मन्त्रीज्यू, यस्तो नहोस् भनेर हामीले भन्दै आएका छौं । म उदाहरणको लागि कृषि तथा सहकारी मन्त्रालयको मन्त्रीज्यूको मन्त्रालयको रुकुममा १७ करोड ८७ लाख २ सय ५० सिंचाई योजनामा बजेट, मुगुमा २ करोड । मुगुमा २ करोडपछि मेरो निर्वाचन क्षेत्रमा ८७ लाख मात्रै । ल सरकार सरकारका मन्त्री आफ्नो क्षेत्रको मात्रै हुन सक्छ ? सक्दैन कदापी पनि । त्यसैले हामीले विभेदकारी छ, विभेद हुने कुरा नगर्नोस् है भनेर बारम्बार हामीले यो कुरा गर्या छौं । क्रमागत योजना भनेर ५० लाख हालिएको छ मेरो निर्वाचन क्षेत्रमा । २५ लाख मात्रै छ । क्रमागत १८÷१९ वटा योजनाहरु छन्, ५० लाखले के गर्ने हो ? २५ लाख मेरो निर्वाचन क्षेत्रमा २५ लाख छ । अनि रुकुममा ७० लाख छ । २५ लाख, ७० लाख । यो किसिमले मन्त्रीज्यूहरुले यो व्यवहार गर्नु भयो भने यो ठीक हुँदैन भनेर हामीले आवाज उठाइरहेका छौं । अर्को अनि दलित लक्षित कार्यक्रम के रे यो गरिब लक्षित कार्यक्रम रुकुममा ५ गाउँपालिकामा ५ वटा गाउँपालिकामा ४५ लाख छ । मुगुमा गरिबै नभएको जिल्ला । दलितै नभएको जिल्ला, जनजाति नै नभएको जिल्ला मुगु त नहोला नि ? मुगु जिरो छ । शून्य छ । अब यो रेडबुक बाहेक कहाँबाट ल्याएर मुगुलाई सम्बोधन गरिदिनुहुन्छ ? त त्यसो भएकोले हामीले हिजोदेखि नै उठाउँदै आएका छौं, तपाईहरुले आफ्नो निर्वाचन क्षेत्रलाई मात्रै हेरिदिँदाखेरी हामी यो सरकारका मन्त्रीका नजिकका मान्छे भएर पनि सरकार पक्षका सांसदहरु भएर पनि हामीले यो रोष्टममा आएर कुनै पनि फर्ममा गएर जनताको लागि, हामी हाम्रो लागि होइन, निर्वाचन क्षेत्रको लागि बाध्यवस हामीले बोल्नुपर्ने अवस्था आउँछ । यो नगरिदिनुहोस्, योभन्दा अगाडिका बजेट विनियोजनमा पनि हामीले बारम्बार यो कुरा उठाउँदै आएका छौं । अनि हामी जहिले पनि भनेका छौं, नियत है नियतमा खोट छ । तर अहिले पनि सुधारिएको पाइएन । त्यसो भकोले अब सुधारेर जानुस् मन्त्रीज्यू भन्न मैले चाहें । सभामुख महोदय, अर्को अब पर्यटन तथा वन मन्त्रालयसँग सम्बन्धित यहाँ थुप्रै कुरा आएका छन्, त्यहाँभित्र पिजन हलमा कुनै विनियोजन भएको पुस्तक आएको छैन । एकमुष्ठै आएको छ । अनि त्यहाँभित्र के छ ? हामीले त्यो हेर्न पाका छैनौं । हामीले दिएका निर्वाचन क्षेत्रका सांसदहरुले आफ्नो निर्वाचन क्षेत्रका योजनाहरु त्यहाँभित्र छन् वा छैनन् । हामीले त्यो हेर्न पाका छैनौं । त्यसो भएकोले एउटै मैले कृषि मन्त्रालय मात्रै इंगित गर्न खोजेको होइन । सबै मन्त्रालयका मन्त्रीज्यूहरुले

अझै पनि त्यो नियत दोहोर्याउने काम देखिएको छ । प्रतिपक्षले हाउस अवरुद्ध गर्दाखेरी पनि नहुने, सत्तापक्षका सांसदहरुले बोल्दाखेरी अझै पनि अब त्यही नियत दोहोर्याउँदाखेरी हामीलाई कस्तो–कस्तो लागिरहेको छ । त्यसो भकोले आइन्दा यस्तो नियत दोहोर्याउने काम नगरौं भन्दै मैले यी सुझाव राख्न चाहन्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री हिमबहादुर शाही । यसपछि माननीय श्री पदमबहादुर रोकाया तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, म आज अलिकति नयाँ किसिमको आयामिक कुरा पहिला प्रश्न गर्छु । आज कर्णाली प्रदेशको बजेट सेसेनको २३ औं अधिवेशनको बैठकमा कर्णाली प्रदेशले एउटा नयाँ कुरा प्राप्त गर्यो । अत्यन्तै नयाँ कुरा प्राप्त गर्यो । सायद कर्णाली प्रदेश सरकार आज कोठामा गइसके । खसी नभए भाले खान्छ होला। यो प्रतिपक्षबाट धन्यवाद प्राप्त गर्यो । प्रतिपक्षबाट धन्यवाद कर्णाली प्रदेशको सरकारले कसरी गर्यो किन गर्यो भन्ने प्रश्न उठ्नु स्वभाविक हो । कर्णाली प्रदेशको प्रतिपक्षले सरकारबाट प्रस्तुत जुन बजेटको किताब थियो, त्यो बजेटको किताब पेश गरिसकेपछि बजेटको जुन विकास संरचना थियो, त्यो जनताको स्वभाविक अपेक्षाकृत, जनताको स्वभाविक मनोबल उकास्ने किसिमले आउन सकेन । त्यसमा अत्यन्तै अस्पष्टता भयो । त्यसकारण सत्तापक्षले अथवा कर्णाली प्रदेशको सरकारले यसलाई स्पष्ट गरेर जनताको मनोबललाई उकास्ने गरी जनताका आवश्यक समस्याको समाधान गरी बजेट ल्याओस् भनेर नेपाली कांग्रेस प्रतिपक्षले सदन अवरोध गर्यो । जुन सदन १० दिन अवरोध भयो । जुन आज ११/१२ दिनमा चल्दैछ । यसको लागि आज प्रतिपक्षले धन्यवाद किन दिनु पर्यो भने कर्णाली प्रदेश सरकारले पनि सिंगो सत्ताको मात नराखेर सत्ताको मात्रै हठ नराखेर जो लोकतान्त्रिक मान्यता हो, जो लोकतान्त्रिक मूल्य हो, त्यसलाई आत्मसात गरेर बजेटमा जो भएको अस्पष्टता थियो, त्यलाई स्पष्टता गरेर जुन यहाँ प्रस्तुत गरेको छ, त्यसको लागि प्रतिपक्षले धन्यवाद दिएको हो । कता–कता तपाईहरुलाई लाग्ला, कहिले प्रतिपक्ष सरकारमा गैहाल्छ कि भन्ने लाग्ला, त्यो होइन । यदि आज कथाकथित कुनै समय कुनै परिस्थितिले आज अर्थमन्त्रीज्यू हाम्रो नेता प्रकाशजी जानुभयो भने पनि त्यहाँमा आउने जुनजी तपाईहरु नै हो, त्यहाँ हिमजी आउने होइन हामीलाई थाहा छ । त्यहाँ जुनजी तपाईहरु नै आउने हो, हामी त आउने होइन । आज कता–कता समय र परिस्थितिअनुसार मुख्यमन्त्री महेन्द्रबहादुर शाहीजी आउनु भयो भने तपाईहरु वीरेन्द्रबहादुर शाही आउने हो जीवनजी आउने होइन । यो त सबैबाट थाहा छ, कसैबाट लुकेको छैन । तर यहाँ के देखिन्छ भने आश्चर्य मलाई लाग्छ, कहिलेकाहीँ शाही शासन शाही शासन भन्ने कुरा हुन्छ । बरु शाहीलाई त शाहीले नै न रात सुत्न दिने, न दिन खान दिने बनाएका छन् । अरु दाईहरुले त गरेको केही पनि देखिन्न । माखो मारेको पनि देखिन्न । बरु शाहीले राती सुत्न पनि नदिने, दिन खान पनि नदिने शाही छन् । न दाई छन् न भाइ छन् । तर बाहिर गुनगुन गर्दा अन्यथा कुराहरु लिएर आउँछन् । यी कुराहरुसँग हाम्रो सम्बन्ध छैन । नेपाली कांग्रेस अथवा प्रतिपक्षको सम्बन्ध छैन । नेपाली कांग्रेस

कर्णाली प्रदेशमा जुन २०७४ को आम निर्वाचनले जुन दायित्व र जिम्मेवारी दिएको थियो, जो ऐतिहासिक कर्तव्य पालना गर् भनेर यो हलभित्र प्रवेश गराएको थियो । त्यही दायित्व र जिम्मेवारीलाई पालना गर्न मात्र हामीले यो कुरा उठाएका छौं । कसैसँग हाम्रो राग, दोष, इष्या केही पनि छैन । हामी स्पष्टरुपमा हामीलाई बाध्यता थियो । पेश भएको जुन बजेट थियो, त्यो एक किसिमले कर्णाली प्रदेशका जनताको अवश्य पनि विना डेलिभरीको दस्ताबेज थियो । त्यो दस्ताबेजलाई हामीले सुधार गर्न सकेनौं । र हामीले बाध्य भएर बाध्यतात्मक परिस्थितिमा सदन अवरोध गर्न पर्यो । १० दिनसम्म अवरोध गर्न पर्यो । त्यो सिंगो नेपाली कांग्रेस पार्टीको लागि थिएन । अथवा नेपाली कांग्रेसका माननीय सदस्यहरुको लागि थिएन। कर्णाली प्रदेशका १७ लाख जनताको लागि थियो । त्यो राप्रपा लागि थियो, नेपाल कम्युनिष्ट पार्टीको लागि पनि थियो, मजदूर किसान पार्टीको लागि पनि थियो । चाहे जुनसुकै वर्ग र जाति होस्, उसको लागि थियो । त्यही कुरा आज स्पष्ट गरेर सरकार अगाडि बढेको हुनाले हामीले धन्यवाद दिएका छौं । भोलिको विषयमा त हाम्रो संसदीय दलको नेताले भनिसक्नु भयो भोलिको दिनमा समय कसरी आउँछ ? त्यो त प्रतिपक्षको धर्म हो पर्ख र हेर भन्ने । पर्ख र हेर भन्ने त प्रतिपक्षको धर्म हो । हामी त्यलाई त हेर्छौं । त्यलाई पर्खन्छौं । त्यसलाई हामीले कुनै किसिमको अवस्था केरे ऊ छैन । तर हाम्रो एउटै ध्येय र लक्ष्य भनेको के थियो भने हामीले यसभन्दा पहिले सार्वजनिक महत्वको प्रस्ताव पेश गर्यौं, संकल्प प्रस्ताव पेश गर्यौं, मुख्यमन्त्रीज्यूलाई पनि ध्यानाकर्षण पत्र बुझायौं । यी सबै कुराहरु आज कोभिड–१९ ले जुन कर्णाली प्रदेशमा ल्याएको अस्तव्यस्तता छ, त्यो अस्तव्यस्ततालाई लामो समय रहेर, लामो समयमा कर्णालीवासी दुःख नपाउन् र त्यलाई सहजरुपमा अवतरण गराउन सबैको सहयोगको आवश्यक पर्छ । सबैको सद्भावको आवश्यक पर्छ । सरकार र हामीसँगै गएर यसलाई समाधान गर्नुपर्छ भन्ने दृष्टिकोण लिएर नै हामीले त्यो कामहरु गरेका हौं । न कि कसैसँग केही किसिमको हाम्रो ऊ छैन । यसैले स्पष्ट भन्न चाहन्छु कि अहिले पनि नेपाली कांग्रेस आफ्नो पर्ख र हेर भन्ने अवस्थामा छ । नेपाली कांग्रेस अहिले पनि कर्णाली प्रदेशका जनताको जनजीवनलाई कर्णाली प्रदेशका जनताको मनोबललाई स्वभाविक समस्याको समाधानको पहिचान गरेर समाधान गराउनका लागि कांग्रेस तयार छ । सरकार पक्षलाई सजग गराउन तयार छ । सरकार पक्ष एकदम स्पष्टरुपमा लोकतान्त्रिक मान्यताबाट अगाडि आएको खण्डमा कांग्रेसको सरकारसँग कुनै किसिमको राग र दोष छैन । प्रतिस्पर्धा छैन । यसैले सम्पूर्णलाई आग्रह गर्न चाहन्छु वर्तमान परिस्थिति अत्यन्तै लामो आत्मघातीको एउटा केरे दीगो लक्ष्य राखेर अगाडि बढेको छ । यसलाई चाहिने अगाडि लैजाने के रे समाधानका लागि सबै एक हौं । विकास बजेटको कुरा अघि कुरा उठाउनु भयो । मैले भन्ने हो भने यो दुईटा किताबमा दैलेख जिल्लाभरीको कुरा गर्दैन । मेरो नगरपालिकामा चाहिने १० लाख रुपैयाँ पर्यटनबाट छ, १० लाख रुपैयाँ कृषिमा छ । मैले खोजेको कुरा मेरो गाउँपालिकाहरुलाई १० लाख खोजको होइन । मैले कर्णाली प्रदेशका जनताहरुको लागि कर्णाली प्रदेशको भूगोलको लागि खोजेको हुँ । जहाँ जति परेको छ, जति गएको छ त्यो

सदुपयोग होस् । जनताको परिणाममुखी जनताले परिणाम पाउन् भन्ने दृष्टिकोणले हामीले हाम्रो लक्ष्य र गन्तव्य राखेका हौं । त्यसै कुरामा सरकारले आत्मसात गरेर लोकतान्त्रिक मान्यतामा सरकार अगाडि बढेर जुन आज आफ्नो किताब फिर्ता लिएर एउटा स्पष्ट साथ किताब ल्याएको छ । त्यसको लागि सरकारलाई धन्यवाद छ । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख:** माननीय श्री पदमबहादुर रोकाया, त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयार रहनुहोला ।

**माननीय श्री पदमबहादुर रोकाया:** आज उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र कृषि, भूमि तथा व्यवस्था सहरी विकास मन्त्रालयको बजेटका विषयमा आफ्नो धारणा राख्न अनुमति चाहन्छु । हो, हामी यो बजेटको विषयमा छलफलको लागि करिब पौने १ महिना भइसक्यो। आज हामीले बजेट अलिकति आयोकी भन्ने अलि महशुस गरेका छौं । किनभने त्यो कृषि मन्त्रालयबाट म अलि कृषि मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । किनभने छुट्याएर ल्याउनु भएको छ । कमै भए पनि छुट्याएर ल्याउनु भएको छ । हो बजेटको हिसाबले गत सालमा ७६/०७७ मा हामीलाई दुई करोड सिंचाई, कृषि सिंचाई र १ करोड कृषि सडकमा थियो, ३ करोड मन्त्रालयबाट आएको थियो । यो पटक १ करोड मात्रै कृषि सिंचाईमा आएको छ । अब गत साल ७६/७७ को बजेट भन्दा अहिले ७७/०७८ को बजेट ३ प्रसेन्टले घटेको छ मात्रै तर कृषि मन्त्रालयको बजेट ६६ प्रसेन्ट घटेको छ अहिले । ३ करोडमा १ करोड त ६६ प्रसेन्ट त घट्यो नि । बजेट ३ प्रसेन्ट घटेको छ, मन्त्रालयले बजेट ६६ प्रसेन्ट घटाएर ल्याएको छ अहिले भने यसको लागि अरु अस्ती जो आयो बजेट किताब, त्यसमा रनभुल्ल थियो हामीले बुझ्न सकिने थिएन । त्यसैकारणले प्रतिपक्षले विरोध गर्नुभयो खुलेर । हामीले मनमनै विरोध गरेका थिम् । प्रतिपक्षले खुलेरै विरोध गरेको थियो । आज अलि छुट्टिएर आएको छ, फलानो निर्वाचन क्षेत्र, फलानो गाउँपालिका, फलानो वडा, फलानो कृषि सिंचाई भनेर आएको छ, यसको लागि कृषिमन्त्रीलाई धन्यवाद दिन चाहन्छु । र मैले योभन्दा अगाडि भनेको छु कि कृषि मन्त्रालयलाई गत सालका कृषि मन्त्रालयबाट गएका बजेट सही सदुपयोग छन् । कृषि सडक बनेका छन्, कृषि सिंचाई बनेका छन्, हिजो मात्रै जुम्लाबाट अनुगमन गर्ने टोली जाँदाखेरीमा सबै राम्रा छन् भनेका छन् । मलाई तपाई आउनुस् भनेका थिए हामी बजेटमा छौं अहिले तपाईहरु जानुस् भन्दा सबै ठीक छन् । मैले पनि हेर्दाखेरीमा ठीक छन् तर अरु मन्त्रालयका त कुनै केही कामै भएका छैनन् । गत साल ८ अरब फ्रिज भएर आयो, अहिले ११ अरब फ्रिज भएर आउँछ । अर्को साल कति फ्रिज भएर आउँछ । हाम्रो आन्तरिक स्रोत कर्णाली प्रदेशमा केही छैन । उही फ्रिज भएको आउँदै थपिँदै हामी यति बजेट आयो भन्ने त्यही भन्ने त होला अब । कृषि मन्त्रालयको बजेट भलै अलि कम बढी गर्नुभएको होला । अघि हाम्रो पूर्व वक्ता माननीयज्यूले भनिसक्नुभयो । मैले पनि हेरेको थिएँ किताब । गर्नुभएको होला । अनि कृषि कार्यक्रममा पनि जो जिल्लामा गएका बजेट छन् । त्यसमा कृषि विकास कार्यालयको हाकिमले पनि आफ्नो नजिकको मान्छेलाई अलि दिने गरिएको छ कार्यक्रम । सही पीडित मान्छेले पाएका छैनन् । त्यसको लागि पनि

हामीहरु अलि कृषि मन्त्रालयले भन्दिनुपर्यो त्यहाँ हाकिमलाई पनि । त्यहाँ सही लक्षित वर्ग, दलित, महिला, पिछडिएको वर्गलाई हेर्नुस् भनेर तपाईहरुले भन्दिनुपर्यो । त्यसैकारणले कृषि मन्त्रायलाई, मन्त्रीज्यूलाई फेरि पनि धन्यवाद दिएँ प्रष्ट भएर किताब आएको छ । कम बढी जेसुकै होस् प्रष्ट भएर आएको छ । अर्को मैले यो मेरो हातमा यो किताब समातेको छु । अब मन्त्रीज्यू अगाडि हुनुहुन्छ । एउटा उखान छ, देख्नेको माले गोरु, जोत्नेको खट्या । हेर्दाखेरी त्यो गोरु धेरै बल्ल भन्छौं हामी धेरै राम्रो हुन्छ, तर हलो जोत्दा बिल्कुलै नहिँड्ने, जति हाने पनि, जति पिटे पनि बिल्कुलै नहिँड्ने । गत सालमा पनि पर्यटन मन्त्रालयको विषयमा हामीले भनेका थियौं मन्त्रीज्यूले सुन्नुभएको हुँदो होला । सबै माननीज्यूले भन्नुभयो मैले पनि भनेको थिएँ । अहिले त झन् सुन्नु त भयो होला । हिजो माननीज्यूले गत साल एक साल अगाडि भनेको कुरा मेरो कानमा गुञ्जिरहेको छ । पर्यटन मन्त्रालयमार्फत् भनेको कुरा मेरो कानमा गुञ्जिरहेको छ । तपाईले त सुन्नुभएको होला । कसरी बिर्सिनुभयो मन्त्रीज्यू । हामीभन्दा त अलि तरुनै हुनुहुन्छ । कान सुन्ने, आँखा देख्ने । कसरी बिर्सिनुभयो होला ? गत साल भनेको कुरा । अहिले साल त झन् अर्कै हिसाबले आयो किताब । यो किताब । एक त बजेट पनि पर्यटन मन्त्रालयमा कम दिएको छ, त्यसको लागि हामी स्वीकार्छौं । भएको बजेट पनि अब हेर्नुस् यहाँ अरु जिल्लामा १ करोड राखिएको छ टोटल, मेरो जिल्लामा यहाँ छ, यो मेरो जिल्लाको हो । १ करोड । १ करोड बण्डा गरिएको छ यहाँ । राखिएको भए पनि त भोलि केही पाउँछु कि अथवा जिल्लामा गए पनि पाउँछु भन्ने आशा हुन्थ्यो । बण्डा गरिएको छ यहाँ । बिल्कुल छ यहाँ । मेरो क्षेत्रमा मेरो जिल्लामा कुनौटा तिखोज्यू कुलो २ लाख, कुनौटा तिख्याजु तटबन्ध नदी नियन्त्रण २ लाख छ, अनि बलबाडा तटबन्द कनकासुन्दरी–५, ३ लाख छ । ५ लाख छ । १ करोडमध्ये ५ लाख मात्रै हुने हो त त्यहाँ एक क्षेत्रमा । अनि मन्त्रीज्यू भन्नुहुन्थ्यो मसँग यो व्यक्तिगत कुनै केही होइन । तपाई मेरो नजिकको साथी हुनुहुन्छ । तपाई मेरो भलाकुसारी त हुन्छ, तर गलत कुरा त भन्नैपर्यो । एक जना तपाईको ठाउँको मान्छे आएर मैले ३३ लाख दिएँ भन्नुभयो तपाईले । एक जना साधारण कार्यकर्ता आएर ३३ लाख दिनुहुन्छ मन्त्रीज्यू तपाई । योजनामा दिनुभयो होला । जे भए पनि गर्यो गरेन, भोलि थाहा हुने कुरा छ । भने एक जना जिल्लाको माननीयलाई ५ लाख मात्रै दिनुहुन्छ । त्यो ५ लाख मैले कसरी त्यहाँ बाँड्ने भन्नुस् त । २ लाखमा तटबन्ध हुन्छ कहीं, ३ लाखमा तटबन्ध काहीं हुन्छन् काहीं ? संसारमा कहीं देखिन्छ यो । यो २००७ साल अगाडि हुँदो होला । अहिलेको जमानामा त हुँदैन त्यस्तो यो । यो ३ लाख र मन्त्रीज्यू २ लाख । दुईटा योजना छ । यो काट्नुहोला तपाईको डोल्पामा राख्नुहोला । मलाई चाहिँदैन यो । एक जना कार्यकर्ता ३३ लाख दिएर पठाउनु हुन्छ एक व्यक्तिलाई । सम्बन्धित क्षेत्रको माननीय निर्वाचन क्षेत्रमा ५ लाख दिनुहुन्छ । कसरी अनि हामीले मन्त्रीज्यूलाई धन्यवाद दिने भन्नुस् त ? एकदम गलत छ मन्त्रीज्यू यो ।तपाई त हिसाबकिताब जान्नु अंक, गुणा, जोड, घटाउ, गुणान र भागा त पढ्नु भयो होला त ?बण्डा भागबण्डा गर्दाखेरी एउटा जिल्लामा हाम्रो कृषि मन्त्री गर्नुभया छ नि । अब१ करोडमा

५०/५० लाख त सोझै त्यो लाटाले जान्ने, बैराले सुन्ने, त्यो ५० लाख अथवा ४० सै गर्नुस् अथवा ६० नै गर्नुस् । ५ र ९५ कहीँ हुन्छ यो ९५ र ५ कहिँ हुन्छ यो । त्यसैकारणले मन्त्रीज्यू यो नहोस् । यो घोर आपत्ती छ, तपाई व्यक्तिप्रति । तपाईका मन्त्रालयका मान्छे पनि कस्ता हुन् ति । गत साल पनि यस्तै थियो । पंगेनीमाईको कालिकोट जाने पंगेनीमाईको स्तम्भसम्म ६० लाख, लमन्यूरीघाट ५० लाख, तलिउम ६० लाख एउटै योजना सम्पन्न भया नाई ति । कोले हालेका हुन्, कसले गरेका हुन् । र गत सालका योजना **(माननीय सभामुख:** सकौं माननीय सदस्य) ८/८ लाखका दुईटा योजना । हेलिप्याड निर्माण । ८/८ लाखका दुईटा सम्पन्न भए । पोहोर १६ लाख थियो अहिले ५ लाख आयो । यो पनि ठूलो कुरा त होल । उपलब्धि हो यो । पोहोर मेरो क्षेत्रमा १६ लाख थियो । ८/८ लाखका दुईटा हेलिप्याड थिए, सम्पन्न भए अरु कुनै रहेनन् यी । कुन दलालले, कुन विचौलियाले कसरी हालेका हुन् थाहा छैन । अहिले ५ लाख गएको छ भने यसको लागि मन्त्रीज्यू धेरै राम्रो काम गर्नुभयो यो । अरु ठाउँ पनि त्यस्तै छ । भन्ने मेरो आफ्नो भनाई यही टुङ्ग्याउँछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री खड्कबहादुर खत्री । यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्री:** सभामुख महोदय, २०७७/०७८ को वार्षिक बजेट तथा कृषि विकास कार्यक्रम र वन, उद्योग तथा वातावरण मन्त्रालयको छलफलमा म भाग लिइरहेको छु। सर्वप्रथम बजेटमा प्रतिपक्षले सुरुमा अवरोध गर्यो । जस्तो यो एउटा किताब थियो, यो किताबमा सबै मन्त्रालयका बजेटहरु आए । मलाई लाग्छ, बजेटको थिति संविधानभित्र रहेर, परिधिभित्र रहेर एउटा भनौं संस्कार केन्द्रीय संघीय संरचना र संघीय प्रणालीअनुसार अहिले हामी त्यही थितिमा हिँडिरहेका छौं । फेरि अहिले दुईटा बजेट एउटा कृषि र अर्को वन, उद्योग तथा वातावरण मन्त्रालयको आएको छ । मलाई लाग्छ, यस्तो गर्न मिल्छ कि मिल्दैन ? हुन त म सत्तापक्षको माननीय हुँ, म जनप्रतिनिधि पनि हुँ । म के आग्रह गर्न चाहन्छु भन्दा दिग्गज संघीय प्रणालीमा संविधानसभामा धेरै अनुभव प्राप्त गर्नुभको माननीयज्यूहरु, मन्त्रीज्यूहरु हुनुहुन्छ । मलाई लाग्छ यस्तो विधिबाट हामी चल्दै गयौ भने आज फेरि यो बेठीक भन्यो अवरोध गर्ने अर्को किताब ल्याउने । भाग १, २, ३ हुँदै । यो सात/आठ क्लासमा पाठ्यक्रमजस्तो स्टाईलले यस्तो स्थिति आयो, यो आउँदा दिनमा नहोस् म अनुरोध गर्न चाहन्छु। र विशेष बजेटले जुन बजेट वक्तव्य थियो, त्यो ठ्याक्कै उल्टो आएको छ । पुँजीगत बजेट बढाउने, चालु बजेट घटाउने, प्रशासनिक कटाउने । ठ्याक्कै उल्टो छ । पहिला गाडी किन्ने, अनि त्यो गाडीलाई मर्मत गर्ने, यी सब्बै चिज छन् । विभिन्न लेखहरु मलाई लाग्छ ७५ प्रसेन्ट प्रशासनिक कुराहरु यसमा छन् । म आग्रह गर्न चाहन्छु केही समय मन्त्री भएको थिएँ । भौतिक पूर्वाधार मन्त्रालयमा । त्यो बजेटको अहिले हेर्दा पनि हुन्छ । हिजो यो संघीय संरचनाबाट यी शीर्षकहरु कटाउन जरुरी छ । हामी परिवर्तन भयौं। नजिक चाहीँ सरकार आयो । जनतालाई राहत हुनुको सट्टा आज दिनरात रुनुपर्ने

अवस्था सिर्जना भाछ । अब कर्मचारीलाई हामी भने कर्मचारी रिसाउँछ । तल कर्मचारीसँग गयो भने हामी माननीय हुँ, मन्त्री गयो भने कानून हामीले संशोधन गर्या छैनौं । कानून हामीले माथिचाहीँ दुई तिहाईको बहुमत नजिक छ संघीय सरकार । यहाँ दुई तिहाई छ । कानून संशोधन नगर्ने अनि समाजवादको कुरा गर्ने ? कम्युनिष्टको भोट लिने? गरिब दुःखीका नाची नाची भोट लिने अनि तिनलाई राहत हुने खालका बजेटहरु छैन । विशेषगरी चालु बजेट र जम्मै तालिम, त्यसपछि तेल भएभरिका चाहिने पैसा राख्ने ? कार्पेट किन्न अहिले के जरुरी छ ? अहिले घरहरु रंग लागिराछ अहिले साउनको महिनामा ? रंग लगाउन के जरुरी छ ? हामी गरिब छौं त हामी त यस क्षेत्रका सबै मान्छेहरु थाहा छ त सबैलाई । सबै कोटेशनमा काम भइराछ । कोटेशन प्रवृत्ति संघीय संरकारमा नेपाली कांग्रेस र यो माओवादी सरकार र संयुक्त सरकार भएको बेला कोटेशन बन्द गरियाछ । अमानतमा काम गर्ने काम भाछ । ति फाइलहरु हेर्ने कुनै विधि छैन । कुनै समितिहरु त्यसमा छैन । कुनै अख्तियारी सक्रिय छैन । त्यसैले म के आग्रह गर्न चाहन्छु भन्दा मैले धेरै चोटी पनि मन्त्रीज्यूहरुलाई भनें विभिन्न व्यक्तिगत ढंगले पनि भनियो । यो अनुदानको पैसा दिनु हुँदैन । म अनुरोध गर्न चाहन्छु । अनुदान यो बाँड्नै हुँदैन । यो बाँड्ने काम भइराछ । त्यसैले अनुदानको पैसामा हामी सफ्ट लोनमा बरु ऋण दिउँ । यहाँ जस्तै व्यवसायिक कृषिमा भनेर आछ । व्यवसायिक कृषि भनेको फर्म उद्योगमा दर्ता हुनुपर्छ, भ्याटमा दर्ता गर्नुपर्छ । त्यो व्यवसायिक भनेको व्यापारी जाने हो । वास्तविक कृषकले चाहीँ अनुदान पाउँदैन । वास्तविक कृषकले लोन पाउँदैन । म के आग्रह गर्न चाहन्छु भन्दा आर्थिक मामिला मन्त्रीजी हुनुहुन्छ । अर्थ मन्त्रालयले अहिले भनौं के सिस्टम चलाछ भन्दा सडक चलेको ठाउँमा मात्र मूल्यांकन गरिन्छ जग्गाको लेखेको छ । प्रत्येक गाउँका टोलका गरिब दुःखी ठाउँका गरिबका घरजग्गा पनि धितो राखेर सफ्ट लोनमा ऋण दिइनेछ । बाख्रापालन, कृषि कार्यक्रम, भैंसीपालन, उद्योगधन्दा गर्ने ठाउँमा हामीले गरियो भने त्यले प्रभावकारी हुन्छ । र अर्को आग्रह गर्न चाहन्छु त भन्दा अर्थ मन्त्रालयबाट स्वीकृति भनौं विभिन्न हाम्रो चाहीँ प्रदेशमा रहेका वाणिज्य बैंकहरु छन्, ति अन्तर्गत समन्वय गरेर हामीले बरु ५ वर्षीय दिउँ, ७ वर्षीय दिउँ, कृषिलाई म त्यो आग्रह गर्न चाहन्छु । अर्को यो अनुदानका नाममा बाँड्ने । यो कार्यविधि बनाउनु हुँदैन । यो कार्यविधि बनाएर यो भ्रष्टाचारको काम भइराछ । मन्त्रीलाई, सचिवलाई कार्यविधि ल्याउने अधिकार कोले दिएको छ ? खरिद ऐन छ, खरिद सिस्टम छ । ५० हजारभन्दा माथिको त्यो एउटा प्रक्रियामा जाने छँदैछ त । उपभोक्ता समिति गठन गर्दा कार्यविधि बनाउन जरुरी छैन । ति उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा आफ्नो मान्छे ल्याउने, माननीयको मान्छे होस्, कोही मेयरको होस्, कोही वडा सदस्यको होस्, कोही मन्त्रीको होस्, कोही पिएको होस् अनि त्यसमा गरेर ३०÷४० प्रसेन्ट पैसा लिने काम भइराछ । लागत अनुमानको हिसाबकिताबै छैन । कोलेनिकाको हिसाब किताब नै छैन । प्रमुख जिल्ला अधिकारीको जिल्ला दररेट हो कि गाउँको हो कि त्यो दररेट छैन । भटाभट काम भाछ । कोट्यायो चार जना चाहीँ उपभोक्ता समितिबाट, चार जना आफ्ना मान्छेहरुबाटधेरै

राम्रो काम भाछ भन्यो अनि त्यलाई चाहीँ स्वीकार्यो । एकदम राम्रो भाछ मञ्चमा बोल्दियो । दुई/चार वटा मिडिया पछाडि पछाडि लगाएर गयो । अनि त्यसपछि तल भ्रष्टाचार छ, तल गाडी हिँड्दैन । म कृषि मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु, मैले एउटा भोगिराछु ।

मैले विश्वजित केन्द्रीय सदस्य, हाम्रो माननीय विन्दमान माननीयज्यूसँग मैले सम्पर्क गरैं । उहाँले एउटा हृदयसाथ, एउटाउहाँले राम्रो काम गर्नुभाछ । मैले उहाँलाई धन्यवाद पनि दिन चाहन्छु । त्यो एउटा नर्सरीको कुरामा टनेल बनाउने कुरामा अहिले भोगिराछु । मलाई आज ५ दिनसम्म त्यो बनाउने उपभोक्ता समितिको मान्छे त्यस्तै खालको पर्यो, र त्यो प्राविधिक त्यस्तै छ । जहाँ बन्ने गरेको छ, त्यो बन्ने मान्छे बनाईसकेपछि प्राविधिकले आएर सही गरेर त्यस्तो गरेको मैले तीन चोटी माननीयज्यूलाई कुरा गरैं । अघि मैले सचिवज्यूलाई पनि कुरा गरैं । त्यो मैनतडाको दलित लक्षित कार्यक्रम हो, त्यहाँ यस्तो अप्ठ्यारो छ कि ५० प्रसेन्ट घोटाला । ५० प्रसेन्ट अझ हाइटेक नर्सरीमा त कति छ कति ? यस्तो किसिमको बाँड्ने काम नगरौं । हामीले कोही आम्दानी गरेका छैनौं । हामीले कर उठाएका छैनौं । संघीय सरकारको आएको भनौं अनुदान त्यो पैसालाई हामीले सुरक्षित गर्नुको साटो हामीले बाँड्ने काम गरिराछौं । मलाई लाग्छ अहिले हिजो लिएको भैंसी मःमः मा गयो कि अहिले दूध दिन्छ कि दिँदैन । माछापोखरी हुने ठाउँमा आज पोखरी छ कि फिल्ड छ । कस्ता कस्ता मान्छेले चाहीँ पाए । माछापोखरी सुर्खेतमा हुन्छ कि हुँदैन । जाजरकोटमा हुन्छ कि हुँदैन । दैलेखमा हुन्छ कि हुँदैन । त्यसैले के आग्रह गर्छु म कृषिप्रति लक्षित गर्न चाहन्छु । हिजोका कृषि सडक मलाई लाग्छ, मन्त्रीजी आफै जानुहुन्छ भने तपाईलाई आँशु आउन सक्छ । रामघाटमा मेरो गाविस मेरो रामघाट हो । भेरीगंगामा २५/३० जना सहिद हुनुभाछ । आँपबारी भनुँ त्यतिकै गाछ । तपाईहरुले हिजो शीतभण्डार बनाउने भनेर बनाउनु भयो ? पर्यटन मन्त्री, वन र पर्यटन र यता कृषि मन्त्री त्यहाँ जानुभयो । त्यो आज फाइल हरायो । त्यो वनमन्त्रीज्यूले फाइल हराउनु भयो । त्यो फाइल आज दुई वर्ष हुँदासम्म भेटिएको छैन । कृषि मन्त्रीज्यूको सडक आँपका बारीमा दुई चार बारीमा भाको छ । मलाई लाग्छ राम्रोसँगले त्यहाँ चाहीँ समिति अनुगमन गर्न गयो भने, मन्त्रीज्यू आफै जानु भयो भने आफैले तपाई त्यसको मूल्यांकन गर्न सक्नुहुन्छ । पर्यटनसम्बन्धमा के आग्रह गर्न चाहन्छु भन्दा तपाईको मलाई लाग्छ सक्नुहुन्न भने तपाईको दिमागले तपाईको हैसियतले अप्ठ्यारो लाग्छ । मन्त्रालय सक्दैन भने पूर्वाधार मन्त्रालयमा योजना दिनुस् । आज दुई वर्ष भइसक्यो टेण्डर भएको । कांक्रेविहारको ठेक्का किन नहोस्, चिंगाडको किन ठेक्का नहोस्, चाहे भनौं यो जहरेको ठेक्का किन नहोस् । तपाईको ठेक्का गरेका कामहरु प्रक्रियागत १ महिनासम्म हुँदा पनि मलाई लाग्छ कानूनले राम्रोसँग समात्यो भने कठघरामा उभिनुपर्ने अवस्था छ । आज दुई÷डेढ वर्ष हुँदा पनि टेण्डर भएका छैनन् । अहिले पनि तिनै टेण्डर फेरि भका छन् । मलाई लाग्छ यसको पनि भरोसा छैन । त्यसैले म के आग्रह गर्न चाहन्छु त भन्दा सकिन्न भने मन्त्रालय छ, प्रदेश सरकार छ, त्यो प्रदेश सरकारमा त पूर्वाधार मन्त्रालयमा जिम्मा दिउँ । पूर्वाधार मन्त्रालयमा प्राविधिकहरु छन्, त्यो मन्त्रालय दिनुपर्छ भन्ने

होइन, प्राविधिकहरु छन्, प्राविधिक बैंकिङ्ग भनेको पूर्वाधारमा हुन्छ । प्राविधिकले सिस्टममा जानुपर्ने हुन्छ । प्राविधिक हुँदा पनि हिँड्ने ओभरसियर ल्याएर एउटा भनौं कन्टेन्जेन्सी हुन्छ भनेर एउटा नजिक ल्याएर त्यलाई चाहीँ बनाएर, फरफारक गरेर हुँदैन । मलाई लाग्छ त्यसको लागत अनुमानको कुरा हुन्छ । डिपिआर भनेको १ करोडभन्दा तलको मात्रै हुन्छ । जस्तै भनौं कहीँ सिंचाईका कुरा हुन्, चाहे सडकका कुरा हुन्, चाहे खानेपानीका कुरा हुन्, डिपिआरको पनि एउटा लागत मेगा प्रोजेक्टमा डिपिआर हुन्छ । डिपिआरका नाउँमा पैसा आज भ्रष्टाचार भएको हुन्छ । चाहे हिजोका दिनदेखि होस् चाहे आजको दिनदेखि होस् अहिले भकाभक चाहीँ पूर्ण डिपिआर भइराछन् । त्यस्तै भनौं चाहीँ कृषि, सिंचाईको १० लाखको चाहीँ डिपिआर हुने ४ लाखको बजेट चाहीँ यता खर्च हुने, ६ लाख मात्रै त्यस्तो खर्च हुने स्थिति भा हुनाले मलाई लाग्छ गर्नुभएको भए त्यसलाई म रोक्न अनुरोध गर्न चाहन्छु । त्यो लागत अनुमानको आधारले कृषि सिंचाईले **(माननीय सभामुख:**सकौं माननीय सदस्य) प्राविधिक कारणले गर्ने चाहीँ कुराकानी हुन्छ । म के आग्रह गर्न चाहन्छु भने पर्यटन मन्त्रालयलाई यस्तै किसिमको छ । प्रत्येक मन्त्रालयमा यो बजेट जुन छ नि, गाडी पहिला नयाँ किन्ने अनि तेल गाडी मर्मत **(माननीय सभामुख:** सकौं माननीय सदस्य) तेलमा यस्ता किसिमका कुरालाई सबै मन्त्रालयले यो जुन हामीले बजेट वक्तव्यमा माननीय मन्त्रीज्यूले दिनुभाछ । यसमा प्रशासनिक खर्च कटाउने, चालु बजेट घटाउने र पूँजीगत बढाउने जुन भनौं यो बजेटमा छ त्यो शीरोधार्य गरोस् । फेरि अर्को किताब ल्याओस् भन्दै म आफ्नो भनाइ यही राख्छु धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री ठम्मरबहादुर बिष्ट । यसपछि माननीय श्री सोशीला शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट:** माननीय सभामुख महोदय, हामी आज खासगरी यो भूमि कृषि तथा सहकारी मन्त्रालय र पर्यटन, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको हामी छलफलको क्रममा छौं । अब यसमा मैले आफ्नो निश्चित तोकिएको समयभित्र केही यसलाई परिस्कृत गराउनलाई यहाँ आवश्यक देखिन्छ । ति कुराहरुतर्फ मैले सम्मानित सदनसमक्ष आफ्नो विषयहरु राख्ने यहाँ निवेदन गर्न चाहन्छु । पहिलो कुरा अब यो जसरी यहाँ प्रस्तुत भको छ । अब सालाखाला यो बजेटको प्रकृति, सबै कुराहरु हेर्दा हामीले हिजो पनि त्यहाँ विषयहरु राखेका छौं । यो करिबकरिब उस्तै प्रकृतिबाट यो दोहोरिएको छ । तीन वर्षमा जसरी यो सुधार हुनुपर्ने ? यो सुधार भएर आएको छैन । सबैलाई लागेको यही छ । सरकारलाई पनि लागेको छ, हाम्रो आत्मामा पनि लागेको छ । किनकी विकासको संरचना के हुने ? सन्तुलित विकासको चाहीँ संरचना के हुने ? संघीयता र गणतन्त्र अन्तर्गत विशेष क्षेत्र, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्रको अवधारणा के हुने ? जो संविधानमै प्रष्ट लेखिएको छ । त्यो कुनै उग्र तरिकाले लगाएर नारा लेखिएको या मात्रै त होइन ? त्यो त संविधानमा लेखिएको छ । त्यसकारण यसतर्फ हाम्रो कहिल्यै पनि ध्यान गएन सरकारको । त्यस्तो बुकलेट कहिल्यै पनि हामीले पाएनौं । न हामी त्यसमा छलफलमा सहभागी हुने एउटा

अवसर पायौं हामीले । अब त्यसो गर्ना बित्तिकै त कहिले कुनै मन्त्रीकहाँ, कहिले कुनै मन्त्रीकहाँ, अब अलिअलि पछि लाग्ने भयो भने कुनै अलि चाहीँ बलियो अथवा चाहीँ खुसीराजी बनाएर लिने कोही माननीयकहाँ, अथवा कोही बिचौलियाका वा अरु केही यस्तै मान्छेहरुले बजेट लिनु बाहेक त अरु केही हुँदैन्थ्यो । त्यसकारण हामी गलत ठाउँबाट प्रस्थान गर्यौं । त्यो जुनसुकै चाहीँ मन्त्री सरकार हुँदा पनि हालत, हविगत यही हुन्थ्यो । त्यसकारण सुरुदेखि नै हामीले भनेको पहिलो चाहीँ २०७४/०७५ कै हामीले तेस्रो चौमासिकदेखि उठाएको कुरा के थियो भने अलिकति हामीले मोडेल बनाऔं । ५० हामीले यो पनि भन्यौं कि अलिकति अध्ययन पनि गरौं । ५० वटा चाहीँ अमेरिकामा संघीय राज्यहरु छन् भने ५० आज क्यालिफोर्निया भन्नुस् या वासिंगटन डि.सी. भन्नु या न्यूयोर्क । कुनै पनि कुनै हिसाबले कमी छैन । किनकी त्यहाँ आफ्ना आफ्ना स्वामित्वमा आफ्नो आफ्नो अपनत्वमा आफ्नो आफ्नो संरचनामा चाहीँ त्यहाँ बनाइएको छ । तर हामी यस्तो बाटो हिँड्यौ सबै खोलहरु संघीयता लेखिएको छ, गणतन्त्र लेखिएको छ, रंग्याएको छ, सहिदका रगतले प्रत्येक अक्षरहरु रंगिएका छन्, तर हामी जान थाल्यौं तपाईको राणा शासन, पञ्चायत शासन, बहुदलको पनि निकृष्टि शासन । अथवा त्यो शैलीतिर हामी गयौं । यो सबैभन्दा दुर्भाग्य कुरा हो । त्यसकारण अबको बाँकी दुई वर्ष पनि जतिसुकै सरकार चेञ्ज हुन् या तपाईहरु चलाउनुस् । यो भन्दा अरु एउटा रिंग भित्र हामी छिरिसक्यौं के ? सत्य कुरा यही हो । मनैं परे पनि भन्ने कुरा र देखेको कुरा यही हो अहिलेसम्म । तपाईहरु जत्तिकै बाल नपाके पनि २५/३०/३५ वर्ष त हामीले पनि राजनीतिमै अब करिब करिब अलि कानका जगमा त दुई चार वटा रौं फुल्ने बेला भयो । त्यसो भएर यो किसिमले यहाँ अनुरोध गर्न चाहन्छु । अब यहाँ यसमा अर्को चाहीँ पेचिलो कुरा के भाछ भने पोहोर पनि यहाँ सानो सानो जात्रै भयो । परार पनि त्यस्तै भयो । हुन त माननीय प्रतिपक्ष दलको नेताले भन्नुभयो । यहाँ सरकारले यसो गर्यो, सत्तापक्षका नेता कहाँ छौ । मैले त के देख्छु भने यो सरकार र प्रतिपक्षको कारणले पनि यसो भइराछ भन्ने मेरो करिब करिब निष्कर्ष त्यता छ । किनकी यता संसदीय दलमा हामीले एउटा खालको चाहीँ बहस छेड्या हुन्छौ । पोहोर पनि १४ भाइको भन्ने भयो त्यस्तै भयो । भित्र एउटा ढंगले हामीले तपाईको चाहीँ ड्राफ्ट बनाइराख्या हुन्छौ, ठीकै छ भनेर सरकारलाई एउटा रिंगभित्र लिन राखिराख्या हुन्छौं । हैन प्रतिपक्षको कुरा चाहीँ के छ भन्नुहुन्छ फेरि चाहीँ हत्तपत्त यता आउनु हुन्छ । प्रतिपक्षले त मानिसकेपछि त हामी त वंशभित्रका रगत भित्रका मान्नैपर्यो । यो खालको त भाछ  नि । नत्र म जस्तो प्रश्न गर्न चाहन्छु प्रतिपक्षलाई। पोहोर ५ बुँदेको अंग भन्दै गर्दा तपाईले नछोडेको भए के हुन्थ्यो त ? आखिर तपाईले त १०० प्रसेन्ट समर्थनमा पास भयो । जबकी यो वर्ष पनि हामीले त्यही कारणले दुःख पायौं । ठीकै छ सत्ता पक्ष गलेर या मान्नै पर्ने भएर बाध्यताले मान्थ्यौं होला तपाईंको त त्यहाँ दर्ज हुन्थ्यो नि । तर तपाई पनि यसो गर्नुभयो कि तपाईहरु होइन अब हामी थोरै छौं, हाम्रो आवाज के हुन्छ र ठीकै छ भनेर हामीहरुभन्दा अगाडि हत्त न पत्त ताली तपाईहरु पिट्नुहुन्छ । अहिले पनि किस्सा त्यही छ । विषय किताब आउने विषय हो अहिले ?विषय

त जे जति आइराख्या छ यो दुईटा किताबमा यो विषय नै होइन । यहाँ कस्तो विषय भयो भने एउटा बच्चालाई पैसा दिएर बजार पठाइयो । अनि हिसाब मिलेन भने बाबु के के खाथिस् त्यो हिसाब ले भन्यो । उले खानाको खाना शीर्षकमा लेख्छ । खाना शीर्षक त यहाँ छँदैछ । त्यो अन्तर्गत चिया, कफि, बलगम भनेर १० थरी पुर्याउँछ । त्यस्तै दशथरी खानाअन्तर्गत त पुर्याइएको छ । तर त्यसअन्तर्गतको शीर्षक होला । अरु सेवा सुविधा या चाहीँ खेलकूदको शीर्षक होला । हामीले त त्यो शीर्षकअन्तर्गत सन्तुलित बनाऔं भनेका थियौं नि । खै त फुटेको छ त । एक/दुईटा तलमाथि भको छ त म सोध्न चाहन्छु प्रतिपक्षलाई । भको त छैन त । अनि भको छैन भने यही बच्चालाई चाहीँ पैसा दिएको जसरी शीर्षक उपशीर्षक लेखेर ल्याउनुको अर्थ के छ त ? आखिर कुरो त उही आयो नि । जे छ छँदैछ, उसैलाई उपशीर्षक बनाएर दशथरी बीसथरी त्यसरी लेख्नुको त अर्थ छैन । अब यहाँ पनि त्यही किस्सा भयो । हामी दलमा गरमागरम छलफलमै थियौं, हैन प्रतिपक्ष करिब करिब तयार भइसक्यो भन्ने भयो । हिजो फेरि तपाईहरु के कारणले भएन, आज फेरि अर्को खालको चाहीँ कुरा आइराख्या छ । त्यसकारण यो चक्करमा यहाँ सत्तापक्ष सबभन्दा पेलिने त चाहीँ सत्तापक्षका उसको आसमा गर्यो भन्ने तपाईहरुलाई लाया होला । सबभन्दा चाहीँ पीडित त हामी छौं । मैले अस्ति नै पनि भनें हुन्छ भनेर भन्नुपर्ने बाध्यता छ । त्यसकारण त्यो हाम्रो बाध्यता छ । अब जतिसुकै कामना गरे पनि अब पार्टी फुटेर वा अरु कुनै समीकरणबाट अर्को सरकार बन्ला अर्को गर्ला तपाईहरु यो सम्म जानुस् न भन्ने तपाईको जहाँसम्म आशय आउन सक्छ । त्यो हदसम्मको कुरामा त फेरि हाम्रो पार्टीभित्रको कुरा भयो । त्यले फेरि कति भोलि अस्थिरता ल्याउँछ । भोलि फेरि यही प्रणालीबाट एउटा शासकबाट अर्को शासक आउँछ, के फरक पर्छ एउटा परिपाटी बसालेनौं भने । त्यो पनि त कुरा छ, ल्याउने त ठूलो कुरा होइन, ल्याउन सकिन्छ । बन्न सक्छ । त्यसकारण यी कुरामा पनि अलिकति मैले सरकारलाई र प्रतिपक्षलाई नै अलिकति गम्भीर हुन म अनुरोध गर्दछु । कमसेकम विषय उठाइसकेपछि एकजनाले त्यमा चाहीँ अन्त्य मर्ते दमतक तपाईले ५ वर्ष उठाउनु भयो । सरकारले टेरेन भने पनि जनताबाट जाँदाखेरी यो कुरा हामीले नोट अफ डिसेन्ट लेखेका छौं, संसदमा विरोध गर्दागर्दै हामीले पास गर्यौं भन्दा तपाईले मतचाहीँ पाउनु हुन्छ नि । गर्नेबेला सबै चाहीँ गर्ने । नत्र यो तरिकाले हुँदैन मैले यो कुरा राख्न चाहन्छु । अब दोस्रो कुरा यहाँ फेरि एउटै कुरामा मैले यहाँ राख्दा **LMBIS** को कुराहरु छ । अब यसमा पैसा कति राख्ने भन्ने त त्यो **LMBIS** ले भन्दैन । तर यहाँ त्यसरी गरिएको छ । पैसा अनावश्यक तलमाथिको ढंगले राखिएको छ । यो कुराको लागि पनि मैले यहाँ सुरुमै अनुरोध गर्न चाहन्छु । अब यहाँ जारको पानी के के भनिएको छ । फेरि पनि मैले त्यही कुरा अनुरोध जारको पानी नलेख्नुस्, पानी मिनरलै खानुस् । राम्रो खानुस् । अब यहाँ तपाईको ५० रुपैयाँ भनौं न यहाँ करिब करिब ५० हजार, ६० हजार ५ लाखकै खानुस् न । पानी त त्यसै पनि धेरै खानुपर्छ हरेक रोग प्रतिरोधको लागि । अब तेल खान्न भन्ने राती राती लुकेर कोल चाट्ने जस्तो नगरौंन हामी । अरु चाहीँ तपाईकोचालु भन्या छ, जेजे भन्या

छ, सारा खर्च बढेकै छ । गाडी, साधन, स्रोत, इन्धन सारा चाहीँ सचिवालय, सल्लाहकार, सबै बोर्ड, समिति सारा गर्दै हामीले चाहीँ कुनै हाम्रो त्यहाँ घट्ने कुराहरु छैन । अनिहामीले त्यो किन गर्नु पर्या छ । त्यसकारण यो कुरामा यस्तो यो नाटक नगरौं । यो यही दोहोरिएको छ कृषिको पनि तपाईको पर्यटनको पनि । यसमा मैले निवेदन गर्न चाहन्छु । अब अर्को कुरा यहाँ सुर्खेतकै हकमा कुरा गर्दा जस्तो पर्यटन मन्त्रीजीलाई अब यहाँ करिब अरु जिल्लाकै हकमा करोडदेखि माथि छ । सुर्खेतमा मात्र केन्द्रित हुँदा हाम्रो चानचुन तपाईको एकदमै ३० लाख मात्र हाम्रो केन्द्रित छ । पर्यटन मन्त्रीलाई आग्रह गर्न चाहन्छु यो कसरी हुन सक्छ ? र अरु कतिपय जिल्लामा तपाईले विकेन्द्रित गरेर बजेट ल्याउनु भाछ । सुर्खेतमा त्यहाँ डल्लो राख्नुभाछ । अरु कतिपय जिल्लामा तपाईको Interest के हो ? सुर्खेत के कति कारणले ३० लाख पर्न सक्छ । यो त यहाँ लेखिएको छ नि । यो त म्याथमा छ नि । त्यसकारण यसमा तपाईले या यो प्रिन्टिङ्ग मिस्टेक हो ३ करोडलाई हो कि अथवा ३० लाख हो कि ३ सय हो कि ? के हो यो ? यो त हुन सक्दैन । (**माननीय सभामुख:** सकौं, सकौं माननीय सदस्य) र मैले अन्तिममा सभामुख महोदय, मैले बिट मारैं त्यसकारण यसमा सारको कृषिको पनि यही कुराहरु दोहोरिएका छन्, मैले सारमा भन्नुपर्दा के हो भने तपाईहरु भड्खालमा पस्दै हुनुहुन्छ । मैले यहाँ विषयमा गइन ।

तपाईहरु कार्यविधिमा फस्नु भाछ । मैले भनेको छु बारम्बार तपाईहरु आफ्नो संरचना पनि छैन । स्थानीय तह भन्नुभाछ । कार्यविधि के हुने ठेगान छैन । पैसा तपाईको मुख्यमन्त्री स्वरोजगार अरु विभिन्न ढंगले त्यहाँ चालुतर्फ विभिन्न ढंगले डल्लो बनाएर राख्नुभाछ। यदि (**माननीय सभामुखः** सकौं, सकौं माननीय सदस्य) यो कुरा फेरि पनि माननीयले भेरिफाइ गरेन र यो किसिमले आउन सकेन भने यो दुर्दशा अझ गतको भन्दा पनि हामीले व्यहोर्नुपर्ने स्थिति छ । यस मानेमा मैले सभामुखमार्फत् गम्भीर हुन सरकारलाई पुनः एकदम ठण्डा दिमागले सोचेर अलिकति किताबलाई भाग २ भईहाल्यो अझ चार बनाउ राम्रो बनाउँ केही फरक पर्दैन, यो ढंगले ल्याउ केही फरक पर्दैन, धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री सोशीला शाही ।

**माननीय श्री सोशीला शाही:** सभामुख महोदय, आज हामी छैठौं अधिवेशनको २४औं बैठकमा सहभागी भई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयगत बजेटमाथि छलफल गरिरहँदा मन्त्रालयले निकालेको रातो बुककेही परिवर्तनका साथ ल्याएकोमा धन्यवादका साथै अझै एकमुष्ट रकम केही मन्त्रालयले विनियोजन गरेको भएतापनि त्यसलाई परिवर्तन गरी सिफारिस गरेर पठाएका योजनाहरु समावेश गरी सार्वजनिक नगर्दासम्म विश्वासको वातावरण नरहन पनि सक्छ । त्यही कारणले यो मन्त्रालयगत छलफल हुँदासम्म यथाशीघ्र सार्वजनिक हुनु पर्दछ भन्ने मेरो माग रहेको छ । आज फेरि

त्यही कुरा दोहोर्याएर आउँदा डल्लो अझै फुटेको हो कि भन्ने लागिरहेको छ । विगतका केही तीता अनुभवले विभिन्न आशंका उब्जाउने गर्छ । अस्ति आयोजनाकै क्रममा सिफारिस लिएर मन्त्रालय जाँदा केही मन्त्रालयमा योजनाको विवरण हेर्दा झ्याल-ढोका भन्दापनि साँच्चै धुरीबाट योजना जाँदा रैछन् भन्ने तीतो यथार्थ महसुस पनि भएको छ । अबका दिनमा कुन योजना कुन माननीयको सिफारिसमा आएका हुन् उनको मन्त्रालयमा यथार्थरेकर्ड राखिनु पर्दछ भन्ने मेरो माग रहेको छ । बजेट विनियोजन भएर रातो बुकमा आएका योजनालाई तोडमोड गरी अन्य व्यक्तिबाट कमिशनअसुल्ने बिचौलियाहरूबाट कडाभन्दा कडा कारवाही गरिनु पर्दछ भन्ने कुरा सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको विशेष ध्यानाकर्षण गराउन चाहन्छु । त्यही भएर मेरो विनम्र अनुरोध के छ भने अवसरबादी व्यक्तिहरुको कारणले गर्दा अरुले तपाइ हामी साथी माथि कलंक लाग्ने काम कहीँ कतैबाट हुन दिनु हुँदैन । यसैगरी भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयले लेखेको किताब हेर्दा पूर्णरुपमा अध्ययन गर्ने समय मिलेको त छैन । तैपनि सर्सर्ती राम्रै लागिरहेको छ । जिल्लामा गएको सिचाई अन्तर्गतको एकमुष्ट बजेट फुटाएर माग र आवश्यकतामा आधारित योजना छनोट गरी समावेश गर्नुभएका साथै चालु,पुँजिगत शीर्षक छुट्याएर छोटो समयमा बुक सार्वजनिक गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । यस मन्त्रालयले हालसम्म हामीलाई त उपेक्षा नगरी हरेक क्रियाकलापमा सहभागिता सल्लाह र सुझाव लिनुका साथै सहयोग गर्नुभएकोमा पुन: धन्यवाद दिन चाहन्छु । विगतको इतिहासमा राज्यबाट सामाजिक, सामाजिक, आर्थिक भौगोलिक, साँस्कृतिक लगायत शिक्षा, स्वास्थ्य, रोजगारी, भोग र गरिबीले पछि पर्नुभएका साथै आज विश्वमा महामारीको रुपमा कोरोनाभाइरसले थलापरिरहेको कर्णाली प्रदेश आज अलग्गै प्रदेशको रुपमा राज्य सञ्चालन गर्न पाउँदा हामीले सबैका लागि गौरवको कुरा हो । हामी विविधतामा होइन, एकताको माला गाँसेर राजनीतिक पूर्वाग्रही ढंगले नसोचीअगाडि बढेको खण्डमा कर्णाली प्रदेशको समृद्धि अवश्य हुनेछ । भ्रष्टाचारलाई अन्त्य गरी कागजमा होइन, कार्यान्वयन पक्षलाई ध्यान दिन जरुरी छ । हरेक सरकारका रचनात्मक कामका लागि म र मेरो दलको सहयोग र समर्थन रहने नै छ तर गलत कार्यका लागि जुनसुकै समयमा पनि खबरदारीका साथ विरोधका आवाज उठाउने छौं भन्दै विदा हुन्छु हवस्त । जयराष्ट्रवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरुमाथिको छलफलको क्रममा माननीय सदस्यले उठाउनुभएका

प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २२ गतेको बैठकको सुरुमै समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरु, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६बमोजिम समय तोकिएकोमा सोअनुसार कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको शीर्षकहरुमाथि भोलि असार २२गते छलफल हुने जानकारी गराउँछु ।

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल असार २२ गते सोमबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

□□□

## a}7s ;¥of-@%

(२०७७ साल असार २२ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको २५ औं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (८) बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको शीर्षकहरूमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी. लाई समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सीः-** माननीय सभामुख महोदय, आज हामी यो गरिमामय सदनमा वार्षिक विकास कार्यक्रम बारे छलफल चलाईरहँदा हामी विगतका वार्षिक बजेट तथा विकास कार्यक्रम र समय भन्दा निकै फरक र संवेदनशिल परिस्थितिमा उभिएका छौं । एकातिर विश्व मानवजातिका विरुद्ध कोभिड-१९ विश्व युद्ध भन्दा खतर्नाक युद्ध बनेर प्रवेश गरेको छ भने अर्कोतिर बाली र उत्पादनका विरुद्ध सलह, अमेरिकन फौजी किरा जस्ता भयानक प्रकोप प्राकृतिक विपत्ति बनेर आइरहेका छन् । रोग पछिको भोक हामीमा चुनौतीका रूपमा तेर्सिएको छ । रोजगार, युवा श्रम शक्ति बेरोजगारीमा परिणत भएका छन् । यी सबै विपत्तिका विरुद्ध सम्पूर्ण मानवजाती एकताबद्ध भएर नया ढङ्गले सम्पूर्ण तयारीका साथ लाग्नुपर्ने परिस्थितिमा विडम्बना भन्नुपर्छ हामी आफ्नैभित्रको आन्तरिक विरोधमा फसिरहेका छौं । तैपनि यी सबै डरलाग्दा चुनौतीहरूको सामना गर्ने हिम्मतसहित प्रतिकुल समयलाई अनुकुलतामा बदल्न हामी सबै सकारात्मक सोच र व्यवहारका साथमा अगाडि बढ्नुको अर्को विकल्प नै छैन । माननीय सभामुख महोदय, यस गरिमामय सदनमा आफ्ना सवालहरू उठाएर जवाफ दिने अवसर प्रदान गर्ने माननीयज्यूहरूप्रति म हाम्रो मन्त्रालयको तर्फबाट माननीय सभामुखमार्फत् हार्दिक हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु । माननीय सभामुख महोदय, हाम्रो मन्त्रालयको प्रकृति हेर्दा नै चालु शीर्षक अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने भएको कारण चालु शीर्षकमा ८१ प्रतिशत र पुँजीगत शीर्षकमा १९ प्रतिशतमा मात्रै बजेट रहन गएको छ । समग्र बजेटको १०/४९ प्रतिशत र चालु शीर्षकबाट मात्रै हेर्दा १३ प्रतिशत प्रशासनिक र ८७ प्रतिशत कार्यक्रम खर्च रहन गएको छ । आगामी वर्षको प्रशासनिक खर्च चालु वर्षको भन्दा दश प्रतिशतले घटाइएको व्यहोरा अनुरोध गर्दछु । साथै, गाडी खरिद गर्ने कार्यक्रम कतैपनि

नरहेको तथ्य स्पष्ट गर्दछु । यतिसम्म कि कोल्ड स्टोर र शित स्टोर चिलि सेन्टर र स्रोत केन्द्र जस्ता महत्वपूर्ण कार्यक्रमहरू पनि चालु खर्च शीर्षकमै गएको कुरा यस गरिमामय सदनलाई निवेदन गर्न चाहन्छु । जसका कारण पुँजीगत शीर्षकमा कम बजेट रहन गएको हाम्रो बाध्यता र सिमा अवगत गराउन चाहन्छु । कृषिमा अहिलेसम्म लागु गर्दै आएको अनुदानको मोडेलले खास किसानलाई नछुने गरेको यथार्थतालाई स्वीकार गरेर त्यसलाई बदल्न अनुदान लक्षित वर्गमा मात्र दिनुपर्ने, बैङ्कको पँहुचमा नहुने निम्न तथा निम्न मध्यम किसानका लागि सहुलियत कर्जा, मध्यम तथा ठुला कृषि उद्यमीका लागि ब्याज अनुदान, निजी सहकारी र समुदायसँग सरकारले साझेदारी मोडेलमा ठुला उत्पादन मोडेल तथा बजारीकरणसँग सम्बन्धित कार्य गर्ने र समग्रमा कृषि क्षेत्रको व्यवसायिकरणका लागि उत्पादन र त्यसले सिर्जना गरेको रोजगारीका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराउने हाम्रो अनुदानको मोडालिटिलाई व्यवहारमा अझ प्रभावकारी बनाउन आगामी वर्ष देखि सहुलियत कर्जा र ब्याज अनुदानको कार्यक्रमलाई छिटो भन्दा छिटो लागु गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी रहेको छ । ब्याज अनुदानको कार्यविधि मन्त्रिपरिषद्बाट पास भइसकेकोले बजेट पास भएपछि लगत्तै कार्यान्वयनमा लगिने प्रतिबद्धता जाहेर गर्दछु । कृषि क्षेत्रको अर्को ठुलो चुनौती भनेको कृषि कर्म गर्नेले सूचना नपाउनी, फर्म दर्ता गर्न फुर्सद नपाउनी र प्रस्ताव बनाउन नजान्नी । जसले कृषि कर्म गर्दैन उसले सूचना लिनी झोलामा फर्म दर्ता गरेर राख्नी र प्रस्ताव लेखनमा दखलता राख्ने र अनुदान लिनमा निकै दक्षता राख्नी कार्य बीचको ठुलो अन्तरविरोध हो जसलाई समाधान गर्न हाम्रो मन्त्रालयले स्थापनाकाल देखि नै निकै ठुला प्रयासहरू थालेको छ । जस अन्तर्गत अति विपन्न लक्षित किसान सरकार हातेमालो कार्यक्रम, दलित तथा विपन्न लक्षित कार्यक्रम, सहकारी नमुना गाउँ, अर्गानिक नमुना गाउँ जस्ता सत्तरी वटा नमूना गाउँको कार्यक्रम संख्या सिधै लक्षित समुदायमा जाने गरी अगाडि बढाउने कार्य भएका छन् । मन्त्रालयल बाँकी सबै कार्यक्रम पनि सूचनाका आधारमा होइन विधिले सिधै लक्षित वर्गमा पुऱ्याउने अनुदानलाई प्रभावकारी बनाउन निरन्तर प्रयासरत रहेको छ । फर्म दर्ता गर्न सक्ने, व्यावसायिक योजना बनाउन सक्ने तथा कृषिमा लगानी गरी व्यवसाय सञ्चालन गर्न सक्ने युवाहरूलाई अनुदान होइन बैङ्कसँग जोडेर लगानीमा सहजीकरण गर्ने मन्त्रालयको दीर्घकालीन तथा दीगो लक्ष्यको मोडालिटि तय गरेको छ । मन्त्रालय अन्तर्गतका सबै कार्यक्रमहरूलाई पारदर्शी र परिणाममुखी बनाउन निकै ठुला प्रयासहरू गर्दा गर्दै पनि पूर्ण रूपमा सफलता हासिल गर्न सकेको छैन । विकास बजेट तथा अनुदान सिधै खान पाउनुपर्ने परम्परा बोकेको हाम्रो प्रदेशको लागि केही समयको मात्र प्रयासले उक्त चुनौतीपूर्ण कार्य सम्पन्न गर्न सम्भव नहुने कुरा यो सम्मानित सदन अझ बढी जानकार रहेको छ । यस सन्दर्भमा उठेका सवालहरूलाई सदनले गरेको सकारात्मक प्रयास र सहयोगको रूपमा लिई तत्-तत् स्थानमा निगरानी राख्न र छानबिन गर्न सम्बन्धित निकायलाई निर्देशन गरिसकेको व्यहोरा अवगत गरिन्छ । मानीय सभामुख महोदय गत आर्थिक वर्षमा हुम्लाको चौरी स्रोत केन्द्र स्थापनामा विवाद् आई अख्तियारमा मुद्दा परेको कारणले सञ्चालनमा आई

नसकेको र चालु वर्ष लकडाउनका कारणले काम गर्न नसकोको र डोल्पामा गत वर्ष सामुदायिक स्रोत केन्द्र स्थापना भएको र चालु वर्ष पुनः सरकारी स्रोत केन्द्र स्थापना गर्ने, भेटनरीको नाममा रहेको जमिन मध्यवर्ती क्षेत्रमा परेकोले संघीय सरकारसँग सहमति लिई काम गर्ने झन्झटिलो प्रक्रियाका कारण ढिला भई काम गर्न नसकिएको भएपनि आगामी वर्ष दशवटै जिल्लामा विभिन्न स्रोत केन्द्रका रूपमा सुरू गरिएका र नगरिएका सबै कार्यक्रम अगाडि बढाइने छ । कृषि क्षेत्रमा देखा परेका व्यवसायिकरणको समस्या समाधान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बलियो आधार भनेकै चक्लाबन्दी प्रणालीमा खेती गर्नु हो । हाम्रो जस्तो प्रदेशमा झनै बढी चक्लाबन्दीको आवश्यकतालाई प्राविधिक रूपमा बोध गरी ल्याइएको एक महत्वपूर्ण कार्यक्रम हो । जसबाट कृषि क्षेत्रमा देखा परेको बजारीकरणको समस्यालाई पनि सम्बोधन गर्दछ । यसको सफलताको लागि माननीयज्यूहरूसँग सभामुखमार्फत् सहयोगको अपेक्षा गर्दछु । माननीय सभामुख महोदय, हाम्रो मन्त्रालयले खुला र पारदर्शी रूपमा कार्यालयगत रूपमा रहेको बजेटको अवस्था प्रष्ट रूपमा खुलाएको छ । जम्मा ३१ करोड ४० लाखको सिँचाइ शीर्षकका रहेका बजेटलाई प्रत्येक निर्वाचन क्षेत्रमा एक करोड पच्चीस लाखको दरले समानुपातिक रूपमा वितरण गर्दा रुकुममा ७० करोड सिँचाइ रहने भन्ने प्रश्नै रहेन । निर्वाचन क्षेत्र र पालिकालाई आधार बनाई पालिकालाई विनियोजन गर्दा सबै भन्दा कम पालिका भएको जिल्ला मुगु र त्यसपछि रुकुममा कम बजेट विनियोजित हुन पुग्दो रैछ । समग्रमा बजेटको तुलनात्मक अध्ययन गर्दै क्रमशः सुर्खेत, दैलेख, सल्यान, जुम्ला पछि मात्रै पाँचौं स्थानमा रुकुम बजेट अङ्कमा देखिन्छ । अङ्कमा अलिकति तलमाथि भएपनि समग्रमा जिल्लाहरूमा वितरित बजेटको अङ्क सन्तुलित रहेको दावी तथ्यमा रहेर निवेदन गरिन्छ । तसर्थ, यी माथिका तथ्यबाट पुष्टि हुन्छ कि बजेट केही माननीयहरूज्यूहरूले आशंकित र आरोपित गरेको जस्तो नरहेको निवेदन म गर्दछु ।

माननीय सभामुख महोदय, लक्षित वर्ग विशेष कार्यक्रम हाम्रो मन्त्रालय र मलाई निकै मन परेको र सफल कार्यक्रम मध्येको एक कार्यक्रम हो । यो कार्यक्रमका निरन्तरता र विस्तारका लागि न्यूनतम चालु वर्षको झै चालिस/चालिस लाख उपलब्ध गराउने सोच कोरोना, खाद्य आपूर्ति र स्वरोजगारमा बजेट केन्द्रित गर्न पर्ने भएकोले चालु आर्थिक वर्षमा २७ प्रतिशत घटेर आएको हाम्रो बजेटबाट २०/२० लाख प्रस्तावित गरेर सबै जिल्लामा माननीयको संख्या अनुसार इन्ट्रि गरेर अर्थमा पठाउदा अर्थ मन्त्रालयले बजेट अझ बढी घटाउनु पर्ने र कटाउनु पर्ने बाध्यताका बीचमा बजेट १०/१० लाख घटेर मात्र आएन, मुगुलगायतका धेरै जिल्लाहरूमा खाली र कम भएर आएकोले यसलाई पहिलो चौमासिकमा संशोधन प्रक्रियामार्फत् सच्चाउने प्रतिबद्धता जाहेर गर्दछु । साथै अन्य प्राविधिक भुलहरू पनि भएका छन् यसलाई पनि यसै अन्तर्गत सच्याउने छु । यस शीर्षकमा सुर्खेत, दैलेख र रुकुममा मात्रै माननीयको संख्या अनुसार बजेट गएको र अरू सबै जिल्लामा बजेट कम गएको छ, फेरि पनि रुकुममा बढी बजेट गएको कुरा सत्य नभई चारवटा कार्यक्रमका लागि

४० लाख मात्रै बजेट उल्लेख भएको कुरा पनि अवगत गराउन चाहन्छु । यसमा मन्त्रीको नियतमा खोट नभएर अर्थ मन्त्रालयबाट भएको प्राविधिक भुलको रूपमा बुझ्न निवेदन गर्दछु । यसबारे अर्थसँग सल्लाह गरी थप बजेट व्यवस्था गरीप्रति कार्यक्रम २० लाखको हिसाबले उपलब्ध गराउने प्रतिबद्धता जाहेर गर्दछु । मानीय सभामुख महोदय, आगामी वर्षको कार्यक्रमलाई मन्त्रालयले खाद्य उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने विषयमा केन्द्रित गरेको छ । त्यसो गर्दा एक लाख बराबरको राज्यबाट लगानी गरिदा एक जना रोजगारी सिर्जना गर्ने अनुमानका आधारमा प्रशासनिक खर्च कटाएर बाँकी रहने २ अर्ब ४२ करोड जति बजेटबाट २४ हजार २०० जनशक्तिलाई रोजगारी सिर्जना गर्न सकिने लक्ष्य राखेको छ । मन्त्रालयको करिब अढाई अर्ब बजेटमा संघीय सरकार, स्थानीय सरकार र मन्त्रालयहरूसँग सम्बन्धित परियोजनाहरू, सहकारीहरू र सम्बन्धित लाभग्राहीहरूको लागत सहभागितालाई केन्द्रित गरेर सबै स्रोतहरू एकीकृत रूपले परिचालन गर्दा करिब पचास हजार बेरोजगार व्यक्तिहरूलाई कृषि तथा सहकारी क्षेत्रबाट स्वरोजगार गराउने सकिने लक्ष्य लिएका छौं । माननीय सभामुख महोदय, जसरी हामी रोगका विरुद्ध तीनवटै सरकार, राजनैतिक दलहरू, सरोकारवालाहरू, सबै व्यक्तिहरू आम नागरिक एकताबद्ध भएर अगाडि बढीरहेका छौं , त्यसरी नै भोकका विरुद्ध पनि एकताबद्व भइ उत्पादनमूलक कार्यमा लाग्न आजको ठुलो जिम्मेवारी हुन आएको छ हाम्रो । प्रदेशमा रहेको १८ प्रतिशत खेतियोग्य बाझो जमिनको सदुपयोग गरी खाद्य उत्पादन वृद्दि गर्ने र क्रमशः खाद्यमा आत्मनिर्भर बनाउने सरकारको लक्ष्यलाई पुरा गर्न तत्काल गाउँमा फर्केको करिब ८५ हजार दक्ष युवा जनशक्ति नै काफि हुने कुरा निश्चितै छ । प्रदेशभित्रको बेरोजगार जनशक्ति र बाहिरबाट फर्केको युवालाई तत्काल कृषि क्षेत्रमा समाहित गर्ने गरी ल्याएका हाम्रा सबै कार्यक्रमहरू सफल कार्यान्वयनका लागि सफल एकीकृत र वैज्ञानिक र व्यवहारिक कार्यविधि बनाई लागु गर्न कार्यविधिको अन्तिम तयारी गरी मन्त्रिपरिषद्मा लिनका लागि कानून र अर्थ मन्त्रालयमा सहमतिका लागि आज मात्रै प्रस्ताव पठाइएको छ । प्रमुख प्रतिपक्ष दलका नेताज्यूले भन्नु भएछ, यसपालि श्रावण देखि नै बजेट कार्यान्वयन गर्न सहज हुनेगरी मन्त्रालयले बाटो खोली असारमा भ्याई नभ्याई गरिने असारे विकासे प्रवृत्तिलाई निरुत्साहित गरिने प्रतिबद्धता जाहेर गर्दछु । माननीयज्यूहरूले मन्त्रालयप्रति देखाएको सद्भाव र विश्वासप्रति आभार व्यक्त गर्दछु । यहाँहरूको निरन्तर रचनात्मक सहयोगको अपेक्षासहित जिम्मेवारीमा रहँदासम्म कुनै पनि व्यक्तिगत स्वार्थमा नरही सबै आशंका र भ्रमहरूलाई चिर्दै आफ्नो कार्यक्षेत्रमा रहेका जिम्मेवारीहरूलाई न्यायोचित विधि र थिति बसाएर अगाडि बढाउने प्रतिबद्धता जाहेर गर्दछु । अन्तमा वार्षिक बजेट तथा विकास कार्यक्रम निमार्णमा मार्गदर्शन गर्ने माननीय मुख्यमन्त्रीज्यू, सभामुखज्यू, अर्थमन्त्रीज्यू, मन्त्रीज्यूहरू, उपसभामुखज्यू, प्रमुख प्रतिपक्ष दलका नेताज्यू, प्रतिपक्ष दलका नेताज्यू, माननीयज्यू, प्रमुख सचिवज्यू, प्रमुख सचेतक, तथा सचेतकज्यू, समितिका अध्यक्षज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू सबै, योजना आयोगका उपाध्यक्ष तथा सदस्यज्यूहरू, राजनैतिक दलका आदरणीय नेताज्यूहरू, सहकारी, निजी तथा सामुदायिक क्षेत्र, पत्रकार, बुद्विजिवि तथा

सरोकारवाला सबै साथीहरू र विशेष गरी अहोरात्र खट्ने मन्त्रालयको टिमप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु, हवस्त  धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. ०७७/७८ को प्रस्तावित विनियोजित बजेटको शीर्षकगत छलफलको क्रममा यस गरिमामय सदनमा माननीय सदस्यज्यूहरूबाट प्राप्त अमुल्य सुझाव सल्लाह तथा जिज्ञासाका लागि हार्दिक आभार व्यक्त गर्दे उठाएका जिज्ञासा तथा सवाल माथि प्रष्ट पार्न यहाँ उपस्थित भएको छु । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष ७७/७८ को प्रस्ताव जम्मा बजेट २ अर्ब २७ करोड ७४ लाख ८० हजार मध्ये संघीय सशर्त अनुदान तर्फ २० करोड ७ लाख ५० हजार रहेको छ । मन्त्रालयको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रमको परिधिमा रही सैद्धान्तिक छलफल तथा औपचारिक अनौपचारिक छलफलको क्रममा माननीयज्यूबाट प्राप्त सल्लाह सुझावलाई मनन् गर्दे मन्त्रालयको कार्यगत क्षेत्रगत कार्यक्रमलाई प्राथमिकताकरण गरी कोभिड-१९ विश्वव्यापी महामारीको कारणबाट सिर्जित हुन सक्ने बेरोजगारी तथा भोकमरी समस्या समाधान गर्ने उद्देश्यले खाद्य खरिद तथा भण्डारण आपूर्ति व्यवस्थापन कार्यक्रम नै प्रदेश सरकारको प्राथमिकतामा रहेकोले उक्त कार्यक्रमलाई मन्त्रालयले खाद्य खरिद तथा ढुवानीमा रु. ५० करोड बजेट विनियोजन गरेको जानकारी गराउन चाहन्छु । माननीय सभामुखज्यू, माननीय सदस्यहरूले आफ्नो क्षेत्रमा कम बजेट विनियोजन भएको भन्ने जिज्ञासाको सन्दर्भमा वन तथा वातावरण संरक्षणका कार्यक्रम, सिप विकास तथा कोभिड-१९ विशेष रोजगारमूलक कार्यक्रम जिल्लामा सन्तुलित रूपमा विनियोजन भएको जानकारी गराउन चाहन्छु । मन्त्रालय अन्तर्गत मुख्यमन्त्री रोजगार कार्यक्रको ३०/४० करोड १७ लाख मध्ये स्थानीय तहको साझेदारीमा एक वडा एक अन्न भकारीमा रु. १५ करोड, जडिबुटी तथा उद्यम विकास कार्यक्रम ६ करोड, स्थानीय तहको साझेदारीमा एक वडा एक पोखरी २ करोड, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग पूर्वाधार विकास तर्फ ७ करोड ५० लाख र तटबन्ध तर्फ ११ करोड १५ लाख रकम विनियोजन मुख्यमन्त्री रोजगार कार्यक्रमको कार्यविधि मापदण्डमा आधारमा विनियोजन गर्नुपर्ने भएकोमा हाल प्राविधिक रूपमा त्रुटि हुन गई जिल्लामा टुक्रे योजना समावेश भएको र केही जिल्लामा नटुक्रयाई एकमुष्ट राखिएकोमा माननीय सदस्यहरूको सल्लाह सुझावलाई मध्येनजर गर्दै आर्थिक तथा योजना मन्त्रालयको समन्वयमा उक्त कार्यक्रमलाई पछि संशोधनमार्फत् माथि उल्लेखित शीर्षकमा विनियोजन गर्दा सबै जिल्ला तथा सबै निवार्चन क्षेत्रमा सन्तुलित हुने गरी योजना समावेश हुने कुरा माननीय

सभामुखमार्फत् माननीय सदस्यहरूलाई विश्वास दिलाउन चाहन्छु । चालु आ.व. मा टेण्डर प्रक्रियामा रहेका केही पर्यटन सडक, पर्यटन पूर्वाधार विकासलगायतका यस मन्त्रालयबाट सञ्चालन भइरहेका अन्य योजनाहरू अलपत्र पर्छन् कि भन्ने सम्बन्धमा माननीय सदस्यहरूको सवालमा २०७७/७८ को विनियोजित बजेटको शीर्षकको सम्झौता भई सम्पन्न हुन बाँकी पर्यटन पूर्वाधार विकास शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी विनियोजितमा बजेटमा थप बजेटको व्यवस्थापन गरी त्यस्ता अधुरा कार्यक्रमलाई सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु । अन्तमा यस गरिमामय सभामा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका विनियोजित शीर्षकहरूको छलफलका क्रममा भाग लिने माननीय सदस्यहरूले दिएका अमुल्य सुझाव सल्लाहलाई ग्रहण गर्दै बजेट कार्यान्वयन गरिने विश्वास दिलाउँदै माननीय सभामुखमार्फत् माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अनतर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरू माथिको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (७) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको शीर्षकहरू माथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेलः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष ७७/७८ अन्तर्गत विकास कार्यक्रमको छलफल वा विनियोजन विधेयक अन्तर्गत मन्त्रालयगत छलफलमा एउटा जनप्रतिनिधिका हिसाबले आफ्नो सहभागिता जनाउन यहाँ उपस्थित भएको छु । यो बजेट असार १ गते प्रस्तुत भएको हो हामी सबैको तयारीमै भएको कारणले गर्दा छलफल अहिलेसम्म चलिरहेकै छ । मलाई लागेको केही कुरा यो सम्मानित सभामा माननीय सभामुखमार्फत् आफ्ना केही अनुभूतिहरू आफ्ना केही भनाइहरू सुझावहरू राख्न चाहन्छु । नियमित बजेट अन्तर्गत यो तेस्रो बजेट हो । बजेट यस्तो दस्तावेज कि यसको छलफलमा सहभागीहरू हामी मात्रै होइन छलफलमा सहभागी नभएका तर यसबाट प्रभावित भएका जनताहरू यो दस्तावेजप्रति आकर्षित हुने कुरा स्वभाविक नै हो । यो अनुभवसहितको यो तेस्रो बजेट छलफल हुँदाखेरि पनि लामो समय अवरुद्धताको बाबजुद पनि भाग लिएका छौं । अनुभवसहितको सरकार उपस्थित भएको छ । यो नयाँ प्रादेशिक ढाँचामा यो नयाँ सरकार पनि हो । म फेरि पनि विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु । बजेट आफैमा एउटा संवेदनशिल दस्तावेज हो । यसको यो हाउसमा प्रवेश गर्ने बेला नै पूर्वतयारी विशेष तयारीका साथ आउँछ तर यहाँ छलफल हेर्दा दस्तावेज हेर्दा हामीले प्राप्त गरेका कागजपत्रहरू हेर्दा त्यो संवेदनशिलतालाई जसरी बोक्न पर्थ्यो, त्यो नबोकेको दस्तावेजका रूपमा मैले देखिराको छु । म विनम्रतापूर्वक पहिले पनि भन्ने गरेको र आज पनि म भन्न चाहन्छु, हामीले यो सभालाई र

बैठकलाई कस्तो बनाउने भन्ने कुरा हामीले गर्ने निर्णय र कामकारवाहीबाट पुष्टि हुने हो न कि हाम्रा अगाडि लेखिएका संस्थाका नामका आधारबाट पुष्टि हुने कुरा होइन । यद्यपी समस्या आउँछन् त्यसलाई समाधान पनि हुन्छ । त्यसकारण सरकारले आफ्नो आकार गर्दा विभिन्न निकायहरू तय गरेको छ । संरचनाहरू तय गरेको छ । कसले के काम गर्ने भन्ने कुरा तोकिएको छ । सबैले अनुमान गर्छन् कि बजेट त्यसै अनुसार नै आउँछ, मैले ती नामहरू बताइरहन पर्दैन हाम्रा सात वटा मन्त्रालयहरू छन् । मन्त्रालय अन्तर्गत विभिन्न कार्यालयहरू छन् । ओएण्डएम सर्भे गरेर जिल्ला तहमा हामीले कार्यालयहरू स्थापना गरेका छौं । त्यसका कामहरू परिभाषित गरिएका छन् । त्यसकारणले बजेट ल्याउँदा तदनुकुल जसले जे काम गर्ने हो, बजेट पनि त्यहीँअनुरूप हुनपर्ने हुन्छ । त्यसअनुसार नै आउने कुरा हुन्छ । त्यसअनुसार आए ठिक त्यसअनुसार नआए बेठिक कुरा जो कोहीले पनि बुझ्ने कुरा गर्छ तर हाम्रो दस्तावेज । फेरि पनि विगतमा त हामीले कागज मिलायौं मिलायौं विगतको बजेटमा समस्याका बाबजुद कागज मिलायौं । अहिले पनि म विनम्रताका साथ भन्न चाहन्छु अहिले पनि हामीले कागज मिलाउने गरी नै दस्तावेज ल्यायौं । कागज मिलाउन र कुरा मिलाउन सरकारको गतिविधि हेर्दा कहीँ पनि पछि परेको देखिदैंन । आज म हामीले एक ठाँउमा सातवटा किताब पायौं । थानमा किताब बढे तर चाहे त्यो दलभित्र होस्, चाहे त्यो प्रतिपक्षसँग होस्, चाहे सरकारले जनताका अगाडि सार्वजनिक गरे अनुसारका काम कारबाहि भएन त भन्दा मेरो विचारमा दस्तावेजले त्यसलाई बोक्न सकेन । जब दस्तावेजले बोक्न सक्दैन भने म अनुरोध गर्न चाहन्छु दस्तावेजले जे बोक्न सक्छ सरकारले त्यहीँ बोल्ने परिपाटी गर्यो भने हाम्रो परिपाटी समयको बचत हुन्छ, धारणा बनाउन सजिलो हुन्छ । मैले यसकारण यो भनिरहेको छु कि यद्यपी आज मुख्यमन्त्रीको कार्यालय त्योसँग सम्बद्ध अन्य निकायहरूको आज हामीले छलफल गर्ने कुरा हो त्यहाँ हामीले हेर्यो भने के त्यसले मात्र काम गर्ने बजेटहरू व्यवस्था गरिएको छ त ? भन्दा छैन त । बजेट छ तर अर्कोले काम गर्ने बजेट त्यसमा सामेल गरिएको छ । यसबाट म के देख्छु भने त्यो गाउँपरिषद् वा नगरपरिषद्ले पास गर्ने बजेट र संसदले पास गर्ने बजेटका बीचमा के भिन्नता हुन्छ ? त्या कार्यकारिणी अधिकार दुईवटैले प्रयोग गर्छन् तर यसको लेजिस्लेटिभ वा व्यवस्थापकीय काम कुरा गर्न यहाँ संसद छ, कार्यकारिणी अधिकार प्राप्त गरेको सरकार छ, न्यायालय अलग छ, त्यो भन्दा अलग संरचना हो या त त्यसकारणले म विनम्रता पूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु कि हामीले प्राप्त गरेको जुन बजेट छ, हामीले प्राप्त गरेको जुन दस्तावेज छ, हाम्रो तहको संसदले पास गर्ने दस्तावेजका रूपमा त्यो हो कि होइन त भन्दा सरकारलाई त राम्रै लाग्न सक्छ तर म एउटा जनप्रतिनिधिको रूपमा त्यो दस्तावेज त्रुटिपूर्ण छ, त्यो दस्तावेज बजेटको आकारको जे रूप दिन पर्ने हो त्यसअनुसारको दस्तावेज छैन । मन्त्रीज्यूहरूका छलफल चल्दै जाँदा सरकारमा रहने माननीय मन्त्रीज्यूहरूले भन्नु भएका जवाफप्रति त मेरो अहिले केही भन्नु नै छैन तर म एउटा सरकार सम्झेर संविधान सम्झेर हाम्रो तहको सरकारलाई बलियो र प्रभावकारी बनाउने कसरी होला त त्यस आधारबाट मात्रै मैले यो

विचार यहाँ राखेको हुँ । उदाहरणका निम्ति हामी सबैलाई भनियो विगतमा लामो विवादको बाबजुद त्यो चाहिँ तय गरिएको हो पूर्वाधार विकास कार्यक्रम । दलको बैठकमा के भन्नु भयो के भन्नु भएन यहाँ नभनिहालौँ तर सरकार रप्रतिपक्ष दलको बीचमा छलफल हुँदा सरकारले गरेका कामकार्यवाहीका बारेमा मिडियाले लेखेअनुसार आयो कि नाईं त भन्दा आएन । कि थाहा नभएको हुन पर्‍यो त्यसो भन्दा थाहा छ त्यो काम त्यहींबाट गर्ने हो भन्ने थाहा छ तर म यसकारणले कुरा उठाइराछु कि सरकारको के छ भन्दा साउन १ गते देखि संशोधनलाई मूल बाटो बनाउने जुन तरिका छ, के त्यो संशोधन मूल बाटो बन्न सक्छ बजेट निमार्णको मेरो विचारमा बन्न सक्दैन ? आज हामी मस्यौदामा छलफल चलाईरहेका छौं, तर संशोधनलाई मूल बाटो बनाएर बजेटलाई पारित गर्ने र परिष्कृत गर्ने जुन बाटोमा हामी हिड्दै छौं त्यसले के गर्छ भन्दाखेरि संसदले के पास गर्‍यो, कार्यान्वयन के गर्छ, कुनै ठेगान नहुने बाटोमा यो संसद प्रवेश गर्दैछ । जुन कुरा विगतको अनुभवबाट हामीले थाहा पाउन सक्छौं, हिजो हामीले के पास गर्‍यौं, के कार्यान्वयन भयो यो सम्मानित सदनमा खोज्यो भने पाउन गाह्रो छ । त्यसकारणले संशोधन आजको मस्यौदाले संवोधन गर्नका लागि कानूनमा व्यवस्था गरिएको व्यवस्था हो यो । संशोधनलाई मूल बाटो बनाउँदा त्यसका आफ्ना विकृतिहरू भोलि हामीले गरेर जान पर्ने अवस्था रहन्छ । त्यसकारणले म अनुरोध गर्न चाहन्छु, बजेट संशोधनका नाममा जुन मूल बाटो बनाउने तरिका छ, त्यो गलत तरिका हो । बत्तीले संकेत गरेको छ । म सभामुखज्यूलाई अनुरोध गर्न चाहन्छु म आफ्नो भनाइ संक्षिप्त टुङ्ग्याउन चाहन्छु । यसैक्रममा केही कुराहरू विनियोजनका सन्दर्भमा पनि छलफल चलेका छन् । यो दलीय व्यवस्था हो दलीय पोजिसन अनुसार यहाँ सहभागी हुन सक्ने एउटा अवस्था रहन्छ । सरकार र प्रमुख प्रतिपक्षको के सवाल जवाफ छ, त्यो म एउटा सभासदका हिसाबले सरोकारको विषय भएन तर प्रभाव पार्ने विषय स्वभाविक नै हो तर म विनम्रतापूर्वक नै भन्न चाहन्छु । हिजो एउटा प्रश्न उठ्यो अङ्क र जिरोको रूपमा । मेरा मनमा पनि उठिराछ जान्दाजान्दै आफूलाई अङ्कबाट जिरोमा परिणत गर्ने गरी प्रमुख प्रतिपक्ष त्यो बाटोमा किन हिड्यो त ? यहाँ त संसदले त प्रतिपक्षका आफ्ना भनाइहरू राख्दा राख्दै पनि सभासद्ले संसदले नजरअन्दाज गरेको भए हामी सासंदले उठाउने परिस्थिति बन्थ्यो होला तर म भन्न चाहन्छु, उहाँलाई त्यहीं मन पर्‍यो उहाँ त्यहीं बाटोमा लाग्नु भयो । त्यसमा मेरो भन्नु केही छैन तर पनि फेरि म अनुरोध र आग्रह गर्न चाहन्छु, विश्वासको जुन संकट बजेटका रूपमा जुन देखा परेको छ, फेरि पनि म अनुरोध गर्न चाहन्छु सरकार कुन बाटोबाट हिड्ने हो जवाफ दिने बेलासम्म । मुख्यमन्त्रीको आफ्नो डिउटी र दायित्व छ, सबै मन्त्रालयको नेतृत्व गरेको हो मुख्यमन्त्री म पनि जान्दछु तर मन्त्रालयका आफ्ना परिभाषित जिम्मेवारी छन् । के कारणले भौतिक मन्त्रालयले गर्नुपर्ने काम थाहा हुँदाहुँदै मुख्यमन्त्रीका कारण त्यो बजेट राख्नपर्ने के कारण हो ? आफूले गल्ती गरेको कुराले संसदलाई असजिलो बनाउने गरी संसदले पास गरेको बजेटलाई तलवितल पार्ने गरी बजेट ल्याउने कुराको आवश्यकता यो सरकारको अर्थ मन्त्रीले कसरी महसुस गर्नु भयो ? यो मलाई लाग्छ, ध्यान दिंदा राम्रो हुन्छ । दलीय

व्यवस्था छ सरकार त चलिरहन्छ । त्यसको के प्रभाव भयो के छलफल भयो तपसिलको विषय हो तर पनि म फेरि पनि आग्रह र अनुरोध गर्न चाहन्छु संशोधनलाई नै मूल बाटो बनाएर जाने हो भने हामीले संसदबाट यो बजेट यहीँ पास गऱ्यो भन्ने कुराको कुनै ठेगान हुँदैन कुनै उचित हुँदैन । संशोधन नयाँ बनाउनका निम्ति होइन संशोधन पास गरिएको बजेटलाई कार्यान्वयन गर्दा परिस्थितिले केही समस्या उत्पन्न भयो त्यहाँसम्म पुग्दा केही समस्या भयो भने सम्बोधन गर्नका निम्ति व्यवस्था गरिएको कुरा हो । यद्यपी यो जति किताब आएपनि पिजनहोलमा राखिएकालाई हामीले आधार बनाउने छदैंछ म त्यतापट्टी धेरै ध्यान दिन चाहन्न । हामीले पाएको किताब र असलि रेकर्ड के हो खोज्न त गइएको छैन खोज्न गइयो भने अर्कै पाइएला जस्तो लाग्छ । किताब त हामीले पाइरहेका छौं यसैलाई हामीले असलि मानिरहेका छौं । खोज्दै जाँदा अर्को पाइने, त्यस्तो स्थितिबाट बजेटलाई चलाउने कुरा कुराकानी गर्ने कुरालाई मलाई लाग्छ सरकारले विगतको अनुभवबाट विगतमा पनि समस्याका बाबजुद हामीले बजेट पास गरेको अवस्थामा पनि यसचोटीको बजेट पनि जुन पुनरावृत्ति गर्नुभएको छ, परीक्षामा तपाईंहरू सामेल हुने संसद सिङ्गै फेल हुने गरी जुन परिपाटी सञ्चालन गर्दै हुनुहुन्छ, त्यतापट्टी पुर्नविचार गर्नुस् । जो परीक्षामा सामेल हुनु भएछ फेल र पास पनि उही हुने हो तर परीक्षामा एउटा सामेल हुने तर हामी सिङ्गो संसद परिणत गर्नेगरी बजेट जसरी आइरहेको छ, त्यतापट्टी तपाईंहरूले पुर्नविचार गर्न जरूरी र आवश्यकता म देख्दछु । त्यसपछि सरकारको जो साथीहरू हुनुहुन्छ निर्भिकताका साथ जवाफ त यहाँ दिनुभयो निरिहताको प्रकट गर्नुभयो । कर्मचारी साथीहरूको साथको आवश्यकता त पर्छ नै तर बजेटमा जनताका प्रतिनिधिका भन्दा आ-आफ्ना ठाँउ ठेगानाका जो-जो कर्मचारी साथीहरू हुनुहुन्छ, त्यहीँ-त्यहीँ ठाउँ ठेगानाका योजनाका त उल्लेखनीय संख्या छ त, के यो राम्रो हुन्छ ? यसको मतलब झन त्यहाँ रहने राष्ट्रसेवक कर्मचारी साथीहरू पनि त कुनै न कुनै ठाउँका जनाताले आशा गरेका होलान् तर यो जनप्रतिनिधिमूलक संस्था हो, के त्यस्तो गर्ने कुरा हाम्रा माननीय सरकारमा रहेका साथीहरूलाई राम्रो लागिराको छ त नयाँ योजना नराख्ने भन्नु भएको छ नयाँ योजना दर्जनौंहरू छन् त । म अन्त जान्दैन छिटपुट मै रहेको निर्वाचन क्षेत्रबाट पनि छ त । पुरानालाई जति टेन्डर छ, त्यसको सुनिश्चितता त छैन त त्यसको मतलब अब निमार्ण व्यवसायीलाई काम नगर भन्ने हो ? यद्यपी हामीले देखिरहेका छौं असारे विकास ढोका निरै चलिराछ हाम्रा घरलाई पनि प्रभावित हुने गरी विकास त बढेको बढ्यै छ । दुखका साथ भन्नु पर्ने हुन्छ माननीय सांसदहरूले दलभित्र माननीय सासंदहरूले हाउसभित्र उठाउँदा उठाँउदै पनि हाम्रा कार्यालयहरू असुलउपर गर्ने केन्द्रका रूपमा रूपान्तरित भएको त दैलेखको घटनाले पुष्टि गर्यो नि त । त्यसप्रति सरकार कति संवेदनशिल छ, कति जिम्मेवार छ, त्यसलाई आफूले नैतिक रूपले कति ग्रहण गर्छ त्यो सरकारको कुरा हो तर जनताले त्यसलाई निहालिरहेका छन् । त्यसकारणले मलाई लाग्छ यो समग्र कुरामा अलि गम्भीरतापूर्वक अगाडि बढ्ने कुरा गर्यौं, संसदलाई कुरा मिलाउने कागज मिलाउने थलोको रूपबाट यसलाई विधायिकाको रूपमा लैजाने जे पास गर्छ त्यो कार्यान्वयन गरेको कुरा

जनताले बुझ्ने ढङ्गले अगाडि बढाउन सकियो भने मात्रै यसको गरिमा बढ्न सक्छ र फेरि अन्तमा भन्न चाहन्छु यसले पास गरेको कुरा संशोधनका नाममा मुल्तबिमा राख्ने फेरबदल गर्ने सच्च्याउने अधिकार सरकारमा रहेका साथीहरूलाई पनि छैन तर सहजताका साथ अभ्यास गरिरहनु भाछ । संसदले पास गरेको बजेट जे शीर्षक छ त्यो शीर्षकलाई तलवितल पार्ने अधिकार सरकारलाई छ, मलाई त्यस्तो लाग्दैन । होइन नयाँ रिति समाल्ने हो, नयाँ चिज बसाल्ने हो भने अझै पनि २ दिन ३ दिन समय बाँकी छ । त्यो अर्थ मन्त्रालयमा लागेको लकलाई खोलौं जनताको भावना अनुसार र संसदको भावना अनुसारको दस्तावेजलाई परिमार्जित गरौं, सुधारेर कर्णाली प्रदेशले हिजो त हामी सबैले भन्यौं नयाँ अभ्यास सुरू गऱ्यौं, विनियोजन विधेयकको अभिन्न अङ्ग भनेर पाँचवटा बुँदा हामीले यहाँबाट रुलिङ्ग गऱ्यौं तर हाम्रा अर्थ मन्त्रीले हेरेका हेरेइ बनाईदिनु भयो त त्यस्तो अभ्यास चाहिँ नगरौं । नयाँ अभ्यास गर्न सकिन्छ । नयाँ ढङ्गले जान सकिन्छ । सहमति भयो राजनीतिक तहमा सरकार तयार भयो भने त्यहाँको लक खोल्न सकिन्छ । म जिम्मेवारीका साथ भन्न चाहन्छु किनकि हामी मस्यौदामा छलफल चलाईरहेका छौं तर त्यो लकलाई देखाएर तलवितल गर्न पाइदैन भने त तपाईंहरूले सातवटा किताबमा त तलवितल गरेर ल्याउनुभएको छ । त्यो बाटो त हिडिसक्नु भएको छ । यिनै कुरा राख्दै फेरि पनि म भन चाहन्छु, यो संसदको गरिमा बढाउने गरी हामी सबैले आ-आफ्ना ठाँउबाट भूमिका खेलौं, कार्यकारिणी भूमिका रहेको सरकारले त्यतापट्टी गम्भीरतापूर्वक ध्यान जान जरूरी छ धन्यवाद।

**माननीय सभामुखः**- मानीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालयको शीर्षकहरू माथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अब माननीय श्री यज्ञ बहादुर वि.सी. । यस पछि माननीय श्री झोवा वि.क.तयार रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर बि.सी.**:- सभामुख महोदय, ०७७/७८ को वार्षिक विकास कार्यक्रममा छलफल गर्न म यहाँ उपस्थित भएको छु । जसमध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालयसम्बन्धी वार्षिक विकास बजेट कार्यक्रममा मूलतः म सर्वप्रथम कर्णाली प्रदेश योजना आयोग वार्षिक बजेटको कार्यक्रममा केही कुराहरू यहाँ राख्न गइरहेको छु । सभामुख महोदय, करिब-करिब ५ करोडको हाराहारीमा बजेट तर्जूमा गरिएको कर्णाली प्रदेश योजना आयोग एकचोटी सरर हेर्दा सिर्फ अहिलेसम्म कर्णाली प्रदेशलाई समृद्धि र विकासका निम्ति अगाडि बढाउनका निम्ति हामीले नियमित रूपमा यो वार्षिक बजेट कर्णाली प्रदेश योजना आयोगको रकम अथवा वार्षिक विनियोजित गर्ने प्रक्रिया मात्रै गरिरहेका छौं । मलाई जहाँसम्म लाग्छ सभामुख महोदय हालसम्म कर्णाली प्रदेश योजना आयोगले कार्यकर्ता

भर्ति केन्द्र बनाउने सिर्जना मात्रै गरिएको छ । यसो सरर हेर्दा कर्णाली प्रदेश योजना आयोगको खर्च शीर्षक नम्बर २२५२२ मा चालु खर्चमा बहुक्षेत्रिय पोषण कार्यक्रम भनेर जुन राखिएको छ, एक करोड रुपैंया त्यो जहाँसम्म लाग्छ, कर्णाली प्रदेश योजना आयोगले कर्णाली प्रदेशका सम्पूर्ण योजना तर्जूमा गर्ने सवालमा अहिलेसम्म केही गरिरहेको अवस्था देखिएको छैन र त्यसकारण यहाँ यो के कर्णाली प्रदेशको योजना आयोग । यो पोषण वितरण गर्ने अफिस हो र ? सभामुख महोदय अब यसमा सेवाका कुराहरू पारिश्रमिकका कुराहरू, भत्ता सेवा सुविधाका कुराहरू व्यवस्था गरिएको छ तर यो गरिमामय सदनलाई यो जानकारी छैन कि यस कर्णाली प्रदेश योजना आयोगमा अब कता सुत्केरी सेवा भनेर पनि व्यवस्था गरिएको छ । हुन सक्ला अब यो विषयमा कर्णाली प्रदेश सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु र कर्णाली प्रदेश अहिले भर्खरै त गठन भएको छैन हाम्रो कर्णाली प्रदेश लोक सेवा आयोग अब यसको कार्य सञ्चालन व्यवस्थापन गर्ने गतिविधिका कुराहरू यहाँ उल्लेख गर्ने गरिएका छन्, त्यस्तै मुख्य न्यायाधिवक्ताको कार्यालय सञ्चालन र व्यवस्था गर्न जुन यहाँ व्यवस्था गरिएको छ, अब मैले यसमा धेरै कुराहरू राख्न चाहन्न । सभामुख महोदय, अब म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जुन वार्षिक विकास कार्यक्रम जुन यहाँ प्रस्तुत गरिएको छ । एउटा पहिले सम्रग रूपमा आएको किताबकै जस्तो मलाई जहाँसम्म लाग्छ, हुबहु सेम चाहिँ फोटोकपी नै दोस्रो भाग चाँहि यहाँ प्रस्तुत गरिएको लागिरहेको छ । यसमा चाहिँ कर्णाली प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु, कुन मानेमा भने चाहिँ जुन बजेट वक्तव्यको बुँदा ५५ मा पूर्वाधार विषयक पूर्वाधार रोजगार क्षेत्र विशेष कार्यक्रमको एक अर्ब २० करोड रुपैंया मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जुन राखिएको थियो त्यो पुष्ट्याई चाँहि गरिएको छ, अब पूर्वाधार भौतिक विकास मन्त्रालयमा जाने गरी हामी यो सञ्चालन कार्यविधि निर्देशिका पनि सञ्चालन गर्ने छौं भन्ने खाले कुरा पनि गरिएको छ । मैले भनिरहनुपर्दा यो मानेमा हाम्रो माग पनि यहीँ थियो त्यो एक अरब २० करोड रुपैंया जुन रोजगारमूलक क्षेत्र विशेष कार्यक्रमको रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट होइन भौतिक विकास मन्त्रालयबाट जानुपर्छ भन्ने हाम्रो माग थियो, त्यहीँ सन्दर्भमा म आज सम्बन्धित मन्त्रीज्यूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु सरकारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु तर आज यो फेरि भोलि प्रस्तुत गरिने पूर्वाधार विकास मन्त्रालयको त्यो किताबमा यदि आएन भने म यो प्रदेश सरकारलाई यो पनि अनुरोध गर्न चाहन्छु, फेरि त्यो धन्यवाद फिर्ता लिन नपरोस् भन्ने कुरा पनि म राख्न चाहन्छु सभामुख महोदय र बजेट वक्तव्य को बुँदा नम्बर ५५ मा विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न र जनप्रतिनिधिको स्वामित्व र आत्मनिर्भरता अभिवृद्धि गर्नका लागि जुन २० करोड रुपैंया जुन छुट्याइएको छ, त्यसका निम्ति म चाहिँ प्रदेश सरकारलाई विनम्र अनुरोध गर्न चाहन्छु, गत वर्षको चाहिँ कार्यविधिमा र समानुपातिक सांसदहरूलाई एउटा चाहिँ विभेदकारी नीति ल्याइएको थियो । अब हामीले यो गरिमामय सदनका सम्पूर्ण माननीयज्यूहरू हामी एक किसिमले नीति निमार्ण गर्ने हो तर यो जुन विभेदकारी जुन यो कार्यक्रम रहेको छ, सरकारले अब आउने जुन यो कार्यक्रम छ

७७/०७८ को रोजगारमूलक विशेष कार्यक्रम एक अरब बीस करोडमा हामी चाहिँ सम्पूर्ण माननीयहरूको एक किसिमको स्वामित्व र अधिकार जुन संविधान २०७२ मा व्यवस्था गरिएको जुन समान अधिकार छ त्यसलाई व्यवस्थापन गर्नका निम्ति सभामुख महोदयमार्फत् निर्वाचित सांसदले हामी समानुपातिक सांसदहरूलाई एक किसिमले विभेदकारी नीतिलाई अन्त्य गर्नका निम्ति समान रूप एक किसिमले स्वामित्व निमार्ण गर्न सरकारले केही नभएपनि हाम्रो पनि अपनत्व गर्नका लागि १६ जना हामी माननीय छौं, हाम्रो पनि अपनत्व होस् भन्नका खातिर ६०/४० को हुनपर्छ भन्ने मान्यता राख्दै मेरो भनाइ यहाँ सक्काउँछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री झोवा वि.क. । यस पछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री झोवा वि.क.**:- माननीय सभामुख महोदय, योजना आयोगको मुख्यमन्त्रीको दुईवटा किताब हातमा आयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को अलि किताब लामो ठुलो सबै मन्त्रीको मुख्यमन्त्री भएर अलि ठुलो छ । यो आयोगको चाहिँ अलि सानो छ । के गरौं त भाषा चाहिँ जनजातिको छोरी भएर भाषा चाहिँ कमिको कारणले अलि फटाफट बोल्न सक्दैन । त्यहीँ पनि मलाई आफै गर्व छ । तपाईंहरू यति माननीय भएपछि मेरो भाषा एक पनि जान्नहुन्न तर म तपाईंहरूको भाषा जानेर माइकको अगाडि म आएको छु । त्यसैले मलाई चाहिँ आफै गर्व छ । अहिले चाहिँ कोसिस गरेपछि हुँदो रहेछ भनेर म आाफै आजभोलि खुसी नै छु । अनि यो चाहिँ करिब पाँच करोड छ यो के मा लगानी गर्ने कि योजना आयोगले । करिब करिब पाँच करोड हुन लाग्यो । त्यसैले कहाँ कहाँ लगानी गर्ने हो कि कहाँ कहाँ के गर्ने हो कि थाहा छैन । अनि मुख्यमन्त्रीकोमा जहिले पनि डल्लै डल्लै, पोहोर पनि डल्ला अहिले पनि डल्ला भनेर हामीले त्यहि डल्लालाई मात्र खोजेर मात्र गयो धेरै चाहिँ दश दिन एघार दिन सदन अवरुद्ध पनि भयो । अब डल्ला भनेर मासुमा डल्ला भए त अपरेशन गर्न पर्थ्यो होला अब मासुमा डल्ला परेन मनमा डल्ला पर्यो । अब मनमा डल्ला परेको अपरेशन कहाँ गर्ने जाउँला । यसो गर्दै-गर्दै धौ-धौ गर्दै हिजो हामी समिति आएर आउन त लाग्यो तर भोलिबाट हुन्छ । हुन्छ कि हुँदैन अलि निश्चित छैन र त्यसैले जानु गयो भनेर यो मुख्यमन्त्रीबाट गएकोलाई मुख्यमन्त्रीलाई धन्यवाद दिएर भोलि त्यहीँ नआएपछि फेरि धन्यवाद फिर्ता कसरी ल्याउने ? यो पनि समस्या छ । फिर्ताले भन्दा दिएनन् भने के हुने हो ? लिने भए पनि कसरी लिने ? यहीँ त गाह्रो छ, अब यो अरू अरूको मन्त्री धेरै छ, सभामुखज्यू, मन्त्री धेरै छ । हामी चाहिँ एउटै निर्वाचन क्षेत्रबाट आएको माननीय हो, अब बोलाउनु भयो भने आज मिटिङ्ग छ आइज भनेर हामी सबै माननीयहरू गएर त कसैले जिरो राख्ने कसैले एक दुई दिने । म खुसी पनि छु । अब जिरो राख्न किन परेछ त ? अरू प्रत्यक्षलाई जिरो दिएपछि म समानुपातिकलाई एक दुई दिएपछि मन शान्त त हन्छ त । हुन त यो प्रदेशका अरू पनि तर घर लाउने होइन आफै छोरा छोरीको बिहे गर्ने होइन । उहि जनतालाई हो । हामी समानुपातिकको पनि घर लाउने होइन बिहे गर्ने होइन उही जनतालाई जाने हो ।

त्यसैले हामीलाई त जिरो किन राख्यो त ? यो जिरो राखेको मलाई एकदम दुख छ । त्यसैले मैले भने त किताब आउन सुरूमा किताब आउने बेला हामी खुसी नै थियौं । पछि किताब आइसकेपछि मारौं कि मरौं भयो । अब भन्ने कुरा भएन । अब रोऊँ भने किन रुनी ? अर्को साल पनि छ । रुन त किन परेछ र । समानुपातिक निर्वाचित भएर म जनताबाट चुनिएको मान्छे भएर रुनु कसरी रुनु । रुन त मन लागेछैन । त्यै पनि जनता अगाडि के भनौंला भनेर चिन्ता नै छ । त्यसैले यस्तो कहिल्यै पनि नगर्नु होला । भोलि यो मुख्यमन्त्रीकोबाट आउने भोलि आएपछि फेरि हामी आ-आफ्नै ठाँउमा उभाउने हो । त्यती बेला गाह्रो होला । धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री अमृता शाही । यस पछि माननीय श्री शोशिला शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज वार्षिक बजेट मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र  प्रदेश योजना आयोग कार्यालयको बजेटमा छलफलमा भाग लिदैंछु । यो प्रदेश योजना आयोगको  कार्यालय लेखिएको छ । अब योजना त खोइ थाहा भएन मलाई त्यती जानकारी छैन तर यसमा कर्मचारीको तलब भत्ता बस्ने घर भाडा पानी बत्ती सबै रैछ । अरू सबै रैछ । करिब करिब पाँच करोडको खर्च हुँदो रैछ यसमा र अरू सबै ठिकै हो, यसमा महिला कर्मचारीहरू कति हुनुहुँदो रैछ । प्रसुती स्याहार भत्ता भनेर आठ हजार राखिएको रहेछ, यो पनि आवश्यक नै होला, यो के हो मलाई यसबारे थाहा भएन र अब यो योजना आयोगले योजना बनाएर सरसल्लाह दिने, अथवा कोलाई हो दिने मुख्यमन्त्री परिषद्लाई होला, उहाँहरूलाई थाहा होला कति योजना बनाएर दिनु भयो । अथवा योजनाहरूको सरसल्लाह के के कस्तो हुन्छ, उहाँहरूलाई थाहा होला । हामीलाई त बजेट पनि पर्दैन हामीलाई सल्लाह पनि छैन यसबारेमा म धेरै बोल्न पनि चाहिन र मलाई जानकारी पनि धेरै भएन । अनि यो चाहिँ मुख्यमन्त्री कार्यालयमा यसमा लोक सेवा आयोगको भर्खरै स्थापना हुँदै रैछ । यसमा अर्को चाहिँ न्यायाधिवक्ताको रैछ । म सर्वप्रथम यो मुख्यमन्त्री कार्यालयको बारेमा यो पूर्वाधारतिर जाँदै गरेको बजेट गयो कि गएन अब यसमा त आएछ, जाँदैछ कि गैसक्यो कि यो भोलिको कुराले बताउने हो र यो मुख्यमन्त्रीको प्रदेश परिषद् बैठकको लागि भनेर यहाँ छुट्याउनुभएको छ । यो पूर्वाधारतिर गएछ । अघि पनि हाम्रो माननीयज्यूले भन्नुभयो, यो चाहिँ यदि आएन यो भोलि जस्तै मुख्यमन्त्री कार्यालयबाट पूर्वाधारमा गएको छ, पूर्वाधारमा कहाँ-कहाँ लगाउने हो, कता लगाउने हो यो चाहिँ प्रष्ट हुन पर्छ । त्यो भोलि आउने दस्तावेजमा चाहिँ प्रष्ट भएर आउन पर्छ । कुन ठाँउ कति विकास गर्ने हो अनि यहाँ लक्षित वर्ग र बाढी पहिरो सबै यहाँ छ, जति-जति अस्तिको दस्तावेजमा मुख्यमन्त्री कार्यालयबाट आएको थियो त्यस्तै किसिमले यहाँ आएको छ, यहाँ जति आएको छ, यसमा समानुपातिक पूर्वाधार विकासको लागि पोहोर पनि आएकै थियो, अहिले पनि आएकै छ, अहिले २० करोड आएको छ, यसमा चाहिँ यो आएको पूर्वाधारतिर गएर जुन जुन उद्देश्यले यो आएको छ, त्यो

उद्देश्य चाहिँ यहाँ डल्लो भएर नबसिराखोस् किनकि गाउँका गरिब जनताहरूको घरमा जाओस् । नाना, खाना र छाना पनि यसैमा छ, यो चाहिँ सँधैभरी किताबमा मात्रै आउने र गरिब जनताहरूको घरमा जाओस् र गरिब जनाताहरूले आफूले अनुभव गरुन कि कर्णाली प्रदेशमा हाम्रो पनि सरकार छ , हामीले पनि अलिकति भएपनि सेवा सुविधा अथवा हामीलाई राहत भयो भन्ने चाहिँ आशा गरेका छन् । उनीहरूको आशा पुरा होस् भन्न चाहन्छु र यो पूर्वाधारतिरको अघि पनि माननीयज्यूले भनिसक्नु भएको छ, हामीलाई विभेद गर्न भएन, समानुपातिकलाई त यो बजेट पहिलै हामीले यो कोरोनातिर लगाउने भनेको त्यो पनि लगाउनु भएन । त्यो पनि सिधै यतै आयो पूर्वाधारतिर । त्यसैले ४०/६० को हिसाबले हामीलाई पनि विकास गर्न अथवा हामीले पनि हामीले चाहेको ठाँउमा अथवा हाम्रो क्षेत्रको जनताहरूलाई यो विकासको बजेट चाहिँ हामीले लिन पाँउ र हामीलाई विभेद नहोस् हामीलाई १६ जना हामी सभासद् समानुपातिकका छौं हामीले ४०/६० को त्यो चाँहि पाउन पर्छ र हामीले पनि विकासमा भाग लिन पाउन पर्छ र अघि धेरै कुरा आइसके मुख्यमन्त्रीज्यूले सभामुख मार्फत, मैले पनि सुनाए वर्षे साल यो बजेट एकमुष्ट आउने अनि खर्च भयो कि भएन कहाँ भयो कसका जनताले पाए, कहाँका जनताले पाए, कहाँको लक्षित अथवा गरिब वर्गले पाए त्यो चाहिँ अहिलेसम्म हामीले सुन्न पनि पाएका छैनौं, देख्न पनि पाएका छैनौं र अहिले चाहिँ अब पूर्वाधारबाट यो चाहिँ कहाँ-कहाँ हो कता-कता हो लक्षित वर्गले पाउन र अहिले कर्णालीमा कोरोनाले गर्दा मान्छेहरू एकदमै विदेशबाट आउने, इन्डियाबाट आउने, इन्डिया भनेको त हाम्रो छिमेकि राष्ट्र पनि भयो त्यो भन्दा बाहिरबाट पनि मान्छेहरू आएर रोजगारी छैन । विस्तारै गर्दा यो सलह किराले पनि यहाँ कर्णालीमा आहट मच्चाउँन थालेको छ, हामीलाई दुख माथि दुख भइरहेको छ, यसको बारे । त्यसैले यो बजेट चाहिँ तिनि दुखमा परेका जनताहरूलाई राम्रो काममा लगाएर सय दिने रोजगारी हुन्छ यो मुख्यमन्त्री रोजगारमा । प्रधानमन्त्रीको पोहोरको सय दिने रोजगारीले बाटामा घाँस उखेले सय दिनसम्म र त्यस्तो रोजगारी नआओस्, किनकि उनीहरूको घरमा सधैंभरी चुल्हो बल्ने खालको रोजगारी आओस् र यहाँ कर्णाली प्रदेशका जनताले एकदम गरिब खान नपाएका जनता, दुई छाक खान नपाउने जनताले चाहिँ दुई छाक खान पाउन भन्दै र यो किताबमा जस्तै डल्लो आएको छ आज सबैले हजुरलाई हामी संसदीय दलको नेता बाहेक सबैले धन्यवाद दिएका छौं । यो किताब पूर्वाधारको भोलिको दिनमा कहाँ विकास गर्ने कहाँ कसलाई कहाँ लगाउने सबै छुट्टाछुट्टै आओस् र हामीले त्यो धन्यवाद चाहिँ हजुरलाई दिएका छौं । फेरि हामीले रोष्टममा उभिएर नाराबाजी गर्न नपरोस् र यो चाहिँ एकदमै होसियार भएर डल्लो बजेट चाहिँ छुट्याएर ल्याउनुहोला भन्दै सभामुखमार्फत् धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः-** माननीय श्री सोशीला शाही । यसपछि श्री ठम्मरबहादुर बिष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सोशीला शाहीः-** सभामुख महोदय, आज हामी छैठौं अधिवेशनको २५ औं बैठकमा सहभागी भई मन्त्रालयगत बजेट विनियोजन माथि छलफल गर्ने क्रममा आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय माथि छलफल गरिरहेका छौं । यसैगरी छलफलकै क्रममा मुख्यमन्त्री कार्यालयले हरेक शीर्षक अन्तर्गतको कार्यक्रम लक्षितसहित उख्लेख गरी सबैले बुझ्ने भाषामा उल्लेख गरी आएकोमा धन्यवादका साथै भोलि यसले सार्थकता पाउने गरी जोड दिनका लागि अनुरोध गर्दछु । विगतका वर्षमा पनि यस्तै रोजगारमूलक कार्यक्रम आएता पनि खास त्यसको प्रभाव जनतामा पर्न सकेको छैन । सायद यसको प्रभाव कोरोना कारणले पनि हुन सक्छ । तैपनि जुन रूपमा हुनुपर्ने हो, त्यो आजसम्म नआएको हुँदा यसलाई साँच्चै जनताको जीवनस्तरमा परिवर्तन ल्याउने गरी गर्नुपर्छ यसैगरी प्रदेश योजना आयोगको यस वर्षको बजेट हेर्दा करिब पाँच करोडको हाराहारी रहेको छ । आयोग गठन भएको २ वर्ष बढी भइसकेको अवस्थामा यसको खासै प्रभाव र भूमिका नदेखिएकोले यसलाई अझै प्रभावकारी र सशक्त बनाएर अगडि वढाउने कुरामा जोड दिनु पर्छ । यसैगरी लोकसेवा आयोगको विधेयक ल्याई ऐन बनेको पनि धेरै हुँदासम्म पनि प्रदेश लोक सेवा आयोग गठन गर्न नसक्नु दुर्भाग्य हो तर यस वर्ष आयोग गठन गरी सञ्चालनका लागि बजेटसहित विनियोजन गरिसकेपछि यसलाई कार्यान्वयन गर्न अनिवार्य देखिन्छ भने मुख्य न्यायाधिवक्ताको कार्यालय, मुख्यमन्त्रीको कार्यालय, लोकसेवा आयोगको कार्यालय अन्तर्गतको पूर्ण रूपमा चालु कहीँकतै देखिन भने लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयमा कर्मचारीहरूको सरुवा भ्रमण खर्च भनेर उल्लेख गरिएकोले यो त्यती सान्दर्भिक शीर्षक जस्तो लागिरहेको छैन । यसैगरी हामीले कार्यक्रम मात्रै ल्याएका छौं कि त्यसलाई प्रभावकारी बनाउनका लागि भ्रष्टाचार नियन्त्रणसम्बन्धी ठोस कार्यक्रम कतै देखिन्न । मेरो अनुरोध के रहेको छ भने साँच्चै कर्णाली प्रदेश लाई समृद्ध बनाउनका लागि शक्तिशाली अधिकार सम्पन्न भ्रष्टाचार नियन्त्रण आयोग गठन गरी प्रभावकारी तवरले अगाडि नबढ्नेसम्म जति समृद्धिका नारा लागे पनि सम्भव देखिदैंन । त्यहीं भएर कार्यक्रम कार्यान्वयनको पाटोलाई ध्यान दिई अगाडि बढ्नका लागि हरेक सकारात्मक रचनात्मक कामका लागि म र मेरो दलको सहयोग र समर्थन रहने नै छ । जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** माननीय सभामुख महोदय, हामी आज खास गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतका चारवटा विभागीय मन्त्रालय अन्तर्गतको छलफलको क्रममा छौं । यस अन्तर्गत यहाँ यो खास गरी यो बैठक चलिरहँदा खेरि मलाई यो अनुभूति भइरहेको छ । के भो भने अलिकति समय अलिकति कम भयो जस्तो मलाई लाग्छ । २/३ वटा विषयहरू एकै दिन राख्दा यति जसरी गहिराइमा माननीयज्यूहरूले राख्ने मन्त्रीज्यूहरूले पनि त्यो विषयमा अलि सोच्ने, घोत्लिने अध्ययन गर्ने अनि सुझाव दिने हो ।

त्यसकारण यो सम्बन्धमा अलिकति यो कार्यव्यवस्था समिति भन्ने छ उहाँहरूको पनि ध्यान नपुगेको हो कि सरकारले पनि अलि ध्यान नदिएको हो कि समय दिएर मिलाउनु पर्थ्यो । जे जति कारणले भएपनि आखिरी हामीले वार्षिक एउटा बजेट तयार गर्दै छौं, त्यसमा फोरम दिदाँखेरि अलिकति समय कम भयो कि भन्ने भयो । यो सँससँगै अर्को अन्तरविरोध के छ भने समय त एकातिर कम भयो अर्कोतिर उदासिनता के हो भन्ने कुरा सरकारले अथवा संसद सचिवालयले त्यो कुरा पनि विशेष गरेर सरकारले चाहिँ अध्ययन पनि गर्न पर्यो । जसरी अब नैराश्यता निस्क्रियता जस्तो पनि अब यहाँ देखिएको छ । विगतको अहिलेको अनुभूतिले हेर्दा यहाँ किनकि सुरूमा चाहिँ २० गते देखि चाहिँ हामीले सुरू गर्‍यौं । ३३ जनाको उपस्थिति थियो त्यसमा ४ जनामात्र बोल्नु भयो । हिजो ३८ जनामा ७ जना मात्र बोल्नु भयो । फेरि एकातिर समय यसै त्यहीँ भएको समय पनि प्रयोग भइरहेको छैन । त्यसकारणले भोलि हुन्छ कि हुन्न हुन्छ भन्ने हुन्छ भन्नुस भन्ने बेला फेरि तपाईंको जिब्रै ननिस्कने भयो भने चाहिँ सरकारलाई संसदलाई त फेरि गाह्रो पर्ला । त्यसकारणले किन चाहिँ स्वर सुक्दै गयो माननीयज्यूहरूको अलि त्यहाँ एउटा अध्ययन अनुसन्धान भन्ने छ नि त्यता पनि लाउन पर्यो । यो चाहिँ राम्रो संकेत होइन । शुभ संकेत होइन । अर्को कुरा जहाँसम्म विषयवस्तुको हिसाबले यहाँ राख्दाखेरि अब बजेट जसरी चाहिँ आएको छ, यो खास गरी दफावार म केही पोइन्टहरू यहाँ राख्दा जस्तो यो एउटै शीर्षकमा मुख्यमन्त्रीसँग हाम्रा कुडा भन्ने चारवटा उपशीर्षकमा आएको छ तर यसलाई एउटै शीर्षकमा राख्दा हुन्छ जस्तो सफ्टवयर, पोर्टल अथवा इन्टरनेट जे भने पनि त्यसलाई अलिकति बुझ्न भन्दा एकै ठाँउ शीर्षकमा राखेर यसलाई बुझ्न सजिलो हुन्छ होला जस्तो मलाई लाग्छ । अर्को यो कुरामा मैले सम्भवतः एउटा टेलिभिजनमा हेर्‍याथे । हाम्मा कुडा हाम्मा मुख्यमन्त्री, मुगु या हुम्ला कतातिर गरेको हो । यसलाई अलिकति जनस्तरसँगै जोड्ने नै हो भने अलिकति त्यो ढङ्गले जस्तो उनासीवटै पालिका त्या पदाधिकारीहरूलाई जोड्ने सम्बन्धित क्षेत्रको माननीयलाई जोड्ने र सर्वपक्षियप्रतिनिधित्व गराउने त्यो खालको भयो भने चाहिँ अलिकति हुन्छ । नभए यो अलिकति खिसिटिउरीतिर जाने र यसले खासै आउटपुट दिँदैन भने यो राज्यको पैसा खेर जाने खालको स्थिति हुन्छ र फेरि एउटा सह-अस्तित्व, सहकार्य र समन्वयमा चल्ने छ भनेको छ तर यहाँ के भयो भने जोगी देखि भैंसी तर्सिने जस्तो स्थानीय तहले प्रदेशलाई बाधाजस्तो देख्ने हामीले चाहिँ तल स्थानीय तहले यस्तो गर्देनन् दिन्नन् स्थानीय तहले भन्ने त भने जस्तो भाछ त्यलाई मेटाउने ढङ्गले अलि यो फोकल भएर जान सक्यो भने यसको अर्थ छ, मैले बुझ्छु । दोस्रो कुरा यहाँ श्रमदिनको कुराहरू आएको छ, यसलाई हामीले भन्दा पनि बाहिर अलिअलि मान्छेले खिसिटिउरी गर्ने फेसबुकमा लेख्ने, यतिकै जाने अनेक फोटो खिचेका छन्, फेसबुकमा हालेका छन् भनेर आएको छ । अब हुनत यसको लागि केही लाख रुपैंया छुट्याएको छ, अब त्यसको चाहिँ श्रमदान गर्नलाई पैसा नै छुट्याउन पर्ने होइन । यदि छुट्याउन पर्ने हो भने त्यसलाई अलिकति बजेटको प्रवाहसँग जोड्ने जनताको तत् तत् ठाँउबाट गर्ने चाहिँ कहाँ हो तपाईंको अलिकति औद्योगिक क्षेत्रतिर गएर गर्नेतिर बनायौं भने संयुक्त राज्यको चाहिँ पैसा

दुरूपयोग हुनबाट बच्ला यसले केही चाहिँ रिजल्ट देला भन्ने चाहिँ मलाई लाग्छ । अब अर्को चाहिँ यो सँगसँगै यहाँ तपाईंको यसमा अर्थ मन्त्रालय अन्य मन्त्रालय भनेर चाहिँ तपाईंको १.१ मा लेखेको छ एकीकृत बस्ती विकासमा, पूर्वाधार विकास मन्त्रालय भनेर र अर्को शीर्षक के छ भने तपाईंको भौतिक पूर्वाधार विकास मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय भनको छ जहाँसम्म अन्य मन्त्रालय विषयगत मन्त्रालय भन्नु भन्दा यो अलि अन्यौल हुन्छ भौतिक पूर्वाधार नै यहाँ लेख्न पर्यो । यसमा आवश्यक परे भौतिक पूर्वाधारले समन्वय गर्ने गरिकन उसले गर्न सक्छ त्यो लेख्न पर्यो अर्को यहाँ के छ भने तपाईंको यो प्रदेश लोकसेवा आयोग र न्यायाधिवक्ताको कार्यालयमा एकपट्टी चाहिँ चियापान स्वागत खर्च सर्च के भनेर लेखिएको छ । लोकसेवा आयोगमा के चिया नै नखाने यति स्ट्रोङ्ग सरकार किन भयो यहाँ पनि चिया सिया पानी सानीको व्यवस्था गर्ने गरी कि २ वटै हटाउन पर्यो नत्र फेरि कर्मचारीलाई साँच्चीकै तपाईंलाई चाहिँ स्ट्रोङ्ग रुल रेगुलेशन हो भने त भोलि फेरि हामीलाईसमेत जवाफ दिन पर्ने हुन सक्छ । त्यसकारण यलाई यसरी मिलाएर लगौं भन्ने लाग्छ । अब जहाँसम्म यो ३/४ वटा शीर्षकमा मुख्यमन्त्री जीविकोपार्जनमा एकीकृत बस्ती, मुख्यमन्त्री रोजगार, उज्यालो कर्णाली भनेर जो हिजो यहाँ पनि भनिराख्या छ डल्लो अथवा जुन केन्द्रिकृत बजेट आएको छ अब यसलाई बारम्बार भनेको के हो भने यसैलाई पनि अलि कार्यविधिमा खुलाएर के-के गर्ने भन्ने किसिममा आएको भए यो धेरै सुल्टो पर्थ्यो । हामीले जनतामा यो हुँदैछ भन्ने किसिमले हुन्थ्यो । विगत २/३ वर्षदेखि हामी डल्लो भन्ने फेरि कुन सरकारले के गर्यो भन्ने एउटा संशय भएको हुनाले यो अलिकति शंकाको घेरामा पनि छ र यो कसरी हुन सक्छ भन्ने कुरा शंकाकै बीचबाट कुरा उठेको हो । त्यसकारण मेरो सुझाव के छ भने यसलाई २/३ वटा कुरा कमसेकम अर्धदक्ष र दक्ष र सामान्य के हो भन्ने कुरा मुख्यमन्त्री अथवा प्रधानमन्त्री भनेर मान्छेले खिल्ली उडाउने यसै यसै गर्छन् भन्ने खालको जो बनेको छ यसलाई कमसेकम दक्ष, अर्धदक्ष र साँच्चै विदेशबाट आएको मान्छेलाई हामीले रोजगार दिने हो भने त्यसलाई हामीले क्याटागोराइज गर्न पर्यो । त्यो तर्फ आजै लाग्न पर्यो सरकार । आजै लागेर त्यसको चाहिँ क्याटागोरी गर्न पर्यो । दोस्रो कुरा यसमा चाहिँ डरलाग्दो स्थिति कस्तो छ भने केही राजनीतिक दलका कार्यकर्ता केही बिचौलिया चाहिँ उ गर्ने खासै चाहिँ सम्बन्धित वर्गका कर्णालीका दुरदराजमा नपुग्ने सुर्खेत दैलेखमा नपुग्ने विभिन्न ठाउँका दुरदराजमा नपुग्ने वर्ग, क्षेत्र, लिङ्ग, महिला, दलित, अल्पसंख्यक, लोपोन्मुख अलि त्यो टाइपकोलाई केन्द्रित गरेर आयो भने चाहिँ सरकारले साँच्चीकै यिनीहरूको आत्मालाई सुखद पक्ष भनेर त्यसले सम्मान हुने र केही चाहिँ अर्थतन्त्रको रोजगार हामीले नाफा देख्याछौं त्यसमा यसले चाहिँ केही गर्न सक्छ कि केही आउटपुट भन्ने मलाई लाग्छ । नभए फेरि चाहिँ हामी उही पुरानो दुर्घटना श्रृङ्खलातिर घट्न सक्छ यसले राम्रो म्यासेज दिन्न । अब अर्को कुरा अब यो प्रदेशको चाहिँ जस्तो हामी योजना आयोगको छलफलमा छौं कुरा पनि भैराछ तर योजना आयोगको उपाध्यक्ष नै यहाँ हुनुहुन्न । योजना आयोगको त सम्भवतः प्रतिनिधि नै हुनुहुन्न क्यारे । यो अलिकति डरलाग्दो स्थिति भयो । यो पनि अघि मैले माननीयले संकेत गरे जस्तै उहाँहरूलाई

उहाँहरू त यहाँसम्म आउने जाँगर पनि भएन यो के भयो ? कमसेकम यहाँसम्म आउने गरी यो त डेली छलफल भइराछ, उहाँहरूलाई पनि एउटा आउटपुट हुन्थ्यो । त्यो त एउटा राज्यको अङ्ग बनिसकेको छ । राज्यको साधन स्रोत खर्च भइसकेको छ त्यसैले यसले राम्रो म्यासेज जाँदैन । त्यसकारण यलाई चाहिँ सरकारले अलि समिक्षा गरोस् भन्ने मैले सुझाव दिन चाहन्छु । अब यो तपाईंको जस्तो यो प्रदेश योजना आयोगसँग २५.१ मा बहुक्षेत्रिय पोषण कार्यक्रम भनेर लेखेको छ, यो प्रष्ट भएन कि त निर्वाचन क्षेत्रगत भन्न पर्यो, बहुक्षेत्रगत भन्दा चाहिँ उहि हिजोको ५ विकास क्षेत्र भने जस्तो अर्थ लाग्ने भयो । अर्को चाहिँ कहाँ हो यसको फोकस ? पैसा त धेरै ठुलो छ यसमा तर यो चाहिँ खुलाएर आएको छैन । अर्को विविध खर्च भनेर चाहिँ विविध लेखिएको छ । यसमा कमसेकम खुलाउँदा ६.१ मा खुलाउँदाखेरि यसमा धेरै राम्रो हुन्छ जस्तो मलाई लाग्छ । त्यसकारण मैले खास गरी यिनै कुराहरू यो सदन सम्मानित संसद समक्ष निवेदन गर्दै र पुनः सभामुखलाई समयको लागि धन्यवाद दिदैं विदा हुन्छु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (६) बमोजिम समय तोकिएकोमा सो अनुसार कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गतको भौतिक विकास पूर्वाधार मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरू माथि भोलि असार २३ गते छलफल हुने जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार २३ गते मंगलबार दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

(मिति २०७७ असार २३ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरु, कर्णाली प्रदेश सभाको छैंठौ अधिवेशनको छब्बिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ। (के होला माननीय सदस्य?)

**माननीय श्री यामलाल कँडेल:** माननीय सभामुख महोदय हामी विनियोजन विधेयकअन्तर्गत वार्षिक कार्यक्रममा छलफल चलाईरहेका छौ ।छलफल अगाडी बढाइरहँदा हामीले प्राप्त गरेको दस्ताबेजको आधारबाट सम्मानित सदनको सभामुखमार्फत् स्वयम् सभामुखज्यूको र सिङ्गो सभाको म ध्यानाकर्षण गर्न चाहन्छु । बजेट एउटा संवेदनशील डकुमेन्ट हो । त्यसकारणले हामी सबैको यसमा चासो छ । तर हामीले प्राप्त गरेका डकुमेन्ट्का आधारबाट हेर्ने हो भने प्रस्तुत गरेको बजेटको भोलुम छलफल गर्दै जाँदा बजेटको भोलुम बढ्दै गएको देखिन्छ । सभामुख महोदय, हिजो हामीले जुन मन्त्रालयसँग छलफल चलायौं र आज हामी जुन मन्त्रालयसँग छलफल चलाउने गरी सरकारका तर्फटबाट हामीले जे दस्तावेज प्राप्त गरेका छौं ती दस्तावेजहरुलाई हेर्नेहो भने स्वयम् सभामुखज्यूले पनि आफैले पनि एकिन गर्न सक्नु हुन्छ की यस चोटी हामीले सरकारले प्रस्तुत गरेको बजेटको भोलुम ३३ अरब समथिङ्ग छ । हिजो हामीले छलफल गरेको र आज हामीले छलफल गरेको मन्त्रालयगत विनियोजन शीर्षकलाई यदी हेर्ने हो भने त्यो रकम बढेको देखिन्छ । सभामुख महोदय, दस्तावेजबाटै (**माननीय सभामुख:** यो विषय छलफलको क्रममै आउला) होइन सभामुख महोदय, जुन छलफलका लागि सारिएको दस्ताबेज नै त्रुटीपूर्ण आधारपत्र छ । म सभामुखज्यूलाई यद्दपी यो हाम्रो प्रचलन हो। अहिले नै यसो गर्नुहोस् र उसो गर्नुहोस् म भन्न सक्दिन । सम्मानित सभामा तर हामीले प्रयोग गरेको प्रचलन नै एउटा आगामी दिनका लागि एउटा अभ्यास हो सभामुख महोदय । हाम्रा डकुमेन्टसले के देखाइरहेको छ भने म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु, बजेट प्रस्तुत गर्दा आर्थिक विधेयक, विनियोजन विधेयक र त्यससँग सम्वन्धित आश्रित विधेयक यो सभा समक्ष प्रस्तुत गरिएको छ । हामीले पास गर्ने आधिकारिक दस्तावेज भनेका तीनै हुन् । सभामुख महोदय, सरकार सुधारउन्मूख छ । त्यसका निम्ति त म धन्यवाद दिन चाहन्छु तर यदी सुधारको पथमा हिडेको हो भने त्योसँग सम्वन्धित सबै दस्तावेजहरु सुधारका पथमा हिडेका भए मैले यो प्रश्न उठाउनु पर्ने अवस्था रहँदैन थ्यो सभामुख महोदय । जब मूल दस्तावेज जस्ताको तस्तै रहने तपसिलमा लेखिएका दस्तावेजहरू हामीलाई छलफलका निम्ति जुन प्राप्त भएका छन् त्यसको आफैमा महत्वपूर्ण अर्थ राख्दाराख्दै पनि त्यसको त्यो खास अर्थ रहदैन । सभामुख महोदय, त्यो चित्त बुझाउनका लागि लेखिएको अर्थ रहन्छ ।

म उदाहरण स्वरुप भन्न चाहन्छु । यो सभामा विगतमा पनि उठेको र अहिले पनि उठेको र हिजोको छलफलमा खाली मैले एउटा प्रश्न उठाएको थिए । एउटा मन्त्रालयमा गरिने चिज त्यो मन्त्रालयमा किन राखिएको होला भन्ने मात्र ठानेको थिएँ । जब म छलफलबाट भाग लिएर बाहिर पुग्दा मैले एउटा अर्को किताब प्राप्त गरें । सभामुख महोदय, त्यो किताबमा त्यो किताबको अध्ययन गर्दा र मैले भाग लिएको किताबको अध्ययन गर्दा जो कोहीले पनि अनुमान गर्न लगाउन सकिन्छ कि बजेट बदलिएको छ । सभामुख महोदय, वा बजेट थपिएको छ सभामुख महोदय । यो अब सुधार गर्दा खेरी हामी पहिला प्रस्तुत गरेको बजेटमा रहन सकिन्छ सभामुख महोदय । तर अहिले प्राप्त गरेकालाई हेर्ने हो भने ३३ अरबबाट यो ३४ अरबमा खुड्किलो टेक्दैछ । सभामुख महोदय, छलफल चलाउँदै जाँदा बजेटको रकम बढ्ने भए त यो छलफललाई चलाउँदै जाँदा राम्रो हुन्छ । हाम्रो जस्तो प्रदेशमा म यसकारणले यो भन्न चाहन्छु की यो विधेयकको अन्तिममा लेखिएको छ यसमा हामी सबै सचेत छौं । यसमा ३३ करोड ३३ अरबको ब्रेकडाउन गरिएको छ । हिजो एक अरब ३० करोड मुख्यमन्त्रीको कार्यालयमा पनि समावेश गरिएको छ । त्यसलाई कोलममा लेखिएको छ । यसको कार्यान्वनय गर्ने कुरा भौतिक योजना मन्त्रालय, पूर्वाधार मन्त्रालयबाट गरिनेछ भनि लेखिएको छ । तर आज फेरि मैले प्राप्त गरेको किताबमा यो पूर्वाधारको एक अरब २० करोड रुपैयाँ यसमा पनि लेखिएर दशै जिल्लामा २४ वटा निर्वाचन क्षेत्रमा पाँच करोडका दरले विनियोजन गरेको यहाँ लेखिएको छ । सभामुख महोदय, सुधारउन्मूख बाटो राम्रो छ । तर यसमा सुधार गरियो भने तपसिलको दस्तावेज हो जुन मूल दस्तावेज हो । यो जस्ताको तस्तै छ । सभामुख महोदय, त्यसकारणले म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु । हामीले गरेको अभ्यास प्रचलनमा रुपान्तरित हुन सक्छ । त्यसकारणले म यो सवाल जवाफको कुरा होइन कुनै स्पष्टिकरणको कुरा होइन, चित्त नबुझेको कुरा होइन, सन्तुलन र असन्तुलनको कुरा होइन । जब अङ्कले नै बजेटको भोलुम हामीले प्राप्त गरेका किताबबाट ३३ अरबबाट ३४ अरबमा जाँदैछ । विनियोजन विधेयकमा (माननीय सभामुख: छोटोमा माननीय सदस्य) विनियोजन विधेयकमा लेखिएको भन्दा अर्को ढंगले किताब प्रस्तुत गर्ने जुन प्रचलनको सुरुवात गरिएको छ । म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु यो प्रचलन राम्रो होयन । यो प्रचलन सुखत होइन । त्यसकारणले म सभामुखज्यूको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु । वितेको केही छैन । सुधारउन्मूख बाटोमा सरकार हिंडेको छ भने त्यसअनुसार सबै दस्तावेजहरुलाई सुधारउन्मूख ढंगले अगाडी बढ्ने कुरा गरियो भने त्यो संसदका निम्ति राम्रो सुरुवात हुनेछ । अन्यथा फेरि हाम्रो प्रचलन म भन्न चाहन्छु विनम्रतापूर्वक प्रचलन यसलाई देख्दादेख्दै अन्यथा गरियो भने मलाई लाग्छ प्रचलन अर्को नकारात्मक दिशातिर अगाडी बढ्न सक्छ । त्यसकारणले पनि म सभामुखज्यूको नै (माननीय सभामुख: अन्तरवस्तुको कुरा हो माननीय सदस्य छलफलको क्रममा उठाउँ सम्वन्धित मन्त्रीले जवाफ दिनुहोला ।) सम्मानित चियरसँग म धेरै सवाल जवाफ गर्न अन्तरवस्तुको होइन कि अन्तरवस्तुको जम्माजम्मी नै अन्तर पर्ने गरी जे कागजपत्र सरकारले

सचिवालयमार्फत् हामीले प्राप्त गरेका छौं त्यो दस्तावेजको अध्ययन सचिवालयले नै गरेको होला । मैले गरेको छैन भन्न चाहन्न । त्यसकारणले यो अन्तरवस्तुको विषय होइन । सभामुख महोदय, यो मूल विषयसँग सम्वन्धित छ । जुन मूल विषयसँग असम्वन्धित दस्तावेज छलफल गर्नुको कुनै पनि अर्थ रहँदैन ।

सभामुख महोदय, त्यसकारणले पछाडि लेखिएका किताबहरू यदि योसँग मेल खान्छन् भने त्यो बहस, छलफल अर्थपूर्ण हुन्छ । अन्यथा फेरि पनि म भन्न चाहन्छु । मैले भन्दै आएको छु । यो थलो कागज मिलाउनेमा रुपन्तरित नहोस् । म फेरि पनि विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु की यो विषयमा सभामुख स्वयंको गम्भिरतापूर्वक ध्यानाकर्षण गरोस् र यसलाई पुनर्विचार गरेर सभा सञ्चालन गर्ने तिर माननीय सभामुखको ध्यान जाओस भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** सुझावका लागि धन्यवाद माननीय सदस्य । माननीय सदस्यहरु कर्णाली प्रदेश नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तरगतको भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको योजनाहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्माननीय सभामुख महोदय सम्माननीय सभामुखज्यूको अनुमतिले आजका विषयमा छलफल गर्न म गइरहेको छु ।भौतिक विकास मन्त्रालय र आर्थिक मामिला मन्त्रालयका विषयहरु आइरहेका छन् । हिजो अस्तीहामीहरुले अरु-अरु विषयमा छलफल गर्यौं र यो अहिले भर्खरै पनि सुनियो सम्माननीय सभामुख माननीय महोदय यदि त्यस्ताहरु मिलेका छैनन् भने यो अहिले पनि हम्रो मस्यौदा नै हो । यो मस्यौदामा मिलाउन सकिन्छ नै होला । त्यस्तो भएको छ भने त्यो बजेट घटबढ केले प्रमाणित गर्छ भन्ने कुरो त्यसमा सरकारले जवाफ दिने नै होला र त्यो अङ्क जोड्दा खेरी बढि देखिनु हुँदैन यो स्वभाविक कुरा हो सभामुख महोदय यसमा मेरो पनि समर्थन छ । र अर्को कुरो जुनसरकार सुझावउन्मुख ढंगले आयो एउटा अंग्रेजीमा भनाइ छ Learning by doing भन्छन् गर्दै जाने सिक्दै जाने पनि हो ।त्यो भावना अनुसार जानु पनि पर्छ र जुन बेलासम्म हामीले एउटा माग राखेका थियौं सभामुख महोदय हाम्रो माग थियो कि किताब क्लिएर भएर आउनु पर्छ । पुँजीगत खर्च देखिएन, चालु देखिएन । त्यो क्लिएर भएर आओस् एकमुष्ठ रकमलाई टुक्र्याएर उपशीर्षकमा राखेर ल्याइयोस् र एक बिसलाई भौतिक मन्त्रालयको मार्फत् सञ्चालन हुने भएको हुनाले त्यहीमार्फत् आवस भनेर जुन प्रतिपक्षले हिजो त्यो कुरा राखेको थियो, सभामुख महोदय त्यही ढंगले नै हामीले चै त्यो प्राप्त गरेका छौं । त्यसको रकमको कुरा मिल्ने कुरामा चाहिँ मिल्नुपर्छ । त्यो चाहीँ सरकारको आफ्नो जवाफ होला । सरकारले आफूले जवाफ दिनुपर्छ नकि ३३ अरव ३३ अरब ७४ करोड १३ लाख ५३ हजारको

बजेट ३४ अरबको हुनु हुँदैन । त्यो कुरालाई हामी पनि सहमति जनाउन चाहान्छौं । अब अहिले आइसकेपछि भौतिकका कार्यक्रमहरु आइरहेका छन्। म भौतिकबाटै जान चाहान्छु सभामुख महोदय, यो कसलाई कति पर्यो या परेन भन्ने कुरा होइन । जुन आएर हामीत कति पर्यो भन्ने हामीलाई थाहा पनि छैन तर एउटा सिस्टममा कसरी आएको छ भने हिजो केही बाँकी भएकालाई बनाउने तिनीहरुको चाहीं continuation गर्ने र नयाँहरुलाई चाहीं अहिले गएर अब यसको एकिकृत गरेर नयाँ योजनाहरुलाई चाहीं हामीले समावेश गरेका छौं । त्यस्को अध्ययन गरिसकेपछि तिनीहरु चाहीं अगाडि बढ्ने कुरा भए । अब सरकारले ल्याइसकेपछि सरकारको जिम्मेवारी हामी सांसदहरुको जिम्मेवारी स्थानीय तहको जिम्मेवारी के हुन जान्छ भने अब यो करिब-करिब अन्तिम वर्ष भएको हुनाले यी योजनाहरुलाई अर्को वर्षहामीले पनि अब नयाँ योजनाहरु थपेर ल्याउने कुराहरुचाहीं अब होला जस्तो लाग्दैन । यसमा चाहीं सरकारले पनि ख्याल गर्नुपर्छ । यी भएका योजनाहरु कम्पिलीट हुने गरेर अर्को वर्ष हामी जानुपर्छ भन्ने लाग्छ । अस्ती सम्माननीय सभामुख महोदय, आर्थिक मामिला मन्त्रीले गर्दाखेरी हाम्रो प्लानिङको अवस्था नै अप्ठयारो भयो । यलाई कसरी अगाडि बढाउने होला ? कसरी लाने होला भन्ने कुरो मैले छ्यास्स सुने यहि रोस्टमबाट नै उहाँले भन्नुभएको जस्तो लाग्छ । त्यले हामीलाई के गराउँछ भने यही किताबले जति योजनाहरु आएका छन्, या ति जनता सडकका नाममा हुन् या कृषिका नाममा हुन्, या खानेपानीका नाममा हुन् या सिंचाइका नाममा हुन् । यही दस्ताबेजलाई अब हामीले अगाडी बढाउनु पर्छ न कि पुरानो कम्पिलिट नहुँदै अर्कोको लागि राख्ने प्रचलन चाहिँ हामीले अहिलेबाट हटायौं भने यी भएका योजनाहरुबाट कैंयौ माननीयज्यूहरुले यो भुम्रामा पर्दाखेरी उहाँहरुले भनेका योजना छुटेका हुन सक्छन् । त्यो चाहिँ सम्बन्धित मन्त्रालयहरुले ध्यान दिनुपर्छ भन्ने लाग्छ । त्यो कता-कता सुन्नमा आएको छ, हामीलाई चाहीं पहिला बोलाइयो । हामीलाई निवेदन देऊ भनियो तर निवेदन चाहिँ हामीले दियौं फेरि बजेट चाहिँ कहाँ-कहाँबाट के-के भयो। हामीलाई त एउटा पनि परेनन् भन्ने पनि सुनिएका छन्, त्यो कति सत्य हो कति, के हो त्यो तपाईहरुले बुझ्ने कुरा हो । अब यसैलाई गयौं भने हाम्रो यो कार्यकाल जुन यो ५ वर्षको हाम्रो कार्यकाल छ, यो मुलुकको यो सबै कुराहरु हाम्रो प्रदेशको सबै कुराहरुलाई चाहीं परिपूर्ति हुन सक्छ भन्नेचाहिँ म सुझाव दिन चाहन्छु ।र विशेषगरेर कुरा चाहीं अगाडिको भए पनि कृषिहरुका आइरहेका छन् उपलब्धिमूलक । अब यो वर्ष भनेको हाम्रो के-के उपलब्धि भयो टुरिजमको पनि त्यस्तै होला के-के उपलब्धि भयो,त्यो कुरामा पनि यहाँहरुले ध्यानदिनुपर्छ भन्ने मैले सोचेको छु । जुन अहिले चाहिँ आएको कुरामा Technically के-के कुराहरु छन्, मिलाउनु पर्ला तर अब एउटा सिधा लाटो जनताले पनि किताब हेर्यो भने मेरो गाउँमा यो परेछ मेरो गाउँमा यो परेन । सशर्तमा यो परेछ, समानीकरणमा यो परेछ पुँजीगतमा यो भएछ भन्नेकुरा देखिएको छ । अहिले मैले के देखिरहेको छु भने जहिले पनि भने अस्ती पनि भने आज भौतिक मन्त्री एवम् मुख्यमन्त्रीको कार्यक्रम छ, त्यसमाथि हामी छलफल गरिरहेका छौं तर उहाँकोनै प्रमुख सचिव चाहिँ यो कार्यक्रम छलफल हुँदाखेरी उहाँ आउनुहुन्न यले के देखाउँछ ? यले के देखाउँछ

भने मुख्यमन्त्री त जिल्ला विकास समितिको सभापति हो म नगए पनि हुन्छ । यस्तो अवस्थामा उहाँले त अहिले पछाडी बसेर तर्क दिने हो, चिट लेख्ने हो, यो-यो गर्नुहोस् भन्ने हो । यो पनि देखिएन । अस्ती म यही रोष्टमबाट केही बोलिसकेपछि मैले केही देखिरहेको छु भने आज मैले देखिरहेको छु आर्थिक मामिलाका सचिवलाई मैले देखिरहेको छु । आज भौतिकका सचिवलाई देखिरहेको छु । भौतिक मन्त्री मात्र नभएर मुख्यमन्त्री पनि भएको हुनाले त्यो बेला उपस्थित हुन जरुरी हो की होइन ? किनकी तपाईहरुलाईत्यो आफ्नो संस्था कसरी चल्छ भन्नेनै थाहा भएन । सभामुख महोदाय त्यसकारणले मैले कैयौं कुराहरुमा यहाँ देखिएको छ । हामीले कति सुझावहरू दियौं । हामीले बिगार्नको लागि होइन सपार्नका लागि सुझावहरु दिइरहेका छौ । म एउटा कुरा फेरि पनि भन्न चाहन्छु ।यहाँ के गरियो भने एउटा कुरा पुँजीगत खर्च देखाइयो भने चालु कम देखिन्छ चालु कम देखिएपछि हामी अरुलाई तर्कदिन सक्छौं । के भनेर दिन सक्छौं भने हाम्रो प्रदेशमा तपुँजीगत खर्च धेरै छ चालु कम छ भनेर भन्छौ भनेर ति-ति खर्चहरुलाई हामीले केमा राखेका छौं ।पुँजीगत राखेका छौं। म एउटा उदाहरण दिन चाहन्छु मैले सभामुख महोदय अनौपचारिकरुपमा पनि सभामुख महोदयमार्फत् म मुख्यमन्त्रीज्यूलाई भन्न चाहान्छु उहाँमार्फत् पनि अहिले गएको जुन रकम छ, त्यो फ्रिजहुने रकम हो भनेर मैले भनेको थिएँ । सभामुख महोदय यो रकम फ्रिज यसकारणले हुन्छ यो तपाईको अनुदान होइन, चालुहो भने तपाईले अनुदान दिन सक्नुहुन्छ तर त्यलाईतपाईहरुले पुँजीगत भनेर राख्नु भो त्यो विद्युतीकरणको पैसा चालु हुन सक्दैन । अबत्यो पुँजीगत हो त्यो पैसा गइसकेपछि काम हुन्छ, काम भैसकेपछि जति काम भयो भयो भएन फिर्ता आउँछ भन्दाखेरि उहाँहरुको दिमागमा के राखिएको छ भने यो त अनुदान हो ।स्थानीय पालिकाहरुको संचित खातामा कोषमा जान्छ भन्ने कुरा चाहीँ कसले हो यो भ्रम राखेको छ । त्यसरी चाहीँ यो अगाडि बढ्दैन सभामुख महोदय । ति कुराहरुमा हामीले विनियोजन विधेयकमा लेख्यौं कार्यविधिमा हामीले के लेख्यौं कार्यविधिमा लेखिएका कुराहरु मेल खान्छन् कि खाँदैनन् भन्ने कुराहरुलाई हामीले सम्झनु पर्छ ।जस्तै मैले के भने भने त्यो अनुदान दिने पैसा चालुमै खर्च राखेको भए त्यो दिन पठाउन सकिन्थ्यो । जस्तै अहिले आएर सभामुख महोदय यो शिक्षाका धेरै तालिमका हुन्छन्, त्यो पनि के हो भने चालु पनि पुँजी निर्माण गर्ने भयो भने त्यलाई पुँजीगत नै मानिन्छ । चालु भएपनि जस्तै Training गर्ने हो भने एउटा पुँजी उत्पादन गर्ने कुराहरु त्यस्तरी राख्नु भो । अहिले फेरि अर्को ढंगले गयो अनि ह्या एउटा सुनाइदिन्छन् । त्यतिमात्र होइन, मुख्यमन्त्री कार्यालय एउटा अचम्मको रहेछ सभामुख महोदय के भनि चिठी लेखेको छ भने प्रदेश लेखाहरुलाई पैसा निकासाका लागि सहजीकरण गरिदिनुहोला अर्को वर्षको लागि सुनिश्चित गरिने छ भनेर भनिएको छ ।अर्को वर्ष यो सरकार रहेन भने सभामुख महोदय कहाँबाट सुनिश्चित हुन्छ त्यहि मान्छे लेख्ने मान्छे रहेन भने कहाँबाट सुनिश्चित हुन्छ सभामुख महोदय । म एउटा उदाहरण दिन चाहान्छु सभामुख महोदय कि आर्थिक मामिलाका सचिव यो भन्दा अगाडिका सचिवले पूर्व स्वीकृति नलिएको हुनाले रकम निकासा गर्न मिल्दैन भन्ने हो ।फेरि अर्को सचिव आए । सचिव त एउटा संस्था

न हो । आएपछि के भने पूर्व स्वीकृत लिनु पर्दैन । गाडी चढ्ने कुरा महंगो खर्च गर्ने कुरा गर्ने मान्छेको नैतिकताको कुरा हो । कानूनले चाहीँ तेले छेक्दैन भन्यो । व्यक्ति विशेषमा त्यस्तो । त्यसकारणले अलिकति म भन्न चाहन्छु की सरकारले पनि विचार गरोस्, विमर्श गरोस्, छलफल गरोस् । हचुवाको तालमा । अब त अब त दुई वर्ष आम्ममा अहिले त के भने अहिले त के भने सभामुख महोदय, दुई वर्षको बच्चा पनि मोवाइल चलाएर गीतमा नाच्ने भइसक्यो । सरकारले त धेरै कुराहरु जानिसकेको हुनुपर्थ्यो । र जहिले पनि प्रतिपक्षले सरकारलाई ढाल्ने, सरकारलाई गिराउने सरकारलाई कमजोर गराउने अथवा संसदलाई कमजोर गराउनेमा हामी कहिल्यै पनि कोही पनि गएका छैनौं । सबैले एउटा सपोर्ट गरेर यसको संस्थागत विकास होस् यो संस्था हाम्रोसँग अगाडी बढोस् भन्ने दृष्टिकोणले हामी अगाडी बढिरहेका छौं । त्यसमा अलिकति विचार पुऱ्याउनु पर्ने छ । जसले गर्दा खेरी कर्णालीको महत्व बढ्ने छ । कर्णालीको मैले अस्ती पनि भनेको थिएँ सभामुख महोदय, मेरो एक जनाको बेइजत हुनु भनेको सिङ्गो कर्णालीको बेइजत हुनु हो भन्ने कुरा गर्छौं । त्यसकारण यी कुराहरुलाई अलिकत ख्याल गरेर गर्यौं भने भविष्यका दिनहरू पनि राम्रो हुँदै जालान् । र यी जुन सुधारउन्मुख ढंगले आएको छ । त्यसको लागि त मैले पनि मेरो एक जना दलको माननीयले भन्नु भो हामी सबैले धन्यवाद दिइसक्यौ नेताले दिएको छैन भन्नु भयो । त्यो भनेपछि नेताको मनमा रैनछ कि भन्ने छ होला मैले पनि धन्यवाद दिए राम्रो गरेको लागि र अझै राम्रो गर्नका लागि हामीले अनुरोध पनि गऱ्यौं । र यहाँ उठेका प्रश्नहरू छन् जसले गर्दा खेरी भोली कसैले पनि औंलो नठाउने अवस्थामा पुगोस् हाम्रो विकासले गति लियोस् । मनपरी ढंगले चाहीँ सदन चलेको छ भन्ने नहोस् । मनपरी ढंगले सरकार चलेको छ भन्ने पनि कुरा नहोस् । यी कुराहरुमा महत्वपूर्ण आज दुई वटा मन्त्रालय एउटा जले अर्थ पैसा दिन्छ र अर्कोले सबैभन्दा ठूलो मन्त्रालय किनकी हामी भौतिक रुपले भौतिक विकासको रुपले हामी पछि परेको मन्त्रालयको यसमा धेरै जनताहरुको अपेक्षा हुनु पनि स्वभाविक हुन्छ । सभामुख महोदय, कसैलाई खानेपानी चाहिएको छ, कसैलाई सिंचाइ चाहिएको छ, कसैले सडक चाहिएको छ, कसैलाई एयरपोर्ट चाहिएको होला, हाम्रो गति र मतिले के कति गर्न सक्छौं ? ती कुराहरुलाई भविष्यमा कम्प्लिट हुने गरी यो दस्ताबेज यो कार्यक्रम जाओस् । नकी यो बजेट सेसन सिद्धिने बित्तिकै कर्मचारीहरु घर विदामा जाने, मन्त्रीहरू टुरमा जाने यस्तो कुरा नहोस् । यो म के अनुरोध गर्न चाहन्छु भने यदि हाम्रो बजेट अगाडी त्यसरीबढेर गयो भने श्रावणबाट नै केही कुराहरू चाहीँ बाँकी होलान् केही कुरा छन् । विभिन्न केही कुरा बनाउनु पर्ने बाहेक साउन १ गते/२ गते नसके पनि पहिलो हप्तामा गयो है भन्ने सुन्न पाउँ । अहिलेको हाम्रो टेण्डरहरु हरेक टेन्डरहरु ढिलोमा असोज हैन भने भदौ सम्ममा टेण्डर गर्ने प्रक्रिया अगाडी बढोस् । तेले गर्दा खेरी सरकारको इज्जत पनि बढ्ने छ । हामी सांसदहरूको पनि इज्जत पनि बढ्ने छ । त्यो कुरा गरियोस् । नकी अब बजेट भैहाल्यो । यिनलाई लटरपटर गरिहालियौं अब सुतेर जाने हो भने काँक्रेविहारको बेहाल भएजस्तै फेरिहेर्न

नपरोस् । यहाँको बाटाघाटाको बेहाल भएजस्तै फेरि हेर्नु नपरोस् । यहि सुझाव दिँदै म मेरा भनाइहरू यही टुङ्ग्याउछु धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख:** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ अन्तरगतको भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरु माथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री चन्द्रबहादुर शाही, यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री चन्द्रबहादुर शाही:** माननीय सभामुखज्यू, विभिन्न उतारचढावका बीच भौतिक पूर्वाधार र आर्थिक मामिला मन्त्रालयले सम्मानित सदनमा विनियोजन विधेयकका पुस्तकहरु छलफलको लागि टेवुल गरिएको छ । म माननीय माननीय मन्त्रीज्यू र मन्त्रालयलाई म धन्यवाद दिन चाहन्छु । म सलोट गर्न चाहन्छु । तर सभामुख महोदय, के वास्दो कुखुरी चल्ला खुडीमा माउ छैन । मनमा सन्तुष्टी छैन । देखिने घाउ छैन । प्रदेश सरकारको सार उठाउने जनता सडक नीति कार्यक्रममा त्यसलाई निरन्तरता दिइएको छ भनेर हामी यहाँ उर्लेर भाषण गर्‍यौ तर पहिला जनता सडक कुन हो ? भन्ने कुरै हामीले थाहा पाएनौं । न संसदले थाहा पाएका छन्, माननीय मन्त्रीज्यू र मन्त्रालयले थाहा पाएको छ । जनता सडक गत साल विनियोजन भएको बजेटका जनता सडक कुन की ? त्यो भन्दा अगाडीका आ.व. मा विनियोजन भएका सडक हुन् ? यसमा हामी प्रष्ट हुन सकिरहेको अवस्था छैन । यदि गत साल मात्र विनियोजन भएका सडकहरू हुन् भने मेरो निर्वाचन क्षेत्रमा पाँच करोड तीस लाख रुपियाँमात्र जनता सडकमा भनेर दुई वटा गाको छ । जनता सडक त गत सालको यदी कन्टिन्यू हुने हो भने दश लाख हुन पर्ने हो । तेही भित्रको पनि मेरो एउटा निर्वाचन क्षेत्रको गत साल मैले तेही जनता सडक भित्रको एक करोड हालेको झुवला माझचौर रारा सडक अहिले त्यो पुस्तकबाट बाहिरएछ । छुटेछ । अब त्यो किन छुट्यो अब त्यो मन्त्रालयले अब थाहा पाउने कुरा हो । अर्को हामीले जहिले पनि हाउसमा दलमा भन्दै आएका छौं जो रुख जुवाइ उले चुली भट्ट्याख्वाइ भन्छौं । हाम्रो उखान छ, एउटा जो रुख जान सक्छ उसैले मात्र चुली खान सक्छ । यहाँ अहिले पनि अहिले पनि माननीय मन्त्रीज्यूका निर्वाचन क्षेत्र र मन्त्रीज्यू नभएका निर्वाचन क्षेत्रमा अझै पनि विभेद तल र माथि पारेर बजेट देखिएको छ । या हो रुकुम होस् या हुम्ला होस् या कालिकोट होस् या मुगु होस् या दैलेखको हाम्रो सुशीलजीको क्षेत्र होस् त्यस्तै मेरो क्षेत्र होस् आज ती क्षेत्र र माननीय मन्त्रीज्यू रहेको त्यो निर्वाचन क्षेत्रको हिसाव किताब गर्दा खेरी वाक्क दिक्क लगेर आउछ । यसो भएकाले अब यो कुरामा यो बर्षेनी यो दोहोर्‍याउने कुरा नगरौं । यो ति बोल्ने अब यलाई सुधार्नु पर्छ भन्ने मैले सुझाव राखे । अब अर्को यो आर्थिक मामिला मन्त्रालयसँग जोडिएको कुरा यो स्थानीय तहमा हस्तान्तरण गरिने जुन बजेट हो त्यो बजेटमा अझै पनि गोलमालै छ । अझै पनि गोलमालै

भएर आएको छ । अब पालिका छुटेको छ । किनभने अब समानीकरण भित्र त यदी गाउँ पालिकाले हाल्ने होला यदि प्रदेश सरकारले हाल्ने होला तर सबै शीर्षकमा समानीकरण भनेर आएको छ । त्यहाँ सबैमा सबैमा समानीकरण भनेर आएको छ । विशेष अनि त्यसपछि सशर्त हामीले तीन वटा शीर्षकमा ह्याँ बाट पठाउने हो । तर त्यहाँ बुकमा के भएको छ भने सबै ठाउँ-ठाउँमा समानीकरणसमानीकरण भनेर आको छ । अब हामी अब कुन विषय हो कुन सशर्त हो, कुन समपुरक हो ? त्यो प्रष्ट छुट्टिएको छैन । यो अलि गोलमाल मै अझै पनि गोलमाल मै उभिएको छ । अब यलाई प्रष्ट पारेर आउनु पर्छ भन्ने मैले सुझाव दिएँ । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुखज्यू सबभन्दा पहिले हाम्रै शाही चन्द्र बहादुर शाहीले एउटा गीत भन्नु भयो मलाई खुव खुसी लाग्यो । यसै शीर्षकमा म पनि एउटा गीत बजाइ हालौं भन्ने मलाई लाग्यो । नुन खान पाइन्छ की भनी ताउला खर जाउला तेही गतिका तेही पतिका क्या पार लगौंला ।नुन खान पाइन्छ की भनी ताउला खर जाउला तेही गतिका तेही पतिका क्या पार लगौंला ।अहिले यति नै हो । सभामुख महोदय दश दिनको सदन अवरुद्ध पछि सदन सूचारु भएको छ । मेरो आज सरकार कर्णाली प्रदेश सरकारसँग एउटा प्रश्न छ । हुन त कर्णाली प्रदेश सरकारका कानून मन्त्रीज्यूले मलाई बाङमय शिरोमणी भन्नु भएको छ । मेरा कुरा कहिले कहिले बाङमय पनि हुन्छन् । दश दिनसम्म अब संसद अवरुद्ध भइसकेपछि दश दिन अगाडि पेश गरेको किताबलाई पाखा लगाएर त्यो गर्भमा लुकाइ राखेका यी किताबहरू ल्याउन यो सरकारलाई के बाध्यता थियो । मेरो प्रश्न छ ? धन्यवाद त हामीले दिईसकेका छौं । धन्यवाद दिएकै छौं । धन्यवाद दिइनै रहनेछौं । तर यो गर्भमा लुकाउनु पर्ने के आवश्यकता थियो ? यसले के प्रमाण गर्छ । कर्णाली प्रदेशको सरकारलाई तथा सत्ताधारी पाटीलाई पाखुराको घाउँ बाहुलाले छोपेर छोपिदोरहेनछ भन्ने कुरा यो प्रमाणित भएको छ । पाखुराको घाउ बाहुलाले छोपेर छोपिदो रहेनछ भन्ने प्रमाणित गर्दछ । यस्तै अहिले दुई तिहाइको सत्ता पक्षबाट कुरा उठिसकेको छ । हामीले गणितमा स्पष्ट मत गइसकेको छैन । करिब साढे ३३ अर्बको बजेट साढे ३४ अर्व पुग्यो भन्ने कुरा आएको छ । यो पनि कहाँसम्म सत्यतथ्य हो । यसको पनि स्पष्ट खोजी हुनुपर्छ । यसलाई पनि अवश्य पनि यसको पहिचान र खोजी र निदान गर्ने कुरामा अवश्य पनि अगाडी आउने कुरामा सबैको एउटा सद्भाव बढ्ने कुरामा म विश्वास गर्छु । अर्को कुरा म के भन्न चाहन्छु भने प्रतिपक्षले उठाएका कुनै पनि मुद्दालाई कुनै पनि न्यायिक मुद्दाहरूलाई केबल प्रतिकूल असर मात्र पार्ने सत्ता पक्षको दायित्व होइन । सत्ता पक्षको जिम्मेवारी होइन । ती कुराहरू हिजोका दिनमा यसै संसदमा स्पष्ट भएका छन् । प्रतिपक्षले संकल्प प्रस्ताव पेश गर्दा के नेपाली काँग्रेसलाई जिन्दावाद भनि लेखेको थियो । के नेपाली काँग्रेसलाई भोट देउ भनी लेखेको थियो ? या कर्णाली कर्णाली प्रदेशमा रहेका दीनदु:खीहरू, रोगीव्याधीहरू, पीडामा रहेका

कोरोना भाइरसका मानिसहरूलाई सहयोग जुटाएर एकमत भएर एकीकृत भएर सहयोग जुटाएर अगाडी जाऔं भनेरहामीले भनेका थियौं । तर दुई तिहाइको दम्भले त्यसलाई कुल्चिएर पाखा लगाइयो । दुःख व्यक्त गर्न चाहन्छु । यसको लागि म यो कुरालाई धेरै अगाडि पढाउन चाहदैन । अर्को कुरा कर्णाली प्रदेशको सरकार अथवा सत्ताधारी पार्टीलाई यो पनि आज स्मरण गराउन चाहन्छु । नेपाली काँग्रेस किनाराको साक्षी होइन । किनाराको साक्षी भएर बस्न पनि सक्दैन । आज नेपाली काँग्रेसलाई कसैले किनारा लगाउँछौं भन्ने दुस्साहस गर्छ भने त्यो ऐतिहासिक भूल हो । त्यो ऐतिहासिक भूल हुनेछ । नेपाली काँग्रेसलाई किनारा लगाउने अथवा किनाराका साक्षी राख्ने धेरै सुनियोजित कुराहरु सात सालमा भए । सत्रसालमा भए, ४६ सालमा भए । १४ वर्षको द्वन्दकालमा भयो । ०६२/०६३ को आन्दोलनमा भयो । तर नेपाली काँग्रेस कहिलै पनि टसमस नभएर स्फूर्त रुपमा सामना गर्न तयार रह्यो । अहिले त नेपाली काँग्रेस सामना गर्न तयार छ । म अवश्य पनि यो कुरा स्पष्ट भन्न चाहन्छु । अस्ती भर्खर एउटा कुरा स्पष्ट गरिदिऔं अस्ती भर्खर हाम्रो यो वन संरक्षण विधेयकमाथि हाम्रो अध्यक्षज्यूले बैठक गराउनु भएको थियो । त्यहाँ भिजुअल बैठक गराउनु भएको थियो । त्यहाँ विधेयकमा के रहेछ भने दरियावुर्दी भन्ने शब्द रहेछ ।दरियावुर्दी भन्ने शब्द रहेछ । विज्ञले के लेखिएको छ भने सुझावमा दरियावुर्दी भनेको खोलाले बगाएको काठदाउरा हो । खोलाले बगाएको काठदाउरा लेख्न छोडेर दरियावुर्दी लेख्न किन आवश्यक पर्‍यो ? भने के तपाईहरूलाई थाहा छ ? कर्णाली प्रदेशका जनतालाई दरियावुर्दी भन्ने थाहा छ ? क्या पर्यटन मन्त्रीज्यूलाई मात्र दरियावुर्दीभन्ने अथवा पर्यटन मन्त्रालयको सचिवलाई मात्र दरियावुर्दी भन्ने जानकारी भएर यो कुराहरु स्पष्ट हुन सक्छ ? कसैलाई थाहा छ ? दरियावुर्दी भन्ने शब्द स्पष्ट लेखेर आएको छ । दरियावुर्दी भने त्यसको अर्थ रहेछ खोलाले वगाएको काठदाउरा हुँदो रहेछ । यस्ता किसिमका कमिकमजोरीहरू, यस्ता किसिमका गल्तीहरू आउँछन् । यही मञ्चबाटै माननीय मन्त्रीजीहरु माननीय त्रुटी भयो । के रे। ल्यापटको त्रुटी भयो । कम्प्यूटरको त्रुटी भयो । थोरै मसीको त्रुटी भयो । यही भनेर भन्नुहुन्छ । कति त्रुटी हुन्छन । कति त्रुटी हुन्छन् । यो सत्ता पक्ष थाहा पाओस् । प्रतिपक्षले थाहा पाउने कुरा होइन । जस्तोसुकै परिस्थितिले पनि कुनै परिस्थितिले पनि कर्णाली प्रदेशको दुईतिहाइको सरकार अनुदार र असहिष्णुता कुनै पनि क्रियाकलाप गर्छ भने त्यसको विरोधमा काँग्रेस सदनमा पनि तयार छ सडकमा पनि तयार छ । त्यसका लागि तपाईहरू कुनै पनि किसिमको शंका गर्नुपर्ने छैन । काँग्रेससँग कुनै पनि प्रतिपक्ष गुटवन्धी र विलासिता छैन । कुनै पनि प्रतिपक्ष गुटवन्दी र विलासिता छैन । हामीसँग कुनै पनि गुटवन्दी, विलासिताको मोह गर्नुपर्ने आवश्यकता छैन । कर्णाली प्रदेश सरकारसँग हामीले कुनै पनि किसिमको गुटवन्दी साँठगाँठ गर्नुपर्ने आवश्यकता छैन । गुटवन्दी भएपनि तपाईहरूमै होला । दुईतिहाइसँग होला । विलासिता भए दुइतिहाइसँग होला । काँग्रेससँग किन तपाईहरू भित्तातिर गए भित्तातिर कोच्ने, इट्टातिर गए इट्टातिर लगाउन । किन तपाईहरू प्रयास गर्नुहुन्छ । मैले त्यस्तै दुस्साहस नगर्नुहोस् भनेर अघि नै भनिसकेको छु ।

तपाईहरूलाई अन्तमा प्रश्न गर्छु ।दुईतिहाई बहुमतको सरकार र सत्ता पक्षसँग प्रश्न गर्छु । तीन-तीन वर्षसम्म संवैधानिक मान्यता प्राप्त गरेको एउटा संसदीय समिति गठन गर्न नसक्नु त्यो भन्दा ठूलो कायरता के होला ? त्यो भन्दा ठूलो लाजकोमर्नु के होला ? एक-एक वर्ष डेढ-डेढ वर्षसम्म भौतिकमन्त्रीखड्कजी जानु भयो । अर्को कुनै भौतिकमन्त्री हुने दक्षता भएको तरबारजी हुनुहुँदैन ? किन तपाईहरू यस्तो कायरता र लज्जास्पद गरेर आज प्रतिपक्षले यस्तो गऱ्यो । प्रतिपक्ष किनाराको साक्षी भयो । प्रतिपक्ष साँठगाठ गर्छ । गठबन्धन गर्छ भन्ने खुसखुस-गुनगुनगुन कुरा गर्नुहुन्छ । **(माननीय उपसभामुख:** सक्नुहोस् माननीय सदस्य सक्नोस्) धन्यवाद जय नेपाल ।

**माननीय उपसभामुखः** माननीय श्री अम्मर बहादुर थापा, समय ७ मिनेट । त्यसपछि माननीय श्री देवी ओली तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख, महोदय आज भौतिक मन्त्रालय र आर्थिक मन्त्रालय आर्थिक मामिला तथा योजनामन्त्रालयको बजेटमा छलफल भइरहेको छ । यसमा म सहभागी भएको छु । वास्तवमा अहिले, अहिलेसम्म हामीले जति छलफल गरेपनिअलि महत्वपूर्ण र केही ठूलो आधा हिस्सा ओगटेको मन्त्रालय छ भौतिक मन्त्रालय । यसले जुन किसिमको बजेट विनियोजन गऱ्याछ । यसले कार्यान्वयनको क्षेत्रमा अलि विगतैदेखि पनि कार्यान्वयनको क्षेत्र खुकुलो भाको छ । अब बजेट आज हामी कराइ-कराइकन अब बजेट हालौंला । कसैकाँ बडी भयो भनौला, कसैका कमी भयो भनौला । बजेट यहाँ रेडबुकमा रातो किताबमा निस्कियो । तर कार्यान्वयन हुँदा त्यही बजेट फिर्ता भैगो । त्यसले अर्थ राख्दैन । त्यसकारणले म सरकारलाई के भन्न चाहन्छु भने यसको कार्यान्वयनको क्षेत्रमा जानका लागि कार्यान्वयन जो यो योजना पहिचान गरिएको छ । त्यसको आयोजना पहिचान तत्काल गरेर कार्यान्वयनमा जान जरुरी छ । गत वर्ष जनता सडक लोकप्रिय सडक भनौं दश-दश करोड रुपियाँ हालियो । आज दश करोडको करिब दुई अरब चालिस करोड बजेट मलाई लाग्छ चालिस करोड पनि खर्च भएन । त्यसकारणले यो हामीले वार्षिक विनियोजन बजेट विनियोजन विधेयक पास गर्ने तर काममा आएन भने त्यसको औचित्य रहँदैन । त्यसकारणले पोहोर साल पनि अलि त्यस्तै त्यस्तै भाथ्यो । अहिले पनि मुख्यमन्त्रीज्यू त्यहाँ हुनुहुन्छ । भौतिक सचिवले पनि माथि टिपिरहनु भाछ । यो अलिकति कर्मचारी त राम्रो डिग्री गरेका, लेखे पढेका मान्छे हुन्छन् भन्छन् । हिसाब-किताब नगरेरै यो बजेट किन आइरा हो । मलाई त अब यो मञ्चबाट बोल्दा गौरव लागिराछ । किन लागिराछ भन्दा दैलेखमा भौतिक पूर्वाधार मन्त्रालयबाट चार अरब ४७ करोड रुपियाँ गाछ । बजेट जम्मा छ अरब मात्रै छ तर चार अरब रुपैयाँ त दैलेखमै पुगिसक्यो । त्यो हिसाब-किताब कहाँ छ ? त्यो हिसाब-किताब गरिदिनु पऱ्यो नि । यो किताब भनेर मोहोर लगाउनु पर्ने छ भोलि । यो मोहोर लाएको किताब तल गयो भने तपाईको एकमुष्ठ डल्लो पो हो कि ? भनि पत्याउनु पनि पऱ्यो । चार अरब रुपियाँ कसरी भयो ? ४७ करोड हुनुपर्ने ठाउँमा चार अरब ४७ करोडमा कसरी पुग्यो

? त्यसकारणले हिसावकिताब गर्दाखेरी सचिवज्यूको अलि गणित पढ्या कर्मचारी थिएनन् की ? पोहोरसाल पर्यीटनमा थिएनन् । अहिले पूर्वाधारमा रहेनछन् । कमसेकम जोडन घटाउ मा त जान्नु पऱ्यो । अहिले एक्कैछिन पनि हेर्दा पनि तपाईले हेर्नुभयो भनी त्यो शीर्षकमा हरेकको हाम्रो त अरबकै फरक परिसक्यो । दैलेखमा अन्यत्र ६/७ सय पनि ६/७ लाख पनि फरकै पाऱ्याछ । त्यसकारणले यसलाई Amount हेर्दा के हो भन्ने कुरा पहिचान गर्नु जरुरी छ । त्यसकारणले अलिकति बजेट आउँदा अलिकति संवेदन, हतारमा नगरेर संवेदनभएर अगाडी बढ्न म आग्रह गर्न चाहन्छु । जति आग्रह गरे पनि गतवर्ष भौतिकले चाहीँले १६ करोडबाट ६५ करोड बनाए जस्तै अहिले यहाँ पनि यस्तै अवस्था आएको छ ।

त्यसैले म यो कुरा पनि आग्रह गर्न चाहन्छु । सन्तुलनका कुरा सन्तुलनकाक कुराहरू पनि ध्यान दिनै पर्छ । हामी अविकसित अथाव नेपालको सबभन्दा एकदमै कमजोर प्रदेश हो । त्यसो प्रदेशको विकस गर्दा सबै ठाउँमा समस्या छ । सन्तुलन गर्न जरुरी छ । र अब मैले अस्ती पनि मुख्यमन्त्रीजीले भन्नु भयो । वास्तवमा त्यहाँ पनि असन्तुलन नै भो । जुम्लामा पनि डेढ करोड, दैलेखका चार वटा निर्वाचन क्षेत्रमा पनि डेढ करोड । यो भयन भन्दा अब एकमुष्ठ राख्दाखेरी कही डिस्टव भो होला । भन्ने भो । फेरि यसकै शोधभर्ना गरौला भन्ने पनि भो । अहिले अस्ती तपाई ३७ लाख पारेहै तपाईका भागमा भन्ने योजना । अनि धर्म माननीय म गयौं । र मुख्यमन्त्रीजी कहाँ ल तपाई दुई जनाको मिलाएर हाल्नुहोस् भन्नु भयो । अहिले मैले जो दुई योजना दियाँ थिएँ, घटेर पच्चिस लाख त्यो मैले त धर्म माननीयजीसँग मेरो क्षेत्रमा पनि उहाँले पारिदयाँ भरोस गर्नु पर्ने स्थित आयो । उहाँले १५ लाख भनेर चाहीँनै र मैले ५ उहाँले १५ हाले थियौं । उहाँको १५ त्यसमा स्पष्ट देखिन्छ । मेरोमा चाहीँनै साढे १२ चिलिम फर्क्या देखिन्छ । त्यहाँ निर पनि अलि वर र पर पऱ्या कहाँ हो शक्तिकेन्द्र त्यसतैतिर पऱ्या देखिन्छ । त्यस्तो हिसावकिताब, चाकडी र शक्तिका भरमा जाने प्रवृती मैले त देखिसक्या छु । तपाईको प्रष्ट पारिसक्या छु । मैले जो शक्ति छ त्यहाँबाट तानेर त्यसका हात पार्ने मन्त्री त अब शक्ति त हुनेनै भयो । मन्त्री कहाँ पार्ने कि अलि ठूलो मान्छेलाई चाकडी गर्ने की ? यस्तो प्रवृतीलाई अन्त्य गर्नु पर्दछ । त्यसैले हिसावकिताब पनि राम्रोसँग गर्नु पर्छ ।

दोस्रो कुरा आज मलाई लाग्छ यी शीषर्षकहरु पनि मिले कि मिलेनन्, कति बजेट हो भन्ने कुरा स्वभाविक कुरा हो । तर टोटल बजेटको यो विनियोजन विधेयक । विनियोजन विधेयकमा एक अरब अघि भन्नु भयो । उहाँले एक अरब थपिएको छ । यो पनि खुसी मान्नु पर्ने होला । कहीँबाट आउछ की तर चाहीँनै यसलाई यो विनियोजन विधेयकमा त प्रष्ट आउनु पऱ्यो ह । यो वर्ष पनि सञ्चालन गर्ने कानून यो सञ्चालन गर्ने कानूनलाई कसरी अब फिर्ता, अस्ती पनि भाछ । तेही साथसाथै लिएर सच्याएर ल्याए हुन्थ्यो । तेसो भा हुनाले यो यसमा होला । त्यहाँ कुनै समस्या छैन । किन समस्या छैन भन्दा एक अरब बीस करोड रुपिया मुख्यमन्त्री कार्यालयमा थियो । एक अरब बीस करोड रूपिया अहिले भौतिक

मन्त्रालयमा गएको छ । बजेटमा तलमाथि भए एकातिर अर्को तिरबाट घटाउनु पर्ने थियो । त्यो घटेन । घटाउनु पर्ने मुख्यमन्त्री कार्यालयमा घटाउनु पर्ने थियो । त्यहाँ घटेको छैन । मुख्यमन्त्री कार्यालयको बजेटमा भनिएको छ । त्यसमा कि यो पूर्वाधार विकास कार्यक्रम भौतिक मन्त्रालयबाट खर्च हुनेछ भनेर चिनो राखेको भए सम्भावना थियो । **(माननीय उपसभामुख:** छोट्याउनुहोस् माननीय सदस्य) र त्यो चिनो नभएर त्यहाँ पनि एक अरब बीस करोड छ र यो किताबमा पनि एक अरब बीस करोड छ । तेसो भाको हुनाले मैले अर्थमन्त्रीज्यूलाई र मुख्यमन्त्रीजीलाई भनेः यसलाई सच्याएर भोलि पास गर्दा खेरी यो प्रष्ट भएरै आउन उपयुक्त हुन्छ । यो पास भएन भने भोलि त यो त भौतिक मन्त्रालयले भन्न पाइन्न । यो त मूल कानून, यो त साइट कुरा हो । यो मूल कानून यसैका आधारमा वर्ष एकवर्ष चल्छ । **(माननीय उपसभामुख:** सक्नुहोस् माननीयज्यू) त्यसैले म यति कुरा राख्दै मेरो भनाई यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय उपसभामुखः** अब माननीय श्री देवी ओली, समय ७ मिनेट । यसपछि माननीय श्री पदमबहादुर रोकाया तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री देवी ओलीः** माननीय सभामुख महोदय, प्रदेश सरकार आर्थिक वर्ष २०७७/०७८ को खानेपानी, विद्युत तटबन्धन, पक्की पुल, झोलुङ्गेपुललगायतका योजनाहरुमा म छलफलमा म आफ्नो विचार राख्न चाहन्छु । पूर्वाधार मन्त्रालयले विगतदेखि प्रदेश सरकारले आफ्नो प्रदेशको विकासको निम्ति, समृद्धिको निम्तिपहिलो प्राथमिकतामा भौतिक पूर्वाधार नै राखेर अगाडि बढेको कारणले गर्दा खेरी भौतिक पूर्वाधारका सडक, सिंचाई, खानेपानी, तटबन्धन, विजुली, पक्कीपुलहरूमा बजेट विनियोजन गरेको छ र अहिले पनि त्यसरी ल्याएको छ । मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु तर बजेटहरू हाम्ले सरकारले लिएको लक्ष्यअनुसार कार्यान्वयन भैरहेका छैनन् र केही योजनाहरू अलिकति अस्पष्ट अलि सम्पन्न हुने हो की नहुने हो की दुविधा भएको मैले महसुस गरेको छु । यसमा कार्यान्वयनको पक्ष हेर्दाखेरी अलिकति पारदर्शीता, जवाफदेहिताढंगले कार्यान्वयन हुनु पर्छ भन्ने म यहाँ राख्न चाहन्छु । किन भने धेरै स्थानीय तहको पनि गुनासो छ । स्थानीय तहसँग समानीकरण, विशेष अनुदान माग गर्ने कुरा हुन्छ । यहाँबाट वित्तिय हस्तान्तरण गर्ने नीति पनि छ र डीपीआर गरेका योजनाहरू माग गरेर पठाउ भन्दा खेरी धेरै योजनाहरू डीपीआर गरेर पठाउने र डीपीआरमा भएको खर्च त्यसमा योजना बजेट नछुट्टिदा खेरी स्थानीय तहले पनि गुनासो गरेको कुरा मैले यहाँ राख्न चाहन्छु र डीपीआरमा अलिकति पारदर्शिता अथवा भनेको जस्तो नीतिमा आधारित भएनकी भन्ने कुरा पनि उठेको छ । यसमा पनि मन्त्रालयले ध्यान दिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र प्रदेश सरकारले प्राथमिकतामा राखेका पूर्वाधारका जो योजनाहरू छन् अहिले पनि यो बजेट विनियोजनको हिसावले अथवा उस्को हिसावले तोस्रो उसमा छौं । सुरु २०७५/०७६ मा विनियोजन गरेको सडकतर्फका जनता सडक भनौं अरु सडकहरू पनि बहुवर्षिय बनाएर ल्याइएका जो सडकहरूका बजेटहरू छ । त्यो अहिलेसम्म बसीरहेकै छ ।

यो पूँजी चाहीँ स्थिर रह्यो भने के हुन्छ भन्ने कुरा त अर्थ मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालयले थाहा पाउनु पर्ने कुरा हो । हामीले सोचेका थियौं । जहाँ सडक नपुगेका जिल्लाहरू छन् त्यहाँ सडक पुऱ्याउने । जुन पालिकाबाट अथवा जुन जिल्लाबाट सडक नजोडिएका वडाहरु छन् त्यहाँ सडक पुऱ्याउने हाम्रो कार्यकाल भित्र त्यो फेरिएको निर्वाचनमा जाँदा खेरी हामी त्यहाँ कम्तिमा पनि गाडी लिएर जानसक्ने अवस्था होस् भन्ने हिसावले सरकारले प्रदेश सरकारले भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेर आफ्नो नीति कार्यक्रम बजेटलाई जुन ढंगले विनियोजन गरेको छ त्यो अनुसार नभएको मैले अनुभूति गरिरहेको छु । मैले एउटा उदाहरणको रुपमा भन्न चाहन्छु । हामीले जनता सडकको ०७५/७६ मा विनियोजन गरेको एउटा सडक त्रिवेणी बाघबजार शेरी गाउँ सिजेरी खोला सडकमा त्यतिखेर ८५ लाखको बजेट हो । अहिले त्यहाँ ५० लाखको मात्र टेन्डर भएर काम भैरहेको छ । ५ किलोमिटर छ त्यहाँ जम्माजम्मी र बाँकी अहिले १ किलोमिटरमा मात्रै काम भैरहेको छ । ४ किलोमिटर बाँकी छ र अहिले यो किताबमा पूर्वाधारको किताबमा हेर्दाखेरी सम्भाव्यता अध्ययन भनेर यो आएको छ । यो क्रमागत हुनुपर्ने योजना सम्भाव्यता अध्ययनमा कसरी गयो ? र त्यहाँ जसरी अब सुधार्ने संशोधन गर्ने भन्ने सरकारको त्यो लाईनबाट कुरा भइरहेको पाउँदा खेरी यसमा विशेष ध्यान जाओसकी कुनै योजनाहरू क्रमागत हुने र कुनै योजनाहरू नयाँमा आउने यस्तो भूल चाहीँ नहोस् मन्त्रालयबाट भन्न चाहन्छु । र यो वित्तिय हस्तान्तरण जो आर्थिक मन्त्रालयबाट भैरहेको छ । यसमा अलिकति हामीलाई लागेको कुरा मलाई लागेको कुरा के छ भने विशेष अनुदान र समानीकरण भनेर स्थानीय तहबाटै आएको होला । कुनै अब हामी सांसदहरू भनौं अथवा अरु कुनै नेताहरू भनौं अरु कुनैले पनि स्थानीय तहबाटै आएको हुनु पर्ने हुन्छ होला ।तर आज स्थानीय तहबाट हामी सांसदहरूले गुनासो खेप्नु पर्ने गालीखानु पर्ने अवस्था स्थिति कसरी सृजना भयो ? त्यहाँ कति योजनाहरू अलिकति कताबाट त्यस्ता थाहा नपाएका योजनाहरू पनि छन् । यो कसरी आयो ? यसको पनि स्पष्टिकरण हुनु पर्छ र केही योजनाहरू दुई ठाउँमा शीर्षक राखेर बजेट विनियोजन भएको अवस्था स्थिति पनि छ । यसलाई कसरी हामी सुधारेर लैजान सक्छौं । अब सुधारकै पाटोमा गइराखेको हुनाले यो कुरामा पनि ध्यान जाओस् र क्रमागत योजना खानेपानी, सिंचाइ जो क्रमागत योजनाहरू छन् यसलाई यो वर्षमा सम्पन्न हुने गरी बजेटको विनियोजन र थप भएर जानु पर्छ भन्ने म यहाँ राख्न चाहन्छु । र क्रमागत सडकमा अब अबको योजनाहरू सम्भाव्यता अध्ययनका कुराहरू गर्दा खेरी त्यहाँ हाम्ले वातावरणसँग र अरु साना उद्योगहरू, साना सीपहरू समूहहूलाई हामीले त्यो ढंगले विकास गर्ने गरी सम्भाव्यता अध्यनन होस् र अब धेरै योजनाहरू थप्ने भन्दा पनि हामीले प्रदेश सरकारले जुन पाँच जुन लक्ष्य लिएर भौतिक पूर्वाधारलाई एक नम्वर प्राथमिकतामा राखेर यो विनियोजन गरेका कुराहरु सम्पन्न हुने तिर जाओस् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** अब माननीय श्री पदमबहादुर रोकाया, समय ७ मिनेट । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री पदमबहादुर रोकाया:** माननीय सभामुख महोदय, हामी आज भौतिक पूर्वाधार मन्त्रालय र आर्थिक मामिला मन्त्रालयको विषयमा हामी दफावार छलफलका विषयमा हामी बोल्न अनुमति चाहन्छौं । यो आज किताब छुट्टिएर आएको छ, प्रष्ट बुझिने गरी आएको छ । केही नयाँ योजनाहरू पनि समावेश भएका छन् । यसका लागि मन्त्रालयलाई धन्यवाद दिन चाहन्छौं । पहिला त बुझिने गऱ्याथ्यौं । सबै सारा कर्णाली प्रदेशो किताब एउटै थियो । न बुझिन्थ्यो न त्यसमा बजेटहरू थिए । आज थोरै भए पनि किताब बढेर आएको छ । टोटल बजेट बढेर आएको छ । जिल्लामा बजेट घटेर आएको छ । यसको लागि हामी खुसी नै छौं । भने तर यहाँ क्रमागत योजनाका बारेमा जो जिल्लाबाट आएका छन् । जथाभावी हिसावले रकम विनियोज गरिएको छ । म सबै भन्न चाहैन । मेरो क्षेत्रमा अरु क्षेत्र जिल्लाको म कुरा गर्दिन थाहा पनि छैन । मेरै क्षेत्रमा खानेपानी एक ठाउँमा मेरै पहिलेको गाविस हो पाण्डुगुफा २० लाख हालेको थिए मैले । सुन्दरवाड भन्ने ठाउँमा त्यहाँ उहिल्यै शिलान्यासमा आउनु पऱ्यो भनेम शिल्यान्यसमा आउन सक्दिन बरु उद्घाटन गरेने बेला आउँला भने । ल उद्घाटन गर्ने बेला आउनु पऱ्यो भन्ने कुरा गरे । अब काम सम्पन्न हुँदैछ । ४० लाख थपिया छ । त्यहाँ उद्घाटन गर्न आउनु पर्ने भन्ने ठाउँमा ४० लाख थपिएको छ । एक ठाउँमा ८० लाख थपिएको छ भने नयाँ योजना जो छन् अहिले भौतिक पूर्वाधार मन्त्रालयले हाल्नु भएको छ । हामीले १०/१० लाखका ५० एक क्षेत्रमा ५० लाखका एक जिल्लामा १ करोड दिनु भया थियो । हामी एक क्षेत्रमा ५० लाख थियो । हामीले मैले १०/१० लाखका पाँच वटा योजना दिएँ । १० पन्जे ५० लाख कार्ययोजना दिएँ अब त्यो घटेर आउछ । अहिले ५० लाखको योजनामा १० लाख ९ लाख भएर आएछ । ८ लाख ९ लाखले खानेपानी कसरी बन्ने हो ? एउटा इन्टक बन्दैन । पाइप खरीद के गर्ने हो ?पाइप खरीद के छ भन्नहुन्छ भने जिल्लामा खानेपानी अफिसले खरीद गर्छ । उसले १५/२० प्रतिसत बढाएर खरीद गर्छ । उ तल दिदैन । उसले भने अहिले मात्रै सालतमाम हुँदैछ । अब २० प्रतिशत बाँकी रहेकाछन् गरे । मलाई फोन गरेकाछन् । २० प्रतिशत मागे त के गरौं । मागिराछन् । २० प्रतिशत दिन होइन । तिमी सबै पैसा खाउ भन्नु बढीमा बढी ५ प्रतिशत दिनु । यिनीहरू बानी परेका छन् । ५ प्रतिशत बढी दिन । ५ प्रतिशत बढी नदिएत यिनीहरु २० प्रतिशत दिने होइन भनी हिजोआजै मलाई फोन गरेका छन् । डीपीआरको नाममा १० लाखका डीपीआर बनाउँदैछन् । १० लाखको डीपीआरमा २ लाख लाग्यो भनेर ८ लाख दिएका छन् अरे यहाँ । अब यो अलिकति कर्णाली प्रदेश सरकारले समयमै यसलाई निगरानी गर्नु पऱ्यो । र प्रदेशको रकम अहिले तीन पटक बजेट गइसक्यो । अनुगमन मूल्याङ्कन छैन । अनुगमन नै भएको छैन । यो कोले अनुगमन गरिदिने । आफै विरामी आफै झाक्री छन् । आफै उनीहरु स्टिमेट गर्छन् । आफै अनुगमन गर्छन् । त्यसै कारणले होला जथाभावि योजना हालेको । हामीले त पहिले के

सोचेका थियौं भने करिब कर्णाली प्रदेश सरकार र कर्मचारी मिलेमतोत होइन कि भन्ने शंका पनि लाग्याथ्यो । किनभने १० लाखको ठाउँमा ५० लाखको बजेट हाल्छन् भने उनीहरू बन्दछन् । अनुगमन त गर्न जाँदैन म । अनुगमन गऱ्या पनि छैन म । अहिलेसम्म कर्णाली प्रदेशका कोही अनुगमन गयाँ छैन । अहिलेसम्म अनि तपाईहरूको १० लाखमा खानेपानी बन्दै थियो । हामीले ५० लाख हालेका छौं । के गर्ने हो ? अरू रकम भने पछि अब जो भन्नुहुन्छ भन्नोस् । हाकिमसाव भनेपछि अनिकेही तुम केही हाम । केही सरकारमा पठाउने हुन् कि थहा छैन । हामीसँग त्यसै कारण शंका लागेको थियो । हामीलाई अब जो हाम्रो कर्णाली प्रदेशकै एकमात्रै लोकप्रिय सडक जनता सडक हामीले पहिले दुई करोड दिइराख्या थियौं । एक-एक करोड पछि ८ करोड गयो । थप ४-४ करोडमा अब मुख्यमन्त्रीज्यूले भन्नु भयो सकेसम्म एउटै सडक गर्नुहोस् । नभए दुई वटा सडक ४-४ करोडका लिनु भयो । हामीले चार-चार करोड हाल्यौं । त्यो अहिले टेन्डर भइसकेको छ । काम भइसकेको छ । पैसा फिर्ता आएको होला । त्यसमा त्यो फिर्ता आएको पैसा त्यहीं त्यहीं ठाउँमा हाल्दिने । गत साल काम नभएको ठाउँमा अहिलेको जनता सडक के गर्ने ? अहिलेको जनता सडक त अथवा यो कोरोना भाइरसले गर्दा खेरीमा १० करोड हुने ठाउँमा ८ करोड त हुनु पऱ्यो । अहिलेको जनता सडक कतै आएको छैन र सडकमा कस्तो छ भने अहिले मैले भने गत सालमा साना तिना सडक हुँदैनन् । ८ करोड एउटैमा हाल्नु पर्छ । अहिले सडक कस्ता आछन् । २० लाखका सडक आयाछन् । मेरै ठाउँमा सडक यहाँ ६ वटा सडक छन् । २० लाख भन्दा माथि २१ लाख छैनन् । २०-२० लाखका सडक छन् । सबै जिल्लाबाट कर्मचारी त्यसरी पठाएका छन् । भौतिक पूर्वाधारको इन्जिनियर सापले मैले भन्या तपाईले कसरी पठाउनु भयो । यी २०-२० लाखका सडक २० लाखको सडक कसरी बन्छ भन्दा खेरी उहाँले भन्नुभयो । हाम्रो त्यहाँ मन्त्रालयको हाम्रो सचिवले कर्मचारीले तपाई शीर्षक नछट्याउनु होला । १० लाख, २० लाख, ५ लाख गरी पठाउनु होला । यहाँ हामी थपेर पठाउँछौं । शीर्षकमात्रै छुट्याउनु होला भन्नुभयो । र हामी त्यसरी हालेको हुनाले र मेरो ठाउँमा सडकहरू ८ वटा सडकहरू २०-२० लाखका, २१ लाखै छैन । अब २० लाखले कसरी सडक बन्ने हो । त्यो भौतिक पूर्वाधार विकास मन्त्रालयले सोचोस् । खानेपानी भए खानेपानी बनिसके । ८ लाख ९ लाख त्यही छन् । सिंचाईमा १५-१६ लाखका छन् । जे होस् त्यही पनि सन्तोषै छौं हामी । पहिले यो आएको थिएन । प्रतिपक्ष लगायतले अवरोध गर्नुभयो । हामीहरूले हृदयले, मनले हामीले पनि अबरोधै थियो । बाहिर आएर भन्ने थिएन । त्यसैकारणले अहिले त्यो थपियो । यसमा सन्तोषै छौं हामी । के भयो भने अब यहाँ लटो सुत्दैन ध्यज्चे बुझ्दैन भन्यजन । अगाडि नसुन्ने कर्णाली प्रदेश सरकारले जव अवरोध हुन्छ तब विरोध हुन्छ । पछि सच्याइन्छ । यहाँ हर वर्ष प्रतिपक्षले पनि ठाउँ पाया भन्ने अनि छयै जना भए पनि सातै जाना भए पनि हामीले गर्दा यो  गऱ्यौं । दुई तिहाईको दब्ब नदेखाउनुहोस् भनेर टेवल ठोक्ने,  रोस्टममा आएर ठोक्न त पाए उनले । त्यस्तै-त्यस्तै हुन लाग्यो यहाँ । हामीले प्रतिपक्षलाई होच्याएका छौंनौं । प्रतिपक्षका माननीयज्यूहरु ।

तपाईहरू ६-७ जना हुनुहुन्छ भनि तपाईहरूलाई सम्मान गरेका छौं । मनमनले तपाईहरूलाई समर्थननै गरेका छौं हामीले । तपाईका कुरा काटेका पनि छौंनौं हामीले । तपाईलाई घृणा गरेका पनि छैनौं । त्यस्तै त्यस्तै कर्णाली प्रदेश सरकारले गरे तपाई शीर ठाडो गर्ने हो । जुँगा बाड्ने भयौ तिमीहरू । **(माननीय उपसभामुख:**सक्नुस माननीयज्यू सक्नुहोस्) त्यसैकारणले अब कर्णाली प्रदेश सरकारले अबको बजेट यो जो कम र बढी भएको बजेट छ । क्रमागतमा ८० लाख, ५० लाख, ४० लाख छ । नयाँ योजनामा ५-६ लाख छ यसमा सन्तुलन मिलाओस् । अब हाम्रो नारा छ । अब पूँजीगत बढाउने, चालु घटाउने । प्रशासनिक घटाउने भन्ने नारा छ । मैले त के सिकेको छु भने माननीय मन्त्रीहरू बजेट सकाउने, समानुपातिक-प्रत्यक्ष माननीयलाई लडाउने अन्तिममा माननीयले धुलो चटाउने । **(माननीय उपसभामुख:**सक्नुस् माननीयज्यू सक्नुहोस्) त्यसै कारणले मेरो भनाई यही हो । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री गोपाल शर्मा, समय: ७ मिनेट । त्यसपछि माननीय श्री कुर्मराज शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री गोपाल शर्मा :** माननीय सभामुख महोदय हामी यस बजेटको आजको दुईशीर्षकमा छलफल गर्न गइरहेका छौं । अब भौतिक पूर्वाधार विकास मन्त्रालय हाम्रो सरकारको धेरै महत्वपूर्ण मन्त्रालय हो र कर्णाली प्रदेश भौतिकपूर्वाधारको क्षेत्रभन्दा अगाडि बढ्योर यसले राम्रो रिजल्ट दिन सक्यो भने मात्र हामीले हर क्षेत्रमा परिणाम निकाल्न सक्छौं । पूर्वाधारक्षेत्रमा हामीले व्यवस्थित कामहरु अगाडी बढाउन सकेनौं भने त्यसबाट अरु नजिताहरू पनि त्यसबाट प्रभावित हुन सक्छन् । त्यस अर्थमा सरकारले यहाँ आफ्नो तर्फबाट बजेट प्रस्तुत गरेको छ । पूर्वाधार क्षेत्रमा सभामुख महोदय, मलाई कस्तो अनुभूति भैरहेको छ भने हामीले हाम्रो समग्र तथ्याङ्कहरू बेला बेलामा यहाँ व्यक्त गर्दछौं । कर्णालीको तथ्याङ्क यस्तो खालको स्थित छ भन्ने तथ्याङ्क व्यक्त गर्छौं । तर योजनाहरुमा जाँदा त्यसमा मूर्त हुन सकिरहेका छैनौं । त्यसमा सरकारमात्रै दोषी छैन । कहिलेकाहीँ हामीतिरै फर्केर हेर्दा खेरी हामी पनि साना-साना कुराहरूमा एउटा सडक निर्धारण गर्दा खोज्दाखेरी एकदमै आफ्नै ठाउँको सडक के हो भन्नेमा हामी पनि घोत्लिन्छौं । कहिलेकाहीँ सिंचाइ खानेपानीका सन्दर्भहरु हुँदाखेरी पनि हामी पनि अलि-अलि तामदाम गर्छौं । त्यसो गर्दा खेरी पूर्वाधार क्षेत्रमा समग्रमा हाम्रो योजना केन्द्रित गर्न सकेका छैनौं । खास हाम्रो योजना के हो ? हामीले योजनाहरूको समग्र निर्धारण गर्न सकिराखेका छैनौं । हाम्रो लक्ष्य के हो ? हामीले योजनाको समग्र खाका हाम्रो के हो र हामी कसरी अगाडी बढ्नुपर्थ्यो । हामी अहिले तेस्रो वर्षमा हामी हिँड्दै छौं । बजेटको हिसाबले हामी ४ वटा बजेटमा छलफल गर्दैछौं । तर हाम्रो सडक पूर्वाधारको खास अवस्था के हो ? हामीले जोड गर्नुपर्ने कहाँ हो ? लक्ष्य त खोज्न खोजिराछौं । भेटाउन अलिकता व्याख्या यो मन्त्रालयले बेला-बेलामा व्याख्याको हिसावले गर्न पनि खोजिराख्याछ । हामीले रुपैडियालाई तिब्बतसँग जोड्ने वा नेपालगञ्जलाई हिल्सा वा

धुअमुर्लासम्म जोड्ने । यो कुरा हामीले बेलाबेलामा गर्छौं । कहिलेकाहीँ हामीले नाक्चेनाम्ला र क्याटूको कुरा गर्छौं । यो सँग जोडेर पूर्वाधारको कुरा सडक पूर्वाधारको कुरा गर्छौं । तर त्यो क्षेत्रमा हामीले हाम्रो बजेट केन्द्रित गर्न सकिराछैनौं किपहिलो हाम्रो जोड कर् हो ?कहाँ हो ? हामीले गर्नुपर्ने लगानी कहाँ हो ?दोस्रो कुरा जिल्लाहरूलाई सरर राजधानीसँग जोड्न सकिराख्या छैनौं ।हामीले बजेट केन्द्रित गर्दाखेरी हामीले प्राथमिकता नदिएको जस्तो भइराखेको छ । हामीले राजधानीसँग जिल्लाहरूलाई जोड्ने र निर्वाचन क्षेत्रहरुमा रणनैतिक सडकहरूको कुरा त गरेका छौं । तर हाम्रो योजनाको खासगरी रकम विन्यासको अवस्थाले त्यसलाई फोकस गरेको जस्तो देखिदैन । त्यसकारण हाम्रा प्राथमिकताको क्षेत्रहरु निर्धारण गर्ने । मूलतः मूर्त योजनाहरू बनाउने र त्यसलाई तीब्र ढङ्गले कार्यान्वयन गर्ने प्रक्रिया हामी जबसम्म अगाडी बढाउन सक्दैनौं, तबसम्म कर्णालीको पूर्वाधारको क्षेत्रमा धेरै विकास गर्न सक्दैनौ जस्तो लाग्छ मलाई । हामी अहिले पनि डाँडोको कुरा गर्दाखेरी अहिले पनि दुई घण्टामा गाग्रो लिएर पानी बोक्ने ठाउँहरु अहिले पनि छन् । राजधानीमै हामी फेरि खानेपानीको तवाहमा राजधानीवासी पनि तड्पीराखेको स्थिति छ । एकातिर राजधानीको खानेपानीको कुरा उठाउँदाखेरी यहाँका आफ्नै समस्याहरु छन् । लेकमा जाँदाखेरी लेकमा खानेपानी नपाउने समस्याहरु छन् यसका अन्तरविरोधहरु कसरी हामी हल गर्न सक्छौं ? यो चुनौती पनि हामीतिर हामीसँग एकातिर छ । अर्कोतिर हामी उत्पादनको कुरा गरिराखेका छौं, हामीले खास ठूला सिंचाई क्षेत्रहरु हामीले निर्धारण गर्न सकिराख्या छैनौं । ठूला फाँटहरु अहिलेपनि खाली छन् । त्यसलाई दिर्घकालिन रणनीतिक हिसाबले त्यसको हल कसरी गर्न सक्छौं ? अहिले भेरीको छेउछाउमा रहेका ठूला फाँटहरु सुख्खा छन् । हामीले त्यसलाई हरियाली कसरी बनाउन सक्छौं ? अहिले हाम्रा रकमका विन्यासहरु हेर्दाखेरी हामी त्यतातिर फोकस छैन । चाहे सुर्खेतको पछाडीतिर जाउँ वा भेरीको किनारबाट हामी जाजरकोट डोल्पासम्म हेरौं दायाँवायाँ ठूलाठूला फाँटहरु छन् । हामी कर्णालीले बनाएका अरु फाँटहरुको कुरा गर्न सक्छौं, ठूला फाँटहरु हामी त्यत्तिकै हेरीराछौं तल नदी बगिराखेको छ माथि फाँट सुख्खा छ हरियाली हामीले बनाउन सकिराख्या छैनौं यो हाम्रो चुनौती छ । त्यसकारण हाम्रो बजेटको प्राथमिकता त्यस्ता क्षेत्रहरुमा कसरी हामी सबैले सरकारले बजेटको प्राथमिकता गर्न खोज्दाखेरी हामी फेरि मसिनामा जान खोज्या जस्तो हामी तिर पनि हुन्छ । हामी मसिनामा अथवा सरकार मसिनोमा जान खोजिराख्या बेला हामी यहाँ केन्द्रित गर्न खोज्या जस्तो कहिलेकाँही त्यस्ता अन्तरविरोधहरु हामीकहाँ छन् ।

अहिले पनि विद्युतीकरणको अवस्था हेर्ने हो भने एकदमै दयनीय छ । सुर्खेतमै विद्युतीकरणको यो हालत छ भने सिंगो कर्णालीलाई विद्युतीकरण हामीले कसरी गर्न सक्छौं ? पूर्वाधारको क्षेत्रमा हाम्रो ठूलो चुनौती छँदैछ, यसको लागि हामीले कम्तिमा सन्तुलित र समावेशी एकातिर हामीले बजेटको प्राथमिकता निर्धारण गर्ने मूर्त योजना बनाउने र त्यसैको काममा हामीले प्राथमिकता दिने कुरा छँदैछ । त्यसको साथसाथै हामीले समावेशी र

सन्तुलित बजेट विन्यासको जरुरी पनि छ । सभामुख महोदय म यहाँ दुईटै सँगसँगै अलिकति उल्लेख गर्न खोजिराख्याछु । अर्थ मन्त्रालयले पेश गरेको सन्तुलित र समावेशी बजेटलाई हेर्दाखेरी सशर्त योजनामा दुईटा पालिका नै छुटेको छ स्थानीय तह दुईटा स्थानीय तहले एक रुपैयाँ पनि पाएको छैन । हामी सन्तुलित र समावेशी बजेट विन्यासको कुरापनि कहिलेकाहीँ यहाँ पनि गर्छौं, यो टेक्नीकल मिस्टेकहरु होलान् यद्यपी हामी बेलाबेलामा हाम्रा तरिकाहरु अपनाउँछौं । टेक्निकल मिस्टेकहरु हुँदाखेरी पनि सिंगो तह स्थानीय तहहरु छुट्ने अवस्थाहरु यहाँ बनिराखेको छ । र अर्को हाम्रो अलिकति नपुगेको अवस्था के छ भन्दाखेरी हामी तीनै तहका सरकारहरुलाई एकिकृत रुपले परिचालन गर्ने, सन्तुलित समन्वयकारी भूमिकाले परिचालन गर्ने मात्रै होईन मन्त्रालय मन्त्रालयको पनि समन्वयात्मक परिचालन हुन सकेको छैन । त्यसकारण हाम्रा गति, हाम्रो विकासको गति काहीँ न काहीँ अबरोध छ । अहिले पनि संघले हालेको योजनामा प्रदेशले थपिराखेको, प्रदेशले हालेको योजनामा स्थानीय तहले हालिराखेको यो स्थिति एकातिर बाझिईराखेको छ । अर्कोतिर मन्त्रालयका समस्याहरु पनि एउटा मन्त्रालयले पनि त्यसलाई सम्वोधन गरेको छ, अर्को मन्त्रालयले पनि त्यसलाई सम्वोधन गरेको छ । यस्ता अवस्थाहरु हामीकहाँ देखिन्छन् । समग्रमा मैले के देख्छु भने हामीले एकिकृत रुपले यद्यपी माननीय मुख्य मन्त्री ज्यूले बेलाबेलामा जोड गर्नु भएको छ, हामी प्राथमिकतायूक्त योजना बनाउँ यो पटक रोजगार पूर्वाधारमा रोजगारलाई प्राथमिकता दिने गरी काम गरौं भन्ने जो फोकस भएको छ मलाई लाग्छ अहिले समग्र डाटा माननीय सभामुख महोदय मैले यो संकेतलाई ध्यान दिँदै मैले एकदम संक्षिप्तमा मैले आफ्नो कुरा राख्न छोट्याउन गैराखेको छु । समग्रमा अहिले कम्तिमा ८० हजार मान्छे कर्णाली भित्र रोजगार गुमेर फर्किदैं छन् । यो समग्र कुराले प्रभाव पार्ने कुरालाई हामीले जुन ढंगले फोकस गर्न खोजिराखेका छौं पूर्वाधार क्षेत्रबाट पनि रोजगारी सिर्जना हुनेगरी हामी त्यसमा फोकस हौं धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री कुर्मराज शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कुर्मराज शाही:** सभामुख महोदय, विनियोजन विधेयकअन्तर्गत विषयका शीर्षकहरुमाथि हामी छलफल गर्न लागि रहेका छौं । शीर्षकमा दिएका जति सुझावहरु छन् त्यो सुझावहरु सबै सरकारबाट ग्राह्य हुनेछ भन्ने कुराको विस्वास मैले लिएको छु । केवल सुझाव गर्ने क्रममा चाहीँ आलोचनाको विषयवस्तु मात्र बन्छ भन्ने ढंगले सरकारले बुझ्यो भने गति अगाडी बढ्दैन । आलोचनालाई सहज ढंगले स्विकारेर अगाडी बढ्नु नै उत्तम हुन्छ भन्ने मलाई लाग्याछ । र मेरो यो प्रत्येक शीर्षकमा छलफल गर्ने चाहीँ भन्याछ, म शीर्षकमा कहिल्यैपनि छलफल गर्ने पक्षमा भईन र अहिले पनि म छैन । गएको आर्थिक वर्षमा पनि थिएन र अहिले पनि छैन । म के ठान्छु भन्दाखेरी मुललाई सुधारिएन भने धारो चाहीँ सुधार्न बहुत गाह्रो हुन्छ । कि हामीले झगडा गरीरहेका छौं । मेरो निर्वाचन क्षेत्रमा म अहिले पनि

भन्छु रनिङ आर्थिक वर्षको सुरुवातामा मैले भन्याथैं मलाई एक लाख रुपैयाँ पनि नहाल्नुस् पचास हजार मात्रै हाल्नुस् मेरो निर्वाचन क्षेत्रमा । तर त्यो पचास लाखलाई कार्यान्वयनको प्रक्रिया र विधि बनाउन सक्नु भएन भने त्यसको अर्थ हुँदैन अर्थहिन हुन्छ मैले भन्याथैं । त्यही भएर कहाँनेर मलाई लागिरहेको छ भन्दाखेरी अहिले पनि मैले देखेको विषय वस्तु उही नै फेरि मैले दोहोर्याएँ यहाँनेर रिपिट गरेँ यो योजना कार्यान्वयन म भन्दैछु योजना छनौटको प्रक्रियाको विधि हामीले अहिले पनि बनाएका छैनौं त्यै भएर सदनमा सबैभन्दा बढी झगडा हुने कारण यहीँबाट भाछ । जहाँ आर्थिक हुन्छ त्यहाँ झगडा हुन्छ । आर्थिक त महादेव भगवानका त तीन नेत्र हुन्छन् भने सबैका तीन नेत्र नहुने कुरै भएन, हामी त मान्छे हो मानव हो । मानवमा स्वभाविक विषयमा तीन नेत्र हुनु स्वभाविक विषय आँखा पनि त्यहीँ गड्या हुन्छ यहाँनेर।

हामीले यसको चाहीँ तपाईँको योजना छनौटको विधि हामीले बनाउन सकेनौं भने मलाई लाग्छ फेरि अर्को आउने आर्थिक वर्षमा फेरि यै झगडा हुन्छ । फेरि सरकार, त्यसपछि गएर चाहीँ सांसदहरुको बीचमा चाहीँ भनाभनको स्थिति, मनमुटावको स्थिति पैदा हुन्छ सिर्जना हुन्छ । यसको अन्त्य गर्ने विधि हामीले अबलम्वन गर्नुपर्यो एउटा विधेयक बनाउन मिल्छ कि मिल्दैन भने कर्णाली प्रदेशले यदि मिल्छ भने कर्णाली प्रदेशले एउटा विधेयक बनाएर यो आर्थिक वर्षमा त्यसलाई योजना छान्ने प्रक्रिया विधि पहिला बनाउनु पर्यो म सुझाव दिन चाहन्छु सरकारलाई । र अब यसै चाहीँ यसैगरी अब यो कार्यान्वयन गर्ने प्रक्रिया जो छ कार्यान्वयन गर्ने प्रक्रियामा हामीलाई अहिले पनि समस्या छ, मैले भन्दै आथैं । पहिलो चौमासिकमा के गर्ने ? होमवर्क गर्नुपर्यो सरकारले अहिले त हाम्रा चाहीँ प्रदेश हाम्रा जिल्ला स्तरमा त कार्यालय थिएनन् यो भन्दा पहिला । अहिले त कार्यालयहरु छन् । कार्यालयलाई स्वस्थ दुरुस्त पार्न पर्यो, कार्यालयलाई अल्छी डन्ट लेस डन्ट लेजी मैले भने नि त्यसलाई नराख्नुस् । अल्छी नबनाउनुस् कार्यालयलाई एकदम स्वस्थ दुरुस्त पुरानो मानसिकतालाई अन्त्य गर्ने खालको वातावरण कर्मचारीलाई तयारी पार्नुस् । त्यो भएको हुनाले सकिन्छ भने पहिलो चौमासिकमा बजेट डिपिआरको प्रक्रिया अन्त्य गरी स्विकृत गर्ने उपभोक्ता टेण्डर प्रक्रिया सक्नुपर्ने पहिलो यसलाई प्रतिवद्धता जाहेर गरौं । प्रतिवद्धता यो सरकारले प्रतिवद्धता गरोस् मेरो सुझाव छ ।

दोस्रो चौमासिकमा शिलान्यास गर्ने प्रक्रिया होला त्यसपछि गएर कामको सुरुवात त्यहीँबाट थालौं । अनि त्यसपछि गएर अन्तिमवाला जस्तो चौमासिकमा जाँदाखेरी चाहीँ जेठको महिना पुग्दाखेरी हामीले योजनाका पुरै अनुगमन गर्ने प्रक्रियाहरु चाहीँ तपाईँको थाल्यौं भनेपछि अनि नयाँ योजना कसरी निर्माण गर्ने कुरा त्यहाँनेर सुधार हुँदो रहेछ के । हामी त कहाँनेर पुग्न थाल्यौं जेठमा हामीले योजना छानेनौं अहिले पनि । तल वडा अध्यक्षलाई राख्नुपर्छ, विधि एउटा बनाउँ । गाउँपालिका अध्यक्ष राखौं, उपाध्यक्ष राखौं । प्रदेश सभा सदस्य राखौं र सम्बन्धित कार्यालयका चाहीँ मलाई लाग्छ कर्मचारीहरु प्रत्येक गाउँपालिकामा

एउटा नगरपालिका पुगौं र त्यहाँबाट छलफल, त्यहीँ बहस गरौं र योजना छान्ने प्रक्रिया यो वैज्ञानिक हुन्छ भन्ने मलाई लाग्याछ । मैले भन्दै आएको छु त्यो भैकन अहिले पनि अब आउने आर्थिक वर्षमा जेठमा योजना छानौं सदनमा त ताली मात्रै बजाए पुग्छ, केही फरक पर्दैन । एउटा प्रक्रिया संसदको एउटा अभ्यास एउटा प्रक्रिया मात्रै पुरा हुन्छ ताली बजाउँछन् माननीयहरुले । कसैले पनि गुनासो गर्दैन सरकारलाई तैंले यसो गरीनस् मेरो खानेपानी गरीनस् तलमाथि बजेट पारिस् अर्को पारिस् भन्ने कुराको जो बहस हामी गर्दैछौं नि यो बहसको कुनै अर्थ छैन । जुन वहसलाई मलाई लाग्छ जेठमा हुने छनौट प्रक्रियाले यसलाई अन्त्य गर्छ म सरकारको ध्यान यतातिर तान्न चाहन्छु ।

त्यो भएको हुनाले यति गर्यौं भने मलाई लाग्छ अनि एउटा समृद्ध कर्णालीको सपनाहरु पुरा हुन सक्छ । समृद्ध राज्य भन्छु म त प्रदेश हामीले गर्न सक्छौं । जसरी मलाई लाग्छ माहात्मा गान्धीले एउटा कुरो के बोल्नुभाछ भन्दाखेरी यो माहात्मा गान्धी आजात भयो यो इण्डियामा चाहीँ उनिहरु त परनिर्भर थिए अर्थतन्त्रमा पनि स्वाधिन थिएनन् । जव तिनिहरु चाहीँ तपाइँको त्यहाँबाट भगाईसकेपछि उनले एउटा सुरुवातमा के गर्ने भनेर माहात्मा गान्धीले बडो गम्भीर ढंगले सोच्नु भाथ्यो नि । उहाँले के भन्नुभाछ भन्दाखेरी अरु ठूलो कुरालाई उहाँले ध्यान दिनुभाकै रैनछ मैले हेरें धेरै अध्ययन गरें हाम्रो यो बजेट आईरहँदाखेरीमा हेरें ध्यान दिएँ उहाँले के भन्नुभारैछ भनि । ठूलो औद्योगिकरणले मलाई के लाग्छ भन्दाखेरी जनता चाहीँ मलाई के लाग्छ भन्दाखेरी उत्पादनको मालिक बन्न सक्दैनन् भनेर भन्नुभाछ उहाँले । उत्पादनको जनता मालिक कसरी बन्न सक्छन् त हामीले सोच्नु पर्ने भो यहाँनेर । यो त प्रदेश सरकार नयाँ सरकार हो । छ आफ्नै खालका बाध्यताहरु छन्, कर्मचारी थिएनन्, अर्को थिएनन्, अर्को थिएनन् । अब आउने आर्थिक वर्षमा त्यो समस्यालाई तेर्साएर मलाई लाग्छ सरकार वस्ने स्थिति बन्दैन । त्यो भएको हुनाले के गर्नु पर्ने अबश्यकता देख्छु भन्दाखेरी अब उत्पादनमा जनतालाई मालिक गर्नका निम्ति घरेलु उद्योगलाई प्रोटेक्शन गर्न म सुझाव दिन चाहन्छु । र मुख्यमन्त्री जो रोजगार छ यसमा सबै मन उनै प्रकारले बजेट छ यहाँनेर सबैको आँखा त्यहीँनेर लाग्याछ अहिले पनि भोली के हुन्छ कसो हुन्छ भन्ने छ अहिले । त्यो भएको हुनाले मुख्यमन्त्रीको रोजगार जो छ कोभिड नाईन्टिनमा हामीले केन्द्रित गरेका छौं यो राम्रो कुरा छ । त्यो कोभिड नाईन्टिनसँगकेन्द्रित गरीरहँदाखेरी मलाई के लाग्छ के गर्नुपर्छ त भन्दाखेरी अब यो अहिले पनि हामी पूर्वाधारमा धेरै पछी छौं । पूर्वाधारकै योजनाहरुलाई चाहीँ मलाई लाग्छ समेट्ने गरी सम्वोधन हुने प्रकारले यो रोजगारी सिर्जना गरौं । जसका निम्ति जुन वडामा वडा अध्यक्ष संलग्न होस्, त्यसपछि लिएर गाउँपालिका अध्यक्ष उपाध्यक्षहरु हुन् र मलाई लाग्छ प्रदेश सभा सदस्यलाई त्यहाँ इन्भल्व गरीदिनु भो भने अलि प्रभावकारी ढंगले कार्यान्वयन हुन्छ । जसरी अहिले हामीले गाली खाईराख्याछौं मुख्यमन्त्री रोजगार अन्तिममा गयो अन्तिममा भुक्तानी भो भनेर तलै चिल्लीविल्ली हुने अवस्था जो गाउँपालिकास्थित बन्याछ त्यो स्थिति नहोस् भन्ने म चाहीँ सुझाव दिन चाहन्छु । र अब अन्तिममा म अब के भन्न चाहन्छु भने एउटा समृद्ध चाहीँ

समृद्ध कर्णाली प्रदेश बनाउनका निम्ति तीन वटा चिजलाई ध्यान दिन पर्ला, आर्थिकमा चाहीँ एक व्यक्ति कम्तिमा एक रोजगार प्राप्त गर्ने आधार के हो ? त्यो आधार चाहीँ प्रष्टै ब्याख्या गर्नुहोला यो विधेयक सहितको आधार तय गर्नुहोला र अर्को चाहीँ श्रम कार्यदल भन्नुभाछ राम्रै कुरा हो, त्यसलाई अर्धसैनिक भनेर परिभाषा गरौँ । सेना विनाको विकास सम्भव छैन भन्ने कुरा कर्णाली प्रदेश प्रष्ट भैसक्याछ । आज हुम्ला बाटो पुगेको छ, डोल्पा बाटो पुगेको छ कर्मचारीलाई ट्रेनिङ दिनुपर्यो भएन यो त यो पुरानै मानसिकता छ, कर्णाली प्रदेशले नयाँ कुरा गर्नु पर्यो । कर्मचारी ट्रेनिङ तालिम सालिममा धेरै बजेट छुट्याईएको छ त्यो तालिम त्यो अन्तिम असारमा पुग्यो भने तालिम गराउनु भएन यो । कर्मचारीलाई ट्रेनिङ दिएर तालिम दिएर के गर्नु पर्यो त भन्दाखेरी अब लाग तिमीहरु तुरुन्तै लाग भनेर चाहीँ त्यस्तो प्रकारको ट्रेनिङ दिन निर्देशन दिन सक्यौं भने अनि एउटा रिजल्ट एउटा नतिजामुखी हामी परिणाम निकाल्न सक्छौं ।

र अन्तिममा चाहीँ मलाई के भन्न चाहन्छु भने विवेक सहितको सरकार बनोस् म आग्रह गर्न चाहन्छु । कम्तिमा कर्मचारीकै भर नपर्नु सरकार भनेको त विवेकी सरकार हो । यसका निम्ति ज्ञान आर्जन गर्ने दिशातिर पनि सरकार लागोस् म आग्रह गर्न चाहन्छु । ज्ञान वस्तुले ज्ञान निर्माण गर्छ,मार्क्सवादी सिद्धान्तै यही हो नियम यही हो वस्तु हेर्ने ज्ञान आर्जन गर्ने । अब भन्यो त यो त यहीँबाट एउटा ज्ञान आर्जन गर्ने थलो पनि हो सदन भनेको । त्यो हुनाले अलि प्रेमी चाहीँ बन्दिनुस् म सांसदज्यूहरुलाई आग्रह गर्न चाहन्छु । प्रेमी यो मैले भन्या होईन माहात्मा हरुले भन्नु भाछ प्रेमी बन्नुस्, ज्ञानी बन्नुस् आलोचना धेरै कम हुन्छन् माहात्मा गान्धीले भन्नुभाछ । अन्तिममा म जाँदाजाँदै गर्दाखेरी थोरै प्लेटोको सिद्धान्त जोड दिएँ, थोरै मात्रै भन्छु सरकार कस्तो हुनुपर्छ दार्शनिक हुनुपर्छ भन्याछन् ग्रीसमा । दार्शनिक बन्नुस चाहे झमेला नै होला अस्तब्यस्त भएर नै होला केही समस्या चुनौती च्यालेञ्जहरु आएर नै होला दार्शनिक बन्नुस् तपाइँ दार्शनिक बन्नु भो भने स्वभाविक ढंगले मलाई लाग्छ तपाइँ एउटा साहस बटुल्न सक्नुहुन्छ । **(माननीय उपसभामुख**: सक्नुस् माननीय सदस्य) सकेँ मैले । साहस उत्पन्न हुन्छ रे । अनि तपाइँलाई साहस उत्पन्न गर्न सक्नु भयो भने आफैँमा क्रान्ती गर्न सक्नु भयो भने भोली सबैलाई वासना दिन सक्नुहुन्छ सरकारलाई यही आग्रह छ धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री दानसिंह परियार, समय ७ मिनेट । त्यसपछि माननीय श्री सुशीलकुमार थापा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियार:** सभामुख महोदय, आर्थिक वर्ष ७७/७८ को वार्षिक बजेटमा विशेष गरी आज भौतिक र अर्थ मन्त्रालयको चाहीँ छलफलमा म उपस्थित भैराख्याछु । र पहिलो कुरा त धेरै कुराहरु यहाँ उठिराख्याछ । र मैले पहिलो आर्थिक वर्ष देखि नै संसदमा चाहीँ ३ वटा कुरा उठान गरेको थिएँ मैले । पहिलो कुरा के उठान गरेको थिएँ, बजेट

सन्तुलन कसरी हुन्छ ? यसको उत्तर अहिले चाहीँ चौथो आर्थिक वर्षको चाहीँ बजेट हामीले चाहीँ संसदमा प्रस्तुत गर्दापनि देखिन मैले । दोस्रो मैले के उठान गरेको थिएँ, हामीले बजेट बनाउँदा कुन सूचकमा चाहीँ कुन इथिक्समा टेकेर प्लान गर्छौं हामी बजेट बनाउँछौं ? यो कुरा मैले भनेको थिएँ यसको पनि उत्तर भेटिन मैले, यो पनि अनुत्तरित छ म चाहीँ । र तेस्रो कुरा चाहीँ हामीले कर्णाली प्रदेशमा हामीले गर्न खोजेको समृद्धिको क्षेत्र कुन हो ? र कुन क्षेत्रबाट चाहीँ कर्णालीको चाहीँ समृद्धिको चाहीँ परिकल्पना गरिराख्याछौं ? ठोस हाम्रो योजना के हो ? यो तीनटै कुरा चाहीँ ४ वटा चाहीँ आर्थिक वर्षको चाहीँ नीति कार्यक्रमहरु प्रस्तुत गर्दापनि यसको चाहीँ म अनुत्तरित देख्छु । यहाँ त मलाई के लागिराख्याछ भने म जव संसदमा म उपस्थित हुँदा पहिलो पटक म सबैभन्दा बढी उत्साहित थिएँ । कि मलाई के लागिराख्याथ्यो भने कर्णालीमा चाहीँ कम्युनिष्टहरुको सरकार बन्छ ।

कम्युनिष्टहरुको सरकार बन्दा सर्वहारा श्रमजिवी जनताको चाहीँ आधारभूत आवश्यकताको सम्वोधन कम्युनिष्ट सरकारले मात्रै गर्न सक्छ । त्यो मार्क्सवादी दर्शन चाहीँ अध्ययन गरेको एउटा म विद्यार्थी हुँ म । तर, जव संसदमा आईसकेपछि तीनटा आर्थिक वर्षको चाहीँ नीति कार्यक्रम र बजेट हेरिरहँदा मलाई हिजो आज चाहीँ कम्युनिष्ट भनेको लाज लाग्छ मलाई । म कम्युनिष्ट हुँ कि होईन ? मलाई लज्जाबोध भैराख्याछ । के आम सर्वहारा श्रमजिवी जनतालाई हामी दुईतिहाई बहुमत सहितको सरकारको अभ्यास गरिरहँदा कम्युनिज्मको अभ्यास गरिरहँदा हामीले गर्न खोजेको कुरा के हो ? यहाँ मैले देखें यहाँ ३/४ वटा कुराको अन्योलता छ तपाईंको चाहीँ । म त के लाग्छ भने कर्णालीको संसद कस्तो देखियो ? कसै–कसैले चाहीँ चुट्किलाहरु भन्ने, कसै–कसैले चाहीँ पार्टीका दर्शनहरु भन्ने, कसै–कसैले आफ्नो पीडा व्यक्त गर्ने । र चौंथोमा मैले कर्णालीको संसद के देखें भने यो दाता सम्मेलन जस्तो देखें मैले यहाँ । केही दिनेहरु यहाँ उपस्थित भैराख्याछन्, र केही माग्नेहरुको चाहीँ उपस्थित छ यहाँ तपाईंको चाहीँ । माग्ने र दिनेहरुको भेट्घाट हुने ठाउँ हो यो । त्यसमा चाहीँ हामी छलफलमा छौं अहिले हामी । त्यसो भएकोले मलाई लाग्यो र मैले बारम्बार संसदमा कुरा राखें मैले हरेक वर्ष प्लान बनाउँदा योजना बनाउँदा, योजना तर्जुमा गर्दा यहाँ त हामीले देख्यौं दुईतिहाई ४ खाले किताब हामी पढ्छौं हामी कहिले रातो किताब निस्किन्छ, कहिले हरियो किताब निकालिन्छ, कहिले चाहीँ सेतो किताब निस्किन्छ यहाँ । बजेटमा चाहीँ अन्योलता छ तपाईंको चाहीँ ।

संसदमा मैले सुनि राख्याथें बजेटमा १ रुपैयाँ मात्रै तलमाथि भयो भनेपनि नैतिकताको आधारले चाहीँ राजीनामा दिनुपर्छ भन्ने सुनेको थिएँ मैले । यहाँ त त्यो नैतिकता पनि छैन यहाँ । हामीले गर्न खोजेको समृद्धि के हो ? आज ३३ अर्वको बजेट एक दिनमा ल्याउने भोलिपल्ट ३४ अर्व यो संसद फेरि भोली चल्यो भने लगभग ३५ अर्व चाहीँ क्रस हुन्छ यहाँ त चाहीँ । त्यसो भएकोले हामीले हाम्रा सोचहरु, चिन्तनहरु, हाम्रा कार्यशैलीहरु, हाम्रा व्यवहारहरु चाहीँ सर्वहारा बनाउन सकेनौं हामीले । आधारभूत जनता साँच्चिकै यो बजेटले

दलितहरुलाई छुन्छ ? तपाइँ आत्मैदेखि भन्नुस् । यो बजेटले साँच्चिकै गरिबहरुलाई छुन्छ ? साँच्चिकै यो बजेटले ति गिट्टी कुट्ने, ति बालुवा बोक्ने, ति भारी बोक्ने चाहीँ श्रमजिवी सर्वहारालाई छुन्छ ? छुँदैन । यो बजेट फेरिकस्तो देखिन्छ भने वितरणमुखी बजेट । यो बजेट कस्तो देखिन्छ भने फेरि दलाल विचौलियाहरुले यो र त्यो नाममा चाहीँ सहजै लिन सक्ने । र यो बजेट के देखिन्छ भने असन्तुलन, यो बजेट के देखिन्छ भने फेरि सत्ता र शक्तिको चाहीँ पक्षमा, र यो बजेट के देखिन्छ भन्दाखेरी वर्गीय पक्षधरको विरुद्धमा त्यो मैले देख्छु । त्यसो भएकोले मैले धेरै कुरा यहाँ गर्नुभन्दा पहिला आज संसदमा धेरैलाई लागिराख्या होला कि किन नैराश्यता पैदा भयो यो संसदमा ? यो पहिलो प्रश्न हो । कर्णाली प्रदेशमा चाहीँ संसदमा नैराश्यता छ भने जनतामा विश्वास कसरी दिन सक्छौं हामीले ? धेरैलाई लागिराख्या होला यहाँ प्रत्येक मन्त्रालयका छलफलमा एक जना/दुई जना माननीयले बोलेर अरु के भनिराख्याछन् भने कुनै पनि माननीय सन्तुष्ट छैन बजेटमा । कुनैपनि माननीयहरु, कुनैपनि जनप्रतिनिधिहरु अहिलेको बजेटमा चाहीँ सन्तुष्ट छैनन् । र यसले गर्न खोजेको गन्तव्य के हो ? यसको डेस्टिनेशन के हो ? भन्ने कुरा चाहीँ ठोस छैन ।

त्यसो भएकोले मलाई लाग्छ हामीले बुझेको संघीयता बलिदानी उत्सर्ग र संघर्षबाट प्राप्त गरेको नयाँ व्यवस्था त्यसको एउटै लक्ष्य के थियो भने बजेट वितरणमा चाहीँ सामुदायिक वितरण । सामाजिक न्याय सहितको चाहीँ राज्य व्यवस्थाको चाहीँ परिकल्पना र समाजमा साँच्चिकै परिवर्तनका निमित्त चाहीँ राज्यले चाहीँ ठोस किसिमको एजेण्डा बनाएर अगाडी जान्छ भन्नकै निमित्त चाहीँ तीन तहको सरकारको परिकल्पना गरीएको हो । तर अहिले पनि हिजो त हामीले भनेका थियौं काठमाण्डौबाट चाहीँ कर्णालीको समृद्धि हुन सम्भव छैन । अब हामी कर्णालीमै कर्णालीकै भूगोलमा बसेर, कर्णालीकै समृद्धिको योजना बनाउँदा हामीलाई रोक्यो कसले ? हाम्रो योजनामा अबरोध गर्यो कसले ? हाम्रो दुरदर्शिता कहाँनेर ? त्यसो भएकोले मलाई लाग्छ यो बजेट पासको निमित्त पास त होला तर यसले डेस्टिनेशन चाहीँ तय गर्दैन । त्यस्तै कर्णालीको समृद्धिमा कुनै योगदान दिँदैन, त्यस्तै कर्णालीका सर्वहारा श्रमजिवी जनताको कुनै जीवनस्तर परिवर्तन गर्दैन यसले । र मैले भन्छु अन्त्यमा भन्छु वास्तवमा हामीले आम जनताको चाहीँ जीवनस्तर चेन्ज गर्ने हो भने मैले मेरो निर्वाचन क्षेत्रमा चुनावमा १९ वटा कुरामा प्रतिवद्धता गरेको थिएँ मैले । मेरै पालामा नाग्चेनाङलाको बाटो बन्छ, मेरै पालामा चाहीँ राराको समृद्धि हुन्छ, मेरै पालामा चाहीँ छायाँनाथको बृहत् विकास हुन्छ, मेरै पालामा डोल्पो तामाखानी उत्खनन् हुन्छ, मेरै पालामा तपाइँको चाहीँ नाग्मखोला जलविद्युत हाईड्रोपावरको चाहीँ निर्माण हुन्छ, मेरै पालामा चाहीँ तपाइँको चाहीँ नाग्म-गमगढी सडक पिच हुन्छ लगायतका १९ वटा इन्डीकेटरबाट चाहीँ जनताबाट अनुमोदित भएर म यो संसदमा आएको थिएँ । तर, मलाई लाग्यो यो ५ वर्षमा त्यो कुनैपनि काम हुनेवाला छैन । यो सरकारको दृष्टिकोणबाट मेरो निर्वाचन क्षेत्रका जनताले त्यो केही प्राप्ती गर्नेवाला छैनन् । त्यसो भएकोले यो रातो किताबमाथिको जुन छलफल बजेटका लागि मात्र बजेटसँग संग्रह

चाहीँ कर्णालीको समृद्धिमा यसले कुनै ठोस योजना दिँदैन र हामीले खोजेको जुन समृद्धिको डेस्टिनेशन यो तरिकाबाट सम्भव छैन र हामीले नयाँ ढंगबाट, नयाँ शिराबाट, वर्गीय पक्षधरतालाई चाहीँ टेकेर सर्वहारा श्रमजिवी जनताको चाहीँ विचार र दृष्टिकोणलाई जनस्तरबाट चाहीँ हामीले प्लान गरेनौं भने वर्गीयता वढ्नेछ, र जव वर्गीयता बढ्नेछ त्यसको अन्तिम असर फेरि त्यसले सामाजिक रुपमा पुनः नयाँ रुप लिनेछ र त्यो परिस्थितिलाई थेग्न चाहीँ फेरिकम्युनिष्ट नामका केही वुर्जुवाहरुले चाहीँ त्यो थेग्न सक्नेवाला छैनन् र इतिहास फेरि हाम्रो विरुद्धमा हुनेछ भन्ने भनाई राख्दै मेरो भनाई टुंग्याउछु धन्यवाद नमस्कार ।

**माननीय उपसभामुख:** माननीय श्री सुशीलकुमार थापा, समय ७ मिनेट । त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापा:** माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७७/ ७८ को बजेट तथा कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकमा आज म उपस्थित भएको छु । माननीय सभामुखज्यू, यो लामो छलफल बीचमा केही दिन ग्याप र यो थुप्रै अभ्यासले हामी आज विषयगत मन्त्रालयका पुस्तकमाथि बजेटमाथि हामी छलफलमा उपस्थित भैरहेका छौं । यद्यपी हाम्रो छलफल, हाम्रो निष्कर्ष र चार वटा जुन हामीले बजेट ल्यायौं यसको अभ्यासबाट पक्कै पनि हामीले के परिकल्पना गरेकाथ्यौ भने १७ लाख जनताहरु, २४ वटा निर्वाचन क्षेत्र १० वटा जिल्लालाई हेरेर बजेट सबै इन्डिकेटेरका आधारमा बजेट निर्माण हुन्छ । र आज हामी बजेटको प्रत्येक हरफमा ताली बजाएर आज १७ लाख नागरिकहरुको तस्विर देखेर बजेटलाई हामीले आत्मा साथ गर्ने एउटा अवसर प्रदान हुन्छ भन्ने थ्यो यद्यपी यो पुस्तक अहिले पनि हेर्दा यसका थुप्रै त्रुटिहरु देखेका छन् । माननीय सभामुख महोदय, म यो सरसर्ती पुस्तक भित्र छलफल गर्दा पनि गर्दा भन्दा पनि समग्रमा हामीले बजेट कसरी निर्माण गर्यौं र बजेट निर्माण गर्दा र हामीले कहाँ ख्याल गर्नुपर्थ्यो । बजेट यति धेरै नागरिकको प्रतिनिधित्व गर्ने हो, पुस्तक निकाल्दा थुप्रै चुनौतीहरु छन् । थुप्रै सम्भावना हुँदाहुँदै पनि थुप्रै चुनौतीहरु छन् । हामीसँग त थुप्रै विचौलिया दलालहरु विभिन्न रुपलिएर हाम्रा सामु आईपुग्छन् भने जसले सिंगो अधिकार पाएर बजेट निर्माण गर्ने सरकार छ, त्यहाँ आई पुगेनन् भन्न सकिँदैन आउँछन् । यद्यपी हामीले यी थुप्रै चुनौतीहरुलाई सामना गर्दै थुप्रै सम्भावनाहरुको रेडबुक हुनुपर्छ भन्ने मैले विश्वास गरेको छु । मैले पटक-पटक थुप्रै कार्यक्रममा पनि भनेको छु कि दलाल विचौलियाहरु खासखास समयमा राजधानी उर्लिने र खासखास समयमा बजेट निर्माणकर्ताहरुलाई विभिन्न खाले प्रलोभन देखाएर आफू अनुकूल बजेट निर्माण गर्ने प्रयत्न गर्दछन् । यसबाट हामी बच्न सकेनौं भने हामी १७ लाख नागरिकहरुको जीवनमाथि उज्यालो छर्ने हैन अन्धकार बनाउँदैछौं । यतातिर हामीले ख्याल गर्नुपर्छ । सभामुख महोदय, दलालहरुले थुप्रै कानून नियमहरु हामीभन्दा पनि अझ वकीलभन्दा पनि बढी जानेका हुन्छन् । तिनले अनि, पनि, र,कमा, फुलस्टप काहाँ के मिलाउने पर्छ । काँनिर के मिलाउदा आफू अनकूल बनाउन सकिन्छ । त्यसका लागि बजेट

निर्माणकर्ताहरुलाई थुप्रै खालका प्रलोभनहरु देखाउने प्रयत्न गर्छन् । हामीले यसबाट बच्न सकेनौं भने बजेट नागरिक पक्षधर होइन, त्यस्ता व्यक्तिका पोल्टामा पर्ने थुप्रै हामीले त्यस्ता कारणहरु देखेका छौं । चाहे संघीय सरकार होस्, चाहे स्थानीय सरकार होस्, चाहे हाम्रै यो भन्दा अगाडीका ३ वटा बजेट अहिलेका अवस्था हेर्दा पनि कहिँकतै त्यतै ति विचौलिया दलालहरुतर्फ कतै उन्मुख भएको त छैन आज शङ्का जाहेर भैरहेको छ । माननीय सभामुख महोदय, म आग्रह गर्न चाहान्छु दलालहरुले हामी जनप्रतिनिधिहरु अर्थात् सरकार अर्थात् हामी बजेट निर्माण गर्ने कर्ताहरुलाई थुप्रै आश्वासन दिईरहँदा तपाई हाम्रो सुत्ने एउटा तन्ना चेन्ज गर्नेदेखि लिएर घडेरी किन्नेदेखि लिएर घर बनाउनेदेखि लियर भोली हामी आगामी दिनमा चुनाव लड्ने कुरादेखि लिएर संगठन र पार्टी कब्जा गर्नेसम्मका थुप्रै सपनाहरु देखाएर तपाई बजेट आफ्नो अनुकूलको पार्नको लागि थुप्रै प्रयत्नहरु गर्छन् । यद्यपी हामीबाट भएन भने त्यो ब्यूरोक्रेसीबाट पनि प्रवेश गर्ने प्रयत्न पनि गर्छन् । यदि हामीले त्यतातिर ख्याल गरेनौं भने बजेट त्यही उन्मुख हुन्छ । आज संसदहरु छातीमाथि ढुङ्गाराखेर हाँस्नु पर्यां छ । जस्तै गरी चाहे बोल्दा पनि यसो हेर्दा आपनो सरकारको झण्डा हेर्नुपर्ने नबोलौं भने ती नागरिक माथिको त्यो अन्याय सहेर कसरी बस्ने ? कतिपय बोल्दै पनि आउन गाह्रो, बोल्दा पनि कति बोल्ने त्यसको लिमिटेसन ख्याल गर्नुपर्ने यस्ता खालका थुप्रै समस्याहरु छन् माननीय सभामुख महोदय म यि कुरा यहाँहरु बीच राख्न चाहान्छु । त्यसकारण सभामुख महोदय, हामीले यदि यस्ता कुरालाई ख्याल गरेनौं, मानिलिउँ म केही उदाहरण दिन चाहान्छु । ती दलालहरु विभिन्न रुपलिएर आउँछन् । तपाईलाई गिफ्ट दिनेदेखि लिएर थुप्रै खालका । यदि तपाईलाई कसैले एउटा गिफ्ट दियो हातमा लगाउने घडी अर्थात् लगाउने कोट, जुत्ता अर्थात् कुनै कपडा चाहे तपाई संसदमा चाहे कुनै कार्यक्रममा बोल्नुस् । यदि अहिले त उनले केही नभन्नलान् १५/२० वर्ष पछि तपाईले बोलीरहँदा त्यो लगाएको घडी मैले दिएको हो । अर्थात् कुनै भट्टिपसलमा तपाई संघीय सरकार नेतृत्व गरिरहँदा त्यो सांसद, त्यो मन्त्रीले लगाएको कोट त्यतिबेलाको त्यो घडी मैले दिएको थिएँभनेर कुनै विचौलिया कुनै ठाउँमा भाषण गर्ने अवसर प्रदान गर्छ । चाहे त्यो एउटा घडीदेखि लियर ल्यापटप होस् चाहे कोट होस् । त्यहाँ भन्दा ठूला अवसरका ती गिफ्टहरुको त हामी परिभाषा नै नगरौं एउटा सामान्य कुराले भोली त्यहाँ अर्थ राख्छ । चाहे १५/२०/२५ वर्ष ती प्रश्नहरु खडा हुन सक्छन् जति बेला तपाई त्यो शिखरमा पुग्ने बेलामा एकैचोटि पैतालामा अर्थात् एकैचोटी तल झर्नपर्ने अवस्था सिर्जना हुन सक्छ । यद्यपी हामी त्यो कुरा ख्याल गरेनौं भने त्यस्तोअवस्था सिर्जना हुनसक्छ । आज हामीले अर्थात् कोही कसैले हामी जनप्रतिनिधि भैरहँदा हामीले लिईरहेको गलत ठाउँबाट चाहे केही सामान्य कमिसनले तपाईसम्म आईपुग्दा चाहे त्यो जनप्रतिनिधि सांसद हौं या हामी सरकार । हाम्रा सामु आईपुग्दा तपाईका सामु अर्थात् हाम्रा सामु आउँदा फेरिका बीचका कति दुरीहरु पार गर्दै त्यहाँ कति करप्सन बीचमा भयो होला । यि कुराहरुलाई ख्याल गरेनौ र ख्याल नगरेर हामीले अगाडी बढ्यौं र त्यतातिर हामी उन्मुख भयौं भने त्यले कति दुरीसम्मको बीचको तपाईसँग दुरी आइपुग्ने बजेटको कति गुणा त्यहाँ

भित्रै लुक्यो होला र बजेटको कति शीर्षकमा खर्च भयो होला भन्ने कुराको हामीले ख्याल गर्न सकेनौं भने माननीय सभामुख महोदय, हामीले ती सोझा-साझा,इमान्दार १७ लाख नागरिकलाई साँक्षी राखेर सपथ खाएको अर्थात् हामीले सपथ खाएको त्यो बेकार हुनेछ । हामी कम्युनिष्टका सरकार समाजवादउन्मुख समाज निर्माण गर्ने भनेर आएका हामी सांसदहरु दुई तिहाईको सरकारका साथ प्रचुर सम्भावनाहरु देखेर हामी आज हामी जनप्रतिनिधिहरुलाई यस्ता खालका विचौलिया दलालहरुको अपनत्व हुने खालका शीर्षकहरु सम्बोधन हुने वातावरण बन्यो भने माननीय सभामुख महोदय, कसरी हामीले त्यो बजेटलाई हाम्रो हाम्रा नागरिकको हो भनेर आत्मसाथ गर्ने परिस्थिति निर्माण हुन्छ । म यो कुरा राख्न चाहन्छु फेरि पनि थुप्रै छलफल र बहसबाट जसरी अस्ती हाम्रो विनियोजन विधेयक आयो, विनियोजन बजेट आयो, फेरि पनि हामीले करेक्सन गरेर मन्त्रालयका बजेट ल्याउन सक्यौं भने अझै पनि थुप्रै सम्भावना छ । फेरि पनि नागरिकहरुलाई आत्मसात् गरेर हामीले केही दिन छ । फेरि पूर्ण छलफलका साथ नागरिक पक्षीय बजेट निर्माण गर्ने हो । यदि ती विचौलिया दलालहरुबाट बचाएर यो जनताहरुको बुक हो अर्थात् रेड बुक बनाउने हो भने यदि हामीले थुप्रै सम्भावना छ । अझै हामी १२/२४ घण्टाभित्र छलफल गरेर नागरिकउन्मुख बजेट निर्माण गर्ने सक्छौं। त्यतातिर सरकारको ध्यान जाओस्, यही कुराहरु यहाँहरुको बीचमा राख्न चाहन्छु । धन्यवाद अभिवादन ।

**माननीय सभामुख:** माननीय श्री खड्कबहादुर खत्री, समय ७ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्री:** माननीय सभामुख महोदय, यो बजेटको विनियोजित बजेटको एउटा रुपरेखा आयो । अर्को फेरि यहाँ अर्को किसिमको बजेट आयो । किताब चाहीँ फरक-फरक ढङ्गले आईरहेको छ । अब यो नीतिगतरुपमा अब यो नैतिकताका कुरा अथवा संविधानका कुरा, हामी चाहीँ घोषणा-पत्रका कुरा, नेपाल कम्युनिष्ट पार्टीबाट विजय जनताले बनाए । जनताले कम्युनिष्ट पार्टीको यो सरकार हो कि तल छलफल चलाउँदा टोल-टोलमा चिया पसलहरुमा गाउँ-गाउँमा उत्साह छ कि छैन ? कसको सरकार हो ? पार्टीको सरकार हो भने पार्टीको घोषणापत्र अनुसार, सिद्धान्त अनुसार चल्याछैन । जनताको हो भने जनता पक्षमा गएको छैन, विचौलिया पक्षमा गाछ, दलालवालाको उसमा गाछ । दलाल भनेको पैसा कमिसन दिने यसलाई पनि प्रष्ट पार्न पर्यो दलालको ब्याख्या गर्दा भोली समाजमा हुन्छन् मलाई लाग्छ दलाल भनेका को हुन् त ? व्यवसायीहरु आज मरिराछन्, बैंकहरु भनौं चाहीँ कारोबार मान्छेहरु रोकिराको छ, उद्योग व्यवसाय राम्रोसँग हिंड्न पाएको छैन । यता लकडाउन भनेर चाहीँ भनौं मान्छे गाउँमा कोचिएर मान्छे मर्ने अवस्था छ, हिजोदेखि मलाई लाग्छ बबईमा चाहीँ चेकअप भैराछ । जब पूर्व मेचिदेखि मान्छे हिंडिराछ कर्णाली प्रदेशमा जव बबई आउँछ हिजोबाट सुरु छ । यता गाउँमा मान्छे मरिराछन् । मान्छे मर्छन्, मरिसकेपछि स्वाब लियो त्यो चाहीँ नेगेटिभ देखिन्छ ।

त्यसैले म के आग्रह गर्न चाहन्छु भन्दा यो बजेटको बारेमा हामी सुरुवात छ, यो सरकार कसको हो त ? यो सरकार कम्युनिष्टको हो कि ? गरिब जनताको हो कि ? कर्णाली प्रदेशले दुखै-दु:खले पाएको संघर्ष गरेर लडेको एउटा प्राप्त गरेको कर्णाली प्रदेश हो । यो विरोधका निम्ति विरोध होईन । यो बजेट नैतिकता भनेको कहाँ हुन्छ छुट्टै झोलामा हुन्छ कि ? पार्टीको त्यो पिएमसिपमा हुन्छ कि ? हुन्छ के मा नैतिकता ? मलाई लाग्छ यो कुनै कुरा गर्दा विरोधका रुपमा बजेट नपरेको भन्दापनि थितिको रुपमा एउटा जानुपर्ने कुरा थियो । म के आग्रह गर्न चाहन्छु भन्दा आज दुईटा विषय छ । पुँजीगत बजेट बढाउने प्रशासनिक कटाउने चालु बजेट हटाउने । ठ्याक्कै उल्टो छ ठ्याक्कै । म पूर्व मन्त्री थिएँ भौतिक पूर्वाधार सम्हालेको ९४ पोइण्ट कति थियो एकिन थाहा छैन पोइण्टमा मलाई लाग्छ त्यहाँ धेरै कुराहरु काट्न सकिने हुन्छ । त्यो मुख्यमन्त्री अहिले पूर्वाधार मन्त्रीपनि सम्हाल्नु भाछ, मैले उहाँलाई संगै वस्दा अहिलेपनि म भन्न चाहन्छु इमान्दार पनि लाग्छ सोझो पनि लाग्छ तर कुरा ठ्याक्कै उल्टो हुन्छ । यो मैले कुरा गर्दा मैले आत्माले संगै वस्दा सम्मानका रुपले पनि हेर्छु म तर ठ्याक्कै त्यो कार्यान्वयन हुँदैन । मलाई लाग्छ यो पूर्वाधार विकास मन्त्रालय अन्तर्गत एकचोटी हल्ला चल्यो यो ठिकै कुरा पनि गर्नु भाथ्यो जस्तै मानौं यो अहिले पनि लागिराछ जस्तै यही घटनाबाट अस्ती दैलेखको घटना घट्यो । यो जलउत्पन्न नदिजन्यका कुराहरु अब नदी नियन्त्रणको कुरा त अहिले पर्यटनले लग्यो कि अब त्यो भन्ने शीर्षक पर्छ कि पर्दैन ? भू–क्षयको कुरा हुन्छ अब उतातिर पुगिसक्याछ । नदी नियन्त्रणको जिम्मा जुन पूर्वाधार मन्त्रालयले सम्हालेको छ त्यो सम्हालेको रोक्ने भनेर उहाँले कुरा गर्नु भो मुख्यमन्त्री ज्यूले निर्देशन गर्नु भो । अनि त्यसपछि चाहीँ सदनले चाहीँ पास गरेको छ, नीतिगत निर्णय भएन । त्यसैले त्यो सबैलाई रोकेको भए रोक्न सक्ने अधिकार छ, कार्यकारी अधिकार छ । केही समय मन्त्री मण्डलमा वस्ने अवसर मिल्यो टोटल मलाई लाग्छ प्रणालीमाथि प्रधानमन्त्रीय सिस्टम के छ केन्द्रमा यहाँ त टोटल अधिकार मुख्यमन्त्रीको हुँदो रैछ । कार्यकारी प्रणालीमा सिस्टमको कुरा त्यस्तो हुँदो रैछ मानौं उहाँले जता टाउको हल्लायो उतै हुने राम्रो कुरा होस् त्यसले ठूलै असर पार्दो रैछ मैले एउटा अनुभूति गरेको कुरा हो । मलाई लाग्छ यो कुराले गर्दा एउटा प्रणालीमै समस्या छ, अबमाथि हिजोदेखिका चाहीँ कानूनहरु सुधार भएका छैनन्, सार्वजनिक खरिद ऐन संशोधन भाछैन, भनौं नीतिगत कुराहरु कुनैपनि संशोधन भएको छैन, सुधार भएको छैन, आज ढाई तीन वर्ष हामी पुगिसक्यौं अब नयाँ सुरु भाछ हामी बाटो उर्जा भएर उठेका हामी भनौं जनताको सेवा गर्न सकिन्छ, नयाँ कानून बनाउन सकिन्छ, हिजोका ति मान्छेलाई रोक्ने प्रसाशनमा गएपछि मान्छेले दु:ख पाउने, ढिलासुस्ती हुने, चाहीँ हामी छिटो गर्न सक्छौं भन्ने ढंगले हामीले हिजो सोच्यौं त्यो आज हुन सकेन । र हामीले त्यो कानून सच्याछैनौं, हामी पनि को मन्त्रीले कति दिन्छ ? कता चाहीँ टिएडिए मिल्छ ? कता पैसा आउँछ ? चाहे जातिका नाममा हुन्छ कि, बुढा वगालका नामबाट हुन्छ कि, यूवाका नामबाट हुन्छ कि, कुनै जातका हिसाबले हुन्छ कि भूगोलका हिसाबले हाम्रो पनि मलाई लाग्छ म अरु माननीय ज्यूलाई त भन्न सक्दिन मेरो असक्षमताका कारणले

सरकारले घाँटी रेटिरहेको छ भन्ने मैले महशुस गरेको छु । मेरो असक्षमताका कारणले । अरु माननीय ज्यूहरु विज्ञ हुनुहुन्छ, बौद्धिक हुनुहुन्छ म अरुलाई भन्न चाहन्न ।

त्यसैले के आग्रह गर्न चाहन्छु भने हाम्रो यो असक्षमताको फाईदा जो कोही भएपनि सरकारले लिने अवस्था सिर्जना भएको छ । म त्यसैले अर्को कुरा के गर्न चाहन्छु त भन्दा मलाई लाग्छ गत वर्षका योजनाहरु ७६/७७ सालमा भएका टेण्डरलाई डोल्पामा ३/४ वटा भए म मुख्यमन्त्रीलाई पनि दोष दिन चाहन्न भौतिक पूर्वाधार सम्हाल्नु भाछ धेरै ठाउँ जान पर्छ, धेरै ठाउँ हिँड्न पर्ने पनि हुन्छ । र जस्तै रुकुमको कुरा होस् चाहे डोल्पाको कुरा होस् ५/६ चोटी पनि टेण्डर हुँदैछ फेरि क्यान्सील हुँदैछ फेरि टेण्डर हुँदै क्यान्सील हुँदैछ । एकजना पहिला जनरलबाट आएको एकजना कमल अधिकारी हुनुहुन्थ्यो त्यसपछि धर्मेन्द्र झा आउनुभाछ । मलाई लाग्छ सडकको विज्ञ २० वटा कर्मचारी ७३/९३ दिनसम्म आउनु भएन केन्द्रबाट । किन हो त भन्दा त्यहाँ स्पष्ट भन्न पर्छ छाती खोलेर भन्न पर्छ हामी कसैले कुरा उठाउन सक्याछैनौं माननीयहरुले । बकाईदा कमिसनको कुरा चल्छ । १३ बाट ९ आयो, ९ बाट ७ आयो, अहिले ५ मा चल्याछ म प्रष्ट भन्दिन्छु ।

म आउँदा त्यतिखेर कर्मचारी छन्, सचिव छन्, डिईहरु छन्, इञ्जिनियर छन् कसैले भन्दा हुन्छ मलाई लाग्छ अहिले मुख्यमन्त्रीको अधिकार छ पुरा रोक्न सक्नुहुन्छ मलाई लाग्छ कर्णाली प्रदेशको कायापलट हुन सक्छ । मलाई लाग्छ उहाँ संलग्न भयो भन्न अहिले म सक्दिन तर यो कारोवारोका हिसाबले जुन भनौं नवोलेको कारणले मञ्चबाट बोल्नु भाछैन, निर्देशन दिनुभाछैन संलग्न हुने शंका हुन सक्छ । र अहिले एउटा अवसर छ मुख्यमन्त्री ज्यू तपाईं कमाण्डर हो, हिजो यो क्षेत्रमा चाहीं लडेकाले भनौं भ्रष्ट्राचार मात्रै रोकियो भने यो मुलुकको कर्णाली प्रदेशको कायापलट हुन सक्छ । धेरै प्राविधिकहरु छन्, पैसासँग जोडिएको छ, चाहे ती कृषिका जोड्नुस्, चाहे सामाजिक मन्त्रालयका जोड्नुस्, विभिन्न मन्त्रालयहरुका कुराहरुमा पनि हामीसँग धेरै निर्माणका कामहरु सत्तरी असी प्रसेण्ट वजेट उतै जान्छ चाहे राष्ट्रको कुरा होस्, चाहे यहाँको कुरा होस् ।

म अर्को कुरा के गर्न चाहन्छु त भन्दा जव बजेट संघीय प्रणालीबाट पनि बजेट परेको छ, संघीय प्रणालीबाट पनि बजेटहरु ठूलाठूला बाटाहरु बनेका छन्, संघीय प्रणालीबाट खानेपानी परेको छ, संघीय प्रणालीबाट चाहीं नदी नियन्त्रणका कुराहरु परेका छन्, खानेपानीका कुरा परेका छन् र त्यस्तै बजेटका मामलामा जुन किसिमले खोज्न पर्ने हो जुन किसिमले रेखांकन गर्नु पर्ने हो, जुन किसिमले सन्तुलन गर्नुपर्ने हो त्यो छैन । मलाई लाग्छ यो बरावर मासुको भागको विलो लगाए जस्तो हुँदैन । कुनै ठाउँमा संघले आज ३ अर्व हाल्याछ भने त्यहाँ बजेट हामीले न हालेपनि हुन्छ । स्थानीय तहमा बाटो बनिरहेको छ भने त्यहाँ नहालेपनि हुन्छ । यहाँ त भोटका लागि र मैले अस्तीपनि दुईटा कुरा गरें, नोट र भोटको कुरा हामीले टयाक्कै हामीले छोडेर गयौं भने हामी निष्चित रुपमा अगाडी बढ्न सक्छौं म अनुरोध गर्न चाहन्छु । र त्यस्तै आर्थिक मामिला मन्त्री मैले धेरैचोटी उहाँलाई व्यक्तिगत

ढंगले पनि अनुरोध एउटा ट्रसल जस्तो मान्छेले बुझ्नुभाछ । उहा धेरै अनुभवी राज्य व्यवस्था समितिमा वस्नु भएको अहिले पनि केही मान्छेहरु पनि लागेर चलखेल भाछ । विधेयक टेवुलमा भाको छ । त्यसैले जुन जुन किसिमको तपाइँको बजेट वक्तब्य र जुन विकास कार्यक्रम छन् ठ्याक्कै अन्तर छ । मलाई लाग्छ छातिमा हात राखेर हामी बच्चा बच्ची आमा हामी कस्ताका छोरा हौं, कस्ता घर छन् हाम्रा, हामी कस्ताबाट जन्मिएका छौं त्यसलाई एकचोटी चाहीं हेर्न सकियो भने ठिक हुन्छ । आज अरबौं लगभग असी अरव पैसा आईसक्यो । ३/४ वर्ष उपलब्धी केहीपनि छैन, परिणाम केहीपनि छैन । जनताले यो काम गरीदिएपछि खुसी हुने आज यो काम राम्रो ल्याए (**माननीय उपसभामुख:** सक्नुस् माननीय सदस्य सक्नुस्) यो किसिमको चाहीं राम्रो किसिमको योजना ल्याए उत्साह हुन्छ प्रत्येक मान्छेले घरघरै बजेट माग्याछैन प्रत्येकले चेक मागेको छैन । र राम्रो कामको थालनी आज कम्युनिष्ट पार्टीको विचार, कम्युनिष्ट पार्टीको घोषणा पत्रका कुरा प्रतिपक्षले उठाईरहेको छ । त्यतिसम्म पनि हामी जान सकिराछैनौं । ती कुराहरु उठाउँदा हामी त्यत्तिकै वसिराछौं । मैले के आग्रह गर्न चाहन्छु भने यो विरोधका निम्ति विरोध होईन । सच्चिनका निम्ति म आग्रह गर्न चाहन्छु । विशेषगरी मुख्यमन्त्रीसँग मैले केही समय काम गर्न सकें मैले अनुभव चाहीं संगालेको छु । तपाइँले चाहनुभयो (**माननीय उपसभामुख:** सक्नुस् माननीय सदस्य) भनेपछि कर्णाली प्रदेशको बजेट सदुपयोग गर्ने कार्यान्वयन गर्ने पछिको पाटो छ । मलाई लाग्छ त्यसमा सबै माननीय संलग्न गराउने अख्तियारका मान्छे बोलाउने सिडिओ बोलाउने समाजका प्रतिपक्ष कांग्रेस विभिन्न पार्टीका दलका एउटा योजना बनाएर सम्मेलन गरीयो भने मलाई लाग्छ कर्मचारीले भ्रष्ट्राचार गर्दैनन् कर्मचारीका नाम लेखाउने कर्मचारी काम गर्नेलाई दुख दिने त्यसको फाईदा चाहीं मन्त्री जनप्रतिनिधि र पार्टीका मान्छेले चाहीं चन्दा असुल्ने जुन परिपाटीको विकास भाछ त्यो अन्त्य गर्नुपर्छ भन्दै मेरा भनाई यहीं राख्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री ठम्मरबहादुर विष्ट । समय ७ मिनेट । त्यसपछि माननीय श्री विरबहादुर शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट:** सभामुख महोदय, हामी आज भौतिक पूर्वाधार मन्त्रालय र आर्थिक मामिला योजना मन्त्रालयको छलफलमा छौं। अब यो छलफलको क्रममा अब यसमा केही सुझावहरु परस्कृत गर्नलाई मैले यहाँ राख्दा खास गरी अब यो उएटा नेपालीमा भनाई छ अब हिसाब-निसाफ-पिसाब रामरी गर्नु पर्छ किनकी किड्नीसमेत बलल्दाखेरित मान्छेको ज्यानै जान्छ । त्यस्तै हिसाब चाहिँ नमिलेको कुरा । यो चाहीं म्याथले चाहीं तथ्य गरी सक्या छ यहाँ । कसैले सरहाना गरी पनि यहाँ चाहीं तपाईको यसको खण्डन गरे पनि त्यसकारण यो हिसाब मिलायर अलि ल्याउन पर्‍यो । यो हिसाब अब सरकारको हातमा छ कसरी तपाईहरु आँट्नु हुन्छ । दोस्रो कुरा भनेको यो अब कार्यान्वयन मेकानिजम नभएर अहिले सम्म हामी थला परेका छौ । यो मेकानिजम केगरी बनाउनु हुन्छ अहिलेसम्म पनि त्यसको कुनै पनि एउटा विश्वस्त यहाँ आधार आएन ।यो मेकानिजम जति पैसा छ हाम्रो त

पैसा पनि त एक तिहाई खर्च हुँदैन त दुई तिहाई खर्च नभको स्थिति छ । त्यसकारण चाहीँ यसको चाहीँ तपाईको अहिलेसम्म सोलुसन आएन जवाफ । अब तेस्रो र सबैभन्दा यक्ष प्रश्न भनेको केन्द्रीय मेरो विचारमा यो बजेट असन्तुलित छ । अन्यायपूर्ण, अवैज्ञानिक र अबस्तुगत तरिकाले आएको छ । यो कुनै मैले चाहीँ आरोपित गरेको हैन । जस्तो यो बुकमा लेखिएको छ मैले सायद धेरै माननीयहरु भनौं न निर्वाचन क्षेत्र जो अलि पीडितरुपमा छ, आर्थिक हिसाबले साधन स्रोतको हिसाबले यहाँ विनियोजन गर्दा त्यसमध्येको मेरो निर्वाचन क्षेत्र हो । थुप्रै दृष्टान्तहरु भका छन्, यो ढाई/तीन वर्षमा हामीले बोलेका छौं तर अहिले पनि अब खिस्सा छ । भौतिक पूर्वाधार मन्त्रालयमा म धेरै नजाउँ । सुर्खेतकै तुलना गर्दा यो त राजधानी विशेष भो यहाँ त मैले धेरै हिसाब गरेको छैन यहाँ आफ्नो खालको चाहीँ यसको चरित्र छ । अब पूर्वमन्त्रीजीकै ईलाकासँग उहाँको चाहीँ निर्वाचन क्षेत्रसँग तुलना गर्दा अहिलेसम्म अहिले आजका मितिमा पनि उहाँको झण्डै दुई तिहाई छ । मेरो एक तिहाईमै सीमित छ । त्यस्तै सुर्खेत पश्चिममा जाँदा पनि झण्डै दुई तिहाई छ । मेरो मेरो एक तिहाईमा केन्द्रित छ । अब सबै यहाँ भन्ने समय छैन । सबै मन्त्रीजीहरु पल्लाभारीमै हुनुहुन्छ, सबैको स्थिति त्यो छ । केही चाहीँ शक्तिशाली माननीयहरुको हातमा पनि होला छ त्यसकारण यो ढङ्गको चाहीँ बजेट आउनु दुर्भाग्य हो । अब यो त छँदैछ, यसमा अझ चाहीँ तपाईको गजब के भयो भने अब मैले यो सालमा पनि २० लाख देखि तल रकम हालेको छैन । आफैले किनकी त्यो एउटा वडासँग अथवा चाहीँ नगरसँग पनि एउटा हामीले ट्याकल गरेर अलिकति हाम्रो त तल आउँदैन भन्ने हुन्थ्यो । अब अहिले त्या २ लाख ३ लाख ४ लाखको दरले हाल्नु भाछ एकातिर त्यहाँ करोडको चाहीँ तपाईको योजना छ त्यो २ लाखले कति सालभित्र सम्पन्न हुने हो म जस्ता माननीयका कति कोट फाट्ने हुन अर्को भनेको तपाईको अब त्यो बजेटले कसरी जवाफ दिने त त्यो समेत त्यहाँ संकटमा परेको छ । मलाई लागेको थियो कि अहिले भौतिक पूर्वाधार मन्त्री मुख्यमन्त्रीजी नै भको हुनाले फेरि त्यो राम्ररी धेरै चोटि त्यहाँ जानु पनि भयको थाहा पनि छ । हामीसँगसंगै पनि गयौं अहिले त मलाई कमसेकम यसो २/४ करोड अलिकति बढी केहीन केही आउँछ होला तोफा र मैले फेरि उहाँहरुसँगै बराबर चाहियो भन्या पनि नाई अलिअलि यसो चाहीँ यसो बास्नाभरिलाई प्रदेशलाई अलिकति सम्मानित हुने ढङ्गले आउँछ भनेको अब उहि खालको स्थिति दोहोरियो यो दु:खका साथ भन्नु पर्छ । यति भने काफि हुन्छ जस्तो लाग्छ।अब यहाँ अब योसँगसंगै केही कुराहरु चाहीँ जस्तो यहाँ राखिन्छन्। त्यसको यहाँ गन्ती हुँदैन । खासगरी पोहोर मैले भनेको थिय कि सहिदहरुलाई सम्मान गर्ने ऋषी शर्मा लगायत केही चाहीँ सहिदहरुको सहिद मार्ग बनाएर जाउँ भनेर राखियो । यहाँ बोल्नु पनि भो तर त्यो लैजा चरी हावा सरी भो । त्यो कता गो, कुन कुनामा गयो ध्यानै छैन । यो सहिदहरुको कुरा उठाउँदै गर्ने र हामीले काम नगर्नुकानून त हो नि एउटा अन्तत: यो अपमानजनक कुरा हुन्छ । यो कुरामा पनि सरकार किन गएन । अब आर्थिक मामिला मन्त्रालयलाई मेरो चाहीँ सिमाना जोडिएको उहाँ सधैं मर्दापर्दा पनि चाहिने अब मुख्यमन्त्रीको त पुगेन उहाँको त अलिकति एक दुई सुन्ना

तलमाथि पर्ला भनेको त्यहाँ पनि त्यस्तै चाहीँ तपाईको खडेरी पर्‍यो। अब मैले जो जो क्षेत्र भने यिनैमा दुई तिहाईको दरले छ मेरो त एक तिहाईमै सुकेछ । अब विशेष समानीकरणको कुरा मैले गरिन । बरु सशर्त समपुरक अरु चाहीँ तपाईको विशेषीलाई जोड्दा पनि हालत त्यो छ यो म्याथमा छ । यो सबै यहाँ हिसाब-किताब छ, यहाँ क्याल्कुलेटर हानेरै आछु । मैले आवश्यक परेचाहीँ छलफल गरौँला । त्यसकारण यो किसिमले आएको छ यो दुर्भाग्यपूर्ण हो । अब योसँगसंगै सरकारको चाहीँ प्रमुख हुनुहुन्छ उहाँलाई समग्र जवाफ दिन पनि सजिलो होला एउटा खिस्सा के भो भने यो एउटा क्लास मान्ने हो भने क्लास मान्ने हो भने एक वर्ष पढ्यो भने फेल पास हुने जवाफ मिलेन भने फेल हुन्छ विद्यार्थी। यो ढाई वर्षमा यहि क्लासमा जवाफ सोधेका सोध्यै छौ तपाईहरुले जवाफसहित नदिए पनि तपाईहरु फस्ट डिभिजन हुनु भकै छ । यो कस्तो खालको कलास हो म प्रश्न गर्न चाहान्छु । जस्तै हिजो मात्रै पनि देखियो यो निरन्तर त छँदैछ कृषि मन्त्रालयमा खास्सै मैले यहि उभिएर चाहीँ तपाईको सोधेको प्रश्न र बारम्बार मैले उहाँलाई सोधेको प्रश्न र उहाँकै निम्ति हित हुने जनताको पनि हित हुने तपाईको म्याकानिजम के हो ? काम गर्ने किनकी वडा र चाहीँ तपाईको उले हालत बनाएर सिफारिस अनेक कुरा कार्यान्वयन हुने स्थिति छैन । कतिपय ठाउँहरुमा तपाईको मेकानिजम केहो भनेर मैले प्रश्न सोध्याँथे ? दोस्रो के हो भने जसरी अहिले हामीले विरोध गरेको हैन पत्रपत्रिकामा महिनामा एक चोटि कृषि मन्त्रीसँग जोडेर केही न केही जनताको कार्यविधिसँगकेहीन केही रकमसम्म यो खिचलो आई राख्याछ अब रकम र कार्यविधि यही प्रकृतिको छ भने यसलाई कसरी तपाईले चाहीँ winover गर्नु हुन्छ कसरी चाहीँ तपाईले यलाई ट्याकल हुन्छ । त्यो कुरा विश्वस्त बनाउन उहाँकै हितमा भन्याथ्ये तर अब नाम केहो भनेर सोध्यो भने चिनपान्जीबाट सुरु गर्न भो । हाम्रो खिस्सा अ त्यो सोधेको उहाँले चाहीँ जवाफ कताकता लिनु भो र हिजो एउटा चाहीँ समिक्षा गोष्ठीजस्तो लामो यहाँ प्रतिवेदन आयो । अब हुँदाहुँदा सुरुमै चाहीँ यो के अब विडम्बनाका साथ भन्नुपर्छ यो प्रदेश चाहीँ अन्तर विरोधमा चाहीँ फसेको छ भन्नुभो । अब सरकारका मन्त्रीले त अलिकति यहाँत संकटकाल लागे पनि भवितव्य गोली यहाँ वरीपरि चले पनि शान्ति छ है अमनचयन छ है भन्ने हो सरकारले त । अब सरकारकै मन्त्री दुई सय राष्ट्र रेकर्डेट मैले त्यो त गोप्य कुरा भए ठम्मरले विरोध गरेको ठहर्थ्यो । फेरि यस्तो कुरा अगाडि पनि केही दोहोरिएको हुनाले मैले टिकाटिप्पणी गर्याथिन । अलिकति यहाँबाट भन्देबा अझ सुधार होला फेरि लेखेरै पढ्या हुनाले झन फस्नु भो तपाई यसो बोल्दिँदा त हाड नभाको जिब्रो भन्ने हुन्थ्यो । लेखेरै पढ्नु भाछ अब हिजो प्रमुख सचिव पनि हुनुहुन्थेन । माननीय प्रमुख सचिव भन्नुभो । त्यो पनि माननीय भन्दा धेरै अगाडि भन्नु भयो । नयाँ केही स्थिति त्यो पनि लेखेरै लेख्नुभो । अब त्यो रेकर्डेट हेरे हुन्छ । त्यसकारण यो किसिमले गयौ भने एकातिर जवाफ नमिल्ने, अर्कोतिर तपाईको आफ्नो शैलीमा कहाँ-कहाँ पुग्ने भयो भने के हुन्छ अब पर्यटनमन्त्रीज्यूको पनि हालत त्यही हो । उहाँलाई मैले पोहोर एउटा प्रश्न सोध्याथें अलि गम्बिर ढङ्गले अलि तातातो पनि भो तपाईका घराराकै ढुङ्गो चाहीँ सिलाजित हुने । हाम्रो चाहीँ सिलाजित पनि ढुङ्गो

बनाईदिनु भो भन्याथिम । अहिले त्यहि खेल्लो दोहोरियो यो नयाँ कोलोम्बसले पत्ता लाको अमेरिका जस्तै गुर्वाकोट, मालारानी चाहीँ तपाईको लेख गुफा भन्ने अहिलेको नयाँ हो चाहीँ २१औं शताब्दीमा नेपालमा विश्वमा सायद मैले जानेसम्म मन्त्रीजीको म एक्लै भन्यापनि नाई सबै मन्त्री हामी चाहीँ माननीयहरु गएर गर्नुहोला भनेर उहाँले गर्छु भन्नुभाछ पोहोर पनि त्यस्तै टुटाथ्यो सुकेकै थियो । त्यो क्षेत्र त अब अहिले पनि त्यो हालत छ त्यसकारण अब यो त यो तरिकाले त तपाईको उहाँले त एउटा जिल्ला निर्वाचन क्षेत्रमा परेको परै छ । मेरो पनि पूर्व मन्त्रीको त्यो इलाकामा परेकै छ त अरु कैयू ठाउँ परेको छ । डोल्पामा हुम्लामा सबैठाउँ दुई-दुई, तीन-तीन वटा परेको छ, जाजरकोटमा तपाईको रुकुममा परेकै छ अनि मेरो क्षेत्रमा नपर्ने कारण के पैसाको कुरा मात्रै हैन । खै त हाम्रो ऐना । त्यहाँ खै त सम्मान । हामीकहाँ क्षेत्र छैन । राजकाजमा दरबार छ खैरेनि खटाङ्तपाईको पर्यटन छ । यहि गुफा छ, एक ठाउँ त हाल्नुस् मैले अरु कुनै मेरो वडासम्म सम्बन्धित कुरा पनि थिएन । यस्तो अन्याय र अचाक्ली भो । यो कुरा मैले यहाँ निवेदन गर्न चाहान्छु । त्यसकारण मैले अन्तिममा के भनौं भने यो सबै कुरा बाट जस्तो सबै मन्त्री जी ले प्रय भन्नु भाछ हामी सुधार गरेर कोहिले चौमासिक मा सुधार गरछौ भन्नु भाछ कोहिले पहिलो चौमासिकमा यस्तै यस्तै भन्दै यहाँ टुङ्गाउनु भाछ । त्यसैले विषय चाहीँ तपाईको गम्बिर देखियो अब किन उ गर्न त्यसैले सरकारको प्रमुख मुख्य मन्त्री ज्यू हुनु हुन्छ बरु तपाई बिग्रिनि भए के नगर्दा हुन्छ त्यो पहिले कुरा गरैला तर यलाई राम्रो बनाएर ल्याउ हैन यो कुनै ईच्छाको विल जस्तो त हईन यो तपाईले फेरि सच्चाउदै जादा काहाँ पुग्छ यलाई बनाउ कसरी हुन्छ त्यलाई नै हामी सबैको सम्मान हुन्छ । यो कुरा मैले निवेदन गर्न चाहान्छु । अब होईन यस्तै खालको तपाईको अन्याय किसिमकोले गर्ने हो भने मैले भन्न चाहान्छु अब विना विभागीय मन्त्री भन्ने हुन्छ । विना विभागीय माननीय बनाउनुस्। सरकारले त्यो क्षेत्र हेर्नुस्। हैन अब २४ मा २३ वटै निर्वाचन क्षेत्र बनाउनुस् किन पैसा कुरा होईन । एउटा एक किसिमको अन्यायपूर्ण तरिकाले चाहीँ तपाईको सामना गरी राख्नुपर्ने, टर्चरमा बसि राख्नुपर्ने स्थिति किन तपाईले पैदा गर्नु भाछ ? यो कुरा मैले निवेदन गर्न चाहान्छु । र मुख्यमन्त्रीजीले अलिकति आँट गर्नुपर्यो । यसको लागि हैन यलाई अलिकति चाहीँ तपाईको परिस्कृत बनाएर ल्याउ यो भन्दा त अरु विकल्प त देखिदैन, सबैको आत्माले यही बोल्छ । एउटा चाहीँ सारा कुरा देखिराख्याछ म्याथमा सबै कुराहरु आको । यलाई त डाकछोप गर्न सकिदैन । त्यसकारण यि कुराहरुतर्फ मुख्यमन्त्रीजीको विशेष आफ्नो उहाँत भौतिक पूर्वधार मन्त्रालय हुनुको नाताले उहाँले त जवाफ दिने कुरा छँदैछ । समग्रमा मन्त्रालयको पनि यो चाहीँ ढाई वर्षसम्म प्रश्न सोधेका सोध्यै । अनि उत्तर कहिले नआउने अनि फस्ट डिभिजन सरकार भको भई छ । यसको जवाफ पनि तपाईले चाहीँ मिलाउनु होला । अब गाउँघरमा एउटा भन्ने गरिन्छ अर्पण गर्दाखेरि मारे पाप पाले पुण्य भनिन्छ । अब गर्नु भो तपाईहरुको हातमा छ भवितव्य परेन भने तपाईहरु हो सरकार । अब हैन बगाउनु भो भने अब हामी सबैलाई कहाँ बगाउनु हुन्छ सरकार गम्भीर होस्, धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री वीरबहादुर शाही । त्यसपछि माननीय श्री सोशीला शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री वीरबहादुर शाही:** सम्माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७७/०७८ को वार्षिक बजेटमा छलफल गर्न गईरहेको छु । आज हाम्रो भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला योजना मन्त्रालयको मन्त्रालयगत छलफल गर्न गईरहेको छु । सर्वप्रथम त मैले यो भाग १ को किताब र अहिले २ हेर्दाखेरीमा यो अहिलेको भौतिक पूर्वाधारको जो आएको छ किताबमा, साना योजना पनि सिंचाई खानेपानी समेटिएको आएको छ । म अंकमा गईन, बजेटको बारेमा हेर्दाखेरीमा अब त्यो संख्यामा ठिकै आएको छ म धन्यवाद दिन चाहन्छु । र बजेटमा आउनु भन्दा हामी भौतिक पूर्वाधार मन्त्रालयबाट कार्यान्वयनमा कति गयो ?विकासको मेरुदण्ड भनेको भौतिक पूर्वाधार मन्त्रालय हो । अहिले हामीले म धेरै टाढा जान्न म । डोल्पा जिल्लाको सन्दर्भमा हेर्ने हो भने जत्तिको हाम्रो कृषि सडकले बाटो खोलेको छ, त्यति भौतिक पूर्वाधारले बाटो खन्न सकेको छैन । जति कृषिको सिंचाईको हाम्रो कार्यक्रम भएको छ त्यति चाहीँ भौतिक पूर्वाधारको सिंचाई अगाडी बढेको छैन । हामीले २ वर्ष डिपिआरमा चाहीँ पैसा फालेर गएका छौं, त्यो कुन-कुन ठाउँको त्यो अनियमितता भएको छ, त्यो भौतिक पूर्वाधारको नजरमा परेको छ कि छैन ? फेरि अहिले मैले सुन्ने गरेको छु, भर्खरै सडकको पैसा यो कोटेशन हुँदैछ अरे । सडकमा कोटेशन हुने कुन ठाउँमा होला ? सडकको पैसा फेरि पनि कोटेशन भएर चाहीँ बाँडिदै छ अरे । यो राम्रो हुन्छ कि हुन्न ? हामीले विकासको कतिमा पर्यो भन्दापनि हामीले कति किलोमिटर बाटो खन्यौं र कतिवटा खानेपानी बनायौं, त्यो सोच्नु पर्छ ।

मेरो जिल्लाको हकले भन्दा पूर्व माननीय वक्ताले भनिहाल्नु भो जति टेण्डर पर्छ क्यान्सिल हुँदै जान्छन् । त्यो टेण्डर मात्रै खोल्ने ठाउँ रैछ काम नहुने चाहीँ ठाउँ रैछ । कर्णाली प्रदेशको चार चौथाईमा दुई चौथाई भाग डोल्पा होला भूगोलको हिसाबले । यहाँ विकास विनियोजन गर्दा भागको हिसाबले विनियोजन भैरहेको छ । सिंचाईमा यति करोड, सडकमा यति करोड जनता सडकमा यति करोड भनेर एक जना एक निर्वाचन क्षेत्रमा यति करोड भनेर भाग भैरहेको छ । त्यो भन्दापनि आवश्यकताअनुसार अहिले मुख्य गरेर साबिक कर्णाली हुम्ला र डोल्पामा चाहीँ बाटो नपुगेको जिल्लामा सडकलाई प्राथमिकता दिनुपर्ने हो । हामीले बोल्दै गरेका छौं, हामी कर्णाली प्रदेशमा नाकामा ब्लक छौं ढोका थुनिएका भन्याछौं । तर अहिलेसम्म हामी तिब्बतका नाकामा कति बजेट विनियोजन गरेको छौं त ? जस्तै हुम्लाको हिल्सा नाका भन्नुस्, मुगुको नाग्चानाङला भन्नुस् डोल्पाको भन्नुस् अहिले संघीय सरकारले पनि एक किताबमा हेर्दाखेरिमा डोल्पाको नाकामा कुनैपनि योजना राखेको छैन सडकमा । यो डोल्पा जिल्ला के संघीय प्रदेशभित्र पर्दैन होला ? आज जाजरकोटबाट डोल्पा जाने बाटोमा एउटा पनि पुल परेको छैन । यो संघीय सरकार पूर्वाग्राही हिसाबले हेरेको छ । त्यसैमध्ये पनि प्रदेश सरकारले पनि यसमा अलिकति नजर लाग्नुपर्ने हो कि होईन ? हामीले आ–आफ्नो

पहुँचको हिसाबले जुन ठाउँमा मन्त्री हुन्छ, त्यै ठाउँमा मात्रै नजर भन्दापनि अहिले त हाम्रो यो संघीयता आएको अर्थ के हो त ? भूगोलका आधारले विकास गर्ने, जनजातिको हिसाबले विकास गराउने, महिलाहरुलाई प्राथमिकता दिने त्यो हिसाबले पो संघीय आएको हो । यो पहुँचको हिसाबले योजना पार्ने हो भने त पहिलेकै व्यवस्था त्यही नै कायम थियो । यत्रो लड्नु किन परेको थियो ?म देख्छु अहिले पनि यो विकास हाल्नलाई सरकारमा जानपर्ने रैछ मन्त्री बन्नपर्ने रैछ ।

हामी धेरै टाढा जानै पर्दैन यो कर्णालीको भूगोल हेर्नुपर्छ आवश्यकता कुन ठाउँमा छ त ?अब हामी यहीँ हेरौं नसुर्खेतमा अहिले खानेपानी पायाछैनन् । आज मेरै कोठामा २ दिनदेखि पानी आयाछैन । यो हाम्रो सरकारले ध्यान दिनुपर्ने हो कि होईन ? त्यसकारणले आर्थिक मामिला मन्त्रालयको चाहीँ हामीले बजेट विनियोजन गर्नु भन्दापनि समयमै यसको यसको अख्तियारी दिन पठाउनु पर्यो । अब बजेट हामीले असारमा पास गर्छौं, भदौबाट अख्तियारी दिन लगाईदिनु पर्यो र हिमाली जिल्लामा ४ महिना हिउँले काम हुन्न । २ महिना बर्खाले काम हुन्न । अनि त्यहाँ कसरी विकास हुन्छ ?२ महिना हाम्रो १ महिना हाम्रो चाडपर्वमा जान्छ । १ महिना हाम्रो बाली लगाउन, घाँस काट्न र बाली लगाउन जान्छ । अनि विकासको कार्यक्रम हुने भनेको त २/४ महिना मात्रै हो । यो भन्दा पहिला त सडकको पनि विधेयकमा आएको थियो । साबिकको कर्णालीलाई चाहीँ ६ महिना म्याद थप्ने बजेट फ्रिज नजाने भन्ने विधेयकमा आथ्यो कार्यान्वयन हुन सकेन । अहिले पनि त्यही भएको छ । हामीले त विकास त हालेका छौं, केही चाहीँ गएर यो कोरोनाले खाईसक्यो । केही चाहीँ गएर अब फेरि बजेट फेरि फर्केर आउँदैछ । अहिले जनता चाहीँ एकदमै निराशमा छन् । किन भन्नाले काम गर्न पाएका छैनन्, जति गएको हुन्छ काममा फेरि बजेट फर्केर आउँदैछ । त्यसको लागि साबिक कर्णालीलाई यो ६ महिना म्याद थपेर यसलाई कार्तिकसम्म चाहीँलाई बनाउनु पर्छ भन्ने म धारणा राख्छु । भूगोलको आधारमा आवश्यकताअनुसार जानुपर्यो । काठमाण्डौंको आवश्यकता यहीँ सुर्खेतमा छैन नि त ? सुर्खेतको आवश्यकता फरक होला । हाम्रो हिमाली जिल्लाको छुट्टै फरक प्रक्रिया छ । २/४ महिना त हामीलाई हिउँ परेर काम गर्न दिन्न । त्यस्तै पानीले काम गर्न दिन्न । अहिले चाहीँ जब काम गर्न सुरु हुन्छ,तपाईँको डिजेल, मट्टितेलको कुनैपनि विकासको सामान जान पाईन्न । अब बजेट त आउँछ त्यही भागवण्डाका हिसाबले आउँछ । त्यहाँ के अब चाहीँ कर्णाली प्रदेशले पहाडी, हिमाली जिल्लालाई ढुवानीको व्यवस्था गरिदिनुपर्यो फ्रिमा । डिजेल, सरिया सिमेन्टीहरु । यसको ढुवानीको व्यवस्था चाहीँ सरकारले गरिदिनुपर्यो ।

निर्माण कार्यमा जति हुन्छ त्यो चाहीँ सरकारको परेको भागमा नलाउनुस् र बाँकी ढुवानी चाहीँ कर्णाली प्रदेश सरकारले गरिदेओस् भन्ने म अनुरोध गर्न चाहन्छु । यहाँ ७ सय पर्ने सिमेन्टीलाई चाहीँ हुम्ला र डोल्पामा ५ हजार पर्छ । तुलनात्मक हिसाबले यहाँ १ किलोमिटर बन्ने बाटोलाई चाहीँ डोल्पामा चाहीँ आधा किलोमिटर बाटो पनि खनिंदैन । एउटा

म फेरि हाम्रो डोल्पाली जिल्लाका चाहीँ भौतिक पूर्वाधारको चिन्ता सुनाउन चाहन्छु । हाम्रो सडक भौतिक पूर्वाधारले कसरी टेण्डर खोल्यो त्यो भन्न चाहन्छु । के माटोको टेण्डर खोलेको कि बाटोको टेण्डर खोलेको ?हामीले एउटा दुईटा मात्रै हो अहिले त्यहाँ बाटो खनेको सुनपानीबाट रग र चुँबाट लिंखुसम्म सडक खनिएको छ । त्यो कस्तो छ भन्नाले तपाईँको त्यो सुनपानीबाट रग ८० लाखमा नगरपालिकाले बाटो खनिरहेको थियो । टेण्डर खोलेको काममा त्यसैलाई चाहीँ गएर स्तरोन्नति गराएर बिल उठाएको छ । हाम्रो टेण्डरमा चट्टान खन्ने टेण्डर छैन भनेको छ । रक काट्ने टेण्डर छैन भनेको छ । त्यो चट्टान रक खन्ने टेण्डर नखोल्ने भए त त्यो डोल्पामा बजेट हाल्न आवश्यक नै छैन । जहाँ माटो छ त्यहीँ नै हालौँ । अब विकासको नाममा विनास भएर जनताकहाँ गएर फेरिपनि हामीले उही पुरानै बाटोमा धकेल्न लाग्यो भने कसरी चाहीँ जनताको जनजीविका माथि उठ्छ ?यो भएर मैले भन्न चाहन्छु भूगोलको हिसाबले, आवश्यकताको हिसाबले विकास होस् र आउँदो बजेटमा भौतिक पूर्वाधारले फेरिपनि भन्न चाहन्छु यो विकासको मेरुदण्ड हो । गम्भिर भएर सोच्नु पर्छ।

आर्थिक मामिला मन्त्रालयले समयमै बजेटको विनियोजन गरिदिनुपर्छ र अख्तियारी पठाईदिनु पर्छ । जबकी असारमा लाग्छ हामीले बजेट पठाईदिन्छौँ । अनि त्यो विकास कार्यान्वयन हुन सक्दैन । हामी एकातिर विकास विरोधी हुन्छ जुन जनता विरोधी भएर हिँड्नु पर्छ । त्यसकारण (**माननीय सभामुख:**सकौँ माननीय सदस्य) आउँदो वर्षमा यस्तो नहोस् समयमै विकास जाओस् र भौतिक पूर्वाधारले चाहीँ गम्भिर रुपबाट सोच्नुपर्छ भन्दै मेरो भनाई यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** अब माननीय श्री सोशीला शाही, त्यसपछि माननीय गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री सोशीला शाही:** सभामुख मोहदय, आज हामी छैटौँ अधिवेशनको छब्बिसौँ बैठकमा सहभागीभै मन्त्रालयगत बजेट विनियोजित बजेटमाथि छलफल गर्ने क्रममा आज भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका विनियोजन बजेटमाथि छलफल गिररहेका छौँ । यसैगरी भौतिक पूर्वाधारविकास मन्त्रालयका विगत वर्षहरुका अधुरा योजनाहरु क्रमागतरुपमा बजेट विनियोजनभै आएका यस वर्षका नयाँ योजनाहरु खानेपानी, सिचाँई,तटबन्धन संरचना निर्माणका लागिबजेटको स्वरुप सानोभए पनि समावेशी र समानुपातिक आधारमा निर्वाचन क्षेत्रका सबै माननीयहरुको सहमतिमा आवश्यकतामा आधारित योजनाहरु समावेशभइ आएकोमा भौतिक पूर्वाधारविकास मन्त्रालयलाई धन्यवादका साथै आगामी दिनमा कार्यान्वयनको पक्षलाई उच्च प्राथमिकतामा राखि अगाडि बढ्नका लागि मेरो सुझाव रहेको छ ।

यसैगरी भौतिक मन्त्रालयको कालिकोट जिल्ला अन्तर्गत खर्च शीर्षक नम्बर ३११५४ को तटबन्धन तथा बाँध निर्माण शीर्षकको क्रियाकलापमा खानेपानी योजना समावेशी भएको यसलाई सुधार गर्नुपर्ने देखिन्छ । यसैगरी आर्थिक मामिला तथा योजना मन्त्रालयअन्तर्गत कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण पुस्तकमा समावेश भएको योजनाहरुको बजेट विनियोजन कसरी हुन्छ । भौगोलिक जनसंख्या आदि कारणले हुन्छ कि या मागमा आधारित कारणले हुन्छ भन्ने कुराको जानकारी लिन चाहन्छु । साथै यस मन्त्रालयमा रहेको सुर्खेत विमानस्थलको विस्तार र स्तर उन्नतिको लागि विनियोजन भएको योजना पर्यटन मन्त्रालयबाटै सञ्चालन हुँदा उपयुक्त हुन सक्छ भन्ने लागेको छ । वित्तीय योजनामा आफ्नै नियम हुन्छ तर मैले जान्न खोजेको कुरा यो हो मन्त्रालयको बजेट यो हो बजेटको पेरिफेरि हेर्दा सबै राम्रै भए पनि हामीले सम्पूर्ण मन्त्रालयको बजेट तालिम,सेमिनार, गोष्ठी, भ्रमण लगायतका कार्यक्रममा कम गरी विकास निर्माण लगायतका कार्यक्रममा बढी जोड दिई मौलाउँदै गहिरहेको भ्रष्टाचारलाई निरुत्साहित गर्न तपाई हामी जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरुबाटै विशेषगरी पहलकदमीका साथ हाम्रो राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन र गलत काम गर्ने कर्मचारीलाई दण्डको व्यवस्था गरी यस प्रदेशमा सुशासन कायम गर्नुका साथै सुखी कर्णाली समृद्ध कर्णाली बनाउनका लागि विशेषगरी प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । विगतको समयमा राज्यबाट नै उत्पीडितको पिडा बोकेर यस प्रदेशको हाल आफै सरकार चलाउन पाउँदा तपाई हामी सबैको खुसीको कुरा हो । तर अबका दिनमा यो वा त्यो पार्टी नभनी जनताको राम्रा लागि एक मात्र कर्णाली प्रदेश सरकार छ भन्ने सन्देश दिलाउनका लागि त्यस्तो वातावरण पैदा गर्नका लागि प्रदेश सरकारलाई मेरो प्रमुख सुझाव रहेको छ । भनिन्छ घडीका सुई अरु बेला फरक–फरक ठाउँमा हिंडिरहेका हुन्छन् तर १२बज्ने बलामा सबै-सबै एकै ठाउँमा हुन्छ । त्यसैगरी त्यसै भएर विचार, सिद्धान्तमा हामी फरक–फरक ठाउँमा भए पनि विकासनिर्माणमा हामी ऐक्यबद्धता भएर अगाडि बढ्न सबैलाई विनम्र अनुरोध गर्दछु । अन्तमा सरकार र सकारात्मक कामका लागि मेरो सहयोग रहने छ धन्यवाद । जय राष्ट्रवाद ।

**माननीय सभामुख:** माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंह:** माननीय सभामुखज्यू, यो भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मन्त्रालयको विषयको छलफलको कार्यक्रममा म यहाँ आफ्नो सुझावहरु राख्न उपस्थित भएको छु र अब यो आर्थिक वर्ष ७७/७८ को बजेट कार्यक्रमको छलफलको आज यो दुईवटा मन्त्रालयको विषयमा छलफलमा मैले केही सुझाव दिन चाहन्छु । र विकासको महत्वपूर्ण मेरुदण्डको रुपमा रहेको यो भौतिक पूर्वाधार मन्त्रालय सडक पूर्वाधार खानेपानी सिचाई विशेषगरेर जनताको धेरै ठूलो जनसमुदायको मतलबअब भावना केन्द्रित त्यहाँ हुन्छ । सिचाँई उत्पादनसँग सम्बन्धित छ र खानेपानी पेयजलसँग सम्बन्धित छ । सडक यातायात गाउँघर आफ्नो बस्तीमा पुग्ने कुरा र विगत सयौं वर्षदेखि गोरेटो बाटोमा

हिँडिरहेका जनता अहिले ट्र्याक ओपन कच्चि सडक भए पनि घरगाउँ सडक पुर्याउनुपर्छ भन्ने मनोविज्ञान एक खालको उत्साह एक खालको मान्छेको पहिलो प्राथमिकतामा सडक जान्छ । अब यो मनोवैज्ञानिक हिसाबले पनि त्यहाँ सडकमै प्राथमिकता,खानेपानीमै प्राथमिकता,सिचाँईमै प्राथमिकता तर बजेटको हिसाबले हामी लगातार ३ वर्षको बजेटमा हामी क्रमागत सडक,क्रमागत खानेपानी, क्रमागत सिचाँईमा छौं । नयाँ योजना प्रस्ताव गर्न सकिएन र यलाई अर्को वर्ष पूरा गर्ने गरिकन सरकारले सोच्नु पर्छ र अहिले लामो छलफलपछि सरकारले यो पुस्तक सुधारेर र विस्तृतीकरण गरेर ल्यायो । त्यसको लागि म सरकारलाई म धन्यवाद दिन चाहन्छु । भौतिक मन्त्रालय विशेष गरेर आर्थिक मन्त्रालयले यसैगरी यो कृषि, वन, पर्यटन, उद्योग र शिक्षा सामाजिक मन्त्रालयले पनि विस्तृतीकरण गरेर ल्याएको भए राम्रो हुन्थ्यो । किन ल्याउन मिलेन फेरि कोहि मन्त्रालयले ल्याउनु भयो । उहाँहरुले ल्याउनु भएन । पहिलो चौमासिक,दोस्रो चौमासिक हामी एलाई तल पठाई दिन्छु भन्नुभाछ । त्यो एउटा विश्वनीयताको कुरा पनि भयो । सामान्यतया अब यो शब्दमा योजनामा गडबड हुने, अंकमा पनि गडबड हुने गर्याछ है । मन्त्रालयको सचिवालय, त्यसपछि अब हाम्रा कार्यालयहरुमा यो गडबड हुने गरीराख्या छ । के अब हामीले सन्तुलनका हिसाबले १० लाख, १५ लाख,२० लाख यस्तै–यस्तै गरेर जिल्लाले पेश गरेर क्रमागत योजनामा हामीले सटिङ गर्याछौं । मन्त्रालयका मन्त्रीज्यूहरुको सल्लाह अनुसार हामीले त्यसरी सटिङ गर्दापनि यहाँ घटेर आयो ? के ३ लाखको ५ लाख होला मेरो निर्वाचन क्षेत्रमा पोहर साल आ.व ७५/७६,७६/७७ अहिले दुईवटा झलुङ्गे पुल छन् । तिनी एनजिओ सिलेक्शनमा गइसक्या छन् । टेण्डरको प्रोसेसमा गइसक्या छन् तर ५ लाख छुटाईएको छ अहिले कहिले हुन्छत ५ लाखको टेण्डर हुन्छ त ? त्यो मान्छेले बनाउने कुरा छैन, त्यो हार्डवेयरसम्बन्धी काम छ त । त्यस्तो गर्नु हुन्न के अलिकति ख्याल गर्नुपर्छ है । अब यो पोहर सालकै हामीले जाईने मर्जेवल पुल अगाडि बढाछौं । नयाँ त गरिएकैछैन तर अर्को साल कम्पिलिट हुनुपर्छ । सरकारलाई मेरो यो सुझाव हो र योजना तर्जूमाको हिसाबले मेरो सुझाव के छन् भने दुई/चार वटा योजना तर्जुमा गर्दा विधिमा हामी अलिकति विधिमा हामी विशेष छलफल गरौं । गत सालको विधि यो भन्दा दुई वर्ष अगाडिको विधिभन्दा अहिले नयाँ ढङ्गबाट, कार्यालयबाट प्रस्ताव भए कार्यालयले प्रस्ताव हुँदा सबै क्रमागत आए । तिनी नयाँ पनि क्रमागत आए, पुराना पनि क्रमागत आए, त्यो अल्ली छनौटमा मिल्याछैन । असन्तुलन छ है कार्यालय चाहिने तल प्रस्ताबक हुन आए । हामी आमन्त्रित जस्ता हुन आयौं । कोभिडको कारणले चाहिने हामी अब टेलिफोनबाट सल्लाह दियो त्यहाँ अल्लि विभित्र असन्तुलन भाछ योजना तर्जुमामै समस्या छ । यसलाई चाही अल्लि पुनर्विचार गर्नुपर्छ अर्को साल । कार्यान्वयनको कार्यविधिमा चाहिँ कार्यतालिका बनाएर जानुपर्छ । अहिले आएर प्रेसर भयो यो वर्षका बजेटहरु ५० प्रतिशत, ७५ प्रतिशतमात्रै कार्यान्वयन भएका छन् । यो समस्या भोलि आउँछ है काम भएको मुल्याङ्कन गर्नुपर्ने बाँकी कामको रिभाइज गर्नुपर्ने स्थिति आउँछ र अहिलेकै योजना यस्तै अवस्थामा छन् । मैले ६ महिनामा, ३ महिनामा म्याद थप्नुहोस् भनेर सदनमा निरन्तर

बोल्दैआएको छु । आज पनि बोल्याछु । यो कुरा ख्याल गर्नुहोला । हैन अर्को सर्वअधिकार सम्पन्न अनुगमन समिति गठन गरौं । अनुगमन अहिलेसम्म तल गरेकैछैन । कार्यालयले कसरी भुक्तानी दि राख्या छ । मान्छे हप्ता/दुई हप्ता चाहिने सदमुकाममा भात खाएर बस्या छ । काम गर्यापनि हिसाब छैन, नगरेका पनि हिसाब छैन । पूरै घिमी राख्या छन् । कार्यालयले दु:खदी राख्या छ, त्यो अनुगमनको पाटो काहाँ हो कोले गर्नुपर्ने हो । आधिकारीक अलिकति चाहिने अधिकारसम्पन्न समिति बनाउनु पर्योएउटा कुरा । अर्को कुरा लोकप्रिय कार्यक्रम जनता सडक भनियौ पोहर सालको दायित्व त सारियो । अहिले निरन्तरतामा केही बजेट त हाल्नु पर्थियो है कि नाइ । ० भयो यो कुरामा हामीले बोलेकै हो । यलाई निरन्तरता दिर्नु पर्थ्यो । निरन्तरता दिएर टेण्डर गर्नुपर्थ्यो । किनभने दायित्वसँगै निरन्तरतामा जान्थ्यो क्या किन ० गरियो ? हुन त पोहर सालकै बजेट कार्यान्वयन होस् भन्ने होला सरकारको तर निरन्तरतामा बजेटिङ गर्नुपर्थ् । यो एलिकोट गर्नुपर्थ्यो गरिएन गरिनुपर्थ्यो है । जनताको लोकप्रिय कार्यक्रम भनियो तर पनि विनियोजनको हिसाबले भएन यो-यो कुरा हो । अब अर्को कुरा कृषि सडक, पर्यटन सडक अहिले कृषि र पर्यटनले दशै जिल्ला बनाउन सक्दैन भनेर लेखेर पठाछन् डिएफओहरुले कृषिको कृषिले बनाउन नपाईने भनियो यो । कृषि सडक अहिले इज्जत हाम्रो राख्ने खनिएका छन्, त्यो अन्य जिल्ला पनि होला । हाम्रो जिल्लाको हाम्रो निर्वाचन क्षेत्र गएर हेर्नुहोस्६ मिटर चौडा पोहोर र अिहले गरेर ८ किलोमिटर खनिएको छ । पोहोर साल भौतिक पूर्वाधारको दुई करोड लगानी गरेछ, जम्मा २५ सय तिन हजार मिटर मात्रै खनिएको छ । त्यो दृष्टान्त हामीसँग छ । देखाईदिन्छु फिल्डमा भनेपछि यसको जिम्मा भौतिक पूर्वाधार मन्त्रालय हेर्नुपर्छ है । कृषि र पर्यटन सडकको यो लिनुपर्छ अधुरा छन्। अर्को कुरा आ.व. ०७६/०७७ का योजनाहरु प्रदेशभरि कोभिड-१९ का कारणले बन्दाबन्दी भएर ५० प्रतिशत, ७५ प्रतिशत काम भएका छन् । यसमा समय म्याद थप भको छैन । पर्सि यो क्लोजिङ्ग यसको रिभाइज गरेर ७५ प्रतिशत काम भएको दिने भन्ने नीति पास गर्नुपर्छ । साउनबाट भदौबाट असोजमा पुरै काम सम्पन्न भएर भुक्तानी गर्ने बेला आउँछ ल्याईन्छ फेरि कुरा यो हो । अब यो अर्को कुरा विशेष सुझाव कर्णालीको सन्दर्भमा आर्थिक वर्षको विशेष छलफल गरौं केन्द्रीय सरकारलाई अनुरोध गर्नका निमित्त हाम्रो यहाँको भौगोलिक प्रतिकुलता र मौसमी प्रतिकूलताले गर्दाखेरी आर्थिक वर्षको कारणले गर्दा यहाँ काम भई राख्या छैन । त्यसो भो भने आर्थिक वर्षको बारेमा सोचौं न त । केन्द्रीय खेत ऐनको बारेमा सोचौं न त ? किन हामीले सुझाव दिएको केन्द्रीय सरकारले नमान्ने ? किन चाहियो ३० दिन त्यत्रो टाईम किन हामीलाई चाहीँ ६ महिना चाहिने तपाईको त्यो चाहिने ईभालुएसन टाईम चाहियो यत्रो । ईबिडिङ्ग हैन, ईबिडिङ्ग भईराख्या बेला किन चाहियो हो केन्द्रीय खरिद ऐनले पनि गडबड गर्याछ र अर्को यहाँको आर्थिक वर्षले पनि समस्या पैदा गरेको छ । यस विषयमा विशेष ध्यान दिएर छलफल गरौं र आगामी बजेटिङ्ग गर्दाखेरि आर्थिक वर्षलाई यहाँको भौगोलिक प्रतिकूलता मौसमी प्रतिकूलताले काम पनि नहुन सक्छ । साबिक कर्णाली र हाम्रो भेरी-राप्तीलाई यि आदि

ईत्यादि कुरालिएर यो बजेटलाई कार्यान्वयन गर्न अलिकति गति दिनुपर्यो । पिकअप लिनुपर्यो र यो तरिकाले साउनको मसान्तसम्म अख्तियारी गरिसक्नु पर्छ । भाद्र र असोजसम्म सबै कुरा प्रशासनिक काम फाईल भएर मङसिरबाट कार्यक्रम अगाडि बढ्नु पर्छ । त्यसो भयो भने पछि परिणाम निकाल्न सकिन्छ, धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरु, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका शीर्षकहरुमाथिको छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २४ गतेको बैठकमा समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरु, सभाको बैठक आधा घण्टासम्मको लागि स्थगित हुन्छ ।

□□□

(मिति २०७७ साल असार २३ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको छैठौं अधिवेशनको २७ औं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा तथा सुविधालाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २२७ मा गाउँसभा र नगरसभाको सञ्चालन बैठकको कार्यविधि समिति गठन सदस्यको पद रिक्त हुने अवस्था गाउँसभा र नगरसभाका सदस्यहरूले पाउने सुविधा प्रदेश कानूनले बनाउने अवस्था रहेकोमा सोहीबमोजिम कर्णाली प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधासम्बन्धी ऐन, २०७५ लाई नेपालको संविधान अनुकुल बनाईस्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा कानूनी सम्झौता गर्न वाञ्छनीय भएकोले स्थानीय तहका पदाधिकारी तथा सदस्थहरूले पाउने सुविधा सम्वन्धीकानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, सम्माननिय सभामुख महोदयको अनुमतिले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफलमा म भाग लिन यहाँ उपस्थित भएको छु । सर्वप्रथम मेरो यो शीर्षक माथि नै म आफू व्यक्तिगत ढङ्गले भन्ने हो भने सभामुख महोदय म अन्योलमा छु, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक भनिएको छ । पहिला हाम्रो यो सुविधा भन्ने थिएन, पहिला बनेको कानूनचाहिँ हाम्रो पारिश्रमिक भन्ने थियो । पारिश्रमिक भनेपछि त्यो एउटा पाटो रह्यो सभामुख महोदय, सुविधा भनेपछि अहिले यो नयाँ बनेको हो भन्ने मलाई लाग्छ । यो स्थानीय तहहरूको पारिश्रमिक सम्बन्धमा एउटा प्रदेश बाहेक सबै प्रदेशले नै पारिश्रमिक लेखे । त्यो लेखेको हुनाले सर्वोच्च अदालतले यिनीहरूले

पारिश्रमिक पाउँदैनन् भनेर खारेज गरिदियो । त्यो अनुसूची मात्र खारेज गरेको थियो या के गरेको थियो त्यो कुरा पनि क्लियर साथ चाहिँ देखिएको छैन र १ नम्बर प्रदेश, अहिलेसम्म पनि उहाँहरूको नामाकरण भएको छैन, उनिहरूको चाहिँ खारेज भएन किनकि उनिहरूले सुविधामात्र लेखेका थिए । त्यहीँ ढङ्गले यो आईरहेको छ र हामीले बारम्बार सरकारलाई सचिवालयमा दर्ता भईसकेपछि सरकारसँगसम्माननिय सभामुखज्यूलाई पनि यहाँ केही त्रुटिहरूछन् त्यसलाई पनि सुधार्न पर्छ भनेर हामीले कुरा राखेका थियौं र सायद टेबुल नहुँदै फिर्ता लगेको भए केही सुध्रेर आउथ्यो होला । एकातिर सभामुख महोदय स्थानीय तहलाई भन्ने गरिएको छ, कि हामीले तिमिहरूको सेवा सुविधा बढाएर ल्याएका छौं झण्डै कसै-कसैले त भनेका रहेछन्, गण्डकी जति पुर्याएर ल्याएका छौं भनेर पनि सभामुख महोदय, हाम्रा माननीयज्यूहरूबाट नै अथवा कार्यालयबाट नै स्थानीय तहलाई भन्ने गरिएको रहेछ र त्यसमा एउटा आरोप छ म त्यो आरोप सहर्ष स्वीकार्न चाहन्छु । सरकारपक्ष सत्ता पक्षले त सबै गरेकै थियो,प्रतिपक्षको कारणले गर्दा ढिलो भयो भन्ने कुरा पनि आएको रहेछ सभामुख महोदय । यो भन्दा अगाडि यसका विषयमा कुनै छलफल भएको छैन । जुन छलफलको कार्यक्रममा हामीले यो यो गल्तीछन् भनेर भन्दाखेरि सरकारले त्यती सारो ध्यान दिएन मिल्छ होला भन्ने सोच्यो होला र हिजो राती मात्रै जहाँ-जहाँ हामी काँग्रेसको टिकेटबाट जितेको भन्ने मान्छेहरूले हाम्रो सरकारले यस्तो राम्रो गण्डकी जस्तो बनाएर ल्याएको थियो, तिमिहरूकाले पो रोकिदिएका रैछन् भन्ने कुरा ल्याएको रहेछ । म यो सदनबाट भन्न चाहन्छु सभामुख महोदय, कसैको रोकिएको छैन तर यो ऐन बन्दै छ । ऐन बन्दाखेरि ऐन कसरी बन्यो ऐन ठिक छ कि छैन भन्ने चाहिँ हाम्रो दायित्व हो भन्ने मलाई लाग्छ सभामुख महोदय । यो जटिल विषय छ । यो राजनीति मात्र होइन सत्यताको कुरा हो । मलाई लाग्छ, मैले सुन्थे पनि हो, समाजवादीका कुरा के हुन्छन्, सबै समान हुने भएकोले समाजवादी भनिएको हो । वर्गीयतामा तल र माथि हुँदैन भन्ने कुरा मात्र गरिने हो त्यस्तो देखियो सभामुख महोदय । यसमा मैले पहिला नै सुर्धान पर्छ भनेर भनेको हुदाँ गल्तीसानो थियो सभामुख महोदय । त्यो हामीले समयमा नै सुर्धान पर्थ्यो सकेनौं । नसकिसकेपछि क्याविनेटले निर्णय गरेर ल्याएको कुरालाई फेरि संशोधन गर्न पनि कमसेकम त्यसलाई सम्बन्धित मन्त्रीले फिर्ता लिएर क्याविनेटबाट नै त्यसलाई सुधार गरेर ल्याउन पर्थ्यो होला त्यो भएन र हाम्रो पनि यो बजेटको चटारोले गर्दा ढिलो ढिलो भयो सभामुख महोदय । त्यसकारण मैले यहाँ एउटा पढेर सुनाउन पर्ने भएको छ, सभामुख महोदय ।दैनिक तथा भ्रमण भत्ता सम्बन्धमा लेखिएको छ, पदाधिकारी तथा सदस्यहरूले स्थानीय तहसँग सम्बन्धितकानूनको शिलशिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्नुपर्दा स्थानीय तहको आन्तरिक स्रोतको आधारमा अनुसूची-२बमोजिमको दर नबढ्ने गरी दिनको दैनिक भ्रमण भत्ता पाउने छन् । २ उपदफा (१)बमोजिम हुम्ला, मुगु र डोल्पा जिल्लामा भ्रमण गर्नुपर्दा अनुसूचीमा उल्लिखित दैनिक भ्रमण भत्ताको दरमा आवश्यकता अनुसार प्रदेश सरकारको निर्णयबाट बढीमा २०प्रतिशत रकम थप हुन सक्ने छ भनेर भनिएको छ र स्पष्टिकरणमा के लेखियो भने विदेश भ्रमण गर्दा भारतको

चेन्नाई, हैदरावाद, बैङ्गलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बङ्गलादेशको ढाका र चाहिटगाउँ बाहेक अन्य ठाँउमा रात बिताउन पर्दा अनुसूचीमा उल्लेखित दरको ५०प्रतिशत रकममात्र पाउनेछन् भनेर लेखिएको छ । फेरि त्यसपछि के लेखिएको छ भने सभामुख महोदय, भारतका अन्य स्थान र अन्य मुलुकको हकमा अनुसूचीमा उल्लेख दररेट मै हुनेछ भनेर लेखिएको छ । अब यो भनेपछि त कानूनले के भन्छ, माथि जे सुकै लेखिएको भएपनि तल लेखिएको जेठो हुन्छ, भारतका ती बाहेक अन्य भनेको फेरि के हो ?हामीले बुझेको रुपैडिया, लखनउ हो, के थियो भने सभामुख महोदय। भारतका अन्य स्थानलाई हटाएर र वा अन्य मुलुलकको हकमा अनुसूचीको दररेटलाई हटाएर अनुसार नै हुनेछ भनेर त्यती सुधारेको भए मिल्थ्यो भन्ने कुरा चाहिँ राखेका थियौं हामीले त्यतिखेर । जुन अहिले अब मासिक रूपमा पाउने सुविधाको कुरा छ सभामुख महोदय,संविधानको मनसाय के रैछ भने राजनैतिक कार्यकर्ता विशेष गरेर गाउँमा काम गर्ने जिल्लामा काम गर्ने मानिसहरूचाहिँ यो भोलेन्टिएर नै हुन् । यिनीहरूले भ्रमण भत्ता चाहिँ पाउँछन्अरू पारिश्रमिक चाहिँ पाउन हुन्न भन्ने मानसिकतामा चाहिँ यो संविधान निमार्ण भएको देखिन्छ सभामुख महोदयतर अब पछि आइसकेपछि हामी पनि सरकार हौं, हामीले पनि तलब पाउन पर्छ भन्ने कुरामा गए मासिक पारिश्रमिक भन्ने बित्तिकै त्यो सर्वोच्चले खारेज गर्यो के-के भाषा हुन्छ नि अल्ट्रा गर्ने के गर्ने भन्ने हुन्छ नि भयो तर अहिले अब आयो सभामुख महोदय । के आएको छ भने म पढेर सुनाउन चाहन्छु । पदाधिकारी सदस्य जि.स.स. को कुरा छ, हामीले अहिले पत्रपत्रिका, इन्टरनेट, टेलिफोन अतिथि सत्कार अनुगमन खर्च खानेपानी मर्मत् तथा सरसफाईको शीर्षक राखेका छौं,विद्युत तथा उर्जा खर्चको शीर्षक राखेका छौं । सवारी इन्धनको राखेका छौं । अब यो जि.स.स.को प्रमुखलाई चाहिँ कति हुने भो, पत्रपत्रिकामा तीन हजार, टेलिफोनमा तीन हजार, अतिथिसत्कारमा पाँच हजार, अनुगमनमा बीस हजार खानेपानी मर्मत खतथा सरसफाईमा पाँच हजार विद्युत तथा उर्जा खर्चमा चार हजार र सवारी इन्धनको लागि १०० लिटर डिजेल हुने भयो र त्यसपछि अन्य सुविधाको विवरण । यो मासिक सुविधा हो, सभामुख महोदय अनुसूची-१ मा । अनुसूची-२ मा के छ भने सुविधाको विवरण राखिएको छ । त्यसमा चाहिँ यातायात खर्च मासिक छ, त्यो चाहिँ माथि उल्लेख गरिएको छ । जसको गाडि हुँदैन त्यसले मासिक १२००० पाँउछ भन्ने प्रमुखको छ उपप्रमुखको १२००० भनिएको छ, त्यस्तै गरेर चाडपर्व खर्चमा पनि प्रमुखलाई पन्ध्रहजार, उपप्रमुखलाई १५०००, सदस्यलाई १२००० । फेरि तल नगरपालिकाका प्रमुखलाई १५, उपप्रमुखलाई १५ वडा अध्यक्षलाई १२ यस्तै गरेर एवम् रितले तल झरेको छ । बैठक भत्ताहरूको कुरा छ, बैठक भत्तामा प्रमुखलाई १५, १२हजार त्यस्तो छ । दैनिक भ्रमण भत्ता २०००, १६०० त्यो छ । त्यसपछि विदेश भ्रमणको लागि चाहिँ डलरको कुरा छ यसमा मैले राख्न खोजेको के हो भने सभामुख महोदय यो सेवा पनि हामी मानका हिसाबले दिँदै छौं, ओहोदाको हिसाबले दिँदै छौं या कामको हिसाबले दिदै छौं ? यहाँ कुरा आएछ यदि ओहोदाको हिसाबले दिने हो भने मर्यादाक्रमको हिसाबले दिने हो भने गाउँपालिकाको अध्यक्षले दश हजार होइन उसले पनि बाह्र हजार नै पाउन पर्छ सभामुख महोदय । किनभने

नगरपालिकाको प्रमुखलाई बाह्र हजार भनिएको छ उपप्रमुखलाई बाह्रहजार भनिएको छ तर गाउँपालिकाको अध्यक्षलाई दश हजार भनिएको छ । मलाई हिजोबाट एउटा कुरा याद आयो केही आफूलाई हामी माथिल्लो स्तरका भन्ने जि.स.स.का प्रमुखहरूले पनि तिमि र हामी एउटै रोमा त हो भन्ने कुरा पनि आयो सभामुख महोदय । यदि त्यस्तो कुरा हो भने सोह्रौंमा छ मर्यादाक्रमको । महानगरपालिका उपप्रमुख काठमाण्डौं महानगरपालिका बाहेक, जिल्ला समन्वय समितिका उपप्रमुख त्यसपछि गाउँपालिकाका अध्यक्ष आउँछ । अनि त्यसपछि उपमहानगरपालिकाका उपप्रमुख आउँछ । उपमहानगरपालिकाका उपप्रमुख गाउँपालिकाका अध्यक्ष भन्दा पछि आउँछ । त्यसपछि नगरपालिकाका उपप्रमुख आउँछ । भनेपछि उपमहानगरपालिका भन्दा त अध्यक्ष माथि छ भने नगरपालिकाको उपाध्यक्ष भन्दा माथि राखेर उसको सेवा राख्न मिल्छ कि मिल्दैन । मर्यादाक्रमले राखेको हो भने । मर्यादाक्रमको हैसियतले होइनभने सभामुखज्यू, कामको चापले हेर्ने हो भने जि.स.स.को काम के छ त ?समन्वय गर्ने । अनि यहाँबाट आएका बजेटलाई कार्यान्वयन गर्दिदैनौं भन्ने । काम गर्ने त नगरपालिकाको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष उपाध्यक्ष यी सबै वडाको होला नि मिलेन के भन्नुपर्यो एउटा नीति ल्याउन पर्यो मयार्दाको कुरा । किनभने हामीलाई पनि भनिएको थियो, गाउँपालिकाको नगरपालिकाको प्रमुख भन्दा हाम्रो तल हुने ?प्रधानमन्त्रीको तलब बढी छ कि राष्ट्रपतिको ?राष्ट्रपति पनि संवैधानिक हुन् भन्ने कुरा आएको थियो त्यो कुरा आएकोले संवैधानिकको हिसाबले हामीले जि.स.स.का प्रमुखलाई बढी दिइसकेपछि अब मयार्दाक्रमको कुरा आयो, त्यो आइसकेपछि अब गाउँपालिकाको अध्यक्षले पनि त्यो भन्दा बढी पाउन पर्छ सभामुख महोदय । अब रह्यो यहाँ सदस्यहरूको कुरा छन् सभामुख महोदय । जस्तै म बैठक भत्ताको विषयमा कुरा गर्न चाहन्छु सभामुख महोदय । यो सदनमा हामी जो जति हुन्छौं संसदमा प्रवेश गरिसकेपछि हामी कोही मुख्यमन्त्री हौंला कोही सभामुख हौंला । कोही के हौंला कोही के हौंला । हाम्रोप्रतिदिनको बैठक भत्ता अहिले हामीले हाम्रो एकदम मितव्ययी गर्ने हाम्रो यो संस्था भएकोले हाम्रो साढे सातसय छ । हामी सबैको साढे सात सय हुन्छ । यो बैठक भत्ता यो प्रमुखको १५०० उपप्रमुखको १२५० र त्यहाँबाट १००० त्यहाँबाट १५०० फेरि १२५०, १५०० तल आएको अर्को प्रमुखको भनेको । मैले योसम्म चाहिँ देखेको थिए सभामुख महोदय । बैठक भत्ताको अध्यक्षता गर्ने मान्छेलाई चाहिँ अलिकति बढी गर्दिने अरूको समान गर्ने चलन छ । होइनभने त्यो बैठकमा बस्ने सबैको समान हुन पर्थ्यो । बैठक भत्ता चाहिँ फरक हुन हुँदैनथ्यो भन्ने कुरा । त्यसपछि यहाँ के भनिएको छ भनेदेखिन चाडपर्वखर्चमा १५०००, १२०००, १५०००, १२०००, ८०००, १००००, ७००० यसरी मिलाएर ल्याएको छ । यसको तर्क के रहेछ भने सभामुख महोदय, कर्मचारीले खाइपाई आएको एक महिनाको आधा पाँउछन् भन्ने तर्क रैछ । कर्मचारीले पाउने त पारिश्रमिक हो नि सभामुख महोदय । यो त सेवा हो यस कारणले म दलको नेता भएर मेरो मुख चाहिँ ठुलो हुने दलको एउटा सांसदको मुख चाहिँ सानो हुने हुन्छ रचाडवाडमा ?मिठो खान त सबैलाई मनलाग्ने कुरा हो नि वर्षमा एकदिन दिने कुरा हो । १५०००

एकमुष्ट सबैलाई हुनुपर्थ्यो, त्यहाँ पनि विभेद गरिएको देखिन्छ र यो सरकार त के हो भने सानालाई माथि तान्ने इक्वालिटिमा मा ऊँ गर्ने इक्विटिमा विश्वास गर्ने त्यसैले त साम्यवादीहरूको शासन हुन्थ्यो होला । म त यहाँ सभामुख महोदय पुँजीपतिको मान्छे बोल्दै छु तर समानताको हकको लागि मैले बोल्दै छु, सभामुख महोदय । अर्को एउटा गजबको हाँसो लाग्दो कुरा छ सभामुख महोदय यहाँ । सम्मानित संसदका सांसदज्यूहरू नहासिदिनु होला । यो रकम राख्ने कुरा त छदैंछ, सबैलाई दिइसकेपछि । कि त मयार्दाक्रमको कुरामा सदस्यहरू उठेको पनि छैन वडा अध्यक्ष पनि छैनन् । प्रमुख उपप्रमुख, प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षछन् । कुनै पनि वडा अध्यक्षको उसमा छैन । मर्यादाक्रमलाई त सबैले मान्नुपर्ने हुन्छ होला नि तर हामीले के भन्यौं भने पारिश्रमिक त सबैलाई अलिकति सेवा दिन पर्यो भनेर सबैले गऱ्यौं त्यसमा ठिक छ । त्यसमा मेरो कुनै विमति छैन । सभामुख महोदय दिनु पर्छ खाए त अब के गर्ने भन्या जस्तो । के गर्ने त सबैले खाइहाले भने जस्तै भाछ । म यहाँ भन्छु हुनत मैले अघिनै पढिसकें पत्रपत्रिकामा३०००, अतिथिमा ५०००, अनुगमनमा २००००, खानेपानीमा ५०००, विद्युतमा ४००० भनेर आयो । जब सदस्यकोमा आइसकेपछि उलाई के दियो भने पत्रपत्रिकामा २५०० । मैले माथि यो जि.स.स.को हेरे अरू पनि त्यस्तै छन् उसले पायो कति भने पत्रपत्रिकामा २५०० पायो,टेलिफोनमा चाहिँ २५०० पायो । अतिथि सत्कारमा चाहिँ ३००० पायो । अनुगमन खर्च पाएन । ठिकै होला मैले अब यसमा के क्यालकुलेशन गरे भने पत्रपत्रिका चाहिँन्छ, दिएको छ ठिक गर्यो । टेलिफोन सञ्चार चाहिन्छ २५०० दियो सरकारले ठिक गर्यो । अतिथि के का लागि त उ अनुगमनमा पनि जाँदैन उसका कोही अतिथि पनि छैनन् । अतिथि दिइसक्ने हो भने अनुगमनमा चाहिँ उसले राखेन त्यो ठिक छ, एउटालाई चाहिँ खानेपानी मर्मत् सम्भार तथा सरसफाइमा महिनामा ५००० छ, अनि यो सदस्यले पानी खादैनन् त सभामुख महोदय ?पानी नपिउने सदस्य हो ?हजार पाँचसय त उसको पनि त राखिदिनुपर्यो दिइसकेपछि । हजारै राख्नुहोस् या पाँच सय नै राख्नुहोस् । नर्मल्ली १००० रुपैंया खानेपानी । अनि त्यो सदस्य बिजुली बाल्दैन सभामुख महोदय । दियालोमा बस्ने हो ? अब यता सवारीको इन्धन डिजेल छैन । छैन त अब जस्तै माननीयले पाउँदैनन् गाडी लिन त पाउँदैनन् । पानी पिउन नपाउने पनि ती सदस्यको के भन्न पर्यो भने सदस्यहरूलाई सुविधा दिनु भएन । उ नितान्त उसको कुनै काम हुँदैन भन्ने कुरा आउन पर्छ । यस्ता खालका कमिकमजोरीहरू भएका छन् सभामुख महोदय । त्यसकारणले हामीले यसलाई अलिकति छिटो ल्याइदिन पर्छ भनेर भनेका थियौं र अब यी कुरालाई नसुर्धानि हो भने ऐन नबनाउने हो भने के को हामी समाजवादी उन्मुख ?मुख अर्कोतिर हुने भयो उनको डल्लामात्र झुण्डिने भयो, उनमात्र हुने भयोत्यसकारणले यस्तो चाहिँ कमसेकम यो सदनले अघि एकजना माननीयज्यूले भनेको मेरो छातीमा मेरो एकदम बिजिरहेको छ । कम्युनिष्टको सरकार जुन सरकारले साराका सारा समानता ल्याउने छ । समानताको हकको लागि लड्ने छ । पुँजीपतिहरूका विरुद्धमा लाग्ने छौं भनेको सरकारले यस्तो विभेद गर्ने र कसैलाई ठुलो र कसैलाई सानो गर्न मिल्छ मिल्दैन । कसैलाई

पानी पिएँ कसैले पिउँदैन । यसबाट हामीलाई के थाहा भयो भने यहींभित्र कति विभेद हुँदो रैछ भन्ने कुरा आयो । त्यसकारणले यसलाई मिलाएर ल्याइयोस् यसलाई छिटो भन्दा छिटो गर्नमा छिटो गर्नमा मेरो कुनै पनि उ छैन । तर यसलाई नमिलाएर ल्याउने हो भने संशोधनमा हाल्नु पर्ने हाम्रो बाध्यता हुन्छ । भोलि यो पाएन भने पछी तर म सहि कानूनको लागि र सही समाजको हितको लागि म गाली खान तयार छु । २०७९ मा चाहिँ कतिका छन् मलाई भोट नदिदाँ म स्वीकार्न तयार छु तर कानूनलाई मिचेर मर्यादालाई मिचेर ल्याएकोचाहिँ कुन चाहिँले बनाएको चाहिँ ठक्कर ल्याएर चाहिँ फोटोकपी यहाँ पेश गरेको चाहिँ हुबहु त्यहीं ढङ्गले अगाडि बढ्न सक्दैन । मेरो सैद्धान्तिक छलफलमा यहीं कुरा राखे ।सम्मानिय सभामुख महोदय समयकोलागि हार्दिक हार्दिक धन्यवाद दिँदै विदा हुन्छु, जय नेपाल ।

**माननीय सभामुखः**-माननीय सदस्यहरू स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफमा भागलिन चाहने माननीय सदस्यले र रोष्टमको बायाँतर्फ रहेका कर्मचारीहरूसँग नाम टिपाउनु होला ।यसपछि माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः**- माननीय सभामुख मयोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफलमा हामीले भाग लिइरहेका छौं । नेपालको संविधानले गरेको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले पनि २०७५ साल मै स्थानीय तहका पदाधिकारी र सदस्यहरूको सेवा सुविधासम्बन्धी कानून बनाई सकेको थियो । त्यहाँ केही कमजोरी त्रुटिका कारण सम्मानित सर्वोच्च अदालतले बदर गरेको अवस्था थियो । त्यो लामो समय पश्चात आज हामी यो सम्मानित संसदमा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी छलफल गरिरहेका छौं । यो छलफलमा म सैद्धान्तिक हिसाबले मात्रै केही विषयहरू उठाउने छु र अघिल्लो विधेयक जो ऐनको रूपमा कार्यान्वयनको प्रक्रियामा पनि थियो । त्यो विधेककमा अनुसूचीहरू सम्भवतः थिएनन् र यतिबेला कर्णाली प्रदेश सरकाले जुन संशोधन र एकीकरण गर्ने बनेको विधेयक ल्याएको छ । यसमा अनुसूची व्यवस्था गरेर ल्याएको छ । यसका लागि म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । हामी यो सेवा सुविधासम्बन्धी सैद्धान्तिक छलफल गर्दा हामी एउटा विषम् तथा विशिष्ट परिस्थितिमा छौं । यो परिस्थितिमा कोरोना भाइरस कोभिड-१९ को महामारीको अवस्थामा हामी छौंर यो महामारीको अवस्थामा सुविधासम्बन्धी छलफल गरिरहेका छौं । स्थानीय तहका पदाधिकारीहरू र सदस्यहरूले सुविधासम्बन्धी कानून प्रदेश सरकारले प्रदेश सभाले बनाउनु पर्छ त्यो जिम्मेवारी हामीसँग छ र त्यो जिम्मेवारीसँगै जुन विषयहरू यहाँ आएको छ विधेयकमा समेटेर ल्याइएको छ । यसमा केहीत्रुटि मैले पनि फेला पारे । त्यो त्रुटिका विषयमा नै मैले आफ्ना कुरा राखे छु र केही सुझावका कुरा पनि छन् । सुझावका कुराहरू

राख्दाखेरि जस्तो सवारी तथा यातायात सुविधा भनेर जसरी राखिएको छ । यातायात सुविधा पाउने सवारी साधन पाउने र नपाउनेको अनुसूची-१ र २ मा व्यवस्था गरिएको छ । यातायात खर्च भनेर पनि व्यवस्था गरिएको छ । सवारी खर्च भनेर इन्धन छुट्याइएको छ । अनुसूची-१ मा सवारी सधान हुनेको निम्ति इन्धन खर्च भनेर इन्धन छुट्याइएको छ । किटानका साथ यो दुईवटा साधन भएकाले इन्धनको प्रयोग गर्ने र साधन नभएकाले वापतको सुविधा पाउन पर्छ भन्ने कुरा म राख्न चाहन्छु । अर्कोकुरा चाडपर्व खर्च पाउनु पर्छ भनेर यहाँ कुरा आएको छ । यो वर्षमा एकपटक मात्र पाउने सुविधा हो र एकपटक पाउने सुविधामा पदाधिकारी र सदस्यलाई विभेद भएको मैले अनुभूति गरे । पर्व त सबैको एउटै होला नि । त्यो पर्वमा पनि किन यस्तो विभेद होला वार्षिक हिसाबमा एकपटक पाउने खर्चमा पनि किन यस्तो विभेद गरेर कर्णाली प्रदेश सरकारले ल्यायो । मलाई यो विषयमा असाध्यै जिज्ञासा पनि लाग्यो र यो सैद्धान्तिक छलफलमा गर्न छलफल गर्न मन पनि लाग्यो । विभेद नगरेर सबैलाई एकै प्रकृतिबाट र रकम आउन पर्थ्यो । त्यो आउन सकेन र कर्णाली प्रदेश सरकार एउटा प्रक्रियामा छ र प्रक्रियामा जाँदै गर्दा संशोधन गरेर यो ल्याउने छ भन्ने एउटा विश्वास पनि व्यक्त गर्न चाहन्छु । अर्को कुरा बैठक भत्ताको कुरापनि यहाँ आएको छ अलि बैठक भत्तामा पनि विभेद नै गरेर ल्याइयो । प्रमुख, उपप्रमुख र सदस्यलाई फरक छ । बैठक त बैठक नै होनि ।त्यहीँ एउटै बैठकमा सहभागी हुँदा किन भत्ता फरक । सामान्य एउटा आधारभुत कुरा हो जस्तो लाग्छ मलाई तर आधारभुत कुरामा विभेद गरेर जो ल्याइएको छ यो हुन सक्दैन । बैठकको अध्यक्षता ग्रहण गर्नेलाई अध्यक्षलाई अलि बढी हुनु त्यो छुट्टै कुरा होला तर सदस्य त एउटै होलानि । सहभागी सबै सदस्य होला । सदस्यलाई एकरूपतामा बैठक भत्ता ल्याउँदा नै राम्रो होला भन्ने मलाईं लागेको छ रसँगसँगैत्रुटिको रूपमा यहाँ पूर्वका माननीयज्यूले पनि राख्नु भएको छ दैनिक तथा भ्रमण भत्ता स्पष्टिकरणमा जो लेखिएको छ र तल गएर फेरी भारतको अन्य भनेर राख्दाखेरि त्यो माथिको कुरा काटिएको छ । अनुसूची-२ अनुसार कुनै पाउने कुरा माथिका शहरहरूको नाम लेखेर राखिएको छ भने भारतका अन्य ठाउँहरूले त त्यो नपाउने होलानि त भन्न खोजेको त्यो होला तर भारत र अन्य भनेर लेख्दाखेरि भारत र अन्य ठाउँमा पनि पुरै पाउने भयो । त्यसले चाहिँ छुट्टाउन क्याटोगोरी गर्न खोजेको थियो जो सरकारले त्यो हुने भएन ।पचासप्रतिशत जो भ्रमण भत्ता पाउने कुरा थियो त्यो हुँदैन त्यसले गर्दा त्यहाँ कमजोरी भए होला ।बरु विदेशका अन्य क्षेत्र र अन्य स्थानको हकमा चाहिँ अनुसूची-२ ले व्यवस्था गरेकोअनुरूप भ्रमण भत्ता पाउने कुरा होला तर त्यो कुरालाईचाहिँ अलिकति सच्चाउननै पर्ने र त्रुटिलाई सच्चाएर आउन पर्ने मैले देखेको छु र यो विषयमा हामीले यहाँ छलफल गरिराख्दा अनुसूचीमा जुन प्रकारको व्यवस्था गरेर ल्याइएको छ छुट्टाएर ल्याइएको छ । संविधानले दिएको व्यवस्था अनुसार पारिश्रमिक नभई सुविधा हो र सुविधाको निम्ति जुन व्यवस्थाहरू अनुसूचीमा प्रष्ट रूपमा उल्लेख गरेर आएको छ ।त्यो उल्लेख गरेर आएकोमा विभेद नहुने गरी केही कुराहरू फरक होला जिम्मेवारीका कारणले कतिपय समान हुनुपर्ने ठाउँमा समान ढङ्गबाट व्यवस्थापन गर्दाखेरि

राम्रो हुन्छ भन्ने मलाई लागेको छ र हामी आज सैद्धान्तिक छलफलमा छौं र सैद्धान्तिक छलफल पछि दफावार छलफलको प्रक्रियामा पनि आउँला । दफावार छलफलमा जाँदै गर्दा जुन सुझावआउँछ त्यो सुधारलाई आत्मसाथ गरेर सुधार गरेर ल्यायो भने सम्भवतः अब हामी यो अप्ठ्यारो अवस्था र परिस्थितिमा हिँडिरहेका छौं ।यो परिस्थितिमा स्थानीय तहका पदाधिकारी र सदस्यहरूको सुविधासम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक जो छ त्यो विधेयकले ऐनको रूपमा ग्रहण गर्ने थियो भन्ने कुराको सुझाव राख्दै मेरा भनाइहरू यहीं अन्त्य गर्छु हवस्त धन्यवाद ।

**माननीय सभामुखः-**अब माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेलः-**माननीय सभामुख महोदय, स्थानीय तहको पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधाका सम्बन्धमा प्रदेश सरकारले प्रस्तुत गरेको एकीकृत र संशोधन दुईवटै नाम गरिएको विधेयक माथि आफ्ना केही भनाइहरू राख्न प्रस्तुत भएको छु । म धेरै कुरा भन्दा पनि दुईतीन वटा सुझावहरू राख्न र ध्यानाकर्षण गर्न चाहन्छु । सरकारले आफ्नो तयारी गरेर यहाँ ल्याउँछ ठिकै गर्या होला भनेर हामीले पनि व्यवहारिकताका नाममा कतिपय कामकार्यवाहीमा सामेल हुन्छौं । जब त्यो सार्वजनिक हुन्छ त्यसपछी हामी सांसद र संसद जोडिन्छौं । राम्रो काम गर्दै गरेको भए यस्तो बोल्न पर्दैनथ्यो तर संसदप्रतिर सांसदप्रति प्रश्न जोडि सकेर एकचोटी एउटा निकायले खारेज गरेको खारेज गरेपछि त्यसलाई पुनस्थापित गर्ने छलफल चलाउँदै छौं । सङ्कटका बेला त्यो तहका साथीहरूले उल्लेखनीय भूमिका खेल्नु भएको छ । मैल त्यसरी बुझिराखेको छु । यद्यपी सबैको आफ्नो-आफ्नो भूमिका होला तर त्यो तहका साथीहरूले गरेको संकटमा प्रत्यक्ष जोखिममोलेर उल्लेखनीय भूमिका निर्वाह गर्नु भएको थियो । यसले प्राथमिकताको विषय पाउनु पर्ने अवस्था थियो तर पनि आज हामी छलफल चलाउँदै छौं । यसो गर्दा म के अनुरोध गर्न चाहन्छु भन्दा एकचोटी खारेज गरेर पुनस्थापित गरेको विधेयक हो भने अब सरकारले ल्याएको तयारी गरेर नै ल्याए होला मैले अनुमान गरेको कुरा यहाँ लगभग त्यति त विश्वास गर्नै पर्यो कि फेरी पनि हामीले बनाएका विधेयकप्रति प्रश्न चिह्न खडा गर्ने गरी कहींकतै छ कि छलफल चलाउने भन्दा म सरकारलाई नै फेरी एकचोटी त्यो कपी राखेर आफूले प्रस्तुत गरेको विधेयक अध्ययन गर्न म विन्रमतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु नम्बर १ ।

नम्बर २. हाम्रो प्रदेश भुगोल भौगोलिक रूपले विविधतायुक्त छ, स्थानीय तहका साथीहरूलाईशीर्षकचाहिएको होइन रकम चाहिएको हो जस्तो लाग्छ । हो भने हामीले निर्धारण गरेका शीर्षकहरूत्यहाँका निम्ति जस्टिफाई पुष्टि हुन सक्ने जस्ता शीर्षकहरू राखौं मेरो विनम्रताका पूर्वक अनुरोध छ । एकरूपताका नाममा बरू विविधतायुक्त बुझाउने के हुन सक्छ तर त्यो ठाउँमा लेखिसकेपछि त्यो जनकपुरले लिएको सेवा सुविधाप्रति नकारात्मक टिप्पणी गर्ने एउटा अवस्था छ । त्यसैले मलाई लाग्छ साथीहरूलाईशीर्षकचाहिएको होइन रकम चाहिएको हो भने त्यस्ता शीर्षकहरू तय गरौं कि जुन शीर्षकप्रति मान्छेहरूले प्रश्न उठाउन नसक्ने अवस्था बनोस् । यद्यपी हामीले विधेयक पढ्नु भन्दा अगाडि नै अब पत्रकार

साथीहरूको दख्खल भएर होला त्यो सार्वजनिक मिडियामा आयो नकारात्मक टिप्पणी आयो ।यहाँ पनि चर्चा परिचर्चा भयो म यसलाई व्यवहारिकताका नाममा छलफल गरौं तर यसलाई नै राजनीतिक विषय बनाउने कुराबाट यस्ता विषय अलिमाथि उठाउन पर्छ कि जस्तो लाग्छ । यद्यपी यो सरकारले यस्ता विधेयक प्रस्तुत गर्नु अगाडि जो सेवा सुविधासँग जोडिएका छन् त्यस्ता विधेयकहरू जसले पास गर्नु पर्ने उनीहरूसँग छलफल गरेर विधि प्रक्रियामा लगेको भए यो धेरै परिमार्जन हुन सक्थ्यो । आज धेरै माननीय सदस्यहरू जसले पास गर्नुपर्ने हुन्छ उहाँहरूका पनि धेरै जिज्ञासा होलान् तर कसले बोलिदिने भन्ने जस्तो अवस्था सरकारले सिर्जना गर्यो त्यस्तो नगरेको भए यहीं विधयेक बढी परिमार्जन हुन्थ्यो जस्तो लाग्छ ।

तेस्रो कुरा, समयलाईपनि हेक्का राखौं । अहिलेको समयले सबै कटौती गर्या छ त यद्यपी हाम्रो अहिलेको छलफल हेर्दा कोरोना सकिसकेको जस्तो लाग्यो १५ दिन अगाडि बजेट प्रस्तुत गर्नु भन्दा अगाडि सबै कोरोनाले सक्ने हो । त्यसकारण यहाँ पनि भएन त्यहाँ पनिभएन जस्तो देखियो तर अहिले सरकारका खर्च प्रणालीहरू निकासाहरू हेर्दा कोरोना कहींजस्तो लागेन । त्यसकारण म विनम्रतापूर्वक हेर्दा अनुरोध गर्न चाहन्छु अहिलेको समयको चापलाई नजरअन्जाद गरेर कहीं सरकार आई त राख्या हैन यद्यपी साथीहरूले भनेको सरकारका कुरा उहाँहरूले नै भन्नु होला प्रस्तुत गर्ने प्रदेशमा नेकपाकै सरकारले हो । हामी सबै सल्लाहमा सामेल होउँला तर सरकारमा सबै सामेल हुने तर नेकपा जिम्मेवार हुनुपर्ने परिस्थिति छ । सल्लाहमा सबै सामेल हुने उस्तै परे सल्लाहमा नेकपाको सरकार लहैलहैमा हिड्ने तर सार्वजनिक मञ्चमा नेकपाले जवाफ दिनुपर्ने परिस्थितिलाई सरकारले हेक्का नराखेको होकि जस्तो लाग्छ । मान्छेलाई जति दिए पनि पुग्दैन तर म फेरी पनि भन्न चाहन्छु त्यो समय र अहिले हामीले जे निर्णय गर्दैछौं त्यसमा तादम्यता मिलेनकि जस्तो लाग्यो । मिलाउन सकिन्छ भने हेक्का राखौं । छलफल गरौं नत्र भने हाम्रो सरकार कस्तो देखिन्छ भने दबाव जसले गर्यो जसले माग राख्यो उसैका अगाडि नतमस्तक भएर कुरा गर्न थालियो भने तपाईंले यो चिज पुरा गर्न सक्नु हुन्न । तपाईंले भनेका सुशासनका कुरा मितव्ययिताका कुरा अहिले सरकारको हाम्रो बजेट वक्तव्य पास गर्दा के त्यो साउन १ गते देखि लाग्ने चाहिँमितव्ययिताचाहिँ होर ।अहिले बजेटका शीर्षकका रकमहरू कसरी खर्च गर्ने भनेर सबे कार्यालयमा धमाधम अभियान चलेको चल्यै छ त । त्यसकारण मितव्ययिता भन्ने कुरा होइन त्यो व्यवहारमा लागु गर्ने कुरा हो । त्यसकारण यो विधेयकका सन्दर्भमा पनि समयको जुन सन्दर्भ छ त्यसलाई हेक्का नराखी किन प्रस्तोताहरूको मात्रै माग सम्बोधन गरेर समयलाई व्यवस्था गरेको अवस्था म देख्छु । त्यसको परिणाम के हुन्छ त भन्दा हामी हेर्दा हामी सबै प्रदेश सभाका सभासद् त्यसभित्रपनि प्रस्तोता नेकपाको प्रदेश सरकारमा जोडिएका कारणले गर्दा लिइने जति सबै लिने देखाउने जति नेकपालाई देखाउने जुन परिस्थिति हुन्छ कि तसर्थ सरकार कि सुतिराछ । त्यसकारणले यी तीन वटा कुरामा फेरी पनि हाम्रो सरकार संविधानले र सर्वोच्चले जे फैसला गर्याछ त्यसले प्रश्न उठाउने कुरामा हेक्का राखौंशीर्षकहरू प्रश्न नउठाउने गरी कुरा गरौं समएको जे कुरा अहिले चलाइरहेका छौं त्यस समस्याहरूको

त्यहाँको अङ्क राख्ने कुरामा हेक्का राखौं जस्तो लाग्छ । यिनै कुरामा ध्यान दिन सकियो भने मलाई लाग्छ उहाँहरूका समस्याका समाधानमा प्रदेश सभाले महत्वपूर्ण भूमिका खेलेको ठहर्छ धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीज्यूलाई स्थानीय तहको पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधाका सम्बन्धमा बनेको विधेयक माथिसैद्धान्तिक छलफल क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्नका जिज्ञासाका सम्बन्धमा जवाफ दिने समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-**माननीय सभामुखज्यू, यो स्थानीय तहको पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधामा संशोधन तथा एकीकरण गर्न बनेको विधेयकउपर सैद्धान्तिक छलफलको सन्दर्भमा माननीयज्यूहरूले खास गरी माननीय जीवनबहादुर शाही, माननीय सीता कुमारी नेपाली र माननीय यामलाल कँडेलले जसरी महत्वपूर्ण सुझावहरू उहाँहरूले सैद्धान्तिक यो छलफलका क्रममा उहाँहरूले व्यक्त गर्नुभएकोछ । यो खास गरी सरकारले यसका लागि उहाँहरूप्रति म आभार व्यक्त गर्न चाहन्छु यो महत्वपूर्ण सुझावका लागि। खास गरी यो नेपाल हामी सबैलाई थाहा छ एउटा युगान्तकारी परिवर्तन मुलुकमा सम्भव भयो नेपाली जनताको त्याग बलिदान तपस्या र सौर्यसहासको कृतिमानकोप्रतिफल स्वरूप हामिले संघीय अभ्यास गरिरहेका छौं । घर आगनमा जनताको सरकार बनेको छ । जनताका जनप्रतिनिधिहरूले हरेक दिन जनताका दुखहरूमा सुखहरूमा चाहिँ रहिरहनु भएको छ । स्थानीय तह जो प्रत्यक्ष रूपमा जनताका समस्याहरूलाई सम्बोधन गर्ने सरकार हो । स्थानीय तहका जनप्रतिनिधिहरू अझ खास गरी यो महामारीका रूपमा चाहिँ विस्थापित भइरहेको कोरोना भाइरसको विरुद्धको लडाईंमा उहाँहरू जुधिरहनु भएको छ प्रत्यक्ष रूपमा । हामीले प्रदान गर्दै आइरहेको सेवा जुन थियो प्रदेश कानून अनुसार खास गरी नेपालको संविधानको धारा २२७ ले जसरी चाहिँ प्रदेश कानूनबमोजिम सुविधा उपलब्ध गराउन सकिने प्रोभिजन राखेको थियो । त्यो प्रोभिजन हामीले उहाँहरूलाई उपलब्ध गराएका थियौं । उहाँले लिइरहनु भाथ्यो । कोर्टले च्यालेन्ज गरिसकेपछि उहाँहरूले चाहिँ प्रत्यक्ष रूपमा काम गर्न कठिनाइ भइरहेको थियो र खास गरी अहिले हामीले स्थानीय तह जनप्रतिनिधिहरूलाई सुविधा प्रदान गर्दा उहाँको जनताको जुन जिम्मेवारी उत्तरदायित्व छ जनताको सेवा गर्ने जुन चाहिँ अहिले कर्तव्य निर्वाह गरिरहनु भएको छ त्यसमा यसले चाहिँ यसले केही सघाउ पुराउला भन्ने हाम्रो अपेक्षा हो । त्यसो भएको हुनाले यो विधेयक यो सम्मानित सदनमा सरकारले पेश गरेको छ । सैद्धान्तिक छलफलमा हामी जुटिरहेका छौं । खास गरी पारिश्रमिक निर्धारणको आधार कार्यबोझ र उहाँहरूको मर्यादा दुईवटैको सापेक्षतामा हामीले प्रस्ताव गरेका छौं । टाइम र स्पेश बाहेक सबै कुराहरू सापेक्ष हुन्छन् । त्यसकारण विधेयक प्रोभिजनहरू जो प्रस्ताव गरेका छौं त्यो पनि सापेक्ष छन् भन्ने लाग्छ मलाई । सरकार यो विधेयक पूर्ण छ भनेर जिकिर गर्दैन यो सापेक्ष छ यो छलफलका क्रममा यो सम्मानित सदनमा माननीयज्यूहरूले प्रस्तुत गर्नु भएका सुझाव सल्लाह

र संशोधनले यसलाईचाहिँ पूर्ण बनाउने छ भन्ने अपेक्षा गरेका छौं सरकारले गरेको छ खास गरी छलफलका क्रममा माननीयज्यूहरूले अब कयौं सवालहरूसैद्धान्तिक छन् कैयौं सवालहरू दफावार छलफलका क्रममा राख्न सकिने पनि छन् त्यो भएको हुनाले दफावार छलफलका क्रममा माननीयज्यूहरूले प्रस्तुत गर्ने आफ्ना राय मत सुझावहरू संशोधनहरू हामी त्यतिबेला नै प्रष्टिकरण गर्ने छौं अथवा त्यसलाईचाहिँ हामिले विधेयकको अङ्ग बनाउनेतिर हामी छलफल गर्ने छौं । अहिले चाहिँखास गरी म चाहिँसैद्धान्तिक विषयमा अलिबढी कन्सर्नट्रिट हुन चाहिँ रहेको छु । यसमा खास गरी अघि मैले भने यो

यो पारिश्रमिक निर्धारणको आधार भनेको कार्यबोझ र मर्यादाको सापेक्षताको लागि नै हो । कार्यबोझलाई मात्रै आधार बनाइएको छैन । मर्यादालाई मात्रै पनि आधार बनाइएको छैन । यो चाहिँ हामीले ड्राफ्ट गरेका छौं । यसैगरी अर्को विषय यो कोर्टकोले फेरि कोर्टले फेरि च्यालेन्ज गर्छ कि भन्ने मा चाहिँ सवाल चाहिँ उठेको छ । खास गरी जुन ऐनमार्फत्स्थानीय तहका पदाधिकारीले सुविधा प्राप्त गरिरहनु भएको थियो । हामीले पारित गरेको ऐनमा पनि हामीले पारिश्रमिक भनेर उल्लेख गरेका थिएनौं । पारिश्रमिक नभन्दा नभन्दै पनि पारिश्रमिकको प्याटर्नमा मतलब अनुसूची तयार भयो भन्ने त्यो कोर्टको अदालतको निष्कर्षका आधारमा चाहिँ त्यो खारेज गरिएको हो । हामीले पारिश्रमिक भनेका थिएनौं । हामीले चाहिँ सुविधै भनेका थियौं र पनि त्यो खारेजीमा पर्यो । खारेजीमा परेको हुनाले त्यसको फेरि विकल्प स्वरूप त्यसको समाधान स्वरूप हामीले यो संशोधन एकीकरण गर्न बनेको विधेयक ल्याएका छौं । यसमा हामीले निकै छलफल गर्‍यौं । विभिन्न राउण्डहरूमा छलफल गर्‍यौं । कानूनीदेखि लिएर विभिन्न खालका परामर्श पनि हामीले लियौं र पनि मैले अघि नै भनिसके यो सापेक्ष सत्य हो । माननीयज्यूहरूले अझै पनि यसलाई म्याचुअर्ड बनाउनका लागि अझबढी यसलाई कानूनसम्मत् संविधानसम्मत् बनाउनका निम्ति यहाँहरूका सुझावहरू निकै नै महत्वपूर्ण हुनेछन्र यो सदनले अन्य विधेयकहरू पनि जो सरकारले प्रस्तुत गर्यो त्यसलाई पनि परिष्कृत गरेर यहाँहरूले चाहिँ ऐनका रूपमा चाहिँ यहाँहरूले पारित गर्नुभएको छ । यसलाई पनि यहाँहरूको अनुभव, बौद्विकता यहाँहरूको विद्वता रिफ्लेक्ट हुनेछ भन्ने मैले अपेक्षा गरेको छु र अझै पनि समय छ, हामी सैद्धान्तिक छलफलमा हामीजुटिरहेका छौं । यो पारितको प्रक्रियासम्म जाँदाखेरि अझै यो व्यवहारिक अझै यो परिपक्व हुनेछ र कोर्टले च्यालेन्ज गर्ने छैन भन्ने अपेक्षा चाहिँ हामीले लिएका छौं र अर्को सवाल खास गरी स्टेकहोल्डरहरूसँग पर्याप्त छलफल गर्न पर्दथ्यो भन्ने सुझाव पनि प्राप्त भएको छ । यो उचित सुझाव नै हो । यो सम्भव नै स्टेकहोल्डरहरूसँगछलफल गरेको छौं । यो चाहिँ भएको छैन पारितको प्रक्रियासम्म जाँदा चाहिँ यो अभावलाई पूर्ति गर्नेप्रतिबद्धता पनि म यहाँ जाहेर गर्न चाहन्छु र अर्को चाहिँखास गरी पुष्ट्याइँ गर्न सक्ने शीर्षकचाहिँ चयन गर्नपर्छ भन्ने कुरा पनि आएको छ । अब यो हामीले चाहिँखास गरी पारिश्रमिक दिन मिल्ने संवैधानिक व्यवस्थाको विकल्प खोजेका हौं हामीले चाहिँ । एकातिर चाहिँ डे टु डे दैनिक चाहिँ जनताको सेवा गर्न पनि स्थानीय तहका पदाधिकारीले अर्कोतिर संवैधानिक व्यवस्था पारिश्रमिक नदिने । यो बीचको अन्तरविरोधको समाधान हामीले दिन खोज्यौं । त्यसको लागि शीर्षकहरू पनि निकै एक्सर्साइज गरेर यी शीर्षकहरू उपर्युक्त होलान् भनेर हामीले प्रस्ताव गरेका छौं । यसमा

चाहिँतपाईंहरूको अझै यो भन्दा वैज्ञानिक अझै व्यवहारिक यो भन्दा अझै कानूनी सुझावहरू, त्यो टाइटलहरू प्रस्तुत गर्न पर्यो त्यसको लागि पनि सरकार चाहिँ एकदम हार्दिकता पूर्वक सरकार चाहिँ अनर गर्न चाहिँ तयार छ । मैले यहाँहरूको बीचमा यो कमिट्मेन्ट चाहिँ जाहेर गरे । त्यसैगरीखास गरी माग र समयको अन्तरसम्बन्धको कुरा पनि आएको छ । माननीय सदस्यज्यूले राख्नु भएको छ । खास गरी यो डिमान्ड र समयको उचित चयन भएन भने पनि त्यसले चाहिँ व्याकफायर गर्छ फेरि । यो एकदमै महत्वपूर्ण सुझाव हो यो । हामीले यो विषयमा छलफल गर्‍यौं । वास्तवमा यतिबेला एकातिर चाहिँ कोरोनाको बेलामा भोलन्टियर सर्भिस गर्न पर्ने, यो आवश्यकता पनि छ, अर्कोतिर त्यो भोलन्टियर सर्भिस गर्दाखेरिचाहिँ पर्फर्मेन्समा चाहिँ प्रभाव पर्ने परिमाणत्मक नतिजा आउने । यो विषयमा हामीले मन्थन पनि गर्‍यौं । यतिबेला ल्याउन उचित छ कि छैन भनेर विभिन्न हामीले राय परामर्श पनि हामीले लियौं र यति हुँदाहुँदै पनि अलिपछि ल्याउँदा पनि हुन्थ्यो यो चाहिँ भन्ने लजिकहरू पनि त्यत्तिकै महत्वपूर्णछन् र पनि हामी यतिबेला खास गरीस्थानीय तहका पदाधिकारीहरूको फिल्डमा जसरी उहाँहरू दुखकष्ट गरेर भोकै नाङ्गै उहाँहरूचाहिँ कोरोना विरुद्धको लडाईंमा उहाँहरूचाहिँ सामेल भइरहनु भएको छ । यो अवस्थामा दिदाँ नै उचित होला ।प्रतिक्रियाहरूसँगपनि हामी त्यहीँ अनुसार डिल गरौंला । उहाँहरूलाई कन्भिन्स गरौंला भनेर यो विधेयक चाहिँ पेश भएको छ । अब केही शीर्षकहरूमा प्रश्नचिन्हहरू खडा भएकै छन् यहाँहरूले पनि राख्नु भएकै छ । अब यसलाई हामी यो सम्मानित सदनले, कर्णाली प्रदेशको यो हाउसले, जनप्रतिनिधिमूलक यो निकायले आफ्नो बौद्धिकता, आफ्नो दक्षता र आफ्नो अनुभवलाई यसमा चाहिँ रिफ्लेक्ट गर्नेछ, यसलाई चाहिँ कर्णाली सरकार बेकन्जुस्याईं,बेहिच्किचाहट, सबै मतहरू, रायहरू, सुझावहरूलाई अनर गर्न सरकार चाहिँ तत्पर छ । अब यसमा खास गरी पारिश्रमिकमा सुविधा, त्यसैगरी बैठक भत्ता र चाडपर्व खर्चमा एकरूपताको कुरा पनि आएको छ, यहाँहरू ले राख्नुभएको छ । यसमा समाजवादी सरकारको कुरा पनि छ । फेरि यो समाजवाद उन्मुख व्यवस्था भनेर हामीले संविधानमा लिपिबद्ध पनि गरेका छौं र फेरि के छ भने हामी उन्मुख भनेको हुनाले निरपेक्ष समानताको बाटोमा हामी हिड्न पनि अहिले त्यति धेरै सक्षम पनि भईसकेको स्थिति छैन । एउटा सर्टेन स्टेजमा गएर त्यो समानता सुनिश्चित गर्न सक्ने हुनपर्छ जस्तो लाग्छ तर उहाँहरूले जुन समानताको कुरा चाडपर्वको कुरा त्यसैगरेर यो भत्ताको कुरा गर्नु भएको छ, यसमा त सरकार सकारात्मक नै छ, यो विषयमा हामी छलफल गरेर यलाई चाहिँ हामी निष्कर्षमा पुर्‍याउन सक्छौं तर अहिले अलिबढी सापेक्ष सत्यमा चाहिँ विश्वास गरौं भन्ने लाग्छ मलाई भन्दै यहाँहरूका एकदमै मुल्यवान् राय, सुझाव,प्रतिक्रिया, मत र दृष्टिकोणका लागि सरकार आभार व्यक्त गर्न चाहान्छ र यो पारितको प्रक्रियासम्म जाँदाखेरि यो विधेयक म्याचअर्ड हुनेछ । लिने रदिने दुईवटै प्रफुल्लित हुने स्थिति सिर्जना हुनेछ र स्थानीय तहका जनप्रतिनिधिहरूको उर्जा गुणात्मक ढङ्गले बढ्नेछ र जनाताहरू काफी हदसम्म लाभान्वित हुने छन् र यो सदन धन्यवादको पात्र हुने छ । हवस्त, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नुभएको स्थानीय तहका

पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धीकानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधि को नियम १०९ को उपनियमअनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धीकानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिमा संशोधन र सूचना पेश गर्न चाहानुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार २४ गते बुधबार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

(मिति २०७७ साल असार २४ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-**माननीय सदस्यहरू,कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको अठ्ठाइसौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तर्गत विनियोजन भएका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीयसदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (८) बमोजिम समय निर्धारण गरेको छु।

सर्वप्रथम आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतका बजेट शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासामा जवाफ दिनको लागि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रालयको विनियोजन शीर्षकहरूमाथि छलफलमा भाग लिने माननीयज्यूहरूले जुन प्रश्न र जिज्ञासाहरू उठाउनु भएको छ। ती प्रश्न एवम् जिज्ञासाहरूको जवाफ दिनको लागि म यो रोष्टममा उभिएको छु । अँ सबैभन्दा पहिले छलफलमा भाग लिएर आर्थिक मामिला तथा योजना मन्त्रालयका विनियोजित शीर्षकहरूमाथि छलफल गरेर जुन महत्वपूर्ण सुझावहरूराखु भएको छ त्यसको लागि म सबै माननीयहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।आभार व्यक्त गर्न चाहान्छु र हामीले यो नेपालको संविधानको धारा २०७ मा जुन व्यवस्था छ त्यस अनुसार आगामी आर्थिक वर्षको बजेट आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतमा यो प्रदेश सभामा पेश गरिसकेपछि त्यसमा सैद्धान्तिक छलफल भयो र सैद्धान्तिक छलफल सकिसकेपछि विनियोजन शीर्षकहरू माथि छलफल भएर आज हामी त्यसमा जवाफ दिने गरी यहाँ प्रस्तुत भएका छौं । यसमा खासगरी माननीय सदस्यज्यूहरूले उठाएको केही विषयहरूमा मात्रै केन्द्रित भएर म जवाफ दिनका निम्ति यहाँ उभिएको छु । सबैभन्दा पहिले यो आर्थिक वर्ष २०७७/७८ को बजेटको कुल अंकको सन्दर्भमा हिजो एउटा जिज्ञासा उठेको छ त्यसलाई म प्रष्ट पार्न चाहान्छु । कर्णाली प्रदेश सरकारले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम १ करोड ७० लाख ७९ हजार र प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम रू. ३३ अर्ब ७२ करोड ४२ लाख ७४ हजार गरी जम्मा रू. ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजारको बजेट जुन पेश गरिएको छ त्यो अंकमा कुनै पनि तलमाथि हुदैंन त्यो अंक बढ्ने कुरा पनि हुदैंन जुन अंक प्रस्तुत गरिएको छ त्यहीं

नै अंक यथावत् छ अर्थात विनियोजन विधेयकमा त्यहीँ अंक मात्र छ रकुल बजेटको अंक वृद्धि भएको भन्ने कुरा चाहिँ होइन । त्यसरी वृद्धि भएको पनि छैन र वृद्धि गर्न पनि सकिदैंन । त्यो सम्भव पनि छैन । प्रस्तुत भएको बजेटको कुल अंक चाहिँ तलमाथि हुदैंन भन्ने कुरा म प्रष्ट पार्न चाहन्छु र फेरी पनि दोहोऱ्याउन चाहन्छु कुल बजेट रकम ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार भएको तथ्य सम्मानित सभा समक्ष विनम्रताका साथ जानकारी गराउन चाहन्छु ।

जहाँसम्म रोजगारमूलक पूर्वाधार विषेश कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट शीर्षकमा रहेकोमा माननीयज्यूहरूकै माग र सुझावका आधारमा सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यान्वयन गर्ने गरी त्यस्तै थप स्पष्टताका लागि पूर्वाधार विकास कार्यालयको कार्यक्षेत्रमा राखिएको हो । यति कुरा म प्रष्ट पार्न चाहन्छु । यो कार्यक्रम दुई निकायबाट सञ्चालन हुदैंन । भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यान्वयन हुन्छ । त्यसै अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका पूर्वाधार विकास कार्यालयहरूबाट कार्यान्वयन हुने कुरा म स्पष्ट पार्न चाहन्छु । त्यसको कार्यविधि अब चालु आर्थिक वर्षको निम्ति कार्यविधि छ त्यो कार्यविधि चाहिँ अझ स्पष्ट पार्नु पर्ने हुन सक्छ । त्यसका लागि जस्तो हामीले स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी यो आर्थिक वर्ष चालु आर्थिक वर्षमा कार्यविधि छ, त्यसलाई चाहिँ पूर्वाधार विकास कार्यालयबाट कार्यान्वयन गर्ने गरी कार्यविधि संशोधन गर्नुपर्ला अथवा अन्य आवश्यक छलफल माननीयज्यूसँग छलफल गरेर यहाँहरूकै सुझाव त्यसलाई चाहिँ हामीले अझै समृद्ध बनाउने कुरा म अनुरोध गर्न चाहन्छु । सबै माननीय सदस्यहरूबाट जुन आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सम्बन्धमा गरिएको जुन सकारात्मक टिप्पणी छ, अँ त्यसका निम्ति म अलिकति सबैलाई धन्यवाद पनि दिन चाहन्छु र हामीले बजेटमै प्रस्तुत गरेको पूँजीगत खर्च बढाउने चालु खर्च घटाउने र प्रशासनीक खर्च कटाउने नीति अनुरूप हामीले बजेट प्रस्तुत गरेका छौं । यो मैले भनिरहन पर्दैन । बजेटका बजेट भाषणमा र बजेटका शीर्षक-शीर्षकहरूमा हामीले प्रशासनीक खर्च जतिसक्यो धेरै घटाउने किसिमले प्रस्ताव गरेका छौं । यो निर्ममता साथ नै हामीले घटाएका छौं । अँ यो कुरा मैले दोहोऱ्याउन मात्र चाहन्छु । अँ जहासम्म यो नयाँ आयोजना शुरू गर्ने अँ शुरू गर्ने नयाँ आयोजना भन्दा क्रमागत आयोजनाहरू जो क्रमागत आयोजनाहरू भोलि चाहिँ सम्पन्न नभएपछि ती आयोजना अप्ठ्यारोमा पर्छन् कि भन्ने सवाल छ हामीले क्रमागत आयोजनाहरूलाई प्राथमिकतामा राखेर यसपटक बजेट विनियोजन गरेका छौं । अर्को विषय माननीयज्यूहरूले उठाएको स्थानीय तहमा हस्तान्तरण गरिने जुन वित्तीय हस्तान्तरणको कुरा छ । त्यस सम्बन्धमा चार किसिमको वित्तीय हस्तान्तरण हुन्छ । पहिलो समानीकरण अनुदान त्यसमा अलिकति केही कन्फ्युजन भयो कि जस्तो लाग्छ । कन्फ्युजन हुनु पर्दैन, त्यसमा प्रष्ट रूपमा हामीले एकदम सबैलाई सबैले बुझ्ने भाषामा राखेका छौं जस्तै यहाँ चाहिँ ठ्याक्कै नारायण नगरपालिका चाहिँ भेटियो अँ सबैभन्दा शुरूमा समानीकरण अनुदान भनेर चाहिँ ९८ लाख ७ हजारछ । हामीले जम्मा ८० करोड रूपैंया यो समानीकरण

अनुदानका लागिछुट्ट्यायौं । त्यो ८० करोड रूपैंया प्राकृतिक स्रोत तथा वित्त आयोगले उसको निश्चित आधारहरू हुन्छन् । ती आधारमा टेकेर त्यसको बाँडफाँड गर्छ सबै पालिकालाई । यो मन्त्रालयले बाढ्ने पनि होइन यो आयोगले नै उसकै फर्मुला अनुसार बाँडफाँड गर्छ र त्यो बाँडफाँड गरेको बजेट चाहिँ सिधै स्थानीय तहको सञ्चित कोषमा जान्छ । जुन बजेट नि:शर्त हुन्छ । त्यो चाहिँ कुनै शर्त हुँदैन । त्यो एकमुष्ट जान्छ । अनि त्यहीँ पालिकाले आफ्नो हिसाबले त्यसको बाँडफाँड गर्न सक्छ । अब शीर्षक भनेको सशर्त हुन्छ । शर्त सहित हुन्छ । शर्त भनेको के हो भने योजना पनि प्रदेश सरकारले तोक्छ त्यसको बजेट पनि तोक्छ, कार्यान्वयनका निम्ति स्थानीय तहमा हस्तान्तरण गरिन्छ । सशर्त अनुदान भनेर चाहिँ फलानो योजना यति बजेट भनेर हामीले तोक्यौं त्यो सशर्तको शीर्षक अनुसार जान्छ । अर्को भनेको विशेष अनुदान यो सशर्त अनुदानका चाहिँ योजनाको सन्दर्भमा माननीयज्यूहरूकै सुझावलाई आधार बनाएर योजनाहरू छनौट गरेर पठाएका छौं । कहीँकतै दोहोरिएको वा कहीँकतै त्यस्तो मिस्टेक भएको भए त्यसलाई हामीले संशोधन गर्न पनि सक्छौं त्यो पछि हामी छलफल पनि गरौंला । यो विशेष अनुदानका योजनाहरू स्थानीय तहले सम्बन्धित स्थानीय तहले सिफारिश गर्छ सिफारिश गरिएका योजना भित्र रहेर त्यो भन्दा बाहिर हामी जान पाएनौं । त्यो भित्र रहेर हाम्रो चाहिँ बजेटको सिलिङका आधारमा बजेट क्षमताको आधारमा त्यसपछि मापदण्ड पुगे नपुगेको अथवा त्यसपछि उसले आधारहरू चाहिँ पुरा गरे नगरेकोहामीले हेरेर हामीले छनौट गर्ने हो । त्यहीँ भित्रै रहेर सिफारिशको आधारमा र ती योजनामा पनि बजेट र स्थानीय तहले सिफारिश गरेको योजना, प्रदेशले छुट्ट्याएको बजेट सहित स्थानीय तहमै कार्यान्वयनका निम्ति पठाइने र अर्को भनेको समपूरक अनुदान । समपूरक अनुदानको हकमा पनि स्थानीय तहले सिफारिश गर्छ । सिफारिश गरिएकै योजनाभित्र रहेर चाहिँ उसले पनि जुन प्रक्रिया पुरा गरेको छ, मापदण्ड पुरा गरेको छ योजनाहरू मध्ये छनौट हुन्छ र हाम्रो बजेट सिलिङका आधारमा छनौट गरेर यो बजेट समेत छुट्ट्याएर हामीले स्थानीय तहमा पठाउछौं । त्यसमा चाहिँ अब पचास प्रतिशत हाम्रो कार्यविधि अनुसार र पचास प्रतिशत स्थानीय तहले व्यहोर्ने, पचास प्रतिशत प्रदेश सरकारले व्यहोर्ने गरी स्थानीय तहले कार्यान्वयन गर्ने गरी पठाइन्छ । त्यसैले यसमा चाहिँ सबै प्रष्ट हुने गरी हामीले उल्लेख गरेका छौं भन्ने कुरा म चाहिँ जानकारी गराउन चाहन्छु ।

माननीय सदस्यज्यूहरूबाट बजेट कार्यान्वयनको सम्बन्धमा व्यक्त गरेको सरोकार छ हामी यसमा अलि गम्भीर छौं । अँ आगामी आर्थिक वर्षको अर्को आर्थिक वर्षको निम्ति चाहिँ योजना छनौटका सम्बन्धमा कस्तो प्रक्रिया अपनाउने कसरी यसलाई चाहिँ सहज बनाउने भन्ने सन्दर्भमा छलफल गरौंला तर आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट कार्यान्वयनका सवालमा जुन सरोकार राखियो त्यो एकदम महत्वपूर्ण छ । त्यसैका आधारमा मार्गदर्शन बजेट कार्यान्वयनका निम्ति अख्तियारी सहित आर्थिक मामिला तथा योजना मन्त्रालयले सबै मन्त्रालयलाई हामीले यो बजेट कार्यान्वयन मार्गदर्शन पठाउछौं । त्यो मार्गदर्शनमै हामीले अलि प्रष्ट पारेर किटानी गरेर एक किसिमको कार्यतालिका सहित नै त्यो मार्गदर्शन हामीले

मन्त्रालयलाई दिन्छौं । त्यसअनुसार टेन्टेटिभ हामीले एउटा खालको यो कार्यतालिका बनाएका छौं भने आर्थिक वर्ष शुरू भएको १५ दिनभित्र सम्बन्धित मन्त्रालय र मन्त्रालय वा निकायले कार्यान्वयन कार्यतालिका सहित कार्ययोजना बनाइसक्नु पर्नेछ । भाद्र मसान्त भित्र प्रारम्भिक चरणका कार्यहरू सम्पन्न गरी बोलपत्र आह्वान गर्नुपर्ने भए सो समेत गरी सक्नुपर्नेछ । मंसिर १५ गतेसम्म ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । आर्थिक वर्षभित्र सम्पन्न हुने आयोजनाको ठेक्का सम्झौता म्यादजेठ मसान्त भित्र हुनुपर्नेछ।सचिव र कार्यालय प्रमुख बीच सम्बन्धित मन्त्रालयको सचिव र कार्यान्वयनगर्ने निकायको कार्यालय प्रमुख बीच कार्यसम्पादन करार गर्नुपर्ने निर्देशन सहितको मार्गदर्शन हामीले पठाउछौं । त्यसै अनुसार चाहिँ कार्यतालिका मन्त्रालयले बनाएर कार्यान्वयन चाहिँ छिटो छरितो र भरपर्दो बनाउने कुरामा हामी माननीयज्युहरूको सुझावका आधारमा गम्भीर छौं । आर्थिक वर्षको संरचना परिवर्तन गर्नु पर्ने वा चाहिँ त्यो ईबिडिङको समय सीमा घटाउनु पर्ने लगायतका माननीयज्युहरूले दिएका सुझावहरूलाई हामीले यथोचित रुपमा सम्बोधन गर्ने कुरालाई अनुरोध गर्न चाहन्छु। अँ अन्तिम चाहिँ अब यो सबै माननीयज्युहरूले जुन किसिमले सुझाव दिनु भएको छ अँ सल्लाह दिनु भएको छ केहि जिज्ञासा उठाउनु भएको छ मैले चाहिँ ती जिज्ञासाहरूको संक्षेपमा प्रष्ट पार्ने कोसिस गरेको छु। र माननीयज्युहरूसँग मेरो विशेष अनुरोध के छ भने भविष्यमा खासगरी अँ बजेट निर्माण जुन सक्रियता यहाँले देखाउनु भयो जुन सहयोग यहाँले गर्नुभएको छ ।जुन सरोकार राख्नु भएको छ । अँ त्यसै अनुसार बजेट कार्यान्वयनमा पनि माननीय ज्युहरूको अत्यन्तै ठुलो सहयोगको अपेक्षा गर्न चाहान्छु र कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ मा प्राप्त भएका सुझावलाई मैलै आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले र सरकारको हैसियतले त्यसलाई चाहिँ मार्गदर्शनको रूपमा लिने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु र माननीय सभामुख लगायत सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद सहित आफ्नो भनाई यहीँ टुङ्गयाउँछु, हस्त धन्यवाद।

**माननीय सभामुखः** अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, लोकसेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय र भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका शीर्षकहरू माथिको दफावार छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई समय दिन्छु।

**मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीः** माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७७/०७८ को बजेटको सन्दर्भमा प्रदेश सभामा उठेका केही सवालहरूको बारेमा र केही जिज्ञासाका बारेमा यसमा संक्षिप्त जवाफ र मेरा केही धारणाहरू राख्ने अनुमति चाहन्छु । सभामुखज्यू यस बजेटमा माननीय सांसदहरूले महत्वपुर्ण सुझावहरू दिनु भएको छ र यो महत्वपुर्ण सुझावहरूका लागि माननीय सभामुख मार्फत् म सबै माननीयहरूलाई धन्यवाद दिन चाहन्छु र यी विषय बजेटमा केन्द्रित रहेर उठाउनु भएका महत्वपुर्ण सुझावहरूलाई प्रदेश सरकारले पूँजीको रूपमा ग्रहण गर्ने कुरा पनि म निवेदन गर्न चाहन्छु र हामी सबैलाई थाहा छ हामीले

हाम्रो देश नेपालमा संघीय व्यवस्थाको कार्यान्वयनको पहिलो अभ्यास हामीले गरिराख्या छौं । हामभी यो व्यवस्था कार्यान्वयनको प्रारम्भिक चरणमा छौं । हामी स्थापना कालमा छौं । आम जनताको चाहना लामो समय देशमा संघर्ष भयो राजनीतिक आन्दोलनहरू चाहिँ भए । अब यतिखेर जनताले चाहेको भनेको देशमा स्थायी शान्ती चाहेको छ र यक्ष तीव्र विकास चाहेको छ आर्थिक समृद्धचाहेको छ र यसबाट छटपटाएको यो देश चाहिँ हो र त्यो जनताको अपेक्षा पुरा गर्ने प्रतिबद्धता जनताको सामू हामीले जाहेर गरेर निर्वाचित भएर हामी यो ठाउँमा यो थलोमा हामी सहभागी भएका छौं । स्वभाविक रूपमा माननीय सदस्यज्यूहरूले ती जनताका प्रतिनिधिमूलक विचार र ती जनताका समस्याहरूलाई संसदमा सशक्त ढङ्गले उठाउनु भएको छ । यो जिम्मेवारी पुरा गर्ने कार्यकारी पेशा सरकार चाहिँ हो र सरकारले ती सबै जनताका अपेक्षा पुरा गर्नु पर्दछ र यो सरकारको दायित्व हो । यो पुरा गर्ने सवालमा सरकारका तर्फबाट पटक-पटक हामीले हाम्रा भनाईहरू प्रेषित गरेका चाहिँ छौं । हामी यो स्थापना कालमा प्रारम्भिक चरणमा भएको हुँदा हाम्रा केही सरकारमा रहने जिम्मेवारी लिएका हामी केही माननीयहरूमा पनि केही अनुभवजन्य समस्याहरू छन् । यो नयाँ व्यवस्था हो र त्यसपछि हामीसँग केही साधन र स्रोतको कमी छ रसाधन र स्रोतको कमीका कारणले गर्दा अपेक्षाकृत कामहरू सरकारले गर्ननसकेका कामहरू साँचो हो र हामीले त्यो भन्दै आएका छौं र यी सबै अभावको बीचबाट पनि फेरी निरन्तर जनताका आशा अपेक्षाहरू पुरा गर्नका लागि सरकार निरन्तर लागिराखेको कुरा पनि म निवेदन गर्न चाहन्छु र हामी एकपछि अर्को अव्यवस्थित थियौं र अब व्यवस्थित हुँदै अगाडि गइराखेका चाहिँ थियौं । हामी शून्यताबाट शुरू भएका चाहिँ थियौं र अब हामीसँग कुनै संरचना चाहिँ थिएन हामीसँग कुनै साधन, स्रोत, जनशक्ति केही पनि थिएन न हामीसँग ऐन थिए, कानून थिए । केही पनि हामीसँग थिएन र हामी एक पछि अर्को व्यवस्थित हुँदै हामीसँग संरचना चाहिँ थिएनन् अहिले हामीसँग संरचना चाहिँ छन् र हामीले अहिले संरचना बनाएका छौं र संरचना अनुसार अहिले हामीले जो जनताका अपेक्षा पुरा गर्नका लागि चाहिने जो आवश्यकता अभाव फेरी पनि कायम नै छ । हामीलाई चाहिने जुन प्राविधिक जनशक्ति हो कर्मचारी चाहिँ हुन् यिनीहरूको अभाव फेरी पनि कायम नै छ । अहिले कार्यालयहरूमा जिल्लाका कार्यालयहरूमा जुनियर कर्मचारीलाई कार्यालय प्रमुख बनाएर राख्नुपर्ने बाध्यात्मक स्थिति हामीसँग छ । अहिले हामीसँग रहेको धेरै कर्मचारीहरू प्रदेश सरकारको मातहतको कर्मचारी पनि छैनन् । हामीसँग संघीय सरकारको मातहतको कर्मचारी काजमा लिएर कर्णाली प्रदेश सरकारका कामकारवाहीहरू अगाडि बढाउनु पर्ने बाध्यात्मक स्थितिमा हामी चाहिँ छौं र उसको सरकार प्रतिको जवाफदेहिता कस्तो होला के होला ? भन्ने कुराको सजिलै अनुमान गर्न सक्दछौं । यो स्थितिको बीचबाट हामीले फेरीपनि जुन जनताको चाहनालाई पुरा गर्नेमा सरकार लागिराखेको छ र निरन्तर प्रतिबद्धता कुराहरू म सदन समक्ष जानकारी गराउन चाहन्छु । स्वभाविक रूपमा संसदमा माननीयज्यूहरूको चिन्ता र चासो पैदा हुनु स्वभाविक हो र यहाँ चिन्ता र चासो भएका चाहिँ छन् । यसलाई सम्बोधन गर्ने कुरामा प्रदेश सरकार निरन्तर लागिरहने छ र अहिले विभागीय

केही जिम्मेवारी सरकार प्रमुख आफैले लिनुपर्ने अहिलेको बाध्यात्मक अवस्था चाहिँ छ । यहाँ भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी म आफैले सम्हालेको हुँदा कर्णाली प्रदेशको मुख्य प्राथमिकता भनेको पूर्वाधार विकास चाहिँ हो । त्यहिँ भएर यहाँ अगाडिका नीति तथा बजेट तथा कार्यक्रममा पहिलो प्राथमिकता कर्णाली को पूर्वाधार विकास चाहिँ हो । हामीले सबै बजेट केन्द्रित पूर्वाधारमा गर्नुपर्छ भनेर अगाडिका बजेट पूर्वाधारमा हामीले केन्द्रित गऱ्यौं । अहिले यो वर्ष ७७ को आ.व. परिस्थिति बदलियो परिस्थिति बदलिइसकेपछि माननीय सांसदहरूसबैको सुझाव अहिलेको बदलिएको परिस्थितिसँगै हाम्रा प्राथमिकता निर्धारण गर्न जरूरी छ भनेर सुझाव चाहिँ सहित हामीले आत्मसाथ गरेर अहिले यो कोभिडको विश्व महामारीमा भयावह सिर्जना गरेको छ र यसबाट कर्णालीलाई महामारीबाट कर्णाली प्रदेशलाई बचाउनका लागि अहिलेको महामारीलाई कसरी सामना गर्ने अहिलेको महामारीमा केन्द्रित हुनु पर्दछ । यो महामारीबाट उत्पन्न भएको अर्को समस्या भनेको भोकमरी हो । भोकमरीमा केन्द्रित हुनु पर्दछ र सामान्य अवस्थामा कर्णाली प्रदेशका जनताकोसमस्या ठुलो बेरोजगारी समस्या हो रोजगारीको लागि प्रदेश भन्दा बाहिर र त्यसपछि भारत लगायत अन्य मुलुकमा रोजगारीको सिलसिलामा जाने नागरिकहरू र अहिलेको यो विषम् परिस्थितिमा त्यहाँ गएर रोजगारी लिने त्यो वातावरण बन्दैन त्यसका लागि हामीले कर्णाली प्रदेश भित्रै बेरोजगारी कर्णाली प्रदेशका जनतालाई नागरिकलाई रोजगारीको व्यवस्था हामी स्वयम्ले गर्नुपर्दछ भनेर हाम्रो बजेटको मुख्य फोकर यो तीनवटा क्षेत्रमा केन्द्रित गर्नुपर्छ भन्ने कुराको सुझाव सहित हामीले बजेट बनाएका चाहिँ थियौं र अहिले कोभिड केन्द्रित बजेट छ । बजेट व्यवस्थापन भएको छ र त्यसपछि यसबाट सिर्जना हुने भोकमारी सामनाको लागि हामीले बजेट त्यहाँ केन्द्रित गरेका छौं र त्यसपछि बेरोजगारी समस्या समाधानका लागि पूर्वाधार क्षेत्रलाई पनि रोजगारीसँग पूर्वाधार विकास बजेटलाई पनि हामीले अधिकतम श्रम सिर्जना गर्ने किसिमका कार्यक्रम कसरी लैजान सक्छौं त्यहाँ केन्द्रित गर्नुपर्छ भनेर बजेट त्यहाँ केन्द्रित भएको चाहिँ छ जसका कारण अहिले यो वर्ष पूर्वाधार विकास हाम्रो प्राथमिकतामा परेन बजेटको र त्यसो हुँदा अघिल्लो वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालयमा करिब ११ अर्बको हाराहारी हामीले बजेट विनियोजन गरेका थियौं र यो वर्ष हामीले करिब ६/७ को बीचमा मात्र पूर्वाधार विकासमा बजेट केन्द्रित भएको छ भने लगभग ६ अर्ब मात्र अहिलेको पूर्वाधार बजेट पूर्वाधारमा बजेट कार्यान्वयन गर्नको लागि बजेट विनियोजन भएको छ र यसले स्वभाविक रूपमा हामी सबैको आकर्षक भनेको पूर्वाधार नै हो जनताले विकास खोजेको छ र आफ्नो ठाउँको विकासको माग जनताले गरेको छ र जसका कारण हामी सबै जनप्रतिनिधिलाई त्यसको दबाब हामीमा पर्न गएको छ ।

अहिले पनि स्वभाविक छ विकास जनताकव माग हो र त्यो माग हामीले परिपूर्ति गर्नुपर्छ भन्ने चिन्ताका साथ अघि यहाँ विषयवस्तु उठे र हामीले अहिले चाहिँ बजेट बनाउदाँ खेरी अघिल्लो वर्षकै हाम्रो आर्थिक दायित्व धेरै भएकै कारणले गर्दाखेरी हामीले त्यो आर्थिक दायित्व अहिलेको यो विनियोजन बजेटले मात्रै अघिल्लो वर्षको सम्पूर्ण आर्थिक दायित्व व्यहोर्न

नसक्ने स्थिति सिर्जना भैसकेपछि केही समस्याहरू चाहिँ उत्पन्न भए र अहिले स्वभाविक हो योजनाको माग हुनु र योजनाको माग भएबमोजिमको सम्बोधन हामीले पूर्वाधार मन्त्रालयबाट गर्न सकिएको छैन । जसबाट अलिकति निराश पैदा गर्ने कुरालाई मैले अस्वभाविक ठानेको छैन र अब धेरै पुराना योजनाहरू छन् । अधुरा छन् र ती अधुरा योजनालाई सम्पन्न गर्ने मन्त्रालयको पहिलो प्राथमिकता रहनेछ । जतिवटा अधुरा योजनाहरू छन् त्यसलाई हामीले सम्पन्न गर्ने चाहिँ छौं र त्यो गर्दा केही असन्तुलन चाहिँ छ त्यसलाई पनि हामीले सकेसम्म सन्तुलन कायम गर्ने पनि हाम्रो योजना छ र हामीले सकेसम्म सन्तुलन कायम चाहिँ गर्ने गरी हामी जाने छौं र अघिल्लो वर्ष केही निर्वाचन क्षेत्रमा जिल्लामा योजना धेरै भए र आर्थिक दायित्व धेरै भयो र केही जिल्लाहरूमा योजना कम भयो र आर्थिक दायित्व पनि कम भयो यसलाई पनि हामी सन्तुलन मिलाउने गरी यो वर्षमा केही हाम्रो प्रयास रहनेछ । त्यसपछि अहिले सबै माननीय सांसदहरूले उठाउनु भएको अर्को महत्वपूर्ण विषय भनेको देखिने आवश्यक र निर्वाचन क्षेत्रको रणनीतिक महत्वको फेरी योजना बनेको जनता सडक चाहिँ हो । यो जनता सडकमा यतिखेर धेरै कम बजेट राखेपनि हामीले यी जनता सडकलाई सम्पन्न गर्ने गरिकन यसको उचित व्यवस्थापन हुनेछ र हाम्रा यी जनता सडकहरू एक निर्वाचन क्षेत्रमा अघिल्लो वर्ष हामीले १० करोड छुट्ट्याएका थियौं । त्यो १० करोड बजेट कारेयान्वयन निरन्तरतामा जानेछ र त्यसपछि थप बजेट व्यवस्थापन हामीले काहिँकतैबाट गर्न सक्यौं भने बचेको पैसा हाम्रो यो यहीँ जनता सडकमा प्राथमिकता रहनेछ र कार्यान्वयन हामीले गर्नेछौं । जहाँ सडकहरू केही सडक लगायत अन्य योजनाहरू पनि केही सम्पन्न भैसकेकोमा पनि बजेट छुट्ट्याएको भन्ने छ र सम्पन्न भैसकेका र भुक्तानी पाइसकेका यदि बजेट त्यहाँ व्यवस्थापन गरिएको छ, छुट्ट्याएको छ भने त्यसलाई त्यहाँबाट हटाइनेछ र त्यहाँ त्यो बजेट कार्यान्वयन चाहिँ हुन सक्दैंन र अरू केही क्रमागत योजनाहरू र केही हामीले हात हालिसकेका अधुरा योजनाहरूलाई छुटेका छन् र यो बजेटमा संलग्न भएका छैनन् भन्ने छ र छुटेका योजनाहरूलाई पनि सम्बोधन गरेर हामी कार्यान्वयनमा हामी लैजाने छौं । अहिलेका हाम्रा क्रमागत योजनाहरू सकेसम्म यहीँ आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी लैजाने छौं र यो केही योजनाहरू यो वर्ष कार्यान्वयन गर्न सकिन्थ्यो कोभिडको कारणले गर्दा सकिएको छैन तीन महिना काम अहिले हाम्रो रोकियो र तीन महिना काम गर्न पाएको भए धेरै अहिले कामहरू यो वर्ष सम्पन्न गर्न सकिन्थ्यो । थोरै पैसा लाग्ने र यो वर्ष सम्पन्न गर्न सम्पन्न गर्ने गरी यसको आवश्यक व्यवस्थापन चाहिँ हुनेछ र यहाँ अलिकति बजेट नमिलेको भन्ने कुरा थियो दैलेखको त्यो अहिले मिलेको चाहिँ छ त्यहाँ समस्या चाहिँ छैन । त्यसपछि यो अर्को कुरा यो अनुगमनको पाटोमा विषयवस्तु अलिकति उठेको थियो र अनुगमनलाई प्रभावकारी बनाउनको लागी अहिले सम्म हामीले सकेका चाहिँ छैनौं र यो हामीसँग यसको कसरी व्यस्थापन गर्ने भन्ने एउटा चुनौती चाहिँ छ । यसको संगठन संरचना र केही अभावका कारणले गर्दा अनुगमन प्रभावकारी हुन सकेको छैन र आगामी वर्षमा हामीले यो वर्षमा अनुगमनलाई प्रभावकारी बनाउनको लागि हुनेगरीकन विशेष व्यवस्थापन हामीले गर्ने छौं ।

जसले गर्दा केही विषय उठेका छन् अनियमितका कुराहरूर यसलाई हामीले जहाँ अनियमितता भएको छ त्यस्ता ठाउँहरूलाई हामीले त्यसलाई कडाई गर्ने रकडा कारवाही गर्ने र त्यसपछि थप अनियमित नहुनका लागि हामीले प्रभावकारी अनुगमन एउटा संरचना खडा गरेर जाने गरी यसको प्रभावकारिता हामीले कायम गर्नेछौं र त्यसपछि कार्यान्वयनमा ढिलाई भन्ने छ र अघिल्लो वर्ष प्रथम चौमासिक ढिलाई हुन पुग्यो आफ्नै कारणहरू थिएँ र हामीले बजेट पास गरिसकेका थियौं । हामीले बजेट इन्ट्रि पूराना संरचनामा गऱ्यौं र त्यसपछि नयाँ संरचनामा फेरी हामीले इन्ट्रि गर्दा समय लाग्यो । जसका कारण ढिला हुन पुग्यो र पछिल्लो चरण कोभिडका कारण र यसकारण यस वर्ष बजेट कार्यान्वयनमा यो वर्ष निकै समस्या भयो र यो वर्ष हाम्रा संरचना तयार भैसकेका छन् र यो वर्ष जिल्लाबाट जिल्लामा रहेका कार्यालयहरू सबै योजनाहरू इन्ट्रि भएका छन् ।

हामीले बजेट पास गर्ने बित्तिकै केही बजेटहरू कार्यविधि बनाएर कार्यान्वयन गर्नु पर्ने छ भने मुख्यगरी पूर्वाधार विकासका कार्यक्रमहरू सिधै कार्यान्वयन गर्न सकिन्छ । यहीं साउनकै दोस्रो हप्ता भित्र यसलाई कार्यान्वयनमा लैजाने गरिकन यसको आवश्यक व्यवस्थापन गर्ने र जो ठूला योजनाहरू छन् यसका लागि सर्भे गर्नुपर्ने छ र टेन्डर ठेक्का पट्टा लाउनु पर्ने छ हरूलाई पहिलो चौमासिक भित्रै ठेक्कापट्टा लगाइसक्ने गरिकन जाने सरकारकै तर्फबाट एउटा समय तालिका बनाएर त्यो तालिकाको आधारमा हामीले बजेट कार्यान्वयन गर्ने गरी हामी जाने चाहिँ छौं । त्यसपछि यहाँ मुख्यमन्त्री कार्यालयको छ । यहाँ विशेष गरेर रोजगार अन्तर्गत रहेको यो बजेटको बारेमा विषयवस्तु अलिकति उठेको छ र अहिले हामीले व्यापक रोजगार सिर्जना गर्ने हाम्रो अझै चाहिँ टार्गेट भनेको अलि बढी पैसा चाहिन्छ रोजगारीको लागि । अरू केही नभएपनि पचास जना चाहिँ रोजगारी पाओस् एकजना व्यक्तिले यसका लागि हामीले मोटामोटि हिसाब गर्दा धेरै नै १०० एक सय दिनहाम्रा बेरोजगारका लागि रोजगार दियौं भने त धेरै लाग्छ जुन बजेट हामीसँग छैन र अहिले न्यूनतम हामीले रोजगार दिनका लागि अहिले हामीलेसँग ७ अर्ब १८ करोड पैसा भयो भने त्यसले अलिकति केही दिनको लागि जनताको भोकमरीको समस्या समाधान गर्न सक्छौं भन्ने थियो तर फेरीपनि अहिले त्यति पैसाको व्यवस्थापन गर्न सकेका छैनौं । थोरै भएपनि पैसा छ त्यहाँ र यो पैसालाई अझै हाम्रो उद्देश्य भनेको पूर्वाधार क्षेत्र र अन्य मन्त्रालयमा रहेको बजेट पनि जो बजेट कार्यान्वयनमा रोजगारको चरित्रसँग मिल्ने किसिमका कार्यक्रमहरूलाई पनि यसलाई मिलाएर र सबै वडामा रोजगारसँग चरित्र मिल्ने किसिमका कार्यक्रमहरू हामीले हाल्ने र त्यो पैसाबाट रोजगारी सिर्जना गर्ने गरी जाने भन्ने छ र यसका लागि सबैभन्दा पहिला मन्त्रालयका कार्यक्रमहरू कुन-कुन वडामा गए र जो रोजगारको चरित्रसँग मिल्छ र नपुगेका वडाहरूमा जुन वडाहरूमा अहिले यो वर्ष कुनै पनि मन्त्रालयबाट परेन समेटिएन र यी मन्त्रालयहरूमा कुनै पनि रोजगारी सिर्जना गर्न नसकिने ठाउँहरूमा पनि अलिकति त्यसलाई हामीले ध्यान दिएर त्यसको एउटा कार्यविधि बनाएर हामी जानेछौं र हामी सबैको यो कार्यक्रम कार्यान्वयनमा अवरूद्ध हुने किसिमको व्यवस्था गरिने छ र त्यसपछि यो वैकल्पिक उर्जासँग सम्बन्धित कर्णाली उज्यालो

कार्यक्रम छ । वैकल्पिक उर्जासँग हामीले दुई पक्ष सम्झौता गरेका छौं र उसले आयोजना अगाडि बढाएका र उसको बजेटले उनिहरूले दिने नियमित अनुदानबाट कम्प्लिट हुने नसकेका र बाँकी आर्थिक दायित्व स्वयम् जनता आफैंले व्यहोर्नु पर्ने र जनताले आफ्नो त्यो आर्थिक दायित्व लिन नसकेका थोरै मात्र लगानी गर्यो भने बत्ती बन्न सक्ने अहिले हाम्रो लगभग करिब हाम्रो प्रदेशमा तीन मेगावाटको रहेछ विद्युत । यसलाई मात्र लगानी भइसक्यो कम्प्लिट गर्ने हो भने तीन मेगावाट जति बत्ति हामीले कर्णाली प्रदेशमा हामीले उपयोग रगर्न सक्ने सम्भावना भएको हुँदा यसलाई त्यो मार्फत् कार्यान्वयन गर्दै जानेछौं । त्यसपछि अर्को बजेट भनेको एकीकृत बस्ती विकास कार्यक्रम भनेको छ र यो अघिल्लो वर्ष पनि थियो । वर्ष-वर्ष छ तर कार्यान्वयन हुन भएको छैन । यसका लागि हामीले बजेट शीर्षक राखिराख्ने नीति तथा कार्यक्रममा पनि राखिहाल्ने बजेट पनि थोरै छुट्ट्याइहाल्ने तर यसको कार्यान्वयन प्रभावकारी ढङ्गबाट हुन नसक्ने स्थिति सिर्जना भएको छ । अहिले कि त जनता आवास कार्यक्रम भन्या जस्तै गरी त्यही तीन/तीन लाख दिने व्यवस्था छ कि त्यहीँ तीन लाख दिन पर्यो त्यसरी घर बनाएर पनि अर्थ छैन हामी एकीकृत भनेको अलिकति मोडर्न उत्कृष्ट प्रकारका घर बनाउँदा खेरी अलिकति पैसा बढी लाग्ने एउटै घर पच्चीस बिस पच्चीस लाख लागत लाग्ने घर भएकाले बजेट कम हुने फेरी हामी सबै ठाउँ जानैपर्ने निर्वाचन क्षेत्र जिल्लाहरू टच गर्नै पर्ने तर बजेटको सीमित हामीसँग बजेट व्यवस्थापन भएको हुँदा यो निकै गाह्रो भएको छ र हामीले अहिले पनि थोरै बजेट छ । हामीले दशैंवटा जिल्लामा एकुन्टा ठाउँह लिएर हामीले जिल्लाकमो एउटा नमुना बनाउने गरी जाने भनेको छ यसलाई पनि एउटा आयोजना बेस्डमा जाने र आयोजनै कार्यालय स्थापना गरेर त्यसले यो भनेको निरन्तर चलिरहने कार्यक्रम पनि यो होइन यसरी लिनेगरी कार्यक्रम यथोचित लिएर जाँदाखेरी राम्रो हुन्छ भन्ने हो र त्यसपछि अब यहाँ योजना आयोगको कुरा छ । योजना आयोगको कुरामा अहिलेको यो वार्षिक कार्यक्रम पुस्तिका छ यो योजना आयोगले नै बनाउनु पर्थ्यो । योजना आयोगले नै बनाउने हो तर यो वर्ष प्राविधिक कारणले केही प्राविधिक अफ्ठ्यारोको कारणले गर्दा केही प्राविधिक समस्याको कारणले गर्दा अहिले आर्थिक मामिला तथा योजना मन्त्रालयले यो किताब प्रकाशन गरेको छ । अब आगामी दिन योजना आयोग मार्फत् नै पुस्तिका ल्याउने गरी सरकार चाहिँ लाग्ने कुराको म जानकारी गराउन चाहन्छु र अर्को यो केही बजेट बढी भयो भन्ने छ योजना आयोग देखिएको पैसा यो भनेको अहिले बहुक्षेत्रीय पोषण कार्यक्रम भनेर केन्द्रबाटै आउको राष्ट्रिय कार्यक्रम हो र कर्णाली प्रदेशका आठवटा जिल्लामा यो कार्यक्रम सञ्चालन भैराखेको चाहिँ छ । दुईवटै जिल्लामा अब समस्या भनेको अहिले अब सुर्खेत र सल्यान दुईवटा जिल्लामा राष्ट्रिय कार्यक्रम पऱ्या छैन नपरेको हुँदा यी दुईवटा जिल्लालाई पनि नछुट्ट्याउने गरी प्रदेशबाट बजेट व्यवस्थापन गरेर यी दुईवटा जिल्लामा पनि अब कार्यक्रम सञ्चालन गर्ने भनेर एक करोड रकम व्यवस्थापन गरिएको चाहिँ छ र त्यसले गर्दा योजना आयोगमा अलिकति बढी पैसा देखिन गएको छ र अर्को कुरा सुत्केरी स्याहार शीर्षक भन्ने बजेट चाहिँ रहेछ । यो सबै ठाँउमा सबै कार्यालयमा यो/यो भनेर शीर्षक राखिएको हुँदो

रहेछ। यो शीर्षक अन्तर्गत जिरो राख्न नभएको हुँदाखेरी त्यसका चाहिँ पैसा राखिएको रहेछ, आठ हजार हो की छ हजार चाहिँ छ । आठ/दश हजार अब यो खर्च हुँदैन । अब त्यहाँ सुत्केरी नै नभएपछि कसरी खर्च हुन्छ । यसमा चाहिँ अब खर्च हुँदैन पैसा छुट्ट्याउन बित्तिकै सबैपैसा खर्च गरिहाल्नु पर्छ भन्ने कुरा पनि भएन । यो निजामती सेवा ऐन र नियमावलीमा भएको व्यवस्था रहेछ । त्यो व्यवस्था अनुसार यहाँ राखिएको रहेछ । अरू योजना आयोगले गर्ने अन्य सम्पूर्ण कामहरू अगाडि बढाइराखेको छ र त्यसपछि मुख्यन्यायाधिवक्ता कार्यालय छ । त्यसको खासै अब बजेटमा यसको खासै ऊँ रहदैंन रयसलाई अब प्रशासनीक खर्चहरू छुट्ट्याइएको छ र त्यसपछि अहिले अब मुलुकी ऐन सम्बन्धीको जानकारी गर्नको लागि केही चाहिँ छलफलहरू केही जिल्लाहरूमा शुरू गरेको चाहिँ छ र त्यसपछि अब यहाँ प्रस्ताव चाहिँ भएको छैन रअब अहिले प्रत्येक जिल्लाहरूमा निशुल्क कानूनी सेवा दिने व्यवस्था पनि गर्न जरूरी छ भन्ने यसका लागि पनि अब आवश्यक व्यवस्थापन गर्नुपर्ने हुन्छ र त्यसपछि अब यहाँ लोकसेवा आयोगको कुरा आयो र लोकसेवा आयोग ऐन पास भइसकेको छ र अब छिट्टै हामीले लोकसेवा आयोग गठन प्रक्रिया अगाडि बढाउने छौं र त्यसपछि अब यसले आफ्ना कामकारवाही सुचारू ढङ्गले अगाडि बढाउने छ । यसका लागि चाहिने आवश्यक बजेटहरू प्रशासनिक खर्चका बारेमा आवश्यक व्यवस्थापन हामील अब गर्ने छौं र त्यसपछि अब यहाँ केही विषय उठेका छन् । मुख्यगरी अब सांसदहरूकै बारेमा केही विषयमा पनि केही विषयहरू उठे अलिकति समानुपातिक र प्रत्यक्ष भनेर पनि यहाँ अलि विभेद चाहिँ भएको छ भन्ने जस्ता केही भनाई पनि माननीय सदस्यज्यूबाट उठेको हुँदा सरकारको तर्फबाट त्यो प्रकारको विभेद नगरी हामी जाने कुरा अब सरकारले एउटा प्रतिबद्धता व्यक्त गर्दछ र यहाँ अब अहिले जुन प्रकारको अनुमान हामीले गरेका चाहिँ छौं र यो परिस्थिति भन्दा पनि अलिकति फरक परिस्थिति सिर्जना चाहिँ भयोभनेहामीले हाम्रो बजेट कार्यान्वयनमा पनि केही रिभाइज गर्नुपर्ने स्थिति सिर्जना हुनसक्छ । त्यस्तो भयोभने हामीले आवश्यक संसदमा हामीले सल्लाह गरेर आवश्यक परामर्श चाहिँ लिएर यसको उचित व्यवस्था चाहिँ गरेर हामीले हाम्रो बजेटलाई पनि केही रिभाइज गर्नुपर्ने स्थिति हुन सक्छ ।

हामीले अहिले महामारीले भयानक रूप लिनसक्छ भनेर पनि बजेट व्यवस्थापन त्यहाँ केही भएको छ र त्यसपछि अहिले अब हाम्रो केही खर्चहरू यदि हाम्रो यो चालु आ.व. को खर्च पनि त्यति बढ्न सकेन र केही बजेट हामीले अनुमान गरेभन्दा पनि बढी बजेट हाम्रो बच्न गयो भने यसका बारेमा आवश्यक व्यवस्था सहित हामी कार्यान्वयनमा जाने कुराको पनि जानकारी गराउन चाहन्छु र यहाँ अन्तिममा जुन प्रकारको हामीसँग चिन्ता छ चासो छ र यो चिन्ता र चासोलाई हामीले व्यवहारमा चाहिँ कार्यान्वयन गर्नको लागि हामी मैले शुरूमै भनेर हामी यो नयाँ अभ्यासमा छौं । यो हामी सबैका लागि नयाँ जिम्मेवारी हो । हामीले हाम्रो प्रदेशको समग्र अवस्थालाई हेर्दा धेरै चुनौती छ धेरै चुनोतीपूर्ण छ । विकासको हिसाबले पनि पछि परेको प्रदेश र आर्थिक उत्पादनका हिसाबले पनि पछि रहेको कर्णाली प्रदेशलाई हामीले

यहाँ विकास गर्नुछ र जनताको गरिबिको अन्त्य गरेर आर्थिक समृद्धि ल्याउनु छ र साच्चिँकै हामी सबै एक ठाउँमा उभिएर हामीले शुरूमै पनि प्रतिबद्धता जाहेर गर्‍यौं र हामीले प्रदेश सभा गठन हुने बेला हामी सबै दलको तर्फबाट धारणा राख्यौं । हाम्रो प्रतिपक्ष भनेको अविकास हो । विकास नहुनु हाम्रो प्रतिपक्ष हो । यहाँको भोकमरी रोग, भोक हाम्रो प्रतिपक्ष हो र यी सबै प्रकारका चुनौती सामाना गर्नका लागि हामी एकठाँउमा उभिएर हामी अभियान छेडेर अगाडि बढ्न जरूरी छ भन्ने कुराको प्रतिबद्धता हामी सबैले व्यक्त गरेका थियौं । त्यसलाई हामीलाई आत्मसाथ गरेर अगाडि बढ्ने मामिलामा सरकारको तेफबाट पनि केही यलाई समन्वय गरेर सबैलाई एकताबद्ध बनाएर हरेक चुनौतीको सामना गर्ने मामिलामा केही समन्वयमा अभाव जरूर रूपमा रहेको छ र अब आगामी दिनहरूमा हामीले त्यो अभाव नरहने गरिकन साच्चिँकै हामीसबै जिम्मेवार भएर अहिले बजेट बनाउने कुरा मात्र मुख्य कुरा होइन । यसको परिणाम निकाल्ने मुख्य कुरा हो र साच्चिँकै अहिले हामीले स्वीकृत गरेका योजनाहरू कार्याक्रमहरू बजेटलाई कार्यान्वयनमा पनि हामी साच्चिँकै एकताबद्ध भएर हामीले आ-आफ्नो ठाउँमा लाग्यौं भने जनताको अपेक्षा हामीले पुरा गर्न सक्नेछौं र यसका लागि हामी सबै फेरी पनि एकठाउँमा उभिएर जानका लागि र हामी सबैको सामूहिक प्रतिबद्धता गर्नका लागि हाम्रो योजना निर्माणमा रहेका केही कमीहरू छन् । अभावहरू छन् यसको महशुस सरकारलाई भएको छ र हामीले अघिल्लो पटक हतार-हतारमा भयो भन्ने भयो र हामीले यो वर्ष प्रत्येक जिल्लामा छुट्टाछुट्टै हामीले छलफल गर्ने पछि हामीले तीनतहका जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, नमगरिक समाज, कर्मचारी, सबै हामीले राखेर एकैठाउँमा बसेर जिल्लाको एउटा विकास गुरूयोजना चाहिँ हामीले बनाएर जाने भन्ने सरकारको सोच चाहिँ थियो र यहींकोभिडको कारणले गर्दा लकडाउन गर्नुपर्ने अवस्था सिर्जना भयो त्यहीं समयमा हामी सबै जिल्लामा गएर जिल्लागत छलफल गर्न सकेनौं र हामी आगामी वर्ष सबै जिल्लाहरूको जिल्लागत गुरूयोजना बनाएर र हामीले योजनाको सूची तयार पारेर त्यलाई फेरी निर्माण गरेर अब हामीले कार्यान्वयनमा प्राथमिकताका साथ कार्यान्वयनमा जाने र कार्यान्वयन निकायलाई पनि चुस्त बनाउने दुरूस्त बनाउने यलाई गतिशिल बनाएर जाने कुरामा पनि अब हामीले हाम्रो लोकसेवा आयोग बनाएर हाम्रो कर्मचारी बनाइसकेपछि र हाम्रा र राम्रा दक्ष जनशक्ति हामीले ल्याउन सक्यौं र हामीले भर्ना गर्न सक्यौं र एउटा सिपाहीको भूमिका निर्वाह गर्ने साँच्चिकै राष्ट्रभक्त एकदमै हामी भन्ने बेला भन्छौं ।राष्ट्रसेवक साँच्चिकै राष्ट्रसेवक राख्न सक्यौं भने हाम्रा आशा, हाम्रो अपेक्षार हाम्रो चाहना पूरा हुने म विश्वास राख्दै फेरी पनि अहिलेको यो बजेटमा निर्माणमा रहेका थुप्रै कमीकमजोरीका बीचबाट पनि थुप्रै अभावहरू छन् अभावको बीचबाट पनि अहिलेको बाध्यात्मक स्थिति जो सिर्जना भएको छ यसमा सबै माननीय सदस्यहरूले हार्दिकताका साथ एकदम खुलेर पूरै तपाईंको चाहीँ टेबुल ठटाएर, ताली पिटेर एकदम एकमतका साथ सबैले पारित गरेर नयाँ उत्साहका साथ यहाँ ताली नपिटेर पनि उत्साहमा आउनु भयोके फेरी ताली पिटेर नयाँ उत्साहका साथ यो

बजेटलाई पास गर्दिनका लागि पनि म विनम्र अनुरोध गर्दै मेरो भनाइँ अन्त्य गर्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतका शीर्षकहरू माथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले यस सभामा टेबुल भएर छलफल भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (१२) बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष राख्नु भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होस्, (फ्लोर- हुन्छ) यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यले हुन्न भन्नु होस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, कर्णाली प्रदेश आर्थिक विधेयक माथि संक्षिप्त टिप्पणी गर्न उभिएको छु । यो अवसरका लागि सभामुखज्यू प्रति आभारी छु । विनियोजन विधेयक पारित भैसकेपछि यसमाथि थप छलफल गर्दाखेरी यो रोचक जस्तो छलफल नहुन सक्छ । विनियोजन विधेयकमा अरू अङ्क हुन्छ त्यो अङ्क फेरी हाम्रो चासो हुन्छ । त्यो चासोको अङ्क पास भैसकेपछि यो फेरी उठाउनु पर्ने अङ्क हुन्छ यसमा धेरै । त्यसकारणले यो भएको वितरण गर्नुपर्ने अङ्क पास भैसकेपछि यो उठाउनु पर्ने अङ्कमा यो चाहिँ धेरै ध्यान पुग्दैन र म यो उठाउनु पर्ने अङ्कमा बोल्न आउनु पर्नाले यो धेरै रोचक नहुन सक्छ

सभामुख महोदय । जहाँसम्म यसमा छलफलको विषय छ म संक्षिप्तमा चाहिँ म कुरा राख्छु । यसमा केही संविधानले हामीलाई प्रदान गरेको केही निश्चित करका क्षेत्रहरू छन् ती विषयहरू हामीले प्रदेश कानून बमोजिम चाहिँ करहरू लगाउनु पर्ने हुन्छ । सामान्य सिद्धान्त त यो अर्थ मन्त्रीले सभामा प्रस्तुत गरेदेखि नै यो विषयवस्तुहरू कार्यान्वयन भएको मानिन्छ तर यद्यपी यसले साउन १ गते देखिबाट लागुहुने प्रोभिजनहरू राख्याछ । जनरल्ली, उठाउनु पर्ने राजश्वको प्रकृति त्यो भएको कारण पनि होला । अँ यो वर्ष कस्तो छ भन्दा खेरी एउटा कर्णाली जस्तो प्रदेशमा हामी यस्तो कोरोनाको बीचमा राजश्व उठाउनु पर्ने विधेयक माथि छलफल गरिराख्या छौं । स्वभाविक छ यो चाहिँ नियमित हाम्रो प्रक्रिया भएको यो सरकारले लिएर आउनु पर्ने विधेयक यदि लिएर नआउनु पर्ने भए यो वर्ष त नउठाको भएपनि हुन्थ्यो । नियमले फरक नपर्ने भएको भए किनभने व्यापार व्यसाय सबै लथालिङ्ङ छ हाम्रा कतिपय उठाउनु पर्ने जस्तै यसमा मनोरञ्जन करको च्याप्टर छ यसमा एउटा । सिनेमाहरू, न्याफ्टिङ्हरू यसको चाहिँ जेजे मनोरञ्जनको क्षेत्र होटेल व्यवसाय अरू क्षेत्रबाट केही पनि नचल्ने जस्तो छ । यो त केही पनि नचल्ने जस्तो अवस्था छ यो वर्ष । हामीले गरेको न्यून राजश्व संकलन होला यसमा चाहिँ बजार कन्टिन्यु नभइरा सन्दर्भमा चाहिँ यो हाम्रा लागि चुनौतीपूर्ण विषय छ । एउटा हामी चाहिँ नगरपालिकाहरू बनायौं धेरै हिजो नगरपालिका बनाउने होड भयो । नगरपालिका बनाउन ठिक हुन्थ्यो हुन्थेन त्यो एउटा राजनीतिक प्रशासनीक निर्णय भयो । कर्णाली जस्तो ठाउँमा धेरै नगरपालिका हुँदा नगरबासी त हुन पाइन्छ तर तिर्नुपर्ने विषय चाहिँ धेरै तिर्नुपर्छ, जस्तै म उदाहरणको लागि भन्छु कि प्रस्तावित हामीले एउटा लिखत मात्र गरौं भने जस्तै मानो जोडिएको मानो छुट्टिएको अंशको एउटा लिखत गराउँदा नगरपालिकाले दस हजार प्रति लिखत तिर्नुपर्छ । गाउँपालिकाले प्रति लिखत पाँच हजार तिर्नुपर्छ । जस्तो हाम्रो दुर्गमका नगरपालिका छिमेकी त्यहीं जाजरकोटको छेडागाँड नगरपालिका भनौं अथवा धेरै नगरपालिकाहरूले लिखतमा लाग्ने शुल्क पनि तिर्न गाह्रो छ किनभने आयस्तर छैन । सरकारको चाहिँ कामहरू पहिले पहिले त कर मात्र उठाउने हुन्थ्यो शुरू- शुरूमा सरकारको अवधारणामा । पछिल्लो समय सरकारले चाहिँ डेलिभरी गर्नुपर्छ । खासगरी वस्तु र सेवाहरू गुणायन सर्भिस हामी कत्तिको उपलब्ध गराउँछौं त्यो आधारमा हामीले कर बढाउने हो । कर चाहिँ उठाउँदा कर भारी पर्छ कि भनेर कहिले काहीं हामी छलफल गर्छौं । कर उठाउँन सकिन्छ तर त्यसको बदलामा हामीले वस्तु र सेवाहरू के दिन्छौं सरकारको तर्फबाट डेलिभरी गर्ने कुरा यदि वस्तु र सेवाहरू सरकारको तर्फबाट दिन सकेनौं भने उठाउने विषय पनि जनताको आयस्तर वृद्धि हुँदैन आयस्तर वृद्धि भएन भने उठाउन सकिदैंन । त्यसकारणले यसमा मैले अरू अब यो संशोधन नहुने विषय हो यसमा खासगरी करको शुल्क निर्धारण गर्ने त्यस्तो यसमा चाहिँ दरहरू घटाउने बढाउने र आंशिक वा पुरै छुट दिने व्यवस्था छ । मैले त के देख्या छु भने यो वर्ष धेरै छुट दिनु पर्ला । यो जनप्रतिनिधिको आखाँबाट हेर्‍यो भने सभामुखज्यू धेरै ठाउँ चाहिँ छुट दिनुस भन्नु ठाउँमा हुँदो रहेछ । जब चाहिँ सरकारको आखाँबाट हेर्‍यो भने चाहिँ राजस्व उठाउनु पर्ने हुन्छ ।

म यसको सानो उदाहरण संघीय अर्थ मन्त्रीजीले अस्ती यो संकटको समयमा भन्नुभयो हामी युवाहरूलाई बाहिर प्रोत्साहन गर्छौं विदेश जान । सरकारले अहिले यो रेमिट्यान्सको दायरा खुम्चियो यले गर्दा हामी युवाहरूलाई बाहिर जानमा प्रोत्साहन गर्छौं यो बीचमा पनि युवाहरूलाई विदेश पठाउने कामहरू भइराखेको छ । संघीय अर्थ मन्त्रीजी जसको काम चाहिँ देश भरी पैसा संकलन गर्ने राज्यको ढुकुटी संकलन गर्ने । अब यो हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको देशको अर्थ मन्त्री दातासँग पनि झोला थाप्ने र थैली पनि कस्न सक्ने हुँदोरहेछ चाहिदो रहेछ । हामी तल धेरै बानी पऱ्या छौं वितरण गर्ने भयौं हामी त । हाम्रो लेभलको सरकारले हामी यो सभामा जहाँ छौं । हामी वितरण गर्ने हौं थोरै दायरा मात्र करको छ जो अहिले छलफल गरिराछौं । त्यसकारणले हामी वितरण गर्ने जिम्मेवारीका मान्छेहरू हामी पनि चाहिँ अहिलेको परिस्थितिले थैली कस्नु पर्ने अवस्थामा संकेत गरिराको छ किनभने यो अनुसारको धेरै करहरू म सबै अनुसूचीहरूमा यो १२ दफाको ४ अनुसुचीहरू छन् मेरो विचारमा । यसमाथी म सबै दफामाथी त गइन जस्तो पर्यटनको मैले अघि मनोरञ्जनको संकेत गरे मैले अघि चलचित्र प्रदर्शन गर्दा दर्शकबाट प्रति टिकट पाँच प्रतिशत अब यो वर्ष चलचित्रको हाम्रो स्थिति त्यहीँ होला । त्यस्तो हुँदाखेरी यसमा चाहि अब यो दहत्तर बहत्तर शुल्कमा प्रति क्यू फिटको हिसाबले चाहि जस्तो ढुङ्गा, गिट्टि, बालुवा यसको प्रति क्यु फिटले महङ्गले हो कि जस्तो लाग्छ मलाई रु. २ देखि रु. ३ सम्म | मन्त्रालयले भोलि चाहिँ रिभाइज गर्नुपर्ने व्यवस्थामा यो पनि व्यवस्था रिभाइज गर्ला र मैले अन्तिममा के भन्न चाहन्छु भने सुशासनको क्षेत्र खासगरी चाहिँ यो हाम्रो विधेयकमाथि छलफल हो । गुड गभर्नेन्स (सुशासन) को व्यवस्था सुशासनको व्यवस्थामा छलफल गर्न सक्ने व्यवस्था छ । मेरो टिप्पणी चाहिँ संक्षिप्त टिप्पणी चाहि के हो भने यो छलफलमा जति पनि प्रश्न उठ्या छ छलफलको क्रममा प्रश्नहरू सुशासन, कसरी चाहिँ गुड गभर्नेन्स (सुशासन) कायम गर्ने सकिन्छ । कसरी ल एण्ड अर्डर (कानून र आदेश) कायम गर्न सकिन्छ भन्ने चाहि यसमा सम्बन्धित छ । प्रदेश सरकारको अथवा अर्थ मन्त्रालयको अथवा बजेट कार्यान्वयनको हाम्रो सबै भन्दा ठुलो चुनौती आर्थिक ऐनको चुनैती भष्टाचारलाई कसरी निर्ममता पूर्वक शून्यसहनशिलता म त यो शून्यसहनशिलताको अवधारणमा पनि कस्तो भने सुन्ने अनि सहनशिल हुने । भ्रष्टाचार भएको छ भन्ने थाहा पाउँदा पाउँदै सुन्ने र सहनशिल हुने पचाउन सक्ने । यो खालको छ त्यसकारणले जिरो टलेरेन्सको अवधारणा पनि हाम्रो तिर दुरूपयोग भइरहेको छ । सरकारी कार्यालयको सिङ्गो कार्यालय उठाउनु पर्नेछ । हाम्रो षडयन्त्रहरू कमजोर हुँदै गइरहेका छन् । कार्यान्वयन गर्ने षडयन्त्रहरू पनि हाम्रो चाहिँ बजेट निर्माण गर्ने प्रणाली माथि पनि समस्या छ, बजेट कार्यान्वयन गर्ने प्रणाली माथि पनि समस्या छ । र जसले law anf order को बारेमा निर्मम हुनु पर्ने निकाय हुन ती निकायहरू पनि कमजोर भइराखेका छन् । even यसको एउटा कारण हामी जनप्रतिनिधिहरू पनि कमजोर भइराखेका छौं । स्थायी राजनीतिक सरकार पनि कमजोर भइराखेको छ । बढिजसो ठाउँमा जनप्रतिनिधिहरूलाई सुशासनको ठाउँमा कसरी उभिने बनाउने सकिन्छ र स्थायी सरकारलाई कसरी एण्ड अर्डर (कानून र

आदेश)भन्दा दायाँ बायाँ जादैनौं भन्ने बनाउन सकिन्छ यो बारेमा प्रदेश सरकारले आफ्नो आर्थिक ऐन कार्यान्वयन गर्ने सन्दर्भमा होस् वा विनियोजन ऐन कार्यान्वयन गर्ने सन्दर्भमा होस् निर्ममता पूर्वक हाम्रो षडयन्त्रबाट सरकारको मेकानिजमबाट काम गर्ने गराउनु पर्‍यो । एक व्यक्ति भन्दा षडयन्त्रबाट काम गर्नु पर्‍यो षडयन्त्रलाई प्रभावकारी बनाउनु पर्‍यो । माथिल्लो निकायले त्यसको अनुगमन गर्नु पर्‍यो । प्रतिवेदनहरू लिनु पर्‍यो खासगरी अँ अझै बजेट चाहिँ हाम्रो आर्थिक कार्यविधि ऐनहरू छ । प्रदेशको अर्थ मन्त्रालयको सचिवको त्यहाँ महत्वपुर्ण रोल छ । सम्पूर्ण बजेटको कार्यान्वयनको सन्दर्भमा त्यसकारण निर्मम आर्थिक अनुशासन त्यसको जरूरी छ । अहिले अस्ती एउटा दैलेखको कार्यालयको पटक-पटक छलफल भएको छ त्यसमा अनुसन्धान भइरहेको होला अख्तियारमा । तर त्यो हामी जनप्रतिनिधिलाई दैलेखका जनप्रतिनिधिलाई त्यसपछि टेलिफोन आउँछ र के भन्छ भने यो योजना पनि सम्झौता नभाको थियो उहाँले पैसा दिन्छु भन्नु भएको थियो यल्लाई चाहिँ के गर्ने हो भनेर हामी दैलेखका धेरै जनप्रतिनिधिलाई ती कार्यालयबाट आठ दस वटा नै उदाहरण दिन सकिन्छ ती कार्यालयहरूले सम्झौता बिना कतिपय रेडबुकमा छ कतिपय सम्झौता गरिएन कतिपय रेडबुकमै नभएको योजना असारमा पैसा आउँछ यो त उदाहरण मात्र हो यस्तो त धेरै ठाउँमा हामीले सुशासनको निम्ति थप निर्ममता हुन जरूरी छ । यो ऐनको कार्यान्वयनको सन्दर्भमा मैले यति टिप्पणी गरे र यो अवसरका निम्ति मैले माननीय सभामुख प्रति आभार सहित आफ्नो भनाई यहीँ टुङ्ग्याए धेरै धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुखज्यू, हामीले कर्णाली प्रदेश विनियोजन विधेयक पारिस भएपछि अर्को आश्रित विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश अर्थिक विधेयकमा छलफल गरिरहेका छौं र यो छलफलमा भाग लिएर माननीयज्यूहरूले धेरै महत्वसुर्ण सुझाव दिनु भएको छ । यसको विश्लेषण पनि गर्नु भएको छ र सुझाव पनि दिनु भएको छ र समग्र आर्थिक अनुशासनको कुरा राजश्व संकलनको कुरा र गुड गभर्नेन्स (सुशासन)को कुरा पनि राख्नु भएको छ म धेरै-धेरै धन्यवाद दिन चाहन्छु । हाम्रो प्रदेश कर्णाली प्रदेश माननीयज्यूले भने जस्तै सानो अर्थतन्त्र भएको स्रोत पनि सानो भएको राजश्व पनि सानो न्यून भएको प्रदेश हो । यो यथार्थता सबैलाई प्रष्ट नै छ । हाम्रो आफ्नो स्रोतमा उभिएर हामीले केही पनि गर्न सक्दैनौं । यो विडम्बना यो विवश्ता यो बाध्यता छ हामीसँग छौं । केन्द्रिय सरकार अब दातासँग माग्नु पर्ने छ उसले मागेको हामीले माग्नु पर्ने यो बाध्यता हामीसँग छ यो रियालिटि हो त्यसैले हाम्रो चाहिँ मुख्य स्रोत न्यून सम्पूर्ण स्रोत चाहिँ केन्द्र नै हो । हामीले यो चालु आर्थिक वर्षमा २९ करोड जति आन्तरिक राजश्व उठाउन सक्ने अनुमान गरेका छौं संशोधित अनुमान गरेका छौं ।

त्यसैले हाम्रो दायरा पनि सानो स्रोत पनि सानो छ।त्यसैमा फेरि चालु आ.व. कोभिडको कहरले प्रभावित गरिनै हाल्यो । उठ्नुपर्ने पनि संकलन हुनुपर्ने संकलन भएन व्यवधान उत्पन्न भयो ।अवरोध उत्पन्न भयो । आर्थिक गतिविधि त ठप्प भएका होटेल अथवा गतिविधिसँग सम्बन्धित व्यवसाय सबै चाहि एक किसिमले ठप्प भइसके हामीले अर्को चाहिँ चुनौती व्यहोर्नुपर्यो । यो वास्तविकता हो । त्यहिँ कोभिडको अत्यन्तै ठूलो बीचबाट हामीले हाम्रो स्रोत संकलन गर्नुपर्ने राजश्व संकलन गर्नुपर्ने अवस्था माननीयज्यूले भनेजस्तै कुनै बेला सरकार कर उठाउनका निम्ति सरकार बनाइन्थ्यो त्यो परिकल्पना गरिन्थ्यो तर सरकारको अब परिभाषा हिजोको भन्दा धेरै कर कार्य कर केकर दिने चिज हो । अब सरकार भन्या चाहिँ कर उठाउने हैन जनतालाई चाहिँ कर दिन बाध्य बनाउने षड्यन्त्र मात्र होइन ।यसले जसरी जनताबाट चाहिँ कर संकलन गर्छ, उठाउँछ, त्यो उठाए बापत चाहिँ फेरी जनतालाई सेवा दिनु पर्छ, सर्भिस डेलिभरी गर्नुपर्छ भन्ने नयाँ मान्यतामा हामी अहिले चलिरहेका छौं । लोक कल्याणकारी सरकार भनिन्छ अहिले लोकतन्त्रमा लोक कल्याणकारी सरकार र जनतालाई सर्भिस डेलिभरी गर्ने सरकार । अँ त्यसै अन्तर्गत हामीले सामाजिक सुरक्षाका कति कार्यक्रम पनि सञ्चालन गरेका छौं । यति कुरा गरिरहँदा पनि फेरी हाम्रो बाध्यता अरूबाट प्राप्त गरेकै स्रोतबाट चल्नुपर्ने छ । हाम्रो अलि पर्याप्त स्रोत हुन्थ्यो भने अलिबढी सामाजिक सुरक्षाका क्षेत्रमा अथवा अलिबढी सेवा सुविधा उपलब्ध गराउने कुरामा लोक कल्याणकारी क्षेत्रमा बजेट केन्द्रित गर्ने सक्थ्यौं । त्यो गर्न नसक्ने एउटा किसिमको सीमा हामीसँग छ । अब प्रदेश सरकार भनेको मुलतः केन्द्रबाट प्राप्त भएको स्रोतलाई वितरण गर्ने र वितरण गर्दा कति न्यायोचित हुन सक्छ भन्ने कुरामा ध्यान दिनु पर्ने र न्यायोचित वितरणमा चाहिँ ध्यान पुऱ्याउनु पर्ने सरकार हो । त्यसका बाबजुत् पनि हामीले यो माननीयज्यूहरूले भन्या जस्तै आर्थिक अनियमितता नियमित गर्ने कुरा, भ्रष्टाचार नियमित गर्ने कुरा, मितव्ययीता अपनाउनु पर्ने कुरा प्रशासनीक खर्च वा अरू त्यस्तै खालका खर्च नगर्दा पनि हुने वा न्यून खर्चले पनि चल्ने खर्चहरू जोगाउने कुरा समग्रमा आर्थिक अनुशासनलाई पालना गर्ने कुरा अहिलेको महत्वपुर्ण प्रश्न हो र सरकार चाहिँ सिरियस छ । हामीले जस्तो यो विनियोजन विधेयक हामीसँग छ । आर्थिक विधेयक हामीसँग छ र त्यसैगरी आर्थिक अनुशासनसँग जोडिएको आर्थिक कार्यविधि ऐन छ । कर तथा गैरकर सम्बन्धी कानून छ । यी कानूनहरूको पालना गर्दै कार्यान्वयन गर्दै हामीले आर्थिकअनुशासन कायम गर्नुपर्ने पूँजीगत खर्चलाई बढाउनु पर्ने र प्रशासनीक खर्च घटाउने कुरामा हाम्रो प्रतिबद्धता छ फेरी पनि यो दोहोऱ्याउन चाहन्छु ।हामीले जतिसुकै सानो भएपनि यो राजश्वको दर बढाउने भन्दा पनि दायरा बढाउने कुरामा ध्यान दिनुपर्छ हामी त्यसमा गम्भीरता साथ छलफल गरौं र माननीयज्यूहरूसँग एउटा प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु । हामीले कुनै अनुकुल समयमा माननीयज्यूहरूले यहाँ बजेटका सिद्धान्त र प्राथमिकतामा बोल्ने क्रममा पनि बजेटको सामान्य छलफलका क्रममा र विनियोजन विधेयकको शीर्षकहरूको छलफलको क्रममा पनि सुझाव दिनु भएको छ र पछि हामी बसेरै अलिकति अन्तरक्रिया गरेर हाम्रो दर भन्दा पनि दायरा

कसरी बढाउन सकिन्छ हाम्रो प्रदेशको हकमा अलिकति छलफल गरेर तपाईंहरूको सुझावहरूलाई सरकारले कार्यान्वयन गर्ने गरेर जाने छ यो कुरामा प्रतिबद्धता गर्न चाहन्छु र अन्तिममा फेरी पनि माननीयज्यूहरूले दिएको सुझाव जुन आर्थिक अनुशासन कायम गर्ने कुरामा, अनियमितता नियमित गर्ने कुरामा र निर्ममता साथ कार्यान्वयन गर्ने कुरामा हाम्रो प्रतिबद्धता छ । यति कुरा म प्रष्ट पार्न चाहन्छु र अन्तिममा अघि माननीय मुख्यमन्त्रीज्यूले जुन विनियोजन विधेयक कर्तल ध्वनीसाथ पारित गरिदिनुहुन अपिल गर्नुभएको थियो अनुरोध गर्नुभएको थियो माननीयज्यूहरूले एकदम सर्वसम्मतिले वास्तवमा चाहिँ खास बेलामा हामी एकबद्ध छौं भन्ने कुरा सन्देश दिने गरी यो हाउसले एकताको सन्देश दिने गरी विनियोजन पास गरेको छ र कर्तलध्वनीका साथ एकमतले विनियोजन विधेयक पारित गर्नुभएकोमा माननीय सभामुखज्यूमार्फत् सबै माननीयज्यूहरूलाई हृदयदेखि नै आभार धन्यवाद व्यक्त गर्न चाहन्छु र कर्णाली प्रदेश आर्थिक विधेयक पनि पारित गरिदिनका लागि म विनम्रतापूर्वक अनुरोध गर्दछु, धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ माथिको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ पारित गरियोस् भन्ने प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष राखु भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस्, (फ्लोर- हुन्छ) यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ, कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार २७ गते शनिबार दिनको १:०० बजे सम्मको लागि स्थगित हुन्छ ।

□□□

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको उनन्तीसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशमा औद्योगिक व्यवसायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकोले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय सभामुखः** के भयो माननीय सदस्य ?  बसौं, बसौं माननीय सदस्य । माननीय गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः** अस्ति माननीय सभामुख महोदय, ***(माननीय सभामुखः एकछिन एकछिन)*** माननीय सभामुख महोदय अस्ति २५ गते राती जाजरकोट जिल्ला क्षेत्र नम्बर एक बारेकोट गाउँपालिका वडा नम्बर ४ जिरीको सार्की टोल भन्ने राती भिषण अविरल वर्षाले बाढीपहिरो गएर दुईवटा घर ढलेर बाढीपहिरोमा बगेर त्यहाँ बसिराखेका त्यहाँ सुतिराखेका १२ जना घरपरिवारहरू बेपत्ता भएको अवस्था । आठ घर जोखिममा भएको अवस्था छ भने त्यहाँ पशुचौपाया बाहेक केही मान्छेहरू घाइते हुनुहुन्छ र त्यस्तै गरेर वडा नम्बर ६ को धुमा गाउँ भन्ने ठाँउमा २६ गते आठ बजे हिजो बिहान खहरे खोला उर्लेर त्यहाँ चारजना मान्छेहरू त्यो खहरेले बगायो र पाँचजना मान्छेहरू बेपत्ता भएको अवस्था छ र दुईजनालाई स्थानीयले उद्दार गरेको एकजना सख्त घाइते हुनुहुन्छ र त्यहाँ करिब-करिब त्यो गाउँपालिकाको आठवटा गाउँबस्तीहरू क्षतबिक्षत भएको छ । धुमा गाउँ, कार्किजिउला, कालाखोली, मैखाना, मैना, जिरी, जिरीको सार्की टोल, गोठ गाउँ, तली गोठ गाउँ सात/आठ गाउँका करिब-करिब ५०/६० घरहरू जोखिममा छन् र धेरै जनसमुदायहरू विस्थापित भएको अवस्था छ । म सरकार प्रमुख र सरकारका सभामुखमार्फत् सरकारलाई त्यहाँ तत्काल बिरामीहरूको राहत, अथवा घाइतेहरूको उद्दार, विस्थापितहरूको खोजी कार्य र जोखिममा रहेका र विस्थापित भएका जनसमुदायको लागि राहत र व्यवस्थापनको लागि जोडदार म माग गर्दछु । यसको व्यवस्थापनको लागि सभामुखमार्फत् सरकारको ध्यानाकर्षण मागको लागि हार्दिक अनुरोध गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू । अस्ति २६ गते बिहान ४ बजेतिर अविरल वर्षाको कारणले रुकुम पश्चिमको आठविसकोट नगरपालिका वडा नम्बर ३ को रिजे खोला भन्ने ठाँउमा पहिरोले घर बगाउँदा घरमा सुतिरहेकी वर्ष २७ कि गीता दमाई र उनका ५

वर्षीय छोराको घटनास्थलमै मृत्यु भएको छ र सँगसँगै भागदौड गर्ने क्रममा उनकै वर्ष ९ कि छोरी घाइते अवस्थामा छिन् र अरुले भागेर चाहिँ आफ्नो जीवन बचाएका छन् र मृतकप्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु र सँगसँगै घाइतेको उपचारको लागि र बाढीपहिरोमा परेर आफ्नो परिवार गुमाएका परिवारहरूलाई सरकारको तर्फबाट सभामुखमार्फत् उनीहरूको चाहिँ राहतको कार्यक्रम अगाडि बढाउन र सँगसँगै जाजरकोट बारेकोटको सार्कीबारामा भएको सबै मृतकहरूमा हार्दिक श्रदान्जली प्रकट गर्दै आफ्ना भनाइहरू यहीँ अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशमा औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सहस्यहरू, कर्णाली प्रदेशमा औद्योगिक व्यवसायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

(फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशमा औद्योगिक व्यवसायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू, कर्णाली प्रदेशमा

व्यापार व्यवसायको दर्ता तथा सञ्चालन व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकोले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको व्यापार व्यवसायको दर्ता तथा सञ्चालन व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि थप छलफल गर्न आवश्यक भएकाले स्रोत समिति मा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

(फ्लोर- हुन्छ ।)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि दफावार छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा टेबुल भई सैद्धान्तिक छलफल भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण

गर्न बनेको विधेयक माथि दफावार छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथिको दफावार छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, सम्माननीय सभामुख महोदयको अनुमतिले यो विषयमा आउनुभन्दा अगाडि सानो अहिलेकै घटनालाई चाहिँ राख्न चाहन्छु सभामुख महोदय । अब हाम्रो पनि करिब-करिब ढाई वर्ष भइसक्यो । ढ्यापढुयापे समय के हो विशेष समय के हो एक मिनेटको समय के हो हामीले पनि बुझ्नुपर्छ अब अलिकति त्यो राम्रो देखिएन । ढ्यापढ्यापे भनेपछि माथि सायद टेबुल छैन होला सभामुख महोदय भनेर चाहिँ ठ्याक्कै बोलिहाल्नु पर्छ । यसले गर्दा खेरि भोलिको हाम्रो माननीयको स्तर के छ भन्ने कुरा चाहिँ बाहिर जान्छ त्यो नजाओस् भन्ने कुरा राख्दै अब यो एकीकृत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानून संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धमा हामीहरूले संशोधन हालेका थियौं सम्माननीय सभामुख महोदय । सत्तापक्षको तर्फबाट माननीय धर्मराज रेग्मी, कौशिलावती खत्री र अरु माननीयज्यूहरू हुनुहुन्थ्यो । त्यसरी नै विपक्ष तर्फबाट म स्वयम् आफैले दीनबन्धुलाई हालेका थियौं र साथीहरूको बीचमा सरकारको बीचमा उच्चस्तरिय एउटा छलफल भएको छ र यो छलफलमा हामी केही विषयमा सहमतिमा पुगेका छौं भन्ने हामीलाई लागेको छ । सभामुख महोदय र यहाँ अस्ति माननीयज्यूहरूले पनि धेरै गहन विषयहरू उठाउनु भएको छ । हाम्रो प्रदेशको क्षमता, हाम्रो राजस्व, यी सबै कुराहरूलाई हेर्नुपर्छ भन्ने कुरा भयो र केही बजेटका कारणले केही समय पनि लागेको थियो र हामी अहिले अन्तिम-अन्तिम अवस्थामा पनि आएका छौं र सायद यदि सरकारले हामीलाई यसलाई स्वीकार गरेको हामीले राखेका संशोधनहरू हिजो सरकारसँग भएका वार्ताका कुराहरूमा चाहिँ सरकार सहमत भयो भने सायद आज यो पास होला त्यो भयो भने सम्माननीय सभामुखज्यूलाई म हार्दिक अनुरोध गर्न चाहन्छु । यो विधेयक आज नै प्रदेश प्रमुखकोमा गयो भने भोलि बिहानबाट सायद स्थानीय तहहरूले सुविधा प्राप्त गर्नुहुन्छ होला । अब यसमा केही कुराहरू परिवर्तन भएका छन् हामीले संशोधन राखेका छौं र यसलाई कुन-कुन चिजहरू परिवर्तन भए त भन्ने कुरा हामीले माननीय सदस्यज्यूहरू अब यो बोलिरहेको बेला यसरी उभिने भनेको त बिरोध गर्नुभएको हो ? कुनै माननीयज्यू उभिरहँदा विरोध गरेको भनेर हामीले त त्यसरी बुझ्छौं । सम्माननीय सभामुख महोदय सरकारले ल्याएको जिससको प्रमुखको हिसाबमा यो पहिलाको भन्दा अलिकति हामीले पहिला पारिश्रमिक भनेर ल्यायौं अहिले सुविधा भनेर आएको छ । अब त्यो समयभन्दा

अलिकति चाहिँ घट्न मिल्दैन होला भन्ने कुराहरू त्यसरी आइरहेका थिए र हामीले छलफल गरेर आएका छौं र मैले यो भन्नपर्छ भन्ने नै मलाई लाग्यो सभामुख महोदय । प्रमुखको विषयमा पत्रपत्रिकाको लागि तीन हजारमा सहमति भएको छ, तीन हजार नै हो । टेलिफोन अतिथि सत्कार पाँच हजार हो पाँच हजार नै भएको छ । अनुगमनको बीस हजारको बीस हजार नै भएको छ । यो खानेपानी, यो मर्मत् भन्नेलाई हामीले संशोधन हालेका थियौं, अरु केही भेट्न सकेनौं हामीले । खानेपानी र्ममत तथा सरसफाईं भन्ने ठाउँमा खानेपानी तथा सरसफाईं भनेर हामीले संशोधन हालेका थियौं सभामुख महोदय । मर्मत् भन्ने बित्तिकै वर्षेनी हुन्छ भन्ने हाम्रो त्यो तर्क रह्यो र विद्युत तथा ऊर्जामा त्यो खर्चमा चार हजार राखिएको थियो सरकारले त्यसरी राखेर ल्याएको थियो । त्यसमा हामीले त्यसैमा सहमति जनाएका छौं । यसमा संशोधन भएको छैन । त्यसैगरी जिसस उपप्रमुखलाई चाहिँ तीन हजार, तीन हजार, चार हजार, अठार हजार, चार हजार र तीन हजार, माथि मैले एउटा भुले । सय लिटर डिजेल छ प्रमुखलाई र यहाँ नब्बे लिटर छ । त्यसैगरी नै सदस्यलाई सरकारलाई पच्चीस सय भनेर ल्याएका थियौं संशोधनमा पन्ध्र सय भएको छ । अर्कोमा सरकारले टेलिफोन पच्चीस सय भनेर ल्याएको त्यो हाम्रो संशोधनमा पन्ध्र सय छ । अतिथि सत्कार भनेर सरकारले तीन हजार ल्याएको थियो हामीले यसको यो रेसियो पनि मिलाउन पर्ने भएकाले अतिथि सत्कारमा हामीले छ हजार राखेका छौं र अनुगमनमा अतिथि सत्कारमा पन्ध्र सय र अनुगमनमा सरकारले अनुगमन ल्याएको थिएन अहिले हामीले अनुगमनमा भनेर छ हजार राखेका छौं । त्यसरी नै खानेपानी तथा सरसफाईंमा सरकारले केही राखेको थिएन । हामीले पन्ध्र सय राखेका छौं । विद्युत तथा उर्जामा चाहिँ सरकारले केही राखेको थिएन हामीले पाँच सय राखेका छौं । नगरपालिकाको प्रमुख, सभामुख महोदय सरकारले पत्रपत्रिकामा प्रमुखलाई तीन हजार थियो, प्रमुखलाई तीन हजार नै छ । टेलिफोनमा तीन हजार थियो तीन हजार नै छ । अतिथि सत्कारमा पाँच हजार थियो पाँच हजार नै छ । अनुगमनमा अठार हजार थियो अठार हजार नै छ । खानेपानी तथा सरसफाईंमा पाँच हजार थियो त्यहीँ नै छ र विद्युत तथा उर्जा खर्चमा चाहिँ चार हजार छ । हामीले त्यसलाई स्वीकार गरेका छौं र असी लिटर डिजेल छ । उपप्रमुखलाई तीन हजार पत्रपत्रिका, त्यहीँ नै छ सरकारले ल्याएको । टेलिफोनमा तीन अझभार छ हामीले त्यसैलाई स्वीकार गरेका छौं । अतिथि सत्कारमा पाँच हजार छ हामीले त्यसैमा स्वीकार गरेका छौं । चौध हजार सरकारले ल्याएकोमा हामी त्यसैमा संशोधन हालेका छैनौं । खानेपानी तथा सरसफाईंमा सरकारले चार हजार ल्याएको थियो त्यसमा हामीले संशोधन हालेका छैनौं चार हजार नै छ । विद्युतमा सरकारले चार हजार ल्याएको थियो हामीले त्यसमा संशोधन हालेका छैनौं र सत्तरी हजार लिटर डिजेल अथवा फिउल जे

भने पनि छ, हामी त्यहीं नै स्वीकार गरेका छौं । संशोधन हालेका छैनौं । नगरपालिकाका वडा अध्यक्षले तीन हजार पत्रपत्रिकामा त्यसैलाई हामीले मानेका छौं । संशोधन हालेका छैनौं । टेलिफोनमा तीन हजार त्यसमा हामीले संशोधन हालेका छैनौं । अतिथिमा पाँच हजार छ त्यसमा हामीले संशोधन हालेका छैनौं र अनुगमन खर्चमा चौध हजार थियो त्यसमा हामीले संशोधन हालेर आठ हजार गरेका छौं । खानेपानी तथा सरसफाईंमा सरकारले राखेको थिएन । यहाँ हामीले दुई हजार राखेका छौं र विद्युत तथा उर्जा खर्चमा सरकारले राखेको थिएन हामीले हजार राखेका छौं र त्यसमा पच्चीस लिटर पेट्रोल राखिएको छ । कार्यपालिका सदस्य सरकारले पत्रपत्रिका इन्टरनेट अब मैले यहाँ पत्रपत्रिका पढे पछाडि इन्टरनेट भन्ने पनि छ । त्यसमा पच्चीस सयको ल्याएको थियो विधेयक । त्यसमा हामीले संशोधन राखेर पन्ध्र सय टेलिफोन सञ्चार पच्चीस सय थियो हामीले पन्ध्र सय संशोधन । अतिथि सत्कारमा सरकारको तीन हजार थियो त्यसमा हामीले संशोधन अनि अनुगमनमा थिएन यता हामीले मिलाउनु पर्ने अनुगमनमा हामीले राखेका छौं उनीहरूलाई त्यो भन्दा पनि यिनीहरू जान्छन् अनुगमनमा भन्ने मनसायले पाँच हजार राखेका छौं । त्यसरी नै खानेपानी तथा सरसफाईंमा सरकारले राखेको थिएन अहिले पन्ध्र सय छ । हाम्रो संशोधनमा विद्युतमा चाहिँ सरकारले ल्याएको थिएन हाम्रो पाँच सय छ । उनीहरूले पेट्रोल सेट्रोल पाउँदैनन । सभा सदस्यकोमा चाहिँ पत्रपत्रिकामा दुई हजार थियो हजार हामीले संशोधन राखेका छौं । टेलिफोन सञ्चारमा दुई हजार थियो हामीले हजार राखेका छौं संशोधन गरेर अतिथि सत्कारमा सरकारको हजार नै ल्याएको थियो हामीले पनि हजार नै स्वीकार गरेका छौं र सरकारकाले अनुगमनमा ल्याएको थिएन । पच्चीस सय हामीले संशोधन हालेका छौं । खानेपानीमा सरकारले ल्याएको थिएन हामीले पाँच सयको संशोधन ल्याएका छौं । विद्युतमा हामीले पाँच सय राखेका छौं । त्यसरी नै गाउँपालिकाका अध्यक्षको पत्रपत्रिकामा सरकारको तीन हजार थियो हामीले त्यसैलाई स्वीकार गरेका छौं । टेलिफोन तीन हजार छ त्यसैलाई स्वीकार गरेका छौं । अतिथि सत्कारमा पाँच हजार छ त्यसैलाई हामीले स्वीकार गरेका छौं ल्याएको थियो हामीले पनि हजार नै स्वीकार गरेका छौं । सरकारकाले पन्ध्र हजार अनुगम खर्च ल्याएको थियो त्यसैलाई हामीले स्वीकार गरेका छौं । खानेपानी चार हजार ल्याएको छ त्यसैलाई स्वीकार गरेका छौं र विद्युत तीन हजार ल्याएको छ त्यसैलाई स्वीकार गरेका छौं। सत्तरी लिटर चाहिँ उनीहरूले पाउने फिउल हो । उपाध्यक्ष पनि सभामुख महोदय सरकारले तीन हजार ल्याएको छ । हामीले त्यसैलाई स्वीकार गरेका छौं । टेलिफोनमा तीन हजार छ त्यसैलाई स्वीकार गरेका छौं । अतिथि सत्कारमा चार हजार छ त्यसैलाई स्वीकार गरेका छौं र अनुगमन खर्चमा एघार हजार थियो हामीले आठ हजारमा झारेका छौं माथि चाहिँ

अनुगमनमा पन्ध्र हजार थियो हामीले बाह्र हजारमा झारेका थियौं यो मैले संशोधन गरे सभामुख महोदय । पन्ध्र हजार, बाह्र हजार, उपाध्यक्षको बाह्र हजार, एक हजार त्यो बढेको छ सभामुख महोदय चाहिँ ठिक छ पन्ध्र हजार बढेको छ सभामुख महोदय । खानेपानीमा तीन हजार त्यसैलाई हामीले स्वीकार गरेका छौं । विद्युतमा तीन हजार थियो त्यसैलाई स्वीकार गरेको हो । साठी लिटर तेल हो त्यसैमा हाम्रो चाहिँ सहमति भएको हो । वडा अध्यक्ष, पत्रपत्रिका तीन हजार सरकारले ल्याएको त्यसैमा हामलाई स्वीकार छ । टेलिफोनमा तीन हजार त्यसैमा हाम्रो स्वीकार छ । अतिथि सत्कारमा चार हजार त्यसैमा हाम्रो स्वीकार छ । सरकारले अनुगमनमा दस हजार ल्याएको थियो त्यसमा हाम्रो संशोधन आठ हजार छ । खानेपानीमा सरकारले ल्याएको थिएन हाम्रो हजार छ संशोधन । विद्युतमा सरकारले ल्याएको थिएन हाम्रो हजार छ संशोधन र उहाँहरूले पाउने चाहिँ पन्ध्र लिटर पेट्रोल हो । कार्यपालिकाका सदस्य, पत्रिकामा दुई हजार थियो सरकारको हामीले एक हजार संशोधन गरेका छौं । टेलिफोनमा सरकारको दुई हजार थियो । हामीले एक हजार संशोधन। अतिथि सत्कारमा दुई हजार थियो हामीले एक हजार संशोधनमा र अनुगमन खर्च चाहिँ थिएन त्यसमा पचपन्न सय । खानेपानीमा थिएन त्यसमा एक हजार र विद्युतमा थिएन त्यसमा एक हजार संशोधन परेको छ । सभा सदस्यको सरकारले ल्याएको पत्रपत्रिकामा पन्ध्र सय थियो हाम्रो संशोधनमा पाँच सय । टेलिफोनमा पन्ध्र सय सय थियो हाम्रो संशोधनमा हजार । अतिथि सत्कारमा हजार थियो हामीले त्यसैलाई स्वीकार गरेका छौं । अनुगमन खर्चमा सरकारले ल्याएको थिएन हामीले दुई हजार संशोधन गरेका छौं । खानेपानीमा सरकारले ल्याएको थिएन हामीले पाँच सय संशोधन गरेका छौं र विद्युतमा सरकारले ल्याएको थिएन हामीले पाँच सय संशोधन गरेका छौं । यो अनुसूची-१ को हो सभामुख महोदय । अनुसूची-१ भन्नाले मासिक ढङ्गले पाउने पैसा हो प्रत्येक महिनावारी पाइन्छ । अन्य सुविधाको विवरणमा जिससको प्रमुखलाई यातायात खर्च मासिक बाह्र हजार, चाडपर्व एकमुष्ट पन्ध्र हजार बैठक भत्ता पन्ध्र सय । दैनिक भ्रमण भत्ता दुई हजार । अनि विदेश जाँदा खेरि १५० अमेरिकी डलर हो । यातायात बीमा चाहिँ दस लाख छ । यो सबै कुरा हामीले संशोधन गरेका छैनौं । सरकारले ल्याएको हो । त्यहीँबमोजिम नै हामीले गरेका हौं र उपप्रमुखमा बाह्र बजार यातायात खर्च मासिक त्यहीँ नै हामीले स्वीकार गरेका छौं र चाडपर्व खर्च पन्ध्र हजार एकमुष्ट त्यसैलाई हामीले स्वीकार गरेका छौं । बैठक भत्ता चाहिँ सरकारले सुरूमा १२५० थियो बैठक भत्ता फरक हुँदैन भनेर पन्ध्र सय भनेर हामीले संशोधन हालेका छौं । दैनिक भ्रमण भत्ता भनेर सरकारले अठार सय ल्याएको थियो हामीले अठार सय नै स्वीकार गरेका छौं । विदेश भ्रमण चाहिँ १५० अमेरिकी डलर हो । यातायात बीमा चाहिँ दस लाख नै हो

। सदस्यको हकमा यातायात खर्च भनेर सरकारले दस हजार ल्याएको थियो । त्यसलाई हामीले संशोधन राखेर अगाडिका तीन जिरो घटाएका छौं पछाडिको जिरो मात्रै छ । चाडपर्व खर्च सरकारले बाह्र हजार भनेर राखेको थियो । हामीले एउटै हुन पर्छ भनेर एकमुष्ट पन्ध्र हजार हामीले संशोधन राखेका छौं । बैठक भत्ता सरकरले हजार राखेको थियो हामीले पन्ध्र सय नै राखेका छौं । अनि दैनिक भ्रमण भत्ता सरकारले सोह्र सय ल्याएको थियो, हामीले त्यसैलाई स्वीकार गरेका छौं । विदेश भ्रमणको लागी १२५ अमेरिकी डलर थियो हामीले त्यसैलाई स्वीकार गरेका छौं र दस लाख बीमा त्यो भइहाल्यो। अब नगरपालिकाको प्रमुख यातायात खर्च बाह्र हजार सरकारले ल्याएको थियो हामीले त्यसैलाई स्वीकार गरेका छौं । चाडपर्व खर्च भनेर एकमुष्ट पन्ध्र हजार ल्याएको थियो त्यसैलाई स्वीकार गरेका छौं । बैठक भत्ता पन्ध्र सय थियो, त्यसैलाई हामीले स्वीकार गरेका छौं । दैनिक भ्रमण भत्ता सरकारले दुई हजार ल्याएको थियो, हामीले त्यसैलाई स्वीकार गरेका छौं । संशोधन हालेका छैनौं भन्न खोजेको हो स्वीकार गरेका छौं भनेको । १५० अमेरिकी डलर विदेश जाँदा खेरिको हो हामीले त्यसैलाई स्वीकार गरेका छौं र दस लाख त्यो भइहाल्यो । नगरपालिकाको उपप्रमुखको यातायात खर्च बाह्र हजार सरकारले त्यहीँ ल्याएको छ । हामीले पनि त्यहीँ स्वीकार गरेका छौं । चाडपर्व खर्च सरकारले पन्ध्र हजार नै ल्याएको थियो एकमुष्ट हामीले त्यसैलाई स्वीकार गरेका छौं । बैठक भत्ता १२५० नै सरकारले ल्याएको थियो हामीले माथि भनेअनुसार नै यसलाई पनि पन्ध्र सय हालेर संशोधन हालेका छौं । दैनिक भ्रमण भत्तामा चाहिँ अठार सय थियो त्यसैलाई हामीले  स्वीकार गरेका छौं । १४० अमेरिकी डलर चाहिँ सरकारले ल्याएको हामीले त्यसैलाई नै गरेका छौं र दस लाख त्यसैलाई नै गरेका छौं। नगरपालिकाको वडा अध्यक्षको हकमा सरकारले यातायात खर्च भनेर दस हजार नै ल्याएको थियो त्यसलाई मैले अघि नै भनेजस्तो एक पनि हटायौं तीन जिरो हटाएर शून्ना मात्र राखेका छौं । चाडपर्व खर्च उहाँहरूको बाह्र हजार भनेर सरकारले ल्याएको थियो । हामीले एकमुष्ट पन्ध्र हजार नै भनेर संशोधन गरेका छौं । बैठक भत्ता एक हजार ल्याएको थियो सरकारले हामीले संशोधन गरेर पन्ध्र सय ल्याएका थियौं । दैनिक भ्रमण भत्ता सोह्र सय सरकारले ल्याएको थियो त्यसैलाई हामीले  स्वीकार गरेका छौं हामीले संशोधन हालेका छैनौं । विदेश भ्रमण चाहिँ १५० अमेरिकी डलर छ, हामीले त्यसैलाई स्वीकार गरेका छौं हामीले संशोधन गरेका छैनौं । दस लाख  त्यहीँ नै भइहाल्यो । कार्यपालिकाका सदस्यलाई सरकारले यातायात खर्च भनेर दस हजार ल्याएको थियो । २०७ हटाएका छौं शून्य राखेका छौं । चाडपर्व खर्चको लागि एकमुष्ट दस हजार ल्याएको थियो सरकारले त्यसलाई हामीले पन्ध्र हजार बनाएका छौं संशोधन हालेको छौं । बैठक भत्ता चाहिँ हजार थियो त्यसलाई हामीले

पन्ध्र सय संशोधन गरेर हालेका छौं । दैनिक भ्रमण भत्ता चाहिँ सोह्र सय सरकारले ल्याएको थियो त्यसैलाई स्वीकार गरेर संशोधन हालेका छैनौं । विदेश भ्रमणको लागि १२५ अमेरिकी डलर पर डे हो, त्यसैलाई हामीले स्वीकार गरेका छौं । दस लाख त्यो भइहाल्यो । सभा सदस्य, सभा सदस्यको लागि सरकारले पाँच हजार ल्याएको थियो यसमा पनि हामीले दुई जिरो र पाँच हटाएर शून्य मात्र राखेका छौं । सरकारले चाडपर्व खर्च सात हजार ल्याएकोमा हामीले संशोधन गरेर पन्ध्र हजार नै राखेका छौं । बैठक भत्ता सरकारले एक हजार ल्याएको थियो हामीले संशोधन हालेर पन्ध्र सय ल्याएका छौं । दैनिक भ्रमण भत्ता सरकारले सोह्र सय सरकारले ल्याएको थियो त्यसैलाई स्वीकार गरेका छौं । विदेश भ्रमणको भत्ताको लागि १२५ अमेरिकी डलर त्यसैलाई हामीले स्वीकार गरेका छौं । दस लाखलाई पनि त्यसैलाई स्वीकार गरेका छौं । गाउँपालिकाका अध्यक्ष, सरकारले यातायात खर्च भनेर दस हजार ल्याएको थियो यो पोर्टफोलियो मिल्दैन । उपनगरपालिकाको उपप्रमुखभन्दा अध्यक्षमाथि हुन्छ त्यसकारणले हामीले बाह्र हजार नै राख्यौं । दसबाट हामीले बाह्र संशोधन गरेर चाडपर्व खर्च पनि उहाँहरूको पन्ध्र हजार थियो हामी त्यसैलाई स्वीकार गर्यौं । बैठक भत्ता उहाँहरूको पन्ध्र सय थियो त्यसैलाई स्वीकार गर्यौं । दैनिक भ्रमण भत्ता चाहिँ अठार सय थियो त्यसैलाई स्वीकार गर्यौं । विदेश भ्रमणको लागि १५० अमेरिकी डलर थियो, त्यसैलाई स्वीकार गर्यौं । दस लाख त्यसैलाई स्वीकार गरियो । उपाध्यक्षको यातायात खर्च बाह्र हजार हो । हामीले चाहिँ संशोधन गरेर उहाँहरूको चाहिँ पहिले दस हजार थियो, माथि उपप्रमुख र प्रमुखको बाह्र हजार भएकोले यसलाई हामीले संशोधन हालेका छौं । बढायौं भन्नाले अब सरकारले स्वीकार गर्यो भने हामीले बढाएको काम लाग्यो लागेन भने देखिन हाम्रो यो संशोधन हो । अब यहाँ भएन भने समितिमा जाला । अनि चाडपर्व खर्चमा सरकारले पन्ध्र हजार ल्याएको थियो । त्यसैलाई हामीले स्वीकार गर्यौं । बैठक भत्तामा बाह्र सय पचास ल्याएको थियो हामीले पन्ध्र सय राखेर संशोधन गर्यौं । दैनिक भ्रमण भत्ता सोह्र सय । त्यहीं सरकारले ल्याएकोलाई हामीले स्वीकार गर्यौं । विदेश भ्रमण भत्ता १४० हामीले त्यसैलाई स्वीकार गर्यौं । दस लाख त्यसैलाई स्वीकार गर्यौं । वडा अध्यक्ष, गाउँपालिकाको वडा अध्यक्षको यातायात खर्च मासिक भनेर, यो मासिक अन्य हुँदाहुँदै पनि यी मासिक आउने कुराहरू हुन् । त्यसलाई चाहिँ हामीले सरकारले आठ हजार ल्याएको थियो दुई शून्ना र आठ हटाएर यहाँ पनि शून्ना नै राख्यौं । चाडपर्व खर्च सरकारले ल्याएको बाह्र हजार नै हो हामीले एकमुष्ट पन्ध्र हजार संशोधन गर्यौं । सरकारले बैठक भत्ता भनेर एक हजार ल्याएको थियो हामीले संशोधन हालेर पन्ध्र सय गर्यौं । दैनिक भ्रमण भत्ता चाहिँ सरकारले पन्ध्र सय ल्याएको थियो त्यसैलाई स्वीकार गर्यौं । विदेश भ्रमण चाहिँ १५० अमेरिकी डलर, हामीले त्यसैलाई स्वीकार गरेका

छौं  र दस लाख त्यहीं नै भइहाल्यो । यो मैले अहिले पढिरहेको चाहिँ अन्य सुविधाको हो र यो यातायात खर्च मात्रै मासिक हुन्छ । कार्यपालिकाका सदस्य, उहाँहरूको यातायात खर्च भनेर पाँच हजार राखिएको थियो पाँच र दुई शून्ना हटाएर शून्ना मात्र राखिएको छ र चाडपर्व खर्च एकमुष्ट सरकारले ल्याएको थियो हामीले संशोधन गरेर पन्ध्र हजार राखेका छौं । सरकारले बैठक भत्ता भनेर एक हजार ल्याएको थियो हामीले संशोधन हालेर पन्ध्र सय राखेका छौं । दैनिक भ्रमण भत्ता चाहिँ सरकारले पन्ध्र सय ल्याएको थियो हामीले त्यसैलाई स्वीकार गरेका छौं । १२५ अमेरिकी डलर चाहिँ विदेश भ्रमण जाँदा खेरिको । सभा सदस्यहरूलाई हामीले त्यसैलाई स्वीकार गरेका छौं  र दस लाख त्यहीं नै भइहाल्यो । सरकारले यातायात खर्च भनेर तीन हजार ल्याएको थियो त्यसमा चाहिँ हामीले तीन र दुईवटा शून्ना हटाएर एउटा शून्ना मात्र राखेका छौं । संशोधन गरेका छौं । चाडपर्व खर्चमा सरकारले सात हजार ल्याएको थियो हामीले एकमुष्ट पन्ध्र हजार राखेका छौं । बैठक भत्ता सरकारले एक हजार ल्याएको थियो त्यसलाई हामीले संशोधन गरेर पन्ध्र सय गरेका छौं। दैनिक भ्रमण भत्ता सरकारले पन्ध्र सय गरेको थियो हामीले त्यसैलाई स्वीकार गरेका छौं र अमेरिकी डलर बाहिर जाँदा खेरि १२५ डलर हो त्यसैलाई हामीले स्वीकार गरेका छौं । अनि द्रष्टव्यमा हामीले संशोधन हालेका छौं कि सरकारी सवारी साधन प्रयोग गर्ने जिसस प्रमुख, उपप्रमुख, नगरपालिकाका प्रमुख, उपप्रमुख र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको हकमा यातायात खर्चवापतको मासिक रू. बाह्र हजार उपलब्ध हुनेछैन । यदि उहाँहरूले गाडि प्रयोग गर्नुभएको छ भने उहाँहरूलाई यो उपलब्ध हुनेछैन । गर्नुभएको छैन भने उहाँहरूले प्राप्त गर्नुहुनेछ । त्यसैगरी २ मा नेपाल सरकारको स्वीकृति बिना वैदेशिक भ्रमण गर्ने पदाधिकारीको यस अनुसूचीबमोजिमको विदेश भ्रमणवापतको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछैन । आफ्नो काम विशेषले जानुभयो भने हुँदैन सरकारको स्वीकृति लिएको हुनुपर्छ त्यो डलर प्राप्त गर्नको लागि । त्यसरी नै दिनमा सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र यस अनुसूची बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ । हामीले यो किन राख्यौं भने दैनिक भ्रमण भत्ता पनि राखेको छ अनुगमन पनि राखेको छ । आफ्नै जिल्लामा पनि उहाँहरूले अनुगमन पनि लिने अनि दैनिक भ्रमण भत्ता पनि लिने भएको हुनाले सरकारी कामकाजको लागि आफ्नो जिल्लाभन्दा बाहिर जानुभयो भने उहाँहरूले त्यो पाउनु हुन्छ । किनभने जिल्लाभित्र त अनुगमन गरेको त्यहाँ पाइहाल्नुहुन्छ, हामीले त्यो पनि राखेका छौं । क्रमसंख्या ३ बमोजिम भ्रमण गर्ने पदाधिकारीको भ्रमण प्रतिवेदन तयार गरी पेश गरेको हुनपर्छ । अहिले सम्ममा के छ भने भ्रमण गयौं भन्ने मात्र प्रचलन छ तर चाहिँ भ्रमण प्रतिवेदन चाहिँ पेश नगरेपछि त्यो चाहिँ फछ्यौंट हुनेछैन भन्न खोजेको हो सभामुख

महोदय । त्यसरी नै स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा सुविधा पाउनेसम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयकमा निम्न चाहिँ हाम्रो संशोधन रहेको छ । यसमा यो लाईनहरूमा सत्तापक्ष प्रतिपक्षको र नामै भन्दा खेरि जीवनबहादुर शाही र धर्मराज रेग्मीका नाममा हामीले राखेका छौं । सम्माननीय सभामुख महोदय कयौं माननीयहरूलाई अफ्ठेरो हुनसक्छ । यो हाम्रो घटाइदिएकि, मिलाइदिएनन कि। क-कसले गरे भन्दा खेरि त्यो दोष लिनलाई तयार भएर मैले हातै खडा गरेर बोलिरहेको छु सभामुख महोदय । १ मा दफा ८ को खानेपानी, बिजुली मर्मत् तथा सरसफाईमा मर्मत् भन्ने मैले अघि नै पनि भनेको थिएँ । शब्द हटाउनेमा संशोधन हालेका छौं । त्यो मर्मत् भन्ने हटेको छ । त्यसरी नै २ मा दफा ९ को उपदफा (६) हटाउने त्यो अघिको कुरामा भनेका छौं सभामुख महोदय । त्यसरी नै ३ मा दफा १२ को उपदफा (२) को स्पष्टीकरण खण्डमा भारतका अन्य स्थान र भन्ने शब्दहरू हटाई त्यसमा के थियो भने फलानो-फलानो ठाउँमा जस्तै भनौंन उदाहरणका लागि भारतको चेन्नाई, हैदरावाद, बैङ्गलोर, मुम्बई, दिल्ली, कोलकता र बङ्गलादेशको ढाका, चट्गाँउ बाहेक अन्य स्थानमा रात बिताउन पर्दा अथवा बास बस्नु पर्दा अनुसूचीमा उल्लिखित भएको दरको पचास प्रतिशत रकम मात्र पाउनेछन् भनाइको मतलब रुपैडिया गयो भने लखनउ गयो भने यी नाम भनेका शहरहरूभन्दा बाहिर गयो भने एक सय पचास डलर उहाँहरूले पाउनु हुँदैन पचहत्तर डलर मात्र उहाँहरूले पाउनुहुन्छ भनेर राखेका छौं । त्यो माथिको हटाएको के हो भने अन्य मुलुकको फेरि के राखियो भने त्यसपछि भारतका अन्य स्थान र भन्ने राखेको डबल परेको हुनाले हामीले हटाएको हो र त्यो हटिसकेपछि संशोधनमा के रहन्छ भने चट्गाँउ बाहेक अन्य स्थानमा रात बिताउन पर्दा अथवा बास बस्नु पर्दा अनुसूचीमा उल्लिखित दरको पचास प्रतिशत रकम पाउनेछन् । अन्य मुलुकको हकमा अनुसूचीमा उल्लिखित दररेटअनुसार नै हुनेछ । अन्य भनेको विदेशका देशहरू जस्तै भियतनाम होला, हाम्रो दाईहरू भियतनामतिर जानुहुन्छ । भियतनाम होला चाईना होला, बेलायत होला । विदेशमा जाँदा खेरि त्यहीँ नै पाइने छ र ४ मा दफा १२ को उपदफा (४) मा उल्लिखित सदस्यहरू भन्ने शब्दलाई चाहिँ हामीले हटाएका छौं । यहीं नै हामीले संशोधनमा हालेका छौं । सम्माननीय सभामुख महोदय यहीँ बमोजिम नै सरकारले स्वीकार गर्नेछ र यो आज नै सरकारले आत्मसाथ हृदयंगम के-के हो त्यो गरिसकेपछि यो आज नै पास हुनेछ र स्थानीय तहका पदाधिकारी र सदस्यहरूले त्यो सुविधा पाउनुहुनेछ भन्ने कुरा छ र यदि सरकारले यसलाई चाहिँ हृदयङ्गम अथवा आत्मसाथ स्वीकार विभिन्न शब्द जे जस्तो भनेपनि गरेन भनेदेखि यो आज फेरि समितिमा जान्छ र समितिमा गएपछि छलफल हुने विषय होला यति कुरा मैले राखे । यो राख्ने मौका मलाई दिनुभएकोमा एकदम दवाफार

छलफलमा दफा-दफामा धारा-धारामा कोलम-कोलममा मैले बोलेको छु सभामुख महोदय । यति भन्दै म विदा हुन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथिको दफावार छलफल आजै समाप्त हुने भएकोले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला। अब माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री अम्मरबहादुर थापा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथिको दफावार छलफलको लागि म उभिएको छु र यो अवसरको लागि माननीय सभामुखज्यूप्रति म आभारी छु । पूर्ववक्ता माननीय हाम्रो अपोजिसन लिडरले दफावार त्यसमा पनि अनुसूचीका सबै शीर्षक-उपशीर्षक माथि बोलिसकेपछि अब यो दफावार छलफलमा सभामुख महोदय मलाई बोल्न त कुनै दफा बाँकी छैन म सैद्धान्तिकतिर जाँउ कि जस्तो लाग्या छ सभामुख महोदय यद्यपी यो दफावार छलफल हो । पूर्ववक्ता माननीयज्यूले राखिसकेपछि धेरै विषय पूर्ववक्ता माननीयज्यूले स्वीकार गरियो भनिसक्नु भयो म यहाँ उभिएर पूर्ववक्ता माननीयले राख्नुभएको विषयलाई स्वीकार गरियो भनेर हाम्रो तर्फबाट पनि जाँदा हुन्छ खास । यो साझा र छलफल भएको विषय हो । त्यसो हुदाँखेरि २/३ वटा विषय मैले चाहिँ अनुसूचीका यी हामीले विषय खासगरि चारवटा दफामा यसको चाहिँ मोटामोटी हामीले संशोधन गरेका छौं चारवटा दफामा । एक पहिले पूर्ववक्ता माननीयज्यूले राखिसक्नुभयो । चारवटा दफामा संशोधनको प्रस्ताव गर्ने क्रममा यसमा अनुसूचीहरूका शीर्षक-उपशीर्षकहरूमाथि चाहिँ हेरफेरको शीर्षक छ तर त्यसमा चाहिँ केही अङ्कहरू घट्ने र केही अङ्कहरू बढ्ने गरी प्रस्तावहरू गरेको छ । खासगरी यो विधेयक यहाँसम्म आइपुग्दा हाम्रो अघिल्लो पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधा पारिश्रमिकसम्बन्धी विधेयक सर्वोच्च अदालतले ऐनको चाहिँ अनुसूची-३ सर्वोच्च अदालतले बदर गरेपछि सरकारले नयाँ कानून ल्याएको छ । यो नयाँ कानूनमा चाहिँ हामीले २/३ वटा आधारहरू ३/४ वटा आधारहरू ल्याएका छौं सभामुख महोदय । एउटा चाहिँ सेवा सुविधा निर्धारण गर्दा यो रोष्टममा उभिएर विधायिकाको मनसाय अथवा संविधानको मनसाय हामीले यो बिलमाथि दफावार छलफल गर्दासम्म पनि मनसाय सैद्धान्तिक छलफलका क्रममा माननीयज्यूहरूले यहाँ राख्नु भएको मनसाय पनि के हो भने यो चाहिँ सेवा सुविधा होस् संविधानको भावना त्यो हो र हामीले पेश गरेको विधायिकाको भावना पनि सेवा सुविधा हो यो चाहिँ पारिश्रमिक होइन भन्नेमा हामी

छलफलका दौरानमा यो विषय उठेको छ, खासगरी सम्बन्धित अधिकारी, पदाधिकारीको पदसोपान, ऊँ चाहि कुन पदमा छ कार्यजिम्मेवारी कस्तो छ, कार्यकारी भूमिका हो वा होइन जिम्मेवारी कस्तो छ, त्यसको कार्यक्षेत्र के छ, यसको आधारमा चाहिँ हामीले शीर्षकको खासगरी अनुसूचीको चाहिँ शीर्षक-उपशीर्षकमा चाहिँ विभाजन भएको उहाँहरूको सेवा सुविधाको हकमा हामीले चाहिँ केही अङ्कहरू अघि नै माननीयज्यूले जुन-जुन दफामा राख्नु भयो ती दफामा हामीले चाहिँ एउटा साझा दृष्टिकोण चाहिँ बनाएको छौं यहाँ उभिदा खेरि । हाम्रो संशोधनकर्ता म भएको टिममा भएको माननीयज्यूहरू र चाहिँ माननीय जीवनबहादुर शाही भएको टिममा भएको माननीयज्यूहरू सहित भएको छलफलमा चाहिँ हामीले साझा एउटा धारणा बनाएको छौं । माननीय मन्त्रीज्यूले पछि सरकारको तर्फबाट यदि यो कुरा चाहिँ स्वीकार भएका सन्दर्भमा चाहिँ लागु हुने स्थिति रहन्छ र भ्रमणका सन्दर्भमा पनि हामीले क्लियर गरेका छौं । भ्रमणका सन्दर्भमा र दैनिक भ्रमणका सम्बन्धमा छुट्टै छ र बाह्य भ्रमणमा सन्दर्भमा अलि स्पष्ट बनाएको छौं । बाह्य भ्रमणमा चाहिँ सरकारी स्वीकृत कार्यक्रम हुनपर्यो र दैनिक भ्रमण भत्ता लिन सन्दर्भमा स्वदेशभित्रको हकमा चाहिँ सरकारी कामकाजको लागी चाहिँ लिने भन्ने व्यवस्था चाहिँ हामीले गरेको छौं र अनुगमनमा चाहिँ मासिक रूपमा प्राप्त गर्ने सुविधाहरू पनि हामीले राखेका छौं । संशोधनमा राखेका छौं, स्वदेश र विदेश भ्रमणमा दोहोरो नपरोस् भनेर यसमा सचेतनापूर्वक चाहिँ थप व्याख्या चाहिँ तल गरेको छौं । त्यसकारण सरकारी भ्रमणको प्रयोजनको लागि मात्रै पैसा दिइन्छ । अहिले धेरै ठाँउमा चाहिँ दोहोरो भयो कि भन्ने प्रश्नहरू उठ्छन । सरकारी गैरसरकारी कार्यक्रमहरू भइराख्छन् र अहिले त यो लकडाउनको कारणले यस्तो भयो होइन भने त धेरै जस्तो समय पुरै हामी प्रदेशका पदाधिकारीहरूलाई कहिले काठमाण्डौं बोलाइदिने कहिले सुर्खेत बोलाइदिने परम्परा हामीले देखेको छौं । त्यो भयो भने देखि आयोजकहरूबाट पनि र अरुबाट पनि दोहोरो सुविधा नपरोस् भन्ने हेतुले हामीले चाहिँ सरकारी कार्यालयहरूका सन्दर्भमा चाहिँ सरकारी निकायबाट उहाँहरूलाई कुनै आयोजकहरू छ त्यो कार्यक्रम स्वीकृत छ भने उसले लिने जिम्माको विषय हो । यो विषयहरू पनि हामीले राखेका छौं । त्यसकारण मैले धेरै अनुसूचीका १ र २ दफा ६, ७, ८ र दफा ९ को १, २, ३ सँग सम्बन्धित यी समग्र विषयहरूमाथि पूर्ववक्ता माननीयहरूले राख्नुभएको विषयमा हामी सबैको एकमत भएर राखिएको विषय हो । त्यसमा चाहिँ दुवै संशोधनकर्ता माननीय सदस्यज्यूहरूको त्यो चाहिँ कमन अन्डरस्टयान्डिङ्ग हो त्यो चाहिँ त्यसलाई सर्मथन र स्वीकार गर्न चाहन्छु र मैले त्यो भएर क्याटागोरिकल्ली अनुसूचीहरूमा म प्रवेश गरिन । खासगरी मैले दफा ८ को खानेपानी शीर्षक अन्तर्गतको मर्मत् भन्ने शब्द हटाउने विषय म राख्न चाहन्छु । दफा ९ को उपदफा

(६) हटाउने कुरा चाहिँ मैले हाम्रो संशोधन प्रस्ताव यो कुरा राख्न चाहन्छु र खासगरी १२ को स्पष्टीकरण खण्डमा यो भारत लगायतका क्षेत्रका विषय यसमा चाहिँ यसलाई स्पष्ट पार्न र अन्य मुलुकको हकमा अनुसूचीमा उल्लिखित दररेटका आधारमा १२ को ४ मा चाहिँ सदस्यहरूले भन्ने शब्द चाहिँ हटाउने मैले यो चारवटा दफामा यति कुराहरू मैले राखेर आफ्नो भनाइ यहीं अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, अहिले स्थानीय तहको सेवा सुविधा उपलब्ध गराउने जुन विधेयक छ, संशोधन सहितको विधेयक जुन छ, त्यो विधेयकमा जे कुराहरू आएका छन् माननीयज्यूहरूका दुईजना संशोधनकर्ता माननीयज्यूहरूका भनाइमा म सर्मथन गर्दै र त्यसमा पनि केही नपुग भएको कुरा महसुस गरेको छु । किन नपुग भएको महसुस गरेको छु भन्दा यातायात खर्च, कानून भन्ने कुरा कस्तो हुनुपर्छ भन्दा सबैलाई न्याय दिने हुनपर्छ । केहीलाई दिने केहीलाई नदिने हुनुहुँदैन । यो दीर्घकालीन रूपमा जाने कानून भएको हुनाले कानूनले सबैलाई न्याय दिनपर्छ । त्यसैले मैले त्यहाँ के कुरा संशोधन र सरकारले ल्याएको बिलमा के भेटाएभन्दा केही कुरा हटाइएका छन् केही कुरा घटाइएका छन् र जुन कुराले चाहिँ कसैलाई दिन मिल्ने कसैलाई दिन नमिल्ने रहेछ । त्यसो भएको हुनाले वडा अध्यक्षको हकमा वास्तवमा यातायात खर्च नदिने भन्ने छ अनुसूची-२ मा, अनुसूची-१ को त सबै कुरा माननीयज्यूहरूले भनेको कुरा र सरकारले ल्याएको कुरामा मेरो समर्थन नै छ । अनुसूची-१ को हकमा यहाँ चाहिने वडा अध्यक्षहरूको हकमा यातायात खर्च नदिने भन्ने छ र सिर्फ फिउल दिने, १२५ लिटर फिउल दिने मात्रै छ र वडा सदस्यहरूको हकमा पनि त्यस्तै छ र वडा सदस्यहरूको हकमा फिउल पनि छैन । त्यसो भएको हुनाले उहाँहरूलाई सदरमुकाम जाने आउने कुरा के हो भने जुनैपनि पालिकाबाट सदरमुकाम जाने भन्ने कुरा थियो भने आज पालिकाको वडाबाट पालिकाको वडा सदरमुकाममा जाने कुरा छ । त्यसलाई सुर्खेत दैलेखको कुराभन्दा पनि त्यसको नियमित पाउनुपर्ने कुराहरूले तिनीहरूले पाउनुपर्छ भन्ने कुराहरू एकातिर मान्यता छ भने अर्कोतिर हाम्रो यो कर्णाली प्रदेश हो । कर्णाली प्रदेशका सबै पालिकाहरूमा यातायात पुगिसक्यो भन्ने छ भने त मलाई भन्नु केही छैन। होइन भने दुर्गम जिल्लाहरू विकट ठाँउहरूको यो त्यो विकट ठाँउहरूमा यातायात सुविधा भनेर गाउँपालिकाका अध्यक्ष होलान् वडा अध्यक्ष होलान् अथवा कसैलाई पनि हामीले दिने फिउल खर्च दिने त्यहाँ गाडि नै पुगेको छैन । यसको अर्थ के हो भन्दा वीरेन्द्रनगरलाई हेरेर हामीले कानून बनाउन हुँदैन । कतिपय ठाँउमा अहिले मैले सुनेको छु । कतिपय गाउँपालिकामा घोडा किनिएको छ, घोडाबाट पनि अनुगमन गर्ने हिड्ने । त्यस्तो वातावरण

पनि छ । त्यसकारणले त्यो पनि अब अन्य यातायातलाई नपुगेका जिल्लाहरूमा अन्य यातायातको लागि घोडा भने जस्तै अन्य सुविधालाई पनि ख्याल गर्नुपर्छ । यसमा थपिनुपर्छ भन्ने मेरो मान्यता छ त्यसकारणले यातायात नपुगेका जिल्लाहरूले यो पाउँदैन । यसको मान्यता के हो हिजो हामीले पारिश्रमिकको रूपमा भनेर तोकेका थियौं र जसरी जहाँबाट पनि स्थानीय तहका पदाधिकारीहरूले पाउने सुविधा त्यो सरह बनाउने भन्ने कुरा हाम्रो यो मान्यता हो र यो मान्यता भएपछि अब त्यो मान्यताअनुसार गर्नेहो भने अहिले कस्तो किसिमको अवस्था सिर्जना गर्नुपर्छ । यातायातलाई फिउल खर्च भनेर लेख्ने त्यो फिउल नै त्यहाँ खर्च नहुने अवस्थाकोले अर्थ राख्दैन । त्यो बराबरको सुविधा अरुले पनि प्राप्त गर्नुपर्छ भन्ने मान्यता राख्नुपर्छ भन्ने मेरो भनाइ हो । अब अर्कोकुरा तल संशोधनकर्ता माननीयज्यूहरूले पनि भन्नुभयो भ्रमण भत्ता अथवा भ्रमणमा जानका लागि जिल्ला बाहिर गए मात्र पाइने एकातिर ठिक छ यो जिल्ला समयको हकमा लाग्छ गाउँपालिका र नगरपालिका त आफ्नो हुनुपर्छ । त्यो कानूनले त्यो तरिकाले बोल्न पर्छ भन्ने मान्यता छ, यो हिसाबले यो सरकारले यो कुरा तपाईंहरू दुवै थरीका सहमतिमा पनि यी कुराहरू नआएको मैले देखेर यो कुरा बोल्न र भन्न पर्ने अवस्था सिर्जना भएर सल्लाह र सुझाव दुवै थरी सहमत भएर सरकारले यो कुरा ग्रहण गरोस् मेरो सुझाव छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा आफ्ना धारणाहरू राख्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, यो बाधे बाधे जायते तत्व बोधको सार्थकतालाई गहिरो आत्मसाथकरण गर्नु हामीले अवलम्वन गरिरहेको व्यवस्थाको सौन्दर्य हो । त्यहीँ सौन्दर्यलाई संस्थागत गरेर व्यवस्थाको औचित्य सिद्ध गर्नु सरकारको मूल दायित्व हो । त्यहीँ दायित्व शिरोपर गर्दै संशोधनकर्ता माननीयज्यूहरूसँग सरकारले पर्याप्त छलफल गरेको छ । तसर्थ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई समृद्ध गर्न सचिवालयमा छुट्टाछुट्टै दर्ता भएका संशोधनहरूलाई आवश्यक छलफलपश्चात एकीकृत गरेर माननीय सदस्यज्यूहरू जीवनबहादुर शाही र धर्मराज रेग्मीले पेश गर्नुभएको साझा संशोधनमा उल्लिखित व्यवस्था र माननीय अम्मरबहादुर थापा पेश गर्नु भएको यातायातका साधन नभएका वडा अध्यक्षलाई इन्धन बराबरको मासिक यातायात खर्च

उपलब्ध गराउनु पर्ने विषय सान्दर्भिक देखिएकाले विधेयकको अङ्ग हुने गरी सरकार स्वीकार गर्दछ र यो विधेयक उपर संशोधन प्रस्ताव दर्ज गरेर यो सम्मानित सभामा आफ्ना विषयहरू राखेर यो विधेयकलाई समृद्ध परिमार्जित र परिस्कृत बनाउनका निम्ति योगदान गर्नुहुने समस्त माननीयज्यूहरूप्रति सरकार आभार प्रकट गर्दछु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नुभएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रदेश सभामा छलफल भइसकेको र माननीय सदस्यहरूले राखुभएको संशोधनको एकीकृत प्रस्तावसहित समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नुभएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि सभामा छलफलमा हुँदा माननीय सदस्यहरूले राखुभएको एकीकृत संशोधनको प्रस्ताव र माननीय आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले संशोधनमा स्वीकार गर्नुभएका प्रस्तावहरूसहित समग्र विधेयक पारित गरियोस् भनी निर्णयार्थ प्रस्तुत गरियोस् भनी गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

(फ्लोर- हुन्छ ।)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक एकिकृत संशोधनको प्रस्तावसहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद-१९ को नियम १४९ को उपनियम (१) मा भएको व्यवस्थाअनुसार देहायका समितिहरूमा देहायका माननीय सदस्यहरू हेरफेरको प्रस्ताव गरेको छु ।

विधायन तथा प्रदेश मामिला समितिमा रहनुहुने माननीय सदस्यहरू,-

१. माननीय राजु नेपाली,

२. माननीय दानसिंह परियार ।

सार्वजनिक लेखा समितिमा रहनुहुने माननीय सदस्यहरू,-

१. माननीय अम्मरबहादुर थापा,

२. माननीय पदमबहादुर रोकाया,

३. माननीय खड्कबहादुर खत्री ।

अर्थ तथा प्राकृतिक स्रोत समितिमा रहनुहुने माननीय सदस्य,-

१. माननीय गणेशप्रसाद सिंह ।

सामाजिक विकास समतिमा रहनुहुने माननीय सदस्य,-

१. माननीय देवी ओली ।

माननीय सदस्यहरू, अब म विषयगत समितिहरूमा रहनुहुने माननीय सदस्यहरूको नामावली हेरफेरसम्बन्धी प्रस्तावलाई सभाद्वारा अनुगमनका लागि पेश गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

(फ्लोर- हुन्छ ।)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ सदस्यहरूको समिति हेरफेरसम्बन्धी सभाबाट सर्वसम्मतिले अनुमोदन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित हुन्छ।

□□□